# कार्यमूलक
# लेखापरीक्षण प्रतिवेदन

(महालेखापरीक्षकको बासट्ठिऔँ वार्षिक प्रतिवेदनसँग सम्बन्धित)

## २०८२




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# कार्यमूलक तथा विशेष लेखापरीक्षण प्रतिवेदन, २०८२

(महालेखापरीक्षकको बासट्ठिऔं वार्षिक प्रतिवेदनसँग सम्बन्धित)

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## प्राक्कथन



नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालय र पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण हुने व्यवस्था छ। कार्यमूलक लेखापरीक्षणबाट सार्वजनिक स्रोतसाधनको प्राप्तिदेखि उपयोगसम्म र सोको दिगोपना सम्बन्धी क्रियाकलापको मूल्याङ्कन गरी लक्ष्य र उपलब्धिबिच विश्लेषणात्मक लेखाजोखा गरिन्छ। यसमा स्रोत साधनको प्राप्ति र उपयोगमा मितव्ययिता, कार्यदक्षता र आयोजना/कार्यक्रमको प्रभावकारिता विचार गरी प्रतिवेदन गरिन्छ। न्यूनतम लागत र समयमा तोकिएको गुणस्तरको वस्तु वा सेवा प्राप्त भएको, निश्चित स्रोत साधनको उपयोगबाट अधिकतम उपलब्धी हासिल भएको र निर्धारित उद्देश्य र नतिजा हासिल भएको सुनिश्चित गर्न आयोजनाको प्रभावको प्रभाव मूल्याङ्कन कार्य पनि कार्यमूलक लेखापरीक्षणबाट गरिन्छ।

महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०८१ मा समावेश गरिएका ११ विषयको कार्यमूलक, १ वातावरणीय, १ सूचना प्रविधि र २ विशेष लेखापरीक्ष गरी प्रतिवेदनहरू यसमा समावेश गरिएको छ। सरकारको प्राथमिकता विषय, विषयको गाम्भीर्यता, बजेटको आकार, सार्बजनिक सरोकार र जनचासोको विषय, सञ्चार माध्यममा आएका क्षेत्र, नेपाल सरकार र द्विपक्षीय/बहुपक्षीय साझेदारबिच भएका सम्झौता तथा सरोकारवालाले देखाएको चासोलाई महत्व दिई प्राथमिकताका आधारमा विषय छनौट गरी कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको छ। यस वर्ष खनिज अन्वेषण तथा उत्खनन् स्थिति, विद्युत उत्पादन, प्रशारण र उपयोग स्थिति, शीत भण्डार व्यवस्थापन कार्यक्रम, लिफ्टिङ्ग खानेपानी आयोजना स्थिति, हुलाकी राजमार्ग निर्माण अवस्था, विमानस्थलहरुको सञ्चालन एवं व्यवस्थापन, कृषि तथा पशु बिमा कार्यक्रमको प्रभावकारिता, सहुलियतपूर्ण कर्जा र ब्याज अनुदान स्थिति, लाइभस्टक सेक्टर इन्नोभेसन आयोजनाको प्रभावकारिता, काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन तथा स्थानीय तहबाट तयार गरिएको विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन विषयको कार्यमूलक लेखापरीक्षण, औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोर व्यवस्थापन विषयको वातावरणीय लेखापरीक्षण एवं वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली विषयको सूचना प्रविधि लेखापरीक्षण, गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार कार्यक्रम र समग्र अर्थतन्त्रको अवस्था विशेष लेखापरीक्षण गरी देखिएका बेहोराहरु उजागर गरी समाधानका लागि सुझाव समेत प्रस्तुत गरिएको छ। यो प्रतिवेदनमा समावेश गरिएका मुख्य बेहोरा महालेखापरीक्षकको ६२औं प्रतिवेदनको सम्बन्धित मन्त्रालय खण्डमा समेत समावेश गरिएको छ। प्रतिवेदनका विस्तृत बेहोरालाई समावेश गरी यो सङ्गालो तयार गरिएको छ।

कार्यमूलक, वातावरणीय, सूचना प्रविधि र विशेष लेखापरीक्षण गर्न प्राविधिक ज्ञान, विश्लेषणात्मक क्षमता, पर्याप्त समय तथा स्रोत साधनको आवश्यकता पर्दछ। लेखापरीक्षणमा तथ्याङ्कको विश्लेषण, प्रश्नावली, सर्वेक्षण, स्थलगत निरीक्षण, सरोकारवालासँग सामूहिक छलफल, अन्तरवार्ता जस्ता विधिको प्रयोग गरिएको छ। साथै दुई विषयमा नागरिक समाजका संस्थाहरुलाई समेत संलग्न गराइएको छ। कार्यमूलक, वातावरणीय, सूचना प्रविधि र विशेष लेखापरीक्षण प्रतिवेदनमा प्रस्तुत सुझाव कार्यान्वयनबाट स्रोत र साधनको कुशल व्यवस्थापन भई निकायको कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि हुनुका साथै सम्बन्धित क्षेत्रमा सकारात्मक प्रभाव पर्ने विश्वास लिएको छु। लेखापरीक्षण कार्यान्वयनमा सहयोग गर्नुहुने सम्बन्धित निकायका पदाधिकारीहरू, नागरिक समाजका प्रतिनिधिहरू, लेखापरीक्षण कार्यमा संलग्न हुने कार्यालयका कर्मचारी, विषयविज्ञ, परामर्शदाता एवं सम्बद्ध सबैमा धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

विषय-सूची

| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| खण्ड (क) कार्यमूलक तथा विशेष लेखापरीक्षणको आधार, उद्देश्य, क्षेत्र तथा विधि | | i-vii |
| खण्ड (ख) कार्यमूलक लेखापरीक्षण | | |
| १. | खनिज अन्वेषण तथा उत्खनन् स्थिति | १-५६ |
| २. | विद्युत उत्पादन, प्रशारण र उपयोग स्थिति | ५७-१०७ |
| ३. | शीत भण्डार व्यवस्थापन कार्यक्रम | १०८-१३८ |
| ४. | लिफ्टिङ्ग खानेपानी आयोजनाको स्थिति | १३९-१५४ |
| ५. | हुलाकी राजमार्ग निर्माण अवस्था | १५५-१८३ |
| ६. | स्थानीय तहबाट तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन अवस्था | १८४-१९६ |
| ७. | विमानस्थलहरुको सञ्चालन एवं व्यवस्थापन | १९७-२१८ |
| ८. | कृषि तथा पशु बिमा कार्यक्रमको प्रभावकारिता | २१९-२५२ |
| ९. | सहुलियतपूर्ण कर्जा र ब्याज अनुदान स्थिति | २५३-२७३ |
| १०. | लाइभस्टक सेक्टर ईनोभेसन आयोजनाको प्रभावकारिता | २७४-३१२ |
| ११. | काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन | ३१३-३२७ |
| खण्ड (ग) वातावरणीय लेखापरीक्षण | | |
| १२. | औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोर व्यवस्थापन | ३२८-३४७ |
| खण्ड (घ) सूचना प्रविधि लेखापरीक्षण | | |
| १३. | वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली | ३४८-३६७ |
| खण्ड (ङ) विशेष लेखापरीक्षण | | |
| १४. | गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार | ३६८-३९१ |
| १५. | अर्थतन्त्रको अवस्था, विशेष अध्ययन | ३९२-४०५ |
| | अनुसूचीहरु | ४०६-४०७ |

# खण्ड (क)

## महालेखापरीक्षकको बासट्ठिऔं वार्षिक प्रतिवेदनसँग सम्बन्धित

## कार्यमूलक तथा विशेष लेखापरीक्षण

१. **कानुनी आधार** - नेपालको संविधानको धारा २४१ बमोजिम महालेखापरीक्षकले सङ्घ, प्रदेश र स्थानीय तह तथा कानुनद्वारा तोकिएका अन्य संस्थाको नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेत विचार गरी लेखापरीक्षण गर्ने र धारा २९४ बमोजिम राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयबाट सम्वत २०६७देखि कार्यमूलक लेखापरीक्षण हुँदै आएको छ। कार्यमूलक लेखापरीक्षणको विधि तथा पद्धति अपनाई २०६८देखि सूचना प्रविधि लेखापरीक्षण र २०६९देखि वातावरणीय लेखापरीक्षण सुरु गरी निरन्तरता दिइएको छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा महालेखापरीक्षकले विषय छनौटको आधारमा कार्यमूलक, वातावरणीय, सूचना प्रविधि लगायतका विषयको लेखापरीक्षण गर्न सक्ने व्यवस्था छ। सोही ऐनमा महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरू उल्लेख गरेको छ। उक्त व्यवस्था बमोजिम यो वर्ष ११ विषयको कार्यमूलक, १ विषयको वातावरणीय, १ विषयको सूचना प्रविधि र २ विषयको विशेष लेखापरीक्षण समेत १५ विषयको लेखापरीक्षण प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाइएको छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरालाई महालेखापरीक्षकको वार्षिक प्रतिवदेनको सम्बन्धित मन्त्रालय खण्डमा समावेश गरिएको छ। कार्यमूलक, वातावरणीय, सूचना प्रविधि र विशेष लेखापरीक्षणका पूर्ण प्रतिवेदनहरूलाई समेटी यो सङ्गालो तयार गरिएको छ।

२. **लेखापरीक्षणको उद्देश्य** - कार्यालयबाट हुने कार्यमूलक तथा विशेष लेखापरीक्षण, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणको समग्र उद्देश्य देहाय बमोजिम रहेको छः

| कार्यमूलक तथा विशेष | वातावरणीय | सूचना प्रविधि |
|---|---|---|
| सार्वजनिक निकायहरु र सोबाट सञ्चालन गरिने योजना, कार्यक्रम र क्रियाकलापहरुमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता सम्बन्धमा स्वतन्त्र र वस्तुनिष्ठ परीक्षण गरी सुशासन, जवाफदेहिता र पारदर्शीता प्रवर्द्धनमा योगदान पुऱ्याउनु कार्यमूलक लेखापरीक्षणको उद्देश्य रहेको छ। यसैगरी दुर्गम क्षेत्रमा जोखिममा रहेका गर्भवती महिलाको औषधी उपचार र अर्थतन्त्रको समग्र अवस्था विश्लेषण विशेष लेखापरीक्षणको उद्देश्य रहेको छ। | औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोर व्यवस्थापन सम्बन्धी विद्यमान नीतिगत, कानुनी र संरचनागत व्यवस्थाको अध्ययन गरी सुधारका क्षेत्र समेटिएको लेखापरीक्षण प्रतिवेदन तयार गर्नु यस लेखापरीक्षणको उद्देश्य हो। | छनौट भएको विषयको सूचना प्रविधिसम्बन्धी पूर्वाधार, सूचना प्रविधि नीति, सूचना प्रविधि प्रणाली र यसको सुरक्षा जोखिम, सफ्टवेयरको पर्याप्तता, नियन्त्रण व्यवस्था, सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रक्रियामा प्रचलित कानुनको पालनाको परीक्षण एवं मूल्याङ्कन गर्नु सूचना प्रविधि लेखापरीक्षनको उद्देश्य रहेको छ। |

३. **लेखापरीक्षणको क्षेत्र** - कार्यमूलक लेखापरीक्षणको सिलसिलमा विषयसँग सम्बन्धित मूलतः ३देखि ५ वर्षको सूचना एवं तथ्याङ्क विश्लेषण गरिएको छ। लेखापरीक्षण गर्दा निकाय, आयोजना, कार्यक्रम र विषयसँग सम्बन्धित क्रियाकलापहरुको गहनता, कार्य प्रकृति, जोखिम र लेखापरीक्षणबाट योगदान पुऱ्याउन सकिने सम्भावनालाई दृष्टिगत गरी कार्यालयबाट गरिने कार्यमूलक, वातावरणीय, सूचना प्रविधि र विशेष लेखापरीक्षणमा देहायका क्षेत्रहरू समेटिने गरेको छ :

| कार्यमूलक तथा विशेष | वातावरणीय | सूचना प्रविधि |
|---|---|---|
| • कार्यालय/निकायहरूको उद्देश्य र कार्यक्रम अनुसारको लक्ष्य र उपलब्धि,<br>• कार्यालयको उद्देश्य, नीति र सो सम्बन्धी क्रियाकलाप,<br>• कार्यालयको कार्य प्रकृति अनुसार सेवा प्रवाहको उपयुक्तता र प्रभावकारिता,<br>• कार्यक्रम कार्यान्वयनमा लागत, लाभ स्थितिको प्रभावकारिता,<br>• निर्धारित समयमा कार्यक्रम / आयोजना सम्पन्न भई प्रतिफल प्राप्तिको अवस्था,<br>• भौतिक, वित्तीय, एवं जनशक्ति स्रोतको अधिकतम परिचालन,<br>• निकाय, कार्यक्रम तथा योजनाको दिगो सञ्चालन,<br>• अपेक्षित उपलब्धि र परिणाम। | • वातावरणसम्बन्धी नीति, ऐन, नियमको पालना,<br>• वातावरण संरक्षण तथा सम्बर्धनसम्बन्धी कार्यक्रम, योजना, क्रियाकलापहरुको कार्यान्वयन,<br>• औद्योगिक प्रतिष्ठानहरुको काम कारबाही, कार्यक्रम, क्रियाकलाप, योजनाहरु सञ्चालन गर्दा परेको वातावरणीय प्रभाव,<br>• नकारात्मक प्रभावलाई न्यून गर्ने उपायको अवलम्बन<br>• औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोर व्यवस्थापनमा राष्ट्रिय मापदण्डको पालना। | • सूचना प्रणाली नीति,<br>• सूचना प्रणालीको सञ्चालन एवं तथ्याङ्क व्यवस्थापन,<br>• एप्लिकेशन प्रणालीको उपयुक्तता,<br>• सूचना प्रविधि पूर्वाधार<br>• जनशक्ति व्यवस्थापन<br>• सूचना प्रणालीको गोप्यता सफ्टवेयरको प्रभावकारिता<br>• सूचना प्रविधि पूर्वाधारको स्थिति र निकायले प्रयोग गरेको सफ्टवेयरको उपयोगले सेवा प्रवाहमा परेको प्रभाव र सूचनाको सुरक्षा व्यवस्था। |

४. **लेखापरीक्षण पद्धति** - कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण गर्दा विषयसँग सम्बन्धित रहेर प्रमुख रुपले प्रक्रियामूलक र नतिजामूलक पद्धति अवलम्बन गरिएको छ। कार्यालयहरुबाट सूचना सङ्कलन गर्न प्रश्नावली,अन्तर्वाता, लक्षित वर्ग एवं छलफल लगायतका विधि प्रयोग गरिएको छ। नागरिक समाजसँगको संलग्नता अभिवृद्धि गर्ने कार्यलाई समेत प्राथमिकता दिइएको छ। लेखापरीक्षणको विषयगत उद्देश्य र क्षेत्र समेतलाई विचार गरी मूल्याङ्कनका लागि आवश्यक सूचना, निकायहरुबाट प्रकाशित विभिन्न प्रतिवेदन, विवरण आदिको माध्यमबाट जानकारी तथा तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ। प्राप्त सूचना, तथ्याङ्क, जानकारी र छलफलको आधारमा जोखिमको मूल्याङ्कन गर्ने र सोबाट तात्त्विक महत्वका विषयहरु पहिचान गरी त्यसको पर्याप्तता, सान्दर्भिकता, तात्त्विकता एवं विश्वसनीयताको परीक्षण गर्न अवलोकन, प्रश्नावली, सोधपुछ, सरोकारवालासँगको छलफल समेतको आधार लिइएको छ। निकायको कार्यसम्पादनमा देखिएका समस्या तथा चुनौतीको विश्लेषण एवं मूल्याङ्कन गरी सोही आधारमा सुधारका लागि सुझाव प्रस्तुत गरिएको छ। यसका लागि निम्नानुसारका प्रमाण सङ्कलनका विधि समेत प्रयोग गरिएको छ।

- विद्यमान कानुन र नीतिगत व्यवस्था,

- प्राथमिक तथा द्वितीय स्रोतबाट सूचना सङ्कलन र विश्लेषण,
- नियन्त्रण प्रणाली तथा कार्ययोजनाको विश्लेषण,
- प्रश्नावली मार्फत सूचना सङ्कलन, अन्तरक्रिया, सरोकारवालाहरुसँग छलफल, स्थलगत अवलोकन र प्रतिवेदनहरुको अध्ययन,
- साझेदार संस्था र निकायहरुसँग भएका सम्झौता र सोको कार्यान्वयन सम्बन्धी दस्तावेजहरु ।

५. **लेखापरीक्षणको प्रक्रिया** - महालेखापरीक्षकको कार्यालयले कार्यमूलक, वातावरणीय, सूचना प्रविधि र विशेष लेखापरीक्षण गर्दा मूलभूत रूपमा विषय छनोट, लेखापरीक्षण योजना तयारी, लेखापरीक्षण कार्यान्वयन, प्रतिवेदन र अनुगमन समेतका चरणहरू सम्पन्न गर्ने गरिएको छ। अर्थतन्त्रको समग्र अवस्था विश्लेषणको लागि विज्ञ समूहको समेत सहायता लिइएको छ।

यसैगरी छनौट गरिएका विषयसँग सम्बन्धित सूचनाहरू सङ्कलन, सूचनाहरूको अध्ययन, विश्लेषण, जोखिम क्षेत्र पहिचान, लेखापरीक्षण योजना तयारी, प्रवेश बैठक, प्रश्नावली तथा अन्तरवार्ताबाट सङ्कलित सूचना तथा विवरणको अध्ययन विश्लेषण, मस्यौदा प्रतिवेदन तयारी, मस्यौदा उपर बहिर्गमन बैठकमा दफावार छलफल, प्रतिवेदन जारी र प्रतिवेदनमा उल्लेख भएका सुझाव कार्यान्वयन गर्न प्राप्त कार्ययोजना समेतलाई विचार गरी आवश्यक कार्य गरिएको छ। कार्यमूलक लेखापरीक्षणको समग्र प्रक्रियालाई देहायको चित्रमा दर्शाइएको छ।




५.१. **विषय छनोट** - महालेखापरीक्षकको कार्यालयले कार्यमूलक, वातावरणी तथ सूचना प्रविधि लेखापरीक्षणको विषय छनो गर्दा सरकारको प्राथमिकता क्षेत्र, विषयको गाम्भीर्यता, बजेटको आकार, सार्वजनिक सरोकार वा जनचासो, सञ्चार माध्यममा आएका विषय, विकास साझेदारको अनुरोध, नागरिक समाजबाट प्राप्त सुझाव समेतलाई आधार लिइएको थियो। तयार गरिएका सूचीहरुलाई तात्त्विकता, विषयको महत्व, व्यवस्थापकीय कमजोरीहरु, लेखापरीक्षण कार्यान्वयनको सम्भाव्यता र प्रभाव आकलन गरी उच्च प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रममा स्रोत साधनको उपलब्धता लगायत तत्तहरुको वस्तुपरक मूल्याङ्कन गरी निकाय वा विषय छनोट गरिएको छ।

५.२. **जोखिम विश्लेषण तथा योजना तयारी** - कार्यमूलक, वातावरणीय, सूचना प्रविधि लेखापरीक्षणका लागि निकायको संगठन संरचना तथा कार्यप्रक्रियासम्बन्धी जानकारी लिई अन्तर्निहित जोखिम पहिचान, नियन्त्रण वातावरण अध्ययन, कार्यविधिको जानकारी, सूचना सङ्कलन तथा विश्लेषण, जोखिम क्षेत्र पहिचान, सोको आधारमा लेखापरीक्षणको उद्देश्य र क्षेत्र निर्धारण त्यस अनुरूप लेखापरीक्षण प्रश्नावली तयार गरी प्रमाण सङ्कलनका विधि र पद्धति निर्धारण गरिएको छ।

५.३. **लेखापरीक्षण कार्यान्वयन** - लेखापरीक्षण कार्यान्वयनको सन्दर्भमा सम्बद्ध पक्षसँगको प्रवेश बैठक, सरोकारवालासँग छलफल, स्थलगत अवलोकन र आवश्यकता अनुसार भौतिक निरीक्षण गरी प्रमाण सङ्कलन गर्ने, सो क्रममा विज्ञ समूह तथा नागरिक समाज संगठनका प्रतिनिधिसमेतको सहभागितामा प्रमाणको विश्लेषण गरी कमीकमजोरी पहिचान, त्यसका कारण र परेको असर विश्लेषण गरी यथार्थपरक र सान्दर्भिक सुझाव समेत तयार पारिएको मस्यौदा प्रतिवेदन उपर सम्बन्धित निकायका पदाधिकारीसँग बर्हिगमन बैठक गरी व्यवस्थापनको सुझाव प्रतिक्रिया लिने कार्य गर्ने गरिएको छ।

५.४. **प्रतिवेदन** - कार्यमूलक, वातावरणीय, सूचना प्रविधि र विशेष विषयको लेखापरीक्षण मस्यौदा प्रतिवेदन उपर सम्बन्धित निकायका पदाधिकारीसँग बर्हिगमन बैठक गरी सुझाव तथा प्रतिक्रिया प्राप्त गरी त्यसको आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनमा लेखापरीक्षणबाट देखिएको बेहोरामा आधार, अवस्था, कारण, प्रभाव र देखिएका कमी कमजोरीमा आगामी दिनमा सुधारका लागि व्यावहारिक सुझाव समेत उल्लेख गरिएको छ। प्रतिवेदनको सारलाई महालेखा परीक्षकको ६२ औँ वार्षिक प्रतिवेदनमा समावेश गरिएको र विस्तृत विवरण यस सङ्गालो मार्फत सार्वजनिक गरिएको छ।

५.५. **अनुगमन परीक्षण** - कार्यमूलक लेखापरीक्षण प्रतिवेदन निकायलाई जारी पश्चात् निकायको कार्य प्रकृति र सुझावमा उल्लेखित विषयवस्तु समेतलाई दृष्टिगत गरी प्रतिवेदनले उठाएका विषयहरू र प्रतिवेदनका सुझावहरू कार्यान्वयनका लागि सम्बन्धित निकायबाट सुधार योजना माग गर्ने र सो उपर उपयुक्त समयमा अनुगमन गर्ने गरिएको छ।

६. **मानदण्डको प्रयोग** - लेखापरीक्षणमा कार्यालयले जारी गरेको नेपाल सरकारी लेखापरीक्षणमान तथा कार्यमूलक, वातावरणीय लेखापरीक्षण मार्गदर्शनमा उल्लिखित विधि र पद्धति अनुरुप कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०७९ प्रयोग गरिएको छ। साथै सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन इन्टोसाई (INTOSAI) ले जारी गरेको कार्यमूलक लेखापरीक्षणको सिद्धान्तहरु (इसाई- ३००), कार्यमूलक लेखापरीक्षण मानदण्ड (इसाई ३०००), वातावरणीय लेखापरीक्षण र सूचना व्यवस्थासम्बन्धी इण्टोसाई मार्गदर्शनहरु समेत अवलम्बन गरिएको छ। कार्यमूलक लेखापरीक्षण गर्दा सरोकारवालाहरूको संलग्नतालाई निरन्तरता दिइएको छ।

७. **लेखापरीक्षणको आधार** - कार्यमूलक लेखापरीक्षणको सन्दर्भमा सार्वजनिक निकायले योजना, कार्यक्रम वा क्रियाकलाप सञ्चालनमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिताको सिद्धान्तको पालनाको मूल्याङ्कन, सूचना प्रविधि लेखापरीक्षणको सन्दर्भमा सार्वजनिक निकायको सूचना प्रविधिसम्बन्धी पूर्वाधार तथा सूचना प्रविधि प्रणाली र यसको सुरक्षा जोखिम, सूचना प्रविधिसम्बन्धी सम्पत्तिको सुरक्षा, नियन्त्रण व्यवस्थाको परीक्षण एवं मूल्याङ्कन र वातावरणीय लेखापरीक्षणको सन्दर्भमा सार्वजनिक निकायले अपनाउनु पर्ने वातावरणीय सुरक्षा व्यवस्था, वातावरणीय जोखिमहरुको व्यवस्थापन, वातावरणीय सुरक्षा व्यवस्थाको कार्यान्वयन, वातावरणमा परेको प्रभाव न्यूनीकरण गर्दा लिइने मापदण्ड लेखापरीक्षणको आधार

लिएको छ। लेखापरीक्षणको आधारको रुपमा लिइएका विषयहरुबारे लेखापरीक्षण प्रवेश बैठकमा सम्बन्धित पक्षसँग छलफल गरिएको छ। लेखापरीक्षणमा मूलतः देहायका आधार लिइएका थिए।

- लेखापरीक्षणका लागि छनोट गरिएका विषयसँग सम्बन्धित भएका कानूनी, संगठनात्मक, नीतिगत, सञ्चालनगत व्यवस्थाहरु र आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका विषयहरु,
- कार्यालयले विगतमा त्यस्तै लेखापरीक्षणमा प्रयोग गरेका आधार,
- अन्तर्राष्ट्रिय असल अभ्यास,
- लेखापरीक्षण गरिने निकायसँग मिल्दोजुल्दो प्रकृतिका क्रियाकलाप, कार्यक्रम सञ्चालन गर्ने स्थानीय एवं वैदेशिक संस्थाहरुले प्रयोगमा ल्याएका कार्यसम्पादन मापदण्ड,
- पेशागत निकायहरु र मापदण्ड निर्धारण गर्ने निकायहरुले प्रयोगमा ल्याएका कार्यसम्पादन मापदण्डहरु,
- सम्बन्धित कानुन, निकायको कार्य सञ्चालन र कार्यविधि निर्देशिका र
- माथिल्लो निकायका नीति, मापदण्ड, आदेश र मार्गदर्शन।

८. **लेखापरीक्षण स्थिति** - लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा कार्यमूलक, वातावरण, सूचना प्रविधि र विविध विषयको विशेष लेखापरीक्षण गर्नसक्ने व्यवस्था अनुरूप यस वर्ष कार्यालयबाट कार्यमूलक-११, वातावरणीय-१, सूचना प्रविधि-१ र विशेष-२ को लेखापरीक्षण सम्पन्न गरिएको छ। यस सम्बन्धी विवरण अनुसूची-१ मा संलग्न गरिएको छ।

८.१. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष कार्यालयबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत १, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत १, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत ३, खानेपानी तथा शहरी विकास मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत १, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत १, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत १, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत १, अर्थ मन्त्रालय अन्तर्गत १ र गृह मन्त्रालय अन्तर्गत १ विषयहरुको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

८.२. **वातावरणीय लेखापरीक्षण** - विगत वर्षहरुमा जस्तै यस वर्ष पनि वातावरणीय लेखापरीक्षणलाई निरन्तरता दिइएको छ। यस वर्ष उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत १ विषयको वातावरणीय लेखापरीक्षण सम्पन्न गरिएको छ।

८.३. **सूचना प्रविधि लेखापरीक्षण** - यस वर्ष श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत वैदेशिक रोजगार सूचना व्यवस्थापन सूचना प्रविधि लेखापरीक्षण सम्पन्न गरिएको छ।

८.४. **विशेष लेखापरीक्षण** - यो वर्ष महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय कार्यक्षेत्र अन्तर्गत १, र अर्थ मन्त्रालय अन्तर्गत १ गरी २ विषयको विशेष लेखापरीक्षण गरिएको छ।

९. **लेखापरीक्षणमा नागरिक सहभागिता** - लेखापरीक्षणलाई पारदर्शी बनाई यसको प्रभाव अभिवृद्धि गर्न बढाउन लेखापरीक्षणको विषय छनौटदेखि स्थलगत अवलोकन, लक्षित समूहसँग छलफल, प्रमाण सङ्कलन कार्यहरूमा नागरिक संस्थाका प्रतिनिधिहरूलाई सहभागी गराउने कार्यलाई यो वर्ष पनि निरन्तरता दिइएको छ। यो वर्ष लाइभस्टक सेक्टर ईनोभेसन आयोजनाको प्रभावकारिता र औद्योगिक प्रतिष्ठानबाट

निस्कने फोहोर व्यवस्थापन विषयको लेखापरीक्षणमा नागरिक समाजका प्रतिनिधिहरुलाई सहभागी गराइएको छ। कार्यमूलक लेखापरीक्षणमा नागरिक समाजको सहभागिता गराउन सहभागितात्मक लेखापरीक्षण कार्यविधि, २०७९ मा उल्लेखित प्रक्रिया अवलम्बन गरी सुशासन, वित्तीय अुनशासन, सशक्तीकरण अभियान लगायतका क्षेत्रमा कार्यरत नागरिक समाज संस्थाहरु छनौट गरिएको छ। लेखापरीक्षणमा नागरिक सहभागिताले जोखिम क्षेत्र पहिचान गर्न तथा प्रतिवेदनको पैरवी तथा सोको कार्यान्वयनमा सहयोग पुगी लेखापरीक्षणको प्रभाव अभिवृद्धिमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

१०. **जनशक्ति परिचालन** - कार्यमूलक तथा विशेष लेखापरीक्षण महानिर्देशनालय अन्तर्गत कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणको समन्वय एवं सञ्चालन गरिएको छ। उपयुक्त प्राविधिक तालिम, अनुभव प्राप्त एवं उपयुक्तस्तरको पेशागत सीप र दक्षता प्राप्त व्यक्तिहरुबाट उक्त लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षण टोलीको गठन गर्दा उपलब्ध जनशक्तिको सीप, क्षमता, संख्या, कार्यबोझ र विशेषज्ञता जस्ता विषयका आधारमा निर्देशकको नेतृत्वमा रहने गरी लेखापरीक्षण अधिकारी, लेखापरीक्षण अधीक्षकहरुको टोली बनाई नायब महालेखापरीक्षक तहबाट सुपरिवेक्षण गरिएको छ। लेखापरीक्षणमा संलग्न जनशक्तिको विवरण अनुसूची-२ मा संलग्न गरिएको छ।

११. **लेखापरीक्षणको सीमा** - आवश्यक सूचना, अभिलेख, विवरणको लागि निकायसँगको निर्भरता, लेखापरीक्षणको लागि उपलब्ध समयसीमा, जनशक्ति, छोटो स्थलगत अवलोकन भ्रमण, सीमित स्रोत साधन समेतले लेखापरीक्षणको विषय छनौटदेखि लेखापरीक्षणको विधि एवं पद्धति छनौटको दायरालाई सीमित गरेको छ।

१२. **गुणस्तर नियन्त्रण र आश्वस्तता** - कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणको गुणस्तर कायम गर्न लेखापरीक्षणको प्रत्येक चरणहरु योजना तर्जुमा, योजना कार्यान्वयन र प्रतिवेदन तयारीको उच्च तहबाट सुपरिवेक्षण गरिएको छ। त्यसैगरी लेखापरीक्षण योजना र लेखापरीक्षणका प्रतिवेदन जारी गर्नुपूर्व सम्बन्धित मानदण्डको पालना सम्बन्धमा पुनरावलोकन गरिएको छ। लेखापरीक्षण प्रतिवेदन जारी भएपछि लेखापरीक्षण गुणस्तर आश्वस्तता निर्देशिका बमोजिम गुणस्तर आश्वस्तता मूल्याङ्कन गरिने व्यवस्था छ।

१३. **सुझाव कार्यान्वयनको अनुगमन** - अनुगमन लेखापरीक्षण लेखापरीक्षण प्रक्रियाको अभिन्न चरणको रुपमा रहेकोले विषयवस्तुको महत्व, गाम्भीर्यता र उपलब्ध साधन तथा स्रोतलाई विचार गरी दिइएका सुझाव कार्यान्वयन स्थितिको अनुगमन लेखापरीक्षण समेत गर्ने गरिएको छ।

१४. **कार्यमूलक लेखापरीक्षणका चुनौती** - कार्यमूलक, वातावरणीय, सूचना प्रविधि र विशेष लेखापरीक्षण कार्यान्वयनमा देहायका चुनौती रहेका छन्:

१४.१. कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण प्राविधिक प्रकृतिको भएकोले लेखापरीक्षण क्रममा संलग्न हुने जनशक्तिको योग्यता, सीप, दक्षता, रचनात्मक प्रतिभाका साथै प्रविधिक ज्ञान अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम, अध्ययन एवं क्षमता विकास कार्यक्रमका लागि स्रोत व्यवस्थापन चुनौतीपूर्ण रहेको छ।

१४.२. कार्यमूलक लेखापरीक्षणका लागि अन्य लेखापरीक्षणभन्दा अतिरिक्त मेहनत, अध्ययन, लगनशीलता आवश्यक पर्ने भएकोले उत्प्रेरणासम्बन्धी पर्याप्त व्यवस्था हुन नसकेको अवस्था छ।

१४.३. निकायहरूमा पुराना सूचना, अभिलेख तथा अद्यावधिक डेटाबेस नहुँदा लेखापरीक्षणको लागि उपयुक्त, पर्याप्त र सम्बन्धित सूचना र जानकारी प्राप्त नभएबाट तत् सम्बन्धी बेहोराहरुको यथार्थ अवस्था चित्रण गर्न चुनौती रहेको छ।

१४.४. निकायहरूमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता सम्बन्धी सूचकहरू नहुँदा स्रोतको प्राप्ति, उपयोग र उपलब्धिमा उपयुक्त सिद्धान्तको पालना सम्बन्धमा मूल्याङ्कनमा कठिनाइ भएको छ।

१४.५. लेखापरीक्षणलाई पारदर्शी बनाउन र यसको प्रभावलाई बढाउन लेखापरीक्षणको विषय छनौटदेखि प्रतिवेदन तयारी सम्मका क्रियाकलापहरूमा नागरिक संस्थाका प्रतिनिधिहरूलाई सहभागि गराउँदै लगिएको भए तापनि निजहरुलाई उत्प्रेरणासम्बन्धी व्यवस्था नहुँदा लेखापरीक्षणमा सहभागिताका लागि प्रेरित नहुने अवस्था छ।

१५. सुधारका कार्यदिशा कार्यमूलक लेखापरीक्षणका सन्दर्भमा देखिएका चुनौती, समस्या र जटिलता निम्न अनुसार सम्बोधन गर्न आवश्यकता देखिएको छः

१५.१. कार्यमूलक लेखापरीक्षणलाई स्रोत साधनयुक्त बनाई यसको प्रभावकारिता अभिवृद्धि गर्न प्रत्येक विषयहरुको लागि आवश्यक मानवीय, वित्तीय तथा भौतिक पूर्वाधार व्यवस्था गरी कर्मचारीहरु उत्प्रेरित हुने व्यवस्था गर्नु पर्दछ।

१५.२. कार्यमूलक लेखापरीक्षण प्रतिवेदनले दिएका सुझाव कार्यान्वयन गर्ने दायित्व सम्बन्धित निकायको हो। व्यवस्थापन पक्षसँगको छलफल, अन्तरक्रियाबाट तयार गरिएको सुझावहरुको कार्यान्वयनबाट कार्यसम्पादनमा सकारात्मक प्रभाव पर्ने भएकोले सम्बन्धित निकायहरूबाट प्रतिवेदनले औंल्याएका सुझावहरू कार्यान्वयन गर्नुपर्दछ। यसका लागि प्रतिवेदनलाई प्रभावकारी बनाउन अनुगमन गर्ने, नीति निर्माणका लागि आधिकारिक दस्तावेजको रुपमा लिने लगायत कार्य गर्नुपर्दछ। यसता प्रतिवेदनहरूमा भएका विषयमा सरोकारवालवा सँग निरन्तर अन्तरक्रिया गरी जिम्मेवार पदाधीकारीलाई कार्यन्वयनमा उत्प्रेरित गराउनु पर्दछ।

१५.३. अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप गुणस्तरीय र विश्वसनीय लेखापरीक्षण सम्पन्न गर्न कार्यरत जनशक्तिको सीप, क्षमता, विकास गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (INTOSAI) र एशियाली संगठन (ASOSAI) का सदस्य राष्ट्रहरुबिच अनुभव आदानप्रदान गर्न अन्तर्राष्ट्रिय तालिम तथा अवलोकन भ्रमणको लागि नियमित रूपमा स्रोतको व्यवस्था गर्नु पर्दछ।

१५.४. कार्यमूलक लेखापरीक्षणमा अन्य राष्ट्रहरूका सर्वोच्च लेखापरीक्षण संस्थाहरूले तयार गरेको प्रतिवेदन संलगन गरी ती प्रतिवेदनमा भएका विषय अध्ययन गर्ने, हाम्रो परिवेश अनुसार अन्तरिकीकरण गर्ने तथा नियमित रूपमा अनुसन्धा गर्ने व्यवस्था मिलाउन पर्दछ।

१५.५. निकायहरूले कार्यप्रकृति अनुरूप मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासँग सम्बन्धित कार्यसम्पादन सूचकाङ्कको निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ।

संघीय संसदको प्रतिनिधि सभा र प्रदेश सभाको सार्वजनिक लेखा समिति, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, प्रदेश सरकार र स्थानीय तह समेतको सहयोगमा माथि उल्लेखित सुझाव कार्यान्वयन हुन सकेमा सार्वजनिक निकायहरूमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको सिद्धान्तको पालना हुन र सोबाट पारदर्शीता र जवाफदेहिता अभिवृद्धि भई सार्वजनिक निकायहरुबाट सेवा प्रवाह लगायतका विषय क्षेत्रगत दायित्व निर्वाह गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ।

# खण्ड (ख)
## खनिज अन्वेषण तथा उत्खननः स्थिति
## परिच्छेद - १
## परिचय

१. **पृष्ठभूमि** - खानी तथा खनिज राष्ट्रिय विकासको मूल आधारका साथै आर्थिक समृद्धि र औद्योगिक विकासको पूर्वाधार हो। खनिज उत्खनन् कार्यमा वातावरणीय सन्तुलन कायम गर्दै यसको व्यवस्थित र दीर्घकालीन उपयोगले आर्थिक तथा प्राविधिक प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि भई औद्योगिक उत्पादन र उत्पादकत्वमा सकारात्मक परिवर्तन हुनुका साथै राष्ट्रिय आय समेत वृद्धि गराउँदछ। खनिज कार्यमार्फत् उत्पादन बढ्न गई निर्यात बढोत्तरी हुँदा आयात प्रतिस्थापनमा समेत टेवा पुग्न जान्छ । खनिज स्रोतको संरक्षण, सम्वर्धन र वातावरण अनुकूल दिगो उपयोगमार्फत् राष्ट्र निर्माणमा देखिएका चुनौती सामना गर्न सकिन्छ। राष्ट्रिय लेखा अनुमान, २०८०।८१ अनुसार कुल गार्हस्थ उत्पादनमा खानी तथा खनिज उद्योगको योगदान ०.४७ प्रतिशत रहेको छ।

स्वदेशमा रहेको खनिज सम्पदाको अन्वेषण कार्यबाट खनिजजन्य उद्योगहरूको विकास गरी देशमा औद्योगिक उत्पादन तथा आर्थिक विकास गर्ने उद्देश्यले २०३३ मा तत्कालीन खानी विभाग र भौगर्भिक सर्भेक्षण विभाग एकीकृत भई उद्योग मन्त्रालयअन्तर्गत् खानी तथा भूगर्भ विभाग रहेको छ। नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७५।०१।०४ को निर्णय अनुसार स्वीकृत सङ्घीय विभागीय संगठन संरचनाबमोजिम भू-विज्ञान, खनिज सम्पदा र योजना, प्रशासनिक तथा प्राविधिक सेवा महाशाखा गरी ३ महाशाखा तथा पेट्रोलियम अन्वेषण तथा प्रवर्धन केन्द्र, खनिज प्रवर्धन तथा प्रशोधन र राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र गरी ३ केन्द्र तथा २५ शाखाहरू भूकम्प मापन केन्द्र सुर्खेत (शाखा कार्यालय) तथा पेट्रोलियम अन्वेषण परियोजना रहेको छ।

खानी तथा भूगर्भ विभागले खानी तथा खनिज पदार्थ ऐन तथा नियमावलीअनुसार खास खनिजको हकमा विभाग आफैंले खोजतलास गर्ने र अन्यको हकमा खोजतलास र खनिज उत्खनन् गर्ने अनुमतिपत्र प्रदान गर्ने गरेको छ। साधारण निर्माणमुखी खनिज पदार्थको हकमा स्थानीय तहको अधिकार रहे तापनि खनिजको उत्खनन्का लागि विभागले प्राविधिक सहमति दिने गरेको छ। विभागले हालसम्म धातु २१, अधातु ३८ र इन्धन तथा ग्यास खनिज ४ गरी जम्मा ६३ प्रकारका खनिजहरू पत्ता लगाएको र खनिज उत्खनन्का लागि जारी भएका अनुमतिपत्रमध्ये सबैभन्दा धेरै चुनढुङ्गा उत्खनन् खानीमा आधारित रही २६ सिमेन्ट उद्योगहरू सञ्चालनमा रहेका छन्।

२. **निकायको परिचय** - खनिज अन्वेषण तथा उत्खनन् कार्यसम्बन्धी नीति तर्जुमा गर्ने, खनिज कार्यको खोजतलास तथा उत्खनन्को अनुमतिपत्र जारी गर्ने, अनुगमन तथा नियमन गर्नका लागि देहायबमोजिमका निकायहरूलाई कार्यजिम्मेवारी तोकिएको छः

- मुलुकको उद्योग, वाणिज्य र उपभोग्य सामग्रीको आपूर्ति क्षेत्रलाई सबल र सुदृढ तुल्याउँदै औद्योगिक वातावरण सिर्जना, लगानी प्रवर्धन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको प्रवर्धन, सहजीकरण र नियमन, औद्योगिक सम्पत्तिको संरक्षण, औद्योगिक पूर्वाधारको व्यवस्थाजस्ता मुख्य कार्य उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्दै आएको छ। मन्त्रालयले नेपाल सरकार (कार्यविभाजन) नियमावली २०७४ अनुसार खानी तथा खनिजसम्बन्धी राष्ट्रिय नीति, कानुन,

मापदण्ड र नियमन, रेडियोधर्मी पदार्थ, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्यास र बहुमूल्य पदार्थ तथा ठूला खानी तथा खनिज पदार्थसम्बन्धी सर्वेक्षण, अन्वेषण र उत्खनन्, दर्ता, अनुमति र नियमन, भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा, खानी तथा खनिजजन्य वस्तुहरूको लगत सङ्कलन तथा अभिलेखन र अनुसन्धान एवं उत्खनन्सम्बन्धी राष्ट्रिय प्रयोगशालाको स्थापना र सञ्चालनजस्ता खनिज अन्वेषण तथा उत्खनन्सम्बन्धी कार्यहरू सम्पादन गर्दै आइरहेको छ।

- भू-वैज्ञानिक सर्वेक्षण र अनुसन्धान, ईन्जिनियरिङ पर्यावरणीय भौगर्भिक अध्ययन र खतरा आँकलन, भूकम्पीय अध्ययन तथा अनुगमन, खनिज सम्पदाहरूको अध्ययन, अन्वेषण, मूल्याङ्कन तथा प्रवर्धनको साथै खानी तथा खनिज ऐन लागु गर्ने र पेट्रोलियम र प्राकृतिक ग्यास अन्वेषण गर्ने उद्देश्यका साथ खानी तथा भूगर्भ विभागको स्थापना भएको हो । खास खनिजको हकमा अन्वेषण कार्य एवं खोजतलास तथा खनिज उत्खनन् कार्यको अनुमतिपत्र जारी गर्ने, खानीसम्बन्धी प्रचलित ऐन, नियम तथा विभागको आदेश निर्देशनबमोजिम खनिज कार्य भएकोसम्बन्धमा खानी निरीक्षण गर्ने, खनिज कार्य गर्दा खनिज पदार्थको प्रकृति, भौगर्भिक स्थिति, उत्खनन् प्रविधि आदिको आधारमा खानी क्षेत्रको भौगर्भिक, टोपोग्राफिक, माइनिङ्ग आदिको सर्भेक्षण र नक्सा विभागले तोक्ने व्यवस्था छ। सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रबारे खानी तथा खनिज पदार्थ कानुन र प्रदेश तथा स्थानीय तहमा संरचना तर्जुमा नभएकाले सबै अधिकार र जिम्मेवारी विभागअन्तर्गत नै रहेको छ।

- राष्ट्रिय खनिज नीति, २०७४ मा नीतिको प्रभावकारी कार्यान्वयनको लागि मार्गदर्शन एवं अन्य निकाय र सम्बन्धित सरोकारवालाहरूसँगको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन निर्देशक समिति र खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २४ मा खानी तथा खनिज कार्यमा सहयोग पुऱ्याउन नेपाल सरकारले खनिज पदार्थ प्रवर्धन कार्यक्रम सञ्चालन गर्न खनिज पदार्थ विकास केन्द्र स्थापना गर्न सक्ने उल्लेख छ।

- खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ३५ मा साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति दिन जिल्लामा खानी विकास समिति गठन हुने उल्लेख छ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११प को ७ ले खानी तथा खनिज पदार्थको संरक्षणसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन तथा ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा तथा स्लेटजस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवि‍िरकण, खारेजी र व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको छ।

- नेपाल पेट्रोलियम ऐन, २०४० को दफा ७ र नियमावली, २०४१ को नियम ४३ मा पेट्रोलियम कार्य व्यवस्थापनका लागि पेट्रोलियम परामर्श समिति गठन हुने उल्लेख छ। पेट्रोलियम कार्य गर्नको लागि व्यवसायीको छनोट, पेट्रोलियम सम्झौतामा संशोधन, पेट्रोलियम कार्यमा आन्तरिक मागको आपूर्ति र सम्झौता गर्नेलगायत समितिको काम, कर्तव्य र अधिकार रहेको छ।

## ३. **संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्था** - खनिज अन्वेषण तथा उत्खनन् र सोको व्यवस्थापन सम्बन्धमा भएका संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्थाहरू देहायबमोजिम रहेका छन्:

### ३.१. संवैधानिक व्यवस्था-

- नेपालको संविधानको धारा ५० मा खानी तथा खनिजसम्बन्धी व्यवस्थाअन्तर्गत राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने उल्लेख छ।

- नेपालको संविधानको धारा ५७ मा सङ्घ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीमा खानी तथा खनिजसम्बन्धी व्यवस्थाअन्तर्गत् अनुसूची ५ मा सङ्घको अधिकार सूची अन्तर्गत खानी उत्खनन्, अनुसूची ६ मा प्रदेशको अधिकार सूची अन्तर्गत खानी अन्वेषण र व्यवस्थापन, अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा अधिकार सूचीमा उद्योग, खनिज र भौतिक पूर्वाधार, अनुसूची ८ मा स्थानीय तहको अधिकार सूची अन्तर्गत जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण र अनुसूची ९ सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा खानी तथा खनिज रहेका छन् ।

- सङ्घ, प्रदेश तथा स्थानीय तहको अधिकार सूचीको बाँडफाँट र कार्य विस्तृतीकरणअन्तर्गत देहायका अधिकार सूची राखिएको छः

| अनुसूचीको क्र.सं. | संविधानको अधिकार सूचीका विषय | अधिकार सूचीका विषयको विस्तृतीकरण | |
|---|---|---|---|
| सङ्घको एकल अधिकारको अनुसूची विस्तृतीकरण | | | |
| २६ | खानी उत्खनन् तथा खनिज (अनुसूची ७ को १५ बाट समेत) | २६.१ | खानी तथा खनिजसम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र नियमन |
| | | २६.२ | रेडियोधर्मी, पेट्रोलियम, प्राकृतिक ग्यास र सुन, प्लेटिनमलगायतका नोवल मेटलका खानी तथा खनिज पदार्थसम्बन्धी सर्वेक्षण, अन्वेषण र उत्खनन् |
| | | २६.३ | रेडियोधर्मी, पेट्रोलियम, प्राकृतिक ग्यास र सुन, प्लेटिनमलगायतका नोवल मेटलका खानी तथा खनिज पदार्थसम्बन्धी दर्ता, अनुमति, नवीरकण, खारेजी र नियमन |
| | | २६.४ | खानी तथा खनिज अनुसन्धान एवं उत्खनन्सम्बन्धी वैदेशिक लगानी तथा प्रविधि |
| | | २६.५ | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सासम्बन्धी |
| | | २६.६ | खानी तथा खानीजन्य वस्तुहरूको लगत सङ्कलन तथा अभिलेखाङ्कन |
| | | २६.७ | खानी तथा खनिज अनुसन्धान एवं उत्खनन्सम्बन्धी राष्ट्रिय प्रयोगशाला स्थापना र सञ्चालन |
| संविधानको अनुसूची ७ मा उल्लिखित साझा अधिकार सूची बमोजिम सङ्घको कार्य विस्तृतीकरण | | | |
| १५ | उद्योग तथा खनिज र भौतिक पूर्वाधार अनुसूची ७ को २१ बाट समेत | १५.१ | उद्योग तथा भौतिक पूर्वाधार |
| | | १५.१.६ | उद्योग तथा खनिज विकाससम्बन्धी भौतिक पूर्वाधार नीति, कानुन, मापदण्ड, समन्वय र नियमन |

| | | | |
|---|---|---|---|
| संविधानको अनुसूची ९ मा उल्लिखित साझा अधिकार सूचीबाट सङ्घको कार्य विस्तृतीकरण | | | |
| ८ | खानी तथा खनिज | ८ | अनुसूची ५ को २६ मा समावेश |
| प्रदेशको एकल अधिकारको) अनुसूची ६ (विस्तृतीकरण | | | |
| १६ | खानी अन्वेषण र व्यवस्थापन, उद्योग तथा खनिज र भौतिक पूर्वाधार ७ (१५) र ९(८) बाट समेत | १७.१ | खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | १७.२ | सङ्घको कार्यक्षेत्र भित्रका र साधारण निर्माणमुखी खानी तथा खनिजबाहेकका खानी तथा खनिज पदार्थसम्बन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन् र व्यवस्थापन |
| | | १७.३ | सङ्घको कार्यक्षेत्र भित्रका र साधारण निर्माणमुखी खानी तथा खनिजबाहेकका खानी तथा खनिज पदार्थसम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन |
| | | १७.४ | खानी तथा खनिजजन्य वस्तुहरूको लगत सङ्कलन तथा अभिलेखाङ्कन |
| | | १७.५ | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सासम्बन्धी |
| | | १७.६ | खानी तथा खनिज अनुसन्धान एवं उत्खननसम्बन्धी प्रादेशिक प्रयोगशाला स्थापना र सञ्चालन |
| | | १७.७ | उद्योग तथा खनिजसम्बन्धी भौतिक पूर्वाधार विकासको योजना कार्यान्वयन |
| संविधानको अनुसूची ७ मा उल्लिखित साझा अधिकारको विस्तृतीकरण | | | |
| १५ | उद्योग तथा खनिज र भौतिक पूर्वाधार | १५.१ | उद्योग, व्यवसाय र कम्पनी प्रशासन (थप विषय अनुसूची ६ को १७ मा समावेश) |
| संविधानको अनुसूची ९ मा उल्लिखित साझा अधिकार सूचीबाट सङ्घको कार्य विस्तृतीकरण | | | |
| ८ | खानी तथा खनिज | ८ | अनुसूची ६(१७) र ७ (१५) मा समावेश गरेको |
| स्थानीय तहको एकल अधिकारको (अनुसूची ८) विस्तृतीकरण | | | |
| २१ | खानी तथा खनिज पदार्थको संरक्षण | २१.२ | खानी तथा खनिज पदार्थको संरक्षण |
| | | २१.२.१ | खानी तथा खनिज पदार्थको संरक्षणसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन |
| | | २१.२.२ | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तुसम्बन्धी सर्वेक्षण, अन्वेषण र उत्खनन् |
| | | २१.२.३ | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोगसम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन |
| | | २१.२.४ | स्थानीय खानी तथा खनिज पदार्थसम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन र व्यवस्थापन |
| संविधानको अनुसूची ९ मा उल्लिखित साझा अधिकार सूचीबाट सङ्घको कार्य विस्तृतीकरण | | | |
| ८ | खानी तथा खनिज | ८ | अनुसूची ८ (२१) मा समावेश भएको |

३.२. **नीतिगत व्यवस्था -** राष्ट्रिय खनिज नीति, २०७४ मा देशमा उपलब्ध खनिज सम्पदाको दिगो, विवेकपूर्ण र यथोचित सदुपयोग गरी अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक, चलायमान, समृद्ध र आत्मनिर्भर बनाउँदै राष्ट्रको समग्र विकासमा योगदान पुऱ्याउन खनिज सम्पदाको भौगर्भिक सर्भेक्षण, पहिचान, अन्वेषण, उत्खनन्, उत्पादन, बजारीकरण र उपयोग कार्यलाई उच्चतम प्राथमिकतामा राखी नवीनतम प्रविधिको निरन्तर प्रयोग गर्दै निजी क्षेत्रको समेत सहभागितामा प्रतिस्पर्धात्मक लगानी एवं वातावरणीय सन्तुलन कायम गरी राष्ट्रको हित र समृद्धिमा योगदान पुऱ्याउने उल्लेख छ। मुलुकमा उपलब्ध खनिज स्रोतको संरक्षण, संवर्धन, उपयोग एवं दिगो विकास गर्दै राष्ट्रको आर्थिक समुन्नतिमा योगदान पुऱ्याउने, खनिज कार्यलाई सरल, प्रभावकारी र परिणामुखी बनाउन आवश्यक कानुन निर्माण एवं सङ्घीय ढाँचाअनुरूप संस्थागत

संरचना निर्माण गर्ने र खनिज सम्पदाको उपयोग, विकास एवं नवीनतम प्रविधिको प्रयोग र प्रवर्धनका लागि प्रतिस्पर्धाको आधारमा निजी क्षेत्रलाई आकर्षित गर्ने उद्देश्य राखिएका छन्।

**३.३. आवधिक योजना-** पन्ध्रौं योजनामा पेट्रोलियम, धातु तथा बहुमूल्य खनिज पदार्थको उत्खनन् तथा उपयोगलाई चुनौतीको रूपमा र औद्योगिक उत्पादन एवं खनिजजन्य वस्तुको उत्खनन् हुँदै जानु अवसरको रूपमा उल्लेख रहेको छ। नतिजा खाकामा खानी अन्वेषणको क्षेत्रफल आधार वर्षमा ४३.२ हजार वर्ग किलोमिटर रहेकोमा २०८०।८१ को अन्त्यसम्ममा ४९.३ हजार वर्ग किलोमिटर हुने अनुमान रहेको र यससम्बन्धी रणनीति र कार्यनीति देहायबमोजिम रहेका छन्:

| रणनीति | कार्यनीति |
|---|---|
| खानी तथा खनिजजन्य उद्योगको लागत प्रभावी  र तुलनात्मक लाभका आधारमा विकास गर्ने। | • खनिज र पेट्रोलियम पदार्थको उत्खनन्, प्रशोधन र प्रयोग गर्न यससम्बन्धी कानुन संशोधन र सुधार गरिने।<br>• निजी क्षेत्रसँगको सहकार्य समेतमा वन पैदावार र बहुमूल्य पत्थरलगायत अन्य खनिजको प्रशोधन एवं अन्वेषणसम्बन्धी अध्ययन अनुसन्धान गरिने।<br>• खानी तथा निर्माणजन्य उद्योगको स्थापना, विकास र विस्तारमा सहजीकरण तथा प्रवर्धन गरिने। स्थानीय उपलब्धता र लागत प्रभावकारिताका आधारमा निर्दिष्ट स्थानहरूको पहिचान गरी ढुङ्गा, गिटी, चोकर, बालुवालगायतका निर्माण सामग्री उत्खनन्, प्रशोधन र उपयोगका लागि आवश्यक व्यवस्था गरिने।<br>• स्थानीय स्तरका उद्योग ग्राममा वन पैदावार र खनिज पदार्थमा आधारित प्रशोधन उद्योग सञ्चालन गर्न प्रोत्साहन गरिने। |
| प्रतिस्पर्धी क्षमता र तुलनात्मक लाभ भएका स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगमा सार्वजनिक निजी सहकारी साझेदारीमा लगानी परिचालन गर्दै आयात व्यवस्थापनमा जोड दिने। | • प्रत्यक्ष वैदेशिक लगानी, प्राविधिक जनशक्ति तथा आधुनिक प्रविधिको उपयोग गरी युरेनियम, फलाम, तामा, सुन, प्राकृतिक ग्यास तथा पेट्रोलियम पदार्थको अन्वेषण, प्रशोधन तथा उत्पादनमा जोड दिने।<br>• उच्च मूल्य कम आयतन (High Value low volume) भएका वस्तुको उत्पादन वृद्धि गरी निर्यातमा जोड दिइने।<br>• नेपालको उच्च हिमाली भेगमा उपलब्ध जडिबुटी तथा विभिन्न स्थानमा उपलब्ध किमती एवं अर्धकिमती पत्थरको प्रशोधनका लागि प्रशोधन केन्द्रको स्थापना गरिने। |

योजनामा उल्लिखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गरी दीर्घकालीन सोच र योजनाले लिएका राष्ट्रिय तथा विषय क्षेत्रगत लक्ष्य हासिल गर्न प्रमुख कार्यक्रमको पहिचान तथा विकास गरेको छ। यस क्रममा क्रमागत आयोजनाको अध्ययन तथा समीक्षा गरी आवश्यक परिमार्जनसहित कार्यान्वयन गरिने र नयाँ प्रमुख कार्यक्रमको विकास तथा पूर्व तयारीका कार्य गरी कार्यान्वयनमा लैजान १४ औं राष्ट्रयि लक्ष्यअन्तर्गत् खानी तथा खानीजन्य उद्योग वकिास कार्यक्रम सञ्चालन गर्न रू.१ अर्ब ५० करोड बजेट प्रक्षेपण गरेको र सोबाट धौवादी फलाम खानीबाट व्यावसायिक उत्पादन सुरु भएको हुने, दैलेखमा पेट्रोलियम पदार्थको अन्वेषण भई उत्पादन सुरु भएको हुने, रणनीतिक महत्वका खनिजको संरक्षण तथा संवर्धन भएको हुने, किमती पत्थरको प्रशोधनका लागि प्रोत्साहन भई उच्च मूल्यका वस्तु उत्पादन तथा निर्यात भएको हुने र खानी क्षेत्रमा ५ हजार रोजगारी सिर्जना भएको हुने अपेक्षा रहेको छ।

त्यस्तै, सोह्रौं योजनामा योजना अवधिको अन्त्यमा औसत आर्थिक वृद्धिदर ७.१ प्रतिशत, खानी तथा उत्खनन्को वृद्धिदरको लक्ष्य ९.७ प्रतिशत र कुल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान ०.५ प्रतिशत रहने उल्लेख छ। योजना अवधिमा खानी तथा उत्खनन्मा कुल लगानी रू.४८ अर्ब ३५

करोडमध्ये सार्वजनिक क्षेत्रबाट १४.२ प्रतिशत, निजी क्षेत्रबाट ८३.७ प्रतिशत र सहकारी क्षेत्रबाट २.१ प्रतिशत लगानी हुने अनुमान गरेको छ। खानी तथा खनिज वस्तुको पहिचान, अन्वेषण एवं उत्खनन् गरी औद्योगिक तथा व्यापारिक प्रवर्धन गर्न मुलुकभर रहेका सम्भावित खानीहरूको खोजी, अन्वेषण र पहिचान गर्न लगानी बढाउनुका साथै खानीहरूको व्यवस्थित अभिलेखीकरण गरी व्यावसायिक प्रयोगमा ल्याउने, कृषि, वन तथा खानीजन्य साना, मझौला तथा घरेलु उद्योगहरूको विकास र प्रवर्धन गर्ने र खनिजजन्य निर्माण सामग्रीको सहज आपूर्तिका लागि देशका सबै क्षेत्र समेट्ने गरी खनिजस्थल पहिचान, उत्खनन्, विकास र व्यवस्थापन गर्ने रणनीति तय गरिएका छन् । खानीहरूको खोजी, अन्वेषण र पहिचान गरी सार्वजनिक-निजी-साझेदारी ढाँचामा खानी उद्योगको व्यावसायिक ढङ्गले सञ्चालन गर्ने, सरकार स्वयं वा निजी क्षेत्रको साझेदारीमा एक वृहत् निर्माणजन्य सामग्री उद्योग स्थापना गर्ने, प्राकृतिक स्रोतसाधन (सार्वजनिक जमिन, वन, नदीनाला तथा पोखरी, नदीजन्य तथा उत्खनन्जन्य निर्माण सामग्री) को विवेकशील उपयोगबाट राजस्व वृद्धि गर्ने प्रणाली विकास गर्ने र नदी तथा खानीजन्य स्रोतको उत्खनन्लाई पारदर्शी र वैज्ञानिक मापदण्ड बनाई लागु गर्ने गरी कार्यक्रम तय गरेको छ।

३.४. **वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य -** खनिज अन्वेषण तथा उत्खनन् र सोको व्यवस्थापन सम्बन्धमा विगत पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका बेहोराहरू देहायबमोजिम रहेका छन्-

| आर्थिक वर्ष | वार्षिक नीति तथा कार्यक्रम | बजेट वक्तव्य |
|---|---|---|
| २०८०।८१ | • वातावरण प्रतिकूल नहुने गरी नदीजन्य ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन र वितरण गर्न आवश्यक कानुनी व्यवस्था गरिने तथा चुरे संरक्षण गर्दै वातावरणीय ह्रास नहुने गरी त्यस्ता खनिज वस्तुको उत्पादन र निर्यातको व्यावसायिक सम्भावना खोजिने।<br>• ढुङ्गा खानीहरूको संरक्षण, प्रवर्धन, व्यावसायिक उत्खनन् तथा निकासीका माध्यमबाट आय र रोजगारी सिर्जना हुने नीतिगत र कानुनी व्यवस्था मिलाइने।<br>• हालसम्म नक्साङ्कन हुन नसकेको देशको उच्चपहाडी र हिमालय क्षेत्रको भौगर्भिक नक्साङ्कन गरी धातु, अधातु एवं दुर्लभ भौगोलिक पदार्थको अन्वेषण कार्य अगाडि बढाइने।<br>• पूर्वाधार विकासका लागि आवश्यक पर्ने नदीजन्य एवं खानीजन्य ढुङ्गा, गिट्टी, बालुवाजस्ता वस्तुहरूको अनियन्त्रित दोहन रोक्न नीतिगत तथा कानुनी व्यवस्था गरिने। | • निर्माण सामग्रीको आपूर्ति सहज बनाउन वातावरणीय अध्ययनबाट उपयुक्त भनी पहिचान गरिएका खानीबाट तोकिएको समयमा ढुङ्गा, गिट्टी र बालुवा निकाल्न सक्ने व्यवस्था मिलाइने।<br>• धौवादी फलाम खानीको विस्तृत सर्भेक्षण, विस्तृत परियोजना प्रतिवेदन तयारी र वातावरणीय सम्भाव्यता अध्ययन सम्पन्न गरी उत्खनन् कार्य प्रारम्भ गरिने।<br>• नेपालमा खानीजन्य उद्योगको प्रवर्धन गर्न दैलेखमा पेट्रोलियम पदार्थ, नवलपरासी र पर्वतमा फलाम, मकवानपुरमा ग्रेनाइट, स्लावस्टोन र सेरामिक्स, अर्घाखाँचीमा चुनढुङ्गा तथा धादिङमा डोलामाइटको अन्वेषण र उत्खनन् कार्य अगाडि बढाइने।<br>• वातावरणलाई नकरात्मक असर नपर्ने गरी मापदण्ड बनाई वातावरणीय अध्ययनबाट उपयुक्त देखिएका स्थानबाट ढुङ्गा र गिट्टी निकासी गर्न आधार तयार गरिने। |
| २०७९।८० | • नेपालको जियोलोजिकल म्यापिङ गरी खनिज तथा प्राकृतिक ग्यास र पेट्रोलियम पदार्थको अन्वेषण, प्रशोधन, उत्पादन र संरक्षण गरिने। | • सार्वजनिक निजी साझेदारीमा धौवादी फलाम खानीबाट फलाम उत्पादनको पूर्व तयारीका कार्य सम्पन्न गरिने। बैतडी र बझाङमा रहेको फस्फोराईटको खानीबाट फस्फोरस मल उत्पादनको सम्भाव्यता अध्ययन गरिने। सुर्खेतमा |

| | | |
|---|---|---|
| | • कृषि, वन तथा खानी क्षेत्रका उत्पादनलाई औद्योगिक प्रशोधन श्रृङ्खलामा जोड्न "फार्म टु इन्डष्ट्री" एकीकृत नमुना कार्यक्रम कार्यान्वयन गर्ने।<br>• पारमाणविक स्रोत तथा प्रविधि खोज, अध्ययन एवं अनुसन्धानलाई सहज बनाउन रेडियोधर्मी पदार्थ र विकिरण सुरक्षा नियमनको व्यवस्था मिलाइने। | स्थापना भएको किमती तथा अर्ध किमती पत्थर प्रशोधन केन्द्र सञ्चालनमा ल्याइने। धादिङ जिल्लाको रुबी भ्याली र जाजरकोटलगायतका स्थानमा रहेको किमती तथा अर्ध किमती पत्थरको अन्वेषण तथा प्रशोधन कार्य प्रारम्भ गरिने।<br>• कृषि, वन तथा खानीजन्य कच्चा पदार्थलाई समावेश गरी औद्योगिक प्रशोधन श्रृङ्खलामा खेतदेखि कारखाना एकीकृत नमुना कार्यक्रम कार्यान्वयन गरिने।<br>• महाभारत क्षेत्रमा खानी विभागले पहिचान गरेका सम्भाव्य स्थानबाट वातावरणीय मूल्याङ्कनका आधारमा मार्बल, ग्रेनाइट तथा बहुमूल्य धातु, फलाम, ढुङ्गा र चट्टानको उत्खनन् तथा प्रशोधन गरी निर्यात गरिने।<br>• पूर्वाधार विकासका लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवाजस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहन रोकी लाभको समन्यायिक बाँडफाँट तथा उपयोग र संरक्षण गर्न तहगत सरकारको जिम्मेवारीबमोजिम कार्य गर्नका लागि साथै सहज र दिगो आपूर्तिको व्यवस्था मिलाइने। |
| २०७८।७९ | नीति तथा कार्यक्रम तर्जुमा नभएको | • फलाम, बहुमूल्य धातु, किमती पत्थर, पेट्रोलियम पदार्थलगायत अन्य खनिज पदार्थको अन्वेषण, सर्वेक्षण गरी उत्खनन् सुरु गरिने । खानीको भौगर्भिक नक्साङ्कन तथा खनिज अन्वेषणसम्बन्धी कार्य प्रारम्भ गर्ने।<br>• आगामी वर्ष धौवादी फलाम खानीबाट व्यावसायिक उत्पादन सुरु गरिने । दैलेखको चुप्रामा सञ्चालित पेट्रोलियम अन्वेषण कार्य दुई वर्षभित्र सम्पन्न गरिने। मुस्ताङको लोमान्थाङमा रहेको युरेनियमलगायत रेडियोधर्मी पदार्थको संरक्षण, प्रवर्धन तथा उपयोग गर्न आवश्यक व्यवस्था मिलाइने।<br>• बैतडीमा फोस्फराइट, उदयपुरमा म्याग्नेसाइट, ओखलढुङ्गाको खानीडाँडा र तनहुँको आँबुखैरेनीमा तामाखानी, जाजरकोटमा क्वार्ज र धादिङको रुबिभ्यालीमा बहुमूल्य पत्थरको सम्भाव्यता अध्ययन गरी उत्खनन् प्रारम्भ गरिने। निजी क्षेत्रसँगको सहकार्यमा काठमाडौं तथा सुर्खेतमा बहुमूल्य, किमती तथा अर्ध किमती पत्थर प्रयोगशाला एवं प्रशोधन केन्द्र स्थापना गरिने।<br>• वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा निकासी गरी व्यापार घाटा न्यूनीकरण गरिने। निकासी गरिने खानीजन्य निर्माण सामग्रीको परिवहनका लागि उद्योगदेखि निकासी विन्दुसम्म रोप-वे निर्माण गर्न आयातमा लाग्ने भन्सार महसुलमा छुट दिने। |

| | | |
|---|---|---|
| २०७७।७८ | • सरकारले चुरे क्षेत्रको अनुचित दोहन पूर्ण रूपमा रोक्ने।<br>• सरकारले देशभित्र रहेका खानी स्थलहरूको अध्ययन र अन्वेषण कार्य अघि बढाएको, नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा धौवादी फलाम कम्पनी स्थापना भएको, व्यावसायिक फलाम उत्पादनका लागि फलामको परीक्षण कार्य सम्पन्न भएको र आगामी आर्थिक वर्षमा आवश्यक पूर्वधार निर्माण तथा मेसिनरी जडान गरी धौवादी फलाम कम्पनीबाट उत्पादन सुरु गरिने।<br>• दैलेखलगायत दश स्थानमा पेट्रोलियम अन्वेषण कार्य प्रारम्भ भएको, आगामी वर्ष दैलेखमा पेट्रोलियम तथा बैतडी र बझाङमा फस्फोराइटको अन्वेषण कार्य सम्पन्न गरिने। बहुमूल्य, किमती र अर्ध किमती पत्थर प्रशोधन गरी निर्यात गर्न प्रोत्साहन गरिने। वातावरणीय क्षति नहुने गरी खानीजन्य निर्माण सामग्री उत्पादन गर्ने उद्योग सञ्चालनमा ल्याइने। | • आगामी वर्ष नवलपरासीको धौवादी फलाम खानीबाट उत्पादन सुरु गर्न पहुँच मार्ग निर्माण र मेसिनरी जडान गर्ने कार्य सम्पन्न गरिने। सुर्खेतमा बहुमूल्य पत्थरको प्रशोधन केन्द्र स्थापना गरिने । दैलेख र अन्य सम्भाव्य स्थानमा पेट्रोलियम पदार्थको उत्खनन् गरिने। सुन, तामा, युरेनियम, फलामलगायत सम्भाव्य खनिज वस्तुको अन्वेषण तथा व्यावसायिक उत्पादनको सम्भाव्यता अध्ययन गरिने। बैतडी र बझाङमा रासायनिक मलमा प्रयोग हुने फस्फोराईट अन्वेषण तथा उदयपुरको कम्पुघाटमा म्याग्नेसाइटको विस्तृत अध्ययन तथा अन्वेषण गरिने। |
| २०७६।७७ | • सरकारले आगामी आर्थिक वर्षदेखि नवलपरासीको धौवादीमा रहेको फलाम खानीबाट व्यावसायिक उत्पादन सुरु गर्ने। दैलेखको पेट्रोलियम, जाजरकोटको बहुमूल्य पत्थर र तामा, पर्वत र तनहुँको फलाम र मुस्ताङको युरेनियम खानी तथा सम्भाव्य स्थानमा सुन खानी उत्खननका लागि आगामी वर्ष अध्ययन कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइने । बहुमूल्य पत्थरको प्रशोधन कारखाना स्थापना गरिने र प्रशोधित बहुमूल्य पत्थरको निकासी प्रवर्धन गरिने। | • अत्यावश्यक वस्तुहरूको उत्पादन गर्ने उद्योगहरूको स्थापना र क्षमता विस्तारमा प्रोत्साहित गरिने। उदयपुर सिमेन्ट उद्योग र हेटौंडा सिमेन्ट कारखानाको क्षमता विस्तार गरिने।<br>• आगामी आर्थिक वर्षदेखि नवलपरासीको धौवादीमा रहेको फलाम खानीबाट व्यावसायिक उत्पादन सुरु गरिने। सम्भाव्य स्थानमा पेट्रोलियम, बहुमूल्य पत्थर, फलाम, कोइला, तामा, युरेनियम तथा सुन खानी उत्खनन् अध्ययन सम्पन्न गरी सञ्चालनमा ल्याइने। सुर्खेतमा बहुमूल्य पत्थरको कारखाना स्थापना गरिने। सार्वजनिक निजी क्षेत्र साझेदारीमा खानी उद्योगहरूलाई अगाडि बढाइने। |

३.५. **कानुनी व्यवस्था** - खनिज अन्वेषण तथा उत्खनन् र सोको व्यवस्थापन सम्बन्धमा भएका कानुनी व्यवस्थाहरू देहायबमोजिम रहेका छन्-

- **खानी तथा खनिज पदार्थ ऐन, २०४२** - नेपालभित्र निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमिनको सतह वा भूगर्भभित्र रहेको वा पाइएको सम्पूर्ण खनिज पदार्थ नेपाल सरकारको सम्पत्ति हुने, खनिज कार्य गर्ने एकाधिकार नेपाल सरकारलाई हुने, विभागले खनिज कार्य आफैंले गर्ने वा अरु कुनै व्यक्तिलाई अनुमति प्रदान गरी गराउन सक्ने, नेपाल सरकारलाई खनिज कार्यमा पूँजी लगानी गरी वा अन्य कुनै प्रकारले हिस्सेदार बन्ने अधिकार हुने, खनिज कार्य गर्दा वातावरणमा प्रतिकूल असर पार्न नहुने, नेपाल सरकारले राष्ट्रिय सुरक्षा वा सार्वजनिक हितको लागि आवश्यक देखेमा तुरुन्त खनिज कार्य रोक्का गरी खनिज कार्य गर्ने अनुमति रद्द गर्न सक्ने र ऐनको उद्देश्य कार्यान्वयन गर्न नियमहरू बनाउन सक्नेलगायतका विषयहरू उल्लेख छन्।

- **नेपाल पेट्रोलियम ऐन, २०४०** - नेपालभित्र निजी वा सरकारी जुनसुकै जग्गामा पाइएको सम्पूर्ण पेट्रोलियम नेपाल सरकारको सम्पत्ति हुने, पेट्रोलियम कार्य सञ्चालन गर्ने एकाधिकार नेपाल सरकारलाई हुने, नेपाल सरकारले पेट्रोलियम कार्यको सञ्चालन आफैंले गर्ने वा गराउन सक्ने, पेट्रोलियम सम्झौताअन्तर्गत सञ्चालन हुने पेट्रोलियम कार्यमा पुँजी लगानी गरी वा अन्य कुनै प्रकारले हिस्सेदार बन्ने अधिकार नेपाल सरकारलाई हुने, पेट्रोलियम कार्य सञ्चालन गर्नको लागि योग्य एवं दक्ष नेपाली नागरिक नपाइने भएमा विदेशी नागरिकलाई काममा लगाउन सकिने, पेट्रोलियम प्रशोधनसम्बन्धी कार्य गर्न चाहनेले अनुमति लिनुपर्ने र ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेलगायतका प्रावधाहरू उल्लेख छन्।

- **वन ऐन, २०७६**- "वन पैदावर" अन्तर्गत् खनिजजन्य पदार्थलाई समावेश गरेको तथा राष्ट्रिय वनभित्र खनिज पदार्थ भए नभएको अन्वेषण गर्नुपर्ने भएमा सम्बन्धित निकायको अनुरोधमा प्रदेश मन्त्रालयले अनुमति दिने र अन्वेषणबाट राष्ट्रिय वनभित्र सुन, चाँदी, तामा, फलामजस्ता खनिज पदार्थ पत्ता लागि उत्खनन् गर्नुपरेमा प्रचलित कानुनबमोजिम वातावरणीय परीक्षण गरी त्यसरी उत्खनन् गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा त्यस्ता खनिज पदार्थ उत्खनन् गर्नको निमित्त नेपाल सरकारले वनक्षेत्र प्रयोग गर्न स्वीकृति दिन सक्ने विषयहरू उल्लेख छन् ।

- **रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७** - रेडियोधर्मी स्रोत र सोसँग सम्बन्धित प्रविधिको प्रयोग मानव हित र शान्तिपूर्ण प्रयोजनको लागि मात्र गर्नुपर्ने, रेडियोधर्मी पदार्थको प्रयोग एवं पारमाणविक पदार्थको अध्ययन, अनुसन्धान कार्यको समग्र मूल्याङ्कन तथा समीक्षा गर्ने र नेपालभित्र फेला परेको रेडियोधर्मी पदार्थ वा सोसँग सम्बन्धित पदार्थ उपर नेपाल सरकारको स्वामित्व रहनेलगायताका विषयहरू उल्लेख छन्।

- **वातावरण संरक्षण ऐन, २०७६** - कुनै पनि कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गर्नुपर्ने, वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउन नहुने, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका नीति, कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नुअघि त्यस्तो नीति, कार्यक्रम वा आयोजनाको सम्बन्धमा रणनीतिक वातावरणीय विश्लेषण गर्नुपर्ने, कसैले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनभन्दा विपरीत हुने गरी आयोजना कार्यान्वयन गरेमा सम्बन्धित निकायले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेलगायतका विषयहरू उल्लेख छन् ।

- **औद्योगिक व्यवसाय ऐन, २०७६** - आणविक शक्ति (एटोमिक इनर्जी), विकिरणजन्य सामग्री (रेडियो एक्टिभ मेटेरियल्स) उत्पादन गर्ने उद्योग, आणविक ऊर्जा र युरेनियम आधारित ऊर्जासँग सम्बन्धित उद्योगहरू नेपाल सरकारबाट मात्र स्थापना र सञ्चालन हुने, उद्योगलाई आवश्यक पर्ने खानीलगायतका निकायगत स्वीकृति आवश्यक पर्ने विषयमा निवेदन लिई स्वीकृतिपत्र उपलब्ध गराउन निकायगत समन्वय गर्ने र खानी तथा खनिजजन्य उद्योग, पेट्रोलियम, प्राकृतिक ग्यास र इन्धनको अन्वेषण तथा उत्पादन उद्योगलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग मानिनेलगायतका विषयहरू उल्लेख छन्।

- **खानी तथा खनिज पदार्थ नियमावली, २०५६** - खनिज पदार्थको वर्ग, स्तर, खनिज कार्यको अनुमतिपत्र लिन चाहिने व्यक्तिको योग्यता र प्रकृया, खोजतलास कार्यको अवधि र अवधि थपसम्बन्धी व्यवस्था, उत्खनन् कार्यको अनुमतिपत्र दिनुपर्ने, उत्खनन् कार्यको आकार तथा क्षेत्रफल, उत्खनन् कार्यको अवधि

तथा अवधि थपसम्बन्धी व्यवस्था, खास खनिज पदार्थसम्बन्धी व्यवस्था, खास खनिज क्षेत्रको खनिज कार्य गर्न नेपाल सरकारले तोक्न सक्ने, साधारण निर्माणमुखी खनिज पदार्थसम्बन्धी विशेष व्यवस्था, खनिजको रोयल्टी तथा धरौटीलगायतका विषयहरू उल्लेख छन्।

- **वन नियमावली, २०७९** - ऐनबमोजिम सुन, चाँदी, तामा, फलामजस्ता खनिज पदार्थ उत्खनन् गर्नका लागि माग भई आएमा नेपाल सरकारले राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्ने, खनिज पदार्थ उत्खनन् गर्न चाहनेले आवश्यक कागजातसहित खानी तथा भूगर्भ विभागमार्फत् उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा निवेदन दिनुपर्ने र मन्त्रालयको सिफारिसअनुसार नेपाल सरकारले प्रस्ताव स्वीकृत गर्ने, खनिज पदार्थ उत्खनन् गर्नका लागि स्वीकृति प्राप्त भएपछि वन विकासका लागि जग्गा उपलब्ध गराउनुपर्ने तथा रकम कोषमा जम्मा गर्नुपर्ने, रुख कटान तथा वृक्षारोपणको योजना तयार गरी पेस गर्नुपर्ने, योजना प्राप्त भएपछि वन विभागले सर्त तोकी खनिज पदार्थ उत्खनन्का लागि स्वीकृति प्राप्त गरेको निकायसँग सम्झौता गरी प्रमाणपत्र दिनुपर्ने, खनिज पदार्थ उत्खनन् कार्यको अनुगमन तथा नियमन विभागले गर्नुपर्ने  र अनुगमन तथा निरीक्षण गरी दिएको निर्देशन खनिज पदार्थ उत्खनन् गर्ने निकायले पालना गर्नुपर्नेलगायतका विषयहरू उल्लेख छन्।

- **पेट्रोलियम नियमावली, २०४१** - नेपाल सरकारले व्यवसायी नियुक्त गरी पेट्रोलियम कार्य सञ्चालन गर्न चाहेमा बोलपत्र तथा मूल्याङ्कन गर्ने, बोलपत्रको मूल्याङ्कन तथा सम्बन्धित बोलपत्रदातासँग गरेको वार्ताको आधारमा विभागले सिफारिससहित स्वीकृतिको लागि नेपाल सरकारसमक्ष पेस गर्ने र नेपाल सरकारले पेट्रोलियम सम्झौता गर्ने नगर्ने निर्णय गर्ने, पेट्रोलियम कार्यको लागि कुनैपनि बोलपत्रदातालाई सामान्यतया दुई अन्वेषण खण्डभन्दा बढी प्रदान नगरिने, अन्वेषणको अवधि, पेट्रोलियम कार्य तथा सञ्चालन र नेपाल सरकारलाई पेट्रोलियम सम्झौता बमोजिमको पेट्रोलियम कार्यमा हिस्सेदार बन्ने अधिकार हुनेलगायतका विषयहरू उल्लेख छन्।

- **खनिज सर्भेक्षण नियमहरू, २०२४** - खनिज सर्भेक्षण कार्यमा खटिने दलको प्रमुखले विभागको वार्षिक कार्यक्रमको अधीनमा रही कामदारको संख्या, आवश्यक मालसामान, मेसिन, औजार तथा सर्भेक्षण कार्यमा लाग्ने खर्चसमेतको लगत इस्टिमेट तयार गरी महानिर्देशकबाट स्वीकृत गराई वा निजको आदेशबमोजिम खनिज सर्भेक्षण कार्य गर्नुपर्ने, दैनिक तथा भ्रमण भत्ता, खनिज सर्वेक्षणसम्बन्धी सुविधा, कठीन भत्ता तथा वार्षिक कपडा, सिलाई ज्याला र जुत्ताको सुविधा पाउने र महानिर्देशकले खनिज सर्भेक्षणका निमित्त लाग्ने खर्च दल प्रमुखलाई पेश्की दिन सक्नेलगायतका विषयहरू उल्लेख छन्।

- **वातावरण संरक्षण नियमावली, २०७७** - ऐनबमोजिम वातावरणीय अध्ययन गर्नुपर्दा अनुसूची १(ट) बमोजिम खानी क्षेत्रको उत्खनन् कार्य गर्न संक्षिप्त वातावरणीय अध्ययन गर्नुपर्ने, अनुसूची २(ट) बमोजिम उत्खनन् कार्य गर्न प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने र अनुसूची ३(ट) बमोजिम उत्खनन् कार्य गर्न वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने र वातावरणीय अध्ययन प्रस्ताव तयार, पेस तथा स्वीकृत गर्नेलगायतका विषयहरू उल्लेख छन्।

४. **अन्तर्राष्ट्रिय आबद्धता** - संयुक्त राष्ट्र सङ्घअन्तर्गत् सन् १९५७ मा आणविक प्रविधिको शान्तिपूर्ण प्रयोगलाई प्रवर्धन गर्ने र आणविक हतियारहरूको विस्तार रोक्ने उद्देश्यले अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आई.ए.ई.ए.) को स्थापना भएको हो। यस संस्थामा नेपाल सन् २००८ मा सदस्य भई आबद्ध

भएको छ। त्यस्तै, खानी, ग्यास तथा पेट्रोलियम उद्योगमा पारदर्शिता, सुशासन र उत्तरदायित्व सुनिश्चित गर्ने उद्देश्यले सन् २००३ मा निकासी उद्योग पारदर्शिता पहल (ई.आई.टी.ई.) सुरु भएकोमा नेपाल यस पहलको सदस्य राष्ट्र भएको छैन।

५. **संगठन संरचना -** खनिज अन्वेषण तथा उत्खनन् र यसको व्यवस्थापन गर्नका लागि नेपाल सरकारअन्तर्गत् खानी तथा भूगर्भ विभाग रहेको छ। सङ्घ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकारसूचीको बाँडफाँट र कार्य विस्तृतीकरणअनुसार तीन वटै तहमा संगठन संरचना रहनुपर्नेमा कानुन निर्माण हुन नसक्दा विभागमार्फत् कार्यसम्पादन हुदैं आइरहेको छ। विभागको दरबन्दी संख्या २०५८ मा ३५३, २०६८ मा २१६ रहेकोमा २०७४ मा विभागअन्तर्गत महानिर्देशक १, महाशाखा ५ सहित १४४ कायम रहेकोमा ९१ मा पदपूर्ति भई ५३ पद रिक्त रहेको छ।

६. **वित्तीय व्यवस्था -** नेपालमा खानी अन्वेषण तथा उत्खनन् र यसको व्यवस्थापनको लागि खानी तथा भूगर्भ विभागले हरेक वर्ष विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेकोमा २०७६।७७देखि २०८०।८१सम्म विभागको विनियोजन बजेट तथा खर्चको विवरण देहायबमोजिम रहेको छ।

रू.हजारमा

| आर्थिक वर्ष | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २०७६।७७ | २०८२७७ | १४१६४९ | ६८.०१ |
| २०७७।७८ | २१३५६४ | १२९१७९ | ६०.४९ |
| २०७८।७९ | ३३०६६९ | १२८६७४ | ३८.९१ |
| २०७९।८० | २१६३६९ | १२३२८४ | ५६.९८ |
| २०८०।८१ | १९८३८५ | १४०१६९ | ७०.६६ |
| **जम्मा** | **११६७२६४** | **६६२९५५** | **५६.८०** |

७. **विषय छनोटको औचित्य -** देशमा उपलब्ध खनिज सम्पदाको दिगो, विवेकपूर्ण र यथोचित सदुपयोग गरी अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक, चलायमान, समृद्ध र आत्मनिर्भर बनाउँदै राष्ट्रको समग्र विकासमा योगदान पुऱ्याउने दूरदृष्टिका साथ राष्ट्रिय खनिज नीति, २०७४ तर्जुमा गरी लागु गरेको ७ वर्ष व्यतीत भइसकेको छ। खानी तथा भूगर्भ विभागले विगत पाँच वर्षमा खानी अन्वेषण तथा उत्खनन्को लागि रू.६६ करोड २९ लाख ५५ हजार खर्च गरेको छ। नेपालको संविधान तथा कार्य विस्तृतीकरणमा खनिज संरक्षण, अन्वेषण र उत्खनन्का विषयमा स्पष्ट अधिकारक्षेत्र निर्धारण गरेको अवस्थामा सङ्घमा मात्र खानी तथा भूगर्भ विभाग रहेको र प्रदेश तथा स्थानीय तहमा प्राप्त अधिकारबमोजिम पुनःसंरचना हुन सकेको छैन।

खनिज अन्वेषण तथा विकास आयोजना कार्यान्वयनको अवस्था विश्लेषण, खनिज पदार्थको गुणस्तर परीक्षण गर्ने प्रयोगशालाको प्रभावकारी सञ्चालन, संविधानको कार्यान्वयनका लागि आवश्यक कानुन तर्जुमा, वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको कार्यान्वयन, खनिजको विस्तृत अन्वेषण तथा उत्खनन् कार्यको अवस्था र खोजतलास तथा उत्खनन् कार्यको लागि जारी भएका अनुमतिपत्रको प्रभावकारी कार्यान्वयनजस्ता विषयको अध्ययन तथा विश्लेषण गरी देखिएका समस्या समाधानका लागि सुझावसहितको प्रतिवेदन दिने उद्देश्यले कार्यमूलक लेखापरीक्षणका लागि यस **"खनिज अन्वेषण तथा उत्खनन् र सोको व्यवस्थापन"** विषय छनोट गरिएको हो।

# परिच्छेद -२
# लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

८. **लेखापरीक्षणको उद्देश्य -** खनिज अन्वेषण तथा उत्खनन् र सोको व्यवस्थापनको अध्ययन, परीक्षण तथा विश्लेषण गरी देखिएका समस्या समाधानको लागि उपयुक्त सुझावसहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ। यसको थप उद्देश्य देहायबमोजिम रहेका छन्ः

- खानी तथा भूगर्भ विभागले हालसम्म गरेका खनिज अन्वेषणको अध्ययन तथा विश्लेषण गर्ने,
- खानी तथा भूगर्भ विभागले जारी गरेको खनिज खोजतलास अनुमतिपत्रको अवस्थाबारे अध्ययन तथा विश्लेषण गर्ने,
- खानी तथा भूगर्भ विभागले जारी गरेको खनिज उत्खनन् अनुमतिपत्रको अवस्थाबारे अध्ययन तथा विश्लेषण गर्ने,
- खनिजसम्बन्धी समग्र व्यवस्थापनको प्रभावकारिता सम्बन्धमा अध्ययन तथा विश्लेषण गर्ने।

९. **लेखापरीक्षणको क्षेत्र-** उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा मन्त्रालयअन्तर्गत रहेको खानी तथा भूगर्भ विभाग र यससँग सम्बन्धित विभिन्न कार्यालय, व्यक्ति तथा कम्पनीलगायतका कार्यसम्पादन प्रकृया, नीतिगत तथा कानुनी व्यवस्था, कार्य प्रगति विवरण तथा प्रतिवेदन र सञ्चारमाध्यममा प्रकाशित समाचार समेतलाई सूचनाको आधार मानी लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकता अनुसार विभिन्न निकायबाट समेत आवश्यक सूचना एवं जानकारी सङ्कलन गरिएको छ। समय अवधिको सन्दर्भमा विगत पाँच वर्षको क्रियाकलापलाई लेखापरीक्षणमा समावेश गरिएको छ। खानी तथा भूगर्भ विभागले सम्पादन गरेको वार्षिक कार्यसम्पादनमा आधारित भई लेखापरीक्षण सम्पन्न गरिएको छ।

१०. **लेखापरीक्षण पद्धति तथा आधार -** लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन गर्न प्रक्रियामूलक पद्धति तथा कार्यक्रमको उपलब्धि मूल्याङ्कन गर्न नतिजामूलक पद्धति अवलम्बन गरिएको छ। यो पद्धति कार्यान्वयनका क्रममा सम्बन्धित निकायबाट प्राप्त जानकारी तथा निकायको प्रमुखलगायत अन्य पदाधिकारीसँग छलफलका माध्यमबाट समेत सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खानी तथा भूगर्भ विभाग, यससँग सम्बन्धित विभिन्न कार्यालय र खनिज अनुमतिपत्र प्राप्त खानी क्षेत्रको स्थलगत अनुगमन गरी कार्यक्रमको कार्यान्वयनको अवस्था र कार्यक्रमको प्रभावकारिताका लागि विभिन्न प्रश्नावली र अवलोकनमार्फत् सूचना सङ्कलन तथा विश्लेषण, सोसम्बन्धी आवश्यक कागजात तथा फाइल अध्ययन, सम्बन्धित पक्षसँग छलफललगायतका लेखापरीक्षण विधि अवलम्बन गरी यो प्रतिवेदन तयार गरिएको छ। साथै, नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, कार्यमूलक लेखापरीक्षणका सिद्धान्त (ISSAI 300), लेखापरीक्षणको मानदण्ड (ISSAI 3000), कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०७९, विषयसँग सम्बन्धित प्रश्नावली, छलफल र प्राथमिक तथा द्वितीय स्रोतको तथ्याङ्कमा आधारित भई लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण कार्यमा लेखापरीक्षण समीक्षा पत्र, लेखापरीक्षण योजना र लेखापरीक्षणका मानदण्ड तथा निर्देशिका लेखापरीक्षणको क्रममा र लेखापरीक्षण सम्पन्न भएपश्चात् व्यवस्थापनसँग देखिएका बेहोरा उपर छलफल गरी सम्बन्धित निकायको प्रतिक्रिया समेतको आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ।

११. **लेखापरीक्षणको सीमा** - यस विषयको लेखापरीक्षण खानी तथा भूगर्भ विभागबाट सम्पादन हुने क्रियाकलापमा आधारित भई सम्पन्न गरिएको छ। लेखापरीक्षणका लागि उपलब्ध स्रोत साधन र समयको सीमा, लेखापरीक्षण गरिने निकायबाट लेखापरीक्षणको क्रममा प्राप्त हुने तथ्याङ्क तथा प्राप्त हुने सूचनाको सीमितता, लेखापरीक्षण कार्यमा संलग्न जनशक्तिको ज्ञान, सीप र अनुभवको सीमितता, भौगोलिक दुरी तथा छोटो समय अवधिले गर्दा स्थलगत अनुगमन गर्न कठिनाइ र लागत लाभको दृष्टिकोणबाट सम्पूर्ण क्षेत्रलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिएको जस्ता विषय लेखापरीक्षणका सीमितता रहेका छन्। यसैगरी प्राप्त सूचनाको विश्वसनीयता, प्राप्त विवरणको विश्लेषण क्षमता, समय सीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा उपलब्ध भएका स्रोत साधन र द्वितीय स्रोतको अध्ययन तथा विश्लेषण आदि पनि यसका सीमाका रूपमा रहेका छन्।

# परिच्छेद - ३

# लेखापरीक्षणबाट देखिएका बेहोरा

राष्ट्रको समग्र विकासमा योगदान पुऱ्याउन देशमा उपलब्ध खनिज सम्पदाको दिगो, विवेकपूर्ण र यथोचित सदुपयोग गर्नुपर्दछ। यसले अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक, चलायमान, समृद्ध र आत्मनिर्भर बनाउँदै दोहोरो अङ्कसहितको समतामूलक आर्थिक वृद्धि कायम गर्दै अतिकम विकसित राष्ट्रबाट विश्वको मध्यम आय भएको राष्ट्रमा स्तरोन्नति गर्ने गरी मुलुकले आत्मसात् गरेको सङ्कल्पलाई मूर्तरूप प्रदान गर्न सहयोग गर्दछ। नेपालको संविधानले खनिज अन्वेषण, उत्खनन् र संरक्षणको विषयमा तीन वटै तहको अधिकार क्षेत्र स्पष्ट गरेको छ। तथापि राष्ट्रिय खनिज नीति, २०७४ जारी भए तापनि सोअनुसार ऐन, नियम तथा अन्य कानुनहरू तर्जुमा हुन सकेका छैनन्। खनिज अन्वेषण, उत्खनन् र यसको समग्र व्यवस्थापनको लागि खानी तथा भूगर्भ विभागले कार्यसम्पादन गर्दै आइरहे पनि सोलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ। यस विषयको कार्यमूलक लेखापरीक्षणबाट देखिएका बेहोराहरू देहायबमोजिम रहेका छन्:

**सकारात्मक पक्ष -** खनिज अन्वेषण, उत्खनन् र यसको व्यवस्थापनसम्बन्धमा देखिएका सकारात्मक पक्षहरू निम्न रहेका छन्:

- राष्ट्रिय खनिज नीति, २०७४ जारी भएको र उक्त नीतिको कार्ययोजनामा १० वर्षभित्र खनिज स्रोतसम्म पूर्वाधार निर्माण भई खनिजजन्य उद्योग क्षेत्रको प्रवर्धन तथा विकास भई कम्तीमा रू.१०० अर्बको लगानी भित्रिने र कम्तीमा ५० हजार रोजगारी सिर्जना गर्ने अपेक्षित उपलब्धि तय गरेको छ।
- विभागले २०७५ मा खनिजको नमुना परीक्षणमा एक प्रतिशतभन्दा कम परिमाणको महत्वपूर्ण खनिजको गुणस्तर मापन गर्ने अत्याधुनिक यन्त्र आई.सी.पी.एम.एस. मेसिन रू.१ करोड ६१ लाख ७१ हजारमा खरिद गरेको र एकपटकमा युरेनियमलगायत ६० भन्दामाथि खनिजको सम्भाव्यता परीक्षण गर्ने एक्स.आर.एफ. मेसिन अन्तर्राष्ट्रिय अणु ऊर्जा एजेन्सीबाट अनुदानमा प्राप्त गरेको छ।
- खानी तथा भूगर्भ विभागले विगत २०७३देखि निरन्तर रूपमा भौगर्भिक अध्ययन, अन्वेषण, सतही नमुना सङ्कलन, परीक्षण तथा ड्रिलिङ्ग कार्य गर्दै आइरहेकोमा नेपाल सरकारले २०७६ मा धौवादी फलाम कम्पनी लिमिटेडको स्थापना गरी विभागबाट खास खनिज अन्तर्गत फलाम खानीका लागि दुई क्षेत्र पोखरी-धौवादी २५ वर्ग किलोमिटर र दुर्लुङ्गा १६ वर्ग किलोमिटरको खोजतलासको अनुमति पत्र लिई फलाम खानी सञ्चालनका लागि आवश्यक अन्वेषणत्मक कार्य गरिरहेको छ।
- दैलेखको भैरवी गाउँपालिका-१, जलजलेमा पेट्रोलियम पदार्थको अन्वेषण कार्यका लागि चीन सरकारको आर्थिक र प्राविधिक सहयोगमा ४ हजार १३ मिटरको ड्रिलिङ कार्य सम्पन्न भएको छ। उक्त ड्रिलिङ कार्यबाट उक्त क्षेत्रमा प्राकृतिक ग्यासलगायत पेट्रोलियम पदार्थको भण्डारण रहेको प्रारम्भिक तथ्यहरू प्राप्त भएका छन्।
- विभागले हालसम्म धातु २१, अधातु ३८ र इन्धन तथा ग्यास खनिज ४ समेत ६३ प्रकारका खनिजहरू पत्ता लगाएको छ। जसमध्ये सबैभन्दा धेरै चुनढुङ्गा खानीमा आधारित २६ सिमेन्ट उद्योगहरू सञ्चालनमा आई मुलुक सिमेन्टमा आत्मनिर्भर बनेको छ।

- विभागले गरेको टोपो ग्राफिक सर्भे, गामा सर्भेलगायतबाट मनाङ, गोरखा, बझाङ, बैतडी, मुस्ताङको लोमन्थाङ, मकवानपुरको कालापानी, चाँदे, तीनभंगाले, माझदमारलगयतका स्थानमा युरेनियमको भण्डार रहेको पत्ता लागेको छ।
- विभागले जी.आई.एस. पोर्टल सञ्चालनमा ल्याई विभागले खनिज कार्यका लागि रोक्का, खोजतलास तथा उत्खनन् अनुमतिपत्र प्रदान र खास खनिजको खोजतलास तथा उत्खनन् क्षेत्रको जी.आई.एस. नक्सा अनलाइनमार्फत् हेर्न सकिने व्यवस्था मिलाएको छ। विभागले विगत पाँच आर्थिक वर्षमा खानी तथा खनिजसम्बन्धी रोयल्टीसहित वार्षिक रुपमा औसत रू.९० करोड सङ्कलन गरेको देखिन्छ।

**सुधार गर्नुपर्ने पक्ष** - खनिज अन्वेषण, उत्खनन् र यसको व्यवस्थापनसम्बन्धमा देखिएका सुधार गर्नुपर्ने पक्षहरू निम्नानुसार रहेका छन्:

१२. **नीति कार्यान्वयन** - खनिज स्रोतको संरक्षण, सम्वर्धन उपयोग एवं दिगो विकास गरी राष्ट्रको समुन्नतिमा योगदान पुऱ्याउन खनिज उद्योगमा रू.१०० अर्ब लगानी भित्र्याई ५० हजार रोजगारी सिर्जना गर्ने उद्देश्यले राष्ट्रिय खनिज नीति, २०७४ कार्यान्वयनमा रहेको छ।उक्त नीतिमा प्रमुख तीन नीति कार्यान्वयनका लागि विभिन्न ८१ रणनीति र सो को कार्यान्वयनका लागि कार्ययोजना समेत उल्लेख छ। सो नीतिमा सबै खनिज स्रोतहरूको १ वर्षभित्र डाटा बेस तयार गरी रणनीतिक तथा सामरिक महत्वका खनिजहरूको गुण तथा परिमाण यकिन गर्ने, सूचना प्रविधिको उपयोग गरी दैनिक रूपमा खानी स्थलको नियमन गरी खनिज उत्खनन् र उत्पादनको परिमाण नियमन गर्ने, २ वर्षभित्र रणनीतिक महत्वको खनिजका लागि विशेष क्षेत्र घोषणा गर्ने, खनिज विकासको लागि खनिज कोषको स्थापना गर्ने, खनिज परीक्षण प्रयोगशाला स्थापना गरी खनिजको गुणस्तर पहिचान गर्ने, विभागको संगठन संरचनालाई प्रादेशिक तहसम्म विस्तार गर्ने र ५ वर्षभित्र नेपालको विस्तृत भौगर्भिक अध्ययन गरी खनिज एवं भौगर्भिक सूचनाको नक्साङ्कन गर्ने उल्लेख भएकोमा उक्त नीति जारी भएको ७ वर्ष व्यतीत भए पनि लक्ष्य प्राप्त हुने गरी नीतिको कार्यान्वयन भएको छैन । खनिजको पहिचान, उत्खनन् एवं उद्योग स्थापना गरी अर्थतन्त्रमा योगदान पुऱ्याउने ठोस योजना तर्जुमा, नीतिको कार्यान्वयनमा तदारुकता, समन्वय, आवश्यक बजेट व्यवस्थापन नहुनु र जिम्मेवार निकायको उदासिनताले लक्ष्य पूरा हुने अवस्था देखिँदैन। नीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

१३. **कानुन तर्जुमा तथा परिमार्जन** - नेपालको संविधानले खानी तथा खनिजलाई तीन तहको साझा अधिकारको सूचीमा राखेको छ। संविधानको अधिकार सूचीअनुसार खानी उत्खनन् कार्य सङ्घ, खानी अन्वेषण र व्यवस्थापन प्रदेश र खानी तथा खनिज पदार्थको संरक्षण स्थानीय तहको रहेको छ।

- राष्ट्रिय खनिज नीति, २०७४ जारी भए तापनि देहायका खानी तथा खनिज पदार्थसम्बन्धी ऐन, नियमलगायत अन्य कानुन समयसान्दर्भिक रूपमा तर्जुमा तथा परिमार्जन हुन सकेका छैनन्।

| क्र.सं. | कानुन | संशोधन |
|---|---|---|
| १ | खानी तथा खनिज पदार्थ ऐन, २०४२ | २०७२ (तेस्रो) |
| २ | पेट्रोलियम ऐन, २०४० | २०६६ (तेस्रो) |
| ३ | खानी तथा खनिज पदार्थ नियमावली, २०५६ | २०६३ (चौथो) |
| ४ | पेट्रोलियम नियमावली, २०४१ | २०७४ (पाचौं) |
| ५ | खनिज सर्भेक्षण (भत्ता तथा सुविधा) नियमहरू, २०२४ | २०६० (पहिलो) |

माथि तालिकामा उल्लिखित सबै कानुनहरू २०७२ भन्दा अगाडि तर्जुमा भएको हुँदा नेपालको संविधानले व्यवस्था गरेको खानी तथा खनिज पदार्थसम्बन्धी तीन तहको अधिकारलाई उल्लिखित कानुनहरुले सम्बोधन गर्न सकेक छैनन्। ऐन तथा नियमावली धेरै पटक संशोधन भए संविधान जारी भएपछि नयाँ कानुन तर्जुमा हुन सकेको छैन। खानी तथा खनिज पदार्थ ऐन तथा नियमावलीले अन्य कानुन खारेज गरे तापनि खनिज सर्भेक्षण (भत्ता तथा सुविधा) नियमहरू, २०२४ तर्जुमा भएको करिब ६ दशक भइसक्दा समेत कायम नै रहेको देखिन्छ । संविधान तथा कार्य विस्तृतीकरण अनुसारको कानुन तर्जुमा तथा परिमार्जन गर्नुपर्दछ।

- सङ्घ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकारसूचीको बाँडफाँट र कार्य विस्तृतीकरणमा समेत खानी तथा खनिजको संरक्षण, अन्वेषण र उत्खनन्‌को विषयमा व्याख्या गरेको छ। वन ऐन, २०७६ तथा नियमावली, २०७७ मा वन क्षेत्रमा रहेको खानीको उपयोगसम्बन्धी व्यवस्था रहेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११प को ७ मा ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीरकण, खारेजी र व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको छ। तर, यसअनुरूप खानी तथा खनिजसम्बन्धी कानुन तर्जुमा तथा परिमार्जन नहुँदा तीन तहको सरकार तथा निकायहरूबिच समन्वय र सहकार्य हुन सकेको छैन । प्राय खनिज पदार्थ वन क्षेत्रभित्र रहने तर वन क्षेत्रको उपयोग सम्बन्धमा वन ऐन तथा नियमावली आकर्षित हुने हुँदा खनिजको उपयोगसम्बन्धमा कठिनाइ हुने गरेको छ। अतः खानी तथा खनिजसम्बन्धी आवश्यक कानुन समसान्दर्भिक रूपमा तर्जुमा तथा परिमार्जन गर्नुपर्दछ।

- नेपालको संविधानमा सङ्घ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकारसूचीको बाँडफाँट र कार्य विस्तृतीकरणमा प्रदेश सरकारलाई खानी अन्वेषण र व्यवस्थापनको अधिकार दिएको छ। लुम्बिनी प्रदेशले २०७६ मा खानी अन्वेषण तथा व्यवस्थापनसम्बन्धी ऐन जारी गरेको छ। उक्त ऐनका प्राय कानुनी प्रावधानहरू "खानी तथा खनिज पदार्थ ऐन, २०४२" बमोजिम नै रहेको छ। सङ्घको ऐनको दफा ३ मा नेपालभित्र निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमिनको सतह वा भूगर्भभित्र रहेको वा पाइएको सम्पूर्ण खनिज पदार्थ नेपाल सरकारको सम्पत्ति हुने उल्लेख भएकोमा प्रदेश ऐनको दफा ३ मा निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमीनको सतह वा जमिनमुनि रहेको वा पाइएको सम्पूर्ण खनिज पदार्थ प्रदेश सरकारको सम्पत्ति हुने उल्लेख छ। यी दुई कानुनी व्यवस्थाहरू एकअर्कामा बाझिएका छन् भने खनिज कार्य गर्ने अधिकार, खनिज कार्य गर्ने अनुमति, उत्खनन् कार्य गर्ने अधिकारलगायतका सबै व्यवस्थाहरू दुबै कानुनको उस्तै रहेको छ। संविधान तथा कार्य विस्तृतीकरणमा उल्लेख भएबमोजिम प्रदेशको कानुन तर्जुमा वा परिमार्जन गर्नुपर्दछ।

१४. **मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रम -** सार्वजनिक स्रोतमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोत परिचालन गर्न तथा आवधिक योजना र वार्षिक बजेटबिच तादात्म्यता ल्याउन मध्यमकालीन खर्च संरचना तयार गर्ने गरेको छ। मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रमलाई २०७८।७९देखि एकीकृत गरी एकल दस्तावेजको रूपमा प्रकाशन हुदैं आएको छ। यसबाट मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रमबिच सामञ्जस्यता कायम हुन गई यसको कार्यान्वयनमा प्रभावकारिता आउने देखिन्छ। यो वर्ष खानी तथा खनिजसँग सम्बन्धित कार्यक्रम तथा आयोजनाको उद्देश्य, लागत र अपेक्षित नतिजा देहायबमोजिम रहेको छः

| कार्यक्रम तथा आयोजना | उद्देश्य | लागत (रू. लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|
| खानी तथा भूगर्भ विभाग | खानी क्षेत्रको अन्वेषण गर्नु | १३५५ | खानी तथा खनिज पदार्थको उत्खनन् भएको हुने |
| खनिज अन्वेषण तथा विकास आयोजना | खनिज पदार्थको उत्खनन् क्षमता पहिचान गर्नु | ५५५ | खनिज पदार्थको पहिचान तथा उत्खनन् भई फलाम, तामालगायत धातुजन्य पदार्थको आयात घटेको हुने |
| पेट्रोलियम अन्वेषण परियोजना | पेट्रोलियम अन्वेषण गर्नु | ४५५ | पेट्रोलियम अन्वेषण तथा पेट्रोलियम पदार्थको उत्खनन् भई पेट्रोलियम पदार्थको आयत घटेको हुने |
| धौवादी फलाम कम्पनी लि. | स्वदेशमा फलाम उत्पादन गरी आयात व्यवस्थापन गर्नु | २९५० | फलामजन्य वस्तुको आयात घटेको हुने |

माथि तालिकाअनुसार वार्षिक विकास कार्यक्रममा खनिज पदार्थको पहिचान तथा उत्खनन् भई फलाम, तामा तथा पेट्रोलियम पदार्थको आयात घटेको हुने अपेक्षित नतिजा राखेको छ । विभागले १५९ स्थानमा खनिज पदार्थको उत्खनन् कार्यका लागि अनुमतिपत्र जारी गरेकोमा अधिकांश गत वर्षको नवीकरण गरेको र अनुमति प्राप्तमध्ये ६१ ले मात्र उत्खनन् कार्य गरेको विवरण प्राप्त भएको छ। जसले गर्दा कार्यक्रमको उद्देश्यअनुसार अपेक्षित नतिजा हासिल हुन सकेको छैन । मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रमको उद्देश्य पूरा हुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

१५. **नतिजा खाका र प्रगति** - पन्ध्रौं आवधिक योजना (२०७६।७७-२०८०।८१) र मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रमको नतिजा खाकाअनुसारको प्रगति विवरण देहायबमोजिम रहेको छः

| क्र.सं. | सूचक | एकाइ | आधार वर्ष २०७६।७७ | वार्षिक लक्ष्य | प्रगति विवरण (आर्थिक वर्ष) | | | | | २०८०।८१ सम्मको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८० | २०८०।८१ | |
| १ | खानी अन्वेषणको क्षेत्रफल | वर्ग किलोमिटर | ४४०५१ | १२०० | ६५० | ८०४ | ११६२ | १२०५ | ६७४ | ४८५४६ |
| २ | खनिज अन्वेषणात्मक सर्वेक्षण | हेक्टर | २८५० | २०० | २०० | १०० | २४० | १०० | १०० | ३५९० |
| ३ | खनिज अन्वेषणात्मक ड्रिलिङ्ग | मिटर | २५३५ | ३०० | १९० | २९५ | १५० | - | २१२ | ३३८२ |

माथिको तालिकाअनुसार खानी अन्वेषणको क्षेत्रफलको १ हजार २०० वर्ग किलोमिटर, खनिज अन्वेषणात्मक सर्वेक्षणको २०० हेक्टर र खनिज अन्वेषणात्मक ड्रिलिङ्गको ३०० मिटर वार्षिक लक्ष्य रहेकोमा अधिकांश आर्थिक वर्षमा लक्ष्यअनुसार प्रगति हासिल भएको छैन । यसरी लक्ष्यअनुसार प्रगति हासिल हुन नसक्दा खनिज पदार्थको अन्वेषण नहुने, खनिजको परिमाण यकिन गर्न नसकिने र सोको उपयोग समेत हुन सकेको छैन । आवधिक योजना र मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रममा प्रस्तुत नतिजा खाकाअनुसारको लक्ष्य प्राप्त गर्न प्रभावकारी कार्यसम्पादन गर्नुपर्दछ।

१६. **वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको कार्यान्वयन** - वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य २०७६।७७देखि धौवादी फलाम खानीबाट व्यावसायिक उत्पादन सुरु गर्ने उल्लेख भएकोमा यसमा उल्लेख्य प्रगति हुन सकेको छैन भने यस वर्षको बजेटमा फलाम खानीको विस्तृत सर्भेक्षण, विस्तृत परियोजना प्रतिवेदन तयारी र वातावरणीय सम्भाव्यता अध्ययन सम्पन्न गरी उत्खनन् कार्य

प्रारम्भ गरिने उल्लेख छ। पाँच वर्ष अघिदेखि उदयपुर र हेटौंडा सिमेन्ट उद्योगको क्षमता विस्तार गर्ने उल्लेख भएकोमा दुवै उद्योगको उत्पादन शून्य भएको र उदयपुर सिमेन्ट उद्योगले अनुमतिपत्र नवीकरण मसते गराएको छैन। सुर्खेतमा बहुमूल्य पत्थर कारखाना स्थापना गरिने उल्लेख भएकोमा भवन निर्माणबाहेक अन्य कार्य भएको छैन। दैलेखसहित अन्य जिल्लामा पेट्रोलियम पदार्थ र युरेनियमलगायत सम्भाव्य खनिजको अध्ययन सम्पन्न गरी उत्खनन् कार्य प्रारम्भ गर्ने उल्लेख भएकोमा दैलेखमा ड्रिलिङ कार्य सम्पन्न भई उक्त क्षेत्रमा प्राकृतिक ग्यासलगायत पेट्रोलियम पदार्थको भण्डारण रहेको प्रारम्भिक तथ्यहरू प्राप्त भएका छन्। वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

१७. **बजेट र खर्चको अवस्था -** राष्ट्रिय खनिज नीति, २०७४ ले नेपालमा खनिज सम्पदाको विकास नहुनुमा यथेष्ट लगानी नहुनुलाई मुख्य समस्याको रूपमा लिइएको छ। खानी अन्वेषण तथा उत्खनन् र यसको व्यवस्थापनका लागि खानी तथा भूगर्भ विभागले हरेक वर्ष विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। विभागबाट प्राप्त विवरणअनुसार यस कार्यक्रमका लागि २०७६।७७देखि २०८०।८१ सम्मको विनियोजन तथा खर्च देहायबमोजिम रहेको छ।

रू.हजारमा

| आर्थिक वर्ष | आयोजना/कार्यक्रमको नाम | खानी तथा भूगर्भ विभाग | खनिज अन्वेषण विकास आयोजना | भू-वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान आयोजाना | जम्मा |
|---|---|---|---|---|---|
| २०७६।७७ | विनियोजित रकम | १०७४२७ | ७३३५० | २७५०० | २०८२७७ |
| | यथार्थ खर्च रकम | ८९०५७ | ३३५४१ | १९०५१ | १४१६४९ |
| | खर्च प्रतिशत | ८२.९० | ४५.७३ | ६९.२८ | ६८.०१ |
| २०७७।७८ | विनियोजित रकम | ११५२६४ | ७८३०० | २०००० | २१३५६४ |
| | यथार्थ खर्च रकम | ८२४०३ | ३३७६८ | १३००८ | १२९१७९ |
| | खर्च प्रतिशत | ७१.४९ | ४३.१३ | ६५.०४ | ६०.४९ |
| २०७८।७९ | विनियोजित रकम | ११२५६९ | १९८४०० | १९७०० | ३३०६६९ |
| | यथार्थ खर्च रकम | ७६९३९ | ३५८१९ | १५९१६ | १२८६७४ |
| | खर्च प्रतिशत | ६८.३५ | १८.०५ | ८०.७९ | ३८.९१ |
| २०७९।८० | विनियोजित रकम | ११२४०८ | ७४१६१ | २९८०० | २१६३६९ |
| | यथार्थ खर्च रकम | ८८७५७ | १९८२० | १४७०७ | १२३२८४ |
| | खर्च प्रतिशत | ७८.९६ | २६.७३ | ४९.३५ | ५६.९८ |
| २०८०।८१ | विनियोजित रकम | १२७७८५ | ४०९९३ | २९६०७ | १९८३८५ |
| | यथार्थ खर्च रकम | ९५०१५ | २६६४९ | १८५०५ | १४०१६९ |
| | खर्च प्रतिशत | ७४.३६ | ६५.०१ | ६२.५० | ७०.६६ |
| **कुल जम्मा** | **विनियोजित रकम** | **५७५४५३** | **४६५२०४** | **१२६६०७** | **११६७२६४** |
| | **यथार्थ खर्च रकम** | **४३२१७१** | **१४९५९७** | **८११८७** | **६६२९५५** |
| | **खर्च प्रतिशत** | **७५.१०** | **३२.१६** | **६४.१३** | **५६.८०** |

माथिको तालिकाअनुसार बजेटको तुलनामा खर्चको प्रतिशत हेर्दा सबैभन्दा बढी २०८०।८१ मा ७०.६६ प्रतिशत र सबैभन्दा कम २०७८।७९ मा ३८.९१ प्रतिशत खर्च भएको छ भने पाँच आर्थिक वर्षको कुल खर्च ५६.८० प्रतिशत रहेको छ। अझ खनिज अन्वेषण कार्य गर्ने बजेट उपशीर्षक खनिज अन्वेषण विकास आयोजनाको पाँच वर्षको विनियोजन बजेटको तुलनामा खर्च ३२.१६ प्रतिशत मात्र रहेको छ।




विनियोजित बजेट खर्च हुन नसक्दा खनिज अन्वेषणसँग कार्यहरू लक्ष्यअनुसार सम्पादन हुन नसकेको हुँदा खनिज अन्वेषणका लागि विनियोजित बजेट प्रभावकारी रूपमा खर्च गर्नुपर्दछ।

१८. **खनिजको प्रकार र अन्वेषण** - खानी तथा खनिज पदार्थ ऐन, २०४२ को ३(क) मा खनिज पदार्थको प्रकृतिको आधारमा धातु र अधातु खनिज तथा खनिज पदार्थको महत्वको आधारमा अति महत्वपूर्ण, महत्वपूर्ण तथा बहुमूल्य र सामान्य खनिजमा वर्गीकरण गरेको छ। त्यस्तै, नियमावली, २०५६ को ३ मा अनुसूची-१ बमोजिम खनिजका प्रकारमा कुन कुन खनिजहरू रहने उल्लेख छ। सुन, युरेनियम, प्लाटिनियम, थोरियम, हिरा, रुबी, सफायर, इमरल्ड, कोरण्डमलगायतका सामरिक महत्वको खास खनिज, अर्ध किमती तथा किमती पत्थरलाई अति महत्वपूर्ण खनिजमा वर्गीकरण गरेको छ। विभागबाट प्राप्त विवरणअनुसार विभागले देहायबमोजिमका खनिजहरू पत्ता लगाएको छ।

| क्र.सं. | खनिजका प्रकार | संख्या |
|---|---|---|
| १ | धातु खनिज | २१ |
| २ | अधातु खनिज | २३ |
| ३ | अधातु खनिज (रत्न) | ६ |
| ४ | अधातु खनिज (निर्माण) | ९ |
| ५ | इन्धन खनिज | ४ |
| जम्मा | | ६३ |




माथिको तालिकाअनुसार विभागले धातु २१, अधातु ३८ र इन्धन तथा ग्यास खनिज ४ समेत ६३ प्रकारका खनिजहरू पत्ता लगाएको छ। उक्त खनिजमध्ये युरेनियम, थोरियम, सुन, रुवी, कोरण्डमलगायतका अति महत्वपूर्ण र बहुमूल्य खनिज समेत रहेका छन्। आणविक सामग्रीको भौतिक संरक्षणसम्बन्धी महासन्धि, १९८० अनुसार आणविक सामग्रीको उत्पादन तथा प्रयोग गर्न पारवहन व्यवस्था, मानव स्वास्थ्य तथा अन्य सुरक्षा व्यवस्थामा सामञ्जस्यता हुने गरी राष्ट्रिय कानुन तर्जुमा गरेपछि मात्र यस्ता खनिजको उत्खनन् गर्नुपर्ने व्यवस्था छ। विभागले रोल्पास्थित सुनको अन्वेषण कार्यको लागि २०७७।७८ मा सम्झौता गरे तापनि सोको उपयोग गर्न सकेको छैन । नेपालका विभिन्न भू-भागमा पेट्रोलियम, ग्यासलगायतको अवशेषहरू देखा पर्ने गरेका छन् भने धेरै समय अघिदेखि फलाम, तामा, कोइलालगायत बहुमूल्य पत्थरहरूको उपयोग हुने गरेकोमा त्यस्ता खानी तथा अन्य

खनिजहरूको अन्वेषण कार्य गरी परिमाण यकिन गर्ने काम हुन सकेको छैन । पर्याप्त अध्ययन गरी त्यस्ता खनिजहरूको उपयोग गरी व्यवस्थापन गर्नुपर्दछ।

१९. **खनिज खोजतलास कार्य** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ७ मा कुनै व्यक्तिले गुणस्तर तथा परिमाण यकिन भई नसकेको खनिज पदार्थको खोजतलास कार्य गर्न चाहेमा अनुमतिपत्रको लागि खोजतलास कार्यको प्रस्तावित योजना समेत संलग्न गरी अनुसूची ३ बमोजिमको ढाँचामा निवेदन प्राप्त भएपछि विभागले आवश्यक जाँचबुझ गरी निवेदन दिने व्यक्तिलाई अनुमतिपत्र दिन उपयुक्त देखेमा अनुसूची ४ बमोजिमको दस्तुर लिई अनुसूची ५ बमोजिमको ढाँचामा खोजतलास कार्यको अनुमतिपत्र दिने व्यवस्था छ। त्यस्तै, नियम ९ मा अति महत्वपूर्ण वा महत्वपूर्ण तथा बहुमूल्य खनिज भए चार वर्ष र सामान्य खनिज भए दुई वर्षको अवधि भित्र खोजतलास कार्य सम्पन्न गरिसक्नु पर्ने र माग बमोजिमको अवधि थप गरिदिन मनासिब देखेमा थप दस्तुर लिई एक पटकमा एक वर्ष नबढाई बढीमा दुई वर्षसम्मको लागि खोजतलास कार्यको अवधि थप गरिदिन सक्ने उल्लेख छ।

१९.१. विभागबाट प्राप्त विवरणअनुसार विगत पाँच वर्षमा खनिज खोजतलास कार्यका लागि जारी गरेको अनुमतिपत्रको विवरण देहायबमोजिम रहेको छः




माथि चित्रमा उल्लेख भएअनुसार २०७६।७७ मा विभागले खोजतलास कार्यको लागि ३८१ अनुमतिपत्र जारी गरेकोमा पाँच वर्षपछि २०८०।८१ मा ४२७ अनुमतिपत्र जारी गरेको देखिन्छ, जुन संख्या ४६ ले बढी रहेको र २०८१ माघसम्ममा उक्त संख्या ४३४ पुगेको छ। खोजतलास कार्यको अवधि थप समेत गरी अति महत्वपूर्ण वा महत्वपूर्ण तथा बहुमूल्य खनिज भए छ वर्ष र सामान्य खनिज भए चार वर्षसम्म रहेकोले २०७६।७७ को संख्या नै २०८०।८१ मा समेत दोहोरिएको देखिन्छ। पाँच वर्षको अवधिमा नवीकरण नभएको अवस्थामा बाहेक ४६ नयाँ अनुमतिपत्र मात्र जारी गरेको अवस्था छ। विभागले पत्ता लगाएका ६३ प्रकारका खनिजको खोजतलास कार्य गर्न प्रवर्धनात्मक कार्य गरेको देखिएन, जसले गर्दा खोजतलास कार्यको लागि थप नयाँ अनुमतिपत्र जारी हुन सकेको छैन।

१९.२. विभागले २०८०।८१ मा खनिज पदार्थको प्रकारअनुसार खोजतलास कार्यका लागि जारी गरेको अनुमतिपत्रको विवरण देहायबमोजिम रहेको छः

| क्र.सं. | खनिजको प्रकार | संख्या | क्र.सं. | खनिजको प्रकार | संख्या |
|---|---|---|---|---|---|
| १ | एक्वामरिन | ५ | १३ | सिसा | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | क्यालसाइट | १ | १४ | चुनढुङ्गा | १८२ |
| ३ | कोइला | १० | १५ | मयाग्नेसाइट | १ |
| ४ | तामा | २० | १६ | पोलिमेटल | २ |
| ५ | डोलोमाइट | १७ | १७ | क्वार्ज | ८ |
| ६ | गार्नेट | १ | १८ | क्वारजाइट | ४६ |
| ७ | सुन | ३ | १९ | रातोमाटो | ९ |
| ८ | ग्रेनाइट | ३४ | २० | रूबी | ४ |
| ९ | औद्योगिक माटो | ३ | २१ | सिलिका स्याण्ड | ३ |
| १० | फलामको धाउ | ३३ | २२ | खरी | १२ |
| ११ | काओलिन क्ले | १४ | २३ | टुर्मालिन | ९ |
| १२ | काइनाइट | ७ | २४ | जस्ता/जिङ्क | १ |
| **कुल जम्मा संख्या** | | | | | ४२७ |

माथिको तालिकाअनुसार विभागले २०८०।८१ मा २४ प्रकारका खनिज खोजतलास कार्य गर्न ४२७ अनुमतिपत्र जारी गरेको छ। विगत पाँच वर्षको अवधिमा भने २८ प्रकारका खनिज खोजतलास कार्य गर्न अनुमतिपत्र जारी भएको देखिन्छ । त्यस्तै, यस वर्ष सबैभन्दा बढी चुनढुङ्गा खनिजका लागि १८२ अनुमतिपत्र जारी भएको छ भने क्वार्जाइट ४६, ग्रेनाइट ३४, फलाम ३३, तामा २०, डोलोमाइट १७, काओलिन क्ले १४, खरी १२ र कोइला १० लगायतका खनिज खोजतलास गर्न अनुमतिपत्र जारी गरेको छ भने अति महत्वपूर्ण खनिजको खोजतलास कार्य गर्न उल्लेख्य अनुमतिपत्र जारी भएको देखिएन । खनिज पदार्थको खोजतलास कार्य भएपश्चात् खनिजको परिमाण पत्ता लाग्ने र खनिजको उत्खनन् गर्न योग्य भएमा उत्खनन् कार्य गर्न सकिन्छ । विभागले खनिज अन्वेषणबाट पत्ता लगाएका सबै खनिज पदार्थको खोजतलास कार्य गर्न प्रवर्धन गर्नुका साथै अति महत्वपूर्ण र अन्य खनिजको खोजतलास कार्य गर्नुपर्दछ।

२०. **खनिज खोजतलास अवधि -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ९ मा खनिज पदार्थको खोजतलास कार्यको अनुमति प्राप्त व्यक्तिले अति महत्वपूर्ण वा महत्वपूर्ण तथा बहुमूल्य खनिजभित्र पर्ने पदार्थ भए चार वर्ष र सामान्य खनिजभित्र पर्ने भए दुई वर्षको अवधिभित्र खोजतलास कार्य सम्पन्न गरिसक्नु पर्ने र विभागले आवश्यक जाँचबुझ गरी माग बमोजिमको अवधि थप गरिदिन मनासिब देखेमा निवेदन परेको एक महिनाभित्र खनिज पदार्थको प्रकृति, भौगर्भिक स्थिति, खोजतलास प्रविधि र कामको प्रगतिसमेतको आधारमा अनुसूची ४ बमोजिमको थप दस्तुर लिई एक पटकमा एक वर्ष नबढाई बढीमा दुई वर्षसम्मको लागि खोजतलास कार्यको अवधि थप गरिदिन सक्ने उल्लेख छ। विभागबाट प्राप्त विवरणअनुसार खनिज खोजतलास कार्यको अनुमतिपत्रको अवधिसम्बन्धी विवरण देहायबमोजिम रहेको छः

| खनिजको प्रकार | अवधि | म्याद थप | जम्मा | अनुमतिपत्रको संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | म्यादभित्र रहेका | | म्याद नाघेका | जम्मा |
| | | | | म्याद थपबाहेक | म्याद थपसहित | | |
| अति महत्वपूर्ण वा महत्वपूर्ण तथा बहुमूल्य | ४ | २ | ६ | २२० | ३४ | ५४ | ३०८ |
| सामान्य | २ | २ | ४ | १०० | १४ | ५ | ११९ |
| **जम्मा** | | | | ३२० | ४८ | ५९ | ४२७ |

माथि तालिकाअनुसार यो वर्षसम्म विभागले जारी गरेको खनिज खोजतलास अनुमतिपत्र ४२७ मध्ये म्याद थपसमेतको अवधि नाघेका अनुमतिपत्र ५९ रहेको छ, जसमा अति महत्वपूर्ण वा महत्वपूर्ण तथा बहुमूल्य खनिज ५४ र सामान्य खनिज ५ रहेको छ। त्यस्तै, म्यादभित्र रहेको ३२० मध्ये म्याद थपसहित ४८ रहेको छ तर विभागले म्याद थप गरेको हो भन्ने यकिन विवरण प्राप्त हुन सकेन। म्याद नाघेका अनुमतिपत्रमध्ये अति महत्वपूर्ण वा महत्वपूर्ण तथा बहुमूल्य खनिजको १० वर्ष र सामान्य खनिजको ६ वर्षभन्दा बढी समय व्यतीत गरेका अनुमतिपत्र देहायबमोजिम रहेका छन्:

| क्र.सं. | खनिज | अनुमतिपत्र लिनेको नाम | जारी मिति | अवधि | खनिजको क्षेत्रपल |
|---|---|---|---|---|---|
| अति महत्त्वपूर्ण वा महत्त्वपूर्ण तथा बहुमूल्य खनिज | | | | | |
| १ | क्याल्साइट | हेटौंडा लाइम इन्डस्ट्रिज प्रा. लि. | २०५३।५४ | २७ | ०.७०६ |
| २ | चुनढुंगा | के. जे. माइन्स एण्ड मिनरल्स प्रा. लि. | २०६२।६३ | १८ | १.८०० |
| ३ | चुनढुंगा | किशनलाल दुगड | २०६२।६३ | १८ | २.२४३ |
| ४ | चुनढुंगा | पशुपति रोडा ढुंगा ग्राभेल खानी प्रा. लि. | २०६३।६४ | १७ | ६.००० |
| ५ | चुनढुंगा | कोसमस सिमेन्ट इन्डस्ट्रीज प्रा. लि. | २०६४।६५ | १६ | २.८९० |
| ६ | चुनढुंगा | शक्ति मिनरल्स प्रा. लि. | २०६६।६७ | १४ | ५.००० |
| ७ | चुनढुंगा | कञ्चनजङ्गा अल्ट्राटेक सिमेन्ट प्रा. लि. | २०६८।६९ | १२ | ९.००० |
| ८ | चुनढुंगा | लक्ष्मी लाइम प्रोडक्ट्स | २०६८।६९ | १२ | ०.७५० |
| ९ | चुनढुंगा | मा महाकाली खनिज उद्योग प्रा. लि. | २०६८।६९ | १२ | ६.००० |
| १० | चुनढुंगा | शक्ति मिनरल्स प्रा. लि. | २०६८।६९ | १२ | ४.८३८ |
| ११ | चुनढुंगा | सुवास चन्द्र योगी | २०६८।६९ | १२ | १.८८७ |
| १२ | चुनढुंगा | हेमन्त डाँगी | २०६९।७० | ११ | ०.९५० |
| १३ | चुनढुंगा | शिवम् सिमेन्ट लिमिटेड | २०६९।७० | ११ | ५.७६० |
| १४ | चुनढुंगा | सुनगाभा माइन्स प्रा. लि. | २०६९।७० | ११ | ९.५०० |
| १५ | तामा | ग्लोबल मिनरल्स प्रा. लि. | २०६९।७० | ११ | ९.२०० |
| १६ | खरी | सेती महाकाली मिनरल्स प्रा. लि. | २०७०।७१ | १० | १.६८८ |
| १७ | पोलिमेटल | चेन्हुई मिनरल इनर्जी कम्पनी प्रा. लि. | २०७०।७१ | १० | ४३.५१३ |
| १८ | चुनढुंगा | ध्रुवराज थापा | २०७०।७१ | १० | ७.४८० |
| १९ | चुनढुंगा | गुराँस सिमेन्ट प्रा. लि. | २०७०।७१ | १० | ६.५२५ |
| २० | चुनढुंगा | स्टार लाइम इन्डस्ट्रीज प्रा. लि. | २०७०।७१ | १० | २.००० |
| २१ | चुनढुंगा | त्रिशक्ति होल्डिङ्स प्रा. लि. | २०७०।७१ | १० | ५.८७६ |
| २२ | डोलोमाइट | हिमालय माइन्स एण्ड मिनरल्स प्रा. लि. | २०७०।७१ | १० | ०.८९९ |
| सामान्य खनिज | | | | | |
| २३ | क्वार्ट्जाइट | कुबेर कन्स्ट्रक्सन प्रा. लि. | २०७३।७४ | ७ | ०.९०८ |
| २४ | ग्रेनाइट | विकास दुगड | २०७४।७५ | ६ | ९.००० |
| २५ | ग्रेनाइट | हिमालयन स्टोन प्रा. लि. | २०७४।७५ | ६ | १०.००० |
| २६ | क्वार्ट्जाइट | सोम बहादुर तामाङ | २०७५।७६ | ५ | १.००० |
| २७ | क्वार्ट्जाइट | युनाइटेड रियल स्टेट एण्ड माइन डेभलपर्स प्रा. लि. | २०७५।७६ | ५ | १.००० |

माथि तालिकाअनुसार अति महत्वपूर्ण वा महत्वपूर्ण तथा बहुमूल्य खनिजमा हेटौंडा लाइम इन्डस्ट्रीज प्रा.लि. ले अनुमतिपत्र लिएको २७ वर्ष पुगेको छ भने सामान्य खनिजमा कुबेर कन्स्ट्रक्सन प्रा.लि.ले अनुमतिपत्र लिएको ६ वर्ष पुगेको छ। नियममा खोजतलास कार्यको लागि तोकिएको अवधिभन्दा

बढी समयसम्म पनि अनुमतिपत्र खारेज गरेको देखिएन। विभागले अनुमतिपत्र जारी गर्ने तर प्रदेश र स्थानीय तहसँग खनिजको खोजतलासका लागि समन्वय नहुँदा पनि खोजतलास कार्य प्रभावकारी बन्न सकेको देखिएन। खोजतलासको अनुमतिपत्र लिएर पनि खोजतलास नगर्ने व्यक्ति वा कम्पनीको अनुमतिपत्र खारेज गरी प्रतिस्पर्धात्मक रूपमा सक्षमलाई अनुमतिपत्र जारी गर्नुपर्दछ।

२१. **खनिज उत्खनन् कार्य -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १५ मा कुनै व्यक्तिले गुणस्तर तथा परिमाण यकिन भई सकेको खनिज पदार्थको उत्खनन् कार्य गर्न चाहेमा वा खोजतलास कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले समेत उत्खनन् कार्य गर्ने अनुमतिपत्र लिन चाहेमा सोको लागि खोजतलास अवधि समाप्त हुनुभन्दा अगावै खोजतलास कार्यको विस्तृत प्रतिवेदन तथा उत्खनन् कार्यको प्रस्तावित योजना समेत संलग्न गरी अनुसूची ७ बमोजिमको ढाँचामा निवेदन प्राप्त भएपछि विभागले आवश्यक जाँचबुझ गर्दा उत्खनन् कार्यको प्रस्तावित योजना उपयुक्त देखेमा अनुसूची ४ बमोजिमको दस्तुर लिई अनुसूची- ८ बमोजिमको ढाँचामा उत्खनन् कार्य गर्ने अनुमतिपत्र दिने व्यवस्था छ।

२१.१. विभागबाट प्राप्त विवरणअनुसार विगत पाँच वर्षमा खनिज उत्खनन् कार्यका लागि जारी भएको अनुमतिपत्रको विवरण देहायबमोजिम रहेको छः




उल्लिखित चित्रमा उल्लेख भएअनुसार २०७६।७७ मा विभागले खनिज उत्खनन् कार्यको लागि १४६ अनुमतिपत्र जारी गरेकोमा पाँच वर्षपछि २०८०।८१ मा १५९ अनुमतिपत्र जारी गरेको देखिन्छ, जुन संख्या १३ ले बढी रहेको र २०८१ माघसम्ममा उक्त संख्या १६१ पुगेको छ। खनिजको प्रकारअनुसार खनिज उत्खनन् कार्यको अवधि १०देखि ३० वर्षसम्म रहेको र म्याद थप १देखि १० वर्षसम्म हुने भएकाले २०७६।७७ को संख्या नै २०८०।८१ मा समेत दोहोरिएको देखिन्छ। पाँच वर्षको अवधिमा नवीकरण नभएको अवस्थामा बाहेक उल्लेख्य प्रगति हुने गरी खनिज उत्खनन् कार्यको अनुमतिपत्र जारी भएको देखिएन ।

२१.२. विभागले २०८०।८१ मा खनिजको प्रकारअनुसार उत्खनन् कार्यका लागि जारी गरेको अनुमतिपत्रको विवरण देहायबमोजिम रहेको छः

| क्र.सं. | खनिजको प्रकार | संख्या | क्र.सं. | खनिजको प्रकार | संख्या |
|---|---|---|---|---|---|
| १ | कोइला | ८ | १० | मार्वल | १ |
| २ | तामा | २ | ११ | क्रिष्टल क्वार्ज | २ |
| ३ | डोलोमाइट | ३ | १२ | क्वार्जाइट | १४ |
| ४ | ग्रेनाइट | १ | १३ | रातोमाटो | ३ |
| ५ | फलामको धाउ | १ | १४ | बालुवा | ३ |
| ६ | काइनाइट | ४ | १५ | खरी | १० |
| ७ | सिसा | ३ | १६ | टुर्मालिन | ३ |
| ८ | चुनढुङ्गा | ९८ | १७ | जस्ता | १ |
| ९ | म्याग्नेसाइट | २ | | | २ |
| कुल जम्मा संख्या | | | | | १५९ |

माथिको तालिकाअनुसार विभागले १७ प्रकारका खनिज उत्खनन् कार्य गर्न २०८०।८१ मा १५९ अनुमतिपत्र जारी गरेकोमा सबैभन्दा बढी चुनढुङ्गा खनिजका लागि ९८ अनुमतिपत्र जारी भएको देखिन्छ भने क्वार्जाइट १४, खरी १०, कोइला ८ र काइनाट ४ लगायतका खनिज उत्खनन् कार्य गर्न अनुमतिपत्र जारी भएका छन्। यसरी जारी भएका अनुमतिपत्रमध्ये ६७ अनुमतिपत्र वाहकले खनिज उत्खनन् कार्य गरेका छैनन्। सञ्चालनमा नआएको मध्ये वन क्षेत्रमा खनिज रहेकोले वनको भोगाधिकार प्राप्त नहुँदा ३९, योजना स्वीकृत तथा म्याद थप नहुँदा १९ र व्यवस्थापन तथा अन्य कारणले ९ खनिज स्थलमा उत्खनन् कार्य हुन सकेको छैन। खानी सञ्चालनको लागि देखिएका उक्त समस्याको समाधान सम्बन्धित निकायले तत्काल गरी खनिजको उत्खनन् कार्य गर्ने तथा खोजतलास गरिएका खनिजको प्रवर्धन गरी उत्खनन् कार्य गर्नुपर्दछ।

२२. **खनिज उत्खनन् कार्यको अवधि -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १७ मा उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले अति साना स्तर, साना स्तर, मझौला स्तर र ठूला स्तरका खनिज पदार्थको क्रमशः दश, पन्ध्र, बीस र तीस वर्षको अवधिभित्र उत्खनन् कार्य सम्पन्न गरिसक्नु पर्ने तथा सिमेन्ट स्तरको चुनढुङ्गा खनिज पदार्थ उत्खनन् कार्यको हकमा अति साना स्तर र साना स्तरका लागि सुरुको अवधि क्रमशः पन्ध्र र बीस वर्षसम्म हुने उल्लेख छ। त्यस्तै, विभागले आवश्यक जाँचबुझ गरी माग बमोजिमको अवधि थप गरिदिन मनासिब देखेमा निवेदन परेको एक महिनाभित्रमा अनुसूची ४ बमोजिमको थप दस्तुर लिई अति साना स्तर, साना स्तर, मझौता स्तर र ठूला स्तरको खनिज पदार्थको उत्खनन् कार्यको क्रमशः एक, दुई, पाँच र दश वर्षसम्मको लागि अवधि थप गरिदिन सक्ने उल्लेख छ। विभागबाट प्राप्त विवरणअनुसार खनिज उत्खनन् कार्यको लागि जारी भएका १५९ अनुमतिपत्रको अवधिसम्बन्धी विवरण देहायबमोजिम रहेको देखिन्छः

| क्र.सं. | उत्खनन् कार्यको अवधि | खानीको स्तर | | | | |
|---|---|---|---|---|---|---|
| | | अति साना स्तर | साना स्तर | मझौला स्तर | ठूला स्तर | जम्मा |
| १ | १देखि ५ वर्षसम्म | २ | ९ | १७ | २९ | ५७ |
| २ | ६देखि १० वर्षसम्म | ११ | ११ | १३ | १३ | ४८ |
| ३ | ११देखि १५ वर्षसम्म | १ | ११ | ७ | ७ | २६ |
| ४ | १६देखि २० वर्षसम्म | - | - | ४ | ८ | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | २१देखि २५ वर्षसम्म | - | - | १ | ३ | ४ |
| ६ | २६देखि ३० वर्षसम्म | - | - | - | १ | १ |
| ७ | म्याद समाप्त भएको | २ | ६ | ३ | - | ११ |
| **जम्मा** | | **१६** | **३७** | **४५** | **६१** | **१५९** |

माथि तालिकाअनुसार ११ को म्याद समाप्त भइसकेको छ भने ७ को म्याद यही वर्ष सकिने र ८ को म्याद आगामी वर्ष सकिने देखिन्छ । १ वर्षभन्दा कम अवधि बाँकी रहेको २६ अनुमतिपत्रको विवरण देहायबमोजिम रहेको छः

| क्र.सं. | अनुमतिपत्र प्राप्त गर्नेको नाम | खनिज तथा खानीको विवरण | | | | अनुमतिपत्र अवधिसम्बन्धी विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | खनिज | क्षेत्रफल | स्तर | सञ्चालन | जारी मिति | सकिने मिति | अवधि | बाँकी अवधि |
| १ | सेती माइन्स एण्ड हर्बल प्रा. लि. | क्वार्ट्ज | ३.९६ | अति साना स्तर | नरहेको | २०७३ | २०८३ | १० | १ |
| २ | एल. एस. सिलिका बालुवा र खनिज उद्योग प्रा. लि. | क्वार्ट्जाइट | ४.९२ | अति साना स्तर | नरहेको | २०७३ | २०८३ | १० | १ |
| ३ | डबल सिंह माझी | काइनाइट | ४.८९ | साना स्तर | नरहेको | २०६६ | २०८३ | १७ | १ |
| ४ | गोल्छा शार्प स्टोन प्रा. लि. | खरी | ४.९५ | साना स्तर | नरहेको | २०६७ | २०८२ | १५ | १ |
| ५ | शुभम खनिज उद्योग प्रा. लि. | कोइला | १.५० | अति साना स्तर | रहेको | २०७२ | २०८२ | १० | १ |
| ६ | भार्देउ सिमेन्ट एण्ड स्टोन उद्योग प्रा. लि. | चुनढुङ्गा | ३.०० | मझौला स्तर | नरहेको | २०६२ | २०८२ | २० | १ |
| ७ | निगाले सिमेन्ट प्रा. लि. | चुनढुङ्गा | १.८७ | मझौला स्तर | नरहेको | २०६२ | २०८२ | २० | १ |
| ८ | नेपाल माइनिङ कम्पनी प्रा. लि. | कोइला | १.७५ | अति साना स्तर | नरहेको | २०७२ | २०८२ | १० | १ |
| ९ | लाङ्केश्वर ढुंगा उद्योग प्रा. लि. | क्वार्ट्जाइट | ०.६५ | अति साना स्तर | नरहेको | २०७२ | २०८२ | १० | ० |
| १० | डी. एस. इन्डस्ट्रिज प्रा. लि. | क्वार्ट्जाइट | २.०० | अति साना स्तर | रहेको | २०७१ | २०८१ | १० | ० |
| ११ | पशुपति खनिज उद्योग प्रा. लि. | कोइला | २.५९ | अति साना स्तर | रहेको | २०७१ | २०८१ | १० | ० |
| १२ | शिवम् सिमेन्ट लिमिटेड | चुनढुङ्गा | ३.०० | साना स्तर | रहेको | २०६६ | २०८१ | १५ | ० |
| १३ | जयजुगल पात्रे ढुंगा खानी उद्योग प्रा. लि. | क्वार्ट्जाइट | ०.२५ | साना स्तर | नरहेको | २०६६ | २०८१ | १५ | ० |
| १४ | शम्भु बुढाथोकी | त्र२७६ | ३.०० | अति साना स्तर | नरहेको | २०७० | २०८१ | ११ | ० |
| १५ | नेपाल ओरिन्ड म्याग्नेसाइट प्रा. लि. * | म्याग्नेसाइट | २.५४ | मझौला स्तर | नरहेको | २०५६ | २०८१ | २५ | ० |
| १६ | मुक्तिश्री सिमेन्ट उद्योग प्रा. लि.* | रातो माटो | २.०० | साना स्तर | नरहेको | २०६६ | २०८१ | १५ | -१ |
| १७ | मुक्तिश्री सिमेन्ट उद्योग प्रा. लि. * | रातो माटो | १.२५ | साना स्तर | नरहेको | २०६६ | २०८१ | १५ | -१ |
| १८ | नेपाल माइनिङ कम्पनी प्रा. लि. | कोइला | ९.०० | साना स्तर | नरहेको | २०६६ | २०८१ | १५ | -१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | गुनुहाङ माइन्स एण्ड मिनरल्स प्रा. लि. | क्वार्ट्ज | १.५० | अति साना स्तर | नरहेको | २०७० | २०८१ | ११ | -१ |
| २० | स्टार लाइम उद्योग प्रा. लि. | चुनढुङ्गा | १.०० | साना स्तर | नरहेको | २०६३ | २०८० | १७ | -१ |
| २१ | हेटौंडा सिमेन्ट उद्योग लिमिटेड | चुनढुङ्गा | १.५४ | मझौला स्तर | नरहेको | २०५६ | २०८० | २४ | -१ |
| २२ | लुम्बिनी खनिज उद्योग प्रा. लि. | कोइला | १.५२ | अति साना स्तर | नरहेको | २०६९ | २०७९ | १० | -२ |
| २३ | पशुपति मुरार्का | चुनढुङ्गा | ५.०० | साना स्तर | नरहेको | २०६३ | २०७८ | १५ | -३ |
| २४ | सप्तश्री खनिज उद्योग प्रा. लि. | कोइला | २.४७ | साना स्तर | नरहेको | २०६२ | २०७७ | १५ | -४ |
| २५ | नेपाल मेटल कम्पनी लिमिटेड * | जिंक | १.६७ | मझौला स्तर | नरहेको | २०५६ | २०७६ | २० | -५ |
| २६ | नेपाल मेटल कम्पनी लिमिटेड * | सिसा | ०.३१५ | मझौला स्तर | नरहेको | २०५६ | २०७६ | २० | -५ |

माथि उल्लिखित तालिकाअनुसार ११ को म्याद समाप्त भइसकेको, ७ को म्याद यही वर्ष सकिने र ८ को म्याद आगामी वर्ष सकिने देखिन्छ । जसमा ४ ले उत्खनन् कार्य गरिरहेको, १७ ले विगतमा उत्खनन् कार्य गरी बन्द अवस्थामा रहेको र बाँकी ५ ले उत्खनन् कार्य सुरु नै गरेका छैनन्। अति साना स्तर १०, साना स्तर १० र मझौला स्तर ६ को अनुमतिपत्रको म्याद समाप्त भएको वा हुन लागेको देखिन्छ । नेपाल मेटल कम्पनी लि. को अवधि सकिएको ५ वर्ष भएको, उत्खनन् कार्य सुरु नै नगरेको र थप हुने अवधि समेत व्यतीत भइसके तापनि अनुमतिपत्र खारेज भएको छैन । यसरी तोकिएको अवधिभित्र उत्खनन् कार्य नहुँदा खनिजको उपयोग नहुने र राजस्व तथा रोयल्टी प्राप्त नहुने भएकाले तोकिएको अवधिमा उत्खनन् कार्य सम्पन्न गर्ने गरी नियमन र अनुगमन गर्नुपर्दछ।

२३. **अनुमतिपत्रको नामसारी** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ७ मा खनिज पदार्थको खोजतलास कार्य र नियम १५ मा खनिज पदार्थको उत्खनन् कार्यको अनुमतिपत्र दिने व्यवस्था भएकोमा २०६०।५।१८ मा भएको प्रथम संशोधनले ५३क को उपनियम ५ मा अनुमतिपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा वा अन्य कुनै कारणले निज अनुमतिपत्र जारी गर्दाका बखत अनुमतिपत्रमा तोकिएका सर्त, ऐन वा नियमावलीको पालना गर्न असमर्थ भएमा अनुसूची-४ बमोजिमको नामसारी दस्तुर लिई निजको नामको अनुमतिपत्र नामसारी गरी दिन सक्ने व्यवस्था थप गरेको छ। विभागबाट प्राप्त विवरणअनुसार २०७५।७६देखि २०८०।८१सम्म देहायबमोजिम अनुमतिपत्रको नामसारी भएको छः

| अनुमतिपत्र | आर्थिक वर्ष | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | २०७५।७६ | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८० | २०८०।८१ | |
| खोजतलास कार्य | १५ | ९ | ८ | ० | १० | ४ | ४६ |
| उत्खनन् कार्य | २ | ३ | ३ | ३ | ४ | २ | १७ |
| **जम्मा** | **१७** | **१२** | **११** | **३** | **१४** | **६** | **६३** |

माथिको तालिकाअनुसार विभागले ६ आर्थिक वर्षमा खोजतलास ४६ र उत्खनन् कार्यको १७ समेत ६३ अनुमतिपत्रको नामसारी गरेको छ। यसरी आफ्नो नाममा रहेको अनुमतिपत्र हकवाला वा अन्य व्यक्तिलाई नामसारी गर्ने व्यवस्थाले उद्देश्यअनुसार खनिजको अन्वेषण तथा उपयोगमा

ढिलासुस्ती हुने, धेरै खनिज क्षेत्र रोक्का गरी राख्ने, खोजतलास कार्य नगरी नामसारी गर्ने, अनुमतिपत्र लिएपछि नामसारी हुनेबेलासम्मको खर्चसम्बन्धमा स्पष्ट व्यवस्था नभएकाले सम्बन्धित निकायले अनुमतिपत्रको नामसारी प्रकृयालाई थप व्यवस्थित र प्रभावकारी बनाउनुपर्दछ।

२४. **थप खनिज कार्य -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४४ मा खोजतलास कार्य वा उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले खनिज कार्य गर्दा अनुमतिपत्रमा उल्लिखित खनिज पदार्थबाहेक अन्य खनिज पदार्थ पत्ता लागेमा सोको जानकारी तीस दिनभित्र विभागलाई दिनुपर्ने र नियमानुसार विभागले प्रक्रिया पूरा गरी खोजतलास वा उत्खनन् कार्य गर्ने अनुमतिपत्र दिने उल्लेख छ। खनिज कार्य गर्दा उल्लिखित खनिज पदार्थबाहेक अन्य खनिज पदार्थ पत्ता लागेकोमा विभागले जारी गरेको अनुमतिपत्रको विवरण देहायबमोजिम रहेको छः

| क्र.सं. | खानी सञ्चालकको नाम | मूल खनिज | नियम ४४ अन्तर्गतको खनिज |
|---|---|---|---|
| १ | दोङ्शान मिनरल्स प्रा.लि. | पोलिमेटल | चुनढुङ्गा |
| २ | हिमालयन माइन्स एण्ड मिनरल्स प्रा.लि. | डोलोमाइट | फलाम |

माथिको तालिकाअनुसार विभागले २०८०।८१सम्म अनुमतिपत्रमा तोकिएको खनिज पदार्थबाहेक अन्य खनिज पदार्थ पत्ता लागेकोमा २ खानी सञ्चालकलाई थप नयाँ खनिज कार्यको लागि अनुमतिपत्र जारी गरेको देखिन्छ। विभागले नियमित रूपमा खानीहरूको अनुगमन तथा नियमन गरी अनुमतिपत्रमा तोकिएको खनिज पदार्थबाहेकको अन्य खनिज पदार्थ पत्ता लागेमा नियमाअनुसार खनिज पदार्थको खनिज कार्यको लागि अनुमतिपत्र जारी गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२५. **उप उत्पादन -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४७ मा खनिज पदार्थ उत्खनन् कार्य गर्दा फेला पारेको अनुमतिपत्रमा उल्लिखित खनिज पदार्थबाहेकका अन्य खनिज पदार्थ वा उप-उत्पादन बिक्री गर्नुपर्ने भएमा विभागको पूर्व स्वीकृति लिनुपर्ने र तोकिएको रोयल्टी जम्मा गर्नुपर्ने उल्लेख छ। विभागले उप-उत्पादनका लागि दिएको अनुमतिपत्रको विवरण देहायबमोजिम रहेको छः

रू.हजारमा

| क्र.सं. | अनुमतिपत्र लिनेको नाम | उत्पादनको प्रकार | खनिज | वार्षिक उत्पादन क्षमता (मे.ट) | उत्पादित परिमाण (मे.ट) | रोयल्टी |
|---|---|---|---|---|---|---|
| १ | अल्फा कन्स्ट्रक्सन एण्ड डेभेलोपर्स प्रा.लि. | मुख्य उत्पादन | चुनढुङ्गा | १९२ | १९२.०० | १०८.२१ |
| | | उप-उत्पादन | ढुङ्गा | १९२ | १९२.०० | ३१.५४ |
| २ | डोलोमाइट चुनढुङ्गा उद्योग लि. | मुख्य उत्पादन | चुनढुङ्गा | ८६.४ | ८६.४० | ४७.९८ |
| | | उप-उत्पादन | ग्राभेल | ८६.४ | ८६.४० | ६.४५ |
| ३ | कन्चन क्वारीज प्रा.लि. | मुख्य उत्पादन | चुनढुङ्गा | ४७९.२५ | ४७९.२५ | ३९.७५ |
| | | उप-उत्पादन | ग्राभेल | ४७९.२५ | ४७९.२५ | १.१३ |
| ४ | आर.एस. चलाल इन्डष्ट्रिज प्रा.लि. | मुख्य उत्पादन | चुनढुङ्गा | ३६ | ३६.०० | २.३३ |
| | | उप-उत्पादन | ढुङ्गा | ३६ | ३६.०० | १.१६ |
| ५ | सम्राट सिमेन्ट कम्पनी प्रा.लि. | मुख्य उत्पादन | चुनढुङ्गा | ३६० | ३६०.०० | २८२.२० |
| | | उप-उत्पादन | सामान्य माटो | ३६० | ३६०.०० | ११.०१ |
| ६ | शिवम् सिमेन्ट लिमिटेड | मुख्य उत्पादन | चुनढुङ्गा | ६२५ | ६२५.०० | २३२.२५ |
| | | उप-उत्पादन | ढुङ्गा | ६२५ | ६२५.०० | १७.२३ |
| जम्मा | | | | ३५५७.३ | ७८१.२३ | ४९६७८.७८ |

माथिको तालिकाअनुसार विभागले २०८०।८१सम्म ६ अनुमतिपत्रलाई चुनढुङ्गा खानीबाट ढुङ्गा, ग्राभेल, माटोको उप-उत्पादन गर्न अनुमति प्रदान गरेको देखिन्छ। यो वर्ष उप-उत्पादनको

अनुमति प्रदान गरेको करिब ६८ हजार मेट्रिक टन खनिज उत्खनन् गरी रू.१७ लाख ७२ हजार रोयल्टी सङ्कलन गरेको छ।

स्थलगत अनुगमनको क्रममा सौर्य सिमेन्ट प्रा.लि., कटारी नगरपालिका-८, उदयपुरको खानी क्षेत्रको अवलोकन गर्दा चुनढुङ्गा खनिजको उत्खनन्बाट डोलोमाइट खनिज समेत निस्किने गरेको पाइयो। कम्पनीले डोलोमाइट खनिज उत्खनन्को अनुमति नलिई उत्खनन् कार्य गरेको, उत्खनन् गरेको खनिज प्रयोगविहीन अवस्थामा डम्पिङ गरी राखेको र कतिपय स्थानमा खनिजको उत्खनन् नगरेको अवस्था छ। खानी क्षेत्रबाट अनुमतिपत्रमा उल्लेख भएभन्दा अन्य खनिज पदार्थ उत्खनन् भई प्रयोगविहीन अवस्थामा रहँदा समेत विभागले खनिजको उपयोग र व्यवस्थापन सम्बन्धमा उचित कदम चालेको देखिएन।





*सौर्य सिमेन्टको खानी क्षेत्र, खनिज उत्खनन् गर्दै र डोलोमाइट खनिज डम्पिङ गरेर राखेको स्थान*

अनुमतिपत्रमा उल्लेख भएभन्दा फरक अन्य खनिज पदार्थको उत्खनन् गरे नगरेको नियमित अनुगमन तथा उप-उत्पादनको अनुमति थप गरी खनिजको अधिकतम उपयोग गर्ने र अनुमतिबेगर उत्खनन् कार्य गरेमा कानुनबमोजिम कारबाही गर्नुपर्दछ।

२६. **साधारण निर्माणमुखी खनिज पदार्थ -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ३४देखि ३८सम्म साधारण निर्माणमुखी खनिज पदार्थसम्बन्धी विशेष व्यवस्था गरेकोमा जिल्ला विकास समिति नरहेकोले उल्लिखित कानुन कार्यान्वयन हुने अवस्था रहेको छैन। त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२प) मा ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीरकण, खारेजी र व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएकोमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।११।२२ मा सबै स्थानीय तहलाई गरेको पत्राचार अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान बमोजिम ढुङ्गा, गिट्टी, बालुवा आदि जस्ता खानीजन्य वस्तुहरूको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन स्थानीय सरकारको अधिकार क्षेत्र भित्र पर्ने गरी व्यवस्था भएकोमा हालसम्म स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियमावली तर्जुमा भइनसकेको साथै सो कार्यका लागि कुनै निर्देशिका तथा कार्यविधि स्वीकृत भएको अवस्था नरहेकोले थप कानुनी व्यवस्था भएपछि सोहीबमोजिम हुने गरी हाललाई प्रचलित खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा नियमावली, २०५६, बमोजिम हुने गरी खानी तथा भूगर्भ विभागबाट उत्खनन् कार्ययोजना, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र प्रतिवेदन स्वीकृत गराई सो विभागको सहमति प्राप्त गरी सम्बन्धित नगर तथा गाउँपालिकाको कार्यालयबाट उत्खनन् अनुमतिपत्र जारी गर्ने उल्लेख छ। विभागबाट प्राप्त विवरणअनुसार स्थानीय

तहबाट निर्माणमुखी खनिज पदार्थको अनुमतिपत्र जारी गर्न प्राविधिक सहमति माग भई आएकोमा देहायबमोजिम सहमति प्रदान गरेको छः

**सहमति प्रदान गरेको संख्या**




माथिको रेखा चित्रअनुसार २०७५।७६देखि २०८०।८१सम्म गण्डकी प्रदेशमा २ र बागमती प्रदेशमा ३० समेत ३२ लाई निर्माणमुखी खनिज पदार्थको अनुमतिपत्र जारी गर्न सहमति प्रदान गरेको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐनमा यस्ता खनिज पदार्थको अनुमतिपत्र प्रदान गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको तर सोको नियमावली तर्जुमा भएको छैन। खानी तथा खनिजसम्बन्धी कानुनमा समेत समयानुकूल संशोधन भएको छैन । मन्त्रालयको २०७४।११।२२ परिपत्रअनुसार विभागले ६ वर्षको अवधिमा ३२ लाई सहमति प्रदान गरेको देखिएकोले कतिपय स्थानीय तहले विभागसँग सहमति नलिई नै सम्झौता गर्ने गरेका छन्। समयानुकूल आवश्यक कानुन परिमार्जन वा तर्जुमा गर्ने तथा अनुमति नलिई समेत खानी सञ्चालन हुन सक्ने हुँदा त्यसतर्फ विभागले निरन्तर निगरानी गर्नुपर्दछ।

२७. **खनिज क्षेत्रको रोक्का-** खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा १२(३) मा नेपाल सरकारले कुनै खास खनिज पदार्थको खनिज कार्य विभाग वा विभागले तोकेको अन्य सरकारी निकायले मात्र गर्न पाउने गरी तोक्न सक्ने उल्लेख छ। विभागबाट प्राप्त विवरणअनुसार विभागले खास खनिज पदार्थको खनिज उत्खनन् कार्य रोक्का गरी राखेको विवरण देहायबमोजिम रहेको छः

| क्र.सं. | खनिज पदार्थ तथा प्रयोजन | रोक्का क्षेत्र | रोक्का क्षेत्रफल (वर्ग किलोमिटर) |
|---|---|---|---|
| १ | भौगर्भिक नक्शाङ्कन | २३ | २९३९.०६ |
| २ | निर्माणमुखी ढुङ्गा | ७७ | २७३१.३७ |
| ३ | क्यालसाइट | २ | ३.७१ |
| ४ | कोइला | १६ | ५४.१३ |
| ५ | तामा | २५ | ९३३.८९ |
| ६ | डोलोमाइट | २ | ३५.१७ |
| ७ | गार्नेट | १ | ४ |
| ८ | सुन | ८ | २९७.७४ |
| ९ | ग्रेनाइट | ८ | १०७.५५ |
| १० | ग्राभेल | १ | ७.५ |
| ११ | फलाम | १० | ३८०.७५ |
| १२ | जास्पर | १ | ७.५ |

| | | | |
|---|---|---|---|
| १३ | काओलिन क्ले | १ | ३६.५७ |
| १४ | काइनाइट | ४ | १३.१४ |
| १५ | चुनढुङ्गा | ४२ | ८१७.३३ |
| १६ | म्याग्नेसाइट | २ | ३९.२२ |
| १७ | मार्बल | १ | २.५९ |
| १८ | माइका | १ | ४ |
| १९ | नेफलिन साइनाइट | १ | २८.३१ |
| २० | फस्फोराइट | २ | ८८.२६ |
| २१ | पोलिमेटल | ९ | ५३४.७२ |
| २२ | क्रिष्टल क्वार्ज | २ | २ |
| २३ | क्वारजाइट | १४ | ७०.४९ |
| २४ | रातो माटो | ६ | १८.५६ |
| २५ | रूबी | १ | ८० |
| २६ | चट्टानी नुन | ५ | ४२०८.४४ |
| २७ | सिलिका स्याण्ड | १ | १२.५६ |
| २८ | स्लाव स्टोन | ४ | ३.२२ |
| २९ | खरी | ४ | ९.३२ |
| ३० | जस्ता/टिन | १ | ११.९७ |
| ३१ | टुर्मालिन | १० | २८.१९ |
| ३२ | युरेनियम | ५ | १२४१.०८ |
| **जम्मा** | | **२९०** | **१४७५२.३४** |

माथिको तालिकानुसार विभागले २०८०।८१ सम्ममा भौगर्भिक नक्शाङ्कन र ३१ खनिज पदार्थको लागि २९० स्थानमा १४ हजार ७५२ वर्ग किलोमिटर क्षेत्रफल रोक्का गरी राखेकोमा चट्टानी नुन ४ हजार २०८, भौगर्भिक नक्शाङ्कन २ हजार ९३९, निर्माणमूखी ढुङ्गा २ हजार ७३१ र युरेनियम १ हजार २४१ वर्ग किलोमिटर खनिज क्षेत्र रोक्का गरेको देखिन्छ। विभागले खनिज क्षेत्र रोक्का गरी राख्ने तर तोकिएको समयमा भौगर्भिक नक्शाङ्कन र खनिज कार्य नहुँदा खनिज पदार्थको उत्खनन् तथा उपयोग हुन सकेको छैन। रोक्का गरी राखिएका खनिज क्षेत्रको उपयोग गर्नुपर्दछ।

२८. **खास खनिज पदार्थ -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २४ मा विभागले खास खनिज पदार्थको खनिज कार्य गर्ने अनुमतिपत्र दिन कम्तीमा ३० दिनको प्राविधिक तथा आर्थिक प्रस्तावसहितको सूचना प्रकाशन गर्ने र खोजतलास कार्य गर्दा लागेको प्रत्यक्ष खर्चको वर्तमान मूल्य कायम गरी सो मूल्यलाई न्यूनतम मूल्य मानी बढाबढद्वारा बढी रकम कबोल गर्नेसँग सम्झौता गर्ने उल्लेख छ। विभागबाट प्राप्त विवरणअनुसार २०८०।८१सम्म १७ थप खोजतलास कार्य र ३१ उत्खनन् कार्यको सम्झौता गरी अनुमतिपत्र जारी गरेको छ।

| क्र.सं. | खनिज पदार्थ | उत्खनन् अनुमति संख्या | खोजतलास अनुमति संख्या |
|---|---|---|---|
| १ | कोइला | ० | १ |
| २ | तामा | १ | ३ |
| ३ | ग्रेनाईट | १ | १ |
| ४ | सिसा | १ | ० |
| ५ | फलाम | ० | ३ |

| | | | |
|---|---|---|---|
| ६ | काओलिन क्ले | ० | १ |
| ७ | चुनढुङ्गा | २० | ७ |
| ८ | म्यागनेसाइट | २ | ० |
| ९ | रातो माटो | २ | ० |
| १० | बालुवा | ३ | ० |
| ११ | जस्ता/जिङ्क | १ | १ |
| १२ | पोलिमेटल | ० | ० |
| **जम्मा** | | **३१** | **१७** |

माथिको तालिकानुसार विभागले सबैभन्दा बढी चुनढुङ्गाको लागि २० उत्खनन् र ७ थप खोजतलास अनुमतिपत्र प्रदान गरेको देखिन्छ। अति महत्वपूर्ण र बहुमूल्य धातुको खोजतलास गर्न बाँकी रहेको, खास खनिजको खोजतलास गर्दा विभिन्न वर्षमा भएको खर्चको विवरणलाई अद्यावधिक नगरेको जस्ता अवस्था देखिएकोले उक्त खनिजको खोजतलासमा भएको खर्च यकिन हुन सकेन। त्यस्तै, कतिपय खनिजको खोजतलास कार्यको लागि मितव्ययी रूपमा खर्च हुन नसक्दा वर्तमान मूल्य बढी कायम हुन गई प्रस्ताव नपर्ने हुन सक्छ । विभागबाट खोजी नभएका अति महत्वपूर्ण र बहुमूल्य धातुको खोजतलास कार्य गर्ने, खोजतलास कार्यमा गरिने खर्चलाई मितव्ययी गराउने र पत्ता लागेको खनिजको यथाशक्य चाँडो सूचना प्रकाशन गरी सम्झौता कार्य गर्नु, गराउनुपर्दछ।

२९. **अनुमतिपत्र रद्द -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४३ मा अनुमतिपत्र रद्द गर्न सकिने अवस्थाहरु उल्लेख छन्। विभागबाट प्राप्त विवरणअनुसार विगत पाँच वर्षमा खोजतलास र उत्खनन् अनुमतिपत्र रद्द भएको विवरण देहायबमोजिम रहेको छः

| अनुमतिपत्र रद्द गर्नुको कारण | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | २०८०।८१ | २०७९।८० | २०७८।७९ | २०७७।७८ | २०७६।७७ | जम्मा |
| खोजतलास अनुमतिपत्रतर्फ | | | | | | |
| अनुमतिपत्र परित्याग गरेको | २२ | ३० | १३ | १७ | २५ | १०७ |
| नवीकरण नगराएको | ७० | ७३ | ६६ | ६९ | ८८ | ३६६ |
| विभागमा पेस गर्नुपर्ने विवरण तथा सूचना पेस नगरेको | २ | १ | ५ | ४ | १ | १३ |
| अनुमतिपत्रको अवधि समाप्त भएको | २१ | १९ | १२ | २२ | २५ | ९९ |
| **जम्मा** | **११५** | **१२३** | **९६** | **११२** | **१३९** | **५८५** |
| उत्खनन् अनुमतिपत्रतर्फ | | | | | | |
| अनुमतिपत्र परित्याग गरेको | २ | ० | | | | २ |
| नवीकरण नगराएको | ४ | ७ | | | २ | १३ |
| विभागमा पेस गर्नुपर्ने विवरण तथा सूचना पेस नगरेको | १ | ० | | | १ | २ |
| अनुमतिपत्रको अवधि समाप्त भएको | ३ | ० | | | १ | ४ |
| **जम्मा** | **१०** | **७** | **०** | **०** | **४** | **२१** |

माथिको तालिकाअनुसार विभागले विगत पाँच वर्षमा खोजतलासतर्फ ५८५ र उत्खनन् कार्यतर्फ २१ समेत ६०६ अनुमतिपत्र रद्द गरेको देखिन्छ। जसमध्ये नवीकरण नगराएको ३७९, अनुमतिपत्र परित्याग गरेको १०९, अवधि समाप्त भएको १०३ र विवरण तथा सूचना पेस नगरेको १५ रहेको

छ। अनुमतिपत्र जारी गरे तापनि तोकिएबमोजिमको खोजतलास र उत्खनन् कार्य नगरी अनुमतिपत्र नै रद्द हुने गरेको देखिन्छ। तोकिएको समयमा नवीकरण नै नगर्ने, पेस गर्नुपर्ने विवरण तथा सूचना पेस नगर्ने र अनुमतिपत्रको अवधि समाप्त हुँदासम्म तोकिएको कार्य नगर्ने कारणले खनिज कार्य हुन नसकी खनिज पदार्थको उपयोग हुन नसकेको विभागले उल्लेख गरेको छ। विभागले जारी गरेको अनुमतिपत्रको कार्यान्वयन अवस्थाको प्रभावकारी अनुगमन तथा नियमन गर्नुपर्दछ।

३०. **यथोचित यन्त्र -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १९ मा उत्खनन् कार्य गर्दा पालना गर्नुपर्ने सर्तहरू (ङ) मा खनिज पदार्थ भण्डारण गर्ने तथा जम्मा गर्ने स्थलमा खनिज कार्यको परिमाणको नाप गर्ने यथोचित यन्त्रहरू राख्नुपर्ने, नियम २९ सम्झौता पत्रमा उल्लेख हुनुपर्ने कुराहरू (ट) मा उत्पादन गरेको खनिज पदार्थको नाप तौलसम्बन्धी व्यवस्था र नियम (४३) (ङ) मा यस नियमावली बमोजिम तोकिएको सर्तहरूको पालना नगरेमा अनुमतिपत्र रद्द हुने उल्लेख छ। यथोचित यन्त्रको प्रयोग गरी खानी सञ्चालन तथा उत्खनन् कार्य गर्दा खनिजको हिसाब यथार्थपरक र पारदर्शी हुने, खनिजको अत्याधिक दोहनमा नियन्त्रण हुने, खनिज उत्खनन्बाट प्राप्त हुने रोयल्टी यथार्थपरक र गणना गर्न सहज हुने, खानीसम्बन्धी विवाद र समस्या न्यूनीकरण हुने देखिन्छ । यसम्बन्धमा देखिएका बेहोराहरू निम्न छन्:

३०.१. विभागले २०८१।३।३० मा तोकिएको यथोचित यन्त्र जडान गर्न सूचना गरेकोमा समेत उत्खनन् अनुमति प्राप्त केही कम्पनी तथा व्यक्तिहरूले जडान गरेको देखिएन। विभागले तौलपुल जडान नगर्ने कम्पनी तथा व्यक्तिलाई २०८१।९।७ गतेबाट अर्को निर्देशन नभएसम्म कुनै उत्खनन् तथा खानी सञ्चालन नगर्न तथा नगराउनका लागि सूचना जारी गरेकोमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं २१८, २०८१।९।२३ को पत्रानुसार तौलपुल प्रयोग गरी उत्खनित खनिजको परिमाण यकिन गर्ने समय २०८१।९।७देखि लागु हुने गरी ४५ दिन थप गरेकोमा उक्त म्याद समेत समाप्त भइसकेको छ। विभागबाट प्राप्त विवरणअनुसार १५९ कम्पनी तथा व्यक्तिहरूलाई उत्खनन् अनुमतिपत्र जारी गरेकोमा ८९ ले यथोचित यन्त्र नराखेको र सोमध्ये २२ ले खानी सञ्चालन गरे तापनि यथोचित यन्त्र राखेको देखिएन।

३०.२. स्थलगत अनुगमनको क्रममा मारुती सिमेन्ट प्रा.लि. र सौर्य सिमेन्ट प्रा.लि.को खानी क्षेत्रमा तौलपुल रहेको र उदयपुर सिमेन्ट प्रा.लि.को खानी क्षेत्रमा तौलपुल रहेको पाइएन।




*मारुती सिमेन्ट प्रा.लि., सिन्धुलीको खानी क्षेत्रमा रहेको तौलपुल*




*सौर्य सिमेन्ट प्रा.लि., उदयपुरको खानी क्षेत्रमा रहेको तौलपुल*

यसरी विभागबाट पटक पटक सूचना जारी गर्दा समेत यथोचित यन्त्र नराखे कम्पनी तथा व्यक्तिहरूको उत्खनन् अनुमतिपत्र सम्बन्धमा पुर्नमूल्याङ्कन गर्नुपर्ने देखिन्छ।

३१. **प्रयोगशाला तथा प्रशोधन केन्द्र** - विभागबाट प्राप्त विवरणअनुसार ६३ प्रकारका खनिजहरू पत्ता लगाएको छ। यसरी पत्ता लगाइएको खनिजको परीक्षण गर्न अत्याधुनिक उपकरणसहितको प्रयोगशाला र प्रशोधन केन्द्रको आश्यकता पर्दछ। यससम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्-

३१.१. विभागबाट प्राप्त विवरणअनुसार प्रयोगशालामा रहेका मेसिन तथा उपकरण, जनशक्ति र सञ्चालनको अवस्थाको विवरण देहायबमोजिम रहेको छः

| क्र.सं. | मेसिन/ उपकरणको नाम | सञ्चालन अवस्था | मेसिनबाट परीक्षण हुने कुराहरू | प्राविधिक जनशक्ति | ल्याब सञ्चालन नहुनुको कारण |
|---|---|---|---|---|---|
| | | | रासायनिक प्रयोगशाला | | |
| १ | Atomic Absorption Spectrophotometer (AAS) | रहेको | Heavy metal like Lead, Iron, Copper etc. in (parts per million) ppm level concentrations. | ११ जना प्राविधिक कर्मचारीको दरबन्दी रहेकोमा १० पदमा पदपूर्ति रहेकोमा हाल २ जना प्राविधिक अध्ययन बिदामा रहेको | |
| २ | Muffle Furnace | रहेको | चुनढुंगा, फलामलगायतका धाउहरूमा LOI, Mixed Oxides, Acid Insoluble आदि | | |
| ३ | ICP-MS | नरहेको | Rare earth metals in parts per trillion (ppt) level concentrations. | | उपकरण सञ्चालनको लागि तालिम प्राप्त जनशक्ति नरहेको, उपकरण Validation गर्नुपर्ने अवस्थामा रहेको। |
| ४ | S२ Ranger XRF | नरहेको | चुनढुंगा, फलामलगायतका धाउहरू | | हाल यो उपकरण Outdated Model रहेको एवं स्थानीय स्तरमा उपकरण मर्मत गर्ने जनशक्ति समेत नरहेको। |
| ५ | Pulverizer, Jaw Crusher, Roll Crusher | रहेको | खनिज पदार्थहरूलाई पिसेर धुलो नमुना तयार पार्ने | | |
| | | | जियोटेक्निकल ल्याब | | |
| १ | Point load | रहेको | Rock को strength | ५ जना प्राविधिक कर्मचारीको दरबन्दी रहेकोमा सबै पदमा पदपूर्ति रहेको । | ब्याट्री चार्जमा समस्या रहेको । |
| २ | Slake Durability | रहेको | Rock को स्थायित्व | | |
| ३ | Sieve Shaker | रहेको | नमुनाको आकार छुटाउने | | |
| ४ | Triaxial | नरहेको | Soil sample को shear strength | | उपकरण मर्मत गर्नुपर्ने अवस्थामा रहेको । |
| ५ | Direct shear apparatus | रहेको | Soil sample को shear strength | | |
| ६ | Aggregate Crushing Value Apparatus | रहेको | Compressive strength | | |
| ७ | Consolidation Apparatus | रहेको | Consolidated soil sample डिग्री | | |
| ८ | Brazilian Test | रहेको | Tensile strength of rock | | |
| ९ | Unconfined Compression Tester | रहेको | Unconfined compressive strength of soil | | |
| | | | जेमोलोजी तथा मिनिरलोजी ल्याब | | |
| १ | Rock cutting and Polishing machine | रहेको | Rock cutting into pieces | ४ जना प्राविधिक कर्मचारीको दरबन्दी रहेकोमा २ जनाको | उपकरण सञ्चालनको लागि तालिम प्राप्त जनशक्ति नरहेको । |
| २ | Thin section Preparation machine | रहेको | Rock thin section preparation | | |
| ३ | Petrological Microscope | रहेको | Study of Mineralogy Petrology rocks and minerals | | |
| ४ | Hardness set | रहेको | Hardness of rock | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | Gemological Microscope | नरहेको | Gemological study | पदपूर्ति रहेको | |
| ६ | Refractometer | नरहेको | Refractive index of gemstones | | |
| ७ | Polariscope | नरहेको | Gemstone's optical character | | |
| ८ | Color Stone Gem Tester | रहेको | Thermal conductivity of gemstones | | |
| ९ | Specific Digital Gravity Balance | रहेको | Measure the specific gravity | | |

माथिको तालिकाअनुसार विभागमा रासायनिक प्रयोगशाला, जियोटेक्निकल ल्याब र जेमोलोजी तथा मिनिरलोजी ल्याब सञ्चालनमा रहेको छ। विभागको दरबन्दी संख्याअनुसार रासायनिक प्रयोगशालमा १०, जियोटेक्निकल ल्याबमा ५ तथा जेमोलोजी तथा मिनिरलोजी ल्याब २ प्राविधिक कर्मचारी पदपूर्ति रहेको र ३ दरबन्दी रिक्त रहेको छ। विभागले २०७५ मा परीक्षण हुने नमुनामा १ प्रतिशतभन्दा कम परिमाणको महत्वपूर्ण खनिजको गुणस्तर मापन गर्ने अत्याधुनिक यन्त्र आई.सी.पी.एम.एस. उपकरण रू.१ करोड ६१ लाख ७१ हजारमा खरिद गरेकोमा तालिम प्राप्त जनशक्तिको अभावले प्रयोगमा आउन सकेको छैन भने एकपटकमा युरेनियमलगायत ६० भन्दामाथि खनिजको सम्भाव्यता परीक्षण गर्ने एक्स.आर.एफ. मेसिन अन्तर्राष्ट्रिय अणु ऊर्जा एजेन्सीले अनुदानमा दिए तापनि सफ्टवेयर अपग्रेड नहुँदा प्रयोगविहीन अवस्थामा रहेको छ। त्यस्तै, Triaxial, Gemological, Microscope, Refractometer, Polariscope मेसिन समेत तालिम प्राप्त दक्ष जनशक्तिको अभाव रहेकोले सञ्चालनमा आउन सकेको देखिएन।




*विभागको प्रयोगशालामा प्रयोगविहीन अवस्थामा रहेका आई.सी.पी.एम.एस. उपकरण र एक्स.आर.एफ. मेसिन*

**३१.२.** नेपाल सरकारले देहायका नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा काठमाडौं र सुर्खेतमा खनिज प्रशोधन केन्द्र खोली सञ्चालनमा ल्याउने उल्लेख गरे तापनि २०८०।८१सम्म खनिज प्रशोधनका लागि प्रशोधन केन्द्रको स्थापना भई सञ्चालनमा आउन सकेको छैन।

| आर्थिक वर्ष | नीति तथा कार्यक्रममा उल्लेख भएको बेहोरा | बजेट वक्तव्यमा उल्लेख भएको बेहोरा |
|---|---|---|
| २०७६।७७ | बहुमूल्य पत्थरको प्रशोधन कारखाना स्थापना गरिने | सुर्खेतमा बहुमूल्य पत्थरको कारखाना स्थापना गरिने |
| २०७७।७८ | बहुमूल्य, किमती र अर्ध किमती पत्थर प्रशोधन गरी निर्यात गर्न प्रोत्साहन गरिने। | सुर्खेतमा बहुमूल्य पत्थरको प्रशोधन केन्द्र स्थापना गरिने |
| २०७८।७९ | - | निजी क्षेत्रसँगको सहकार्यमा काठमाडौं तथा सुर्खेतमा बहुमूल्य, किमती तथा अर्ध किमती पत्थर प्रयोगशाला एवं प्रशोधन केन्द्र स्थापना गरिने |

| | | |
|---|---|---|
| २०७९।८० | - | सुर्खेतमा स्थापना भएको किमती तथा अर्ध किमती पत्थर प्रशोधन केन्द्र सञ्चालनमा ल्याइने |

विभागले शाखामा कार्यरत जनशक्तिलाई आवश्यक पर्ने तालिम प्रदान गर्ने, आवश्यक सफ्टवेयर जडान गरी खनिज अन्वेषण कार्यमा प्रयोगशालामा जडित उपकरणको उच्चतम उपयोग गर्ने, तालिम प्राप्त कर्मचारीलाई कार्यालयमा टिकाई राख्नेजस्ता कार्यहरू गर्ने तथा बहुमूल्य खनिज पदार्थको प्रशोधन गर्न आवश्यक प्रशोधन केन्द्रको स्थापना गरी सञ्चालन गर्नुपर्दछ।

३२. **लगानी सम्मेलन -** लगानी बोर्डको आयोजनामा २०८१ वैशाख १६ र १७ मा सम्पन्न तेस्रो लगानी सम्मेलनमा अमेरिका, चीन, भारत, दक्षिण कोरिया, सिंगापुरलगायत ६० देशका लगानीकर्ता र प्रतिनिधिको सहभागिता भएको थियो । खानी तथा भूगर्भ विभागले १० खनिज उत्खनन् कार्य र पेट्रोलियम अन्वेषण परियोजनाले २ पेट्रोलियम अन्वेषण कार्य समेत देहायका १२ खनिज तथा खानीजन्य परियोजनालाई सोकेसमा राखेको थियो । जसअनुसार विभाग र परियोजनाले २०८१ वैशाख ३१ मा १२ परियोजनाको उत्खनन् तथा अन्वेषण कार्य गर्न प्रस्ताव आव्हान गरेकोमा ५ परियोजनामा प्रस्ताव पेस भएको छ।

(रु. हजारममा)

| क्र.सं. | निजी लगानीका लागि प्रस्तुत भएका परियोजना | कार्यान्वयनको अवस्था | न्यूनतम मूल्य रू. | कवोल अङ्क रू. |
|---|---|---|---|---|
| १ | चुनढुङ्गा उत्खनन् परियोजना, अर्घाखाँची | सम्झौता भई अनुमतिपत्र जारी | ८६६० | ९००१ |
| २ | डोलोमाइट उत्खनन्, खोटाङ | प्रस्ताव नपरेको | १७००० | - |
| ३ | चुनढुंगा उत्खनन्, धुनीबेसी घादिङ | सम्झौता भई अनुमतिपत्र जारी | ३२५० | २७०००० |
| ४ | ग्रेनाइट उत्खनन्, काभ्रेपलाञ्चोक | प्रस्ताव छनोट हुन नसकेको | ७०५० | - |
| ५ | फलाम र तामा खानी उत्खनन्, रुकुम | सम्झौता भई अनुमतिपत्र जारी | ३४५० | ४३५१६१ |
| ६ | चुनढुंगा उत्खनन्, सल्यान | सम्झौता भई अनुमतिपत्र जारी | १०००० | १०००१ |
| ७ | म्याग्नेसाइट उत्खनन्, उदयपुर | प्रस्ताव नपरेको | ९५०० | - |
| ८ | सुनखानी, रोल्पा | सम्झौता भई अनुमतिपत्र जारी | ८०० | ९०० |
| ९ | फस्फोराइट बैतडी | प्रस्ताव नपरेको | ३००० | - |
| १० | फस्फोराइट, बैतडी | प्रस्ताव नपरेको | ७४०० | - |
| ११ | पेट्रोलियम अन्वेषण, ब्लक नम्बर-५. चितवन (४९४५ वर्ग किलोमिटर) | प्रस्ताव छनोट हुन नसकेको | - | - |
| १२ | पेट्रोलियम अन्वेषण, ब्लक नम्बर-४ लुम्बिनी (४९६५ वर्ग किलोमिटर) | प्रस्ताव छनोट हुन नसकेको | - | - |

माथिको तालिकाअनुसार लगानी सम्मेलनमा पेस भएका १२ परियोजनामध्ये २०८१।१।३१ मा प्रस्ताव पेस गर्न सूचना जारी भएको र ५ परियोजनाको प्रस्ताव स्वीकृत भई सम्बन्धितलाई अनुमतिपत्र समेत जारी भइसकेको देखिन्छ। स्वीकृत परियोजनाबाट रू.७१ करोड ५० लाख ६१ हजार राजस्व प्राप्त भएको छ। चुनढुङ्गा, फलाम र सुनखानीको लागि प्रस्ताव पेस भए तापनि डोलोमाइट, ग्रेनाइट,

म्याग्नेसाइट र फस्फोराइटको उत्खनन् र पेट्रोलियम अन्वेषण कार्यको लागि प्रस्ताव छनोट भएको छैन। यसरी प्रस्ताव पेस गर्न लगानीकर्ता आकर्षित नहुनुका कारण विश्लेषण गरी लगानीयोग्य परियोजना छनोट गर्ने, लगानीको लागि उपयुक्त वातावरण सिर्जना गरी विदेशी लगानीकर्तालाई आकर्षित गर्नेलगायतका विषयहरूमा सुधार गरी खनिज कार्यको अन्वेषण तथा उत्खनन् कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

३३. **प्राकृतिक ग्यास अन्वेषण -** खानी तथा भूगर्भ विभागको प्रमुख कार्यमध्ये प्राकृतिक ग्यास अन्वेषण गर्नु पनि हो। विभागबाट प्राप्त विवरणअनुसार जापानी सहयोग निकाय जाइकाको सहयोगमा काठमाडौं उपत्यकाको जमिनमुनि रहेको प्राकृतिक ग्यास अन्वेषण कार्यका लागि २०३४ सालमा एक अध्ययन भएको देखिन्छ। त्यस्तै, संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको प्राविधिक तथा आर्थिक सहयोगमा २०३७ देखि देहायबमोजिमका १४ ठाउँमा ड्रिलिङ कार्य सम्पन्न भएकोमा करिब ३०० मिलियन घनमिटर मिथेन ग्यास रहेको आकलन गरिएको छ।

| क्र.सं. | स्थान | ड्रिलिङ गरेको गहिराइ (मिटर) | ड्रिलिङ गरिएको साल | २०८०।८१ मा पालेपहरा खर्च |
|---|---|---|---|---|
| १ | उद्योग विभाग परिसर, त्रिपुरेश्वर, काठमाडौं | ३०५ | २०३७।३८ | ११ जना पालेपहराबापत वार्षिक रू. ३६ लाख ४२ हजार ३८६ खर्च भएको । |
| २ | पचली, टेकु, काठमाडौं | ३०१,३५० | २०३९।४०, २०७३।७४ | |
| ३ | फोहोरमैला व्यवस्थापन परिसर, कुलेश्वर, काठमाडौं | ३०२ | २०३९।४० | |
| ४ | ह्युमत, कालीमाटी, काठमाडौं | ३०० | २०४२।४३ | |
| ५ | ह्युमत, कालीमाटी, काठमाडौं | ४५४.४ | २०४२।४३ | |
| ६ | भृकुटीमण्डप, काठमाडौ | ५७०.१३ | २०४४।४५ | |
| ७ | टेकु, दोभान, काठमाडौं | ३५८.८ | २०४४।४५ | |
| ८ | शंखमूल, काठमाडौं | ४५५.३१ | २०४५।४६ | |
| ९ | कोटेश्वर महादेवस्थान, काठमाडौं | ३०० | २०४७।४८ | |
| १० | कोटेश्वर तीनकुने, काठमाडौं | ३०० | २०४८।४९ | |
| ११ | कोटेश्वर जडिबुटी, काठमाडौं | ३०० | २०४८।४९ | |
| १२ | टीकाथली, ललितपुर | ३०० | २०४९।५० | |
| १३ | बालकुमारी, ललितपुर | ३०० | २०४९।५० | |
| १४ | इमाडोल, ललितपुर | ३००,३५० | २०४९।५०, २०७१।७२ | |

माथिको तालिकाअनुसार १४ ठाउँमा ड्रिलिङ गर्दा प्राकृतिक ग्यास (मिथेन) रहेको प्रारम्भिक अनुमान गरेकोमा उक्त मिथेन ग्यास पानीमा घुलनशील अवस्थामा हुने र एलपीजी ग्यासजस्तो सिलिण्डरमा भरेर उपयोग गर्न नमिल्ने भएकाले पनि थप अध्ययन हुन नसकेको विभागले जानकारी दिएको छ। काठमाडौं उपत्यकामा जनघनत्व र भौतिक पूर्वाधार समेत बढेको तथा थप अध्ययनका लागि सरकारले बजेट समेत विनियोजन नगर्दा पत्ता लागेका ग्यास क्षेत्रहरू अलपत्र अवस्थामा रहेका छन्। विभागले हरेक वर्ष यस्ता क्षेत्रहरूको संरक्षण गर्नका लागि पालेपहराको लागि खर्च हुने गरेको छ । यो वर्ष मात्र उक्त कार्यको लागि ११ जनाको पारिश्रमिकमा रू.३६ लाख ४२ हजार खर्च भएको देखिन्छ। यस्ता सम्भावित क्षेत्रहरूमा ड्रिलिङ गर्दा ग्यास निस्कने गरेको समेत देखिन्छ। प्राकृतिक ग्यास रहेको स्थानमा थप अध्ययन अनुसन्धान नहुने तर पालेपहरा खर्चमा वर्सेनी ठुलो रकम खर्च गर्नु औचित्यपूर्ण देखिदैंन।

प्राकृतिक ग्यास रहेका सम्भावित स्थानहरूको थप भौगर्भिक अध्ययन अनुसन्धान गरी यसको लागत लाभ विश्लेषणसहित उपयोग गर्नुपर्दछ।

३४. **खनिजसँग सम्बन्धित सार्वजनिक संस्थान-** नेपालमा नागरिकको दैनिक जीवनयापनसँग प्रत्यक्ष सम्बन्ध रहेका अत्यावश्यक वस्तु तथा सेवा सर्वसुलभ एवं सुपथ मूल्यमा उपलब्ध गराउने, रोजगारी सिर्जना गर्ने, विकासका पूर्वाधारहरू तयार गर्ने, आत्मनिर्भर र स्वाधीन अर्थतन्त्रको विकास गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गर्ने, निजीक्षेत्रको विकासको वातावरण तयार गर्ने तथा समतामूलक राज्यको स्थापना गरी सामाजिक न्यायको प्रवर्धन गर्ने उद्देश्यले १९९० को दशकदेखि सार्वजनिक संस्थान स्थापना भएको हो। हालसम्म अस्तित्वमा रहेका सार्वजनिक संस्थानको संख्या ४४ पुगेको छ। जसमा औद्योगिक १०, व्यापारिक ४, सेवा ११, सामाजिक ५, जनोपयोगी ५ तथा वित्तीय क्षेत्रमा ९ सार्वजनिक संस्थानहरू रहेका छन् भने स्वामित्वको आधारमा नेपाल सरकारको पूर्ण स्वामित्वमा २० र अधिकांश स्वामित्वमा २४ संस्थानहरू रहेका छन्। यसमध्ये औद्योगिक क्षेत्रअन्तर्गत रहेको १० सार्वजनिक संस्थानमध्ये ५ सार्वजनिक संस्थानहरू खनिज वा खानीसँग सम्बन्धित रहेका छन्। विभागबाट प्राप्त विवरणअनुसार उक्त सार्वजनिक संस्थानहरूले विवरण देहायबमोजिम रहेको छः

| क्र.सं. | सार्वजनिक संस्थान तथा उद्योगको विवरण | | | खनिजको विवरण | खानी सञ्चालनको अवस्था | कारण |
|---|---|---|---|---|---|---|
| | संस्थान तथा उद्योगको नाम | स्थापना मिति | नेपाल सरकारको शेयर स्वामित्व | | | |
| १ | नेपाल ओरिएण्ट म्याग्नेसाईट प्रा.लि. | २०३६ | ८३.३३ प्रतिशत | म्याग्नेसाईट | सञ्चालन नभई बन्द अवस्थामा रहको | उद्योगबाट केही समय खरी उत्खनन् गरेको, म्याग्नेसाईटको नमुना परीक्षण कार्य मात्रै भएको र उत्खनन् कार्य सञ्चालनमा नआएको |
| २ | नेपाल मेटल कम्पनी लि. | २०१३ | ७१.३१ प्रतिशत | जस्ता तथा सिसा | सञ्चालन नभई बन्द अवस्थामा रहको | नेपाल मेटल कम्पनीबाट नमुना परीक्षण कार्य मात्रै भएको र उत्खनन् कार्य सञ्चालनमा नआएको |
| ३ | उदयपुर सिमेन्ट उद्योग लि. | २०४४ | १०० प्रतिशत | चुनढुङ्गा | न्यून क्षमतामा सञ्चालन भएको | २०८१।८२ को लागि नवीकरण नगराएकोले अनुमतिपत्र रद्द हुने प्रकृयामा रहेको |
| ४ | हेटौंडा सिमेन्ट उद्योग लि. | २०३३ | १०० प्रतिशत | चुनढुङ्गा | न्यून क्षमतामा सञ्चालन भएको | २०८१।८२ को लागि नवीकरण गराएको तर हाल उत्पादन नगरेको |
| ५ | धौवादी फलाम कम्पनी लि. | २०७६ | १०० प्रतिशत | फलाम | सञ्चालन सुरु नभएको | कम्पनी स्थापना भएको ५ वर्ष व्यतीत भए पनि उत्पादन सुरु हुन नसकेको |

माथिको तालिकाअनुसार ५ संस्थानमध्ये धौवादी फलाम कम्पनीले उत्पादन सुरु नै नगरेको, नेपाल ओरिएण्ट तथा मेटल कम्पनी बन्द हुने अवस्थामा रहेको र उदयपुर तथा हेटौंडा सिमेन्ट उद्योगको उत्पादन शून्य रहेको छ। निश्चित उद्देश्य राखी स्थापना भएका यस्ता सार्वजनिक संस्थान सञ्चालन हुन नसक्दा खनिज स्रोतको उपयोग नहुने, चालु तथा प्रशासनिक खर्च बढ्ने, वर्सेनी थप दायित्व सिर्जना

हुने, उद्योगका मेसिनरी उपकरण बिग्रने तथा सार्वजनिक सम्पत्ति प्रयोगहीन हुने र जनशक्तिलाई काममा उपयोग गर्न नसकिनेजस्ता समस्या देखिएका छन्। यससम्बन्धमा देखिएका थप बेहोराहरू निम्न रहेका छन्:

- **उदयपुर सिमेन्ट उद्योग लिमिटेड** - उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नं. १६ मा रहेको उद्योग लिमिटेडको खानी क्षेत्रको स्थलगत अनुगमन गरियो। जापान सरकारको सहयोगमा २०४४ मा स्थापना भएको उद्योगको हाल सञ्चालनमा नरहेको र यो वर्ष रोयल्टी रकम पनि बुझाएको छैन। फ्याक्ट्रीदेखि खानी क्षेत्रको सडक दुरी करिब २२ किलोमिटर र रोप-वे को दुरी १३.८ किलोमिटर रहेको छ। फ्याक्ट्री सञ्चालनमा नआएकोले खानी क्षेत्रमा खनिजको उत्खनन् कार्य नभएको, खानी क्षेत्रमा तौलपुल नभएको, रोप-वेलाईन दिनमा केही समय मात्र सञ्चालन हुने गरेको, कम्पनीको एक्साभेटर २ तथा ट्रिपर ८ बिग्रिएको र एक्साभेटर २ तथा ट्रिपर १ चालु अवस्थामा रहेको, खानी क्षेत्रलाई घेराबार नगरेको, कम्पनीको बोर्ड अध्यक्ष र प्रमुख कार्यकारी निर्देशक पद खाली रहेको, कोइलाको अभावले २०८१ मंसिरदेखि सिमेन्ट उत्पादन हुन नसकेको, कर्मचारीहरुको पारिश्रमिक तीन महिनादेखि भुक्तानी हुन नसकेको, खानी विभागमा यो वर्ष नवीकरण कार्य नगरेको, अवकाश प्राप्त ८५ कर्मचारीले सेवासुविधा पाउन बाँकी रहेको, बिजुलीको महसुल भुक्तानी नभएको तथा डेडिकेटेड फीडर र ट्रङ्क लाइनको पूरानो बक्यौता रहेको, कोइला, मेसिनरी पार्टपूर्जा र सामानको भुक्तानीको दायित्व रहेको, पुरानो प्रविधि रहेकोमा सोको स्तरोन्नति नभएको, खानी क्षेत्रमा चुनढुङ्गाको भण्डारण पर्याप्त रहेको तर व्यवस्थापन प्रभावकारी नहुँदा उद्योगको अवस्था नाजुक बन्दै गएकोजस्ता विषयमा छलफल भएको थियो । काठमाडौं जिल्ला अदालतको २०८१ माघ ८ को फैसलाअनुसार उद्योगको सबै बैंक खाताहरू रोक्का भएको छ, जसले गर्दा उद्योग सञ्चालनमा थप समस्या देखिएको छ।





*उदयपुर सिमेन्ट उद्योग लिमिटेडको बन्द अवस्थामा रहेको खानी क्षेत्र तथा रोपवे मेसिन*

- **धौवादी फलाम कम्पनी लिमिटेड** - पूर्वी नवलपरासीस्थित धौवादी क्षेत्रमा रहेको फलाम खानीको उत्खनन् तथा प्रशोधन गरी व्यावसायिक उत्पादन गर्ने उद्देश्यले २०७६ मा यस कम्पनीको स्थापना भएको विभिन्न अध्ययन र अनुसन्धानबाट ४१ वर्ग किलोमिटर क्षेत्रफलभित्र १० किलोमिटर लम्बाई र २५ मिटर मोटाइ भएको १२ करोड मेट्रिक टन फलाम खानीको भण्डार रहेको अनुमान रहेकोमा सर्भेक्षणबाट १० करोड मेट्रिक टन रहेको अनुमान गरेको छ। कम्पनीको प्रबन्धपत्र अनुसार कम्पनीको शेयर पूँजी रू.१० अर्ब मध्ये ५५ प्रतिशत नेपाल सरकार र बाँकी ४५ प्रतिशत संस्थागत निजी क्षेत्रबाट लगानी गरिने उल्लेख भए  तापनि  नेपाल सरकारको मात्र शेयर लगानी रहेको छ। बजेट वक्तव्य २०८०।८१ को बुँदा नम्बर १४७ अनुसार धौबादी फलाम खानीको विस्तृत सर्वेक्षण, विस्तृत परियोजना प्रतिवेदन तयारी र वातावरणीय सम्भाव्यता अध्ययन सम्पन्न गरी उत्खनन् कार्य प्रारम्भ गरिने उल्लेख रहेकोमा कम्पनीले विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार भए  तापनि  विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने, वातावरणीय सम्भाव्यता अध्ययन गर्ने र खानी उत्खनन् गर्ने कार्य गरेको छैन। खानी तथा उद्योगहरू

सञ्चालन गर्नुपूर्व आई.ई.ई. तथा ई.आई.ए. तयार गरी स्वीकृत नभएको र फलाम कारखाना तथा उद्योग स्थापना गर्न जग्गा प्राप्ति कार्य अगाडि बढेको देखिएन। कम्पनीको यस वर्षको नोक्सान रू.१० लाख ९ हजार देखिन्छ। नेपाल सरकारबाट शेयर लगानीबापत अनुदानबाट कम्पनीको प्रशासनिक खर्च व्यहोरेको देखिन्छ। खानी सञ्चालन र उद्योग स्थापना गर्न सञ्चालक समिति, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वन तथा वातावरण मन्त्रालयलगायत सरोकारवाला निकायको समन्वयमा जग्गा प्राप्ति तथा लक्ष्यअनुसार प्रगति हासिल गर्न सकेको छैन ।

सरकारले उद्योगको लाभ लागत विश्लेषण गरी बन्द हुने अवस्थामा रहेका उद्योगलाई निरन्तरता दिने नदिने निक्यौंल गर्ने, कार्यसम्पादन र योग्यतामा आधारित भई योग्य तथा अनुभवी व्यक्तिलाई प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्ने, प्रतिस्पर्धामा आधारित भई निजी क्षेत्रलाई समेत प्रयोग नभएका खनिजको उपयोग गर्न दिने, संस्थानमा रहेका अनावश्यक देखिएका कर्मचारी संख्या घटाउने, कर्मचारी ट्रेड युनियनको व्यवस्थामा पुनरावलोकन गर्ने, सार्वजनिक सम्पत्ति तथा मेसिनरी उपकरणको संरक्षण गर्ने, संस्थागत सुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणाली विकास गरी कार्यान्वयन गर्ने, नियमित रूपमा लेखापरीक्षण गर्न प्रमुख कार्यकारी अधिकृत र सञ्चालक समितिलाई जिम्मेवारी बनाउने, समान उद्देश्य रहेका तथा एकै प्रकृतिका कार्य गर्ने संस्थानलाई एक आपसमा गाभ्ने वा प्राप्ति गर्ने र तोकिएको लक्ष्य प्राप्त हुने गरी खानी सञ्चालन गर्नेलगायतका विषयलाई तत्काल सम्बोधन गर्न यथाशीघ्र उद्योग वा कम्पनीको कार्य सुचारू गर्ने वा प्रयोगविहीन अवस्थामा रहेका खनिज निजी क्षेत्रलाई समेत प्रयोग गर्न दिने गरी आवश्यक कानुनको तर्जुमा तथा नीतिगत निर्णय गरी खनिजको प्रभावकारी उपयोग गर्नुपर्दछ।

**३५.** **धरौटी** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ५३(ख) मा खनिज कार्य गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले खनिज कार्य गर्दा अनुसूची-४ बमोजिम खोजतलास कार्यको लागि अति महत्वपूर्ण रू.१ लाख ५० हजार, महत्वपूर्ण तथा बहुमूल्य रू.१ लाख र सामान्य खनिज रू.५० हजार तथा उत्खनन् कार्यको लागि अति सानास्तर रू.१ लाख, सानास्तर रू.२ लाख, मझौलास्तर रू.३ लाख र ठूलास्तर खानीको लागि रू.४ लाख धरौटी राख्नुपर्ने र नियम ४३ मा विभागले जारी गरेको अनुमतिपत्र रद्द हुने उल्लेख छ। त्यस्तै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६५ मा कुनै प्रयोजनको लागि राखिएको धरौटी त्यस्तो काम पूरा नगरेको कारणले प्रचलित कानुन वा करारको सर्तनामाबमोजिम जफत गर्नुपर्ने भएमा कार्यालय प्रमुखले निर्णय गरी त्यस्तो धरौटी वा जमानतको रकम जफत गर्नुपर्ने उल्लेख छ। यससम्बन्धमा देखिएका थप बेहोराहरू निम्न छन्-

**३५.१.** विभागबाट प्राप्त विवरणअनुसार २०७६।७७देखि २०८०।८१ सम्मको धरौटीको विवरण देहायबमोजिम रहेको छः




माथिको चित्रानुसार २०७६।७७ मा रू.१२ करोड ७८ लाख १३ हजार धरौटी रहेकोमा २०८०।८१ मा रू.५ करोड ५५ लाख ३७ हजारले वृद्धि भई रू.१८ करोड ३३ लाख ५० हजार पुगेकोमा देखिन्छ। विभागले धरौटीको व्यक्तिगत विवरण अद्यावधिक गरी नराखेको र कानुनबमोजिम फिर्ता गर्नुपर्ने तथा सदरस्याहा गर्नुपर्नेमा गरेको छैन ।

३५.२. विगत तीन वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा खोजतलास र उत्खनन् कार्यको अनुमतिपत्र रद्द भएकोमा देहायबमोजिमको धरौटी रकम सदरस्याहा नगरेको बेहोरा औंल्याइएको छ।




माथिको रेखाचित्रानुसार २०७८।७९ मा रू.६ लाख ५० हजार, २०७९।८० मा रू.८७ लाख र २०८०।८१ मा रू.१ करोड ९२ लाख धरौटी रकम सदरस्याहा गरी राजस्वमा जम्मा गर्नुपर्ने बेहोरा अन्तिम लेखापरीक्षणबाट औंल्याइएकोमा विभागले उक्त धरौटी रकम सदरस्याहा गरी राजस्वमा दाखिला गरेको छैन।

कानुनमा भएको व्यवस्थाबमोजिम खनिज कार्यको अनुमतिपत्र रद्द भएका व्यक्ति वा कम्पनीहरूको धरौटी विवरण अद्यावधिक गर्ने, धरौटी फिर्ता गर्ने र सदरस्याहा गर्नुपर्ने धरौटी राजस्वमा दाखिला गर्नुपर्दछ।

३६. **रोयल्टी** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २१ मा उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले खानीद्वारबाट प्रत्येक पटक खनिज पदार्थ बाहिर निकाल्दा त्यसरी निकालिएको खनिज पदार्थको आधारमा अनुसूची-१० बमोजिमको रोयल्टी प्रत्येक महिना समाप्त भएको सात दिनभित्र राजस्व खातामा बुझाउनु पर्ने र तोकिएको म्यादभित्र रोयल्टीबापतको रकम दाखिला नगरेमा सो म्याद समाप्त भएको मितिले तीन महिनासम्म दश प्रतिशत, छ महिनासम्म बीस प्रतिशत र एक वर्षसम्म तीस प्रतिशतका दरले अतिरिक्त रकम रोयल्टी रकममा थप गरी बुझाउनु पर्ने उल्लेख छ। यससम्बन्धी देखिएका थप बेहोराहरू निम्नानुसार छन्-

३६.१. विभागबाट प्राप्त विवरणअनुसार २०७६।७७देखि २०८०।८१सम्म सङ्कलन गरेको रोयल्टीसम्बन्धी विवरण देहायबमोजिम रहेको छः




माथिको चित्रानुसार विभागबाट २०७८।७९ मा सबैभन्दा बढी रोयल्टी रू.१ अर्ब २६ करोड ८९ लाख २६ हजार ५५० सङ्कलन भएको देखिन्छ भने २०७९।८० मा सबैभन्दा कम रोयल्टी रू.६२ करोड ५१ लाख ३१ हजार १२० सङ्कलन भएको छ। खानीद्वारबाट प्रत्येक पटक खनिज पदार्थ बाहिर निकाल्दा परिमाण यकिन गर्ने यथोचित यन्त्र सबै खानीले नराखेको र खानी सञ्चालकले उत्खनन् गरेको खनिज परिमाणको स्व-घोषणा अनुसार रोयल्टी निर्धारण हुने गरेको छ।

३६.२. विभागबाट प्राप्त भएको २०८०।८१ को रोयल्टीसम्बन्धी विस्तृत विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| क्र.सं. | खनिजको नाम | रोयल्टी | थप जरिवाना | जम्मा |
|---|---|---|---|---|
| १ | कोइला | ४१८ | २१ | ४३९ |
| २ | डोलोमाइट | ७१२ | - | ७१२ |
| ३ | सामान्य माटो | २७५ | ८३ | ३५८ |
| ४ | ग्राभेल | १६४ | २ | १६६ |
| ५ | काइनाइट (जेम्सस्तर) | ७४ | २ | ७६ |
| ६ | काइनाइट (औद्योगिकस्तर) | - | - | - |
| ७ | लिड | ४ | १ | ५ |

| | | | | |
|---|---|---|---|---|
| ८ | चुनढुङ्गा | ६६७५६८ | १५८४० | ६८३४०८ |
| ९ | मार्बल चिप्स | १६० | - | १६० |
| १० | क्वारजाइट | ६२० | १२ | ६३२ |
| ११ | रेडक्ले | १० | - | १० |
| १२ | स्लाब स्टोन | ४६६ | ४ | ४७० |
| १३ | स्टोन | १२४८ | - | १२४८ |
| १४ | खरी | २३५ | ४ | २४० |
| १५ | जम्मा | ६७१९५४ | १५९७० | ६८७९२४ |
| नवीकरण शुल्क तथा अन्य दस्तुर | | | | १४७०४५ |
| **कुल जम्मा** | | | | **८३४९७०** |

माथि तालिकाअनुसार २०८०।८१ मा राजस्व शीर्षक नं. ३३३६२ खानी तथा खनिजसम्बन्धी रोयल्टीमा रू. ८३ करोड ४९ लाख ७० हजार प्राप्त भएको छ। रोयल्टीमध्ये सबैभन्दा बढी चुनढुङ्गाबाट रू.६८ करोड ३४ लाख ८ हजार (८१.८४ प्रतिशत) र अन्य खनिजबाट नगन्य रूपमा रोयल्टी सङ्कलन भएको छ। तोकिएको म्यादभित्र रोयल्टीबापतको रकम दाखिला नगर्नेबाट थप जरिवाना बापत रू.१ करोड ५९ लाख ७० हजार असुल गरेको देखियो। विभागको सफ्टवेयरअनुसार रू.८० करोड ३७ लाख ७६ हजार प्राप्त भएको देखिन्छ भने म्यानुअल रूपमा तयार गरेको विवरणअनुसार रोयल्टीबापत रू.६८ करोड ७९ लाख २४ हजार प्राप्त गरेको जनाएको छ। रोयल्टीको एउटै विवरण पनि तीन किसिमको देखिएको छ। सेवाग्राहीले राजस्व शीर्षकमा बैंकमार्फत् रकम जम्मा गर्ने र सोको भौचर कार्यालयमा पेस नगर्ने र रोयल्टीबाहेकको नवीकरण शुल्क तथा अन्य दस्तुर समेत रोयल्टी शीर्षकमा नै जम्मा हुने गरेकाले यथार्थ विवरण फरक पर्न गएको विभागले प्रतिक्रिया दिएको छ।

**३६.३.** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(४घ) मा प्राकृतिक स्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन तथा खनिज पदार्थको उत्खनन् र सोसम्बन्धी रोयल्टी सङ्कलन गर्ने काम, कर्तव्य र अधिकार सम्बन्धित स्थानीय तहको हुने उल्लेख छ। स्थानीय तहले प्रदेशबाट स्वीकृत दरमा प्राकृतिक स्रोतको उत्खननका लागि सम्झौता गरी राजस्व सङ्कलन गर्ने गरेको छ। तर, स्थानीय तहको स्वीकृतिबाट खानीजन्य खनिजको उत्खनन् भएकोमा उक्त खनिजबाट कानुनमा तोकिएबमोजिम रोयल्टी रकम प्राप्त हुनुपर्नेमा सोअनुसार रोयल्टी रकम राजस्वमा दाखिला भएको देखिएन।

वास्तविक समयमा खनिज उत्खननको परिमाण विभागमा प्रतिवेदन गर्नसक्ने प्रणाली जडित यथोचित मापन यन्त्र जडान गर्ने, रोयल्टीबापत प्राप्त हुने सबै रकमलाई आम्दानी बाँध्ने, तोकिएको म्यादभित्र रोयल्टी नबुझाएमा जरिवानासहित असुल गर्ने, राजस्व शीर्षकअनुसार रकम जम्मा गर्ने, प्रतिवेदनमा एकरूपता आउने गरी व्यवस्थित गर्ने र स्थानीय तहमा सम्झौता गरी उत्खनन् गरेको खानीजन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी रकम सङ्कलन गर्नु गराउनुपर्दछ।

**३७.** **खानी तथा खनिज रोयल्टीको बाँडफाँट** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहबिच सङ्घीय कानुनबमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी खानी तथा खनिज रोयल्टीबाट

प्राप्त रकम कोषमा जम्मा गर्ने र अनुसूची ४ बमोजिम नेपाल सरकार ५०, सम्बन्धित प्रदेश २५ र स्थानीय तहलाई २५ प्रतिशतका दरले बाँडफाँट गरी सम्बन्धित तहको सञ्चित कोषमा रोयल्टी रकम जम्मा गर्नुपर्ने उल्लेख छ। साथै, नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रोयल्टीको बाँडफाँट तथा वितरण गर्ने उल्लेख छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार तीन वर्षको खानी तथा खनिज रोयल्टीको विवरण देहायबमोजिम रहेको छः

(रू.हजारमा)

| आर्थिक वर्ष | जम्मा रोयल्टी रकम रू. | बाँडफाँट नहुने | बाँडफाँट हुने | बाँडफाँट गरेको विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार (५० प्रतिशत) | प्रदेश सरकार (२५ प्रतिशत) | स्थानीय तह (२५ प्रतिशत) |
| २०८०।८१* | ८५२३२९ | १८७३५१ | ६६४९७८ | ३३२४८९ | १६६२४४ | १६६२४५ |
| २०७९।८० | ६२८००८ | १०९१६६ | ५१८८४२ | २५९४२१ | १२९७११ | १२९७१० |
| २०७८।७९ | ९३८१०५ | ९४००९ | ८४४०९६ | ४२२०४८ | २११०२४ | २११०२४ |
| **जम्मा रू.** | **२४१८४४२** | **३९०५२६** | **२०२७९१६** | **१०१३९५८** | **५०६९७९** | **५०६९७९** |

*रकम बाँडफाँट गरेको तर निकासा भई नसकेको

माथिको तालिकामा उल्लेख भएकोमध्ये महालेखा नियन्त्रक कार्यालयले २०८०।८१ मा उल्लिखित रकम बाँडफाँटको लागि विवरण तयार गरे तापनि बाँडफाँट गरिसकेको छैन। महालेखा नियन्त्रक कार्यालयले २०७८।७९देखि २०८०।८१सम्म राजस्व शीर्षक नं. ३३३६२ (खानी तथा खनिजसम्बन्धी रोयल्टी) मा रू.२ अर्ब ४१ करोड ८४ लाख ४२ हजार प्राप्त गरेकोमा भुलबश उक्त शीर्षकमा रू.३९ करोड ५ लाख २६ हजार जम्मा हुन गएको उल्लेख गरी उक्त रकम बाँडफाँट नगरी सङ्घीय सञ्चित कोषमा दाखिला गरेको छ। राष्ट्रिय प्राकृतिक स्रोत वित्त आयोगले दिएको सूत्रको आधारमा रोयल्टी रू.२ अर्ब २ करोड ७९ लाख १६ हजारलाई नेपाल सरकार ५०, प्रदेश सरकार २५ र स्थानीय तह २५ प्रतिशतका दरले बाँडफाँट गरेको छ। खानी तथा भूगर्भ विभागबाट प्राप्त र महालेखा नियन्त्रक कार्यालयले बाँडफाँट गरेको रोयल्टीको विवरणमा फरक देखिएको छ। विभागको आर्थिक विवरण २०८०।८१ अनुसार राजस्व शीर्षक नं. ३३३६२ मा रू.८३ करोड ४९ लाख ६९ हजार सङ्कलन भएको देखाएकोमा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार रू.८५ करोड २३ लाख २८ हजार रहेको देखिन्छ। जसमध्ये विभागले बाँडफाँट हुने रोयल्टी रू.६८ करोड ७९ लाख २४ हजार उल्लेख गरेकोमा महालेखा नियन्त्रक कार्यालयले रू.६६ करोड ४९ लाख ७७ हजार उल्लेख गरेको छ। रोयल्टी रकमको तथ्याङ्क ती दुई निकायबिच फरक रहेकोले उक्त वित्तीय प्रतिवेदन यथार्थपरक र विश्वसनीय देखिएन। भूलवश अर्को शीर्षकमा जम्मा गरेको रकम तीन तहमा बाँडफाँट हुनुपर्नेमा सबै रकम सङ्घीय सञ्चित कोषमा जम्मा हुनु न्यायोचित देखिएन । यसरी रोयल्टीको विवरण फरक पर्नुको कारण पहिचान गरी सुधार गर्ने, फरक शीर्षकमा रकम जम्मा नहुने व्यवस्था मिलाउने र यथाशक्य चाँडो रोयल्टी रकम बाँडफाँट गर्ने व्यवस्था हुनुपर्दछ ।

३८. **दस्तुर र धरौटी** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को अनुसूची ४ मा खोजतलास कार्य र उत्खनन् कार्यको लागि देहायबमोजिम दस्तुर र धरौटी रकम तोकिएको छ।

| खोजतलास कार्यको लागि दस्तुर र धरौटी रकम (रू. हजारमा) | | | |
|---|---|---|---|
| विवरण | अति महत्वपूर्ण खनिज | महत्वपूर्ण वा बहुमूल्य खनिज | सामान्य खनिज |

| | | | | |
|---|---|---|---|---|
| अनुमतिपत्र दस्तुर | | ७५/- | ५०/- | २५/- |
| नवीकरण दस्तुर | | ३७/- | २५/- | १२/- |
| अवधि थप दस्तुर | | १५०/- | १००/- | ५०/- |
| नामसारी दस्तुर | | १५०/- | १००/- | ५०/- |
| धरौटी | | १५०/- | १००/- | ५०/- |
| प्रमाणपत्र प्रतिलिपि दस्तुर | | १/- | १/- | १/- |
| **उत्खनन् कार्यको लागि दस्तुर र धरौटी रकम (रू. हजारमा)** | | | | |
| **विवरण** | **अति सानास्तर** | **सानास्तर** | **मझौलास्तर** | **ठूलास्तर** |
| अनुमतिपत्र दस्तुर | ५०/- | १००/- | १००/- | १००/- |
| नवीकरण दस्तुर | २५/- | ५०/- | ७५/- | १००/- |
| अवधि थप दस्तुर | १००/- | २००/- | ३००/- | ४००/- |
| नामसारी दस्तुर | १००/- | २००/- | ३००/- | ४००/- |
| धरौटी | १००/- | २००/- | ३००/- | ४००/- |
| प्रमाणपत्र प्रतिलिपि दस्तुर | २/- | २/- | २/- | २/- |

माथिको तालिकानुसार खनिज खोजतलास र उत्खनन् कार्यको अनुमतिपत्र, नवीकरण, अवधि थप तथा नामसारी दस्तुर र धरौटी रकम तोकिएको छ। जसमा खोजतलासको लागि खनिज पदार्थको महत्वको आधारमा अति महत्वपूर्ण, महत्वपूर्ण तथा बहुमूल्य र सामान्य खनिजमा वर्गीकरण गरी दस्तुर र धरौटी रकम तोकिएको छ भने उत्खनन्को लागि खानीको स्तरअनुसार धातु र अधातु खनिजको लागि अति साना, साना, मझौला र ठूलास्तरमा वर्गीकरण गरी दस्तुर र धरौटी रकम तोकिएको छ। खोजतलास कार्यमा अति महत्वपूर्ण खनिजको लागि बढी र उत्खनन् कार्यमा अति सानास्तरको लागि न्यून दस्तुर र धरौटी तोकिएको छ। उत्खनन् कार्यमा धातु खनिजमा भूमिगत उत्खनन् भए १० टनसम्म र सतही उत्खनन् भए २५ टनसम्मलाई अति सानास्तरमा राखिएको छ। यस्ता अति महत्वपूर्ण खनिजको परिमाण थोरै मात्रामा हुने भएकाले अति सानास्तरमा पर्दछ तर यसको उत्खनन् कार्य गर्दा सबैभन्दा कम दस्तुर र धरौटी बुझाउनुपर्ने देखिन्छ। उत्खनन् कार्यको दस्तुर र धरौटी रकमले खनिजको महत्वलाई प्राथमिकतामा नराखी, सबै प्रकारका खनिजलाई समान व्यवहार गरेको देखिन्छ। उदाहरणको लागि युरेनियम, सुन, रुबी, हिरालगायत अति महत्वपूर्ण खनिजको उत्खनन् र फलाम, तामालगायतको खनिजको उत्खनन्को लागि समान दस्तुर र धरौटी तोकिएको छ। खनिजको महत्वलाई समेत आधार मानी खनिज उत्खनन् कार्यको लागि दस्तुर र धरौटी रकम परिमार्जन गर्ने गरी नियमावलीमा उपयुक्त व्यवस्था हुन र सोको कार्यान्वयन गर्नुपर्दछ।

३९. **पेट्रोलियम अन्वेषण परियोजना -** विश्व बैंकको सहयोगमा सम्वत २०३६ मा देशको दक्षिण भू-भागमा ४८ हजार वर्ग किलोमिटर क्षेत्रमा गरेको एरोम्यागनेटिक सर्भेक्षणबाट नेपालको भू-सतह मुनी पेट्रोलियम पदार्थ हुन सक्ने विभिन्न भौगर्भिक संरचनाहरू देखा परेका आधारमा नेपालमा पेट्रोलियम पदार्थको व्यवस्थित खोज गर्ने उद्देश्यले २०३९ मा पेट्रोलियम अन्वेषण परियोजनाको स्थापना भएको हो। यस परियोजनाले नेपाल पेट्रोलियम ऐन,२०४० तथा नियमावली,२०४१ र पेट्रोलियम (आयकर) नियमावली, २०४१ अन्तर्गत रहेर आफ्नो क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ। यस परियोजनासम्बन्धमा देखिएका अन्य बेहोराहरू देहायबमोजिम रहेका छन्ः

- परियोजनाबाट प्राप्त विवरणअनुसार विगत पाँच वर्षको विनियोजित बजेट र खर्चको अवस्था देहायबमोजिम रहेको छः

(रू.हजारमा)

| आर्थिक वर्ष | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २०७६।७७ | २०५९३ | १७५७४ | ८५.३४ |
| २०७७।७८ | २६२०० | ११८०० | ४५.०४ |
| २०७८।७९ | २७००० | १२३२९ | ४५.६६ |
| २०७९।८० | ३००५२ | ११३४८ | ३७.७६ |
| २०८०।८१ | ४४६०० | २३४६३ | ५२.६१ |
| जम्मा | १४८४४५ | ७६५१४ | ५१.५४ |

माथिको तालिकानुसार आयोजनाले २०७६।७७देखि २०८०।८१सम्म रू.१४ करोड ८४ करोड ४५ हजार बजेट विनियोजन भएकोमा रू.७ करोड ६५ लाख १४ हजार (५१.५४ प्रतिशत) खर्च भएको छ। विनियोजित बजेट प्रभावकारी रूपमा खर्च हुन नसक्दा लक्ष्यअनुसार प्रगति हुन सकेको छैन।

- परियोजनाले पेट्रोलियम अन्वेषण कार्यका लागि नेपालका तराई, चुरे तथा महाभारत श्रृङ्खलालाई १० खण्डमा विभाजित गरेको छ। विश्व बैंक, विभिन्न देश तथा कम्पनीहरूको सहयोगमा नेपालको दक्षिण भूभाग र चुरे तथा महाभारत श्रङ्खलामा ४८ हजार वर्ग किलोमिटर एरोम्याग्नेटिक सर्भेक्षण, ५ हजार २५३ लाईन किलोमिटर साईस्मिक सर्भेक्षण, ६० हजार वर्ग किलोमिटर फोटोजियोलोजिकल सर्भेक्षण, २३ हजार ५ सय वर्ग किलोमिटर ग्राभिटी सर्भेक्षण, २ हजार २ सय किलोमिटर पेट्रोजियोकेमिकल स्यामप्लिङ्ग, पेट्रोलियम अन्वेषण खण्डको भौगर्भिक नक्सा प्रकाशन, डाटा सेल्स प्याकेज तयार र अन्वेषण खण्ड १० मा पर्ने मोरङ जिल्लाको बाहुनी, राधानगर क्षेत्रमा ३ हजार ५२० मिटर गहिराइको ड्रिलिङलगायतका कार्यहरू सम्पन्न गरेको देखिन्छ।

- नेपाल सरकार र चीन सरकारबिच २०७४ साउन ३१ मा चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा नेपालको पेट्रोलियम अन्वेषण कार्यका लागि "Oil and Gas Resources Survey Project" सञ्चालन गर्न द्विपक्षीय सम्झौता (G to G Agreement) भएको थियो । खानी तथा भूगर्भ विभाग र चीन सरकारको तर्फबाट China Geological Survey, Ministry of Natural Resources of People's Republic of China बिच २०७५ फागुन १६ मा "Implementation Agreement of China-Aid on Oil and Gas Resources Survey Project in Nepal" शीर्षकको कार्यान्वयन सम्झौतामा हस्ताक्षर भएको र सम्झौताअनुसार करिब रू.२ अर्ब ६० करोड नेपाली रूपैयाँ बराबरको चीनियाँ सहायता रकम प्राप्त हुने छ। यस सहयोगबाट भौगर्भिक रूट सर्भे १ हजार किलोमिटर, पेट्रोलियम पदार्थको भौगर्भिक सर्भे २ हजार ५ सय वर्ग किलोमिटर, जियोकेमिकल सर्भे ८ सय वर्ग किलोमिटर, रिमोट सेन्सिङ सर्भे ५ हजार वर्ग किलोमिटर, म्याग्नेटो टेलुरिक सर्भे ८ सय लाइन किलोमिटर, २ डि सेस्मिक सर्भे २ सय लाइन किलोमिटर र दैलेखमा अन्वेषणात्मक वेल १ को ४ हजार १३ मिटर गहिराईको ड्रिलिङ्ग कार्य सम्पन्न भएको छ। ड्रिलिङ कार्यबाट उक्त क्षेत्रमा प्राकृतिक ग्यासलगायत पेट्रोलियम पदार्थको भण्डारण रहेको प्रारम्भिक तथ्यहरू प्राप्त भएका छन्। ड्रिलिङबाट सङ्कलन गरिएका चट्टान तथा प्राकृतिक ग्यासलगायतका नमुनाहरू परीक्षणका लागि चीन पठाइएकोमा नतिजा प्राप्त भएपश्चात् दैलेखमा अर्को चरणको अन्वेषणको काम अघि बढाउने परियोजनाको तयारी रहेको छ।

- पेट्रोलियम अन्वेषणसम्बन्धी नेपाल पेट्रोलियम ऐन, २०४० र नियमावली, २०४१ मा रहेका व्यवस्थाहरू समयसापेक्ष नहुनु, पेट्रोलियम पदार्थको अन्वेषणको लागि आवश्यक पूर्ण ज्ञान तथा दक्ष कर्मचारीको अभाव, पेट्रोलियम अन्वेषण कार्यका लागि विशिष्टीकृत उपकरण र ल्याबको अभाव र विदेशी लगानीकर्ता तथा अन्वेषण कम्पनीहरू लगानी गर्न आकर्षित नहुनुलगायतका समस्याहरू रहेका छन्।

- खानी, ग्यास, तथा पेट्रोलियम उद्योगमा पारदर्शिता, सुशासन र उत्तरदायित्व सुनिश्चित गर्नका लागि उत्खनन् उद्योग पारदर्शिता पहल (ई.आई.टी.आई.) रहेको छ। यसमा सहभागिता हुँदा नेपालले खनिज, तेल, ग्यासलगायतका प्राकृतिक स्रोतहरूको पारदर्शी र उत्तरदायी व्यवस्थापनमा सुधार गर्दछ। यसमा बेलायतसहित ५५ देशहरू सदस्य राष्ट्रको रूपमा रहेका छन्। नेपाल यसको सदस्य बन्न उल्लेखनीय पहलकदमी भएको देखिएन। यसको सदस्यता प्राप्त गर्न नेपालले पारदर्शिता मापदण्डहरू पूरा गर्दै नियमित रूपमा राजस्व र भुक्तानीसम्बन्धी जानकारी सार्वजनिक गर्नुपर्दछ।

पेट्रोलियम अन्वेषणका लागि आवश्यक समयसान्दर्भिक कानुनको तर्जुमा वा संशोधन गर्ने, दक्ष कर्मचारी र विशिष्टीकृत उपकरण तथा ल्याबको व्यवस्था गर्ने, पेट्रोलियम सम्भाव्यताको बारेमा प्रचार प्रसार गरी विदेशी लगानीकर्तालाई आकर्षित गर्ने, विनियोजन बजेट पेट्रोलियम पदार्थको अन्वेषणमा प्रभावकारी रूपमा खर्च गर्ने र प्राप्त भएका उपलब्धिहरूको संरक्षण गर्दै थप अध्ययन अनुसन्धान गरी पेट्रोलियम पदार्थको खोजतलास तथा उत्खनन् कार्यलाई थप प्रभावकारी बनाउनुपर्दछ।

४०. **निरीक्षण र जाँचबुझ -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ५० मा कुनै खानीको स्थिति वा खानीसम्बन्धी प्रचलित ऐन, नियम तथा विभागको आदेश निर्देशनबमोजिम खनिज कार्य भएको जाँचबुझ गर्न तथा खानी निरीक्षण गर्नका लागि विभागले कुनै माईनिङ्ग ईन्जिनियर वा जियोलोजिष्ट वा सम्बन्धित विषयको विशेषज्ञलाई खानी निरीक्षकको रूपमा खानी निरीक्षण गर्न तोक्न सक्ने उल्लेख छ। त्यस्तै, खानी निरीक्षकले जुनसुकै बेला खानीमा प्रवेश गर्ने, खानीको जाँचबुझ गरी खनिज पदार्थलाई कब्जामा राख्ने वा रोक्का राख्ने र सोको जानकारी विभागमा यथाशिघ्र दिनुपर्ने उल्लेख छ। विभागबाट प्राप्त विवरणअनुसार २०८०।८१ मा खानी निरीक्षण गरेको विवरण देहायबमोजिम रहेको छः




माथिको चित्रअनुसार विभागले यो वर्ष १०२ अनुगमन, निरीक्षण तथा फिल्ड भेरिफिकेशन कार्य गरेको छ। जसमध्ये सबैभन्दा बढी ६९ फिल्ड अनुगमन तथा निरीक्षण, ३१ फिल्ड भेरिफिकेशन र सबैभन्दा कम २ अवैध उत्खनन् सम्बन्धमा अनुमगन भएको देखिन्छ। विभागबाट गुनासो तथा

उजुरीका आधारमा केही अनुगमन भए पनि बढी जसो नियमित अनुगमन गरेको देखिन्छ। उक्त अनुगमनमा खटिएका पदाधिकारीहरूबाट प्राप्त प्रतिवेदन अध्ययन गर्दा विभागबाट जारी निर्देशन पालना, सम्झौता र सुरक्षा मापदण्डको पालना सम्बन्धमा प्रतिवेदन दिने गरेको देखिय । अनुगमनबाट उत्खनन् कार्यको परिमाण, क्षेत्र, खनिजका लेयर, कार्य घण्टा, उद्योगले पेस गरेको स्किमअनुसार उत्खनन् परिमाणजस्ता विषयमा प्रतिवेदन गरेको देखिएन।उत्खनन् उद्योगले सम्झौताअनुसार प्रारम्भिक वातावरणीय पहिचान र वातावरणीय प्रभाव अध्ययनको पालना सम्बन्धमा उल्लेख गरेको छैन। माथिका सबै पक्ष समावेश गरी अनुगमन कार्यलाई थप प्रभावकारी बनाउनुपर्दछ।

४१. **स्थानीय विकास शुल्क -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २२ मा उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले खानीद्वारबाट प्रत्येक पटक खनिज पदार्थ बाहिर निकाल्दा त्यसरी निकालिएको खनिज पदार्थको परिमाणको आधारमा नियम २१ बमोजिम तोकिएको रोयल्टीको १० प्रतिशतले हुने स्थानीय विकास शुल्क जिल्ला विकास समिति वा सो समितिले तोकेको निकायमा बुझाउनु पर्ने उल्लेख छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. १७६, २०७५।९।२२ को पत्रअनुसार स्थानीय विकास शुल्क सम्बन्धित पालिकामा बुझाउने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय भएको देखिन्छ। सम्बन्धितले पालिकालाई शुल्क बुझाएको रसिदको प्रमाण पेस गरेपछि विभागले अनुमतिपत्रको नवीकरण गर्ने गरेको जनाएको छ। विभागले २०८०।८१ मा सबैभन्दा बढी स्थानीय विकास शुल्क बुझाउने १० व्यक्ति तथा कम्पनीको विवरण देहायबमोजिम रहेको छः

(रू.हजारमा)

| क्र.सं. | खनिज उत्खनन् गर्नेको नाम | रोयल्टी रू. | स्थानीय विकास शुल्क रू. |
|---|---|---|---|
| १ | होङ्शी शिवम् सिमेन्ट प्रा. लि. | १४२२७२ | १४२२७ |
| २ | मारुति सिमेन्ट्स लि. | ६७९३९ | ६७९४ |
| ३ | शौर्य सिमेन्ट लिमिटेड | ५७५२५ | ५७५२ |
| ४ | पाल्पा सिमेन्ट उद्योग लि. | ५३०९६ | ५३१० |
| ५ | सी.जी. सिमेन्ट उद्योग पाल्पा प्रा.लि. | ३२३०९ | ३२३१ |
| ६ | सर्वोत्तम सिमेन्ट प्रा.लि. | २९५५६ | २९५६ |
| ७ | हुआक्सिन सिमेन्ट नारायणी प्रा.लि. | २६२५८ | २६२६ |
| ८ | विश्वकर्मा खानी तथा खनिज प्रा.लि. | २३१५४ | २३१५ |
| ९ | सम्राट सिमेन्ट कम्पनी प्रा.लि. | २२३६९ | २२३७ |
| १० | बी.एस. सिमेन्ट उद्योग प्रा.लि. | २१८२३ | २१८२ |
| ११ | अन्य व्यक्ति तथा कम्पनी | १४६१६२ | १४६१६ |
| जम्मा | | ६२२४६४ | ६२२४६ |

माथिको तालिकानुसार २०८०।८१ मा स्थानीय विकास शुल्कबापत होङ्शी शिवम् सिमेन्ट प्रा.लि. ले सबैभन्दा बढी रू.१ करोड ४२ लाख २७ हजार र सबै गरी जम्मा रू.६ करोड २२ लाख ४६ हजार सम्बन्धित स्थानीय तहलाई बुझाउनुपर्ने देखिन्छ। विभागले स्थानीय विकास शुल्कबापतको रकम स्थानीय तहमा जम्मा गरेको रसिदको प्रमाण पेस गरेपछि अनुमतिपत्रको नवीकरण हुने गरेको छ। आफ्नो स्थानीय तहको क्षेत्रभित्र सञ्चालनमा रहेको खानीबाट प्राप्त गर्नुपर्ने स्थानीय विकास शुल्क सङ्कलन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको समेत हुन आउँछ। कानुनमा भएको अस्पष्ट व्यवस्थाको संशोधन गर्ने, विभागले उक्त शुल्क बुझाएको यकिन गरेर मात्र अनुमतिपत्र नवीकरण गर्ने र तोकिएबमोजिमको स्थानीय विकास शुल्क सम्बन्धित स्थानीय तहले प्राप्त गर्नुपर्दछ।

४२. **दण्ड सजाय -** खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २५ मा विभागबाट अनुमति नलिई खनिज कार्य गरेमा, खनिज कार्य गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पारेमा, विभागले दिएको आदेश पालना नगरेमा, विभागमा दिनुपर्ने सूचना नदिएमा तथा अन्य कारणले कुनै पनि कम्पनी वा व्यक्तिलाई विभागले दण्ड सजाय गर्ने व्यवस्था छ। विभागबाट प्राप्त विवरणअनुसार २०८०।८१ मा १३ चुनढुङ्गा, २ क्वारजाइट, १ डोलोमाइट, १ खरी र १ पत्थर कोइला समेत १८ उत्खनन् कार्य गर्ने अनुमतिपत्रलाई कारबाही गरेको देखिन्छ। खनिज कार्य स्थगन गर्न दिएको सूचनाको बर्खिलाप गरेको, स्वीकृत उत्खनन् योजना तथा माइनिङ्ग स्कीमको परिधि बाहिर गई कार्य गरेको, तोकिएको सर्तको परिपालना नगरेको र सोधिएको स्पष्टीकरण चित्त बुझ्दो नभएकोलगायतका कारण उल्लेख विभागले गरी रू.१ लाखसम्म जरिवाना गरेको छ। कानुनमा भएको व्यवस्थाबमोजिम कार्य गरे नगरेको सम्बन्धमा सबै अनुमतिपत्रको प्रभावकारी अनुगमन तथा नियमन गर्नुपर्दछ।

४३. **नमुना परीक्षण -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४९ मा कुनै व्यक्तिले नेपालको भौगर्भिक सर्भेक्षण तथा खनिज अन्वेषणको सिलसिलामा जम्मा गरेको ढुङ्गा, माटो, बालुवा, चट्टान जीव अवशेषहरू फ्ोसिल्स प्रयोगशाला विश्लेषण तथा अन्वेषण कार्यको लागि विदेशमा निकासी गर्न विभागले स्वीकृति दिने उल्लेख छ। विभागले २०८०।८१ मा खरी ७, तामा १ र म्याग्नेसाइट १ गरी जम्मा ९ खनिजको नमुना परीक्षणको लगि विदेश निकासा गर्न स्वीकृति दिएको छ। विगत वर्षहरूमा नमुना परीक्षणको लागि विदेश निकासी गर्न स्वीकृति लिई पठाएकोमा सो को परीक्षण प्रतिवेदन विभागलाई प्राप्त हुने गरेको देखिएन। विभागले नमुना परीक्षणका लागि विदेश निकासी गर्न दिएको स्वीकृतिको विवरण र सोको परीक्षण प्रतिवेदन समेत अद्यावधिक गरी राख्नुपर्दछ।

४४. **प्राकृतिक स्रोत सङ्कलन तथा बिक्री -** नेपालको संविधानमा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीलाई तीन तहको साझा अधिकार सूचीमा राखेको तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबिच सङ्घीय कानुनबमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्ने उल्लेख छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा सार्वजनिक तथा ऐलानी जग्गामा रहको स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु र दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने र उक्त रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने उल्लेख छ। त्यस्तै, प्रदेश सरकारको आर्थिक ऐनमा प्रदेशभित्र प्राकृतिक स्रोत सङ्कलन तथा बिक्रीबापतको शुल्क प्रदेश सरकारले तोकेबमोजिम लगाइने र असुल गरिने, यस्ता प्राकृतिक स्रोतको सङ्कलन, नियमन र प्रशासन सम्बन्धित स्थानीय तहले गर्ने र सङ्कलित रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गरी ४० प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। विगत पाँच वर्षमा राजस्व शीर्षक नं. १४१५७ (बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय) को प्रदेशगत विवरण देहायबमोजिम रहेको छः

| प्रदेश | आर्थिक वर्षअनुसार सङ्कलित राजस्व रकम (रू. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०८०।८१ | २०७९।८० | २०७८।७९ | २०७७।७८ | २०७६।७७ | जम्मा |
| कोशी प्रदेश | २५००१४ | १५३०६६ | २८०४०० | ३३७६३२ | १९७५६९ | १२१८६८१ |
| मधेश प्रदेश | २११९८ | १४७८४८ | १४७२८ | ४६६२ | ६७७६७ | २५६२०३ |
| बागमती प्रदेश | ६४३१८२ | ६५८८३९ | ६७३३२९ | ८८९५२९ | ९८६९६६ | ३८५१८४५ |
| गण्डकी प्रदेश | १०४९६८ | २२३८३० | १४३११८ | १५८२९३ | १३१६४७ | ७६१८५६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| लुम्बिनी प्रदेश | ३२८२१४ | २३१२६९ | २४९५१७ | १८७०२३ | १६९८७० | ११६५८९२ |
| कर्णाली प्रदेश | २२४०८ | ११०८३ | ३०३०२ | ९४० | ० | ६४७३३ |
| सुदूरपश्चिम प्रदेश | ८३९५ | १५९८ | ३४६२ | ३१०५ | २२८६७ | ३९४२६ |
| **जम्मा** | **१३७८३७९** | **१४२७५३२** | **१३९४८५५** | **१५८११८४** | **१५७६६८६** | **७३५८६३६** |

माथिको तालिकानुसार सात प्रदेशमा विगत पाँच वर्षमा स्थानीय तहले प्रदेशभित्र प्राकृतिक स्रोत सङ्कल तथा बिक्रीबापतको शुल्क उठाई ४० प्रतिशतले हुन आउने रकम रू.७ अर्ब ३५ करोड ८६ लाख ३६ हजार प्रदेश सञ्चित कोषमा दाखिला गरेका छन्। सबै प्रदेशमा यस राजस्व शीर्षकमा रकम जम्मा भएता पनि खानी तथा भूगर्भ विभागबाट गण्डकी र बागमती प्रदेशका ३२ ले मात्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरी अनुमति लिएका छन्। प्रदेश सरकारले कानुनमा भएको व्यवस्थाअनुसार स्थानीय तहबाट प्राप्त हुनुपर्ने ४० प्रतिशत शुल्क प्रदेश सञ्चित कोषमा दाखिला भए नभएको यकिन गर्न अनुगमन तथा नियन्त्रण संयन्त्रको विकास गरेको छैन भने कानुनबमोजिम सबै स्थानीय तहले शुल्क सङ्कलन गरी बाँडफाँट गरेको यकिन तथ्याङ्क समेत रहेको देखिएन। यससम्बन्धमा देखिएका थप बेहोराहरू निम्न छन्:

- कानुनमा एकरूपता नहुँदा केही स्थानीय तहले प्रदेश सरकारलाई बुझाउनुपर्ने रकम समेत बुझाएका छैनन् । संविधानमा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी साझा अधिकार सूचीमा रहेको छ। प्रदेश आर्थिक ऐनमा चुनढुङ्गा, खरीढुङ्गालगायतलाई समेत आफ्नो अधिकार क्षेत्रमा राखेको तर यस्ता खनिज उत्खनन्को अनुमतिपत्र खानी तथा भूगर्भ विभागले दिने गरेको र स्थानीय सरकार सञ्चालन ऐनमा सार्वजनिक तथा ऐलानी जग्गामा रहेको स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु र दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने र उक्त रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोले कानुनी द्विविधा रहेको छ।

- स्थानीय तह वा अन्य निकायले ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु र दहत्तर बहत्तर आदि सामग्रीहरूको उत्खनन् कार्य गर्न अनुमति नदिइएको अवस्थामा निर्माण कार्यस्थलबाट निकालिएको सामग्री निर्माणजन्य योजना तथा कार्यक्रममा प्रयोग हुने गरेको छ। यसरी प्रयोग गरेको परिमाणमा कानुनबमोजिम तिर्नुपर्ने रोयल्टी र शुल्क सम्बन्धित निकायले उठाएको देखिँदैन।

- वन तथा वातावातरण मन्त्रालयको २०८०।९।५ मा प्रकाशित सूचनाअनुसार विभिन्न सर्तसहित अन्नपूर्ण संरक्षण क्षेत्रको व्यवस्थापन गर्ने जिम्मेवारी राष्ट्रिय प्रकृति संरक्षण कोषलाई सुम्पेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ आफ्नो क्षेत्रभित्र रहेका ढुङ्गा, गिट्टी, बालुवा आदिको उत्खनन् तथा वितरणको अधिकार स्थानीय तहको भए पनि ठेक्का व्यवस्थापन गरी उत्खनन् कार्य गर्न अन्नपूर्ण क्षेत्र संरक्षण आयोजनाले रोक लगाएको र वन तथा निकुन्जसम्बन्धी ऐनले स्थानीय सरकारको अधिकारमा अंकुश लगाएकोले कानुन संशोधनको लागि १५ पालिकाले संयुक्त निर्णय गरेको देखिन्छ तथापि प्राकृतिक स्रोतको उत्खनन् र बिक्रीमा सरोकारवालाको एक मत रहेको छैन। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ मा पनि प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त हुने रोयल्टी रकम सङ्घीय विभाज्य कोषमा जम्मा गर्ने उल्लेख भएकोमा अन्नपूर्ण संरक्षण क्षेत्रबाट उक्त रोयल्टी सङ्घीय विभाज्य कोषमा दाखिला भएको देखिँदैन।

संविधानमा भएको व्यवस्थाअनुरूप कानुनमा एकरूपता कायम गर्ने, सोहीबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार, ठेक्का व्यवस्थापन, सम्झौता, असुली, बाँडफाँट र दाखिला विवरण तत्काल

हेर्नसक्ने गरी अनुगमन तथा नियन्त्रण संयन्त्रको विकास गरी सोको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने तथा सरोकारवालासँग समन्वय गरी प्राकृतिक स्रोत साधनको रोयल्टी सङ्कलन गरी प्राप्त राजस्व कानुनले तोकेअनुसार वितरण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

४५. **कार्य सम्पादन -** नेपालको भौगर्भिक अध्ययन अनुसन्धान गरी खनिज सम्पदाको प्रवर्धन एवं विकासको लागि स्थापना भएको यस विभागले खानी तथा खनिज पदार्थको उत्खनन् र विकासको लागि वैज्ञानिक सर्वेक्षण, अनुसन्धान र ईन्जिनियरिङ्ग, जोखिम आकलन, भूकम्प अनुगमन, पेट्रोलियम र प्राकृतिक ग्यास अन्वेषण, अनुमति नवीकरण, खानी नामसारीलगायतका कार्य गर्दै आएको छ। विभागको दरबन्दी २०५८ मा ३५३ र २०६८ मा २१६ रहेकोमा २०७४देखि १४४ कायम रहेको छ। जसमा प्राविधिक ९५, अप्राविधिक १९ तथा श्रेणीविहीन पदमा ३० दरबन्दी रहेको छ। कार्यक्षेत्र तथा कार्यप्रकृतिअनुसार जनशक्ति व्यवस्थापन हुनुपर्नेमा स्वीकृत दरबन्दी १४४ मध्ये ९१ पदपूर्ति भई उपमहानिर्देशक १, उपसचिव सो सरह ९ सहित ५३ पद रिक्त रहेको छ। विभागको कार्य क्षेत्र देश भरिनै रहेको तर प्रदेश तथा जिल्लास्तरमा समन्वय गर्ने संयन्त्रको व्यवस्था छैन। विभागबाट नै खानी तथा खनिज पदार्थको अन्वेषण, खोजतलास तथा उत्खनन् अनुमतिपत्र प्रदान, अनुगमन तथा निरीक्षण तथा प्रशासनिक कार्य गर्नुपर्ने हुँदा कार्यसम्पादनमा प्रभावकारिता आउन सकेको छैन। विगत पाँच वर्षको बजेट र खर्चको तुलना गर्दा औसतमा ५६.८० प्रतिशत र खनिज अन्वेषण विकास आयोजनामा ३२.१६ प्रतिशत मात्र खर्च भएको छ। यो वर्ष विभागका २३ प्रमुख क्रियाकलापहरूमा शून्य प्रगति रहेको छ। विभागको कार्यक्षेत्र, कार्यप्रकृति र कार्यबोझको आधारमा संरचनाको व्यवस्थापन गरी प्रभावकारी कार्यसम्पादन गर्नुपर्दछ।

४६. **कठिन भत्ता तथा पोशाक सुविधा -** खनिज सर्वेक्षण (भत्ता तथा सुविधा) नियमहरू, २०२४ को नियम ६(१क) मा तलब तथा दैनिक भ्रमण भत्ताको अतिरिक्त अनुसूची ४ मा लेखिए बमोजिमको कठिन कामबापतको भत्ता समेत पाउने र अनुसूची ४ मा कठिन कामअन्तर्गत पचास प्रतिशत बढी पाइने काम ८ र तीस प्रतिशत बढी पाइने काम ७ उल्लेख छ। विभागले कठिन भत्ताको लागि विभिन्न १५ काममध्ये उचाइ र काम गर्ने महिनालाई प्राथमिकतामा राखी भत्ता प्रदान गर्ने गरेको देखिन्छ । विभागले २०८०।८१ मा भुक्तानीको नमुना परीक्षण गर्दा अधिकांश कामहरू उचाइ तथा चैत्र, वैशाख र जेष्ठ महिनामा गर्ने गरेको तथा तीस र पचास प्रतिशत भत्ताबापत रू.८ लाख ६६ हजार भुक्तानी गरेको छ। तर, उक्त महिनामा नै काम गर्नुपर्ने स्पष्ट आधार र कारण खुलाएको देखिएन।

त्यस्तै, नियम ६(१ग) मा खनिज सर्भेक्षण दलका कर्मचारीले वर्षको एक पटक अनुसूची ५ बमोजिम फिल्ड ड्रेस-२ जोरका लागि कपडा, त्यसको सिलाई ज्याला र फिल्ड बुट- १ जोर सुविधा पाउने व्यवस्था छ। विभागले २०८०।८१ मा १४४ दरबन्दीको लागि आवश्यक पर्ने पोशाक सुविधाबापतको रकम माग गरे तापनि पदपूर्ति भएका १२० कर्मचारीहरूलाई पदअनुसार नियममा भएको व्यवस्थाभन्दा फरक रूपमा नगदै दामासाहीले बाँडफाँट गरी रू.१९ लाख ८९ हजार ६५० भुक्तानी गरेकोमा सोको समेत आधार पेस गरेको छैन ।

उपर्युक्त नियम प्रशासकीय कार्यविधि ऐन, २०१३ अन्तर्गत करिब ६ दशकभन्दा अघि जारी भएको, खानी तथा खनिज पदार्थ ऐन, २०४२ र नियमावली, २०५६ जारी हुँदा समेत यस विषयलाई सम्बोधन नगरेकाले उक्त नियम समयसान्दर्भिक रहेको छैन। यस्ता सुविधालाई अन्य कानुनमा समेत व्यवस्था गरेको छ। अतः खानी तथा खनिज पदार्थ ऐन तथा नियमावली तर्जुमा गर्दा यस्ता सुविधालाई समायानुकूल परिमार्जन वा संशोधन गर्नुपर्दछ।

४७. **सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९९ मा कार्यालय प्रमुखले कार्यालयको सम्पत्ति र जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समितिबाट निरीक्षण गराई महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने उल्लेख छ। प्रतिवेदनमा जिन्सी किताबमा मालसामान आम्दानी बाँधिएको वा नबाँधिएको तथा मौजुदा अवस्था, मर्मत सम्भार र लिलामलगायतका विषयहरू उल्लेख गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदन २०८०।८१ अनुसार विभागमा ५२९ जिन्सी सामान, १६ चारपाङ्ग्रे सवारी साधन र १३ मोटरसाइकल तथा गोदावारी गोदामघरमा ११३ आइटमका जिन्सी सामानहरूको निरीक्षण गरेको छ। प्रतिवेदनमा ३९१ आइटमका जिन्सी सामानहरू लिलाम गर्नुपर्ने भनी उल्लेख छ भने मर्मत गरी प्रयोग गर्न सकिने जिन्सी सामानहरू समेत रहेको देखिन्छ ।








*विभाग, गोदावरीस्थित गोदामघर र विभिन्न ग्यास वेलहरूको निरीक्षण गर्दाको तस्बीरहरू*

निरीक्षणको क्रममा गोदावारीस्थित गोदामघरमा धेरै पुराना ड्रिलिङका मेसिनहरू खिया लागी काम नलाग्ने अवस्थामा रहेको, गोदामघर नै भत्किएको, विभिन्न ग्यास वेलमा रहेका मेसिनहरू प्रयोगविहीन अवस्थामा रहेको, स्टोरमा जिन्सी सामानहरू व्यवस्थित रूपमा नराखेकोजस्ता बेहोराहरु देखिएका छन्। यसबाट जिन्सी सामानको मितव्ययी खरिद र उचित संरक्षण नगरेको अवस्था देखिन्छ। विभागले पेश्की लिई सञ्चालन गर्ने खनिज अन्वेषणसम्बन्धी कार्यमा खरिद गरिने कतिपय जिन्सी सामानलाई जिन्सी खातामा दाखिला गर्ने गरेको समेत पाइएन, जसले गर्दा खरिद गरिएका जिन्सी सामानको सदुपयोग हुन सक्दैन। कार्यालयलाई आवश्यक जिन्सी सामग्री मितव्ययी रूपमा खरिद गर्ने, खरिद गरिएका सबै जिन्सी सामानलाई जिन्सी खातामा दाखिला गर्ने, सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षण गर्ने र मर्मत गर्नुपर्ने तथा लिलाम गर्नुपर्नेमा कानुनबमोजिम गरी जिन्सी सामानहरूको संरक्षण गर्ने तथा सोको प्रभावकारी उपयोग गर्नुपर्दछ।

४८. **कार्यमूलक लेखापरीक्षणको सुझाव कार्यान्वयनको अवस्था -** महालेखापरीक्षकको कार्यालयबाट २०५९ मा खनिज अन्वेषण तथा विकास आयोजनाको कार्यमूलक लेखापरीक्षण गरी लेखापरीक्षणबाट देखिएका बेहोरा र सुझावहरू प्रस्तुत गरेको छ। प्रतिवेदनमा उल्लेख भएको तत्काल गर्नुपर्ने ४ र भविष्यमा गर्नुपर्ने १० सुझावहरूको कार्यान्वयनको अवस्था देहायबमोजिम रहेको छः

| क्र.सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | **तत्काल गर्नुपर्ने सुधार** | |
| १ | आयोजनाले निर्धारण गरेको लक्ष्य हासिल गर्न अन्वेषनात्मक ड्रिलिङ कार्यलगायतका आयोजनाको बाँकी काम सम्पन्न गर्नुपर्ने | उल्लेख्य सुधार नभएको |
| २ | खनिज अन्वेषण कार्यको लागि हुने खर्चको प्राविधिक पुष्ट्याई सहितको नर्म्स नेपाल सरकारबाट स्वीकृत गर्नुपर्ने | नर्म्स तयार नभएको |
| ३ | अनुमतिपत्र लिई उत्खनन् कार्य सञ्चालन नगर्ने, खनिज उत्पादनसम्बन्धी विवरण पेस नगर्ने र खनिज पदार्थको रोयल्टी दाखिला नगर्ने उत्खनन्कर्तालाई कानुनबमोजिम कारबाही गर्नुपर्ने | न्यून कार्यान्वयनको अवस्था रहेको |
| ४ | मेसिन र उपकरणहरूको स्पेशिफिकेशन र मूल्य खोली अभिलेख राख्ने, मौजुदा सामानको प्रयोग गर्ने र जिन्सी सामानको उचित भण्डारहरूका साथै खानीजन्य क्षेत्रमा संलग्न रोजगारी एवं कार्यक्रममा भएका खर्चको कार्यक्रमगत अभिलेख राख्नुपर्ने | उल्लेख्य सुधार नभएको |
| | **भविष्यमा गर्नुपर्ने** | |
| १ | खनिज अन्वेषण र उत्खनन्सम्बन्धी कार्य गर्न भविष्यमा आयोजना सञ्चालन गर्नु अघि आयोजना विवेचना पत्र तयार गर्नुपर्ने | उल्लेख्य सुधार नभएको |
| २ | लगानी तथा प्रविधि आकर्षित गर्न तथा खानीजन्य क्षेत्रको विकास गर्न भौतिक स्रोत, साधन र पूर्वाधार सेवाको व्यवस्था गर्ने आयोजनाको लक्ष्यअनुसार कार्यक्रम तय नभएकाले स्रोत र साधन जुटाई कार्यक्रम सञ्चालन गर्नुपर्ने | उल्लेख्य सुधार नभएको |
| ३ | खनिज पदार्थको रासायनिक परीक्षणको लागि प्रयोगशालामा भौतिक पूर्वाधार तथा आवश्यक उपकरणको व्यवस्था गर्नुपर्ने | उपकरणको व्यवस्था भए पनि प्रयोगहीन अवस्थामा रहेको |
| ४ | ऐनले निर्दिष्ट गरे अनुसार खनिज विकास केन्द्रको स्थापना र खनिज नीतिको तर्जुमा गर्नुपर्ने तथा आर्थिक दृष्टिले सम्भाव्य ठहरिएका खनिज भण्डारको उत्खनन् गरी आयात प्रतिस्थापन (क्लिङ्कर एवं स्ल्याग जस्ता सिमेन्ट उत्पादनको अर्ध तयारी वस्तु) गर्ने एवं निर्यात प्रवर्धन गर्नुपर्ने | खनिज विकास केन्द्र स्थापना नभएको र २६ सिमेन्ट उद्योग स्थापना भई सिमेन्टमा आत्मानिर्भर भएको |
| ५ | नियमावलीमा उल्लिखित उत्खनन् कार्य सम्पन्न गरी सक्नुपर्ने अवधिको पुनरावलोकन गर्ने र निर्धारित अवधिमा कार्य सम्पन्न गर्न सक्षम उत्खनन्कर्तालाई मात्र अनुमति दिनुपर्ने | नियमावली संशोधन भएको। उत्खनन् कार्य सम्पन्न गर्नुपर्ने म्याद बढाएको र थप कानुनी व्यवस्था भएको |
| ६ | निर्धारित समयमा रोयल्टी दाखिला नगरेमा जरिवाना गर्ने व्यवस्था गर्ने | उल्लेख्य सुधार नभएको |
| ७ | खानी तथा भू-गर्भ विभाग, वन कार्यालय र स्थानीय निकायहरूको खनिज पदार्थ अन्वेषण र उत्खनन् कार्यक्षेत्र र अधिकारबारे निर्धारण गर्ने स्पष्ट कानुनी व्यवस्था गर्नुपर्ने | कानुनी व्यवस्था हुन नसकेको |
| ८ | आर्थिक वर्ष व्यतीत भएको तीन महिनाभित्र नवीकरण गराउनुपर्ने गरी ऐनले गरेको व्यवस्था अनुरूप नियमावली संशोधन गर्नुपर्ने | संशोधन भएको |
| ९ | खनिजको बर्गीकरणका आधारमा उत्खनन्कर्ताको आर्थिक हैसियत निर्धारण गर्नेबारेमा विद्यमान द्विविधा अन्त्य गर्न नियमावलीमा संशोधन गर्नुपर्ने | संशोधन भएको |
| १० | खनिज पदार्थको अन्वेषण तथा उत्खनन् गर्न अनुमति लिई कार्य गर्ने उत्खनन्कर्ताले राख्नुपर्ने खनिज पदार्थको हिसाब किताबको ढाँचा तोक्ने, खानी विकास कार्य योजना अनुसार सीमाङ्कन, डिलिङ्ग र उत्खनन् कार्य भए | उल्लेख्य सुधार नभएको |

| | | |
|---|---|---|
| | नभएको एवं उत्खनन् गरेको परिमाणको यथार्थता पुष्टि गर्न भौतिक परीक्षण गर्ने व्यवस्था मिलाउनुका साथै खनिज अन्वेषण र उत्खनन् कार्यको मूल्याङ्कनका आधार तय गरी आवधिक रूपमा अनुगमन तथा मूल्याङ्कन हुनुपर्ने | |

माथिको तालिकानुसार कार्यमूलक लेखापरीक्षण प्रतिवेदनमा प्रस्तुत सुझावहरूको कार्यान्वयन पूर्ण रूपमा भएको छैन। प्रतिवेदनमा दिएको सुझावअनुसार कानुनमा भएको केही व्यवस्थाहरू संशोधन र हटाइएको समेत छ, जुन सकारात्मक कार्य हो। करिब २२ वर्षअघि दिइएको सुझावको पूर्ण रूपमा कार्यान्वयन हुन नसक्दा अझैपनि त्यस्ता समस्याहरू विद्यमान रहेका छन्। यसरी प्रतिवेदनमा दिइएका सुझावहरूको कार्यान्वयन गर्न सम्बन्धित पदाधिकारी जिम्मेवार हुनुपर्दछ।

# परिच्छेद-४
# निष्कर्ष तथा सुझाव

खनिज सम्पदा राष्ट्रिय विकासको मूल आधार तथा आर्थिक समृद्धि र औद्योगिक पूर्वाधार पनि हो। खनिज सम्पदाको अत्युत्तम उपयोग गर्न सकेमा मात्र मुलुकले दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्न सक्दछ। खनिज नीति, २०७४ जारी भई १० वर्षभित्र खनिज क्षेत्रमा कम्तीमा रू.१०० अर्बको लगानी भित्रिई ५० हजारलाई रोजगारी सिर्जना हुने र खनिज स्रोतसम्म पूर्वाधार निर्माण भई खनिजजन्य उद्योग प्रवर्धन हुने अपेक्षा गरेको छ। सोह्रौं आवधिक योजना अवधिको अन्त्यमा औसत आर्थिक वृद्धिदर ७.१ प्रतिशत रहने र यसमा खानी तथा उत्खनन् क्षेत्रको वृद्धिदरको लक्ष्य ९.७ प्रतिशत रहने अनुमान गरेको छ। त्यस्तै, कुल गार्हस्थ उत्पादनमा योगदान ०.५ प्रतिशत रहने र योजना अवधिमा खानी तथा उत्खनन्मा कुल लगानी रू.४८ अर्ब ३५ करोडमध्ये सार्वजनिक क्षेत्रबाट १४.२ प्रतिशत, निजी क्षेत्रबाट ८३.७ प्रतिशत र सहकारी क्षेत्रबाट २.१ प्रतिशत लगानी हुने अनुमान गरेको छ। विभागले हालसम्म ६३ खनिज पदार्थको अन्वेषण गरी ४२७ खोजतलास कार्य र १५९ उत्खनन् कार्यको अनुमतिपत्र जारी गरेकोमा ६१ ले खनिज उत्खनन् कार्य गरेका छन्। अनुमतिपत्रबमोजिम खनिज कार्य गरेकोसम्बन्धमा गरिने अनुगमन औपचारिक प्रकृति तथा सीमित भएको र अनुगमन तथा निरीक्षणमा आधारित नियमन कार्य कमजोर भएको देखिएको छ।

नेपालमा खनिज सम्पदाको विकास नहुनुमा समयसान्दर्भिक नीति, ऐन, नियम तयार नहुनु, यथेष्ट लगानी नहुनु तथा विनियोजित बजेट खर्च हुन नसक्नु, निजी क्षेत्रलाई आकर्षित गर्न नसकिनु, दक्ष जनशक्तिको अभाव र नयाँ प्रविधिको समुचित उपयोग नहुनुजस्ता समस्या विद्यमान रहेका छन् । त्यस्तै, खनिज पूर्वाधारको विकास सबै क्षेत्रमा नहुनु, पर्याप्त स्रोतसाधनको अभाव हुनु, खनिज अन्वेषण, अनुसन्धान र विकास न्यून हुनु, खनिज उत्पादनमा आधारित भई स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नु, विभिन्न क्षेत्रगत नीतिमा एकरूपता र समन्वय ल्याउनुजस्ता चुनौतीहरू रहेका छन् । उल्लिखित समस्या र चुनौतीहरूको सम्वोधन गरी खनिज पदार्थको अन्वेषण, उत्खनन् र सोको प्रभावकारी उपयोग गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षणबाट देखिएका परिच्छेद ३ मा उल्लिखित बेहोराको सुधारका लागि देहायबमोजिमको सुझाव प्रस्तुत गरिएको छः

- नेपालको संविधान तथा कार्यविस्तृतीकरणअनुसारको नयाँ कानुन तर्जुमा तथा अन्य पुराना कानुनहरुको समयसापेक्ष परिमार्जन गर्नुपर्दछ।
- राष्ट्रिय खनिज नीतिले लिएको लक्ष्य प्राप्त हुने गरी नीतिको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।
- आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रमको उद्देश्य तथा नतिजा खाका प्राप्त हुने गरी प्रभावकारी रूपमा कार्यसम्पादन गर्नुपर्दछ।
- वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यअनुसार विनियोजन गरेको बजेट खर्च हुन नसक्नुका कारण पहिचान गरी खनिजको अन्वेषण कार्यमा विनियोजित बजेट प्रभावकारी रूपमा खर्च गर्नुपर्दछ।
- विभागले खनिज अन्वेषणबाट पत्ता लगाएका सबै खनिज पदार्थको खोजतलास कार्य गर्न प्रवर्धन गर्ने र अति महत्वपूर्ण खनिजसहित अन्य खनिजको समेत खोजतलास कार्य गर्नुपर्दछ।
- लामो समयसम्म खोजतलासको अनुमतिपत्र लिएर पनि खोजतलास नगर्ने व्यक्ति वा कम्पनीको अनुमतिपत्र खारेज गरी प्रतिस्पर्धात्मक रूपमा सक्षमलाई अनुमतिपत्र जारी गर्नुपर्दछ।

- खानी सञ्चालनको लागि देखिएका वन क्षेत्र, योजना स्वीकृतलगायत समस्याको समाधान सम्बन्धित निकायले तत्काल गरी खनिजको उत्खनन् कार्य गर्ने तथा खोजतलास गरिएका खनिजको प्रवर्धन गरी उत्खनन् कार्य गर्नुपर्दछ।
- खनिज कार्य गर्न जारी भएका अनुमतिपत्रअनुसार कार्य भएको सम्बन्धमा नियमित र प्रभावकारी रूपमा नियमन तथा अनुगमन गर्नुपर्दछ।
- खनिज कार्य गर्ने अनुमतिपत्रको नामसारी प्रकृयालाई थप व्यवस्थित र प्रभावकारी बनाउनुपर्दछ।
- विभागले नियमित रूपमा खानीहरूको अनुगमन तथा नियमन गरी अनुमतिपत्रमा तोकिएको खनिज पदार्थबाहेकको अन्य खनिज पदार्थ पत्ता लागेमा नियमानुसार उप-उत्पादन वा थप खनिज कार्यको लागि अनुमतिपत्र दिनुपर्दछ।
- साधारण निर्माणमुखी खनिज पदार्थको उपयोगका लागि संविधान र कार्यविस्तृतीकरणले दिएको अधिकारअनुसार समयानुकूल कानुन परिमार्जन वा तर्जुमा गर्नुपर्दछ।
- विभागले रोक्का गरी राखिएका खनिज क्षेत्रको उपयोगसम्बन्धमा कानुनी अपर्याप्तता भएमा सोको व्यवस्था गर्ने र खनिज पदार्थहरूको सदुपयोग हुने गरी कार्यान्वयन हुनुपर्दछ।
- अति महत्वपूर्ण र बहुमूल्य धातुको खोजतलास कार्य गर्ने, खोजतलास कार्यमा गरिने खर्चलाई मितव्ययी गराउने र पत्ता लागेको खनिजको यथाशक्य चाडौं सूचना प्रकाशन गरी सम्झौता कार्य गर्नु गराउनुपर्दछ।
- विभागले शाखामा कार्यरत जनशक्तिलाई आवश्यक पर्ने तालिम प्रदान, आवश्यक सफ्टवेयर जडान गरी खनिज अन्वेषण कार्यमा प्रयोगशालामा जडित उपकरणको उच्चतम उपयोग गर्ने, तालिम प्राप्त कर्मचारीलाई कार्यालयमा टिकाई राख्नेजस्ता कार्यहरू गर्ने तथा बहुमूल्य खनिज पदार्थको प्रशोधन गर्न आवश्यक प्रशोधन केन्द्रको स्थापना गरी सञ्चालन गर्नुपर्दछ।
- लगानीयोग्य परियोजना छनोट गर्ने, लगानीको लागि उपयुक्त वातावरण सिर्जना गरी विदेशी लगानीकर्तालाई समेत आकर्षित गरी खनिज कार्यको अन्वेषण तथा उत्खनन् कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।
- प्राकृतिक ग्यास रहेका सम्भावित स्थानहरूको थप भौगर्भिक अध्ययन, अनुसन्धान गरी यसको लागत लाभ विश्लेषणसहित उपयोग गर्नुपर्दछ।
- सरकारले लागत लाभ विश्लेषण गरी सार्वजनिक संस्थानलाई कार्य प्रकृतिको आधारमा एक आपसमा गाभ्ने वा प्राप्ति गरी उद्योगको कार्य सुचारू गर्ने वा प्रयोगविहीन अवस्थामा रहेको खनिज निजि क्षेत्रलाई समेत प्रयोग गर्न दिने गरी आवश्यक कानुनको तर्जुमा तथा नीतिगत व्यवस्था गर्नुपर्दछ।
- कानुनमा भएको व्यवस्थाबमोजिम खनिज कार्यको अनुमतिपत्र रद्द भएका व्यक्ति वा कम्पनीहरूको धरौटी विवरण अद्यावधिक गरी राख्ने, धरौटी फिर्ता गर्ने र सदरस्याहा गर्नुपर्नेमा राजस्वमा दाखिला गर्नुपर्दछ।
- वास्तविक समयमा खनिज उत्खनन्को परिमाण विभागमा प्रतिवेदन गर्नसक्ने प्रणालीसहितको यथोचित मापन यन्त्र जडान गरी उत्खनन् गरेको खनिजको रोयल्टी रकम सङ्कलन गर्नुपर्दछ।
- खनिजको महत्वलाई समेत आधार मानि खनिज उत्खनन् कार्यको लागि दस्तुर र धरौटी रकम परिमार्जन गर्ने गरी नियमावलीमा उपयुक्त व्यवस्था हुनुपर्दछ।
- पेट्रोलियम अन्वेषणका लागि आवश्यक समयसान्दर्भिक काननुको तर्जुमा वा संशोधन गरी हालसम्मको उपलब्धिहरूको संरक्षण गर्दै थप अध्ययन अनुसन्धान गरी पेट्रोलियम पदार्थको खोजतलास तथा उत्खनन् कार्यलाई थप प्रभावकारी बनाउनुपर्दछ।
- कानुनमा भएको अस्पष्ट व्यवस्थाको संशोधन गरी स्थानीय विकास शुल्क सम्बन्धित स्थानीय तहले प्राप्त गर्नुपर्दछ।
- विभागबाट जारी भएका सबै अनुमतिपत्रको प्रभावकारी अनुगमन तथा नियमन गर्नुपर्दछ।

- विभागले नमुना परीक्षणका लागि विदेश निकासी गर्न दिएको स्वीकृतिको विवरण र सोको परीक्षण प्रतिवेदन समेत अद्यावधिक गरी राख्नुपर्दछ।
- प्राकृतिक स्रोत साधनको रोयल्टी सङ्कलन गर्न सबै सरोकारवालासँग समन्वय कानुनमा सामाञ्जस्यता कायम गर्ने, प्रभावकारी अनुगमन तथा नियन्त्रण संयन्त्रको विकास गर्ने र सङ्कलित रोयल्टी समयमा नै बाँटफाँट गर्ने व्यवस्था मिलाउनुपर्दछ।
- विभागको कार्यक्षेत्र, कार्यप्रकृति र कार्यबोझको आधारमा संरचनाको व्यवस्थापन गरी बजेट खर्च तथा तोकिएको काम, कर्तव्य र अधिकारको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।
- खनिज सर्वेक्षण (भत्ता तथा सुविधा) नियमहरू, २०२४ को नियम ६(१क) बमोजिम प्रदान गरेको कठिन भत्ता र पोशाक सुविधासम्बन्धी व्यवस्था समयसान्दर्भिक नभएकोले खानी तथा खनिज पदार्थ ऐन तथा नियमावली तर्जुमा गर्दा यस्ता सुविधालाई समायानुकुल परिमार्जन वा संशोधन गर्नुपर्दछ।
- कार्यालयलाई आवश्यक जिन्सी सामग्री मितव्ययी रूपमा खरिद गर्ने, खरिद गरिएका सबै जिन्सी सामानलाई जिन्सी खातामा दाखिला गर्ने, सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षण गर्ने र मर्मत गर्नुपर्ने तथा लिलाम गर्नुपर्नेमा कानुनबमोजिम गरी जिन्सी सामानहरूको संरक्षण गर्ने तथा सोको प्रभावकारी उपयोग गर्नुपर्दछ।

# विद्युत उत्पादन, प्रशारण र उपयोग स्थिति
## परिच्छेद -१
## परिचय

१. **पृष्ठभूमि** - नेपालमा विक्रम संवत् १९६८ जेठ ९ मा ५०० किलोवाटको फर्पिङ जलविद्युत केन्द्रबाट विद्युत उत्पादन सुरु भए पनि काठमाडौं उपत्यकाको केही क्षेत्रबाहेक दशकौंसम्म देशका अधिकांश भू-भागमा विद्युत सेवा उपलब्ध थिएन। सरकारले २०४६ सालपछि विभिन्न स्थानहरुमा साना तथा ठूला जलविद्युत आयोजनाहरू विस्तार गर्दै ग्रामीण क्षेत्रसम्म विद्युत पुऱ्याउने उद्देश्यसहित ग्रामीण विद्युतीकरण कार्यक्रमलाई प्राथमिकता दिन थालेको थियो। नेपालको संविधानले जनसहभागितामा आधारित स्वेदशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ। सो नीति अनुरुप नेपालका पछिल्ला आवधिक योजनाहरुमा समेत ऊर्जा क्षेत्रले प्राथमिकता पाउँदै आएको छ। फलस्वरुप विगतका केही वर्षदेखि विद्युतको माग र आपूर्तिको व्यवस्थापन भई लोडसेडिङ समाप्त भएको छ। विद्युत क्षेत्रको समग्र विकास गरी देशलाई विद्युतमा आत्मनिर्भर बनाउने, देशभित्र खपत हुने ऊर्जाको दक्षता बढाउने र बचत ऊर्जालाई निर्यात गरी व्यापार घाटा न्यून गर्ने मुलुकको प्राथमिकता रहँदै आएको छ।

हाल नेपालमा बढ्दो जनसंख्या, उद्योग तथा कलकारखानाको स्थापना, आधुनिक प्रविधिको बढ्दो उपयोग, विस्तारोन्मुख वितरण प्रणाली, संभावित व्यापार निर्यात तथा स्थानीयस्तरमा सस्तो सुलभ ऊर्जा पहुँच पुऱ्याउने लक्ष्यले गर्दा विद्युत क्षेत्रमा धेरै सम्भावनाहरू देखा परेका छन्। विद्युत क्षेत्रको समग्र विकास गरी देशलाई जलविद्युतमा आत्मनिर्भर बनाउन, देशभित्र खपत हुने ऊर्जाका अन्य परम्परागत स्रोतहरुलाई विद्युतीय ऊर्जाले विस्थापित गरी व्यापार घाटा कम गर्न, उत्पादित जलविद्युतको आन्तरिक तथा वैदेशिक बजार विस्तार गर्न तथा आम जनतामा विद्युत ऊर्जाको पहुँच बढाउँदै यसको उपयोगबाट देशको सम्पूर्ण ऊर्जाको माग पूरा गरी सबैलाई दिगो, भरपर्दो, सर्वसुलभ, गुणस्तरीय र स्वच्छ ऊर्जा उपलब्ध गराउन यससँग सम्वद्ध निकायहरुले कार्य गरिरहेका छन्। उपयुक्त नीति र सोको प्रभावकारी कार्यान्वयन, उत्पादन एवं वितरण प्रणालीको दक्षता, विभिन्न प्राविधिक अवरोध, समसामयिक महसुल दर निर्धारण लगायतका विविध पक्षहरूमा सुधार गर्दै जलविद्युत विकासमा थप पहल गरी देशको आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान दिन सक्ने यो क्षेत्रको स्थायित्व र प्रगतिका लागि योजनाबद्ध ढङ्गले अघि बढ्न आवश्यक देखिन्छ।

२. **नीतिगत तथा कानुनी व्यवस्था:**

२.१. **नेपालको संविधान** - नेपालको संविधानको धारा ५१(छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिमा नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने व्यवस्था छ। संविधानको अनुसूचीमा केन्द्रीय स्तरका ठूला विद्युत, सिँचाइ अन्य परियोजना, अन्तरदेशीय तथा अन्तरप्रदेशीय विद्युत प्रसारण लाइन, जलस्रोतको संरक्षण र बहुआयामिक उपयोग सम्बन्धी नीति र मापदण्ड सम्बन्धी अधिकार सङ्घको हुने, प्रदेश स्तरको विद्युत आयोजना प्रदेश सरकारको र साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा लगायतका अधिकार स्थानीय सरकारको हुने संवैधानिक व्यवस्था छ।

२.२. **आवधिक योजना** - पन्ध्रौं आवधिक योजनामा निर्माणाधीन विद्युत उत्पादन, प्रसारण तथा वितरण आयोजनालाई तोकिएको समयमा सम्पन्न गरिने, जलविद्युत उत्पादनमा निजी तथा विदेशी लगानी आकर्षित गर्न जोखिम आकलन, निर्धारित र बाँडफाँट सम्बन्धी नीति एवं उपयुक्त मोडल विकास गरी लागु गरिने, विद्युत व्यापार सम्झौतामा वैदेशिक मुद्रा विनियम जोखिम न्यूनीकरण गर्न हेजिङ कोष कार्यान्वयनमा ल्याइने, अन्तरदेशीय प्रसारण लाइनहरुको अध्ययन र सर्वेक्षण गरी निर्माण कार्य प्राथमिकताका साथ सम्पन्न गरिने, स्मार्ट मिटर तथा स्मार्ट ग्रिडको अवधारणा, विद्युत खपत कम हुने समयमा खेर जानसक्ने ऊर्जालाई उपयोग गर्न प्रोत्साहन गरिने, विद्युत उत्पादन सम्मिश्रणका लागि जल प्रवाहमा आधारित आयोजनाका अलावा जलाशययुक्त तथा पम्प स्टोरेज ३०-३५ प्रतिशत, अर्धजलाशययुक्त आयोजना २५-३० प्रतिशत र अन्य वैकल्पिक स्रोत ५-१० प्रतिशतको अनुपात कायम गरी टेक अर पे सिद्धान्तको आधारमा विद्युत खरिद सम्झौता गर्ने व्यवस्था मिलाइने, प्रसारण लाइनको राईट अफ वे, जग्गा अधिग्रहण र लाभ बाँडफाँट लगायत वातावरणीय तथा सामाजिक आवश्यकताका सम्बन्धमा स्पष्ट नीतिगत तथा कानुनी व्यवस्था गरिने, नेपाल विद्युत प्राधिकरणका क्षेत्रीय कार्यालयलाई वितरण कम्पनीमा रूपान्तरण गरी प्रदेश सरकारलाई हस्तान्तरण गरिने लगायत जलविद्युत उत्पादन, प्रसारण र उपयोगका सम्बन्धमा नीति तथा कार्यनीति रहेको छ।

सोह्रौं आवधिक योजनामा ऊर्जाको आन्तरिक पहुँच र मागलाई बढाउने विद्युत प्रसारण र वितरणको आन्तरिक सञ्जाल विस्तार गर्नेः माग र आपूर्तिको नियमित पूर्वानुमान गर्नेः प्रसारण र वितरण लाइनको स्तरोन्नति पेट्रोलियम पदार्थ र एल.पी.जी. (Liquefied Petrolium Gas) ग्यासको खपत घटाई आयात प्रतिस्थापन गर्न र विद्युत खपत बढाउन एल.पी.जी. लगायतका क्षेत्रमा दिँदै आएको अनुदान क्रमशः घटाउँदै लैजाने, गार्हस्थ उपभोगमा विद्युतको खपतलाई प्रोत्साहन गर्न आवश्यक उपकरणहरूमा अनुदानको व्यवस्था गर्ने, सौर्य, वायु, हाईड्रोजन ऊर्जा जस्ता वैकल्पिक ऊर्जा (जलविद्युत बाहेक अन्य) मिश्रणलाई प्रोत्साहन गर्दै आवश्यक गुरुयोजना बनाई कार्यान्वयन गरिने उल्लेख छ।

२.३. **नीतिहरु** - विद्युत उत्पादन, स्वीकृति, प्रसारण र उपयोग व्यवस्थापनलाई प्रभावकारी बनाउन देहायका नीतिगत व्यवस्था गरिएका छन्।

- जलविद्युत विकास नीति, २०५८
- नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८
- राष्ट्रिय जलस्रोत नीति, २०७७
- ग्रीन हाइड्रोजन नीति, २०८०

२.४. **कानुनी व्यवस्था** - विद्युत उत्पादन, अनुमति, प्रसारण र वितरण तथा उपयोगका लागि निम्न कानुनी व्यवस्था गरिएको छ।

- विद्युत ऐन, २०४९
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५
- नेपाल विद्युत प्राधिकरण ऐन, २०४१
- विद्युत नियमावली, २०५०
- विद्युत नियमन आयोग ऐन, २०७४
- मिनी ग्रिड विशेष कार्यक्रम सञ्चालन नियमावली, २०७६
- विद्युत चोरी नियन्त्रण ऐन, २०५८
- विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५
- वातावरण संरक्षण ऐन, २०७६
- विदेशी विनिमय सुविधा सम्बन्धी निर्देशिका, २०७४
- जलस्रोत ऐन, २०४९
- ऊर्जा विकास मार्गचित्र, २०८१

२.५. **वार्षिक नीति तथा कार्यक्रम** - आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रममा आयातित इन्धनको परिमाणलाई उल्लेख्य रूपमा घटाउने गरी प्रति व्यक्ति विद्युत खपत वृद्धि गरी ४५० किलोवाट घण्टा पुर्‍याइने, नेपाल विद्युत प्राधिकरणबाट प्रवर्धित १११ मेगावाटको रसुवागढी, १०२ मेगावाटको

मध्य भोटेकोशी, ४२.५ मेगावाटको सान्जेन तथा निजी लगानीकर्ताबाट प्रवर्धित जलविद्युत र सोलार आयोजना सम्पन्न गरी आगामी आर्थिक वर्षमा करिब ९ सय मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा थप गरिने, चार्जिङ्ग स्टेशनहरूको विस्तार गरिने, नदी बेसिनमा आधारित ४०० किलो भोल्ट कर्णाली कोरिडोर प्रसारण लाइनको निर्माण कार्यलाई तिव्रता दिइने, भेरी कोरिडोर, पश्चिम सेती कोरिडोर र अरुण कोरिडोर प्रसारण लाइनको वित्तीय स्रोत व्यवस्थापन गरी निर्माण कार्य प्रारम्भ गरिने, ४०० के.भी. क्षमताका बुटबल-लमही- दोधारा, लप्सीफेदी-रातामाटे-हेटौंडा र रातामाटे-दमौली-बुटवल प्रसारण लाइनको निर्माण कार्य अघि बढाइने, नेपाल विद्युत प्राधिकरण र हाइड्रो इलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनीको पुनःसंरचना गरी प्रभावकारी बनाइने लगायतका कार्यक्रम घोषणा गरिएको थियो।

त्यस्तै, आर्थिक वर्ष २०७९।८० को वार्षिक नीति तथा कार्यक्रममा द्विपक्षीय तथा बहुपक्षीय व्यापार सम्झौता गरी आन्तरिक खपतबाट बचत भएको ऊर्जा निर्यात गरिने, ७१५ मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा थप गरिने, जलविद्युत आयोजनाहरू छनोट गर्दा कम्तीमा ५० प्रतिशत जलाशययुक्त र अर्धजलाशययुक्त आयोजना रहने गरी प्राथमिकताका साथ छनोट गरिने, ६३५ मेगावाटको दुधकोशी जलाशययुक्त आयोजना र १ हजार ६१ मेगावाट क्षमताको माथिल्लो अरुण जलविद्युत आयोजना कार्यान्वयन अघि बढाइने, जलाशययुक्त १ हजार २ सय मेगावाटको बूढीगण्डकी र ४१० मेगावाटको नलगाड जलविद्युत आयोजना निर्माणको लागि लगानीको मोडेल र स्रोत व्यवस्थापन गरी निर्माण कार्य अगाडि बढाइने, जलाशययुक्त ७५० मेगावाटको पश्चिम सेती र ३०९ मेगावाटको सेती-६ जलविद्युत आयोजनाको प्राविधिक तयारी गरी निर्माण कार्य अगाडि बढाइने, पञ्चेश्वर बहुउद्देश्यीय जलविद्युत आयोजनाको निर्माण तयारी कार्यलाई तीव्रता दिइने, "एल. पि. ग्यास छोडौं, विजुली जोडौं" भन्ने अभियान सञ्चालन गरिने लगायत कार्यक्रम घोषणा भएको थियो।

३. **निकायगत व्यवस्था** - नेपालमा जलविद्युतको विकास गर्न/गराउनका साथै निजी क्षेत्रका उद्यमीलाई प्रोत्साहित गर्न तथा विद्युत विकास सम्बन्धी कामहरुको नीति निर्माण, सहजीकरण एवं अनुगमन समेतका लागि निम्नअनुसार निकाय/संस्थागत व्यवस्था रहेको छ।

| निकाय/संस्था/कम्पनी | काम कर्तव्य |
|---|---|
| ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | • ऊर्जा, जलस्रोत सम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण र नियमन,<br>• ऊर्जा, जलस्रोत सम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकास,<br>• जलविद्युत आयोजनाहरुको अनुमतिपत्र प्रदान गर्ने |
| विद्युत विकास विभाग | • ऊर्जा क्षेत्रसँग सम्बन्धित नीति तथा नियमहरूको कार्यान्वयन,<br>• जलविद्युतको विकासमा निजी क्षेत्रको प्रवर्द्धकलाई सहजीकरण एवं प्रोत्साहन,<br>• विद्युत विकास सम्बन्धी कामहरुको अनुगमन गर्ने,<br>• जलविद्युत आयोजनाहरूको सम्भाव्यता तथा वातावरणीय अध्ययन तथा अनुगमन एवं नियमन गर्ने,<br>• जलविद्युत आयोजनाहरूको सम्भाव्यता अध्ययन, उत्पादन, प्रसारण र वितरण अनुमति प्रदान गर्ने,<br>• विद्युतमा निजी लगानी प्रवर्धन गर्ने |
| विद्युत नियमन आयोग | • महसुल निर्धारण गर्ने तथा विद्युत खरिद बिक्रीको नियमन<br>• नीतिगत सुझाव दिने तथा सिफारिस गर्ने,<br>• जाँचबुझ तथा निरीक्षण गर्ने,<br>• विवाद समाधान गर्ने<br>• आवश्यकता र प्राथमिकताको आधारमा नियामकीय उपकरणहरूको तर्जुमा गरी लागु गर्ने, |

| | |
|---|---|
| | • सरोकारवालाहरूबाट प्राप्त निवेदन उपर प्रचलित कानुन बमोजिम पूर्वस्वीकृति, सहमति तथा कारवाहीसम्बन्धी निर्णय गर्ने,<br>• विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी व्यवस्थालाई भरपर्दो र प्रभावकारी बनाउन गर्नु पर्ने नीतिगत सुधारका सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सल्लाह र सुझाव दिने,<br>• विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारलाई सरल, नियमित, व्यवस्थित तथा पारदर्शीता कायम गर्ने,<br>• विद्युतको माग र आपूर्तिमा सन्तुलन कायम राख्न, विद्युत महसुल नियमन गर्ने |
| नेपाल विद्युत प्राधिकरण | • विद्युत प्रणालीमा विद्युतको उत्पादन, प्रसारण र वितरणको लागि आवश्यक योजना निर्माण, सञ्चालन, संरक्षण र सम्बर्धन गरी पर्याप्त, भरपर्दो र सस्तो विद्युत ऊर्जा वितरण गर्ने |
| जलविद्युत लगानी तथा विकास कम्पनी (एच.आइ.डी.सी.एल.) | • जलविद्युत तथा नवीकरणीय ऊर्जाको विकासका लागि आवश्यक पर्ने दीर्घकालीन पुँजी परिचालन गर्ने,<br>• वित्तीय स्रोतलाई आर्थिक एवं प्राविधिक रुपले सम्भाव्य जलविद्युत तथा नविकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाहरुको शेयरमा लगानी तथा ऋण प्रवाह गर्ने |
| लगानी बोर्ड | • ५०० मेगावाट भन्दा बढी विद्युत उत्पादन हुने आयोजनाहरूको अनुमति पत्र दिने, लगानी स्वीकृत गर्ने,<br>• आयोजना विकास सम्झौता गर्ने,<br>• परियोजना निर्माण र सञ्चालन भई तोकिएको उपलब्धि सूचक अनुसार भए गरेका प्रगतिको अनुगमन गर्नुपर्ने |
| जल तथा ऊर्जा आयोग | • जलस्रोतको उपयोग सम्बन्धी नीति तर्जुमा,<br>• जल तथा शक्ति विकाससँग सम्बन्धित आवश्यक कानुन निर्माण,<br>• सरकार तथा जलस्रोतसँग सम्बन्धित निकायहरूलाई विभिन्न सुझाव दिने |
| राष्ट्रिय प्रसारण ग्रिड कम्पनी | • विद्युत प्रसारण आयोजनाहरुको विस्तृत इन्जिनियरिङ्ग र वातावरणीय अध्ययन<br>• प्रसारण लाइन निर्माण |
| विद्युत उत्पादन कम्पनी | • विद्युत आयोजनाहरुको विस्तृत इन्जिनियरिङ्ग र वातावरणीय अध्ययन,<br>• विद्युतको उत्पादन तथा विकास गर्ने |

४. **वित्तीय व्यवस्था -** जलविद्युत आयोजनाको सम्भाव्यता तथा वातावरणीय अध्ययन, जलविद्युत आयोजना निर्माण र विद्युत विकाससँग सम्बन्धित अध्ययन कार्यहरुमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र विद्युत विकास विभागबाट खर्च हुने गरेको छ। जलविद्युतका क्षेत्रमा नेपाल सरकारले कम्पनी, प्राधिकरण तथा लगानी बोर्ड जस्ता विभिन्न मोडेलमार्फत खर्च गर्ने तथा अधिकांश जलविद्युत आयोजना निजीक्षेत्रले निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण (BOOT) मोडेलमा लगानी गरेको कारण वित्तीय लगानी व्यवस्थाको एकीकृत अभिलेख रहेको छैन । प्रतिवेदन प्रयोजनका लागि विद्युत विकास विभागबाट भएका बजेट खर्च नेपाल सरकारको वित्तीय व्यवस्था मानिएको छ। विभागले २०७७।७८देखि २०८०।८१सम्म भएको विनियोजन तथा खर्चको विवरण देहाय बमोजिम उल्लेख गरिएको छ।

| आर्थिक वर्ष | विनियोजित बजेट (रु. हजारमा) | खर्च (रु. हजारमा) |
|---|---|---|
| २०७७/७८ | १११८९०० | ६४८३४९ |
| २०७८/७९ | ८४७८०९ | ६०८१०८ |
| २०७९/८० | ९३९७१७ | ४७८८३५ |
| २०८०/८१ | ६१५६०६ | ३५४८२५ |

उल्लेखित विवरण अनुसार विभागले ४ वर्षमा गरेको खर्चमा न्यूनता आएपनि नियमनकारी निकाय र कार्यान्वयनमा आबद्ध भएका निकायले गरेको खर्चको एकीकृत अभिलेख राख्ने व्यवस्था नगरेकोले वित्तीय अवस्थाको अन्य पक्ष विश्लेषण भएको छैन ।

# परिच्छेद -२

## लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

५. **लेखापरीक्षणको उद्देश्य** - नेपालमा विद्युतको उत्पादन, स्वीकृति, प्रसारण र उपयोगको सम्वन्धमा भएका कानुनी तथा नीतिगत व्यवस्था, संस्थागत व्यवस्था एवं कार्यगत विषयबारे देहायका विषयको परीक्षण तथा विश्लेषण गरी सुधारका लागि सुझाव दिनु लेखापरीक्षणको उद्देश्य रहेको थियो।

- विद्युत क्षेत्रमा लिइएका नीति तथा नियामकहरुको अनुपालनाको मूल्याङ्कन गर्नु।
- विद्युत उत्पादन पूर्वाधारको वर्तमान क्षमता र उपयोगको मूल्याङ्कन गर्नु।
- प्रसारण र वितरण प्रणालीको दक्षता र अवस्थाको मूल्याङ्कन गर्नु।
- विद्युत आपूर्ति र मागमा मौसमी र क्षेत्रीय परिवर्तनशीलता पहिचान गर्नु।
- विद्युतक्षेत्रमा परिचालित स्रोत साधनको उपयोगमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित भए नभएको मूल्याङ्कन गर्नु।

६. **लेखापरीक्षणको क्षेत्र** - यस लेखापरीक्षण अन्तर्गत जल विद्युत विकास नीति, २०५८, विद्युत ऐन, २०४९ तथा नियमावली, २०५० का साथै जलविद्युतसँग सम्बन्धित प्रचलित नीति, ऐन, कानुन, निर्देशिका आदिका आधारमा जलविद्युत अध्ययन, सर्वेक्षण, उत्पादन, प्रसारण र वितरण अनुमति सम्बन्धमा विद्युत विकास विभागले गरेको विविध क्रियाकलाप, उद्देश्य प्राप्तीको स्थिति, विभागको जनशक्ति व्यवस्थापन, अनुमति प्रदान गरिएका जलविद्युत उत्पादन सम्बन्धी कामहरुको अनुगमन तथा मूल्याङ्कन, अभिलेख व्यवस्थापन, अन्य निकाय र कार्यक्रमसँगको समन्वयको स्थिति आदिलाई लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ। विद्युत उत्पादन, स्वीकृति, प्रसारण र उपयोगका सम्वन्धमा सम्बन्धित निकायहरुबाट प्राप्त विभिन्न आर्थिक वर्षहरुको उपलब्ध भएसम्मको तथ्याङ्क र विवरणको आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

७. **लेखापरीक्षणको पद्धति तथा आधार** - नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, कार्यमूलक लेखापरीक्षण योजना, महालेखापरीक्षक तथा कार्यालयको निर्देशन, कार्यमूलक लेखापरीक्षण निर्देशिका २०७९, सरोकारवालासँग छलफल, प्राथमिक तथा द्वितीय स्रोतको तथ्याङ्क विश्लेषण विधिको आधारमा लेखापरीक्षण कार्यान्वयन गरी यो लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि पर्याप्त र उचित प्रमाण सङ्कलन गर्न नियन्त्रणको परीक्षण र विस्तृत विवरणको परीक्षण विधि अवलम्बन गरिएको छ। जलविद्युत क्षेत्रसँग सम्वन्धित काम कारबाही उपर सरोकारवाला निकायको व्यवस्थापनको दृढोक्तिमा आश्वस्त हुन पेस हुने कार्य सम्पादन समेटिएको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल गरिएको छ। लेखापरीक्षण गर्दा प्रकृयामूलक तथा नतिजामूलक प्रक्रिया अपनाईएको छ। लेखापरीक्षण आधारको रुपमा नेपालको संविधान, प्रचलित ऐन, कानुन, नीतिमा उल्लेख भएका विषयलाई लिइएको छ।

८. **लेखापरीक्षणको सीमा** - लेखापरीक्षणको लागि उपलब्ध समय सीमा, संलग्न जनशक्ति, सूचना तथा तथ्याङ्क सङ्कलन, पर्याप्त स्थलगत अवलोकन न्यूनता आदिदे लेखापरीक्षणको दायरालाई सीमित गरेको छ। लेखापरीक्षणका लागि उपलब्ध स्रोत साधन र समयको सीमा, कारोबारको नियन्त्रण जोखिमको मात्रा तथा लागतको दृष्टिकोणबाट सम्पूर्ण क्रियाकलापलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिने हुँदा लेखापरीक्षण योजना बमोजिम सारभूत विषयको छनोट गरी परीक्षण गरिएको छ। लेखापरीक्षण गरिने निकायबाट उपलब्ध भएका विवरण, तथ्याङ्क, सूचनाको आधारमा परीक्षण विश्लेषण गरी कार्यमूलक लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ।

# परिच्छेद - ३
# लेखापरीक्षणबाट देखिएका बेहोरा

## ९. लेखापरीक्षणबाट देखिएको सकारात्मक बेहोरा

**सकारात्मक पक्ष -** सरकार र सरोकारवाला पक्षको आर्थिक तथा प्राविधिक लगानीका प्राथमिकताको पक्ष विद्युत उत्पादन भएकोले प्राप्त तथ्याङ्क विश्लेषणबाट नेपालको विद्युत क्षेत्रमा देखिएका सकारात्मक पक्ष निम्न छन्:

- कुल विद्युत उत्पादन(जडान क्षमता) निजी क्षेत्रको लगानीबाट २ हजार ३ मेगावाट समेत ३ हजार १ सय ५७ मेगावाट पुगेको छ।
- विद्युत प्रसारण लाइनको लम्बाई ६६ किलो भोल्ट भन्दामाथि ६ हजार ५ सय ७ सर्किट किलोमीटर पुगेको र थप १ हजार ४ सय ४२ सर्किट किलोमीटर लाइन निर्माणाधीन रहेको छ।
- पन्ध्रौं योजनाको सुरुमा ७८ प्रतिशत रहेको विद्युतमा पहुँच जनसंख्या २०८१ आषाढ मसान्तमा ९६.७ प्रतिशत र २३८ किलोवाट घण्टाबाट प्रतिव्यक्ति विद्युत खपत ४१५ किलोवाट घण्टा पुगेको छ।
- विद्युतको वढ्दो उत्पादनसँगै विद्युतीय उपकरण र सवारीसाधनको प्रयोग उल्लेखनीय रुपमा वृद्धि हुदैं जाँदा हरित ऊर्जा खपतले वातावरणीय प्रभाव सकरात्मक रहेको छ।
- अन्तरदेशीय जलविद्युत व्यापार(भारत र बङ्गलादेश) सुरु गरी २०८०।८१ मा १ हजार ९ सय ४३ गिगावाट घण्टा विद्युत निर्यात भएको छ।
- जलविद्युत क्षेत्रमा निजी क्षेत्रको संलग्नता वृद्धि भई वैदेशिक लगानी समेत भित्रिने सम्भावना उच्च रहेको छ।
- २०८०।८१ मा कुल सवारी साधन(चारपाङ्ग्रे मात्र) आयातमध्ये विद्युतीय सवारी साधनको प्रतिशत ७४.१४ प्रतिशत पुगेकोले विद्युतीय ऊर्जा खपत बढ्दै गई यसबाट वातावरणीय प्रभाव समेत न्यूनीकरण हुँदै गएको छ।

**लेखापरीक्षणबाट देखिएका सुधारका क्षेत्रहरु**

उपर्युक्त सकरात्मक पक्षका बावजुद जलविद्युत क्षेत्रमा विभिन्न चुनौती विद्यमान रहेका छन्। जलविद्युत क्षेत्रमा रहेका उक्त चुनौती विश्लेषण गरी कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका सुधारका क्षेत्रहरु निम्नअनुसार रहेका छन्।

१०. **दीर्घकालीन लक्ष्य -** नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने नारासहितको दीर्घकालीन लक्ष्य अनुसार विद्युत उत्पादन १ हजार २ सय ५० मेगावाटबाट ४० हजार मेगावाट र विद्युत पहुँच परिवार सं‍ख्या ८८ प्रतिशतबाट शत् प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ। त्यस्तै नेपाल सरकारको हरेक आवधिक योजनामा विद्युत उत्पादन र पहुँच अभिवृद्धिको लक्ष्य तोकिएकोमा निम्नतालिका बमोजिम लक्ष्य पूरा भएको देखिँदैन। अघिल्लो योजनाको लक्ष्य पर्याप्त विश्लेषण नगरी बढी महत्वकांक्षी योजना तर्जुमा गर्दा योजना  योजना सार्थक नभएको देखिन्छ ।

| विवरण | ११औँ योजना | | १२औँ योजना | | १३औँ योजना | | १४औँ योजना | | १५औँ योजना | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति |
| विद्युतउत्पादन(मेवा) | ७२१.७ | ६९३.७ | ८७७.७ | ७५८ | १४२६ | ८५१ | २३०१ | १२५० | ५००० | ३२०० |
| विद्युतपहुँच(प्र.श) | ५८.५ | ५६.५ | ६५ | ६७.३ | ८७ | ७४ | ८७ | ८८ | ९९ | ९८ |

दीर्घकालीन सोच र आवधिक योजनामा समावेश हुने यस्ता कार्यक्रमको विगतमा देखिएका समस्या तथा चुनौतीसमेत विश्लेषण गरी कार्यान्वयका लागि आधार तयार गरेर लक्ष्य निर्धारण गर्नुपर्दछ। दीर्घकालीन एवं आवधिक योजनाहरुको तोकिएको लक्ष्य हासिल गरिनुपर्दछ।

११. **ऊर्जा समृद्धि लक्ष्य -** ऊर्जा क्षेत्रको समग्र विकासका लागि दीर्घकालीन लक्ष्य एवं स्पष्ट नीति बनाई कार्यान्वयन गर्नुपर्दछ। जलस्रोतबाट जलविद्युत उत्पादन मार्फत मुलुकको समृद्धिमा योगदान गर्न जलविद्युत विकास नीति, २०५८ घोषणा भएको छ। नीति लागु भएको २३ वर्षमा समेत नीति प्रभावकारी कार्यान्वयन भई अपेक्षा गरे अनुसार जलविद्युत उत्पादनका क्षेत्रमा सफलता प्राप्त हुन सकेको देखिएन। नीतिलाई मियोको रूपमा लिई आवधिक एवं वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा सरकार अनुसार फरक फरक कार्ययोजना बनाई कार्यान्वयन गर्दा नीति प्रभावकारी हुन नसकेको देखिन्छ। २०६४ मा तत्कालीन सरकारले १० वर्षमा ५ हजार मेगावाट, २०६५ मा १० वर्षमा १० हजार मेगावाट, २०६६ मा २० वर्षमा २५ हजार मेगावाट, २०७३ मा १० वर्षमा १० हजार मेगावाट र २०७४ मा ७ वर्षमा १७ हजार मेगावाट विद्युत उत्पादन गर्ने कार्ययोजना लिएको देखियो।

हाल ऊर्जा मन्त्रालयबाट सन् २०३५सम्म २८ हजार ५ सय मेगावाट विद्युत निर्माण गर्ने गरी ऊर्जा विकास मार्गचित्र, २०८० घोषणा गरिएको छ। घोषणा अनुसार विद्युत उत्पादनका लागि रु.५० खर्ब, प्रसारण लाइन निर्माणमा रु.७ खर्ब ६२ अर्ब र वितरण लाइनका लागि रु.४ खर्ब १२ अर्ब गरी रु.६१ खर्ब ७४ अर्ब लगानी गर्नुपर्ने र सोबाट प्रतिवर्ष विद्युत दस्तुर रु.१७ अर्ब ५० करोड र रोयल्टी करिब रु.९० अर्ब प्राप्त हुने अनुमान गरिएको छ। यसरी अंकमा गणना भएको समृद्धिलाई मुख्य आधार बनाई आवश्यक स्रोत व्यवस्था गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा गत विगतको लक्ष्य र दीर्घकालीन रणनीतिलाई अवलम्बन नगरी विभिन्न सरकार अनुसार फरक फरक कार्यनीति तयार गरी लागु गर्दा जलविद्युत उत्पादनमा तोकिएको लक्ष्य आफैँमा स्पष्ट देखिएको छैन। सरकार परिवर्तन अनुसार नीति र लक्ष्य परिवर्तन गर्ने कुरालाई गहन रुपमा लिई तोकिएको लक्ष्यका लागि लगानी तथा अन्य वातावरण बनाई ऊर्जा समृद्धिमा योगदान पुऱ्याउनु पर्दछ।

१२. **ऊर्जा सन्तुलन** - आर्थिक वर्ष २०८०।८१ को बजेट वक्तव्यमा दुई वर्षभित्र सबै नागरिकलाई विद्युत सुविधा उपलब्ध गराई जलस्रोतको बहुउपयोग गरी घरेलु, औद्योगिक, यातायात, कृषि, सिँचाइ लगायतका क्षेत्रमा ऊर्जा उपयोगको लागि ऊर्जा खपत विशेष योजना बनाई कार्यान्वयन गरी प्रति व्यक्ति ४०० किलोवाट घण्टा पुऱ्याउने उल्लेख छ। देश वा कुनै क्षेत्रमा निश्चित समय अवधि भित्रका लागि विभिन्न ऊर्जा वस्तुहरू (दाउरा, कोइला, पेट्रोलियम पदार्थ, विद्युत र नवीकरणीय स्रोत)को उत्पादन, आयात, निर्यात मौज्दात परिवर्तन लगायतको आपूर्ति र उपयोगको समग्र विश्लेषण गरी जल तथा ऊर्जा आयोगबाट सन् २०२४ मा प्रकाशित इनर्जी सेक्टर सिनप्सिस प्रतिवेदन अनुसार ऊर्जा वस्तुको सन्तुलन हेर्दा अझै पनि परम्परागत स्रोत दाउरा (१६९२३६२७ मेट्रिकटन किलोग्राम), गोबर (६५७१२९ मे.टन किलोग्राम) लगायतको योगदान रहेको उल्लेख छ। व्यावसायिक ऊर्जामा पेट्रोल(६७५४९२ किलोलिटर) र डिजेल (१३८२९७८ किलोलिटर) खपतले ऊर्जा वस्तु आयात घटेको देखिएको छैन। त्यस्तै ऊर्जा सन्तुलन अवस्थितिमा कुल खपत योग्य ऊर्जा (५३२४१८ टेराजुल) मध्ये परम्परागत ऊर्जा (३४००४०), नवीकरणीय ऊर्जा (१६४९९) रहेको छ भने व्यावसायिक ऊर्जा पेट्रोलियम (१०३३६८), कोइला(३४०१६) र विद्युत(३८४९५) टेराजुल रहेको देखिँदा ऊर्जा सन्तुलनमा विद्युतको योगदान जम्मा ७.२४ प्रतिशत मात्र रहेकोले ऊर्जा आयात प्रतिस्थापन लक्ष्यअनुसार भएको देखिएन ।

| विवरण | कुल प्राप्ति ऊर्जा स्रोत (टेराजुल TJ) | | | | | |
|---|---|---|---|---|---|---|
| | परम्परागत | पेट्रोलियम | कोइला | जलविद्युत | नवीकरणीय स्रोत | जम्मा |
| ऊर्जा खपत | ३४००४० | १०३३६८ | ३४०१६ | ३८४९५ | १६४९९ | ५३२४१८ |
| प्रतिशत | ६३.८६ | १९.४२ | ६.३८ | ७.२४ | ३.१० | १०० |

उपलब्ध ऊर्जाको खपत विवरण अनुसार विद्युत ऊर्जा ३८ हजार ४९५ टेराजुल मध्ये विद्युत तर्फको अन्तिम खपत स्थिति निम्न बमोजिम देखिएको छ।

| विवरण | आवासीय | औद्योगिक | व्यावसायिक | कृषि | यातायात | निर्माण/खानी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| विद्युत खपत | १६१३९ | १२८७४ | २६५३ | ११३४ | २५ | ५६७० | ३८४९५ |
| प्रतिशत | ४१.९३ | ३३.४ | ६.८९ | २.९६ | ०.०७ | १४.७४ | १०० |

उक्त तालिकानुसार नेपालमा जलविद्युत ऊर्जाको योगदान ७.२४ प्रतिशत रहेकोमा १६ हजार १३९ टेराजुल ऊर्जा खपत आवासीय प्रयोजनमा खपत भएको उक्त प्रतिवेदनले देखाएको छ। नेपालको ऊर्जा सन्तुलनमा व्यावसायिक इन्धन आयात घटाउन नसकिएकोले ऊर्जा सन्तुलनमा विद्युतको भूमिका प्रभावकारी देखिएको छैन। दिगो र सुरक्षित ऊर्जा प्रणालीका लागि परम्परागत स्रोतबाट हुने ऊर्जा उपयोगबाट नवीकरणीय ऊर्जा उपयोगमा परिवर्तनका लागि उपयुक्त पूर्वाधार विकास गरी ऊर्जा सन्तुलनमा विद्युतको उपयोग अभिवृद्धि गराउनु पर्दछ।

१३. **ग्रीन हाइड्रोजन उत्पादन -** राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ मा जलस्रोतको बहुउपयोग र न्यून कार्बन ऊर्जाको उत्पादनलाई प्रवर्धन गर्दै ऊर्जा सुरक्षाको सुनिश्चितता गर्ने उल्लेख छ। त्यस्तै राष्ट्रिय वातावरण नीति, २०७६ को खण्ड-ख को ८.१ मा यातायात क्षेत्रको स्वच्छ इन्धनको रुपमा हाइड्रोजनलाई प्रवर्धन गर्ने उल्लेख छ। हाइड्रोजनको उत्पादन, उपयोग र व्यवस्थापनका लागि उपयुक्त नीति, ऐन, कानुन नहुँदा नीतिहरूमा उल्लिखित व्यवस्थाको कार्यान्वयन हुन नसकेको अवस्थालाई मध्यनजर गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ग्रीन हाइड्रोजन नीति, २०८० स्वीकृत गरेको छ। हाइड्रोजन उत्पादन, भण्डारण तथा उपयोगको लागि सङ्घ, प्रदेश र स्थानीय तहहरुमा आवश्यक संरचना, स्रोत व्यवस्थापन र समन्वय गरी नीतिअनुरूप हाइड्रोजन उत्पादनमा विद्युतको उपयोग सुनिश्चित गर्नुपर्दछ।

१४. **जलविद्युत गुरुयोजना –** पन्ध्रौँ आवधिक योजनाले ऊर्जा विकास र ऊर्जा खपत वृद्धि सहितको विद्युत वितरण गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने कार्यनीति अवलम्ब गरेको देखियो। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले २०६५ मा १० वर्षीय जलविद्युत विकास योजना तयार गरेकोमा पुन: मन्त्रिपरिषद्को २०६६।०२।१० को निर्णयानुसार २० वर्षीय जलविद्युत विकास योजना तर्जुमा सम्बन्धी प्रतिवेदन तयार गरेको देखियो। उक्त प्रतिवेदनमा ५,१०,१५ र २० वर्षभित्र सम्पन्न गरिने आयोजना तथा माग र आपूर्ति व्यवस्थापन सम्बन्धमा उल्लेख भए तापनि कार्यान्वयन नभई उपभोक्ताहरु व्यापक लोडसेडिङ्गको मारमा परेको अवस्था थियो। मन्त्रालयले इलेक्ट्रिसिटी डिमाण्ड फोरकास्ट, २०१४ जारी गरी २०४० सम्मको विद्युत व्यवस्थापन सम्बन्धी दस्तावेजसम्म तयार गरेको देखियो। हाल बझाङ्गको सुनीकोटको थ्री डी, जारामी तातोपानीको थ्री सी र दाङ्गको तप्तकुण्डको थ्री बी गुरुयोजना निर्माण गरी सार्वजनिकीकरण गरेको छ। त्यस्तै राष्ट्रिय प्रसारण ग्रीड कम्पनीले ट्रान्समिशन सिस्टम डेभलपमेन्ट प्लान नेपाल, २०१८ जारी गरेको छ । सो अनुसार लगानी व्यवस्थापन लगायतमा समस्याले प्रसारण लाइन निर्माण हुन नसकेकोमा पर्याप्त समीक्षा नगरी हाल (२०८१) संशोधन सहितको अर्को गुरुयोजना स्वीकृतिका लागि पेस गरेको देखिएको छ।

स्पष्ट योजना एवं प्रभावकारी कार्यान्वयन नहुँदा विद्युत उत्पादन सुरु हुने क्षेत्रमा प्रसारण लाइन अभाव भएको, प्रसारण लाइन तयार भएको आयोजनाको उत्पादनमा ढिलाइ भएको, जलशाययुक्त आयोजना भन्दा नदी प्रवाहित योजनामा लगानी भएको, साना आयोजनामा लगानी हुँदा आयोजना र लगानी संख्याको आधारमा उत्पादन न्यून देखिएको, माग र आपूर्ति मिलान नभएको लगायतका अवस्था देखिएको छ। मुलुकमा विद्युतको माग र आपूर्ति अनुसार लगानीयोग्य आयोजना प्राथमिकीकरण गर्ने, जलविद्युत उत्पादन र प्रसारण लाइनहरुको समन्वयात्मक एवं समानान्तर निर्माण, स्वदेशी तथा वैदेशिक लगानीमा बन्ने तथा नेपाल सरकार आफैले सञ्चालन गर्ने आयोजना छनोट आधार यकिन गर्ने लगायत अल्पकालीन योजना निर्माण गरेरमात्र दीर्घकालीन योजना तयार गर्ने तथा स्वीकृत गुरुयोजना अनुसार वार्षिक नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्नपर्दछ।

१५. **नदी बेसिन गुरुयोजना** - राष्ट्रिय जलस्रोत नीति, २०७७ को रणनीतिमा नदी बेसिन गुरुयोजनाको आधारमा जलस्रोतको उपयोग तथा व्यवस्थापन गरिने उल्लेख छ। उक्त रणनीतिका कार्यनीति नं. ३ मा नदी बेसिनहरूमा जलविद्युत, सिँचाइ, खानेपानी, उद्योग, पर्यटन, मत्स्यपालन जलयातायात जस्ता जलस्रोत उपयोगका लागि निर्माण भइसकेका र भविष्यमा निर्माण हुने योजनाहरूमा नदी बेसिन योजना तथा जलस्रोत सम्बन्धी क्षेत्रगत गुरुयोजना अनुसार निर्माण एवं व्यवस्थापन गरिने उल्लेख छ। प्रत्येक १० वर्षमा अद्यावधिक हुनेगरी सबै नदी बेसिनमा जलस्रोतको प्रभावकारी संरक्षण, नियमन एवं नियन्त्रणका लागि नदी बेसिन गुरुयोजना तयार गरी लागु गरिने व्यवस्था भएकोमा नदीहरुको बेसिन गुरुयोजना तयारी तथा स्वीकृत भएको देखिएन।

जलस्रोतको उपयोग सन्दर्भमा उपयुक्त योजना/गुरुयोजना नभएबाट भोटेकोशी जलविद्युत १, २, ३, सुनकोशी १, २, ३, अपर तामाकोशी १, २, ३, जस्ता एकल नदीमा आश्रित जलविद्युत आयोजनाहरुमा कुनै प्राकृतिक विपदजन्य जोखिम भएमा उत्पादित ठूला आयोजना एकैपटक प्रभावित भई विद्युत आपूर्तिमा समस्या आउन सक्ने जोखिम विश्लेषण भएको छैन। त्यस्तै सुपर त्रिशुली जलविद्युत आयोजना (१०० मेगावाट) को विवादमा नुवाकोटको देवीघाटबाट चितवनको देवघाटसम्म, त्रिशुली नदीको क्षेत्र र नारायणी नदीको देवघाटबाट त्रिवेणी-नवलपरासी-बर्दघाट सुस्ता पूर्वसम्मको नदी क्षेत्रलाई सम्पदा नदी घोषणा गर्नुपर्ने, उक्त आयोजनाले र्‍याफ्टिङ व्यवसाय सङ्कटमा परी होटल व्यवसाय, जलयात्रा र पर्यटन सम्बन्धित विभिन्न कम्पनीमा काम गर्ने ३५ सय र अन्य १० हजार व्यक्तिको पेसा सङ्कटमा पर्ने जस्ता गुनासा फिस्लिङ गाउँपालिकामा भएको सार्वजनिक सुनुवाइमा सरकारवालाले व्यक्त गरेको अवस्था छ। जलस्रोत उपयोगको उपयुक्त योजना नहुँदा केन्द्रीय प्रसारण लाइनको विस्तारसँगै २०५५ साल अगाडि सञ्चालनमा रहेका पर्वत जिल्लाका सरौँखोला, हुवास, अगुवा, गेडी, भर्ले लगायत ११ लघु जलविद्युत आयोजना बन्द हुँदा १५६.५ किलोवाट विद्युत उत्पादन गर्न लगानी भएको रु.२ करोड २५ लाख प्रयोगविहीन भएको अवस्था छ।

जलविद्युत आयोजना सञ्चालनका लागि राष्ट्रिय जलस्रोत नीति अनुसार सम्बन्धित क्षेत्रगत नीतिहरूमा परिमार्जनमार्फत जलस्रोतको उच्चतम उपयोग गरी जलविद्युतको विकास तथा उपयोग र त्यसबाट आर्थिक, सामाजिक तथा जलीय जैविक विविधतामा परेको प्रभावहरू समेतलाई सम्बोधन गरी नदीहरूको पानी उपयोगको लगत (Accounting) जल बाँडफाँड प्रणाली (Water allocation System) एवं अनुपालन प्रणाली (Auditing) समेतको नदी बेसिन गुरुयोजना बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ। यस सम्बन्धमा हाल जल तथा ऊर्जा आयोगले १० वटा नदीहरुमा आधारित नदी बेसिन योजना तयार गरेको विद्युत विकास विभागले जनाए पनि लेखापरीक्षणको क्रममा पेश हुन आएन ।

१६. **नीतिगत तथा कानुनी व्यवस्था -** विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण तथा वितरणलाई नियमित गरी विद्युत शक्तिको विकास गर्न र विद्युत सेवालाई स्तरीय एवं सुरक्षित बनाउन विद्युत ऐन, २०४९ जारी भएको छ। उक्त ऐनले एक मेगावाटसम्मका आयोजना सञ्चालन गर्ने प्रवर्धकहरूलाई नसमेट्दा विद्युत उत्पादनको तथ्याङ्कमा समावेश नहुनका साथै राज्यलाई प्राप्त हुने सलामी दस्तुर समेत प्राप्त भएको छैन। आयोजनाहरूको समयावधि आधार स्पष्ट नहुँदा साना आयोजनाहरूको लागि अनावश्यक समय दिनुपरेको र ठूला आयोजनाका लागि समय अभाव भएको, सर्वेक्षण अनुमतिपत्रको म्याद थप गर्ने प्रावधान अव्यावहारिक रहेको, विद्युत निरीक्षक तोक्ने कार्य हालसम्म कार्यान्वयन नभएको, रोयल्टी दस्तुर तथा दण्ड व्यवस्था समय सापेक्ष र प्रभावकारी नभएको लगायतका समस्या विद्यमान ऐनमा देखिएपनि ३ दशक भन्दा बढी अवधिसम्म ऐनको पुनरावलोकन भएको देखिएन।

ग्रामीण विद्युतीकरणको माध्यमबाट ग्रामीण अर्थतन्त्रमा सुधार ल्याउने, उचित मूल्यमा भरपर्दो र गुणस्तरीय विद्युत उत्पादन गरी जलविद्युतलाई निर्यातयोग्य वस्तुको रुपमा विकास गर्ने उद्देश्यका साथ जलविद्युत विकास नीति, २०५८ जारी भए पनि नीतिमा उल्लेखित स्वदेशी लगानीलाई प्रोत्साहित गर्न पुँजी बजारको परिचालन, ग्रामीण विद्युतीकरण कोषको स्थापना, विद्युतीय उपकरण र संरचनाहरूको मर्मत सम्भारको आधार तोक्ने कार्य, प्रविधि हस्तान्तरण, विद्युत क्षेत्रमा उपयोग हुने निर्माण सामग्री एवं संयन्त्रहरूको उत्पादन गर्ने उद्योगको विकास गर्ने, बहुउद्देश्यीय आयोजनाहरूमा लगानी प्राथमिकता गर्ने जस्ता कार्यनीति कार्यान्वयन नभएको अवस्था छ। जलस्रोत क्षेत्रसँग सम्बन्धित निकायहरूबिच प्रभावकारी समन्वय र सहकार्यका लागि एकीकृत नीतिको आवश्यकता पूरा गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले राष्ट्रिय जलस्रोत नीति, २०७७ जारी गरी सोको सि.न./क्र.सं. १४ मा उक्त नीति कार्यान्वयनका लागि आवश्यक क्षेत्रगत नीतिहरू परिमार्जन गर्ने उल्लेख भए पनि सो व्यवस्था अनुकूल नभएका विषयमा समेत नीति परिमार्जन भएको देखिएन।

विगतमा विद्युत उत्पादन, प्रसारण, वितरण र खरिद बिक्री एकै निकायबाट भइरहेकोमा हाल उत्पादन गर्ने, प्रसारण गर्ने (ग्रिड सञ्चालन), वितरण गर्ने निकाय तथा संस्था फरक बनाई सकेको सन्दर्भ समेतमा प्रचलित ऐन तथा नीतिले सम्बोधन हुनसक्ने देखिएन। जलविद्युत सम्बन्धी नीति तथा कानुनहरूमा सामान्जस्यता ल्याई विद्युत ऐन, नियमन आयोग ऐन, नेपाल विद्युत प्राधिकरण ऐन, विद्युत चोरी नियन्त्रण ऐन तथा स्थानीय सरकार सञ्चालन ऐन लगायतलाई एकीकृत एवं समान हुने व्यवस्था गरी खुला बजार प्रतिस्पर्धा, विद्युतको वैदेशिक व्यापार, ऊर्जा मिश्रण, विद्युत सलामी दस्तुर (रोयल्टी) निर्धारण, सङ्कलन तथा दण्ड जरिवाना, विद्युत महसुल एवं ह्विलिङ्ग चार्ज निर्धारणमा पारदर्शिता, विद्युत ऊर्जाको थोक तथा खुद्रा बिक्री व्यवस्था, विद्युतीय सवारी चार्जिङ्ग स्टेसन जस्ता विद्युतसँग सम्बन्धित समकालीन एवं दीर्घकालीन उपयोग सम्बन्धी व्यवस्था समेटिने गरी नीतिगत एवं कानुनी व्यवस्थामा सुधार गर्नुपर्दछ।

१७. **संस्थागत व्यवस्था -** नेपालमा जलविद्युत विकासको लागि नियमक निकायको रुपमा मन्त्रालय, विभाग र आयोग गरी ३ निकाय संलग्न रहेका छन् भने विद्युत उत्पादनका लागि विद्युत प्राधिकरण, लगानी बोर्ड, जलविद्युत विकास कम्पनी (HIDCL) समेत ३ निकायको संलग्नता रहेको देखिन्छ। सो बाहेक नेपालको विद्युतीय ऊर्जा क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको निजी क्षेत्रहरूको छाता संगठन स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) ले समेत विद्युतीय ऊर्जा क्षेत्रको नीति निर्माण, सामूहिक छलफल, राजस्वबाट प्राप्त हुने सहुलियतको उपयोग सम्बन्धमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको देखिन्छ। विद्युत विकासका लागि संस्थागत व्यवस्था गर्दा तोकिएको काम, कर्तव्य र अधिकार एक आपसमा गाभिएको

समेत देखिन्छ। यसबाट नेपाल सरकार संस्थागत रुपमा जलविद्युत विकासका लागि अत्यावश्यक सङ्गठन पहिचानमा चुकेको देखिन्छ भने स्थापना भएका संस्थाहरुले अपेक्षित प्रतिफल दिन सकेको देखिँदैन।यस सम्बन्धमा देखिएका बेहोराहरू निम्न छन् ।

**१७.१. आयोगहरु** - तत्कालीन श्री ५ को सरकारको २०४९।०३।१५ को निर्णयानुसार स्थापना भएको जल तथा ऊर्जा आयोगले जलस्रोतको उपयोग सम्बन्धी नीति तर्जुमा, जल तथा शक्ति विकाससँग सम्बन्धित आवश्यक कानुन निर्माण, सरकार तथा जलस्रोतसँग सम्बन्धित निकायहरूलाई विभिन्न सुझाव दिने काम कर्तव्य उल्लेख गरी जल तथा ऊर्जा आयोग स्थापना गरेको देखियो। जल तथा ऊर्जा आयोग अन्तर्गत ४८ जनाको दरबन्दी सहित मन्त्रालय मातहत रहने गरी एक सचिवालय रहेकोमा १ विशिष्ट श्रेणी र ४ प्रथम श्रेणी सहित २५ जना कर्मचारी कार्यरत रहेको देखियो। साथै विदेशी विकास साझेदार संस्थाबाट एक स्वतन्त्र नियामक निकायको माग भएकोले नेपाल सरकारले विद्युत नियमन आयोग ऐन, २०७४ जारी गरी स्वतन्त्र तथा स्वशासित निकायको रूपमा विद्युत सम्बन्धी कानुन निर्माण, उपभोक्ता हित संरक्षण, नीतिगत सुझाव तथा सिफारिस, जाँचबुझ तथा निरीक्षण लगायत कार्य गर्ने गरी विद्युत नियमन आयोग स्थापना गरेको छ। आयोगतर्फ एघारौं तहका १ र दशौं तहको ३ समेत ३९ कर्मचारी दरबन्दी स्वीकृत भएकोमा आयोग स्थापना भएको पाँच वर्ष व्यतीत हुँदा समेत कर्मचारी पदपूर्ति सम्बन्धी पाठ्यक्रम निर्माण लगायत अन्य व्यवस्था भई नसकेकोले मन्त्रालय, विभागबाट काज तथा सेवा करारमार्फत कार्यालय व्यवस्थापन हुँदै आएको देखियो।

जल तथा ऊर्जा सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन नीति, रणनीतिहरू निर्माण तथा सरकारलाई नीतिगत सुझाव दिने, जलस्रोत विकाससँग सम्बन्धित आवश्यक कानुन तर्जुमा गर्ने लगायत कार्यहरू दुवै आयोगको क्षेत्रधिकारमा पर्ने देखिन्छ। आयोगहरूबाट जलविद्युतका सन्दर्भमा दीर्घकालीन असर देखिने गरी अन्य उल्लेखनीय सुझाव दिएको देखिँदैन। अर्धन्यायिक अधिकार समेतको आयोग गठन भए पनि डेडिकेटेड तथा ट्रङ्क लाइन सम्बन्धी विवाद सिधै अदालतमा गएको अवस्था छ। विद्युत नियमन आयोगमा प्राविधिक जनशक्ति नभएकोले नियमन गर्ने प्रमुख कार्य हुन नसक्दा कार्यसम्पादनका लागि जारी भएको नियामक उपकरणहरूको कार्यान्वयन भएको छैन।

विद्युत क्षेत्र सुधारसम्बन्धी प्रसारण, सञ्चालनमा खुला पहुँचको कार्यान्वयन, विद्युतमा थोक प्रतिस्पर्धा, प्रसारण तथा वितरण (ह्वीलिङ्ग चार्ज) महसुल निर्धारण, विद्युतीय ऊर्जा सुरक्षा, विद्युत उपभोक्ता महसुल निर्धारण, विद्युत खरिद विधि, विद्युतीय कम्पनीको शेयर कारोबार लगायत अत्यन्त प्राविधिक विषयमा निर्णय गर्नुपर्ने काम कर्तव्यहरू भए पनि आयोगको अधिकार हुन सकेको छैन। त्यस्तै जल तथा ऊर्जा आयोगले पछिल्लो पटक सन् २००५ मा राष्ट्रिय जल योजना निर्माण गरे पश्चात् आवधिक तथा वार्षिक योजनामा समावेश गर्ने विषयमा सुझाव दिएकोमा थप प्रगति भएको छैन। नेपाल सरकारले यी दुवै आयोगबाट हुने काम कारबाहीलाई दोहोरो हुन नदिने गरी समन्वय तथा सहजीकरण गर्नु पर्ने देखिन्छ।

**१७.२. विद्युत विकास विभाग** - विद्युत उत्पादनका लागि हुने प्राविधिक, आर्थिक तथा वातावरणीय मूल्याङ्कन गर्ने/गराउने, निजी क्षेत्रबाट निर्माण गरिने आयोजनाहरूको लागि अनुमतिपत्र दिने, सोको अनुगमन, निरीक्षण गर्ने, विद्युत उत्पादन, प्रसारण एवं वितरणमा प्रयोग हुने माल सामानको गुणस्तर निर्धारण गर्ने, विद्युतीय सेवालाई स्तरीय एवं सुरक्षात्मक बनाउने लगायत विद्युत सम्बन्धी समन्वयात्मक भूमिका निर्वाहको लागि विद्युत विकास विभागको स्थापना भएको हो। नेपालको जलविद्युत विकासको लागि

सर्वेक्षण गर्नेदेखि सम्भाव्यता देखिएका आयोजनाको निर्माण अनुमति समेत जारी गर्ने यस विभागबाट प्रदान भएका अनुमति पत्रको कार्यान्वयन अवस्थाको समेत अनुगमन गर्ने जिम्मेवारी रहेको छ। लगानी बोर्ड ऐन, २०६८ को दफा ९(झ) मा २०० मेगावाट भन्दा बढी विद्युत उत्पादन हुने आयोजनाहरूको लगानी बोर्ड नियमावली, २०६९ को नियम १९ बमोजिम लगानी बोर्डबाट समेत अनुमति दिन सक्ने व्यवस्था छ। विभागबाट सर्वेक्षण, उत्पादन, संरचना निर्माणको अनुमति लिई कार्यान्वयनमा रहेका आयोजनाहरुको अनुगमन समेतको जिम्मेवारी तोकिएकोमा वन तथा वातावरण मन्त्रालयबाट वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृतिमा प्रक्रियागत ढिलाइ हुने, उत्पादन, प्रसारण तथा वितरण अनुमति पाएका आयोजनाहरूका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट ट्रान्समिशन लाइनको क्षेत्राधिकार तथा जग्गा प्राप्तिको प्रक्रियामा समय लाग्ने, निर्माण सम्पन्न पश्चात् बिक्री हुने विद्युत खरिद सम्झौता(पिपिए) गर्नका लागि विद्युत प्राधिकरणबाट ढिलाइ हुने जस्ता कारण आयोगले वितरण गरेका अनुमति कार्यान्वयनमा प्रक्रियागत जटिलताहरु रहेको देखिन्छ । त्यस्तै सलामी दस्तुर सङ्कलनमा उपयुक्त कार्यविधि नभएबाट ढिलो दाखिला तथा महसुल भुक्तानी नगरेमा कारबाही सम्बन्धी व्यवस्था नभएको, विद्युत प्राधिकरणबाट साल बसाली हिसाब मिलान हुन नसकेको जस्ता बेहोरा देखिँदा विभागको कार्य सम्पादन प्रभावकारी देखिएको छैन। नीतिगत एवं कानुनी व्यवस्थामा देखिएको समस्या समाधान गर्न सम्बन्धित निकायबाट आवश्यक समन्वय गरी विभागको कार्य प्रभावकारिता वृद्धि गर्नुपर्दछ।

१७.३. **लगानी बोर्ड** - स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षण गरी लगानीमैत्री वातावरण सिर्जना गरी आर्थिक सम्बृद्धि हासिल गर्न लगानी बोर्ड ऐन, २०६८ अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा लगानी बोर्ड सञ्चालनमा रहेको छ।लगानीका विभिन्न क्षेत्रमध्ये जलविद्युतमा लगानी गर्न लगानी बोर्ड ऐन, २०६८ को दफा ९(झ) मा २०० मेगावाट भन्दा बढी विद्युत उत्पादन हुने आयोजनाहरूको लगानी बोर्ड नियमावली, २०६९ को नियम १९ बमोजिम लगानी बोर्डबाट अनुमति दिने व्यवस्था छ। सोही नियमावलीको नियम २४ अनुसार अनुमतिप्राप्त परियोजना कार्यान्वयनको कार्यतालिका बमोजिम परियोजना निर्माण र सञ्चालन भई तोकिएको उपलब्धि सूचक अनुसार भए गरेका प्रगतिको अनुगमन गर्नुपर्ने व्यवस्था समेत लागनी बोर्डलाई तोकिएको छ। लगानी बोर्डमा सम्झौता भई कार्यान्वयनमा गएका माथिल्लो कर्णाली जलविद्युत आयोजना (९००मेगावाट) सन् २०२२/२३ मा व्यावसायिक सञ्चालन हुनुपर्नेमा निर्माणधीन अवस्थामा नै रहेको छ। मुजफ्फरपुर ट्रान्समिशन लाइनबाट भारतमा जोडेर वैदेशिक व्यापार गर्ने उद्देश्यले स्थापित अरुण तेस्रो जलविद्युत आयोजना (९००मेगावाट), तल्लो अरुण जलविद्युत आयोजना (६७९मेगावाट) हाल निर्माणाधीन अवस्थामा छन् भने अपर मर्स्याङ्दी-२ (३२७ मेगावाट), तमोर जलविद्युत आयोजना (७५६मेगावाट), पश्चिम सेती जलविद्युत आयोजना (७५० मेगावाट) सर्वेक्षण तथा अध्ययनको क्रममा रहेका छन्। लगानी प्रोत्साहन गरी जलविद्युत क्षेत्रमा लगानी गर्ने व्यावसायिक वातावरणलाई थप प्रभावकारी बनाई लगानी बोर्डको प्रभावकारिता अधिवृद्धि गर्नुपर्दछ।

१७.४. **कम्पनी स्थापना तथा सञ्चालन** - विद्युत ऐन, २०४९ को दफा ३४ अनुसार नेपाल सरकार आफैँले विद्युतको उत्पादन तथा विकास गर्न सक्ने व्यवस्था छ। नेपाल विद्युत प्राधिकरणको उत्पादन, प्रसारण र वितरण कार्यलाई छुट्याई उत्पादन र प्रसारणको लागि छुट्टै निकाय रहने गरी नेपाल सरकारले कम्पनी मोडेलमा जलविद्युत क्षेत्रमा लगानी गर्न कम्पनी ऐन अनुसार अर्थ, रक्षा, गृह समेत ८ मन्त्रालयको ५२ प्रतिशत र नेपाल विद्युत प्राधिकरणको ४८ प्रतिशत लगानी रहने गरी रु.२५ अर्बको राष्ट्रिय प्रसारण ग्रिड कम्पनी स्थापना गरेको छ। ग्रिड कम्पनी फुकोट-कार्मदिव, पश्चिम सेती-दोधारा, तमोर-ढुंगेसाघु लगायत ८ वटा प्रसारण लाइनको काममा संलग्न भए पनि हाल ३ वटामात्र प्रसारण लाइन निर्माण

कार्यको सुरुवात भएको देखिन्छ। कम्पनीको जारी पुंजी रु.१० अर्ब कायम भए पनि नेपाल सरकारको विभिन्न मन्त्रालयको शेयर खरिद शीर्षकमा प्राप्त रु.४ अर्ब २६ करोड ६८ लाख र नेपाल विद्युत प्राधिकरणको रु.५ करोड समेत जम्मा रु.४ अर्ब ३१ करोड ६८ लाख चुक्तापुँजी नै कम्पनीको मुख्य स्रोत रहेको देखियो।

कम्पनीको विवरण अनुसार विस्तृत इन्जिनियरिङ्ग र वातावरणीय अध्ययन भएका आयोजना सञ्चालन गर्न आगामी पाँच वर्षको लागि करिब रु.७० अर्ब थप रकम आवश्यक पर्ने उल्लेख छ। प्रसारण लाइन सम्पन्न गरी विद्युत प्रसारण पश्चात्को ह्विलिङ्ग चार्ज रकमबाट आम्दानी गर्ने उद्देश्यले स्थापित कम्पनीले शेयर वापतको रकम मुद्दती खातामा राखी प्राप्त ब्याजबाट सञ्चालन खर्च गर्दै आएको देखियो। हाल उक्त मुद्दती रकम आयोजनाहरूमा लगानी गर्दा निक्षेप शून्य भएकोले कम्पनीको सञ्चालन खर्चमा नै समस्या हुने देखिएको छ। आयोजनाहरूको निर्माण कार्य बढ्दै जाँदा लगानी भार समेत बढ्दै जाने अवस्थामा नेपाल सरकारले शेयर लगानी रकम घटाउँदै लागेको अवस्था छ। आर्थिक वर्ष २०७९।८० मा रु.६० करोड ८० लाख विनियोजन भए पनि निकासा नभएको, आर्थिक वर्ष २०८०।८१ मा रु.४० करोड ८० लाख विनियोजन भएकोमा रु.२७ करोड ६८ लाख मात्र निकासा भएको छ। कम्पनीको आगामी बजेट प्रक्षेपण र सरकारको शेयर लगानीबिच ताल नभएको अवस्था देखिँदा कम्पनीको लक्ष्य पूरा हुने देखिँदैन।

त्यस्तै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत प्राधिकरण र सर्वसाधारणको शेयर समेत १२ निकायको रु.२० अर्ब पुँजी भएको विद्युत उत्पादन कम्पनीको स्थापना गरेको देखियो। कम्पनीले मुगु कर्णाली जलशाययुक्त जलविद्युत आयोजना (१९०२ मेगावाट) र दुल्लु मालिका सहरी योजना (१५मेगावाट) को सम्भाव्यता अध्ययन गरिरहेको तथा फुकोट कर्णाली अर्धजलशाययुक्त जलविद्युत आयोजना (४८०मेगावाट), किमाङ्गथाङका जलविद्युत आयोजना (४५४ मेगावाट) को निर्माण पूर्वका कार्य सम्पन्न गरी लगानी सुनिश्चितता गर्ने, आयोजना निर्माणको सुरुवाती चुनौती निराकरण गर्ने कार्य गरी रहेको अवस्था छ। कम्पनीको अधिकृत पुँजी रु.२० अर्ब मध्ये रु.१० अर्बको पुँजी जारी गरेकोमा रु.४ अर्ब २८ करोड ९८ लाख मात्र चुक्ता पुँजी रहेको देखियो।उक्त शेयर पुँजीबाट प्राप्त रकम कम्पनीले नलगाड, जगदुल्ला, रेमिट, सिम्बुवा र वेतन कर्णाली गरी ५ उत्पादक कम्पनी, एक परामर्शदाता कम्पनी र एक पावर ट्रेडिङ्ग कम्पनीमा शेयर लगानी गरेको देखियो। विद्युत प्राधिकरण र अन्य निजी उत्पादक कम्पनीले जस्तै लगानीकर्ताबिचको सम्झौता विवाद भई सर्वोच्च अदालतबाट निर्देशात्मक आदेश जारी भएको, वातावरणीय अध्ययन प्रतिवेदन दुई वर्षभन्दा बढी समयदेखि वन तथा वातावरण मन्त्रालयमा रोकिएको तथा लगानी भएको सहायक कम्पनीहरूले समेत वातावरणीय प्रभाव मूल्याङ्कन, रुख कटान, संरक्षण क्षेत्रमा परेको(गुन्सा खोला जलविद्युत आयोजना) जस्ता निजी क्षेत्रको जस्तै समान समस्या सामना गरिरहँदा कम्पनीले विद्युत उत्पादनको जिम्मेवारी पूरा गर्न सकेको छैन।

यसै गरी नेपाल सरकारले २०६८।०३।२७ मा रु.५० अर्बको अधिकृत पुँजी भएको हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डिभलपमेन्ट कम्पनी (HIDCL) स्थापना गरी हालसम्म २ हजार ८२७ मेगावाट क्षमताका २५ जलविद्युत आयोजना, २५ मेगावाटका दुईवटा सौर्य आयोजना र ४०० केभी क्रस बोर्डर प्रसारण आयोजना र अन्य ३ सहायक कम्पनीमा गरी रु.१३ अर्ब ८५ करोड लगानी भइसकेको अवस्थामा जलविद्युत सम्बन्धित कार्यलाई विशिष्टीकरण गर्न थप दुई कम्पनी स्थापना भएको देखिन्छ। तीनवटै कम्पनीको कार्यसम्पादन स्थिति विश्लेषण गर्दा कम्पनीहरूले नेपाल सरकारमाथि नै दायित्व बढाएको देखिन्छ। नीतिगत एवं कानुनी समस्याहरु समाधान नगरी संस्था स्थापना गर्ने तर

आवश्यक स्रोत व्यवस्थापन लगायत समस्या समाधानहरूमा ध्यान नदिनाले कम्पनीहरुको भूमिका प्रभावकारी देखिएको छैन। निश्चित उद्देश्य अनुसार कम्पनीहरु सञ्चालन नहुँदा नेपाल सरकारलाई थप व्ययभार परेको देखिएकोले यथोचित स्रोत व्यवस्थापन गरी कम्पनी सञ्चालन सम्बन्धमा आवश्यक निर्णय गर्नु पर्दछ।

१८. **विश्व ऊर्जा त्रिविधा सूचङ्काक (The World Energy Trilemma Index):** विश्व ऊर्जा परिषद्द्वारा ऊर्जा सुरक्षाले आपूर्तिमा अवरोध र प्रणालीगत झट्का जस्ता जोखिमहरू व्यवस्थापन गर्दै, हाल र भविष्यको ऊर्जा मागलाई भरपर्दो रूपमा पूरा गर्ने क्षमता, ऊर्जाको पहुँच र वहनयोग्यताको अवस्था र पर्यावरणीय स्थिरताले स्वच्छ ऊर्जा स्रोतहरूको उपयोगमा रूपान्तरण र कार्बन उत्सर्जन तथा वातावरणीय प्रभावलाई न्यूनतम गर्ने प्रयास गरी ३ वटा सूचकाङ्कका आधारमा वार्षिक रूपमा मूल्याङ्कन र तुलनात्मक मापन गरी विश्व ऊर्जा त्रिविधा सूचकाङ्क प्रकाशित गर्दछ। उक्त सूचङ्काकले प्रत्येक देशहरुको श्रेणी, ग्रेड र तीनवटा आयामहरुमा प्राप्ताङ्क अङ्कलाई सार्वजनिक गर्दछ। सन् २०२३ को विश्व ऊर्जा त्रिविधा सूचकाङ्कमा समग्र प्राप्ताङ्क (स्कोर) ४०.५ र १०८ देशहरुमध्ये नेपाल ९१औं स्थानमा रहेको छ। नेपालले ऊर्जा सुरक्षामा ३२.७, ऊर्जा समानतामा ३०.९ र वातावरणीय दिगोपनमा ५७.२ अङ्क हासिल गरी डीडीडी (DDD) ग्रेड प्राप्त गरेको छ। सूचङ्काकको मूल्याङ्कनले विद्युत आयातमा रहेको निर्भरता, सीमित घरेलु ऊर्जा भण्डारण क्षमता, र आपूर्ति अवरोधप्रति संवेदनशील हुँदै नेपालले ऊर्जा पूर्वाधारमा लगानी, ऊर्जा स्रोतहरूको विविधीकरण, र ग्रिडको विश्वसनीयता सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ।

यसै गरी ऊर्जा समानता तथ्याङ्कले अस्थिर मौसमी विद्युत आपूर्ति र उच्च इन्धन मूल्यमा नेपालले सुधार गर्नुपर्ने देखिएको छ। यसका लागि ग्रामीण विद्युतीकरण विस्तार, मूल्य निर्धारण प्रणालीमा सुधार र ऊर्जा स्रोतहरूको समान पहुँच सुनिश्चित गर्नु पर्ने देखिन्छ। नेपाल जलविद्युतमा निर्भर रहेकोले न्यून कार्बन उत्सर्जन मार्फत पर्यावरणीय स्थिरतामा तुलनात्मक रूपमा सुधार देखिएपनि ऊर्जा दक्षता र सौर्य तथा वायु जस्ता अन्य नवीकरणीय स्रोतहरूको एकीकरणमा सुधारको आवश्यकता रहेको देखाउँछ। उक्त ग्रेडले ऊर्जा क्षेत्रलाई सुदृढ गरी समृद्ध आर्थिक वृद्धि, औद्योगीकरण र समग्र विकासको लागि ऊर्जा सुरक्षा, समानता र स्थिरता सन्तुलनमा सुधारको आवश्यकता देखाएको छ। प्राप्ताङ्क र स्थान सुधार गर्नका लागि जलविद्युत विस्तार, ऊर्जा भण्डारण, ग्रिड आधुनिकीकरण र वैकल्पिक ऊर्जा मिश्रणमा सुधार गरी नागरिकहरूको लागि किफायती ऊर्जामा पहुँच सुनिश्चित गर्नुपर्छ।

१९. **विद्युत सर्वेक्षण तथा उत्पादन अनुमतिपत्र**- विद्युत ऐन, २०४९ को दफा ३ मा विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण तथा वितरणको अनुमतिपत्र लिनुपर्ने व्यवस्था छ। अनुमतिका लागि दर्ता भएका दरखास्त उपर विद्युत विकास विभागले आवश्यक जाँचबुझ गरेर अनुमतिपत्र दिने गरेको छ। विद्युत विकास विभागले उपलब्ध गराएको विद्युत आयोजनाहरुको सर्वेक्षण, उत्पादन, सर्वे एवं उत्पादनको लागि परेको र जारी भएको अनुपतिपत्रको विवरण देहाय बमोजिम रहेको छ।

| विवरण | | सर्वेक्षण अनुमतिपत्रको प्रकार | | | | उत्पादन अनुमतिपत्रको प्रकार | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जलविद्युत | सोलार | अन्य | जम्मा | जलविद्युत | सोलार | अन्य | जम्मा |
| दरखास्त | संख्या | ९५ | २७ | - | १२२ | ७६ | ९ | - | ८५ |
| | मे.वा. | ३२६९.१ | ७२० | | ३९८९.१ | ११२१६.८ | ४९.६ | | ११२६६.४ |
| अनुमति | संख्या | ९३ | ३४ | २ | १२९ | २५८ | ९ | १ | २६८ |
| | मे.वा. | ८१०५.३ | ७१६.४ | २० | ८८४१.७ | १०१३६.४ | ७७ | ३ | १०२१६.४ |

विद्युत विकास विभागले १०० मेगावाट सम्मको विद्युत आयोजनाहरुको उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी गर्ने एवं नवीकरण गर्ने व्यवस्था छ भने १०० मेगावाट भन्दा माथिको आयोजनाहरुको

सर्वेक्षण अनुमतिपत्रको दरखास्त जाँचबुझ गरी अनुमतिपत्र जारी गर्न वा नवीकरण गर्न मन्त्रालयलाई सिफारिस गर्ने प्रावधान रहेको छ। त्यस्तै २०० मेगावाट भन्दा माथिका आयोजनाहरु लगानी बोर्डबाट समेत अनुमति दिने व्यवस्था भएकोले उक्त आयोजनाहरु उल्लेखित तथ्याङ्कमा समावेश छैन। तालिका अनुसार विद्युत विकास विभागमा परेका दरखास्त अनुसार अनुमति दिन कार्य नियमित देखिएको भएता पनि अनुमति पश्चात्को विभिन्न समस्याहरु उल्लेख गरी सर्वेक्षण तथा उत्पादन कार्य समयमा सम्पन्न हुन सकेको देखिंदैन। जलविद्युत बजार (माग, आपूर्ति र खपत) विश्लेषणका आधारमा रुपान्तरणकारी, बहुउद्देश्यीय, लगानीमैत्री आयोजना छनोटका लागि प्रवर्द्धकहरुलाई प्रोत्साहन गरी अनुमति दिने कार्यमा सुधार गर्नुका साथै अनुमति दिएका आयोजनाहरुको अनुगमन, मूल्याङ्कन र अन्तर निकाय समन्वय गरी वितरित अनुमतिहरुको कार्य प्रभावकारिता बढाउनु पर्दछ।

२०. **आयोजना अध्ययन-** विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा १९ र २० मा आयोजना बैंकमा रहेका आयोजनाको विकास निर्माण गर्ने उल्लेख छ। नेपाल सरकारको आफ्नै खर्च वा नेपाल सरकारको स्वामित्वमा रहेका, निजी प्रवर्द्धकहरूबाट सर्वेक्षण अनुमति प्राप्त गरी अनुमति रद्ध भएका, उत्पादन अनुमति रद्ध भएका, नेपाल सरकारबाट अध्ययन भइरहेका जलविद्युत आयोजनाहरु बैंकमा रहने व्यवस्था छ। नेपाल सरकारको आफ्नै खर्च वा नेपाल सरकारको स्वामित्वमा रहेका संस्थाबाट वा विदेशी सहयोगमा संभाव्यता अध्ययन भएका आयोजनाको हकमा अध्ययन बापत पाँच मेगावाटसम्मका आयोजनाको लागि न्यूनतम रु.५० लाख र सोभन्दा बढी क्षमताका आयोजनाको लागि प्रति मेगावाट रु.१० लाखका दरले हुन आउने रकम लिई विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्रदान गर्न सकिने उल्लेख छ। निर्माणको हकमा संरचना निर्माण लागत वापत रकम लिई अनुमति प्रदान गर्ने व्यवस्था छ। विद्युत विकास विभागबाट प्राप्त विवरण अनुसार विभाग अन्तर्गत रहेका निजी प्रवर्द्धकहरूको सर्वेक्षण अनुमति पत्र खारेज भएका तथा विभागले आफ्नै लगानीमा सर्वेक्षण अध्ययन सम्पन्न गरी आयोजना बैंकमा रहेका आयोजनाहरूको संख्या र उत्पादन क्षमता निम्नअनुसार रहेको देखिन्छ ।

| क्रसं. | आयोजनाको नाम | प्रकार | जिल्ला | जडित क्षमता |
|---|---|---|---|---|
| १. | अरुण -४ ज.वि.आ. | नदी प्रवाहमा आधारित | सङ्खुवासभा | ४९०.२ |
| २. | बेनी-कालिगण्डकी ज.वि.आ. | नदी प्रवाहमा आधारित | पर्वत | ५०.५३ |
| ३. | भेरी खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | जुम्ला | ४.१ |
| ४. | बुढिगंगा ज.वि.आ. | अर्धजलाशययूक्त | अछाम | २० |
| ५. | डोटिगाड ज.वि.आ. | नदी प्रवाहमा आधारित | डोटी | २.५२ |
| ६. | दुधकोशी-४ ज.वि.आ. | नदी प्रवाहमा आधारित | सोलुखुम्बु | ४७ |
| ७. | दुधकोशी-५ ज.वि.आ. | नदी प्रवाहमा आधारित | सोलुखुम्बु | ११० |
| ८. | हुम्ला कर्णाली ज.वि.आ. | अर्धजलाशययूक्त | हुम्ला | ६१.०२ |
| ९. | इखुवा ज.वि.आ. | नदी प्रवाहमा आधारित | सङ्खुवासभा | ३० |
| १०. | इंखु ज.वि.आ. | नदी प्रवाहमा आधारित | सोलुखुम्बु | २१.४ |
| ११. | जावा खोला ज.वि.आ | नदी प्रवाहमा आधारित | जुम्ला | १५.२५ |
| १२. | कन्काई बहुउद्देशीय आयोजना | जलाशययुक्त | झापा | ६० |
| १३. | कवाडी खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | हुम्ला | ३० |
| १४. | खरे खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | दोलखा | १४.४७ |
| १५. | लोती कर्णाली (डरमा) ज.वि.आ. | अर्धजलाशययूक्त | हुम्ला | ४९.५ |
| १६. | लोवर अप्सुवा खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | सङ्खुवासभा | ४५ |
| १७. | लोवर अरुण ज.वि.आ. | अर्धजलाशययूक्त | सङ्खुवासभा | ४७४.२५ |
| १८. | लोवर चमेलिया ज.वि.आ. | नदी प्रवाहमा आधारित | दार्चुला | २० |
| १९. | लोवर चेपे ज.वि.आ. | नदी प्रवाहमा आधारित | लमजुङ | ८.७४ |
| २०. | लोवर होंगु ज.वि.आ. | नदी प्रवाहमा आधारित | सोलुखुम्बु | ३०.२ |
| २१. | लोवर सोलु खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | सोलुखुम्बु | ४० |

| | | | | |
|---|---|---|---|---|
| २२. | लुङ्ग्री खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | रोल्पा | ६ |
| २३. | मादी खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | रोल्पा | १२.९८ |
| २४. | मैवा खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | ताप्लेजुङ | १२.५ |
| २५. | माया खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | सङ्खुवासभा | ५ |
| २६. | मेवा खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | ताप्लेजुङ | १० |
| २७. | म्याग्दी खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | म्याग्दी | १५.२ |
| २८. | नौमुरे जलाशयुक्त ज.वि.आ. | जलाशययुक्त | अर्घाखाँची | २८१.०४ |
| २९. | न्याउरीगाड ज.वि.आ. | नदी प्रवाहमा आधारित | जुम्ला | ४.०१ |
| ३०. | पिखुवा खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | भोजपुर | ६.११ |
| ३१. | रुपागाड ज.वि.आ. | नदी प्रवाहमा आधारित | डोल्पा | ८.६३ |
| ३२. | संखुवा-१ ज.वि.आ. | नदी प्रवाहमा आधारित | सङ्खुवासभा | ४०.८२ |
| ३३. | संखुवा खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | सङ्खुवासभा | ४१.०६ |
| ३४. | शारदा बबई ज.वि.आ. | नदी प्रवाहमा आधारित | सल्यान | ९३ |
| ३५. | सरु खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | सल्यान | १२.३ |
| ३६. | सेती खोला-६ ज.वि.आ. | जलाशययुक्त | डोटी | ३०९ |
| ३७. | सिंगटी खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | दोलखा | २५ |
| ३८. | सिवा खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | ताप्लेजुङ | २६.८६ |
| ३९. | सोलु खोला ज.वि.आ. | नदी प्रवाहमा आधारित | सोलुखुम्बु | १५.२५ |
| ४०. | अपर झिमरुक ज.वि.आ | जलाशययुक्त | प्यूठान | ९७.७ |
| ४१. | सुनकोशी-३ ज.वि.आ. | जलाशययुक्त | सिन्धुली | ९७८ |
| ४२. | सुनकोशी-२ ज.वि.आ. | जलाशययुक्त | काभ्रेपलाञ्चोक | ६८३ |
| ४३. | अपर चमेलिया ज.वि.आ. | नदी प्रवाहमा आधारित | दार्चुला | ५३८५. |
| ४४. | जुगाडा बूढीगंगा ज.वि.आ. | नदी प्रवाहमा आधारित | बाजुरा | १५४३. |
| ४५. | भेरी बबई डाइभर्जन आ. | नदी प्रवाहमा आधारित | सुर्खेत | ४८ |
| ४६. | बूढीगण्डकी जलाशययुक्त ज.वि.आ. | जलाशययुक्त | धादिङ्ग, गोर्खा | १२०० |
| **कुल जम्मा** | | **नदी प्रवाहमा आधारित** | | **१४११.४** |
| | | **अर्धजलाशययुक्त** | | **६०४.७७** |
| | | **जलाशययुक्त** | | **३६०८.७** |

माथिको तालिकामा उल्लेख भएअनुसार नेपाल सरकारको बजेट खर्च गरी सम्भाव्य देखिएका जलविद्युत आयोजनाहरु आयोजना बैंकमा राखेकोमा सोको कार्यान्वयन अगाडि बढाउन सकेको छैन। आयोजना बैंकमा राखिएका आयोजनाहरु कार्यान्वयनमा सरोकारवालाहरुको ध्यान जानु जरुरी छ।

**२०.१.** विभागबाट विभिन्न आर्थिक वर्षहरुमा नेपाल सरकारको आयोजना बैंकमा समावेश भएका १०० मेगावाट भन्दा माथिका जलविद्युत आयोजना देहायअनुसार रहेका छन्:

| क्र.सं | नाम | प्रकार | जडित क्षमता (मे.वा.) | जिल्ला | प्रगति | |
|---|---|---|---|---|---|---|
| | | | | | सम्भाव्यता अध्ययन | वातावरणीय अध्ययन |
| १. | खिम्ती ठोसे शिवालय ज.वि.आ. | जलाशययुक्त | १२१६ | रामेछाप र दोलखा | आइडीआर स्वीकृत | एसडी/टीओआर वातावरण मन्त्रालयमा पेस, वातावरण अध्ययन सहमति प्राप्त नभएको |
| २. | कालीगण्डकी वहुउद्देश्यीय आ. | जलाशययुक्त | ६२० | पर्वत, र गुल्मी | आइडीआर स्वीकृत | एसडी/टीओआर स्वीकृत भएको, सार्वजनिक सुनुवाई सम्पन्न । |
| ३. | बुरबांग(भार्भुग जलाशययुक्त आ.) | जलाशययुक्त | ३३७ | डोल्पा | आइडीआर स्वीकृत | एसडी/टीओआर स्वीकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | कालीगण्डकी २- जलाशययुक्त आ. | जलाशययुक्त | ६५० | नवलपरासी पाल्पा, तनहुँ र स्याङ्गजा | आइडीआर स्वीकृत | एसडी/टीओआर वातावरण मन्त्रालयमा पेस |
| ५. | हुम्लाकर्णाली क्यास्केड ज.वि.आ | अर्धजलाशय युक्त | ६७५ | हुम्ला | आइडीआर स्वीकृत | एसडी/टीओआर वातावरण मन्त्रालयमा पेस |
| ६. | लोवर बडिगाड ज.वि. आ. | जलाशययुक्त | ३६२ | गुल्मी | फाइनल फिल्ड रिपोर्ट स्वीकृत | एसडी/टीओआर वातावरण मन्त्रालयमा पेस |
| ७. | मादी सिती जलाशययुक्त आ. | जलाशययुक्त | १२८ | लमजुङ र कास्की | फाइनल फिल्ड रिपोर्ट स्वीकृत | एसडी/टीओआर वातावरण मन्त्रालयमा पेस |
| ८. | अपर कर्णाली बी ज.वि.आ. | अर्धजलाशय युक्त | ११३ | अछाम र दैलेख | | इओआइ प्रकाशित मितिः २०८१।६।४ |
| ९. | सुरनयागाड ज. वि.आ. | जलाशययुक्त | ११५ | बैतडी | | इओआइ प्रकाशित मितिः २०८१।६।४ |
| १०. | चेरा १- जलाशययुक्त वि.आ. | जलाशययुक्त | १७६ | जाजरकोट | | इओआइ प्रकाशित मितिः २०८१।६।४ |
| ११. | भेरी.२ ज-वि.आ. | अर्धजलाशय युक्त | २५६ | जाजरकोट र रुकुम (पश्चिम) | | इओआइ प्रकाशित मितिः २०८१।६।४ |
| **कुल जडित क्षमता** | | | ४६४८ | | | |

विभागले आयोजना बैंकमा राखेका आयोजनाको अतिरिक्त ४ हजार ६४८ मेगावाट क्षमताका ११ आयोजनाको अनुमतिपत्र जारी भई अध्ययनको चरणमा रहेको छ। आयोजनाहरुको सम्भाव्यता अध्ययन गर्दा आवश्यकता र श्रोतको यकिन गरेर रणनीतिक योजना बनाई कार्यान्वयनमा लैजान आवश्यक देखिएको छ।

**२०.२.** विभागबाट विभिन्न आर्थिक वर्षहरु नेपाल सरकारको आयोजना बैंकमा (बास्केट) भएका १०० मेगावाट भन्दा कमका जलविद्युत आयोजनाको विवरण निम्नानुसार रहेको छः

| क्रसं. | नाम | प्रकार | क्षमता मे.वा. | जिल्ला | प्रगति | |
|---|---|---|---|---|---|---|
| | | | | | सम्भाव्यता | वातावरणीय अध्ययन |
| १. | यानमा खोला ज.वि.आ. | नदीप्रवाह | ६५.८ | ताप्लेजुङ | फाइनल फिल्ड रिपोर्ट पेस | अध्ययन सहमति प्राप्त नभएको |
| २. | कवाडी.१ ज-वि.आ. | नदीप्रवाह | ३३.३ | बाजुरा र हुम्ला | अध्ययन सम्पन्न | आईईई स्वीकृत |
| ३. | कोखाजोर ज.वि.आ. | जलाशययुक्त | ६३ | काभ्रे र सिन्धुली | मस्यौदा अन्तिम रिपोर्ट स्वीकृत | ईआइए प्रतिवेदन वन तथा वातावरण मन्त्रालयमा १ वर्ष अगाडि पेस भएको। |
| ४. | मनहरी वहुउद्देश्यीय आयोजना | जलाशययुक्त | ६३.५ | मकवानपुर | प्रथम फिल्ड रिपोर्ट स्वीकृत | |
| ५. | हिमा जलविद्युत आयोजना | अर्धजलाशययुक्त | १०.६ | जुम्ला | मस्यौदा प्रतिवेदन स्वीकृत | आईईई को सहमति प्राप्त नभएको |
| ६. | सुपर बूढीगण्डकी ज.वि.आ. | नदीप्रवाह | ३१.५ | गोरखा | मस्यौदा प्रतिवेदन स्वीकृत | इआइए प्रतिवेदन वन तथा वातावरण मन्त्रालयमा पेस |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | मर्स्याङ्दी ३ ज.वि.आ. | नदीप्रवाह | ६१.३९ | लम्जुङ र तनहुँ | फाइनल फिल्ड रिपोर्ट स्वीकृत | एसडी/टीओआर वन तथा वातावरण मन्त्रालयमा पेस |
| ८. | टोम डोगर (बूढीगण्डकी) ज.वि.आ. | नदी प्रवाह | ३४.७ | गोरखा | मस्यौदा प्रतिवेदन स्वीकृत | इआइए प्रतिवेदन वन तथा वातावरण मन्त्रालयमा पेस |
| ९. | डाँडागाउँ खलंगा भेरी ज.वि.आ. | अर्धजलाशययुक्त | ९७.४३ | जाजरकोट र रुकुम | आइडीआर स्वीकृत | एसडी/टीओआर स्वीकृत, सार्वजनिक सुनुवाई सम्पन्न |
| १०. | तिला ज.वि.आ. | नदीप्रवाह | ४१.६६ | कालिकोट र जुम्ला | फाइनल फिल्ड रिपोर्ट पेस | टिओआर स्वीकृत |
| ११. | मुगु कर्णाली ज.वि.आ. | अर्धजलाशययुक्त | ८९.३५ | मुगु | आइडीआर स्वीकृत | एसडी/टीओआर वन तथा वातावरण मन्त्रालयमा पेस |
| १२. | घाटगंगा ज.वि.आ. | अर्धजलाशययुक्त | ४३.५ | बझाङ | | इओआइ प्रकाशित मितिः २०८१।६।४ |
| १३. | अपर लोती कर्णाली ज.वि.आ. | नदीप्रवाह | ७३.८ | हुम्ला | | इओआइ प्रकाशित मितिः २०८१।६।४ |
| १४. | मध्य इंखु ज.वि.आ. | नदीप्रवाह | २७.९ | सोलुखुम्बु | सम्पन्न भैसकेको | |
| | **कुल जडित क्षमता** | | ७३७.४३ | | | |

उपर्युक्त तालिकामा उल्लेख भएअनुसार अनुमतिपत्र जारी भएका जलविद्युत आयोजनाहरुको प्रगति स्थिति मूल्याङ्कन गेर्दा वन तथा वातावरण मन्त्रालयमा पेस भएको लामो समयसम्म पनि वातावरण अध्ययन सहमति प्राप्त नभएको कारण समयमा कार्य सम्पन्न हुन सकेको छैन। महालेखापरीक्षकको कार्यालयबाट प्रत्येक वर्ष जारी वित्तीय लेखापरीक्षण प्रतिवेदनमा समेत सर्वेक्षण तथा निर्माण कार्यको सोही कारण पटक पटक म्याद थप भएकोले वन तथा वातावरण मन्त्रालयको समन्वयमा सो सम्बन्धी कानुनी व्यवस्थामा समयसापेक्ष संशोधन गरी सम्झौता बमोजिमको कार्य तोकीएको समयमा सम्पन्न गर्नुपर्ने बेहोरा उल्लेख भए पनि यसमा सुधार भएको देखिएन।

२१. **आयोजना छनोट** - पन्ध्रौं योजनाको जलविद्युत पूर्वाधार विकास सम्बन्धी लक्ष्यमा जलविद्युतको तीव्र, दिगो र भरपर्दो विकास मार्फत मुलुकको समृद्धिमा योगदान गर्ने कार्यनीतिमा विद्युत आयोजनाहरूको उत्पादन सम्मिश्रणका लागि जल प्रवाहमा आधारित आयोजनाका अलावा जलाशययुक्त तथा पम्प स्टोरेज ३०.३५ प्रतिशत, अर्धजलाशययुक्त आयोजना २५-३० प्रतिशत र अन्य वैकल्पिक स्रोत ५-१० प्रतिशतको अनुपात कायम गरी टेक अर पे सिद्धान्तको आधारमा विद्युत खरिद सम्झौता गर्ने व्यवस्था मिलाइने उल्लेख छ। हाल उपलब्ध १२ हजार १८९ गिगावाट-घण्टा मध्ये नदी प्रवाहमा आधारित आयोजनाबाट उत्पादित ऊर्जा करिब ६६ प्रतिशत रहेको छ। विद्युत सङ्कट र विद्युत खपत हुन नसक्ने दुवै अवस्थाबाट देशको अर्थतन्त्रलाई समेत सकारात्मक प्रभाव पार्न पश्चिम सेती, बूढीगण्डकी, कालीगण्डकी–२, चिसापानी, पञ्चेश्वर, दुधकोशी, आँधीखोला, खिम्ती–२, लाङटाङ खोला, मध्य ईशानखोला, माथिल्लो सेती, कनकाई, नौमुरे जलाशययुक्त आयोजनामा मात्र लगानी सुनिश्चित भएमा १० हजार २०३ मेगावाट जलविद्युत उत्पादन हुने देखिन्छ। विशेष गरी जलाशययुक्त आयोजना निर्माणमा बिजुलीको प्रति एकाइ लागत बढी हुने कारण विगत दुई दशकदेखि निजी क्षेत्र जलविद्युत उत्पादनमा प्रभावकारी ढङ्गबाट अघि बढे पनि जलाशययुक्त आयोजनामा लगानी गरेको देखिँदैन। नेपाल सरकारले आफैं निर्माण गर्नेगरी विद्युत विकास विभाग अन्तर्गत राखेको नौमुरे, बूढीगण्डकी लगायतका आयोजना वर्षौंदेखि निर्माणको प्रक्रियामा रहेपनि समयमा आयोजना सम्पन्न गर्न तदारुकता देखिएको छैन। विद्युतको माग

र आपूर्ति बिच सन्तुलन कायम गर्न जलाशययुक्त आयोजना छनोट गरी निर्माण गर्न प्रोत्साहन हुने गरी देशको जलविद्युत उत्पादन, प्रसारण तथा वितरणसँग सम्बन्धित नीतिमा सुधार गर्नुपर्दछ।

२२. **वातावरणीय अध्ययन** - वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ मा विकास आयोजना सञ्चालन गर्नुअघि वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। साथै, वन ऐन, २०७६ ले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृत आयोजना, वा राष्ट्रिय गौरवका आयोजनाका लागि वातावरणीय प्रभाव मूल्याङ्कनका आधारमा वन क्षेत्र प्रयोग गर्न सकिने व्यवस्था गरेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा नियमावली, २०३० तथा संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणका लागि जग्गा उपलब्ध गराउने कार्यविधि, २०८० समेतले आयोजनाहरु निर्माणका लागि जग्गा उपयोग गर्ने सम्बन्धी व्यवस्था छ। उक्त कानुनहरूले विकास आयोजनाहरू सञ्चालन गर्दा वातावरणीय सन्तुलन, जैविक विविधताको संरक्षण, वन क्षेत्रको न्यूनतम प्रयोग तथा जलवायु परिवर्तन न्यूनीकरणका लागि पालना गर्नुपर्ने प्रक्रिया एवं मापदण्डहरूको निर्धारण गरेको छ।

विद्युत विकास विभागबाट प्राप्त वितरण अनुसार २०८० श्रावणदेखि २०८१ पौष २३ सम्ममा विभागबाट प्रकृया पुऱ्याई पुनरावलोकन समिति समक्ष प्रस्तुत भएको १६१ वातावरणीय अध्ययन प्रतिवेदन (TOR, IEE/RIEE, SD/TOR, EIA, SEIA, EMP) मध्ये १३० TOR/IEE/RIEE प्रतिवेदन स्वीकृत भएको ३१ वन तथा वातावरण मन्त्रालयबाट स्वीकृतिको प्रक्रियामा रहेको विवरण पेस भएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गरेको एक अध्ययन अनुसार संक्षिप्त वातावरणीय अध्ययन/प्रारम्भिक वातावरणीय परीक्षण (BES/IEE) को स्वीकृति प्रक्रिया पूरा गर्न औसत ७५ दिन र EIA (वातावरणीय प्रभाव मूल्याङ्कन) प्रतिवेदन स्वीकृत गर्न करिब १०५ दिन लाग्ने उल्लेख छ। वन तथा वातावरण मन्त्रालयबाट निर्णय प्रक्रियामा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवदेन स्वीकृत गर्न निम्न अनुसार १२ हजार ८५ दिनसम्म लागेको देखियो।

| क्र.नं. | आयोजना | पठाएको मिति | स्वीकृत मिति | लागेको दिन |
|---|---|---|---|---|
| १ | घट्टेखोला साना जलविद्युत आयोजना (९९० कि.वा.) सिन्धुपाल्चोक र बागमती | २०७६/०४/१३ | २०७८/०८/२२ | ८६१ |
| २ | तिप्ल्याङ्ग कालीगण्डकी जलविद्युत आयोजना (५८ मे.वा.) म्याग्दी | २०७६/०१/२६ | २०७८/१२/०६ | १०४५ |
| ३ | मध्य तादी जलविद्युत आयोजना (५.५ मे.वा.), नुवाकोट | २०७६/०१/२५ | २०७९/०५/१६ | १२०७ |
| ४ | तिनाउखोला साना जलविद्युत आयोजना (३.४४ मे.वा.) पाल्पा | २०७६/०२/०३ | २०७९/०८/११ | १२८५ |

वातावरणीय प्रभाव मूल्याङ्कन (ई.आइ.ए.) तथा प्रारम्भिक वातावरणीय अध्ययन (आई.ई.ई.) स्वीकृत गर्ने प्रक्रियामा अत्यधिक समय खपत हुने गरेका कारण जलविद्युत आयोजनाहरू सम्झौता अवधिभित्र सम्पन्न भएको देखिएन। वातावरणीय प्रभाव अध्ययन स्वीकृति प्रक्रियालाई सरल बनाउन अधिकतम समयसीमा निर्धारण, दक्ष जनशक्ति तथा स्रोतसाधन अभिवृद्धि गरी स्वचालित अनुगमन प्रणाली, डिजिटल ट्र्याकिङ प्रणाली जस्ता उपायहरुमार्फत आयोजना निर्माण स्वीकृतिका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, विद्युत विकास विभाग तथा अन्य सरोकारवाला निकायहरू बिच समन्वयात्मक सुधार गरी निर्णय प्रक्रियालाई छरितो बनाउनु पर्दछ।

२३. **जग्गा प्राप्ति** - नेपालमा जग्गा प्राप्ति ऐन, २०३४ र भूमि सम्बन्धी ऐन, २०२१ ले सार्वजनिक प्रयोजनका लागि निजी जग्गा अधिग्रहणको प्रक्रिया, मूल्याङ्कन मापदण्ड, मुआब्जा निर्धारण र जग्गाको मुआब्जा वितरण

जस्ता विषयहरू उल्लेख गरेको छ। विद्युत आयोजनाको उत्पादन, प्रसारण र वितरणका लागि अनुमति प्राप्त संस्थाहरूले वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित परिमाणको जग्गा प्रयोग गर्न सक्ने र आयोजनाको अवधि समाप्त भएपछि उक्त जग्गा नेपाल सरकारको हुने प्रावधान रहेको छ। ऐनले विद्युत आयोजनाको लागि जग्गा सीमित नगरिने व्यवस्था गरे पनि अधिग्रहण गरिने जग्गाको मुआब्जा निर्धारणका लागि स्पष्ट मापदण्ड बनाएको छैन। विद्युत प्रसारण लाइनका सन्दर्भमा मार्गाधिकार किटान, जग्गा कित्ताकाट, जग्गा अधिग्रहण पश्चात् विस्थापितहरुको पुनर्वास र पुनर्स्थापना सम्बन्धी नीतिगत व्यवस्था जस्ता समस्या देखिएको छन्। विद्युत आयोजना निर्माणमा संलग्न विभिन्न सरोकारवाला सरकारी निकायहरू बिच समन्वय नहुनाले जग्गा प्राप्तिमा ढिलाइ हुँदा आयोजना कार्यान्वयनमा असर परेको छ। विद्युत प्रसारण लाइनमा पर्ने निजी जग्गा पटके निर्णयबाट मूल्याङ्कन हुने, प्रसारण लाइनमा परेका जग्गाको मूल्य घट्ने हुँदा आयोजनाहरुका लागि जग्गा प्राप्ति सहज देखिएको छैन। ऐनको मर्म र भावना अनुरुप सम्बन्धित निकायको समन्वय मार्फत नीति एवं कानुनमा आवश्यक सुधार गरी आयोजना निर्माणका लागि जग्गा प्राप्ति सहज बनाउनु पर्दछ।

२४. **विद्युत उत्पादन सम्भावना** - जल तथा ऊर्जा आयोग सचिवालयको, विद्युत माग र पूर्वानुमान प्रतिवेदन (२०१५-२०४०) अनुसार नेपालका मुख्य नदी प्रणालीहरूको कुल सैद्धान्तिक जलविद्युत सम्भावना ८३ हजार २ सय ९० मेगावाट रहेको देखिन्छ। कर्णाली र महाकाली नदी बेसिनको सबैभन्दा उच्च ३६ हजार १ सय ८० मेगावाट, सप्तकोशीको (२२ हजार ३ सय ५० मेगावाट) र सप्तगण्डकीको २० हजार ६ सय ५० मेगावाट सैद्धान्तिक सम्भावना देखिएका छन्। दक्षिणतर्फ बग्ने साना नदीहरूको सम्भावना तुलनात्मक रूपमा कम (४ हजार १ सय मेगावाट) रहेको छ। नेपालमा ४५ हजार ६ सय १० मेगावाट जलविद्युत परियोजनाहरू प्राविधिक रूपमा सम्भव देखिएको इलेक्ट्रिसिटी डिमाण्ड फोरकाष्ट, २०१५-४० को प्रतिवेदनमा उल्लेख छ। कर्णाली-महाकाली नदी बेसिनमा २६ हजार ५ सय ७० मेगावाट, सप्तकोशीमा ११ हजार ४ सय मेगावाट, सप्तगण्डकीमा ६ हजार ६ सय ६० मेगावाट र दक्षिणका नदीहरूमा ९ सय ८० मेगावाट रहेको छ। त्यस्तै आर्थिक रूपमा नेपालमा ४२ हजार १ सय ३३ मेगावाट जलविद्युत परियोजनाहरू सम्भव देखिएकोमा कर्णाली-महाकाली सबैभन्दा उच्च (२५ हजार १ सय २५ मेगावाट) छ। सप्तकोशीमा १० हजार ८ सय ६० मेगावाट, सप्तगण्डकीमा ५ हजार २ सय ७० मेगावाट, र दक्षिणका नदीहरूमा ८ सय ७८ मेगावाट आर्थिक रूपमा सम्भाव्य रहेका छन्। प्राविधिक रुपमा ११४ जलविद्युत आयोजना मध्ये आर्थिक रूपमा ६६ आयोजना सम्भाव्य देखिएका छन्। कर्णाली-महाकालीमा ३४ प्राविधिक सम्भाव्य आयोजना भए पनि आर्थिक रूपमा केवल ९ आयोजना व्यावहारिक देखिएका छन्। सप्तकोशीमा ५३ आयोजना प्राविधिक सम्भाव्य भए पनि आर्थिक रूपमा ४० मात्र सम्भाव्य देखिएका छन्।

| मुख्य नदी बेसिनहरु | सैद्धान्तिक सम्भावना(क्याचमेन्ट क्षेत्र भएका) | | | प्राविधिक सम्भावना | | आर्थिक सम्भावना | |
|---|---|---|---|---|---|---|---|
| | १००० वर्ग किमि भन्दा माथिको | ३००देखि १००० वर्ग किमि सम्मको | जम्मा | परियोजनाहरुको संख्या | प्राविधिक सम्भावना (मेगावाटमा) | परियोजना संख्या | आर्थिक सम्भावना (मेगावाटमा) |
| सप्तकोशी | १८७५० | ३६०० | २२३५० | ५३ | ११४०० | ४० | १०८६० |
| सप्तगण्डकी | १७९५० | २७०० | २०६५० | १८ | ६६६० | १२ | ५२७० |
| कर्णाली र महाकाली | ३२६८० | ३५०० | ३६१८० | ३४ | २६५७० | ९ | २५१२५ |
| दक्षिणका नदीहरु | ३०७० | १०४० | ४१०० | ९ | ९८० | ५ | ८७८ |
| **कुल जम्मा** | **७२४५०** | **१०८४०** | **८३२९०** | **११४** | **४५६१०** | **६६** | **४२१३३** |

*स्रोत: Electricity Demand Forecast Report (2015-2040), जल तथा ऊर्जा आयोग सचिवालय*

नेपालले जलविद्युतको सम्भावना उपयोग गरी आर्थिक समृद्धिको प्रमुख आधार बनाउन सकेको छैन। छिमेकी मुलुकहरुले वैकल्पिक ऊर्जा स्रोतहरू (थर्मल, सौर्य, र हावा ऊर्जा) तीव्र रूपमा विस्तार गरिरहेका छन्। ऊर्जा क्षेत्रमा आशातीत प्रगति हुन नसक्दा समग्र आर्थिक वृद्धि र रोजगारी सिर्जनामा समेत प्रभाव परेको छ। जलवायु परिवर्तन र मौसमी परिवर्तनहरूले दीर्घकालीन रूपमा जलस्रोतको उपयोगमा असर पार्न सक्ने हुदाँ जलविद्युत सम्भावनाको पूर्ण उपयोग, ठूला परियोजनाहरू छिटो कार्यान्वयन, प्रसारण संरचना सुधार, दीर्घकालीन ऊर्जा व्यापार सम्झौता सुरक्षित, स्वदेशी ऊर्जा उपयोग प्रवर्धन र ऊर्जा क्षेत्रमा लगानी आकर्षित गर्नु आवश्यक छ।

२५. **निर्माणाधीन आयोजना -** निजी क्षेत्रको लगानीबाट जलविद्युत उत्पादनमा सुधार ल्याउन नेपाल सरकारले जलविद्युत विकास नीति, २०५८ जारी गरी आयोजनाहरुको संभाव्यता अध्ययन, सर्वेक्षण तथा निर्माण एवं उत्पादन अनुमति जारी गर्ने गरेको छ। उक्त नीतिको ६.५.१ मा अनुमति पत्रमा उल्लेखित अवधि समाप्तिपछि आयोजना नेपाल सरकारलाई हस्तान्तरण हुने व्यवस्था अनुसार विद्युत विकास विभागले जलविद्युत आयोजनाको क्षमता र अवस्थिति अनुसार २५देखि ३० वर्षमा आयोजना हस्तान्तरण हुनेगरी जलविद्युत उत्पादन अनुमति पत्र दिने गरेको देखियो। सार्वजनिक निकाय भन्दा निजी क्षेत्र बढी जिम्मेवार, व्यावसायिक, लाभ लागत विश्लेषणका आधारमा नाफामूलक उद्देश्यले सञ्चालित हुनेहुँदा आयोजना निर्माण प्रभावकारी हुने नीतिको अपेक्षा रहेकोमा विद्युत विकासबाट उपलब्ध अनुसूची-१ मा उल्लेखित विवरण अनुसार ५ वर्ष अघिबाट अनुमति लिई निर्माणाधीन अवस्थाका १४५ आयोजनाहरुको निर्माण प्रगति प्रभावकारी देखिएको छैन।

नुवाकोटको ५ मेगावाटको टादी खोला जलविद्युत आयोजना निर्माणका लागि २०६८ असोजमा हिरारत्न हाइड्रोपावर प्रा.लि.लाई अनुमतिपत्र जारी भएकोमा २०८१ चैत्र सम्मको प्रगति २८ प्रतिशत, २०७० असोजमा अनुमति पाएको दैलेखको लोहोरे खोला (४.२ मेगावाट) तथा खोटाङ्गको रावाखोला (६.५ मेगावाट), म्याग्दी जिल्लाको माथिल्लो म्याग्दी (२० मेगावाट) ले २०७० सालमा उत्पादन अनुमति लिएकोमा विभिन्न समस्याका कारण हालसम्मको प्रगति शून्य रहेको देखियो। अनुसूची अनुसार निर्माणाधीन अन्य जलविद्युत आयोजनाहरुको प्रगति समेत सम्झौता बमोजिम कार्य प्रगति देखिएको छैन। अनुमतिपत्रमा निश्चित अवधि उल्लेख भएको निर्माण कार्यमा ढिलाइ हुँदा लगानी कर्ताको वास्तविक लागत मूल्य (Net Present Value), आन्तरिक प्रतिफल (Internal Rate of Return) लगायतका वित्तीय विश्लेषण मेलखाने देखिँदैन। अनुमति जारी गर्दा भएको सम्झौता अनुसार निर्माण प्रगति नगर्ने कम्पनीहरुलाई नियमक निकायबाट अनुगमन, मूल्याङ्कन गरी वास्तविकताका आधारमा समस्याहरुको उपयुक्त सम्बोधन, आवश्यक समन्वय लगायतमा शीघ्र निर्णय गरी निर्माणाधीन जलविद्युत आयोजनाहरुको कार्य प्रगतिमा सुधार गर्नुपर्दछ।

२६. **उत्पादन -** नेपाल सरकारको पन्ध्रौं आवधिक योजनाको अन्त्यमा जलविद्युत जडित क्षमता ५ हजार मेगावाट पुग्ने अपेक्षा रहेको थियो। नेपाल विद्युत प्राधिकरणको २०८०/८१ को वार्षिक प्रगति विवरण अनुसार राष्ट्रिय ग्रिड प्रणालीमा जम्मा ३ हजार १५२ मेगावाट विद्युत उत्पादन जोडिएको छ। राष्ट्रिय ग्रिड प्रणालीबाहेक करिब ४.५ मेगावाट भने ग्रीडमा आबद्ध नभई (आइसोलेटेड) रुपमा सञ्चालनमा रहेको उल्लेख छ।

| आ.व.२०८०।८१ सम्मको विद्युत उत्पादन | क्षमता (कि.वा.) |
|---|---|
| विद्युत प्राधिकरणमा ग्रिड जडित मुख्य जलविद्युत आयोजना | ५७८६२४ |
| आइसोलेटेड साना जलविद्युत आयोजना | ४५२६ |

| | |
|---|---|
| कुल जलविद्युत आयोजना(नेपाल विद्युत प्राधिकरण) | ५८३१६० |
| कुल जलविद्युत आयोजना(नेपाल विद्युत प्राधिकरण सहायक) | ४९२९०० |
| कुल जलविद्युत आयोजना(स्वतन्त्र ऊर्जा उत्पादकहरु) | १९१४७२२ |
| कुल जलविद्युत आयोजना(नेपाल) | २९९०८३२ |
| कुल थर्मल(नेपाल विद्युत प्राधिकरण) | ५३४१० |
| कुल सोलार | १०६९४० |
| कुल सोलार(स्वतन्त्र ऊर्जा उत्पादकहरु) | ८१९४० |
| कुल सहउत्पादन(स्वतन्त्र ऊर्जा उत्पादकहरु) | ६००० |
| कुल ग्रीड जडित क्षमता | ३१५२६४६ |
| **कुल जडित क्षमता** | **३१५७१८२** |

नेपाल विद्युत प्राधिकरणबाट प्राप्त विवरण अनुसार २०८०/८१ मा भारतबाट आयात भएको १ हजार ८९५ गिगावाट-घण्टा समेत यो प्रणालीमा कुल १३ हजार ९६७ गिगावाट-घण्टा ऊर्जा उपलब्ध रहेको देखियो। उक्त परिमाणमध्ये नेपाल विद्युत प्राधिकरणका आफ्ना आयोजनाहरूबाट उत्पादित विद्युतको परिमाण करिब २१ प्रतिशत, नेपाल विद्युत प्राधिकरणका सहायक कम्पनीहरुका आयोजनाबाट उत्पादित विद्युतको परिमाण करिब १९ प्रतिशत, स्वतन्त्र ऊर्जा उत्पादकहरूबाट खरिद गरिएको विद्युतको परिमाण ४७ प्रतिशत तथा भारतबाट आयातित विद्युतको परिमाण करिब १४ प्रतिशत रहेको देखिन्छ। विद्युतको माग र आपूर्तिमा सामञ्जस्यता ल्याउन आन्तरिक उत्पादनमा थप क्रियाशीलता ल्याउनु पर्दछ।

| **विवरण** | **ऊर्जा आपूर्ति (गि.वाट-घण्टा)** | **प्रतिशत** |
|---|---|---|
| नेपाल विद्युत प्राधिकरण | २९११ | २०.८४ |
| विद्युत प्राधिकरण सहायक कम्पनी | २५९७ | १८.५९ |
| निजीक्षेत्र (स्वतन्त्र ऊर्जा उत्पादक) | ६५६४ | ४७.०० |
| भारतबाट आयात | १८९५ | १३.५७ |
| **जम्मा** | **१३९६७** | **१००** |




२७. **वित्तीय स्रोत व्यवस्थापन**- ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले हालसालै मात्र ऊर्जा विकास मार्गचित्र, २०८१ जारी गरेको छ। नेपालको कुल गार्हस्थ उत्पादनमा ७.२ प्रतिशत वार्षिक वृद्धिदर लिई प्रक्षेपण गर्दा सन् २०३५ सम्ममा नेपालको कुल आन्तरिक विद्युत माग ४० हजार ७१० गिगावाट घण्टा आधारमान्दा प्रति व्यक्ति विद्युत खपत १५ सय युनिट हुने लक्ष्य लिइएको छ। त्यसका लागि नेपालमा आन्तरिक माग परिपूर्ति गर्न सन् २०३५ सम्ममा १३ हजार ४६८ मेगावाट जडित क्षमताको विद्युत उत्पादन हुनुपर्ने देखिन्छ। मार्गचित्रमा नेपालले आगामी दशकमा छिमेकी मुलुक भारतमा १० हजार र बङ्गलादेशमा ५ हजार मेगावाट विद्युत निर्यात गर्ने लक्ष्य लिइएको छ। मार्गचित्रले विद्युत उत्पादन, प्रसारण तथा वितरण संरचनाको अनुमानित लागत देहायबमोजिम रहने जनाएको छ।

**विद्युत उत्पादन आयोजनातर्फको लागत**

| **विवरण** | **अनुमानित लागत (अ.डलरमा)** |
|---|---|
| सञ्चालनमा रहेका करिब २५ सय मेगावाट आयोजनाहरु बाहेक थप करिश २६ हजार मेगावाट उत्पादनको लागत | करिब ५० अर्ब |
| सो मध्ये करिब ३७ सय मेगावाट भारतीय लगानीबाट निर्माण हुने आयोजनाहरुको लागत | करिब ७.७ अर्ब |
| बाँकी २२ हजार ३ सय मेगावाट आयोजनाहरुका लागि निजी क्षेत्र, नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण तथा अन्य निकायहरुबाट लगानी गरिने लागत | करिब ४२.३ अर्ब |
| २२ हजार ३ सय मेगावाट आयोजनाहरु लगानीको व्यवस्थापन भइसकेको | करिब २.६ अर्ब |

| | |
|---|---|
| २२ हजार ३ सय मेगावाटका लागि लगानी जुटाउन बाँकी रकम | करिब ३९.७ अर्ब |
| **प्रसारण लाइन तथा सब-स्टेसन निर्माणतर्फको लागत** | |
| ११ हजार ७ सय सर्किट किलोमिटर प्रसारण लाइन तथा ३३००० एम.भि.ए. क्षमताको सबस्टेसन निर्माणको लागि अनुमानित कुल लागत | करिब ७.४ अर्ब |
| सोको लागि लगानीको व्यवस्थापन भइसकेको | करिब १.८ अर्ब |
| लगानी जुटाउन बाँकी रकम | करिब ५.६ अर्ब |
| **वितरण प्रणाली निर्माणतर्फको लागत** | |
| १०० वटा ३३/११ के.भि. सबस्टेसन,<br>२००० कि.मी ३३ के.भी लाइन,<br>२५००० कि.मी ११ के.भी लाइन,<br>१००००० कि.मी ०.४/०.२३ के.भी लाइन<br>४७००० वटा ट्रान्सफरमरको लागि आवश्यक कुल रकम | करिब १.५ अर्ब |
| लगानी व्यवस्थापन भइसकेको | करिब ३० करोड |
| **लगानी जुटाउन बाँकी रकम** | **करिब १.२ अर्ब** |

नेपालमा सन् २०३५ सम्ममा ऊर्जा विकास मार्गचित्रले लिएको उद्देश्य बमोजिमको प्रतिफल प्राप्त गर्न विद्युत उत्पादन, प्रसारण तथा वितरण संरचनाहरुका लागि थप लगानी रु.४६.५ अर्ब अमेरिकी डलर आवश्यक पर्ने देखिन्छ। नेपालमा ऊर्जा क्षेत्रमा परिचालन गर्न सकिने लगानीको लागि आवश्यक स्रोत जुटाउने दीर्घकालीन अवधारणा तर्जुमा गर्न बाँकी रहेको छ। मार्ग चित्र कार्यान्वयनका लागि कुशल वित्तीय व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

२८. **शेयर लगानी –** जलविद्युत विकास नीति, २०५८ को जलविद्युत सम्बन्धी विकास व्यवस्थाको ६.३.२ मा जलविद्युत उत्पादनमा स्वदेशी लगानीलाई प्रोत्साहित गर्न आवश्यक वित्तीय संस्था, वण्ड लगायत अन्य वित्तीय उपकरणहरूको विकास गरी पुँजी बजार परिचालन गरिने उल्लेख छ। सो व्यवस्था कार्यान्वयन गर्न नेपाल धितोपत्र बोर्डले कम्पनीहरूलाई विवरणपत्र तयार पारेर सर्वसाधारण समक्ष शेयर आव्हान गर्नेदेखि दोस्रो बजारमा कारोबार गर्नेसम्मका प्रक्रियामा सहजीकरण गरेको कारण दुई दशकको अवधिमा निजी क्षेत्रका १२५ जलविद्युत कम्पनीहरूले प्राथमिक बजारबाट मात्रै रु.४१ अर्ब ६५ करोड पुँजी सङ्कलन गरेको इप्पान, नेपालको विवरणमा उल्लेख छ। आर्थिक वर्ष २०६१।६२ मा चिलिमे जलविद्युत आयोजनाले सर्वसाधारण तथा प्रभावित क्षेत्रका बासिन्दाका लागि रु.२३ करोड ७४ लाखको प्राथमिक शेयर निष्काशनबाट सुरु भएको जलविद्युत कम्पनीहरुको शेयर कारोबार २०८१ आषाढ मसान्तको नेप्से विवरण अनुसार ९१ जलविद्युत कम्पनीहरुको फेसभ्यालु रु.१०० का दरले कुल चुक्ता पुँजी रु.१ खर्ब ५७ अर्ब १२ करोड ३९ बराबरको १ अर्ब ५७ करोड १२ लाख ३ हजार कित्ता शेयर धित्तो बजारमा सूचीकृत भई बजार पुँजीकरण रु.५ खर्ब ३६ अर्ब ६८ करोड ९९ लाख रहेको छ।

| आर्थिक वर्ष | आइपिओ रकम (हजारमा) | कम्पनी संख्या |
|---|---|---|
| २०६१।६२ | २३७४१० | १ |
| २०६५।६६ | ७४५८०५ | १ |
| २०६७।६८ | ८१९३२२ | २ |
| २०६९।७० | १०५५०० | १ |
| २०७०।७१ | ३८२३०० | ४ |
| २०७१।७२ | ४०४९२०० | ४ |
| २०७२।७३ | २५७१७७५ | ९ |
| २०७३।७४ | १३९६९३९ | १३ |
| २०७४।७५ | ६११८१९९ | १४ |
| २०७५।७६ | ६८७७८५ | १६ |
| २०७६।७७ | १२०८७१९ | ४ |
| २०७७।७८ | २६९०९६४ | ७ |
| २०७८।७९ | ६७२७५४९ | १९ |
| २०७९।८० | ७३४३१४४ | २९ |
| २०८०।८१ | ३८२५०० | १ |
| **जम्मा** | **४१६५७१११** | **१२५** |

स्रोतः इप्पान, नेपाल (पुँजी बजारमा जलविद्युतको अवस्था)

२८.१. कम्पनी ऐन, २०६३ को दफा १७(२) मा कम्पनी संस्थापना हुनु अगावै कुनै व्यक्तिले कम्पनीको तर्फबाट कुनै कारोबार गरेमा वा सापटी लिएमा त्यसरी गरिएको कारोबारसँग सम्बन्धित करारप्रति

उपदफा (३) को अधिनमा रही त्यस्तो व्यक्तिले व्यक्तिगत रुपमा जिम्मेवारी बहन गर्नुपर्ने व्यवस्था छ। जलविद्युत कम्पनीहरुले शेयर बिक्रीमार्फत सर्वसाधारणबाट सङ्कलित रकम पुँजी विस्तारमा लगानी गर्नुपर्नेमा केही कम्पनीहरुले कम्पनी स्थापनार्थ लिएका बैंक ऋण भुक्तानी गर्ने, अन्य सहायक कम्पनीको लगानी हिसाब मिलान गर्ने लगायतका कार्यमा खर्च गरेको देखिएको छ । विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १७ बमोजिम अनुमति प्रदान गर्दा निर्धारण गरिएको शर्त बमोजिम कार्य गरे/नगरे निरीक्षण नभएको तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ४८ बमोजिम धितोपत्र बोर्डसँग गरेको सम्झौताको उल्लङ्घन भएमा दिनुपर्ने निर्देशन दिएको देखिएको छैन। विद्युत नियमन आयोगले निरीक्षण र नेपाल धितोपत्र बोर्डले शेयर निष्काशन तथा शेयर हस्तान्तरण नियमन गर्नसक्ने उक्त व्यवस्था भए पनि जलविद्युत आयोजनाहरुको शेयर कारोवार, वास्तविक व्यवसाय, विद्युत उत्पादन, प्राविधिक पक्ष लगायतको नियमन गर्ने स्पष्ट निकाय हालसम्म तोकिएको देखिएन।

२८.२. सिन्धुपाल्चोक स्थित शिवश्री हाइड्रोपावर कम्पनी (२२.२मेगावाट) ले सर्वसाधारणबाट शेयर बिक्रीमार्फत सङ्कलित रकम कम्पनी स्थापनाका लागि संस्थापकहरुले लिएको ऋण चुक्ताका लागि प्रयोग भएको स्थलगत अवलोकनमा जानकारी भएको छ। त्यस्तै रामेछापको मिल्तीखोला हाइड्रो पावर कम्पनी (३ मेगावाट) ले ६ वर्षअघि वैदेशिक रोजगारीबाट प्राप्त रु.११ करोड ४५ लाख सङ्कलन गरी हालसम्म निर्माण कार्य नगरेको विवाद समाधान हुन बाँकी रहेको छ। स्पष्ट लगानी क्षेत्र नतोकी आइपीओ जारी गर्ने कम्पनीहरुले आइपीओ निष्काशनपछि हकप्रद शेयर जारी गरी सञ्चालकहरुको अर्को कम्पनीमा लगानी गर्ने, शेयरको रकमबाट मुद्दतीमा राखी बैंक ब्याज लिने, संस्थापकहरुले प्रचलित नियमले तोकेको लकइन अवधि सकिएपछि शेयर बिक्री गरी कम्पनीबाट बाहिरिने लगायतका क्रियाकलापले जलविद्युतको शेयर बजार विश्वसनीय देखिएको छैन। नेप्सेमा सबैभन्दा धेरै सूचीकृत जलविद्युत कम्पनी भए पनि खुला बजार मूल्य परिवर्तनका आधार बाहेक लगानी कर्ताले खासै प्रतिफल प्राप्त गरेको देखिँदैन।

नेप्सेमा सूचीकृत ९१ मध्ये ९ वर्षदेखि कारोबार भएका ५१ कम्पनीहरुको शेयर मूल्य रु.१ सय २७देखि रु.२ हाजर ५ सयसम्ममा कारोबार भए पनि शेयरधनीलाई कुनै प्रतिफल वितरण गरेको देखिएन। नेपालमा भविष्यमा हुनसक्ने नाफा बेञ्चमार्किङ्ग गर्ने संयन्त्र नभए पनि आइएफआरआइसी १२औँ मापदण्ड अनुसार जलविद्युत कम्पनीहरुले भावी नाफा परिकल्पना गर्ने गरेको कारण उत्पादन सुरु नगरेको आयोजनाले समेत नाफा देखाई शेयर मूल्यमा उतारचढाव गराउने गरेको देखिएको छ। कम्पनी नाफामा रहेको विवरण पेस गरी शेयर जारी गरेका पिपुल्स हाइड्रो पावर, एशिया हाइड्रो, बाराही, माया खोला, सानिमा मध्य तमोर, मनकामना हाइड्रो पावर, रावा खोला इनर्जी लगायत हाइड्रोपावर कम्पनीहरु स्थापनाको ६ महिनामा नै नोक्सानीमा रहेको देखिएको छ। यसबाट जलविद्युत कम्पनीमा भएको शेयर लगानी जोखिमपूर्ण देखिएको छ।

२८.३. उक्त नीतिको ६.५.१मा अनुमति पत्रमा उल्लेखित अवधि समाप्तिपछि आयोजना नेपाल सरकारलाई हस्तान्तरण हुने व्यवस्था अनुसार विद्युत विकास विभागले आयोजना अनुसार २५देखि ३० वर्षमा आयोजना हस्तान्तरण हुनेगरी जलविद्युत उत्पादन अनुमति पत्र दिने गरेको छ। नेप्से सूचीकृत जलविद्युत उत्पादन कम्पनी तोकिएको अवधिपश्चात् नेपाल सरकारलाई हस्तान्तरण हुदाँ शेयर होल्डर रकम, प्रमोटर शेयर, ह्रासकट्टी जस्ता कार्य यस अघिनै राईट अफ गरी दायित्व लेखाङ्कनको लागि कानुनी व्यवस्था भएको देखिएन। सम्बन्धित निकायहरुले लगानी तथा सुरक्षा विश्लेषण गर्न सकिने गरी जलविद्युत कम्पनीहरुको शेयर संरचना देखिने अभिलेख व्यवस्थापन नगरेको, शर्त बमोजिम पुंजी परिचालन नभएको,

सहायक तथा अन्य कम्पनीमा लगानी गरेबाट सर्वसाधाण जनताको लगानी सुरक्षित रहेको देखिएको छैन।

ठूला आयोजना निर्माण हुँदा स्वदेशी पुँजी परिचालन, जलविद्युत कम्पनीको पारदर्शीता, संस्थागत सुशासन, तथ्याङ्कको विश्वसनीयता र पारदर्शीता समेतका लागि शेयर लगानी अपरिहार्य देखिएपनि सर्वसाधारणको लगानी जोखिम सम्बन्धमा नेपाल सरकार, सम्बन्धित निकाय र कम्पनी जिम्मेवार देखिएको छैन। यसका लागि नेपाल धितोपत्र बोर्ड, विद्युत नियमन आयोग तथा अर्थ मन्त्रालयले नीतिगत, संस्थागत र संरचनागत व्यवस्था गरी लगानी सुरक्षण ग्यारेन्टी गर्नुपर्दछ। लगानी सीमा निर्धारण, दायित्वको राइटअफ लेखाङ्कन, शर्त निर्धारण, शेयर रकमबाट प्राप्त रकमको प्रयोगमा नियमन लगायतका संयन्त्र तयार गरी जलविद्युत कम्पनीमा भएको शेयर लगानी व्यवस्थित गर्नुपर्दछ।

२९. **नेपाल भारत द्विपक्षीय आयोजना -** विद्युत विकास विभागले नेपाल-भारत द्विपक्षीय आयोजना अन्तर्गत सन् २००४ अगस्ट १६ मा सप्तकोशी सुनकोशी अन्वेषण कार्यालयको स्थापना गरी ३० महिना भित्र अध्ययन कार्य सम्पन्न गर्नेगरी सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजना र २०६६ मङ्सिर ९ मा नेपाल र भारत दुवै पक्षको सहभागिता रहने गरी पञ्चेश्वर विकास प्राधिकरण गठन भई पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको लागि बजेट विनियोजन एवं खर्च गर्दै आएको छ। द्विपक्षीय आयोजना कार्यान्वयन सम्बन्धमा देखिएका बेहोरा निम्न छन्।

२९.१. सन् १९९२ फेब्रुअरी १४ मा नेपाल-भारत विज्ञ समूहको बैठकबाट विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सहमति भई सुरुवात भएको सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजनाले हालसम्म पूर्णता पाएको देखिएन। सप्तकोशीको पश्चिम उदयपुर र पूर्व सुनसरीको बराह क्षेत्रसम्म १ किलोमिटर लामो र २ सय ६९ मिटर अग्लो बाँध निर्माण गरी ३३ सय मेगावाटको जलाशययुक्त जलविद्युत आयोजनाबाट सिँचाइ तथा जलयातायात समेतको सम्भावना हुने गरी आयोजना छनोट भए पनि हालसम्म निर्माण अवधी यकिन भएको देखिएन। आयोजनाबाट वन क्षेत्र र खेतीयोग्य जमिन सहित करिब ८२४ वर्ग किलोमिटर डुबान पर्नुका साथै लाख भन्दा बढी जनसंख्या बिस्थापित हुने अवस्था रहेको छ। कमझोर भू-धरातल र भूकम्पीय जोखिम क्षेत्र भएकोले ठूलो जलाशायको जोखिम सम्भावना पनि रहेको छ। सप्तकोशी उच्च बाँध आयोजनाको डुवान क्षेत्र र पूनर्वासको योजना, माथिल्लो तटीय क्षेत्रमा प्रस्तावित/सञ्चालित गरिएका आयोजना र सामाजिक तथा वातावरणीय एवं प्राविधिक पक्षहरुलाई समेत मध्यनजर गरी सप्तकोशी उच्च बाँध आयोजनाको आकार प्रकार (Project Parameter) सम्बन्धमा पुनर्विचार गर्न थप अध्ययन गर्ने निर्णय नेपाल भारत ज्वाईन्ट कमिटिले गरेको छ। आयोजना निर्माणको लागि प्रोजेक्ट पारामिटर सम्बन्धी पुनर्विचार सहितको प्रतिवेदन दिने काम बाहेक अन्य कुरा अगाडि बढ्न सकेको छैन।

२९.२. सन् १९९५मा नेपालको तर्फबाट विस्तृत आयोजना प्रतिवेदन तयार गरी नेपाल र भारत सरकारबिच २०५२ माघ २९ मा भएको सन्धिबाट द्वि-राष्ट्रिय लगानीमा पञ्चेश्वर बहुउद्देश्यीय आयोजना सञ्चालन गर्ने निर्णय भएको देखिन्छ। तत्पश्चात २०६६ मङ्सिर ९ मा नेपाल र भारत दुवै पक्षको सहभागिता रहने गरी पञ्चेश्वर विकास प्राधिकरण गठन भई आयोजना कार्यान्वयनमा आएपनि आयोजनाले गति लिन सकेको देखिएन। महाकाली नदीको दुबैतर्फ भूमिगत विद्युत गृह निर्माण गरी ३१५ मिटर उचाइको ८६० मिटर लामो बाँध निर्माण गरी ६.५६ अर्ब घनमिटर जल भण्डारण गरी ६ हजार ८४० मेगावाट जलाशययुक्त आयोजना सञ्चालन गर्ने नेपाल-भारत सरकारबिच समझदारी भएको देखिन्छ। समझदारी अनुसार आयोजनाले गति लिएको देखिँदैन। नेपाल सरकारले आयोजना सञ्चालन गर्न यो वर्षसम्म २२

करोड ९ लाख २९ हजार खर्च गरेपनि आयोजना कार्यालयबाट पञ्चेश्वर बहुउद्देश्यीय आयोजना प्रधिकरणलाई सम्पत्ति हस्तान्तरण गर्ने कार्य बाहेक अन्य काम हुन सकेको छैन। द्विक्षीय समझदारी अनुसार तोकिएको लागत र समयमा आयोजना सम्पन्न गरी सोको लाभ लिनुपर्दछ।

३०. **बूढी गण्डकी जलविद्युत आयोजना -** विद्युत ऐन, २०४९ को दफा ३४ बमोजिम सरकार आफैंले विद्युतको उत्पादन विकास गर्न सक्ने व्यवस्था छ। पूर्वसम्भाव्यताको अध्ययन २०४० सालमा सम्पन्न भएको बूढी गण्डकी जलविद्युत आयोजनाको ट्रयाक्टेवेल इञ्जिनियरिङ्गले सन् २०१५/१६ लाई आधार लिई २०७३ सालमा तयार पारेको सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन अनुसार रु.२ अर्ब ६० करोड अमेरिकी डलर खर्च हुने अनुमान रहेको छ। गोरखाको घ्यालचोक लगायत करिब ३२ हजार रोपनी क्षेत्रफल र धादिङ्गतर्फ ३५ हजार रोपनी क्षेत्रफलमा ताल निर्माणसँगै तालको वरिपरि पर्यटन प्रवर्धन सहित १२ सय मेगावाटको जलाशययुक्त विद्युत आयोजना निर्माण गर्ने लक्ष्य रहेको छ। उक्त आयोजना आर्थिक वर्ष २०६९।७० मा राष्ट्रिय गौरवको आयोजना घोषणा गरी ९४ महिनामा सम्पन्न गर्ने लक्ष्य राखेपनि लगानी मोडालिटी र स्रोत व्यवस्थापन नहुँदा हालसम्म निर्माण कार्य प्रारम्भ भएको छैन। आयोजना निर्माणका लागि हालसम्म मुआब्जा बापत रु.४२ अर्ब ६५ करोड तथा वातावरणीय प्रभाव मूल्याङ्कन लगायतका प्रतिवेदन तयार गर्न नेपाल विद्युत प्राधिकरणबाट रु.२५ करोड ६० लाख ६३ हजार खर्च भएको छ।

सुरु लक्ष्य अनुसार २०७७।७८ मा सम्पन्न गरिसक्नु पर्ने आयोजनाको अझै स्रोत तथा मोडालिटी यकिन भइसकेको छैन। नेपाल सरकारले सो आयोजनाको लागि आर्थिक वर्ष २०६४।६५देखि पेट्रोलियम इन्धनमा प्रतिलिटर रु.५ का दरले कर सङ्कलन गरेकोमा २ आर्थिक वर्ष पश्चात् पूर्वाधार निर्माण शीर्षकमा प्रतिलिटर रु.१० का दरले पेट्रोलियम कर थप गरी वार्षिक रु.२० अर्ब भन्दा बढी कर असुल गर्दै आएको छ। नेपाल सरकारले आयोजनाको आम्दानी तथा खर्चको एकीकृत हिसाब राखेको छैन। नेपाल सरकारले आयोजनाका लागि २०७४।७५देखि २०७९।८० सम्मको विनियोजित बजेट र खर्च स्थिति देहायबमोजिम देखिएको छ। साथै नेपाल आयल निगम लिमिटेडले पेट्रोलियम पदार्थ (पेट्रोल, डिजेल र हवाई इन्धन) मा आयात गर्दा लाग्ने पूर्वाधार विकास कर भन्सार कार्यालयमा नै सङ्कलन गरी नेपाल सरकारलाई भुक्तानी गरेको विवरण र महालेखा नियन्त्रक कार्यालयले राजस्व व्यवस्थापन सूचना प्रणाली (रिम्स) अनुसार पूर्वाधार कर सङ्कलन को विवरण देहाय बमोजिम छ। नेपाल आयल निगमबाट सङ्कलन गरी नेपाल सरकारलाई भुक्तानी गरिएको र राजस्व व्यवस्थापन सूचना प्रणाली (रिम्स) बाट उपलब्ध राजस्वको विवरणमा एकरुपता नभएको समेत देखिएको छ।

| आर्थिक वर्ष | नेपाल आयल निगमबाट संकलित कर रकम | रिम्स अनुसार संकलित पूर्वाधारकर | फरक | विनियोजन | खर्च |
|---|---|---|---|---|---|
| २०७४।७५ | ११३५८१७९५१० | १०९१८५१६२८६ | ४३९६६३२२४ | २०अर्ब १७ करोड | २० अर्ब ६ करोड |
| २०७५।७६ | १२४१२२५१५१२ | १२०४६०३०७४७ | ३६६२२०७६५ | १६ अर्ब | ९ अर्ब ७९ करोड |
| २०७६।७७ | १३९७९५२९७७० | १४२०००३८३११ | (२२०५०८५४१) | ५अर्ब ८६ करोड | ५ अर्ब ८१ करोड |
| २०७७।७८ | २२८६९६६९५३० | २२४३७७५६४१० | ४३१९१३१२० | ७ अर्ब ६८ करोड | १ अर्ब ६६ करोड |
| २०७८।७९ | २४९४८६३५८०० | २४०५६५७५७१५ | ८९२०६००८५ | ६ अर्ब करोड | १ अर्ब ३२ करोड |
| २०७९।८० | २०५९९७२६६३६ | २०५८५६५३१२४ | १४०७३५१२ | ३ अर्ब ३० करोड | १ अर्ब ३५ करोड |
| २०८०।८१ | २०५८१९७२९५९ | २०६३८१०१७११ | (५६१२८७५२) | - | - |

आयोजनाका लागि विनियोजन भएको बजेट मध्ये २०७४।७५ र २०७६।७७ बाहेक अन्य वर्ष बजेट खर्च नभई रकमान्तर गरी अन्य आयोजनाहरुमा खर्च गर्दा बजेट खर्च अनुशासनमा समेत असर परेको छ। सरकार आफैले लगानी गर्ने जलाशययुक्त आयोजनाका लागि स्रोत व्यवस्थापन प्रमुख चुनौती रहेको देखिन्छ। जलाशाययुक्त आयोजना समयमा निर्माण सम्पन्न भएमा मौषमी विद्युत आयात निर्यातमा सन्तुलित योगदान हुने देखिएकोले लगानीको उपयुक्त स्रोत व्यवस्थापन गरी आयोजना सम्पन्न गर्नु पर्दछ।

३१. **कर्णाली चिसापानी बहुउद्देश्यीय जलविद्युत आयोजना** - विद्युत ऐन, २०४९ को दफा ३४ बमोजिम सरकार आफैंले विद्युतको उत्पादन विकास गर्न सक्ने व्यवस्था छ। नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले २०७५ वैशाख २५ गर्ने जारी गरेको 'ऊर्जा क्षेत्रको श्वेतपत्र' मा पनि आगामी पाँच वर्षभित्र कर्णाली–चिसापानी बहुउद्देश्यीय जलाशययुक्त जलविद्युत आयोजनाको विस्तृत अध्ययन एवं वित्तीय व्यवस्था र विकास ढाँचा तयार गरी निर्माण अघि बढाइने उल्लेख छ। सन् १९६० मा पहिलो पटक पहिचान भएको आयोजनाको सन् १९६२देखि १९६६सम्म जापानी कम्पनी निप्पोन कोइले १० हजार ८ सय मेगावाट जलविद्युत आयोजना निर्माण हुने अध्ययन प्रतिवेदन दिएको देखियो। दक्षिण एशियाकै सबैभन्दा ठूलो यस बहुउद्धेश्यीय आयोजनाबाट जलविद्युत, सिँचाइका लागि पानी र बाढी नियन्त्रण हुनेगरी आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन सरकारले २०४५ सालमा तयार गरेको देखियो। बर्दिया र कैलाली जोड्ने कर्णाली चिसापानी पुलदेखि करिब दुई किलोमिटर माथि २ सय ७० मिटर अग्लो 'रक फिल ड्याम' निर्माण गरेर १ सय ६७ किलोमिटर लामो ताल निर्माण गर्दा बर्दिया, कैलाली, सुर्खेत, अछाम र डोटी जिल्लाका नदी किनारका बस्ती र संरचना प्रभावित हुने देखिएको छ।

प्रारम्भमा नेपाल, भारत र चीनको त्रि-पक्षीय मैत्री आयोजनाका रुपमा अगाडि बढाउने प्रयास भए पनि सम्भाव्य बजार भारत भएकोले नेपालकै स्वामित्वमा निर्माण गरी उत्पादित विद्युत र पानी भारतलाई बिक्री गर्ने समझदारी भएको देखिन्छ। सन् १९७८ मा नेपाल-भारतबिच एक संयुक्त कमिटी बनाएर गरिएको अध्ययनले औंल्याएका प्रतिवेदनको मूल्याङ्कन तथा परियोजनाको बाँध निर्माणसम्बन्धी द्विपक्षीय छलफलबाट विद्युतको मूल्य र लगानीका बारेमा टुङ्गो लगाएको देखियो । त्यसपछि भारत सरकारसँग समन्वय गरी आयोजना अगाडि बढाउन दुवै पक्षबाट थप सहजीकरण भएको देखिएन। नेपाल सरकारले आयोजनाबाट उत्पादन हुने १० हजार मेगावाट बिजुली र १६ अर्ब घनमिटर पानी उपयोग गर्न भारत सरकारसँग तल्लो तटीय लाभका मुद्दाहरुमा समन्वय गर्ने कार्य भएको छैन।

नेपाल सरकारको २०८० कार्तिक २३ को निर्णयले नेपाल विद्युत प्राधिकरण मार्फत निर्माणको ढाँचा एवं तल्लो तथा माथिल्लो तटीय क्षेत्रमा हुने जोखिम र प्राप्त लाभ लागतको ३ वर्षभित्र अध्ययन गरी आयोजना निर्माण गर्ने निर्णय भएको देखियो। नेपालको अर्थतन्त्रमा कोशेढुङ्गा रहेको आयोजनाका लागि सरकारले कूटनीतिक तवरबाट समस्या समाधान मार्फत विकास साझेदार निकायहरुसँगको उपयुक्त समन्वयमा स्रोत व्यवस्थापन गरी आयोजनाको लाभ लिनु पर्दछ।

३२. **आयोजना निर्माण गुणस्तर** - जलविद्युत विकास नीति, २०५८ मा जलविद्युत आयोजना राम्रो सञ्चालन अवस्थामा राख्न मुख्य विद्युत उपकरण र संरचनाहरूको मर्मत सम्भारको आधारहरू नियमन संस्थाबाट तोकिने र अनुगमन तथा निरीक्षणको उपयुक्त व्यवस्था विद्युत विकास विभागले गर्ने व्यवस्था छ। विद्युत नियमावली, २०५० को नियम ६७ ले विद्युत उपकरणहरुको गुणस्तर तथा उपयोग गर्ने तरिका सम्बन्धी व्यवस्था गरेको छ। नेपालको जलविद्युत आयोजनाहरु निर्माण, सञ्चालन तथा हस्तान्तरण प्रणालीमा

निर्माण भई तोकिएको अवधि पश्चात् नेपाल सरकारलाई हस्तान्तरण हुने गरी निजी क्षेत्रबाट निर्माण कार्य भइरहेकोमा आयोजना निर्माण कार्यको गुणस्तर निर्धारण, सोको अनुगमन, मूल्याङ्कन लगायतका जिम्मेवारीमा सम्बन्धित निर्माण कर्तामा नै रहेको देखियो। विद्युत विकास विभागले बजेट तथा जनशक्ति अभाव जनाई उत्पादन भइरहेका १९१ र पीपीए भई व्यापारिक उत्पादन सुरु हुन बाँकी २८२ आयोजनामा २०८०।८१ मा २५ मात्र अनुगमन गरेको देखियो। निर्माणाधीन आयोजनाहरुको कार्यालयमा पेस गरेको प्रगति अध्ययन बाहेक आयोजनाहरुको स्थलगत अनुगमन तथा निरीक्षणलाई प्राथमिकतामा राखेको छैन। त्यस्तै नियमक निकाय विद्युत नियमन आयोगबाट ग्रिड कोड निर्देशिका बाहेक विद्युत उपकरण र संरचनाहरूको मर्मत सम्भारको अन्य आधारहरू निर्धारण गरेको देखिएन। आयोजना निर्माणको क्रममा भएका सम्झौता अनुसार पूर्वाधार तथा अन्य विद्युत उपकरणहरुको गुणस्तर तथा उपयोग गर्ने तरिका सम्बन्धी व्यवस्था कार्यान्वयन भएको छैन।

निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामग्री र सोको स्पेसिफिकेशनले गुणस्तरमा प्रत्यक्ष असर गर्ने भएकोले निर्माणाधीन आयोजनाहरुको उपकरण र भौतिक संरचनाहरुमा प्रयोग हुने सामग्री, स्पेसिफिकेशन, निर्माण प्रक्रिया, संरचनाहरूको मर्मत सम्भारको आधारहरू तयार गरी आयोजनाहरुको गुणस्तर सुनिश्चित गर्नुपर्दछ। आयोजनाको लागत दर विश्लेषणमा भएको अनुपात प्रयोग र उपकरणहरुको विशेषताका आधारमा दक्ष जनशक्ति परिचालन गरी निर्माण कार्य एवं उपकरणको गुणस्तर यकिन गर्नुपर्दछ। साथै उपभोक्तालाई विद्युत गुणस्तर सचेतना गरी विद्युत उपयोग सामग्रीमा हुने गुणस्तर कायम गर्ने, पूर्व निर्धारित तालिका अनुसार सटडाउन अनुमति दिई प्रिभेन्टिभ मेन्टिनेन्समा जोड दिने, भूमिगत अप्टिकल फाइवर (OPGW), सुपरभाजर नियन्त्रित तथ्याङ्क प्रणाली (SCADA) जस्ता प्रविधिहरुको प्रयोग गरी निगरानी तथा मर्मत व्यवस्थापनमा सुधार गरी गुणस्तरिय विद्युत उपयोगमा जोड दिनुपर्दछ।

३३. **आयोजना जोखिम व्यवस्थापन** - जलविद्युत विकास नीति, २०५८ को ५.१५ मा लगानीजन्य जोखिम व्यवस्थापनका लागि जलविद्युत आयोजनाहरुमा पर्नसक्ने जोखिमहरुको उचित व्यवस्थापन गरिने उल्लेख छ। राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र, २०७२ अनुसार १०० मेगावाट सम्मका आयोजनामा कुल लागतको ०.७५ प्रतिशत र १०० मेगावाट भन्दा ठुला आयोजनाको हकमा आयोजना लागतको ०.५ प्रतिशत रकम सामुदायिक सहयोग कार्यक्रम अन्तर्गत प्रभावित समुदायमा खर्च गर्ने गरी आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदनमा तोक्नु पर्ने व्यवस्था छ। उक्त रकम स्थानीय तह एवं प्रभावितसँगको समन्वयमा खर्च हुने गरेको छ। नेपाल विद्युत प्राधिकरणले हालसम्म ४७२ आयोजनाको ११ हजार १६८ मेगावाट विद्युत खरीद सम्झौता सम्पन्न गर्नुका साथै १९० आयोजनाबाट ३ हजार १५७ मेगावाट ऊर्जा खरिद गरिरहेको छ। जलविद्युत आयोजनाहरुमा सर्वसाधारणलाई जारी भएको शेयरबाट सङ्कलित रु. ५ खर्ब ३६ अर्ब ६८ करोड ९९ लाख (मिति २०८१ असार ३१ सम्मको बजार पुँजीकरण आधारित) रहेकोमा आयोजना बिमा बाहेक अन्य जोखिम न्यूनीकरणका औजारहरुको व्यवस्था गरेको देखिएन।

राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्रले कम्पनी सामाजिक उत्तरदायित्व समेतको अवधारणा उल्लेख गरे पनि लगानी सुरक्षण सम्बन्धमा कुनै व्यवस्था गरेको देखिएन। जलविद्युत आयोजना खोला, नदीमा आधारित हुने हुँदा निर्माण कार्य जोखिमयुक्त स्थानमा गर्नुपर्ने हुन्छ। जोखिम व्यवस्थापनका लागि पूर्वतयारी नहुँदा लागनी कर्ता र स्थानीय मात्र नभई उपभोक्ताको विद्युत आपूर्ति तथा कम्पनीको लगानीमा समेत प्रतिकूल प्रभाब पर्ने देखिएको छ। गतवर्षको बाढीबाट विपद्मा परेको दोर्दी, हेवा खोलाजस्ता आयोजनाको ठूला जोखिमलाई न्यूनीकरण

गर्न बिमाको अतिरिक्त लगानी कर्ताबाटै उपयुक्त व्यवस्थापन हुनुपर्ने देखिन्छ। सरकारले आयोजना जोखिम कोष लगायत दीर्घकालीन जोखिम व्यवस्थापनका लागि आम्दानीको उचित प्रतिशत रकमबाट पुँजी व्यवस्थापन एवं उपयुक्त नीति बनाई आयोजनाको स्थायित्वमा ध्यान दिनुपर्दछ।

३४. **आयोजना हस्तान्तरण** - जलविद्युत विकास नीति, २०५८ को बुँदा नं. ६.५ मा जलविद्युत उत्पादन आयोजना अनुमतिपत्रमा तोकिएको म्याद समाप्त भएपछि स्वत: नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। जलविद्युत आयोजनाहरू हस्तान्तरण गर्ने अवधि पूरा हुन २ वर्ष अगाडिदेखि सो आयोजनाको सञ्चालनमा नेपाल सरकारको समेत संलग्नता हुने व्यवस्था छ। मन्त्रालय तथा विभागबाट आयोजना निर्माण, सञ्चालन, स्वामित्व हस्तान्तरण प्रणालीमार्फत ३० वर्षपछि नेपाल सरकारलाई हस्तान्तरण हुनेगरी विद्युत उत्पादन अनुमति पत्र जारी गर्ने गरेको छ।नीतिको उक्त व्यवस्था बमोजिम ६० मेगावाटको खिम्ती हाइड्रो पावर २०५२ चैत्र, ४५० मेगावाट माथिल्लो भोटेकोशी २०५३ श्रावणमा पीपीए भएको आधारमा निकट भविष्यमा नै उक्त आयोजनाहरु नेपाल सरकारलाई हस्तान्तरण हुने देखिएकोमा हस्तान्तरित योजनाको प्राप्ति प्रक्रिया, एसेट इन्जनियरिङ्ग, पब्लिक शेयर सेटलमेन्ट लगायत आयोजना सञ्चालन विधि स्पष्ट गर्ने काम भएको छैन ।

विद्युत प्राधिकरण अन्तर्गतको सहायक कम्पनी २२.१ मेगावाटको चिलिमे हाइड्रोपावर २०५४ आषाढमा पिपिए भएकोमा प्राधिकरणबाट आयोजना प्राप्ति एवं सञ्चालन गर्ने विधि र प्रक्रियासमेत सरकारी नीतिमा निर्भर रहेको छ। आयोजना हस्तान्तरण गर्ने अवधि पूरा हुन २ वर्ष अगाडि आयोजनाको सञ्चालनमा नेपाल सरकारको समेत संलग्नता नदेखिंदा आयोजना हस्तान्तरणमा संलग्न निकायको तयारी देखिएको छैन ।सर्वसाधारण तथा निजी क्षेत्रको लगानी वातावरणमा असर नदेखिने गरी आयोजनाहरुको उपयुक्त मूल्याङ्कनमार्फत आयोजना सञ्चालनको उपयुक्त व्यवस्थापन गर्ने विधि र प्रक्रिया निर्माण गरी आयोजनाको सञ्चालनमा नेपाल सरकारको समेत संलग्नता सुरु हुनुपर्ने देखिन्छ।

३५. **प्रसारण** - नेपाल सरकारको पन्ध्रौं आवधिक योजनाको अन्त्यमा जलविद्युतको ६६ किलोभोल्ट तथा सो भन्दा माथिको प्रसारण लाइन ८ हजार सर्किट किलोमिटर, ३३ के.भी. प्रसारण लाइन ७ हजार ३०० सर्किट किलोमिटर र ११ के.भी. प्रसारण लाइन ४३ हजार ३५२ सर्किट किलोमिटर हुने अपेक्षा रहेको थियो। नेपाल विद्युत प्राधिकरणको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रगति विवरण अनुसार चालु वर्ष थप भएको ४०० के.भी. ४५० सर्किट किलोमिटर, २२० के.भी. ५८३ सर्किट किलोमिटर, १३२ के.भी. १२४८ सर्किट किलोमिटर गरी ७६६ सर्किट किलोमिटरसमेत ६ हजार ५०८ सर्किट किलोमिटर प्रसारण लाइन निर्माण भएको पाइयो। त्यस्तै प्रसारण लाइन निर्माणसँगै सोका लागि आवश्यक सबस्टेशन निर्माणको कार्य समेत समानान्तर हुने गरी निर्माण गर्नु पर्ने हुन्छ ।नेपालको हालसम्मको सबस्टेशन सञ्चालन अवस्था निम्न अनुसार रहेको नेपाल विद्युत प्राधिकरणको विवरणबाट देखिन्छ।

| प्रसारण लाइन (सर्किट कि.मि.) | लम्बाइ (सर्किट कि.मि.) |
|---|---|
| ४०० के.भी. | ६४४ |
| २२० के.भी. | १२१३ |
| १३२ के.भी. | ४१३६ |
| ६६ के.भी. | ५१४ |

| क्र.सं. | भोल्टेज रेटिङ्ग (के.भी.) | ट्रान्सफार्मर संख्या | कुल क्षमता एं.भी.ए. |
|---|---|---|---|
| १ | ४००-२२० | ९ | २३९० |
| २ | २२०-१३२ | ४३ | ३८७० |
| ३ | २२०-३३ | ४ | १८६ |
| ४ | १३२-६६ | १३ | ६३५ |
| ५ | १३२-३३ | ८५ | ३५३२ |

| | | | |
|---|---|---|---|
| ६ | १३२-११ | २९ | ८३५ |
| ७ | ६६-३३ | ३ | ७० |
| ८ | ६६-११ | ३३ | ७८० |
| ९ | ३३-११ | ५२ | ७५२ |

सरकारी तथा निजी क्षेत्रबाट निर्माण भएका विद्युत गृहबाट राष्ट्रिय ग्रिडमा पुग्ने प्रसारण लाइन र सोको लागि आवश्यक पर्ने सबस्टेसन निर्माण कार्यमा लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ।

३६. **निर्माणाधीन र प्रस्तावित प्रसारण लाइन** - २०७८/७९ को बजेट वक्तव्यमा जलविद्युत तथा प्रसारण लाइन निर्माणको लागि जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन र राइट अफ वे निर्धारण जस्ता पूर्वतयारी निश्चित समयभित्र सम्पन्न गर्ने तथा आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा राष्ट्रिय तथा अन्तरदेशीय विद्युत प्रसारण लाइनको सुदृढीकरण, विस्तार एवं स्तरोन्नति गरी विद्युत प्रसारण एवं वितरण प्रणालीलाई प्रभावकारी र भरपर्दो बनाइने उल्लेख छ। राष्ट्रिय तथा अन्तरदेशीय विद्युत व्यापारको दृष्टिकोणबाट महत्त्वपूर्ण मानिएका ४०० के.भी. क्षमताका केही प्रसारण लाइनहरुको अवस्था देहायबमोजिम रहेका छन्।

| प्रसारण लाइन | लम्बाइ (कि.मि.) | अवस्था |
|---|---|---|
| न्यू बुटवल-गोरखपुर | १२५ | भारततर्फको खण्डमा संरचना निर्माणाधीन। नेपालतर्फ १८ किमि खण्डको निर्माणका लागि ठेक्का लागेको। |
| ढल्केबर-सीतामढी | २१७ | ९०० मेगावाटको अरुण-३ जलविद्युत आयोजनाको भारतिय प्रवर्द्धक कम्पनी सतलज जलविद्युत निगमले निर्माण गरिरहेको। |
| इनरुवा-पुर्णिया | ११० | विस्तृत अध्ययन प्रतिवेदन स्वीकृति भइसकेको। लगानीको ढाँचामा छलफल जारी। |
| दोधारा-बरेली | २०० | विस्तृत अध्ययन प्रतिवेदन नेपाल-भारतको सचिवस्तरीय जोइन्ट स्टेरिङ कमिटिले स्वीकृत गरेको। लगानीको ढाँचामा छलफल जारी। |
| अत्तरिया-बरेली | १४० | प्रस्तावित |
| फुलबारी-लखनऊ | २०० | प्रस्तावित |
| चिलिमे-केरुङ्ग | ८० | परियोजनाको कार्यान्वयनको लागि नेपाल विद्युत प्राधिकरण र स्टेट ग्रिड कर्पोरेसन अफ चाइना बिच सहकार्यको सम्झौता भएको। |
| किमाथाङ्का-लात्से | २५० | परियोजनाको कार्यान्वयनको लागि नेपाल विद्युत प्राधिकरण र स्टेट ग्रिड कर्पोरेसन अफ चाइनाबिच सहकार्यको सम्झौता भएको। |

विद्युत प्रसारण लाइन तथा अन्तरदेशीय व्यापारसँग सम्बन्धमा देखिएको थप बेहोरा निम्न छन्:

३६.१. नेपाल-भारतबिच विद्युत व्यापारका दृष्टिकोणबाट महत्त्वपूर्ण मानिएको न्यू बुटवल गोरखपुर प्रसारण लाइनका लागि नेपालतर्फको खण्डमा लाइन विस्तारका लागि पूर्व तयारीको काम सम्पन्न भई ठेक्का सम्झौता भएको र भारततर्फको संरचनाको काम भइरहेको उल्लेख गरेको छ। विद्युत प्राधिकरण र भारतीय विद्युत प्रवर्द्धक कम्पनीबिच भारततर्फको काम सम्पन्न हुँदा नेपालले पनि आफ्नो प्रसारण लाइन निर्माण सम्पन्न गरी सक्नुपर्ने अन्यथा नेपालले जरिवाना तिर्नुपर्ने उल्लेख छ। भारतीय विद्युत प्रवर्द्धक कम्पनीको कार्य प्रगति अनुसार नेपालले प्रसारण लाइनको कार्य सम्पन्न नगरेमा सम्झौता अनुसार नेपालको तर्फबाट जरिवाना भुक्तानी गर्नुपर्ने विषयलाई महत्व दिई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत प्राधिकरण लगायतका सरोकारवाला निकायहरुले आवश्यक समन्वय गरी नेपालतर्फको प्रसारण लाइन निर्माण कार्यलाई समयमानै सम्पन्न गर्नु पर्दछ।

३६.२. नेपालले सन् २०३५ सम्ममा ५ हजार मेगावाट विद्युत बङ्गलादेश निर्यात गर्ने लक्ष्य लिएको छ। आर्थिक वर्ष २०८०।८१ बाट भारतीय ग्रिडमार्फत बङ्गलादेशलाई ४० मेगावाट विद्युत निर्यात सुरु गरेको छ। भारतीय ग्रिड क्षमता ४० मेगावाट मात्र रहेकोले सो भन्दा बढी विद्युत निर्यातका लागि बङ्गलादेशसँग उच्च क्षमताको डेडिकेटेड प्रसारण लाइन निर्माण गर्ने र भारतीय संरचनाको उपयोग गर्ने विषयमा कूटनीतिक पहलकदमी चाल्नुपर्ने देखिएको छ। ऊर्जा विज्ञहरुले बङ्गलादेश विद्युत निर्यातका लागि उपलब्ध विभिन्न विकल्पहरु मध्ये झापाको अनारमनीदेखि बङ्गलादेशको सीमासम्म सिधै डेडिकेटेड प्रसारण लाइन र नेपाल-भारत बिच निर्माण हुने इनरुवा-पुर्णिया अन्तर्देशीय प्रसारण लाइनको उपयोग गर्न सकिने जनाएका छन्। नेपाल-बङ्गलादेश तेस्रो मुलुकीय विद्युत व्यापारका लागि भारतको भू-राजनीतिक विषय समेतलाई समावेश गराई प्रसारण लाइन बिस्तारका लागि सम्बन्धित पक्षबाट पहल हुनपर्ने देखिएको छ। नेपालबाट बङ्गलादेश लगायतका अन्य तेस्रो मुलुकमा विद्युत निर्यातका लागि निर्बाध रुपमा विद्युत निर्यात गर्न डेडिकेटेड लाइन निर्माणमा जोड दिनु आवश्यक देखिएको छ।

३६.३. नेपाल र भारतबिच ४ जनवरी, २०२४ मा भएको दीर्घकालीन विद्युत व्यापार सम्झौतामा मध्यकालीन र दीर्घकालीन दुवै किसिमका सम्झौताहरुको बारेमा उल्लेख गरिएको छ। नेपालले भारतको हरियाणा राज्यको हरियाणा पावर पर्चेज सेन्टरसँग ५ वर्षको लागि २०० मेगावाट र बिहार राज्यको नर्थ बिहार पावर डिस्ट्रिब्युसन कम्पनीसँग ३ वर्षको लागि २०० मेगावाटको मध्यकालीन विद्युत खरिद सम्झौता गरेको छ। भारतले सन् २०१८ मा जारी गरेको अन्तर्देशीय विद्युत व्यापार निर्देशिकामा नेपालले भारतको विद्युत वितरण कम्पनीसँग हरेक पटक विद्युत व्यापर सम्झौता गर्दा भारत सरकारको पूर्व स्वीकृति लिनुपर्ने बाध्यातमक व्यावस्था रहेको देखियो। ऊर्जा विकास मार्गचित्र, २०८१ अनुरुप नेपालले सन् २०३५सम्म १० हजार मेगावाट विद्युत भारत निर्यात गर्न दीर्घकालीन विद्युत व्यापार सम्झौता गर्नुपर्ने आवश्यकता देखिएको छ।

३६.४. नेपालले भारतीय विद्युत व्यापार कम्पनी एनटीपीसी विद्युत व्यापार निगमसँग ४०० मेगावाट विद्युत निर्यातका लागि मध्यकालीन सम्झौता सम्पन्न भएकोमा २३५.५ मेगावाट र भारतीय विद्युत व्यापार कम्पनीसँग नेपाल-विहार १३२ के.भी. प्रसारण लाइनहरुमार्फत २०० मेगावाट विद्युत निर्यातका लागि मध्यकालीन विद्युत विक्री सम्झौता भएकोमा १२५ मेगावाट क्षमताका आयोजनाहरुका लागि भारत सरकारको स्वीकृति प्राप्त भएको देखियो। त्यस्तै, बिमस्टेक ग्रिड इन्टरकनेक्सन स्थापनाका लागि अगस्ट ३१, २०१८ मा एक समझदारीपत्रमा हस्ताक्षर भए पनि सो अनुसार अन्तरदेशीय विद्युतीय कनेक्टीभिटी कार्यान्वयन भई नसकेको अवस्थामा अक्टोबर ३, २०२४ मा नेपालबाट ४० मेगावाट विद्युत भारतीय ग्रिडमार्फत बङ्गलादेश निर्यात गर्ने गरी नेपाल विद्युत प्राधिकरण, बङ्गलादेशको बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड र भारतको एनटीपीसी विद्युत व्यापार निगमबिच त्रिपक्षीय सम्झौता भईसकेकोले नेपालले अन्तरदेशीय विद्युत व्यापारबाट फाइदा लिन जलविद्युत आयोजना र अन्तरदेशीय विद्युत प्रसारण लाइनको द्रुत एवं समानान्तर विकास गर्नुपर्दछ।

३७. **विद्युत वितरण तथा चुहावट** - नेपाल सरकारको पन्ध्रौं आवधिक योजनाको अन्त्य सम्ममा शतप्रतिशत नागरिक विद्युत सेवा पुऱ्याउने लक्ष्य रहेकोमा नेपालमा विद्युत उत्पादन, प्रसारण, वितरणका लागि नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापना भएको नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.)ले देशभर विद्युत वितरणका लागि एकल संस्थाको जिम्मेवारी बहन गर्दै आएकोमा हाल बुटवल पावर कम्पनी लिमिटेड(बी.पी.सी.) ले स्याङ्जा, पाल्पा, प्युठान र अर्घाखाँची जिल्लाका केही स्थानमा विद्युत वितरणका लागि अनुमतिपत्र प्राप्त गरी वितरण कार्य हुँदै आएको छ। नेपाल विद्युत प्राधिकरणको सामुदायिक तथा थोक

उपभोक्तासमेत ५४ लाख ५९ हजार र बुटवल पावर कम्पनी लिमिटेडको ६३ हजार नेपाल विद्युत प्राधिकरणको वार्षिक प्रतिवेदनमा उल्लेख छ।

| आर्थिक वर्ष | उपभोक्ता संख्या | | बिक्री परिमाण (गिगावाट-घण्टा) | | वितरण तथा प्रसारण क्षति (चुहावट) | |
|---|---|---|---|---|---|---|
| | ने.वि.प्रा. | बी.पी.सी. | ने.वि.प्रा. | बी.पी.सी. | ने.वि.प्रा. | बी.पी.सी. |
| २०७६।७७ | ४२१८५४२ | ५८०९१ | ६५२५ | ३२.६९ | १५.२७ | १५.६४ |
| २०७७।७८ | ४५२९२८९ | ५९९८८ | ७३१३ | ३५.४२ | १७.१८ | १६.५९ |
| २०७८।७९ | ४७६६०२१ | ६१५५८ | ९३३६ | ३८.८२ | १५.३८ | १६.८५ |
| २०७९।८० | ५३१३०५८ | ६२६६९ | १०६९३ | ३९.९० | १३.४६ | १५.०३ |
| २०८०।८१ | ५४५९२७५ | ६३७९२ | १२१६५ | ४३.१९ | १२.७३ | १४=४४ |

तालिका अनुसार वितरण अनुमति प्राप्त संस्थाले ग्राहक संख्या वृद्धि गर्दै गरेको देखिएपनि बुटवल पावर कम्पनी लिमिटेडको वृद्धि दर कम देखिएको छ भने विद्युत चुहावत (क्षति)को विवरण विश्लेषण गर्दा नेपाल विद्युत प्राधिकरणले विगत ५ वर्षमा घटाउँदै लगेको देखिन्छ भने नेपाल विद्युत प्राधिकरणको तुलनामा बुटवल पावर कम्पनी लिमिटेडको क्षति बढी छ। आवधिक योजनाको अपेक्षा अनुसार लगभग १ प्रतिशत जनताले अझैसम्म पनि भरपर्दो र सर्वसुलभ तरिकाले विद्युतको उपयोग गर्न पाएको छैन। उत्पादन, प्रसारण लाइन तथा सवस्टेशनहरुको उपयुक्त र समानान्तर विकास गरी ऊर्जालाई खुलाबजारमा थोक तथा खुद्रा वितरणलाई प्रोत्साहन एवं चुहावट नियन्त्रणलाई प्रभावकारी बनाई ऊर्जा उपयोग वृद्धि गर्नुपर्दछ।

३८. **माग तथा आपूर्ति व्यवस्थापन -** नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को परिच्छेद ३ मा प्राधिकरणको काम, कर्तव्य र अधिकार बमोजिम विद्युत उत्पादन, प्रसारण तथा वितरण गरी विद्युत आपूर्ति गर्ने मुख्य जिम्मेवारी नेपाल विद्युत प्राधिकरणलाई तोकिएको छ। सो बमोजिम विद्युत माग र आपूर्ति व्यवस्थापनमा प्राधिकरणको वर्तमान स्थिति र भावी रणनीति सम्बन्धमा विगत ५ वर्षको माग आपूर्ति स्थिति निम्नअनुसार रहेको देखिन्छ।

| आर्थिक वर्ष | विद्युत माग | उपलब्ध विद्युत | | | विद्युत खपत | |
|---|---|---|---|---|---|---|
| | | निजीक्षेत्र | प्राधिकरण | आयात | आन्तरिक | निर्यात |
| ०७६।७७ | ७८९४ | २९९१ | ३०२१ | १७२९ | ६४२२ | १०७ |
| ०७७।७८ | ८९२७ | ३२४१ | २८०४ | २८०६ | ७२७५ | ४४ |
| ०७८।७९ | ११११६४ | ६२३२ | ३२५९ | १५४३ | ८८७० | ४९३ |
| ०७९।८० | १२८८१ | ७६०६ | २९३० | १८३३ | ९३५८ | १३४६ |
| ०८०।८१ | १४६२४ | ९१६१ | २९११ | १८९५ | १०२४३ | १९४६ |

प्राधिकरणले ऊर्जा खरिद सम्झौता (पीपीए) गरेका कारण देश भित्र पर्याप्त विद्युत उत्पादन भई वर्षायाममा आन्तरिक माग पूर्ति भई बढी भएको विद्युत निर्यात गर्न सुरु गरेको उल्लेख छ। नेपाल सरकारबाट ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रका वर्तमान अवस्था र भावी मागचित्र (श्वेतपत्र)-२०७५ साथै दिगो विकास लक्ष्यको अवस्था र मार्गचित्र (सन् २०१६-२०३०) को प्रतिवेदन अनुसार २०८४।८५ सम्ममा १५ हजार मेगावाट विद्युत उत्पादन गर्ने र प्रति व्यक्ति विद्युत खपत १५ सय किलोबाट पुऱ्याउने अपेक्षा गरिएको छ। विद्युतको माग, आय र आर्थिक वृद्धि प्राधिकरणसँग प्रत्यक्ष रुपमा सम्बन्धित भएकोले आन्तरिक खपतका लागि व्यावसायिक योजना (कर्पोरेट डेभलपमेन्ट प्लान) बनाई सो को कार्यान्वयन भइरहेको जनाएको छ।

आन्तरिक विद्युत खपत बढाउन सार्वजनिक तथा निजी यातायातको लागि विद्युतीय सवारीको प्रोत्साहन, उद्योग, कलकारखाना स्थापनाका लागि प्रोत्साहन, विद्युतीय चुल्हो, वाशिङ्ग मेशिन, इलेक्ट्रिक ओभन, इलेक्ट्रीक वाटर गिजर जस्ता विद्युत खपत वृद्धि गर्ने उपकरणहरु प्रयोगको लागि प्रोत्साहन जस्ता कार्यलाई सरकारले नै प्राथमिकीकरण गर्नुपर्ने देखिन्छ। कुल जडित क्षमताको ६६ प्रतिशत आयोजना नदी प्रबाहमा आधारित रहेकोले गैह्र बारमासे(नन् पेरिनियल) प्रकृतिमा आधारित रहेको र सुख्खा याममा पानीको बहाव न्यून भई करिब एकतिहाइ मात्र ऊर्जा उत्पादन हुने हुनाले सो समेतलाई मध्यनजर गर्दै उत्पादन मिश्रण तथा जलशययुक्त आयोजनाहरुलाई प्रोत्साहन मार्फत विद्युत माग आपूर्तिको प्रभावकारी व्यवस्थापन मार्फत सम्बन्धित निकायहरु बिच समन्वय गरी लक्ष्य हासिल गर्नुपर्दछ। वैदेशिक बजारका लागि ऊर्जा मार्ग चित्र तथा द्विपक्षीय, त्रि-पक्षीय एवं क्षेत्रीय विद्युत बजार समेतका लागि कूटनीतिक समन्वय हुनुपर्ने देखिएको छ।

३९. **ऊर्जा स्थायित्व** - नेपालमा उत्पादित जलविद्युत मध्ये १ हजार ४११ मेगावाट नदी प्रवाहमा आधारित रहेकोले हिउँदमा उत्पादन करिब ३० प्रतिशत रहँदा वर्षायाममा बढी हिउँदमा कम उत्पादन हुने गरेको छ। कुल उत्पादित ऊर्जा स्रोत मध्ये जलविद्युत ९२.१ प्रतिशत र अन्य स्रोतबाट ७.९ प्रतिशत रहेकोमा वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रबाट सोलार प्लान्टबाट उत्पादित ४८.२३ मेगावाट समेत सौर्य प्लान्टबाट ४.७ प्रतिशत विद्युत उत्पादन भएको छ। जलविद्युतमा मात्र ऊर्जाको निर्भरता हुँदा जलवायु परिवर्तन एवं प्राकृतिक मौसमी घटनाको सामना गर्नु पर्दा ऊर्जामा स्थायित्वको जोखिम रहने समस्या छ। बढ्दो तापक्रमका कारण ग्लेसियर लेक आउटब्रस्ट फ्लड जस्ता प्राकृतिक प्रकोप सामना गर्न तथा ऊर्जा विकास र वातावरणीय संरक्षण बिच सन्तुलन कायम गर्न विद्युत आयोजनाहरुको ध्यान पुग्न सकेको देखिंदैन। नेपालको भूगोल र मौसम अनुसार स्पिनिङ रिर्जभ समेतका लागि हाइड्रोपावरका अतिरिक्त सौर्य, वायु, हरित हाइड्रोजन भण्डारणमा आधारित जलविद्युत, ब्याट्री इनर्जी स्टोरेज सिस्टम जस्ता नवीकरणीय ऊर्जा उत्पादनमा विविधीकरण मार्फत ऊर्जा स्थायित्व गर्ने नीतिमा जोड दिनुपर्दछ।

४०. **विद्युत महसुल दर** - विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १३ अनुसार नियमन आयोगबाट पछिल्लो पटक २०७८ कार्तिकमा घरायसी प्रयोगका लागि मासिक खपत स्ल्याबमा आधारित ५,१५, ३०, र ६० एम्पियर सिङ्गलफेज (२३० भोल्ट), उच्च विद्युतीय लोड आवश्यकता भएका घरेलु उपभोक्ताहरूका थ्रीफेज लो-भोल्टेज (४०० भोल्ट), र ठूलो मात्रामा विद्युत खपत गर्ने ग्राहकहरूका लागि थ्रीफेज हाइ-भोल्टेज (३३/११ किलोभोल्ट) गरी तिन प्रकारको विद्युत महसुलको निम्नअनुसार दर कायम गरेको छ।

**सिङ्गल फेज लो भोल्टेज (२३० भोल्ट)**

| खपत (किलोवाट घण्टा/महिना) | ५ एम्पियर | | १५ एम्पियर | | ३० एम्पियर | | ६० एम्पियर | |
|---|---|---|---|---|---|---|---|---|
| | मासिक न्यूनतम शुल्क (रू.) | ऊर्जा शुल्क (रू./किवा घण्टा) | मासिक न्यूनतम शुल्क (रू.) | ऊर्जा शुल्क (रू./किवा घण्टा) | मासिक न्यूनतम शुल्क (रू.) | ऊर्जा शुल्क (रू./किवा घण्टा) | मासिक न्यूनतम शुल्क (रू.) | ऊर्जा शुल्क (रू./किवा घण्टा) |
| ०-२० | ३० | ० | ५० | ४ | ७५ | ५ | १२५ | ६ |
| २१-३० | ५० | ६।५ | ७५ | ६।५ | १०० | ६।५ | १२५ | ६।५ |
| ३१-५० | ५० | ८ | ७५ | ८ | १०० | ८ | १२५ | ८ |
| ५१-१०० | ७५ | ९।५ | १०० | ९।५ | १२५ | ९।५ | १५० | ९।५ |
| १०१-२५० | १०० | ९।५ | १२५ | ९।५ | १५० | ९।५ | २०० | ९।५ |
| २५१ माथि | १५० | ११ | १७५ | ११ | २०० | ११ | २५० | ११ |

**नोटः** ५ एम्पियर जडानमा २० युनिटसम्म खपत गर्नेका लागि ऊर्जा शुल्क निःशुल्क छ, केवल नेरू ३० सेवा शुल्क लाग्नेछ।

| विवरण | थ्री फेज लो भोल्टेज (४०० भोल्ट) | | | | | | थ्री फेज मिडियम भोल्टेज (३३/११ केभि) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| खपत (किलोवाट घण्टा/महिना) | १० केभीए सम्म | | | १० केभीए सम्म | | | १० केभीए भन्दा माथि | | |
| | न्यूनतम मासिक शुल्क (रू) | महिना | ऊर्जा शुल्क (रू/कि घण्टा) | न्यूनतम मासिक शुल्क (रू) | महिना | ऊर्जा शुल्क (रू/किवा घण्टा) | न्यूनतम मासिक शुल्क(रू) | महिना | ऊर्जा शुल्क (रू/किवा घण्टा) |
| सबै ग्राहकहरु | ११०० | असार-कार्तिक | १०।५ | १८०० | असार-कार्तिक | १०।५ | १०००० | असार-कार्तिक | १०।५ |
| | | मंसिर-जेठ | ११।५ | | मंसिर-जेठ | ११।५ | | मंसिर-जेठ | ११ |

उपर्युक्त तालिकानुसार कम आय भएका उपभोक्ताहरूलाई आर्थिक सहुलियत प्रदान गर्न सिङ्गल फेज लो भोल्टेज ५ एम्पियरको लागि, ०-२० किलोवाट घण्टा खपतमा मासिक न्यूनतम शुल्क रू.३० र ऊर्जा शुल्क निःशुल्क गरिएको छ। २१-३० किलोवाट घण्टा खपत स्ल्याबमा न्यूनतम शुल्क रू.५० र ऊर्जा शुल्क रू.६.५ प्रति युनिट, ३१-५० किलोवाट घण्टामा न्यूनतम शुल्क रू.५० तर ऊर्जा शुल्क रू.८ प्रति युनिट, ५१-१०० किलोवाट घण्टा स्ल्याबमा न्यूनतम शुल्क रू.७५ र ऊर्जा शुल्क रू.९.५ प्रति युनिट, १०१-२५० किलोवाट घण्टामा न्यूनतम शुल्क रू.१०० र ऊर्जा शुल्क रू.९.५ प्रति युनिट, २५१ किलोवाट घण्टा माथिको खपतमा न्यूनतम शुल्क रू.१५० र ऊर्जा शुल्क रू.११ प्रति युनिट निर्धारण भएको देखिन्छ। त्यस्तै १० के.भी.ए. सम्मका सबै ग्राहकहरूको लागि मासिक न्यूनतम शुल्क रू.११ सय निर्धारण गरेपनि मौसम अनुसार असारदेखि कार्तिक (वर्षायाम) मा प्रति युनिट रू.१०.५ र मंसिरदेखि जेठ (हिउँद) मा रू.११.५ प्रति युनिट दर रहेको छ। उक्त दरले साना उपभोक्ताहरूलाई प्रोत्साहन गरी बढी खपत गर्नेहरूका लागि उच्च शुल्क निर्धारण गरेको देखियो। नदी प्रवाहमा आधारित जलविद्युत उत्पादन बढी हुने वर्षायाममा कम दर र कम विद्युत उत्पादन हुने हिउँदमा उच्च दर कायम गरेर माग र आपूर्तिको सन्तुलन गर्ने प्रयास भएको देखिन्छ।

हाल नेपालमा पर्याप्त विद्युत उत्पादन भई निर्यातसमेत सुरु भई स्वदेशमा समेत विद्युत खपतलाई प्रोत्साहन गरिरहेको अवस्थामा विद्युत खपत बढ्दै जाँदा प्रति युनिट महसुल दर बढाउदै गएको अवस्थाले विद्युत उपयोगलाई निरुत्साहित गरेको अवस्था छ। स्वदेशमा विद्युत खपत बढाउन माग तथा आपूर्तिको नियमानुसार प्रोत्साहित एवं स्वचालित दर निर्धारण हुनुपर्नेमा छिमेकी मुलकमा निर्यात दर भन्दा स्वदेशी ग्रहकलाई बढी दर महसुल निर्धारणको आधार स्पष्ट छैन । औद्योगिक खपत वृद्धि प्रोत्साहन गरी स्वदेशी महसुल दरलाई सन्तुलन गर्ने, तथ्याङ्कीय विश्लेषण, लागत संरचनाको पारदर्शिता र स्वदेशी ग्राहकहरूलाई अन्तरदेशीय दरसँग तुलनात्मक अध्ययन गरी सन्तुलित मूल्य कायम गर्ने ठोस कार्ययोजना बनाएको देखिएन। समय सापेक्ष लागतमा आधारित महसुलदर निर्धारण हुनुपर्दछ।

४१. **विद्युतीय ऊर्जा खपत** - नेपालमा विद्युत उत्पादन, प्रसारण र वितरण गर्ने निकाय नेपाल विद्युत प्राधिकरणको २०८०/८१ को प्रतिवेदन अनुसार औद्योगिक, व्यावसायिक र घरेलु क्षेत्रमा ऊर्जाको माग बढ्दो क्रममा रहेकोले कुल ग्राहक संख्या ५४ लाख ५९ हजार २७५ पुगेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा ६.३३ प्रतिशत ग्राहक वृद्धि हुँदा कुल विद्युत खपत १० हजार २२७ गिगावाट-घण्टा तथा आम्दानी अघिल्लो वर्षको तुलनामा रु.९ अर्ब १७ करोड वृद्धि भई कुल राजस्व रु.९९ अर्ब ६३ करोड पुगेको छ। नेपाल विद्युत प्राधिकरणले उपलब्ध गराएको आर्थिक वर्ष २०८०।८१ ग्राहकहरुको वितरण, विद्युत उपभोग र आम्दानीको अवस्था देहाय अनुसार रहेको छ।

उक्त चार्ट अनुसार कुल ग्राहक संख्याको ९१.५४ प्रतिशत घरेलु रहेकोमा कुल विद्युत खपत ४२.१३ र कुल आम्दानीमा ३८.५६ प्रतिशत योगदान रहेको देखिन्छ। त्यस्तै औद्योगिक क्षेत्रका १.२६ प्रतिशत ग्राहकले ३६.१२ प्रतिशत विद्युत उपभोग गर्दा कुल आम्दानीको ३६.७८ प्रतिशत हिस्सा ओगटेको छ। यसबाट औद्योगिक क्षेत्रको विकास हुँदा विद्युत खपत र राजस्वमा उल्लेख्य योगदान दिन सक्ने देखिन्छ। वित्तीय स्थिरताका लागि गैरवाणिज्य र वाणिज्य क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको छ। नेपालले २८ हजार ४६८ मेगावाट विद्युत उत्पादन गर्ने महत्वाकांक्षी लक्ष्य राखे पनि १३ हजार ४६८ मेगावाट आन्तरिक रूपमा उपयोग गर्न चुनौतीपूर्ण देखिन्छ। दीर्घकालीन रूपमा विद्युत व्यापार सन्तुलन गर्न प्राधिकरणको एकल प्रयास नभई नेपाल सरकारले निजी क्षेत्र समेतको सहयोगमा उद्योग तथा वाणिज्य क्षेत्रमा विकास गर्नु पर्ने देखिन्छ।

विद्युत खपत बढाउन औद्योगीकरणलाई प्रवर्धन गर्दै सिमेन्ट, स्टिल, औषधी, कृषि प्रशोधन लगायत उत्पादनमूलक उद्योगहरू स्थापना गर्ने नीति अवलम्बन गर्नुका साथै, घरेलु खपत वृद्धिका लागि ग्राहकहरूलाई आधुनिक विद्युतीय घरेलु उपकरणहरुको प्रयोगमा जोड दिई महसुल दरमा पारदर्शी र सहुलियतपूर्ण बनाउने नीति आवश्यक रहेको देखिन्छ। गैरवाणिज्य र वाणिज्य क्षेत्रमा विद्युतीय यातायातलाई प्रवर्धन गर्दै चार्जिङ्ग स्टेशन पूर्वाधार विस्तार, डेटा सेन्टर, कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence, AI) जस्ता ऊर्जागहन प्रविधि-लाई बढवा दिने, कृषि क्षेत्रमा विद्युतीय सिँचाइ प्रणाली र कोल्ड स्टोरेज प्रवर्धन, ग्रामीण क्षेत्रमा खानेपानी लिफ्टिङ्ग प्रणालीका लागि सहुलियत दरमा विद्युत उपलब्ध गराई विद्युत खपत बढाउने नीति लिनुपर्ने देखिन्छ। सरकारले विद्युत ऊर्जाआधारित -उद्योगहरूको विकासमा रणनीतिक हस्तक्षेप नगरेमा विद्युत उपयोग हुने लक्ष्य पूरा हुने देखिएको छैन। आन्तरिक खपत बढाई जलविद्युत उपयोगमार्फत आर्थिक समृद्धि हासिल गर्नु पर्दछ।

| गाहकको किसिम | गाहक प्रतिशत | बिक्री प्रतिशत | आम्दानी प्रतिशत |
|---|---|---|---|
| घरेलु ऊर्जा क्षेत्र | ९१.५४ | ४२.१३ | ३८.५६ |
| गैरवाणिज्य क्षेत्र | ०.७१ | ३.१५ | ४.५६ |
| वाणिज्य क्षेत्र | ०.७५ | ८.०८ | ११.६३ |
| उद्योग | १.२६ | ३६.१२ | ३६.७८ |
| अन्य | ५.७३ | १०.५१ | ८.४७ |




४२. **रोयल्टी असुली** - विद्युत ऐन, २०४९ को दफा ११ मा अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको पन्ध्र वर्षसम्म प्रति जडित किलोवाट वार्षिक एकसय रुपैयाँ र प्रति युनिट (किलोवाट

घण्टा) सरदर बिक्री मूल्यको २ प्रतिशतका दरले नेपाल सरकारलाई रोयल्टी बुझाउनु पर्ने व्यवस्था छ। त्यसैगरी दफा ११ को उपदफा २ मा उक्त अवधि पछि अनुमतिपत्र प्राप्त व्यक्तिले प्रति जडित किलोवाट वार्षिक १ हजार रुपैयाँ र प्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्रीक मूल्यको १० प्रतिशतका दरले नेपाल सरकारलाई रोयल्टी बुझाउनु पर्ने व्यवस्था छ। सोही आधारमा विद्युत विकास विभागले १६१ जलविद्युत आयोजनाबाट विगत ५ वर्षमा प्राप्त राजस्व निम्न अनुसार रहेको छ।

**(रु. हजारमा)**

| सि.नं. | राजस्व विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|
| १ | विद्युत रोयल्टी | २८७९५२५ | २८२६८६८ | ३०५७८६२ | ३१५५१८९ | ३४५१४४६ |
| २ | विद्युत दस्तुर | ८४७१४६ | १४६७६५१ | १४६८५५२ | ११५०५५६ | ८०३३७२ |
| ३ | अन्य | ८९०३ | ३३७८ | ३५४९ | १२९०६ | १४१५८ |
| | जम्मा | **३७३५५७४** | **४२९७८९७** | **४५२९९६३** | **४३१८६५१** | **४२६८९७६** |

विद्युत ऐन, २०४९ को दफा ११ ले विद्युत उत्पादन गृहको उत्पादित विद्युत युनिट र सोको बिक्री मूल्यको आधारमा रोयल्टी तिर्नुपर्ने व्यवस्था गरेपनि निर्धारित राजस्व नतिर्ने आयोजनालाई हुने कानुनी कारबाही स्पष्ट नभएको, सीमित प्रतिस्पर्धाको अवस्था, रोयल्टी निर्धारण गरिने आधार, उत्पादन सम्झौतामा उल्लेखित परिमाणमा उत्पादन हुन नसकेमा रोयल्टी लिने आधार स्पष्ट नरहेको जस्ता कारण रोयल्टी सङ्कलनमा कानुनी अस्पष्टता देखिएको छ। विद्युतको बढ्दो माग र उत्पादनलाई व्यवस्थित गरी विद्युत क्षेत्रको रोयल्टीलाई राजश्वको प्रमुख स्रोतको रुपमा विकास गर्न उल्लेखित कानुनी व्यवस्थामा सुधार गर्नु पर्दछ। विद्युत उत्पादन अनुमति पत्र लिई तोकिएको समयभित्र निर्माण सम्पन्न नगर्ने कम्पनीहरुको निर्माण अवधि समाप्त भएपछि सम्बन्धित कम्पनीहरुको उत्पादन क्षमताको आधारमा रोयल्टी लिने व्यवस्था गरी आयोजना ओगट्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने समेत कानुनी व्यवस्थामा परिमार्जन गर्नुपर्दछ।




४३. **डेडिकेटेड र ट्रङ्क लाइन महसुल बक्यौता** – नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को परिच्छेद ३ मा ग्राहकबाट विद्युत महसुल र सेवा शुल्क उठाउने अधिकार समेत प्राधिकरणलाई तोकिएको छ। आयोगबाट तोकिएको महसुल दर अनुसार बिलिङ्ग गरी डेडिकेटेड र ट्रङ्क लाइन ग्राहकहरुको बिल जारी भएकोमा विभिन्न औद्योगिक प्रतिष्ठानबाट नियमित महसुल भुक्तानी भएको देखिएन। प्राधिकरणले नियमित बिल भुक्तानी नभई बक्यौता रहेको रकम उठाउन प्राधिकरणबाट हालसम्म ४ पटक लाइन काट्ने निर्णय भएकोमा समेत बक्यौता रकम असुल नगरी विभिन्न निकायको निर्देशनमा लाइन जोडिएको छ। प्राधिकरणले जारी गरेको विल निर्धारणका सम्बन्धमा प्राधिकरण र ग्राहक बिच मतान्तर भई अदालत, प्राधिकरण र अन्य निकायहरुमा उजुरी परेको हुँदा ती उजुरी छानविन एवं अध्ययन गर्न विभिन्न समिति/उपसमिति समेत गठन भएको देखियो। सार्वजनिक लेखासमिति लगायतका समितिहरुले दिएको निर्देशन समेत कार्यान्वयन नभई अझै ५९ ग्राहकको रु.२३ अर्ब ४४ करोड बक्यौता रहेको देखियो।

पछिल्लो पटक मन्त्रिपरिषद्बाट २०८०।९।२४ मा जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ बमोजिम पूर्व न्यायाधिशको अध्यक्षतामा गठित जाँचबुझ आयोगले २०८१ बैशाखमा पेस गरेको

प्रतिवेदन अनुसार डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनको विद्युत महसुल निर्धारण भएको अवधि (२०७२ साउनदेखि २०७२ पुषसम्म) लोडसेडिङ्ग अन्त्य हुनु अघिको अवधि (२०७२ माघदेखि २०७५ वैशाख सम्म) र लोडसेडिङ्ग अन्त्य भएपछिको अवधि (२०७५ जेठदेखि २०७७ असारसम्म) को विद्युत महसुल विवाद समाधान गर्न विभिन्न सुझाव दिएकोमा सुझाव अनुसार महसुल उठाएको छैन। बक्यौता हिसाब फरफारख गर्नुपर्दछ।

४४. **विद्युत चुहावट**- जलविद्युत विकास नीति, २०५८ को ५.१२ मा प्राविधिक उपाय तथा कानुनी व्यवस्थाका साथै जनसहयोग परिचालनमार्फत विद्युत चुहावट नियन्त्रण गरिने उल्लेख छ। नेपाल विद्युत प्राधिकरणबाट उपलब्ध विवरण अनुसार विगत १० वर्षमा विद्युत प्रणालीमा १२.७३ प्रतिशत तथा प्रसारण चुहावट ४.४३ प्रतिशत रहेको निम्न तालिकाबाट देखिन्छ। विद्युत आपूर्तिको गुणस्तर तथा विश्वसनीयता बढाउन वितरण प्रणालीको Upgrading तथा rehabilation कार्य मार्फत Energy Tariff को restructuring गर्नुका साथै नवीन प्रविधिहरुको प्रयोग गरी चुहावट नियन्त्रण गर्ने कार्यमा थप सुधार गर्नुपर्दछ।

**विद्युत चुहावट तथा प्रसारण क्षति**

| क्र.स. | विद्युत प्रणाली चुहावट | | प्रसारण क्षति | | | |
|---|---|---|---|---|---|---|
| | वर्ष | चुहावट प्रतिशत | आ.व | जम्मा आयात (मे.वा.आ) | जम्मा निर्यात (मे.वा.आ) | चुहावट प्रतिशत |
| १ | २०१५ | २४.४४ | २०७१/७२ | ४३९४००५.१७ | ४१९३००४.०३ | ४.५७ |
| २ | २०१६ | २५.७८ | २०७२/७३ | ३०९७३०२.०२ | २९३४२५९.९० | ५.२६ |
| ३ | २०१७ | २२.९ | २०७३/७४ | ५५५२९२७.५७ | ५२७५०५८.७९ | ५.०० |
| ४ | २०१८ | २०.४५ | २०७४/७५ | ६३४७८४९.१३ | ५९८०९९५.९२ | ५.७८ |
| ५ | २०१९ | १५.३२ | २०७५/७६ | ७००५३९७.४८ | ६७००६४८.१२ | ४.३५ |
| ६ | २०२० | १५.२७ | २०७६/७७ | ७१४९३९१.४७ | ६८२६८३३.४७ | ४.५१ |
| ७ | २०२१ | १७.१८ | २०७७/७८ | ८१७०१७५.५४ | ७७९१२६६.०७ | ४.६४ |
| ८ | २०२२ | १५.३८ | २०७८/७९ | १०११११५५६.७४ | ९६५९९८३.८८ | ४.४७ |
| ९ | २०२३ | १३.४६ | २०७९/८० | ११७०८१७२.९२ | १११८२९९८.९९ | ४.४९ |
| १० | २०२४ | १२.७३ | २०८०/८१ | १३३५३१९८.८२ | १२७६११३०.६४ | ४.४३ |

४५. **चार्जिङ्ग स्टेशन**- नेपालको पन्धौं योजनाले विद्युतबाट सञ्चालित सवारी साधनको प्रवर्धन र महसुल दर सम्बन्धमा अध्ययन गरी उपयुक्त महसुल निर्धारण गर्ने, निजी क्षेत्रको सहभागितामा आवश्यक चार्जिङ्ग स्टेशनहरू स्थापना गर्दै विद्युतीय सवारी साधनको प्रवर्धन गर्ने लक्ष्य राखेको छ। नेपालमा पछिल्लो ५ वर्षमा आयात भएको कुल साना सवारी मध्ये निम्न तालिका बमोजिम विद्युतीय सवारी साधन आयात बढ्दो देखिएको छ। आयात भएको विद्युतीय सवारी साधन बजारमा विशेष गरी बिवाईडी, टेस्ला लगायत चिनीयाँ कम्पनीले आक्रामक बजार विस्तार गर्दा आर्थिक वर्ष २०८०/८१ सम्ममा कुल सवारी साधन आयातमध्ये विद्युतीय सवारीको हिस्सा ७४.१४ प्रतिशत पुगेको छ।

| आर्थिक वर्ष | कुल आयात (कार, जीप, भ्यान) | आयात मध्य विद्युतीय सवारी | विद्युतीय सवारी प्रतिशत | जम्मा आयात रकम (करोडमा) | विद्युतीय सवारी रकम (करोडमा) |
|---|---|---|---|---|---|
| २०७६।७७ | १०९९४ | ५७५ | ५.२३ | ११२६.१९ | १८७.२३ |
| २०७७।७८ | १५११३ | २४९ | १.६५ | १५७२ | ६५.७८ |
| २०७८।७९ | १६७५३ | १८०७ | १०.७८ | २२२२.९४ | ५३२.०५ |
| २०७९।८० | ७०९२ | ४२२० | ५९.५० | १६१२.५८ | १२२५.५३ |
| २०८०।८१ | १६३८२ | १२१४७ | ७४.१४ | ५३९.९९ | ३०५१.९८ |

नेपालमा विद्युतीय सवारी साधन (इ.भी.) को प्रयोग तीव्र रूपमा बढ्दै गए पनि आवश्यक पूर्वाधारको विकास सोही अनुपातमा हुन सकेको छैन। चार्जिङ्ग स्टेशन नेपाल वेबसाइटका अनुसार हाल नेपाल विद्युत प्राधिकरणले देशभर ५१ स्थानमा चार्जिङ्ग स्टेशनहरू स्थापना गरेको तथा निजी क्षेत्र र प्रदेश सरकारहरूको सहभागितामा करिब ४०० चार्जिङ्ग स्टेशनहरू सञ्चालनमा आएका छन्। तथापि, चार्जिङ्ग स्टेशनहरू काठमाडौं उपत्यका लगायत ठूला सहरहरूमा मात्र सीमित हुँदा ग्रामीण क्षेत्र र लामो दुरीका सवारी साधन लाभान्वित हुन सकेका छैनन्। बिक्रेता कम्पनीहरूले आफ्नो सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत चार्जिङ्ग स्टेशनहरूको निर्माणलाई महत्व दिई दिगो पूर्वाधार निर्माणका लागि सरकारी, निजी र सवारी साधन बिक्रेता कम्पनीहरूको संयुक्त प्रयास जरुरी देखिएको छ। विद्युतीय सवारी साधनहरूको प्रवर्धन, ब्याट्रीको पुनःप्रयोग र वातावरणीय प्रभाव न्यूनीकरणका लागि विस्तारित उत्पादक जिम्मेवारी (इपीआर) समेतको कानुन तयार गरी कार्यान्वयन गर्नुपदर्छ।

४६. **राजश्व छुट** - जलविद्युत विकास नीति,२०५८ को दफा ६.१४.२ मा स्वीकृति लिई आयोजनाले आयात गरेको औद्योगिक संयन्त्र, उपकरण, जगेडा पार्टपूर्जामा मूल्य अभिवृद्धि कर (मूअकर) नलाग्ने व्यवस्था गरेको आधारमा जलविद्युत आयोजनाले आयात गरेको मेशिनरी उपकरण लगायतमा मूअकर छुटको व्यवस्था गरेको देखियो। विद्युत विकास विभागबाट जलविद्युत कम्पनीहरुलाई यस्तो छुट सुविधा उपलब्ध गराउदै आएकोमा विगत ५ वर्षमा निम्नअनुसार (युरो, जापानीज येन, अमेरिकी डलर, नोरविजिय क्रोन र भारतीय रुपियाँ समेतको परिवर्तित नेपाली रकम) रु. १ खर्ब १५ अर्ब ५७ करोड ९८ लाख ९१ हजार मूअकर छुट दिएको देखिन्छ।

| सि.नं. | आर्थिक वर्ष | रकम (रु.हजार) |
|---|---|---|
| १ | २०७६।७७ | १८००४०९६ |
| २ | २०७७।७८ | १७२९१४३४ |
| ३ | २०७८।७९ | १८०७१७०९ |
| ४ | २०७९।८० | २७७७७६९४ |
| ५ | २०८०।८१ | ३४४३४९५८ |
| | **जम्मा** | **११५५७९८९१** |

अन्य उद्योगधन्दा, कलकारखाको तुलनामा जलविद्युत संरचना निर्माणमा भएको तीब्रतासँगै मूअकर छुट वृद्धि हुदै जाँदा यसले अर्थतन्त्रमा पर्ने असर समेतको मूल्याङ्कन हुनु पर्दछ।

४७. **विद्युत व्यापार** - नेपाल सरकारले ऊर्जा विकास मार्गचित्र जारी गर्दै आगामी दशकमा छिमेकी मुलुकहरु विशेषत: भारत र बङ्गलादेशमा करिब १५ हजार मेगावाट विद्युत निर्यात गर्ने महत्त्वाकाङ्क्षी लक्ष्य लिएको छ। नेपाल-भारतबिच अक्टोबर २१, २०१४ मा विद्युत व्यापार सम्झौता (Agreement on Electric Power Trade, Cross-Border Transmission Interconnection and Grid Connectivity) भएकोमा मे १, २०२१देखि नेपाल-भारत विद्युत व्यापार सम्झौतामा आधारित रहेर इन्डियन इनर्जी एक्सचेन्जको डे-अहेड बजारबाट नेपालले सुख्खायामका महिनाहरुमा विद्युत आयात गर्न सुरुवात गरेको देखियो । जनवरी ४, २०२४ मा नेपाल र भारतबिच दीर्घकालीन विद्युत व्यापार सम्झौता (Agreement on Long-Term Power Trade) सम्पन्न पश्चात् नेपालले विधिवत रुपमा भारतीय बजारमा प्रवेश पाएको आधारमा नेपालले आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत भारत निर्यात गर्ने लक्ष्य राखेको देखियो। नेपालको जलविद्युत आयोजनाहरु नदी प्रवाहमा आधारित रहेकोले वर्षायाममा माग भन्दा बढी उत्पादन रहेको र

हिउँदयाममा उत्पादन घट्नगई माग पूर्ति हुन नसक्दा भारतबाट विद्युत आयात गरिरहेको अवस्था छ। जलविद्युतको व्यापार सन्दर्भमा देखिएका थप बेहोरा निम्न छन्।

४७.१. **विद्युत आयात निर्यात** - नेपाल सरकारको पन्ध्रौँ आवधिक योजनाको पूर्वाधार विकास तर्फको जलविद्युत सम्बन्धी कार्य नीतिमा भारत र अन्य क्षेत्रीय मुलुकसँग द्विपक्षीय तथा बहुपक्षीय विद्युत व्यापार सम्झौता गरी क्षेत्रीय विद्युत वजारको विकास गरिने उल्लेख छ। नेपालका जलविद्युत आयोजना नदी प्रवाहमा आधारित रहेका कारण समय अनुसार विद्युत उत्पादन फरक रहेको तथा भारतमा गर्मी मौसमका लागि विद्युत अभाव रहेको अवस्था छ। नेपालबाट आर्थिक वर्ष २०७८/७९, २०७९/८० र २०८०/८१ मा क्रमशः ४९४ गिगावाट-घण्टा, १,३३३ गिगावाट-घण्टा र १,९४३ गिगावाट-घण्टा विद्युत भारत निर्यातबाट रु.३२ अर्ब ७६ करोड ५० लाख आम्दानी गरेको छ। त्यस्तै सोही आर्थिक वर्षमा क्रमश १५४३, १८५५ र १८३४ गिगावाट-घण्टा विद्युत आयातगरी रु.८७ अर्ब ३१ करोड ९० लाख खर्च गरेको निम्न तालिकाबाट देखियो।

निर्याततर्फ (गिगावाट आवरमा)

| वर्ष | श्रावण | भाद्र | आश्वीन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७८।७९ | ३ | ३८ | ८१ | ३३ | २८ | ० | ० | ० | ० | ० | ७० | २४० | ४९४ |
| २०७९।८० | २५२ | २५६ | २८१ | २०२ | ८८ | ० | ० | ० | ० | ० | २४ | २३० | १३३३ |
| २०८०।८१ | २५६ | ३०५ | ४१८ | ३८० | ११४ | ० | ० | ० | ० | ० | ६८ | ४०१ | १९४३ |

आयाततर्फ (गिगावाट आवरमा)

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७८।७९ | ९२ | १४ | ५ | ० | २१ | १८३ | २८१ | ३२७ | २५१ | २३० | ८७ | ५१ | १५४३ |
| २०७९।८० | २५ | २१ | ६ | १ | १९ | २०३ | ३११ | ३१८ | ३३६ | ३९६ | १८४ | ३५ | १८५५ |
| २०८०।८१ | १० | १ | १ | ० | २६ | १६३ | ३२४ | ३९५ | ३४९ | ३५७ | १८८ | १९ | १८३४ |

तालिका अनुसार आर्थिक वर्ष २०८०।८१देखि नेपालले निर्याततर्फ प्रगति गरेको देखिन्छ। देशभित्र तथा सीमापार विद्युत व्यापार गर्न मन्त्रिपरिषद् द्धारा २०७३ सालमा नेपाल विद्युत व्यापार कम्पनी लिमिटेडको स्थापना गरी २०७८ पौष ९ मा विद्युत व्यापार गर्ने स्वीकृति पाए पनि कम्पनीले विद्युत व्यापारका क्रियाकलाप गरेको जानकारीमा आएन। नेपालको विद्युत क्षेत्रमा निजीक्षेत्रले गरेको लगनीको बढोत्तरी र उत्पादन अनुमति अवस्था विश्लेषण गर्दा विद्युत व्यापारका लागि नीतिगत एवं संस्थागत व्यवस्थापन गर्न बाँकी देखिएको छ।

४७.२. नेपाल विद्युत प्राधिकरण र चीन सरकारको स्टेट ग्रिड कर्पोरेसन अफ चाइनाबिच चिलिमे-केरुङ्ग र किमाथाङ्का-लात्से विद्युत प्रसारण लाइन निर्माणको लागि सहकार्यको सम्झौता भएको छ। नेपालले चीनमा विद्युतको माग र आपूर्तिको अवस्था, विद्युतको मूल्य लगायत तथ्याङ्क नभएको अवस्थामा नेपालको निर्धारित दरमा चीनमा विद्युतको बजार सम्भाव्यता भए नभएको अध्ययन भएको छैन। सहकार्यको सम्झौता भएका प्रसारण लाइनहरुको लगानी तथा विद्युत व्यापारको प्रारुपबारे पनि अध्ययन हुन जरुरी देखिन्छ। नेपालको जलविद्युत क्षेत्रमा उच्च लगानी रहेको चिनसँग सहकार्य गरी विद्युत बजार विस्तार गर्नु पर्ने देखिन्छ।

४७.३. भारत र बङ्गलादेशले सन् २०७० सम्ममा नेट जिरो कार्बन उत्सर्जन गर्ने लक्ष्य तय गरेको छ। जिरो कार्बन उत्सर्जनका लागि दुवै देशमा भएको पुराना, कम दक्ष थर्मल विद्युत उत्पादन केन्द्रहरू विस्थापित हुनु जरुरी छ। थर्मल विद्युत उत्पादन केन्द्रहरू प्रतिस्थापन पश्चात् स्वच्छ तथा हरित ऊर्जामा लागि जलविद्युत ऊर्जाको दायरा अभिवृद्धि हुँदा विशेषगरी नेपाल र भुटानका जलविद्युत आयोजनाहरूले प्राथमिकता प्राप्त गर्ने देखिएको छ। जाइकाद्वारा तयार गरिएको बङ्गलादेशको शक्ति तथा ऊर्जा क्षेत्र

गुरुयोजना, २०१६ ले बङ्गलादेशले सन् २०३१सम्म ८ हजार ५ सय मेगावाट तथा २०४०सम्म ९ हजार मेगावाट विद्युत छिमेकी राष्ट्रहरुबाट आयात गर्नुपर्ने उल्लेख छ। क्षेत्रीय ऊर्जा सन्तुलनका लागि दक्षिण एशिया क्षेत्र विशेष गरी भुटान, बङ्गलादेश, भारत र नेपाल (बीबीआईएन) उपक्षेत्रमा विद्युत व्यापारको लागि विभिन्न प्रयत्नहरू भइरहेको छ।

बीबीआईएन सदस्य मुलुकको २०२२ जुनदेखि २०२३ जुलाईसम्म १७ हजार ७ सय गिगावाट-प्रतिघण्टा क्षेत्रीय विद्युत व्यापार भएकोमा नेपाल भारत बिच २ हजार ९५० भुटान र भारतबिच ६ हजार १५० तथा भारत र बङ्गलादेश बिच ८ हजार ६७० गिगावाट-घण्टा रहेको छ। त्यस्तै सन् २०१२ मा १ हजार ४ सय मेगावाटमा सीमित रहेको अन्तरदेशीय विद्युत व्यापार एक दशक(सन् २०२२) मा ३ हजार ९ सय मेगावाट पुगेको छ। क्षेत्रीय विद्युत आदान प्रदानका लागि यस क्षेत्रमा प्रसारण सञ्जालको विकास गर्न नेपालले क्षेत्रीय विद्युत व्यापारका लागि उपयुक्त पूर्वाधार निर्माण गर्नुपर्ने देखिन्छ । बीबीआइन विद्युतीय हब (Hub) निर्माण गर्नका साथै सम्बन्धित देशहरूले सबस्टेसन तथा पुलिङ्ग स्टेशनहरू निर्माण गर्नुपर्ने हुँदा नेपालले सोही रणनीतिसँग मेल खाने गरी राष्ट्रिय एवं क्षेत्रीय पुलिङ्ग स्टेशन तयारीमा जोड दिनुपर्दछ।

४८. **जलविद्युत आयोजनाको अवलोकन** - जलविद्युत विकास नीति, २०५८ ले नेपालमा जलविद्युत विकासमा निजी क्षेत्रको सहभागिता गराउने उद्देश्यले आयोजना निर्माण, स्वामित्व, सञ्चालन तथा हस्तान्तरण विधि अवलम्बन गरेको छ। निजीक्षेत्रका नियमक निकाय एवं नेपाल सरकारसँगको सम्पर्क कार्यालयको रुपमा संभाव्यता अध्ययन, सर्वेक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन, विस्तृत आयोजना प्रतिवेदन तयार, जलविद्युत उत्पादन तथा प्रसारण अनुमति दिने र सोको अनुगमन गर्ने कार्य विद्युत विकास विभागलाई तोकिएको छ। विभागले आर्थिक वर्ष २०८०।८१ मा २५ आयोजनाको स्थलगत अनुगमन गरेको देखिन्छ। कार्यमूलक लेखापरीक्षण प्रयोजनका लागि सिन्धुपाल्चोक जिल्ला स्थित केही जलविद्युत आयोजनाहरुको सञ्चालन तथा निर्माण सम्बन्धी स्थलगत अवलोकन गर्दा वातावरणीय, सामाजिक र पूर्वाधार निर्माण लगायतमा देखिएका प्रमुख बेहोराहरु निम्नानुसार छन्ः

४८.१. सिन्धुपाल्चोकको जुगल गाउँपालिकास्थित न्यासिम खोलामा निजी क्षेत्रको कम्पनीबाट निर्माणधीन ३५ मेगावाटको न्यासिम जलविद्युत आयोजना निर्माण सम्पन्न नहुदै निर्माण भएको संरचाना बाढीले बगाएपछि इन्टेक नै स्थानान्तरण गर्नुपर्ने अवस्था देखिएको छ। भौगोलिक कठिनाइका कारण श्रमिक अभाव र सडक पूर्वाधारमा समस्या रहेको देखियो। पीपीए सम्झौता भएबमोजिम ८ किलोमीटर प्रसारण लाइन निर्माण पनि आयोजनाले नै सम्पन्न गरी नेपाल विद्युत प्राधिकरणको डल्ले पोखरी सवस्टेशनबाट राष्ट्रिय ग्रिड प्रणालीमा जोड्ने लक्ष्य भए पनि सर्त बमोजिम विद्युत प्राधिकरणको गर्ने काममा ढिलाई भएको छ। मुआव्जा वितरण सम्पन्न गरी लगानी स्रोत सुनिश्चित भइसके पनि सडक निर्माण लगायत विभिन्न माग राखी स्थानीय अबरोधका कारण आयोजना निर्माण ढिलाई हुने देखिएको छ। वातावरणीय प्रभाव मूल्याङ्कन तथा विस्तृत आयोजना प्रतिवेदन कम्पनीबाटै तयार गरी निर्माण सुरु भएको आयोजनाको पावरहाउस खोलाको सतहभन्दा तल रहेको अवस्थामा यसवर्षको बाढीले खोलाको संरक्षणका लागि लगाएको आरसीसी वाल पुनःनिर्माण गर्नु पर्ने गरी क्षति भइसकेको अवस्था छ।



*बाढीबाट क्षति भएको रिभरट्रन वाल*

४८.२. नेपाल विद्युत प्राधिकरणको बलेफी सबस्टेशनमा जोडिएको ७.२७ मेगावाटको याम्बालिङ्ग जलविद्युतबाट हाल पानीको स्रोत घटी भएको जनाई वर्षाको समयमा पनि क्षमता अनुसार उत्पादन नहुने अवस्थमा रहेकोले हाल २.३ मेगावाट मात्र उत्पादन हुने गरेको देखियो।

४८.३. सिन्धुपाल्चोकको जुगल गाउँपालिका-२ स्थित ३६ मेगावाटको बलेफी जलविद्युत आयोजना हिउँदमा पानी घट्ने, वर्षातमा उच्च मात्रामा धमिलो पानीको कारण टर्वाइन र बियरिङ्गमा लोडका कारण उपकरणहरू क्षतिग्रस्त रहने कारण सुरु वर्षबाहेक पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन ।बलेफी कम्पनीले निर्माण गरेको सो आयोजना हाल अर्को एक निजी कम्पनीलाई सञ्चालन जिम्मा दिएको छ। सर्वे, डिजाइन तथा विस्तृत आयोजना प्रतिवेदन बलेफी कम्पनीबाट तयार भएको सो आयोजना निर्माणमा प्राविधिक त्रृटीका कारण बालुवा थेग्रिने तथा धमिलो पानी फिल्ट्रेशन प्रणाली अवलम्बन नभएकोले टर्बाइनमा पटक पटक समस्या आएको कारण मर्मत खर्च अत्याधिक रहेकोले आयोजनाले अपेक्षित प्रतिफल दिन सकेको देखिएन ।



*खोलाको पानी सिधै टर्वाइनमा पठाउन प्रयोग भएको ड्याम*



*धमिलो पानीका कारण बिग्रिएको टर्बाइन मर्मत हुँदै*

४८.४. सिन्धुपाल्चोकको लामोसाँघुमा नेपाल विद्युत प्राधिकरणबाट २०२९ सालबाट सञ्चालन भएको १०.०५ मेगावाटको सुनकोशी जलविद्युत केन्द्रले वर्षातमा ९.७सम्म र हिउँदमा ६.८ मेगावाटसम्ममात्र उत्पादन दिने गरेको देखियो। पूर्ण क्षमतामा सञ्चालनका लागि तौथली खोलाको पानी थप गर्ने योजना बनाए पनि

मुआब्जा तथा स्थानीय रोजगारीको मागका कारण थप पानी व्यवस्था भएको छैन। पुरानो आयोजना भएकोले हाल नदीको सतहमा परिवर्तन भई टेलबाट बाहिरिने पानीमा डेब्रिज जमेर पानीको बहाव अवरुद्ध भई पुनः टर्वाइनमा फर्कन गई क्षति पुग्ने गरेको पाइयो।

४८.५. चिलिमे जलविद्युत पावर कम्पनीको ३७ प्रतिशत, स्थानीयको ४ प्रतिशत, नेपाल विद्युत प्राधिकरणको १० प्रतिशत र सर्वसाधारणको ४९ प्रतिशत शेयर लगानीमा निर्माण भएको १०२ मेगावाटको सिन्धुपाल्चोक जिल्लाको सबैभन्दा ठुलो मध्य भोटेकोशी जलविद्युत आयोजना सन् २०१६ मा सम्पन्न गर्नेगरी सुरुवात भएकोमा भूकम्प, कोभिड-१९ र जुरे क्षेत्रको पहिरोका कारण भएको अवरोधले निर्माण व्यवसायीले समयमा निर्माण सम्पन्न गर्न सकेको देखिएन। हाल निर्माण सम्पन्न गरी सञ्चालन गर्न तयार रहेको टनेल परीक्षण गर्दा सिपेज देखिएकोले पुन: उत्पादन अवधि लम्बिएको छ। पीपीए सम्झौता अनुसार उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणको बाह्रबिसे सवस्टेशनमा जोड्नु पर्नेमा ४०० केभी प्रसारण लाइन निर्माणमा स्थानीय अवरोध एवं वन मन्त्रालयको ढिलाइका कारण  प्रसारण लाइन निर्माण नभएकोले उत्पादित विद्युत राष्ट्रिय प्रसारणमा जोड्न वैकल्पिक व्यवस्था समेतमा छलफल भइरहेकोले  तत्काल उत्पादन सुरु हुने अवस्था देखिएन ।

४८.६. निजी कम्पनीबाट सञ्चालित जलविद्युत आयोजनाहरुले प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) तथा वातावरणीय व्यवस्थापन योजना प्रतिवेदन कार्यान्वयन गर्नुपर्नेमा सोको पालना गरेको देखिएन। नीति अनुसार जलविद्युत आयोजनाहरुले पर्यावरणीय संरक्षण तथा सम्बर्द्धनका लागि कम्तीमा १० प्रतिशत पानी नदी/खोलामा छाड्नु पर्ने व्यवस्था कार्यान्वयन भएको देखिँदैन। सिन्धुपाल्चोकको ३ मेगावाट चाकु खोला जलविद्युत आयोजना १,२ र ३ (७५०, ७५० र १५०० किलोवाट) ले १ किलोमीटर क्षेत्रभित्र सिङ्गल ड्याम (इन्टेक) बाट ३ आयोजना सञ्चालन गरेकोमा खोलामा पानी नै नपठाई टर्वाइनहरु सञ्चालन गर्दा उक्त खोलाको जलचर लगायत पर्यावरणमा असर परेको देखियो। स्थानीय निकायहरुले अनुगमन तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था नीतिमा भए पनि सोको अनुगमन भएको देखिएन। साथै विद्युत आयोजनाहरुले टेलरेसबाट निस्कने पानी प्रशोधन गरी शुद्धीकरण गरेरमात्र नदी तथा खोलामा छाड्नुपर्ने व्यवस्था कार्यान्वयन भएको देखिएन। भोटेकोशी जलविद्युत आयोजनाले टर्वाइनमा प्रयोग भएको पानी जम्मा गरी सोमा मिश्रण हुने तैलिय पदार्थ निकालेर शुद्ध पानी खोलामा पठाउने प्रविधि जडान गरेको देखियो।





*तैलिय पदार्थ प्रशोधन गर्ने वाइल स्किमर मेशिन*　　*आयोजनाले पानी नछोड्दा सुख्खा भएको चाकु खोला*

४८.७. जलविद्युत आयोजनाहरूको दीर्घकालीन सञ्चालन र उपयोगका सडक लगायत पूर्वाधार दिगो र भरपर्दो हुन आवश्यक छ। पूर्वाधारको अभावले जलविद्युत आयोजनाहरूको कार्यान्वयनमा प्रभाव परेको छ। भोटेकोशी, न्यासिम, चाकु लगायत सबै खोलाहरुमा जलविद्युत उत्पादनका लागि निजी लगानीकर्ताबाट

धेरैवटा आयोजनाहरू निर्माण भएको देखिन्छ। सङ्घीय, प्रदेश र स्थानीय सरकारबाट दीर्घकालीन पूर्वाधार विकास एवं आयोजना निर्माणमा निगरानी हुन सकेको देखिँदैन। बाढी पहिरो लगायत हिमताल फुटेर आउने जोखिम नियन्त्रण संयन्त्र तयार नगरी वढी भन्दा बढी आयोजना निर्माण गर्दा कुनै एउटा नदीमा बिपत्ती भएमा धेरै विद्युत आयोजान क्षती भई विद्युत आपूर्तिमा असन्तुलन हुने अवस्था देखिएको छ। भोटेकोशी जलविद्युत आयोजनाले २ पटक डुवान प्रभावित भएपश्चात् यस्तो विपत्ती मैत्री पूर्वाधार तयार गरी पावरहाउ नै वाटरप्रुफ बनाएको तथा हिमतालबाट हुन सक्ने बाढी (ग्यासियर लेक आउटब्रष्ट फ्लड) को जोखिम न्यूनीकरणका लागि ५ मिनेट अगावै सूचना प्रदान गर्न सक्ने प्रारम्भिक चेतावनी (अर्ली वार्निङ्ग) प्रविधि जडान गरेको देखियो। निजी क्षेत्रबाट संस्थापन लगानी गरी सर्वसाधारणमा शेयर जारी गरी निर्माण गर्ने यस्तो संरचनाको पूर्वाधार लगायत अन्य सम्पत्ती सुरक्षाको अनुगमन एवं मूल्याङ्कन हुनपर्ने देखिएको छ।

४८.८. अप्पर चाकुखोला २२.२ मेगावाट जलविद्युत आयोजनाले पानीको अभावमा हिउँदमा ३ मेगावाट सम्मपनि उत्पादन हुने गरेकोले सिओडी सम्झौता अनुसार प्राधिकरणलाई जरिवाना तिर्ने परेको देखियो। शिवश्री हाइड्रो प्रा.लि.ले लगानी गरेको उक्त जलविद्युत आयोजनामा करिब रु.६ अर्ब लगानी भएकोमा १४ लाख ७६ हजार कित्ता प्रभावित क्षेत्रका बासिन्दाको लागि र २२ लाख १४ हजार कित्ता शेयर सर्वसाधारणको लागि शेयर जारी गरी रु.३६ करोड ९१ लाख शेयरबाट प्राप्त रकम सानिमा बैंकको संस्थापकहरुको ऋण भुक्तानी गरेको जवाफ दिएको छ। कम्पनीले हिउँदमा पानीको बहाव कम भएका कारण क्षमता अनुसार विद्युत उत्पादन गर्न नसकी ३ मेगावाटसम्म घट्ने कारण सिओडी सम्झौता अनुसार जरिवाना तिर्नु परेको र वर्षायाममा क्षमता अनुसार उत्पादित विजुली प्राधिकरणबाट खरिद नहुँदा चालु खर्च र बैंक ब्याज धान्न नसकी कम्पनी घाटामा रहेको देखिए तापनि सर्वसाधारणबाट १:१ अनुपातमा थप हकप्रद शेयर जारी गरेको अवस्था छ। सर्वसाधारणबाट थप भएको लगानी सम्बन्धित निकायहरुबाट अनुगमन गरी लगानी ग्यारेन्टी गर्नुपर्ने देखिन्छ।



*शिवश्री हाइड्रो पावर कम्पनीको खोलाको किनारामा रहेको पावरहाउस*

# परिच्छेद – ४
# निष्कर्ष तथा सुझाव

दीर्घकालीन विकास रणनीतिको माध्यमबाट समृद्ध अर्थ व्यवस्था निर्माण एवं संविधानले अङ्गीकार गरेका विकास केन्द्रित सोचलाई आवधिक योजनामा आन्तरिकीकरण गरी "समृद्ध नेपाल, सुखी नेपाली" आकांक्षासहितको नेपाल सरकारको दीर्घकालीन सोचमा आर्थिक वर्ष २१००।०१ सम्ममा विद्युत उत्पादन (जडित क्षमता) ४० हजार मेगावाट पुऱ्याउने लक्ष्य राखेको छ। त्यस्तै सोह्रौं आवधिक योजना कार्यान्वयन पश्चात् ११ हजार ७६९ मेगावाट (जडित क्षमता) विद्युत उत्पादन गरी ५५ सय मेगावाट-आवर विद्युत निर्यातमार्फत रु.४१ अर्ब वैदेशिक मुद्रा आर्जन गर्ने लक्ष्य रहेको छ। नेपालमा जलविद्युतको प्रचुर संभावना हुँदाहुदै पनि स्पष्ट दुरदर्शी, समय सापेक्ष उपयोगी नीति अभाव, ऐन, कानुनको प्रभावकारी कार्यान्वयन, सठिक संस्थागत व्यवस्था र तिनको उचित समन्वय, जलविद्युत आयोजना निर्माण तथा उत्पादन, प्रसारण र उपयोगमा समन्वयात्मक एवं समानान्तर विकासमार्फत माग र आपूर्ति व्यवस्थापन, विद्युत व्यापार योजना र पूर्वाधारमा सामाञ्जस्यता, योजनाबद्ध जलविद्युत विकास कार्यक्रम लगायत समस्याले जलविद्युत उत्पादन, प्रसारण र उपयोगमा अपेक्षित नतिजा हासिल हुन सकेको छैन।

विद्युतको आन्तरिक खपत वृद्धि गराउन औद्योगिक तथा व्यापारिक क्षेत्रमा विद्युत खपत बढाउने। साथै बिजुलीबाट चल्ने सवारी साधनहरू प्रयोग गरी विद्युतीय मास ट्रान्सपोर्ट (Electric Mass Transport) मार्फत विद्युतीय ऊर्जाको प्रयोग बढाई परम्परागत पेट्रोलियम इन्धनमा आधारित सवारी साधनहरूको सट्टामा कम प्रदूषण र बढी ऊर्जा दक्षता प्रदान गर्न विद्युतीय सवारी साधनलाई बढावा दिनुपर्दछ। सो कार्यका लागि उत्पादन, स्वीकृति, प्रसारण र उपयोगमा नै व्यावसायिक योजना तर्जुमा गरी अल्पकालीन तथा दीर्घकालीन नीति मार्फत यसको व्यवस्थापन गर्ने, सरकार र सरोकारवाल निकायहरु बिच समन्वय मार्फत कार्यक्रम सञ्चालन गरेर नतिजा हासिल गर्नु पर्दछ।

नीतिगत, कानुनी, संस्थागत संरचनामा सुधार, अल्पकालीन तथा दीर्घकालीन योजना तथा माग र आपूर्तिमा सामाञ्जस्यतामार्फत जलविद्युत क्षेत्रमा रणनीतिक सुधार गर्नुको विकल्प देखिँदैन। जलाशययुक्त जलविद्युत आयोजना तथा अन्तरदेशीय प्रसारण लाइन निर्माणमा राष्ट्रिय हित अनुकूलका छनोटपूर्ण ठुला योजनामा लगानीका लागि निजी, सरकारी तथा वैदेशिक लगानी परिचालन गरी जलविद्युत उत्पादन, प्रसारण र उपयोगलाई प्रभावकारी बनाउनु पर्दछ।

कार्यमूलक लेखापरीक्षणबाट देखिएका परिच्छेद ३ मा उल्लिखित बेहोराको सुधारका लागि देहायबमोजिमको सुझाव प्रस्तुत गरिएको छः

- विद्युत उत्पादनसँग सम्बन्धित नीति, गुरु योजना तथा ऊर्जा समृद्धि लक्ष्य अनुसार आवश्यक कानुन तथा योजनाहरु कार्यान्वयन गरी ऊर्जा क्षेत्रहमा सुधार गर्नुपर्दछ ।
- ऊर्जा क्षेत्रको विकासमा संलग्न संस्थाहरुको आवश्यकता अनुसार परिमार्जन एवं सवलीकरण गरी कार्य विशिष्टीकरण गर्नुपर्दछ ।
- ऊर्जा बजारको माग, आपूर्ति र खपत विश्लेषणका आधारमा आयोजनाहरुको सर्वेक्षण, आयोजना निर्माण, उत्पादन अनुमति दिने कार्य सरलीकरण र प्रभावकारी बनाउनुपर्दछ ।

- विद्युत उत्पादनसँग सम्बन्धित आयोजनाहरुको वातावरणीय अध्ययन, जग्गा प्राप्ति लगायतमा आवश्यक समन्वयात्मक कानुन तर्जुमा गरी उपयुक्त स्रोत व्ययस्थापन मार्फत निर्माणाधीन विद्युत आयोजनाहरुको निर्माण कार्य प्रगतिमा सुधार गर्नुपर्दछ ।
- विद्युत आयोजनाहरुमा भएका शेयर लगानी संरक्षण ग्यारेन्टीका लागि संलग्न निकायहरुले संरचनागत र संस्थागत व्यवस्था गरी लगानी सीमा निर्धारण, दायित्वको राइटअफ लेखाङ्कन, शर्त निर्धारण र शेयर रकमको प्रयोगमा नियमन लगायतका संयन्त्र निर्माण गर्नुपर्दछ ।
- आयोजना निर्माण, गुणस्तर व्यवस्थापनका लागि सम्झौता अनुसार पूर्वाधार तथा विद्युतीय उपकरणहरुको मापदण्ड निर्धारण गरी अनुगमन प्रभावकारी बनुउनुका साथै विद्युत उपयोगको गुणस्तर कायमका लागि नवीन प्रविधिहरुको प्रयोग गरी निगरानी तथा मर्मत व्यवस्थापनमा सुधार गर्नुपर्दछ ।
- विद्युत आयोजनाहरुको जोखिम व्यवस्थापनका लागि आयोजना जोखिम कोष लगायत दीर्घकालीन जोखिम व्यवस्थापनका लागि आम्दानीको उचित प्रतिशत रकमबाट पुँजी व्यवस्थापन गर्नुपर्दछ।
- विद्युत प्रसाण लाइनहरुको क्षमता विस्तार गर्दा अन्तर्राष्ट्रिय बजारलाई समेत सामज्जस्य हुने गरी प्रसारण लाइन निर्माण गर्नुका साथै निर्माणाधीन एवं प्रस्तावित प्रसारण लाइनहरुको समन्वयात्मक व्यवस्था गरी निर्माण कार्य समयमा सम्पन्न गर्नुपर्दछ ।
- विद्युत उत्पादन, प्रासारण लाइन तथा सबस्टेशनहरुको उपयुक्त र समानान्तर विकास गरी ऊर्जाको थोक तथा खुद्रा वितरणलाई प्रोत्साहन गरी तथ्याङ्कीय विश्लेषण र लागत संरचनाको पारदर्शीय दरसँग सामज्जस्यता कायम गरी लागतमा आधारित महसुलदर निर्धारण गर्नुपर्दछ।
- जलविद्युतको क्षेत्रीय व्यापारका लागि उपयुक्त पूर्वाधार निर्माण रणनीति अवलम्बन गरी आयोजना निर्माणलाई तिव्रता दिनुपर्दछ ।
- विद्युतीय मास ट्रान्स्पोर्ट लगायत विद्युतबाट चल्ने सवारी सधानहरुलाई बढवा दिनुपर्दछ ।

अनुसूची- १

(दफा २५ सँग सम्बन्धित(क्षमता मेगावाट)

| क्र.सं. | आयोजना | क्षमता | जिल्ला | इजाजत नं. | इजाजतपत्र मिति | प्रवर्द्धक | प्रगति प्र.श. |
|---|---|---|---|---|---|---|---|
| १ | खानी खोला - १ | ४० | दोलखा | ४६ | ०१/२८/२०६८ | ग्रीन लाइफ हा. लि. | ९२ |
| २ | राहुघाट | ४० | म्याग्दी | ४९ | ०४/०३/२०६८ | रघु गंगा हा. लि. | ८५ |
| ३ | तादी खोला | ५ | नुवाकोट | ५४ | ०६/०४/२०६८ | हिरारत्न हा. प्रा. लि. | २८ |
| ४ | जुम्दी खोला सानो | १.७५ | गुल्मी | ५२ | ०७/०७/२०६८ | जुम्दी हा. प्रा. लि. | २० |
| ५ | अपर मैलुङ - ए | ६.४२ | रसुवा | ५६ | ०९/११/२०६८ | इनर्जी इन्जिनियरिङ प्रा. लि. | ८० |
| ६ | काबेली - ए | ३७.६ | पाँचथर, ताप्लेजुङ | ७० | ०५/२१/२०६९ | काबेली इनर्जी लि. | ७२ |
| ७ | जुनबेसी | ५.२ | सोलुखुम्बु | ८० | ०९/२०/२०६९ | दोभान हा. प्रा. लि. | ७० |
| ८ | खोरुङ्गा खोला | ४.८ | तेह्रथुम | ८७ | १२/२९/२०६९ | रिलायबल हा. क. प्रा. लि. | १०० |
| ९ | खानी खोला | ३० | दोलखा | ९२ | ०२/१०/२०७० | सासा इन्जिनियरिङ हा. प्रा. लि. | ९६ |
| १० | मध्य मिदिम | ३.१ | लमजुङ | १०० | ०४/१०/२०७० | मध्य मिदिम जलविद्युत प्रा. लि. | १५ |
| ११ | अपर त्रिशूली ३ बी | ३७ | नुवाकोट | १०४ | ०४/२७/२०७० | त्रिशूली हाइड्रोपावर क. लि. | ७२.२६ |
| १२ | अपर पराजुली खोला १ | २.१५ | दैलेख | १०२ | ०५/०३/२०७० | रारा हा.पा. डेभलपमेन्ट कम्पनी | ८५ |
| १३ | लोहोरे खोला | ४.२ | दैलेख | १०५ | ०६/०८/२०७० | लोहरे खोला हा. क. प्रा. लि. | - |
| १४ | सलंखु खोला | २.५ | नुवाकोट | १०७ | ०७/०५/२०७० | सलंखु खोला हा. प्रा. लि. | ३५ |
| १५ | मध्य भोटेकोशी | १०२ | सिन्धुपाल्चोक | १०८ | ०८/१८/२०७० | मध्य भोटेकोशी ज. क. लि. | ९३.५१ |
| १६ | रावा खोला ज.वि.आ. | ६.५ | खोटाङ | ११२ | १०/२८/२०७० | दूधकोशी पावर क. प्रा. लि. | - |
| १७ | तल्लो सोलु | ८२ | सोलुखुम्बु | ११८ | १२/०५/२०७० | सोलु हा. प्रा. लि. | ९७ |
| १८ | अपर म्याग्दी | २० | म्याग्दी | ११९ | १२/०६/२०७० | हाइड्रो एम्पायर प्रा. लि. | - |
| १९ | रुप्से खोला | ४ | म्याग्दी | १२० | ०१/०५/२०७१ | रिसर्च एन्ड डेभलपमेन्ट ग्रुप | १० |
| २० | खरे खोला | २४.१ | दोलखा | १२२ | ०१/२१/२०७१ | कोन्स्टोरियम पा.डेभलपर्स प्रा. लि. | - |
| २१ | सभा खोला ए | ८.३ | संखुवासभा | १२८ | ०६/२८/२०७१ | दिप्सभा हाइड्रोपावर | - |
| २२ | बडिगाड ज.वि.आ. | ६.६ | बागलुङ | १२९ | ०९/१७/२०७१ | वाटर एन्ड इनर्जी नेपाल प्रा. लि. | ५० |
| २३ | दर्बाङ म्याग्दी खोला | २५ | म्याग्दी | १३० | ११/०४/२०७१ | धौलागिरी कालिका हा. प्रा. लि. | १७ |
| २४ | बालेफी ए | १०.६ | सिन्धुपाल्चोक | १३२ | ०१/०६/२०७२ | मुनलाइट हा. क. प्रा. लि. | ४० |
| २५ | अपर मोदी ए | ४२ | कास्की | १३५ | ०३/०४/२०७२ | नेपाल विद्युत प्राधिकरण | - |
| २६ | तान्छहारा सानो ज वि | २.४ | मुस्ताङ | १४१ | ०४/२९/२०७२ | तान्छहर हा. प्रा. लि. | २८.५ |
| २७ | लाङटाङ खोला सानो | २० | रसुवा | १४२ | ०६/०१/२०७२ | मल्टि इनर्जी डेभलपमेन्ट प्रा. लि. | ६० |
| २८ | सिद्धि खोला | १० | इलाम | १४३ | ०६/१३/२०७२ | सिद्धि हाइड्रोपावर क. प्रा. लि. | ५१ |
| २९ | अपर तादी | ११ | नुवाकोट | १४४ | ०६/२२/२०७२ | सूर्य कुण्ड हा. इलेक्ट्रिक प्रा. लि. | ८७ |
| ३० | रुरु बनचु- १ | १६ | कालिकोट | १४७ | ०६/२७/२०७२ | माउन्ट निलगिरी हा. क. प्रा. लि. | १५ |
| ३१ | चुलेपुर खोला | ८.५२ | रामेछाप | १५५ | ०१/१३/२०७३ | चण्डेश्वरी हा. क. प्रा. लि. | २५ |
| ३२ | चाउरी खोला | ६ | रामेछाप | १५६ | ०१/१४/२०७३ | चाउरी हा. प्रा. लि. | १० |
| ३३ | तनहुँ सेती ज.वि.आ. | १४० | तनहुँ | १५७ | ०२/०३/२०७३ | तनहुँ हा. लि. | २८.१४ |
| ३४ | दरौंदी - १ | १० | गोर्खा | १५८ | ०२/२६/२०७३ | डायमन्ड हा. प्रा. लि. | ३० |
| ३५ | फलाखु खोला ज.वि.आ. | ५ | रसुवा | १६१ | ०३/२४/२०७३ | रसुवा हा. कम्पनी प्रा. लि. | ३० |
| ३६ | फलाखु खोला ज.वि.आ. | १४.७ | रसुवा | १६२ | ०४/१०/२०७३ | बेत्रावती हा.इलेक्ट्रिक क. लि. | २० |

| क्र.सं. | आयोजना | क्षमता | जिल्ला | इजाजत नं. | इजाजतपत्र मिति | प्रवर्द्धक | प्रगति प्र.श. |
|---|---|---|---|---|---|---|---|
| ३७ | लिपिङ खोला | १६.२६ | सिन्धुपाल्चोक | १६४ | ०४/१२/२०७३ | हिम रिभर पावर प्रा. लि. | ८५.२ |
| ३८ | तल्लो खोरुङ्गा | ५.५ | तेह्रथुम | १६५ | ०४/१२/२०७३ | आइडीएस इनर्जी प्रा. लि. | २० |
| ३९ | सानो मिल्टी खोला ज वि | ३ | दोलखा, रामेछाप | १७३ | ०६/०९/२०७३ | सानो मिल्टी खोला हा. प्रा. लि. | ५ |
| ४० | राहुघाट मंगल | ३७ | म्याग्दी | १७५ | ०७/२९/२०७३ | टुण्डी पावर क. प्रा. लि. | ७५ |
| ४१ | अपर न्यासिम खोला | ४३ | सिन्धुपाल्चोक | १७६ | ०८/०७/२०७३ | सिन्धुज्वाला हा. लि. | ५ |
| ४२ | रुरु बनचु खोला - २ | १२ | कालिकोट | १७८ | २०७३/०९/१९ | रुरु हा.इलेक्ट्रिक क. प्रा. लि. | ११ |
| ४३ | खिम्ती २ | ४८.८ | दोलखा, रामेछाप | १७९ | ०९/२२/२०७३ | पिपल्स इनर्जी लि. | ७५ |
| ४४ | अपर लाप्चे खोला | ५२ | दोलखा | १८२ | १०/२१/२०७३ | इनर्जी भेन्चर प्रा. लि. | ४० |
| ४५ | दरम खोला ज.वि.आ. | ७.३ | बागलुङ, गुल्मी | १८३ | १०/२३/२०७३ | दरम खोला हाइड्रो इनर्जी लि. | ७२ |
| ४६ | अंखु खोला | ४२.९ | धादिङ | १८४ | १०/२७/२०७३ | अंखु हा. प्रा. लि. | १० |
| ४७ | सभा खोला- बी ज.वि.आ. | १५.१ | संखुवासभा | १८७ | ११/३०/२०७३ | ओरबिट इनर्जी प्रा. लि. | ३६ |
| ४८ | मध्यतारा खोला सानो ज वि | २.२ | बागलुङ | १९० | १२/१३/२०७३ | मध्य ताराखोला हा. लि. | ७० |
| ४९ | बालेफी | २३.५२ | सिन्धुपाल्चोक | १९१ | १२/१६/२०७३ | बालेफी ज. क. लि. | १० |
| ५० | अपर चाउरी खोला | ६ | काभ्रेपलाञ्चोक | १९३ | ०१/२९/२०७४ | हिमालयन वाटर रिसोर्सेस एन्ड इनर्जी डे. क. प्रा. लि. | ७५ |
| ५१ | तामाकोशी ५ | ८७ | दोलखा | १९४ | ०२/०९/२०७४ | नेपाल विद्युत प्राधिकरण | ५.२ |
| ५२ | तल्लो चिर्खुवा | ४.०६ | भोजपुर | १९६ | ०२/२२/२०७४ | एलसी इनर्जी लि. | ९० |
| ५३ | मेवा खोला | ५० | ताप्लेजुङ | २०१ | ०४/१५/२०७४ | युनाइटेड मेवाखोला हा. प्रा. लि. | ८७.७७ |
| ५४ | बुकु - कपटी | ५ | ओखलढुंगा, सोलु | २०३ | ०५/०८/२०७४ | हिम स्टार ऊर्जा क. प्रा. लि. | ८६.८३ |
| ५५ | सुपर न्यादी | ४०.२७ | लमजुङ | २०४ | ०५/१४/२०७४ | सिउरी न्यादी पावर प्रा. लि. | ६९.३३ |
| ५६ | मर्स्याङ्दी बेसी | ५० | लमजुङ | २०६ | ०६/०१/२०७४ | दिव्यज्योति हा. प्रा. लि. | ८ |
| ५७ | अपर त्रिशूली - १ | २१६ | रसुवा | २०९ | ०७/२३/२०७४ | नेपाल वाटर एन्ड इनर्जी प्रा. लि. | ४२ |
| ५८ | इस्तुल खोला ज.वि.आ. | १.५०६ | गोर्खा | २१० | ०८/१४/२०७४ | अमर ज्योति हा. प्रा. लि. | १ |
| ५९ | लाप्चे खोला | १६० | दोलखा | २१२ | ०९/०२/२०७४ | नासा हा. क. प्रा. लि. | १५ |
| ६० | कसुवा खोला ज.वि.आ. | ४५ | संखुवासभा | २१३ | ०९/०३/२०७४ | कसुवा हा. लि. | १५ |
| ६१ | सप्पाङ खोला ज.वि.आ. | २.५ | नुवाकोट | २१५ | ०९/२१/२०७४ | सप्पाङ हा. प्रा. लि. | २५ |
| ६२ | बुकु खोला | ६ | ओखलढुंगा, सोलु | २१६ | ०९/२५/२०७४ | अपोलो हा. प्रा. लि. | ७० |
| ६३ | न्याम न्याम | ६ | रसुवा | २१७ | ०९/२८/२०७४ | न्याम न्याम हा. क. प्रा. लि. | ० |
| ६४ | सुपर त्रिशूली | १०० | - | २१८ | १०/०२/२०७४ | ब्लु इनर्जी प्रा. लि. | १० |
| ६५ | तल्लो इर्खुवा खोला | १४.१५ | भोजपुर | २१९ | १०/२३/२०७४ | तल्लो इर्खुवा हा. क. लि. | - |
| ६६ | रेले खोला | ६ | म्याग्दी | २२१ | १०/२८/२०७४ | हिम कन्सल्ट प्रा. लि. | ९५.५ |
| ६७ | इर्खुवा खोला-बी ज.वि.आ. | १५.५२४ | भोजपुर | २२२ | ११/०३/२०७४ | बराह मल्टि पावर प्रा. लि. | २३.८३ |
| ६८ | रसुवा भोटेकोशी | १२० | रसुवा | २२३ | ११/०३/२०७४ | लाङटाङ भोटेकोशी हा.क.प्रा. लि. | २० |
| ६९ | अपर गड्डी गाड | १.५५ | डोटी | २२५ | ११/३०/२०७४ | शैलेश्वरी पावर नेपाल | ९०.४४ |
| ७० | अपर मोदी ज.वि.आ. | १४ | कास्की | २२६ | १२/०२/२०७४ | नेपाल विद्युत प्राधिकरण | ०.५ |

| क्र.सं. | आयोजना | क्षमता | जिल्ला | इजाजत नं. | इजाजतपत्र मिति | प्रवर्द्धक | प्रगति प्र.श. |
|---|---|---|---|---|---|---|---|
| ७१ | तामन खोला | ४.८५ | बागलुङ | २२७ | १२/२५/२०७४ | तामन खोला हाइड्रो प्रा. लि. | ०.५ |
| ७२ | मध्य दरम खोला - ए ज.वि.आ. | ३ | बागलुङ | २३० | ०२/०९/२०७५ | धौलागिरी सीईएम इन्जिनियरिङ प्रा. लि. | १५ |
| ७३ | मध्य दरमखोला-बीज.वि.आ. | ४.५ | बागलुङ | २३१ | ०२/०९/२०७५ | माइलस्टोन हा. प्रा. लि. | ७ |
| ७४ | अपर खुदी | २६ | लमजुङ | २३२ | ०२/०९/२०७५ | सुपर खुदी हा. क. प्रा. लि. | ४० |
| ७५ | अपर तमोर | २८५ | ताप्लेजुङ | २३४ | ०२/२७/२०७५ | तमोर सनिमा इनर्जी प्रा. लि. | ० |
| ७६ | हेवा ए सानो ज.वि.आ. | ५ | पाँचथर | २३५ | ०४/१४/२०७५ | ह्याबिट्याट पावर क. प्रा. लि. | ६० |
| ७७ | तिला - १ | ४४० | कालिकोट | २३६ | ०५/०८/२०७५ | एस सी पावर क. प्रा. लि. | २ |
| ७८ | तिला - २ | ४२० | कालिकोट | २३७ | ०५/०८/२०७५ | एस सी पावर क. प्रा. लि. | २ |
| ७९ | सुपर अंखु खोला | २५.४ | धादिङ | २३९ | ०६/०२/२०७५ | गोरक्ष्य हा. प्रा. लि. | १५ |
| ८० | तल्लो मनाङ मर्स्याङ्दी | १४० | मनाङ | २४२ | ०७/१८/२०७५ | बुटवल पावर कम्पनी | - |
| ८१ | मनाङ मर्स्याङ्दी | १३५ | मनाङ | २४३ | ०८/०१/२०७५ | मनाङ मर्स्याङ्दी हा. क. प्रा. लि. | - |
| ८२ | बडिगाड (कोल्टी) | ४.५ | बाजुरा | २४४ | ०८/१६/२०७५ | पायोनियर हाइड्रो प्रा. लि. | ० |
| ८३ | गार्च्याङ खोला | ६.६ | कास्की | २४५ | ०८/१८/२०७५ | सिटिजन हा. क. प्रा. लि. | ० |
| ८४ | अपर मर्स्याङ्दी १ | १३८ | लमजुङ | २४७ | ०९/१०/२०७५ | अपर मर्स्याङ्दी हा. क. प्रा. लि. | ० |
| ८५ | अपर लोहोरे सानो जलवि. | ४ | दैलेख | २४६ | ०९/१६/२०७५ | अपर लोहोरेखोला हा. क. प्रा. लि. | ९७ |
| ८६ | चमेलिया (छेतीगाड) | ८५ | दार्चुला | २४८ | ०९/२०/२०७५ | ग्रिड नेपाल क. प्रा. लि. | ० |
| ८७ | अपर पिलुवा हिल्स सानो | ४.९९ | संखुवासभा | २४९ | ०९/२३/२०७५ | मिल्के जलजले हा. प्रा. लि. | १५ |
| ८८ | कालीगण्डकी गर्ज | १६४ | म्याग्दी | २५१ | ११/२७/२०७५ | कालीगण्डकी हा. प्रा. लि. | ० |
| ८९ | न्यादी-फिदी ज.वि.आ. | २१.४ | लमजुङ | २५२ | ११/२७/२०७५ | नर्थ समिट हाइड्रो प्रा. लि. | १४ |
| ९० | अपर राहुघाट | ४८.५ | म्याग्दी | २५३ | १२/११/२०७५ | टुडी पावर क. प्रा. लि. | ७५ |
| ९१ | सुपर हेवा ज.वि.आ. | ६ | संखुवासभा | २५४ | १२/२६/२०७५ | सुपर हेवा पावर क. प्रा. लि. | ९६ |
| ९२ | मध्य कालीगण्डकी | ५३.५३९ | म्याग्दी | २५५ | ०१/०९/२०७६ | हाइड्रो सपोर्ट प्रा. लि. | १० |
| ९३ | तादी खोला क्यासकेड | ३ | नुवाकोट | २५६ | ०१/३०/२०७६ | हिरा रत्न हा. क. प्रा. लि. | ० |
| ९४ | बज्र मादी | २४.८ | कास्की | २५७ | ०२/०७/२०७६ | बज्र इनर्जी भेन्चर्स प्रा. लि. | ० |
| ९५ | झ्याकु खोला ज.वि.आ. | ५.२४३ | दोलखा | २५९ | ०२/०८/२०७६ | गणेश हा. क. प्रा. लि. | ० |
| ९६ | अपर त्रिशूली - २ ज.वि. | १०२ | रसुवा | २६२ | ०२/०९/२०७६ | हाइड्रोचाइना कर्पोरेसन | ० |
| ९७ | तिनाउ खोला ज.वि.आ. | ३.४४ | पाल्पा | २६१ | ०२/१४/२०७६ | नाम बुद्ध हा. प्रा. लि. | ० |
| ९८ | लिकु खोला ज.वि.आ. | ३० | ओखलढुंगा, सोलु | २६३ | ०२/२४/२०७६ | पी के हा. प्रा. लि. | २५ |
| ९९ | चिसाङ खोला-ए ज.वि.आ. | १.८ | मोरङ | २७५ | ०७/२४/२०७६ | चिसाङ हाइड्रो प्रा. लि. | ० |
| १०० | तल्लो हेवा खोला - ए | ६.९ | संखुवासभा | २७६ | ०७/२६/२०७६ | पञ्च खपन हा. प्रा. लि. | १५ |
| १०१ | सागु खोला ज.वि.आ. | २० | दोलखा | २७८ | ०८/१२/२०७६ | हिम पर्वत हा. प्रा. लि. | ७५ |
| १०२ | अपर अंखु खोला | ४४ | धादिङ | २८० | ०९/०७/२०७६ | धादिङ अंखु खोला हा. प्रा. लि. | ८.१३ |
| १०३ | भीम खोला ज.वि.आ. | ४.९६ | बागलुङ | २८४ | ०९/२९/२०७६ | शिखर पावर डे. प्रा. लि. | ६० |

| क्र.सं. | आयोजना | क्षमता | जिल्ला | इजाजत नं. | इजाजतपत्र मिति | प्रवर्द्धक | प्रगति प्र.श. |
|---|---|---|---|---|---|---|---|
| १०४ | जोगमाई क्यासकेड | ५.२ | इलाम | २८५ | १०/०१/२०७६ | सान्वी इनर्जी लि. | ७५ |
| १०५ | सागु खोला ज.वि.आ. | ५ | दोलखा | २८६ | १०/०१/२०७६ | कालिञ्चोक हा. प्रा. लि. | ६८ |
| १०६ | मध्य मेवा ज.वि.आ. | ४९ | ताप्लेजुङ | २८९ | १०/१२/२०७६ | मेवा डेभलपर्स प्रा. लि. | ७० |
| १०७ | नुप्चे लिकु ज.वि.आ. | ५७.५ | रामेछाप | २९० | १०/१२/२०७६ | भिजन इनर्जी एन्ड पावर प्रा. लि. | ७९ |
| १०८ | अपर म्याग्दी - १ ज.वि. | ५३.५ | म्याग्दी | २९१ | १०/२१/२०७६ | अपर म्याग्दी हा. प्रा. लि. | ११.४७ |
| १०९ | सागु खोला १ ज.वि.आ. | ५.५ | दोलखा | २९२ | १०/२१/२०७६ | हिम पर्वत हा. प्रा. लि. | ७९ |
| ११० | फेदी खोला(थुम्लुङ) सानो | ३.५२ | भोजपुर | २९३ | ११/१५/२०७६ | फेदी खोला हा. क. प्रा. लि. | १० |
| १११ | ठूलो खोला | २१.३ | म्याग्दी | २९४ | १२/१०/२०७६ | संयुक्त ऊर्जा प्रा. लि. | ८५ |
| ११२ | अपर इर्खुवा ज.वि.आ. | १४.५ | भोजपुर | २९५ | ०२/२३/२०७७ | आरती पावर क. लि. | ६१.२५ |
| ११३ | इसुवा खोला | ९७.२ | संखुवासभा | २९६ | ०२/२७/२०७७ | केबीएनआर इसुवा पावर लि. | - |
| ११४ | अपर मैवा ज.वि.आ. | १७.८५ | ताप्लेजुङ | २९८ | ०३/०३/२०७७ | काङ हा. क. प्रा. लि. | ० |
| ११५ | मादामे खोला ज.वि.आ. | २४ | कास्की | २९९ | ०३/०३/२०७७ | मादामे खोला हा. प्रा. लि. | ७०.५५ |
| ११६ | तल्लो बालेफी | २० | सिन्धुपाल्चोक | ३०० | ०३/०५/२०७७ | साझा पावर डेभलपमेन्ट | ० |
| ११७ | मध्यसुपर-दरौंदी ज.वि.आ. | १० | गोर्खा | ३०१ | ०३/०५/२०७७ | बर्पाक दरौंदी हा. क. प्रा. लि. | २१ |
| ११८ | रौंजे खोला ज.वि.आ. | १८ | सोलुखुम्बु | ३०२ | ०३/०५/२०७७ | हाइड्रो कनेक्सन प्रा. लि. | ५ |
| ११९ | भोटेकोशी ५ ज.वि.आ. | ६२ | सिन्धुपाल्चोक | ३०३ | ०३/१४/२०७७ | कालिका इनर्जी लि. | ० |
| १२० | करुवा सेती ज.वि.आ. | ३२ | कास्की | ३०५ | ०३/१५/२०७७ | इयामोलोङ्मा हा. डे. क. प्रा. लि. | ९५.८३ |
| १२१ | अपर पिलुवा ३ ज.वि.आ. | ४.९५ | संखुवासभा | ३०६ | ०४/०९/२०७७ | माबिलुङ इनर्जी लि. | ८५ |
| १२२ | हिडी खोला ज.वि.आ. | ६.८२ | लमजुङ | ३०७ | ०४/१४/२०७७ | व्हाइट लोटस पावर प्रा. लि. | ५५ |
| १२३ | मध्य तादी ज.वि.आ. | ५.५ | नुवाकोट | ३१० | ०४/२७/२०७७ | दुप्चेश्वर महादेव हा. क. प्रा. लि. | २० |
| १२४ | पेगु खोला सानो | ४.३५ | दोलखा | ३११ | ०५/११/२०७७ | बिगु हाइड्रोपावर भेन्चर | १० |
| १२५ | जुरिम्बा खोला सानो | ७.६३ | सिन्धुपाल्चोक | ३१२ | ०५/२९/२०७७ | जुरिम्बा हा. क. प्रा. लि. | ० |
| १२६ | लान्द्रुक मोदी ज.वि.आ. | ८६.५९ | पर्वत | ३१३ | ०६/०१/२०७७ | अन्नपूर्ण विद्युत क. प्रा. लि. | ५ |
| १२७ | सुनिगाड ज.वि.आ. | ११.०५ | बझाङ | ३१४ | ०६/०७/२०७७ | ओमेगा इनर्जी डेभलपर प्रा. लि. | ४४ |
| १२८ | मध्य रावाखोला ज.वि.आ. | २.५ | खोटाङ | ३१५ | ०६/०७/२०७७ | हलेसी ऊर्जा प्रा. लि. | ० |
| १२९ | दूधकोशी - २ (जलेश्वर) | ७० | सोलुखुम्बु | ३१६ | ०६/०७/२०७७ | दूधकोशी हा. नेपाल प्रा. लि. | १६ |
| १३० | मुदी खोला | १४.७ | म्याग्दी | ३१८ | ०६/१३/२०७७ | एभरेस्ट इनर्जी एन्ड इन्फ्रास्ट्रक्चर फन्ड प्रा. लि. | ० |
| १३१ | तल्लो मध्य रावा खोला | ४ | खोटाङ | ३१९ | ०६/१५/२०७७ | तल्लो मध्य रावा हा. प्रो. प्रा. लि. | १० |
| १३२ | मेन्चेत खोला | ७ | धादिङ | ३२० | ०६/१८/२०७७ | रुबी भ्याली हा. क. लि. | ३ |
| १३३ | तमोर मेवा | १२८ | ताप्लेजुङ | ३२२ | ०६/२५/२०७७ | स्पार्क हाइड्रोइलेक्ट्रिक क. लि. | - |
| १३४ | मिदिम १ ज.वि.आ. | १३.४२४ | लमजुङ | ३२३ | ०७/०३/२०७७ | माउन्ट रसुवा हा. प्रा. लि. | २१ |

| क्र.सं. | आयोजना | क्षमता | जिल्ला | इजाजत नं. | इजाजतपत्र मिति | प्रवर्द्धक | प्रगति प्र.श. |
|---|---|---|---|---|---|---|---|
| १३५ | तल्लो ताराखोला ज.वि.आ | ३.५ | बागलुङ | ३२५ | ०७/१८/२०७७ | पहाडी हा. क. प्रा. लि. | ० |
| १३६ | म्याग्दी खोला | ५७.३ | म्याग्दी | ३२६ | ०७/२५/२०७७ | हाइड्रो भिलेज प्रा. लि. | २.८२ |
| १३७ | अपर भुरुन्डी सानो ज वि | ३.७५ | कास्की | ३२७ | ०७/२७/२०७७ | अम्बे हा. प्रा. लि. | - |
| १३८ | न्यासिम ज.वि.आ. | ३५ | सिन्धुपाल्चोक | ३२८ | ०७/२८/२०७७ | सिता हा. क. प्रा. लि. | १५ |
| १३९ | अपर दरौंदी | ९.२ | गोर्खा | ३३० | ०८/१४/२०७७ | ग्रीन गोर्खा इनर्जी लि. | ० |
| १४० | लाङ्दी खोला ज.वि.आ. | ३.२६ | गोर्खा, लमजुङ | ३३१ | ०८/२९/२०७७ | उज्यालो नेपाल हाइड्रो प्रा. लि. | ० |
| १४१ | सेतीखोला ज.वि.आ. | २२ | कास्की | ३३४ | ०९/०२/२०७७ | सेतीखोला हा. प्रा. लि. | ६५ |
| १४२ | मेवा खोला ज.वि.आ. | २३ | ताप्लेजुङ | ३३६ | १०/०२/२०७७ | युनियन मेवा हाइड्रो लि. | २८.८८ |
| १४३ | बगर खोला ज.वि.आ. | ५.५ | म्याग्दी | ३३७ | १०/०६/२०७७ | मोना हा. लि. | ० |
| १४४ | दूधपोखरी चेपे ज.वि.आ. | ८.८३ ६ | गोर्खा | ३३८ | १०/०८/२०७७ | दूधपोखरी चेपे हा. प्रा. लि. | २० |
| १४५ | सुपर मेलम्ची ज.वि.आ. | २३.६ | सिन्धुपाल्चोक | ३४० | १२/१७/२०७७ | मिलारेपा इनर्जी प्रा. लि. | ० |

# शीत भण्डार व्यवस्थापन कार्यक्रम
## परिच्छेद- १
## परिचय

१. **पृष्ठभूमी** - नेपालको संविधानमा कृषिको व्यवसायीकरण, औधोगीकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने, कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरुप जलवायु र माटो अनुकूल खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने उल्लेख छ। साथै खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूत गरिएको छ। राष्ट्रिय कृषि नीति, २०६१, कृषि व्यवसाय प्रवर्धन नीति, २०६३, कृषि विकास रणनीति (२०१५-२०३५) मा कृषि क्षेत्रको व्यवसायीकरण, औद्योगीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने, कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यताअनुरुप जलवायु र माटो अनुकूल खाद्यान्न उत्पादन प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने उल्लेख छ। व्यावसायिक, प्रतिस्पर्धी तथा आत्मनिर्भर कृषि प्रणालीका लागि आवश्यक विभिन्न पूर्वाधारहरु मध्ये देशमा कृषि उपजहरु भण्डारण सुविधा पर्याप्त नहुँदा एकातिर मुलुकमै उत्पादित कृषि उपजहरुको उत्पादन उपरान्तको क्षति अत्याधिक भई यस व्यवसायमा मुनाफा सुनिश्चित नहुँदा आम कृषकहरु विस्थापित हुँदै गएका छन् भने अर्कोतिर देशमा कृषि उपजहरुको आयात गुणात्मकरुपमा बढ्दै गइरहेको छ।

कृषि उपजहरुको गुणस्तर कायम गर्न, उत्पादन उपरान्त क्षति न्यूनीकरण गर्न तथा स्थानीय कृषि उपजहरुको बाह्रै महिना उपलब्धता सुनिश्चित गरी आयात प्रतिस्थापन गर्न शीतभण्डार संरचनाको माग दिन प्रतिदिन बढ्दै गएको छ। नेपालको समग्र कृषि क्षेत्रमा उपज भण्डारणका लागि विभिन्न रैथाने प्रविधि (भकारी, थुन्से, टाङ भण्डार, ड्रम, किर्पाल जमिनमा गाड्ने, रष्टिक हाउस) सँगै आधुनिक शीतभण्डारहरु प्रयोगमा रहेको अवस्थामा आधुनिक प्रविधिको तापक्रम, आर्द्रता नियन्त्रित शीतभण्डारको उपयोगिता प्रभावकारी देखिएको छ।

संघीयताको कार्यान्वयनसँगै संघ, प्रदेश र स्थानीय तह गरी सरकारका तीनै तहबाट शीतभण्डारको निर्माण तथा सञ्चालनसम्बन्धी कार्यक्रमहरू सञ्चालन भएकोमा कृषि उपज उपयुक्त तापक्रम र सापेक्षित आद्रतामा भण्डारण गरी बजारको माग अनुसार आपूर्ति गर्ने तथा उत्पादनमा हुने नोक्सानी कम गरी आम्दानी बढाउन शीतभण्डार गृहहरूको निर्माण गरी प्रभावकारी सञ्चालन एवं दिगो व्यवस्थापन चुनौतीपूर्ण रहेको छ।

२. **संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था-**

२.१. **संवैधानिक व्यवस्था-** नेपालको संविधानको राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत धारा ५१ मा कृषि तथा भूमिसुधार नीतिमा कृषिको व्यवसायीकरण, औद्योगीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलनसमेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने तथा कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था र नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति अन्तर्गत कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरुप जलवायु र माटो अनुकूल खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको

व्यवस्था गर्ने उल्लेख छ। दिगो विकास लक्ष्य २०३० को दोश्र्ो लक्ष्यमा भोकमरी अन्त्य, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त र दिगो कृषिको प्रवर्धन गर्ने रहेको छ।

२.२. **नीतिगत तथा कानुनी व्यवस्था-** कृषि क्षेत्रको प्रवर्धन र व्यवसायीकरणका लागि कृषि नीति, २०६१, कृषि विकास रणनीति (सन् २०१५-२०३५), खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन २०७५, कृषि व्यवसाय प्रवर्धन नीति, २०६३ र कृषि जैविक विविधता नीति, २०६३ (पहिलो संशोधन) २०७१ रहेका छन् ।

२.३. **आवधिक योजना-** पन्ध्रौं आवधिक योजनामा कृषि क्षेत्रको लक्ष्य जलवायु अनुकूल आत्मनिर्भर एवं निर्यातमुखी उद्योगको रुपमा कृषि क्षेत्रलाई रुपान्तरण गरी समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्ने रहेको छ। कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वको वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने, कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्ने उद्देश्यहरु रहेका छन्। योजनामा कृषि क्षेत्रको देशभित्र उत्पादन भएका खाद्यान्नहरुको उपलब्धता सुनिश्चित गर्न तथा प्रति एकाइ प्रतिफल अभिवृद्धि गर्न उत्पादनोपरान्त भण्डारण, प्रशोधन तथा मूल्य अभिवृद्धि कार्यक्रम सञ्चालन, कृषि उत्पादन प्रशोधन भण्डारण तथा बजारीकरण प्रक्रियामा आवश्यक ऋणको व्यवस्था, प्रत्येक संघीय निर्वाचन क्षेत्रमा संभाव्यताका आधारमा निजी क्षेत्र/सहकारीको सहकार्यमा कृषि उपज भण्डारण/शीतघर स्थापना, मूल्य श्रृंखलाका उत्पादन एवं कृषि भण्डारणको लागि संघ प्रदेश र स्थानीय तहबाट थप लगानी गरिने लगायतका रणनीति तथा कार्यनीतिहरु उल्लेख रहेका छन् ।खाद्य तथा पोषण सुरक्षा क्षेत्रमा वितरण प्रणाली व्यवस्थित गर्न खाद्य आवश्यकतालाई पूरा गर्न सबै प्रदेश तथा स्थानीय स्तरमा जगेडा भण्डारको व्यवस्था गर्दै वितरण प्रणालीलाई व्यवस्थित गर्नका लागि तीन तहको समन्वयात्मक सञ्जालको विकास गरी स्थानीय खाद्य आवश्यकताको अनुपातमा खाद्य भण्डार गर्ने व्यवस्था गरिने कार्यनीति उल्लेख छ।

कृषि उपजको ढुवानी, भण्डारण प्रशोधन तथा बजारीकरणको लागि आवश्यक यातायात सेवा, सङ्कलन केन्द्र, चिस्यान केन्द्र, गोदाम घर र प्रशोधन केन्द्रको विस्तार गरी कृषिको उत्पादन उत्पादकत्व र प्रतिस्पर्धा क्षमता अभिवृद्धि गर्ने लक्ष्य सोह्रौँ योजनाले लिएको छ।

२.४. **वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य कार्यान्वयन -** आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रममा प्रदेश तथा स्थानीय तहको सहकार्यमा प्रत्येक पालिकामा एक-एक वटा शीतगृह, कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरी किसानको उत्पादनलाई बजारीकरण गरिने कुरा उल्लेख गरिएको, आर्थिक वर्ष २०७९।८० को वार्षिक नीति तथा कार्यक्रममा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको मध्यावधि समीक्षाका आधारमा पुनःसंरचना गरी प्राविधिक र आर्थिक दृष्टिकोणबाट सम्भाव्य वाली तथा वस्तुको जोन प्रदेशमा हस्तान्तरण गरिने, अन्तर्राष्ट्रिय विमानस्थल र प्रमुख अन्तरदेशीय नाका नजिक शीतभण्डार र कृषि मार्ट स्थापना गर्न प्रोत्साहन गरिने लगायतका विषयहरु रहेका छन्। तीन आर्थिक वर्षको संघीय वार्षिक बजेट वक्तव्यमा उल्लेख भएका विषयहरु देहायबमोजिम रहेका छन्:

| आर्थिक वर्ष | बजेट वक्तव्यमा उल्लिखित विषय |
|---|---|
| २०८०।८१ | राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रूपमा रहेको कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न जोड दिइने, कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरण तथा कृषि उपजको भण्डारण र बजारीकरणको समुचित प्रबन्ध मिलाइने, खाद्य तथा पोषण सुरक्षालाई उच्च प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने तथा कृषि उपजको बजार व्यवस्थाका लागि स्थानीय तहसँगको सहकार्यमा कृषि उपज बजारस्थल, शीतभण्डारण गृह र खाद्य भण्डारण गृह जस्ता संरचना निर्माण गर्न बजेट व्यवस्था गरिएको छ। |

| | |
|---|---|
| २०७९।८० | कृषकहरूलाई सरल र सहज रूपमा बीउ, मल, प्रविधि र सिँचाइ सुविधा उपलब्ध गराउने, लघुवित्त मार्फत सहुलियतपूर्ण कर्जा प्रदान गर्ने, कृषि बिमा विस्तार गरी प्रभावकारी कार्यान्वयन गर्ने, कृषि उत्पादन सङ्कलन केन्द्र निर्माण गर्ने, कृषि उत्पादन ढुवानीका लागि कृषि एम्बुलेन्सको व्यवस्था गर्ने, उत्पादित वस्तुको मूल्य निर्धारण गर्ने, कृषि उत्पादन बिक्री वितरणको लागि बजारको व्यवस्था गर्ने तथा स्थानीय तहले तोकेका विशिष्टिकृत कृषि तथा पशु उपजको न्यूनतम समर्थन मूल्य तोकी खरिद गर्ने प्रत्याभुति गरिने, प्रत्येक प्रदेशमा ठूला तथा मध्यम आकारका मोडिफाइड एट्मोस्फेयरका कोल्डस्टोर खोल्ने व्यवस्था मिलाइने उल्लेख छ। |
| २०७८।७९ | सबै प्रदेशमा भण्डारण सुविधा सहितको कृषि उपज प्रशोधन केन्द्र र औद्योगिक कृषि बजार स्थापना गरिने, स्थानीय तह मार्फत २ सय खाद्य भण्डारण केन्द्र, ८९ शीतकक्ष र शीतभण्डार स्थापना गरिने उल्लेख छ। |

प्रदेश तथा स्थानीय तहका बजेट र कार्यक्रमहरुमा समेत शीतभण्डार निर्माण र व्यवस्थापन गर्ने कार्यक्रम सञ्चालन तथा अनुदान वितरण गर्ने विषयहरु समावेश भएका छन् ।

२.५. **प्रदेश बजेटः** प्रदेशगत रुपमा दुई आर्थिक वर्षको बजेटमा उल्लेख भएका महत्वपूर्ण बेहोराहरु देहायबमोजिम छन् ।

| आ.व. | प्रदेश | बजेट वक्तव्यको बेहोरा |
|---|---|---|
| २०८०/८१ | कोशी | खाद्य पोषणसँग प्रत्यक्ष सरोकार राख्ने रैथाने बालीहरुको उत्पादन भण्डारण प्रशोधन र बजारीकरणका लागि आवश्यक बजेट व्यवस्था गरेको |
| २०७९/८० | कोशी | किसानबाट उत्पादन गरिएका उच्च मूल्यका कृषि उपजलाई मूल्य श्रृंखलामा आवद्ध गर्न सङ्कलन, प्रशोधन, प्याकेजिङ्ग, प्रमाणीकरण आदिमा सहयोग गर्न एकीकृत बजारीकरण मोडेलको अवधारणा अनुरुपका नमूना कार्यक्रमहरु सञ्चालन गरिने। यस्ता कार्यक्रममा संलग्न हुने स्थानीय तह र सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि र पूर्वाधार विकासका लागि बजेट व्यवस्था गरेको |
| २०८०/८१ | मधेश | किसानलाई सरल, सहज, रुपमा उन्नत जातको बीउ बिजन, मल उपलब्ध गराउन, कृषि तथा पशु बिमा, उत्पादन सङ्कलन केन्द्र निर्माण, प्रशोधन भण्डारण र बिक्री व्यवस्थापनको लागि रु २० करोड विनियोजन गरेको |
| २०७९/८० | मधेश | किसानलाई सरल र सहज रुपमा उन्नत जातको बीउ बिजन, मल र सहुलियत कर्जा प्रदान, कृषि तथा पशु बिमाको विस्तार तथा प्रभावकारी कार्यान्वयन, कृषि सडकको निर्माण, कृषि उत्पादन सङ्कलन केन्द्र निर्माण, कृषि उपजहरुको प्रशोधन र भण्डारण एवं बिक्री वितरणका लागि आवश्यक बजार समेतको व्यवस्था गर्न रु २८ करोड २० लाख विनियोजन गरेको |
| २०८१/८२ | बागमती | सहकारीद्वारा सञ्चालित शीतभण्डार, उच्च प्रविधियुक्त संरक्षित संरचनामा च्याउ उत्पादन, दुग्ध चिस्यान केन्द्र तथा मत्स्यपालनमा खपत हुने विद्युत महशुलमा ५० प्रतिशत रकम अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिएको |
| २०८०/८१ | बागमती | उच्च मूल्यका कृषि बाली वस्तुहरुको उत्पादनदेखि उपभोगसम्मका प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी साना तथा मझौला कृषकहरुको आयआर्जन वृद्धि गर्न मूल्य श्रृङ्खला प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने। प्रदेशमा उत्पादित कृषिजन्य बाली वस्तुको भण्डारण, बजारीकरण तथा उत्पादन उपरान्त हुने क्षति न्यूनीकरण गर्न कोल्ड चेम्बर हर्मेटिक भण्डारण लगायतका पूर्वाधार निर्माण गर्दै लगिने। कृषि क्षेत्र सम्बद्ध भौतिक पूर्वाधार निर्माणका लागि रु.४३ करोड १५ लाख विनियोजन गरेको |
| २०७९/८० | बागमती | फलफूल तथा तरकारीको व्यावसायिक उत्पादन र भण्डारणलाई टेवा पुर्याउन निजी क्षेत्रसँगको साझेदारीमा शीतभण्डार स्थापना र सञ्चालन गरिनेछ। प्रदेशभित्र निर्माणाधिन दश वटा शीतभण्डार आगामी वर्ष सम्पन्न गर्न रु. ५ करोड विनियोजन थाहा नगरपालिकासँगको लागत साझेदारीमा पालुङमा निर्माण भएको शीतभण्डारका लागि आवश्यक यन्त्र उपकरण खरिद गर्न रु. ३ करोड बजेट व्यवस्था |

| | | |
|---|---|---|
| | | पाँच विघा वा पचास रोपनी भन्दा बढी जमिनमा तरकारी खेति गर्ने किसानको कृषि उपज भण्डारणको लागि कोल्ड च्याम्बर निर्माण सहयोग पुर्‍याउने गरी बजेट व्यवस्था गरेको छ। खेति गरिएको क्षेत्रफलका आधारमा माग बमोजिमका आधुनिक यन्त्र उपकरण उपलब्ध गराउन रु. ११ करोड २५ लाख विनियोजन गरेको |
| २०७८/७९ | बागमती | प्रदेश भित्र उत्पादित फलफूल, तरकारी लगायतका कृषि उपज भण्डारणका लागि सार्वजनिक क्षेत्र, निजी क्षेत्र र सहकारी क्षेत्रको साझेदारीमा निर्माणाधीन १७ हजार ७ सय मेट्रिक टन अमता भएका शीतभण्डारहरु आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन रु. २० करोड बजेट विनियोजन गरेको |
| २०७७/७८ | बागमती | चितवन, धादिङ, मकवानपुर, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, दोलखा, नुवाकोट, रसुवा जिल्लाहरुमा निर्माणाधीन शीतभण्डारणहरु आर्थिक वर्ष २०७७/०७८ मा सम्पन्न हुने गरी बजेट व्यवस्था गरेको |
| २०८०/८१ | गण्डकी | कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न र उन्नत बीउ विजनमा कृषकको पहुँच अभिवृद्धि गर्न स्रोत केन्द्र स्थापना गरिने। कृषि उपजको उत्पादन पश्चात् हुने क्षति न्यूनीकरण गर्न तथा बजारीकरण प्रवर्धन गर्न शीतभण्डारण स्थापनामा प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिने। यसको लागि रू. ४ करोड ८५ लाख विनियोजन गरेको |
| २०७९/८० | गण्डकी | कृषि उपजको बजारीकरणमा सहजता ल्याउनका लागि कोल्ड स्टोर, कोल्ड रुम तथा चिस्यान केन्द्र निर्माण गर्ने कार्यलाई निरन्तरता दिएको। कृषि उपजको विविधिकरण गरी मूल्य अभिवृद्धि गर्न कृषि उपज प्रशोधन केन्द्र स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरेको |
| २०७७/७८ | गण्डकी | कृषि उपज तथा पशुपन्छीजन्य उत्पादनको बजारीकरणलाई सहज र व्यवस्थित गर्न सङ्कलन केन्द्र, प्रशोधन केन्द्र, शीतभण्डार गृह, चिस्यान केन्द्र र आधुनिक पशु बधस्थल स्थापना र सञ्चालन गर्न सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिन रू. ६ करोड ४१ लाख व्यवस्था गरेको |
| २०८१/८२ | लुम्बिनी | शीतभण्डार सञ्चालनमा प्रयोग हुने विद्युत महशुलमा सहुलियत दिन आवश्यक रकम विनियोजन गरेको |
| २०७९/८० | लुम्बिनी | कृषकहरूले उत्पादन गरेको कृषि उपजहरूको सहज विक्री वितरण, बजारीकरण र भण्डारण गर्नको लागि आवश्यक प्रबन्ध मिलाएको। नेपाल सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा खरिद गरेको धान, मकै र गहुँको भण्डारण गर्न आवश्यक भण्डारगृह निर्माणमा सहयोग गरिने |
| २०८१/८२ | सुदूरपश्चिम | प्रदेश भित्र गुणस्तरीय कृषि पूर्वाधार विकासको लागि कार्यक्रम सञ्चालन गरिनेछ। बैतडीको दशरथचन्द नगरपालिका दार्चुलाको महाकाली नगरपालिका डोटीको दिपायल सिलगढी नगरपालिका र कैलालीको भजनी नगरपालिकामा निर्माणाधिन कोल्ड च्याम्बर र कोल्ड स्टोरको यसै आ.व .भित्र निर्माण सम्पन्न गरिने |
| २०७९/८० | सुदूरपश्चिम | विगतमा शुरु भएका कोल्ड च्याम्बर कोल्ड रुम र राईपेनिङ्ग च्याम्बरको निर्माण सम्पन्न गरिनेछ। नेपाल सरकारसँगको साझेदारी तथा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप बहुच्याम्बर भएको कोल्डस्टोर निर्माण गर्ने व्यवस्था मिलाएको |
| २०७८/७९ | सुदूरपश्चिम | गत आ.व.मा निर्माण शुरु भएका कोल्ड च्याम्बर, कोल्ड रुम र राईपेनिङ्ग च्याम्बरको निर्माण सम्पन्न गर्दै बजांग, कैलाली र कंचनपुरमा नयाँ संरचना निर्माणका लागि रु. ६ करोड विनियोजन |
| २०८१/८२ | कर्णाली | निर्माण भएका कोल्ड स्टोरहरुको स्तरोन्नती गरी सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था मिलाइने |
| २०७८/७९ | कर्णाली | कृषिमा आधारित उद्योगलाई आवश्यक कच्चा पदार्थको आपूर्ति सुनिश्चित गर्न कृषि उद्योगले चाहेको क्षेत्रमा समन्वयात्मक रूपमा कच्चा पदार्थ उत्पादन, प्राविधिक सेवा, भण्डारणका लागि कोल्ड स्टोर, रष्टिक स्टोर र आवश्यक पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिने र यसका लागि रु. ११ करोड ३५ लाख रकम विनियोजन गरेको |

३. **संस्थागत व्यवस्था -** नेपालमा शीतभण्डारको व्यवस्थापन कार्यमा नीति निर्माण, सहजीकरण एवं अनुगमन समेतका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि विभाग, प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना, नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय किसान आयोग, प्रदेश स्थित कृषि मन्त्रालय, प्रदेश कृषि विकास निर्देशनालय, प्रदेश कृषि व्यवसाय प्रवर्धन तथा तालिम केन्द्र, कृषि ज्ञान केन्द्र, स्थानीय सरकारमा समेत विषयगत महाशाखाहरुको व्यवस्था गरी कार्यसम्पादन गरिएको छ।

४. **शीतभण्डारसम्बन्धी कार्यविधिहरु -** कृषि उपजहरुको उत्पादन उपरान्तको क्षति न्यूनीकरण गर्न, गुणस्तर प्रवर्धन गर्न, आवश्यक परिमाणमा उपलब्धता सुनिश्चित गर्न र व्यावसायिक तथा औद्योगिक उत्पादन एवं बजारीकरणमा सहयोग गर्न पर्याप्त भण्डारण सुविधाका लागि शीतभण्डार निर्माण कार्यक्रम निजी वा सहकारी क्षेत्र र प्रदेश सरकारको साझेदारीमा निर्माण तथा व्यवस्थापन गर्न तीनतह सरकारद्वारा निर्माण गरिएका शीतभण्डार सम्बन्धी कार्यविधि र तिनका उद्देश्यहरु देहायबमोजिम रहेका छन् ।

| कार्यविधिको नाम | उद्देश्यहरु |
|---|---|
| शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापना कार्यक्रमका लागि ब्याज अनुदान मापदण्ड, २०७३ | • कृषि उपजहरुको भण्डारणमा सहयोग पु¥याउने,<br>• उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न आवश्यक गुणस्तरीय बीउ विजनहरुको उपलब्धता सुनिश्चित गर्ने,<br>• देशका उपभोक्तालाई गुणस्तरीय कृषि उपजहरुको उपलब्धता गराउने,<br>• व्यावसायिक, औद्योगिक तथा निर्यातमूलक कृषि उत्पादन प्रवर्धनका लागि प्रयाप्त भण्डारण सुविधा प्रत्याभूत गर्ने,<br>• कृषि उपज भण्डारण घर सञ्चालन र व्यवस्थापनबाट संस्थाको प्राविधिक तथा व्यवस्थापकिय क्षमता अभिवृद्धि गर्ने विषय समेटिएको छ। |
| कृषि, पशुपन्छी, भूमि व्यवस्था र सहकारी क्षेत्र) रुपान्तरणको मार्गचित्र, २०७५ | • कृषि उत्पादन सामग्रीको आपूर्ति व्यवस्थालाई सहज र सुलभ बनाई गुणस्तरीय बनाउन निजी क्षेत्र र सहकारी क्षेत्र समेतको सहभागितामा सातवटै प्रदेशमा बफर स्टकको लागि कम्तीमा २५ हजार मेट्रिक टन क्षमताका भण्डारण गृहहरू स्थापना गरिने, स्थानीय तहसँगको समन्वयमा आवश्यकता अनुसार शीतभण्डार, रस्टिक भण्डार, सेलार भण्डार, शुन्य शक्ति भण्डार जस्ता स्थानीय उत्पादनलाई सहयोग पुग्ने भण्डारण गृहहरु निर्माण गर्न प्रोत्साहित गरिने, कृषि उपजको व्यवस्थित भण्डारणका लागि ७ वटै प्रदेशमा सार्वजनिक निजी सहकारी क्षेत्रको सहभागितामा कम्तीमा १ लाख मेट्रिक टन क्षमताका ठूला गोदाम घर स्थापना गरिने, साना किसानहरूको उत्पादन एवं बजारीकरणलाई टेवा पुर्याउन स्थानीय तहमा सामुदायिक अन्न तथा बीउ बैंकको स्थापना गर्न प्रोत्साहन गरिने उल्लेख छ। |
| कृषि उपज भण्डारणका लागि प्रयोग गरिने शीतघर तथा दुग्ध चिस्यान केन्द्रमा लाग्ने विद्युत महशुलमा अनुदान भुक्तानी दिने सम्बन्धी कार्यविधि, २०७५ | • कृषि उपज भण्डारणमा प्रोत्साहन गर्ने र दिगो रुपमा शीतघर सञ्चालनका लागि सहयोग पु¥याउने, स्थानीय स्तरमा दुग्ध सङ्कलन , चिस्यान केन्द्र स्थापना तथा सञ्चालनमा सहयोग पु¥याउने, दुग्ध चिस्यान केन्द्र तथा शीतघरमा कृषि उपज भण्डारण गर्दा प्रयोग हुने विद्युतमा सञ्चालकले तिर्ने महशूलमा अनुदानको व्यवस्था गरी भण्डारण सुविधाको सुलभता गराई उत्पादनलाई प्रोत्साहन गर्ने, शीतघर सञ्चालन मार्फत कृषि उपजहरुलाई पयाप्त भण्डारण सुविधा उपलब्ध गराई उपभोक्तालाई गुणस्तरीय कृषि उपजहरुको उपलब्धता सुनिश्चित गर्ने, कृषिमा संलग्न व्यवसायी तथा उद्यमीहरुलाई प्रोत्साहित गर्ने तथा भण्डारण जोखिम न्यूनीकरणमा सहयोग गर्ने, भण्डारण सुविधाको विकास मार्फत कृषि उपजको मूल्य अभिवृद्धि गर्दै बेमौसमी उपलब्धता गराउनमा सहयोग गर्ने विषय समेटिएको छ। |
| शीतभण्डार गृह (कोल्ड स्टोरेज)स्थापना कार्यान्वयन कार्यविधि २०७४, प्रथम संशोधन २०७५ | • विशिष्टकृत क्षेत्रहरुबाट उत्पादन भई आएका कृषि उपज खास गरी बीउ आलु फलफूल र तरकारीको सुरक्षित भण्डारण र भण्डारण क्षमता वृद्धि, कृषि उपजहरुको उत्पादन उपरान्तको क्षति न्यूनीकरण, गुणस्तर प्रवर्धन, आवश्यक परिमाणमा उपलब्धता सुनिश्चित गर्न र व्यावसायिक तथा औद्योगिक उत्पादन एवं बजारका लागि शीतभण्डार सुविधा विकास गर्न निजी कम्पनीसँग साझेदारीमा शीतभण्डार निर्माणका लागि अनुदान दिने गरी कार्यविधि तयार, शीतभण्डारण गृह स्थापना र सञ्चालन मार्फत उत्पादित कृषि उपजहरुको लागि पर्याप्त भण्डारण सुविधा उपलब्ध |

| | |
|---|---|
| | गराई उत्पादनोपरान्त क्षति न्यूनीकरण गर्दै भण्डारण क्षमता वृद्धि गर्न आवश्यक परिमाण र उचित मूल्यमा सहज उपलब्धता गराउने र व्यावसायिक औद्योगिक तथा निर्यातमूलक कृषि उत्पादन प्रवर्धनका लागि आवश्यक भण्डारण सुविधा उपलब्ध गराउने उल्लेख छ। |

त्यस्तै, प्रदेश तथा स्थानीय तहले पनि शीतभण्डार निर्माण र अनुदान सम्बन्धी कार्यविधि, साझेदारीमा कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम स्थापना कार्यक्रम सञ्चालन कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याएका छन् ।

५. **वित्तीय व्यवस्था -** कृषि तथा पशुपन्छी मन्त्रालय, कृषि विभाग, प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना, प्रदेश कृषि मन्त्रालय तथा कृषि निर्देशनालय र स्थानीय तहबाट सञ्चालित विभिन्न कार्यक्रमहरु मार्फत कृषि उपजहरुको सुरक्षित भण्डारण र भण्डारण क्षमता वृद्धि गर्न, खाद्य सुरक्षा र गुणस्तर अभिवृद्धि, कृषि उपजको मूल्य अभिवृद्धि कृषि क्षेत्रको व्यावसायिक औद्योगिक विकास र कृषि बजार व्यवस्थापनका लागि विभिन्न प्रकारका अनुदान प्रवाह हुने गरेको छ।

६. **विषय छनोटको औचित्यः** नेपालमा उत्पादित कृषि उपजहरुको समुचित भण्डारण, प्रशोधन तथा मूल्य अभिवृद्धि यथोचित रुपमा हुन सकेको छैन। आपतकालीन अवस्थामा खाद्य आवश्यकतालाई पूरा गर्न खाद्यवस्तुको जगेडा भण्डारलाई कायम राख्न सबै तहमा आधुनिक भण्डारण संरचना विकास सञ्चालन र व्यवस्थापन गर्नुपर्ने सन्दर्भमा हालसम्म बनेका शीतभण्डारको सञ्चालन अवस्था, शीतभण्डारको प्रभावकारी उपयोग, सञ्चालनमा भूमिका लगायतमा देखिएका समस्या र सोको समाधानका लागि सुझावहरु प्रदान गर्न "**नेपालमा शीतभण्डार व्यवस्थापन कार्यक्रम**" विषय छनोट भएको छ।

# परिच्छेद -२
# लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति र सीमा

७. **लेखापरीक्षणको उद्देश्य -** दिगो कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि स्थापित शीतभण्डारमा सरकारको लगानीलाई उद्देश्यमूलक र प्रतिफलदायी बना ई कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण तथा कृषि उपजको भण्डारण र बजारीकरण गराउने कार्यको अवस्था विश्लेषण गरी सुझाव प्रदान गर्नु यस विषयको मुख्य उद्देश्य रहेको छ। यस सम्बन्धी थप उद्देश्य देहायबमोजिम रहेका छन्ः

- विभिन्न जिल्लामा सञ्चालित शीतभण्डारहरुको सञ्चालनको अवस्थाबारे अध्ययन तथा विश्लेषण गर्ने,
- शीतभण्डार व्यवस्थापनमा स्रोत र साधनको परिचालन, प्राविधिक जनशक्ति, विद्युत, सरसफाइलगायतका व्यवस्थाको अध्ययन तथा विश्लेषण गर्ने,
- नेपाल सरकारबाट शीतभण्डार सञ्चालकहरुलाई उपलब्ध गराउँदै आएको विद्युत महशुलमा अनुदानको प्रभावकारिता सम्बन्धमा अध्ययन तथा विश्लेषण गर्ने,
- शीतभण्डारहरुको प्रभावकारी सञ्चालनमा देखिएका समस्या र समाधानको लागि उचित सुझाव प्रदान गर्ने

८. **लेखापरीक्षण क्षेत्र -** संघीय कृषि मन्त्रालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना, प्रदेश कृषि मन्त्रालय तथा ज्ञान केन्द्र र स्थानीय तहमा स्थापित र सञ्चालित शीतभण्डार गृहहरुलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकता अनुसार अन्य सम्बन्धित निकायबाट समेत आवश्यक सूचना एवं जानकारी सङ्कलन गरिएको छ। समयावधिको सन्दर्भमा आर्थिक वर्ष २०७५।७६देखि २०८०।८१ सम्मका क्रियाकलापहरु लेखापरीक्षणमा समावेश गरिएको छ। सम्बन्धित मन्त्रालय तथा कार्यालयले उपलब्ध गराएको अद्यावधिक तथ्याङ्कमा आधारित भएर लेखापरीक्षण सम्पन्न गरिएको छ।

९. **लेखापरीक्षण पद्धति -** नेपालमा शीतभण्डार गृहहरुको सञ्चालन र उपयोगको अवस्थाको लेखापरीक्षण गर्दा प्रकृयामूलक तथा नतिजामूलक पद्धतिलाई प्रयोग गरिएको छ। शीतभण्डारको सञ्चालन र उपयोगको अवस्था मध्यनजर राखी त्यसको लागि मिश्रित पद्धति अवलम्बन गरिएको छ। यो पद्धति कार्यान्वयनका क्रममा सम्बन्धित निकायबाट जानकारी तथा निकाय प्रमुख लगायत अन्य पदाधिकारीसँग छलफलका माध्यमबाट सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ। लेखापरीक्षणको उद्देश्य हासिल गर्न सम्बन्धित मन्त्रालय तथा कार्यालयले वेबसाइटमा राखेका अभिलेखहरुको नमुना छनोट गर्ने, विभिन्न प्रश्नावली र विवरण मार्फत् सूचना सङ्कलन तथा विश्लेषणका साथै छनोट भएका अन्य निकायको स्थलगत अवलोकनमार्फत जानकारी हासिल गर्ने, सो सम्बन्धी कागजात तथा फाईल अध्ययन गर्ने, सम्बन्धित पक्षसँग छलफल लगायतका लेखापरीक्षण पद्धतिको अवलम्बन गरी प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षण आधारको रुपमा संवैधानिक तथा कानुनी र नीतिगत व्यवस्थाहरु, परियोजना कार्यान्वयन गर्न लागु गरिएका निर्देशिका, कार्यविधिमा उल्लेख भएका बेहोराहरुलाई प्रयोग गरिएको छ। साथै, आवश्यकता अनुसार लेखापरीक्षण आधारहरुबारे लेखापरीक्षण गराउने निकायहरुसँग समेत छलफल गरिएको छ।

१०. **लेखापरीक्षणको सीमा-** लेखापरीक्षणका लागि उपलब्ध स्रोत साधन र समयको सीमा, नियन्त्रण जोखिमको मात्रा तथा लागत लाभको दृष्टिकोणबाट सम्पूर्ण क्षेत्रलाई लेखापरीक्षणको दायरामा समेट्न सम्भव नहुने भएको हुँदा लेखापरीक्षण योजना बमोजिमको सारभूत विषयको छनोट गरी लेखापरीक्षण गरिएको छ। संघ, प्रदेश र स्थानीय तहबाट समेत शीतभण्डारको निर्माण तथा सञ्चालन भएकोमा सबै तथ्याङ्क र सोको जानकारी प्राप्त गर्न कठिनाई रहेकोले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट सञ्चालित शीतभण्डार, प्रदेश र केही स्थानीय तहका शीतभण्डार सम्बन्धमा प्राप्त सूचना, अभिलेख, विवरण, सरोकारवालासँगको छलफल, लेखापरीक्षण प्रश्नावली तथा तथ्याङ्क, वार्षिक प्रगति प्रतिवेदनका आधारमा यो प्रतिवेदन तयार गरिएको छ। साथै, नमुनाको रुपमा छनोट भएका शीतभण्डारको सञ्चालनको अवस्था र व्यवस्थापनको मूल्याङ्कनको आधारमा प्रतिवेदनको समग्र निष्कर्ष निर्धारण गरिएको छ। प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समय सीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट उपलब्ध स्रोत साधन आदि यसका सीमा रहेका छन् ।

# परिच्छेद-३
# लेखापरीक्षणबाट देखिएका बेहोरा

**सकारात्मक पक्षहरू -** कृषि उत्पादन, आपूर्ति श्रृङ्खला व्यवस्थापन र आर्थिक गतिविधि सुधारका सन्दर्भमा नेपालमा शीतभण्डार व्यवस्थापन कार्यक्रमको सकारात्मक प्रभाव रहेको छ। शीतभण्डारमार्फत् फलफूल, पुष्प, तरकारी जस्ता कृषि उपज लामो समयसम्म ताजा राख्न मद्दत पुगेको, मौसमी उत्पादनको दीर्घकालीन भण्डारणमार्फत प्रतिस्पर्धी बजार मूल्य प्राप्त भएको, खाद्य सुरक्षामा सुधार भएको, उत्पादन तत्काल बेच्नुपर्ने बाध्यता न्यून भई अधिक लाभ प्राप्त हुने अवसर प्राप्त भएको, निर्यात प्रवर्धन गर्न सहयोग मिलेको, उत्पादक, वितरक र खुद्रा विक्रेताबिचको आपूर्ति व्यवस्थापन, जनशक्तिका लागि रोजगारीको अवसर प्राप्त हुनुका साथै वैज्ञानिक भण्डारण प्रणाली प्रवर्धन भई कृषिमा आधुनिकिकरण गर्न अवसर रहेको लगायतका सकारात्मक पक्षहरू रहेका छन् ।

**सुधार गर्नुपर्ने पक्ष -** शीतभण्डार व्यवस्थापन कार्यक्रमसम्बन्धमा देखिएका सुधार गर्नुपर्ने पक्षहरू निम्नानुसार रहेका छन्:

११. **नेपालमा शीतभण्डारको आवश्यकता -** तरकारी तथा फलफूल शीघ्र बिग्रने हुँदा ताजा अवस्थामा लामो समयसम्म कायम राख्न तथा व्यावसायिक रूपमा नोक्सानी कम गर्न उचित भण्डारण आवश्यक हुन्छ। कृषि उपजमा हुने गुणस्तरलाई संरक्षण गरेर राख्नको लागि चिस्याउने प्रक्रिया नै मूल आधार हो किनकि यसले भण्डारण गरिएको उपजमा रासायनिक प्रक्रियाहरू कम गराउनका साथै सुक्ष्म जीवाणुहरूको वृद्धि पनि कम गराउँछ। शीतभण्डारको क्षमता अनुसार चिसो गर्ने यन्त्रको (रेफ्रीजिरेटर) क्षमता बढी वा घटी हुने भए पनि शीतभण्डारको वातावरणलाई सजिलोसँगै नियन्त्रण गर्न सकिने गरी भण्डारलाई विभिन्न कक्षमा बाँडिएको हुन्छ । तरकारी तथा फलफूललाई उपर्युक्त वातावरणमा भण्डारण गरेर राख्न सकेमा कृषि उपजको गुणस्तर कायम गर्दै उपभोक्ताको माग र बजार मूल्य अनुसार उचित समयमा आफ्नो उपज बिक्री गरी आर्थिक लाभ लिन सकिन्छ। नेपालमा निर्माण भएका शीतभण्डारहरुले फलफूल तथा तरकारीहरुको भण्डारण गर्दा तापक्रम, सापेक्षित आर्द्रता र भण्डारण अवधिलाई ध्यान दिनुपर्दछ। यस्ता कृषि उपजलाई भण्डारण गरी आवश्यकता अनुसार बिक्रि गर्न उपयुक्त तापक्रमअनुसार शीतभण्डार निर्माण गर्ने र कृषक तथा शीतभण्डार सञ्चालकलाई आवश्यक तालिम र ज्ञान हस्तान्तरण कार्यक्रम सञ्चालन गरी सोको प्रभावकारी उपयोग गर्नुपर्दछ।

१२. **लक्ष्य प्रगति स्थिति -** पन्ध्रौं योजनामा कृषि क्षेत्रको वृद्धिदर ५.८ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ३.०८ प्रतिशत मात्र हासिल भएको र दुध उत्पादन लक्ष्यअनुरूप भए तापनि धान, मकै, गहुँ, तरकारी, आलु, फलफूल र माछाको उत्पादनमा वार्षिक लक्ष्यअनुसार प्रगति भएको देखिएन । प्रमुख बालीहरूमा बीउ प्रतिस्थापन दर यो वर्ष २५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २३.१४ प्रतिशत प्रगति हासिल भएको छ। कृषि तथा पशुपन्छी मन्त्रालयको तथ्याङ्कअनुसार कृषिजन्य वस्तुको विगत ५ वर्षको आयातको अवस्थाअनुसार कृषिजन्य वस्तुहरूमा प्रमुख तरकारी र फलफूल आयात वृद्धिदर २०७५।७६ को तुलनामा २०७६।७७ मा १५.०५ प्रतिशत, २०७६।७७ को तुलनामा २०७७।७८ मा ६.२० प्रतिशत, २०७७।७८ को तुलनामा २०७८।७९ मा ३१.३१ प्रतिशत रहेकोमा २०७९।८० को सुरुवातदेखि नै समग्र अर्थतन्त्रमा भएको सङ्कुचनसँगै वस्तु पैठारीमा सङ्कुचन आएका कारण तरकारी र फलफूलको आयातसमेत ३०.१२ प्रतिशतले घट्न गएता पनि कृषिमा आत्मनिर्भर हुन सकेको अवस्था

छैन। कृषि उत्पादन वृद्धि र आयात प्रतिस्थापन हुने गरी अनुदान दिने गरिएकोमा सकारात्मक नतिजा प्राप्त हुनेगरी नीतिमा पुनरावलोकन हुनुपर्दछ।

१३. **कृषिउपज शीतभण्डार केन्द्रको सुविधा -** शीतभण्डारण केन्द्रको सुविधाले कृषकहरुले आफ्ना कृषिजन्य उत्पादन निश्चित समयका लागि शुन्य वा कम क्षतिमा सुरक्षित तवरले राख्न सक्दछन्। यसबाट कृषकहरुले सम्भावित हानी नोक्सानीबाट आफ्ना फसलहरुको संरक्षण गर्नसक्नुका साथै उच्च प्रतिफल लिन सक्दछन्।

१३.१. कृषि गणना, २०७८ अनुसार कुल उत्पादन मध्ये शीतभण्डार व्यवस्थापनमा वडागत शीतभण्डारको तथ्याङ्क देहायबमोजिम रहेको छ।




*स्रोतः कृषिमा सरकारी सेवा सुविधाको पहुँचसम्बन्धी विषयगत प्रतिवेदन*

माथिको रेखा चित्रअनुसार नेपालमा औषतमा करिब ४ प्रतिशत वडाहरुमा मात्र कृषि उपज शीतभण्डारण केन्द्रको सुविधा रहेको छ। प्रदेशगत रुपमा बागमती र गण्डकी प्रदेशमा यस्तो सुविधा भएका वडाहरु तुलनात्मक रुपमा अन्य प्रदेशमा भन्दा बढी रहेको देखिएको छ। यी प्रत्येक प्रदेशका ६ प्रतिशत वडाहरुमा मात्र शीतभण्डारण केन्द्रको सुविधा रहेको पाइएको छ। यस्तो सुविधा सबैभन्दा कम मधेश प्रदेशमा रहेको छ जहाँ १ प्रतिशत वडाहरुमा शीतभण्डारण केन्द्रको सुविधा रहेको छ। कृषि उपजहरुको सम्भाव्यता अध्ययन तथा प्रदेशगत रुपमा शीतभण्डारहरुको सञ्चालन अवस्था यकिन गरी सञ्चालन गर्ने र कृषि सम्भाव्य क्षेत्रमा नयाँ शीतभण्डार निर्माणमा जोड दिनुपर्दछ।

१३.२. **फलफूल भण्डारणका लागि कोल्ड स्टोर -** राष्ट्रिय फलफूल विकास केन्द्रले आ.व. २०७७/७८ मा गरेको अध्ययन अनुसार देशभर रहेका शीतभण्डारहरुको विवरण देहायबमोजिम रहेको छ।

| प्रदेशको नाम | कोल्ड स्टोर संख्या |
|---|---|
| कोशी | १८ |
| मधेश | २६ |
| बागमती | ३२ |
| गण्डकी | ८ |
| लुम्बिनी | ३२ |
| कर्णाली | १ |

| | |
|---|---|
| सुदुरपश्चिम | ९ |
| **कुल** | **१२६** |

*स्रोतः राष्ट्रिय फलफूल विकास केन्द्र २०७७/७८*

माथिको तालिका अनुसार देशभर कुल १२६ फलफूल भण्डारका लागि शीतभण्डार सञ्चालनमा आए तापनि शीतभण्डारहरु पूर्ण क्षमतामा सञ्चालन नभएको र मौसम अनुसार बढी उपलब्धता हुने फलफूलहरु शीतभण्डारमा भण्डारण गरी बेमौसममा बिक्री गर्ने तथा बजारमा फलफूल निरन्तर रुपमा उपलब्ध हुने अवस्था देखिएको छैन। यसर्थ, शीतभण्डार संरचनाहरुको उचित व्यवस्थापन गरी भण्डारण गरेका वस्तुहरुको गुणस्तरमा ह्रास आउन नदिने गरी व्यवस्थापन गर्नुपर्दछ।

१४. **जलवायु अनुकूलित कार्यहरु -** जलवायु परिवर्तनका कारण कृषि प्रणालीमा प्रभाव परिरहेको छ। तापक्रम वृद्धि, अनियमित वर्षा, खडेरी र प्राकृतिक प्रकोपका कारण कृषकहरू ठूलो आर्थिक नोक्सानी व्यहोर्न बाध्य छन्। यस्ता समस्या समाधान गर्न शीतभण्डारको भूमिका झनै महत्त्वपूर्ण बन्दै गएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयबाट जारी राष्ट्रिय जलवायु परिवर्तनसम्बन्धी सर्वेक्षणको प्रतिवेदन (नेशनल क्लाइमेट चेन्ज सर्भे, २०२२) मा विगत ५ वर्षको अवधिमा शीतभण्डारको प्रयोगसम्बन्धीमा निम्नानुसार बेहोरा देखिएको छ।

| **वर्गीकरण** | **शीतभण्डार अनुकूलन उपायहरू** | | | |
|---|---|---|---|---|
| | **हो** | **होइन** | **लागु हुँदैन** | **जम्मा** |
| नगरपालिका अनुसार | | | | |
| सहरी | ४.१२ | ६०.३७ | ३५.५२ | १०० |
| ग्रामीण | ३.२८ | ८५.६६ | ११.०५ | १०० |
| पारिस्थितिक क्षेत्र | | | | |
| पहाड | १.६८ | ८८.२० | १०.१२ | १०० |
| हिमाली | २.३१ | ७३.९८ | २३.७१ | १०० |
| तराई | ५.६३ | ६५.११ | २९.२६ | १०० |
| नेपाल | ३.७६ | ७१.१२ | २५.११ | १०० |

माथिको तालिका अनुसार नेपालभरमा कृषि-आधारित अनुकूलन उपायहरूमा शीतभण्डार प्रयोगमा ३.७६ प्रतिशत घरपरिवारलाई जानकारी भएको र ७१.१२ प्रतिशतलाई जलवायु अनुकूलनमा शीतभण्डारको योगदानका विषयमा जानकारी नभएकोले प्रयोग नगरेको जनाएका छन् । शीतभण्डार सुविधाको सीमित पहुँच रहेको कृषि क्षेत्रमा समग्र अनुकूलन क्षमता बढाउन सम्बन्धित निकायले यससम्बन्धी कार्यक्रम सञ्चालन तथा सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१५. **शीतभण्डार सम्बन्धी मापदण्ड -** नेपालमा शीतभण्डारसम्बन्धी छुट्टै नीतिहरू नभए तापनि कृषिजन्य उत्पादनको संरक्षण, भण्डारण र वितरणलाई प्रभावकारी बनाउन संघीय तथा प्रदेश सरकारबाट शीतभण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि जारी गरिएको छ। शीतभण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४ मा योगदानका आधारमा निजी लगानीकर्ता र सहकारीलाई शीतभण्डारको स्थापना र उपकरण खरिद गर्न ७० प्रतिशतसम्म अनुदान दिने र निजी लगानीकर्ताले जमिनबाहेक कुल लगानीको कम्तीमा ३० प्रतिशत खर्च व्यहोर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले शीतभण्डार स्थापना र मेसिन खरिदमा लाग्ने रकमको ५०देखि ७० प्रतिशतसम्म खर्च बेहोर्ने व्यवस्था गरेको छ। तहगत सरकारले जारी गरेका कार्यविधिमा अनुदान प्रतिशतको भिन्नतालाई देहायको तालिकाबाट प्रस्तुत गरिएको छ।

| कार्यविधि | अनुदान प्रतिशतको बेहोरा |
|---|---|
| शीतभण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४ (प्रथम संशोधन २०७५) | शीतभण्डार गृहको भौतिक पूर्वाधारहरुको निर्माण तथा मेशिनरी उपकरण खरिद र जडानको लागि नेपाल सरकारबाट बढीमा ७० प्रतिशतसम्म अनुदान प्राप्त हुने । |
| वार्षिक विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८० (सुदूरपश्चिम प्रदेश) | स्थानीय तहको लागत साझेदारीमा कोल्डस्टोर निर्माण कार्यक्रम अन्तर्गत् लागतमा मन्त्रालयले ५० प्रतिशत, स्थानीय तह वा सम्बन्धित सहकारी फार्म/कम्पनीले ५० प्रतिशत व्यहोर्ने |
| कोल्डस्टोर कोल्ड च्याम्बर र राईपेनिङ च्याम्बर स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ (सुदुरपश्चिम प्रदेश) | लागत साझेदारीमा संरचना निर्माणका लागि अनुदान रकम उपलब्ध गराउँदा स्वीकृत लागत अनुमानको ५० प्रतिशतसम्म अनुदान रकम प्रदान हुने |
| शीतभण्डार निर्माण तथा कार्यान्वन सम्बन्धी कार्यविधि, २०७५ (मधेश प्रदेश) | कृषक समूह, कृषि सहकारी संस्था र सार्वजनिक कृषि उपज बजार सञ्चालक समितिबाट ५०० मे.टन .वा सो भन्दा बढी क्षमताका प्रस्ताव भएका शीतभण्डार निर्माणको लागत अनुमानका बढीमा ८० प्रतिशत रकम अनुदान दिने |
| शीतभण्डार निर्माण तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५, (बागमती प्रदेश) | शीतभण्डार निर्माण र औजार उपकरणमा कुल लगानीको बढीमा ७० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने |
| शीतभण्डार निर्माण अनुदान कार्यविधि, २०७५, (लुम्बिनी प्रदेश) | सहकारी वा कृषक समूहको हकमा शीतभण्डार निर्माणमा लाग्ने लागतको बढीमा ७५ प्रतिशतसम्म रकम र निजी संस्थाको हकमा ५० प्रतिशतसम्म रकम मात्र अनुदानमा उपलब्ध गराइने । |
| साझेदारीमा कोल्डस्टोर/चिस्यान केन्द्र/कोल्ड रुम शीतभण्डार स्थापना कार्यक्रम सञ्चालन कार्यविधि २०७५ (गण्डकी प्रदेश) | निर्माण सहयोग कार्यक्रमको कुल लागत अनुमानको बढीमा ७० प्रतिशत रकम अनुदान स्वरुप उपलब्ध गराउने |
| शीतभण्डार, सोलार स्टोर, रष्टिक स्टोर तथा टिस्युकल्चर प्रयोगशाला निर्माण तथा सञ्चालन कार्यविधि, २०७६ (कर्णाली प्रदेश) | लागत इष्टिमेट तथा साझेदारीमा निर्माण गर्न स्वीकृत रकमको कम्तीमा ३० प्रतिशत रकम समूह र कम्तीमा ५० प्रतिशत निजी कम्पनी/फार्महरुले साझेदारीको रुपमा अनिवार्य रुपमा जुटाउनु पर्ने। |

यसरी संघ र प्रदेश सरकारले जारी गरेका कार्यविधिमा अनुदान प्रतिशतमा भिन्नता रहेको देखिन्छ। फरक फरक कार्यविधि तयार हुँदा अनुदान वितरण र सञ्चालन मोडालिटीलगायतमा एकरुपता नभएकोले एकीकृत मापदण्ड तयार गरी शीतभण्डार सञ्चालन र व्यवस्थापन गर्नुपर्दछ।

१६. **सूचना व्यवस्थापन प्रणाली** - कृषि मन्त्रालय, कृषि विभाग र प्रदेश तथा स्थानीय तहले सूचनाका रुपमा प्रगति प्रतिवेदन प्रकाशन गरेको भए पनि शीतभण्डारसम्बन्धी आवश्यक तथ्याङ्क तथा सूचनाहरु उपलब्ध नभएको, केही सूचना तथा तथ्याङ्क राखेपनि सोको आधार एवं स्रोत स्पष्ट नखुलेको अवस्था छ। तीन तहले शीतभण्डारसम्बन्धी सूचना एवं तथ्याङ्कहरु सङ्कलन गरी स्पष्ट आधार खुलाएर यथार्थपरक ढंगबाट सार्वजनिक गर्नुपर्दछ।

१७. **शीतभण्डार निर्माण** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले १३ जिल्लामा शीतभण्डार गृह निर्माणका लागि प्रस्ताव माग गरेकोमा २०७४।७५ मा बाँके र नुवाकोट जिल्लाबाट मात्र प्रस्ताव छनोट भई निर्माण सुरु भएको, २०७५।७६ मा ११ प्रस्ताव छनोट भएकोमा पोखरा र काभ्रेको प्रस्ताव स्वीकृत गरेपनि सम्झौता नगरेको, मनाङ जिल्लाको सम्झौता रद्द भएको र बाँकी ८ मध्ये ४ निजी कम्पनीले ७० प्रतिशतसम्मको आयोजना लागत साझेदारीमा शीतभण्डार निर्माण कार्य सुरु गरेका छन्। नुवाकोट र धनुषामा निर्माण कार्य सम्पन्न भई सञ्चालनमा रहेको, धादिङ्गमा ५० प्रतिशत काम सम्पन्न

गरी आंशिक भण्डारण कार्य सुरु गरेको र बाँकीमा २५ प्रतिशत काम सम्पन्न भएको देखिएछ। आयोजनाले लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा भएको व्यवस्था पालना नगरी २०७४।७५ मा परामर्शदातामार्फत् नुवाकोट जिल्लाका लागि तयार गरेको लागत अनुमान नै प्रयोग गरी धादिङ, धनुषा, कैलाली, सर्लाही, कपिलवस्तु, सुनसरी, मोरङ र झापा समेत ८ जिल्लाका लागि तयार गरेको लागत अनुमानको आधारमा अन्य जिल्लाहरुमा समेत फरक फरक मेट्रिक टन क्षमताको शीतभण्डार निर्माण कार्य अघि बढाउनुका आधार खुलाएको छैन।

१७.१. **लागत अनुमान -** आयोजनाले लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ९ मा भएको व्यवस्था पालना नगरी आ.व. २०७४/७५ मा टपकन इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.ले नुवाकोट जिल्लाको शीतभण्डार गृह स्थापनाका तयार गरेको लागत अनुमान कै आधारमा धादिङ, धनुषा, कैलाली, सलाही, कपिलवस्तु, सुनसरी, मोरङ, झापा गरी ८ जिल्लाको लागत अनुमान स्वीकृत सम्झौता गरी गरेको देखिन्छ। नुवाकोट जिल्लाको आ.व. २०७४/७५ को लागत अनुमानको आधारमा विभिन्न जिल्लाका विभिन्न मेट्रिक टन क्षमताको शीतभण्डार गृह स्थापनाको लागि लागत अनुमान तयार गरी सोही आधारमा रु.१ अर्ब ४ करोड ५६ लाखको अनुदान सम्झौता गरेको छ। सबै जिल्लमा एउटै लागत अनुमान तयार गरेको सम्बन्धमा आधार तथा कारण खुलाएको छैन।

१७.२. **अनुदान प्रतिशतमा भिन्नता -** शीतभण्डार गृह स्थापनाका लागि १० संस्थासँग रु.१ अर्ब ४ करोड ५६ लाखमा अनुदान सम्झौता भएकोमा कुल लागत अनुमान यथार्थ तथा वास्तविकतामा आधारित भई तयार नभएको र अनुदान सम्झौता सोही लागत अनुमानको ३९ प्रतिशतदेखि ५९ प्रतिशतसम्म प्रदान गर्ने गरी सम्झौता गरेकोले अनुदान प्रदान गर्ने प्रतिशतमा विविधता देखिन्छ। ३९ प्रतिशत अनुदान प्रदान गरे हुनेमा ५९ प्रतिशत अनुदान प्रदान गर्नुपर्नाको स्पष्ट कारण खुलाएको पाइएन । परियोजनाले सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत तयार गरेको शीतभण्डार गृह निर्माण कार्यविधि, २०७४ अनुसार अनुदान प्रदान गर्ने प्रतिशतमा एकरुपता भएको देखिएन। तत्कालीन पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ अनुसार २५ प्रतिशत भन्दा बढी अनुदान दिन नपाइने व्यवस्था रहेको भए पनि सो विपरित कार्यविधि तयार गरी अनुदान दिएको देखियो । सम्झौता अनुसार अनुदानग्राहीले लगानी गर्नुपर्ने रकम लगानी गरे नगरेको सुनिश्चत गर्ने संयन्त्र नभएको र सम्झौता अनुसार अनुदानग्राहीले खरिद गर्ने मेसिन औजारको खरिद प्रकृया स्पष्ट रहेको छैन ।

१७.३. **सम्भाव्यता अध्ययन बेगर अनुदान -** शीतभण्डार गृह कार्यक्रम कार्यविधि, २०७४ को बुँदा ४.१ मा शीतभण्डार गृह स्थापना कार्यक्रम विशिष्टीकृत उत्पादन क्षेत्रबाट उत्पादन नै आउने र बजारीकरणका दृष्टिकोणले सम्भाव्य तथा महत्वपूर्ण रहेका एवं कार्यक्रममा समाविष्ट भएका जिल्लाहरूमा सञ्चालन गरिने र शीतभण्डार स्थापना गर्न आवश्यक परिमाणमा कृषि उत्पादनको सम्भाव्यता भएको हुनुपर्ने उल्लेख छ। सम्भाव्यता अध्ययन गरी शीतभण्डारमा अनुदान दिने कार्यक्रम राख्नुपर्नेमा जिल्ला तोकी कार्यक्रम स्वीकृत गरेको र निर्माण चरण पूर्व नै निम्न ६ संस्थालाई रू.१६ करोड ७८ लाख पेश्की दिएको पाइयो । पेश्की भुक्तानी पछि समयमा निर्माण कार्य सुरु नगरेकोले पेश्की फिर्ता गरी सम्झौता रद्द गरेकोमा अपेक्षित नतिजा प्राप्त भएको देखिएन ।

रु. हजारमा

| क्र.सं. | कार्यक्रमको नाम | लागत अनुमान | अनुदान सम्झौता रकम | अनुदानग्राहीको नाम | सम्झौता मिति |
|---|---|---|---|---|---|
| १ | कैलाली धनगढी शीतभण्डार गृह स्थापना र सञ्चालन उप आयोजना | २१९४२६ | ११०००० | सफर एग्रो फार्म प्रा.लि. | २०७५/१०/२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सलांही मलडगवा शीतभण्डार गृह स्थापना र सञ्चालन उप आयोजना | १९५६६५ | ११०००० | निजम्बरी कोल्ड स्टोरेज प्रा.लि. | २०७५/११/२१ |
| ३ | कपिलवस्तु, तौलीहवा शीतभण्डार गृह स्थापना र सञ्चालन उप आयोजना | २४५२४४ | ९६८०० | मायादेवी एग्रो फार्म प्रा.लि.. | २०७५/१२/२१ |
| ४ | सुनसरी इनरुवा शीतभण्डार गृह स्थापना र सञ्चालन उप आयोजना | २३६६३४ | १००००० | कोशी कोल्डस्टोरे प्रा.लि. | २०७५/१२/२१ |
| ५ | झापा चन्द्रगढी शीतभण्डार गृह स्थापना र सञ्चालन उप आयोजना | २८८००६ | ९८८०० | दिव्य शीत भण्डार | २०७५/१२/१ |
| ६ | मनाङ, थामे शीतभण्डार गृह स्थापना र सञ्चालन उप आयोजना | १४२९०७ | ८०००० | एग्रो मनाङ प्रा.लि. | २०७६/२/३० |

सम्भाव्यता, नीतिगत तथा कानुनी आधार, सञ्चालन मोडालिटी एवं दिगोपनालगायतका विषयमा पर्याप्त विश्लेषण नगरी परियोजनाको सुरु वर्षमा शीतभण्डार निर्माणको लागि अनुदान प्रदान गरेको भएता पनि निर्माण कार्य पूरा हुन नसकी कृषकले लाभ लिन सकेको देखिएन ।

१७.४. **सम्पन्न र निर्माणाधीन शीतभण्डार -** परियोजनाबाट सम्झौता भएका ४ संस्थाले शीतभण्डार निर्माण कार्य सुरु गरेको विवरण देहायबमोजिम रहेको छः

(रू. हजारमा)

| निर्माण कार्य सम्पन्न गरेका र निर्माणधिन अवस्थामा रहेका शीतभण्डारहरू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमको नाम | लागत अनुमान | सम्झौता मिति | अनुदान सम्झौता रकम | अनुदान प्रतिशत | हालसम्मको भुक्तानी | निर्माणको अवस्था | अनुदानग्राहीको नाम |
| १ | नुवाकोट शीतभण्डार प्रा.लि., नुवाकोट | १८७८०० | २०७५/३/२४ | १०५००० | ५६ | १०५००० | निर्माण सम्पन्न भई सञ्चालनमा आएको | नुवाकोट शीतभण्डार प्रा.लि |
| २ | कैलाश कोल्ड स्टोरेज एण्ड एग्रो प्रा.लि., बाँके | २२३४६२ | २०७५/३/२८ | ११५००० | ५१ | २३००० | रोकिएको | कैलास कोन्ड स्टोरेज एण्ड एग्रो |
| ३ | धादिङ गजुरी शीतभण्डार गृह स्थापना र सञ्चालन | २०५३३६ | २०७५/१०/१६ | ११५००० | ५६ | २३००० | आधा निर्माण सम्पन्न भई सञ्चालनमा आएको | क्वालिटी कोल्ड स्टोरेज प्रा.लि. |
| ४ | धनुषा, जनकपुर शीतभण्डार गृहस्थापना र सञ्चालन उप आयोजना | १९६२७५ | २०७५/१०/१७ | ११५००० | ५९ | २३००० | निर्माण सम्पन्न भई सञ्चालनमा आएको | ग्रीन फरेष्ट एण्ड एग्रीकल्चर प्रा.लि. |
| जम्मा | | ८१२८७३ | | ४५०००० | | १७४००० | | |

माथिको तालिकाअनुसार नुवाकोट शीतभण्डारले सम्झौताअनुसार निर्माण कार्य सम्पन्न गरी अनुदान रकम रू. १० करोड ५० लाख प्राप्त गरेको छ र अन्य ३ संस्थाले पेश्कीबापत रू.२ करोड ३० लाख भुक्तानी पश्चात् थप वित्तीय प्रगति गरेको देखिएन। कानुनबमोजिम निर्माण कार्यलाई सम्पन्न गरेर कृषकले सहुलियत प्राप्त गर्ने गरी प्रभावकारी रूपमा शीतभण्डारको सञ्चालन गर्नुपर्दछ।

१७.५. अनुदान प्राप्त गरी निर्माण भएका शीतभण्डार गृह निर्माण सम्पन्न पश्चात् ५ वर्षसम्म बैंक तथा वित्तीय संस्थामा धितो राख्न र बिक्रि वितरण गर्न नपाइने उल्लेख भएता पनि सम्पत्तिको स्वामित्वको विषयमा कानुनी स्पष्टता रहेको देखिँदैन ।

१७.६. **स्थलगत अनुगमन** - कार्यमूलक लेखापरीक्षणको क्रममा परियोजनाबाट सञ्चालित शीतभण्डारहरुको स्थलगत अवलोकन गरिएकोमा सोबाट देखिएका बेहोराहरु देहायबमोजिम रहेका छन्-

- **नुवाकोट शीतभण्डार प्रा.लि.,विदुर-४, नुवाकोट** - यस शीतभण्डारको लागत अनुमान रु १८ करोड ७८ लाख रहेकोमा लागत साझेदारी बमोजिम परियोजनाले रु. १० करोड ५० लाख अनुदान उपलब्ध गराएकोमा भण्डारण गरिएको मूल वस्तुको रुपमा आलु रहेको पाइयो। भण्डार क्षमताका आधारमा ७०देखि ८० प्रतिशतसम्म प्रयोग गरेको र मासिक विद्युत खपत रु. ५ लाख र वार्षिक रु. ५५देखि ६० लाख हुने गरेकोमा नेपाल सरकारबाट प्राप्त विद्युत महशुल अनुदान कटौती हुँदा शीतभण्डार सञ्चालनमा समस्या रहेको पाइयो। शीतभण्डारले फाल्गुनदेखि जेठसम्म प्रति बोरा रु.३००, फाल्गुनदेखि भदौसम्म रु. ३२५ र फाल्गुनदेखि कार्तिकसम्म रु. ३६० भाडा दर कायम गरेको छ। उक्त शीतभण्डार सञ्चालन गर्ने साझेदार संस्थाले अनुदानको सम्पूर्ण रकम प्राप्त गरेको र सञ्चालनमा आएको ४ वर्ष व्यतीत हुँदा समेत परियोजना र शीतभण्डार सञ्चालकबिचमा सञ्चालन मोडालिटीका विषयमा सम्झौता भएको छैन। शीतभण्डार सञ्चालन, व्यवस्थापन, कृषकलाई दिनुपर्ने सहुलियत लगायतका विषय स्पष्ट हुने गरी आचारसंहिता बनाई सञ्चालन मोडालिटीसहित सम्झौता गरी शीतभण्डारको प्रभावकारी सञ्चालन गर्नुपर्दछ।




*नुवाकोटस्थित नुवाकोट शीतभण्डार प्रा.लि. द्वारा सञ्चालित ५००० मे.ट. क्षमताको शीतभण्डार*

- **क्वालिटी कोल्ड स्टोरज प्रा.लि., गजुरी-६, धादिङ** - यस शीतभण्डारको लागत अनुमान रु. २२ करोड ३४ लाख रहेकोमा लागत साझेदारी बमोजिम परियोजना र प्रा.लि.बिच २०७५/१०/१६ मा रु. ५ हजार मेट्रिक टन क्षमताको शीतभण्डार निर्माण गर्ने गरी सम्झौता भई रु. २ करोड ३० लाख पेश्की लिई परियोजनाबाट बजेट प्राप्त नहुँदा आफ्नै खर्चमा आधा क्षमतामा अर्थात् २ हजार ५ सय मे.टन (५० प्रतिशत) को निर्माण सम्पन्न गरी हाल सञ्चालनमा रहेको छ। करिब रु. २२ करोड निर्माण लागत अनुमानमा रु. २ करोड ३० लाख मात्र अनुदान प्राप्त गरेकोले बाँकी निर्माण कार्य सम्पन्न भएको छैन। कृषि उपजको भाडादरमा स्पष्टता नहुँदा किसानले सहुलियत दरमा भण्डारण सुविधा प्राप्त गरे नगरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। अधुरा पूर्वाधार निर्माण सम्पन्न गरी सञ्चालन मोडालिटी, भाडादर, कृषकलाई सहुलियत लगायतका विषयमा स्पष्ट भई शीतभण्डार सञ्चालन तथा व्यवस्थापन गर्नुपर्दछ।



*धादिङस्थित क्वालिटी कोल्ड स्टोर प्रा.लि. द्वारा सञ्चालित २५०० मे.ट. क्षमताको शीतभण्डार*

- **ग्रीन फरेष्ट एण्ड एग्रिकल्चर प्रा.लि., धनुषा, जनकपुर** - यस शीतभण्डार गृहको लागत अनुमान रू.१९ करोड ६२ लाख ७५ हजार रहेकोमा रू. ११ करोड ५० लाख (५८.५९ प्रतिशत) अनुदान प्रदान गरी २ वर्षमा कार्यसम्पन्न गर्ने परियोजना र प्रा.लि. बिच २०७५/१०/१७ मा सम्झौता भई मोबिलाइजेशन पेश्कीबापत रू. २ करोड ३० लाख निकासा भएको छ। संस्थाले आफ्नै लगानीमा ५ हजार मे.टन क्षमताको शीतभण्डार निर्माण कार्य आ.व. २०७८/७९ सम्पन्न गरी सञ्चालनमा ल्याएको देखियो। शीतभण्डारको निर्माण कार्य सम्पन्न भए तापनि सम्झौताबमोजिमको अनुदान भुक्तानी नभएकोले परियोजना र प्रा.लि.बिच सञ्चालन मोडालिटी तयार गरी सम्झौता भएको छैन । शीतभण्डार निर्माणको बाँकी अनुदान रकम भुक्तानी गरी अधुरा पूर्वाधार निर्माण गर्ने र सञ्चालन मोडालिटी, भाडादर, कृषकलाई सहुलियत लगायतका विषयमा स्पष्ट भई शीतभण्डार सञ्चालन तथा व्यवस्थापन गर्नुपर्दछ।



*धनुषास्थित ग्रीन भेन्चर एण्ड एग्रिकल्चर प्रा.लि. द्वारा सञ्चालित ५००० मे.ट. क्षमताको शीतभण्डार*

- कैलाश कोल्ड स्टोर एण्ड एग्रो प्रा.लि. नेपालगञ्ज, बाँकेको लागत अनुमान रु. २२ करोड ३४ लाख ६२ हजारको रकमको ५१ प्रतिशतले ११ करोड ५० लाख अनुदान प्रदान गर्ने गरी कैलाश कोल्ड स्टोरेज एण्ड एग्रोसँग २ वर्षमा कार्य सम्पन्न गर्ने गरी २०७५/३/२८ मा सम्झौता भएकोमा रु. २ करोड ३० लाख मोबिलाइजेशन पेश्की दिएको देखियो। ७ वर्षको समय व्यतीत हुँदासम्म कार्य प्रगति २५ प्रतिशत देखिएको छ।

समग्रमा परियोजनाअन्तर्गत् सम्झौता भई निर्माण सम्पन्न, निर्माणाधीन र निर्माण हुन नसकेको शीतभण्डारहरुमा देखिएका समस्याहरुको समाधान गर्ने, शीतभण्डार सञ्चालनको मोडालिटी तयार गरी

कार्यान्वयन गर्ने, कार्यविधिमा आवश्यक संशोधन गर्ने र कृषकलाई सहुलियत दर प्रदान गरी शीतभण्डार प्रयोगका लागि प्रोत्साहन गरी शीतभण्डारको प्रभावकारी सञ्चालन गर्नुपर्दछ।

१८. **भण्डारण दर -** शीतभण्डार सञ्चालकले सरकारी अनुदान प्राप्त गरेपश्चात् लाभग्राही समुदायलाई भण्डारण प्रयोग गर्न दिएबापत लिने शुल्कको दर निर्धारण नभएकोले अनुदानबाट निर्मित शीतभण्डारबाट लाभग्राहीले अपेक्षित लाभ लिन सक्ने अवस्था देखिएन । सामुदायिक रुपमा बढी कृषकले प्रतिफल प्राप्त गर्न सक्ने गरी अनुदान दिनुपर्नेमा नाफा कमाउने उद्देश्यले स्थापित निजी संस्थालाई समेत अनुदान दिएकोले निश्चित वर्गले मात्र प्रतिफल प्राप्त गरिरहेको अवस्था छ। आम कृषकको समेत पहुँच पुग्ने गरी शीतभण्डार सञ्चालन र व्यवस्थापन गर्नुपर्दछ।

१९. **अनुगमन -** आयोजना कार्यान्वयनको क्रममा र कार्यान्वयनपश्चात् पनि कार्ययोजना सहित अनुगमन गरी देखिएका कमी कमजोरीहरुलाई तत्काल समाधान गर्ने व्यवस्था मिलाउनुपर्दछ। लेखापरीक्षणका क्रममा प्रदेश मातहतका निकायले शीतभण्डारहरुको अनुगमन तथा अध्ययन गरी तयार गरेको प्रतिवेदनको बेहोरा देहायबमोजिम रहेको छः

- कृषि भूमि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेशले कुल ९० कोल्ड स्टोर/कोल्ड रुमको अनुगमन कार्य गरेकोमा कोल्डस्टोर/ कोल्डरुम सञ्चालनका लागि प्राविधिक ज्ञानको अभावका कारण भण्डारण गरिएका उपजको क्षति भएको, सञ्चालन खर्च (विद्युत महशुल) धेरै आउने र वर्षभरि भण्डारण हुने उपज नहुने भएकाले खर्च बढेको, कोल्डस्टोर/कोल्डरुम बिग्रेमा मर्मतका लागि प्राविधिक जनशक्ति उपलब्ध नभएको, भण्डारण गरिएका आलु तथा सुन्तलामा क्षति भएको, क्षति वापत सहयोग उपलब्ध हुन नसकेको, कोल्डरुममा प्रयोग हुने कम्प्रेसर लगायत अन्य उपकरणहरुको मर्मत गर्ने स्थान सीमित भएकाले मर्मतसम्बन्धी सेवा प्राप्त गर्न कठिनाइ, कुन उपज कस्तो वातावरणमा भण्डारण गर्दा उपयुक्त हुने भन्ने सम्बन्धमा अध्ययन नभएको जस्ता समस्याहरु उल्लेख गरेको छ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बाग्मती प्रदेशले प्रदेश अन्तर्गतका ८ फलफूल तथा तरकारी भण्डारणका लागि शीतभण्डार निर्माण कार्यक्रमको अध्ययन गरेकोमा साझेदार संस्थाहरुले सम्झौतामा उल्लेख भएबमोजिमको साझेदारी बापतको सम्पूर्ण रकम हालसम्म पनि मन्त्रालयको विविध खातामा जम्मा नगरेको, सम्झौतामा उल्लेख भए बमोजिमको निर्धारित समयावधि भित्र कार्य सम्पन्न नभएको, निर्माण सम्पन्न भएका शीतभण्डारको कार्य स्वीकार प्रतिवेदन प्राप्त नभएकाले मन्त्रालयमा हस्तान्तरण नभएको तथा सञ्चालनमा नआएको, निर्माण सम्पन्न भएको सम्पूर्ण शीतभण्डारहरुको प्राविधिक परीक्षण एवं मूल्याङ्कन नभएको, सम्बन्धित साझेदार संस्थाहरुसँग शीतभण्डार सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक दक्षताको अभाव रहेको, शीतभण्डार सञ्चालन गर्नका लागि आवश्यक पर्ने चालु खर्च तथा मर्मत सम्भार खर्चको सुनिश्चितता नभएको, शीतभण्डार निर्माण भएका सबै स्थलमा आवश्यक पर्ने आधारभूत भौतिक पूर्वाधार लगायतका संरचना एवं सुविधा उपलब्ध नभएको लगायतका समस्याहरु उल्लेख गरेको छ।

अन्य निकायहरुले पनि आफू मातहतमा रहेका शीतभण्डारहरुको अनुगमन, मूल्याङ्कन, अध्ययन गरी समस्या पहिचानमार्फत सोको उचित समाधान गर्ने र नीतिगत तथा व्यवहारिक सुझावहरु पहिल्याउनु आवश्यक छ। यसका लागि शीतभण्डार निर्माण, सञ्चालन र कार्यान्वयनका क्रममा एवं कार्यान्वयन पश्चात् कार्ययोजना सहित र अनुगमनको स्पष्ट खाकासहित नियमित अनुगमनसहित प्रतिवेदन गर्नुपर्दछ।

२०. **डिजाइन तथा प्रविधि सम्बन्धी तालिम -** शीतभण्डारको सञ्चालन गर्न सम्बन्धित साझेदार संस्थाको कर्मचारीलाई आवश्यक प्राविधिक तालिमको व्यवस्थापन गर्नुपर्दछ। कृषि उपज टिप्ने, सङ्कलन गर्ने तथा

भण्डारण गर्ने बारे पर्याप्त ज्ञान सञ्चालक तथा कृषकमा हुनुपर्दछ। शीतभण्डारमा प्राविधिक ज्ञानको अभावका कारण कृषि उपजहरु सडेर गएका छन् । गण्डकी प्रदेशका ४ शीतभण्डारहरुमा दक्ष जनशक्ति नभएको र कृषकस्तरमा सञ्चालन गरिएका कतिपय साना चिस्यान केन्द्र तथा शीतभण्डारको एकपटक प्रयोग गरेपछि मर्मतसम्भार तथा निर्मलीकरणमा कृषकहरूलाई प्राविधिक सहजीकरण गरेर दिगो र प्रभावकारी उपयोग गर्न नसकिएको अवस्था छ। त्यस्तै, सुदूरपश्चिम प्रदेशका १४ शीतभण्डारहरुमा दक्ष जनशक्ति नभएको विवरण प्राप्त भयो। निर्माण व्यवसायी र तहगत सरकारको प्राविधिक सहकार्यमा कृषक, सहकारी तथा कृषि प्रसार कार्यकर्तालाई उपकरण प्रयोगसम्बन्धी सीप र तालिम प्रदान गरी शीतभण्डारको सञ्चालन दक्षता अभिवृद्धि गर्नुपर्दछ।

२१. **शीतभण्डारका कृषि उपजको बिमा -** शीतभण्डारमा भण्डारण गरिएका कृषि उत्पादनहरू विभिन्न प्राकृतिक, प्रविधिगत र मानवीय कारणले हुने क्षतिबाट कृषक तथा व्यवसायीहरूलाई जोगाउन शीतभण्डार कृषि उपज बिमा (Cold Storage Crop Insurance) आवश्यक हुन्छ। नेपाल सरकारद्वारा अनुदानमा आधारित कृषि बिमा योजनाले कृषकलाई ८० प्रतिशतसम्म बिमा प्रिमियममा अनुदान दिने गरेकोमा बिमाप्रति सचेतनाको अभाव, बिमा कम्पनीहरूको सीमित पहुँच, शीतभण्डार कृषि उपजमा बिमासम्बन्धी स्पष्ट कानुनी तथा नीतिगत व्यवस्था लगायतका कारण लुम्बिनी प्रदेशका ७ शीतभण्डारका कृषि उपजको बिमा भएको देखिएन। त्यस्तै, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट निर्माण गरिएका शीतभण्डारमा समेत शीतभण्डारमा राखिएका कृषि उपजमा बिमा गरिएको छैन । सहकारी तथा निजी क्षेत्रबिच सहकार्य गरी बिमा सेवालाई ग्रामीण क्षेत्रमा विस्तार गर्ने र कृषकहरूलाई बिमासम्बन्धी जानकारी दिई कृषि उपजको बिमा गर्नुपर्दछ।

२२. **सम्भाव्यता अध्ययन -** शीतभण्डार गृह कार्यक्रम कार्यविधि, २०७४ को बुँदा ४.१ मा शीतभण्डार गृह स्थापना कार्यक्रम विशिष्टीकृत उत्पादन क्षेत्रबाट उत्पादन भई आउने र बजारीकरणका दृष्टिकोणले सम्भाव्य तथा महत्वपूर्ण रहेका एवं कार्यक्रममा समाविष्ट भएका जिल्लाहरूमा सञ्चालन गरिने र शीतभण्डार स्थापना गर्न आवश्यक परिमाणमा कृषि उत्पादनको सम्भाव्यता भएको हुनुपर्ने उल्लेख भएकोमा सम्भाव्यता, नीतिगत तथा कानुनी आधार, सञ्चालन मोडालिटी एवं दिगोपना लगायतका विषयमा पर्याप्त. अध्ययन एवं विश्लेषण गर्नुपर्ने उल्लेख छ। शीतभण्डार निर्माण र सञ्चालन गर्नुपूर्व बजार, प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय सम्भाव्यता अध्ययनबाट शीतभण्डार स्थापनाको उपयुक्त स्थान, लागत, प्रविधिसम्बन्धी विश्लेषण बेगर शीतभण्डारहरु निर्माण गरी सञ्चालन भएको पाइयो। जसबाट उच्च प्रारम्भिक लागत, विद्युत आपूर्तिको अस्थिरता, सञ्चालन भएका शीतभण्डार पूर्ण क्षमतामा सञ्चालन नहुनु, सञ्चालन तथा मर्मत लागत र दक्ष जनशक्तिको अभाव लगायतका समस्याहरु देखिएका छन्। शीतभण्डारको निर्माण गर्नुपूर्व सम्भाव्यता अध्ययन गरी शीतभण्डारको आवश्यकता हुने स्थानमा मात्र शीतभण्डारको निर्माण गरी सञ्चालन गर्नुपर्दछ।

२३. **जग्गाको स्वामित्व -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने उल्लेख छ। शीतभण्डार निर्माण गर्न मोरङ जिल्लाको बेलबारी नगरपालिकाले रू.२ करोड ५ लाख ४० हजार भुक्तानी दिएकोमा उक्त जग्गा विद्यालयको स्वामित्वमा रहेको छ। ओखलढुङ्गा जिल्लाको खिजीदेम्बा गाउँपालिकाले रू.२५ लाख ९९ हजार भुक्तानी गरेकोमा जग्गाको स्वामित्व पालिकामा आएको छैन। बाँके जिल्लाको राप्ती सोनारी गाउँपालिकाले रू.१ करोड १५ लाख ९० हजारमा शीतभण्डार निर्माणको ठेक्का सम्झौता गरेकोमा जग्गा मन्दिरको नाममा रहेको छ। गण्डकी प्रदेशका ४३ शीतभण्डारमध्ये २५ व्यक्तिगत, ८ सार्वजनिक,

८ सहकारी र २ करार स्वामित्व रहेको जग्गामा निर्माण कार्य भइरहेको छ। जग्गाको स्वामित्व प्राप्त गरी शीतभण्डार निर्माण गर्ने तथा निर्माण सम्पन्न भएकोमा जग्गाको स्वामित्व सम्बन्धितको नाममा ल्याउने व्यवस्था मिलाउनुपर्दछ।

२४. **प्राविधिक परीक्षण -** सुस्ता गाउँपालिका, नवलपरासी र प्रदेश सरकारको बजेटबाट २०७८।३।२२ मा सम्पन्न गर्ने गरी २०७८।११।१८ मा एक संयुक्त उपक्रमसँग रू. ४ करोड ९९ लाख ४१ हजारमा सम्झौता भएको ५०० मेट्रिक टन क्षमताको शीतभण्डारमा विद्युतीकरणको लागि स्पेशिफिकेसनअनुसार २०० के.भि.ए. क्षमताको ट्रान्सफार्मरको जडान गरी परीक्षण तथा सञ्चालन गरेको छैन। दाङ जिल्लाको दंगीशरण गाउँपालिकाले शीतभण्डार निर्माण कार्यका लागि रू.१ करोड ६ लाख ५१ हजारमा एक प्रा.लिसँग २०७७।२।५ मा सम्झौता गरेकोमा कार्य सम्पन्न भई रू.१ करोड ३ लाख ३७ हजार भुक्तानी भए तापनि सञ्चालन खर्च उच्च भएको तथा सञ्चालन प्रकृया निर्धारण नगरेकोले उपयोग भएको छैन । तापक्रम नियन्त्रण प्रणाली तथा विद्युतीय कार्य एवं प्राविधिक परीक्षण लगायतका कार्य गरी शीतभण्डार सञ्चालन गर्नुपर्दछ।

२५. **फोहोरमैला व्यवस्थापन -** शीतभण्डारहरुमा फोहोरमैला व्यवस्थापन एक महत्वपूर्ण प्रक्रिया हो, जसले खाद्य सुरक्षा, सरसफाइ र वातावरणीय प्रभावलाई नियन्त्रणमा राख्छ। शीतभण्डारमा जैविक, अजैविक र रसायनिक फोहोरहरु उत्सर्जन हुने तथा यसले जनस्वास्थ्य तथा कृषि भण्डारमा असर पर्न हुँदा फोहोरमैलाको उचित व्यवस्थापन अनिवार्य हुनुपर्दछ। सही व्यवस्थापनले उत्पादनको गुणस्तर जोगाउँछ र स्वास्थ्य जोखिम कम गर्छ। ठूला शहरी क्षेत्रमा रहेको शीतभण्डारहरुले उत्सर्जित फोहोरहरु नगरपालिकाको संयन्त्र मार्फत व्यवस्थापन भए तापनि साना शहर, ग्रामीण क्षेत्रमा भने यसको व्यवस्थापन हुन सकेको छैन। तसर्थ, फोहोर व्यवस्थापनको उचित रणनीति अपनाई फोहोरको पुनःप्रयोग, उर्जा उत्पादन जस्ता नवीन अवधारणाहरु अवलम्बन गर्नुपर्दछ।

२६. **डिजिटल अक्सन सेन्टर -** शीतभण्डारमा डिजिटल अक्सन सेन्टरको अवधारणा नेपालमा कृषि बजार व्यवस्थापनलाई प्रभावकारी बनाउन धेरै उपयोगी हुन सक्छ। आ.व. २०८१/८२ को बजेटमा फलफूलको अक्सन सेन्टर स्थापना गर्ने उल्लेख गरेको छ। डिजिटल अक्सन सेन्टर एक यस्तो प्रणाली हो जसमा खरिदकर्ता बिच बोलकबोलबाट कृषी उपजको उच्चतम मूल्य निर्धारण हुन्छ । किसानको मूल्यमा बोलकबोल गरी कुनै पनि व्यापारीले आफ्नो कृषि उपज सुरक्षित गर्दछ। यसो गर्दा सबैभन्दा बढी मूल्य तिर्ने व्यापारीले कृषि उपज खरिद गर्न पाउँदछ। कृषि उपज खरिद गरेको व्यापारीलाई पनि शीतभण्डारमा सामान राख्ने सुविधा प्रदान गरिएको हुन्छ। यसबाट किसानले आजको बजारको उच्चतम मूल्य प्राप्त गर्नसक्छ भने व्यापारीले खरिद गरेको समान सुरक्षित भण्डारण गर्न सक्छ । यसबाट बजार मूल्य बढेका बेलामा बिक्रि गरी अधिकतम प्रतिफल प्राप्त हुन्छ। डिजिटल अक्सन सेन्टरले बजार मूल्यलाई व्यवस्थित गर्नुका साथै अनुगमन समेत गर्ने हुँदा यस अवधारण कार्यान्वयनमा ल्याउनुपर्दछ।

२७. **निजी तथा सहकारी क्षेत्रबाट सञ्चालित कोल्डस्टोरहरु -** कृषि क्षेत्रमा लगानी वृद्धि गर्ने सरकारको राष्ट्रिय लक्ष्यको कार्यान्वयनका लागि निजी तथा सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ ।

२७.१. कृषि उपजको भण्डारण कार्यका लागि कोल्डस्टोरमा निजी तथा सहकारी क्षेत्रबाट विभिन्न समयमा लगानी भई सञ्चालनमा आएको अवस्था छ। कृषि विभागले २०७९/३/३१ मा विभिन्न १८ जिल्लाका ३२ वटा कोल्ड स्टोरेजहरुको सञ्चालन स्थिति बमोजिम रहेको छः

| क्र.सं. | कोल्ड स्टोरेजको नाम / ठेगाना | भंण्डार क्षमता (मे. ट) | सञ्चालन स्थिति (प्रतिशत) | अधिकतम क्षमतामा सञ्चालित अवधि |
|---|---|---|---|---|
| १ | सिरिस कोल्ड स्टोर, परवानीपुर ४, बारा | ४००० | १०० (८ महिना) | फाल्गुन - जेष्ठ (४ महिना) |
| २ | यादव आइस एण्ड कोल्ड स्टोर, कलैया | ३००० | - | फगुन - कार्तिक (९ महिना) |
| ३ | रञ्जितकार कोल्ड स्टोर, मंलगवा- ८ | २००० | - | फगुन - कार्तिक (९ महिना) |
| ४ | कैलाश कोल्ड स्टोर, बिरगंज | १००० | - | फगुन - कार्तिक (८ महिना) |
| ५ | माईस्थान कोल्ड स्टोर, परवानिपुर, ३ बारा | २००० | - | फगुन - असोज (८ महिना) |
| ६ | नेपाल कोल्ड स्टोर, बिरगंज | १००० | - | फगुन - असोज (८ महिना) |
| ७ | शिव शक्ति कोल्ड स्टोर, सिम्रौनगढ - ५ | २५०० | - | फगुन - कार्तिक (८ महिना) |
| ८ | रामजानकी कोल्ड स्टोर प्रा .लि., विराटनगर-४ | ५००० | - | फगुन - कार्तिक (८ महिना) |
| ९ | रोयल कोल्ड स्टोर, विर्तामोड - १, झापा | २००० | - | चैत्र- कार्तिक (८ महिना) |
| १० | शान्ति कोल्ड स्टोर, दमक- ४, झापा | ३००० | - | फाल्गुन- कार्तिक (८ महिना) |
| ११ | ईष्टर्न कोल्ड स्टोर, विराटनगर, मोरङ्ग | १५०० | ५०.० | फाल्गुन- कार्तिक (८ महिना) |
| १२ | सप्तकोशी कोल्ड स्टोर, कंचनपुर- १२, सप्तरी | २५०० | ६०.० | फाल्गुन- कार्तिक (८ महिना) |
| १३ | श्री राम जानकी कोल्ड स्टोरेज, जनकपुर - २३ | २००० | - | फाल्गुन- असोज (८ महिना) |
| १४ | दुर्गा कोल्ड स्टोरेज प्रा .लि., हेटौडा - १०, मकवानपुर | १५०० | - | फाल्गुन- कार्तिक (८ महिना) |
| १५ | प्रधान मिनि कोल्ड स्टोरेज, भरतपुर - २, चितवन | १२०० | - | फाल्गुन- कार्तिक (८ महिना) |
| १६ | चितवन चनौली शीतभण्डार सहकारी संस्था लि., भरतपुर म.न.पा .१८, चनौली | २२०० | - | फगुन - कार्तिक (९ महिना) |
| १७ | सिद्धार्थ कोल्ड स्टोरेज एण्ड आईस ईन्ड्रस्ट्रिज, मायादेवी .८, रुपन्देही | २१०० | ५०.० | फगुन- कार्तिक (९ महिना) |
| १८ | स्वर्गद्वारी कोल्ड स्टोरेज, घोराही उ.न.पा .१५, दांग | ५०० | १०० (८ महिना( | चैत्र - कार्तिक (८ महिना) |
| १९ | बागमति कोल्ड स्टोर प्रा .लि., सूर्यविनायक, भक्तपुर | ३००० | - | चैत्र- कार्तिक (८ महिना) |
| २० | हिमालयन कोल्ड स्टोरेज प्रा .लि., जगाति, भक्तपुर | १००० | - | चैत्र- कार्तिक (८ महिना) |
| २१ | पलाञ्चोक भगवती कोल्ड स्टोरेज प्रा .लि., पाँचखाल | ३२०० | - | चैत्र- कार्तिक (८ महिना) |
| २२ | काफलेडी कोल्ड स्टोरेज प्रा .लि., पाँचखाल | ४००० | - | चैत्र- कार्तिक (८ महिना) |
| २३ | जगदम्बा कोल्ड स्टोरेज प्रा .लि., पनौति - १०, काभ्रे | २५०० | - | चैत्र- कार्तिक (८ महिना) |
| २४ | काभ्रे पाचखाल कोल्ड स्टोरेज, प्रा .लि., वनेपा, | ३८०० | - | चैत्र- कार्तिक (८ महिना) |
| २५ | हिम शिखर कोल्ड स्टोर प्रा .लि., कागेश्वरी - ५, काठमाडौं | २८०० | ७० - ८० | फाल्गुन- मंसिर (८ महिना) |
| २६ | बुढाथोकी कोल्ड स्टोरेज प्रा .लि .,नागार्जुन - ४, काठमाडौं | २९०० | ६० - ७० | फाल्गुन- कार्तिक (८ महिना) |
| २७ | कोहिनुर कोल्ड स्टोरेज प्रा .लि ., काठमाण्डौ - १६, बालाजु | १८००० | - | फाल्गुन- कार्तिक (८ महिना) |
| २८ | एशिएन फुड्स कोल्ड स्टोरेज प्रा .लि ., चन्द्रागिरी - १४, काठमाडौं | ३००० | ६० - ७० | फाल्गुन- कार्तिक (८ महिना) |
| २९ | देवीघाट कोल्ड स्टोरेज प्रा .लि .,बेलकोटगढी -८, | ६००० | ६० - ७० | फाल्गुन- कार्तिक |

| | | | | |
|---|---|---|---|---|
| ३० | पश्चिमाञ्चल कोल्ड स्टोर प्रा.लि., पोखरा - ५ | २५०० | ७० - ८० | चैत्र- असोज (७ महिना) |
| ३१ | भेरी शीतभण्डार सहकारी संस्था लि., कोहलपुर बाँके | ४००० | - | फाल्गुन- कार्तिक |
| ३२ | सुसनदीप आईस एण्ड कोल्ड स्टोरेज प्रा .लि., बेलकोट - ६, कंचनपुर | २००० | - | फाल्गुन- कार्तिक (८ महिना) |
| **जम्मा** | | ९७७०० | | |

माथिको तालिका अनुसार निजी तथा सहकारी क्षेत्रबाट विभिन्न १८ जिल्लाका ३२ शीतभण्डार निर्माण भई कुल क्षमता ९७ हजार ७०० मेट्रिक टन रहेकोमा बारा र घोराही गरी २ मा मात्र ४ हजार ५०० मेट्रिक टन क्षमता (१०० प्रतिशत) सञ्चालनमा रहेका छन् । अधिकांश शीतभण्डारमा कृषि उपजको कमीका कारण भण्डारण क्षमताको ६०देखि ७० प्रतिशत क्षमतामा मात्र सञ्चालन भइरहेको तथा केही साना सहरी क्षेत्रका शीतभण्डार क्षमताको ५० प्रतिशतमा सञ्चालन भइरहेको अवस्था छ। भण्डारण गरिएका वस्तुमध्ये आलुको हिस्सा मात्र ९० प्रतिशत भन्दा बढी छ। यसरी, निजी क्षेत्रबाट सञ्चालित शीतभण्डार पूर्ण क्षमतामा सञ्चालन गर्ने गरी व्यावसायिक कार्ययोजना तयार गर्ने र त्यसमा सरकार समेत सहयोग, सहजीकरण र समन्वय गर्नुपर्दछ।

२८. **छुट सिफारिस -** आर्थिक ऐनको अनुसूचीको बुँदा नं. १५ (२) ले शीतभण्डारको लागि आवश्यक पर्ने कम्प्रेसर एवं अन्य तोकिएका मालसामान र औजारमा मन्त्रालयले सिफारिस गरेमा १ प्रतिशत भन्सार महशुल लाग्ने उल्लेख छ। आर्थिक ऐनले दिएको सुविधाबमोजिम मन्त्रालयले भन्सार महशुल छुटका लागि निम्नानुसार सिफारिस गरेको छ।

| आर्थिक ऐन | कार्यान्वयन अवस्था |
|---|---|
| २०७८ | ६ फार्म तथा संस्थाले अमेरिकी डलर १० लाख ४१ हजार, १० फार्मले भारतीय रुपैया ९ करोड ५० लाख ३८ हजार, ३ फार्मले युरो १ लाख २१ हजार र १ फार्मले रेन्मिन्बी (चाइनिज युयान) २ लाख ४८ हजार मूल्यको कोल्डस्टोरेज तथा ग्रीनहाउस सम्बन्धी सामान पैठारी गर्न भन्सार महशुल छुट सिफारिस । |
| २०७९ | ३ फार्म तथा संस्थाले अमेरिकी डलर २ लाख २६ हजार, १२ फार्मले भारतीय रुपैयाँ ५ करोड ९८ लाख २३ हजार र ३ फार्मले यूरो १ लाख ६४ हजार मूल्यको दुध चिस्यान स्टोरेज, कुखुराको दाना उत्पादन गर्ने मेशिन, कोल्डस्टोरेज एवं ग्रीनहाउस सम्बन्धी सामान पैठारी गर्न भन्सार महशुल छुट सिफारिस । |
| २०८० | ९ फार्मले रु.१२ करोड १० लाख ३६ हजार र ३ फार्मले यूरो ४ लाख ८४ हजार को २०८१ असार मसान्तको विनिमय दर रु.१४५.४६ ले हुन आउने रकम रु.७ करोड ५ लाख १४ हजार समेत गरी जम्मा रु.१९ करोड १५ लाख ५० हजार मूल्य बराबरको दुध चिस्यान स्टोरेज, कुखुराको दाना उत्पादन गर्ने मेशिन, कोल्डस्टोरेज एवं ग्रीनहाउस सम्बन्धी सामान पैठारी गर्न राजश्व महशुल छुट सिफारिस । |

सिफारिस भएका सामान निर्धारित उद्देश्यअनुसार प्रयोग भए नभएको सम्बन्धमा अनुगमन भए, गरेको देखिएन। छुटमा पैठारी भएका सामान निर्धारित उद्देश्यअनुसार उपयोग नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

२९. **विद्युत महसुल छुट -** मन्त्रीपरिषद्को २०५४ असार २३ को निर्णयबाट नेपालमा शीतभण्डार व्यवस्थित गर्न विद्युत महसुल दरमा ५० प्रतिशत अनुदान दिने व्यवस्था भएकोमा नेपाल विद्युत प्राधिकरणले २०७९ चैत्र २७ मा विद्युत महसुलमा सहुलियत नदिने निर्णय गरेको देखियो । सो सम्बन्धमा सम्मानित उच्च अदालत पाटनको २०८० भाद्र १३ को उत्प्रेषण आदेशबाट सो निर्णय बदर भएकोमा शीतभण्डारले तिर्न बाँकी वक्यौता भुक्तानी गरी नीतिगत निरन्तरता दिने विषयमा आवश्यक व्यवस्था मिलाउन कृषि

सहकारी तथा प्राकृतिक स्रोत समितिले २०८१ वैशाख १२ मा निर्णय गरी सम्बन्धित मन्त्रालय र नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिएपनि कार्यान्वयन भएको छैन ।

३०. **विद्युत जडान -** निर्माण गरिएका शीतभण्डारहरुमा विद्युत जडान नहुँदा शीतभण्डार सञ्चालन हुन सकेको देखिएन। कम्तीमा ३ फेजको विद्युतले मात्र शीतभण्डारको प्रभावकारी सञ्चालन र उपयोग हुने भएकोमा सुदूरपश्चिम प्रदेशका ३ शीतभण्डारमा विद्युत जडान नभएको विवरण प्राप्त भएको छ। त्यस्तै, मोरङको सुन्दरहरैचा नगरपालिकाले संघीय सरकार समपूरक अनुदानबाट निर्माण सम्पन्न गर्ने गरी रू.१ करोड ९९ लाख ९९ हजार लागत अनुमान रहेको शीतभण्डार २०८१ असार २०सम्म कार्यसम्पन्न गर्ने गरी रू.१ करोड ७० लाखको सम्झौता गरेकोमा ३ फेज लाईन जडान नभएकोले शीतभण्डार सञ्चालन भएको छैन। गण्डकी प्रदेशका ४३ शीतभण्डारमध्ये २० मा थ्रि फेज र २३ मा सिङ्गल फेज विद्युतीकरण भएको पाइयो । शीतभण्डारमा विद्युत अपरिहार्य भएकोले आवश्यक विद्युतको व्यवस्थापन गर्ने वा नवीन प्रविधि जस्तै हरित प्रविधि, कार्बन न्युट्रल, सौर्य ऊर्जा, ब्याट्री संयोजन उपाय अपनाएर लागत घटाउने र पर्यावरणीय असर कम गरेर शीतभण्डार सञ्चालन गर्नुपर्दछ।

३१. **व्यावसायिक छुट तथा सुविधा -** आर्थिक ऐन २०८० ले २०८०/८१ का लागि आयकर ऐन २०५८ को दफा ११ को उपदफा १ को प्रतिबन्धात्मक वाक्यांशमा कुनै फार्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रुपमा दर्ता भई गरेको कृषि व्यवसाय तरकारीलाई डिहाइड्रेड गर्ने व्यवसाय वा कोल्डस्टोर व्यवसाय सञ्चालन गरी प्राप्त गरेको आयमा ५० प्रतिशत छुट हुने व्यवस्था गरको छ। नमुना परीक्षण गर्दा क्वालिटी कोल्ड स्टोरेज प्रा.लि., धादिङले लाग्ने करमा रु. ४ लाख ३४ हजार छुट तथा सुविधा लिएको छ। यसरी छुट लिने सबै व्यावसायिक फार्महरुले कृषकहरुलाई शीतभण्डारमा लिँदै आएको भण्डारण दरमा समेत सहुलियत दिएको सम्बन्धमा अनुगमन र नियमन गर्नुपर्दछ।

३२. **प्रदेशगत विवरणहरु-** प्रदेश कृषि मन्त्रालयबाट प्राप्त विवरणका आधारमा शीत भण्डार निर्माण तथा सञ्चालन सम्बन्धी बेहोराहरु निम्नानुसार छन्:

३२.१. **बागमती प्रदेश -** बागमती प्रदेशले आ.व. २०७५।७६देखि शीतभण्डार निर्माण तथा सञ्चालन सम्बन्धी कार्यहरु गर्ने गरी नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्दै आएकोमा आ.व. २०८०।८१सम्म रु. ७६ करोड ६६ लाख २१ हजार खर्च गरेको छ। ८ जिल्लाका १० निर्माणाधLन र १ निर्माण रोक्का रहेको शीतभण्डारहरुको निर्माण कार्य ८६ प्रतिशत सम्पन्न भएको देखिएको छ। रसुवा जिल्लाको शीतभण्डार सञ्चालनमा आएको, दोलखाको जिरी, सिन्धुपाल्चोकको लिशंखुपाखर, सिन्धुलीको मुल्कोट र रामेछापको मन्थलीमा परीक्षण सम्पन्न भएको तथा बाँकी जिल्लामा निर्माणकै चरणमा रहेकोमा उक्त शीतभण्डार निर्माण कार्यबाट करिब १५ हजार ८ सय मेट्रिक टन फलफूल तथा तरकारी भण्डारण गर्न सकिने अवस्था देखिन्छ। निर्माणको कार्य तोकिएको समय सीमा भित्र सम्पन्न गर्ने गरी सञ्चालनको मोडल समेत यकिन गरी सेवा तथा वस्तु उत्पादनको कार्ययोजनासहित प्रदेश सरकारको लगानीलाई प्रतिफलयोग्य बनाउनुपर्दछ। यससम्बन्धमा देखिएका थप बेहोराहरू देहायबमोजिम रहेका छन्-

- बागमती प्रदेश कृषि मन्त्रालयबाट प्राप्त विवरण अनुसार ११ वटा शीतभण्डारको अवस्था निम्न बमोजिम रहेको छ।

(रु. हजारमा)

| साझेदार संस्था | क्षमता | सम्झौता (भेरिएसन सहित) | हालसम्मको भुक्तानी | प्राविधिक परीक्षण |
|---|---|---|---|---|
| धैबुङ्ग-५, रसुवा/ कालिका गाउँपालिका | ३०० | ३९१९३ | ३७७८८ | २०७८ फागुन |

| | | | | |
|---|---|---|---|---|
| जिरी कृषि सहकारी संस्था लि. | ५०० | ५६७२८ | ५१६२२ | २०७८ फागुन |
| गोल्मुथान कृषि सहकारी संस्था लि. लिसंखुपाखर-७, सिन्धुपाल्चोक | ५०० | ५७३५६ | ५५५७९ | २०८०/०२/३२ |
| मन्थली१, रामेछाप | ५०० | ५६१२३ | ५१०६२ | २०८०/०४/११ |
| मुकुटेश्वरी बहुउद्देश्यीय सहकारी संस्था लि. सुनकोशी गा.पा-५, सिन्धुली | ५०० | ५५६७७ | ४७९९७ | २०८०/०४/०२ |
| पोखरे साना किसान कृषि सहकारी संस्था लि . इन्द्रावति-७, सिन्धुपाल्चोक | ५०० | ५६८४६ | ४८९३४ | २०८०/०५/१० |
| साना किसान कृषि सहकारी संस्था लि.रत्ननगर-९, खैरहनी, चितवन | १५०० | १२९४४२ | ११५२३४ | नभएको |
| कृषक सुधार फलफूल तथा तरकारी सहकारी संस्था लि .बेनीघाटरोराङ-७, धादिङ् | १५०० | १२८३७० | १०९८६४ | नभएको |
| हिमालयन शीतभण्डार प्रा.लि. विदुर-५, नुवाकोट | ५००० | १९८५८१ | १२०७१८ | नभएको |
| बेलकोट कोल्डस्टोरेज प्रा.लि .बेलकोट गढी १०-नुवाकोट | ५००० | २०३९६८ | १२४८६१ | नभएको |
| तिलोत्तमा हिमाली फुड प्रोडक्सन एण्ड रिसर्च सेन्टर भीमेश्वर-८, दोलखा | २०० | ४८५८१ | २९६२ | निर्माण स्थल हाइटेन्सन लाइनको तल पर्न गएकोले निर्माण कार्य अघि नबढेको । |
| **जम्मा** | | | **७६६६२१** | |

- प्राप्त विवरण अनुसार ११ वटा शीतभण्डारहरुमध्ये तिलोत्तमा हिमाली फुड पोड्रक्सन एण्ड रिसर्च सेन्टरलाई शीतभण्डार निर्माण कार्यबापत रु. २९ लाख ६२ हजार भुक्तानी भई सकेपछि निर्माण स्थल हाईटेन्सन लाईन नजिक रहेको जनाई निर्माण कार्य रोक्का भएको छ। निर्माणस्थलको अध्ययन नगरी विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने परामर्शदाता तथा स्वीकृत गर्ने पदाधिकारीलाई खर्च रकमको सम्बन्धमा जिम्मेवार बनाउनुपर्दछ।

- प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायबाट उपलब्ध गराउने अनुदान रकमलाई व्यवस्थित गर्न बनाएको कार्यविधिमा विभिन्न विकासका कार्यक्रमका लागि प्रदान गरिने अनुदान प्रणालीमा एकरुपता ल्याउने उल्लेख गरे पनि १ मा शतप्रतिशत, ८ मा ७० प्रतिशत र २ शीतभण्डारमा ५० प्रतिशत अनुदान दिएको देखिन्छ। कार्यविधि बमोजिम एकै प्रकृतिका योजनाहरुमा फरक फरक दर तोकी भुक्तानी भएको छ।

- सम्झौतामा उल्लेख भए बमोजिमको समयावधि भित्र निर्माण कार्य सम्पन्न नभएको गर्नुपर्नेमा साझेदार संस्था एवं निर्माण व्यवसायीले तोकिएको समयावधि भित्र निर्माण कार्य सम्पन्न गरेका छैनन् ।

| शीतभण्डार स्थान | साझेदारी संस्था | भौतिक प्रगति (प्रतिशत) | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने |
|---|---|---|---|---|
| बेलकोटगढी न.पा-. १०, नुवाकोट | बेलकोटगढी शीतभण्डार प्रा.लि. | ६० | २०७६।१०।१३ | २०७७।१२।१३ |
| विदुर न.पा-.४, नुवाकोट | हिमालयन शीतभण्डार प्रा.लि. | ६० | २०७६।१०।१३ | २०७७।१२।१३ |
| बेनिघाट रोरांग गा.पा .७ धादिङ | श्री कृषक सुधार फलफूल तथा तरकारी सहकारी संस्था लि. | ९७ | २०७६।३।३० | २०७७।१०।१४ |
| रत्ननगर९-, खैरहनी चितवन | साना किसान कृषि सहकारी संस्था लि. | ९७ | २०७६।३।३० | २०७७।१०।१४ |

भौतिक प्रगति कम भएका शीतभण्डारहरुको समयमै निर्माण सम्पन्न गर्न सम्बन्धित निकाय र पदाधिकारीहरु जिम्मेवार हुनुपर्दछ।

३२.२. **सुदूरपश्चिम प्रदेश -** सुदूरपश्चिम सरकारको लागत साझेदारीमा १९ शीतभण्डार निर्माण गर्ने गरी सम्झौता भएकोमा दोधरा चाँदनी नगरपालिका कञ्चनपुर, चुरे गाउँपालिका कैलाली, गोदावरी नगरपालिका कैलाली र साँफेबगर नगरपालिका अछाममा रहेका शीतभण्डार सञ्चालनमा रहेको देखिएन। त्यस्तै, कृषि निर्देशनालय, डोटीबाट निर्माण भएका शीतभण्डारमध्ये बडिमालिका नगरपालिकाको शीतभण्डारमा जडान भएका उपकरणहरुको विज्ञबाट प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन।

कृषि निर्देशनालय, डोटीले निम्नानुसार ठेक्काको सम्झौता अवधि १५० प्रतिशतदेखि २४० प्रतिशतसम्म म्याद थप भएको अवस्थामा पनि वित्तीय प्रगति न्यून रहेको देखियो। न्यून प्रगति हुनुको यथार्थ कारण विश्लेषण गरी सम्बन्धित पक्ष जिम्मेवार हुनुपर्दछ।

| क्र.स. | योजनाको नाम | सम्झौता अङ्क (रु. हजारमा) | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|
| १ | भजनी नगरपालिकामा कोल्ड स्टोर निर्माण | ४१६३ | २०७८।२।४ | २०७८।३।१५ |
| २ | दशरथचन्द नगरपालिकामा कोल्ड स्टोर निर्माण | ४७५१ | २०७८।१।५ | २०७८।३।१५ |
| ३ | महाकाली नगरपालिकामा कोल्ड स्टोर निर्माण | ४८१० | २०७८।१।५ | २०७८।३।१५ |
| ४ | जोरायल गाउपालिकामा कोल्ड स्टोर निर्माण | ३९७७ | २०७८।१।२ | २०७८।३।१५ |
| ५ | दिपायल सिलगढी नगरपालिकामा कोल्ड स्टोर निर्माण | ३५६८ | २०७८।१।८ | २०७८।३।१५ |
| ६ | आलिताल गाउपालिकामा कोल्डस्टोर निर्माण | ५३१४ | २०७८।१।७ | २०७८।३।१५ |
| ७ | पुनर्वास नगरपालिकामा कोल्डस्टोर निर्माण | ६१९७ | २०७८।१।७ | २०७८।३।१५ |

- **पेश्की बाँकी-** सुदूरपश्चिम प्रदेशअन्तर्गतका निम्नानुसारका विभिन्न स्थानमा आ.व. २०७७।७८ मा कोल्ड स्टोर निर्माण गर्नको लागि सम्झौता भएका निर्माण व्यवसायीहरुलाई पेश्की रकम भुक्तानी दिएकोमा निर्माण कार्य भएको छैन भने निर्माण सम्झौता अवधिको २४०० प्रतिशत समय व्यतीत भैसक्दा समेत पेश्की फर्स्यौट भएको छैन ।

(रु.हजारमा)

| क्र.स. | कोल्ड स्टोर निर्माणस्थल | निर्माण व्यसायीको नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | महाकाली नगरपालिकामा कोल्ड स्टोर निर्माण | बिग बी एण्ड कम्पनी | ९५६ |
| २ | दशरथचन्द नपामा कोल्ड स्टोर निर्माण | बिग बी एण्ड कम्पनी | ९२५ |
| ३ | भजनी नगरपालिकामा कोल्ड स्टोर निर्माण | जी एण्ड जे कम्पनी | ७५० |
| ४ | जोरायल गाउँपालिकामा कोल्डस्टोर निर्माण | भूमिराज रोशन निर्माण सेवा | ७९५ |
| ५ | आलिताल गापामा कोल्ड स्टोर निर्माण | पुरुषोत्तम कन्स्ट्रक्सन (साविकको एल डी कन्स्ट्रक्सन) | १५०० |
| ६ | पुनर्वास नगरपालिकामा कोल्ड स्टोर निर्माण | पुरुषोत्तम कन्स्ट्रक्सन (साविकको एल डी कन्स्ट्रक्सन) | ७५० |

सुदूरपश्चिम प्रदेश सरकारद्वारा निर्माणाधीन, निर्माणसम्पन्न भएका र सञ्चालनमा नरहेका शीतभण्डारहरुमा देखिएका समस्याहरुको यथोचित सम्बोधन गरी प्रभावकारी सञ्चालन गर्नुपर्दछ।

३२.३. **लुम्बिनी प्रदेश -** आर्थिक वर्ष २०७९।८०सम्म १९ वटा शीतभण्डारको निर्माण गर्ने लक्ष्य राखेकोमा १७ वटा निर्माण सम्पन्न भएका छन्। निर्माण सम्पन्न भएकामध्ये देहायका ४ शीतभण्डार हाल सञ्चालनमा नरहेको विवरण मन्त्रालयबाट प्राप्त भएको छ।

(रु. हजारमा)

| संस्थाको नाम | ठेगाना | क्षमता (मे.टन) | अनुदान प्रतिशत | सम्झौता रकम |
|---|---|---|---|---|
| सिजन कृषि सहकारी संस्था लि. | शिवराज नगरपालिका ५, कपिलवस्तु | २५० | ७५ | २९८६० |
| नुवागाउँ साना किसान कृषि सहकारी संस्था | त्रिवेणी गाँउपालिका २, रोल्पा | ५०० | ७५ | ४८१५४ |
| किसानका लागि कृषक समूह | गगादेव गाँउपालिका ३, रोल्पा | २०० | ७५ | २११०० |
| बुद्ध सीड कम्पनी प्रा.लि. | रामग्राम ५ नवलपरासी | ५० | ७५ | १११९७ |

निर्माण सम्पन्न भएका शीतभण्डारको प्रभावकारी रुपमा सञ्चालन हुनुपर्दछ।

- **विस्तृत परियोजना प्रतिवेदन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यका लागि स्वीकृत नर्म्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। शीतभण्डार निर्माणको अनुदानका लागि लागत अनुमान तयार नगरी सम्बन्धित कृषि सहकारी समूह, फार्मबाट प्राप्त विस्तृत परियोजना प्रतिवेदनबाट कायम भएको रकमलाई आधार मानी अनुदान रकम निर्धारण गरेको देखियो। पेश भएको विस्तृत परियोजना प्रतिवेदनलाई आधार मानी कृषि सहकारी समूहलाई कुल लागतको ७५ प्रतिशत र निजी व्यवसायीक फार्मलाई ५० प्रतिशत अनुदान दिने गरी सम्झौता गरेको छ। आ.व. २०७५।७६ मा सम्झौता भएको कृषि सहकारी समूह, निजी फार्मको लागतमा निम्नानुसार पुनरावलोकन गरी नयाँ लागत कायम गरेको देखियो ।

(रु. हजारमा)

| सि.नं. | लाभग्राहीको नाम | शुरु DPR रकम | पुनरावलोकन पछीको DPR | हालसम्म भुक्तानी |
|---|---|---|---|---|
| १. | नेपालगंज कोल्ड स्टोरेज एण्ड वेयर हाउजिङ्ग प्रा.लि.बाँके | १०७९८१ | १७००० | ८१७९.८७ |
| २. | भट्टराई दुग्ध उद्योग, बाँसगढी न.पा. ६ बर्दिया | ४०५१२ | ३६९४२ | १७०९७.१७ |
| ३. | भवानी स्वावलम्बन बहुउद्देश्यीय सहकारी संस्था लि. | ५४३७९ | ४५१५७ | ७२९४.८१ |
| ४. | साना किसान कृषि सहकारी संस्था मधुवन ८ बर्दिया | ३२४७७ | २४९९७ | १३२८९.१२ |
| ५. | सिजन कृषि सहकारी संस्था लि. कपिलवस्तु | ३५८६६ | २९८६० | १७८५५.८५ |
| ६. | गुमानसिंह कोल्ड स्टोरेज प्रा.लि. कपिलवस्तु | २८२१६ | २८००३ | १२०११.६१ |
| ७. | नुवागाउँ साना किसान कृषि सहकारी संस्था लि. रोल्पा | ५५५८९ | ४८१५४ | २८८११.०५ |
| ८. | महाकल्प कृषि सहकारी संस्था लि. शुद्धोधन रुपन्देही | १३६१७ | १३२९९ | ७६६८.६७ |
| ९. | बुद्ध सिड कम्पनी प्रा.लि. रामग्राम ५ नवलपरासी | १४६१४ | १११९७ | ५३९५.४४ |
| १०. | किसानका लागि कृषक समूह, गंगादेव गा.पा. ३ रोल्पा | २५३०० | २११०० | १३२८९.१२ |
| ११. | राज एग्रो ट्रेड लिंक प्रा.लि. कपिलवस्तु | ७७८२७ | ६३७८७ | १०१३१.८३ |
| १२. | शिवशक्ति मिश्रित कृषक समूह, पाणिनी अर्घाखाची | २५०३३ | २०७७३ | १४३६६.०३ |
| | जम्मा | ५११४०० | ३६०१०० | |

विस्तृत परियोजना प्रतिवेदनको सुरु लागत रु ५१ करोड १४ लाख रहेकोमा सोको पुनरावलोकन पश्चात् रु ३६ करोड १ लाख कायम भएको देखिन्छ। सम्झौता गर्दा वास्तविक लागत अनुमान तयार गरी सम्झौता गर्नुपर्नेमा विस्तृत परियोजना प्रतिवेदन रकममा सम्झौता गरी भुक्तानी गरिएको अनुदान मितव्ययी रहको देखिएन ।

समग्रमा सञ्चालनमा रहेका, निर्माणाधीन र सञ्चालनमा नरहेका शीतभण्डारहरुको विस्तृत विश्लेषण गरी शीतभण्डारको प्रभावकारी उपयोग गरी कृषिउपजको मूल्यअभिवृद्धि, बजार विस्तार र उत्पादन वृद्धिमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ।

**३२.४. मधेश प्रदेश -** २०७५।७६ मा रु.१ अर्ब ५६ करोड ७७ लाख ८३ हजारमा सम्झौता भएका ८ शीतभण्डार हालसम्म निर्माण सम्पन्न भएका छैनन्। यस सम्बन्धी विवरण निम्न छन् ।

| संस्थाको नाम | शीतभण्डारको स्थान | भण्डारण क्षमता | लागत रु. हजार | साझेदारी (प्रतिशत) | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|
| ग्लोवल लेदर टयानिङ्ग ई.प्रा.लि विरगंज | वीरगंज, पर्सा | ४५०० | १७११५८ | ८०/२० | २०७६।३।३१ | २०७७।७८ |
| रासी हर्बल प्रोसेसिङ्ग प्रा.लि गरुडा | गरुडा, रौतहट | ६००० | ३६५११ | ८०/२० | २०७६।३।३१ | २०७७।७८ |
| लवकुश वचत तथा ऋण सहकारी संस्था सर्लाही | बरहथवा, सर्लाही | १५०० | १८३९७९ | ८०/२० | २०७६।३।३१ | २०७७।७८ |
| जनहित कृषक समूह धनुषा | लक्ष्मीनिया, धनुषा | १००० | १६६५४४ | ८०/२० | २०७६।२।२९ | २०७७।७८ |
| शिवम् एग्रो ई.प्रा.लि पर्सा | सुगौली ८ | ५००० | २७८२९९ | ८०/२० | २०७६।२।२३ | २०७७।७८ |
| शुभ नारायण कृषि व्यावसायिक फार्म सप्तरी | मलेखपुर, सप्तरी | १००० | १७३२७१ | ८०/२० | २०७६।२।२३ | २०७७।७८ |
| जिल्ला सहकारी संघ लि . सप्तरी | राजविराज, सप्तरी | ३००० | ३१०५३७ | ८०/२० | २०७६।११।२८ | २०७७।७८ |
| अमन मत्स्य फार्म प्रा.लि बारा | सिम्रौनगढ ३, बारा | ३००० | २४७४८४ | ८०/२० | २०७६।३।३१ | २०७७।७८ |

आर्थिक वर्ष २०७७।७८ मा सम्पन्न गर्नुपर्ने शीतभण्डारहरु हालसम्म सम्पन्न नभई अधुरो रहेकोले कार्ययोजना बनाई कार्यसम्पादन गर्नुका अतिरिक्त निर्माण कार्य अवरुद्ध भई अधुरा रहेका आयोजना प्रदेश सरकारले उपलब्ध गराएको अनुदान फिर्ता लिने व्यवस्था गर्नुपर्दछ।

**३२.५. कोशी प्रदेश -** उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेशबाट प्राप्त विवरणअनुसार १२ शीतभण्डारहरुमध्ये ६ सञ्चालनमा रहेको, ५ सञ्चालनमा नरहेको र १ वटा आंशिक रुपमा सञ्चालनमा रहेको छ। १२ शीतभण्डारमध्ये ६ निजी, ३ बजार समिति र ३ सहकारी संस्थाको स्वामित्वमा रहेका छन्। कोल्डरुम सञ्चालनको लागि प्राविधिक जानकारी सहितको तालिम र विद्युत महसुल छुटको व्यवस्था हुन सकेको छैन। कृषि बजार बिर्तामोड झापामा आ.व. २०७८।७९ मा रु. २ करोड १८ लाख १५ हजारमा निर्माण गरेको शीतभण्डारमा प्रदेश सरकारबाट रु. १ करोड ६३ लाख ६१ हजार अनुदान उपलब्ध गराएकोमा आंशिक रुपमा मात्र सञ्चालनमा रहेको, आयोजनास्थल सुरक्षाको लागि घेराबार लगायतका संरचना निर्माण नभएको अवस्था छ।

**३२.६. गण्डकी प्रदेश -** प्रदेश कृषि तथा पशुपन्छी मन्त्रालयबाट प्राप्त विवरणमध्ये प्रदेशभित्र निर्माण सम्पन्न भएका ४३ शीतभण्डारमध्ये १६ सञ्चालनमा रहेको देखिएन। भण्डारका लागि स्थानीय कृषि उपज पर्याप्त नहुनु, मर्मत सम्भार तथा प्राविधिक सेवा शुल्क महङ्गो हुनु, विद्युत महशुलको लागत बढी भएकोले

कृषि उपजको बजारमूल्य प्रतिस्पर्धी बनाउन नसक्नु, सञ्चालन प्रणालीको तालिम र सीप हस्तान्तरण नहुँदा कृषि उपज नोक्सान हुनु, थप प्राविधिक सामग्री हस्तान्तरण नहुँदा मेसिनको प्रभावकारिता घट्नु र लागत बढ्नु लगायतका समस्या देखिएका छन् । उक्त समस्याहरुको विश्लेषण गरी सञ्चालन सीप र भण्डारण प्रविधिको तालिम प्रदान गर्ने र समयमा मेसिनको मर्मत कार्य गरी शीतभण्डारको प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्दछ।

३२.७. **कर्णाली प्रदेश** - कृषि विकास निर्देशनालयबाट प्राप्त विवरणअनुसार सुर्खेतमा निर्माण भएको ८५ मेट्रिक टन र १४५ मेट्रिक टन क्षमताका २ शीतभण्डारमा प्रदेश सरकारले रू. १ करोड ४८ लाख २५ हजार अनुदान दिएको छ। सञ्चालित शीतभण्डारमा दक्ष जनशक्ति नहुँदा सञ्चालनमा कठिनाइ भएको उल्लेख छ। उक्त प्रदेशमा सञ्चालित शीतभण्डारहरुको प्रभावकारिता परीक्षण गरी सञ्चालन गराउनु पर्दछ।

३३. **अन्य निकायगत बेहोराहरु** - शीतभण्डार निर्माणसम्बन्धी कार्यमा ढिलाई तथा समन्वय नभएका कारणले अधुरा रहेका वा नतिजा प्राप्त हुन नसकेका बेहोरा देहायबोमिजिम छन्:

३३.१. उदयपुर जिल्लाको बेलका नगरपालिका वडा नं. १, आम्बासीमा निर्माण सम्पन्न भएको ५०० मे.ट. क्षमताको शीतभण्डारको स्थलगत अनुगमन गर्दा शीतभण्डारको लागत अनुमान रु. ४ करोड १० लाख ७६ हजार रहेकोमा प्रदेश सरकारको रु. २ करोड र पालिकाको रु. १ करोड ३३ लाख २८ हजार लागत साझेदारी गरी जम्मा रु. ३ करोड ३३ लाख २८ हजारमा कार्यसम्पन्न भएको छ। पालिकासँग सम्झौता भई २०७८/१०/८ मा ६ च्याम्बरसहितको शीतभण्डार निर्माण सम्पन्न भएकोमा विद्युतको वैकल्पिक स्रोतको व्यवस्था रहेको छैन। पालिकाले सञ्चालनमा नै नरहेको शीतभण्डारमा २ हेरालु र १ इलेक्ट्रीसियन कर्मचारी राखी यो वर्ष रू. ९ लाख ९५ हजार खर्च गरेको छ। शीतभण्डार सञ्चालनको व्यावसायिक योजना नभएको, कृषि उत्पादनको सम्भाव्यता अध्ययन नभएको र कृषि उत्पादनको ओसारपोसार गर्ने सवारी साधन समेत रहेको छैन। कृषि उपज र भौतिक संरचनाको बिमा र नियमित रुपमा भवन तथा मेसिनरी उपकरणको प्राविधिक जाँच समेत गरेको छैन। निर्माण सम्पन्न भएको शीतभण्डारको सञ्चालनका लागि व्यावसायिक योजना तथा सञ्चालन मोडालिटी तर्जुमा गरी यथाशीघ्र शीतभण्डारको सञ्चालन गर्नुपर्दछ।





*उदयपुरको बेलका नगरपालिमा निर्माण गरिएको ५०० मे.ट. क्षमता निर्माण सम्पन्न शीतभण्डार र प्रयोगविहीन अवस्था रहेको भण्डारण कक्ष*

३३.२. कृषि विकास कार्यालय, रुकुमले त्रिवेणी गाउँपालिका वडा नं ३ मा शीतभण्डार निर्माण तथा उपकरण खरिद गर्न रुकुम जिल्लाको सुकिदह श्रम सहकारीलाई आर्थिक वर्ष २०७६।७७ मा रु.७४ लाख ७९ हजार, आर्थिक वर्ष २०७७।७८ मा रु.५५ लाख ६ हजार, आर्थिक वर्ष २०७८।७९ मा रु.२९ लाख १० हजार र आर्थिक वर्ष २०७९।८० मा रु.१७ लाख ७० हजार समेत रु.१ करोड ७६ लाख ६५ हजार अनुदान उपलब्ध गराएको छ भने त्रिवेणी गाउँपालिकाले आर्थिक वर्ष २०७८।७९ मा रु.४४ लाखसमेत थप अनुदान उपलब्ध गराई शीतभण्डार भवन निर्माण भए तापनि हालसम्म सञ्चालनमा आएको छैन। जुन उद्देश्यको लागि अनुदान उपलब्ध गराइएको हो सो अनुसारको कार्य नहुँदा अनुदान रकमको सही सदुपयोग भएको देखिएन। सम्बन्धित निकायले निरन्तर अनुगमन गरी अनुदान रकमको सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

३३.३. कृषि विकास कार्यालय, रुकुमले चौरजहारी नगरपालिका, वडा नं. ३ मा शीतभण्डार निर्माण गर्न आ.व. २०७८।७९, २०७९।८० र २०८०।८१ मा गरी रु.१ करोड ४७ लाख अनुदान उपलब्ध गराएको र. २०८०/८१ मा भोल्ट स्टेपलाइजर खरिदवापत रु.९ लाख ९६ हजार भुक्तानी गरेको छ। यसरी अनुदान उपलब्ध गराएको शीतभण्डार हालसम्म सञ्चालनमा आएको छैन। जुन उद्देश्यको लागि अनुदान उपलब्ध गराइएको हो सो अनुसारको कार्य नहुँदा अनुदान रकमको सही सदुपयोग भएको देखिएन। सम्बन्धित निकायले निरन्तर अनुगमन गरी अनुदान रकमको सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

३३.४. महालक्ष्मी नगरपालिका, धनकुटामा ५ सय मे.टन क्षमताको शीतभण्डार निर्माण गर्नका लागि विस्तृत आयोजना प्रतिवेदनले रु.१० करोड २१ लाख २९ हजार ७ सय को लागत अनुमान रहेकोमा पालिकाले यस वर्षमा उपलब्ध बजेटको आधारमा रु.१ करोड ९९ लाख ९७ हजारको लागत अनुमान रहेकोमा स्वीकृत गरी निर्माण व्यवसायी श्री शेयर इन्जिनियरिङ्ग एण्ड बिल्डर्स प्रालिसँग रु.१ करोड २४ लाख ७२ हजारमा सम्झौता गरेको छ। शीतभण्डार निर्माणका लागि छनोट भएको स्थानमा विद्युत आपूर्तिको व्यवस्था नरहेको, औद्योगिक ग्राम निर्माणका लागि कार्य शुरुवात भैसकेको स्थानमा शीतभण्डार निर्माण कार्य भैरहेको, निर्माण स्थलमा हाल सडक सञ्जाल विस्तार नभएको, शीतभण्डार निर्माण र सञ्चालन सम्बन्धी कार्यविधि निर्माण नभएको अवस्था छ। शीतभण्डार निर्माणका लागि बहुवर्षीय खरिद सम्झौता नगरी उपलब्ध बजेटका आधारमा सडक बोर्ड, प्रदेश सरकार र संघीय सरकार जस्ता फरक फरक स्रोत उपयोग गरी विभिन्न संरचनाका लागि खरिद सम्झौता गरेकोमा उक्त निर्माण कार्यमा पेश्कीसमेत रु. ९९ लाख भुक्तानी भई अधुरो रहेको छ। औद्योगिक ग्रामका लागि स्वीकृत आयोजना प्रतिवेदनसँग सामाञ्जस्यता हुने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ।

३३.५. तादीगाउँ गाउँपालिका, नुवाकोट शीतभण्डार निर्माणका लागि ०७६।०७७ मा बोलपत्र आव्हान भई २०७७।३।३० मा सम्पन्न गर्ने गरी शीतभण्डार निर्माण कार्य सुरु भएकोमा हालसम्म रु.४३ लाख २९ हजार अर्थात ३१.०४ प्रतिशत खर्च भएको छ। २०७७।७८देखि बजेट विनियोजन नहुँदा समयमा कार्यसम्पन्न गर्न नसकिएकोले निर्माण कार्य अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने शीतभण्डार निर्माण कार्य अलपत्र अवस्थामा समेत रहेको छ। कुल लागत तथा वार्षिक लक्ष्य निर्धारण गरी बजेटको स्रोत सुनिश्चित भए पश्चात् मात्र योजना सञ्चालन गर्ने र अधुरो निर्माण कार्यलाई सम्पन्न गरी उपयोग हुनुपर्दछ।

३३.६. गोदावारी नगरपालिका-१, कैलालीले २०७६।७७ मा रु.१ करोड १ लाख ७८ हजार खर्च गरी तयार पारेको चिस्यान केन्द्रको उपयोग गरेको देखिएन । नगरपालिकाले उक्त चिस्यान केन्द्र स्थानीय

समितिलाई हस्तान्तरण गरेकोमा चिस्यान केन्द्रको माग नभएका कारण सञ्चालन हुन नसकेको जनाएको छ। यातायात सुविधा पुगेको र तरकारी बजार परिसरमै निर्माण भएको संरचनाको उपयोग गर्न नगरपालिकाले वैकल्पिक उपायहरु समेत पहिचान गरी उपयोग गर्नुपर्दछ।

**३३.७.** लेटाङ नगरपालिका, मोरङले रू. १ करोड ४४ लाख ११ हजार लागत अनुमान रहेको शीतभण्डार निर्माण गर्न सयपत्री मल्टिपर्पोज कम्पनी प्रा.लि. बेलबारीसँग २०७९।३।३०सम्म कार्य सम्पन्न गर्ने गरी रू. ९९ लाख ७४ हजारमा खरिद सम्झौता गरेकोमा समयमा कार्य सम्पन्न नहुँदा कार्यपालिकाको निर्णयबाट २०८०।६।३०सम्म म्याद थप गरेको देखिन्छ । भेरिएशनबाट उक्त कार्यको सम्झौता रू.१ करोड ५ लाख ९१ हजार कायम भएकोमा निर्माण व्यवसायीले जम्मा रू.५१ लाख २८ हजारको कार्य मात्र सम्पन्न गरेकोले पालिकाले खरिद सम्झौता अन्त्य गरेको छ। हालसम्मको भौतिक प्रगति ४४.२० प्रतिशत रहेकोमा पालिकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) बमोजिम ठेक्का अन्त्य गरेकोमा बाँकी निर्माण कार्यका लागि सम्बन्धितलाई जवाफदेही बनाउँदै सार्वजनिक खरिद कानुन बमोजिम निर्माण कार्य प्रकृया अगाडि बढाउनु पर्दछ।

# परिच्छेद - ४
# निष्कर्ष तथा सुझाव

कृषि उपजहरुको गुणस्तर कायम गर्न, उत्पादन उपरान्त क्षति न्यूनीकरण गर्न तथा स्थानीय कृषि उपजहरुको बाह्रै महिना उपलब्धता सुनिश्चित गरी आयात प्रतिस्थापन गर्न शीतभण्डार संरचनाको आवश्यकता रहेको तर निर्माण सम्पन्न भएका शीतभण्डारको उपयोग हुन सकेको छैन। संघ, प्रदेश र स्थानीय तहले निर्माण प्रारम्भ थालेका कतिपय शीतभण्डारको निर्माण कार्य सम्पन्न हुन नसकी लगानीको सदुपयोग हुन सकेको छैन। कृषकले उत्पादन गरेका कृषि उपजको भण्डारण गरी बजारको माग अनुसार आपूर्ति गर्ने तथा उत्पादनमा हुने नोक्सानी कम गरी आम्दानी बढाउने उद्देश्यले शुरु भएको शीतभण्डार गृहहरुको निर्माण, सञ्चालन एवं दिगो व्यवस्थापनमा थप प्रयास आवश्यक देखिन्छ।

विभिन्न निकायको अनुदानबाट शीतभण्डार निर्माण भए पनि एकीकृत अभिलेख छैन । सम्भाव्यता अध्ययनका आधारमा उपयुक्त स्थानमा निर्माण गर्ने, निर्माण भईसकेकाको हकमा पूर्ण क्षमतामा सञ्चालन गर्ने, अधुरा पूर्वाधारहरु समयमै सम्पन्न गर्ने, सरकारी अनुदानबाट निजी तथा सहकारी संस्थाले निर्माण गरेका शीतभण्डारको स्वामित्वको विषयमा कानुनी व्यवस्था गर्ने, नयाँ निर्माण हुने तथा प्रभावकारी रुपमा सञ्चालन भइरहेका पुराना शीतभण्डारहरुमा लोड अनलोडका लागि स्वचालित विद्युतीय ईलिभेटर प्रणाली जडान गरी भण्डारण लागत घटाउने, सञ्चालन मोडालिटी तयार गरी कार्यान्वयन गर्ने, दक्ष कामदार स्वदेशमै तयार गर्न प्राविधिक तालिमका साथै सीप विकास कार्यक्रम सञ्चालन गर्ने, शीतभण्डार अनुदान प्राप्त गरेका निजी क्षेत्र/संस्थाले स्थानीय कृषकहरुलाई सहुलियत दरमा भण्डारण सुविधा दिने र सोको अनुगमन गर्ने साथै शीतभण्डारको विद्युत महशुल छुट दिने विषयमा नीतिगत निर्णय गर्ने लगायतका सुझावहरू कार्यान्वयन गरी शीतभण्डारको निर्माण, सञ्चालन र उपयोग गर्नुपर्दछ।

माथि उल्लेखित लेखापरीक्षणबाट देखिएका बेहोरा सुधारका लागि निम्नबमोजिमका सुझाव प्रस्तुत गरिएका छन्:

- शीतभण्डारको निर्माण गर्नुपूर्व सम्भाव्यता अध्ययन गरी शीतभण्डारको आवश्यकता हुने स्थानमा मात्र शीतभण्डारको निर्माण गरी सञ्चालन गर्ने,
- नयाँ शीतभण्डारहरु निर्माणको योजनालाई स्थानीय कृषि उत्पादनको आधारमा आवश्यकताको पहिचान गरी व्यवस्थित गर्नुपर्ने,
- निर्माण भईसकेका भण्डारहरुलाई पूर्ण क्षमतामा सञ्चालन गर्न कार्ययोजना तयार गरी नीतिगत पहल गर्नुपर्ने,
- अधुरा शीतभण्डारका पूर्वाधारहरु समयमै सम्पन्न गर्ने गरी सम्बन्धित निकायले कार्य गर्ने,
- नयाँ निर्माण हुने तथा प्रभावकारी रुपमा सञ्चालन भइरहेका पुराना शीतभण्डारहरुमा लोड अनलोडका लागि स्वचालित विद्युतीय ईलेभेटर प्रणाली जडान गरी भण्डारण लागत घटाउनुपर्ने,
- शीतभण्डार सञ्चालनको मोडालिटी तयार गरी कार्यान्वयन गर्ने,
- शीतभण्डार सञ्चालकले भण्डारणमा राखेको कृषि उपजको बिमा गर्नुपर्ने,

- शीतभण्डारहरुका प्रभाव क्षेत्रहरुमा कृषि वस्तुहरुको उत्पादनमा वृद्धि गर्न सरोकारवाला सबै पक्षबाट यथोचित भूमिका एवं बजारहरुको पहुँच विस्तार गर्न जोड दिनुपर्ने,
- शीतभण्डारहरुको नियमित सञ्चालन तथा मर्मतसम्भारका लागि आवश्यक दक्ष कामदार स्वदेशमै तयार गर्न प्राविधिक तालिम, सीपविकास कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- शीतभण्डार अनुदान प्राप्त गरेका निजी क्षेत्र/संस्थाले स्थानीय कृषकहरुलाई सहुलियत दरमा भण्डारण सुविधा दिने र सोको अनुगमन सम्बन्धित निकायबाट गर्ने,
- शीतभण्डारको विद्युत महशुल छुट दिने विषयमा नीतिगत निर्णय गर्ने ।

# लिफ्टिङ्ग खानेपानी आयोजनाको स्थिति

## परिच्छेद - १

## परिचय

१. **पृष्ठभूमि** - नेपालको संविधानले स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हकलाई नागरिक मौलिक हकको रुपमा अभिलिखित गरेको तथा नेपालको संविधानको अनुसूचीमा तीनै तहको एकल तथा साझा अधिकारको रुपमा खानेपानी तथा सरसफाइ सेवा रहने व्यवस्था गरेको छ। सबै नागरिकलाई खानेपानी तथा सरसफाइ सुविधाको सुनिश्चितता प्रदान गर्नु तीनै तहको सरकारको मुख्य दायित्व हो । नेपाल पक्ष राष्ट्र रहेको दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं. ६ ले सबैका लागि सरसफाइ तथा सुरक्षित खानेपानीको उपलब्धता र दिगो व्यवस्थापनको प्रत्याभूति गर्ने उद्देश्य लिएको छ। यसका साथै नेपाल सरकारले वार्षिक रुपमा नीति तथा कार्यक्रम मार्फत नागरिकको आधारभूत आवश्यकताका रुपमा रहेको खानेपानी तथा सरसफाइलाई उच्च प्राथमिकता दिँदै यस क्षेत्रको लगानीलाई जोड दिएको छ।

प्राकृतिक तथा मानवीय, बाह्य तथा आन्तरिक कारणहरुले गर्दा नेपालका पहाडी भाग तथा तराई मधेशमा रहेका भूमिगत जलसतह गहिरिँदै गएको साथै पानीका मुहानहरु दिन प्रतिदिन सुकिरहेका र यस्ता बस्तीहरुमा पानीका सम्भाव्य श्रोतहरु टाढा हुनु, पम्प आदिको प्रयोग गर्नुपर्ने तथा बढी लागत लाग्नु जस्ता कारणले खानेपानी आयोजना निर्माण तथा सञ्चालन हुन कठिनाइ भइरहेको विषयलाई प्राथमिकता दिँदै नेपाल सरकारले खानेपानी मन्त्रालय अन्तर्गतका निकायबाट उल्लिखित भौगोलिक बनाबट भएका क्षेत्रका जनतालाई सफा तथा स्वच्छ खानेपानीको पहुँच पुग्ने गरी देशैभर लिफ्टिङ खानेपानी आयोजनाहरु सञ्चालन गरी सफा तथा सुरक्षित खानेपानीमा आम नागरिकको सहज पहुँचको अवसर सृजना गरिरहेको छ।

लिफ्टिङ खानेपानी आयोजना बस्तीभन्दा तलको जमीनमा भएको पानीको स्रोत/मुहानबाट विद्युत् पम्पिङ्ग प्रणालीको मद्दतले पानीलाई उक्त बस्तीभन्दा माथि पुऱ्याई उपभोक्ताको क्षेत्रसम्म ल्याउने खानेपानी व्यवस्थापन प्रणाली हो। नेपालको सुख्खा क्षेत्र अन्तर्गत पर्ने जिल्लाहरूका अति विकट भौगोलिक बनावट भएका स्थानहरुमा छरिएर रहेका समुदाय/बस्तीहरुलाई सर्वसुलभ तरिकाले खानेपानी सेवा पुऱ्याउने उद्देश्यले जलवायु परिवर्तनले समेत पानीको परिमाणमा असर नपर्ने स्रोतहरुलाई उपयोग गरी दिगो रूपमा खानेपानी व्यवस्थापन गर्दै जनताको खानेपानी तथा सरसफाइमा पहुँचको संवैधानिक हक सुनिश्चित गर्न वृहत् खानेपानी आयोजना अन्तर्गत लिफ्टिङ खानेपानी आयोजनाहरु सञ्चालनमा रहेका छन्। नेपाल सरकारबाट ९० प्रतिशत (९ प्रतिशत जनश्रमदान सहित) र १० प्रतिशत उपभोक्ता समूहबाट बेहोर्ने गरी जलवायु अनुकूलित वृहत् खानेपानी आयोजनाले कार्य गरिरहेको छ। आयोजना सम्पन्न भए पश्चात् १ वर्षसम्म निर्माण व्यवसायीबाटै आयोजनामा पानी सञ्चालन गर्ने र त्यसपछि स्थानीय तहको सहयोगमा उपभोक्ता समितिले आयोजना सञ्चालन गर्ने व्यवस्था गरिएको देखिन्छ । आयोजनाको निर्माण कार्य सुरु हुनु भन्दा पहिले उपभोक्ताबाट प्रतिबद्धता स्वरुप लागत अनुमानको १ प्रतिशत रकम अग्रिम रुपमा सङ्कलन गरी मर्मत कोषको सुरुवात गरिने व्यवस्था समेत रहेको छ।

२. **संस्थागत व्यवस्था** - नेपालको सुख्खा क्षेत्र अन्तर्गत पर्ने जिल्लाहरूका अति विकट भौगोलिक बनावट भएका स्थानहरुमा छरिएर रहेका समुदाय/बस्तीहरुलाई सर्वसुलभ तरिकाले खानेपानी सेवा पुऱ्याउने उद्देश्यले जलवायु परिवर्तनले समेत पानीको परिमाणमा असर नपर्ने स्रोतहरुलाई उपयोग गरी दिगो रूपमा खानेपानी व्यवस्थापन गर्दै जनताको खानेपानी तथा सरसफाइमा पहुँचको संवैधानिक हक सुनिश्चित हुने गरी आयोजनाको कार्यान्वयन, समन्वय, सुपरीवेक्षण, नियमन तथा अनुगमन गर्ने केन्द्रीय निकायको

रुपमा नेपाल सरकार खानेपानी मन्त्रालय अन्तर्गत खानेपानी तथा ढल व्यवस्थापन विभाग रहेको छ। लिफ्टिङ खानेपानी आयोजनासँग सम्बन्धित विभिन्न क्रियाकलापहरु संघीय तथा प्रादेशिक निकायबाट भइरहेका छन्। यस आयोजनाको कार्यान्वयन तथा सञ्चालनको सिलसिलामा आवश्यक समन्वय स्थानीय तहको सरकारबाट समेत भइरहेको छ। खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गतको जलवायु अनुकूलित वृहत् खानेपानी आयोजनाबाट लिफ्टिङ खानेपानी आयोजनाको सञ्चालन, समन्वय, नियमन, सुपरिवेक्षण र अनुगमन गर्ने गरिएको छ। आयोजना अन्तर्गतका क्रियाकलापहरु कार्यान्वयनमा संलगन निकायहरु निम्नानुसार छन्:

- नेपाल सरकार खानेपानी मन्त्रालय
- प्रदेश ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
- खानेपानी तथा ढल व्यवस्थापन विभाग
- जलवायु अनुकूलित वृहत् खानेपानी आयोजना, आयोजना व्यवस्थापन कार्यालय
- खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत खानेपानी तथा योजना शाखा
- जिल्लास्थित २० संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरु
- खानेपानी, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय

३. **उद्देश्य र रणनीति** - लिफ्टिङ खानेपानी आयोजनाको कार्यान्वयन, समन्वय, सुपरीवेक्षण, नियमन तथा अनुगमन गर्ने केन्द्रीय निकायको रुपमा खानेपानी तथा ढल व्यवस्थापन विभाग रहेकोले नेपाली जनताको जीवनस्तरमा दिगो ढङ्गले उल्लेखनीय रुपमा सुधार ल्याउने, सन् २०१७ सम्ममा नेपाल राज्यभरीका सम्पूर्ण बस्तिहरुमा सुरक्षित खानेपानी तथा जनचेतना अभिवृद्धि सहित सरसफाइ सुबिधा समुचित रुपमा उपलब्ध गराउन नेपाल सरकारको नीति तथा कायर्क्रम सञ्चालन गर्ने कार्यका लागि उपलब्ध स्रोतको समुचित प्रयोग गरी सुरक्षित खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने व्यवस्था मिलाउन विभागले समन्वयकारी भूमिका निर्वाह गर्ने उल्लेख छ।

लगानी सहभागिता एवं असुलीको आधारमा आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन लगानी उठ्ती, समुदाय तथा उपभोक्ताहरुको व्यापक परिचालन योजना निर्माण, कार्यान्वयन, खानेपानी तथा प्रयोग पछि निष्कासन हुने पानीको गुणस्तरको मापदण्ड तयार गर्ने, देशका सबै क्षेत्रमा आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराउने, जनस्वास्थ्यमा प्रतिकूल असर नपर्ने स्तरको खानेपानी सुविधाको क्रमिक रुपमा विस्तार गर्ने र खानेपानीको गुणस्तर कायम गर्न खानेपानी सुरक्षा योजना कार्यान्वयनमा सहयोग पुऱ्याउने लगायतका कार्यसम्पादन विभागले गर्दै आएको छ।

४. **संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था** - नागरिकको आधारभूत आवश्यकताको रुपमा रहेको सुरक्षित खानेपानी सम्बन्धी मौलिक अधिकारको संरक्षण, संवर्द्धन तथा कार्यान्वयनका लागि आवश्यक कानुन, नीति नियम तथा मार्गदर्शनहरुलाई देहायमा उल्लेख गर्न सकिन्छः

४.१. **संवैधानिक व्यवस्था** - नेपालको संविधानको भाग ३ मा नेपाली नागरिक तथा व्यक्तिको जीवन रक्षाका लागि ३१ वटा मौलिक हकहरुको व्यवस्था गरिएको छ। जसअन्तर्गत धारा ३० को उपधारा १ ले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने र धारा ३५ (४) मा स्वास्थ्य सम्बन्धी हकमा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने कुरा सुनिश्चित गरिएको छ। त्यसै गरी तीन तहका सरकारको एकल तथा साझा अधिकारको सूचि अन्तर्गत खानेपानी तथा सरसफाइ सम्बन्धी विषयलाई तीन तहको एकल तथा साझा अधिकारको रुपमा उल्लेख गरिएको छ।

४.२. **जलस्रोत ऐन, २०४९ -** यस ऐनले नेपाल भित्रको भू-सतह वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग व्यक्तिगत वा सामूहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न सक्ने उल्लेख गरेको तथा जलस्रोतको उपयोगको प्राथमिकतामा खानेपानी र घरेलु उपयोगलाई पहिलो प्राथमिकतामा राखेको छ।

४.३. **खानेपानी तथा सरसफाइ ऐन, २०७९ -** स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी स्वच्छ तथा गुणस्तरीय खानेपानी र सरसफाइ सेवा सहज रुपमा उपलब्ध गराउने उल्लेख गरिएको छ।

४.४. **सुख्खा क्षेत्र खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशिका, २०७१** - हिमाल, पहाड, तराई मधेश जुनसुकै भौगोलिक क्षेत्रमा बसोबास गर्ने भौगोलिक विकटता र प्राकृतिक श्रोतका कारण पिउने पानीको अभाव झेली रहेका नेपाली जनताहरुलाई स्वच्छ पिउने पानी तथा आधारभूत सरसफाइको सुविधा उपलब्ध गराई उनीहरुको जीवनस्तर उकास्ने आयोजनाको मुख्य उद्देश्य रहेको उल्लेख छ। यो आयोजना ग्राभिटि-फ्लो, सतहको पानी लिफ्ट गर्ने पम्पिङ वा डीप- बोरिङ्ग गरी पम्पिङ्ग गर्ने स्वरुपको भई प्रति व्यक्ति न्यूनतम ३० लिटर प्रति दिनका दरले पानी उपलब्ध गर्ने गरी डिजाइन गरिने व्यवस्था रहेको र खानेपानीको आपूर्ति व्यवस्था, सरसफाइ कार्यक्रम, समुदाय परिचालन र क्षमता अभिवृद्धि कार्यक्रम जस्ता विषयलाई आयोजनाको मुख्य क्रियाकलापमा समेटिएको छ।

४.५. **राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति, २०८० -** सुनिश्चित, सुरक्षित र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवा एवं स्वच्छता दुरदृष्टि राखेको यस नीतिले दिगो विकासको क्षेत्रगत लक्ष्य हासिल गर्दै वि.स. २१००सम्म सबैलाई सुरक्षित खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने तथा खानेपानी, सरसफाइ तथा स्वच्छताको लागि दिगो रुपमा स्रोतमा पानीको उपलब्धता सुनिश्चत गर्ने साथै सबैलाई सर्वसुलभ रुपमा पर्याप्त, सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सेवामा समन्यायिक पहुँच पुर्‍याउने उद्देश्य रहेको छ।

५. **आवधिक योजना-**

५.१. पन्ध्रौं योजनामा स्वच्छ, सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवाका साथ सबैलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवाको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय खानेपानी र सरसफाइ सेवाको पर्याप्त, सुरक्षित र सर्वसुलभ रुपमा उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्ने र जलवायु परिवर्तन अनुकूल तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्ने उल्लेख छ।

५.२. सोह्रौं पञ्चवर्षीय योजनाले उच्च तथा मध्यमस्तरको खानेपानीमा पहुँच भएको घरपरिवार २५.८ प्रतिशतबाट ४५ प्रतिशत पुर्‍याउन सबै नागरिकलाई स्वच्छ पिउने पानीको उपलब्धताको सुनिश्चितता गर्ने, सबै खानेपानीका स्रोतलाई मानव निर्मित फोहोरबाट अलग राखी स्रोतको संरक्षण गर्ने र फोहोरलाई मोहोरमा रुपान्तरण गर्ने उल्लेख छ।

६. **वार्षिक नीति तथा कार्यक्रम (बजेट)-**

- **आर्थिक वर्ष २०७७।७८** मा प्रस्तुत बजेटको बुँदा नं.२०२ मा आगामी वर्ष सुख्खाग्रस्त क्षेत्रमा निर्माणाधीन जलवायु अनुकूलित तथा वृहत् पम्पिङ्ग, लिफ्ट तथा सह-लगानीका खानेपानी सञ्चालन गर्ने कार्यक्रमका लागि रू.६ अर्ब बजेट विनियोजन गरिएको उल्लेख ।

- **आर्थिक वर्ष २०७८।७९** मा प्रस्तुत बजेटको बुँदा नं.२६० मा आगामी वर्ष सबै नागरिकलाई आधारभूत खानेपानी तथा सरसफाइ पुऱ्याइने 'एक घर, एक धारा' को अवधारणा कार्यान्वयन गरी गुणस्तरीय खानेपानी सेवाको पहुँच विस्तार गरिने तथा बुँदा नं.२६७ मा १० जिल्लाका विभिन्न लिफ्टिङ खानेपानी आयोजना कार्यान्वयका लागि बजेट विनियोजन गरिने उल्लेख गरिएको ।
- **आर्थिक वर्ष २०७९।८०** मा प्रस्तुत बजेटको बुँदा नं.१७५ मा राज्यको अभिभारा: एक घर एक धारा अभियान साकार पार्न प्रदेश र स्थानीय तहसँगको सहकार्यमा खानेपानी आयोजना सञ्चालन गर्ने उल्लेख गरिएको ।
- **आर्थिक वर्ष २०८०।८१** मा प्रस्तुत बजेटको बुँदा नं.२५३ मा सबै नागरिकलाई आधारभूत खानेपानी सेवाको पहुँच पुऱ्याई गुणस्तरीय खानेपानी सेवा विस्तार गर्दै लगिने र एक घर एक धाराको लक्ष्य प्राप्त गर्ने गरी खानेपानी आयोजना तथा कार्यक्रम सञ्चालन गरिने तथा बुँदा नं.२५९ मा सुख्खाग्रस्त क्षेत्रमा सामुदायिक उपभोक्ता समूहद्वारा सञ्चालित खानेपानी आयोजनामा प्रयोग हुने विद्युत महशुल तथा डिमान्ड शुल्कमा ५० प्रतिशत छुट दिने व्यवस्था मिलाइएको उल्लेख गरिएको ।
- **आर्थिक वर्ष २०८१।८२** मा प्रस्तुत बजेटको बुँदा नं.१९३ मा सन् २०३०सम्म स्वच्छ खानेपानीमा सबैको पहुँच पुऱ्याउने गरी सेवा विस्तार गरिने साथै प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा 'एक घर एक धारा' अभियानलाई निरन्तरता दिइने र बुँदा नं.१९५ मा सुनकोशी-मरिन तथा सुनकोशी कमलाबाट मधेश प्रदेशका आठ जिल्ला लगायतका स्थानमा थोक वितरण प्रणालीबाट पानी आपूर्ति गर्न सम्भाव्यता अध्ययन गरिने साथै भक्तपुर र गुल्मीमा जलाशययुक्त खानेपानी आयोजनाको निर्माण कार्य अगाडि बढाइने उल्लेख गरिएको ।

७. **विषय छनौटको औचित्यता -** नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने विषयलाई कार्यान्वयन गर्नका लागि समेत भौगोलिक विकटता तथा सुख्खाग्रस्त क्षेत्रका नागरिकहरुलाई सुरक्षित खानेपानीमा सहज पहुँच कायम राख्न तीन तहका सरकारबाट लिफ्टिङ खानेपानी आयोजना कार्यान्वयन भइरहेका छन् । हाल मुलुकभर सयौंको संख्यामा लिफ्टिङ खानेपानी आयोजना कार्यान्वयनमा आइरहेका छन्। कार्यान्वयनमा रहेका यस्ता आयोजनाको बजेट व्यवस्थापन, आयोजनाको स्थलगत समस्या र वितरण प्रणालीमा आएको समस्याले गर्दा यस्ता आयोजना समयमै सम्पन्न हुन सकेको देखिँदैन। समयमै सम्पन्न हुन नसक्दा नागरिकको सुरक्षित खानेपानीमा पहुँचको हकको प्रत्याभूत हुन नसकेको साथै आम नागरिकको दैनिक जनजीवन कष्टकर बनिरहेको अवस्था छ। तसर्थ सरकारले उच्च प्राथमिकताका साथ ठूलो मात्रामा रकम लगानी गरी कार्यान्वयन गरिरहेको यस कार्यक्रमको कार्यान्वयन स्थितिको अध्ययन एवं विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन जारी गर्नुपर्ने भएकोले कार्यमूलक लेखापरीक्षणका लागि यस विषयको छनौट गरिएको हो।

# परिच्छेद - २
# लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति तथा सीमा

८. **लेखापरीक्षणको उद्देश्य** - लिफ्टिङ खानेपानी आयोजना व्यवस्थापनको समग्र पक्षहरुमा मितव्यिता, कार्यदक्षता र प्रभावकारिताको दृष्टिकोणबाट अध्ययन, मूल्याङ्कन तथा विश्लेषण गरी देखिएका समस्या समाधानका लागि सुधारका उपयुक्त सुझाव सहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य हो । यसका अलवा यस लेखापरीक्षणको अन्य उद्देश्यलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छः

- आयोजनाको आवश्यकता र स्वीकृतिको चरणको अवस्थाको विश्लेषण गर्नु,
- आयोजना कार्यान्वयनको अवस्थामा देखिएका समस्याको अध्ययन तथा विश्लेषण गर्नु,

९. **लेखापरीक्षणको क्षेत्र** - आयोजनाको आवश्यकता, उद्देश्य तथा अपेक्षित उपलब्धि, आयोजनाले समेट्ने भौगोलिक क्षेत्र, आयोजना स्थलको छनौट, बजेट र समय व्यवस्थापन, लगानी व्यवस्थापन, खरिद व्यवस्थापन साथै आयोजनाको प्रभावकारिता र दिगोपना जस्ता पक्षको अध्ययन तथा विश्लेषण लेखापरीक्षणको क्षेत्र हो । लेखापरीक्षणका क्रममा जलवायु अनुकूलित वृहत् खानेपानी आयोजना कार्यन्वयनमा रहेका विभिन्न स्थानका उपभोक्ता समितिका पदाधिकारीलाई प्रत्यक्ष रुपमा आयोजना कार्यन्वयन स्थलमा भेटघाट गरी कार्यान्वयनको अवस्थाको विषयमा छलफल गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिको लागि यस आयोजनासँग सम्बन्धित आयोजना व्यवस्थापन कार्यालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग र खानेपानी मन्त्रालय लगायत अन्य निकायहरुबाट प्रकाशित प्रतिवेदन र सूचनाहरुबाट समेत तथ्याङ्क, सूचना तथा जानकारी लिइएको छ।

१०. **लेखापरीक्षणको पद्धति तथा विधि-**

(क) **पद्धति** - यस कार्यमूलक लेखापरीक्षणमा आवश्यकता अनुसार नतिजामूलक र प्रकृयामूलक पद्धतिको अवलम्बन गरिएको छ। आयोजनाले तोकेको उद्देश्य तथा अपेक्षित नतिजा हासिल भए नभएको, आयोजनाको असर, प्रभाव तथा दिगोपना जस्ता विषयको सन्दर्भमा नतिजामूलक र सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा प्रकृयामूलक पद्धतिको अवलम्बन गरिएको छ।

(ख) **विधि** - लेखापरीक्षणको प्रमाण सङ्कलन को लागि छलफल, प्रश्नावली, कागजात भिडान लगायत विधिको प्रयोग गरिएको छ। विषयसँग सम्बन्धित जोखिमको मूल्याङ्कन गरी पहिचान गर्ने विषयहरुको परीक्षण गर्ने सन्दर्भमा सक्षम, पर्याप्त र सान्दर्भिक प्रमाण सङ्कलन गर्न आवश्यकता अनुसार नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि, विस्तृत विवरणको परीक्षण विधि समेत प्रयोग गरिएको छ। लेखापरीक्षणसँग सम्बन्धित कार्य सम्पादनको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, सम्बन्धित पक्षसँग छलफल, विश्लेषण समेतको प्रक्रियामूलक विधि समेत अवलम्बन गरिएको छ। लेखापरीक्षण आधारको रुपमा विषयसँग सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्थामा उल्लेख भएका विषयहरुलाई लिइएको छ। लेखापरीक्षणको दौरानमा र लेखापरीक्षण सम्पन्न भएपश्चात् व्यवस्थापनसँग देखिएका बेहोरा उपर छलफल गरी प्राप्त टिप्पणीलाई विचार गरी यो प्रतिवेदन तयार गरिएको छ।

११. **लेखापरीक्षणको सीमा** - लेखापरीक्षण लिफ्टिङ खानेपानी आयोजनाको सञ्चालन तथा व्यवस्थापनमा केन्द्रित रहेको छ। लेखापरीक्षण गर्ने प्रयोजनका लागि प्रश्नावली र द्वितीय स्रोतबाट सूचना तथा जानकारी सङ्कलन गरिएको छ। कार्यमूलक लेखापरीक्षणलाई मार्गदर्शन गर्ने कानुन तथा नीति र कार्यविधिलाई

यस लेखापरीक्षणको सीमाका रुपमा लिइएको छ। त्यस्तै लेखापरीक्षणको क्षेत्र, प्राप्त सूचनाको विश्वसनीयता, सूचना विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, नियन्त्रण जोखिमको मात्रा, कार्यालयबाट लेखापरीक्षणमा प्रयोग गरिएको स्रोत साधन आदि लेखापरीक्षणका सीमा हुन ।

# परिच्छेद – ३
# लेखापरीक्षणबाट देखिएका बेहोराहरु

१२. **कार्यक्रमको आवश्यकता पहिचान –** नेपाल सरकारले आर्थिक वर्ष २०६८।६९ को बजेट वक्तव्यको बुँदा नं. ३०५ मा रामेछापको सुख्खाग्रस्त क्षेत्र, सिन्धुपाल्चोकको बाह्रविसे, पाँचथरको यासोक क्षेत्र र काभ्रेपलाञ्चोकको तिमाल क्षेत्र जस्ता अत्यन्त सुख्खाग्रस्त क्षेत्रका जनतालाई खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउन प्राथमिकताका साथ विशेष आयोजना कार्यान्वयन गर्ने घोषणा गरे पश्चात् यस आयोजनाको सुरुवात भएको हो । खानेपानी तथा ढल व्यवस्थापन विभागले स्वीकृत गरेको सुख्खा क्षेत्र खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशिका,२०७१ मा विश्वव्यापी मौसम परिवर्तनले गर्दा वर्षातको ढाँचामा आएको परिवर्तन, प्राकृतिक तथा मानवीय र बाह्य तथा आन्तरिक कारणहरुले गर्दा नेपालका पहाडी भाग तथा भित्री मधेसमा रहेका पानीका मुहानहरु सुक्नाले वा सुक्दै गइरहेकोले गाँउबस्तीमा मानिसको दिनचर्या कष्टप्रद हुँदै गइरहेको साथै पिउने पानीकै अभावका कारण कतिपय बस्ती बसाइँ सर्नुपर्ने रहेको अवस्थामा यस्ता गाँउबस्तीका जनताहरुलाई आधारभूत स्तरको खानेपानी पहुँच पुर्‍याउने उद्देश्यले सुख्खा क्षेत्र खानेपानी तथा सरसफाइ आयोजना तर्जुमा गरिएको उल्लेख छ।

- नेपाल सरकारले विभिन्न मितिमा सुख्खा क्षेत्र भनी घोषणा गरेका गाँउवस्तीमा सञ्चालन हुने खानेपानी आयोजनाहरु,
- परम्परागत खानेपानीका स्रोतहरु बस्तिबाट निकै टाढा भएका स्थानमा सञ्चालन हुने खानेपानी आयोजनाहरु (तेर्सो दूरी २ कि.मि. र ठाडो उच्चाइ ०.२५ कि.मि),
- नजिकैको परम्परागत स्रोतबाट उपलब्ध हुने पानीको परिमाण १० लिटर प्रति व्यक्ति प्रति दिन भन्दा कम मात्र भएका स्थानमा सञ्चालन हुने खानेपानी आयोजनाहरु,
- नेपालको औसत १२०० मि.मी. प्रति वर्ष) भन्दा निकै कम मात्र वर्षा तथा हिमपात हुने स्थानमा सञ्चालन हुने खानेपानी आयोजनाहरु र
- भूमिगत पानीको सतह निकै तल (५० मी. भन्दा बढी) भएको र स्यालो ट्यूबवेलको सम्भावना नभएका तराई- मधेश क्षेत्रका सुख्खा बस्तीहरुको लागि सञ्चालन गरिने खानेपानी आयोजनाहरुलाई उपरोक्त निर्देशिकाले सुख्खा क्षेत्र खानेपानी आयोजनाको रुपमा लिएको छ।

निर्देशिकामा आयोजना न्यूनतम ३० लिटर प्रतिव्यक्ति प्रतिदिनका दरले पानी उपलब्ध गर्ने गरी १५ वर्षको लागि डिजाईन गरिने र मागको आधारमा नेपालका जुनसुकै भाग हिमाल, पहाड, तराई मधेशमा सञ्चालन गर्न मिल्ने ग्राभिटि-फ्लो, सतहको पानी लिफ्ट गर्ने पम्पिङ वा डीप- बोरिङ्ग गरी पम्पिङ्ग गर्ने जुनसुकै प्रकारको हुने उल्लेख छ।

आर्थिक वर्ष २०७१।७२ को बजेट वक्तव्यको बुँदा नं.१३३ मा जलवायु परिवर्तनको असरले गर्दा पानीका स्रोतहरु दिनानुदिन सुक्ने क्रम जारी रहेको र यस अवस्थामा सुरक्षित र पर्याप्त खानेपानी सेवा उपलब्ध गराउन प्रयोग हुने पम्पिङ्ग प्रणालीमा विद्युतको डिमाण्ड शुल्क पूरै छुट दिने व्यवस्था मिलाएको उल्लेख छ र यस वर्षको बजेट पश्चात् यो आयोजना जलवायु अनुकूलित वृहत् खानेपानी आयोजनाको नामबाट सञ्चालित रहेको छ। खानेपानी तथा ढल व्यवस्थापन विभाग मातहत संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरुले यो आयोजना निर्माण गर्ने र कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनमा सहजीकरण गर्न केन्द्रमा जलवायु अनुकूलित वृहत् खानेपानी आयोजना व्यवस्थापन कार्यालय सञ्चालनमा रहेको छ।

**आयोजनाका सकारात्मक पक्ष–** यस आयोजनाको सकारात्मक पक्षहरुलाई देहायमा उल्लेख गरिएको छः

- स्थानीय तह र जिल्ला समन्वय समितिको सहमतिमा उपभोक्ताको मागको आधारमा आयोजना छनौट हुने भएकोले मागमा आधारित आयोजना सञ्चालन हुने गरेको,
- आयोजनाको मागपत्रमा सम्भाव्य मुहानबारे जानकारी, सम्बन्धित स्थानीय तहबाट स्वीकतिको साथै खानेपानी र सरसफाइको वर्तमान अवस्था, उपभोक्ताको तर्फबाट गरिने लागत साझेदारी आदि बारे स्पष्ट उल्लेख हुने भएकोले निर्माण तथा सञ्चालनमा सहज हुने गरेको,
- खानेपानी तथा सरसफाइ आयोजनाका उपभोक्ता समितिको ज्ञान, क्षमता, सीप र दक्षता अभिवृद्धि गरी दिगो तथा आत्मनिर्भर खानेपानी सेवा सञ्चालन गर्न सहयोग गरेको,
- प्रशासनिक दक्षता अन्तर्गत उपभोक्ताको कार्यालय निर्माण तथा स्थापनामा सहयोग गरेको, व्यवस्थापकीय दक्षता अन्तर्गत उपभोक्ता समितिका पदाधिकारी एवं कर्मचारीलाई व्यवस्थापकीय तालिम प्रदान, वित्तीय व्यवस्थापन तालिम प्रदान, लेखा प्रणाली सम्बन्धी तालिम प्रदान र खानेपानी सुरक्षा योजना सञ्चालन सम्बन्धी तालिम प्रदान गरेको र प्राविधिक दक्षता अन्तर्गत सीप तथा व्यावहारिक ज्ञान हस्तान्तरण गर्नको लागि उपभोक्ता समितिका कर्मचारीलाई आयोजना निर्माण चरणदेखि नै संलग्नगरी पाइप जडान तथा मर्मत तालिम प्रदान, पम्प तथा जेनरेटर सम्बन्धी साधारण र व्यावहारिक तालिम प्रदान, विद्युत र पानी प्रशोधन इकाई सञ्चालन सम्बन्धी तालिम प्रदान र आयोजना निर्माण सम्पन्न भएपछि एक वर्ष सम्मको अवधिमा दक्ष प्राविधिकको रेखदेखमा उपभोक्ता समितिका कर्मचारीलाई काम गराई आयोजना हस्तान्तरण गर्ने गरेको,
- आयोजनाको निर्माण सम्पन्न भएपछि एक वर्षसम्मको सञ्चालन खर्च मूल लागत अनुमानमा नै समावेश गरिने र एक वर्षसम्म उपभोक्ता समितिलाई व्यावहारिक तथा सैद्धान्तिक ज्ञान दिई उचित क्षमता वृद्धि गरेर मात्र आयोजना उपभोक्तालाई हस्तान्तरण गरिने गरिएको,
- आयोजनाको निर्माण कार्य सुरु गर्नुभन्दा पहिले उपभोक्ताको प्रतिबद्धता स्वरुप कुल लागत अनुमानको १ प्रतिशत रकम उपभोक्ताबाट अग्रिम रुपमा उठाई मर्मत कोषको सुरुवात गर्ने तथा कोषमा उपभोक्ताबाट उठाइएको रकम साथै स्थानीय तह वा अन्य कुनै निकायबाट प्राप्त रकम जम्मा गरिने र उक्त कोष आयोजनाको दिगो सञ्चालनमा प्रयोग गरिने व्यवस्था रहेको ।

**सुधार गर्नुपर्ने पक्षहरुः**

१३. **दिगो विकास लक्ष्य –** दिगो विकासका लक्ष्यहरु (२०१५-२०३०) को लक्ष्य ६ अन्तर्गत सबैका लागि स्वच्छ खानेपानी तथा सरसफाइको उपलब्धता साथै यसको दिगो व्यवस्थापन गर्ने गरी सन् २०३०सम्म आधारभूत खानेपानी सेवाको पहुँच ९९ प्रतिशत र सुरक्षित खानेपानी प्रयोग गर्ने जनसंख्या ९० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ। सन् २०२२ को दिगो विकास लक्ष्य प्रगति समीक्षा अनुसार आधारभूत खानेपानी सेवामा ९६ प्रतिशत जनसंख्याको पहुँच पुगेको छ जुन सन् २०२२ सम्मको लक्ष्य ९२ प्रतिशत भन्दा बढी हो भने सुरक्षित खानेपानी प्रयोगमा २५ प्रतिशत जनसंख्यामा पहुँच पुगेको छ जुन सन् २०२२ को लक्ष्य ५० प्रतिशत भन्दा आधा कम हो। नेपालले विगत तीन दशकदेखि खानेपानी क्षेत्रलाई प्राथमिकता दिँदै आएको भए पनि दिगो विकास लक्ष्य हासिल गर्न सबै नेपाली जनतालाई आधारभूत खानेपानी सेवा उपलब्ध गराउन पर्याप्त बजेट व्यवस्थाको अभाव, खानेपानी आयोजना निर्माणमा भौगोलिक जटिलता, खानेपानी संरचनालाई जलवायु परिवर्तन अनुकूल तथा विपद् व्यवस्थापनमैत्री बनाउँदै लैजाने कार्य चुनौतीको रुपमा देखा परेका छन्। खानेपानी आयोजना समयमै निर्माण सम्पन्न गरी प्रभावकारी सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भार गर्ने र खानेपानी स्रोतको पहिचान, संरक्षण, उपयोग अभिवृद्धिमार्फत दिगो विकास लक्ष्य हासिल गर्नुपर्दछ।

१४. **आवधिक योजनाको लक्ष्य र रणनीति** – पन्ध्रौं पञ्चवर्षीय योजनाको लक्ष्य खानेपानी र सरसफाइ सेवाको पर्याप्त, सुरक्षित र सर्वसुलभ रुपमा उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्नु रहेको छ। योजनाको अन्त्यसम्म ९९ प्रतिशत नागरिकमा आधारभूत स्तरको खानेपानी सेवा, करिब ४० प्रतिशत नागरिकलाई सुधारिएको (उच्च तथा मध्यम स्तर) खानेपानी सेवा उपलब्ध गराउने लक्ष्य लिएकोमा आर्थिक सर्वेक्षण, २०८०।८१ अनुसार ९६ प्रतिशत नागरिकमा आधारभूत स्तरको र करिब २७ प्रतिशत नागरिकमा उच्च तथा मध्यम स्तरको खानेपानी सेवाको पहुँच पुगेको छ। आवधिक योजनाले लिएको लक्ष्य हासिल गर्नका लागि योजनाको रणनीति तथा कार्यनीति बमोजिम कार्ययोजना बनाएर सूचकमा आधारित भई कार्यसम्पादन गर्नुपर्दछ।

१५. **खानेपानी नीतिको कार्यान्वयन** – खानेपानी, सरसफाइ तथा स्वच्छताको लागि दिगो रुपमा स्रोतमा पानीको उपलब्धता सुनिश्चित गर्ने र सबैलाई सर्वसुलभ रुपमा पर्याप्त, सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सेवामा समन्यायिक पहुँच पुऱ्याउने, खानेपानीका स्रोतको संरक्षण र विकास गर्न सम्बन्धित सरोकारवालाहरुको सहभागिता अभिवृद्धि गरी जिम्मेवार बनाइने, संघ, प्रदेश र स्थानीय तहको आपसी समन्वय र सहकार्यमार्फत खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको योजनाबद्ध विकास गरिने, स्थानीय तहको नेतृत्वमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयार गरी कार्यान्वयन गरिने र सामूहिक लाभको लागि खानेपानी तथा सरसफाइ प्रणालीहरुको विकास गर्न तीन वटै तहले आपसी समन्वयको आधारमा लगानी उपलब्ध गराउने गरी संयोजन गरिने खानेपानी नीतिमा उल्लेख भएकोमा हालसम्म ४१६ स्थानीय तहले मात्र WASH Plan गरेको, जलवायु परिवर्तन, बिपद् प्रभावित आयोजनाहरुको यथाशीघ्र सेवा सुचारु गर्न जलवायु अनुकूलन तथा बिपद् व्यवस्थापन कोष स्थापना गरिने कार्यनीति रहेकोमा सो कोष हालसम्म स्थापना नभएको र भौतिक संरचनाहरुको डिजाइन, निर्माण र सञ्चालन गर्न जलवायुमैत्री प्रविधिको प्रयोग गरिने कार्यनीति उल्लेख भएकोमा जलवायु अनुकूलित वृहत् खानेपानी आयोजनाहरुमा पानी सङ्कलनको लागि सम्पवेलको निर्माण नदीको सतहमा र पानी प्रशोधन युनिट नदी किनारमा गरेकोमा नदीमा आउन सक्ने बाढीबाट निर्माण गरेको संरचना सुरक्षित गर्न सक्नेगरी डिजाइन तथा निर्माण नगरेको कारण विगतमा आएका बाढीले संरचनामा क्षतिगरी सञ्चालन अवस्थामा रहेका आयोजना बन्द भएका छन्। यसमा सुधार हुनुपर्दछ।

१६. **आयोजनाको माग तथा स्वीकृति** – खानेपानी तथा ढल व्यवस्थापन विभागबाट जारी सुख्खा क्षेत्र खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशिका, २०७१ मा सुख्खाक्षेत्र खानेपानी आयोजनाको माग तथा स्वीकृतिको आधार उल्लेख गरिएको छ। खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गतका कार्यालयहरुले पानीको कठिनाइ (Hardship), जनताको जीवनस्तर, स्थानीय तहको सहमति र सहभागिता, आयोजना सञ्चालनमा देखाइएका प्रतिवद्धता लगायत तोकिएको आधारमा सम्भाव्य आयोजना छनौट गर्नु पर्नेमा ती कागजातहरु जलवायु अनुकूलित वृहत् खानेपानी आयोजना व्यवस्थापन कार्यालयमा अभिलेख गरिएको छैन। लिफ्टिङ खानेपानी आयोजनाहरुको छनौट, निर्माण, सञ्चालन र व्यवस्थापनमा आवश्यक यस्ता विवरण व्यवस्थापन कार्यालयमा अभिलेख राखी सम्भाव्य र प्रतिफल दिने आयोजनामा लगानी गर्नु पर्दछ।

१७. **आयोजना सञ्चालन** – आयोजना व्यवस्थापन कार्यालयले उपलब्ध गराएको विवरण अनुसार ६२ आयोजनाको निर्माण अवधि २देखि ३ वर्ष हुनेगरी खरिद सम्झौता गरेकोमा ती आयोजनाहरु तोकिएको अवधिभित्र सम्पन्न भएको देखिएन । समयमा सम्पन्न नभएका आयोजनाका उदाहरण निम्नानुसार छन्:

| क्र. सं. | खानेपानी आयोजना | लाभग्राही घरधुरी सं. | सम्झौता रकम (रू. हजार) | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | हाल सम्मको भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | कन्याम पंचकन्या | १४९८८ | ४५२००१ | २०७३।०३।२२ | २०७५।०९।२६ | ८४ |
| २ | तिमाल वृहत् (सुख्खाक्षेत्र) | ९३७४ | ७७२३७२ | २०७५।३।२६ | २०८१।४।३१ | १०० |
| ३ | मण्डन देवपुर | ५५०५ | ५३९१६५ | २०७८।४।१३ | २०८१।४।१२ | ९२ |
| ४ | हेलेसी क्षेत्र खोटाङ (वृहत् पम्पिङ) प्याकेज १ | १८०० | ३१७५९६ | २०७४।३।२१ | २०७६।३।२० | ९० |
| ५ | आङ्ना मौवा- पाँचथर वृहत् पम्पिङ ख | ८२३० | ४५८६०४ | २०७६।०९।२५ | २०८१।०२।३० | १०० |
| ६ | बेलुङ सल्यानकोट कार्कीगाउँ | ४९५२ | १०२२४४ | २०८१।०३।२१ | २०८१।०९।२१ | ९२ |
| ७ | इन्द्रावती गाउँपालिका बृहत् | ३१९३ | २३८७१८ | २०७७।०८।१७ | २०८१।०८।२८ | ९८ |
| ८ | दरौदी-गोरखा,(वृहत् पम्पिङ्ग) | २४६३ | ४५१९१७ | २०७४।०३।२७ | २०८१।४।१० | १०० |
| ९ | दरौंदी विरमकाली पम्पिङ्ग | ११११३४ | ४७८८६३ | २०७६।०९।२९ | २०८१।०४।१० | ९५ |
| १० | पालुङटार(बृहत् पम्पिङ) | १५७५२ | ४११६९३ | २०७८।०३।२५ | २०८१।०३।२० | ७८ |
| ११ | लान्द्रुक अन्नपूर्ण वृहत् | ३२१६ | २१६७९४ | २०७७।०३।२६ | २०८२।६।३ | ६३ |
| १२ | रेसुङ्गा | ३८३० | २५१२७१ | २०७९।०६।२८ | २०८१।१०।१८ | ९६ |
| १४ | छत्रकोट (बृहत् पम्पिङ) | ६०२ | ११४६८० | २०७९।१०।१६ | २०८१।०४।१६ | ८६ |
| १४ | चुलीमालिका (बृहत् पम्पिङ) | १४७८ | १३७१३१ | २०७७।१०।०७ | २०८१।११।१५ | ७५ |
| १५ | धौलिगाड(बृहत्पम्पिङ)प्याकेज १ | २२१५० | ९१४८६० | २०७८।१२।०४ | २०८१।१२।०४ | ४५ |
| १६ | सरूकोट बृहत् | १०३० | २४१२९६ | २०७७।१०।०७ | २०८१।१२।०३ | ९५ |
| १७ | शारदा नगरपालिका | ६१४८ | ११४५३९ | २०७८।०३।१८ | २०८०।०३।१७ | ८० |
| १८ | माथिल्लोडुङ्गेश्वर लोहोरेखोलावैक दुल्लु लिफ्टिङ | १९८३ | १९१९३० | २०७८।०४।१५ | २०८०।१०।०१ | ८५ |

उपर्युक्त तालिका अनुसार हलेसी क्षेत्र वृहत् पम्पिङ खानेपानी आयोजनाको पहिलो प्याकेज निर्माणको लागि २०७४।३।२१ मा खरिद सम्झौता भएकोमा २०८१ माघमा गरिएको स्थलगत अनुगमनसम्म सम्पन्न भएको पाइएन । लान्द्रुक अन्नपूर्ण वृहत् खानेपानी आयोजना र चुलीमालिका बृहत् पम्पिङ खानेपानी आयोजना २०७७।३।२६ र २०७७।११।७ मा खरिद सम्झौता भएकोमा क्रमशः ६३ प्रतिशत र ७५ प्रतिशतमात्र प्रगति देखिएको छ। कतिपय आयोजना निर्माण सुरु भएको ६ वर्ष व्यतीत भइसक्दा समेत निर्माण सम्पन्न नभएको अवस्था छ। सुख्खा क्षेत्र खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशिका, २०७१ को बुँदा नं. ४ मा प्रति व्यक्ति प्रति दिन न्यूनतम ३० लिटर पानी उपलब्ध गर्ने गरी १५ वर्षको लागि डिजाइन हुने र बुँदा नं. ७ मा आयोजना सम्पन्न भए पश्चात् १ वर्षसम्म निर्माण व्यवसायीबाट नै पानी सञ्चालन गर्ने र त्यसपछि उपभोक्तालाई हस्तान्तरण गरिने उल्लेख भएकोमा निर्माण सम्झौता भएको ५ देखी ७ वर्ष पछिमात्र पानी सञ्चालन भएको देखिन्छ। आयोजना डिजाइनको ३३देखि ४७ प्रतिशत अवधि निर्माणमा लागेको देखियो। निर्धारित समयभित्र निर्माण सम्पन्न गरी पानी सञ्चालन गर्नुपर्दछ।

१८. **विनियोजन तथा खर्च** – निर्माण चरणमा रहेका ६ आयोजनाको विनियोजन तथा खर्च सम्बन्धी अवस्था देहाय अनुसार छः

| खानेपानी आयोजना | सम्झौता रकम (रू.हजार) | सम्झौता मिति | बजेट (रू.हजारमा) | | | खर्च (रू.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८।७९ | २०७९।८० | २०८०।८१ | २०७८।७९ | २०७९।८० | २०८०।८१ |
| १. इन्द्रावति गा.पा., सिन्धुपाल्चोक | २६५८०० | २०७७।८।१७ | ९०००० | ४६८०० | २४००० | ८४९०० | ४२३०० | २२७०० |
| २. नाडेडाँडा वृहत्, सिन्धुली | ३६०९०० | २०७९।३।९ | ३१८०० | १३२०० | १२०००० | २७९०० | १२९०० | ११०५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. सुभाङ वृहत् इलाम | ६७०८०० | २०७८।३।२४ | ९५००० | ११४६०० | ९९७०० | ९५००० | ११४६०० | ९९६०० |
| ४. चमेलिया दार्चुला | १४१७०० | २०७८।३।१४ | ५०००० | ६५५०० | २९९०० | ४६३०० | ४५७०० | २९९०० |
| ५. स्वर्गद्वारी वृहत् पम्पिङ प्यूठान | ३३६५०० | २०७९।३।२४ | ३११०० | २३२५०० | ३०००० | २८५०० | २३२३०० | ५४०० |
| ६. लेखनाथ कास्की | १९८७०० | २०७८।१२।२९ | ४०००० | ५८६०० | ८१२०० | ३९८०० | ५८५०० | ७५२०० |

उपर्युक्त तालिका अनुसार सुभाङ वृहत् खानेपानी आयोजना इलाम निर्माणका लागि रू.६७ करोड ८ लाखको खरिद सम्झौता भएकोमा पछिल्लो ३ वर्षमा रू.३० करोड ९३ लाख बजेट विनियोजना भई रू.३० करोड ९२ लाख र नाङेडाडा वृहत् खानेपानी आयोजना सिन्धुली निर्माणका लागि रू.३६ करोड ९ लाखमा खरिद सम्झौता भएकोमा पछिल्लो ३ वर्षमा रू.१६ करोड ५० लाख बजेट विनियोजन भई रू.१५ करोड १३ लाख खर्च भएको छ। वार्षिक बजेट विनियोजन न्यून भएकोमा सो अनुरुप खर्च समेत गर्न नसक्दा तोकिएको समयमा निर्माण सम्पन्न नभएको देखिन्छ । आवश्यक बजेट विनियोजन गर्नुका साथै कार्यतालिका अनुरुप खर्च गरी समयमा नै आयोजना सम्पन्न गर्नुपर्दछ।

१९. **आयोजना सञ्चालन अवस्था –** आयोजना निर्माण कार्य सम्पन्न भई सञ्चालनमा रहेका आयोजनाहरुको सञ्चालन अवस्था र आय- व्ययको विवरण माग गरेकोमा आयोजना व्यवस्थापन कार्यालयबाट प्राप्त विवरण देहाय अनुसार रहेको छः

| खानेपानी आयोजना | सम्पन्न लागत (रू हजार) | सम्पन्न मिति | पानी सञ्चालन भएको घर धुरी सं. | मासिक सञ्चालन लागत रू. हजारमा | मासिक शुल्क असुली रू. हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|
| १.तानसेन-कालिगण्डकी वृहत् पम्पिङ | ५७१९१ | २०८१।१।१५ | ४५४८ | ४५० | ३०० | - |
| २.यासोक बृहत् पम्पिङ | ५१०८१२ | २०८०।२।१९ | १४५८ | ११५० | ८५० | - |
| ३.छत्रकोट बृहत् पम्पिङ | ११६८९९ | २०८१।४।१६ | ८५० | १८० | | Operation & maintenance चरणमा रहेको |
| ४.तिमाल प्याकेज १ | १४२८३१ | २०७७।६।२ | ४५०० | १३०० | ५०० | कुल ९३८४ घरधुरीमा पानी सञ्चालन गर्नुपर्नेमा ४५०० मा भएको। २०८१ असोजको बढीले क्षतिगरी हाल बन्द रहेको । |
| ५.आङ्वामौवा | ४२७२४६ | २०८१।२।३० | १४१० | १३६५ | | मासिक प्रति परिवार रू.२५० महशुल उठाउने निर्णय भएको। |
| ६.दरौंदी- गोर्खा बृहत् | ४५१९१७ | | ३२०० | | | सम्पन्न भई खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण हुने प्रकृयामा रहेको । |

उपरोक्त तालिकामा उल्लेखित विवरण अनुसार सञ्चालन चरणमा रहेका सबै आयोजना सञ्चालन नोक्सानमा रहेको देखियो। माथि उल्लेख भएको सञ्चालन लागतमा आयोजनाको नियमित तथा आकस्मिक मर्मतको रकम बाहेकको रहेकोसमेत कार्यालयले जनाएको छ। लिफ्टिङ खानेपनी आयोजनाहरुमा विद्युतको खपत बढी हुने साथै पम्प अपरेटर लगायत दक्ष प्राविधक जनशक्तिको आवश्यकता पर्ने र पम्प मोटर बिग्रेमा मर्मत लागतसमेत बढी पर्ने भएकोले आयोजनाको नियमित तथा दिगो सञ्चालनको लागि उपभोक्ता समितिले लाभग्राहीबाट असुल गरेको शुल्कबाट मात्र हुने देखिएन । आयोजनाको दिगो सञ्चालनको लागि श्रोत र साधनको व्यवस्था हुनु पर्दछ।

२०. **आयोजना व्यवस्थापन अभिलेख –** जलवायु अनुकूलित वृहत् खानेपानी आयोजना व्यवस्थापन कार्यालयले उपलब्ध गराएको विवरण अनुसार समन्वय कार्यालयमा रा.प.प्रथम श्रेणीको १ कार्यालय प्रमुख समेत २९ दरबन्दी स्वीकृत रहेको र २८ जना कार्यरत रहेपनि जलवायु अनुकूलित वृहत् खानेपानी आयोजना अन्तर्गत निर्माण तथा सञ्चालन चरणमा रहेका आयोजनाहरुको शुरु छनौट प्रकृया तथा स्वीकृतिको अभिलेख, लागत अनुमान, निर्माण सम्झौता अनुसारको कार्य प्रगति अभिलेख, निर्माण सम्पन्न भई उपभोक्तालाई हस्तान्तरण भएका आयोजनहरुको सञ्चालन स्थिति, मर्मत सम्भार कोषमा रहेको रकम र खर्चको स्थिति सम्बन्धी विवरण लगायतका अभिलेख रहेको देखिएन। उपर्युक्त निर्देशिका बमोजिम आयोजना व्यवस्थापन सम्बन्धी अभिलेख व्यवस्थित गर्नुपर्दछ।

२१. **निर्माण सम्पन्न आयोजना –** निर्माण सम्पन्न भई पानी सञ्चालन भएका केही आयोजनाहरुको स्थलगत अनुगमन गरिएकोमा देखिएका बेहोरा निम्नानुसार छन्:

२१.१. गाँउपालिका, काभ्रेपलान्चोकको ९ वटै वडा, नमोबुद्ध नगरपालिकाको ३,४ र ५ नम्बर वडा र रोशी गाँउपालिकाको ७ नम्बर वडाको १ बस्ती समेत ९ हजार ३७४ घरधुरीलाई खानेपानी वितरण गर्ने तिमाल वृहत् (सुख्खा क्षेत्र) खानेपानी तथा सरसफाइ आयोजना स्थलमा २०८१ असोज १२ र १३ मा आएको बाढी तथा पहिरोले फिल्टरिङ युनिट, २०० के.भी.ट्रान्सफार्मर, विद्युत पोल र फिल्टरिङ युनिटदेखि दोस्रो ट्याङ्की सम्मको मुख्य पाइपलाइन पूर्ण रुपले क्षति भएको देखिन्छ । सात चरणमा लिफ्ट गरी पानी वितरण गर्न करिब रू.१ अर्ब (दुवै प्याकेज) भन्दा बढी लागतमा निर्माण भएको आयोजनाको संरचनामा बाढीले गरेको क्षतिको पुनःनिर्माण तथा मर्मत सम्भार भएको छैन। पानी सञ्चालन भइसकेको यस आयोजनामा दैनिक ८देखि ९ घण्टा पम्प सञ्चालन गर्दा मासिक रू.७ लाखसम्म विद्युत महशुल उठ्ने गरेको र सो शुल्कबाट विद्युत महशुल तिर्न कठिनाइ हुने स्थलगत रुपमा अवलोकनका क्रममा गरिएको छलफलबाट सूचना प्राप्त भएको छ।


*बाढीबाट क्षतिभएको पहिलो ट्याङ्की र फिल्टरिङ युनिट*


*मेन पाइपलाइनमा बाढीबाट भएको क्षति*

२१.२. खाँडादेवी गाँउपालिका, रामेछापको ४ र ५ नम्बर वडाको ९०३ घरधुरीलाई खानेपानी वितरण गर्ने क्षेत्र रहेको पकरबास भिरपानी सामुदायिक पम्पिङ खानेपानी उपभोक्ता तथा सरसफाइ समिति (स्कीम १) को एक सम्पवेलबाट एक चरण लिफ्टगरी २०० घरधुरीलाई र दोस्रो सम्पवेलबाट पाँच चरण लिफ्टगरी ५५० घरधुरीलाई पानी वितरण भइरहेको देखियो। समिति अन्तर्गत कार्यरत २४ जना कर्मचारीहरुको मासिक तलब रू.१ लाख २५ हजार- भुक्तानी गर्नुपर्ने, पालिकाले पटके रुपमा निर्णय गरी यस वर्ष रू. ७ लाख निकासा दिएकोले विद्युत महशुल सबै भुक्तानी गरेको र हालसम्म विद्युत महशुल बक्यौता नरहे पनि हाल १ वटा पम्प बिग्रेको तर मर्मत गर्ने रकम समितिसँग नभएकोले मर्मत हुन नसकेको स्थलगत रुपमा अवलोकनका क्रममा गरिएको छलफलबाट सूचना प्राप्त भएको छ।



*पानी सञ्चालन भएको दोस्रो सम्पवेल*



*एक स्टेज लिफ्ट भएको पहिलो सम्पवेल*

२१.३. खाँडादेवी गाँउपालिका, रामेछापको ३, ५ र ६ नम्बर वडाको ९६१ घरधुरीलाई खानेपानी वितरण गर्ने पकरबास भिरपानी सामुदायिक पम्पिङ खानेपानी (स्कीम २) आयोजना स्थलमा २०८१ असोज १२ र १३ मा आएको बाढी तथा पहिरोले २ मध्ये १ सम्पवेल र गार्ड हाउस लगायतका संरचना बाढीपहिरोले क्षति भई ७५ घरधुरीमा पानी आपूर्ति पूर्णरुपमा बन्द रहेको छ तथा दोस्रो सम्पवेलमा समेत बाढीले क्षति गरेकोमा मर्मतगरी सञ्चालन अवस्थामा रहेको र सोबाट ५५० घरधुरीलाई पानी वितरण भइरहेको देखियो । स्वचालित प्रविधि मार्फत पानी खोल्न तथा बन्द गर्नको लागि १ जना प्राविधिक कर्मचारी मासिक रू. ७५ हजार भुक्तानी गर्ने गरी राखेकोमा निजको तलब नियमित रुपमा भुक्तानी दिन नसकेको, स्वचालित प्रविधिको लागि जडान गरेको सफ्टवेयरको रू. ५ लाख समेत भुक्तानी दिन बाँकी रहेको साथै मासिक रुपमा विद्युत महशुल रू. ७ लाख ५० हजार भुक्तानी गर्नु परेको तर उपभोक्ताबाट मासिक रू.३ लाख ५० हजार मात्र शुल्क असुल हुने गरेको, गत वर्ष गाँउपालिकाले रू.४० लाख निकासा दिएकोले विद्युत महशुल भुक्तानी गरेको र यस वर्षसम्म रू.१६ लाख विद्युत महशुल भुक्तानी गर्न बाँकी रहेको स्थलगत रुपमा अवलोकनका क्रममा गरिएको छलफलबाट सूचना प्राप्त भएको छ।



*पहिलो सम्पवेल बढीले पुरेको स्थान*



*बाढीले क्षतिगरेको दोस्रो सम्पवेल मर्मत गरी सञ्चालनमा रहेको*

२१.४. हलेसी तुवाचुङ नगरपालिका, खोटाङको सबै वडाको १ हजार ८०० घरधुरीलाई खानेपानी वितरण गर्ने हलेसी क्षेत्र खोटाङ (वृहत् पम्पिङ) खानेपानी योजना प्याकेज १ को सम्पवेलबाट पहिलो ट्याङ्कीसम्मको मेन पाइपलाइन बाढीबाट क्षतिभई ढुडी खोला र महादेव खोलाक्षेत्रको करिब ३ कि.मी. पाइपलाइन

खोलाको किनारमा खुल्ला रुपमा रहेको देखियो । हाल देखिएको खोला विपरीत तर्फको पहाडको भित्ता तर्फ रहेको र पाइप लाइन सुरक्षित स्थानबाटै जडान गरेकोमा २०८१ साल असोजमा आएको बाढीले खोलाको पाइप लाइन तर्फको भाग खोलेकोले केही स्थानमा क्षति गरेको निर्माण व्यवसायीको प्रतिनिधिले जानकारी गराएकोमा उक्त पाइपलाइन खोलाको सतहभन्दा केही माथिबाट लानुपर्ने सुझाव दिएपनि निर्माण व्यवसायी तथा कार्यालयले खोला किनारको सतहबाट विछ्याएको उपभोक्ता समितिका प्रतिनिधिको भनाइ रहेको छ।





*बाढीबाट पूर्णक्षति भएको पाइप वाइल्डिङ गरिएको* *खोलाको सतहबाट विछ्याइएको पाइपलाइन*

क्षतिग्रस्त आयोजना मर्मतको प्रबन्ध गरी दिगो सञ्चालनका लागि स्वामित्व र विद्युत महशुल भुक्तानीको दिगो व्यवस्थापन गर्नुपर्दछ।

# परिच्छेद - ४
# निष्कर्ष तथा सुझाव

राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति, २०८० ले संविधानले व्यवस्था गरेबमोजिम सबै नागरिकको स्वच्छ खानेपानीमा पहुँच र स्वच्छ वातावरणमा बाच्न पाउने मौलिक अधिकार सुनिश्चित गर्नका लागि संघ, प्रदेश र स्थानीय तहबिच आपसी समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तका आधारमा कार्यक्षेत्रको बाँडफाँट गरी खानेपानी, सरसफाइ र स्वच्छताको विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने उल्लेख गरेको र दिगो विकासको क्षेत्रगत लक्ष्य हासिल गर्दै वि.सं. २१००सम्म सबैलाई सुरक्षित खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने लक्ष्य लिएको छ। नेपाल सरकारले आर्थिक वर्ष २०६८/६९ को बजेट वक्तव्यको बुँदा नं.३०५ मा रामेछापको सुख्खाग्रस्त क्षेत्र, सिन्धुपाल्चोकको बाह्रविसे, पाँचथरको यासोक क्षेत्र र काभ्रेपलाञ्चोकको तिमाल क्षेत्र जस्ता अत्यन्त सुख्खाग्रस्त क्षेत्रका जनतालाई खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउन प्राथमिकताका साथ विशेष आयोजना कार्यान्वयन गर्ने घोषणा गरेको थियो। उक्त परिकल्पना साकार पार्न नेपालको सुख्खा क्षेत्र अन्तर्गत पर्ने जिल्लाहरूका अति विकट भौगोलिक बनावट भएका स्थानहरुमा छरिएर रहेका समुदाय/बस्तीहरुलाई सर्वसुलभ तरिकाले मध्यम वा उच्च स्तरको खानेपानी सेवा पुऱ्याउने उद्देश्यले जलवायु परिवर्तनले समेत पानीको परिमाणमा असर नपर्ने स्रोतहरुलाई उपयोग गरी दिगो रूपमा खानेपानी व्यवस्थापन गर्दै जनताको खानेपानी तथा सरसफाइमा पहुँचको संवैधानिक हक सुनिश्चित गर्न मल्टिस्टेज (बहुचरण) बृहत् खानेपानी आयोजनाहरू सञ्चालन भइरहेका छन् ।

सरकारले विशेष आयोजनाको रुपमा छुट्टै बजेट विनियोजन गरी जलवायु अनुकूलित वृहत् खानेपानी आयोजान सञ्चालन गरी स्थानीय तह र जिल्ला समन्वय समितिको सहमतिमा उपभोक्ताको मागमा आधारित आयोजना छनौट, आयोजनाको निर्माण कार्य सुरु गर्नुभन्दा पहिले उपभोक्ताहरुको प्रतिवद्धता स्वरुप लागतको १ प्रतिशत रकम उपभोक्ताबाट अग्रिम रुपमा उठाई मर्मत कोषको स्थापना, खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको ज्ञान, क्षमता, सीप र दक्षता अभिवृद्धि गरी दिगो तथा आत्मनिर्भर खानेपानी सेवा सञ्चालनमा सहयोग, आयोजनाको निर्माण सम्पन्न भएपछि एक वर्षसम्म उपभोक्ता समितिका कर्मचारीलाई दक्ष प्राविधिकको रेखदेखमा काम गराई आयोजना हस्तान्तरण गरेकोले आयोजना तोकिए बमोजिम सञ्चालन भई विकट सुख्खा क्षेत्रका जनताले स्वच्छ खानेपानी उपभोग गर्न पाएको र उक्त क्षेत्रको बसाइँ सराइ दरमा समेत कमी आएको उल्लेख गरेपनि २०७४ सालमा निर्माण सम्झौता भएका आयोजना हालसम्म पनि सम्पन्न नभएको, निर्माण सम्पन्न भएका तीन आयोजनाको स्थलगत अनुगमन गर्दा विविध कारणले नियमित र पूर्ण क्षमतामा आयोजना सञ्चालन नभएको, विद्युत महसुल भुक्तानी नियमित र समयमा गर्न नसकि वक्यौता रहेको लगायत समस्या रहेको देखियो ।

लिफ्टिङ खानेपानी आयोजनाको सञ्चालन, मर्मत र व्यवस्थापन कार्य खर्चिलो हुने हुँदा उपभोक्ता समितिले खर्च धान्न कठिन हुने, ग्रामिण भू-भागमा सञ्चालित लिफ्टिङ खानेपानी आयोजनामा उपभोक्ताबाट तोकिएको महशुल नउठ्नु वा महसुल कम उठ्नु, आयोजना सञ्चालनका लागि पम्प अपरेटर लगायतका दक्ष जनशक्तिको अभाव हुनु, पम्प मोटर र अन्य यान्त्रिक उपकरणको मर्मत खर्चिलो हुने भएकोले खानेपानीको निरन्तर आपूर्तिमा समस्या हुने गरेको, विद्युतको प्रसारणमा लो भोल्टेजको समस्या भई पम्प सञ्चालनमा कठिनाइ भइरहेको, बाढीपहिरोले खानेपानीका मुख्य संरचनाहरु जस्तैः इन्टेक, सम्पवेल, मुख्य पाइपलाइन लगायतमा क्षति भई पानी सञ्चालनमा समस्या, हस्तान्तरण भइसकेका आयोजनामा मर्मत

सम्भार कोषमा पर्याप्त रकम नहुँदा क्षति भएका आयोजनाहरुको पुनःनिर्माणमा ढिलाइ हुनु लगायतका समस्या देखिएकोले लिफ्टिङङ्ग खानेपानी आयोजनाको दिगो सञ्चालन चुनौतीपूर्ण देखिएको छ।

राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीतिले लिएको लक्ष्य पूरा गर्न निर्माण चरणमा रहेको आयोजना तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न तथा सञ्चालन चरणमा रहेका आयोजनाको दिगो र प्रभावकारी सञ्चालन गर्न देहायका सुझाव प्रस्तुत गरिएको छः

- नयाँ आयोजना तर्जुमा र सम्झौता गर्नुपूर्व निर्माण चरणमा रहेका आयोजनाहरु समयमा सम्पन्न नहुनाको कारणको तथ्यपरक विश्लेषण गरी लिफ्टिङ खानेपानी आयोजनाहरुको दिगो सञ्चालनको लागि आयोजनामा प्रयोग हुने विद्युतमा छुट/ सहुलियत दिने नीतिगत तथा कानुनी व्यवस्था गर्नुपर्दछ।
- विद्युत प्रसारणमा कम भोल्टेज र भोल्टेजमा अनियमित उतारचढावका कारण पम्प लगायतको उपकरण विग्रने समस्या रहेकोले नियमित र तोकिए बमोजिमको भोल्टेजको प्रसारण हुने व्यवस्था गरिनु पर्दछ।
- उपभोक्ता समितिका प्राविधिक जनशक्तिलाई नियमित रुपमा तालिम दिने व्यवस्था गरी क्षमता विकास गर्नुपर्दछ।
- सम्पवेल, इन्टेक, पानी प्रशोधन युनिट, पम्पहाउस लगायतका मुख्य संरचनाहरुको निर्माण प्राकृतिक प्रकोपको असर कम पर्ने तथा सुरक्षित स्थानमा गर्नुपर्दछ।
- लिफ्टिङ खानेपानी आयोजनाहरुको सञ्चालन महँगो र प्राविधिक रुपमा जटिल हुने भएकोले दिगो सञ्चालनको लागि उपभोक्ताका साथै तीनै तहको सरकारको संयुक्त स्वामित्वमा सञ्चालन गर्ने नीतिगत तथा कानुनी व्यवस्था गर्नुपर्दछ।
- नगर क्षेत्रमा सञ्चालन हुने साना तथा मझौला खालका आयोजनाहरु एकीकृत गरी सेवा क्षेत्र विस्तार हुने गरी वृहत् आकारको उपभोक्ता समिति गठनलाई प्राथमिकता दिनुपर्दछ।
- निर्माण चरणमा रहेका आयोजनाहरुको समयमा निर्माण सम्पन्न गर्न तथा सञ्चालन चरणमा रहेका आयोजनाहरुको दिगो तथा नियमित सञ्चालनको सुनिश्चितताको लागि तालुक निकायबाट नियमित अनुगमन गरिनुपर्दछ।

तसर्थ अपेक्षित प्रतिफल प्राप्तिका लागि आयोजनाको छनौट, कार्यान्वयन, जन सहभागिता, लागत साझेदारी साथै अनुगमन तथा मूल्याङ्कन समेत नतिजाउन्मुख बनाइनुपर्दछ। यस्ता व्यवस्थालाई व्यवहारमा अनुभूति हुने गरी कार्यान्वयन गर्न उचित स्रोतसाधन सहित समयबद्ध कार्ययोजना र स्पष्ट कार्यसम्पादन सूचकको विकास गरी अनिवार्य पालना गर्नुपर्छ।

# हुलाकी राजमार्ग निर्माण अवस्था
# परिच्छेद -१
# परिचय

१. **पृष्ठभूमि** - तराईका बस्तीलाई सडक सञ्जालसँग जोड्ने उद्देश्यका साथ नेपाल सरकारले भारत सरकारको सहयोगमा हुलाकी राजमार्ग निर्माण कार्य प्रारम्भ गरेको देखिन्छ। सन् २००२ मा हुलाकी राजमार्ग निर्माणका लागि भारत सरकारले सहयोग गर्ने सैद्धान्तिक सहमति दिएको थियो। बृहत् पूर्वाधार निर्माण मार्फत आर्थिक-सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन र तराई-मधेशमा निर्वाध आवागमन र सामाजिक आर्थिक गतिविधिमा विस्तार गर्न नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णयानुसार २०६८।६९ मा यस आयोजनालाई नेपाल सरकारद्वारा राष्ट्रिय गौरवको आयोजनाको रूपमा कार्यान्वयनमा ल्याईएको छ। राणाकालीन समयदेखि नै सरकारी चिठ्ठीपत्र एवं कागजात ओसारपसार गर्ने प्रयोजनका लागि तराई-मधेशको पूर्वमा झापाको केचनारदेखि पश्चिममा कञ्चनपुरको दैजीसम्म प्रयोगमा आएको सडकलाई राजमार्गको रुपमा विकास गर्ने परिकल्पना बमोजिम यो आयोजना कार्यान्वयनमा आएको हो। यस आयोजनाको मुख्य उद्देश्य तराई- मधेशका जिल्ला सदरमुकाम र घना बस्तीलाई जोड्दै यातायातको सहज पहुँच विस्तार गरी पिछडिएका बस्तीहरूलाई यातायात सुविधासँग जोड्दै व्यापार, कृषि, पर्यटन तथा आर्थिक विकासको प्रवर्धन मार्फत सम्रग राष्ट्रको समाजिक-आर्थिक समृद्धिमा योगदान पुऱ्याउने रहेको छ। साथै, यसले भारतसँगको व्यापारिक तथा सीमा नाकाहरूमा पहुँच सुधार गर्ने विश्वास गरिएको छ। यस आयोजनाको कार्यान्वयन हुने क्षेत्र तराई-मधेशका २१ जिल्ला तथा लाभान्वित जनसंख्या करिब ८० लाख रहेको छ।

यस सडकलाई २०६६।६७देखि नेपाल सरकारले राजमार्गको रूपमा विकास गर्न छुट्टै आयोजना स्थापना गरी अध्ययन, डिजाइन र निर्माणको काम गराउँदै आएको छ। हुलाकी राजमार्ग निर्देशनालय अन्तर्गत सम्पूर्ण सडक सञ्जालको कुल लम्बाइ १८५७.४२ किलोमिटरमध्ये पूर्व-पश्चिम तर्फको लम्बाइ ९७५ किलोमिटर एवं उत्तर-दक्षिण जोडने सहायक मार्ग (फिडर रोड) तर्फ  ८८२.४२ किलोमिटर रहेको छ। हुलाकी राजमार्गको प्रारम्भिक लागत अनुमान ४७ अर्ब २४ करोड (संशोधित लागत ६५ अर्ब २४ करोड)  रहेकोमा पुनः २०८०।८१ मा आयोजनाको संशोधित लागत अनुमान रु. १ खर्ब १ अर्ब ६३ करोड पुगेको छ। यस आयोजनाको प्रारम्भिक अनुमान अनुसार कुल १६६३ किलोमिटर कालोपत्रे सडक र १२५ वटा पुल २०७७।७८सम्म सम्पन्न हुने लक्ष्य राखिए  तापनि  संशोधित विवरण अनुसार १८५७.४२ किलोमिटर कालोपत्रे सडक, ३०० वटा पुल २०८३।८४ सम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको देखिन्छ। २०८०।८१सम्म आयोजनाको भौतिक प्रगति ६६.९१ प्रतिशत तथा वित्तीय प्रगति ६३.८२ प्रतिशत रहेको छ। यस अन्तर्गत १२५९.६८ किलोमिटर कालोपत्रे सडक र १४२ वटा पुल/कल्भर्ट निर्माण सम्पन्न भएको तथा ३९४.७९ किलोमिटर सडक र ५५ वटा पुल/कल्भर्ट निर्माणधीन अवस्थामा रहेको छ। त्यस्तै २४७.५३ किलोमिटर कालोपत्रे सडक तथा १०३ पुल/कल्भर्टहरूको ठेक्का व्यवस्थापन गर्न बाँकी रहेको देखिन्छ।

२. **संगठनात्मक संरचना तथा जनशक्ति** - हुलाकी राजमार्ग पूर्वमा झापाको केचनादेखि सुरु भई पश्चिममा कन्चनपुरको दैजीसम्म रहेको छ। यस आयोजना अन्तर्गत आयोजना निर्देशनालय तथा कार्यान्वयनका लागि इटहरी, जनकपुर, वीरगंज, कपिलवस्तु, नेपालगञ्ज र धनगढीमा ६ योजना कार्यालयहरू रहेका

छन्। यसका अतिरिक्त माडी-भरतपुर खण्डको सडक निर्माण कार्य सडक डिभिजन भरतपुरद्वारा सञ्चालनमा रहेको छ।

आयोजना अन्तर्गत जनशक्ति व्यवस्थापनका लागि एक प्रथम श्रेणीको आयोजना निर्देशकको मातहतमा ३२ राजपत्राङ्कित (२५ प्राविधिक, ७ प्रशासनिक), ६३ राजपत्र अनंकित (४६ प्राविधिक, १७ प्रशासनिक) र २२ श्रेणी विहीन गरी ११८ कर्मचारीहरुको स्वीकृत दरबन्दी रहेको छ। यसका अतिरिक्त विभिन्न निर्माण कार्यहरूको आवश्यकता अनुसार सुपरभाईजर, ईन्जिनियर, सब-ईन्जिनियर, हलुका सवारी चालक, सहायक कर्मचारी र परामर्शदाताहरू नियुक्तहुने गरेका छन्।

३. **आयोजनाको कार्यक्षेत्र** - यस आयोजना अन्तर्गत तराई मधेशका २१ जिल्लाहरु झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी (पूर्वी-पश्चिम), रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका सडक तथा पुलहरुको स्तरोन्नति तथा निर्माणको कार्य सञ्चालनमा छ। यस हुलाकी राजमार्ग आयोजनाको कार्यक्षेत्र निम्नानुसार छनः

- हुलाकी राजमार्ग निर्माण तथा विस्तारका लागि रणनीति तथा कार्ययोजना तयार गर्ने,
- बजेट तथा वित्तीय व्यवस्थापनमा समन्वय र निर्माण कार्यको ठेक्का व्यवस्थापन गर्ने,
- वैदेशिक अनुदान तथा अन्य आर्थिक स्रोतको व्यवस्थापन तथा सहकार्य गर्ने,
- संघीय, प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने,
- निर्माण व्यवसायी तथा परामर्शदातासँग समन्वय गरी कामको गति र गुणस्तर सुधार गर्ने,
- बाढी तथा अन्य प्राकृतिक प्रकोपबाट सडकलाई जोगाउन आवश्यक पूर्वाधार निर्माण गर्ने,
- निर्माण भएका तथा निर्माणाधीन खण्डहरूको अनुगमन तथा निरीक्षण गर्ने,
- समयमै आयोजना सम्पन्न गर्न आवश्यक सुधार तथा नीति परिमार्जन गर्ने।




| सि.नं. | योजना कार्याल | कार्यक्षेत्र | किलोमिटर |
|---|---|---|---|
| १. | इटहरी | झापा, मोरङ, सुनसरी र सप्तरी | ३८५.१६ |
| २. | जनकपुर | सिरहा, धनुषा, महोत्तरी र सर्लाही | ४३७.७५ |
| ३. | वीरगंज | रौतहट, बारा, पर्सा र चितवन | २२७.३१ |
| ४. | कपिलवस्तु | (पूर्व-पश्चिम) नवलपरासी, रुपन्देही र कपिलवस्तु | २३८ |
| ५. | नेपालगञ्ज | दाङ्ग, बाँके र बर्दिया | ३४५.५० |
| ६. | धनगढी | कैलाली र कञ्चनपुर | १८७.७ |
| ७. | भरतपुर डि.सडक | चितवन | ३६ |
| जम्मा | | | १८५७.४२ |

## ४. नीतिगत तथा कानुनी व्यवस्था-

४.१. **नेपालको संविधान -** नेपालको संविधानको भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको धारा ५१(च)मा विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रुपमा भौतिक पूर्वाधारको विकास गर्ने उल्लेख छ। संविधानको अनुसूचीमा राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन सम्बन्धी अधिकार संघको हुने व्यवस्था छ।

४.२. **पञ्चवर्षीय योजना -** पन्ध्रौं योजनामा राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको हुलाकी राजमार्ग आयोजनाको लक्ष्य, उद्देश्य, असर तथा प्रभाव, प्रतिफल र मुख्य क्रियाकलाप देहायबमोजिम रहेको छ।

| | |
|---|---|
| **लक्ष्यः** | यातायातको सहज पँहुच विस्तार गर्दै सामाजिक तथा आर्थिक विकासमा योगदान पुऱ्याउने। |
| **उद्देश्यः** | पूर्वमा झापाको भद्रपुरबाट पश्चिममा कञ्चनपुरको दैजीसम्म तराई मधेशका जिल्ला सदरमुकाम र घना बस्तीलाई जोड्दै यातायातको सहज पँहुच विस्तार गरी यस क्षेत्रको सन्तुलित विकास गर्नु। |
| **असर तथा प्रभावः** | तराई मधेशका घना बस्ती तथा जिल्ला सदरमुकाममा सहज पँहुच पुगेको हुने, रोजगारी सिर्जना तथा आय आर्जन, कृषि, उद्योग तथा सेवा क्षेत्रको विकासमा सहयोग पुगेको हुने। साथै, वैदेशिक लगानी प्रवर्धन, गरिबी निवारण र प्रादेशिक सन्तुलनमा योगदान पुगेको हुने। |
| **प्रतिफलः** | १७९२ किलोमिटर दुई लेनको कालोपत्रे सडक र २१९ सडक पुल निर्माण भएको हुने। |
| **प्रमुख क्रियाकलापः** | ९७५ किलोमिटर पूर्व पश्चिम र ८१७ किलोमिटर सहायक राजमार्ग समेत १७९२ किलोमिटर दुई लेनको कालोपत्रे सडक निर्माण गर्ने, २१९ सडक पुल निर्माण गर्ने। |

सोह्रौं पञ्चवर्षीय योजनामा उल्लेखित पूर्वाधारहरुको विद्यमान अवस्था अनुसार राष्ट्रिय गौरव तथा रुपान्तरणकारी योजना अन्तर्गत हुलाकी राजमार्गको कुल १८५७ किलोमिटर मध्येको करिब ९० प्रतिशत कार्य सम्पन्न भएकोहुने उल्लेख छ।

४.३. **कानुनी तथा नीतिगत व्यवस्था -** राजमार्गको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि निम्न कानुनी तथा नीतिगत व्यवस्था गरिएको छ।

- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- सार्वजनिक सडक ऐन, २०३१
- राष्ट्रिय यातायात नीति, २०५८
- जग्गा प्राप्ति ऐन, २०३४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- आयकर ऐन, २०५८ र नियमावली, २०५९
- वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७
- वन ऐन, २०७६ र नियमावली, २०७९
- भूमि अधिग्रहण ऐन, २०४९
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- आवधिक तथा वार्षिक योजना।

४.४. **वार्षिक नीति तथा कार्यक्रम -** आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रममा, "अन्तर्राष्ट्रिय विकास सहायता परिचालनलाई राष्ट्रिय गौरवका, रणनीतिक, रूपान्तकारी र उच्च प्रतिफलयुक्त आयोजनाहरूको सञ्चालनमा केन्द्रित गरिने सार्वजनिक ऋणको अधिकतम प्रतिफल प्राप्त हुने गरी उपयोग गर्न ऋणको आयोजनागत विनियोजन गरिने र वैदेशिक लगानी आकर्षणका लागि ग्रिन बन्ड, पूर्वाधार

बन्ड एवं अन्तर्राष्ट्रिय समुदायबाट प्राप्तहुने सहुलियतपूर्ण ऋण परिचालन गरिने तथा निर्माणधीन राष्ट्रिय राजमार्ग र रणनीतिक सडकहरू पाँच वर्षभित्रै सम्पन्न गरिने"उल्लेख गरिएको छ।

**४.५. बजेट वक्तव्य -** आर्थिक वर्ष २०७८।७९देखि २०८०।८१सम्म हुलाकी राजमार्ग आयोजनासँग सम्बन्धित बजेटमा भएको व्यवस्था देहायबमोजिम छन्।

**आ.व. २०८०/८१:** बुँदा नं. २९३ मा हुलाकी राजमार्ग अन्तर्गत तराई मधेशका विभिन्न जिल्लाका आठ खण्डको सडक निर्माण तथा स्तरोन्नति गर्ने।

**आ.व.२०७९/८०:** बुँदा नं. २१९ मा निर्माणधीन हुलाकी राजमार्गको ३०० किलोमिटर कालोपत्रे र २४ वटा पुलको निर्माण कार्य सम्पन्न गर्नुका साथै थप ६७ वटा पुलको निर्माण कार्य शुरु गरिने।

**आ.व. ०७८/७९:** बुँदा नं. २७७ मा हुलाकी राजमार्गको निर्माण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिने। रतुवा, विरिङ्ग, कन्काई, कमला, वागमती, बलान, डन्डा र कान्द्रा नदीमा पुल निर्माण सम्पन्न गरिने। चितवन र मकवानपुर जिल्लाका राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने खण्डको पुन: रेखाङ्कन गरी निर्माण सम्पन्न गरिने।

**५. संस्थागत व्यवस्था -** हुलाकी राजमार्ग निर्माण, सञ्चालन र व्यवस्थापनमा निम्नानुसार निकाय/संस्थाको व्यवस्था छ।

| निकाय/संस्था | काम/कर्तव्य |
|---|---|
| राष्ट्रिय योजना आयोगः | • राष्ट्रिय गौरवका आयोजनाको योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन। |
| भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | • स्थलमार्ग, जलमार्ग तथा रेल्वे निर्माण र विकाससँग सम्बन्धित नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,<br>• सडक (घोडेटो बाहेक) र पुल (झोलुङ्गे पुल बाहेक) निर्माण, मर्मत संभार र संरक्षण,<br>• स्थलमार्ग र जलमार्गहरूको निर्माणसम्बन्धी कार्यहरूको व्यवस्थापन,<br>• मन्त्रालय भौतिक योजना क्षेत्रका अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघसंस्थाहरूसँग सम्पर्क र सहयोग गर्ने। |
| सडक विभाग | • दिगो, सुरक्षित, सुविधायुक्त, र आत्मनिर्भर यातायात प्रणालीको विकास,<br>• सडक सम्पर्क विस्तार, सडक यातायातलाई भरपर्दो र कम खर्चिलो बनाउन आवश्यक योजनाहरू तयार गरी निर्माण र सम्भार कार्यहरूको प्रभावकारी व्यवस्थापन,<br>• सडक संजालको सन्तुलित विकास र उचित मर्मत-सम्भारद्वारा सहज सवारी आवागमन व्यवस्था। |
| हुलाकी राजमार्ग आयोजना, निर्देशनालय | • हुलाकी राजमार्ग निर्माण तथा विस्तारका लागि रणनीति तथा कार्ययोजना तयार गर्ने,<br>• बजेट तथा वित्तीय व्यवस्थापनमा समन्वय गर्ने,<br>• निर्माण कार्यको ठेक्का व्यवस्थापन तथा खरिद गर्ने,<br>• वैदेशिक अनुदान तथा अन्य आर्थिक स्रोतको व्यवस्थापन तथा सहकार्य गर्ने,<br>• अन्तर निकाय समन्वय गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने । |
| हुलाकी राजमार्ग योजना कार्यालय | • निर्माण कार्यको सञ्चालन, अनुगमन तथा मूल्याङ्कन गर्ने, |

| | |
|---|---|
| | • निर्माण व्यवसायी तथा परामर्शदातासँग समन्वय गरी कामको गति र गुणस्तर सुधार गर्ने,<br>• बाढी तथा अन्य प्राकृतिक प्रकोपबाट सडकलाई जोगाउन आवश्यक पूर्वाधार निर्माण गर्ने,<br>• निर्माण भएका तथा निर्माणाधीन खण्डहरूको निरीक्षण तथा अनुगमन गर्ने,<br>• समयमै आयोजना सम्पन्न गर्न निर्देशनालयलाई आवश्यक सुझाव दिने,<br>• सम्पन्न आयोजना हस्तान्तरण गर्दै जाने। |

# परिच्छेद -२
# लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

६. **लेखापरीक्षणको उद्देश्य**- निर्देशनालय तथा योजना कार्यालयबाट सञ्चालित कार्यक्रमको व्यवस्थापन, स्रोत र साधनको परिचालन, पुल तथा सडक निर्माणमा योजना छनौट, कार्यान्वयन तथा भौतिक प्रगति स्थिति सम्बन्धमा मितव्ययिता र कार्यदक्षताको अध्ययन तथा विश्लेषण गरी देखिएका बेहोराहरू सुधार गर्नका लागि उपयुक्त सुझाव सहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ।

७. **लेखापरीक्षणको क्षेत्र**- हुलाकी राजमार्ग निर्देशनालय र यस निर्देशनालय अन्तर्गतका योजना कार्यालयहरु (इटहरी, जनकपुर, वीरगञ्ज, कपिलवस्तु, नेपालगञ्ज र धनगढी) तथा सो आयोजनाको कार्यक्षेत्र समेतलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकता अनुसार अन्य सम्बन्धित निकायबाट समेत आवश्यक सूचना एवं जानकारी सङ्कलन गरिएको छ। समयावधिको सन्दर्भमा पन्ध्रौं र सोह्रौं योजनामा राष्ट्रिय गौरवको आयोजनामा समावेश भएदेखि हालसम्मका क्रियाकलापहरु समावेश गरिएको छ।

८. **लेखापरीक्षण पद्धति**- उल्लिखित उद्देश्यहरु प्राप्त गर्नका लागि प्रक्रियामूलक एवं नतिजामूलक पद्धतिको अवलम्बन गरी सडक तथा पुलहरु निर्माण सम्बन्धमा गरिएको नीतिगत तथा कानुनी व्यवस्था, कार्य सञ्चालन प्रक्रिया, वार्षिक प्रगति प्रतिवेदन परीक्षण गर्ने तथा योजना कार्यालयबाट आवश्यक तथ्याङ्क, सूचना एवं जानकारी सङ्कलन गरिनुका साथै अभिलेख तथा कागजातको परीक्षण र विश्लेषण गरिएको छ। योजना कार्यालयबाट सञ्चालित कार्यहरुको जोखिम निर्धारण विवरणको विश्लेषण गरी देखिएका जोखिम क्षेत्र एवं महत्वपूर्ण विषयहरुको थप पुष्ट्याइँ प्राप्त गर्न प्रश्नावली एवं विवरणबाट जानकारी लिएको, केही निर्माणस्थलहरुको स्थलगत भ्रमण गरी कामको अवलोकन समेत गरिएको र लेखापरीक्षणको क्रममा सम्बन्धित पदाधिकारीसँग छलफल समेत गरिएको छ। साथै नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, कार्यमूलक लेखापरीक्षण सिद्धान्त (ईसाई ३००), कार्यमूलक लेखापरीक्षण मानदण्ड (ईसाई ३०००), कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०८० बमोजिम लेखापरीक्षण सम्पन्न गरिएको छ।

९. **लेखापरीक्षणको सीमा**- लेखापरीक्षणका लागि उपलब्ध स्रोत, साधन र समयको सीमा, नियन्त्रण जोखिमको मात्रा तथा लागत लाभको दृष्टिकोणबाट सम्पूर्ण क्षेत्रलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिएको हुँदा लेखापरीक्षण योजना बमोजिम सारभूत विषयको छनौट गरी लेखापरीक्षण गरिएको छ। निकायहरूबाट प्राप्त सूचना, अभिलेख, विवरण, लेखापरीक्षण प्रश्नावली तथा तथ्याङ्क, वार्षिक प्रगति प्रतिवेदनका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ। प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्ति, लेखापरीक्षणको लागि उपलब्ध स्रोत साधन आदि यसका सीमा रहेका छन्।

# परिच्छेद -३
# लेखापरीक्षणबाट देखिएका बेहोरा

**सकारात्मक बेहोरा -** राष्ट्रिय तथा स्थानीय आवश्यकता अनुसार राष्ट्रिय गौरवको आयोजनाको रूपमा हुलाकी राजमार्ग आयोजना छनौट गरी कार्यान्वयनमा ल्याइएको छ। हुलाकी राजमार्ग आयोजना सञ्चालनबाट प्राप्त उपलब्धी र सकारात्मक प्रयासहरू देहाय अनुसार रहेका छन् :

- पूर्व-पश्चिम र उत्तर-दक्षिण गरी १२५९.६८ किलोमिटर सडक कालो पत्र भएको तथा १४२ पुल/कल्भर्टको निर्माण भई पूर्वाधार तथा स्थानीय यातायात सुविधा विस्तार भएको छ।
- तराईका सदरमुकामबिच सिधा सम्पर्क स्थापना भई व्यापार, कृषि, तथा औद्योगिक क्षेत्रको प्रवर्धन गर्दै स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउने तथा अन्तर्राष्ट्रिय व्यापारलाई सहज बनाउने कार्य भएको छ।
- पिछडिएका तराई क्षेत्रका जनतालाई स्वास्थ्य, शिक्षा तथा पर्यटनमा पहुँच वृद्धि गर्दै जीवनस्तरमा सकारात्मक परिवर्तन गर्न सहयोग पुऱ्याएको छ।
- सीमावर्ती क्षेत्रमा व्यापार तथा सांस्कृतिक सम्बन्ध मजबुत गर्ने महत्त्वपूर्ण परियोजनाका भूमिका निर्वाह गरेको छ।

हुलाकी राजमार्ग निर्माण तथा सञ्चालनबाट समाज र अर्थतन्त्रमा सकारात्मक प्रभाव परिरहेको भए पनि निर्माण कार्य सम्झौता अनुसारको कार्यतालिका बमोजिम शुरु नहुने, शुरु भएका कार्यक्रम समेत समयमै सम्पन्न नहुने, समय र लागतमा वृद्धिका कारण अपेक्षाकृत प्रतिफल हासिल गर्न ढिलाई हुनु, निर्माण कार्यको म्याद थप हुँदै जानु र तोकिएको समयमा निर्माण कार्य सम्पन्न नहुँदा प्रतिफल प्राप्त हुन र आयोजनाको बढ्दो लागत समेतलाई मध्यनजर गरी यो विषय कार्यमूलक लेखापरीक्षणका लागि छनौट भएको छ।

**सुधारका पक्षहरुः**

१०. **आयोजनाको समय र लागत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ। त्यसैगरी स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी र मातहतका जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। आयोजनाको २०६६।६७देखि २०८०।८१ सम्मको विनियोजित बजेट र खर्चको स्थिति देहाय बमोजिम छः

(रु. हजारमा)

| क्र.सं. | आर्थिक वर्ष | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | २०६६।०६७ | ९०,७५,५४ | ६८,८०,०० | ७५.८१ प्रतिशत |
| २. | २०६७।०६८ | १,१६,३५,३१ | १,०२,३९,७३ | ८८.०१ प्रतिशत |
| ३. | २०६८।०६९ | १,०५,१०,६५ | ९४,५४,७५ | ८९.९५ प्रतिशत |
| ४. | २०६९।०७० | १,५५,१३,३७ | १,३३,५५,०४ | ८६.०९ प्रतिशत |
| ५. | २०७०।०७१ | २,१३,३६,११ | १,३४,९१,८३ | ६३.२३ प्रतिशत |
| ६. | २०७१।०७२ | २,०५,६७,०० | ८७,६५,८७ | ४२.६२ प्रतिशत |
| ७. | २०७२।०७३ | ३,१७,००,०० | १,०५,६६,०५ | ३३.३३ प्रतिशत |
| ८. | २०७३।०७४ | ३,९३,९०,८४ | ३,५७,८४,७७ | ९०.८५ प्रतिशत |
| ९. | २०७४।०७५ | ७,०९,७५,०५ | ७,०५,८५,०२ | ९९.४५ प्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| १०. | २०७५।०७६ | १०,५७,०२,०० | ९,६२,३४,८८ | ९१.०४ प्रतिशत |
| ११. | २०७६।०७७ | ९,०९,७९,०० | ७,९२,६३,०० | ८७.१२ प्रतिशत |
| १२. | २०७७।०७८ | १०,६५,३५,८६ | १०,२०,१५,०९ | ९५.७६ प्रतिशत |
| १३. | २०७८।७९ | ७,८६,८३,९४ | ७,३१,८८,९९ | ९३.०२ प्रतिशत |
| १४. | २०७९।८० | ७,०६,८१,३२ | ६,९०,४९,८३ | ९७.६९ प्रतिशत |
| १५. | २०८०।८१ | ५,४०,३२,७२ | ५,३०,२२,६४ | ९८.१३ प्रतिशत |
| **जम्मा** | | **७३,७३,१८,७१** | **६५,१८,९७,४९** | **८८.४१ प्रतिशत** |

उपरोक्त तालिका अनुसार हुलाकी राजमार्ग आयोजनामा हालसम्म रू. ७३ अर्ब ७३ करोड बजेट विनियोजन भएकोमा रू. ६५ अर्ब १८ करोड खर्च भएको छ। आयोजना निर्देशनालयबाट प्राप्त विवरण अनुसार २०८०।८१ को बाँकी भुक्तानी रु. १ अर्ब ७७ करोड र बाँकी दायित्व १९ अर्ब १६ करोड रहेको छ। यस आयोजनाको प्रारम्भिक लागत अनुमान रू. ४७ अर्ब २४ करोड रहेकोमा पहिलो संशोधित लागत रू. ६५ अर्ब २४ करोड हुने अनुमान गरिएको थियो भने हाल आयोजनाको दोस्रो संशोधित लागत अनुमान रू.१ खर्ब १ अर्ब ९३ करोड रहेको छ। यसरी आयोजनाको प्रस्तावित संशोधित लागत शुरू लागत अनुमानको तुलनामा २१५.७७ प्रतिशतले तथा पहिलो संशोधित लागतको तुलनामा १५६.२३ प्रतिशतले वृद्धि भएको देखिन्छ। निर्माण कार्यको क्षेत्र, स्टान्डर्ड, सडकको लेनमा भएको परिवर्तन र मुद्रास्फीति आदिले आयोजना निर्धारित अवधिभित्र सम्पन्न नभएको र लागतमा समेत वृद्धि भएको देखिन्छ। यस सम्बन्धमा सरोकारवालाबिच समीक्षा हुनुपर्दछ। त्यस्तै संशोधित कार्यतालिका अनुसार २०७९।८० सम्ममा आयोजना सम्पन्न गर्न रू.६५ अर्ब २० करोड खर्च हुने अनुमान रहेकोमा सो अवधिसम्म यस आयोजनामा रू.६८ अर्ब ३२ करोड बजेट विनियोजन भएको देखिन्छ। खर्च अनुमान भन्दा बजेट विनियोजन बढी देखिएकोमा विनियोजन र खर्च यथार्थपरक हुनुपर्दछ।

११. **निर्माण कार्य** - तराईका ग्रामीण बस्ती तथा सदरमुकामलाई सडक सञ्जालसँग जोड्ने उद्देश्यका साथ पहिलो चरणमा भारत सरकारको अनुदान सहयोगमा हुलाकी राजमार्गको निर्माणको कार्य प्रारम्भ गरेको देखिन्छ। हुलाकी राजमार्ग निर्माणका लागि सन् २००२ मा भारत सरकारले सहयोग गर्ने सैद्धान्तिक सहमति दिएको थियो। नेपाल र भारत सरकारबिच पहिलो चरणमा तराई क्षेत्रको ६०७ किलोमिटर सडक पूर्वाधारको स्तरोन्नति (Strengthening of road infrastructure in Terai area of Nepal) को लागि १५ जनवरी, २०१० मा विस्तृत समझदारी (MOU) भएको देखिन्छ। सो समझदारी अनुसार विभिन्न ५ प्याकेजमा करिब ६०७ किलोमिटर सडक निर्माण गर्ने गरी भारतीय निर्माण व्यवसायीहरुसँग भारत सरकारबाट भुक्तानी हुने गरी ठेक्का सम्झौता भएकोमा प्याकेज १ अन्तर्गत सती-भजनी-धनगढी सडकको (६१.२ मध्ये ४० किलोमिटर), लम्की-टीकापुर-खक्रौलघाट सडक (२७ किलोमिटर) गरी कुल ६७ किलोमिटर सडक स्तरोन्नती भएको र सम्झौताको शर्त नं.६ मा भएको व्यवस्था बमोजिम आयोजना पूर्वको तयारी सम्पन्न नहुँदा बाँकी सबै ठेक्काहरू रद्द भएको देखिन्छ। उक्त सम्झदारी अनुसार निर्माण हुन बाँकी रहेको ५१८.०५ किलोमिटर सडक स्तरोन्नति कार्य नेपाल सरकारबाटै गर्नेगरी २० फेब्रुअरी २०१६ मा भारत सरकारबाट रु. ८ अर्ब अनुदान सहयोग उपलब्ध गराउने गरी दुई सरकार बिच अर्को समझदारी पत्र (MOU) मा हस्ताक्षर भएको देखिन्छ। उक्त सम्झौताको मुख्य शर्तमा ६ मिटर भन्दा लामो पुल निर्माण गर्ने, १५ मिटर राईट अफ वे, ठेक्का पूर्व ९० प्रतिशत जग्गा अधिग्रहण र मुआब्जा वितरणको विषय निर्धारण गर्ने र सो सम्बन्धमा मध्यस्थता, अन्तर निकाय समन्वय, ठेक्का व्यवस्थापन नेपाल पक्षबाट हुने उल्लेख छ।

११.१. निर्देशनालय अन्तर्गत रही निर्माण कार्यको सुपरिवेक्षणका लागि भारत सरकारबाट नियुक्त भारतीय परामर्शदाता रहेको र दुई पक्षबिच सहजीकरण तथा निर्धारित समय भित्रै आयोजना सम्पन्न गर्नका लागि दुबै पक्षको प्रतिनिधित्वमा एक संयुक्त परियोजना अनुगमन समिति (ज्वाइन्ट प्रोजेक्ट मनिटरिङ्ग कमिटी –जे.पि.एम.सी.) रहेको छ। २० फेब्रुअरी २०१६ को समझदारीको शर्त नं. २.१ अनुसार भारत सरकारबाट नियुक्त परामर्शदातासँग १६ सेप्टेम्बर २०१६ (२०७३।०५।३१) मा सडक विभाग र राष्ट्रिय राजमार्ग एवं संरचना विकास निगम लिमिटेड, नयाँ दिल्ली (एन.एच.आई.डी.सी.एल.) बिच परामर्श सेवा सम्बन्धी समझदारी भएको देखिन्छ। उक्त समझदारी अनुसार २ लेन (७ मिटर क्यारेज वे, २ मिटर सोल्डर र आवश्यक नाला सहित) को २९९.२५ किलोमिटर लम्बाइका १० सडक निर्माण गर्ने सम्झौता भएको देखिन्छ साथै उक्त सम्झौतामा परामर्शदाताको सेवा, सुविधा, कार्य शर्त सम्बन्धी व्यवस्था उल्लेख रहेको देखिन्छ। यस निर्माण कार्य सँग सम्बन्धित विषयहरू देहाय अनुसार रहेका छन्:

११.२. **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा दातृपक्षसँगको सम्झौता बमोजिम वैदेशिक सहायता स्रोतबाट बेहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नु परेमा खरिद गर्न सक्ने व्यवस्था रहेको छ। आयोजनाको परामर्श सेवा सम्झौताको शर्त नं. ४.४ अनुसार परामर्श सेवाको अवधि ५७ महिनाको हुने, जसमा बोलपत्र स्वीकृति र खरिद सम्झौताका लागि २ महिना, निर्माण अवधिको सुपरिवेक्षणका लागि ३० महिना तथा त्रुटि सच्याउने अवधिमा निरीक्षणका लागि २५ महिना हुने उल्लेख छ। यस सम्झौता बमोजिम २०७३ कार्तिक मसान्त अर्थात २ महिना भित्र सबै खरिद सम्झौता हुनुपर्नेमा १८ महिना पछिसम्म खरिद सम्झौता भएको देखिन्छ। यसरी सम्झौता अनुसार पूर्व निर्धारित समयमा कार्यहरू नहुँदा २०७७।७८ भित्र सम्पन्न हुनु पर्ने निर्माण कार्य २०८०।८१सम्म म्याद थप भएकोले यसबाट परामर्श सेवा लागत समेत वृद्धि भएको छ।

११.३. **कार्य प्रगति -** यस सम्झौता अनुसार २९९.२५ किलोमिटर सडक निर्माण गर्नुपर्ने उल्लेख भएकोमा संशोधित विवरण अनुसार ३०६.०१ किलोमिटर सडक निर्माणका लागि १४ प्याकेजमा १० सडक खण्डको खरिद सम्झौता भई २९६.५८ किलोमिटर कालोपत्रे सडक निर्माण भएको देखिन्छ।

| सि.नं. | जिल्ला | पूर्व-पश्चिम/ उत्तर-दक्षिण | सडकको नाम | सडकको अवस्था (कि.मि.) | | |
|---|---|---|---|---|---|---|
| | | | | कुल लम्बाई | कालोपत्रे सम्पन्न | निर्माणका लागि ठेक्का व्यवथापन गर्न बाँकी |
| १. | मोरङ | उत्तर-दक्षिण | रंगेली-कानेपोखरी सडक | २५.४ | २५.४ | - |
| २. | सप्तरी | उत्तर-दक्षिण | कल्यानपुर-सुभ्रन्नपट्टी सडक | १७.२८ | १७.०७ | - |
| ३. | धनुषा | उत्तर-दक्षिण | वीरेन्द्र बजार- यदुकुहा- महिनाथपुर सडक | ३२.३१ | ३१.७६ | ०.५५ |
| ४. | | उत्तर-दक्षिण | जनकपुर- यदुकुहा सडक | १६.६३ | १४.७७ | १.८६ |
| ५. | महोत्तरी | उत्तर-दक्षिण | माईस्थान- गौशालाबजार सम्सी सडक | २६.९४ | २६.५९ | ०.३५ |
| ६. | | पूर्व-पश्चिम | जलेश्वर हर्दी सडक | २७.६० | २७.२६ | - |
| ७. | बारा | उत्तर-दक्षिण | मानमत- कलैया- मटिअर्वा सडक | २६.६६ | २२.७७ | ३.८९ |
| ८. | | | तामागढी- सिम्रौनगढ सडक | ३९.७४ | ३८.८६ | ०.८८ |
| ९. | पर्सा | पूर्व-पश्चिम | वीरगंज -ठोरी सडक | ६० | ५८.७६ | १.२४ |
| १०. | दाङ | उत्तर-दक्षिण | लमही-कोइलाबास | ३३.४५ | ३३.३४ | - |
| | जम्मा | | | ३०६.०१ | २९६.५८ | ८.७७ |

उपरोक्त तालिका अनुसार पूर्व-पश्चिम ८६.०२ किलोमिटर र उत्तर-दक्षिण २१०.५६ किलोमिटर सडक निर्माण भएको छ। यसमा इटहरी योजना कार्यालयको कार्यक्षेत्र अन्तर्गत ४२.४७ किलोमिटर, जनकपुर अन्तर्गत १००.३८ किलोमिटर, वीरगंज अन्तर्गत १२०.३९ किलोमिटर र नेपालगञ्ज अन्तर्गत ३३.३४ किलोमिटर गरी कुल २९६.५८ किलोमिटर सडक निर्माण भएको देखिन्छ। ठेक्का सम्झौताको तुलनामा ९६.९२ प्रतिशत कार्य सम्पन्न भएको छ। जग्गा अधिग्रहण, मुआब्जा वितरण सम्बन्धी विवाद तथा राष्ट्रिय निकुञ्ज क्षेत्र लगायतका कारण जनकपुर खण्डमा २.७६ किलोमिटर र वीरगंज खण्डमा ६.०१ किलोमिटर सडक निर्माण हुन सकेको छैन। निर्देशनालयले विवादित स्थानहरुमा पुनः ठेक्का व्यवस्थापन गर्ने गरी ९ ठेक्का फरफारख गरेको छ भने ५ ठेक्काको अन्तिम विल भुक्तानी बाँकी रहेको छ। यसरी खरिद सम्झौता पूर्व गर्नुपर्ने तयारीहरू नहुँदा निर्माण कार्यमा अवरोध आउने, आयोजनाको लागतमा वृद्धिहुने तथा कार्यमा दोहोरोपन हुने जस्ता समस्या देखिने भएकोले पूर्व तयारी गरेर मात्र निर्माण कार्य गर्नुपर्दछ।



*वीरगंज-ठोरी सडक खण्डमा निकुञ्ज तथा सिमा विवादले निर्माणहुन नसकेको सडक*

**११.४. क्षतिपूर्ति -** २० फेब्रुअरी, २०१६ मा भएको सम्झौतको शर्त नं. ५.२ अनुसार कुनै पनि प्रशासनिक वा कानुनी अडचनहरुको बिवाद समाधान गर्ने र सो बमोजिम क्षतिपूर्ति सम्बन्धमा नेपाल सरकार पूर्ण जिम्मेवार रहनुपर्ने व्यवस्था उल्लेख छ। नेपाल र भारत सरकारको पहिलो चरण अन्तर्गतको ठेक्का व्यवस्थापन भएको विभिन्न १४ मध्ये ६ प्याकेजमा कार्यालय र निर्माण व्यवसायीबिच विवाद समाधान नहुँदा मध्यस्थता मार्फत विवाद समाधान गर्नुपरेको देखिन्छ।

(रु. हजारमा)

| ठेक्काको विवरण | ठेक्का अंक | मध्यस्थतामा माग भएको क्षतिपूर्ती रकम | मध्यस्थतामा भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| कानीपोखरी- रंगेली सडक, मोराङ्ग (CH. ०+०००~२५+४००) | ७,५,६२,५५.८८ | २९,२५,३७.०२ | १२,६८,५४.७० | म्याद थप सम्बन्धी विवादले गर्दा अन्तिम बिल भुक्तानी नभएको |
| जलेश्वर- हेर्दी सडक महोत्तरी)CH. ०+०००~२७+६००) | ८०,९६,३६.६६ | ८,२३,६७.४५ | ६,४८,५५.८० | म्याद थप सम्बन्धी विवाद रहेको |
| वीरेन्द्रबजार- यदुकुवा- महिनाथपुर सडक (दोस्रो प्याकेज), धनुषा (CH. १७+०००~३२+३१०) | ४३,३७,७२.४३ | १०,६१,७२.३० | ४,३५,६३.६१ | म्याद थप सम्बन्धी विवाद रहेको |

| | | | | |
|---|---|---|---|---|
| तमागढी सिम्रौनगढ सडक, बारा (CH ०+०००~२०+०००) | ४५,४३,२७.४९ | ७,४९,५३.१७ | ५,४९,०७.३८ | म्याद थप सम्बन्धी विवाद रहेको |
| वीरगंज- ठोरी सडक, पर्सा(CH ०+०००~३०+०००) | १,२२,१०,१४.६७ | २९,४०,१९.६९ | | भेरिएसन आदेश स्वीकृत नभएकोले अन्तिम बिल भुक्तानी नभएको तथा विवाद रहेको |
| लमही- कोइलावास, दाङ (CH ०+०००~३३+४५५) | ७५,७०,४०.८७ | ६५,८६.८८ | | भुक्तानी सम्बन्धी विवाद रहेको |
| जम्मा | ४४३२०४८.०० | ८५,६६,३६.५४ | २९,०१,८१.५२ | |

उपरोक्त तालिका अनुसार छ (६) सम्झौतामा निर्माण व्यवसायीहरूले क्षतिपूर्ति वापत रू. ८५ करोड ६६ लाख दाबी गरेको मध्ये अदालती प्रक्रिया मार्फत फैसला भएका चार(४) ठेक्काहरूमा नेपाल सरकारले क्षतिपूर्ति वापत रू. २९ करोड १ लाख भुक्तानी गरेको छ। निर्माण व्यवसायीसँग भएको सम्झौतामा उल्लिखित शर्तहरुको कार्यान्वयन गर्दा प्रक्रियागत व्याख्या, विश्लेषणका आधारमा विवाद समाधान नहुँदा मध्यस्थतामा जानुपरेको अवस्था छ। खरिद सम्झौता अनुसार शर्तहरू कार्यान्वयन गर्नुपर्दछ।

**११.५. सम्झौताको शर्त कार्यान्वयन -** नेपाल र भारत सरकारबिच भएको समझदारी पत्रको बुँदा नं. ८.१ मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयकको सचिवको अध्यक्षतामा ९ जनाको जे.पी.एम.सी को व्यवस्था गरिएको देखियो। समितिको बैठक हरेक ६ महिनामा एक पटक वस्नुपर्ने व्यवस्था गरिएकोमा २०८० कार्तिक ६सम्म पाँच पटक मात्र बसेको देखिन्छ। समितिले निर्णय गर्नुपर्ने परामर्शदाताको सेवाको अवधि, भारत सरकारबाट प्रासहुन बाँकी अनुदान, त्रुटि सच्याउने अवधिमा परामर्शदातालाई भुक्तानी गर्नुपर्ने रकम तथा आयोजना सम्पन्न हुन बाँकी रहेको अन्य विषयको अझै टुङ्गो लागेको छैन। द्विपक्षीय साझेदारीमा सञ्चालित आयोजनाहरु तोकिएको समयमा सम्पन्न नहुँदा प्रासहुने लाभमा ह्रास आउने र थप व्ययभार उत्पन्न हुँदै जाने भएकोले सरोकारवाला पक्षहरु बसेर उपयुक्त निकास दिनुपर्दछ।

**११.६. सोधभर्ना अनुदान -** हुलाकी राजमार्ग निर्देशनालय अन्तर्गत नेपाल सरकार र भारत सरकारबिच रु. ८ अर्ब सम्झौता भई निर्माण कार्यसञ्चालनमा रहेको छ। यस निर्माणकार्यमा आ.व. २०८०।८१सम्म देहाय अनुसार खर्च भएको देखिन्छ ।

(रु. हजारमा)

| भारतको अनुदान | नेपाल सरकारको स्रोत | बाँकी दायित्व |
|---|---|---|
| ७,९१,२९,७२.८४ | १,४४,४५,०१.२४ | ६५,९६,४१.०० |

उपरोक्त तालिका अनुसार २०८०।८१सम्म निर्माण कार्यमा ९ अर्ब ३५ करोड ७४ लाख खर्च भएको छ जसमा भारत सरकारको अनुदानबाट ७ अर्ब ९१ करोड २९ लाख तथा नेपाल सरकारको श्रोतबाट १ अर्ब ४४ करोड ४५ लाख भुक्तानी भएको छ। यसका अतिरिक्त केही निर्माण कार्यको त्रुटि सच्याउने अवधिको भुक्तानी, अन्तिम बिल, परामर्शदाताको पारिश्रमिक र कर गरी थप दायित्व ६५ करोड ९६ लाख भुक्तानीहुन बाँकी देखिन्छ, जसमा भारत सरकारबाट ६४ करोड ३५ लाख र नेपाल सरकारबाट १ करोड ६१ लाख रहेको छ। प्रतिबद्धता बाहेक थप रकमका लागि भारत सरकारलाई अनुरोध गरिएको हुँदा आयोजना सम्पन्न हुन नसकेको कार्यालयको भनाइ रहेको छ।

**११.७. दोस्रो चरण**- भारतको आर्थिक तथा प्राविधिक सहयोगमा बनाउन खोजिएको हुलाकी राजमार्ग विभिन्न कारणले केही खण्ड मात्र बन्ने भएपछि नेपाल सरकारले आफ्नै श्रोतबाट सडक निर्माण कार्य

२०६६/६७देखि प्रारम्भ गरेको देखिन्छ। यस आयोजनालाई. २०६८।६९देखि राष्ट्रिय गौरवको आयोजनाको रुपमा सञ्चालन गरिएको छ।

**१२. आयोजनाको पूर्व तयारी-** आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० को बुदाँ नं. ५ मा सम्बन्धित मन्त्रालय वा कार्यान्वयन निकायबाट आयोजना छनोट पूर्वको तयारीमा आयोजनाको आवश्यकता, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना अध्ययन प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण, खरिद गुरुयोजना तयारी, जग्गा अधिग्रहण लगायतको विषय स्वीकृत भई राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा सम्पूर्ण विवरण रीतपूर्क प्रविष्टि गरी प्रमाणित भएको हुनुपर्ने व्यवस्था गरिएको छ। आयोजनाको पूर्व तयारी सम्बन्धमा देखिएका बेहोरा देहाय बमोजिम छन:

**१२.१. सम्भाव्यता अध्ययन /विस्तृत आयोजना प्रतिवेदन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २२(१) अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनको सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन समेत विचार गरी आयोजना स्वीकृत गर्नुपर्दछ। सम्भाव्यता अध्ययन विस्तृत आयोजना प्रतिवेदन तयार गर्दा वित्तीय, आर्थिक, भौगोलिक सामाजिक, संस्थागत, वातावरणीय, प्राविधिक, राजनितिक लगायतका पक्षको अध्ययन सम्बन्धित विज्ञको संलग्नतामा हुने र आयोजनाको लाभ-लागत विश्लेषण, कार्यक्षेत्र, जग्गाप्राप्ति र क्षतिपूर्ति वितरण जस्ता पक्ष स्पष्ट रूपमा उल्लेख हुनुपर्दछ। राजमार्ग अन्तर्गत आयोजनाको एकमुष्ट रूपमा पूर्व-पश्चिम, उत्तर-दक्षिण विस्तृत परियोजना प्रतिवेदन तयार भएको छैन। सञ्चालित सडक खण्ड तथा पुलतर्फ केही सडक खण्ड तथा पुलको सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरेको देखिएन। सम्भाव्यता अध्ययन/विस्तृत आयोजना प्रतिवेदन बेगर आयोजना स्वीकृति र कार्यान्वयन गर्दा आयोजनाको क्षेत्र यकिन नहुने, लाभग्राही वा सरोकारवालको आवश्यकता सम्बोधन नहुँदा निर्माणमा अवरोध हुने, आयोजनाका क्रियाकलाप स्पष्ट नहुने, व्यवस्थापनमा अन्यौलता रहने, योजनाबाट हुने लाभबारे अनिश्चितता रहने जस्ता समस्याले आयोजनाको समय र लागतमा वृद्धि भएको छ।

**१२.२. वातावरणीय अध्ययन प्रतिवेदन-** राष्ट्रिय योजना आयोगबाट स्वीकृत आयोजनाहरूको बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७३ बमोजिम बहुवर्षीय ठेक्का सम्झौता गर्नु अघि आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन/प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न भएको हुनपर्ने उल्लेख छ। त्यस्तै वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा प्रारम्भिक वातावरणीय जाँच (IEE) वा वातावरण प्रभाव मूल्यांकन (EIA) स्वीकृत गर्नु पर्ने बेहोरा उल्लेख छ। निर्देशनालयबाट ठेक्का व्यवस्थापन भई सञ्चालनमा रहेका ठेक्काहरूमा निर्माण हुँदाको बखतमा समेत वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत भएको देखिएन। निर्माण अगाडि गर्नुपर्ने मूल्याङ्कनको काम नहुँदा निर्माण चरणमा ढिलाइ हुने ड्रइङ डिजाइन अनुसार साइटमा काम हुन नसक्ने जस्ता समस्या देखापरेका छन्। यसका केही उदाहरण देहाय अनुसार छन्:

| ठेक्का नं | सम्झौता मिति | सम्झौता रकम | कैफियत |
|---|---|---|---|
| २०७३/७४-०३३ | १२/२८/२०७४ | १५,१६,५१.६६ | निर्माणको बखतमा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नभएको |
| २०७३/७४-२८ | ०३/२८/२०७४ | ९,३१,५८.९८ | निर्माणको बखतमा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नभएको |

(रु. हजारमा)

| | | | |
|---|---|---|---|
| २०७३/७४-२९ | ०३/२८/२०७४ | ७,३५,२५.३५ | निर्माणको बखतमा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नभएको |
| २०७५/७६-००१ | ०६/०६/२०७६ | ५,८७,२०.०९ | राष्ट्रिय निकुञ्जले संक्षिप्त वातावरणीय अध्ययनको सहमति नदिएको वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नभएको |
| २०७५/७६-००२ | ०६/०५/२०७६ | ३,१४,७७.४५ | |
| २०७५/७६-००३ | ०५/२६/२०७६ | ५,७१,३६.३२ | |

उपरोक्त विवरण अनुसार यस आयोजनाको विभिन्न सडक खण्डको वातावरणीय प्रभाव मूल्याङ्कन गराउनुपर्नेमा सो सडक खण्ड र सो भित्र पर्ने केही पुलहरुको ठेक्कागत रूपमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गरेको र केहीमा प्रारम्भिक वातावरणीय परीक्षण गरेको देखिन्छ। राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजनाको रूपमा निर्माण भइरहेको आयोजना क्षेत्रमा जैविक विविधताको साथै वनस्पति तथा वन्यजन्तुको अधिकता रहेको तथा कार्यन्वयनबाट चुरे श्रृंखलामा पर्ने स्थानीय पारिस्थितिक प्रणालीमा पर्ने नकारात्मक असर र प्रभावको विस्तृत मूल्याङ्कन नगरी संक्षिप्त विधि वा प्रारम्भिक परीक्षणबाट वातावरणीय अध्ययन मात्र गराउदा वातावरणीय चासोका विषय संसोधन भएको देखिन आएन। वातावरणीय पक्ष आबद्ध नगरी गरिने विकास निर्माणका कार्यको दिगोपना असर परी निरन्तर सञ्चालनमा समेत वातावरणीय चक्रिय अवस्थाको कारण अवरोध हुन सक्ने हुँदा वातावरणीय प्रभाव मूल्याङ्कनलाई प्राथमिकता दिई विकास निर्माणका कार्य सञ्चालन गरिनुपर्दछ।

**१२.३. जग्गा प्राप्ति तथा क्षतिपूर्ति -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम मुआब्जा निर्धारण समितिले कायम गरेको दरमा जग्गाको मुआब्जा भुक्तानी गर्नुपर्दछ। यस आयोजना कार्यालय अन्तर्गतका विभिन्न घर टहरा तथा जग्गालाई हुलाकी राजमार्गको स्वामित्वमा ल्याउने कार्यको सम्बन्धमा योजना कार्यालयहरूले मुआब्जा वितरणको निमित्त गरेको खर्चको स्थिति निम्नानुसार देखिएको छः

(रु. हजारमा)

| योजना कार्यालय | भुक्तानी दिनुपर्ने कुल रकम | हालसम्म भुक्तानी भैसकेको रकम | भुक्तानी बाँकि रकम |
|---|---|---|---|
| इटहरी | - | २९,४८,०४.२५ | - |
| जनकपुर | ६३,८६,५१.९९ | ४६,८८,०९.४३ | १६,९८,४२.५५ |
| वीरगंज | ४,४२,०१,७५.40 | १,२९,३०,९६.४८ | ३,१२,७०,७८.९१ |
| कपिलवस्तु | ६,८७,३०.१८ | ४,९६,१३.४८ | १,९१,१६.७० |
| नेपालगंज | ५,००,३७.८७ | ९,६६,८४.२० | १,६३,९५.२५ |
| धनगढी | - | ४६,९७,४७.७१ | - |
| **जम्मा** | **५,१७,७५,९५.४५** | **२,६७,२७,५५.५७** | **३,३३,२४,३३.४२** |

उक्त रकम जिल्ला प्रशासन कार्यालयहरूलाई पेश्की उपलब्ध गराई वितरण गरेको देखिन्छ। उल्लिखित तालिका अनुसार रु.५ अर्ब १७ करोड मुआब्जा वितरण हुनुपर्नेमा हालसम्म रु.२ अर्ब ६७ करोड मात्र वितरण भएको छ। जग्गाको मूल्याङ्कन तथा क्षतिपूर्ति भुक्तानी सम्बन्धमा विवाद उत्पन्न हुने र न्यायलयमा मुद्दा दायर समेत गर्ने प्रवृतिले आयोजना कार्यान्वयनमा समस्या परेको देखिन्छ। जग्गा मुआब्जा क्षतिपूर्ति सम्बन्धमा अदालती प्रकृयामा जानेले मात्रै क्षतिपूर्ति प्राप्त गरेको अवस्था रहेको छ। आयोजनाको लागि आवश्यक जग्गा प्राप्ति र क्षतिपूर्ति वितरणको कार्यलाई सरलीकृत गर्नुपर्दछ। भारतीय अनुदानमा निर्माण भएको र अदालतबाट आदेश भएका बाहेकको खण्डमा मुआब्जा/क्षतिपूर्तिको व्यस्था नभएको कार्यालयको भनाइ रहेको छ।

**१२.४. निर्माण स्थलको व्यवस्थापन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम ३ अनुसार सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको व्यवस्था नगरी निर्माण कार्यको ठेक्का बन्दोवस्त गर्न नहुने उल्लेख छ। योजना कार्यालय जनकपुरबाट प्राप्त विवरण अनुसार खरिद सम्झौतामा जग्गा, मुआब्जा, क्षतिपूर्ति तथा निर्माणस्थल सम्बन्धी विवाद भएका कारण आयोजनाको निर्माण अवधि लम्बिएको तथा लागतमा वृद्धि भएको देखिएको छ। यस योजना कार्यालय अन्तर्गत चालु अवस्थामा रहेका २५ खरिद सम्झौतामध्ये १२ सम्झौतामा ३५ वटा मुद्दा रहेका छन्। निर्माणको सम्झौता पश्चात् जग्गा प्राप्तिको काम गर्दा निर्माण व्यवसायीले लिएको पेश्की रकमको उपयोग भएको देखिँदैन र निर्माण व्यवसायीले कार्यस्थल प्राप्त नगरेको भनी क्षतिपूर्ति मागदाबी गर्ने जोखिम हुन्छ। त्यस्तै जग्गा प्राप्त गर्न धेरै निकायबिच समन्वय र सहकार्य हुनुपर्ने अवस्थाले गर्दा यो प्रक्रिया झन्झटिलो हुनेगरेको छ। स्थानीयले उच्चतम् रकमको मागदाबी गर्ने र सरकारी दररेटमा असहमति जनाउँदै विवाद सिर्जना गर्ने प्रवृत्तिले निर्माण कार्यमा ढिलाइ हुन पुगेको छ। विवाद समाधानका लागि सरोकारवालाबिच समन्वय गरी खरिद सम्झौता कार्यान्वयन गर्नुपर्दछ।



*पहुँच मार्गमा मुआब्जा विवादले रूग्ण ३० मिटर लम्बाइको रामध्यान टोल पुल*

**१२.५. रेखाङ्कन विवाद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको विचार गरी स्वीकृत हुनुपर्ने व्यवस्था छ। साथै पूर्वाधार निर्माण गर्नुपूर्व वातावरणीय प्रभाव मुल्यांकन, जग्गाको उपलब्धता, विस्तृत अध्ययन, नम्स ड्रइङ तथा डिजाइन आयोजना प्रतिवेदन तयारी आदि गरेर मात्र आयोजना सुरु गर्नुपर्दछ। यो राजमार्ग अन्तर्गतका केही खण्डको रेखाङ्कन यकिन नगरी आयोजनाको सुरुवात गरेको देखिन्छ। वीरगन्ज योजना कार्यालय अन्तर्गतको ठोरी-माडी (१७ किलोमिटर) सडक राष्ट्रिय निकुञ्जमा परेका कारण योजनाले लक्षित समय अवधिभित्र सडक रेखाङ्कन गरेपनि वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नहुँदा सडक निर्माण भएको छैन। त्यस्तै रियु खोलादेखि जगतपुर (६ किलोमिटर) नँया रेखाङ्कन अनुसार विस्तृत आयोजना प्रतिवेदन लगायत प्रक्रिया अगाडि बढाउन सर्वेको काम भइरहेको अवस्था छ। जगतपुर-बहुवन ३८ किलोमिटर सडक निकुञ्ज क्षेत्रका कारण सडक निर्माण प्रक्रियाको निर्णयमा ढिलाई भएको कारण वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत हुन नसकी निर्माण कार्यहुन सकेको छैन। कपिलवस्तु योजना कार्यालय अन्तर्गत दुम्किवास-त्रिवेणी खण्डको २० किलोमिटर सडकको विस्तृत आयोजना प्रतिवेदन स्वीकृत भई वातावरणीय प्रभाव मूल्याङ्कनको कार्य अगाडि बढेको योजना कार्यालयले जनाएको छ। कपिलवस्तु दाङ्गको ३० किलोमिटर वन क्षेत्र विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरी वातावरणीय

प्रभाव मूल्याङ्कन स्वीकृत भएको छैन। त्यस्तै दाङ्ग-बाँके खण्डको ५७ किलोमिटर विस्तृत आयोजना प्रतिवेदन लगायत काम सम्पन्न भए पनि २५ किलोमिटर मात्र ट्रयाक खुलेको हुँदा निर्माण कार्य भएको छैन। कञ्चनपुरको बेलौरीमा नेपाल-भारत सिमा विवादको कारण १४०० मिटर सडक निर्माणमा अवरोध रहेको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, परराष्ट्र मन्त्रालय, सडक विभाग, राष्ट्रिय निकुञ्ज र हुलाकी राजमार्ग निर्देशनालय बिच समन्वय र सहकार्य नहुँदा आयोजनाहरू समयमा सम्पन्न नहुनुका साथै थप व्ययभार परेको छ। आयोजनाको सफल कार्यान्वयनका लागि तालुक निकायहरुले समन्वय र सहकार्य गर्नुपर्दछ।




*राष्ट्रिय निकुञ्जबाट सडक निर्माणको अनुमति प्राप्त नहुँदा वीरगंज योजना कार्यालयबाट निर्माण सम्पन्न भएको तर प्रस्तावित रेखाङ्कनमा नपर्ने रियू खोला पुल*

१३. **सडकसीमा -** सार्वजनिक सडक ऐन, २०३१ (संसोधन सहित) को दफा (२) अनुसार सडक सीमा भन्नाले सार्वजनिक सडक र त्यस्तो सडकको केन्द्र रेखाको दायाँ बायाँ दफा (३) बमोजिम तोकिएको जग्गाको क्षेत्र उल्लेख छ। उक्त ऐनको दफा (३) मा सार्वजनिक सडकहरूको वर्गीकरण, सडक सीमा र जग्गा प्राप्तिको प्रावधान रहेको छ। नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी सार्वजनिक सडकलाई राजमार्ग, सहायक मार्ग, जिल्ला मार्ग र शहरी मार्ग भनी वर्गीकरण गरी त्यस सडकको केन्द्र रेखादेखि दाँया/बाँया दुवैतिर ३१ मिटरसम्म नबढाई सडक सीमा तोक्ने छ। तर एकै किसिमको सडकको सम्पूर्ण लम्बाइमा पनि भौगोलिक स्थिति (टोपोग्राफी) र वस्तीको कारण त्यस्तो सडक सीमा कम बढी गर्न वा पुल तथा पुलको वरपर नदीको तटबन्ध सुरक्षाको लागि चार किल्ला समेत खोली आवश्यक सीमा तोक्न सक्ने व्यवस्था छ। आर्थिक वर्ष २०६६।६७देखि निर्माण शुरु भएको यस राजमार्गको सीमा तोकी राजपत्रमा प्रकाशित गरेको देखिएन। राष्ट्रिय गौरवको आयोजनाको रूपमा सञ्चालित यस आयोजनाको सडक सीमा (Right of Way) तोकिनु पर्नेमा स्पष्ट निर्णय भएको छैन। सडक सीमाको निर्धारण एवं अतिक्रमणबाट सुरक्षाको लागि आयोजनाले उपयुक्त व्यवस्था मिलाउनु पर्दछ।

१४. **आयोजना निर्माण स्थिति -** आम नेपाली जनताको गुणस्तगरीय जीवन तथा साझा पहिचानमा सकारात्मक अभिवृद्धि ल्याई आर्थिक, समाजिक, सांस्कृतिक वा वातावरणीय दृष्टिले प्रभावकारी हुने आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको घोषणा गर्ने क्रममा २०६८।६९ मा हुलाकी राजमार्ग राष्ट्रिय गौरवको आयोजना घोषणा भई निर्माण कार्य सञ्चालनमा रहेको छ। कुल १८५७.४२ किलोमिटरमध्ये करिब १४६०.२४ किलोमिटर बाँकी सडक तथा २५० पुल निर्माण (प्रस्तावित बाहेक) कार्य नेपाल सरकारबाट हुने गरी रू. ६५ अर्ब २० करोड लागत रहेकोमा हालसम्म रु.५७ अर्ब २७ करोड (भारतीय अनुदान बाहेक) खर्च भई ८६२.५० किलोमिटर सडक र १४२ पुल निर्माण सम्पन्न भएको छ। यस सम्बन्धमा देखिएका थप बेहोरा निम्न अनुसार छन्।

**१४.१. वार्षिक लक्ष्य तथा प्रगतिः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा कार्यालयले वार्षिक कार्यक्रममा स्वीकृत लक्ष्य अनुरुप प्रगति हासिल गर्नुपर्दछ। योजना कार्यालयहरूको विगत ३ वर्षको लक्ष्य तथा प्रगति देहाए बमोजिम रहेको छः

| योजना कार्यालय/ सडक डिभिजन | आ.व.२०७८/७९ | | | | आ.व.२०७९/८० | | | | आ.व.२०८०/८१ | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सडक (कि.मि.) | | पुल (संख्या) | | सडक (कि.मि.) | | पुल (संख्या) | | सडक (कि.मि.) | | पुल (संख्या) | | सडक (कि.मि.) | | पुल (संख्या) | |
| | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति |
| इटहरी | ४८ | ४९.५ | ५ | ७ | ५५ | १५ | ३ | ६ | ४० | १३ | ९ | - | १४३ | ७७.५ | १७ | १३ |
| जनकपुर | ३३ | ४३ | ५ | ३ | ६७ | ६५ | ५ | ३ | २५ | ५ | ५ | ३ | १२५ | ११३ | १५ | ९ |
| वीरगंज | ८ | ११ | ५ | ४ | १५ | २.२ | ४ | ६ | ७ | | ४ | १ | ३० | १३.२ | १३ | ११ |
| कपिलवस्तु | २१ | १९ | १ | १ | ४६ | २५ | १ | १ | १० | १५ | २ | - | ७७ | ५९ | ४ | २ |
| भरतपुर | - | - | - | - | - | - | - | - | ५ | १.३ | - | - | ५ | १.३ | - | - |
| नेपालगञ्ज | १० | १६ | १ | | ३९ | २४ | २ | - | ३० | १६ | ३ | ६ | ७९ | ५६ | ६ | ६ |
| धनगढी | १८ | ६ | १ | ० | २८ | १७ | १ | - | २० | १३.५ | २ | - | ९४ | ३६.५ | ४ | - |
| **जम्मा** | **१३८** | **१४४.५** | **१८** | **१५** | **२५०** | **१४८.२** | **१६** | **१६** | **१३७** | **६३.८** | **२५** | **१०** | **५५३** | **३५६.५** | **५९** | **४१** |

उपर्युक्त तालिका अनुसार आयोजनाको २०७८।७९देखि २०८०।८१ सम्मको लक्ष्य/प्रगति विवरण अनुसार ३ वर्षमा योजना कार्यालयहरूबाट ६६.९८ प्रतिशत मात्र प्रगति भएको छ। जसमध्ये सडकतर्फ ५५३ किलोमिटर मध्ये ३५६.५ किलोमिटर सम्पन्न भई ६४.४६ प्रतिशत, पुल निर्माणतर्फ ५९ मध्ये ४१ मात्र सम्पन्न भई ६९.४९ प्रतिशत प्रगति भएको देखिन्छ। योजना कार्यालयहरूको लक्ष्य/प्रगति अनुपात हेर्दा इटहरीको ६५.३३, जनकपुरको ७५.२०, वीरगंजको ६४.६१, कपिलवस्तुको ६३.३१, नेपालगञ्जको ८५.४४ र धनगढीको १९.४१ प्रतिशत रहेको छ। निर्माण कार्यको कार्यतालिका अनुसार कार्यसम्पादन नहुनु, कार्यालयबाट निरन्तर अनुगमन नहुनु, पटक पटक म्याद थप तथ भेरिएसन लगायतका कारणले समयमा निर्माण कार्य सम्पन्न नभएको स्थिति छ। वार्षिक लक्ष्य अनुसार प्रगति हासिल नहुँदा आयोजनाको लागत तथा समयमा वृद्धिभई अपेक्षित प्रतिफल हासिल नहुने हुँदा निर्माण कार्यतालिकाको पालना गरेर लक्ष्य अनुरुपको प्रगति हासिल गर्नुपर्दछ।

**१४.२. सडक निर्माण -** हुलाकी राजमार्गको कुल लम्बाइ १ हजार ८५७.४२ किलोमिटरमध्ये पूर्वदेखि पश्चिम तर्फको लम्बाइ ९७५ किलोमिटर रहेको छ भने उत्तरदेखि दक्षिण जोडिने सहायक सडकहरुको लम्बाइ ८१७.४२ किलोमिटर र थप तीनवटा सडकहरुको लम्बाइ करिब ६५ किलोमिटर समेत सहायक सडकहरुको कुल लम्बाइ ८८२.४२ किलोमिटर रहेको छ। सो मध्ये नेपाल-भारत द्विपक्षीय सहयोगमा २९६.५८ किलोमिटर, एसियाली विकास बैंक (एडीबी) को ऋण/अनुदान सहयोगमा ६५ किलोमिटर, ६ लेन सडक अन्तर्गत १२.६ किलोमिटर समेत ३७४.१८ किलोमिटर सडक कालोपत्रे कार्य सम्पन्न भएको छ। राजमार्गको पूर्व-पश्चिम लम्बाइ ९७५ किलोमिटरमध्ये लौकही- कोशी ब्यारेज १७ किलोमिटर र कोशी ब्यारेज-भारदह ६ किलोमिटर गरी २३ किलोमिटर महेन्द्र राजमार्ग पर्दछ। राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्रमा रेखाङ्कन सम्बन्धी अन्योलले गर्दा १६२ किलोमिटर सडकको ठेक्का व्यवस्थापन हुन नसकेको देखिन्छ। आर्थिक वर्ष २०८०।८१सम्म निर्माण कार्यको अवस्था निम्नानुसार रहेको छ।

| योजना कार्यालय | हुलाकी राजमार्ग (कि.मि.) | | | अन्य निकायबाट निर्माण भएको (कि.मि.) | योजना कार्यालय (कि.मि.) | | आ.व. २०८०।८१सम्म निर्माण सम्पन्न (कि.मि.) | निर्माण बाँकी (कि.मि.) |
|---|---|---|---|---|---|---|---|---|
| | पूर्व-पश्चिम | उत्तर-दक्षिण | जम्मा | | निर्माण गर्नुपर्ने | निर्माण भएको | | |
| इटहरी | १९३.०० | १९२.१६ | ३८५.१६ | ६५.४७ | ३१९.६९ | २२४.१३ | २८९.६० | ९५.५६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जनकपुर | १२५.०० | ३१२.७५ | ४३७.७५ | ११२.९८ | ३२४.७७ | २२२.०२ | ३३५.०० | १०२.७५ |
| वीरगंज | १५१.०० | ७६.३१ | २२७.३१ | १२०.३९ | १०६.९२ | ७६.८६ | १९७.२५ | ३०.०६ |
| कपिलवस्तु | १५२.०० | ८६.०० | २३८.०० | ६५.०० | १७३.०० | ८४.०० | १४९.०० | ८९.०० |
| नेपालगञ्ज | २२४.०० | १२१.५० | ३४५.५० | ३३.३४ | ३१२.१६ | १५३.६६ | १८७.०० | १५८.५० |
| धनगढी | १३०.०० | ५७.७० | १८७.७० | - | १८७.७० | ८९.५३ | ८९.५३ | ९८.१७ |
| भरतपुर डि. | | ३६.०० | ३६.०० | - | ३६.०० | १२.३० | १२.३० | २३.७० |
| **जम्मा** | **९७५.००** | **८८२.४२** | **१८५७.४२** | **३९७.१८** | **१४६०.२४** | **८६२.५०** | **१२५९.६८** | **५९७.७४** |

उपर्युक्त तालिका अनुसार योजना कार्यालयहरूबाट १४६०.२४ किलोमिटरमध्ये ८६२.५० किलोमिटर (५९.०६ प्रतिशत) सडक निर्माण भएको तथा ५९७.७४ किलोमिटर निर्माण हुन बाँकी रहेको छ। योजना कार्यालयहरूबाट १४ वर्षमा प्रति वर्ष ६१.६१ किलोमिटरका दरले सडक निर्माण भएको देखिन्छ।




उपर्युक्त तालिका अनुसार योजना कार्यालयबाट निर्माण गर्नुपर्ने तथा निर्माण भएको सडकको औसत अनुपात ५९.०७ प्रतिशत रहेको छ। सडक निर्माणमा योजना कार्यालय इटहरी ले ७०.१० प्रतिशत, जनकपुरले ६८.३६ प्रतिशत, वीरगंजले ७१.८८ प्रतिशत, कपिलवस्तुले ४८.५५ प्रतिशत, नेपालगञ्जले ४९.२२ प्रतिशत र धनगढीले ४७.६९ प्रतिशत प्रगति हासिल गरेको छ। राष्ट्रिय गौरवको आयोजनाको रूपले सञ्चालित प्राथमिकता प्राप्त आयोजना, छुट्टै कार्यक्रम बजेट तथा कार्यान्वयन संयत्र सहित सञ्चालित रहेता पनि निर्धारित अवधिभित्र अपेक्षित उपलब्धि हासिल गर्न नसकेको अवस्था देखिन्छ।

१५. **पुल निर्माण-** राजमार्गको शुरु लागत अनुमानमा १२५ पुल/कल्भर्ट निर्माण गर्ने उल्लेख भएकोमा संशोधित अनुमान अनुसार ३०० पुगेको छ। सम्पूर्ण सडक खण्डको एकमुष्ट विस्तृत आयोजना प्रतिवेदन तयार हुन नसकेकोले पुल/कल्भर्टको संख्यामा फेरबदल हुने गरेको छ। आयोजनाका अनुसार हालसम्म १४२ वटा पुल/कल्भर्टको निर्माण सम्पन्न भएका छन्। आवश्यक पुल निर्माण नहुँदा निर्मित सडक खण्डहरूमा सवारी सञ्चालन गर्न सहज देखिएको छैन। रतुवा-राजगढ सडक खण्डमा अवस्थित कनकाई पुल निर्माण कार्य सम्पन्न नहुँदा नदी तर्नका लागि मात्र ५० किलोमिटर घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता रहेको

छ। यस्तै अवस्था कमला र वाग्मती पुलको समेत रहेको छ। पुलको अभावमा जीवन कष्टकर हुँदै गएको, आयोजनाको लागत, समय सीमा तथा प्रशासनिक खर्चमा वृद्धि भएको र आयोजनाबाट अपेक्षित उपलब्धि हासिल हुन नसकेको अवस्था छ। यस सम्बन्धमा देखिएको बेहोरा निम्नानुसार छन्।

**१५.१. पुल निर्माण अवस्था-** राजमार्ग अन्तर्गतका पुल तथा कल्भर्टको अवस्था देहाय अनुसार रहेको छ।

| योजना कार्यालय | निर्माण गर्नुपर्ने पुल (पहिलो संसोधन अनुसार) | निर्माण सम्पन्न पुल | निर्माणधीन पुल | ठेक्का व्यवस्थापन गर्न बाँकी पुल संख्या |
|---|---|---|---|---|
| इटहरी | ६३ | ४३ | २० | |
| जनकपुर | ६२ | २५ | १७ | २० |
| वीरगंज | ४९ | ३७ | ६ | ६ |
| कपिलवस्तु | २६ | १० | २ | १४ |
| नेपालगञ्ज | ३१ | १४ | ६ | ११ |
| धनगढी | १९ | १३ | ४ | २ |
| **जम्मा** | **२५०** | **१४२** | **५५** | **५३** |

उल्लिखित विवरण अनुसार २०८०।८१सम्म १४२ पुलको निर्माण सम्पन्न भएको, ५५ पुलहरू निर्माणधिन अवस्थामा रहेको तथा ५३ पुलहरूको ठेक्का व्यवस्थापन गर्न बाँकी देखिन्छ। यसका अतिरिक्त आयोजना निर्देशनालयका अनुसार थप ५० जीर्ण र सिङ्गल लेनका पुलहरूको स्तरोउन्नति तथा निर्माणको कार्य बाँकी रहेको जानकारी प्राप्त भएको छ। यसरी राजमार्गमा निर्माण गर्नुपर्ने पुलको संख्या ३००सम्म हुने देखिन्छ। पुल निर्माण कार्य निर्धारित अवधि भित्र सम्पन्न गर्नुपर्दछ।




उपरोक्त तालिका अनुसार निर्माण सम्पन्न पुलको औसत अनुपात ५६.८० प्रतिशत रहेको छ। योजना कार्यालयहरू इटहरी २०, जनकपुर ३७, वीरगंज १२, कपिलवस्तु १६, नेपालगञ्ज १७ र धनगढी ६ समेत कुल १०८ पुल तथा कलभर्ट निर्माणको कार्य (स्तरोन्नति बाहेक) बाँकी देखिन्छ। पुलको अभावमा राजमार्ग पुर्ण रुपमा सञ्चालन हुन सकेको छैन। राजमार्गका केही महत्वपूर्ण पुलहरुको अवस्था देहायःनुसार छः

- **कन्काई पुल** – आयोजना अन्तर्गत मेची-रतुवा सडक खण्डको कन्काई नदीमा डिजाईन तथा निर्माण विधिबाट १९ स्पानको प्रति स्पान ३८ मिटर लम्बाइ, ८.७ मिटर चौडाइ तथा ७.५ मिटर क्यारिज-वे सहितको ७२४.८ मिटर लम्बाइको पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७२।२।३० भित्र सम्पन्न गर्ने गरी २०६८।२।३१ मा मूल्य अभिवृद्धि कर समेत रु. ३४ करोड ९ लाख २ हजारको

सम्झौता भई हालसम्म रु.१९ करोड ८ लाख ८३ हजार भुक्तानी भएको छ। पटक-पटक गरी २०८०।०३।३०सम्म म्याद थप भएकोमा सो पश्चात् निर्माण व्यवसायीले कुनै कार्य गरेको छैन। पुल निर्माणको क्रममा प्राविधिक त्रुटि देखिएपछि पुल्चोक इञ्जिनियरिङ क्याम्पसको विशेषज्ञ टोलीले पुलमा रहेको समस्या अध्ययन गरी सुपर स्ट्रकचर निर्माण पूर्व भारबहन(Load bearing)परीक्षण गर्नुपर्ने सुझाव सहितको प्रतिवेदन बुझाए पनि उक्त सुझाव कार्यान्वयन गरी निर्माण कार्य अगाडि बढाएको छैन। सुरू सम्झौता अनुसार ४८ महिनामा निर्माण सम्पन्न हुनुपर्ने उक्त पुल १५६ महिना व्यतीत हुँदा समेत निर्माण सम्पन्न हुन सकेको छैन। निर्माण कार्यमा देखिएको त्रुटिले पुल निर्माणमा अन्योलको वातावरण सिर्जना गरेको छ। पुलको अभावमा स्थानीयहरु हिँउदमा अस्थायी पुल तथा वर्षामा डुङ्गाको प्रयोग गरी जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता रहेको छ। विशेषज्ञ टोलीको प्रतिवेदनमा उल्लेखित सुझावलाई कार्यान्वयन गर्दै सम्झौता बमोजिम पुल निर्माण सम्पन्न हुनुपर्दछ।





*निर्माण कार्य रोकिँदा रूग्ण अवस्थामा रहेको कन्काई पुल*

- **कमला पुल** - योजना कार्यालय जनकपुर अन्तर्गत सिरहा र धनुषा जिल्ला जोड्ने कमला नदीमाथि डिजाइन एण्ड बिल्ट विधिबाट १२ स्पानको ४६९.२० मिटर लम्बाइ र ९ मिटर चौडाइको पुल निर्माण गर्न एक निर्माण व्यवसायी सँग ४२ महिना अर्थात् २०७१।०८।३१ मा निर्माण सम्पन्न गर्ने गरी २०६८।२।३१ मा रु. २४ करोड ९० लाख ९७ हजारको खरिद सम्झौता भएको देखियो। सुरु सम्झौता अनुसार निर्माण सम्पन्न नभएपश्चात् महानिर्देशकबाट २०७२।११।११ मा २०७३।०८।३०सम्म म्याद थप गर्दा समेत निर्माण कार्य सम्पन्न गर्न नसकेमा पूर्व निर्धारित क्षतिपूर्ति लगाई अन्य कारबाही गर्न निर्माण व्यवसायी र योजना कार्यालयबिच मध्यस्थता मार्फत सहमति (Amicable Settlement) भएको देखियो। सुपर स्ट्रकचर सम्मको निर्माण कार्य सकिएको सो पुल २०७८/०३/१७ को अबिरल वर्षापछि आएको बाढीले पुलको पिलर भासिएर पुलमा क्षति पुगेको देखियो। पुलको पूर्व पट्टीको एउटा गर्डर खोलामा धसिन गई दुईवटा सुपरस्ट्रक्चर धसिएको तथा पश्चिमपट्टिसमेत पायर केही धसिएको तथा नदी नियन्त्रणको दुवै पट्टिको संरचना बाढीले भत्काएको देखियो। यस पुलको बाढी क्षेत्र (Flood Plain) १२०० मिटर भएको र ४७० मिटरको उक्त पुल बाढी क्षेत्रका लागि उपयुक्त नहुने तथा क्षति पूर्व पायरको भार बहन परीक्षण (Pile Load Test) समेत नभएको महालेखापरीक्षकको सिभिल इन्जिनयरिङ्ग पूर्वाधारहरूको योजना, डिजाइन र निर्माण सम्बन्धी अध्ययन प्रतिवेदन, २०७९ मा उल्लेख गरिएको छ। पुलको निर्माण कार्य समयमा सम्पन्न नहुँदा उक्त स्थानमा धनुषा र सिरहा जिल्लाबिचको सम्पर्क टुटेको छ। पुलको अभावमा स्थानीयहरू अस्थायी संरचना प्रयोग गरी जोखिमपूर्ण यात्रा गर्न बाध्य छन्। पुल निर्माण कार्य सम्पन्न गर्न सम्बन्धित निकायको सक्रियता आवश्यक देखिएको छ। यस सम्बन्धमा २०८१ मा भएको अप स्ट्रिम, डाउन स्ट्रिम र पुलको पर्याप्तता

सम्बन्धी सर्वे र अध्ययनबाट पुलको लम्बाइ पर्याप्त रहेको प्रतिवेदन प्राप्त भएको कार्यालयको भनाइ रहेको छ।



*निर्माण कार्य सम्पन्न नहुँदै बाढीबाट क्षतिग्रस्त कमला पुल*

- **वागमती पुल-** राजमार्ग अन्तर्गत रौतहट र सर्लाही जिल्ला जोड्ने बड्हर्वामा वाग्मती नदी माथि रू. ३५ करोड ८९ लाख ९ हजारको पुल निर्माण गर्न २०६७/२/३ मा सम्झौता भएकोमा सम्झौता अनुसार निर्माण कार्य सम्पन्न नभएकोले निर्माण व्यवसायीसँग भएको सम्झौताको शर्त नं.२५.१ बमोजिम मध्यस्थता ट्राइबुनलको निर्णय २०७६।१०।२८ लाई उच्च अदालत पाटनबाट २०७७।११।०२ मा सदर गरी सम्झौता अन्त्य भएको देखिन्छ। उक्त पुलको ४५ प्रतिशत भौतिक प्रगति र रू.१५ करोड ८३ लाख ५३ हजार भुक्तानी भएको देखिन्छ। निर्माण कार्यको प्रयोगयोग्य संरचना समेत प्रयोग गर्ने गरी बाँकी संरचना निर्माणको लागत अनुमान रू. ६९ करोड ३७ लाख ३ हजार रहेकोमा एक निर्माण व्यवसायी सँग ३७.२ मिटर लम्बाइको १७ स्पानको ८ मिटर चौडाई तथा ६ मिटर क्यारियज्-वे सहितको ६३४ मिटर लम्बाइको पुल निर्माण गर्न २०७९।०१।११ मा २०८१।०७।१० भित्र कार्य सम्पन्न गर्नुपर्ने गरी रू. ६५ करोड १६ लाख ७ हजारको सम्झौता भई हालसम्म रू. १० करोड ७ लाख ७ हजार भुक्तानी भएको छ। स्थलगत अवलोकनका क्रममा साविकको निर्माण व्यवसायीले १७ पायर सहित एब्युटमेन्ट निर्माणपछि ठेक्का तोडिएकोमा हालको निर्माण व्यवसायीबाट सुपरस्ट्रकचर निर्माणको कार्य सुरू भएको देखियो। निमार्णाधीन पुल इन्टरमेडिएट लेनको रहेकोले ट्राफिक कन्जेशन, सडक दुर्घटना र ओभर लोडिङ्गको समस्या हुने देखिन्छ। पूर्व निर्माण व्यवसायीद्वारा निर्माण भएको उक्त संरचनामा प्रयोग भएको केही फलामे डण्डीमा खिया लागेको र आर.सी.सी डिजाईन समेत एम-४० बाट एम-४५ मा परिवर्तन गरेकोमा परिवर्तित पुलको तौल क्षमता एवं डण्डीको गुणस्तर, सो कार्यमा भएको खर्च सम्बन्धमा थप परीक्षण तथा अध्ययन गरी पुल निर्माणको कार्य सम्पन्न गर्नु पर्दछ।



*सब स्ट्रकचरको कार्य सम्पन्न भई रुग्ण अवस्थामा रहेको बागमती पुल*

- **पतरी खोला पुल**- योजना कार्यालय र निर्माण व्यवसायी लोहनी एण्ड ब्रदर्श प्रा.लि. बिच माडी-ठोरी (चितवन) सडक खण्डमा एक स्पानको ४१.२० मिटर लम्बाइको पुल निर्माण कार्यका लागि २०७४।०३।११ मा सम्झौता भई शुरु कार्यसम्पन्न गर्नु पर्ने मिति २०७५।१०।११ रहेकोमा म्याद थप पश्चात् संशोधित कार्यसम्पन्न गर्नु पर्ने मिति २०८०।३।३० पुगेको छ। उक्त निर्माण कार्यको सम्झौता रकम रु. ३ करोड ८२ लाख २५ हजार रहेकोमा हालसम्म रु. १ करोड ११ लाख २३ हजार (मू.अ.कर र पि.एस. समेत) भुक्तानी भएको छ। उक्त निर्माण सम्झौता अविधभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा हालसम्म २८ प्रतिशत भौतिक प्रगति भएको र निर्माण सम्झौताको म्याद समेत समाप्त भएको हुँदा उक्त कार्य सम्पन्न हुन नसकी अधुरो रहेको देखिन्छ। पुलको स्थलगत अवलोकनमा पुलको पायर तथा एब्युटमेन्टको फलामे डन्डी देखिएको र खिया लागेको, निर्माण व्यवसायी निर्माण स्थलमा समेत परिचालन नभएको र अप स्ट्रिम (Up Stream) खोलाको बाँयातर्फ भई बहाब परिवर्तन भएका कारण पुलको स्पान बहाव क्षेत्र भन्दा साँघुरो हुने देखिन्छ। निर्माण व्यवसायीको कार्य तालिका अनुसार कार्य गराई लागत एवं समयावधि वृद्धि नहुने गरी पुल निर्माणको कार्य सम्पन्न गराउनु पर्दछ।



*रुग्ण अवस्थामा रहेको पतरी खोला पुल*

१६. **परामर्श सेवा-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१)(क)मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। राजमार्ग

आयोजना अन्तर्गत निर्माण गर्नुपर्ने सडक तथा पुलको सम्भाव्यता अध्ययन, विस्तृत ईन्जिनयरिङ्ग सर्वेक्षण, माटो परीक्षण, हाइड्रोलोजिकल अध्ययन, विस्तृत डिजाइन, निर्माण स्थलको जाँच, वातावरणीय प्रभाव मूल्याङ्कन, बोर लग परीक्षण, नदीको बाहवको अध्ययन, प्रारम्भिक वातावरणीय अध्ययन, रिभर ट्रेनिङ्ग वर्कसको डिजाइन, ब्रिज साईट अनुसन्धान, वन्यजन्तु पासको अध्ययन र संक्षिप्त वातावरण अध्ययन लगायतका कार्यका लागि वाह्य परामर्शसेवा खरिद गरेको देखिन्छ। आयोजनाबाट प्राप्त विवरण अनुसार २०७४।७५देखि २०८०।८१सम्म १ सय ४० परामर्श सेवामा रू. १२ करोड ८ लाख ३१ हजार खर्च भएको छ।

| सि.नं. | आ.व. | संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| १. | २०७४।७५ | ४४ | ३ करोड १६ लाख ९८ हजार |
| २. | २०७५।७६ | ५२ | ४ करोड २९ लाख ८० हजार |
| ३. | २०७६।७७ | २२ | २ करोड ३४ लाख ६५ हजार |
| ४. | २०७७।७८ | ७ | ७२ लाख ३५ हजार |
| ५. | २०७८।७९ | ५ | ४५ लाख ३१ हजार |
| ६. | २०७९।८० | ३ | १९ लाख ५४ हजार |
| ७. | २०८०।८१ | ७ | ८९ लाख ६८ हजार |
| **जम्मा** | | **१४०** | **१२ करोड ८ लाख ३१ हजार** |

निर्देशनालय र अन्तर्गत योजना कार्यालयहरुमा सीडीई ७, इन्जिनियर १९, सब-इन्जिनियर ३४ सहित जम्मा ६० प्राविधिक कर्मचारीहरू रहेका छन्। आयोजनामा स्थायी तथा करारमा प्राविधिक कर्मचारी कार्यरत रहेका छन्। परामर्श सेवामा अत्यधिक खर्च भएको हुँदा आयोजनाको ड्रइङ, डिजाइन, सर्वेक्षण जस्ता कार्य आन्तरिक जनशक्तिबाट गराइ परामर्श खर्चमा कमी ल्याउनुपर्दछ।

१७. **अध्ययन प्रतिवेदनको अभिलेखीकरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यलयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले प्राप्त भएको सम्पत्ति तथा जिन्सी मालसमानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गराउनु पर्ने व्यवस्था रहेको छ। आयोजनाले सम्भाव्यता अध्ययन कार्य गराई प्राप्त प्रतिवेदनहरु कार्यालयको जिन्सी खातामा दाखिला गरेको छैन। अध्ययन प्रतिवेदनको अभिलेख व्यवस्थित नहुँदा विभिन्न समय र प्रयोजनमा भएका अध्ययन, प्राविधिक प्रतिवेदन लगायतका अध्ययन कार्य दोहोरो हुन सक्ने तथा खर्चको उपयोगिता नहुने हुन्छ। प्राप्त अध्ययन प्रतिवेदनहरुको अभिलेख व्यवस्थित गराई उपयोग गर्नुपर्दछ। यसका केही उदाहरणहरू निम्नानुसार छन्:

| सि.नं. | सम्झौता नं. | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप | म्याद थप पश्चात् कायम मिति |
|---|---|---|---|---|---|
| १ | एच.आर.पि. /०७७/७८-००१ | २०७८।०१।२२ | २ महिना | १५ महिना | २०७९।०६।२७ |
| २ | एच.आर.पि. /०७४/७५-००२ | २०७५।११।२६ | ९ महिना | २९ महिना | २०७८।१२।२९ |
| ३ | एच.आर.पि. /०७५/७६-००३ | २०७६।०७।०४ | ७ महिना | १४ महिना | २०७८।०४।२० |
| ४ | एच.आर.पि.//०७५/७६-००२ | २०७६।०१।२२ | ७ महिना | २० महिना | २०७९।०४।०८ |
| ५ | एच.आर.पि. /०७६/७७-००६ | २०७६।०५।२० | ९ महिना | ४१ महिना | २०८०।०८।१७ |

१८. **बिमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) बमोजिम सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा बोलपत्र जमानत वा कार्यसम्पादन जमानत लगायत मोविलाइजेशन र

डिमोविलाइजेशन खर्च, बिमा, परामर्शदातालाई दिनु पर्ने सुविधा बापतका कार्यहरू, गुणस्तर पर ीक्षण, व्यवसायजन्य स्वास्थ्य र सुरक्षा, एज विल्ट नक्सा, कार्यसम्पादन जमानतको कमिशन खर्च आदिको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नु पर्ने उल्लेख छ। यस प्रकारका खर्चहरूको लागत अनुमान तयार गर्न कठिन हुने हुँदा प्रोभिजनल सममा राखी वास्तविक खर्चको आधारमा भुक्तानी दिने प्रचलन रहेको छ। आयोजनाले बिमाको रकमलाई प्रोभिजनल सममा समावेश नगरी लमसममा समावेश गरेको छ। यसका केही उदाहरणहरु देहायअनुसार छन्:

(रु.हजारमा)

| सि. नं. | ठेक्का नं. | निर्माण व्यवसायी | बिमाको लागत अनुमान | कबोल अंक | बढी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ००८-२०७९।८० | शर्मा एण्ड कम्पनी प्रा लि | १,४,२०० | २७,३०० | १९२.२५ |
| २ | ०३३-२०७९।८० | भैरव नारायणम् जे.भी. | १,१०० | २,५०० | २२७.२७ |
| ३ | ०३२-२०७९।८० | भैरव नारायणम् जे.भी. | ९,०० | २,५०० | २७७.७७ |
| ४ | ००५-२०७९।८० | लुम्विनी रौताहा वन्दन भगवत्ति जे.भी. | २,७०० | १५,००० | ५५५.५५ |
| ५ | ००१-२०७९।८० | गणेश शारदा जे.भी. | ६८२ | १,५०० | १५२.७४ |
| ६ | ००२-२०७९।८० | हिमालयन लुम्विनी जिवन जे.भी. | ५०० | २,००० | ४०० |
| ७ | ००४-२०७९।८० | रामजानकी निर्माण सेवा प्रा.लि. | ५०० | १,५०० | ३०० |
| ८ | ०११-२०७९।८० | वेदांशी इन्फ्रास्ट्रकचर प्रा.लि. | ९०० | १,५०० | १६६.६७ |
| ९ | ०१५-२०७८।७९ | कमलजित शिवाको जे.भी. | ५०० | १०,००० | २००० |
| १० | ०१७-२०७९।८० | सागर निर्माण सेवा | २०० | २,००० | १००० |

उपर्युक्त तालिका अनुसार बिमामा लागत अनुमानको तुलनामा १५२देखि २००० प्रतिशतसम्म बढी रकम भुक्तानी दिनुपरेको देखिन्छ। बिमालाई प्रोभिजनलसमको रुपमा नराखी प्रतिस्पर्धात्मक मूल्य अङ्कित गर्ने गरी बिल अफ क्वान्टिटी मा राख्दा निर्माण व्यवसायीले अस्वाभाविक रकम कबोल गर्न मिल्ने तर वास्तविक खर्च न्यून हुने, शुरुमै बढी भुक्तानी लिने मनसायले फ्रन्ट लोडिङ गर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्नुपर्दछ। बिमा खर्च जस्ता जबमा आधारित विषयहरूलाई बीजक बमोजिम भुक्तानी हुनेगरी सम्झौतामा व्यवस्था गर्न तर्फ ध्यान दिनुपर्दछ।

१९. **म्याद थप-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२०(१) अनुसार काबू बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदनको आधारमा अधिकार प्राप्त अधिकारीले अवधि बढाउन सक्ने व्यवस्था छ।यस सम्बन्धमा देखिएका बेहोरा देहाय बमोजिम छन् ।

१९.१. **निर्माण अवधि अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सम्पन्न गर्न लाग्ने अधिकतम अवधि खुलाउनु पर्ने व्यवस्था छ। योजनाको सफलता मापन गर्न लागत, गुणस्तर र समय मुख्य कारक पक्ष हुँदा सम्झौता अवधि निर्धारण विधि वैज्ञानिक बनाउन २०७२।७३देखि लागु हुनेगरी नेपाल सरकार सचिवस्तरीय निर्णयबाट खरिद सम्झौताको समयावधि तोक्ने मापदण्ड स्वीकृत गरेको छ। मापदण्ड अनुसार रू ३ करोडदेखि १ अर्बसम्मका खरिद सम्झौता सम्पन्न गर्ने अवधि ३०देखि ५० महिनासम्म दिनुपर्ने व्यवस्था रहेको भए तापनि आयोजनाबाट व्यवस्थापन भएका खरिद सम्झौतामा निर्देशिका भन्दा कम अवधि कायम गरी ठेक्का सम्झौता भएको देखिन्छ। यस सम्बन्धी विवरण देहायबमोजिम छन्:

| खरिद सम्झौता रकम | निर्देशिका अनुसार हुनुपर्ने अवधि | प्रदान गरेको |
|---|---|---|

| | | |
|---|---|---|
| ३ करोड सम्म | १२ | ४-२५ महिना |
| ५ करोड सम्म | १८ | ११-२४ महिना |
| ९ करोड सम्म | २४ | १२- ३६महिना |
| १५ करोड सम्म | ३० | १८-४५ महिना |
| २७ करोड सम्म | ३६ | १२- ४१महिना |
| ४७ करोड सम्म | ४२ | १८- ४२महिना |
| ८३ करोड सम्म | ४८ | ११- ३६महिना |
| १ अर्ब सम्म | ५० | ३०महिना |

उपर्युक्त तालिकाको अध्ययन गर्दा आयोजनाले न्यूनतम ४देखि अधिकतम ४५ महिना सम्मको म्याद दिएको देखिन्छ। निर्देशिका अनुसार रू. ३ करोडको ठेक्कालाई अधिकतम १२ महिनासम्म म्याद दिनुपर्नेमा रू. ९ करोड सम्मको ठेक्कालाई १२ महिना मात्र म्याद दिएको देखियो। यस्तै रू.१ अर्ब र सो भन्दा माथिको ठेक्कालाई ३०देखि ४२ महिना मात्र म्याद दिएको पाइयो। निर्माण कार्यको प्रकृति र अवस्थाको पर्याप्त विश्लेषण गरी सम्पन्न गर्ने अवधि निर्धारण नहुँदा समयमा कार्य सम्पन्न हुन नसकी म्याद थप गर्दै जाने अवस्था देखिएकोले सो कार्यमा सुधार हुनुपर्दछ।

**१९.२.** सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको स्टाण्डर्ड बिडिङ्ग डकुमेन्टका शर्तहरुमा निर्माण व्यवसायीसँग निर्माण कार्यतालिका (Work Schedule) सम्झौता गर्दा तथा तत्पश्चात् प्रत्येक ६० दिनमा लिनुपर्ने व्यवस्था छ। कार्यलातिकामा निर्माण व्यवसायीले निर्माणमा भएको प्रगति र देखापरेको समस्या समेत उल्लेख गर्नुपर्दछ। तोकिएको समयमा कार्यतालिका पेश नगरेमा निर्माण व्यवसायीलाई भुक्तानी हुने बिलबाट रकम रोक्का गरी राख्ने व्यवस्था समेत गरिएको छ। त्यसै निर्माण व्यवसायीले निर्माण कार्यको दैनिक डायरी राख्नुपर्ने र उक्त अभिलेख आयोजना वा निर्माण कार्यको प्राविधिक कर्मचारीबाट प्रमाणित गरिराख्नु पर्ने उल्लेख छ। निर्माण व्यवासायीसँग सम्झौता गर्दा लिएको कार्यतालिका अभिलेख प्रयोजनमा मात्र सीमित भएको तथा त्यस्तो कार्यातालिका निर्माण कार्यको म्याद थप गर्नुपर्दा पुनः औपचारिकताको लागि लिने गरेको देखियो। त्यस्तै दैनिक डायरी राखेको पाइएन। यस आयोजनाको म्याद थप भएका ठेक्काहरू मध्ये २२ ठेक्काको विश्लेषण गर्दा १ ठेक्काको शुरु सम्झौताको ५० प्रतिशत सम्म, ५ ठेक्कामा शुरु सम्झौताको ५१देखि १०० प्रतिशतसम्म र १६ ठेक्कामा शुरु सम्झौताको शतप्रतिशतभन्दा बढी म्याद थप गरिएको छ। यस्तै सार्वजनिक खरिद नियमावलीको १३ औं संशोधनबाट ५६ ठेक्काको म्याद थप भएकोमा २०८०।८१सम्म १२ ठेक्को म्याद गुज्रिसकेको छ।

**१९.३.** आयोजनाको म्याद थपको अध्ययन गर्दा एक निर्माण कार्यमा ८ पटक म्याद थप भएको देखिन्छ। काबु बाहिरको परिस्थितिका कारण कार्य सम्पन्न गर्न नसकेको भनी निवेदन गरेको आधारमा म्याद थप हुने गरेकोमा म्याद थपका कारण खर्चमा भएको वृद्धिका सम्बन्धमा विश्लेषण हुने गरेको छैन। निर्माण स्थलको भौगोलिक अवस्था, कार्य वातावरण, अनुकूल अवधि, कार्य सम्पन्न गर्न आवश्यक पर्ने दक्ष जनशक्ति र विशेष यन्त्र उपकरणको प्रयोगको सुनिश्चितता, Program Evaluation Review Technique (PERT) र Critical Path Method (CPM) लगायतका विधि सहितको वस्तुनिष्ठ आधार तयार गरी निर्माण कार्यको अवधि निर्धारण गर्ने व्यवस्था गर्नुपर्दछ।

**१९.४.** ठेक्काको म्याद थप गर्दा थपहुने व्ययभार र शुरु सम्झौता अवधि भित्र निर्माण सम्पन्न नहुँदा सेवा प्रवाहमा पर्ने असरको सम्बन्धमा विश्लेषण हुने गरेको देखिएन। म्याद थपका कारणहरूमा कोभिड-१९ को महामारी, स्थानीयको अवरोध, स्थानीय स्तरबाट बालुवा, गिट्टी उत्खनन्मा रोक तथा क्रसर उद्योग

सञ्चालनमा रोक, बिजुलीका पोलहरु समयमा स्थानान्तर नहुनु, बजार क्षेत्र तथा सडक किनारामा रहेको घर टहराले साईट क्लियरेन्स समयमा हुन नसक्नु, निर्माण सामग्रीको अभाव तथा मूल्य वृद्धि, चाडपर्व, वर्षा, चुनाव, जग्गा प्राप्तिमा समस्या, सम्मानित अदालतबाट विभिन्न स्थानमा निषेधाज्ञा, वन तथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा अवरोध, दैविक प्रकोपले निर्माणाधीन संरचनाहरुमा क्षति, ड्रइङ तथा डिजाइनमा परिवर्तन आदि उल्लेख गरेको देखिन्छ। निर्माण कार्यतालिका (Work Schedule) पूरा नगर्ने, निर्माण कार्यमा आवश्यक पर्ने प्राविधिक तथा ज्यामी, इक्युपमेन्ट तथा निर्माण सामग्रीको यथोचित व्यवस्थापन गर्न नसक्दा समेत निर्माण कार्य सम्पन्न नभएको अवस्थामा समेत माथिका कारण देखाई म्याद थप भएको छ।

आयोजना स्वीकृति पूर्वका कार्यहरु सम्पन्न नगरी निर्माण कार्यका लागि खरिद सम्झौता गर्नु, आयोजनाको लागि आवश्यक समयावधि यथार्थ रूपमा निर्धारण नगरिनु, पर्याप्त र उचित कारण बेगर म्याद थप गर्नु, समय र लागतलाई मापन गर्ने आधुनिक विधिहरुको प्रयोग नगरिनु, शुरू सम्झौता अवधिमा कार्य सम्पन्न गर्न निर्माण व्यवसायीलाई प्रोत्साहन नगरिनु जस्ता कारणहरुले आयोजनामा पटक पटक हुने म्याद थप हुने गरेको छ। यस्तो अवस्थामा सुधार हुनुपर्दछ।

२०. **भेरिएसन-** कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को उपनियम (१) बमोजिम खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसिकएको परिस्थिति सम्झौता कार्यान्वयनका क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई सार्वजनिक निकायले भेरिएशन आदेश जारी गर्न सक्ने उल्लेख छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन आदेश जारी गर्दा तोकिएको पदाधिकारीले निर्माण कार्यको ड्रइङ, डिजाइन तथा स्पसिफिकेसन आदि बदल्नुपर्ने वा नपर्ने र बदल्नुपर्ने भएमा निर्माण कार्यको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा, भेरिएसन परमाणको प्राविधिक पुष्टयाईं र कारण, लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत र स्वीकृत बजेट तथा कार्यक्रममा परे/नपरेको कुरा खुलाई प्रमाणित गर्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएको बेहोरा निम्नानुसार छन्:

२०.१. निर्माण कार्यको सर्भेक्षण तथा डिजाइन तयार गर्दाके बखत राख्नुपर्ने तथा खरिद सम्झौता गर्दाको बखत नै पूर्वानुमान गर्नसकिने कार्यमा समेत बिल अफ क्वाण्टिटीमा नराखी खरिद सम्झौता गर्ने र कार्यन्वयनका क्रममा छुट भएको उल्लेख गरी परिमाण थप गर्ने वा नयाँ काम र परिमाण थप भएको देखिन्छ। यस आयोजनामा भएका १० प्रतिशतभन्दा माथिका भेरिएसनका केही उदाहरणहरु यस प्रकार छन्:

(रु. हजारमा)

| ठेक्का नं. | शुरु सम्झौता रकम | भेरिएसन पश्चात्को रकम | भेरिएसन प्रतिशत |
|---|---|---|---|
| एचआरपी /३३७२२४४/०७३-७४/यूआर-००१ | ४२,५६,९०.५० | ४७,२९,०१.१८ | ११ |
| एचआरपी /३३७२२४४/०७२-७३/ यूआर-०१८ | २९,८६,७४.१६ | ३४,१५,८९.०४ | १४ |
| एचआरपी /३३७२२४४/०७५-७६/ यूआर-०१५ | ७९,११,३५.०० | ९०,१७,९५.२५ | १४ |
| एचआरपी /३३७२२४४/०७३-७४/ यूआर-०३६ | ४१,६३,५८.४८ | ४७,४९,३७.९७ | १४ |
| एचआरपी /३३७२२४४/०७२-०७३/यूआर-००२ | ४४,१६,९५.३१ | ४८,६७,२६.२८ | १०.२० |
| एचआरपी /३३७२२४४/०७२-०७३/यूआर-०१० | २७,९५,४२.६० | ३१,९४,८७.६९ | १४.३७ |
| एचआरपी /३३७२२४४/०७२-०७३/यूआर-०११ | २२,९७,४५.३५ | २५,७२,५४.३९ | ११.९७ |
| एचआरपी /३३७०११२८४/०७६/०७७७/विसी-००८ | ३६,९०,८५.८१ | ४२,१९,६६.२२ | १४.३१ |
| एचआरपी /३३७२२४४/०७४-०७५/यूआर-००४ | १२,०३,२०५.९० | १,३७,७२,५७.९९ | १४.४७ |
| एचआरपी /३३७२२४४/०७४-०७५/यूआर-००५ | १,०७,०४,६६.१८ | १,२२,६६,७९.५५ | १४.६१ |
| एचआरपी /३३७२२४४/०७२-०७३/यूआर -०७ | २६,७१,५८.३५ | २९८८,००.३२ | ११.८४ |
| एचआरपी /३३७२२४४/०७२/०७३/यूआर-०८ | २२,०९,२२.८४ | २५,३५,३०.३१ | १४.३ |
| एचआरपी /३३७२२४४/०७४-०७५/यूआर-०१० | ७४,२७,४६.६८ | ८२,९२,९५.०५ | ११.६५ |

उल्लिखित ठेक्कामा साविकमा रहेको परिमाणमा थप गरी भेरिएसन भएको देखिन्छ। भेरिएसन बगेर निर्माण कार्य सम्पन्न नहुने भए तापनि सम्झौता रकममा बढोत्तरी हुने गरी उल्लेख्य प्रतिशतमा भेरिएसन हुने गरेको छ। कार्यान्वयन गर्ने निकायहरुसँग भेरिएसनका कारणहरू माग गर्दा निर्मित क्षेत्रमा कालोपत्रे सडकको चौढाइ बढेको, स्लाब कल्भर्ट थप गर्नुपर्ने, नालाको लम्बाइ बढाउनुपर्ने, रेखाङ्कनमा परिवर्तन, अन्य सडकद्वारा ओभरल्याप, पहुँच सडकको लम्बाइ, चौडाइ तथा उचाइमा परिवर्तन, नापजाँचको क्रममा स्वीकृत भेरिएसनको परिमाणमा केही थपघट भएको, नयाँ आइटम थप गर्नुपर्ने आदि रहेका छन्।

आयोजनाहरूको ड्रइङ, डिजाइन तथा लागत अनुमान तयार गर्दा पर्याप्त अध्ययन र स्थलगत अवलोकन गर्नुपर्दछ। निर्माण चरणमा आयोजनाको ड्रइङ, डिजाइन तथा लागत परिवर्तन गर्नुपर्ने अवस्था सिर्जना भएमा पर्याप्त अध्ययन नगरी आयोजनाको डिजाइन तयार गर्ने प्राविधिक तथा परामर्शदातालाई जिम्मेवार बनाउनु पर्दछ।

२१. **गुणस्तर नियन्त्रण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सार्वजनिक निकायले गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने र निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको General Condition of Contract मा निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण सम्बन्धित व्यवस्था छ। सम्झौताको Technical Specification मा निर्माण कार्यको सम्झौता गर्दा निर्माण व्यवसायीबाट Quality Assurance Plan (QAP) पेश गर्न लगाई सो अनुसार आवश्यक मात्रा तथा संख्यामा गुणस्तर परीक्षण गरी निर्माण गरिएको संरचनाहरुको गुणस्तर कायम गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएको बेहोरा निम्नानुसार छनः

२२.१ सडक तथा पुलको लागि जारी गरिएको स्ट्याण्डर्ड स्पेसिफिकेशनमा निर्माण व्यवसायीले साईटमा बिटुमिन बाइण्डर उपलब्ध गराउनु पूर्व उक्त कार्यको लागि प्रयोग गरिने बिटुमिन निर्माताबाट तोकिए बमोजिमको स्पेशिफिकेशन भएको प्रमाणित हुने सर्टिफिकेट र स्पेशिफिकेशन अनुसार तोकिएको गुणस्तर परीक्षण गरेको परीक्षण प्रतिवेदनसमेत पेश गर्नु पर्ने व्यवस्था छ। प्रस्ताव गरेको बिटुमिनको गुणस्तर तथा स्पेसिफिकेशन तोकिए बमोजिमको देखिएमा सो अनुसार प्राप्त भएको नमुना व्याच समेत खुलाई परीक्षणको लागि पठाउने, परीक्षणबाट सफल भएमा मात्र बिटुमिन साईटमा ल्याउने अनुमती दिने र व्याच तथा निर्माता कम्पनी फरक भएमा पुनः सोही प्रकृयाबाट परीक्षण गरी साईटमा प्रयोग गर्न अनुमती दिनुपर्ने व्यवस्था रहेकोमा निर्माण व्यवसायीले पेश गरेको ल्याव रिपोर्टको आधारमा प्रयोग भएको देखिन्छ। कार्यालयहरूले ल्यावमा परीक्षण गर्दा स्पेसिफिकेशन अनुसारको गुणस्तर पुगेको बिटुमिन निर्माण व्ययवासयीले निर्माणमा प्रयोग गरेको पुष्टि हुने गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ।

२२.२ राजमार्ग अन्तर्गतका सबै योजना कार्यालयमा प्रयोगशाला प्राविधिकको दरबन्दी र आफ्नै प्रयोगशाला उपकरण नभएकोले सडक डिभिजन कार्यालय वा अन्य बाह्य संस्थाबाट निर्माण व्यवसायीद्वारा गुणस्तर परीक्षण गरेको प्रतिवेदन पेश हुने गरेको छ। प्रयोगशाला र सोमा लाग्ने जनशक्ति योजना कार्यालयमा भएमा निरन्तर गुणस्तर परीक्षण गर्न सहज हुने हुँदा आवश्यक गुणस्तर कायम राख्न प्रयोगशाला जाँचलाई सहज बनाउन सम्बन्धित निकायले पहल गर्नुपर्दछ।

२२.३ सिलबन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुनाको आधारमा परीक्षण गर्दा सम्बन्धित ठेक्कामा प्रयोग हुने सामानको नमुना हो, होइन यकिन गर्न कठिनाइ हुने अवस्था छ। निर्माण सामग्री उत्खनन् गर्ने स्थल स्वीकृत गरी गुणस्तर परीक्षण गरिएका सामग्रीमात्र प्रयोग गर्नुपर्नेमा त्यस प्रकारको स्वीकृति दिएको देखिएन। खरिद सम्झौतासाथ पेश गरेको गुणस्तर आश्वस्तता योजनामा

पुलहरुको क्युव टेष्ट, सडकको फिल्ड डेन्सिटी टेष्ट, सब बेस/बेसमा प्रयोग गरिएका सामग्रीहरुको नमुना स्थल यकिन नभएकोले परीक्षण गरेको नमुनाले निर्माण स्थलमा प्रयोग भएको सामग्रीको गुणस्तर प्रतिनिधित्व गरेको अवस्था नदेखिएकोले निर्मित संरचनाको गुणस्तरमा आश्वस्त हुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

२२. **पेभमेन्ट डिजाइनमा भिन्नता -** सडक विभागको Guideline for the Design of Flexible Pavement – २०१४ (संसोधन सहित) अनुसार पेभमेन्टको प्रकार निर्धारण गर्दा भेहिकल ड्यामेज फ्याक्टर (भी.डी.एफ), ट्राफिक भोलुम, भूगोल, तापक्रम, लागत आदिको आधारमा गर्ने उल्लेख छ। हुलाकी राजमार्ग योजना कार्यालयहरूले निर्माण गरिरहेका सडकको डिजाइनमा एकरुपता रहेको छैन। निर्देशनालयले एउटै सडकको विभिन्न खण्डमा डी.बी.एस.टी, २० एमएम प्रिमिक्स, ६० एमएम डीबीएम र ४० एमएम अस्फाल्टको डिजाइनको आधारमा ठेक्का व्यवस्थापन गरेको देखिन्छ। यसरी फरक डिजाइनका सडक निर्माण गर्नका कारण खुलेको छैन। एउटा सडक खण्डमा समान भार क्षमताको सवारी साधन गुड्ने भएकोले पेभमेन्टमा भिन्नता हुँदा केही सडकको आयु कम भई क्षतिहुने जोखिम रहन्छ। राजमार्गको ठेक्का व्यवस्थापन गर्दा भू-बनोट, आगामी २० वर्षको ट्राफिक प्रक्षेपण र भोलुम विश्लेषण, पेभमेन्टको लाइफ स्पानको आधारमा एकरूपता कायम गर्नुपर्दछ। केही उदाहरणहरुः

| सि.नं. | सडक खण्ड | किलोमिटर | पुर्व-पश्चिम / उत्तर-दक्षिण | पेभमेन्टको प्रकार |
|---|---|---|---|---|
| १. | एम.आर.एम गोलबजार-लाग्दी-गदयानी | २७.४६ | उत्तर-दक्षिण | ५० एमएम अस्फाल्ट |
| २. | एम.आर.एम (फुलजोर) त्रिभुवननगर | २१.२० | उत्तर-दक्षिण | (५०+२०) एमएम डिबिएम + प्रिमिक्स |
| ३. | भेल्ही-त्रिभुवननगर | २ | उतर-दक्षिण | ५० एमएम अस्फाल्ट |
| ४. | कदमचौक-कपतौल-तिनकौरिया | ३०.५८ | पुर्व-पश्चिम | डि.बि.एस.टि |
| ५. | बलान-कमला | २९.९८ | पुर्व-पश्चिम | (५०+५०) एमएम डिबिएम + अस्फाल्ट |
| ६. | जनकपुर-बसबिटी-बलवा-हर्दी-पोखराभिण्डा-संग्रामपुर | २० | पुर्व-पश्चिम | ((५०+५०) एमएम डिबिएम + अस्फाल्ट |
| ७. | शीतलपुर-मलंग्वा-खरैया टोल | ४०.३७० | पुर्व-पश्चिम | डि.बि.एस.टि |
| ८. | एम.आर.एम. बाँके संग्रामपुर | २२.४८० | उत्तर-दक्षिण | (५०+२०) एमएम डिबिएम + प्रिमिक्स |
| ९. | यदुकुहा खजुरी महुवा | १० | उत्तर-दक्षिण | ५० एमएम अस्फाल्ट |
| १०. | रासी नदी - पूर्व गोठुवा | २१ | | ६० एमएम डिबिएम र ४० एमएम अस्फाल्ट |

२३. **कार्य सम्पादन करार -** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १९ मा नेपाल सरकारले सम्पादन (परफरमेन्स कन्ट्राक्ट) गरिसक्नु पर्ने वा निश्चित परिमाणको उपलब्धि हुने गरी सम्पादन गर्नु पर्ने भएमा वा नेपाल सरकारको राष्ट्रिय दृष्टिकोणले प्राथमिकता प्राप्त कुनै कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नु पर्ने भएमा कुनै पदाधिकारीसँग कार्य सम्पादन करार गरी त्यस्तो कार्य सम्पादन गर्ने जिम्मेवारी निजलाई दिन सकिने व्यवस्था छ। यस आयोजनामा आयोजना निर्देशक र योजना कार्यालय प्रमुखबिच कार्य सम्पादन करार गरेको देखिएन। आर्थिक वर्ष २०७४।७५सम्म निर्माण सम्पन्न गर्ने उद्देश्यले २०६६।६७ मा स्थापित यस आयोजनाको हाल २०८३।८४ (प्रस्तावित)सम्म पनि म्याद थप भई रहेको छ। आयोजना स्थापनादेखि हालसम्म १९ जना आयोजना निर्देशक फेरबदल भई नेतृत्वमा अस्थिरता देखिएको छ। यसबाट आयोजनाको प्रभावकारी कार्यान्वयनमा ढिलाइ भइरहेको देखिएको छ। जनशक्तिको कार्यसम्पादनलाई नतिजामुखी तुल्याउन कार्यसम्पादन करार गरी आयोजना अवधिभर फेरबदल नगर्ने नीति अवलम्बन गरी नतिजासँग आवद्ध गर्नुपर्दछ।

२४. **संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८(७क) मा निर्माण कार्यमा संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बाट कार्य सम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने र त्यस्तो कार्यको जिम्मेवारी संयुक्त उपक्रमका कुनै एक सदस्य वा सीमित सदस्य वा अन्य कसैलाई हस्तान्तरण गर्न नपाइने व्यवस्था छ। राजमार्गमा २०८०।८१सम्म सञ्चालनमा रहेका १२४ निर्माण कार्य मध्ये ८४ संयुक्त उपक्रमका रहेका छन्। संयुक्त उपक्रमका कुनै एक पक्ष मात्र निर्माण कार्यमा सहभागी हुने गरेको कारण निर्माण कार्यका लागि योग्य हुन तोकिएको क्षमता, अनुभव र तिनको संलग्नता पर्याप्त अवधि नरहनाले निर्माण कार्य समयमा सञ्चालन नहुने र गुणस्तरमा आँच आइरहेको अवस्था छ। संयुक्त उपक्रमका मुख्य फार्मले अग्रसरता देखाई नलेज ट्रान्सफर हुने व्यवस्था सहित सबै पक्षको निर्माण कार्यमा सहभागिता हुनुपर्दछ। केही उदाहरणः

| परियोजनाको नाम | निर्माण व्यवसायीको नाम | मुख्य जे.भी. | सहायक जे.भी. |
|---|---|---|---|
| आर.सी.सी. नाली, बक्स कल्भर्ट तथा प्लम कंक्रिट पर्खाल निर्माण सितलपुर मलंगवा खरियाटोल सडक | कमलजीत/विकास/शिवाको जे.भी. | कमलजीत निर्माण सेवा | विकास एण्ड ब्रोदर्स |
| भेल्ही-त्रिभुवननगर सडक | सपना / दिपु जे.भी. | सपना निर्माण सेवा | दिपु एण्ड कम्पनी |

२५. **नतिजामूलक अनुगमन तथा मूल्याङ्कन -** आयोजना सञ्चालनको विद्यमान स्थिति, समस्या र चुनौती तथा अवसरको पहिचान गर्नका लागि तालुक निकायबाट आयोजनाको निरन्तर अनुगमन मूल्याङ्कन गर्नुपर्दछ। स्रोत परिचालन, क्रियाकलापको कार्यान्वयन, समस्याको बाधा अड्काउ फुकाउन वैकल्पिक मार्ग पहिचानको लागि आयोजनाको अनुगमन महत्वपूर्ण मानिन्छ। आयोजनाको कार्यान्वयनमा दक्षता अभिवृद्धि गर्न तथा अनुगमन प्रणालीलाई लक्षित परिमाण, गुणस्तर, लागत र समयसँग संयोजन गरी प्रतिवेदनमूलक बनाउन जरुरी छ। प्रतिवेदन सहितको नतिजामूलक अनुगमन पद्धति प्रयोगमा आउनुपर्दछ। आयोजना कार्यान्वयनको सिलसिलामा निर्देशनालय तथा योजना कार्यालयहरूबाट सञ्चालनरत विभिन्न कार्यक्रमहरूमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, संसदीय समिति, मुख्यमन्त्री तथा मन्त्रिपरीषद्को कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, भारतीय दुतावासबाट अनुगमन हुने गरेको देखिन्छ। संसदीय समिति बाहेक अन्य निकाय तथा पदाधिकारीले आयोजनाको क्रियाकलापसँग सम्बन्धित सुधार गर्नुपर्ने विषयमा लिखित प्रतिवेदन दिने अभ्यासमा कमी देखिन्छ। अनुगमन प्रणाली मूल्याङ्कनसँग आवद्ध हुनेगरी प्रतिवेदन प्रणाली विकास गर्दै बहुनिकायबाट हुने अनुगमन भन्दा विशिष्ट आयोजना अनुगमन तथा पृष्ठपोषणको व्यवस्था हुनुपर्दछ।

# परिच्छेद -४
# निष्कर्ष तथा सुझाव

तराईमा यातायातको सहज पहुँच विस्तार गरी पिछडिएका बस्तीहरूलाई सडक सञ्जालसँग जोड्दै व्यापार, कृषि, पर्यटन, तथा आर्थिक विकास प्रवर्धन गर्ने उद्देश्यका साथ सञ्चालित आयोजनाले अपेक्षाकृत उपलब्धि हासिल गर्न नसकेको अवस्था छ। संशोधित कार्यतालिका अनुसार २०७९।८० भित्र आयोजना सम्पन्न गर्ने लक्ष्य तोकेकोमा २०८०।८१ सम्ममा आयोजनाको भौतिक प्रगति ६६.९१ प्रतिशत रहेको छ। पर्याप्त पूर्व तयारी नभई आयोजना कार्यान्वय हुनु, कार्य तालिका पालनामा निर्माण व्यवसायी प्रोत्साहित नहुनु, आयोजना कार्यालयले स्थानीय अवरोध तथा विवादलाई समयमै समन्वय गरी समाधान गर्न सफल नहुनु, बिशेष परिस्थितिमा हुनुपर्ने म्याद थप को प्रावधानलाई सुविधाको रुपमा प्रयोग गर्नु, डिजाइन एण्ड बिल्ड विधिबाट निर्माण हुने पुलहरू समेत समयमा सम्पन्न नहुनु, अन्तरनिकाय समन्वय कमजोर हुनु, राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्रमा रेखाङ्कनको टुङ्गो नहुनु लगायतका समस्या र कारणहरूले आयोजना निर्धारित अवधिमा सम्पन्न नभई समय र लागतमा वृद्धि भएको अवस्था छ। आयोजना कार्यान्वय पक्ष सुदृढ बनाई लक्षित प्रतिफल प्राप्त गर्नका लागि उल्लेखित समस्या समाधान गर्दै कार्यतालिकाभित्र निर्माण सम्पन्न गर्नुपर्दछ। कार्यमूलक लेखापरीक्षणको आधारमा आयोजनाको कार्यसम्पादन अवस्था सम्बन्धमा आवश्यक सुधारका लागि देहायबमोजिमको सुझाव उल्लेख गरिएको छ।

- आयोजना छनौट पूर्वको तयारी प्रभावकारी रुपमा सम्पन्न भएका, सम्भाव्यता अध्ययन, विस्तृत आयोजना अध्ययन, वातावरणीय अध्ययन प्रतिवेदन तयार गरिएका र निर्माण स्थल तयारीको कार्य पश्चात् बोलपत्र आह्वान तथा निर्माण सम्झौता गर्नुपर्दछ।
- आयोजनाहरूको ड्रइङ, डिजाइन तथा लागत अनुमान तयार गर्दा पर्याप्त अध्ययन तथा स्थलगत अवलोकन गरी सबै पक्षको संलग्नतामा तयार गर्नुपर्दछ। परामर्शदाताबाट तयार गरिएको कागजातहरूको पर्याप्त अध्ययन गर्नुपर्दछ। खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा मात्र भेरिएसन आदेश जारी गर्नुपर्दछ।
- राष्ट्रिय गौरवको आयोजनाको हकमा माग अनुसारको बजेटको उपलब्धता र सुनिश्चतता हुनुपर्दछ। आयोजनाले विनियोजित बजेट अनुरुप खर्च गरी तोकिएको वार्षिक लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ।
- म्याद थपको लागि पेश गरिएका निवेदनमा उल्लेखित कारणहरूको विश्लेषण गर्ने, उपरोक्त कारण निवारण गर्दै एउटै कारणमा पटक पटक म्याद थप गर्ने अभ्यास निरूत्साहित गर्दै समयमा कार्य सम्पन्न गर्न निर्माण व्यवसायीलाई प्रोत्साहित गर्नुपर्दछ।
- सडक निर्माणमा प्रयोग हुने नदि तथा खानीजन्य निर्माण सामग्रीको प्राप्तिमा सरलता कायम गर्न उद्योगको रूपमा विकास गर्ने अवधारणा कार्यान्वयन गर्नुपर्दछ।
- आयोजनाको प्रभावकारी सञ्चालनका लागि संघ, प्रदेश, स्थानीय तह बिच समन्वय र सहकार्य हुनुपर्दछ।
- गुणस्तर परीक्षणलाई प्राथमिकता दिई निर्मित सडक तथा पुलहरुको गुणस्तर सुनिश्चित गर्नुपर्दछ।
- आयोजनाको अनुगमन गर्दा निश्चित समय, लागत तथा सूचकसहित जिम्मेवार निकाय तोकी स्पष्ट अनुगमन कार्यान्वयन कार्ययोजना लागु गरी प्राप्त सुझावलाई पृष्ठपोषणको रुपमा उपयोग गरी आयोजनाको कार्यान्वयन गर्नुपर्दछ।

# स्थानीय तहबाट तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन अवस्था
## परिच्छेद-१
## परिचय

१. **परिचय –** नेपालको संविधानले राज्य संरचना सङ्घ, प्रदेश र स्थानीय तहमा विभाजन गरी धारा ५७ को उपधारा (४) मा स्थानीय तहको अधिकार अनुसूची - ८ मा उल्लेख भए बमोजिम हुने र सो अधिकारको प्रयोग संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानुन बमोजिम हुने व्यवस्था गरेको छ। अनुसूचीको ७ मा स्थानीय स्तरका विकास आयोजना तथा परियोजना बनाई कार्यान्वयन गर्ने अधिकार स्थानीय तहलाई तोकेको छ। स्थानीय तहको स्रोत परिचालनको उल्लेख्य हिस्सा पूर्वाधार निर्माण लगायतका पुँजीगत प्रयोजनमा खर्च हुने गरेको छ। यस्ता विकास आयोजना कार्यान्वयनमा प्रचलित कानुन बमोजिम खरिद पूर्वतयारी गरी खरिदका विधि र प्रक्रियाको पालना गर्नुपर्ने हुन्छ। स्थानीय तह स्वयंले कार्यान्वयन गर्ने योजना मात्र नभई संङ्घीय तथा प्रदेश सरकारको विषेश तथा समानीकरण अनुदानबाट सञ्चालन हुने योजना समेतको विस्तृत परियोजना प्रतिवेदन तयार हुने गरेको छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० अनुसार लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको प्रारम्भिक प्रतिवेदन उपर स्थानीय तहको प्रतिकृया अवधि पूरा भएपछि प्रतिवेदन जारी गर्दा समेत विस्तृत आयोजना प्रतिवेदन कार्यान्वयन अवस्था सम्बन्धमा सैद्धान्तिक बेहोराहरु उल्लेख हुने गरेको छ। यसै सन्दर्भमा यसवर्ष स्थानीय तहबाट तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन अवस्था सम्बन्धमा अध्ययन गर्ने प्रयास गरिएको छ।

२. **नीतिगत तथा कानुनी व्यवस्था:**

२.१. **नेपालको संविधान** - नेपालको संविधानले अनुसूची-८ मा एकल अधिकारको व्यवस्था गरी स्थानीय, ग्रमीण र कृषि सडक, स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु, वातावरण संरक्षण र जैविक विविधता, खानेपानी, साना जलविद्युत आयोजना लगायतमा स्थानीय तहको अधिकार हुने उल्लेख छ।

२.२. **नीतिहरु** -स्थानीय तहहरुले राष्ट्रिय नीतिको पालना गर्नु पर्ने तथा स्थानीय परिवेशलाई समेत सम्बोधन गर्नु पर्ने भएकोले सङ्घीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सञ्चालन हुने गरेको छ।

२.३. **कानुनी व्यवस्था** - स्थानीय तहहरुले विस्तृत आयोजना प्रतिवेदन तयारी एवं कार्यान्वयन गर्ने सम्बन्धमा निम्न कानुनी व्यवस्था रहेको छ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४

२.४. **वार्षिक नीति तथा कार्यक्रम**- सबै स्थानीय तहहरुले विस्तृत आयोजना प्रतिवेदन तयारी एवं कार्यान्वयनका लागि सालबसाली रुपमा सभाबाट कार्यक्रम स्वीकृत गराउने व्यवस्था रहेको छ।

३. **निकायगत व्यवस्था –**नेपालमा संविधान अनुसार स्थानीय तहको जिम्मेवारी र अधिकार निर्वाह गर्न हाल ७५३ स्थानीय तहको संस्थागत व्यवस्था छ।

४. **वित्तीय व्यवस्था** -स्थानीय तहहरुले विस्तृत आयोजना प्रतिवेदन तयारी एवं कार्यान्वयनका लागि पालिकाको उपलब्ध स्रोत एवं आयोजनाको आवश्यकता अनुसार बजेट खर्च हुने गरेको छ। खर्च मध्ये विस्तृत आयोजना प्रतिवेदनका लागि भएको खर्चको एकीकृत विवरण राख्ने पद्धति विकास भइनसकेकोले वित्तीय अवस्थाको अन्य पक्ष विश्लेषण भएको छैन।

# परिच्छेद-२

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति र सीमा

५. **लेखापरीक्षणको उद्देश्य –** स्थानीय तहहरुले हरेक वर्ष विभिन्न आयोजनाहरु कार्यान्वयन गर्ने उद्देश्यले विस्तृत आयोजना प्रतिवेदन तयार गर्न जनशक्ति अभाव देखाई परामर्श सेवा खरिदका लागि खर्च गर्ने गरेको छ। परामर्शदाताले तयार गरेको प्रतिवेदन कार्यान्वयन प्रभावकारी भए नभएको विश्लेषण गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। साथै परामर्श सेवा खरिद गर्दा नियमितता र मितव्ययिता कायम गरे नगरेको समेत विस्तृत गरी प्रतिवेदन गर्ने प्रयास गरिएको छ।

६. **लेखापरीक्षणको क्षेत्र -** यस लेखापरीक्षणका लागि स्थानीय तहले तयार गरेको विस्तृत आयोजना प्रतिवेदनका लागि निकायको प्राविधिक शाखाबाट गरेको विविध क्रियाकलाप, उद्देश्य प्राप्तिको स्थिति, स्थानीय तहको जनशक्ति व्यवस्थापन, अभिलेख व्यवस्थापन र कार्यक्रम कार्यान्वयनको स्थिति आदिलाई लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ। विस्तृत आयोजना प्रतिवेदनका सम्बन्धमा सम्बन्धित निकायहरुबाट प्राप्त विभिन्न आर्थिक वर्षहरुको उपलब्ध भएसम्मको तथ्याङ्क र विवरणको आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

७. **लेखापरीक्षणको पद्धति तथा आधार -** नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, कार्यमूलक लेखापरीक्षण योजना, महालेखापरीक्षक तथा कार्यालयको निर्देशन, कार्यमूलक लेखापरीक्षण निर्देशिका २०७९, प्राथमिक तथा द्वितीय स्रोतको तथ्याङ्कको आधारमा लेखापरीक्षण कार्यान्वयन गरी यो लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि पर्याप्त र उचित प्रमाण सङ्कलन गर्न नियन्त्रणको परीक्षण र विस्तृत विवरणको परीक्षण विधि अवलम्बन गरिएको छ। स्थानीय तहसँग सम्वन्धित काम कारबाही उपर सरोकारवाला निकायको व्यवस्थापनको तत्परतामा आश्वस्त हुन पेस हुने तथ्याङ्क, सूचनाको परीक्षण र भिडान सम्बन्धित पक्षसँग सोधपुछ र छलफल गरिएको छ। लेखापरीक्षणमा कार्य पद्धतिमूलक तथा नतिजामूलक प्रक्रिया अपनाइएको छ। लेखापरीक्षणको आधारको रुपमा नेपालको संविधान, प्रचलित ऐन, कानुनमा उल्लेख भएका विषयलाई लिइएको छ।

८. **लेखापरीक्षणको सीमा -** लेखापरीक्षणको क्रममा स्थानीय निकायहरुबाट प्राप्त तथ्याङ्कहरुको आधारमा विस्तृत आयोजना प्रतिवेदनहरुको विश्लेषण गर्ने प्रयास गरिएको छ। लेखापरीक्षणको लागि उपलब्ध समय सीमा, संलग्न जनशक्ति, सूचना तथा तथ्याङ्क सङ्कलन, स्थलगत अवलोकन समेतले लेखापरीक्षणको दायरालाई सीमित गरेको छ। लेखापरीक्षणका लागि उपलब्ध स्रोत साधन र समयको सीमा, कारोबारको नियन्त्रण जोखिमको मात्रा तथा लागतको दृष्टिकोणबाट सम्पूर्ण क्रियाकलापलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिने हुँदा लेखापरीक्षण योजना बमोजिम सारभूत विषयको छनौट गरी परीक्षण गरिएको छ।

# परिच्छेद-३

# लेखापरीक्षणबाट देखिएका ब्यहोरा

**सकारात्मक पक्ष-** विस्तृत परियोजना प्रतिवेदन अनुसार स्पष्ट कार्यतालिका र कार्यान्वयनका चरणहरू तय हुने हुनाले निर्माणकार्यहरू ढिलाइ नभई समयमै अघि बढ्ने गरेका छन्। योजनाको प्रविधिक पक्ष स्पष्ट हुने भएकाले इन्जिनियरिङ मापदण्डअनुसार गुणस्तरीय संरचना निर्माण भएको देखिएको छ। लागत अनुमान र कार्यगत विवरण प्रष्ट उल्लेख हुँदा बजेट नियन्त्रणमा सहयोग पुग्ने र अनावश्यक खर्च घटाउने मद्दत पुग्ने देखिन्छ। विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने क्रममा सरोकारवालाको सुझाव संलग्न गरिने भएकाले जनसहभागिता बढ्ने र निर्णयप्रति विश्वास बढ्ने प्रवल सम्भावना रहने देखिन्छ। योजनाको प्रत्येक चरणको विवरण, लागत र प्रगति स्पष्ट हुने भएकाले लेखापरीक्षण र अनुगमन प्रक्रियामा सहजता आएको छ। समग्रमा विस्तृत परियोजना प्रतिवेदनको कार्यान्वयनले सडक, खानेपानी, विद्यालय, स्वास्थ्य चौकी जस्ता संरचनाको निर्माणपछि शिक्षा, स्वास्थ्य र आर्थिक क्रियाकलापमा सकारात्मक प्रभाव परेको देखिन्छ।

९. **बजेट प्रस्ताव** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ दफा ९(३) मा प्रस्तावित बजेट तथा कार्यक्रमको क्षेत्रगत लक्ष्य तथा उपलब्धि, सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन, विस्तृत अध्ययन लगायत आयोजनाको अपेक्षित प्रतिफलको विषयमा लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकारीको उपस्थितिमा छलफल गरी सोको प्रतिवेदन अर्थ मन्त्री समक्ष पेस गर्नु पर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम १६(६) ले कार्यालयले बजेट तर्जुमा गर्दा आयोजना बैंकमा प्रविष्टि भई कार्यान्वयनका लागि स्वीकृत भएको र अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चतता भएको बहुवर्षीय आयोजनाका लागि मात्र आवश्यक रकम प्रस्ताव गर्नुपर्ने व्यवस्था गरेको छ। सो व्यवस्था अनुसार स्थानीय तहले संघ तथा प्रदेशमा बजेट माग गर्दा अनिवार्य रुपमा विस्तृत आयोजना प्रतिवेदन पेस गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेकोले वातावरणीय प्रभाव मूल्याङ्कन तथा विस्तृत आयोजना प्रतिवेदन तयारीका लागि परामर्श सेवा खरिद गर्ने गरेको देखिएको छ। आयोजनाको स्रोत सुनिश्चतता लागि परामर्श सेवा शीर्षकबाट खर्च हुँदै आए पनि संघ तथा प्रदेश सरकारबाट पर्याप्त बजेट व्यवस्था सहितको कार्यक्रम स्वीकृत नहुँदा प्रतिवेदन कार्यान्वयन प्रभावकारी देखिएको छैन।

१०. **आयोजना बैंक** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम २६(५) ले राष्ट्रिय आयोजना बैंकमा समावेश नभएको आयोजनाको लागि बजेट विनियोजन गर्न नपाइने व्यवस्था छ। त्यस्तै नियम २४(४) मा आयोजना वर्गीकरण गर्दा प्रदेश र स्थानीय तहको आयोजना बैंकसँग समेत सामञ्जस्यता हुनेगरी प्रदेश समन्वय परिषद्को राय सुझाव लिनसक्ने व्यवस्था गरेको छ। स्थानीय तहहरुले आफ्नो क्षेत्रमा कार्यान्वयन गरिने पूर्वाधार विकास लगायतका आयोजनाहरु केन्द्रीय बैंकमा समावेश हुनेगरी तथ्याङ्क सङ्कलन तथा स्थानीय प्रोफाइल व्यवस्थित गरेको देखिएको छैन। आयोजना बैंकमा समावेश नगरी सञ्चालन गरेकोले विस्तृत आयोजना प्रतिवेदन तयारीमा भएको खर्चको प्रभावकारिता देखिएको छैन। स्थानीय तहबाट सङ्घीय सरकारको आयोजना बैंक विद्युतीय पोर्टल (Online System) मा प्रविष्टि हुने गरेको देखिएन। सुदूरपश्चिम प्रदेशले आयोजना बैंक दिग्दर्शन,२०८० स्वीकृत गरेको छ भने कर्णाली प्रदेशले आयोजना बैंक व्यवस्थापन कार्यविधि,२०८१ मस्यौदा तयार मात्र गरेको छ। त्यस्तै लुम्बिनी र गण्डकी प्रदेशले आयोजना बैंक तयार गर्न बाँकी रहेको र बागमती प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सञ्चालन दिग्दर्शन, २०८० मा जारी गरेको देखिएको छ। मधेश प्रदेशले

आयोजना बैंक तयार गरी स्वीकृत गरेपनि प्रभावकारी रुपले कार्यान्वयनमा नआएको तथा कोशी प्रदेशले प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गरेको पाइयो। सरकारको आवधिक एवं दिगो विकास लक्ष्य प्राप्तिका लागि तीन तहका सरकारले आयोजना बैंक तयार गरी सोही अनुसारका योजना कार्यान्वयन हुने व्यवस्था गर्नु पर्दछ।

राष्ट्रिय योजना आयोगको गठन आदेश अनुसार लाभ-लागत विश्लेषणलगायत विविध मूल्याङ्कनका आधारमा आयोजना बैंक निर्माण गर्ने जिम्मेवारी आयोगलाई तोकिएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ र सोसँग सम्बन्धित नियमावली, २०७७ को नियम २६ अनुसार संघ, प्रदेश तथा स्थानीय तहका योजनाहरूको वर्गीकरण, प्राथमिकीकरण र पुनःप्राथमिकीकरण गरी राष्ट्रिय प्राथमिकता निर्धारण गर्न आयोगलाई निर्देशन गरिएको छ। यिनै प्रावधानहरूको आधारमा आयोगले सन् २०२० मा "National Project Bank Guideline for Identification, Appraisal, Selection and Prioritization of Projects" प्रकाशित गरेको र राष्ट्रिय आयोजना बैंकको स्थापना र सञ्चालन हुँदै आएको छ। आयोजना वर्गीकरण तथा प्राथमिकीकरण सम्बन्धी मापदण्ड, २०७९ र आयोजनाको वर्गीकरण आधार तथा मापदण्ड, २०८० को दफा ६ र ७ बमोजिम संघले तीन करोड र प्रदेशले एक करोडभन्दा कम लागतका पूर्वाधार आयोजना कार्यान्वयन नगर्नुपर्ने व्यवस्था गरिएको छ। तर व्यवहारमा आयोजना बैंकमा ३ करोडभन्दा कम लागतका योजना समावेश गरी बजेट विनियोजन गरिएको देखिन्छ। यस्ता आयोजनाहरूमा साधारण प्रशासनिक खर्च तथा टुक्रे खालका आयोजना पनि प्रविष्ट भएको पाइएको छ। एउटै आयोजना खण्डहरूलाई नयाँ आयोजना सरह प्रविष्ट गरिएकाले संख्या अत्यधिक देखिएको पाइयो। हालसम्म राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (NPBMIS) मा ४८ निकायका जम्मा १८,०१२ आयोजना प्रविष्ट भएका छन्, जसमा चालु र भविष्यका आयोजनाहरूको विवरण निम्नानुसार रहेको छः

| क्र.सं. | चरण | आयोजना संख्या |
|---|---|---|
| १ | चालु आयोजनाहरु | ७७०५ |
| २ | भविष्यमा कार्यान्वयन हुने आयोजनाहरु | |
| | पहिचान चरणका आयोजना | ७८६२ |
| | मूल्याङ्कन चरणका आयोजना | २४४५ |
| जम्मा | | १०३०७ |
| **कुल जम्मा** | | **१८०१२** |

तीनै तहका सरकारहरूले आयोजना बैंकमा प्रविष्टि नभएका आयोजनामा बजेट विनियोजन नगर्ने कानुनी प्रावधानलाई पूर्णरूपमा कार्यान्वयन गर्न अत्यन्त जरुरी छ। आयोजनाको पारदर्शिता, समन्वय र कार्यक्षमता सुनिश्चित गर्न राष्ट्रिय आयोजना बैंक सूचना प्रणालीलाई मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), सरकारी खरिद प्रणाली (e-GP), तथा प्रधानमन्त्री कार्यालयको परिणाम मूल्याङ्कन प्रणालीसँग एकीकृत गर्नु आवश्यक देखिन्छ। साथै, आयोजनाको न्यूनतम लागत सीमा, दोहोरो प्रविष्टि, तथा प्रशासनिक खर्चलाई आयोजना सरह दर्ज गर्ने प्रवृत्तिमा सुधार ल्याउनुपर्ने देखिन्छ।

११. **परामर्श सेवा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ उपदफा(१)(क) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा वैदेशिक सहायताको स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा खरिद गर्नुपर्ने दातृपक्षसँग सम्झौता गरेमा मात्र परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहहरुले हालसम्म वैदेशिक सहायताका योजना सम्झौता

नगरेको र परामर्शदाताबाट तयार गरी पेस भएको प्रतिवेदनहरु स्थानीय तहको प्राविधिकबाट नै स्वीकृत हुने साथै स्वीकृत प्रतिवेदन कार्यान्वयन उत्साहप्रद नदेखिएकोले आयोजनाको प्रतिवेदन तयार गर्न परामर्श सेवा खरिद औचित्यपूर्ण देखिएको छैन। स्थानीय तहहरुमा प्राविधिक जनशक्तिको अभाव जनाई सेवा करार, अस्थाई पदपूर्ति लगायतका माध्यमबाट प्राविधिक जनशक्ति परिचालन गरेको सन्दर्भमा प्राविधिक जनशक्तिको क्षमता विश्लेषण गरेर मात्र परामर्श सेवा खरिद गर्ने कार्यमा सुधार गर्नुपर्दछ।

१२. **परामर्श सेवा खरिद नर्म्स** - सार्वजनिक खरिद नियमावली, २०६४ को १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त, सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत समेत विचार गरी कार्य प्रकृति अनुसार मुख्य जनशक्ति एवं अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण खर्च, जनशक्तिको बसोबास खर्च, कार्यालय खर्च, आवश्यक मालसामान उपकरण र सेवा खर्च, प्रतिवेदन र अन्य कागजातको अनुवाद, छपाई खर्च, परामर्शदाताले तालिम, गोष्ठी वा भ्रमणको व्यवस्था गर्नु पर्ने भए त्यस्तो कामको लागि लाग्ने खर्च र अन्य खर्च समेत विश्लेषण गरी परामर्श सेवाको लागत अनुमान अनुसुची-१क. को ढाँचामा तयार गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहहरुले विस्तृत आयोजना प्रतिवेदन तयार गर्दा नर्म्स स्वीकृत गर्ने गरेको छैन। साथै सम्बन्धित मन्त्रालयले समेत सबै स्थानीय तहका लागि नर्म्स बनाइ स्वीकृत गर्ने गरेको पाइएन। नियमको उक्त व्यवस्था अनुसार स्थान, परिवेश, कार्य प्रकृति र भौगोलिक अवस्थिति समेतका आधारमा स्वीकृत मापदण्डको पालना गरी तोकिए बमोजिम नर्म्स स्वीकृत गरी परामर्श सेवाको लागत अनुमान तयार एवं खरिद कार्य गर्नुपर्दछ।

१३. **खरिद कानुन पालना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ उपदफा(२) मा परामर्श सेवा खरिद गर्दा खरिद ऐन, नियम बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने व्यवस्था छ। सो बमोजिम दफा ३०देखि ३८सम्म आशय पत्र माग गर्ने, प्रस्ताव खोल्ने, मूल्याङ्कन गर्नेदेखि सम्झौता सम्मका विधि र प्रक्रिया तोकीएको छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद-६ को नियम ६९देखि नियम ८३सम्म कार्यक्षेत्रगत शर्त तयार गर्नेदेखि प्रस्ताव मूल्याङ्कन, प्रस्ताव स्वीकृत गर्ने अधिकारी सम्बन्धी व्यवस्था, विशेषज्ञता र योग्यताका आधारमा सिधै खरिद गर्न सकिने व्यवस्था लगायत कार्यविधिहरु स्पष्ट गरेको छ। कानुनको उक्त व्यवस्था अधिकांश स्थानीय तहमा पूर्ण रुपले पालना भएको देखिएन। नियमावलीको नियम ३ अनुसार खरिद आवश्यकता पहिचान गर्ने, खरिद योजना तयार गर्ने, खरिद विधि छनोट गर्ने लगायत खरिद कारबाहीको तयारी समेत नगरी आवश्यकताका आधारमा आशय पत्र समेत तयार नगरी सिधै खरिद गर्ने गरेको, अध्ययन गरेका आयोजनाहको प्रतिवेदन जिन्सी दाखिला गर्ने नगरेको, खरिद कारबाहीको व्यवस्थित अभिलेख राख्ने नगरेको, सङ्घ एवं प्रदेशसँग समन्वय नगरी आयोजना अध्ययन गर्ने गरेको लगायत अवस्था देखिन आएको छ।

१४. **प्रतिवेदन तयारी** - स्थानीय तहहरूले संघीय सरकारबाट प्राप्त गर्ने समपुरक र विशेष अनुदानको लागि आयोजना माग गर्न विस्तृत आयोजना प्रतिवेदन ३देखि ५ प्रतिसम्म तयार गरी माग गर्ने गरेकोमा ती आयोजना कार्यान्वयन हुने सुनिश्चित रहेको छैन। अनुदान माग गर्ने प्रयोजनको लागि स्थानीय तहहरुमा विस्तृत परियोजना प्रतिवेदन तयारी कार्यमा हरेक वर्ष ठूलो रकम खर्च हुने गरेको अवस्था छ। यसरी माग गरिएका आयोजनाहरु सालबसाली मात्र हुने भएकोले उक्त वर्ष कार्यान्वयन नभएमा आगामी वर्ष स्रोत नभइ अलपत्र पर्ने अवस्था रहेको देखिन्छ। गत वर्ष स्थानीय तहहरुबाट माग गरिएका आयोजना ४ हजार १०३ मा १ हजार ४०६ आयोजना मात्र कार्यान्वयनमा गएका छन्। सिफारिस भई

कार्यान्वयनमा गएका २३६ आयोजनाहरुमा रु.५ अर्ब ३७ करोड २२ लाख खर्च भए तापनि ततपश्चात बजेट व्यवस्था नहुँदा ती आयोजनाहरु अलपत्र रहेको देखिएको छ। त्यस्तै २०८१।८२ मा माग गरिएका आयोजना ३ हजार १८८ मा १ हजार २८६ आयोजना मात्र कार्यन्वयनमा रहेको देखियो। स्थानीय तहहरुले आयोजना माग गर्दा क्रमागत आयोजना सम्पन्न गरेपश्चात् मात्र नयाँ आयोजनाको लागि बजेट माग गर्ने र विगतमा विस्तृत आयोजना प्रतिवेदन तयार भई कार्यान्वयन नभएका आयोजनाहरुलाई पुनः प्रयोग गर्न सक्ने प्रणालीको विकास गर्नुपर्दछ।

१५. **प्रतिवेदन कार्यान्वयन** - स्थानीय तहले अध्ययन गरेका सम्भाव्यता देखिएका आयोजनाहरुको स्रोत सुनिश्चित गरी कार्यान्वयन गर्नुपर्नेमा पालिकाहरुले आयोजना कार्यान्वयनमा नगएको उल्लेख गरी विवरण पेस भएको छ। त्यस्तै स्थानीय तहले आयोजनाका लागि बजेट माग गरी संघमा र प्रदेशमा पठाउने गरेको देखिन्छ। पूर्वाधार निर्माणसँग सम्बन्धित सङ्घीय सरकारको भौतिक पूर्वाधार, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र ७ प्रदेशका भौतिक पूर्वाधार र खानेपानी मन्त्रालयमा पेस भएको विस्तृत आयोजना प्रतिवेदनको विवरण माग गरेकोमा मन्त्रालयको अभिलेख अनुसार पेस भएको नदेखिएको प्रतिकृया प्राप्त भएको छ। यसवाट स्थानीय तहले आफुले अध्ययन गरेको आयोजना प्रतिवेदन सम्बन्धित तह र तालुक मन्त्रालयमा समेत अभिलिखित देखिएको छ। स्थानीय तहहरुले विस्तृत आयोजना प्रतिवेदनमा गरेको खर्च रकमको एकीकृत अभिलेख समेत राख्ने व्यवस्था नहुँदा अध्ययन भएका कुल आयोजना संख्या, अध्ययनमा भएको खर्च र आयोजनाहरुको लागत समेतको एकीकृत विवरण प्राप्त हुने अवस्था छैन।

स्थानीय तहको लेखापरीक्षणमा खटिएका टोलिबाट सङ्कलन भएका ७ वटै प्रदेशको स्थानीय तहहरुको विस्तृत परियोजना प्रतिवेदनसँग सम्बन्धित तथ्याङ्क गुगल फार्मको माध्यमबाट एकीकृत भए अनुसार ४१३ स्थानीय तहहरुबाट विगत तीन आर्थिक वर्षमा रु. १ खर्ब ७८ अर्ब ४४ करोड ५ लाख ५९ हजार लागत अनुमानको १८२५ आयोजना तथा कार्यक्रमका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको विवरण प्राप्त भएको छ। उक्त विवरणको विश्लेषण गर्दा विगत तीन वर्षमा विस्तृत परियोजना प्रतिवेदन तयार गर्दा बाह्य परामर्शदातालाई रु. ५ अर्ब १८ करोड ३८ लाख ५५ हजार भुक्तानी भएकोमा १३९३ प्रतिवेदन कार्यान्वयनमा रहेका छन्। यो वर्षसम्म कुल ४३५ योजनाहरु कार्यान्वयनमा गएका छैनन। लेखापरीक्षणको क्रममा स्थानीय तहबाट तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन अवस्थाको अध्ययनका निम्ति नमुना छनौटमा परेका पालिकाका सम्बन्धमा देखिएका बेहोरा निम्न छन्:

१५.१. धनकुटा नगरपालिकाले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्षसम्ममा १० योजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गरेको देखिन्छ। यस आर्थिक वर्षमा विस्तृत परियोजना प्रतिवेदन नभएको तर गत विगतमा अध्ययन प्रतिवेदन तयार गरेका १० विस्तृत परियोजना प्रतिवेदन मध्ये भुक्तानी खर्च २ वटाको रु ७ लाख ६२ हजार मात्र खर्च लेखेको छ। बाँकी ८ विस्तृत परियोजना प्रतिवेदन को खर्च विवरण प्राप्त हुन आएन। उल्लिखित १० मध्ये ६ योजना सम्पन्न भएका ३ वटा सञ्चालन भइरहेको र १ योजना सञ्चालनमा आउन बाँकी रहेको पालिकाले जनाएको छ। विस्तृत परियोजना प्रतिवेदन को जिन्सी अभिलेख तयार गरी प्याम्समा अद्यावधिक नगरेको, आवश्यकता, विभागीय जनशक्तिको परिचालन र कार्यान्वयन योग्यता जस्ता पक्षमा विश्लेषण गरेको देखिँदैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुऱ्याउनु पर्दछ।

**१५.२.** धनकुटाको साँगुरीगढी गाउँपालिकाले हालसम्म १३ वटा विस्तृत परियोजना प्रतिवेदन तयार गरी रु. ५४ लाख २७ हजार खर्च गरेको देखिएको छ। हालसम्मका १३ मध्ये गत विगत वर्षको ७ र यस वर्षका ६ परामर्श कार्य रहेका छन्। अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा केही टिओआर र भवन निर्माण विभागले निर्धारण गरेको आधारमा लागत अनुमान तयार गरी खर्च लेखेको छ। स्टाण्डर्ड नर्म्स र पालिकाको जनशक्तिबाट उक्त कार्य गराउन सक्ने अवस्थाको यकिन गरेको छैन। यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनामध्ये गत विगतका ७ आयोजनाको कार्यान्वयन अवस्था पेश नभएको र चालु वर्षका ५ आयोजनाको लागि आ.व. ०८१।८२ मा बजेट विनियोजन भई कार्यान्वयन चरणमा प्रवेश गरेको जनाएको छ।

**१५.३.** झापाको गौरादह नगरपालिकाले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा विस्तृत परियोजना प्रतिवेदन तर्फका गत वर्ष ३ कार्यमा रु. १० लाख ३० हजार र यस वर्षका ७ कार्यमा रु. ३९ लाख ३९ हजार समेत रु. ४९ लाख ७० हजार खर्च गरेको, त्यस्तै परामर्श सेवा तर्फ गत वर्षका ५ सेवामा रु. ६३ लाख ९४ हजार र यस वर्षका ३ सेवामा रु. २२ लाख ८० हजार गरी रु. ८६ लाख ७५ हजार खर्च गरेको देखिन्छ। कुल विस्तृत परियोजना प्रतिवेदन १० र परामर्श सेवा ८ गरी १८ मा रु. १ करोड ३६ लाख ४५ हजार खर्च गरेको देखिन्छ। ०७८।७९ सम्मका विस्तृत परियोजना प्रतिवेदन तथा परामर्श सेवाको अभिलेख नरहेको र ०७९।८० का ३ मध्ये १ र चालु वर्षका ७ मध्ये २ गरी ३ कार्यान्वयनमा गएका र ७ कार्यान्वयनमा नगएको जनाएको छ। चालु वर्षका विस्तृत परियोजना प्रतिवेदनमध्ये सिमसार तथा पूर्वाधार निमार्णको लागि रु. ३ करोड ११ लाख ३१ हजार आयोजना लागत निर्धारण भएकोमा २०८०।८१ मा रु. ६ लाख मात्र विनियोजन भएकोले सो अनुपातमा आयोजना सम्पन्न गर्न लाग्ने अवधि ५१ वर्ष र नगर अस्पतालको आयोजनाको लागत रु. १९ करोड ९८ लाख १४ हजार निर्धारण भएकोमा २०८०।८१ मा रु. २० लाख मात्र बजेट विनियोजन भएकोले उक्त आयोजना सम्पन्न ९९ वर्ष ९ महिना लाग्ने देखिन्छ। विस्तृत परियोजना प्रतिवेदन तथा परामर्श गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता विस्तृत परियोजना प्रतिवेदन तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुऱ्याएको छैन।

**१५.४.** झापाको झापा गाउँपालिकाले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत विगत वर्षमा गरेको खर्चको अभिलेख राखेको छैन। यस वर्ष विस्तृत परियोजना प्रतिवेदनमा रु. ४ लाख ९५ हजार र परामर्श सेवामा रु. ४ लाख ९५ हजार समेत जम्मा रु. ९ लाख ९१ हजार खर्च गरेको देखिन्छ। पालिकामा हालसम्म २ वटा प्रतिवेदन सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (प्याम्स) मा देखिए तापनि गत विगतको अभिलेख प्याम्समा राखी सम्पत्ती संरक्षण गरेको छैन। यस वर्ष विस्तृत परियोजना प्रतिवेदनअनुसार सडक निर्माण कार्यमा ०८०।८१ मा रु.१५ लाख बजेट विनियोजन भई कार्यान्वनय चरणमा रहेको छ। उक्त निर्माण कार्यको लागि आयोजनाको कुल लागत रु. ११ करोड ७५ लाख ९८ हजारर रहेको र यस वर्षको बजेट विनियोजनको हिसाबले भवन निर्माणको कार्य सम्पन्न हुने धेरै समय लाग्ने देखिन्छ। पालिकाबाट अध्ययन प्रतिवेदन गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण भएको छैन।

**१५.५.** झापाको बाह्रदशी गाउँपालिकाले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत विगत वर्षमा तयार गरेका विस्तृत परियोजना प्रतिवेदन ६३ मध्ये ३ वटाको मात्र प्याम्स अभिलेख रहेकोमा रु. ३१ लाख ६४ हजार खर्च भएको जिन्सी अभिलेखबाट देखिएको छ। गत विगतमा समेत तयार गरिएको

विस्तृत परियोजना प्रतिवेदन प्रतिवेदनहरुको प्याम्समा मूल्य समेतको अभिलेख राखी संरक्षण गरिनु पर्दछ। गत विगतका अभिलेख नरहेका विस्तृत परियोजना प्रतिवेदन प्रतिवेदनको कार्यान्वयन अवस्था यकिन नभएको र अभिलेख रहेका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयनमा गएको पालिकाबाट जानकारी प्राप्त भएको छ। यस्ता विस्तृत परियोजना प्रतिवेदन तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एवं कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा पर्याप्त ध्यान पुगेको पाइएन।

**१५.६.** झापाको शिवसताक्षी नगरपालिकाले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्षसम्म ११ कार्यमा विस्तृत परियोजना प्रतिवेदन परामर्श तयार गरी रु. १ करोड २७ लाख ९१ हजार भुक्तानी गरेको छ। यस वर्ष पालिकाले वडा नं ८ को भवनको विस्तृत परियोजना प्रतिवेदनको तयारीको लागि रु. ९ लाख ९४ हजार खर्च लेखेको छ। वडा नं. ८ को भवन निर्माण कार्यमा ०८०।८१ मा रु.१ करोड ७० लाख बजेट विनियोजन भई कार्यान्वनय चरणमा रहेको छ। उक्त भवन निर्माण कार्यको लागि आयोजनाको कुल लागत रु. ४ करोड १६ लाख २८ हजार रहेको छ। बजेट विनियोजनको हिसाबले ३ वर्षमा भवन निर्माणको कार्य सम्पन्न हुने देखिन्छ। पालिकाले ०८०।८१ मा प्रारम्भिक वातावरणीय परीक्षण (आईईई) प्रतिवेदनमा रु.४ लाख ९९ हजार खर्च गरेकोमा ढुङ्गा गिटी बालुवाको आय ठेक्का नलागेकोले कार्यान्वयनमा नगएको अवस्था देखिएको छ। गत विगत वर्षमा तयार भएका विस्तृत परियोजना प्रतिवेदनहरु कार्यान्वयनमा गएको पालिकाले जनाएको छ। विस्तृत परियोजना प्रतिवेदन तथा अध्ययन प्रतिवेदन तयार गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको देखिएन।

**१५.७.** झापाको दमक नगरपालिकाले सम्भाव्यता अध्ययन, प्रतिवेदन लगायतमा प्राप्त विवरण अनुसार गत वर्ष २ कार्यमा रु. १ लाख ९८ हजार र यो वर्ष २ कार्यमा रु. १ लाख ९९ हजार समेत कुल रु. ३ लाख ९८ हजार खर्च गरेको छ। सम्भाव्यता अध्ययन गर्दा सोको खरिदमा विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। प्राप्त विवरण अनुसार हालसम्म २०१ वटा विस्तृत परियोजना प्रतिवेदन तयार भएको देखिन्छ। २०८०।८१ मा २ वटा विस्तृत परियोजना प्रतिवेदन तयार भएको र गत वर्षसम्ममा १९९ वटा विस्तृत परियोजना प्रतिवेदन/प्रस्तावना बनेकोमा गत वर्षसम्मका १९७ विस्तृत परियोजना प्रतिवेदनको मूल्य नखुलेको, लागत नखुलेको, जिन्सी आम्दानी गरी सम्पत्तिको रूपमा अभिलेख नरहेको र प्याम्स मा इन्ट्री नरहेको अवस्था देखिन्छ। पालिका स्रोत अनुसार उल्लेखित विस्तृत परियोजना प्रतिवेदनमध्ये ३५ प्रतिशत कार्यान्वयनमा गएको र बाँकी कार्यान्वयनमा नगएको अवस्था जनाएको छ। कुल २०१ विस्तृत परियोजना प्रतिवेदनमध्ये करिब ७ प्रतिशत अन्य निकायबाट प्राप्त भएका बाँकी विस्तृत परियोजना प्रतिवेदन तयारी बाह्य जनशक्तिबाट गराएकोमा ती विस्तृत परियोजना प्रतिवेदनको बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा पालिकाले ध्यान पुऱ्याएको छैन।

**१५.८.** इलामको माङसेबुङ गाँउपालिका कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्षसम्म ३६ डिपीआरको लागि रु. ४० लाख ३३ हजार र यस वर्ष २ विस्तृत परियोजना प्रतिवेदनको रु. ९ लाख ८१ हजार समेत जम्मा ३८ डि.पी.आर.को लागि रु. ५० लाख १४ हजार खर्च भएको देखिन्छ। साथै गत वर्षसम्मको परामर्श सेवाको रु. १६ लाख ७२ हजार र यस वर्षको ५ वटाको रु. १३ लाख ८० हजार समेत जम्मा रु. ३० लाख ५३ हजार खर्च गरेको देखिएको छ। पालिकामा हालसम्म डिपीआर ३८ र परामर्श सेवा ६ को कुल खर्च रु. ८० लाख ६७ हजार जिन्सी निरीक्षण प्रतिवेदनबाट देखिएको छ। पालिकाबाट तयार गरिएका कुल ३८

डिपीआरमध्ये यस वर्षका २ समेत जम्मा १५ वटा मात्र बजेट व्यवस्था गरी कार्यान्वयनमा गएका र बाँकी कार्यान्वयनमा नगएको जानकारी प्राप्त भएको छ। गत विगत वर्षमा तयार भएका विस्तृत परियोजना प्रतिवेदन प्रतिवेदन अनुसारको आयोजना लागत खुलेको विवरण पेश हुन आएन।

**१५.९.** चुलाचुली गाउँपालिका, इलामले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष सम्मका परामर्श सेवा २६ वटाको रु. १ करोड ५५ लाख ६९ हजार र यस वर्ष ८ वटा मा रु. ४ करोड २३ लाख ९९ हजार समेत २४ परामर्श सेवामा रु. १ करोड ९८ लाख ०८ हजार खर्च लेखेका छन्। त्यस्तै विस्तृत परियोजना प्रतिवेदन प्रतिवेदनमा गत वर्षसम्म १५ वटामा रु. १ करोड ५२ लाख ४५ हजार र यस वर्ष ३ वटा समेत १८ वटामा रु. १ करोड ७७ लाख ४० हजार खर्च लेखेकोमा अध्ययन प्रतिवेदन तथा विस्तृत परियोजना प्रतिवेदन खरिदमा हालसम्म ४९ वटाको रु. ३ करोड ७५ लाख ४९ हजार खर्च भएको देखिन्छ। यस्ता प्रतिवेदन तथा विस्तृत परियोजना प्रतिवेदन प्याम्स मा ९ वटाको मात्र रु. ८३ लाख ६४ हजार को अभिलेख मात्र रहेको छ। पालिकाले करिब ४० प्रतिशत मात्र कार्यान्वयनमा गएको जानकारी दिएको छ। बाँकी ४० प्रतिवेदनहरु प्याम्समा अद्यावधिक गरी सम्पत्तिको लेखाङ्कन गर्नुपर्दछ।

**१५.१०.** तेह्रथुमको फेदाप गाउँपालिका कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्षसम्ममा योजनाहरु समेतमा रु.६६ लाख ५८ हजार र यस वर्ष विभिन्न १० कार्यमा रु.९० लाख ४९ हजार समेत कुल रु १ करोड ५७ लाख ०७ हजार खर्च गरेको छ। यसरी खर्च गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन।

**१५.११.** तेह्रथुमको छथर गाउँपालिका कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्षसम्ममा पालिका भित्रका योजनाहरु समेतमा रु.३५ लाख २१ हजार र यस वर्ष २ कार्यमा रु.१९ लाख ७५ हजार समेत कुल रु ५४ लाख ९६ हजार खर्च गरेको छ। यसरी खर्च गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन।

**१५.१२.** तेह्रथुमको म्याङलुङ नगरपालिकाले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष जिरिखिम्ति बहुमुखी क्याम्पसको विस्तृत परियोजना प्रतिवेदन कार्यमा रु.९ लाख ९८ हजार र यस वर्ष नगरपालिकाको संगठन तथा व्यवस्थापन कार्यमा रु.४ लाख ७४ हजार समेत कुल रु १४ लाख ७३ हजार खर्च गरेको छ।

**१५.१३.** इटहरी उप-महानगरपालिकाले गत विगतमा तयार पारेको विस्तृत परियोजना प्रतिवेदनको विवरण उपलब्ध गराएको छैन। तसर्थ गत विगतदेखि तयार पारेको योजनाको विस्तृत परियोजना प्रतिवेदनमध्ये कुन कुन कार्यान्वयनमा आए यकिन हुन सकेन। यो वर्ष रु.४ लाख ९५ हजारमा तयार गरेको रु ५ करोड ४२ लाख ४८ हजारमा एक आयोजनाको विस्तृत परियोजना प्रतिवेदन पारेको देखिन्छ। विस्तृत परियोजना प्रतिवेदन जिन्सी दाखिला गरी कार्यान्वयनमा सकृयता हासिल गर्नुपर्दछ।

**१५.१४.** जनकपुर उप-महानगरपालिकाले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार फोहोर व्यवस्थापन केन्द्रको लागि अध्ययन प्रतिवेदन तयारीमा रु. ७ लाख ३२ हजार, वडा नं.९ को बाटो, नाला तथा पोखरी सौन्दर्यीकरणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यमा रु. ४ लाख ८९ हजार, चरण पादुका र पोखरीको विस्तृत परियोजना प्रतिवेदनतयार गर्ने कार्यमा रु. ४ लाख ८६ हजार, खेल मैदानको

लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यमा रु. ४ लाख ९० हजार, वडामा पर्ने पोखरीहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यमा रु.४ लाख ९० हजार, घुरही पोखरीको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यमा रु.४ लाख ९१ हजार र वडा नं. १४ स्थित ठाडी पोखरीको विस्तृत परियोजना प्रतिवेदनतयार गर्ने कार्यमा रु.४ लाख ८६ हजार गरी कुल रु.३६ लाख ६३ हजार खर्च गरेको छ। खर्चको उपयोगिता एवं प्रभावकारिता हासिल गर्नुपर्दछ।

**१५.१५.** वीरगञ्ज महानगरपालिकाले विस्तृत आयोजना प्रतिवेदन कार्यको लागि संघीय सरकार, प्रदेश सरकार र महानगरपालिकाको योजनामा समावेश नभएको तथा संघीय प्रदेश सरकारबाट बजेट सुनिश्चिततता नभएको अवस्थामा मास्टर प्लान र डिटेल्ड इञ्जिनियरिङ्ग डिजाइन अफ सिटी हलको तयारीको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न रु.१९ लाख ९५ हजार, टिलाबे नदी बेसिन पर्यटन विकास परियोजनाको मास्टर प्लान तयारीको लागि रु.१२ लाख ७० हजार र अर्बन ट्रान्सपोर्ट मास्टर प्लानमा रु.६ लाख ८० हजार गरी रु. ३९ लाख ४६ हजार भुक्तानी गरेको छ। प्राविधिक प्रस्तावमा नाम उल्लेख भएका विज्ञहरु महानगरपालिका कार्यालयमा आएको, साइट भ्रमण गरेको प्रमाणित गर्ने कागजात पेश भएन भने विस्तृत परियोजना प्रतिवेदन प्रतिवेदनमा विज्ञहरुबाट प्रमाणित समेत भएको देखिएन। अर्बन ट्रान्सपोर्ट मास्टर प्लानको कार्य इन्टरफेस इन्जिनियरिङ प्रा. लि.सँग मिति २०८०।८।३० मा सम्पन्न गर्ने गरी २०८०।४।३ मा सम्झौता भएकोमा लेखापरीक्षण भएको मिति २०८१।११।५सम्म उक्त विस्तृत परियोजना प्रतिवेदन पेश भएको देखिएन।

**१५.१६.** भरतपुर महानगरपालिकाले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम ल्यान्डस्केपिङ्ग अफ बीएमसी अफिसको लागि रु.८ लाख १० हजार, प्रेपरेशन अफ ल्यान्डफिल साइट (ईआईए) को लागि रु.१९ लाख १९ हजार, टेक्निकल इभालुएशन विस्तृत परियोजना प्रतिवेदन रिविजन अफ जीबीआईएसको लागि रु.१६ लाख ८३ हजार, आईईई फर एक्स्कावेसन एन्ड कलेक्सन अफ रिभरिन मेटेरियलको लागि रु.१४ लाख ६२ हजार, प्रेपरेशन अफ जीआईएस म्याप विथ ल्यान्ड युज क्याटेगोराइजेशनको लागि रु.७ लाख ९९ हजार, कन्सल्ट सर्भिसेस फर डेभलपमेन्ट अफ टुरिजम प्रोमोशन डक्युमेन्टरी अफ भरतपुरको लागि रु. ९ लाख ९३ हजार र भरतपुर ल्यान्डफिल साइट प्रोजेक्ट समेतको लागि ७ परामर्शदातालाई रु.१९ लाख १ हजार भुक्तानी भएको छ। आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने निश्चित आयोजना छनौट तर्फ विषयमा समेत कार्यक्रमले ध्यान पुऱ्याएको छैन।

**१५.१७.** हेटौँडा उप-महानगरपालिका कार्यालयले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार आकाशधारा सडक स्तरीकरण विस्तृत परियोजना प्रतिवेदन तथा आई.ई.ई. तयारीको कार्य परामर्शदाताबाट गराई रु.७ लाख ३८ हजार खर्च गरेको छ। यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिन आएन।

**१५.१८.** ललितपुर महानगरपालिकाले यस वर्ष टीकाभैरवदेखि ढोलाहिटीचबहालसम्म राजकुलो पुनःनिर्माण विस्तृत परियोजना प्रतिवेदन, भण्डारखाल पाटन दरबार क्षेत्र भित्र पुरातात्त्विक बगैँचाको अध्ययन, चक्रपथकुसुन्ती लगायतका सडकहरुमा आधुनिक ओभरहेड ब्रिजको सुपरिवेक्षण कार्य, सामुदायिक विद्यालयहरुमा रोबोटिक कार्यक्रम, दमकलक्षेत्र सुधार, पुल्चोकको विस्तृत परियोजना प्रतिवेदन, सभाहल निर्माणको विस्तृत परियोजना प्रतिवेदन, बुङ्गमतीघर सञ्चाचलानका लागि विस्तृत परियोजना प्रतिवेदन, भैरवमन्दिर छेकेको गुठी घर हटाउने विस्तृत परियोजना प्रतिवेदन, भृङ्गारेश्वर मन्दिर निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन, कर्मनाशापुल ग्वार्को र हात्तीवनको विस्तृत परियोजना प्रतिवेदन,

बाइसाइकसेयरिङ्ग प्रोजेक्ट, पुरातात्विक आवासीय भवनको विस्तृत परियोजना प्रतिवेदन, EBPS प्राविधि सबलीकरण तथा व्यवस्थापन र प्रमुख सम्पदा स्थलहरुको क्यु आर कोड राख्ने कार्यक्रमको विस्तृत परियोजना प्रतिवेदन कार्य १४ परामर्शदाताबाट गराई कुल रु. ६५ लाख ८५ हजार भुक्तानी गरेको छ। परामर्श कार्यका लागि विज्ञको म्यान डेज, फिल्ड वर्क, फिल्ड भिजिट एण्ड डिसकसन जस्ता कार्य सहित पालिका प्रमुखले टाइम सिट प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको यकिन गरी भुक्तानी दिनुपर्नेमा विज्ञहरु तथा अन्य कर्मचारीको टाइम सिट बेगरनै भुक्तानी गरेको देखियो। सम्झौता अनुसारका सोही विज्ञहरु तथा संलग्न कर्मचारी फिल्डमा कार्य गरेको यकीन गरी मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्नेमा सो गरेको पाइएन।

**१५.१९.** धनगढी उप-महानगरपालिकाले यस वर्ष डिटेल इञ्जिनियरिङ्ग सर्वे एण्ड प्रिपरेशन अफ डिजाइन, ड्रइङ्गस एण्ड कस्ट एस्टिमेट साइड ड्रेन एन्ड रोड, प्रिपरेशन फर साइट सर्भे, प्रेपरेशन अफ टोपोग्राफिकल म्याप, मास्टर प्लान एण्ड डिटेल्ड डिजाइन अफ शप एरिया अफ दशरथ भीम पार्क, प्रेपरेशन अफ डिटेल्ड प्रोजेक्ट रिपोर्ट अफ सेलेक्टेड कम्पोनेन्ट्स (रेस्टुरेन्ट, वाटर फाउन्टेन, गार्ड हाउस, एडमिन ब्लक, एन्ड फुट ब्रिज अबभ द फाउन्टेन एन्ड अल अधर कम्पोनेन्ट्स शोन इन मास्टरप्लान) अफ दशरथ भीम पार्क, प्रेपरेशन अफ डिटेल प्रोजेक्ट रिपोर्ट अफ फाइभ मोडल स्कूल डिफरेन्ट लोकेशन इन धनगढी सब-मेट्रोपोलिटनसिटी एट धनगढी, कैलाली, फिजिबिलिटी स्टडी अफ पोण्डस् इन धनगढी सब-मेट्रोपोलिटन सिटी फ्रम वार्ड नं. १ टु १० फर इन्क्रिजिङ वाटर रिचार्ज गरी ६ योजनाको लागि ६ परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गराई रू.४० लाख ९१ हजार खर्च गरेको छ। उक्त ६ विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयनको चरणमा रहेको पालिकाले जनाएको छ। बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना विस्तृत परियोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। अतः निर्माण भएका विस्तृत परियोजना प्रतिवेदनको कार्यान्वयन गराउनेतर्फ पालिकाको ध्यान जानुपर्दछ।

**१५.२०.** कैलालीको टीकापुर नगरपालिकाले यो वर्ष कैलाशेश्वर शिव मन्दिरको गुरुयोजना निर्माण र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (नदीजन्य पदार्थ उत्खनन्) गरी २ परियोजनाको विस्तृत परियोजना प्रतिवेदन २ परामर्शदाताबाट तयार गरी रू.७ लाख ८९ हजार खर्च गरेको देखियो। विस्तृत परियोजना प्रतिवेदन तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै कार्यान्वयन नहुने कार्यमा विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र समयमा कार्यान्वयनमा नआउदा मूल्य वृद्दि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वयन योग्य विस्तृत परियोजना प्रतिवेदन निर्माणमा खर्च गर्नु पर्दछ।

विभिन्न स्थानीय तहहरुले परामर्श सेवाको खरिद गरी तयार गरेका विस्तृत परियोजना प्रतिवेदनहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला गरी अभिलेख नराखेका, स्थानीय तहहरुको आयको सुनिश्चितता नहुँदा आयोजना कार्यान्वयनको सुनिश्चितता नभएको, परामर्शदाताले पेश गरेको विज्ञहरुको संलग्नतामै प्रतिवेदन तयार गरिएको सुनिश्चत नभएको तथा विज्ञहरुले आयोजनास्थल भम्रण गरी कार्य गरेको अभिलेख नराखेको लगायतका समस्याहरु देखिएका छन्। स्थानीय तहहरुले कार्यान्वयन सुनिश्चित भएका र कार्यान्वयन हुन सक्ने आयोजनाहरुको मात्र विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र बाँकीको हकमा संक्षिप्त विधिबाट आयोजनाका प्रारम्भिक सूचक तथा विवरण लिई खर्चमा मितव्ययिता ल्याउनुपर्ने देखिएको छ।

# परिच्छेद – ४
# निष्कर्ष तथा सुझाव

विकासशील देशमा पूर्वाधार निर्माणको भूमिका अत्यावश्यक रहन्छ। नेपालको पूर्वाधार विकासका लागि उपयुक्त पूर्वतयारी नहुँदा आयोजनाहरुको कार्यान्वयन प्रभावकारी देखिएको छैन। वर्तमान संविधानले स्थानीय पूर्वाधार निर्माणको आवश्यकता स्थानीय तहबाटै छनोट गरी कार्यान्वयन गर्ने अवसर प्रदान गरेको छ। सबै स्थानीय तहहरुको क्षमता, जनशक्ति व्यवस्था, जनसंख्या, भूगोल, पूर्वाधार लगायत अवस्थामा एकरुपता छैन। पूर्वाधार विकास निर्माणमा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारको समन्वय र सहकार्य मार्फत विकास आयोजनाहरुको आवश्यकता पहिचान र आपूर्तिबिचको सन्तुलन, गुणस्तरयुक्त एवं प्रभावकारी आयोजना व्यवस्थापनका लागि विस्तृत आयोजना प्रतिवेदन अध्ययन अपरिहार्य रहेको छ। विस्तृत आयोजना प्रतिवेदन तयारीका लागि पर्याप्त कानुनी आधार तयार गरे पनि प्रचलित कानुनहरुको आंशिक कार्यान्वयन, उपलब्ध जनशक्तिको रणनीतिक उपयोग, लागतमा मितव्ययिता एवं खरिदमा प्रतिस्पर्धा नभएको, अध्ययन भएका आयोजना प्रतिवेदनहरुको उचित कार्यान्वयन नहुने जस्ता समस्या यथावत रहेको देखिन्छ।

कार्यमूलक लेखापरीक्षणबाट देखिएका परिच्छेद ३ मा उल्लिखित बेहोराको सुधारका लागि देहायबमोजिमको सुझाव प्रस्तुत गरिएको छः

- सङ्घ, प्रदेश र स्थानीय तहका सरकारको समन्वयमा आवश्यकता र औचित्यपूर्ण आयोजनाहरु मात्र छनोट गरी प्रचलित कानुन बमोजिम नियमितता, उपयुक्त नर्म्स स्वीकृतिका आधारमा खर्चमा मितव्ययिता हुनेगरी खरिदलाई पारदर्शी बनाई विस्तृत आयोजना प्रतिवेदन तयार गर्नुपर्दछ ।
- प्राप्त प्रतिवेदनहरुको व्यवस्थित अभिलेख राखी उपयुक्त र सम्भाव्य देखिएका आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ।
- स्थानीय तहहरुमा प्राविधिक जनशक्तिको अभाव जनाई सेवा करार, अस्थाई पदपूर्ति लगायतका माध्यमबाट प्राविधिक जनशक्ति परिचालन गरेको सन्दर्भमा प्राविधिक जनशक्तिको क्षमता विश्लेषण गरेर मात्र परामर्श सेवा खरिद गर्ने कार्यमा सुधार गर्नुपर्दछ।
- नियमानुसार स्थान, परिवेश, कार्य प्रकृति र भौगोलिक अवस्थिति समेतका आधारमा स्वीकृत मापदण्डको पालना गरी तोकिए बमोजिम नर्म्स स्वीकृत गरी परामर्श सेवाको लागत अनुमान तयार एवं खरिद कार्य गर्नुपर्दछ।

# विमानस्थलहरुको सञ्चालन एवं व्यवस्थापन
## परिच्छेद -१
## परिचय

१. **पृष्ठभूमि** - नेपालको भौगोलिक अवस्थिति र भू-धरातलीय स्वरुपका कारण आन्तरिक एवं बाह्य सम्पर्कको लागि हवाई सेवा यातायातको अत्यावश्यक माध्यमको रुपमा रहेको छ। हवाई सेवाको लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरु लगायत आधुनिक प्रविधिको प्रयोग गरी छोटो र लामो दुरीको हवाई सेवा सञ्चालन गर्न सक्ने विमानस्थलको विकास गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप उड्डयन एवं हवाई सुरक्षा (Flight Safety and Aviation Security) सुनिश्चित गर्दै सुरक्षित, मितव्ययी, भरपर्दो एवं प्रभावकारी हवाई यातायातको माध्यमबाट पर्यटन उद्योग, वाणिज्य तथा अर्थव्यवस्थाको विकास र विस्तारमा सहयोग पुऱ्याउन हवाई नीति, २०६३ कार्यान्वयनमा रहेको छ। विश्वको बदलिँदो परिस्थिति र देशको आन्तरिक आवश्यकता समेत दृष्टिगत गरी नागरिक उड्डयनको विकासद्वारा देशमा बढी भन्दा बढी पर्यटन भित्र्याउन समेत हवाई सेवाको अग्रणी भूमिका रहेको छ। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन र अन्तर्राष्ट्रिय हवाई यातायात संघले प्रकाशित गरेको आवधिक ट्राफिक वृद्धिको प्रवृत्तिलाई दृष्टिगत गर्दा समेत नेपालमा हवाई यातायात क्षेत्र एक प्रमुख यातायातको क्षेत्रको रुपमा अघि बढेको छ। हाल नेपालमा ३ अन्तर्राष्ट्रिय र ५२ आन्तरिक गरी ५५ विमानस्थल रहेका छन्। स्थापना भएका विमानस्थल मध्ये ३४ वटा मात्र सञ्चालनमा रहेका छन्। हाल नेपालमा हवाई सेवा प्रदान गर्ने २० विमान कम्पनी रहेका छन्। विमानस्थलको स्थापना तथा सञ्चालन, विमानस्थलमा आवश्यक सेवा सुविधा व्यवस्थापन र दुर्गम क्षेत्रको लागि अत्यावश्यक हवाई सेवाको सुनिश्चितता गर्न नेपाल नागरिक उड्डयन प्राधिकरण स्थापना भएको हो।

२. **निकायको परिचय** - नेपालमा स्तरीय हवाई सेवाको लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरु लगायत आधुनिक प्रविधिको प्रयोग गरी हवाई सेवा सञ्चालन गर्ने र नेपाली हवाई सेवा प्रदायकको नियमन गर्ने उद्देश्यले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थापना भएको हो। उक्त ऐन जारी भएपछि नागरिक उड्डयन विभागलाई नेपाल नागरिक उड्डयन प्राधिकरणमा रुपान्तरण गरिएको थियो। नेपालमा नागरिक उड्डयनको विकास तथा विस्तार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सम्पर्कको लागि हवाई उड्डयन, हवाई सञ्चार, हवाई पथ प्रदर्शन, हवाई सुरक्षा व्यवस्थापन र नियमनसम्बन्धी कार्य नागरिक उड्डयन प्राधिकरणले गर्दछ। क्षेत्रीय तथा जिल्लागत रुपमा विमानस्थल कार्यालयहरुबाट विमानस्थलहरुको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य हुँदै आएको छ। नागरिक उड्डयन सेवा र विमानस्थल सञ्चालन गरी सुरक्षित, दक्ष र गुणस्तरीय सेवाको सुनिश्चितता गर्नु प्राधिकरणको मुख्य कार्यक्षेत्र रहेको छ।

३. **संस्थागत व्यवस्थाः**

❖ **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय** - नेपाल सरकारको कार्य विभाजन नियमावली, २०७४ बमोजिम संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नागरिक उड्डयन सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन, वायुयान निर्माण तथा डिजाइन, सञ्चालन र मर्मत सम्भार, विमानस्थल निर्माण तथा सञ्चालन, हवाई सेवा तथा उड्डयन तालिम संस्थाको आदिको इजाजत र नियमन लगायत हवाई क्षेत्रको व्यवस्थापन सम्बन्धी कार्य गर्दै आएको छ।

❖ **नेपाल नागरिक उड्डयन प्राधिकरण** - नेपालमा नागरिक उड्डयनको विकास तथा विस्तार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सम्पर्कको लागि हवाई उड्डयन, हवाई सञ्चार, हवाई पथ प्रदर्शन, हवाई सुरक्षा व्यवस्थापन र नियमनसम्बन्धी कार्य नेपाल नागरिक उड्डयन प्राधिकरणले गर्दै आएको छ। क्षेत्रीय तथा जिल्लागत रुपमा विमानस्थल कार्यालयहरुबाट कार्य सम्पादन हुँदै आएका छन्। नेपाल नागरिक उड्डयन प्राधिकरण र मातहतका कार्यालयले हवाई सेवालाई उच्च आर्थिक वृद्धिको लागी प्रभावकारी यातायातको साधन बनाउने र बृहत् स्तरमा पर्यटन प्रवर्धन गर्ने तथा नागरिक उड्डयन क्षेत्र र हवाई सेवा सञ्चालनमा सुरक्षित, प्रभावकारी र गुणस्तरीय सेवाको सुनिश्चितता गर्ने गरी कार्य सम्पादन गर्दै आएको छ।

## ४. संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्थाः

❖ **संवैधानिक व्यवस्था** - नेपालको संविधानमा विकास सम्बन्धी नीतिअन्तर्गत विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिंदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रुपमा भौतिक पूर्वाधारको विकास गर्ने उल्लेख अनुरुप संघीय सरकारका अधिकारमा हवाई उड्डयन, अन्तर्राष्ट्रिय विमानस्थलको विषय समावेश गरीए अनुसार कार्य हुँदै आएको छ।

❖ **कानुनी तथा नीतिगत व्यवस्था** - नागरिक उड्डयन क्षेत्रको विकास र विस्तार गरी सरल, सहज र सुरक्षित हवाई यातायातको सुविधा पुऱ्याउने सम्बन्धी कानुन, नीति, नियम, निर्देशिका र व्यवस्था देहायबमोजिम उल्लेख छ।

- राष्ट्रिय हवाई नीति, २०६३
- नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालन सम्बन्धी नीतिगत व्यवस्थाहरु, २०७५
- वायु सेवा सञ्चालन सम्बन्धी नीतिगत व्यवस्थाहरु, २०७५
- नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३
- गैर सैनिक हवाई उडान ( सिभिल एभिएशन ) ऐन, २०१५
- नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३
- आन्तरिक विमानस्थल सञ्चालन ( व्यवस्थापन ) निर्देशिका, २०६६
- पूर्वाधार संरचना निर्माण, विकास तथा सञ्चालन सम्बन्धी नियमावली, २०६६
- कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६
- नेपाल नागरिक उड्डयन प्राधिकरण आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५७
- नेपाल नागरिक उड्डयन प्राधिकरण नागरिक उड्डयन नियमावली, २०५८
- हवाई दुर्घटना जाँच नियमावली, २०७१
- वायुसेवा खोज तथा उद्धार नियमावली, २०७४
- विमानस्थल सेवा शुल्क नियमावली, २०७८
- नयाँ विमानस्थल निर्माण सम्बन्धी मापदण्ड, २०७३
- विमानस्थल सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९

❖ **आवधिक योजना** - पन्ध्रौं योजनामा विमानस्थल तथा हवाई यातायातलाई सुरक्षित, विश्वसनीय र सर्वसुलभ बनाउने तथा नागरिक उड्डयन सेवा र सुरक्षालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप सञ्चालन तथा सुनिश्चित गरी हवाई यातायातको पहुँच अभिवृद्धि गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गन्तव्य सञ्जाल विस्तार गरी नागरिक उड्डयन क्षेत्रलाई सर्वसुलभ, पहुँचयोग्य र सुरक्षित बनाउने उद्देश्य राखिएको थियो। आवधिक

योजनामा हवाई पूर्वाधारहरुको निर्माण, विकास तथा व्यवस्थापनमा सरकार र निजी क्षेत्रको साझेदारी र सहकार्यलाई प्रोत्साहन गर्ने, सुरक्षा प्रावधान सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको अवलम्बन र नवीन प्रविधिको उच्चतम उपयोग गरी हवाई सेवालाई थप सुरक्षित, गुणस्तरीय र विश्वसनीय बनाउने, हवाई उड्डयन सेवा र हवाई उड्डयन नियमनका लागि नियामक निकायको संरचनात्मक सुदृढीकरण गर्ने, सेवा प्रदायक निकायहरुलाई सक्षम, प्रतिस्पर्धी र प्रभावकारी बनाई हवाई सेवालाई सर्वसुलभ बनाउने, हवाई सम्झौता र हवाई मार्ग विस्तार र बजार प्रवर्धन गरी नेपाली वायुसेवा कम्पनीहरुलाई अन्तर्राष्ट्रिय बजारसम्म पहुँच वृद्धि गर्ने रणनीति तयार भएका छन्।

५. **वार्षिक नीति तथा बजेट** - पछिल्लो ३ वर्षको बजेटमा उल्लेख भएका प्रमुख बेहोराहरु देहायबमोजिम छन्:

❖ आर्थिक वर्ष २०८०।८१ को बजेटमा विराटनगर, भरतपुर, नेपालगन्ज र धनगढी विमानस्थलहरुको स्तरोन्नति गरी क्षेत्रीय विमानस्थलको रुपमा विकास गरिने, रुकुमको चौरजहारी, दाङको टरीगाउँ, उदयपुरको सगरमाथा, जुम्लाको खलङ्गा लगायतका विमानस्थलको स्तरोन्नति गरिने, दुर्गम क्षेत्रमा उडान भर्ने हवाई कम्पनीलाई सहुलियत दिई हवाई यातायात सुविधालाई सहज र सुलभ बनाइने, नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पुनःसंरचना गरी नियामक र सेवा प्रदायक निकाय अलग अलग गरिने, उडान सुरक्षालाई उच्च प्राथमिकतामा राखी गुणस्तरीय पूर्वाधार विकास तथा सेवा प्रवाहमा सुधार गर्नुका साथै नियामकीय भूमिकालाई सबल बनाइने र नेपाल वायुसेवा निगमको पुनःसंरचना गरी व्यवस्थापकीय सुधारका कार्य अघि बढाइने, हवाई सम्पर्कलाई विस्तार गर्न सम्भाव्य मुलुकहरुसँग हवाई सेवा सम्झौताको प्रक्रिया अघि बढाइने उल्लेख छ।

❖ आर्थिक वर्ष २०७९।८० को बजेटमा धनगढी विमानस्थललाई स्तरोन्नति गरी क्षेत्रीय विमानस्थलको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन गरिने, सुर्खेतको रामघाटमा प्रादेशिक विमानस्थल निर्माणको कार्य अघि बढाइने, नेपाल नागरिक उड्डयन प्राधिकरणको पुनः संरचना गरी सेवा प्रदायक र नियामकको रुपमा छुट्टाछुट्टै निकाय स्थापना गरिने र आन्तरिक हवाई सेवाको गुणस्तर अभिवृद्धि गर्न र पहुँच विस्तार गर्न डडेलधुरा, बाग्लुङ्गको बलेवा, दाङ, टरिगाउँ, टीकापुर, चौरजहारी लगायत विमानस्थलको स्तरोन्नति गरिने र उदयपुर विमानस्थलको निर्माण कार्य प्रारम्भ गरिने उल्लेख छ।

❖ आर्थिक वर्ष २०७८।७९ को बजेटमा आन्तरिक विमानस्थल विस्तार, स्तरोन्नति र आधुनिकीकरणलाई निरन्तरता दिइने, इलामको सुकिलुम्बा, गुल्मीको सिमीचौर र डोल्पाको मसिनचौरमा परीक्षण उडान गरिनेछ, चन्द्रगढी, राजविराज, तुम्लिङ्गटार, जनकपुर, धनगढी, अर्घाखाँची, स्वर्गद्वारी, पाटन, दार्चुला, लगायतका विमानस्थलको भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नति गरिने, सुर्खेत र भरतपुर विमानस्थलको विस्तार एवं स्तरोन्नति गरिने, नेपालगञ्ज र विराटनगर विमानस्थलमा नयाँ टर्मिनल भवन निर्माण आरम्भ गरिने, वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न गरी दाङ्गको नारायणपुर विमानस्थल निर्माण कार्य प्रारम्भ गरिने तथा ओखलढुङ्गाको खिजी चण्डेश्वरी विमानस्थल सञ्चालनमा ल्याइने, ताप्लेजुङ्ग सुकेटारको धावनमार्ग विस्तार कार्य सम्पन्न गरिने, तेह्रथुमको चुहानडाँडा विमानस्थलको निर्माण कार्यलाई तीव्रता दिइने उल्लेख छ।

६. **विषय छनोटको औचित्य** - नागरिक उड्डयनको क्षेत्रमा सरकारको ठूलो लगानी रहेको, ५५ विमानस्थल मध्ये ३४ वटा मात्र सञ्चालनमा रहेको, सञ्चालनयोग्य विमानस्थलहरु पनि नियमित सञ्चालनमा नरहेको,

दुर्गम क्षेत्रमा विमान सेवा कम्पनी आकर्षित नभएको र ती क्षेत्रमा उडान गर्ने वायुयानको सङ्ख्या न्यून रहेको हुँदा नियमित हवाई उडान नभएकोले यो क्षेत्र आम नागरिक, मिडिया तथा सरोकारवालाहरुको चासोको विषय बनेको छ। नेपालमा निर्माण भएका विमानस्थलको सञ्चालन, उपयोग र व्यवस्थापन प्रभावकारिताको दृष्टिकोणबाट स्वतन्त्र एवं वस्तुगत मूल्याङ्कन गरी सुझावसहितको प्रतिवेदन गर्न सान्दर्भिक र औचित्यपूर्ण भएकोले यो विषयको छनौट गरिएको हो ।

# परिच्छेद -२
# लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

७. **लेखापरीक्षणको उद्देश्य** - विमानस्थलहरुको सञ्चालन एवं व्यवस्थापनको अवस्था मूल्याङ्कन तथा विश्लेषण गरी देखिएका समस्या समाधानको लागि उपयुक्त सुझाव सहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ। अन्य उद्देश्य देहायबमोजिम रहेका छन्:

- नेपालमा स्थापना भएका आन्तरिक विमानस्थलको सञ्चालन अवस्था, अध्ययन र विश्लेषण गर्नु।
- विमानस्थलको स्रोत साधनको परिचालन अवस्थाको अध्ययन तथा विश्लेषण गर्नु ।

८. **लेखापरीक्षणको क्षेत्र** - नेपाल नागरिक उड्डयन प्राधिकरण तथा नेपालमा स्थापना र सञ्चालनमा रहेका आन्तरिक विमानस्थललाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय तथा अन्य निकायबाट समेत आवश्यक सूचना एवं जानकारी सङ्कलन गरिएको छ। समयावधिको सन्दर्भमा आर्थिक वर्ष २०७८।७९देखि २०८०।८१ सम्मका क्रियाकलापहरु लेखापरीक्षणमा समावेश गरिएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरण, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्य निकायहरुबाट प्रकाशित प्रतिवेदन र सूचनाहरुबाट समेत तथ्याङ्क, सूचना तथा जानकारी लिइएको छ।

९. **लेखापरीक्षण पद्धति** - यस लेखापरीक्षणमा आवश्यकता अनुसार प्रकृयामूलक तथा नतिजामूलक पद्धतिको अवलम्बन गरिएको छ। यो पद्धति कार्यान्वयनका क्रममा सम्बन्धित निकायबाट जानकारी तथा निकाय प्रमुखलगायत अन्य पदाधिकारीसँग छलफलका माध्यमबाट सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ। लेखापरीक्षणको उद्देश्य हासिल गर्न प्राधिकरणले नियमन कार्य गर्दा राखेका अभिलेखहरु र प्राधिकरण एवं वायुसेवा सञ्चालक संस्थाले वेबसाइटमा राखेका अभिलेखहरुको नमुना छनौट गर्ने, विभिन्न प्रश्नावली र विवरण मार्फत सूचना सङ्कलन तथा विश्लेषणका साथै छनौट भएका अन्य निकायको स्थलगत अवलोकन मार्फत जानकारी हासिल गर्ने, सो सम्बन्धी कागजात तथा फाईल अध्ययन गर्ने, सम्बन्धित पक्षसँग छलफल लगायतका लेखापरीक्षण पद्धतिको अवलम्वन गरी प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षण आधारको रुपमा संवैधानिक तथा कानुनी र नीतिगत व्यवस्थाहरु, निर्देशिका, कार्यविधिमा उल्लेख भएका विषयहरुलाई लिइएको छ। लेखापरीक्षणको समयमा र लेखापरीक्षण सम्पन्न भएपश्चात् व्यवस्थापनसँग छलफल गरी प्राप्त प्रतिक्रिया र सुझाव समितिलाई विचार गरी यो प्रतिवेदन तयार गरिएको छ।

१०. **लेखापरीक्षणको सीमितता** – नेपालको विमानस्थलहरुको सञ्चालन तथा व्यवस्थापन अवस्थामा लेखापरीक्षण केन्द्रित रहेको छ। लेखापरीक्षण गर्ने प्रयोजनका लागि प्रश्नावली र द्वितीय स्रोतबाट सूचना तथा जानकारी सङ्कलन गरिएको छ। लेखापरीक्षणका लागि उपलब्ध स्रोत, साधन र समयको सीमा, नियन्त्रण जोखिमको मात्रा तथा लागत लाभको दृष्टिकोणबाट सम्पूर्ण क्षेत्रलाई लेखापरीक्षणको दायरामा समेट्न सम्भव नभएकोले लेखापरीक्षण योजना बमोजिमको सारभूत विषयको छनौट गरी लेखापरीक्षण गरिएको छ। सम्बन्धित निकायहरुबाट प्राप्त सूचना, अभिलेख, विवरण, सरोकारवालासँगको छलफल, लेखापरीक्षण प्रश्नावली तथा तथ्याङ्क, वार्षिक प्रगति प्रतिवेदनका आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, लेखापरीक्षणको लागि उपलब्ध स्रोत, साधन आदि यसका सीमा रहेका छन्। कार्यमुलक

लेखापरीक्षणलाई मार्गदर्शन गर्ने कानुन, नीति र कार्यविधिलाई यस लेखापरीक्षणको सीमाका रुपमा लिइएको छ।

# परिच्छेद – ३
# लेखापरीक्षणबाट देखिएका बेहोराहरू

**सकारात्मक पक्ष-**

- अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) ले २०२२ अप्रिलमा गरेको विश्वव्यापी उडान सुरक्षा निगरानीसम्बन्धी अडिटमा नेपालले आइकाओले निर्धारण गरेको मापदण्डको परिपालनामा ७०.१० प्रतिशत अंक प्राप्त गरेको छ जुन विश्व र एसिया तथा प्रशान्त क्षेत्रको औसत मापदण्ड परिपालनाको दरभन्दा माथि रहेको छ।
- हाल नेपालमा ३ अन्तर्राष्ट्रिय सहित ३४ आन्तरिक विमानस्थलबाट नियमित हवाई सेवा प्रवाह भइरहेको छ।
- नेपाल नागरिक उड्डयन प्राधिकरणको वार्षिक प्रतिवेदन, २०२४ अनुसार नेपालमा विमानस्थलबाट वार्षिक ८३ लाख २४ हजार यात्रुले हवाई सेवामार्फत यात्रा गरेका छन्।
- हाल हवाई सेवा प्रदान गर्ने हवाइजहाज र हेलिकप्टर गरी २० विमान कम्पनी रहेका छन्।
- नेपालको भौगोलिक जटिलता एवं मौसमी विविधतालाई मध्यनजर गर्दै हवाई उड्डयन क्षेत्रलाई थप सुरक्षित, भरपर्दो एवं विश्वसनीय बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरण र राष्ट्रिय आविष्कार केन्द्र बिच सम्झौता गरी पोखरा-जोमसोम र काठमाडौं-लुक्ला रुटमा मौसम सम्बन्धी जानकारी दिने क्यामरा जडान भई सञ्चालनमा रहेको छ।
- हुम्लाको सिमिकोट विमानस्थलमा थप ३ वटा जहाज पार्किङ्ग गर्न सकिने पार्किङ्ग निर्माण भएको छ।
- गुल्मीको रेसुङ्गा र कालिकोट विमानस्थलमा धावनमार्ग, ट्याक्सी वे तथा एप्रोन र टर्मिनल भवन निर्माण कार्य सम्पन्न भएको छ।
- सञ्चालनमा रहेका विमानस्थलहरुको नियमित मर्मत सम्भारका लागि नियमित, आवधिक र आकस्मिक अवधारणा अनुसारका मर्मत सम्भार भइरहेको र यसका लागि आवश्यक साधन स्रोत सहित प्राविधिक जनशक्ति व्यवस्था भएको छ।

**सुधारका क्षेत्र-**

११. **नीतिगत व्यवस्थाको कार्यान्वयन**- नेपालमा नागरिक उड्डयन क्षेत्रको विकास तथा विस्तार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सेवा सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को व्यवस्था छ। त्यसैगरी स्तरीय हवाई सेवाको लागि आवश्यक भौतिक पूर्वाधार र आधुनिक प्रविधिको प्रयोग गरी हवाई सेवा सञ्चालन गर्न सक्ने विमानस्थलको विकास मार्फत अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप हवाई सुरक्षा सुनिश्चित गर्दै सुरक्षित, सुलभ, मितव्ययी, भरपर्दो एवं प्रभावकारी हवाई यातायातको माध्यमबाट पर्यटन र व्यापार प्रबर्धनमा सहयोग पुर्‍याउन हवाई नीति, २०६३ कार्यान्वयनमा रहेको छ। सोही नीति बमोजिम नेपाल नागरिक उड्डयन प्राधिकरणले कार्यसञ्चालन गरिरहेको छ। लामो समयसम्म ऐन र नीतिमा परिमार्जन नहुँदा अन्तर्राष्ट्रिय उड्डयन सङ्गठन र अन्य संस्थाहरूले निर्धारित गरेका मानकअनुकूल व्यवस्था परिपालनामा कठिनाइ भएको, हवाई यातायात र प्राविधिक विकासमा भएको परिवर्तन अनुरुप हवाई क्षेत्रको व्यावसायिक वातावरण विकास गरी प्राधिकरणको क्षमता र कार्यसम्पादन प्रभावकारी बनाउन कठिनाइ देखिएको प्राधिकरणले जनाएको छ। नेपालको नागरिक उड्डयन क्षेत्रको प्रभावकारिता बढाउने, प्रविधिअनुकूल उडान सुरक्षा व्यवस्थापन गर्ने, दक्ष जनशक्ति विकास गर्ने र अन्तर्राष्ट्रिय मापदण्डको परिपालनासँगै सस्तो, सुरक्षित, भरपर्दो र सुविधाजनक हवाई यातायात सेवाको प्रवर्धन गर्न समयानुकूल कानुनी र नीतिगत सुधार गर्नुपर्दछ।

१२. **एकद्वार प्रणालीको कार्यान्वयन**- हवाई नीति, २०६३ मा नेपाल सरकारको स्वीकृति नीतिभित्र रही हवाई यातायातसँग सम्बद्ध वायुसेवा सञ्चालन संस्था, वायुमान मर्मत संभार संस्था, हवाई उडान प्रशिक्षण संस्था तथा हवाई यातायातलाई आवश्यक पर्ने अन्य जनशक्ति उत्पादन गर्ने संस्थाहरुको इजाजत दिने, इजाजत प्राप्त संस्थालाई सेवा सञ्चालन प्रमाणपत्र आधारस्थल निर्धारण, उपकरण थपघट, रुट परिवर्तन र स्तरवृद्धि सम्बन्धी कार्य पारदर्शी एवं एकीकृत रुपमा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट गर्नको लागि एकद्वार प्रणालीको विकास गरिने उल्लेख छ। नेपाल सरकारको कार्य विभाजन नियमावली, २०७४ बमोजिम संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नागरिक उड्डयन सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन, वायुयान निर्माण तथा डिजाइन, सञ्चालन र मर्मत सम्भार, विमानस्थल निर्माण तथा सञ्चालन, हवाई सेवा तथा उड्डयन तालिम संस्था आदिको इजाजत र नियमन लगायत हवाई क्षेत्रको व्यवस्थापन सम्बन्धी कार्य गर्दै आएको छ। सोही कार्यहरु नेपाल नागरिक उड्डयन प्राधिकरणको कार्यक्षेत्रमा समेत रहेको देखियो । यसबाट हवाई नीतिमा उल्लेख भएको एकद्वार प्रणालीको विकास नभएकोले सञ्चालन इजाजत पत्रको लागि मन्त्रालय र सञ्चालन अनुमतिको लागि प्राधिकरण दुवैमा प्रमाण कागजात पेश गर्नुपर्ने देखिन्छ । हवाई नीतिमा उल्लेखित व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

१३. **दोहोरो कार्य जिम्मेवारी**- हवाई नीति, २०६३ अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नागरिक उड्डयन क्षेत्रको नियमन, नियन्त्रण, एवं विस्तारका कार्यहरु प्रभावकारी रुपले सञ्चालन गर्न एउटा सक्षम नागरिक उड्डयन नियमनकारी निकाय एवं व्यावसायिक संस्थाको रुपमा सुदृढ गर्दै लगिने व्यवस्था रहेको छ। नेपाल सरकारको २०७९।८० र २०८०।८१ को बजेट वक्तव्यमा नेपाल नागरिक उड्डयन प्राधिकरणको पुनः संरचना गरी सेवा प्रदायक र नियामकको रुपमा छुट्टाछुट्टै निकाय स्थापना गरिने उल्लेख भएता पनि हालसम्म कार्यान्वयन भएको छैन। हाल नेपालको नागरिक उड्डयन क्षेत्रमा नियामक निकायले गर्ने कार्य र विमानस्थल विकास, सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य नेपाल नागरिक उड्डयन प्राधिकरणबाट हुँदै आएको छ। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले विभिन्न समयमा गरेको उडान सुरक्षा अडिटमा समेत सेवा प्रदायक र नियामक निकायबिच स्पष्ट कार्य विभाजन हुनुपर्ने उल्लेख गरेको छ। सेवाप्रदायक र नियमनकारी निकायको कार्यक्षेत्र छुट्याई प्रभावकारी रुपमा कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१४. **आवधिक योजनाको कार्यान्वयन** -पन्ध्रौं योजना (२०७५।७६-२०८०।८१) ले सुरक्षित, विश्वसनीय र सर्वसुलभ हवाई यातायात सेवाको दीर्घकालीन सोच पूरा गर्न नागरिक उड्डयन सेवालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप सञ्चालन गरी हवाई यातायातको पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिएको छ। योजनाअनुरुप सबै मौसममा सञ्चालन हुने विमानस्थलको सङ्ख्या ४२ पुर्‍याउने, आन्तरिक उडान गर्ने वायुसेवाहरुको सङ्ख्या १८ बाट २५ पुर्‍याउने र हवाई सुरक्षा अभिवृद्धि गर्ने गरी अपेक्षित उपलब्धि तोकिएकोमा प्राधिकरणले उपलब्ध गराएको विवरणअनुसार हाल नियमित सञ्चालन हुने विमानस्थल ३४, आन्तरिक उडान गर्ने सबै प्रकारका वायुसेवाहरुको सङ्ख्या २० रहेको छ। आवधिक योजनाको अपेक्षित उपलब्धि र वास्तविक अवस्थाका सम्बन्धमा विश्लेषण भएको देखिएन। साथै सोह्रौं आवधिक योजनामा समेत विमानस्थल सञ्चालन र व्यवस्थापन सम्बन्धमा कुनै रणनीति उल्लेख गरेको पाइएन । हवाई सेवालाई यातायातको अभिन्न साधनको रुपमा विकास गरी सुरक्षित र सर्वसुलभ सेवा प्रवाहका लागि योजना तथा कार्यक्रम निर्धारण गरी सो अनुरुप कार्यसम्पादन गर्नुपर्दछ।

१५. **हब विमानस्थलको सञ्चालन** - हवाई नीति, २०६३ अनुसार नयाँ आन्तरिक वायुसेवा सञ्चालन संस्थालाई इजाजत तथा वायुयान सञ्चालन प्रमाणपत्र दिँदा र मौजुदा वायुसेवा सञ्चालन संस्थाहरुलाई वायुयान थप गर्न इजाजत दिंदा काठमाडौं बाहिरका हब विमानस्थलहरुका सञ्चालन आधार राखी दुर्गम क्षेत्रमा समेत सेवा पुऱ्याउनु पर्ने गरी इजाजत दिइने उल्लेख छ। हवाई नीतिमा विराटनगर, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढी विमानस्थलहरुलाई क्षेत्रीय हब विमानस्थलको रुपमा विकास गरिने उल्लेख छ। नेपाल नागरिक उड्डयन प्राधिकरणको वार्षिक प्रतिवेदन, २०२४ मा विराटनगर, नेपालगञ्ज र धनगढीलाई हब विमानस्थलको रुपमा उल्लेख गरिएको छ। दुर्गम र पहाडी क्षेत्रका विमानस्थलमा सेवा पुऱ्याउनु पर्ने व्यवस्था अनुसार वायुसेवा सञ्चालन संस्थाहरुले दुर्गम क्षेत्रका विमानस्थलहरुमा सेवा सञ्चालन नगरे पनि अनुमति प्रदान गरेको देखियो। नीतिगत व्यवस्था बमोजिम वायुसेवा सञ्चालन संस्थाहरुलाई सञ्चालन प्रमाणपत्र जारी गर्दा सञ्चालन आधार विमानस्थलबाट उडान गर्नुपर्ने दुर्गम क्षेत्रको वृत्त खण्ड स्पष्ट उल्लेख गरी सो क्षेत्रमा हवाई सेवा सञ्चालन गर्ने व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

१६. **अन्तर्राष्ट्रिय मापदण्डको कार्यान्वयन** - अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले नागरिक उड्डयनको क्षेत्रमा अन्तर्राष्ट्रिय मापदण्ड र सिफारिस जारी गर्दछ। यसअनुसारका मापदण्डहरुमा सुरक्षा मापदण्ड (विमानस्थलको सुरक्षा, यात्री सुरक्षा जाँच र सामानको जाँच गर्नका लागि एक्स रे, स्क्यानर, मेटल डिटेक्टर र निगरानी प्रणालीहरुको प्रयोग), उडान सुरक्षा र पूर्वाधार (विमानस्थलहरुको रनवे, एयर ट्राफिक कन्ट्रोल टावर, ट्राफिक व्यवस्थापन, विमान पार्किङ र विमानस्थलको क्षमता विकास) र वातावरणीय मापदण्ड (ध्वनि प्रदूषण र कार्बन उत्सर्जन व्यवस्थापन) पर्दछन्। प्राधिकरणले नेपालका आन्तरिक विमानस्थलहरुमा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप सुरक्षा, पूर्वाधार र वातावरणीय मापदण्डको परिपालन गर्ने प्रयास गरीएको जनाए पनि रुम्जाटार लगायतका विमानस्थलमा सुरक्षा जाँचको मेसिन नरहेको, धेरैजसो दुर्गम क्षेत्रका विमानस्थलमा विमानस्थल प्रवेश पास अनिवार्य नभएको हुँदा पूर्ण रुपमा विमानस्थललाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूलको बनाउन सकेको देखिँदैन। प्राधिकरणले विमानस्थलको सञ्चालन तथा व्यवस्थापन गर्दा अन्तर्राष्ट्रिय मापदण्डको पूर्ण परिपालनामा जोड दिनुपर्दछ।

१७. **अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालनः**

❖ **पोखरा अन्तर्राष्ट्रिय विमानस्थल** - नेपाल नागरिक उड्डयन प्राधिकरणको आर्थिक वर्ष २०७८/७९ को वित्तीय लेखापरीक्षण प्रतिवेदनमा नेपाल नागरिक उड्डयन प्राधिकरणको सम्पत्ति अन्तर्गत पोखरा विमानस्थल, नागरिक उड्डयन प्राधिकरणको स्वामित्वमा ११५६-१०-१-०.५ रोपनी जग्गा रहेको भए पनि सबै जग्गा प्राधिकरणको पूर्ण भोगचलनमा रहेको छैन। उक्त जग्गामा सार्वजनिक राजमार्ग तथा बाटो निर्माण हुनुका साथै विद्यालय, सुकुम्बासी, उद्योग वाणिज्य संघ, अन्य संस्था तथा स्थानीय तहले विभिन्न संरचना निर्माण गरी भोगचलन गरेको छ। नयाँ विमानस्थल निर्माणका लागि २०३२ सालको राजपत्रमा प्रकाशित गरी ३१०६ रोपनी जग्गा अधिग्रहण गरिएकोमा लगत अद्यावधिक गरेको देखिएन। साथै विमानस्थल निर्माणका लागि थप जग्गा अधिग्रहण गर्न तीन चरणमा ५२१.३९ रोपनी र बाहिरी सडक निर्माण, अप्रोच लाइटिङ, ग्लीड पाथ एरियाका साथै मेट्रोलोजिकल भवन निर्माण कार्यकालागि १४९.०२ रोपनी जग्गा अधिग्रहणको सुचना प्रकाशित भई मुआब्जा वितरण कार्य करिब पूर्ण भएकोमा जग्गा धनि प्रमाण पुर्जाहरु एकीकृत गरी नराखेकोले प्राधिकरणको स्वामित्वमा सबै जग्गा आएको यकिन नभएको उल्लेख छ।

विमानस्थलको टर्मिनल भवनको प्रवेशद्वारमा Canopy को उचित व्यवस्था नभएकोले मनसुनको समयमा यात्रुहरुलाई पार्किङ एरियाबाट टर्मिनल भवनसम्म आउँदा पानीले भिजाउने समस्या हुने तथा टर्मिनल भवनको पछाडि भागमा रहेको Arrival Luggage Conveyor Belt को Luggage Inward गर्ने Equipment राखेको भागमा पनि Roof Coverage पर्याप्त नभएको, आन्तरिक टर्मिनल भवनको Check In Area तथा Domestic Departure Sterile Hall मा रहेका Waiting Chair पर्याप्त नभएकोले Flight Delay हुदाँ यात्रुहरुलाई बस्ने ठाँउको अभाव हुने, विमानस्थलमा Fuel Refueling Points हरुको अभावमा वायुयानमा Fuel Refueling Service को लागि ट्याङ्करको प्रयोग गर्नुपर्ने अवस्था रहेको, विमानस्थलको Runway 12 तिर मात्र Parallel Taxi Way र अन्य दुईवटा Link Taxi Way को मात्र व्यवस्था भएको र Runway 30 मा पुग्न Runway बाट नै जहाज जानुपर्ने अवस्था रहेकोले Runway Occupancy Time बढी हुने र Flight Delay हुन सक्ने, हेलिकप्टर पार्किङ स्थलको लागि कुनै ठाँउको व्यवस्था नभएको, एयरपोर्टमा कार्गो बुकिङ्ग तथा टिकट काट्ने कोठाको व्यवस्था नभएको, आन्तरिक उडानको लागि छुट्याइएका ऱ्याम्प एरियामा ३देखि ४ वटा बस मात्र अट्न सक्ने हुदाँ प्रत्येक वायुसेवा कम्पनीले छुट्टा छुट्टै बस राखी ऱ्याम्प सेवा सञ्चालन गर्न सम्भव नहुने, जहाज Ground Equipment हरु (GPU, Tow Tugs, Tractor आदि), Ladder आदि राख्न Equipment Yard को व्यवस्था नभएको र पोखरा Night Stop वा Base Station मा बस्ने जहाज तथा Temporary Line Maintenance Office स्थापना गर्न वायुसेवा कम्पनीहरुलाई ठाँउ उपलब्ध नभएको जस्ता विमानस्थल सञ्चालन सम्बन्धी समस्याहरु उल्लेख गरेकोमा डिजाइन अनुसार विमानस्थल निर्माण भई सञ्चालनका रहेको प्राधिकरणको भनाइ रहेको छ।

❖ **गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल** - नेपाल नागरिक उड्डयन प्राधिकरणको आर्थिक वर्ष २०७८/७९ को वित्तीय लेखापरीक्षण प्रतिवेदनमा आयोजना प्रस्तावको समयमा गरिएको आर्थिक विश्लेषण अनुसार सन् २०१७ मा आयोजना निर्माण सम्पन्न भई सोही वर्ष सञ्चालन हुने र सो वर्ष ३९ लाख अमेरीकी डलर आय हुने उल्लेख छ। उक्त आय वृद्धि भई सन् २०२२ मा २ करोड ५४ लाख अमेरिकी डलर हुने समेत उल्लेख भएकोमा तोकिएको समयभन्दा ४ वर्ष ढिलो आयोजना निर्माण कार्य सम्पन्न भई सन् २०२२ को ७ महिनामा रू.५ करोड ९६ लाख १९ हजार मात्र आम्दानी भई प्रक्षेपित भन्दा कम आय भएको उल्लेख छ। आयोजना प्रस्तावको आर्थिक विश्लेषणमा अन्तर्राष्ट्रिय उडान तर्फ सन् २०२० मा ८९ हजार ८५६ यात्रुले उडान सेवा लिने र सो संख्या सन् २०२५ मा २ लाख ८९ हजार ३१९ पुग्ने अनुमान रहेकोमा सन् २०२२ को ७ महिनामा ३१ हजार ६१८ यात्रुलेमात्र सेवा लिएको उल्लेख छ। इन्स्ट्रुमेन्ट ल्याण्डिङ सिस्टम प्रयोगमा ल्याउन नसकिएको, अन्तर्राष्ट्रिय सीमाबाट नेपाल प्रवेश गर्ने हवाई मार्ग एक मात्र भएकोले घुमेर भैरहवा जानुपर्ने स्थिति रहेको उल्लेख भएकोमा विमानस्थल सञ्चालनमा रहेको र २०८०।८१ मा रु.२१ करोड १३ लाख आय भएको जानकारी प्राधिकरणले गराएको छ।

१८. **विमानस्थलको दुरी** - हवाई नीति, २०६३ अनुसार निकटस्थ विमानस्थलबाट प्रस्तावित विमानस्थलको दुरी, हिमाली र पहाडी क्षेत्रमा २० नटिकल माइल र तराई तथा भित्री मधेशमा कम्तीमा ४० नटिकल माइल हुनुपर्ने उल्लेख छ। उक्त नीति लागु भएपछि पनि सो नीतिमा उल्लेख भएको दुरीभन्दा कम दुरीमा विमानस्थलहरु निर्माण भएका देखियो। नीतिगत व्यवस्था पश्चात् निर्माण सम्पन्न भएका तथा हाल निर्माणाधिन अवस्थामा रहेका विमानस्थल र ती विमानस्थलबाट निकटस्थ रहेका विमानस्थल दुरीको विवरण निम्नबमोजिम देखिन्छ ।

| क्र.सं | विमानस्थलको नाम | नजिकको विमानस्थल | निर्माण वर्ष | दुरी (नटिकल माइल) | विमानस्थलको स्तर | लागत रकम |
|---|---|---|---|---|---|---|
| १ | रेसुङ्गा विमानस्थल, गुल्मी | अर्घाखाँची | २०८० | ७.५ | कालोपत्रे तथा पक्की टर्मिनल भवन | २५ करोड |
| २ | अर्घाखाँची विमानस्थल, | रेसुङ्गा गुल्मी | निर्माण सम्पन्न नभएको | ७.५ | निर्माणाधीन | २० करोड |
| ३ | कमलबजार, अछाम | साँफेबगर | २०८१ | १३ | Gravel RWN मा परीक्षण उडान सम्पन्न | - |
| ४ | काँगेलडाँडा, सोलुखुम्बु | फाप्लु | २०७८ | ७.११ | घाँसे धावनमार्ग | १० करोड |
| ५ | फाल्गुनानन्द सुकिलुम्बा, ईलाम | चन्द्रगढी | २०७८ | २० | STOL Paved | ३० करोड |
| ६ | खिँजी चण्डेश्वरी, ओखलढुङ्गा | रामेछाप | २०७६ | १४ | Gravel RWN मा परीक्षण उडान सम्पन्न | - |
| ७ | सगरमाथा उदयपुर | राजविराज | निर्माण सम्पन्न नभएको | १५ | निर्माणमाधीन | ५ अर्ब |

उपर्युक्त तालिकाअनुसार रेसुङ्गा विमानस्थलको नजिकै ७.५ नटिकल माइलमा अर्घाखाँची विमानस्थल निर्माणाधीन रहेको छ। काँगेलडाँडा विमानस्थल र फाप्लु विमानस्थलको निकतम दुरी ७.११ नटिकल माइल रहेको छ। राजविराज विमानस्थलको नजिकै उदयपुरमा सगरमाथा विमानस्थल निर्माणाधीन छ। यसरी नयाँ विमानस्थल निर्माण गर्दा मापदण्ड पालना भएको देखिएन । मापदण्डको आधारमा निर्माण नभएको कारण निर्मित विमानस्थलहरुमा नियमित हवाई यातायात सञ्चालन हुन सकेको छैन । निर्माण सम्पन्न भए पनि सञ्चालनमा ल्याउन नसक्दा लगानीको अपेक्षित प्रतिफल प्राप्त हुन सकेको देखिएन। विमानस्थल निर्माण गर्दा नीतिगत व्यवस्थाको परिपालनामा गर्नुपर्दछ।

१९. **सुगम क्षेत्रमा वायु सेवा सञ्चालन**- नेपाल नागरिक उड्डयन प्राधिकरण वायुसेवा सञ्चालन सम्बन्धी नीतिगत व्यवस्थाहरु, २०७५ अनुसार सुगम सेक्टरमा मात्र उडान गर्ने वायुसेवाहरुले दुर्गम पहाडी क्षेत्रमा उडान सञ्चालन गर्ने वायुसेवाहरुलाई तोकेबमोजिमको योगदान गर्नुपर्ने उल्लेख छ। हाल सुगम क्षेत्रमा वायु सेवा सञ्चालन गर्ने वायुसेवाहरुमा बुद्ध एयर, यति एयरलाइन्स, सौर्य र श्री एयरलाइन्ससँग दुर्गम क्षेत्रमा उडान गर्न उपयुक्त विमानहरु नभएकोले दुर्गम क्षेत्रमा हवाई उडान सञ्चालन गरेको देखिएन । वायुसेवा सञ्चालन नीतिगत व्यवस्थाहरुको प्रावधान अनुसार प्राधिकरणले हालसम्म पनि वायु सेवाहरुले योगदान गर्नुपर्ने रकम नतोकेकोले वायु सेवाहरुले योगदान नगरेको सम्बद्ध पक्षसँग छलफलको क्रममा जानकारी प्राप्त भएको छ। नीतिगत व्यवस्थाअनुसार वायु सेवाहरुले योगदान गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन गरी दुर्गम क्षेत्रमा नियमित हवाई सेवा सञ्चालन गर्नुपर्दछ।

२०. **दुर्गम क्षेत्र हवाई सेवा कोष**- हवाई नीति, २०६३ अनुसार दुर्गम क्षेत्रमा हवाई सेवा सञ्चालनलाई सुलभ तथा नियमित तुल्याउन दुर्गम क्षेत्र हवाई सेवा सञ्चालन कोषलाई प्रभावकारी बनाइने उल्लेख छ। त्यसैगरी नागरिक उड्डयन नियमावली, २०५८ को नियम ७९ मा दुर्गम क्षेत्र हवाई सेवा कोषको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था छ। नियमावलीमा उल्लिखित व्यवस्था रहेता पनि कोष सञ्चालन कार्यविधि तयार नहुँदा कोष स्थापना र सञ्चालन भएको छैन। कोष सञ्चालन हुन नसक्दा दुर्गम क्षेत्रमा हवाई सेवा सञ्चालनलाई सुलभ तथा नियमित बनाउन सकेको देखिएन। नेपाल नागरिक उड्डयन प्राधिकरण बोर्डको २०८०।०१।२९ को ४२ औं बैठकबाट कार्यविधि स्वीकृतिको लागि संस्कृति, पर्यटन तथा नागरिक

उड्डयन मन्त्रालयमा पेश गरेको प्राधिकरणले जानकारी गराएको छ। कोष सञ्चालन सम्बन्धी कार्यविधि स्वीकृत गरी कोष परिचालनमार्फत दुर्गम क्षेत्रमा नियमित हवाई सेवा सञ्चालन गर्नुपर्दछ।

२१. **विमानस्थलको विवरण**- हाल नेपालमा ३ अन्तर्राष्ट्रिय र ५२ आन्तरिक विमानस्थल गरी ५५ विमानस्थल रहेका छन्। आन्तरिक विमानस्थलको अवस्था देहायबमोजिम छ।




---

उडान अयोग्य विमानस्थलको जग्गा तथा सम्पत्तिको उचित व्यवस्थापन गर्नुपर्दछ।

२२. **विमानस्थल सञ्चालनको अवस्था** - नेपालमा ३ अन्तर्राष्ट्रिय र ५२ आन्तरिक गरी ५५ विमानस्थल रहेका छन् । नेपालका पहाडी तथा हिमाली क्षेत्रका जनतालाई सरल तथा सहज किसिमले हवाई यातायातको सुविधा पुऱ्याउने उद्देश्यले नेपाल वायुसेवा निगम, तारा एयर, सिता एयर र समिट एयर सहित विभिन्न हेलिकप्टर कम्पनीले उडान अनुमति लिई हवाई सेवा प्रदान गरेका छन् । उक्त चार एयरलाइन्स बाहेक नेपालमा अधिक हवाई सेवा प्रदान गर्ने विमान कम्पनी बुद्ध एयर, यति एयर, सौर्य एयर र श्री एयरसँग सर्ट टेकअफ एण्ड ल्याण्डिङ विमानस्थलमा चल्ने जहाज नहुँदा दुर्गम क्षेत्रमा नियमित उडान गर्ने जहाजको कमी रहेको देखिन्छ। पहाडी तथा हिमाली क्षेत्रमा नियमित सञ्चालन हुने विमानस्थलहरु ताप्लेजुङ्ग, भोजपुर, खानीडाँडा, थामखर्क, लुक्ला, जोमसोम, रेसुङ्गा, दाङ, रुकुम सल्ले, सिमकोट, जुफाल, बझाङ, बैतडी लगायतका विमानस्थलहरुमा उडान सेड्युल भन्दा कम सङ्ख्यामा उडान भएको देखिन्छ।

| क्र.सं | विमानस्थलको नाम | २०२२ | | २०२३ | | २०२४ | |
|---|---|---|---|---|---|---|---|
| | | उडान सेड्युल | उडान सङ्ख्या | उडान सेड्युल | उडान सङ्ख्या | उडान सेड्युल | उडान सङ्ख्या |
| १ | ताप्लेजुङ्ग विमानस्थल | ४३० | १८७ | ३१६ | १५८ | १७१ | १२४ |
| २ | भोजपुर विमानस्थल | ४७२ | १८६ | १६८ | १२५ | २२९ | ९२ |
| ३ | खानीडाँडा विमानस्थल | १६२ | ५७ | २७९ | ४५ | १४० | ३५ |
| ४ | थामखर्क विमानस्थल | १५० | ६३ | १६८ | ४६ | ९३ | ३१ |
| ५ | लुक्ला विमानस्थल | ७९७५ | ३४९९ | ५९३८ | ४७८५ | ८४२१ | ३९३७ |
| ६ | रेसुङ्गा विमानस्थल | - | - | २४ | २३ | १५३ | ६१ |
| ७ | दाङ विमानस्थल | ३२२ | १५५ | २७२ | १०८ | १८८ | ७१ |
| ८ | रुकुम सल्ले | ५९५ | २०८ | ३७६ | ८१ | १९८ | ८८ |
| ९ | सिमिकोट विमानस्थल | ६५४ | १७४९ | १८१० | १२८५ | १०५७ | ६९८ |
| १० | बैतडी विमानस्थल | २९५ | ४ | २४ | ० | ० | ० |

प्राप्त विवरण अनुसार उपरोक्त विमानस्थलहरुमा विमान सेवा प्रदायक कम्पनीहरुले प्राधिकरणबाट स्वीकृत गरेको उडान सेड्युल उडान सङ्ख्या भन्दा ज्यादै न्यून सङ्ख्यामा उडान गरेको देखियो। दुर्गमक्षेत्रका विमानस्थलहरुमा उपयुक्त हुने सानो जहाजको सङ्ख्या न्यून रहेको, यात्रुको सङ्ख्या न्यून हुनु तथा मौसम खराबीको कारणले स्वीकृत सङ्ख्यामा उडान हुन नसकेको प्राधिकरणको भनाइ रहेको छ। नियमित रुपमा सञ्चालन हुने विमानस्थलहरुमा विमान सेवा प्रदायक कम्पनीहरुले प्राधिकरणबाट उडान सेड्युल स्वीकृत गर्ने तर सेड्युल भन्दा कम उडान गर्ने गर्दा हवाई सेवा प्रभावकारी नहुने भएकोले यसमा सुधार गर्न प्राधिकरणको ध्यान जानुपर्ने देखिन्छ।

२३. **उडान अनुमति** - नागरिक उड्डयन नियमावली, २०५८ को नियम ५६ बमोजिम वायुसेवा कम्पनीले नियमित (सेडयुल्ड) उडान अनुमति तालिका पेश गर्ने र नियमित उडानहरुको अनुगमन महानिर्देशकले गर्ने र यसरी अनुगमन गर्दा स्वीकृत उडान तालिकाको पालना नगर्ने वायुसेवाको उडानमा महानिर्देशकले रोक लगाउन सक्ने व्यवस्था रहेको छ। नागरिक उड्डयन प्राधिकरणबाट उडान योजना स्वीकृत गरिसकेपछि उडान नगर्ने वायुसेवा कम्पनीलाई कुनै नियमन तथा निर्देशन भएको देखिएन। उदाहरणको लागि हुम्लाको सिमिकोट विमानस्थलमा सन् २०२४ मा नेपाल वायुसेवा निगमले २०३ उडान तालिका स्वीकृत गरेकोमा ८१ वटा मात्र उडान गरेको, तारा एयरले १९० उडान तालिका स्वीकृत गरेकोमा १३५ मात्र उडान गरेको र सीता एयरले ४९९ उडान तालिका स्वीकृत गरेकोमा २७८ मात्र उडान गरेको देखियो। यसले गर्दा वायुसेवा कम्पनीले सुविधाजनक किसिमले उडान गर्ने गरेको देखियो। प्राधिकरणले वायुसेवा कम्पनीले नियमित (सेडयुल्ड) उडान अनुमति बमोजिम उडान गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

२४. **तथ्याङ्क अभिलेखीकरण** - विमानस्थल सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९ अनुसार वायुसेवाहरुबाट दैनिक रुपमा हवाई ट्राफिक तथ्याङ्क (वायुयान, यात्रु, कार्गो तथा मेल आवागमन) को तथ्याङ्क प्राप्त गरी उक्त तथ्याङ्कलाई मुभमेण्ट लगबुकमा उतार गर्ने र प्रत्येक महिना सोको प्रमाणित अभिलेख राखी हरेक अङ्ग्रेजी महिनाको ७ गते भित्र आन्तरिक विमानस्थल तथा सुविधादेय विभागमा उपलब्ध गराउने व्यवस्था रहेको छ। आन्तरिक विमानस्थल तथा सुविधादेय विभागबाट एकमुष्ठ रुपमा वार्षिक उडान तथा अवतरण विवरण प्राप्त भएको छ। प्राप्त विवरणमा विमानस्थल अनुसार विमान सेवा प्रदायक, विमानको प्रकार (हवाई जहाज, हेलिकप्टर), उडान तथा अवतरणको किसिम (नियमित, चार्टर, विशेष)

नछुट्टिने भएकोले वायुसेवा प्रदायक कम्पनी, विमानको किसिम र उडान तथा अवतरणको किसिम यकिन नहुँदा स्वीकृत सेड्युल बमोजिम भएको वास्तविक उडानको विश्लेषण गर्न सकिएन्। निर्देशिका बमोजिमको अभिलेख व्यवस्थापन गर्नुपर्दछ।

२५. **दुर्गम क्षेत्रमा नियमित उडान** - नेपाल नागरिक उड्डयन प्राधिकरणबाट प्राप्त विवरण अनुसार सडक यातायात नपुगेका दुर्गम क्षेत्रका विमानस्थलहरुलाई सञ्चालनयोग्य अवस्थामा राखिरहन आवश्यक भौतिक पुर्वाधार अद्यावधिक राखी प्राविधिक जनशक्ति सुनिश्चित गर्दै एरोनटिकल फिक्स्ड इन्फर्मेसन सर्भिस र हवाई उडान सेवा (एयर ट्राफिक सर्भिसेज) लगायतका आवश्यक सेवा सुचारु राखिरहन सो सम्बन्धी स्थानहरुमा सञ्चार तथा उड्डयन सहाय उपकरण र अन्य यन्त्र तथा उपकरण आदिको व्यवस्था गरिएको छ। दुर्गम क्षेत्रका विमानस्थलमा व्यावसायिक नियमित उडान सेड्युल सञ्चालनको हकमा प्रचलित कानुन बमोजिम इजाजत प्राप्त वायुसेवा सञ्चालन संस्था लाई हवाई उडान अनुमति प्रदान गर्ने गरेको उल्लेख छ। प्राधिकरणले उडान तालिका स्वीकृत गर्दा भौगोलिक सन्तुलनलाई ध्यानमा राख्दैं दुर्गमक्षेत्रमा उडानयोग्य वायुयान भएका वायुसेवा सञ्चालन संस्थासँग समन्वय गरी समानुपातिक तवरमा हरेक सेक्टरमा नियमित उडान संख्या सुनिश्चित हुने गरी उडान तालिका तर्जुमा गरे तापनि लुक्ला विमानस्थलमा २०२४ मा ३ हजार ९ सय ३७ नियमित उडान हुदा डोल्पा सिमकोट विमानस्थल ६ सय ९८ मात्र नियमित उडान भएको देखिएको छ। अतः सबै क्षेत्रमा समानुपातिक रुपमा उडान हुन सकेको देखिएन । नेपालमा दुर्गम क्षेत्रमा उडानयोग्य वायुयानको कमी रहेको, नयाँ जहाज खरिद अत्यन्त महङ्गो पर्न जाने, लिजमा जहाज ल्याएर व्यावसाय गर्ने अन्तर्राष्ट्रिय अभ्यास भए पनि नेपालमा नीतिगत र कानुनी व्यवस्थाको अभावका कारण दुर्गम क्षेत्रमा नियमित हवाई उडान हुन नसकेको प्राधिकरणको भनाइ रहेको छ। वायुसेवा सञ्चालन संस्थाको दिगोपना सहित आर्थिक रुपमा सवल हुने गरी प्राविधिक क्षमता विकास गर्न प्रेरित गर्दै व्यावसायिक आकर्षण हुने गरी सहुलियत र सहजीकरणको व्यवस्थामा पुनरावलोकन पनि भएको छैन। वैज्ञानिक भाडादर र हवाई सेवाप्रदायकलाई आवश्यक सहुलियतका विषयमा पुनरावलोकन गरेर दुर्गम क्षेत्रमा नियमित हवाई उडान भरपर्दो बनाउनु पर्दछ।

२६. **सञ्चालनमा नरहेका विमानस्थल** - निर्माण सम्पन्न भई उडान योग्य भएका तर नियमित उडान तालिका नरहेका निम्न विमानस्थलहरुको अवस्था देहायबमोजिम रहेको छ।

- **बाग्लुङ्ग बलेवा विमानस्थल** - धावनमार्गमा कालोपत्रे भएको १२ महिना सञ्चालन गर्न सकिने बाग्लुङ्ग बलेवा विमानस्थल हाल सञ्चालनमा रहेको छैन। विगत ५ वर्षमा नियमित उडान तालिका नरहेपनि उक्त अवधिमा रु.१६ लाख ३९ हजार सञ्चालन खर्च भएको र आम्दानी भएको छैन। यसरी सञ्चालनयोग्य विमानस्थलमा हरेक वर्ष खर्च हुने तर उडान नहुने हुँदा लगानी अनुसार प्रतिफल प्राप्त हुन सकेको छैन।

- **बैतडी विमानस्थल** - यस विमानस्थलमा नेपाल एयरलाइन्स र समिट एयरले २०२२ मा २९५ उडान सेड्युल राखेकोमा ४ वटा मात्र उडान भएको र २०२३ मा २४ उडान सेड्युल रहेकोमा कुनै उडान नभएको र २०२४ मा उडान सेड्युल नै नराखेको देखियो। विमानस्थलमा सातौं तहको विमानस्थल प्रमुख र बरिष्ठ अधिकृतको दरबन्दी रहेकोमा एक सरसफाइकर्ता मात्र कार्यरत रहेको देखिएको छ। विमानस्थलको पछिल्लो ३ आर्थिक वर्षमा रु.१६ लाख ६२ हजार सञ्चालन खर्च भएकोमा आम्दानी रु. ५६ हजार मात्र भएको छ। विमानस्थल नियमित सञ्चालन नहुँदा खर्च मात्र बढ्दै गएको छ।

- **डोल्पा मसिनेचौर विमानस्थल** - यो विमानस्थल उडानयोग्य भए पनि हाल नियमित रुपमा सञ्चालन हुन सकेको छैन। प्राधिकरणबाट विमानस्थल सञ्चालनका लागि कुनै कार्ययोजना तयार गरेको देखिँदैन।

- **डोटी विमानस्थल -** यस विमानस्थलमा हाल नियमित उडान तालिका रहेको पाइएन। यस विमानस्थलमा २०२२ मा २०९ उडान सेड्युल रहेकोमा ३४ उडान भएको, २०२३ मा २४ उडान सेड्युल भएकोमा कुनै पनि उडान नभएको र २०२४ मा उडान सेड्युल नै नभएको देखियो।

- **फाल्गुनन्द सुकिलुम्बा विमानस्थल -** प्राधिकरणबाट प्राप्त विवरणअनुसार यस विमानस्थलमा नेपाल एयरलाइन्सले २०२३ मा ८४ उडान सेड्युल राखेकोमा २९ उडान तथा २०२४ मा ९३ वटा उडान सेड्युल राखेकोमा २३ उडान भएको छ। विगत ३ आर्थिक वर्षमा रु.९ लाख ६१ हजार सञ्चालन खर्च भएकोमा कुनै पनि आम्दानी नभएको प्राधिकरणबाट प्राप्त वित्तीय विवरणमा उल्लेख छ। उडानको लागि आवश्यक पूर्वाधार पर्याप्त हुँदाहुदै पनि हाल यो विमानस्थल नियमित सञ्चालन हुन नसकेको अवस्था छ।
- **रुम्जाटार विमानस्थल -** यस विमानस्थलमा विगत ३ आर्थिक वर्षमा रू.७ लाख ५ हजार सञ्चालन खर्च भएकोमा आम्दानी रु.१ लाख ७० हजार मात्र भएको देखिन्छ। सातौं तहको विमानस्थल प्रमुख कार्यरत रहेको यस विमानस्थलमा नियमित रुपमा उडान तालिका रहेको देखिएन । प्राधिकरणले २०२२, २०२३ र २०२४ मा कुनै पनि उडान अनुमति दिएको देखिएन तर सम्बन्धित विमानस्थल कार्यालयबाट प्राप्त विवरण अनुसार २०२२ र २०२३ मा उडान नभएकोमा २०२४ मा ९ वटा उडान भएको देखिन्छ। विमानस्थल सञ्चालन खर्च वार्षिक रुपमा हुने तर नियमित उडान नभएको अवस्थामा विमानस्थल सञ्चालनका लागि प्राधिकरणको कुनै कार्ययोजना रहेको देखिएन। विमानस्थलको स्थलगत अनुगमनको क्रममा सुरक्षा जाँचको मेसिन नरहेको साथै भवन पार्टिसन हुन बाँकी रहेको देखिएको छ।



*रुम्जाटार विमानस्थल, ओखलढुङ्गा*

- **कालिकोट विमानस्थल -** यस विमानस्थल उडान योग्य भए पनि हाल नियमित रुपमा सञ्चालन हुन सकेको छैन। प्राधिकरणबाट विमानस्थल सञ्चालनका लागि कुनै कार्ययोजना तय गरेको देखिँदैन ।
- **कमलबजार विमानस्थल -** निर्माण सम्पन्न भइ उडानयोग्य रहेको यस विमानस्थलमा २०२४ मा टेस्ट फ्लाइट भएकोमा अन्य नियमित उडान भएको देखिएन ।

- **काँगेलडाँडा विमानस्थल -** यस विमानस्थल उडानयोग्य भए पनि हाल नियमित रुपमा सञ्चालन हुन सकेको छैन। प्राधिकरणबाट विमानस्थल सञ्चालनका लागि कुनै कार्ययोजना तय गरेको देखिएन।



- **खानीडाँडा विमानस्थल** - खोटाङस्थित खानीडाँडा विमानस्थलमा २०२२ मा १६२ उडान सेड्युल रहेकोमा ५७ उडान भएको, २०२३ मा २७९ उडान सेड्युल रहेकोमा ४५ उडान भएको र २०२४ मा १४० उडान सेड्युल रहेकोमा ३५ उडान भएको छ। प्राधिकरणले हाल यस विमानस्थललाई सञ्चालनयोग्य तर नियमित सञ्चालन हुन नसकेको विमानस्थलको सुचीमा राखेको छ।

- **लामीडाँडा विमानस्थल** - खोटाङस्थित यस विमानस्थलमा कालोपत्रे धावनमार्ग सुविधा भए पनि वायुसेवा कम्पनीहरुले उडान सेवाको अनुमति लिएको देखिएन। हाल यो विमानस्थल बन्द अवस्थामा रहेको पाइयो। यस विमानस्थलको विगत ३ आर्थिक वर्षको सञ्चालन खर्च रु. २ लाख ९२ हजार रहेकोमा आम्दानी रु. २ हजार ७ सय मात्र रहेको देखिएको छ। विमानस्थलमा सातौँ तहको २ कर्मचारीको दरबन्दी भएता पनि कुनै पनि कर्मचारी नरहेको विवरण प्राप्त भएको छ। विमानस्थलको सञ्चालन खर्च नियमित हुने तर नियमित उडान नहुने हुँदा लगानीअनुसारको प्रतिफल प्राप्त भएको देखिँदैन।

- **मनाङ्ग विमानस्थल** - पर्यटकीय दृष्टिकोणले आकर्षक रहेको मनाङ्ग विमानस्थल हाल सञ्चालन रहेको छैन। विमानस्थलमा सातौं तहको एक कर्मचारी र एक सरसफाइकर्ताको दरबन्दी भए तापनि सरसफाइकर्ता मात्र कार्यरत रहेको पाइयो। यस विमानस्थलको २०७६।७७ को सञ्चालन खर्च रु. ३ लाख ६ हजार, २०७७।७८ को सञ्चालन खर्च रु १ लाख ५ हजार, २०७८।७९ को सञ्चालन खर्च २४ हजार रहेको देखिएको छ। हरेक वर्ष विमानस्थल सञ्चालन खर्च हुने तर विमानस्थल सञ्चालन नहुने अवस्था देखिएको छ।

- **मेघौली विमानस्थल** - कालोपत्रे नभएको यस विमानस्थलमा सडक मार्ग र भरतपुर विमानस्थलको पहुँच पुगेपछि नियमित उडान नभएको अवस्था छ। विमानस्थलको वैकल्पिक उपयोग सम्बन्धमा कुनै योजना रहेको देखिएन ।
- **चौरजहारी विमानस्थल** - रुकुमस्थित यस विमानस्थलमा नेपाल वायु सेवा निगमले २०२२ मा २०८ र २०२३ मा २४ उडान सेड्युल राखेको भए तापनि कुनै पनि उडान भएको देखिएन। २०२४ मा उडान सेड्युल नै नरहेको र हाल यो विमानस्थल सञ्चालनमा रहेको छैन। २०७९।८० र २०८०।८१ को बजेटमार्फत यस विमानस्थलको स्तरोन्नति गरिने उल्लेख भए पनि हालसम्म कार्यान्वयन भएको देखिएन।

नियमित सञ्चालनमा नरहेका विमानस्थलहरु सञ्चालनका लागि वायुसेवा सञ्चालक संस्थासँग पर्याप्त जहाज नभएको तथा यात्रु तथा कार्गो व्यवसायका लागि वायुसेवा कम्पनीहरु आकर्षित नभएको

प्राधिकरणले जनाएको छ। नेपाल सरकारको नीति तथा कार्यक्रम बमोजिम बजेट व्यवस्था भई विमानस्थल निर्माण भएको, हालको परिप्रेक्ष्यमा सडक यातायातको पहुँच बढ्न गएको र साना विमानहरु नभएको कारण केही विमानस्थल नचले तापनि भविष्यमा हुन सक्ने दैवी विपत्ति, आकस्मिक तथा राष्ट्रिय सुरक्षाको निमित्त समेत विमानस्थल आवश्यक पर्ने प्राधिकरणको भनाइ रहेको छ। विमानस्थलको लागत लाभ विश्लेषण गरेर कार्ययोजना बनाई निर्माण सम्पन्न भएका विमानस्थलहरुमा नियमित हवाई यातायात सुचारु गर्नका लागि आवश्यक व्यवस्थापन गर्नुपर्दछ।

२७. **उडान अयोग्य विमानस्थल** - निर्माण सम्पन्न भई विगतमा उडान गरेका दार्चुला, ढोरपाटन, पालुङ्गटार, जिरी, खिजी चण्डेश्वरी, लामटाङ्ग, महेन्द्रनगर, रोल्पा र स्याङ्बोचे विमानस्थलहरु हाल उडानका लागि अयोग्य रहेको विवरण प्राधिकरणबाट प्राप्त भएको छ। नेपाल सरकारको बजेट वक्तव्य, २०८१।८२ को बुँदा नं. ७६ मा सञ्चालनमा नरहेका बलेवा, लामिडाँडा, मनाङ्ग, रुम्जाटार, बैतडी लगायतका आन्तरिक विमानस्थललाई निजी क्षेत्रको सहकार्यमा प्याराग्लाईडिङ्ग प्यारासुट स्काई डाइभिङ्ग अल्ट्रालाइट जस्ता मनोरञ्जनात्मक साहसिक पर्यटनका लागि उपयोग गरिने व्यवस्थाको हालसम्म कार्यान्वयन हुन सकेको देखिएन। त्यसैगरी उडान अयोग्य रहेका ९ विमानस्थलको उपयोग गर्ने व्यवस्था मिलाउन सरोकारवालाको ध्यान जानुपर्ने देखिन्छ ।

२८. **अभिलेख व्यवस्थापन सूचना प्रणाली** - विमानस्थलको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा नागरिक उड्डयन प्राधिकरणमा एकीकृत अभिलेख व्यवस्थापन सूचना प्रणाली हुनुपर्दछ। प्राधिकरणले हरेक विमानस्थलको सञ्चालन खर्च, हरेक विमानस्थलमा उडान तालिका र उडानको विवरण व्यवस्थापन सूचना प्रणालीमा राखेको छैन। सोका कारण लेखापरीक्षणको समयमा माग गरेका त्यस्ता सूचना प्राप्त गर्न कठिनाइ भएको छ। विमानस्थलको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अभिलेख राख्न व्यवस्थापन सूचना प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

२९. **हवाई सेवा प्रदायक र विमान सङ्ख्या** - नागरिक उड्डयन प्राधिकरणसँग अनुमति लिने हवाई सेवा कम्पनी र विमानको विवरण देहाय अनुसार रहेको छ।

| क्र. सं | वायुसेवा सञ्चालन कम्पनीको नाम | वायुयान संख्या | | | नियमित उडान संख्या (Flight Permission बमोजिम प्रतिदिन ) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | STOAL मा सञ्चालन हुने (सानो धावमार्गमा) | Type C मा सञ्चालन हुने (मझौला धावन मार्गमा ) | जम्मा | | |
| १ | नेपाल एयरलाइन्स | २ | २ | २ | ० | आन्तरिक वायुसेवा कम्पनीहरुलाई ३१ मार्च, २०२५ सम्मका लागि उपलब्ध गराएको सेड्युल अनुसार |
| २ | बुद्ध एयर | - | - | १८ | ८० | |
| ३ | श्री एयर | - | - | ११ | २३ | |
| ४ | यति एयर | - | - | ८ | ३४ | |
| ५ | तारा एयर | ३ | ३ | ३ | १२ | |
| ६ | समिट एयर | ४ | ४ | ४ | १३ | |
| ७ | सिता एयर | ४ | ४ | ४ | १२ | |
| ८ | सौर्य एयरलाइन्स | - | - | २ | ० | |
| ९ | एयर डाइनेस्टी हेली सर्भिस | | | ३ | | |
| १० | एल्टिच्युट एयर | | | २ | | |
| ११ | अन्नपूर्ण हेलिकप्टर | | | १ | | |
| १२ | फिस टेल एयर | | | २ | | |
| १३ | गुना एयरलाइन्स | | | ७ | | |
| १४ | हेली एभरेस्ट | | | ४ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | कैलाश हेलिकप्टर | | | ३ | | |
| १६ | मनाङ्ग एयर | | | २ | | |
| १७ | माउन्टेन हेलिकप्टर | | | २ | | |
| १८ | मुस्ताङ्ग हेलिकप्टर | | | १ | | |
| १९ | प्रभु हेलिकप्टर | | | १ | | |
| २० | सिम्रिक एयर | | | ४ | | |

माथि उल्लिखित क्रम सङ्ख्या ९देखि २० सम्मका वायु सेवा कम्पनीसँग हेलिकप्टर मात्र भएको तथा बुद्ध एयर, यति एयर र श्री एयरसँग STOL विमानस्थलमा सञ्चालन गर्न मिल्ने विमान नहुँदा दुर्गम क्षेत्रमा यी एयरलाइन्सले सेवा प्रदान गरेको देखिएन । हवाई नीति बमोजिम विमानस्थल सञ्चालनको आधार बमोजिम एयरलाइन्सले दुर्गम क्षेत्रमा उडान गर्ने सुनिश्चितता प्रदान गरी अनुमति प्रदान गर्ने व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

३०. **वायुसेवा कम्पनीको नियमन** - नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ मा विमानस्थल तथा विमानस्थल क्षेत्रको सुरक्षा, वायुयानको सुरक्षा, हवाई उडान तथा त्यस्तो कार्यसँग सम्बन्धित व्यक्ति तथा उपकरणहरुका सुरक्षाको व्यवस्थापनको लागि प्राधिकरणले आदेश दिन सक्ने र त्यसरी दिएको आदेश तथा निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुने व्यवस्था रहेको छ। हवाई सुरक्षा व्यवस्थापनको लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्था र व्यक्तिको संलग्नता हुदै आएको भए तापनि नियमन गरेको अद्यावधिक अभिलेख राखेको छैन। वायुसेवा कम्पनीको सेवालाई सुदृढ बनाउन अनुगमन र अभिलेख पद्धतिको प्रभावकारी व्यवस्थापन हुनुपर्दछ।

३१. **हवाई उडान सुरक्षा** - सार्वजनिक यातायातका साधनहरुमध्ये सहज, छरितो र सुरक्षित हवाई यातायातलाई मानिन्छ। हवाई उडान सुरक्षाका मापदण्ड पूरा गरेका वायुयानहरुले मात्र सुरक्षित सेवा प्रदान गर्न सक्दछन्। हवाई सुरक्षा मापदण्डहरुमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको वायुयान निर्माण गर्नु, भरपर्दो रुपमा हवाई सूचना वा संकेत आदानप्रदान गर्न सक्ने आधुनिक उपकरणको व्यवस्था, यात्रुहरुलाई सुरक्षित रुपमा गन्तव्यमा पुर्‍याउने व्यवस्था, यात्रुहरुको सम्पत्तिको सुरक्षा व्यवस्थापन, आपत्कालीन अवस्थामा यात्रुहरुले पालना गर्नुपर्ने नियमको जानकारी दिने तथा सो कार्यका लागि सुरक्षा सामग्रीको व्यवस्थापन, विमानको क्षमता र गति अनुसारको विमानस्थलको व्यवस्थापन, मौसम सम्बन्धी उपकरणको व्यवस्थापन आदि कार्यहरु पर्दछन्। अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनले निर्देशित गरेका सुरक्षाका मापदण्डहरु लागु गर्न प्राधिकरणले विभिन्न प्रयासहरु गरेको छ। पर्याप्त सजकताका बाबजुद वार्षिक रुपमा हवाई दुर्घटना हुने गरेको अवस्था छ। विगत ५ वर्षमा भएका हवाई दुर्घटनाको विवरण देहायबमोजिम रहेको छ।

| क्र. सं. | एयरलाइन्स र विमानको कल साइन | दुर्घटना भएको क्षेत्र | दुर्घटना मिति | दुर्घटनाबाट मृत्यु हुनेको संख्या | दुर्घटनाको कारण |
|---|---|---|---|---|---|
| १ | एयर डाइनेस्टी हेली सर्भिस/ 9NAMI/AS350B3e | ताप्लेजुङ्ग पाथिभरा | २०१९ | ७ | भौगोलिक विकटता, प्रतिकूल मौसममा उडान गर्दा पाइलटले जहाज नियन्त्रण गर्न नसकेको |
| २ | समिट एयर/ 9N-AMH/L410 | लुक्ला एयरपोर्ट | २०१९ | ३ | रनवेमा चिप्लेर |
| ३ | मनाङ्ग एयर/ 9N-ALC/AS350B3e | लुक्ला एयरपोर्ट | २०१९ | ० | रनवेमा चिप्लेर |
| ४ | श्री एयरलाइन्स/ 9N-ALK/AS350B3e | लुक्ला एयरपोर्ट | २०१९ | ० | रनवेमा चिप्लेर |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | नेपाल एयरलाइन्स/ 9N-AKU/Y12E | नेपालगञ्ज | २०२० | ० | रनवेमा चिप्लेर |
| ६ | तारा एयर/ 9N-AET/DHC/6-300 | जोमसोम | २०२२ | २२ | रनवेमा चिप्लेर |
| ७ | यति एयरलाइन्स/ 9N-ANC/ATR72-212A | पोखरा सेती नदी | २०२३ | ७२ | Controlled Flight into or Towards Terrain (CFIT) |
| ८ | हेली एभरेस्ट/ 9N-ANB/AS350B3e | धौलागिरी बेस क्याम्प | २०२३ | २ | |
| ९ | सिम्रिक एयर 9N-AJZ/ AS350B3e | संखुवासभा चुमुङ्ग | २०२३ | १ | |
| १० | मनाङ्ग एयर/ 9N-AMV/AS350B3e | छोलिङ्ग | २०२३ | ६ | |
| ११ | सौर्य एयरलाइन्स/ 9N-AME/CRJ200 | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल | २०२४ | १८ | |
| १२ | एयर डाइनेस्टी हेली सर्भिस/ 9N-AJD/AS350FX2 | सूर्यचौर नुवाकोट | २०२४ | ५ | |

माथि उल्लिखित विमान दुर्घटनाको मुख्य कारणहरुमा असजिलो भू-भाग र निरन्तर बदलिने मौसमले गर्दा विमानले गति लिन नसक्नु, रनवेमा चिप्लनु आदि अवस्था देखिन्छ। मौसम सूचना प्रणालीको पर्याप्त व्यवस्था हुन नसक्नु, विविध प्रकारको भू- धरातल र छिनछिनमा परिवर्तन हुने प्रतिकूल मौसममा विमान चलाउनु, मौसमको सही आकलन हनु नसक्नु, परिस्थितिको उचित र सुरक्षित तवरले व्यवस्थापन सहित उडान गर्न नसक्दा ठूला दुर्घटना भएको देखिन्छ। विमान दुर्घटना कम गर्नका लागि अन्तर्राष्ट्रिय नागरिक सङ्गठनको मापदण्डको परिपालनाको नियमन तथा अनुगमन प्रभावकारी बनाउने, प्रतिकूल मौसमको द्रुत सूचना प्रवाह प्रणालीको व्यवस्था गर्ने, वायुयानको क्षमता हेरी अधिकतम आयु तोक्नुपर्ने, विमान चालकको दक्षता अभिवृद्धि गर्ने, हवाई सेवाको प्रभावकारी नियमन गर्ने कार्यमा जोड दिनुपर्ने देखिन्छ।

३२. **विमानस्थलको सुरक्षा प्रबन्ध** - विमानस्थल निर्माण सम्पन्न पश्चात् हवाई सुरक्षाका मापदण्डहरुअनुरुप आवश्यक भौतिक संरचना निर्माण जरुरी हुन्छ। यसको नियमन गर्ने दायित्व प्राधिकरणको एभिएशन सेफ्टी स्टयाण्डर्ड विभागमा रहेको छ। सञ्चालनमा रहेका विमानस्थलमा घेरा पर्खाल तार वार गरी प्रभावकारी व्यवस्थापन गरिएको र नियमित उडान नभएका विमानस्थलमा पनि पुर्वाधारको संरक्षणका लागि सुरक्षा व्यवस्था गरिँदै आएको प्राधिकरणले बताए तापनि वित्तीय लेखापरीक्षण (२०८०।८१) प्रतिवेदनअनुसार मुगुको रारा विमानस्थल र डोल्पाको जुफाल विमानस्थलमा विमानस्थल सुरक्षाको अवस्था कमजोर रहेको, कन्ट्रोल टावर निर्माण समयमा हुन नसकेको, यात्रु र सामानको सुरक्षाको लागि पर्याप्त साधन नभएको, विमानस्थलमा प्रवेश गर्न प्रवेश पासको व्यवस्था नभएको अवस्था छ। फेन्सिङको कार्य सम्पन्न नहुँदा विमान आवत जावत गर्दा विमानस्थलको निषेधित क्षेत्रभित्र अनधिकृत व्यक्ति, बालबालिका, पशुहरुको प्रवेश हुन सक्ने हुदा उडान तथा अवतरणमा दुर्घटना जोखिम न्यून गर्न सकेको देखिँदैन। सञ्चालनमा नरहेका विमानस्थलहरुको उचित रेखदेख तथा सुरक्षा नगर्दा जग्गामा अनाधिकृत कब्जा, रनवे, भवन तथा पूर्वाधारहरुको भौतिक क्षति हुन गई भविष्यमा विमानस्थल सञ्चालन नै हुन नसक्ने अवस्थामा पुग्न सक्ने समेत देखिएको छ। सञ्चालनमा रहेका र सञ्चालनमा नरहेका विमानस्थलको उचित रेखदेख संरक्षण र सुरक्षा गर्नुपर्दछ।

३३. **आधुनिक प्रविधि र डिजिटलाइजेशन** - नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार दुर्गम क्षेत्रका विमानस्थलहरुमा उडान सूचना सेवा क्रमशः लागु गर्दै गएको, सुरक्षा चेक जाँचमा आधुनिक प्रणाली, हवाई मौसमी सूचना प्रणाली, हवाई सञ्चार लगायतका प्रविधि अवलम्बन गरेको उल्लेख गरेको छ। विमानस्थलको सुरक्षा व्यवस्थापनका लागि स्वचालित प्रणाली, आवश्यक प्राविधिक पूर्वाधारको अभावले

विमानस्थल यात्रुको लागि थप सहज हुन सकेको छैन। आन्तरिक विमानस्थलहरुमा पूर्वाधार व्यवस्था र नवीनतम प्रविधिको समुचित उपयोगमार्फत विमानस्थलको सञ्चालन र व्यवस्थापन गर्नुपर्दछ।

३४. **विमानस्थल सञ्चालन तथा व्यवस्थापन** - हवाई नीति, २०६३ को ५ मा नेपाल नागरिक उड्डयन प्राधिकरणले विमानस्थलहरुको सञ्चालन तथा व्यवस्थापन स्थानीय निकाय वा नेपाल सरकारले निर्धारण गरेका मापदण्ड पूरा गर्ने संस्थालाई करारमा दिन सक्ने व्यवस्था रहेको छ। यसै व्यवस्था बमोजिम संघ सरकारको ५० प्रतिशत, प्रदेश सरकारको २५ प्रतिशत र स्थानीय नगरपालिकाको २५ प्रतिशत लगानीमा कञ्चनपुरको महेन्द्रनगर विमानस्थल स्तरोन्नतिको सम्झौता भई निर्माण कार्य अगाडि बढेको प्राधिकरणले जनाएको छ। कतिपय स्थानीय तहले न्यूनतम सिट संख्याको सुनिश्चितता दिई उडान गर्ने गराउने गरी वायुसेवा कम्पनी सँग सम्झौता गरी उडान सेवा सुचारु गर्न प्रयत्न गरेको पाइयो। कैलालीको टीकापुर र इलामको फाल्गुनानन्द सुकिलुम्बा विमानस्थल सञ्चालनका लागि सम्बन्धित स्थानीयतहले सकृयता देखाएको भए पनि नियमित उडान भएको पाइएन। सबै सरोकारवालासँग समन्वय र सहकार्य गरी सम्भाव्य विमानस्थल सञ्चालन गर्नुपर्दछ।

३५. **आन्तरिक विमानस्थलहरुको क्षमता विस्तार** - आन्तरिक विमानस्थलको क्षमता विस्तारका लागि नियमित रुपमा मर्मत तथा स्तरोन्नति कार्य गर्दै, आधुनिक प्रविधिको अधिकतम उपयोग एवं अन्तर्राष्ट्रिय मापदण्डको परिपालना गर्नुपर्दछ। विमानस्थलको क्षमता विस्तारका लागि मर्मत सम्भार र स्तरोन्नति सम्बन्धमा लामो समयदेखि प्रयोगमा नआएका वा नियमित प्रयोगमा आउन सक्ने सम्भावना नरहेका एवं वैकल्पिक यातायात साधन नियमित रुपमा सञ्चालनमा रहेका विमानस्थलहरुमा भएको उल्लेख्य लगानीको उचित प्रतिफल प्राप्त नहुने र स्तरोन्नतिको लागि समेत उल्लेख्य लगानी आवश्यक पर्ने देखिन्छ। यस्ता विमानस्थलको स्तरोन्नती कार्य गर्नै पर्ने भएमा प्राविधिक तथा सेवा सञ्चालनको सुनिश्चितता सहित सिफारिस भएको अवस्थामा मात्र कार्य अगाडी बढाउनुपर्ने प्राधिकरणको भनाइ रहेको छ। नियमित रुपमा सञ्चालनमा रहेका र सञ्चालनको सम्भावना भएका विमानस्थलहरुको आर्थिक र प्राविधिक क्षमता विस्तार मार्फत हवाई सेवा सुदृढ गर्नुपर्दछ।

३६. **नयाँ विमानस्थलको आवश्यकता र निर्माण सम्बन्धमा** - आन्तरिक विमानस्थल निर्माण गर्दा विमानस्थलको रणनीतिक महत्व र आवश्यकता, सो ठाउँको जनसङ्ख्या र भौगोलिक स्थिति, वैकल्पिक सडक मार्गको सञ्चालनको अवस्था, विमानस्थल प्रयोगमा लागत प्रभावकारिता समेतलाई मध्यनजर गरी सो सम्बन्धमा सम्भाव्यता अध्ययन गरेर आयोजना छनौट तथा बजेट विनियोजन गर्नुपर्दछ। आवश्यकताको वास्तविक मूल्याङ्कन नगरी विमानस्थल निर्माण गर्दा सञ्चालनको दिगोपनामा चुनौती देखापर्ने हुन्छ। विगतमा निर्माण सम्पन्न भई सञ्चालन भएका विमानस्थलमा नियमित हवाई सेवा सुचारु हुन नसकेको अवस्थामा नयाँ विमानस्थल निर्माण गर्दा राजनीतिक, सामाजिक, आर्थिक एवं वातावरणीय पक्षको विश्लेषण गर्नुपर्दछ।

# परिच्छेद -४
# निष्कर्ष तथा सुझाव

नेपालमा नागरिक उड्डयन, हवाई सञ्चार, हवाई पथ प्रदर्शन, हवाई सुरक्षा व्यवस्थापन र नियमनसम्बन्धी कार्य नेपाल नागरिक उड्डयन प्राधिकरणले गर्दै आएको छ। हाल नेपालमा ३ अन्तर्राष्ट्रिय सहित ५५ विमानस्थल रहेकोमा ३४ सञ्चालनमा रहेको अवस्था छ। हवाई यातायात प्रभावकारी रुपमा सञ्चालन तथा विस्तार गर्न विमानस्थलको सञ्चालन तथा व्यवस्थापन क्षमता सबल र सुदृढ हुनु पर्दछ। नागरिक उड्डयन प्राधिकरण ऐन र हवाई नीति अन्तर्राष्ट्रिय परिवेशअनुकूल परिमार्जन हुन नसक्नु, सम्बन्धित मन्त्रालय, प्राधिकरण, वायु सेवा सञ्चालन संस्था र अन्य सरोकारवाला निकायहरुबिच प्रभावकारी समन्वय हुन नसक्दा हवाई नीति अनुसार हवाई सेवा सञ्चालन नहुनु, निर्माण सम्पन्न भएका विमानस्थलहरुमा नियमित सञ्चालन नहुनु, दुर्गम क्षेत्र हवाई सञ्चालन कोषको कार्यान्वयन नहुनु, दुर्गम क्षेत्रका विमानस्थलहरुमा वायु सेवा सञ्चालक संस्थालाई आकर्षित गर्न नसक्नु, सानो धावनमार्गका विमानस्थहरुमा नियमित उडान गर्ने सानो विमानको कमी हुनु लगायतका समस्या देखिएका छन् ।

वायुसेवा सञ्चालन, विमानस्थल निर्माण, सञ्चालन र व्यवस्थापन तथा हवाई यातायातसँग सम्बन्धित सेवा र सुविधाहरुको विकास, विस्तार तथा सञ्चालनमा स्वदेशी तथा विदेशी निजी लगानीकर्तालाई आकर्षित र प्रोत्साहित गरी स्वस्थ्य एवं प्रतिस्पर्धात्मक हवाई सेवाको विकास गर्ने हवाई नीतिको उद्देश्य पूरा गर्न देहायको सुझाव प्रस्तुत गरिएको छ।

- विमानस्थलको निर्माण, सञ्चालन, व्यवस्थापन र नियमनका लागि आवश्यक कानुनी र नीतिगत व्यवस्थामा समयसापेक्ष सुधार गर्नुपर्दछ।
- हवाई नीति २०६३ बमोजिम नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सक्षम नागरिक उड्डयन नियमनकारी निकायको रुपमा विकास गर्नुपर्दछ।
- वायुसेवा सञ्चालन संस्थाहरुलाई सञ्चालन प्रमाणपत्र जारी गर्दा सञ्चालन आधार विमानस्थलबाट उडान गर्नुपर्ने दुर्गम क्षेत्रको वृत्त खण्ड स्पष्ट उल्लेख गरी सो क्षेत्रमा अनिवार्य रुपमा हवाई सेवा सञ्चालन गर्ने व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।
- आन्तरिक विमानस्थलहरुमा आवश्यक पूर्वाधार विकास र नविनतम प्रविधिको व्यवस्था गरी नियमित रुपमा विमानस्थलको सञ्चालन र व्यवस्थापन गर्नुपर्दछ।
- नेपाल नागरिक उड्डयन प्राधिकरण वायुसेवा सञ्चालन सम्बन्धी नीतिगत व्यवस्थाहरु, २०७५ अनुसार सुगम सेक्टरमा मात्र उडान सञ्चालन गर्ने वायुसेवाहरुले दुर्गम पहाडी क्षेत्रमा उडान सञ्चालन गर्ने वायुसेवाहरुलाई प्राधिकरणले तोकेबमोजिमको योगदान गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।
- हवाई नीति, २०६३ अनुसार दुर्गम क्षेत्रमा हवाई सेवा सञ्चालनलाई सुलभ तथा नियमित तुल्याउन दुर्गम क्षेत्र हवाई सेवा सञ्चालन कोष लाई प्रभावकारी बनाइने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ।
- नियमित रुपमा सञ्चालनमा रहेका र सञ्चालनको सम्भावना भएका विमानस्थलहरुको आर्थिक र प्राविधिक क्षमता विस्तार मार्फत हवाई सेवा नियमित सञ्चालन गर्नुपर्दछ।
- सञ्चालनमा नरहेका विमानस्थलको वैकल्पिक प्रयोगका लागि गरिएका नीतिगत व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

- प्राधिकरणले वायुसेवा कम्पनीले नियमित उडान अनुमति बमोजिम उडान गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ।

- विमान दुर्घटना कम गर्नका लागि अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ)को मापदण्ड परिपालनाको नियमन तथा अनुगमन प्रभावकारी बनाउने कार्यमा जोड दिनुपर्दछ।

# कृषि तथा पशु बिमा कार्यक्रमको प्रभावकारिता
## परिच्छेद -१
## परिचय

१. **पृष्ठभूमि**- आर्थिक सर्वेक्षण,२०८०।८१ अनुसार कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान करिब २४ प्रतिशत रहेको छ। कृषक र कृषि व्यवसायलाई प्राकृतिक प्रकोपजस्ता जोखिमहरूबाट हुने हानि नोक्सानीबाट जोगाउन २०६९देखि कृषि तथा पशु बिमा कार्यक्रमको सुरुवात भएको देखिन्छ। कृषि तथा पशुपन्छीतर्फ विभिन्न प्रकारका जोखिमका कारण उत्पन्न हुने क्षति तथा हानि विरूद्ध आर्थिक क्षतिपूर्ति प्रदान, कृषकलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्न, कृषि तथा पशुपन्छीको क्षेत्रमा लगानी प्रोत्साहन गर्न, कृषि तथा पशुपन्छी पालनको क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले कृषि, पशुपन्छी तथा जडिबुटी बिमा निर्देशिका, २०७९ जारी भएको छ। बिमा कार्यक्रमलाई प्रवर्धन गर्न नेपाल सरकारले २०७०देखि बिमाको प्रिमियममा ५० प्रतिशत अनुदान दिने व्यवस्था गरेकोमा कृषकलाई आकर्षण गर्न हाल ८० प्रतिशत पुऱ्याइएको छ। प्रत्येक कम्पनीले ४देखि ५ जिल्लामा सेवा पुऱ्याउने व्यवस्था गरी यो कार्यक्रम ७७ वटै जिल्लामा सञ्चालनमा रहेको छ।

२. **संस्थागत व्यवस्था** - कृषि तथा पशुपन्छी बिमा कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका निकायहरूलाई कार्यजिम्मेवारी तोकिएका छन्:

- कृषि विकासको दीर्घकालीन योजना, राष्ट्रिय कृषि नीति र चालु पञ्चवर्षीय योजनाले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न कृषि विकासका कार्यक्रमहरू कृषि विभागबाट सञ्चालन हुँदै आएको छ। विभागको कार्य जिम्मेवारी अन्तर्गत कृषिलाई विविधीकरणमार्फत् रूपान्तरण गर्दै खाद्य सुरक्षाको सुनिश्चितता र गरिबी न्यूनीकरणमा योगदान गर्ने, कृषि वस्तुको बढ्दो आन्तरिक तथा बाह्य माग परिपूर्ति गर्न उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउने, कृषिमा आधारित उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थहरूको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने, साना, सीमान्त तथा महिला कृषकहरूका लागि उत्पादनशील तथा रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरी गरीबी घटाउन योगदान पुऱ्याउने तथा कृषि विकास र वातावरण संरक्षणबिच सन्तुलन कायम राखी दिगो कृषि विकास कार्यक्रम सञ्चालन गर्नेलगायतका कार्यहरु रहेका छन्।

- पशुपालन व्यवसायलाई विविधीकरण, व्यवसायीकरण, आयमूलक तथा सम्मानित पेशाको रूपमा विकास गरी राष्ट्रिय उत्पादनमा योगदान पुऱ्याउने उद्देश्यले पशु सेवा विभागको स्थापना भएको हो। यस विभागको जिम्मेवारी अन्तर्गत पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउने र यसको सन्तुलित सेवनबाट कुपोषणको समस्या हटाउँदै लाने, ग्रामीण अर्थतन्त्रलाई टेवा पुऱ्याउन र क्षेत्रीय सन्तुलन कायम गर्न पशुपालन व्यवसायलाई विशेष ध्यान दिने, पशुपन्छीपालनबाट गरीब तथा सामाजिक दृष्टिकोणबाट पिछडिएका वर्ग र महिला वर्गको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउन विशेष योगदान पुऱ्याउने, उन्नत पशुपालन पेशालाई कृषक परिवारको प्रमुख आयस्रोतको रूपमा विकास गरी वातावरण संरक्षण तथा सन्तुलन कायम गर्न सहयोग पुऱ्याउने, देशको पशुधनको सुरक्षा र जनस्वास्थ्य संरक्षणमा योगदान पुऱ्याउन विशेष पशु रोगहरूको नियन्त्रण सेवामा विस्तार गर्ने, व्यावसायिक पशुपन्छी पालन, त्यसको स्रोत विकास तथा संरक्षण सेवा तथा बजार व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउने, पशुपन्छी उत्पादन क्षेत्र र सम्बन्धित उद्योग र व्यापारलाई प्रोत्साहन दिई स्वरोजगारको अवसरमा वृद्धि

ल्याउने, पशुपन्छी उद्योग व्यवसायसँग सम्बन्धित सामग्रीहरूको गुणस्तर निर्धारण तथा नियन्त्रण सेवामा विस्तार गर्नेलगायत कार्यहरु रहेका छन्।

- बिमा व्यवसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वासनीय बनाई त्यसको विकास गर्न र बिमा व्यवसायको स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरिय तथा भरपर्दो सेवा उपलब्ध गराउन नेपाल बिमा प्राधिकरणको स्थापना भएको हो। बिमा व्यवसायलाई प्रभावकारी रूपमा नियमन गरी बिमितहरूको हकहितको रक्षा गर्ने दायित्व प्राधिकरणको रहेको छ। नेपालमा वि.सं. २०६९ मा बाली तथा पशुपन्छी बिमा निर्देशन, २०६९ जारी भए पश्चात् कृषि तथा पशुपन्छी बिमा औपचारिक रूपमा सुरूवात भएकोमा सोही निर्देशनमा समसामायिक परिमार्जन भई वि.सं. २०७७।८।१५ मा कृषि तथा पशुपन्छी बिमा निर्देशिका, २०७७ जारी भएको छ। तत् पश्चात् पुनः बिमा ऐन, २०४९ को दफा (घ२) ले दिएको अधिकार प्रयोग गरी बिमा समितिले कृषि, पशुपन्छी तथा जडिबुटी बिमा निर्देशिका, २०७९ जारी गरेको छ।

## ३. संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्थाः

**३.१. संवैधानिक व्यवस्थाः** नेपालको संविधानको धारा ५१ङ(३) मा किसानको हक हितको संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने उल्लेख छ। संघीय सरकारको एकल अधिकारमा बिमा सम्बन्धी नीति, मापदण्ड तर्जुमा र नियमन, प्रदेशको एकल अधिकारमा कृषि र पशुपन्छी बिमासम्बन्धी योजना तथा कार्यान्वयन र स्थानीय तहको अधिकारमा कृषि तथा पशुपन्छी बिमा र कर्जा सहजीकरण रहेका छन्।

**३.२. नीतिगत तथा कानुनी व्यवस्थाः** राष्ट्रिय बिमा नीति, २०८०, राष्ट्रिय कृषि नीति, २०६१, कृषि व्यवसाय प्रवर्धन नीति, २०६३, पन्छीपालन नीति, २०६८ मा कृषि उत्पादन एवं उत्पादकत्व अभिवृद्धि, व्यावसायिक र प्रतिस्पर्धात्मक कृषि प्रणालीको विकासलगायत कृषि, पशुपन्छी तथा जडिबुटी बिमालाई सरल, सहज, पहुँचयोग्य, विश्वासनीय र समावेशी बनाउनेलगायतका व्यवस्थाहरू रहेका छन्।

- बिमा क्षेत्रलाई प्रविधिमैत्री, प्रतिस्पर्धी र अन्तर्राष्ट्रियस्तरको बनाउन राष्ट्रिय बिमा नीति, २०८० जारी भएको छ। बिमा क्षेत्रलाई अर्थतन्त्रको महत्त्वपूर्ण आधारस्तम्भको रूपमा विकास गर्ने, बिमा सेवालाई सरल, सहज, पहुँचयोग्य, विश्वासनीय र समावेशी बनाउन, बिमा सेवालाई आधुनिक र प्रतिस्पर्धी बनाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको बनाउने , बिमा क्षेत्रको संस्थागत सुदृढीकरण, विकास तथा विस्तार, बिमा क्षेत्रमा संस्थागत सुशासन अभिवृद्धि, बिमालाई वित्तीय स्थायित्व कायम गर्ने सशक्त औजारको रूपमा विकास र बिमा क्षेत्रलाई दिगो विकास र गरीबी न्यूनीकरण नीतिसँग आवद्ध गर्नेलगायत विषयहरू नीतिमा उल्लेख गरिएका छन्।

- राष्ट्रिय कृषि नीति, २०६१ मा पशु बिमाको विस्तार गरिनुका साथै पन्छी एवं छानिएका बालीको बीउ र बढी मोल जाने मूल्य हुने कृषि वस्तुहरूको क्रमिक रूपमा बिमा गरिने र कृषि व्यवसाय प्रवर्धन नीतिमा व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीमा आधारहरूको विकास गरी क्षेत्रीय तथा विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने उद्देश्य राखिएको छ।

- बिमा प्रणाली तथा बिमा व्यसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाई त्यसको विकास गर्न, बिमा व्यवसायको स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बिमा सेवा उपलब्ध गराउन एवं बिमा व्यवसायको प्रभावकारी रूपमा नियमन गरी बिमितको हकहितको संरक्षण गर्नको लागि बिमा ऐन, २०७९ र बिमा व्यवसायको वर्गीकरण, बिमक तथा बिमा अभिकर्तासम्बन्धी व्यवस्था, बिमा दाबी भुक्तानी सम्बन्धी व्यवस्थालगायतका व्यवस्थाहरू बिमा नियमावली,२०८१ मा गरिएको छ।

- बाली तथा पशुधन बिमाको प्रिमियम अनुदान उपलब्ध गराउने निर्देशिका, २०८१ र कृषि, पशुपन्छी तथा जडिबुटी बिमा निर्देशिका, २०७९ ले बिमा कार्यक्रमसम्बन्धमा व्यवस्था गरिएको छ।

**४. आवधिक योजनाः**

४.१. पन्ध्रौं आवधिक योजनामा बिमासम्बन्धी अन्तर्राष्ट्रिय प्रचलन, अभ्यास तथा मापदण्डका आधारमा बिमा सेवा प्रदान गर्न, बाली तथा पशुपन्छी बिमालगायतका मौसमी बिमालाई सबलीकृत गर्दै थप विस्तार गरिने र बिमा दाबी प्रक्रिया सरलीकरण गर्न शीघ्र दाबी भुक्तानी प्रणाली विकास गरिने उल्लेख छ। कृषि क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण र औद्योगिकीकरणमा निजी क्षेत्रलाई अभिप्रेरित गर्ने, कृषिजन्य तथा वनपैदावार उत्पादन, यान्त्रीकरण, प्रशोधन उद्योग स्थापना, भण्डारण तथा बजारीकरणका लागि सहुलियतपुर्ण कर्जा, बिमा सेवा र वित्तीय उत्प्रेरणा प्रदान गरिने र कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न नीति तथा संरचनागत सुधार र कार्यक्रमगत सहयोग तथा सहजीकरण गर्ने तथा कृषि उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण प्रक्रियामा आवश्यक ऋणको व्यवस्था र बिमा सेवाको बिस्तार गरिने उल्लेख छ ।

४.२. सोह्रौं आवधिक योजनामा बिमाको सुविधामा एकरूपता र सबै नागरिकको पहुँचका लागि सहजीकरण गर्ने चुनौती रहेकोमा वास्तविक कृषकलाई सहज रूपमा कृषि कर्जा तथा बिमा सेवा उपलब्ध गराउने रणनीति लिएको छ। कृषिको उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धी क्षमता अभिवृद्धि अन्तर्गत अनुदान तथा सहुलियतलाई उत्पादनमा आधारित बनाउँदै कृषिमा सहज कर्जा तथा बिमा सुविधाको सुनिश्चितता गर्ने मुख्य सवाल रहेकोमा कृषि क्षेत्रप्रति आकर्षण अभिवृद्धि कार्यक्रममा कृषिमा अनुदानका साथै कर्जा तथा बैंकिङ र बिमाको प्रक्रिया सरलीकरण गरी कृषकहरूको पहुँच अभिवृद्धि गर्ने कार्यक्रम तय गरेको छ। रूपान्तरणकारी रणनीतिमा जोखिम न्यूनीकरणका लागि बिमाको विस्तार गर्ने अन्तर्गत विपद, महामारी, जलवायु परिवर्तन, असाध्य रोगजस्ता कारणबाट हुने क्षति न्यूनीकरण गर्न विपन्न परिवार, किसान, घरेलु तथा साना उद्यमीहरूको जीवन, सम्पत्ति, बालीनाली व्यवसायमा आदिमा बिमाको प्रबन्ध मिलाउने रणनीति लिएको छ।

४.३. **वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य-** यस कार्यक्रमसँग सम्बन्धित कार्यक्रममा विगत तीन आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित देहायबमोजिम रहेको छ।

| आर्थिक वर्ष | नीति तथा कार्यक्रममा भएको व्यवस्थाहरू | बजेट वक्तव्यमा उल्लिखित विषयहरु |
|---|---|---|
| २०८१।०८२ | • देशभर बिमाको पहुँच विस्तार गरिने,<br>• कृषि बाली, पशुपन्छी, मत्स्य तथा कृषि वनजन्य व्यवसायलाई समेट्ने गरी कृषि बिमाको दायरा विस्तार गर्दै लगिने। | • २ लाख भन्दा बढी किसानको बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउन रू. ९५ करोड बजेट विनियोजन गरिएको,<br>• बिमा क्षेत्रको नियमन तथा सुपरीवेक्षणलाई सुदृढ र प्रभावकारी बनाइने गुणस्तरिय बिमा सेवा विस्तार गर्नुका |

| | | |
|---|---|---|
| | | साथै बिमा दाबी प्रक्रियालाई सरलीकरण गरी भुक्तानी प्रणालीमा शीघ्रता ल्याइने,<br>• ग्रामीण र दुर्गम क्षेत्रमा बिमा कम्पनीको शाखा स्थापना गर्न प्रोत्साहन गरिनेछ। बिमा प्राधिकरण, स्थानीय तह, विमकलगायत सरोकारवालासँगको सहकार्यमा दुर्गम तथा ग्रामीण क्षेत्रमा बिमा सम्बन्धी साक्षरता अभिवृद्धि गरिने। |
| २०७९।०८० | • कृषि तथा पशुधन बिमा कार्यक्रम विस्तार गर्दै, लघु बिमाको पहुँचलाई दुर्गम र विपन्न वर्गसम्म पुऱ्याईने,<br>• बाली, पशुपन्छी, मत्स्य तथा कृषि-वनजन्य व्यवसायलाई समेट्ने गरी कृषि बिमाको दायरा विस्तार गरिने। | • कृषि बिमा बिस्तार गरी प्रभावकारी कार्यान्वयन गर्ने,<br>• जलवायु परिवर्तन, रोग/किराको प्रकोप एवं प्राकृतिक विपदहरूबाट कृषि, पशुपन्छी पालन तथा मत्स्य क्षेत्रमा रहेको जोखिम न्युनीकरणका लागि पशुपन्छी बिमालगायतका अनुकूलन व्यवस्थापन कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>• कृषि तथा पशु बिमाको प्रिमियममा ८० प्रतिशत अनुदान प्रदान गर्न रू. ७६ करोड बजेट विनियोजन गरिएको।<br>• जडिबुटी खेतीको बिमा गर्ने व्यवस्था मिलाइएको। |
| २०७८।०७९ | - | • खाद्य भण्डारण गृहको बिमा प्रिमियममा ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाइएको।<br>• ईच्छुक किसान सहभागी हुन सक्ने गरी कृषि बाली तथा पशुपन्छी बिमाको दायरा बिस्तार गरिने। पशु र बाली बिमाको प्रिमियमबापत ५० प्रतिशत अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइएको।<br>• जडिबुटी बालीको बिमा गरी प्रिमियम रकममा ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाइएको। |

४.४. **कृषि बिमासँग सम्बन्धित कार्यक्रमहरूः** कृषिसँग सम्बन्धित सरकारी/अन्य कार्यक्रमहरूमा अनिवार्य कृषि बिमा गर्नुपर्ने प्रावधान रहेको छ। यससँग सम्बन्धित कार्यक्रम तथा व्यवस्थाहरू देहायबमोजिम रहेको छः

| कार्यक्रम | व्यवस्था |
|---|---|
| कृषि विकास निर्देशनालय मार्फत जिल्ला कृषि विकास कार्यालय द्वारा सन् २०१४देखि सुरू गरिएको युवा लक्षित कार्यक्रम (युवा लक्षित) | • कृषि विभाग अन्तरगत सञ्चालन हुने युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७१ को दफा १९ मा हरेक युवा लक्षित स्कीमले सम्भाव्यताका आधारमा बिमा गराउनुपर्ने व्यवस्था रहेको।<br>• पशुसेवा विभाग अन्तरगत संचालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१ को दफा १२ मा हरेक युवा लक्षित स्कीमले सम्भाव्यताका आधारमा बिमा गराउनुपर्ने व्यवस्था रहेको। |
| कृषि परियोजना व्यावसायीकरण र व्यापार (प्याक्ट)/ २००९-२०१८ | प्रस्तावमा आधारित व्यावसायिक कृषि कार्यक्रम सञ्चालन कार्यविधि,२०७८ दफा १० मा यस कार्यविधि अनुरूप अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सम्भव भएसम्म व्यावसायिक प्रस्ताव अन्तरगतका बाली साथै फार्म/भौतिक पूर्वाधारको बिमा गर्नुपर्ने व्यवस्था। |
| यूवा तथा साना व्यवसायी स्वरोजगार कोष | युवा तथा साना व्यवसायी स्वरोजगार कोष, स्वरोजगार बिमा कार्यविधिमा स्वरोजगार कर्जा लगानी गरेका व्यवसायीहरूले कृषि तथा पशुपन्छी व्यवसायको बिमा गर्नुपर्ने व्यवस्था। |
| कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० लुम्बिनी प्रदेश | कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८० लुम्बिनी प्रदेशको दफा ८ को (२ख) बीउ/नश्ल सुधार कार्यक्रम अन्तरगत मापदण्डमा पशुबिमा गरेको हुनुपर्ने व्यवस्था। |
| सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान | नेपाल सरकारद्वारा जारी सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि,२०७५ को दफा ८ मा बैंक तथा वित्तीय संस्थाहरूले व्यावसायिक कृषि तथा |

| | |
|---|---|
| | पशुपन्छी कर्जा अन्तरगत व्यावसायिक परियोजना धितो लिइ कर्जा प्रवाह गर्दा परियोजनाको बिमा गर्नुपर्ने उल्लेख। |
| कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६, मधेश प्रदेश | कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६, मधेश प्रदेशको दफा ८ मा यस कार्यविधि अन्तरगत अनुदान प्राप्त गर्ने अनुदानग्राहीले बिमा गर्नुपर्ने व्यवस्था। |

५. **संगठन संरचनाः** कृषि, पशुपन्छी तथा जडिबुटी बिमा कार्यक्रमका लागि नेपाल बिमा प्राधिकरणमा बिमालेख महाशाखा अन्तर्गत कृषि तथा पशुपन्छी शाखामा महाशाखा प्रमुख, शाखा प्रमुख, सहायक निर्देशक २, पशु विकास अधिकृत १ र सहायक प्रथम १ गरी ६ जनशक्ति रहेका छन्। कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग र पशुसेवा विभागमा बिमा कार्यक्रम हेर्ने छुट्टै संरचना वा शाखा रहेको पाइएन।

६. **विषय छनोटको औचित्यः** कृषि तथा पशु बिमा कार्यक्रम जोखिम व्यवस्थापनको एक प्रमुख साधन हो, जसले कृषक र पशुपालकहरूलाई प्राकृतिक प्रकोप, रोगव्याधी र अन्य अप्रत्याशित घटनाहरूबाट आर्थिक क्षति कम गर्न सहयोग गर्ने, कृषक र पशुपालकको जोखिम व्यवस्थापन, बिमा कार्यक्रमले लक्षित समुदायमा पुऱ्याएको प्रभाव र दाबी प्रक्रियाको दक्षता मूल्याङ्कन गर्न, स्रोतको पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्दै नीतिगत सुधारका लागि आधार प्रदान गर्न र कार्यक्रमलाई दिगो र प्रभावकारी बनाउन र नेपालमा कृषि तथा पशु बिमाका कार्यक्रमको प्रभावकारिता बारेमा अध्ययन तथा विश्लेषण गरी देखिएका समस्या समाधानका लागि सुझावसहितको प्रतिवेदन दिने उद्देश्यले कार्यमूलक लेखापरीक्षणका लागि "**कृषि तथा पशु बिमा कार्यक्रमको प्रभावकारिता** " विषयको छनोट गरिएको हो।

# परिच्छेद - २
# लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

७. **लेखापरीक्षणको उद्देश्य -** कृषि तथा पशुपन्छी बिमा कार्यक्रमको प्रभावकारिताको कार्यमूलक लेखापरीक्षणको उद्देश्यहरू देहायअनुसार रहेका छन्:

- कृषि तथा पशुबिमा कार्यक्रमको कार्यान्वयन स्थितिको अध्ययन तथा विश्लेषण गर्ने।
- कार्यक्रममा सरोकारवालाको पहुँच र सहभागिता अध्ययन तथा विश्लेषण गर्ने।
- बिमा दाबी प्रक्रिया र भुक्तानी कार्यको अध्ययन तथा विश्लेषण गर्ने।
- बिमा कार्यक्रमको प्रभावकारिता सम्बन्धमा अध्ययन तथा विश्लेषण गर्ने।

८. **लेखापरीक्षणको क्षेत्र -** कृषि तथा पशुपन्छी बिमा सम्बन्धी नीति निर्देशन, कानुन, क्रियाकलाप, अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा नेपालको अवस्था सम्बन्धी विषयवस्तु लेखापरीक्षणको क्षेत्र रहेको छ। कृषि तथा पशुपन्छी बिमा सम्बन्धमा २०७०।७१देखि २०८०।८१ सम्मको तथ्याङ्क र विवरण समावेश गरिएको छ।

९. **लेखापरीक्षण पद्धति -** नेपालमा कृषि तथा पशु बिमा कार्यक्रमको प्रभावकारिताको कार्यमूलक लेखापरीक्षण गर्दा प्रक्रियामूलक तथा नतिजामूलक पद्वतिलाई अवलम्बन गरिएको छ। यो पद्वति कार्यान्वयनका क्रममा सम्बन्धित निकायबाट जानकारी तथा निकाय प्रमुखलगायत अन्य पदाधिकारीसँग छलफलका माध्यमबाट सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ। कृषि तथा पशुबिमा सम्बन्धमा प्रकाशित विभिन्न अनुसन्धान लेख, अध्ययन प्रतिवेदन आदिले औँल्याएका बेहोराहरूलाई पनि यस प्रतिवेदनमा आधारको रूपमा लिइएको छ। लेखापरीक्षणको उद्देश्य हासिल गर्न सर्वेक्षण चरणमा बिमा प्राधिकरणले राखेका अभिलेखहरू र वेभसाइटमा राखेका अभिलेखहरूको नमूना छनोट गर्ने, विभिन्न प्रश्नावली र विवरणमार्फत सूचना सङ्कलन तथा विश्लेषणका साथै नमुना छनौटका आधारमा स्थलगत अवलोकनमार्फत जानकारी हासिल गर्ने, सो सम्बन्धी कागजात तथा फाईल अध्ययन गर्ने, सम्बन्धित पक्षसँग छलफललगायतका लेखापरीक्षण पद्वतिको अवलम्वन गरी प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षण आधारको रूपमा संवैधानिक तथा कानुनी र नीतिगत व्यवस्थाहरू, परियोजना कार्यान्वयन गर्न लागु गरिएका निर्देशिका, कार्यविधिमा उल्लेख भएका बेहोराहरूलाई प्रयोग गरिएको छ। साथै आवश्यकताअनुसार लेखापरीक्षण आधारहरूबारे लेखापरीक्षण गराउने निकायहरूसँग समेत छलफल गरिएको छ। लेखापरीक्षणको क्रममा र लेखापरीक्षण सम्पन्न भएपश्चात् व्यवस्थापनसँग देखिएका बेहोरा उपर दफावार छलफल गरी सम्बन्धित निकायको प्रतिकृयाको आधारमा प्रतिवेदन तयार गरिएको छ।

१०. **लेखापरीक्षणको सीमा -** लेखापरीक्षणका लागि उपलब्ध स्रोत साधन र समयको सीमा, नियन्त्रण जोखिमको मात्रा तथा लागत लाभको दृष्टिकोणबाट सम्पूर्ण क्षेत्रलाई लेखापरीक्षणको दायरामा समेट्न सम्भव नहुने भएको हुँदा लेखापरीक्षण योजना बमोजिमको सारभूत विषयको छनोट गरी लेखापरीक्षण गरिएको छ। सम्बन्धित निकायहरूबाट प्राप्त सूचना, अभिलेख, विवरण, सरोकारवालासँगको छलफल, लेखापरीक्षण प्रश्नावली तथा तथ्याङ्क, वार्षिक प्रगति प्रतिवेदनका आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणमा प्रश्नावली तथा सम्बन्धित आधिकारिक निकायबाट प्राप्त द्वितीय स्रोतबाट सूचना सङ्कलन गरी तयार गरिएको छ। प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समय सीमा, संलग्न

जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा उपलब्ध भएका स्रोत साधन आदि यसका सीमाका रूपमा रहेका छन्।

# परिच्छेद - ३
# लेखापरीक्षणबाट देखिएको बेहोरा

कृषि तथा पशुबिमा कार्यक्रमको प्रभावकारिताबारे कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका बेहोरा निम्नानुसार छन्ः

**सकारात्मक पक्ष** -नेपालमा २०६९ सालमा चार किसिमका बिमालेख जारी गरी कृषि तथा पशु बिमा सुरू भएकोमा २०८०।८१सम्म ८१ किसिमका बिमालेख जारी गरिएको, भौगोलिक र आर्थिक आधारमा तोकिएका जिल्लामा कृषि, पशुपन्छी तथा जडिबुटी बिमा व्यवसाय कार्यक्रम कार्यान्वयन भएको, बिमकहरूले बिमाको प्रकार तथा त्यससम्बन्धी व्यवस्थाअनुरूप बिमा कार्यक्रम कार्यान्वयन गरिएको, बिमा प्राधिकरणले बिमालेखको नाम, बिमाको प्रकार, बिमाशुल्क निर्धारण विधि, बिमा गरिसक्नुपर्ने समय, बिमायोग्य उमेर, बिमाङ्क गणना तरिका, बिमा रक्षावरण अवधिको निर्धारण, बिमा प्रवर्धन गर्न प्राधिकरणद्वारा बिमासम्बन्धी सचेतना अभिवृद्धिका लागि प्रसारण, निबन्ध प्रतियोगिता, पोष्टर, प्रकाशन तथा प्रदेश र स्थानीय तहमा बिमा सम्बन्धी अन्तरक्रिया हुँदै आएको र बिमा कार्यक्रम व्यवस्थापनका लागि सूचना प्रविधिमा आधारित रियल टाइम सफ्टवेयर कार्यान्वयनमा रहेकोलगायतका सकारात्मक पक्ष रहेका छन्।

११. **प्रगति विवरण-** कृषि तथा पशुपन्छी बिमाको २०७०/२०७१देखि २०८०/८१सम्म विवरण निम्नानुसार रहेको छ।

| आर्थिक वर्ष | बिमा प्रकार | बिमालेख संख्या | बिमा अंक (रू.लाखमा) | बिमा शुल्क (रू.लाखमा) | अनुदान (रू. लाखमा) | दाबी रकम (रू. लाखमा) |
|---|---|---|---|---|---|---|
| २०७०/७१ | कृषि | १४८ | १५२ | ८ | ४ | ० |
| | पशुपन्छी | १६११ | ६१०२ | ३३२ | १६६ | ० |
| | **जम्मा** | **१७५९** | **६२५४** | **३४०** | **१७०** | **०** |
| २०७१/७२ | कृषि | ५५५ | १४८४ | ८३ | ६३ | १७ |
| | पशुपन्छी | ८६२६ | ३०३८४ | १५२७ | ११४३ | ५९९ |
| | **जम्मा** | **९१८१** | **३१८६८** | **१६१०** | **१२०६** | **६१६** |
| २०७२/७३ | कृषि | १८२९ | ४३८७ | २१६ | १६२ | ९७ |
| | पशुपन्छी | २५७२८ | ५५९९७ | २५७१ | १९२९ | १४९९ |
| | **जम्मा** | **२७५५७** | **६०३८४** | **२७८७** | **२०९१** | **१५९६** |
| २०७३/७४ | कृषि | १५३७ | ७७६३ | ३८६ | २८९ | २५३ |
| | पशुपन्छी | ७३७५१ | ८४६८८ | ३८७३ | २९०५ | २३०६ |
| | **जम्मा** | **७५२८८** | **९२४५१** | **४२५९** | **३१९४** | **२५५९** |
| २०७४/७५ | कृषि | १९३५ | ६१४० | २९९ | २२४ | २३९ |
| | पशुपन्छी | ६३९७३ | १२६०८६ | ५४४५ | ४०८४ | २९२४ |
| | **जम्मा** | **६५९०८** | **१३२२२६** | **५७४४** | **४३०८** | **३१६३** |
| २०७५/७६ | कृषि | ३४९७ | ११३३७ | ६४९ | ४८७ | ८०६ |
| | पशुपन्छी | ११३३६१ | २०९६१२ | ९३९९ | ७०४९ | ४८७२ |
| | **जम्मा** | **११६८५८** | **२२०९४९** | **१००४८** | **७५३६** | **५६७८** |
| २०७६/७७ | कृषि | ३८११ | १६०७० | ८२९ | ६२२ | ६०० |
| | पशुपन्छी | १२५१९० | २४७७३२ | १०९८८ | ८२४१ | ५६२० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **जम्मा** | **१२९००१** | **२६३८०२** | **११८१७** | **८८६३** | **६२२०** |
| २०७७/७८ | कृषि | ५१८२ | २८९७१ | १५३१ | ११४८ | १०४० |
| | पशुपन्छी | १८८,०६६ | ४०१८९२ | १७७८१ | १३३३६ | ५४५३ |
| | **जम्मा** | **१९३२४८** | **४३०८६३** | **१९३१२** | **१४४८४** | **६४९३** |
| २०७८/७९ | कृषि | ७४८८ | ३७५७३ | २१३४ | १६१२ | २१०१ |
| | पशुपन्छी | १८०४२७ | ३८८२०२ | १८४८९ | १३९९० | ३०३८० |
| | **जम्मा** | **१८७९१५** | **४२५७७५** | **२०६२३** | **१५६०२** | **३२४८१** |
| २०७९/८० | कृषि | ८१७८ | ४८४६० | २८७३ | २२९० | ० |
| | पशुपन्छी | १८०७९९ | ४६३०७० | २०२७४ | १६२०४ | १७१७५ |
| | **जम्मा** | **१८८९७७** | **५११५३०** | **२३१४७** | **१८४९४** | **१७१७५** |
| २०८०/८१ | कृषि | ९७३० | ६५९१६ | ४२२४ | ३३७९ | २२३६ |
| | पशुपन्छी | १४६३९१ | ३५५४३८ | १६०६१ | १२७९३ | १३४५५ |
| | **जम्मा** | **१५६१२१** | **४२१३५४** | **२०२८५** | **१६१७२** | **१५६९१** |
| २०७०/७१देखि २०८०/८१ सम्मको जम्मा | **कृषि** | ४३८९० | २२८२५३ | १३२३२ | १०२८० | ७३८९ |
| | **पशुपन्छी** | ११०७९२३ | २३६९२०३ | १०६७४० | ८१८४० | ८४२८३ |
| | **जम्मा** | ११,५१,८१३ | २५,९७,४५६ | १,१९,९७२ | ९२,१२० | ९१,६७२ |

*(स्रोत- नेपाल बिमा प्राधिकरण)*

प्रस्तुत तथ्याङ्कअनुसार कृषि तथा पशुपन्छी (मत्स्य समेत) बिमातर्फ २०७०।७१देखि २०८०/८१सम्म रू.२ खर्ब ५९ अर्ब ७४ करोड ५६ लाखको बिमाङ्क, रू.११ अर्ब ९९ करोड ७२ लाख बिमा शुल्क र रू.९ अर्ब २१ करोड २० लाख बिमा प्रिमियममा अनुदानको रकम र बिमा दाबीबापतको रकम हालसम्म रू.९ अर्ब १६ करोड ७२ लाख रहेको छ।

राष्ट्रिय कृषि गणना, २०७८ अनुसार नेपालमा ४१ लाख ३१ हजार कृषक परिवार रहेकोमध्ये १ लाख ८२ हजार कृषक परिवार (४.४ प्रतिशत) कृषि तथा पशुपन्छी बिमामा संलग्न भएका छन्। कृषि तथा पशुपन्छी बिमामा कृषकको शत प्रतिशत पहुँच कायम भएको अवस्थामा हालको बिमा प्रिमियको अनुदान रकममा २३ गुणाले वृद्धि हुने देखिन्छ। कृषि तथा पशुपन्छी बिमाको प्रिमियममा अनुदान कार्यक्रम समानताको नीतिमा आधारित रहेकोले वैकल्पिक उपायसम्बन्धमा अध्ययन गरी समताको नीति लागु गर्नुपर्ने देखिन्छ। प्रति कृषक परिवार बिमाङ्क रकमको सीमाङ्कनका आधारमा साना कृषक तथा आर्थिक रुपमा विपन्न कृषकलाई प्राथमिकतामा राखी प्रिमियममा अनुदान प्रदान गर्ने नीति तथा कानुन तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१२. **बिमा वृद्धिद्वर** - कृषि तथा पशुपन्छी बिमाको विगत पाँच वर्षको बिमालेख संख्या र बिमाङ्क रकम देहाय बमोजिम रहेको छ।

| आर्थिक वर्ष | कृषि/पशुपन्छी | बिमालेख संख्या | बिमाङ्क रकम (रू.हजारमा) |
|---|---|---|---|
| २०७५।७६ | जम्मा | ११६८५८ | २२,०९,४८,७६ |
| २०७६।७७ | कृषि | ३८११ | १६०७०३४ |
| | पशुपन्छी | १२५१९० | २४७७३१८६ |
| | जम्मा | १२९००१ | २६३८०२२० |
| २०७७।७८ | कृषि | ५१८२ | २८९७०७७ |
| | पशुपन्छी | १८८०६६ | ४०१८९२२३ |
| | जम्मा | १९३२४८ | ४३०८६३०० |
| २०७८।७९ | कृषि | ७४८८ | ३७५७२७२ |

| | | | |
|---|---|---|---|
| | पशुपन्छी | १८०४२७ | ३८८२०१९१ |
| | जम्मा | १८७९१५ | ४२५७७४६३ |
| २०७९/८० | कृषि | ८१७८ | ४८४६०१० |
| | पशुपन्छी | १८०७९९ | ४६३०७००५ |
| | जम्मा | १८८९७७ | ५११५३०१५ |
| २०८०/८१ | कृषि | ९७३० | ६५९१६२५ |
| | पशुपन्छी | १४६३९१ | ३५५४३८११ |
| | जम्मा | १५६१२१ | ४२१३५४३६ |

*(स्रोत- नेपाल बिमा प्राधिकरण)*

माथिको तालिकाअनुसार पछिल्लो पाँचवर्षको को कृषि तथा पशु बिमा सम्बन्धी तथ्याङ्कले बिमालेख संख्या र बिमाङ्क रकममा समयक्रमअनुसार केही वर्षमा वृद्धि भए पनि पछिल्ला वर्षहरूमा घट्दो प्रवृत्ति देखिएको छ। विशेषतः २०७८/७९ र २०८०/८१ मा बिमाङ्क रकम क्रमशः १.१८ प्रतिशत र १७.६३ प्रतिशत ले घटेको छ भने बिमालेख संख्या पनि घट्ने क्रममै देखिन्छ। किसानहरूको बिमाप्रति विश्वासको कमी, बिमामा साना किसानको पहुँचको अभाव, बिमाको दाबी भुक्तानीमा ढिलाइ तथा प्रक्रियागत जटिलता, कृषि उपजको बिमाङ्क कायम गर्न जटिल मूल्याङ्कन विधि रहेको लगायतका समस्याका कारण बिमा गर्नेको संख्या घटिरहेको स्थलगत अनुगमनमा समेत देखिएको छ। यसको सुधारका लागि कृषि तथा पशुबिमा सम्बन्धी जनचेतना अभियानलाई स्थानीय तहको सहयोगमा व्यापक रूपमा सञ्चालन गर्ने, अनलाइन प्रणालीको विकास गरी बिमा प्रक्रियालाई सरल र छिटो बनाउने, दाबी भुक्तानी प्रक्रियालाई सरल र छिटो बनाउने, कृषि तथा पशुपन्छी सम्बन्धी सरकारी अनुदानमा अनिवार्य बिमा गर्नुपर्ने प्रावधान राख्ने तथा वार्षिक रूपमा बिमा कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्ने र सुधार योजना अनिवार्य कार्यान्वयन गर्नेलगायतका कार्यहरू सञ्चालन गरी बिमाको प्रभावकारिता बढाउनुपर्दछ।

१३. **अनुदान सिफारिस नभएका बिमालेख** - बाली तथा पशुधन बिमा प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ को बुँदा ५(ख)अनुसार कृषकहरूले बिमा आवेदन दिएपछि बिमा कम्पनीले कृषकबाट २० प्रतिशत बिमा शुल्क लिई बिमालेख जारी गर्ने, बाँकी ८० प्रतिशत बिमा शुल्क नेपाल सरकारबाट अनुदानको रूपमा प्राप्त गर्नका लागि बिमित कृषकहरूको विवरण प्रदेशको जिल्ला स्तरमा रहेको कृषि, मत्स्य तथा पशुपन्छी क्षेत्र हेर्ने कार्यालयको सिफारिस सहित बिमा प्राधिकरणमा पेस गर्नुपर्ने, प्राधिकरणले विवरण जाँचपछि कृषि/पशु विभाग हुँदै बाली तथा पशुधन बिमा अनुदान व्यवस्थापन समितिमा पठाउने र समितिको सिफारिसमा मात्र अनुदान उपलब्ध गराउने व्यवस्था छ। यस प्रक्रियाअनुसार बाली तथा पशुधन बिमातर्फ अनुदान सुनिश्चित हुनु अघि नै बिमालेख जारी भइसकेको हुन्छ। बिमा प्रक्रिया निर्धारित मापदण्डअनुसार नभएको खण्डमा समितिले त्यस्ता बिमालेखको अनुदान सिफारिस नगरेको अवस्था छ। बिमित कृषकहरूलाई अनुदान स्वीकृत नभएको जानकारी नदिएको कारण समस्या उत्पन्न भएको छ। यसरी बिमा भए तापनि अनुदान स्वीकृत नभएका कृषकहरूले क्षतिको माग दाबी गरेमा, कसले जिम्मेवारी लिने भन्ने प्रष्ट नभएको अवस्था छ। यसको मुख्य कारण प्रक्रियागत समन्वयको अभाव, सूचना प्रवाहमा कमी र जवाफदेहिताको अभाव रहेको छ। यसले गर्दा कृषकहरूले आर्थिक रूपमा क्षति बेहोर्नुपर्ने अवस्था उत्पन्न भएकोले बिमा प्रक्रियालाई मापदण्डअनुसार पारदर्शी र दक्ष बनाउने, अनुदान स्वीकृत नभएका बिमित कृषकहरूलाई तुरुन्तै सूचित गर्ने प्रणाली विकास गर्ने एवं जवाफदेहिता तथा जिम्मेवारी स्पष्ट गर्ने गरी कानुन तर्जुमा गर्नुपर्दछ।

१४. **कृषकको सहभागिता** -बिमा ऐन,२०७९ को दफा ५(ड) मा प्राधिकरणको काम, कर्तव्य र अधिकार अन्तरगत बिमाको पहुँच सबै जनतासम्म पुऱ्याउन बिमा व्यवसाय प्रवर्धन सम्बन्धी कार्यक्रम तर्जुमा गरी

कार्यान्वयन गर्ने व्यवस्था छ। साथै राष्ट्रिय कृषि नीति, २०६१ मा व्यावसायिक र प्रतिस्पर्धात्मक कृषि प्रणालीको विकास गर्ने नीति अन्तरगत पशुबिमाको विस्तार गरीनुका साथै पन्छी एवं छानिएका बालीको बीउ र बढी मोल जाने कृषिवस्तुको क्रमिक रूपमा बिमा गरिने व्यवस्था छ। कृषि तथा पशुपन्छी बिमा गरेका कृषक परिवारको विवरण देहाय बमोजिम रहेको छ।

| कृषि क्रियाकलाप | जम्मा (हजारमा) | प्रतिशत |
|---|---|---|
| खाद्यान्न बाली | १४ | ७.७ |
| तरकारी बाली | ५.८ | ३.२ |
| फलफूल बाली | ५.२ | २.९ |
| नगद बाली | ३.२ | १.८ |
| पशुपालन | १५४.० | ८४.४ |
| पन्छीपालन | ९.६ | ५.३ |
| माछा पालन | ४.३ | २.४ |
| मौरी पालन | १.४ | ०.८ |
| च्याउ खेती | १.४ | ०.८ |
| पुष्प खेती | ०.८ | ०.४ |
| कृषिजन्य भौतिक संरचना | १.१ | ०.६ |
| अन्य क्रियाकलाप | ०.८ | ०.४ |
| कृषि क्रियाकलापका लागि बिमा गरेका परिवार | १८२.४ | ४.४ |
| कृषि क्रियाकलापका लागि बिमा नगरेका परिवार | ३९४८.३ | ९५.६ |
| जम्मा | ४१३०.८ | १००.० |

*(स्रोत- राष्ट्रिय कृषि गणना, २०७८)*

राष्ट्रिय कृषिगणना २०७८ अनुसार ४१ लाख ३१ हजार कृषक परिवारमध्ये १ लाख ८२ हजार ४४१ कृषक परिवार (४.४ प्रतिशत) ले कृषि तथा पशुपन्छी बिमा गरेको देखिन्छ। बिमासम्बन्धी जनचेतनाको अभाव, ग्रामीण तथा दुर्गम क्षेत्रमा बिमा सेवा सहज रूपमा उपलब्ध नहुनु, बिमा प्राधिकरणबाट बिमा विस्तार तथा बिमित कृषकहरूको हित संरक्षणमा प्रभावकारी अनुगमन नहुँदा बिमाको दायरा लक्षित वर्गमा पुगेको छैन। बिमा कार्यक्रममा कृषकको दायरा बढाउन र बिमा सचेतना अभिवृद्धि गर्न विशेष प्रचारप्रसार, तालिम तथा कार्यशाला सञ्चालन गर्नुपर्ने एवं बिमा प्राधिकरणले बिमा कम्पनीहरूलाई ग्रामीण क्षेत्रमा सेवा विस्तार गर्न निर्देशन दिई प्रभावकारी अनुगमन प्रणाली लागु गर्नुपर्दछ।

**१४.१. प्रदेशगत बिमा सहभागिता-** राष्ट्रिय कृषि गणना, २०७८ अनुसार प्रदेशगत रूपमा बिमा गरेका कृषक परिवार र बिमाको किसिमको बेहोरा देहायबमोजिम रहेका छन्।

| प्रदेश | जम्मा कृषक परिवार संख्या | बिमा गरेका कृषक परिवार संख्या | बिमित परिवार प्रतिशत |
|---|---|---|---|
| कोशी | ७८६१०८ | २७५३० | ३.५ |
| मधेश | ७३८३४० | ८९३१ | १.२ |
| बागमती | ६६८१७७ | ६९१३७ | १०.३४ |
| गण्डकी | ४१२६७७ | २८१०७ | ६.८१ |
| लुम्बिनी | ७६५०९२ | ३०१६० | ३.९४ |
| कर्णाली | ३०२६४० | १०६०५ | ३.५ |
| सुदूर पश्चिम | ४५७७५६ | ७९७१ | १.७४ |
| **जम्मा** | **४१३०७९०** | **१८२४४१** | **४.४** |

*(स्रोत- राष्ट्रिय कृषि गणना, २०७८)*

मथिको तालिकाअनुसार प्रदेशगत रूपमा कृषक परिवार र बिमित कृषक परिवारको विश्लेषण गर्दा सबैभन्दा बढी बागमती प्रदेशमा बिमित कृषक परिवार १०.३४ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशमा १.२ प्रतिशत रहेको छ। त्यस्तै गरी गण्डकी प्रदेशमा ६.८१, लुम्बिनीमा ३.९४, कोशीमा ३.५, कर्णालीमा ३.५ र सुदूरपश्चिम प्रदेशमा १.७४ प्रतिशत रहेको देखिन्छ। समग्रमा मधेश, सुदुरपश्चिमलगायत अन्य प्रदेशहरूमा भौगोलिक दुरी, बिमासम्बन्धी प्रचारप्रसारको अभाव र बिमालाई अनावश्यक खर्चको रूपमा हेर्ने मानसिकता लगायतका कारण बिमा गर्नेको संख्यामा कमी रहेको देखिन्छ। प्रदेशगत रूपमा कृषि तथा पशु बिमामा कृषकहरूको सहभागिता बढाउन प्रदेश-अनुकूल बिमा योजना र बिमा साक्षरता अभियान सञ्चालन गरी सबै प्रदेशमा बिमाको दायरा बढाउनुपर्दछ।

**१४.२. स्थानीयतहगत बिमा सहभागिता-** आर्थिक वर्ष २०८०/८१ मा कृषि तथा पशुबिमा नगरिएका स्थानीय तहहरूको विवरण देहायबमोजिम रहेको छ।

| क्र.सं. | स्थानीय तह | जिल्ला | राष्ट्रिय कृषिगणना २०७८ अनुसार पशुपन्छी संख्या | बिमित पशुपन्छीको संख्या | कृषितर्फ बिमित संख्या |
|---|---|---|---|---|---|
| १ | भोटखोला गाउँपालिका | संखुवासभा | २४६९६ | ० | ० |
| २ | सिलिचोङ गाउँपालिका | संखुवासभा | ५०९७० | ० | ० |
| ३ | सभापोखरी गाउँपालिका | संखुवासभा | ४८५१० | ० | ० |
| ४ | पाँचखपन नगरपालिका | संखुवासभा | ८३४८७ | ० | ० |
| ६ | रावा बेशी गाउँपालिका | खोटाङ | ५९१९५ | ० | ० |
| ८ | साल्पासिलिछो गाउँपालिका | भोजपुर | ५४९६६ | ० | ० |
| ९ | टेम्केमैयुङ गाउँपालिका | भोजपुर | ६९४७३ | ० | ० |
| १० | आमचोक गाउँपालिका | भोजपुर | ७९२९१ | ० | ० |
| ११ | लिम्चुङबुङ गाउँपालिका | उदयपुर | ५२०२७ | ० | ० |
| १२ | राजगढ गाउँपालिका | सप्तरी | ३०८१० | ० | ० |
| १३ | साम्सी गाउँपालिका | महोत्तरी | २७३६८ | ० | ० |
| १४ | राजपुर नगरपालिका | रौतहट | २६६४४ | ० | ० |
| १५ | ईशनाथ नगरपालिका | रौतहट | १६४७४ | ० | ० |
| १६ | दोरम्बा शैलुङ गाउँपालिका | रामेछाप | ७०१५४ | ० | ० |
| १७ | चुमनुब्री गाउँपालिका | गोरखा | २१६९४ | ० | ० |
| १८ | नार्पा भूमि गाउँपालिका | मनाङ | २२३१ | ० | ० |
| १९ | मनाङ ङिस्याङ गाउँपालिका | मनाङ | ३७६९ | ० | ० |
| २० | नासों गाउँपालिका | मनाङ | ७०८२ | ० | ० |
| २१ | लो—घेकर दामोदरकुण्ड गाउँपालिका | मुस्ताङ | ६४१६ | ० | ० |
| २२ | थबाङ गाउँपालिका | रोल्पा | ४२६८७ | ० | ० |
| २३ | परिवर्तन गाउँपालिका | रोल्पा | ८००७७ | ० | ० |
| २४ | गंगादेव गाउँपालिका | रोल्पा | ७३०३४ | | ० |
| २५ | नौबहिनी गाउँपालिका | प्युठान | ७९१२७ | | ० |
| २६ | मदाने गाउँपालिका | गुल्मी | ७३१९६ | ० | ० |
| २७ | डोल्पो बुद्ध गाउँपालिका | डोल्पा | १३०६२ | ० | ० |
| २८ | शे फोक्सुण्डो गाउँपालिका | डोल्पा | २१२५२ | ० | ० |
| २९ | चंखेली गाउँपालिका | हुम्ला | १६३६१ | ० | ० |
| ३० | अदानचुली गाउँपालिका | हुम्ला | २८२०२ | ० | ० |
| ३१ | ताजाकोट गाउँपालिका | हुम्ला | १४४०३ | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | पलाँता गाउँपालिका | कालिकोट | २७०३६ | ० | ० |
| ३३ | पचाल झरना गाउँपालिका | कालिकोट | ३१०८७ | ० | ० |
| ३४ | महावै गाउँपालिका | कालिकोट | १५५०२ | ० | ० |
| ३५ | शुभकालिका गाउँपालिका | कालिकोट | २४२१६ | ० | ० |
| ३६ | आठबीस नगरपालिका | दैलेख | ६२५४८ | ० | ० |
| ३७ | बारेकोट गाउँपालिका | जाजरकोट | ६९९९६ | ० | ० |
| ३८ | नलगाड नगरपालिका | जाजरकोट | ७१५३२ | ० | ० |
| ३९ | सिद्ध कुमाख गाउँपालिका | सल्यान | ५३१४७ | ० | ० |
| ४१ | जगन्नाथ गाउँपालिका | बाजुरा | २१३२० | ० | ० |
| ४२ | खप्तड छेडेदह गाउँपालिका | बाजुरा | ३०२१७ | ० | ० |
| ४३ | साइपाल गाउँपालिका | बझाङ | ९३८९ | ० | ० |
| ४४ | सुर्मा गाउँपालिका | बझाङ | १२३५१ | ० | ० |
| ४५ | दुर्गाथली गाउँपालिका | बझाङ | १९७०९ | ० | ० |
| ४६ | केदारस्युँ गाउँपालिका | बझाङ | ४६८८२ | ० | ० |
| ४७ | बित्थडचिर गाउँपालिका | बझाङ | ४८०५२ | ० | ० |
| ४८ | नौगाड गाउँपालिका | दार्चुला | ३७३०३ | ० | ० |
| ४९ | मार्मा गाउँपालिका | दार्चुला | ३५४२२ | ० | ० |
| ५० | शैल्यशिखर नगरपालिका | दार्चुला | ४३२५४ | ० | ० |
| ५१ | मालिकार्जुन गाउँपालिका | दार्चुला | ३१९७७ | ० | ० |
| ५२ | लेकम गाउँपालिका | दार्चुला | ३२५०७ | ० | ० |
| ५३ | दोगडाकेदार गाउँपालिका | बैतडी | ४०६२८ | ० | ० |
| ५४ | पञ्चेश्वर गाउँपालिका | बैतडी | २९६१५ | ० | ० |
| ५५ | मेलौली नगरपालिका | बैतडी | ३७४७२ | ० | ० |
| ५६ | बोगटान गाउँपालिका | डोटी | ४६३९० | ० | ० |
| ५७ | दोधारा चाँदनी नगरपालिका | कञ्चनपुर | १३१५३१ | ० | ० |

*(स्रोत- नेपाल बिमा प्राधिकरण)*

माथिको तालिकाअनुसार २०८०/८१ मा ७५३ स्थानीय तहमध्ये ५७ स्थानीय तहमा कृषि तथा पशु बिमा नभएको अवस्था रहेको छ। कृषि तथा पशु बिमा सम्बन्धी जनचेतनाको अभाव, बिमा प्रक्रियाको जटिलता, क्षतिपूर्ति भुक्तानीमा ढिलासुस्ती, बिमा कम्पनीसम्म पहुँचको अभाव, कृषि तथा पशुसेवा प्राविधिकको अभाव, सफ्टवेयर प्रणालीको जटिलता, स्थानीय सरकारको प्राथमिकताको कमी लगायतका समस्या देखिएका छन। बिमा सम्बन्धी व्यापक जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने, बिमा प्रक्रिया सरलीकरण गर्ने, दाबी भुक्तानीको समयसीमा तोकेर अनिवार्य पालना गराउने, बिमा कम्पनीहरूलाई सबै स्थानीय तहमा सेवा विस्तार गर्न प्रोत्साहित गर्न, बिमा अभिकर्ता तथा प्राविधिकलाई स्थानीय स्तरमै परिचालन गर्न र मूल्याङ्कन तथा अनुगमनलाई प्राविधिक रूपमा सशक्त बनाउने, स्थानीय तहले बिमा जनचेतना अभियानलाई वार्षिक कार्यक्रमसँग तादम्यता हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

**१५. क्षेत्रगत विवरण-** केन्द्रीय तथ्याङ्क विभाग (२०७७) अनुसार ग्राहस्थ उत्पादनमा कृषि (बाली) को १५.४४ र पशुपन्छीको ५.५८ प्रतिशत योगदान रहेको छ। राष्ट्रिय कृषि गणना,२०७८ अनुसार नेपालमा ३९ लाख ९९ हजार परिवारले खेतीपाती गरेको र १ लाख ३२ हजार परिवारले पशुपन्छी मात्र पाल्ने गरी जम्मा ४१ लाख ३१ हजार कृषक परिवार रहेको देखियो। नेपाल बिमा प्राधिकरणले उपलब्ध गराएको विवरणअनुसार २०७०।७१देखि २०८०/८१सम्म कृषि तथा पशुपन्छी बिमा गर्ने कृषकहरूको क्षेत्रगत विवरण देहायबमोजिम रहेको छ।

(रू.हजारमा)

| क्षेत्र | बिमाङ्क रकम रू. | बिमाङ्क रकम प्रतिशत | अनुदान रकम रू. | अनुदान प्रतिशत |
|---|---|---|---|---|
| कृषि | २२३८६७४७ | ८.८२ | १०३५९९० | ११.२४ |
| पशुपन्छी तथा मत्स्य | २३१३२०४६८ | ९१.१८ | ८१८३२७० | ८८.७६ |
| **जम्मा** | **२५३७०७२१५** | **१००.००** | **९२१९२६१** | **१००** |

*(स्रोत- नेपाल बिमा प्राधिकरण)*

माथिको तालिकाअनुसार कृषि तथा पशुपन्छी बिमा मध्ये कृषि बिमाको हिस्सा न्यून रहेको अवस्था छ। यस तथ्याङ्कअनुसार कृषक परिवारमध्ये खेतीपाती गर्ने परिवार ९६.८ प्रतिशत र पशुपन्छी पालन गर्ने परिवार ३.२० प्रतिशत रहेकोमा बिमा गर्ने कृषक परिवारमध्ये ८ प्रतिशतले कृषि बिमा र ९२ प्रतिशतले पशुपन्छी बिमा गरेको देखिन्छ। कृषि क्षेत्रमा न्यून बिमा हुनुको प्रमुख कारणहरुमा बिमा योजनाको पर्याप्त प्रचारप्रसार नहुनु, कृषकहरूमा बिमा सम्बन्धी जागरूकताको अभाव, बिमा प्रक्रियाको जटिलता र कृषि उत्पादनमा आउने जोखिमको सही मूल्याङ्कन नहुनु, बिमा कम्पनीको कृषि बिमाप्रति कम प्राथमिकतालगायत रहेका छन। बिमा कम्पनीहरूले कृषकहरूमा जनचेतना अभियान चलाउनुपर्ने, कृषि बिमा प्रक्रियालाई सरल र सहज बनाउनुपर्ने र कृषि उत्पादनमा आउने जोखिमको वैज्ञानिक मूल्याङ्कन गरी उचित प्रिमियम निर्धारण गर्ने तथा मौसम सूचकाङ्कमा आधारित बिमा, सूचकाङ्कमा आधारित बाढी बिमालगायतका कार्यक्रममार्फत् कृषि क्षेत्रमा बिमा सहभागिता बढाउनुपर्दछ।

१५.१. **कृषि बिमा अवस्था-** कृषि बिमातर्फ २०८०/८१ र २०७९/८० मा कृषितर्फ बिमा गरेको क्षेत्रगत विवरण देहायबमोजिम रहेको छ।

| क्षेत्र | | २०८०/८१ | | | २०७९/८० | | |
|---|---|---|---|---|---|---|---|
| | | बिमालेख जारी | अनुदान ८० प्रतिशत रू.हजार | कृषि बिमा अनुदानमा हिस्सा | बिमालेख जारी | अनुदान ८० प्रतिशत रू.हजार | कृषि बिमा अनुदानमा हिस्सा |
| मौरीपालन | | ४८ | १९१४ | ०.६ | ८० | २८२६ | १.२३ |
| अन्नबाली | | २८१ | २४५६ | ०.७३ | ९४० | ८२२१ | ३.५९ |
| फलफुल | स्याउ) मौसमी सूचाङ्कमा आधारित समेत) | ७५५६ | २५१९३० | ७४.५६ | ५०८६ | १४९८१७ | ६५.४३ |
| | केरा | ५८५ | ४४३३२ | १३.१२ | ३२७ | २५७५५ | ११.२५ |
| | उखु | ४४८ | १०१८७ | ३.०२ | ८९८ | १६९८७ | ७.४२ |
| | अन्य फलफूल | ३५० | १५४२३ | ४.६ | ३३५ | १३११० | ५.७३ |
| | जम्मा | ८९३९ | ३२१८७२ | ९५.२६ | ६६४६ | २०५६६९ | ८९.८२ |
| मसलाबाली | | ४८ | ३२१६ | ०.९५ | ९८ | २५३० | १.११ |
| चिया कफी | | १५ | ९७० | ०.३ | १७ | ७७० | ०.३४ |
| तरकारी | | ३९९ | ७४७७ | २.२१ | ३९७ | ८९७६ | ३.९२ |
| **जम्मा** | | **९७३०** | **३३७९०४** | **१००.** | **८१७८** | **४४९००८** | **१००.** |

*(स्रोत- नेपाल बिमा प्राधिकरण)*

माथिको तालिकाअनुसार कृषि बिमामा फलफूल क्षेत्रले कृषि बिमाको ९५.२६ प्रतिशत, विशेषतः स्याउले ७४.५६ प्रतिशत, केराले १३.१२ प्रतिशतलगायत थोरै बालीहरूले अत्यधिक बिमा हिस्सा ओगटेको छ र तरकारीले २.२१ प्रतिशत, अन्नबालीले ०.७३ प्रतिशत, मौरीपालनले ०.६ प्रतिशत, मसला तथा चिया-कफीले १.२५ प्रतिशतको न्यून सहभागिता रहेको छ। बिमा प्राधिकरणले अन्नबाली,

मौरीपालन, तरकारी, मसला र चिया-कफी क्षेत्रमा बिमा सहभागिता बढाउन किसान संघ, स्थानीय सरकार र बिमा कम्पनीहरूबिच त्रिपक्षीय सहकार्य बढाउने, जोखिम मूल्याङ्कनमा वैज्ञानिक विधि प्रयोग, बिमाबारे व्यापक जनचेतना अभिवृद्धि, तथा बिमा कम्पनीहरूलाई विविध बालीमा समानरूपमा बिमा गर्न प्रोत्साहन गर्नेलगायत बहुआयामिक रणनीति अवलम्बन गर्नुपर्दछ।

१५.२. **क्षेत्रगत पशुपन्छी बिमा-** पशुपन्छी बिमा तर्फ २०८०/८१ र २०७९/८० मा पशुधन, पन्छी र मत्स्यतर्फ बिमा गरेको विवरण देहाय बमोजिम रहेको छ।

| विवरण | | २०८०/८१ | | | २०७९/८० | | |
|---|---|---|---|---|---|---|---|
| क्षेत्र | उपक्षेत्र | बिमा गरिएको संख्या | अनुदान रकम ८० प्रतिशत रू.लाखमा | पशुपन्छी बिमा अनुदानमा हिस्सा प्रतिशतमा | बिमा गरिएको संख्या | अनुदान रकम ८०प्रतिशत रू.लाखमा | पशुपन्छी बिमा अनुदानमा हिस्सा प्रतिशतमा |
| पशुधनतर्फ | गाईवस्तु | १५११४२ | ४२४९ | ३३.२१ | ३७३०७० | ४९०२ | ३०.२५ |
| | भैँसी | १२७९७३ | ४३२५ | ३३.८ | २१५९९९ | ५४४४ | ३३.६ |
| | बाखा | १७६५९८ | ११०२ | ८.६१ | ३७३३६५ | १७२१ | १०.६२ |
| | अन्य पशुधन | ३१३९५ | ३१० | २.४२ | ६७८१७ | ७४४ | ४.५९ |
| | पशुधन | ४८७१०८ | ९९८५ | ७८.०५ | १०३०२५१ | १२८१२ | ७९.०७ |
| पन्छीतर्फ | लेयर्स | ४४६८७६२ | ११८४ | ९.२५ | ५०५६८८७ | १४१७ | ८.७४ |
| | अन्य पन्छी | ४८२०१६० | ४६२ | ३.६१ | ७३३४५८२ | १०३७ | ६.४ |
| | पन्छी | ९२८८९२२ | १६४६ | १२.८६ | १२३९१४६९ | २४५४ | १५.१४ |
| मत्स्यतर्फ | मत्स्य | २४४३४५३२ | ११६२ | ९.०८ | ६०७५८११५ | ९३८ | ५.७९ |
| | जम्मा पशुधन, पन्छी र मत्स्य | ३४२१०५६२ | १२७९३ | १००. | ७४१७९८३५ | १६२०४ | १००. |

*(स्रोत- नेपाल बिमा प्राधिकरण)*

माथिको तालिकाअनुसार २०८०/८१ र २०७९/८० को विवरणको विश्लेषण गर्दा पशुपन्छी तथा मत्स्य बिमामा बिमित पशुपंछी (जनावर) तथा माछाको संख्या घट्दै गएको देखिन्छ। साथै बिमा प्रिमियममा अनुदानको हिसाबले पनि पशुधनतर्फको हिस्सा अत्यधिक (७८देखि ७९ प्रतिशत) देखिएको छ, जबकि पन्छी तथा मत्स्य बिमाको योगदान उल्लेखनीय रूपमा न्यून (क्रमशः १२देखि १५ प्रतिशत र ५देखि ९प्रतिशत) रहेको छ। पन्छी तथा मत्स्य व्यवसायमा संलग्न किसानहरूका लागि लक्षित बिमा सचेतना कार्यक्रम सञ्चालन गर्नुका साथै स्थानीय तह, सहकारी संस्था र पशुसेवा/मत्स्य कार्यालयहरूबिच सहकार्य बढाई बिमा सहज पहुँचको व्यवस्था गर्नुपर्छ।

१६. **प्रतीक्षा अवधिको व्यवस्था-** नेपाल बिमा प्राधिकरणद्वारा जारी पशुधन तथा मत्स्य बिमालेखमा बिमा गरिएको पशुधन तथा माछाको प्रथमपटक बिमालेख जारी भएको मितिले १५ (पन्ध्र) दिन भित्र रोगको कारण मरेमा बिमा कम्पनी (बिमक) ले क्षतिपूर्ति प्रदान नगर्ने व्यवस्था छ। बिमालेख जारी भएको मिति र जोखिम प्रारम्भ मितिबिचको फरक अवधिलाई प्रतीक्षा अवधि भनिन्छ। सोही निर्देशिकामा बिमा गरिने वस्तुको स्वास्थ्य परीक्षण गरी बिमा गर्न योग्य छ भनी प्राविधिकको सिफारिसपत्र प्राप्त भएपछि मात्र बिमालेख जारी गरिने व्यवस्था रहेकोले र यदि पशुधन वा माछामा अचानक कुनै गम्भीर रोगको प्रकोप देखा परेको कारण बिमालेख जारी भएको १५ दिन भित्र मरेको खण्डमा कृषकलाई आर्थिक क्षति पर्ने देखिन्छ। प्रतिक्षा अवधिलाई पुनरावलोकन गरी अवधि घटाउँदा कृषकहरूलाई आर्थिक सुरक्षाको

प्रत्याभूतिमा वृद्धि हुने तथा बिमाक्षेत्रमा नैतिक जोखिम कम गर्न सकिने देखिएकोले बिमालेखहरूलाई संशोधन गरी स्वीकृत गर्नुपर्ने देखिन्छ।

१७. **बिमालेख जारी गर्ने समय सीमा-** कृषि, पशुपन्छी तथा जडिबुटी बिमा निर्देशिका, २०७९ को दफा १२ मा बिमा प्रस्तावमा बिमितले सम्पूर्ण विवरणहरू स्पष्ट र यथार्थ रुपमा भरेको यकिन गर्नुपर्ने तथा दफा २१(१) मा प्राविधिकले बिमालेख जारी गर्नु अघि बिमा गरिने वस्तुको निरोगिता वा स्वास्थ्य जाँच परीक्षणको आधारमा बिमा गरिने वस्तु बिमा गर्न योग्य छ वा छैन मूल्याङ्कन गरी बिमितलाई सिफारिस पत्र प्रदान गर्नुपर्ने व्यवस्था छ। निर्देशिकामा प्राविधिक सिफारिसपत्र उपलब्ध गराउने, बिमालेख जारी गर्ने, र बिमा गर्न नसकिने अवस्थामा जानकारी दिने सम्बन्धी समयसीमा स्पष्ट रूपमा उल्लेख गरेको पाइएन। निर्देशिकामा प्रस्ताव फारम प्राप्त भएको मितिले निश्चित कार्यदिनभित्र प्राविधिकले सिफारिसपत्र उपलब्ध गराउनुपर्ने, सिफारिसपत्र प्राप्त भएको मितिले निश्चित कार्यदिनभित्र बिमकले बिमालेख जारी गर्नुपर्ने, र बिमा गर्न अस्वीकार गर्नुपरेमा, प्रस्ताव प्राप्त भएको मितिले निश्चित कार्यदिनभित्र कृषक तथा नेपाल बिमा प्राधिकरणलाई लिखित रूपमा जानकारी गराउने व्यवस्था राख्नुपर्दछ।

१८. **अनुदानको आधार -** बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ को बुँदा ५(ग) मा ५० लाख रूपैयाँसम्मको बिमाङ्क रकममा ८० प्रतिशत, ५० लाखदेखि एक करोड रूपैयाँसम्म ६५ प्रतिशत र एक करोड रूपैयाँभन्दा बढीको बिमाङ्क रकममा ५० प्रतिशत बिमा प्रिमियममा अनुदान उपलब्ध गराउने व्यवस्था छ। तर यस अन्तर्गत एउटै किसानले एक वा बढी बिमालेख जारी गर्न पाउने स्पष्ट प्रावधान रहेको छैन जसले गर्दा किसानले ५० लाखभन्दा कम बिमाङ्क रकमका धेरै बिमालेख जारी गरी ८० प्रतिशत अनुदान लिनसक्ने अवस्था रहेको छ। यसको परिणाम स्वरूप बढी अनुदान रकम वितरण भई राज्यलाई आर्थिक भार पर्ने, बिमा कार्यक्रमको प्रभावकारितामा कमी आउने लगायतका जोखिम बढेको छ। वास्तविक समयमा आधारित सफ्टवेयरमार्फत कृषकलाई ट्र्याक गरी कृषक परिवारले जतिसुकै बिमालेख जारी गरेपनि कुल बिमाङ्क रकमको आधारमा अनुदान दिइने नीति अवलम्बन गर्नुपर्दछ।

१९. **बिमा अस्वीकार-** कृषि, पशुपन्छी तथा जडिबुटी बिमा निर्देशिका, २०७९ को दफा १८ ले जालसाजी हुने अवस्थाबाहेक बिमकहरूले तोकिएको जिल्लामा प्राप्त बिमा प्रस्ताव अस्वीकार गर्न नपाउने उल्लेख छ। स्थलगत अवलोकन र कृषकहरूसँगको छलफलमा बिमा कम्पनीहरूले नेपाल सरकारबाट प्रिमियमको रकम प्राप्त नभएको कारण देखाउँदै बिमा गर्न आनाकानी गरेको पाइयो। राष्ट्रिय बिमक संघको मिति २०८०।११।२० को पत्रले नेपाल सरकारबाट बिमा प्रिमियम बापतको करिब रू.२ अर्ब रकम लिन बाँकी रहेको अवस्थामा थप जोखिम लिन नसकिने भएकाले मिति २०८० चैत्र १ गतेदेखि कृषिसँग सम्बन्धित बिमालेख र दाबी भुक्तानी स्थगन गरिने बेहोरा जानकारी गराएकोमा र २०८१।२।१७ मा मन्त्रीस्तरीय उपस्थितिमा बिमा सेवा खुलाउने सहमति सम्बन्धी निर्णय भएको देखियो। यी समस्याहरू समाधान गरी सबै बिमा कम्पनीलाई बिमा अस्वीकार नगर्ने अवस्था सिर्जना गर्न सम्बन्धित पक्षले समन्वय गर्नुपर्दछ।

२०. **बिमा प्रिमियम अनुदान-** बाली तथा पशुधन बिमा प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० मा संशोधन भई वि.सं. २०७१ साउन १ गतेदेखि लागु हुने गरी बाली तथा पशुधनको बिमा प्रिमियममा ७५प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ। साथै २०७८।७९ को बजेट वक्तव्यमा बिमा प्रिमियममा ८० प्रतिशत अनुदान दिइने उल्लेख छ। तर संघीय सरकारको २०८०।८१ को

बजेट वक्तव्यमा बिमा प्रिमियममा दिइने अनुदान प्रतिशत सम्बन्धमा उल्लेख छैन। बाली तथा पशुपन्छी बिमा प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०७० (संशोधन) ले बिमा प्रिमियममा ७५ प्रतिशत अनुदान दिइने कानुनी व्यवस्था रहेकोमा विभागले संघीय सरकारको २०७९।८० को बजेट वक्तव्यमा बिमा प्रिमियममा ८० प्रतिशत अनुदान उपलब्ध गराउने उल्लेख गरेको आधारमा २०८०।०८१ मा समेत बिमा प्रिमियममा ८० प्रतिशतका दरले अनुदान रकम भुक्तानी गरेको देखिन्छ। बजेट वक्तव्यमा उल्लेख गरिएका विषय सोही आर्थिक वर्षमा मात्र लागु हुनेमा कृषि विभागले कृषि बिमातर्फ २०८०।८१ को साउनदेखि मंसिरसम्मको अनुदान रू. ५ करोड ९ लाख १४ हजार र पशुसेवा विभागले पशुपन्छी बिमातर्फ रू.८३ करोड ३० लाख ७२ हजार समेत रू.८८ करोड ३९ लाख ८६ हजार अनुदान प्रिमियम भुक्तानी भएकोमा सरकारले दिने अनुदान प्रतिशत निर्धारण भएको देखिएन। निर्देशिकामा उल्लेख भएको प्रिमियम अनुदान रकममा बढी नहुने गरी अनुदान रकम भुक्तानी हुनुपर्दछ।

२१. **बिमाङ्क रकम निर्धारण-** कृषि, पशुपन्छी तथा जडिबुटी बिमा निर्देशिका, २०७९ को दफा १४(१) मा पशुपन्छीको हकमा बिमालेखमा उल्लेख भएको हकमा बिमालेख बमोजिम र अन्यको हकमा बजार मूल्य, बीजक मूल्य र स्थानीय चलनचल्तीको मूल्यलाई आधार लिई आपसी सहमतिको आधारमा बिमाङ्क कायम गर्नुपर्ने व्यवस्था छ। साथै बिमा प्राधिकरणद्धारा जारी पशुधन बिमालेखमा प्रति पशु रु. १ लाखसम्म भए बिमक, बिमित र प्राविधिकको आपसी सहमतिमा र सो भन्दा माथि रु. २ लाखसम्म भए स्थानीयतहको सिफारिसमा, रू. २देखि ३ लाखसम्म भए प्रदेश मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिसमा र रू. ३ लाख भन्दा माथि भए वंशावाली अभिलेख, जातीय शुद्धता प्रमाणपत्र, औषत दुध उत्पादन र उमेरको विवरण पेस गरेको आधारमा बिमाङ्क रकम कायम हुनेछ र पन्छी र माछाको हकमा बिमालेखमानै बिमाङ्क निर्धारणको सुत्र राखिएको छ। बिमक र बिमितले आपसी सहमति तथा बजारमूल्यका आधारमा बिमाङ्क रकम कायम गर्ने व्यवस्था भए पनि बिमकहरूले बजार मूल्यको यथार्थपरक मूल्याङ्कन नगरी मूल्य निर्धारण गर्दा न्यून बिमाङ्क रकम निर्धारण भएको पाइयो। स्थलगत अवलोकनका क्रममा कृषकहरूसँग भएको छलफलमा कृषकले १ लाख भन्दा बढी मूल्यको गाई, भैंसी तथा माउ बंगुर पालिरहेको वा खरिद गरेकोमा गाईको अधिकतम बिमाङ्क रकम रु.९० हजार, भैंसीको अधिकतम बिमाङ्क रकम रु.१ लाख र माउ बंगुरको अधिकतम बिमाङ्क रु.३० हजार कायम गरेको देखियो।





*स्थलगत अवलोकनमा देखिएको बिमालेखमा कायम भैंसीको बिमाङ्क रकम*





*स्थलगत अवलोकनमा देखिएको बिमालेखमा कायम गरिएको बंगुरको बिमाङ्क रकम*

यसरी न्यून बिमाङ्क रकम कायम हुनुमा बिमकहरूले आपसी सहमतिमा मूल्य कायम हुने उल्लेख भए तापनि  बिमकले मूल्य निर्धारण गर्नु, स्थानीय चलनचल्तीको मूल्य अद्यावधिक नहुनु, बिमालेखमा व्यवस्था भएअनुसार रु. १ लाख माथिको पशुको बिमाङ्क कायम गर्दा अपनाउनुपर्ने प्रक्रियाबारे कृषकलाई जानकारी नहुनु, बिमाङ्क रकम मूल्याङ्कन प्रक्रियामा स्पष्ट मापदण्डको कमी हुनु र बिमा प्राधिकरणको प्रभावकारी अनुगमन नहुनु आदि रहेका छन्। नेपाल बिमा प्राधिकरणकाअनुसार बिमा कम्पनीहरूबाट अधिक बिमाङ्क रकम राखिएको अवस्थामा कृषि तथा पशु विभागहरूबाट सो बिमालेख विचाराधीन अवस्थामा राखेको देखियो। बिमितहरूले बिमा क्षतिपूर्ति दाबी गर्दा उचित मूल्याङ्कन नपाउने, बिमा प्रणालीप्रति अविश्वास बढ्ने तथा पशुपन्छी बिमामा बिमितहरूको आकर्षण घट्ने जोखिम रहेको देखिन्छ। बजार मूल्यको नियमित समीक्षा गरी अद्यावधिक गर्ने, स्पष्ट र एकरूप मूल्य निर्धारण मापदण्ड लागु गर्ने र सोको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गरी बिमाको उपयोगिता बढाउनुपर्दछ।

२२. **बिमा कार्यक्रममा साना कृषकहरूको सहभागिता**- नेपाल बिमा प्राधिकरणबाट प्राप्त २०८०/८१ मा बिमाङ्क रकमका आधारमा बिमाको विवरण देहायबमोजिम रहेको छ।

**कृषितर्फ**- कृषितर्फको बिमासम्बन्धी विवरण देहायबमोजिम रहेको छ।

| विवरण | बिमालेख सख्या | बिमाङ्क रकम (रू. हजारमा ) | कृषितर्फको बिमाङ्क रकममा (प्रतिशतमा) |
|---|---|---|---|
| रु.१ लाख भन्दा कम बिमाङ्क रकम | ५९५ | १९४०४ | ०.३ |
| रु.१ लाख देखि ५ लाखसम्म बिमाङ्क रकम | ४५०६ | १२३५१२६ | १८.९४ |
| रु.५ लाख देखि १० लाखसम्म बिमाङ्क रकम | ३१३६ | २०२५१२७ | ३१.०६ |
| रु.१० लाखदेखि ५० लाखसम्म बिमाङ्क रकम | १३७० | २४६७०१४ | ३७.८४ |
| रु.५० लाख माथि बिमाङ्क रकम | ७९ | ७७३७५९ | ११.८७ |

*(स्रोत- नेपाल बिमा प्राधिकरण)*

प्रस्तुत तथ्याङ्कअनुसार २०८०/८१ मा कृषितर्फ रु.१ लाखभन्दा कम बिमाङ्क रकम हुने साना किसानहरूको सहभागिता ०.३ प्रतिशत मात्र रहेको छ। सबैभन्दा बढी रु. १० लाखदेखि ५० लाख सम्मको ३७.८४ प्रतिशत रहेको छ।

**पशुधनतर्फ**- पशुधनतर्फको बिमासम्बन्धी विवरण देहायबमोजिम रहेको छ।

| विवरण | बिमा लेख सख्या | बिमित पशुधन संख्या | बिमाङ्क रकम (रू. हजारमा ) | पशुधनतर्फको बिमाङ्क रकममा (प्रतिशतमा) |
|---|---|---|---|---|
| रु.१ लाख भन्दा कम बिमाङ्क रकम | ३४१२ | ६३३५ | १७६९३९ | २७ |

| | | | | |
|---|---|---|---|---|
| रु.१ लाख देखि ५ लाखसम्म बिमाङ्क रकम | १०९१ | १०६०५ | २४४६७४ | ३७.३३ |
| रु.५ लाख देखि १० लाखसम्म बिमाङ्क रकम | १४५ | ४४८३ | १००३०४ | १५.३ |
| रु.१० लाखदेखि ५० लाखसम्म बिमाङ्क रकम | ७९ | ५३१८ | १२११३४ | १८.४८ |
| रु.५० लाख माथि बिमाङ्क रकम | २ | २६३ | १२३७५ | १.८९ |

*(स्रोत- नेपाल बिमा प्राधिकरण)*

प्रस्तुत तथ्याङ्कअनुसार २०८०/८१ मा पशुधनतर्फ १ लाख भन्दा कम बिमाङ्क रहेको बिमालेखहरूमा पशुधनतर्फको बिमाङ्क रकमको हिस्सा २७ प्रतिशत रहेको छ। त्यस्तै गरी सबैभन्दा बढी हिस्सा १ लाखदेखि ५ लाखसम्म बिमाङ्क रहेका बिमालेखहरूको पशुधनतर्फको बिमाङ्क रकममा ३७.३३ प्रतिशत रहेको छ।

**पन्छीतर्फः** पन्छीतर्फको बिमासम्बन्धी विवरण देहायबमोजिम रहेको छ।

| विवरण | बिमालेख सख्या | बिमित पन्छी संख्या | बिमाङ्क रकम (रू. हजारमा) | पन्छीतर्फको बिमाङ्क रकममा (प्रतिशतमा) |
|---|---|---|---|---|
| १ लाख भन्दा कम बिमाङ्क रकम | २२ | २२४५ | १७७१ | १.१४ |
| १ लाख देखि ५ लाखसम्म बिमाङ्क रकम | ४७ | ३८४०१ | १४४२२ | ९.२७ |
| ५ लाख देखि १० लाखसम्म बिमाङ्क रकम | ३५ | ५२९६५ | २४६५७ | १५.८५ |
| १० लाखदेखि ५० लाखसम्म बिमाङ्क रकम | ३७ | १०६८५६ | ५९३४७ | ३८.१५ |
| ५० लाख माथि बिमाङ्क रकम | ५ | ५६८११ | ५५३५९ | ३५.५९ |

*(स्रोत- नेपाल बिमा प्राधिकरण)*

प्रस्तुत तथ्याङ्कअनुसार २०८०/८१ मा पन्छीतर्फ सबैभन्दा कम रु.१ लाख भन्दा कम बिमाङ्क रकम भएका साना किसानहरूको बिमालेखहरूमा पन्छीतर्फको बिमाङ्क रकमको हिस्सा १.१४ प्रतिशत रहेको छ। त्यस्तै गरी सबैभन्दा बढी रु.१० लाखदेखि रु.५० लाख सम्मको बिमाङ्क रकम भएका बिमालेखहरूमा पन्छीतर्फ बिमाङ्क रकमको हिस्सा ३८.१५ प्रतिशत रहेको छ। यस तथ्याङ्कअनुसार पन्छीतर्फको बिमा प्रिमियममा अनुदानबापतको रकममा साना कृषकहरूको नगन्य सहभागिता रहेको देखिन्छ।

**मत्स्यतर्फः** मत्स्यतर्फको बिमासम्बन्धी विवरण देहायबमोजिम रहेको छ।

| विवरण | बिमालेख सख्या | बिमित माछा | बिमाङ्क रकम (रू.हजारमा) | माछातर्फको बिमाङ्क रकममा (प्रतिशतमा) |
|---|---|---|---|---|
| रु.१ लाख भन्दा कम बिमाङ्क रकम | ० | ० | ० | ० |
| रु.१ लाख देखि ५ लाखसम्म बिमाङ्क रकम | २४ | ४१२४५ | ७४६८ | ०.१६ |
| रु.५ लाख देखि १० लाखसम्म बिमाङ्क रकम | १२४ | ४६६३९२ | ९१६३६ | १.९३ |
| रु.१० लाखदेखि ५० लाखसम्म बिमाङ्क रकम | ७१८ | ८९७८५८१ | १७८५९५७ | ३७.६१ |
| रु.५० लाख माथि बिमाङ्क रकम | २८६ | १४०३२७९५ | २८६३८६३ | ६०.३१ |

*(स्रोत- नेपाल बिमा प्राधिकरण)*

प्रस्तुत तथ्याङ्कअनुसार मत्स्यतर्फ २०८०/८१ मा मत्स्यतर्फको बिमा प्रिमियममा अनुदानमध्ये रु.१ लाख भन्दा कम बिमाङ्क रकमको बिमालेख जारी भएको देखिँदैन। रु.१ लाखदेखि रु.५ लाखसम्मको बिमाङ्क रकम रहेको बिमालेखहरूमा मत्स्यतर्फको बिमाङ्क रकमको हिस्सा ०.१६ प्रतिशत देखिन्छ। मत्स्यतर्फको बिमाङ्क रकममा सबैभन्दा बढी बिमाङ्क रकमको हिस्सार रु. ५० लाख माथि बिमाङ्क रकम भएका बिमालेखको हिस्सा ६०.३१ प्रतिशत रहेको छ।

समग्रमा बिमा कार्यक्रममा साना कृषकहरूको पहुँच एकदमै न्यून रहेको देखियो। यसका कारणहरूमा साना कृषकहरूलाई बिमा कार्यक्रमबारे जानकारी कम हुनु, बिमा दाबी प्रक्रिया झन्झटिलो हुनु आदि रहेका छन्। बिमा कार्यक्रममा साना कृषकहरूको सहभागिता बढाउन ग्रामीण क्षेत्रमा व्यापक जनचेतना कार्यक्रम सञ्चालन गर्ने, बिमा कम्पनीहरूलाई ग्रामीण भेगमा अभिकर्ता तथा सेवा केन्द्र विस्तार गर्न प्रोत्साहित गर्ने तथा हालको बिमाङ्क रकमका आधारमा अनुदान दिने प्रावधानलाई पुनरावलोकन गरी साना किसानलाई लक्षित गरी बिमा अनुदान वर्गीकरण सघन बनाउँदै बिमा कार्यक्रमलाई साना किसानमैत्री बनाउनुपर्दछ।

२३. **बिमा प्रिमियममा अनुदान -** बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० को बुँदा ४ बमोजिम कृषि विकास मन्त्रालयको सचिवको अध्यक्षतामा बाली तथा पशुधन बिमा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा बाली तथा पशुधन बिमा कोष व्यवस्थापन समिति रहने, समितिको सचिवालय बिमा प्राधिकरणको कार्यालयमा हुने र समितिले बाली तथा पशुधन बिमा गर्ने बिमा कम्पनीलाई बिमा प्रिमियमको अनुदान रकम उपलब्ध गराउने व्यवस्था उल्लेख छ। साथै, निर्देशिकाको बुँदा ५, ६ र ८ मा कोष व्यवस्थापन, खर्च र भुक्तानी प्रक्रियासम्बन्धी व्यवस्था छ। नेपाल बिमा प्राधिकरणले उपलब्ध गराएको बाली तथा पशुधन बिमा कोष व्यवस्थापन समितिमा प्राप्त बिमा प्रिमियममा अनुदानको रकम तथा बिमा कम्पनीहरुलाई भुक्तानी भएको अनुदान रकमको विवरण देहायबमोजिम रहेको छ।

(रु.लाखमा)

| आर्थिक वर्ष | अल्या रकम (क) | बाली तथा पशुधन बिमा कोषमा निकासा अनुदान रकम विवरण | | | | बाली तथा पशुधन बिमा कोषले भुक्तानी गरेको अनुदान रकम विवरण | | | | बाली तथा पशुधन बिमा कोषको खातामा बाँकी रकम रु.(ञ=क+ङ-झ) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषि विभागबाट प्राप्त गरिएको रु. (ख) | पशु सेवा विभाग बाट प्राप्त गरिएको रु. (ग) | अन्य (घ) | बिमाकोषमा जम्मा रकम (ङ=ख+ग+घ) | कृषि बिमातर्फ बिमा कम्पनीलाई भुक्तानी रु. (च) | पशुपन्छी तथा मतस्य बिमातर्फ बिमा कम्पनीलाई भुक्तानी रु. (छ) | अन्य (ज) | जम्मा भुक्तानी रकम (झ=च+छ+ज) | |
| २०७०/७१ | ० | ० | २०० | ० | २०० | ० | ६७ | ० | ६७ | १३३ |
| २०७१/७२ | १३३ | ० | ९६७ | ० | ९६७ | ० | १०९८ | ० | १०९८ | २ |
| २०७२/७३ | २ | ० | १६९७ | ० | १६९७ | ० | १६९८ | ० | १६९८ | १ |
| २०७३/७४ | १ | ३११ | ४०० | ० | ७११ | ० | ७११ | ० | ७११ | १ |
| २०७४।७५ | ३ | ३७२ | ३०२५ | | ३३९७ | ० | ३३९२ | ७ | ३३९९ | १ |
| २०७५/७६ | १ | ४४७ | ६२१६ | ५५२ | ७२१५ | ४४६ | ६७५३ | ५ | ७२०४ | १२ |
| २०७६/७७ | १२ | ६६० | ५६५८ | २ | ६३२०.० | ६६० | ४७४४ | १३ | ५४१७.० | ९१५ |
| २०७७/७८ | ९१५ | ५४५ | १२४२२ | ० | १२९६७ | ५४५ | २९०९ | ० | ३४५४ | १०४२८ |
| २०७८/७९ | १०४२८ | ५७४ | १८४६१ | ० | १९०३५ | ५७४ | १५२२२ | ० | १५७९६ | १३६६७ |
| २०७९/८० | १३६६७ | १५९९ | ५८५१ | ० | ७४५० | १५९९ | १७९६५ | ६ | १९५७० | १५४७ |
| २०८०/८१ | १५४७ | १२०० | १४४९८ | ० | १५६९८ | १२०० | १६०४५ | ० | १७२४५ | ० |
| | **जम्मा** | **५७०८** | **६९३९५** | **५५४** | **७५६५७** | **५०२४** | **७०६०२** | **३१** | **७५६५७** | **०** |

*(स्रोत- बाली तथा पशुधन बिमा कोष व्यवस्थापन समिति)*

माथिको तालिकाअनुसार २०७०/७१देखि २०८०/८१सम्म बाली तथा पशुधन बिमाकोष व्यवस्थापन समितिको खातामा रू.७ अर्ब ५६ करोड ५७ लाख प्राप्त भएकोमा सम्पूर्ण रकम खर्च भई

खाता शून्य भएको देखिन्छ। बिमा प्राधिकरणले पेस गरेको वार्षिक आय व्यय हिसाब विवरणअनुसार २०७०/७१देखि २०७२/७३ का वार्षिक आय व्यय विवरणमा कृषि तथा पशुपन्छी बिमातर्फ आम्दानी र खर्च एकमुष्ट लेखेकोमा २०७३/७४ र २०७४/७५ को आय-व्यय विवरणमा कृषि तथा पशु विभागबाट प्राप्त आम्दानी रकम खुलाएर राखेको भए तापनि कृषि तथा पशुपन्छी बिमातर्फ बिमा कम्पनीहरुलाई भुक्तानी भएको रकम एकमुष्ट खर्च लेखेको देखियो। कृषि तथा पशुपन्छी मन्त्रालयले बाली तथा पशुधन बिमा कोष व्यवस्थापन समितिलाई २०७५/७६ मा अन्य आय र सचिवालय खर्चबापत रू.५ करोड ५२ लाख तथा २०७६।७७ मा सचिवालय खर्चबापत रू. २ लाख निकासा गरेको देखिन्छ।

बिमा प्राधिकरणले पेस गरेको बाली तथा पशुधन बिमा कोष व्यवस्थापन समितिको २०७६।७७ को आय व्यय विवरणअनुसार बैंक मौज्दात (बचत) रू.९ करोड १५ लाख रहेको र बाली तथा पशुधन बिमा कोष व्यवस्थापन समितिको बैठक नं. ९/२०७७।४।५ अनुसार पशु सेवा विभागबाट २०७७।३।३१ मा बिमा कोषमा रू.९ करोड ८ लाख निकासा भएको देखिन्छ। तर २०७७।७८ को आय व्यय विवरण प्राप्त नभएकोले बैंक विवरणअनुसार २०७७ को साउनमा अ.ल्या. रकम शून्य रहेको र २०७७।५।१२ मा रू. ५ करोड ९९ लाख मात्र आम्दानी बाँधेको देखिन्छ। यसरी २०७६/७७ को अन्तिम मौज्दात रकम २०७७/७८ मा आम्दानी बाँध्दा रू.३ करोड १६ लाख फरक देखिएकोले सो सम्बन्धमा यकिन हुनुपर्दछ।

२४. **बिमा प्रिमियमको अनुदान भुक्तानी बाँकी** - नेपाल बिमा प्राधिकरणबाट प्राप्त विवरणअनुसार बाली तथा पशुधन बिमा कोष व्यवस्थापन समितिमा २०७५।७६ भन्दा अघि प्रिमियममा प्राप्त अनुदान रकम र सो को खर्चसम्बन्धका निर्णयहरू पेस भएको छैन। आर्थिक वर्ष २०७५।७६ मा समितिले बैठक नं.१ बाट २०७५ साउनदेखि २०७५ चैत्रसम्मको बिमा अनुदानको रकम भुक्तानी गर्ने निर्णय गरेको देखिन्छ। नेपाल बिमा प्राधिकरणले उपलब्ध गराएको विवरणअनुसार कृषि तथा पशुपन्छी (मत्स्य समेत) बिमातर्फ बिमा प्रिमियममा अनुदानमा भुक्तानी बाँकी रकमको विवरण देहायबमोजिम रहेको छ।

२४.१. **कृषि बिमातर्फ**- कृषि बिमातर्फ अनुदान भुक्तानी देखिएका बेहोराहरु देहायबमोजिम छन्:

(रू.लाखमा)

| आर्थिक वर्ष | बिमा प्राधिकरणबाट सिफारिस भइ आएको अनुदान रू. (क) | बाली तथा पशुधन बिमा कोष व्यवस्थापन समितिले स्वीकृत गरेको अनुदान रू. (ख) | विचारधीन रू. (ग) | रुजु हुन बाँकी रू. (घ) | स्वीकृत नभएको रू. (ङ= क-ख-ग-घ) | कोषमार्फत् भुक्तानी भएको अनुदान रू. (च) | बिमा कम्पनीलाई भुक्तानी हुन बाँकी अनुदान रू. (छ=ग+घ) |
|---|---|---|---|---|---|---|---|
| २०७५/७६ | ४८७ | ४७२ | ० | ० | १५ | ४७२ | ० |
| २०७६/७७ | ६२२ | ६२२ | ० | ० | ० | ६२२ | ० |
| २०७७/७८ | ११४८ | ९२६ | ० | ० | २२२ | ९२६ | ० |
| २०७८/७९ | १६१२ | १३९० | ० | २७ | १९५ | १३९० | २७ |
| २०७९/८० | २२९० | १६४७ | ५८० | ० | ६३ | १६४७ | ५८० |
| २०८०/८१ | २०८९ | ५०९ | ० | १५८० | ० | ५०९ | १५८० |
| **जम्मा** | **८२४८** | **५५६६** | **५८०** | **१६०७** | **४९५** | **५५६६** | **२१८७** |

*(स्रोत- बाली तथा पशुधन बिमा कोष व्यवस्थापन समिति)*

माथिको तालिकाअनुसार २०७५।७६देखि २०८०/८१सम्म कृषि बिमातर्फ बिमा प्राधिकरणबाट सिफारिस भई आएको अनुदान रू.८२ करोड ४८ लाखमध्ये समितिले स्वीकृत गरी

रू.५५ करोड ६६ लाख बिमा कम्पनीलाई भुक्तानी गरेको देखिन्छ। भुक्तानी हुन बाँकी रकममध्ये रू.५ करोड ८० लाख विचाराधीन र रूजु हुन बाँकी रू.१६ करोड ७ लाख रहेको देखिन्छ भने रू.४ करोड ९५ लाख अस्वीकृत भएको देखिन्छ।

२४.२. **पशुपन्छी (मत्स्यसमेत) बिमातर्फ-** पशुपन्छी (मत्स्य समेत) बिमातर्फ बिमा प्रिमियममा अनुदान रकम भुक्तानीको अवस्था निम्नानुसार छः

(रू.लाखमा)

| आर्थिक वर्ष | बिमा प्राधिकरण बाट सिफारिस भइ आएको अनुदान रकम रू. (क) | बाली तथा पशुधन बिमा कोष व्यवस्थापन समितिले स्वीकृत गरेको अनुदान रकम रू. (ख) | विचारधीन रू. (ग) | रुजु हुन बाँकी (घ) | अस्वीकृत रकम रू. (ङ= क-ख-ग-घ) | कोषमार्फत भुक्तानी भएको अनुदान रकम रू. (च) | बिमा कम्पनीलाई भुक्तानी हुन बाँकी अनुदान रू. (छ=ग+घ) |
|---|---|---|---|---|---|---|---|
| २०७५/७६ | ७०४९ | ७०४९ | ० | ० | ० | ७०४९ | ० |
| २०७६/७७ | ८२४१ | ८२४१ | ० | ० | ० | ८२४१ | ० |
| २०७७/७८ | १३,३३६ | १३३६१ | ० | १९ | ० | १३३६१ | १९ |
| २०७८/७९ | १३९९० | १३७६२ | २३७ | | ० | १३७६२ | २३७ |
| २०७९/८० | १६२०४. | १४३८६ | ६९६ | ० | ११२२ | १४३८६ | ६९६ |
| २०८०/८१ | १२७९३ | ११०५९ | ५६५ | ११६९ | ० | ११०५९ | १७३४ |
| **जम्मा** | **७१६१३** | **६७८५८** | **१४९८** | **११८८** | **११२२** | **६७८५८** | **२६८६** |

*(स्रोत- बाली तथा पशुधन बिमा कोष विकास समिति)*

माथिको तालिकाअनुसार २०७५।७६देखि २०८०/८१सम्म पशुपन्छी (मत्स्यसमेत) बिमातर्फ बिमा प्राधिकरणबाट सिफारिस भइ आएको अनुदान रू.७ अर्ब १६ करोड १३ लाखमध्ये समितिले स्वीकृत गरी रू.६ अर्ब ७८ करोड ५८ लाख बिमा कम्पनीलाई भुक्तानी गरेको देखिन्छ। भुक्तानी हुन बाँकी रकममध्ये रू.१४ करोड ९८ लाख विचाराधिन र रूजू हुन बाँकी रू.११ करोड ८८ लाख रहेको देखिन्छ भने रू.११ करोड २२ लाख अस्वीकृत भएको देखिन्छ।

बिमा प्रिमियमको रकम भुक्तानीमा ढिलाइँ हुदा बिमा कम्पनीहरूले नयाँ बिमालेख जारी नगर्ने, पहिले भएका बिमाहरूको दाबी भुक्तानीमा समेत ढिलाइँ गर्ने, बिमित कृषक तथा पशुपालकले समयमै क्षतिपूर्ति नपाउने, बिमाप्रति विश्वास घट्नेजस्ता अवस्था सिर्जना हुने देखिन्छ । सरकारले यस्तो समस्या समाधानका लागि बिमा अनुदान भुक्तानी प्रक्रियालाई सरलिकृत गर्ने, अनुदान भुक्तानीको लागि निश्चित समयसीमा निर्धारण गर्ने र डिजिटल प्रणालीमार्फत् अनुदान माग, प्रमाणीकरण तथा भुक्तानीको कार्यलाई छिटो, छरितो र पारदर्शी बनाउनुपर्दछ।

२५. **कृषि, पशुपन्छी तथा जडिबुटी बिमालेख-** कृषि, पशुपन्छी तथा जडिबुटी बिमा निर्देशिका, २०७९ को बुँदा ३(५) मा बिमा कम्पनीले वार्षिक रूपमा बिक्री गर्ने बिमालेख संख्यामध्ये कम्तीमा ५ प्रतिशत बिमालेख कृषि, पशुपन्छी तथा जडिबुटी बिमालेख हुनुपर्ने व्यवस्था छ। नेपाल बिमा प्राधिकरणले उपलब्ध गराएको विवरणअनुसार २०७९/८० र २०८०/८१ मा १४ वटा कृषि, पशुपन्छी तथा जडिबुटी बिमा गर्ने बिमा कम्पनीहरूको विवरण देहायबमोजिम रहेको छ।

| बिमा कम्पनीको नाम | २०८०/८१ | | | २०७९/८० | | |
|---|---|---|---|---|---|---|
| | वार्षिक बिमालेख संख्या | कृषि, पशुपन्छी तथा जडिबुटी बिमालेख संख्या | बिमालेख प्रतिशत | वार्षिक बिमालेख संख्या | कृषि, पशुपन्छी तथा जडिबुटी बिमालेख संख्या | बिमालेख प्रतिशत |
| नेपाल इन्सुरेन्स क.लि. | २०२३५१ | २००२ | ०.९९ | १८१३२९ | ३२१७ | १.७७ |
| दि ओरिएन्टल इन्सुरेन्स क.लि. | ४१३९७ | ७४७१ | १८.०५ | ४०२६५ | ५१०४ | १२.६८ |
| राष्ट्रिय बिमा कम्पनी लि. | २३०९३८ | ४५५६ | १.९७ | ५४९३३ | २८८३ | ५.२५ |
| नेशनल इन्सुरेन्स क.लि. | ३२८६६ | १३८१ | ४.२० | ३३९१० | २०१४ | ५.९४ |
| नेको इन्सुरेन्स लि. | २९७१८६ | ५३७९ | १.८१ | २७२३३८ | १०९६० | ४.०२ |
| प्रभु इन्सुरेन्स लि. | १२३८५१ | २८९१ | २.३३ | ११८६३० | २६१० | २.२० |
| शिखर इन्सुरेन्स क.लि. | ३१७१५७ | ५०६२६ | १५.९६ | २९८०६६ | ५०६७६ | १७.०० |
| एनएलजी इन्सुरेन्स क.लि. | १९०२७१ | २२५०९ | ११.८३ | २०१८१६ | २८३६६ | १४.०६ |
| हिमालयन एभरेष्ट इन्सुरेन्स लि. | २५०१२५ | ४०१५ | १.६१ | २६२६९८ | १०६०७ | ४.०४ |
| सानिमा जिआइसी इन्सुरेन्स लि. | १४५७३० | २९२६ | २.०१ | १७४१५२ | ३३८९ | १.९५ |
| सिद्धार्थ प्रिमियर इन्सुरेन्स लि. | २९९०४७ | २८४२ | ०.९५ | ३३८९५८ | ५६४२ | १.६६ |
| सगरमाथा लुम्बिनि इन्सुरेन्स लि. | २८६३६७ | १०८४० | ३.७९ | ३२९९९६ | १४१८४ | ४.३० |
| आइजीआइ प्रुडेन्सियल इन्सुरेन्स क.लि. | २३२५२३ | १५९९४ | ६.८८ | २४६६५२ | २७८३८ | ११.२९ |
| युनाइटेड अजोड इन्सुरेन्स लि. | २००१२५ | १६९१३ | ८.४५ | २४६५७२ | १६७२३ | ६.७८ |

माथिको तालिकाअनुसार कृषि, पशुपन्छी तथा जडिबुटी बिमा गर्ने १४ बिमा कम्पनीहरूमध्ये अधिकांश बिमा कम्पनीले निर्देशिकाबमोजिम वार्षिक रूपमा बिक्री गरेको बिमालेखको कम्तीमा ५ प्रतिशत कृषि, पशुपन्छी तथा जडिबुटी बिमालेख जारी गरेको देखिएन। अधिकांश कम्पनीको सहभागिता ०.९५देखि ४ प्रतिशतसम्म रहेको छ। सरकारले बिमामा प्रिमियमको अनुदानको रकम तिर्न बाँकी हुनु, कृषि बिमा बिक्री गर्ने अभिकर्ताको कमी, बिमा कम्पनीहरूको प्राथमिकता सहरमुखी बिमा उत्पादनमा सीमित हुनु तथा कृषि बिमामा अपेक्षित नाफा कम हुनेलगायतका विषय रहेका छन्। कृषि बिमा प्रणालीलाई दिगो, प्रभावकारी र जवाफदेही बनाउन कानुनमा व्यवस्था भएबमोजिम कम्तीमा ५ प्रतिशत कृषि तथा पशुपन्छी बिमा गराउन प्रभावकारी अनुगमन तथा नियमन गर्नुपर्दछ।

२६. **बिमा दाबी**- कृषि तथा पशुपन्छी बिमातर्फ बिमा प्रिमियम निर्धारण गर्ने र बिमा प्रिमियममा अनुदान उपलब्ध गराउने प्रक्रियामा नेपाल बिमा प्राधिकरण, कृषि तथा पशु सेवा विभाग, बाली तथा पशुधन बिमा कोष व्यवस्थापन समितिको संलग्नता रहेको भए तापनि बिमाङ्क रकम निर्धारण र बिमा दाबी भुक्तानीमा सरकारी निकायको संलग्नता रहेको छैन। यसले गर्दा क्षति मूल्याङ्कनमा पारदर्शिता कायम नहुन सक्ने, बिमा दाबी भुक्तानीमा ढिलाइलगायतका समस्याहरु देखिएका छन्। हाल कार्यान्वयनमा रहेको वास्तविक समययमा आधारित सफ्टवेयर प्रणालीमार्फत् बिमा दाबी भुक्तानी प्रक्रियाको अवस्थाबारे प्राधिकरण, सम्बन्धित विभाग तथा स्थानीय तहलाई समेत जानकारी हुने गरी कानुनी तथा नीतिगत व्यवस्था गर्नुपर्दछ।

२७. **बिमा दाबी भुक्तानी** -कृषि, पशुपन्छी तथा जडिबुटी बिमा निर्देशिका, २०७९ को बुँदा ३७(२) मा बिमादाबी सम्बन्धी जानकारी वा सूचना प्राप्त भएपछि बिमकले दाबी भुक्तानी प्रक्रिया पूरा गर्न बिमितलाई सहयोग गर्नुपर्ने, बुँदा ३७(३) मा बिमादाबी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि बिमितले क्षतिको जानकारी दिएको बढीमा ७ दिनभित्र क्षतिमूल्याङ्कनकर्ता खटाउनुपर्ने, बुँदा ३७(५) बिमा क्षति

मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको १५ दिनभित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बिमकसमक्ष पेस गर्नुपर्ने र बुँदा ३७(८) मा क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेस गरेको ३५ दिनभित्र बिमकले दायित्व यकिन ठहर गरी बिमितलाई दाबी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यस आधारमा बिमा दाबी जानकारी प्राप्त गरेको दिनदेखि अधिकतम ५७ दिनभित्र बिमकले बिमा दाबी भुक्तानी गरीसक्नुपर्ने व्यवस्था छ। नेपाल बिमा प्राधिकरणले बिमकको दाबी भुक्तानी मार्गदर्शन, २०७६ जारी गरी रू.५० हजार सम्मको दाबी रकमलाई न्युन्तम कागजात लिई तुरन्त दाबी भुक्तानी गर्न बिमकलाई निर्देशन दिएकोमा आर्थिक वर्ष २०८०।८१ को बिमा कम्पनीहरूको बिमा दाबी भुक्तानीको विवरण देहायबमोजिम रहेको छ।

| बिमा कम्पनीहरू | माग गरिएको बिमालेख संख्या | माग गरिएको रकम (रू.हजारमा) | भुक्तानी गरिएको बिमालेख संख्खा | भुक्तानी गरिएको रकम (रू.हजारमा) | भुक्तानी बाँकी बिमालेख संख्या | भुक्तानी बाँकी रकम (रू.हजारमा) |
|---|---|---|---|---|---|---|
| हिमालयन एभरेष्ट इन्सुरेन्स लि. | ११३७ | ७७६३० | १०२० | ५०१८७ | ४३४ | ४५८५७ |
| आईजीआई प्रुडेन्सियल इन्सुरेन्स लि. | ३७७५ | २१७५३१ | ३८४२ | १९६७२२ | १४५७ | ६५६२२ |
| नेशनल इन्सुरेन्स कम्पनी लि. | ३६१ | १४११६ | ३८० | १४५९८ | १५८ | ५२८५ |
| नेको इन्सुरेन्स लि. | २४९१ | १२४८२९ | २३६१ | ११४७६३ | ९६९ | ६३४५६ |
| नेपाल इन्सुरेन्स कम्पनी लि. | ४५७ | २३६२६ | ४६८ | १९८२१ | ५० | ९२१४ |
| एनएलजी इन्सुरेन्स कम्पनी लि. | ४६९६ | २४२०९४ | ४७९३ | २४३६३१ | ० - | ० |
| प्रभु इन्सुरेन्स लि. | १७६ | ३७०५ | ८० | १३०९ | २६ | ५९० |
| राष्ट्रिय बिमा कम्पनी लि. | ३३३ | १०२६९ | ५११ | १४६७९ | ४७१ | १४३९६ |
| सगरमाथा लुम्बिनि इन्सुरेन्स कम्पनी लि. | २५५६ | १०५६९५ | २७६९ | ११२६६४ | २६० | १४०९२ |
| सानिमा जिआइसी इन्सुरेन्स लि. | ५९३ | ६१६२५ | ७१० | २५२७० | ४३ | ५२७७ |
| शिखर इन्सुरेन्स कम्पनी लि. | ११८१९ | ५२८६४३ | ११४७८ | ४७७८९५ | ३४९ | १०८३६८ |
| सिद्धार्थ प्रिमियर इन्सुरेन्स लि. | ६३७ | २८७७८ | ८४१ | ३८७५३ | ४० | ४०४२ |
| द ओरिन्टल इन्सुरेन्स कम्पनी लि. | १९५३ | १६३५६२ | १८६० | १५६०५० | ९६ | १४४०५ |
| युनाइटेड अजोड इन्सुरेन्स लि. | १५८२ | ९८६३३ | २०१५ | ११७९९४ | ४७४ | २३५३० |
| **जम्मा** | **३२५६६** | **१७००७३४** | **३३१२८** | **१५८४३३५** | **४८२७** | **३७४१३३** |

*(स्रोत- नेपाल बिमा प्राधिकरण)*

माथिको तालिकाअनुसार आर्थिक वर्ष २०८०।८१ मा १४ बिमा कम्पनीमा ३२ हजार ५६६ कृषि तथा पशुपन्छी बिमालेखबाट रू.१ अर्ब ७० करोड ७ लाख बिमा दाबी भुक्तानी माग भएकोमा अघिल्लो वर्षको बिमादाबी भुक्तानीसमेत ३३ हजार १२८ बिमालेखको बिमा दाबीवापत रू.१अर्ब ५८ करोड ४३ लाख भुक्तानी गरी ४ हजार ८२७ बिमालेखको रू.३७ करोड ४१ लाख बिमा दाबीवापतको रकम भुक्तानी बाँकी रहेको छ। बिमितहरूले समयमै क्षतिपूर्ति नपाउँदा बिमा प्रणालीप्रति विश्वास कम हुँदै गएको तथा बिमाको निरन्तरतामा कमी आएको देखिन्छ। बिमकहरूले समयसीमा पालना गर्ने, बिमा प्राधिकरणले प्रभावकारी नियमन र अनुगमन गर्ने, डिजिटल प्रणालीमार्फत प्रक्रिया छिटोछरितो बनाउने एवं बिमितलाई भुक्तानी प्रक्रियाबारे पारदर्शिता कायम गर्न आवश्यक देखिन्छ।

२८. **बिमादाबी क्षतिपूर्ति मूल्याङ्कन -** कृषि, पशुपन्छी तथा जडिबुटी बिमा निर्देशिका, २०७९ को बुँदा ३७(५) मा बिमा क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको १५ दिनभित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बिमकसमक्ष पेस गर्नुपर्ने उल्लेख छ। बिमादाबी क्षतिपूर्ति मूल्याङ्कनमा ढिलाइ भएको सम्बन्धमा सोलुदुधकुण्ड नगरपालिकाबाट प्राप्त विवरणानुसार

२०७९।८० मा मकैबालीको बिमादाबी गरिएकोमा क्षति मूल्याङ्कनकर्ताले खटाएको मितिदेखि ९देखि ११ महिना अवधिमा क्षति मूल्याङ्कन गरेको प्रतिवेदन पेस भएको देखिन्छ। स्थानीय तहले रू.१० करोड ४ लाख बिमाङ्क रकमको बिमा भई बिमा प्रिमियमको २० प्रतिशत रकम रू.१० लाख र नेपाल सरकारले रू.४० लाख समेत रू.५० लाख प्रिमियम रकम भुक्तानी गरेको देखिन्छ।




*बिमकद्वारा खटाइएको क्षति मूल्याङ्कनकर्ताबाट पेस गरेको क्षति मूल्याङ्कन प्रतिवेदन*

स्थानीय तहको कृषि प्राविधिक, सर्जिमिन मुचुल्का, बिमाको प्राविधिक सहितले रू.८० लाख ९१ हजारको क्षति भएको सिफारिस गरेकोमा क्षति मूल्याङ्कनकर्ताले तोकिएको समयभन्दा ढिला प्रतिवेदन पेस गरी बिमा कम्पनीबाट रू.२ लाख ५५ हजार मात्र भुक्तानी भएको देखियो। यसरी सिफारिस गरिएको क्षतिको रकमभन्दा ९६.८५ प्रतिशतले कम क्षति मूल्याङ्कन गरी रकम भुक्तानी गर्नुको कारण पेस भएन। बीमित कृषकहरूको क्षतिपूर्ति प्राप्त गर्ने प्रक्रियामा ढिलाइ, क्षति मूल्याङ्कन प्रतिवेदनमा न्यून मूल्याङ्कन, क्षति मूल्याङ्कन प्रक्रियामा पारदर्शिता तथा विश्वसनीयताको अभावजस्ता समस्या देखिएको छ। क्षति मूल्याङ्कन प्रक्रियालाई छिटो र पारदर्शी बनाउँदै क्षतिपूर्ति भुक्तानी प्रक्रियालाई सरल बनाउने, बिमा मूल्याङ्कन तथा दाबी प्रणाली पूर्ण रूपमा डिजिटल बनाउँदै प्रतिवेदनको समयसीमा र प्रगतिको अनुगमन गर्ने ट्र्याकिङ संयन्त्र स्थापना गर्नुपर्दछ।

२९. **बिमा शुल्क तथा बिमादाबी-** नेपाल बिमा प्राधिकरणले उपलब्ध गराएको विवरणअनुसार २०७०।७१देखि २०८०।८१ सम्मको बिमालेख संख्या, बिमा शुल्क र बिमादाबी विवरण देहायबमोजिम रहेको छ।

| आर्थिक वर्ष | बिमालेख संख्या | बिमा शुल्कबापतको रकम (रू.लाखमा) | बिमा दाबी रकम भुक्तानी भएको (रू.लाखमा) | दाबी रकम बिमा शुल्कको तुलनामा प्रतिशतमा |
|---|---|---|---|---|
| ०७०/७१ | १७५९ | ३४० | ० | ०.०० |
| ०७१/७२ | ९१८१ | १६१० | ६१६ | ३८.२६ |
| ०७२/७३ | २७५५७ | २७८७ | १५९६ | ५७.२७ |
| ०७३/७४ | ७५२८८ | ४२५९ | २५५९ | ६०.०८ |
| ०७४/७५ | ६५९०८ | ५७४४ | ३१६३ | ५५.०७ |
| ०७५/७६ | ११६८५८ | १००४८ | ५६७८ | ५६.५१ |
| ०७६/७७ | १२९००१ | ११८१७ | ६२२० | ५२.६४ |

| | | | | |
|---|---|---|---|---|
| ०७७/७८ | १९३२४८ | १९३१२ | ६४९३ | ३३.६२ |
| ०७८/७९ | १८७९१५ | २०६२३ | ३२४८१ | १५७.५० |
| ०७९/८० | १८८९७७ | २३१४७ | १७१७५ | ७४.२० |
| ०८०/८१ | १५६,१२१ | २०२८५ | १५६९१ | ७७.३५ |
| **जम्मा** | **११५१८१३** | **११९६३२** | **९१६७२** | **७६.६३** |

माथिको तालिकाअनुसार २०७८।७९ बाहेक अन्य वर्षहरूमा बिमा शुल्क रकमको तुलनामा बिमा दाबीको रकम कम रहेको छ। सो वर्षमा बिमा शुल्क रू.२ अर्ब ६ करोड २३ लाखको तुलनामा बिमा दाबीको रकम रू.३ अर्ब २४ करोड ८१ लाख अर्थात बिमा शुल्कको तुलनामा १५७.५० प्रतिशत रहेको भए तापनि समग्रमा २०७०।७१देखि २०८०।८१ सम्ममा बिमा शुल्कको तुलनामा बिमादाबी भुक्तानीको रकम ७६.६३ प्रतिशत रहेको छ। त्यस्तै गरी बिमालेख संख्या २०७७/७८ मा उच्चतम १ लाख ९३ हजार २४८ पुगेपछि क्रमशः घट्दै २०८०/८१ मा १ लाख ५६ हजार १२१ मा झरेको छ। जसले कृषकहरूको बिमा कार्यक्रममा सहभागिता घट्दो क्रममा रहेको देखाएको छ। कृषकहरुको बिमा कार्यक्रममा सहभागिता उत्साहजनक नरहेको तथा घट्दो क्रममा समेत रहेकोले बिमा योजनाहरुको प्रचारप्रसार बढाएर कृषकहरुलाई बिमाको महत्वबारे जागरूक गराउने, बिमा दाबी प्रक्रियालाई सरल र सहज बनाउनुका साथै बिमा शुल्कमा पुनरावलोकन गरी वैज्ञानिक तथा कृषकहरुको पहुँचमा रहने गरी उचित मूल्य निर्धारण गर्नुपर्दछ।

३०. **बिमा कार्यक्रमको प्रभावकारिता-** कृषि तथा पशुपन्छी बिमातर्फ २०७०/७१देखि २०८०/८१ सम्मको १० वर्षमा रू.२५ खर्ब ९९ अर्ब ६२ करोड २० लाख बिमाङ्क रकमको बिमा भई रू.९२ अर्ब १८ करोड ३० लाख रकमको अनुदानबापत खर्च भए तापनि बिमा कार्यक्रमको प्रभावकारिता अपेक्षित रूपमा हासिल हुन सकेको देखिँदैन। कृषि तथ्याङ्क २०७९।०८० अनुसार पशुपन्छी तथा मत्स्यको विवरण देहायबमोजिम रहेको छ।

| आर्थिक वर्ष र वृद्धि प्रतिशत | गाई/भैँसी (रू.हजारमा) | भेडा (रू.हजारमा) | बाखा (रू.हजारमा) | बंगुर (रू.हजारमा) | पन्छी (रू.हजारमा) | मत्स्य (मेट्रिक टनमा) |
|---|---|---|---|---|---|---|
| २०७५/७६ | १२६९४ | ७९० | १२२८४ | १४८८ | ७५७०९ | ६२७२५ |
| वार्षिक वृद्धिदर प्रतिशतमा | ० | -१.३६ | ५.४६ | ३.६९ | ४.७९ | ७.३५ |
| २०७६/७७ | १२७१६ | ८०९ | १२८१२ | १५२० | ७३५९० | ६६९०६ |
| वार्षिक वृद्धिदर प्रतिशतमा | ०.१८ | २.३८ | ४.३ | २.१२ | -२.८ | ६.६७ |
| २०७७/७८ | १२६२७ | ७९४ | १३४४३ | १५८९ | ७३४१८ | ७३६९३ |
| वार्षिक वृद्धिदर प्रतिशतमा | -०.७१ | -१.८५ | ४.९२ | ४.५३ | -०.२३ | १०.१४ |
| २०७८/७७ | १२५४६ | ७७१ | १३९९१ | १५०५ | ६६८०३ | ७७३२० |
| वार्षिक वृद्धिदर प्रतिशतमा | -०.६४ | -२.८४ | ४.०८ | -५.३ | -९.०१ | ४.९२ |
| २०७९/८० | ७८३२ | ५०२ | १४५४१ | १३५८ | ६५२०५ | ८२१६१ |
| वार्षिक वृद्धिदर प्रतिशतमा | -३७.५८ | -३४.९३ | ३.९४ | -९.७८ | -२.३९ | ६.२६ |

राष्ट्रिय कृषिगणना २०७८ अनुसार ४१ लाख ३१ हजार कृषक परिवारमध्ये ४.४ प्रतिशतले कृषि तथा पशुपन्छी बिमा गरेको तथा २०७५।७६देखि २०७९/८० को पशुपन्छी तथा मत्स्य बिमाको संख्या र वार्षिक वृद्धिअनुसार २०७८।७९ को तुलनामा २०७९/८० मा मत्स्य र बाखातर्फको संख्यामा

क्रमश- ६.२६ र ३.९४ प्रतिशत ले वृद्धि भएको देखिए तापनि गाई/भैंसी, भेडा, बंगुर र पन्छीको संख्यामा क्रमश ३७.५८, ३४.९३, ९.७८ र २.३९ प्रतिशतले ह्रास आएको देखिन्छ। विगतका वर्षहरूमा कृषि तथा पशुपन्छीको संख्यामा वृद्धि नदेखिनु, बिमित कृषि तथा पशुपन्छीको संख्यामा समेत गिरावट आउनु वा उल्लेखनीय वृद्धि नहुनुलगायतका समस्या रहेकाले कार्यक्रमको न्यून प्रभावकारिता दर्शाएको छ। नेपालमा बिमा कार्यक्रमको प्रभावकारिता बढाउन बिमा प्रक्रियालाई सरल, प्रविधिमैत्री, तथा पारदर्शी बनाउनुपर्ने, स्थानीय तहलाई सक्रिय रूपमा संलग्न गराई कृषकहरूको पहुँच बढाउने, बिमा कम्पनीहरूलाई ग्रामीण क्षेत्रमा सेवा विस्तार गर्न प्रोत्साहित गर्ने, बिमा दाबी भुक्तानी प्रक्रियालाई सरल र चुस्त बनाउनुपर्दछ।

३१. **जनशक्ति व्यवस्थापन-** बिमा प्रिमियम अनुदान रकम उपलब्ध गराउने प्रक्रिया र तह लामो रहेकोमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र कृषि विभागमा कृषि बिमा कार्यक्रम हेर्नको लागि सांगठनिक संरचनामा जिम्मेवारी तोकिएको शाखा र जनशक्तिको व्यवस्था नरहे पनि विभागमा कृषि बिमा कार्यक्रम हेर्न १ वरिष्ठ कृषि प्रसार अधिकृत (रा.प.द्वि.प्रा), १ कृषि अर्थविज्ञ (रा.प.तृ.प्रा) लाई तोकिएको छ। त्यस्तै गरी पशु सेवा विभागमा पशुपन्छी बिमा कार्यक्रम हेर्नको लागि जिम्मेवारी तोकिएको शाखा र जनशक्तिको व्यवस्था नरहे तापनि पशुपन्छी आनुवांशिक स्रोत तथा आर्थिक विश्लेषण महाशाखा र योजना तथा अनुगमन शाखामा उपलब्ध जनशक्तिलाई थप जिम्मेवारी दिई कार्य गर्ने गरिएको र नेपाल बिमा प्राधिकरणमा कृषि, पशु तथा जडिबुटी बिमा हेर्ने ६ जनशक्ति रहेकोले कृषि, पशु तथा जडिबुटी बिमासम्बन्धी बिवरणहरू रूजु गर्न, आवश्यक अनुगमन गर्न र विचाराधीन रहेका बिमालेखहरूको अनुगमन गर्न समय लाग्ने कारणले भुक्तानीको प्रक्रिया लामो हुन गई समयमा भुक्तानी हुन नसक्ने अवस्था देखिएको छ। बिमा भुक्तानी प्रक्रियालाई घटाई पर्याप्त, दक्ष र चुस्त जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

३२. **विचाराधीन बिमा अनुदान विवरण-** पशु सेवा विभागले उपलब्ध गराएको विवरणअनुसार नेपाल बिमा प्राधिकरणबाट सिफारिस भई आएको २०७९/८०देखि २०८० मंसिर सम्मको पशुपन्छी बिमातर्फ बिमा प्राधिकरणबाट फिल्ड भेरिफिकेसन आवश्यक विचारधीन रकम रू.८करोड ३५ लाख, प्राधिकरणले रुजु गरी निर्णय लिनुपर्ने विचाराधीन रकम रू.२ करोड ६७ लाख र बिमा कोष व्यवस्थापन समितिले निर्णय गर्नुपर्ने विचारधीन रकम रू.१ करोड ५४ लाख गरी रू.१२ करोड ५८ लाख विचारधीन रकम रहेको छ। पशु सेवा विभागकाअनुसार धेरै पुरानो अवधिको छुट बिमालेख भनी नेपाल बिमा प्राधिकरणबाट अनुदान वापत् को रकम माग हुने गरेको र एक को हिसाब मिलान भिडान गरिसकेपछि यसरी माग गर्दा बिमालेख दोहोरो परे/नपरेको यकिन गर्न नसकिएको, पुरानो मितिको पुल डाटा भन्ने तथ्याङ्क समावेश गरी प्रिमियममा अनुदान माग भएकोमा पुल बिमा गर्ने कानुनी र नीतिगत आधार र निर्णयहरू उल्लेख गरेको छैन। सुतुर्मुर्गको बिमाशुल्क अनुदानको माग हुने गरेपनि अनुदान दिने नीतिगत निर्णय नपाईएको, देश भित्रको विभिन्न स्थानबाट ठूला आकारका फार्महरू वा धेरै पशु संख्या भएका फार्महरूबाट प्रिमियममा अनुदान माग हुने गरेको तर यि फार्महरू सञ्चालन अवस्था बारे समन्वय नगरी बिमालेखहरू विचाराधीन राखेको देखियो। विचाराधीन रकमका सम्बन्धमा प्राधिकरणले फिल्ड भेरिफिकेसन र बिमालेख रूजु गर्ने कार्यको लागि छुट्टै टोली गठन गरी तोकिएको समयसीमा भित्र अनुगमन प्रतिवेदन तयार पार्ने, पुल बिमा र अष्ट्रिच बिमा सम्बन्धी स्पष्ट नीतिगत र कानुनी मापदण्ड तयार गरी बिमा समितिबाट अनुमोदन गर्ने, अनुदान माग गर्ने फार्महरूको वैधता प्रमाणीकरणका लागि बिमा कम्पनीले बिमा पश्चात्

प्रदेशको जिल्ला स्थित कृषि तथा पशुपन्छी हेर्ने कार्यालयहरूबाट सिफारिस लिनुपर्ने प्रावधानको प्रभावकारी कार्यान्वयन गरी विचाराधीन बिमा रकमको टुङ्गो लगाउनुपर्दछ।

३३. **बिमा क्षेत्रमा नैतिक जोखिम-** नेपालमा कृषि तथा पशुपन्छी बिमातर्फ बिमक र बिमित दुवैबाट नैतिक जोखिम देखिएको छ, जसलाई निम्नानुसार उल्लेख गरिएको छ।

- कृषकतर्फ देखिएका नैतिक जोखिमहरुमा वास्तविकभन्दा बढी क्षेत्रफल, पशु संख्या वा क्षतिको विवरण पेस गर्ने, बिमा प्रस्ताव फाराममा गलत वा अपूरो सूचना दिने, बिमा गरेको वस्तुलाई उचित स्याहार सम्भार नगरी लापरवाही गर्ने जस्ता प्रवृत्तिहरू देखिएका छन।

- बीमकतर्फ देखिएका नैतिक जोखिमहरुमा बिमा कम्पनीहरुले बिमा दाबी प्रक्रियामा ढिलाइ गर्ने, बाली बिमाको तुलनामा पशुबिमालाई प्राथमिकता दिएको बेहोरा लेखापरीक्षणका क्रममा स्थलगत भ्रमण गरिएकोमा किसानहरुले जनाएका थिए। उदाहरणको रूपमा बिमा कम्पनीहरूलाई दुहुनो गाई वा भैंसीको बिमा गर्दा प्रिमियम रकम उच्च हुने तथा बिमा मूल्याङ्कन गर्न पनि सजिलो हुने हुनाले पशुबिमामा जोड दिएको देखियो। यसको तुलनामा बाली बिमा कम आकर्षक रहेको, बालीको मूल्याङ्कन कम हुने मात्र होइन, क्षतिको अनुमान गर्नका लागि पनि झन्झटिलो प्रक्रिया रहेको छ। सामान्यतया बिमा अभिकर्ताहरू कृषि तथा पशु प्राविधिक रहेको अवस्थामा प्रिमियमको १० प्रतिशत कमिसनका साथै अन्य थप आम्दानीको अवसर जस्तैः बिमाको दायराभन्दा बाहिर रहेका प्राविधिक सेवाहरू प्रदान गरेर अतिरिक्त आर्जन गर्ने हुनाले पनि कृषि क्षेत्रको तुलनामा पशुबिमा गर्न प्राथमिकता दिएको देखियो।

- बाली तथा पशुधन बिमा कोष व्यवस्थापन समितिको बैठक नं. ४०/२०८१।११।१३ अनुसार नेपाल बिमा प्राधिकरणको २०८१।११।१२ को पत्रले कृषि बिमातर्फ मौसम सूचाङ्कमा आधारित बिमा अन्तरगत जारी भएको स्याउ खेती बिमा गर्दा बिमा कम्पनीबाट मौसम सूचाङ्क बिमालेख जारी गर्दा प्रस्ताव फाराममा बढी बोट संख्या कायम गरी बिमा अनुदानको दुरुपयोग गरेको भनि उजुरी परेकोले निज बिमा कम्पनीलाई भुक्तानी बाँकी रहेको बिमाअनुदानको रकम रु.५ करोड ८० लाख विचाराधीन राखेको देखियो।

- पशुसेवा विभागको २०७८।७९ को वित्तीय लेखापरीक्षण प्रतिवेदनअनुसार बिमा प्रिमियम अनुदानमा रु.१ करोड ४९ लाख १३ हजार बढी निकासा गरेकोले रु.१ करोड ४९ लाख १३ हजार ४५८ असुल उपर बेरुजु औंल्याइएकोमा २०७९।८० को वित्तीय लेखापरीक्षण प्रतिवेदनअनुसार उक्त रकम बेरुजु खातामा दाखिला गरेको देखियो।

- महालेखापरीक्षकको ६१औं वार्षिक प्रतिवेदनअनुसार कृषि विभागमा बिमा कम्पनीहरूले २०७९/८० मा रू.४ अर्ब १८ करोड ४९ लाख बिमाङ्कअनुसारको बाली बिमा अनुदान माग गरेकोमा विभागले बिमा कम्पनीहरूबाट पेस भएका विवरण रुजु गरी रू.३ अर्ब ४७ करोड २७ लाख बिमाङ्क कायम गरी भुक्तानी गरेको छ।

बिमा क्षेत्रमा नैतिक जोखिम न्यूनीकरण गर्न नीतिगत सुधार गरी बाली र पशु बिमामा समान प्राथमिकता दिनुपर्ने, किसानहरूलाई बिमा प्रक्रिया र क्षति मूल्याङ्कन विधिबारे सचेत गराउनुपर्ने, बिमा कम्पनीहरूबाट अनियमित रूपमा बढी रकम दाबी गर्न नदिन स्वचालित डाटा क्रस-भेरिफिकेसन प्रणालीको विकास गर्ने, झुटो बिमा विवरण पेस गर्ने बिमक तथा बिमितलाई कानुनी कारबाही गर्ने, बाली

तथा पशुधन बिमा कोष व्यवस्थापन समिति, कृषि तथा पशुसेवा विभाग, बिमा प्राधिकरण र स्थानीय तहबिच समन्वयात्मक कार्ययोजना तयार गरी लागु गर्नुपर्दछ।

३४. **सफ्टवेयरसम्बन्धी व्यवस्था-** बाली तथा पशुधन बिमा प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ को बुँदा नं. ७ मा कृषि तथा पशुबिमालाई पारदर्शी, व्यवस्थित र प्रभावकारी र वैज्ञानिक बनाउन बिमा सम्बन्धी वास्तविक समय (रियल टाइम) मा आधारित सफ्टवेयर प्रयोगमा ल्याइने उल्लेख छ। बाली तथा पशुधन बिमा कार्यक्रमलाई पारदर्शी, व्यवस्थित, प्रभावकारी र वैज्ञानिक बनाउन बिमा सम्बन्धी वास्तविक समयमा आधारित सफ्टवेयर सञ्चालन गरिएकोमा सोर्सकोड र डाटाबेसमाथि स्पष्ट स्वामित्व नभएको, प्रणाली अद्यावधिक तथा मर्मतका लागि सेवाप्रदायकमा अत्याधिक निर्भरता, आन्तरिक प्राविधिक जनशक्तिको अभाव र सफ्टवेयर पाइलट परीक्षणमा सीमित रहेकोले प्रणालीको स्केलेबिलिटी, प्रयोगकर्तामैत्री र व्यापकता परीक्षण पूरा भएको देखिएन। ग्रामीण क्षेत्रहरूमा इन्टरनेटको पहुँच र डिजिटल साक्षरताको कमीले गर्दा सफ्टवेयर प्रयोग गर्न किसानहरूलाई कठिनाइ हुने देखिन्छ। बिमा प्राधिकरणले उक्त रियल टाइम सफ्टवेयरको सोर्सकोड, डाटाबेसमाथि प्राधिकरणको पूर्ण स्वामित्व रहने र आवश्यकतानुसार परिमार्जन गर्न सकिने व्यवस्था लागु गर्दै अघिल्ला वर्षहरूमा जारी बिमालेख तथा बिमादाबीको विवरणसमेत सफ्टवेयरमा अद्यावधिक गर्दै लैजाने एवं ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच र डिजिटल साक्षरता बढाउदै पर्याप्त र दक्ष प्राविधिक जनशक्तिको व्यवस्थापन तथा नियमित तालिम र क्षमता विकासका कार्यक्रम सञ्चालन गरी सफ्टवेयरमार्फत प्रभावकारी रुपमा बिमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

३५. **अनुदानको दोहोरोपना-** नेपालमा कृषि तथा पशु बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन नेपाल सरकारले बिमा प्रिमियममा ८० प्रतिशत अनुदान प्रदान गरिरहेको भए पनि कतिपय स्थानीय तहहरूले बाँकी २० प्रतिशत प्रिमियममा समेत ५० प्रतिशत वा शत प्रतिशत अनुदान दिने गरेको देखिएको छ। नेपाल सरकारले यस विषयलाई व्यवस्थापन गर्न बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ को बुँदा ५(द) मा प्रदेश तथा स्थानीय तहहरूले बिमा प्रिमियममा थप अनुदान दिन नपाउने उल्लेख गरेको छ। स्थानीय तहबाट दोहोरो अनुदान वितरण सम्बन्धमा देहायका स्थानीय तहहरूले कृषि तथा पशुबिमा प्रिमियममा देहायानुसार थप अनुदान उपलब्ध गराएको उल्लेख गरेका छन।

(रु. हजारमा)

| स्थानीय तह | बिमा गरिएको | बिमा कार्यक्रम मार्फत लाभान्वित | बिमा गरिएको कृषि उपज/पशुधन | बिमाङ्क रकम | बिमा शुल्क | बिमा अनुदान प्रतिशत | स्थानीय तहले उपलब्ध गराएको अनुदान |
|---|---|---|---|---|---|---|---|
| बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक | ०८०।८१ | २२५० कृषकको ७९३० पशुधन | बाखा, गाई, भैंसी बंगुर | ४२६१२६५ | ५२० | १०० | ४३३७८ |
| सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु | २०७९/८० | ३६०० कृषक २१६०० रोपनी | मकैबाली | १००५७२ | ५०२९ | १०० | १०,०६ |
| सुर्योदय नगरपालिका, इलाम | २०८०/८१ | २०३ पशुधन | पशुधन | ६५,९० | १८० | ५० | ९१ |
| नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक | २०७९/८० | - | पशुधन | १०६१७९ | ५३०९ | ५० | ५३१ |
| | २०८०/८१ | १०६४ पशुधन | गाई, भैंसी, बाखा | ९९८३५ | ४९९२ | ५० | ४९९ |
| | २०८१/८२ | ११०६ पशुधन | गाई, भैसीं, बाखा | ७५२९५ | ३८५९ | ५० | ४२८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बिगु गाउँपालिका, दोलखा | २०८०/८१ | १३७ | गाई, भैंसी, चौरी, बाखा | ३,४८,७० | १७,४३ | ५० | १७४ |
| रूण्टीगढी गाउँपालिका, रोल्पा | २०८१।८२ | २६ | पशुधन | ४५१८ | २२६ | १०० | ४५ |
| वाणगंगा नगरपालिका, कपिलवस्तु | २०७८।७९ | ३ | तरकारी | १६९५ | २४०६ | ५० | १२ |
| | २०७९/८० | ९४ | पशुधन | ८०३७ | २९१ | ५० | १४५ |
| | २०८०/८१ | ९० | पशुधन | २०८०६ | ३७० | ५० | १८५ |
| पनौती नगरपालिका, काभ्रेपलाञ्चोक | ०७८।७९ | १४६ | गाई, भैंसी | ६९६० | १३९२ | ५० | ६९६ |
| | ०७९।८० | ३७९ | गाई, भैंसी | २१८८० | ४३७६ | ५० | २१८८ |
| | ०८०।८१ | ३२० | गाई, भैंसी | २०४३०० | ४०८६ | ५० | २०४३ |
| हल्दीबारी गाउँपालिका, झापा | २०७७।७८ | ९१ कृषकको ३२० पशुधन | बाखा, गाई, बंगुर | १०७८२ | ५३९ | १०० | १०७९ |
| | २०७८।७९ | ८९ कृषकको ३१६ पशुधन | बाखा, गाई, भैंसी बंगुर | २५१५१ | १२५८ | ५० | १२६ |
| | २०७९/८० | १०६ कृषकको ७२० पशुधन | बाखा, गाई, भैंसीबंगुर | ११४८५ | ५७४ | १०० | ११५ |
| | २०८०/८१ | ३९५ कृषकको ८८१ पशुधन | बाखा, गाई, भैंसी बंगुर | ४०६१० | २०३० | १०० | ४०६ |
| | २०८१।८२ | ५७ कृषकको २१७ पशुधन | बाखा, गाई, भैंसी बंगुर | ७६७३ | ३८४ | १०० | ७७ |
| इच्छाकामना गाँउपालिका,चितवन | २०७९।८० | १२७ पशुधन | बाखा | १०८ | २२ | १०० | ११ |
| भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक | २०८०/८१ | १३३१ पशुधन | गाई, भैंसी, चौरीगाई, याक र बाखा | - | ४५८ | १०० | ४५८ |
| सत्यवती गाउँपालिका गुल्मी | २०८०/८१ | ५३८ कृषकको ९३२ पशुधन | बाखा, गाई, भैंसी बंगुर | १८४१६ | ३६८ | ५० | १८४ |
| पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक | २०७८।७९ | २८५ | पशुधन | ४८०३२ | २४२८७०० | ५० | २७१ |
| | २०७९/८० | ३०९ | पशुधन | ४९३९१ | २४७० | ५० | २४७ |
| | २०८०/८१ | ७५ | पशुधन | ९०१७ | ४५१ | ५० | ४५ |
| बेसीशहर नगरपालिका, लमजुङ | २०७९/८० | ३०३ | पशुधन | ७४९५७ | ३७४८ | १०० | ७५० |
| | २०८०/८१ | २८४ | पशुधन | ६३२३६ | ३१६२ | १०० | ६३२ |
| | २०८१।८२ | १०४ | पशुधन | २०६१० | १०३० | १०० | २०६ |
| ज्वालामुखी गाउँपालिका, धादिङ | ०७९।८० | ६४६ | पशुपन्छी | ५१४७ | ६१४ | ५० | ३१२ |
| | ०८०।८१ | ८५९ | पशुपन्छी | ७५४९६ | १०८३ | ५० | ६४१ |

माथिको तालिकाअनुसार कतिपय स्थानीय तहले कृषि तथा पशु बिमाको प्रिमियम अनुदान बापत रु. ११ हजारदेखि रु. ४ करोड ३३ लाख ७८ हजारसम्म थप रकम उपलब्ध गराएको देखिएको छ । सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुले कृषि बिमामा र अन्य स्थानीय तहहरूले पशुबिमा प्रिमियममा अनुदान उपलब्ध गराएको देखियो। केही स्थानीय तहले बिमा कार्यक्रमलाई यस आर्थिक वर्षदेखि स्थगित गरेकोमा केहीले हाल पनि निरन्तरता दिएको देखिन्छ। एकीकृत डाटाबेसको अभाव, स्थानीय तह र केन्द्र सरकारबिच समन्वयको अभाव आदिका कारण कतिपय स्थानीय तहहरूले आफ्नै निर्णयअनुसार बिमा प्रोत्साहनका लागि थप अनुदान दिने नीति अपनाएको पाइयो। अनुदानको दोहोरोपना नहुने गरी कार्यक्रमको कार्यान्वयन हुनुपर्दछ।

३६. **बिमा कार्यक्रममा कृषकको निरन्तरता-** बिमा कार्यक्रममा किसानहरूको निरन्तर सहभागिता सुनिश्चित गर्नु बिमा कार्यक्रमको प्रभावकारिता र दिगोपनका लागि अत्यन्तै आवश्यक छ। तर हालको अवस्था हेर्दा

अधिकांश किसानहरूले एकपटक बिमा गरेपछि नवीकरण नगर्ने वा निरन्तरता नदिने प्रवृत्ति देखिन्छ। लेखापरीक्षणका क्रममा कोशी तथा मधेश प्रदेशका केही जिल्लाहरुमा स्थलगत अवलोकन गरी कृषकहरुसंग छलफल गर्दा अधिकांश कृषकहरुले बिमा नवीकरण नगरेको जनाएका छन्। किसानहरुले बिमा दाबीको रकम नपाएको, क्षति मूल्यांकनमा पारदर्शिता र निष्पक्षताको अभाव लगायतका कारण बिमा कार्यक्रममा निरन्तरता नदिएको जनाएका थिए। बिमा कार्यक्रममा देखिएका यस्ता कमी, कमजोरिले बिमाप्रति नकारात्मक धारणा बन्ने तथा सरकारको अनुदान प्रभावहीन बन्न सक्ने हुनाले बिमा कार्यक्रममा कृषकको सक्रिय सहभागिताका लागि किसानमैत्री बिमा नीति निर्माण, दाबी प्रक्रियामा सरलीकरण तथा कानुनी समयसीमा निर्धारण, वास्तविक समयमा आधारित सफ्टवेयरमार्फत बिमा दाबी प्रक्रिया ट्र्याकिङ, सीमान्तकृत किसानलाई उच्च अनुदान, बिमा साक्षरताको विस्तार, बिमा कम्पनी, स्थानीय तह र कृषि निकायबिचको समन्वय सुदृढीकरण र बिमा नवीकरणमा बिमा प्रिमियममा प्रोत्साहनलगायतका व्यवस्थाहरु अबलम्बन गर्नुपर्दछ।

३७. **मौसममा आधारित बाली बिमा**- नेपालमा हाल प्रचलनमा रहेको बाली बिमाले बाली लगाउँदादेखि काट्दासम्मको लागत मूल्यको मात्र बिमा हुन्छ। बिमामा हुने जोखिमहरू जस्तैः आगलागी, चट्याङ, दुर्घटना, भुकम्प, बाढी, डुबान, खडेरी, पहिरो, आँधिबेरी, असिना, हिउँ, तुषारो, किरा तथा रोगबाट हुने क्षति आदि समावेश हुन्छन। बालीलाई क्षति गर्ने प्राय सम्पूर्ण जोखिमहरू समावेश भए पनि लागतमा आधारित बिमा अन्तर्गत क्षतिपूर्ति भने लागत मूल्यमा मात्र हुने हुँदा कृषकहरूले उत्पादनअनुसार बास्तविक क्षतिपूर्ति पाँउदैनन्। मौसम सूचकाङ्कमा आधारित बाली बिमामा मौसममा आधारित जोखिमहरूलाई समावेश गरी बालीको उत्पादनको मूल्यको बिमा हुन्छ। यसमा कुनै खास बालीलाई त्यसको लागि चाहिने मौसमी अवस्थाहरू एक निश्चित सीमाभन्दा बढी वा घटी भएमा दाबी दिने गरिन्छ। नेपाल बिमा प्राधिकरणले उपलब्ध गराएको विवरणअनुसार २०८०/८१ मा मौसम सूचाङ्कमा आधारित बिमा अन्तरगत डोल्पा, जुम्ला, कालिकोट र मुगु जिल्लामा मात्रै स्याउमा ७५५६ बिमालेख जारी भई रू.४ अर्ब ७५ करोड १० लाख रकमको बिमा भई बिमा अनुदानको रकम रू.२५ करोड १९ लाख कायम भएको देखियो। आर्थिक वर्ष २०८०/८१ मा कृषि क्षेत्रको बिमाङ्क रकममध्ये मौसममा आधारित बिमा अन्तरगत स्याउमा मात्रै ७२ प्रतिशत बिमा हुनुले यो क्षेत्रमा सम्भावना बढाएको देखियो। मौसम सूचाङ्कमा आधारित बिमालाई थप फलफुल, बालीहरू तथा तरकारीलगायतका कृषि उपजमा विस्तार गर्नुका साथै सञ्चालनमा रहेका कृषि तथा पशु बिमा गर्ने बिमा कम्पनीहरूमा मौसम सूचाङ्कमा आधारित बिमा कार्यक्रम सञ्चालन गर्नु गराउनुपर्दछ।

३८. **बिमा दाबी उजुरी**- कृषि, पशुपन्छी तथा जडिबुटी बिमा निर्देशिका,२०७९ को बुँदा नं. ३७(१०) मा बिमा कम्पनीले दाबी दिन अस्वीकार वा दाबी भुक्तानी नदिएमा वा मर्का पर्ने गरी दाबीबापतको दायित्व निर्धारण गरेमा बिमा समितिमा उजुरी गर्न सकिने उल्लेख छ। नेपाल बिमा प्राधिकरणले २०७६/७७देखि २०८०/८१ सम्मको बिमादाबी सम्बन्धी उजुरी विवरण देहायबमोजिम रहेको छ ।

| आर्थिक वर्ष | उजुरीको संख्या | फछ्र्यौट संख्या | उजुरीको संक्षिप्त विवरण |
|---|---|---|---|
| २०८०/८१ | ७ | ७ | पेस नभएको |
| २०७९/८० | १० | १० | |
| २०७८।७९ | १५ | १५ | |
| २०७७।७८ | ७ | ७ | |
| २०७६।७७ | नभएको | नभएको | |

कृषि, पशुपन्छी तथा जडिबुटी बिमासम्बन्धी ३९ वटा उजुरी परेकोमा ती सबैको फछ्र्यौट गरेको तथ्याङ्कले उजुरी व्यवस्थापनमा प्राधिकरणको सक्रियता र तत्परता देखाउँछ। तर उजुरीको संक्षिप्त विवरण प्राधिकरणले पेस नगरेकोले ती सबै उजुरीहरू बिमा दाबीसँग मात्र सम्बन्धित थिए वा कृषि तथा पशुबिमा सम्बन्धी अन्य प्रक्रियाहरूसँग पनि सम्बन्धित थिए भन्ने सम्बन्धमा यकिन हुन सकेन । बिमा प्राधिकरणले प्राप्त उजुरीहरूको समयमा फछ्र्यौट गरी प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

३९. **अनुगमन तथा मूल्याङकन-** कृषि, पशुपन्छी तथा जडिबुटी बिमा निर्देशिका, २०७९ को बुँदा नं. ४९ मा बिमकले गरेको कृषि, पशुपन्छी तथा जडीबुटी बिमा व्यवसाय सम्बन्धमा समितिले आवश्यकताअनुसार अनुगमन गरी बिमकले बिक्री गरेको कृषि, पशुपन्छी तथा जडीबुटी बिमालेख सम्बन्धमा बिमितको समय समयमा अनुगमन गरी सोको अभिलेख राख्नुपर्ने उल्लेख छ। कृषि तथा पशुसेवा विभाग र नेपाल बिमा प्राधिकरणले दिएको अनुगमन विवरणअनुसार कृषि बिमाको बारेमा प्रचार प्रसारको कमी रहेको, वन्य जन्तुले गरेको हानि नोक्सानीको पनि बिमाले क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने माग, दाबी भुक्तानीमा यदाकदा समस्या रहेको, पशु बिमा प्रदायक संस्थाहरूमा पशु चिकित्सक नहुँदा बेलाबेलामा पशु जाँच तथा पोष्टमोर्टम गर्न असहज भएको, बिमा लक्षित वर्गमा नपुगेको, बैकिङ्ग प्रयोजन बाहेक ठूला फार्ममा बिमा गरेको नपाइएकोलगायतका बेहोराहरु देखियो ।

साथै अनुगमन विवरणअनुसार कृषक तथा पालिकासँग समन्वय गरी कृषि बिमा बारे केही अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरिँदै आएको, दाबीका लागि आवश्यक कागजातहरू सुरक्षित राख्न आग्रह गरिएको, दाबी भुक्तानीमा देखिएको समस्या समाधानका लागि औपचारिक/अनौपचारिक सहजीकरण गरिएको, सबै बालीको लागि बिमाङ्क रकम यकिन गर्न प्रयास गरिएको, Digitalization का लागि पहल गरिएको बिमा प्रिमियम अनुदानको समग्र कार्यक्रमको प्रभावकारिताका लागि स्थानीय तहमार्फत कार्यक्रम कार्यान्वयन गर्नेलगायतका सुझाव दिइएको देखियो।

अनुगमनमा देखिएका समस्याहरूको समयमै समाधान नभएको र बिमा प्राधिकरणबाट सिफारिस भई आएको कृषि तथा पशुपन्छी बिमाको २०८० फागुन सम्मको विचाराधीन रकम रू.१२ करोड ११ लाख ६५ हजार हालसम्म पनि भुक्तानी भएको नदेखिएकोले बिमा प्राधिकरणलगायत कृषि तथा पशुसेवा विभागले बिमासम्बन्धी सम्पादित कार्यको प्रभावकारी अनुगमन गरी प्राप्त सुझावको कार्यान्वयन गर्नुपर्दछ।

४०. **अनुदान प्रक्रिया-** बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ को बुँदा नं. ५ मा कृषकले बिमा कम्पनीमा बिमाका लागि निवेदन दिनु पर्ने, प्राप्त निवेदनको आधारमा बिमा कम्पनीले नेपाल सरकारबाट उपलब्ध हुने अनुदान बाहेकको प्रिमियम लिई बिमालेख जारी गर्ने, बिमा कम्पनीले नेपाल सरकारले व्यहोर्ने रकम भुक्तानीका लागि बिमालेखको प्रतिलिपि र प्रदेशको कृषि, मत्स्य तथा पशुपन्छी क्षेत्र हेर्ने जिल्लास्थित कार्यालयको सिफारिस पत्र बिमा गरेको तीस दिनभित्र नेपाल बिमा प्राधिकरणमा पेस गर्नु पर्ने, बिमा प्राधिकरणले पेस हुन आएका कागजातहरू रुजु गरी पशुपन्छी बिमा तर्फको प्रिमियम अनुदानको लागि पशु सेवा विभाग र वाली बिमा तर्फको प्रिमियम अनुदानको लागि कृषि विभागमा निकासाको लागि सिफारिस सहित पेस गर्नु पर्ने, उक्त विभागहरूले पुनः रुजु गरी अनुदान निकासा सहमतिको लागि समितिमा सिफारिस सहित पेस गर्नु पर्ने, प्राप्त सिफारिसका आधारमा समितिले अध्ययन गरी नेपाल सरकारले व्यहोर्ने रकम विभागको स्वीकृत कार्यक्रमबाट नेपाल बिमा प्राधिकरणलाई निकासा गर्न सम्बन्धित विभागलाई सहमति प्रदान गर्ने, सम्बन्धित विभागले समितिबाट

प्राप्त सहमति बमोजिमको रकम नेपाल बिमा प्राधिकरणलाई निकासा गर्नु पर्ने र सम्बन्धित बिमा कम्पनीलाई भुक्तानी दिनुपर्ने रकम यकिन गरी नेपाल बिमा प्राधिकरणले रकम भुक्तानी दिनुपर्ने उल्लेख छ।

नेपालको संविधान अनुसार बिमा नीति सम्बन्धी अधिकार संघको एवं बिमा व्यवसाय सञ्चालन र व्यवस्थापन संघ र प्रदेशको साझा अधिकार सूचीमा रहेको छ। नेपाल सरकारको कार्यविस्तृतीकरण प्रतिवेदनअनुसार कृषि तथा पशुपन्छी बिमा सम्बन्धी सहजीकरण स्थानीय तहको अधिकार सूचीमा रहेको छ। हाल बिमा प्रिमियममा अनुदान प्रदान गर्दा कृषक, बिमाकम्पनी, जिल्लास्थित प्रदेशको कृषि, मत्स्य तथा पशुपन्छी क्षेत्र हेर्ने कार्यालय, बिमा प्राधिकरण, कृषि/पशु सेवा विभाग, बाली तथा पशुधन बिमा कोष व्यवस्थापन समिति, कृषि/पशु सेवा विभाग, बिमा प्राधिकरण, बिमा कम्पनीलाई बिमा प्रिमियमको अनुदान रकम भुक्तानी हुने प्रावधान रहेको छ। हालको अनुदान रकम भुक्तानी प्रक्रियामा पुनरावलोकन गरी प्रक्रिया छोटयाउदै प्रदेश तथा स्थानीयतहलाई बिमा कार्यक्रम कार्यान्वयन तथा अनुगमनको जिम्मेवारी दिने गरी कानुनमा आवश्यक परिमार्जन गरी बिमा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

# परिच्छेद - ४
# निष्कर्ष र सुझाब

कृषि तथा पशुपन्छी बिमा प्रिमियममा अनुदान प्रदान गर्ने नेपाल सरकारको नीतिगत व्यवस्थाबाट कृषकमा बिमा सम्बन्धी सचेतना तथा कृषकको सहभागिता बढाउन महत्वपूर्ण योगदान दिएको छ। यद्यपी वर्तमान साना र सीमान्तकृत कृषकको बिमामा सीमित पहुँच रहेको, कृषकमा अनुदानसम्बन्धी जानकारीको अभाव, बिमा दाबी प्रक्रिया झन्झटिलो र ढिलाइ, बिमकले नेपाल सरकारबाट बिमा प्रिमियमको रकम समयमा नै प्राप्त नगर्नु र स्थानीय स्तरमा बिमा सेवाको पहुँच सीमित हुने लगायतका समस्याहरू देखिएका छन्।

**सुझाव-** माथि पहिचान गरिएका समस्याहरु निराकरण गर्दै यस कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न देहायका सुझावहरु प्रस्तुत गरिएको छः

- कृषि तथा पशु बिमाको पहुँच आर्थिक रूपले विपन्न वर्गका कृषकमा विस्तार गर्ने,
- साना कृषक (भौगोलिक अवस्था, व्यावसायिकता, प्रविधिको पहुँचलगायत) लाई ध्यान राखेर बिमा नीति तथा बिमालेख परिमार्जन र निर्माण गर्ने,
- स्थानीय तहको समन्वयमा ग्रामीण तथा दुर्गम क्षेत्रमा बिमा जनचेतना अभियान सञ्चालन गर्ने,
- सरकारी अनुदान प्राप्त गर्ने कृषकहरूले अनिवार्य रूपमा बिमा गर्नुपर्ने नीति लागु गर्ने,
- हालको बिमाङ्क रकमका आधारमा अनुदान दिने प्रावधानलाई पुनरावलोकन गरी साना किसानलाई लक्षित गरी बिमा अनुदान वर्गीकरण सघन बनाउनुपर्ने,
- बिमाङ्क रकम र प्रिमियमलाई बजार दर, लागत तथा उत्पादन दरमा आधारित भई निर्धारण गर्ने,
- मौसम सूचाङ्कमा आधारित बिमा, सूचाङ्कमा आधारित बाढी बिमालगायतका कार्यक्रममार्फत कृषि क्षेत्रमा बिमा सहभागिता बढाउने,
- बिमा शुल्कलाई कृषकको पहुँचमा रहने गरी पुनरावलोकन गर्ने,
- अनलाइन बिमालेख प्रणालीलाई सरल, सहज र पहुँचयोग्य तथा रियल टाइम बनाउने,
- एउटै किसानले धेरै बिमालेखमार्फत बढी अनुदान लिन नपाउने गरी बिमाङ्कमा आधारित ट्र्याकिङ प्रणालीलाई वास्तविक समयमा आधारित सफ्टवेयरमार्फत कार्यान्वयन गर्ने,
- बिमालेख जारी तथा भुक्तानी दाबी प्रकृयाको अवस्थाबारे किसानलाई एसएमएस वा मोबाइल एपमार्फत् जानकारी दिने,
- बिमा भुक्तानी प्रक्रियालाई छिटो बनाउन पर्याप्त र दक्ष जनशक्ति व्यवस्थापन गर्ने,
- बिमा कम्पनीहरूलाई बिमा प्रिमियममा अनुदानबापत दिनुपर्ने रकम चाडौं भुक्तानी गर्ने,
- बिमा दाबी भुक्तानी प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाउने,
- साना बिमा रकमको लागि सरल दाबी प्रक्रिया लागु गर्दै कार्यान्वयन गर्ने,
- अनुदान दुरुपयोग रोक्न कडा अनुगमन र कारबाही प्रणाली लागु गर्ने,
- बिमा प्रणालीलाई थप प्रभावकारी बनाउन प्रदेश तथा स्थानीय तहलाई कार्यान्वयन तथा अनुगमनको जिम्मेवारी दिनेलगायतका सुझावहरूको कार्यान्वयन गरी बिमा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

# सहुलियतपूर्ण कर्जा र ब्याज अनुदान स्थिति
## परिच्छेद-१
## परिचय

१. **परिचय** - वित्तीय पुंजीलाई उत्पादन, उद्यमशीलता र रोजगार प्रवर्धनमा परिचालन गर्न नेपाल सरकारले “सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५” स्वीकृत गरी २०७५ मंसिरबाट यो कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। कार्यक्रमबाट कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्धन गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न, बेरोजगार युवालाई मुलुकभित्र रोजगारीका अवसर सिर्जना गर्न, विदेशबाट फर्केका युवाको विदेशमा आर्जन गरेको सीप र व्यावसायिक दक्षता उपयोग गर्दै उनीहरूलाई स्वरोजगार बनाउन, महिलामा उद्यमशील क्षमताको विकास गर्न, दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकीकरण एवं प्रवर्धन गरी उद्यमशीलता विकास गर्न, आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनका लागि अनुदान प्रवाह हुँदै आएको छ। कार्यक्रमका लागि नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी तथा लघुवित्त लगायत बैंक तथा वित्तीय संस्थामार्फत पाँच वर्षका लागि रु.५ लाखदेखि रु.५ करोडसम्म सहुलियतपूर्ण कर्जा दिने व्यवस्था रहेको छ। बैंकहरूले आधार दरमा दुई प्रतिशत प्रिमियम थप गरी कायम भएको कर्जाको ब्याजदर अनुसारको ब्याज खर्च, कर्जा सुरक्षण शुल्क र बिमा प्रिमियम रकम नेपाल सरकारले अनुदानको रूपमा वित्तीय संस्थालाई भुक्तानी गर्ने व्यवस्था निर्देशिकाले गरेको छ।

नेपालको बैंकिङ क्षेत्रले विगतको दशकमा उल्लेखनीय प्रगति गरेको भएता पनि ग्रामीण जनसंख्या, साना व्यवसाय र किसानहरूका लागि वित्तमा पहुँच अझै पनि चुनौतीपूर्ण रहेको छ। राज्यको प्राथमिकताका क्षेत्रहरुमा नागरिकहरुलाई कम लागतमा ऋण उपलब्ध गराई साना किसान तथा साना व्यवसायीहरूको वित्तीय पहुँच सुनिश्चित गरी ऋणको लागत घटाउने कार्यक्रमको उद्देश्य रहेको छ। कार्यक्रम मार्फत नेपाल राष्ट्र बैंकले २०८१ असार मसान्तमा प्रकाशित तथ्याङ्क अनुसार कुल १ लाख २० हजार २७४ व्यवसायीलाई रु.१ खर्ब २६ अर्ब ८१ करोड ८९ लाख ८१ हजार कर्जा प्रवाह गरेको छ। नेपाल सरकारले उक्त कर्जाको ब्याजबापत विभिन्न बैंकलाई हालसम्म रु.२४ अर्ब ८९ करोड ९ लाख ६० हजार भुक्तानी गरेको छ। नेपालको कुल जनसंख्याको ०.४१ प्रतिशतले मात्र सहुलियतपूर्ण कर्जा उपयोग गरेको देखिन्छ।

२. **नीतिगत तथा कानुनी व्यवस्था** - सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यक्रम सम्बन्धमा निम्नानुसारका नीतिगत तथा कानुनी व्यवस्था रहेको छः

२.१. **नेपालको संविधान** – नेपालको संविधानले मौलिक हकमा प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने, महिलाको हकमा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने, आर्थिक रुपले विपन्न तथा लोपन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने लगायतका व्यवस्था गरेको छ। त्यस्तै राज्यका निर्देशक सिद्धान्त, एवं नीति अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने, देशको मुख्य

सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने र वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने उल्लेख छ। एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनमा लागि समुचित व्यवस्था गर्दै जाने राज्यको नीति रहेको देखिन्छ।

२.२. **नेपाल राष्ट्र बैंक ऐन, २०५८:** ऐनको दफा ७९ बमोजिम बैंकलाई वाणिज्य बैंक तथा वित्तीय संस्थाको काम कारबाही नियमन गर्ने पूर्ण अधिकार रहेको छ। ऐनको दफा ८१ मा कर्जा प्रवाह गर्नुपर्ने शीर्षकमा बैंकले समय समयमा तोकिदिएको क्षेत्रमा तोकिए बमोजिम वाणिज्य बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्नु पर्ने र कुनै वाणिज्य बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह नगरेमा वा कम प्रवाह गरेमा त्यसरी प्रवाह नगरेको वा कम प्रवाह गरेको रकममा सम्बन्धित वाणिज्य बैंक वा वित्तीय संस्थाले कर्जामा लिने अधिकतम ब्याज दरले हुन आउने रकम बैंकले सम्बन्धित वाणिज्य बैंक वा वित्तीय संस्थासँग हर्जाना लिन सक्ने व्यवस्था रहेको छ।

२.३. **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३:** न्यून आय भएका तथा विपन्न वर्गका व्यक्ति र कुनै खास भौगोलिक क्षेत्रमा बसोवास गर्ने बासिन्दाको आर्थिक उत्थानको लागि प्राथमिकता दिइएको वर्ग तथा क्षेत्रमा कर्जा प्रवाह गर्न राष्ट्र बैंकले निर्देशन दिएको आधारमा बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्नु पर्दछ। ऐनको दफा ५६ मा बैंक तथा वित्तीय संस्थाले जुन प्रयोजनको लागि व्यवसायीलाई कर्जा दिएको हो सो प्रयोजनमा व्यवसायीले कर्जा रकम सदुपयोग गरेको सम्बन्धमा अनुगमनको तालिका बनाई सो बमोजिम नियमित अनुगमन गर्नुपर्ने व्यवस्था उल्लेख छ। अनुगमन गर्दा व्यवसायीले जुन प्रयोजनका लागि कर्जा लिएको हो सो प्रयोजनमा नलगाई दुरुपयोग गरेको देखिएमा व्यवसायीले बैंक वा वित्तीय संस्थालाई लेखिदिएको वा धितो राखेको सुरक्षणलाई लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी सम्बन्धित बैंक वा वित्तीय संस्थाले आफ्नो साँवा, ब्याज असूल उपर गर्न सक्ने व्यवस्था रहेको छ।

२.४. **बिमा ऐन, २०७९-** सहुलियतपूर्ण कर्जाको अनिवार्य बिमा हुनुपर्ने व्यवस्था भएकोमा बिमा ऐनले सहुलियतपूर्ण कर्जामा जारी गरिएको बिमालेखको पनि अनुगमन गर्न सक्ने व्यवस्था छ।

२.५. **आवधिक योजना-** पन्ध्रौं योजनामा सहुलियतपूर्ण कर्जासँग सम्बन्धित विभिन्न कार्यानीतिहरुमा सहुलियतपूर्ण कर्जा तथा पुनकर्जालाई थप प्रभावकारी बनाउने, अनुदानलाई उत्पादनशील र पारदर्शी रुपमा प्रदान गर्न राष्ट्रिय अनुदान नीति तर्जुमा गर्ने, कृषिजन्य तथा वन पैदावार उत्पादन, यान्त्रिकरण, प्रशोधन उद्योग स्थापना, भण्डारण तथा बजारीकरणका लागि सहुलियतपूर्ण कर्जा, बिमा सेवा र वित्तीय उत्प्रेरणा प्रदान गर्ने, युवा नव-उद्यमीहरुलाई व्यवसाय सुरु गर्न आवश्यक व्यवसाय सुरुवाती कोष र व्यवसाय प्रस्तावनाका आधारमा सहुलियतपूर्ण कर्जा, समूह सुरक्षण कर्जा जस्ता कर्जा प्रवाह गरी वित्तीय पहुँच सुनिश्चित गर्न बैंक तथा वित्तीय संस्थाहरुसँग सहकार्य गरिने, उद्यमशीलता प्रवर्धनको लागि सरकारबाट उचित सुविधा, अनुदान र सहुलियतको व्यवस्था गरिने, कृषि क्षेत्रमा लगानी वृद्धि गर्न सहुलियतपूर्ण दरमा कर्जा लगानी गरिने, व्यवसाय सञ्चालनको लागि आवश्यक पुँजी उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थासँग समन्वय गरी सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउने व्यवस्था गरिने, व्यावसायिक किसान र महिला उद्यमीलाई सहुलियत सहितको वित्तीय पहुँचमा सुनिश्चित गरिने, वैदेशिक रोजगारीबाट फर्केका जनशक्ति

तथा संगठित युवा जनशक्तिले आर्जन गरेको सीप, ज्ञान, क्षमता, संस्कृति तथा साधन स्रोतलाई उद्यमशीलता, स्वरोजगार र व्यावसायिक कार्यमार्फत उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिने, युवाद्धारा सञ्चालित उद्यम तथा व्यवसायको बिमा र कर्जा सुरक्षणको व्यवस्था गरिने र बैंक तथा वित्तीय संस्थाबाट उद्यम तथा व्यवसाय सञ्चालनका लागि युवालाई सहज रुपमा सहुलियतपूर्ण कर्जाको सुविधा उपलब्ध गराइने लगायतका व्यवस्था रहेका छन्।

सोह्रौं आवधिक योजनाले उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका अनुदान तथा सहुलियतलाई उत्पादनमा आधारित बनाउँदै कृषिमा सहज कर्जा तथा बिमा सुविधाको रुपमा लिई कृषि क्षेत्रप्रति आकर्षण अभिवृद्धि कार्यक्रम अन्तर्गत कृषि अनुदानको साथै कर्जा तथा बैंकिङ र बिमामा प्रक्रियाको सरलीकरण गरी कृषकहरुको पहुँच अभिवृद्धि, सीप तथा शैक्षिक प्रमाणपत्र र आयोजनाका आधारमा बीउ पुँजी तथा कर्जा दिने व्यवस्था गर्ने उल्लेख छ।

२.६. **वार्षिक नीति तथा कार्यक्रम -** नेपाल सरकारले २०७५।७६ बाट सहुलियतपूर्ण कर्जा कार्यक्रम घोषणा भएदेखि सबै वार्षिक नीति तथा कार्यक्रमलाई निरन्तरता दिएको देखिन्छ। आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रममा सहुलियतपूर्ण कर्जाको प्रभावकारिता अध्ययनका आधारमा सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यक्रमलाई पुनःसंरचना गरिने र उक्त कार्यक्रमका लागि रु.११ अर्ब ५९ करोड विनियोजन गरिएको उल्लेख छ। साथै, आर्थिक वर्ष २०८०।८१ को मौद्रिक नीतिमा नेपाल सरकारबाट ब्याज अनुदान उपलब्ध गराइएको सहुलियतपूर्ण कर्जामध्ये २०८० जेठ मसान्तमा १ लाख ४७ हजार ५ सय १० व्यवसायीलाई रु.२ खर्ब ३ अर्ब १० करोड कर्जा लगानीमा रहेको र नेपाल सरकारबाट स्वीकृत कार्यविधिबमोजिम कार्यान्वयन गरिने लक्ष्य लिएकोमा नेपाल सरकारबाट कार्यविधि संशोधन हुन बाँकी रहेको साथै उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह बढाउने उद्देश्यले सञ्चालनमा रहेका पुनःकर्जा सुविधा, सहुलियतपूर्ण कर्जा, विपन्न वर्ग कर्जालगायतका तोकिएको क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने लगायतका कार्यक्रमहरुको कार्यान्वयन स्थिथि र प्रभावकारिताका सम्बन्धमा अध्ययन गरिने उल्लेख छ।

२.७. **बजेट वक्तव्य -** सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धमा विगत ५ वर्षका बजेट वक्तव्यमा निम्न लिखित बेहोरा उल्लेख भएको देखिन्छः

| आर्थिक वर्ष | बजेटको बेहोरा |
|---|---|
| २०७६।७७ | सहुलियतपूर्ण कर्जा कार्यक्रम प्रभावकारी बनाई मापदण्ड पुगेका व्यक्ति वा समूहलाई यस्तो कर्जामा पहुँच सुनिश्चित गरिने र कर्जा कार्यक्रमको लागि नेपाल सरकारले ५ प्रतिशत ब्याज अनुदान र बिमा तथा कर्जाको सुरक्षणमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउने । |
| २०७७।७८ | बैंकहरुबाट प्रवाह हुने सहुलियतपूर्ण कर्जा कार्यक्रमको पुनःसंरचना गरी दायरा फराकिलो बनाइने तथा सहुलियतपूर्ण कर्जाको सुरक्षण र व्यवसाय बिमा प्रिमियमको ५० प्रतिशतसम्म अनुदान दिने । |
| २०७८।७९ | लघु, साना तथा मझौला उद्योग, व्यावसायिक कृषि, युवा उद्यम, महिला उद्यम तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुका लागि प्रदान गरिने सहुलियतपूर्ण कर्जाको सीमा र क्षेत्र विस्तार गरिने । |
| २०७९।८० | विपन्न व्यक्ति, दलित तथा पिछडिएको क्षेत्रको स्थायी वासिन्दाले पिछडिएको क्षेत्रमा सञ्चालन गर्ने व्यवसायमा प्रदान गरिने सहुलियतपूर्ण कर्जको ब्याजदरमा थप एक |

| | |
|---|---|
| | प्रतिशत विन्दुले छुट दिइने तथा लघु, साना तथा मझौला उद्यम, कृषि सहकारी तथा फार्म र महिला उद्यमी तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई प्रदान हुँदै आएको सहुलियतपूर्ण कर्जालाई निरन्तरता दिने । |
| २०८०।८१ | उत्पादन अभिवृद्धि, आन्तरिक रोजगारी प्रवर्धन, उद्यमशीलता विकास लगायतका उद्देश्य राखी सहुलियतपूर्ण ब्याजमा प्रवाह भइरहेको कर्जाको प्रभावकारिता अध्ययनका आधारमा सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यक्रमलाई पुनः संरचना गरिने । |

२.८. **सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ -** सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई व्यवस्थित गर्नको नेपाल सरकारले सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ जारी गरी लागु गरेको छ। सोही कार्यविधि अनुसार सहुलियतपूर्ण कर्जाका विभिन्न क्रियाकलाप कार्यान्वयनमा रहेका छन्।

३. **संस्थागत व्यवस्था -** सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र सोको नियमित अनुगमन तथा सुपरिवेक्षण गरी कर्जाको सदुपयोग भएको/नभएको यकिन गर्ने जिम्मेवारी वहन गर्न देहायका निकायहरु सक्रिय रहेका छन्:

३.१. **अर्थ मन्त्रालय -** अर्थ मन्त्रालयले सहुलियतपूर्ण कर्जाको व्यवस्थापन तथा नेपाल राष्ट्र बैंकसँगको समन्वयको कार्य गर्ने गर्दछ। सहुलियतपूर्ण कर्जा कार्यान्वयनका सम्बन्धमा सहजीकरण, समन्वय, अनुगमन एवं निर्देशन दिन अर्थ मन्त्रालयका सचिवको संयोजकत्वमा ६ सदस्यीयको एक समिति रहेको छ।

३.२. **नेपाल राष्ट्र बैंक -** सहुलियतपूर्ण कर्जाको व्यवस्थापनमा बैंक तथा वित्तीय संस्थाबाट जारी कर्जामा प्रदान गरिने ब्याज अनुदान रकम यकिन गर्ने र सम्बन्धित बैङ्किङ् संस्थाबाट माग भएको अनुदान रकम सोधभर्ना गर्ने, क्षेत्रगत तथा विषयगत कर्जा तथा ब्याज अनुदानको विवरण अर्थ मन्त्रालयलाई मासिक रुपमा उपलब्ध गराउने, सम्बन्धित बैंक तथा वित्तीय संस्थाको आवश्यक अनुगमन, नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने, कर्जा सदुपयोग भएको नपाईएमा सोधभर्ना नदिने लगायतका जिम्मेवारी राष्ट्र बैंकको रहेको छ। साथै, कार्यक्रम कार्यान्वयन गर्नका लागि केन्द्रीयस्तरमा समन्वय तथा अनुगमन गर्न नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नरको संयोजकत्वमा ८ सदस्यीय केन्द्रीय अनुगमन समितिको व्यवस्था रहेको छ।

३.३. **नेपाल बिमा प्राधिकरण -** सहुलियतपूर्ण कर्जाको अनिवार्य बिमा हुनुपर्ने व्यवस्था भएकोमा नेपाल बिमा प्राधिकरणले सहुलियतपूर्ण कर्जामा जारी गरिएको बिमालेखको पनि अनुगमन गर्न सक्ने व्यवस्था रहेको छ।

३.४. **बैंक तथा वित्तीय संस्थाहरु -** बैंक तथा वित्तीय संस्थाले सहुलियतपूर्ण कर्जा प्रवाह गर्दा कर्जाको प्रकार, उद्देश्य, माग रकम, जोखिमको स्तर, सुरक्षण, बिमालगायत परियोजनाको सम्भाव्यता तथा कर्जाको सदुपयोग हुने आधारमा कर्जा प्रवाह गर्नु पर्ने र ब्याज अनुदानका लागि नेपाल राष्ट्र बैंकले तोकेको शर्त र ढाँचामा रकम माग गर्ने कार्य गर्दछ। ब्याज अनुदान प्राप्त हुने गरी प्रदान गरिएको कर्जाको मासिक विवरण नेपाल राष्ट्र बैंकले तोकेको ढाँचामा सात दिनभित्र उपलब्ध गराउने र कर्जाको प्रकार, उद्देश्य, लगानी

रकम, जोखिमको स्तर एवं आवश्यकतानुसार सदुपयोगिता निरिक्षण गरी सोको अभिलेख अद्यावधिक गरी राख्ने जिम्मेवारी बैंक तथा वित्तीय संस्थाको रहेको छ।

३.५. **बिमा कम्पनीहरु** - निर्जीवन बिमा कम्पनीहरुबाट सहुलियतपूर्ण कर्जाको बिमा गर्न व्यावसायीबाट निवेदन प्राप्त भएको व्यवसायको प्रकृति, कर्जाको प्रकार, उद्देश्य, रकम तथा जोखिमको स्तर लगायतका आधारमा संक्षिप्त प्रक्रिय अवलम्बन गरी व्यवसायीसँग ५० प्रतिशत बिमा प्रिमियम लिई बिमा गर्ने र बाँकी ५० प्रतिशत बिमा प्रिमियम नेपाल सरकारको अनुदान प्राप्त गर्नका लागि बिमा प्राधिकरणसँग सोधभर्ना माग गर्ने तथा बिमा गरिएको व्यावसायिक क्षति आङ्कलन र सोको क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था रहेको छ।

३.६. **निक्षेप तथा कर्जा सुरक्षण कोष** - सहुलियतपूर्ण कर्जा प्रवाह भएको कर्जाको प्रकार, उद्देश्य, रकम तथा जोखिमको स्तर लगायतका आधारमा संक्षिप्त प्रक्रिया अवलम्बन गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थासँग ५० प्रतिशतमा सुरक्षण शुल्क लिई सुरक्षण गर्ने व्यवस्था रहेको छ।

४. **वित्तीय व्यवस्था** - सहुलियतपूर्ण कर्जा कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकारले निम्नानुसार बजेट व्यवस्था गरी खर्च गरेको देखिएको छ।

| आर्थिक वर्ष | विनियोजित बजेट (रु.लाखमा) | खर्च (रु.लाखमा) |
|---|---|---|
| २०७६।७७ | १०००० | १६८३४ |
| २०७७।७८ | ५०००० | ३८५४४ |
| २०७८।७९ | १३०००० | १०१७४१ |
| २०७९।८० | ३०००० | ५४२२३ |
| २०८०।८१ | ३०००० | २५००१ |
| २०८१।८२ | ५५००० | ४८५०० |

## परिच्छेद-२

## लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति एवं सीमा

५. **लेखापरीक्षणको उद्देश्य** - सहुलियतपूर्ण कर्जा र ब्याज अनुदान स्थिति सम्बन्धमा भएका कानुनी तथा नीतिगत व्यवस्था, संस्थागत व्यवस्था एवं कार्यगत विषयबारे व्यावसायिक कृषि तथा पशुपन्छी कर्जाको नीतिगत एवं कानुनी व्यवस्थाको मूल्याङ्कन तथा कर्जा प्रवाह अवस्था, कर्जाको प्रभावकारिता र सदुपयोगको अवस्थाको परीक्षण तथा विश्लेषण गरी सुधारका लागि सुझाव दिनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

६. **लेखापरीक्षणको क्षेत्र** - सहुलियतपूर्ण कर्जा र ब्याज अनुदान सम्बन्धी नीति निर्देशन, कानुन, क्रियाकलाप लेखापरीक्षणको क्षेत्र रहेको छ। सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ मा उल्लिखित १० शीर्षकमा ब्याज अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ। यस वर्षको कार्यमूलक लेखापरीक्षणका लागि व्यावसायिक कृषि तथा पशुपन्छी कर्जाको आर्थिक वर्ष २०७६।७७देखि २०८०।८१ सम्मको तथ्याङ्क र विवरण विश्लेषण एवं परीक्षण गरिएको छ।

७. **लेखापरीक्षण पद्धति तथा आधार** - नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, समीक्षा पत्र, लेखापरीक्षण योजना, कार्यमूलक लेखापरीक्षण निर्देशिका २०७९, छलफल, प्राथमिक तथा द्वितिय स्रोतको तथ्याङ्क विधिको आधारमा लेखापरीक्षण कार्यान्वयन गरी यो प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको उद्देश्य हासिल गर्न पर्याप्त र उचित प्रमाण सङ्कलन र विवरण परीक्षण विधि अवलम्बन गरिएको छ। सहुलियतपूर्ण कर्जा र ब्याज अनुदानसँग सम्वन्धित काम कारबाही उपर सरोकारवाला निकायको व्यवस्थापनको दृढोक्तिमा आश्वस्त हुन पेस हुने कार्यसम्पादन समेटिएको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल, तथा विश्लेषण गरिएको छ। लेखापरीक्षण कार्य पद्धतिमूलक प्रक्रिया तथा नतिजामूलक प्रक्रिया अपनाइएको छ। लेखापरीक्षण आधारको रुपमा नेपालको संविधान, प्रचलित ऐन, कानुन, नीतिमा उल्लेख भएका विषयलाई लिइएको छ।

८. **लेखापरीक्षणको सीमा** – सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ मा कर्जाका प्रकार, सीमा, भुक्तानी अवधि, ब्याजदर तथा शर्त अनुसार लक्षित व्यवसायीलाई विभिन्न १० शीर्षकमा ब्याज अनुदान प्रदान गर्ने व्यवस्था रहेकोमा व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा शीर्षकबाट प्रवाह भएको कर्जालाई मात्र लेखापरीक्षणमा समावेश गरिएको छ। २०८१ असार मसान्तसम्ममा सहुलियतपूर्ण कर्जा र ब्याज अनुदानअन्तर्गत कुल १ लाख २० हजार २७४ व्यवसायीलाई रु.१ खर्ब २६ अर्ब ८१ करोड ८९ लाख कर्जा प्रवाह भएकोमा स्रोत सीमितता समेतका बधारमा केही नमुना व्यवसायको स्थलगत अवलोकन गरिएको छ। नेपाल सरकारका विभिन्न निकायहरुबाट प्राप्त तथ्याङ्कहरुको आधारमा सहुलियतपूर्ण कर्जाको अवस्था विश्लेषण गर्ने प्रयास गरिएको भए तापनि निकायगत तथ्याङ्कको एकरुपताको परीक्षण गरिएको छैन।

लेखापरीक्षणको लागि उपलब्ध समय सीमा, संलग्न जनशक्ति, सूचना तथा तथ्याङ्क सङ्कलन , स्थलगत अवलोकनको लागि स्रोतको अभाव, सूचना प्राप्तिमा कठिनाइ समेतले लेखापरीक्षणको दायरालाई

सीमित गरेको छ। लेखापरीक्षणका लागि उपलब्ध स्रोत साधन र समयको सीमा, कारोबारको नियन्त्रण जोखिमको मात्रा तथा लागतको दृष्टिकोणबाट सम्पूर्ण क्रियाकलापलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिने हुँदा लेखापरीक्षण योजना बमोजिम सारभूत विषयको छनौट गरी परीक्षण गरिएको छ। लेखापरीक्षण गरिने निकायबाट परीक्षणको लागि उपलब्ध भएका विवरण, तथ्याङ्क, सूचनाको आधारमा परीक्षण विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ।

# परिच्छेद-३
# लेखापरीक्षणबाट देखिएका बेहोराहरु

**सकरात्मक पक्ष-**

सहुलियतपूर्ण कर्जा कार्यक्रमको निम्न सकरात्मक पक्षहरु देखिएको छः

- कार्यक्रमले साना व्यवसायी, किसान, महिला, युवा, दलित, र भूकम्प पीडित जस्ता लक्षित समूहलाई पहिचान गरी उनीहरूलाई वित्तीय पहुँच प्रदान गर्न आधार दरमा २ प्रतिशत मात्र प्रिमियम राखेर न्यून लागतमा कर्जा उपलब्ध गराई आर्थिक समावेशीकरण र सामाजिक उत्थानको प्रयास गरेको छ। कृषि, पशुपालन, पर्यटन, साना उद्यम र महिला उद्यमशीलता जस्ता विविध क्षेत्रको बहुआयामिक आर्थिक विकासको आधार तयार गरी रोजगारी सिर्जना गरेको छ।
- कार्यक्रमबाट २०८१ असार मसान्तसम्म १,२०,२७४ लक्षित समूहलाई रु.१२६.८१ अर्ब कर्जा प्रवाह भई विभिन्न क्षेत्रमा अर्थतन्त्र चलायमान बनाएको छ।
- कृषिमा आधारित सहुलियतपूर्ण कर्जाको सदुपयोग गर्ने कृषकहरूलाई आधुनिक प्रविधि अपनाउन, उत्पादन वृद्धि गर्न, तथा व्यावसायिक खेतीतर्फ आकर्षित गर्न मद्दत गरेको छ।
- कार्यक्रमले सरकारको समावेशी आर्थिक विकास, औद्योगिक वृद्धि, तथा गरिबी न्यूनीकरण नीति कार्यान्वयन सहयोग गरेको छ।

**सुधार गर्नुपर्ने पक्षहरु-**

सहुलियतपूर्ण कर्जा ब्याज अनुदानको कार्यमूलक लेखापरीक्षणबाट सुधार गर्नुपर्ने क्षेत्रहरु निम्नानुसार छन्ः

९. **राष्ट्रिय अनुदान नीति**– नेपाल सरकारको पन्ध्रौं आवधिक योजनामा अनुदानलाई उत्पादनशील र पारदर्शी रुपमा प्रदान गर्न राष्ट्रिय अनुदान नीति तर्जुमा गरिने उल्लेख छ। नेपाल सरकारले कृषि, स्वास्थ्य, शिक्षा, रोजगारलगायत क्षेत्रमा बहुनिकायबाट अनुदान वितरण हुँदै आएको छ। संघ, प्रदेश र स्थानीय तहबाट वितरण हुने अनुदानका कार्यक्रम उस्तै प्रकृतिका हुँदा तीन तहका सरकारले ल्याएका अनुदान एकआपसमा दोहोरिएको देखिएको छ। सरकारले हालसम्म अनुदान सम्बन्धी एकरुपताका लागि राष्ट्रिय अनुदान नीति तयार गरेको देखिएन। कृषि मन्त्रालयको एक कार्यदलको प्रतिवेदनले कृषिको व्यवसायीकरणका लागि मूल्य श्रृंखलामा आधारित पूरक अनुदान प्रभावकारी नभएको उल्लेख गरेको छ। नेपाल सरकारको आधिकारिक निकायबाट भएको अध्ययन प्रतिवेदन कार्यान्वयन गर्नुपर्नेमा एकीकृत नीतिबेगर अर्थ मन्त्रालयले बैंक तथा वित्तीय संस्थामार्फत प्रवाह भएको ऋणको ब्याज नेपाल सरकारले भुक्तानी गर्नेगरी सहुलियत पूर्ण कर्जा उपलब्ध गराउन २०७५।७६देखि वार्षिक नीति तथा कार्यक्रम घोषणा गरी बजेटमा समेत व्यवस्था भएअनुसार विभिन्न १० क्षेत्रहरुमा ब्याज अनुदान दिंदै आएको अवस्था छ। राज्यको उल्लेख्य स्रोत स्वरोजगार, सामाजिक सुरक्षा र कृषि अनुदानमा वितरण भइरहेको सन्दर्भमा उक्त नीतिले पारेको प्रभाव अध्ययन गरी नेपाल सरकारले उपलब्ध गराउने अनुदानमा एकरूपता, पारदर्शिता र परिणाममुखी बनाउन राष्ट्रिय अनुदान नीति बनाई कार्यान्वयन गर्नुपर्दछ।

१०. **कार्यविधि** - नेपाल सरकारले सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ जारी गरी सहुलियतपूर्ण कर्जाका विभिन्न क्रियाकलाप कार्यान्वयन भइरहेको छ। उक्त कार्यविधि हरेक वर्षको बजेट वक्तव्यबाट संशोधन हुदै आएको देखियो। शुरु २०७५ सालमा विभिन्न ७ क्षेत्रको

कर्जामा ५देखि ६ प्रतिशतसम्म ब्याज अनुदान दिने उल्लेख भए पनि पछि त्यसलाई २०७७।६।८ मा संशोधन गरी विभिन्न १० क्षेत्रका कर्जामा ब्याज अनुदान दिने गरेको देखियो। आर्थिक वर्ष २०७७।७८ मा बैंकहरुबाट प्रवाह हुने सहुलियतपूर्ण कर्जा कार्यक्रमको दायरा बढाएको र २०७७।७८ मा सहुलियतपूर्ण कर्जाको सुरक्षण र व्यवसाय बिमा प्रिमियममा शुरु ७५ बाट ५० प्रतिशतमा सीमित गरेको देखियो। त्यस्तै, २०७८।७९ मा लघु, साना तथा मझौला उद्योग, व्यावसायिक कृषि, युवा उद्यम, महिला उद्यम तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुका लागि प्रदान गरिने सहुलियतपूर्ण कर्जाको सीमा र क्षेत्र विस्तार गरेकोमा २०७९।८० विपन्न व्यक्ति, दलित तथा पिछडिएको क्षेत्रको स्थायी वासिन्दाले पिछडिएको क्षेत्रमा सञ्चालन गर्ने व्यवसायमा प्रदान गरिने सहुलियतपूर्ण कर्जाको ब्याजदरमा थप एक प्रतिशत विन्दुले छुट दिएको देखियो।

यसबाट सरकारले कानुन बमोजिम बजेट तथा कार्यक्रम बनाई लागु गर्नुपर्नेमा कर्जाको क्षेत्र तथा सीमामा बजेट तथा कार्यक्रम अनुसार संशोधन भएको अवस्था छ। कार्यक्रमको प्रभावकारिता विश्लेषण मार्फत पुनःसंरचना गर्नु पर्नेमा आवश्यकता अनुसार क्षेत्र र कर्जा सीमा थप गर्दै जाँदा व्यवसाय गर्नेदेखि आवास निर्माण समेतलाई समेट्ने प्रयास गरेको देखियो। नीति निर्माण गर्दा पर्याप्त अध्ययन विश्लेषण आधारमा तय गरी कार्यान्वयनका उपयुक्त औजारहरुको समेत व्यवस्था गर्नु पर्दछ।

११. **कुल निकासा खर्च** - सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ मा सहुलियतपूर्ण कर्जा प्रवाह तथा ब्याज अनुदान वितरणसँग सम्बन्धित निकायहरुको काम, कर्तव्य र अधिकारमा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था, बिमा समिति, निक्षेप तथा कर्जा सुरक्षण कोषबाट कर्जामा प्रदान गरिने अनुदान सोधभर्ना खाताबाट नियमानुसार सोधभर्ना रकम उपलब्ध गराउने उल्लेख भएकोमा सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ अनुसार सहुलियतपूर्ण कर्जा कार्यक्रममा हालसम्म नेपाल राष्ट्र बैंकले उपलब्ध गराएको सोधभर्नाको विवरण देहाय बमोजिम रहेको छ।

| आर्थिक वर्ष | अनुदान निकासा | वित्तीय संस्थाको ब्याज अनुदान भुक्तानी |
|---|---|---|
| २०७६।७७ | १ अर्ब | १ अर्ब ६८ करोड ३४ लाख |
| २०७७।७८ | ५ अर्ब | ३ अर्ब ८५ करोड ४४ लाख |
| २०७८।७९ | १३ अर्ब | १० अर्ब १७ करोड ४१ लाख |
| २०७९।८० | ३ अर्ब | ५ अर्ब ४२ करोड २३ लाख |
| २०८०।८१ | ३ अर्ब | २ अर्ब ५० करोड १ लाख |
| २०८१।८२ | ५.५ अर्ब | ४ अर्ब ८५ करोड |
| **जम्मा** | **३० अर्ब** | **२८ अर्ब ४८ करोड ४३ लाख** |

उल्लिखित विवरण अनुसार नेपाल सरकारले कार्यक्रमका लागि रु.३० अर्ब ५ करोड निकासा गरेको छ भने नेपाल राष्ट्र बैंकले हालसम्म रु.२८ अर्ब ४८ करोड ४३ लाख विभिन्न बैंक तथा वित्तीय संस्थाहरुलाई ब्याज भुक्तानी गरेको छ। उक्त कार्यकक्रमका लागि निक्षेप तथा कर्जा सुरक्षण कोषलाई हालसम्म रु.६५ करोड ८३ लाख र बिमा प्राधिकरणलाई रु.१३ करोड ३६ लाख भुक्तानी गरेको छ। सो अनुसार नेपाल सरकारबाट निकासा भएको मध्य रु.१ अर्ब २२ करोड ३८ लाख नेपाल राष्ट्र बैंकको कोष खातामा मौज्दात रहेको देखिन्छ। आर्थिक वर्ष २०७६।७७ मा विगतमा सञ्चालन भएको

सहुलियत कार्यक्रमको मौज्दात रकम समेत खर्च गरेबाट निकासा भन्दा बढी खर्च भएको देखिएको छ। निर्धारित कार्यमा रकम खर्च गरी हिसाव मिलान गर्नुपर्दछ।

१२. **कर्जा प्रवाह स्थिति** - सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ अनुसार विभिन्न १० क्षेत्रका कर्जामा ब्याज अनुदान दिने व्यवस्था छ। कर्जा प्रवाहको ऋण संख्याको विश्लेषण गर्दा २०७८देखि २०७९सम्म सहुलियतपूर्ण कर्जाको संख्यामा उल्लेखनीय वृद्धि भएको देखिन्छ। नेपाल राष्ट्र बैंकबाट प्राप्त विवरण अनुसार २०७८ असार मसान्त सम्ममा १०४,१०९ रहेको ऋणी संख्या २०७९ असार मसान्तमा १४७,३९३ पुगेको देखिन्छ। तथापि, २०७९ बाट २०८१सम्म ऋण संख्यामा गिरावट देखिएको र २०८१ असार सम्मा ऋणी संख्या १२०,२७४ र सोही वर्षको माघ सम्ममा १०७,४३१ मा झरेको छ। त्यस्तै कुल कर्जा प्रवाहमा २०७८ असार मसान्त सम्ममा रु.१ खर्ब ६१ अर्ब ४३ करोड कर्जा लगानी भएकोमा २०७९ असार मसान्तसम्ममा कर्जा लगानी रु.२ बढेर २ खर्ब १३ अर्ब ८८ करोड पुगेको देखिन्छ। त्यसैगरी, २०८० असार मसान्तसम्ममा कर्जा लगानी घटेर रु.१ खर्ब ९७ अर्ब र २०८१ को माघ मसान्त सम्ममा कर्जा लगानी घटेर रु.९८ अर्ब ९४ करोड पुगेको देखिन्छ।




(रु.हजारमा)




सरकारले सहुलियत ब्याज अनुदान वितरणमा गरेको ढिलाइ, वित्तीय संस्थाहरूले सहुलियत कर्जा प्रवाहका लागि उत्साहित नदेखिएको तथा वित्तीय स्रोतमा चुनौती देखिए पश्चात् नयाँ कर्जा स्वीकृतिमा अपनाइएको नीतिले पनि कर्जा प्रवाह पछिल्ला वर्षहरुमा निरन्तर घट्दै गएको देखिन्छ।

**(रु. हजारमा)**

| क्र.सं. | कर्जाको प्रकार | कुल कर्जा प्रवाह | | |
|---|---|---|---|---|
| | | ऋण संख्या | स्वीकृत कर्जा | बाँकी कर्जा |

| | | | | |
|---|---|---|---|---|
| १. | व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा | ४६३५६ | १११२५५९३३ | ८६८९८७९४ |
| २. | शिक्षित युवा स्वरोजगार कर्जा | १४० | २९५२९५८ | २९४५७ |
| ३. | विदेशबाट फर्केका युवा परियोजना कर्जा | ७३९ | ६०६५०३ | २४६३५३ |
| ४. | महिला उद्यमशील कर्जा | ७१८८३ | ७३९८०७२७ | ३८२९०९४४ |
| ५. | दलित समुदाय व्यवसाय शिक्षा कर्जा | ८२४ | ५८२९४० | २८२४४९ |
| ६. | उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा | ९८ | ३४०५५ | २२९९९ |
| ७. | भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जा | १०४ | २७५९६ | ५७१९ |
| ८. | कपडा उद्योग सञ्चालनका लागि | १०० | ११३५३०५ | १०३६८९९ |
| ९. | प्राविधिक तथा व्यावसायिक तालिम परिषदबाट मान्यताप्राप्त संस्थाबाट दिइने तालिम | २ | ४०० | १०३ |
| १०. | युवा वर्ग स्वरोजगार कर्जा | २८ | ९१०० | ५२६३ |
| | **कुल जम्मा** | **१२०२७४** | **१९७६९६७८७** | **१२६८१८९८१** |

(स्रोत: नेपाल राष्ट्र बैंक, २०८१ असार मसान्तसम्म प्रवाह भएको कर्जाहरुको विवरण)

**१२.१. वार्षिक ब्याज अनुदान** - सहुलियत ब्याज अनुदान प्रवृत्ति २०७८ असारदेखि २०८१ मङ्सिरसम्मको अवधिमा उल्लेखनीय वृद्धि भएको देखिन्छ। २०७८ असारसम्म ब्याज अनुदानको रकम रु. ६ अर्ब ७९ करोड ६४ लाख ७९ हजार थियो भने २०७९ असारसम्म यो रकम रु. १६ अर्ब ९६ करोड ८५ लाख ८ हजार पुगेको छ। त्यस्तै, २०८० असारसम्म रु. २२ अर्ब ३९ करोड ८ लाख १६ हजार, २०८१ असारसम्म रु. २४ अर्ब ८९ करोड ९ लाख ५९ हजार पुगेको छ। तथ्याङ्क अनुसार सहुलियत ब्याज अनुदान रकममा निरन्तर वृद्धि हुँदै गएको देखिन्छ। यसले कार्यक्रमको व्यापकता तथा वित्तीय संस्थाहरूको संलग्नता बढेको देखाउँछ। सहुलियत ब्याज अनुदान कार्यक्रम दीर्घकालसम्म दिगो रुपमा सञ्चालन हुने सम्बन्धमा संस्थागत निरन्तरता सम्बन्धित पक्षमा विश्लेषण गर्नुपर्दछ।

(रु. हजारमा)




**१२.२. व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा** - आर्थिक वर्ष २०८०।८१ को असार मसान्त सम्ममा "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको सहुलियतपूर्ण कर्जा अन्तर्गतको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा शीर्षकमा कुल ४६ हजार ३५६ ऋणीलाई रु. १ खर्ब ११ अर्ब २५ करोड ५९ लाख ३३ हजार स्वीकृत भएको कर्जामध्ये बाँकी कर्जा रु. ८६ अर्ब ८९ करोड ८७ लाख ९४ हजार रहेको छ। यसरी प्रवाह भएको ऋणमध्ये "क" वर्गको बैंक तथा वित्तीय संस्थाबाट ४१ हजार ६८९ ऋणीलाई रु. ७७ अर्ब ५३ करोड ६१ लाख लगानी भएको छ। त्यसैगरी "ख"

वर्गको बैंक तथा वित्तीय संस्थाबाट ४ हजार २०० ऋणीलाई ८ अर्ब ४ करोड ९९ लाख ऋण लगानी भएको छ। साथै "ग" वर्गको वित्तीय संस्थाहरुबाट ४४५ ऋणीलाई १ अर्ब २९ करोड ८४ लाख ऋण लगानी भएको छ र "घ" वर्गको वित्तीय संस्थाहरुबाट पनि २२ ऋणीलाई रु. १ करोड ४३ लाख ४९ हजार ऋण लगानी भएको देखिन्छ। व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा शीर्षकमा भएको लगानीको प्रतिफल मूल्याङ्कन भएको छैन ।

**(रु. हजारमा)**

| क्र.सं. | कर्जाको प्रकार | कुल कर्जा प्रवाह | | |
|---|---|---|---|---|
| | | ऋण संख्या | स्वीकृत कर्जा | बाँकी कर्जा |
| १. | व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा | ४६३५६ | १११२५५९३३ | ८६८९८७९४ |
| १.१ | विना धितो कर्जा | २९४७ | २९५२९५८ | १७६२८०८ |
| १.२ | धितो सहितको कर्जा | ४३४०९ | १०८३०२९७४ | ८५१३५९८६ |

**१२.३. प्रदेशगत कर्जा प्रवाह स्थिति** - नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७७।७८ को मौद्रिक नीतिमा लक्षित क्षेत्र र वर्गमा कर्जाको पहुँच सुनिश्चित गर्ने उद्देश्यले सहुलियतपूर्ण कर्जा प्रवाहमा सन्तुलन कायम गर्न साथै वाणिज्य बैंकले कम्तीमा ५०० वा न्यूनतम प्रति शाखा १० र राष्ट्रियस्तरका बैंकले कम्तीमा ३०० वा न्यनूतम प्रति शाखा ५ मध्ये जुन बढी हुन्छ सोही संख्यामा कर्जा प्रवाह गर्नुपर्ने नीति लिएको देखियो। नेपाल राष्ट्र बैंकबाट प्रकाशित विवरण अनुसार २०८१ असार मसान्तसम्म प्रवाह भएको रु.१ करोड भन्दा माथिको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जाको कुल संख्या १,२७७ मध्ये कर्णाली प्रदेशमा १२, सुदुरपश्चिम प्रदेशमा ५५ को संख्यामा कर्जा प्रवाह भएको छ। तुलनात्मक रुपले सुगम र मानव विकासको सूचकाङ्कमा अगाडि रहेको बागमती प्रदेशमा ५८४ र कोशी प्रदेशमा २०३ मा प्रवाह भएको छ। त्यस्तै, जनसंख्या धेरै भएको र कृषियोग्य भूमि पनि प्रशस्त भएको मधेश प्रदेशमा जम्मा १५९ मा र लुम्बिनी प्रदेशमा १५५ मा कर्जा प्रवाह भएको छ। विवरण अनुसार २०८१ असार मसान्तसम्ममा प्रदेशगत रुपमा प्रवाहहरुको कर्जाको ऋणी संख्या चार्टमा देखाइएको छ।




नेपाल सरकारको विकास सम्बन्धी नीतिमा विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिने नीति रहेकोमा सहुलियतपूर्ण कर्जाका लागि प्रवाह भएको ब्याज अनुदान सन्तुलित विकासमा योगदान गर्नेगरी परिचालन गर्नुपर्ने देखिएको छ।

**१२.४. ब्याज अनुदान बक्यौता** - आर्थिक वर्ष २०७५।७६ को मैद्रिक नीतिको कर्जा कार्यक्रमहरुको समीक्षामा प्रवाह गरिएको कर्जामध्ये २०७६ जेठ मसान्तसम्ममा कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत १५,९१६ जना व्यवसायीको रु.२९ अर्ब ३६ करोड कर्जा बक्यौता रहेको देखिन्छ। कार्यविधिमा व्यवस्था भएका अन्य क्षेत्रतर्फ प्रवाह भएको कर्जामध्ये ७६६ जना व्यवसायीको रु.४१ करोड ३२ लाख कर्जा बक्यौता रहेको छ। आवश्यक स्रोत व्यस्थापन गरी बक्यौता हिसाव मिलान गर्नुपर्दछ।

**१३. ब्याज भुक्तानी विधि** – सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ मा ऋणीले बुझाउनु पर्ने कुल ब्याज रकममा सहुलियत ब्याजदर बापतको रकम कट्टा गरी बाँकी हुन आउने ब्याज तिर्नुपर्ने व्यवस्था छ। अनुदान रकम प्राप्त हुन ढिलाइ हुँदा केही वित्तीय संस्थाहरुले राष्ट्र बैंकबाट अनुदान रकम प्राप्त नगरेसम्मका लागि पूरा ब्याज असुल गरी आफूले भुक्तानी पाएपश्चात् ग्राहकलाई सोधभर्ना दिएको देखियो। उक्त सोधभर्ना समयमा प्राप्त नहुँदा सहुलियत कर्जाको वास्तविक उद्देश्य अनुसार ग्राहकले सुविधा प्राप्त नगरेको कारण आर्थिक भार घट्न सकेको देखिएन।

**१४. कर्जा प्रवाह सर्त** – नेपाल राष्ट्र बैंक ऐनको दफा ८१ मा तोकिएको क्षेत्रमा कर्जा प्रवाह गर्नु पर्ने शीर्षकमा नेपाल राष्ट्र बैंकले समय समयमा तोकिदिएको क्षेत्रमा नेपाल राष्ट्र बैंकले तोकिदिएको अवधिसम्मको लागि राष्ट्र बैंकले तोकिदिए बमोजिम वाणिज्य बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्नु पर्ने र कुनै वाणिज्य बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह नगरेमा वा कम प्रवाह गरेमा त्यसरी प्रवाह नगरेको वा कम प्रवाह गरेको रकममा सम्बन्धित वाणिज्य बैंक वा वित्तीय संस्थाले कर्जामा लिने अधिकतम ब्याज दरले हुन आउने रकम बैंकले सम्बन्धित वाणिज्य बैंक वा वित्तीय संस्थासँग हर्जाना लिन सक्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०७६।७७ को मौद्रिक नीतिको वित्तीय क्षेत्र कार्यक्रमको समीक्षामा सहुलियतपूर्ण कर्जा प्रवाहमा प्रदेशगत सन्तुलन कायम गर्नुका साथै लक्षित क्षेत्र र वर्गमा कर्जामा पहुँच सुनिश्चित गर्ने उद्देश्यले वाणिज्य बैंकले कम्तीमा ५०० वा न्यूनतम प्रति शाखा १० र राष्ट्रिय स्तरका बैंकले कम्तीमा ३०० वा न्यूनतम प्रति शाखा ५ मध्ये जुन बढी हुन्छ सोही संख्यामा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरेको देखियो। कार्यविधिमा भएको बिना धितो जमानतमा ऋण प्रवाह गर्नुपर्ने, तुरुन्त प्रतिफल वेगर किस्ता फिर्ता गर्ने अवस्था लगायत वित्तीय संस्थाहरुले आ-आफ्नो जोखिम विश्लेषण गरी ऋण प्रवाहमा उल्लेखनिय उत्साह देखाएको पाइएन। नाफामूलक व्यवसायी संस्थाहरुले सरकारको नीति तथा कार्यक्रमलाई सहज परिचालनका लागि लगानी सुरक्षा समेतको ग्यारेन्टी हुनेगरी लगानी सर्त नराखेको कारण कर्जा प्रवाह सहज नदेखिएको अवस्था छ। कर्जाका सर्तहरु वित्तीय संस्था एवं लाभग्राहीमैत्री बनाउनु पर्दछ।

**१५. निकायहरुको भूमिका** - सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ ले परिच्छेद ७ मा सहुलियतपूर्ण कर्जा प्रवाह तथा ब्याज अनुदान वितरणसँग सम्बन्धित निकायहरुको काम, कर्तव्य र अधिकार अन्तर्गत दफा १५देखि १९सम्म विभिन्न दायिवत्वहरु तोकिएको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

**१५.१. अर्थ मन्त्रालय** - सहुलियतपूर्ण कर्जा तथा ब्याज अनुदान कार्यक्रमका लागि नीति निर्माण, स्रोत व्यवस्थापन, समन्वय, तथा अनुगमन गर्ने निकायको रुपमा अर्थ मन्त्रालय रहेको छ। मन्त्रालयबाट कार्यक्रम

कार्यान्वयनका लागि एकीकृत कार्यविधि तयार भएकोमा छोटो अवधिमा (प्रथम पटक२०७६।१।५, दोस्रो पटक २०७६।७।२९ र तेस्रो पटक २०७७।६।८) परिवर्तन भएको देखिँदा नीतिमा स्थिरता देखिएको छैन। मन्त्रालयले बजेट वक्तव्य मार्फत प्रत्येक वर्ष सहुलियतपूर्ण कर्जा योजनाका नयाँ कार्यक्रम थप्ने, अनुदान दर परिवर्तन गर्ने, नयाँ क्षेत्र पनि समावेश गर्ने गरेको देखियो। लक्षित क्षेत्रका उद्यमी, कृषक, तथा व्यवसायीलाई वित्तीय पहुँच प्रदान गरी उत्पादनशील क्षेत्रमा लगानी प्रवर्धन गर्न राहत पुऱ्याउने उद्देश्य लिएको यस कार्यक्रमको समयमा रकम भुक्तानी नहुँदा स्रोत व्यवस्थापन तथा समन्वय थप प्रभावकारी बनाउनुपर्ने देखिन आएको छ। कार्यविधिको कार्यान्वयनको अवस्थाको बारेमा अनुगमन गरी निर्देशन दिन मन्त्रालय मातहत केन्द्रीय निर्देशन समिति रहेकोमा समितिको बैठक बस्ने तथा अनुगमन गर्ने कार्य समेत नियमित र प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

१५.२. **कर्जा लगानी प्रोत्साहन** - कार्यविधि अनुसार बैंक तथा वित्तीय संस्थाहरूसँग सहकार्य गरी कर्जा व्यवस्थापन, अनुगमन र अनुदान वितरणको संयोजन गर्ने जिम्मेवारी नेपाल राष्ट्र बैंकको रहेको छ। त्यस्तै, कार्यक्रमलाई प्रभावकारी बनाउन कार्यविधि निर्माण गर्ने र बैंक तथा वित्तीय संस्थाहरूलाई त्यसको पालना गराउने र आवश्यक निर्देशनहरू दिने जिम्मेवारी रहेको छ। सोको लागि नेपाल राष्ट्र बैंकमा केन्द्रीय अनुगमन तथा समन्वय समितिको व्यवस्था गरिएको छ। उक्त समितिले आर्थिक वर्ष २०७९।८० को लागि घोषणा गरिएको बजेटले सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानका लागि विनियोजित बजेटले कर्जाको ब्याजमा मात्र अनुदान प्रदान गर्न सक्ने र थप सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान प्रदान गर्न स्रोत अपुग हुने लगायतका अवस्था विश्लेषण गरेको पाइएको छ। सहुलियतपूर्ण कर्जा लगानी सम्बन्धी नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई प्रोत्साहित गर्ने र सर्वसाधारणलाई कर्जा लिन आह्वान गर्दै अएकोमा उक्त आर्थिक वर्षपश्चात् लगानी प्रोत्साहन गरेको पाइएन।

१५.३. **वित्तीय संस्थाहरु** – कार्यविधिले ऋण परिचालन गर्ने वित्तीय संस्थाहरुलाई सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने, सोको ब्याज हिसाव गणना गरी भुक्तानी लिने, नेपाल सरकारबाट प्राप्त गर्ने ब्याजको मासिक विवरण तयार गरी सोधभर्ना माग गर्ने, कर्जाको प्रकार, उद्देश्य, लगानी रकम, जोखिमको स्तर एवं आवश्यकता अनुसार सदुपयोगिता निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्ने जस्ता काम कर्तव्य तोकिएको छ। सहुलियतपूर्ण कर्जा प्रवाहमा संलग्न वित्तीय संस्थाहरुले गरेको क्रियाकलाप सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्न छन्:

१५.३.१. ग्लोबल आई.एम.इ बैंक, बुडी बजार, पोखरा शाखाबाट दुई साझेदारले निजी घर घितो राखी कृषि फार्म सञ्चालन गर्न रु. १ करोड सहुलियतपूर्ण कर्जा प्राप्त गरी भैंसी पालन गरेकोमा खुद्रा दुध बिक्री आम्दानीबाट क्रमिक रुपमा सावा ब्याज गर्दै गरेको पाइयो। व्यवसायीसँगको अन्तर्क्रियामा भैंसीथप गरी दुध उत्पादन वृद्धि गर्न समेत सहुलियतपूर्ण कर्जा कार्यक्रमले उत्साह प्रदान गरेको प्रतिकृया प्राप्त भएको छ।

१५.३.२. वित्तीय संस्थाहरुले आफूले प्रवाह गरेको कर्जाबाट सञ्चालित व्यवसायको निरन्तर अनुगमन गरी सोको अभिलेख अद्यावधिक अभिलेख नगरेको अवस्था छ। सिभिल बैंकबाट श्री युगिन कृषि फार्म प्रा.लि.ले लाइभस्टक, फिसरी लगायतको व्यावसायिक पशुपालन गर्नको लागि रु.२ करोड ५० लाखको सहुलियत ब्याज सुविधा २ वर्षसम्म उपयोग गरेकोमा तोकिए बमोजिम फार्म सञ्चालन नगरी हाल बन्द अवस्थामा

रहेको छ। फार्मले प्रयोग गरेको जग्गा उपयोग बिहिन अवस्थामा रहेकोले व्यवसायीबाट व्यास नगरपालिकालाई फोहोरमैला व्यवस्थापन गर्न डम्पिङ्ग साइट निर्माण गर्न जग्गा उपलब्ध गराउन प्रयासरत देखिएको छ। व्यवसायीले रु.१२ करोड भन्दा बढीको लगानीमा उक्त जग्गा खरिद गरी तोकिए बमोजिम फार्म सञ्चालन गरेको तर हाल जग्गा बिक्रीको प्रक्रियामा रहेको जनाए पनि सम्बन्धित बैंकले प्रतिक्रिया जनाएको पाइएन।



*सहुलियत कर्जा लिई हाल बन्द रहेको श्री युगिन कृषि फार्म प्रा.लि., तनहुँ*

**१५.३.३.** सञ्चालित व्यवसायको निरन्तर अनुगमन गरी कर्जा उपयोग स्थिति निरीक्षण गर्नु पर्नेमा युनिक मल्टि एग्रो प्रा.लि. कुल ११३ रोपनी जग्गामा व्यावसायिक पशुपालनका लागि सोही फार्म धितो रहनेगरी व्यवसाय विस्तारको लागि रु.४ करोड सहुलियतपूर्ण कर्जा प्रयोग गरेकोमा केही रकम पुरानो ऋण भुक्तानीमा प्रयोग गरेकोले नबिल बैंकबाट सहुलियतपूर्ण ब्याज रकम फिर्ताका लागि पत्राचार गरेको अवस्था छ। व्यवसायको सुरुवातबाट नै लगानी उपयोग यकिन गरेरमात्र सहुलियत दिनुपर्नेमा कर्जा किस्ता सम्पन्न हुनेबेला उपयोग भइसकेको रकम फिर्ता गर्ने कार्य नियमसम्मत देखिँदैन।




**१५.३.४.**कार्यविधि अनुसार व्यवसायमा थप पुँजी निर्माण गर्नका लागि कर्जा रकम सदुपयोग गर्नु पर्नेमा लोकप्रिय कञ्चन कोल्ड स्टोर एण्ड पोल्ट्रि प्रा.लि., पोखराले सानिमा बैंकबाट रु. ६० लाख सहुलियतपूर्ण व्यावसायिक कर्जा लिएकोमा पुरानो व्यवसाय विस्तारको लागि लिएको कर्जा रकम सञ्चालन खर्च (operating expenses) गर्न, पूरानो ऋण भुक्तानमा प्रयोग गरेकोमा बैंकले अनुगमन गरेको भए तापनि यस पछिको प्रगति अवस्था जानकारी गराएको पाइएन।

**१५.३.५.**कार्यविधि अनुसार थप लगानीका लागि कर्जा प्रवाह गर्नुपर्नेमा मुक्तिनाथ बैंकले नमुना अर्ग्यानिक कृषि तथा पशु विकास फार्म प्रा.लि. पोखराको रु.२ करोड २९ लाख, नेपाल एसविआई बैंकले लुम्बिनी सिड्स कम्पनी, सिदार्थनगरको रु.७ करोड ८३ लाख सहुलियतपूर्ण कर्जा दिएको उल्लेख गरेकोमा पहिले धितो राखी लिएको पुरानो ऋण रकमलाई सहुलियतपूर्ण कर्जामा रुपान्तरण गरेको सम्बन्धित ऋणी मार्फत जानकारी भएको छ। बैंकहरुले नगद प्रबाहमा असर नपर्ने गरी पुरानो कर्जालाई सहुलियतपूर्ण कर्जामा रुपान्तरण गर्दा कार्यविधिको पालना भएको देखिएन।

**१५.३.६.**बञ्जारा कृषि फार्म, पोखराले ग्लोबल आईएमई बैंकबाट व्यावसायिक कुखुरा फार्म सञ्चालनका लागि रु.२० लाख सहुलियतपूर्ण कर्जा लिएकोमा शर्त बमोजिम व्यवसाय सञ्चालन गरेको छैन। स्थलगत अनुगमनको क्रममा कुखुरा फार्मसम्म रहेको तर अन्य क्रियाकलाप नभएको अवस्था छ। बिनाधितो जारी भएको सो कर्जा लिने व्यक्ति नै वैदेशिक रोजगारीमा रहेको जानकारीमा आएपनि किस्ता भुक्तानी भइरहेकोले कुनै समस्या नभएको बैंकले जनाएको छ।




*सहुलियतपूर्ण कर्जाबाट सञ्चालन गरेको बञ्जारा कृषि फार्म, पोखरा*

१५.३.७.कार्यविधिले सहुलियतपूर्ण कर्जा जारी गर्दा दोहोरो सुविधा नहुने गरी जारी गर्नुपर्नेमा एनआइसी एसिया बैंकले लुम्बिनी डेरी मिल्क प्रा.लि.,लाई उद्योग धितो राखेर दुध तथा दुधजन्य पदार्थको उत्पादन तथा बिक्रि वितरण व्यवसाय विस्तारका लागि रु. ८ करोड ९७ लाख ८८ हजार सहुलियतपूर्ण कर्जा प्रवाह गरेकोमा स्थलगत अनुगमनको क्रममा उद्योगले नेशनल लाइभस्टक इन्नोभेशन प्रोजेक्ट (NLSIP) बाट पनि रु.४० लाख अनुदान लिएको देखियो। वित्तीय संस्थाहरुले उद्यमीहरुको दोहोरो सुविधा लिए नलिएको यकिन गर्न कुनै नियन्त्रण औजार तयार गरेको देखिएन। साथै उद्योगले कार्यविधि अनुसार कर्जा स्वीकृतिका लागि व्यावसायिक योजना पेस नगरेको कारण लगानीबाट उत्पादित दुध तथा दुधजन्य पदार्थको बजार अभाव रहेको जनाएको छ।






*सहुलियतपूर्ण कर्जा लिई सञ्चालित लुम्बिनी डेरी र NLSIP बाट अनुदान प्राप्त दुध प्रशोधन मेशिन*

१५.३.८.ग्लोबल आईएमई बैंकले नर्सरी प्लान्ट बिरुवाको व्यवसाय विस्तारका लागि तिलोत्तमा एग्रिकल्चर फार्मलाई रु. ९० लाख सहुलियतपूर्ण कर्जा प्रवाह गरेकोमा उक्त रकमबाट जग्गा खरिद गरेको र एकाघरका अर्को व्यवसाय (तिलोत्तमा नर्सरी प्रा. लि.) को नाममा पनि एनआईसी एसिया बैंकबाट सहुलियतपूर्ण कर्जा लिएको जानकारी व्यवसायी आफैँले दिएका छन्। हाल नर्सरी व्यापार राम्रो नभएको हुनाले बैंकको किस्ता तिर्न समस्या भैरहेको जनाएको छ। जग्गाको मूल्य स्थिर हुँदा ब्याज धान्न नसकिएकोले उक्त जग्गा प्लटिङ्ग गरी बिक्री गर्ने र ऋण चुक्ता गर्ने प्रयासमा रहेको उनले जनाएका छन्। एकाघरका व्यक्तिले २ फार्ममार्फत ऋण कारोबार गरी सहुलियत कर्जाको फाइदा लिएपनि सम्झौता अनुसार व्यवसायमा लगानी नगरी जग्गामा लगानी गरेको सम्बन्धमा चाइनिज दुबो उमार्ने प्रयोजनका लागि जग्गा खरिद गरेको जनाए पनि सो कार्य भएको छैन।

१५.३.९.वित्तीय संस्थाहरुले आफुले प्रवाह गरेको कर्जाको सम्झौता अनुसार कार्यान्वयन गर्नु गराउनु पर्नेमा एनआईसी एसिया बैंकले ज्योति कृषि तथा पशुपालन फार्म, बुटवललाई भैँसीपालन व्यवसाय विस्तारको लागि निजी घर धितो राखेर रु.९० लाख सहुलियतपूर्ण कर्जा प्रवाह गरेको देखियो। उक्त रकमबाट व्यवसायीले वार्षिक रु.१ लाख भाडा तिर्नेगरी व्यक्तिको जग्गा भाडामा लिई भैँसी पालन गरेको पाइयो। उक्त रकम खर्च गर्दा व्यवसायीले आफ्नो व्यक्तिगत खातामार्फत खर्च गरेकोले व्यवसायमा नभई अन्य व्यक्तिगत काममा खर्च गरेको जनाई नेपाल राष्ट्र बैंकको आन्तरिक अनुगमन प्रतिवेदनबाट कैफियत जनाएकोमा सो कैफियत सल्टाउन उक्त कर्जा व्यवसायीको स्वीकृति बमोजिम कृषि विकास बैंकमा स्थानान्तरण गर्न लगाएको देखियो। चेक भुक्तानी तरिकामात्र फरक परेको कारण प्रतिवेदनले कैफियत देखाएकोमा बैंकले कर्जा स्थानन्तरण (ट्रान्स्फर) सुविधा मार्फत ऋण व्यवस्थापन गरेको देखियो।

**१५.३.१०.** सियारी गाँउपालिकाको रुक्मिणी पशुपालन फार्मले व्यावसायिक पशुपालनका लागि कृषि विकास बैंकबाट रु.३५ लाख सहुलियतपूर्ण कर्जा लिएको देखियो। उक्त कर्जाबाट पशुपालन गरेको उल्लेख भएकोमा जम्मा ६ वटा गाईमात्र पालेको देखियो। व्यवसायीको भनाई अनुसार पहिला लिएको कृषि कर्जालाई सहुलियतपूर्ण कर्जा सुविधा आएपछि पशुपालन कर्जामा सारेको जनाएको छ। स्वीकृत कर्जाबाट पुरानो कर्जा राफसाफ गरी बाँकी रकम पशुपालनमा लागनी गरेको जनाएको छ।

**१५.३.११.** निर्देशिका बमोजिम ग्राहकबाट ब्याज लिंदा सहुलियत प्राप्त प्रतिशत बराबरको ब्याज रकम घटाई ब्याज लिनुपर्नेमा दाउन्ने फिड्स प्रा.लि. सिद्धार्थनगरले माछापुच्छ्रे बैंकबाट पशुपन्छीहरुको आहार दाना उत्पादन तथा बिक्री वितरण उद्योग व्यवसाय विस्तारको लागि पहिलेदेखि लिँदै आएको रु.१० करोड कर्जालाई सहुलियतपूर्ण कर्जामा रुपान्तरण गरेकोमा पुरै ब्याज लिने र राष्ट्र बैंकबाट सोधभर्ना भई आएपश्चात् सहुलियत रकम फिर्ता दिने गरेको देखियो। सुरुमा ५ वर्षको लागि कर्जा सहुलियत दिनेगरी सम्झौता भए पनि अढाई वर्ष मात्रै सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान सोधभर्ना भएको अवस्था छ। सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान नेपाल राष्ट्र बैंकबाट प्राप्त हुन छोडेको भनी सोधभर्ना प्राप्त नगरेको साथै, सोधभर्ना प्राप्त हुनेगरी लिएको ब्याज रकम रु.३५ लाख बैंकले होल्ड गरेर राखिदिएको जानकारी गराएको छ। उक्त होल्ड रकमका कारण कम्पनीको आसामी (receivables) मा देखिँदा नाफा बढेको कारण आम्दानी कर तिर्नु परेको अवस्था रही दोहोरो मारमा परेको उद्योगीको गुनासो रहेको पाइयो।




*लुम्बिनी सिड्स प्रा.लि., सिदार्थनगर नरगपालिका र दाउन्ने फिड्स प्रा.लि., सिदार्थनगर नगरपालिका*

**१६.** **आन्तरिक अध्ययन प्रतिवेदन** - नेपाल सरकारले आर्थिक वर्ष २०८०।८१ को बजेटमा सहुलियतपूर्ण कर्जाको सदुपयोगिता अध्ययन गर्ने घोषणा गरेको र नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७८।७९ को मौद्रिक नीतिमा पुर्नकर्जा, व्यवसाय निरन्तरता कर्जा तथा सहुलियतपूर्ण कर्जाको प्रभावकारिता तथा उचित उपयोगको अध्ययन गर्ने निर्णय गरेकोले पुनर्कर्जा, व्यावसाय निरन्तरता कर्जा र सहुलियतपूर्ण कर्जाको सदुपयोगिताको अध्ययन गर्न परामार्शदाता छनौट गरी अध्ययन गराएको पाइयो। परामर्शदाताले मूल्याङ्कनको क्रममा १ लाख ७२ हजार ६ सय ५४ ऋणीहरुमध्ये १८.३४ प्रतिशतले हुने ३१ हजार ६७४ ऋणीहरुको फाइल र सो मध्ये १ हजार ८३८ ऋणीहरुको परियोजना स्थलको निरीक्षण गरेको उल्लेख छ। परामर्शदाताले पेस गरेको प्रतिवेदन अनुसार मूल्याङ्कन गरिएका कर्जा फाइलहरुमध्ये समग्र कर्जामा सदुपयोग नभएका कर्जा ७ प्रतिशत, लक्षित वर्गको पहिचान नभएको कर्जा १२ प्रतिशत, दोहोरो सुविधा उपयोग गरेको कर्जा ६ प्रतिशत र दुरुपयोगको आशंका गरिएका कर्जाहरु ११ प्रतिशत रहेको कैफियत उल्लेख छ। उक्त प्रतिवेदन अनुसार व्यावसायिक कृषि तथा पशुपन्छी कर्जातर्फको रु.५ अर्ब

३४ करोड ५४ लाख कर्जा प्रवाह भएको १०,९८१ ऋणीको नमुना परीक्षणबाट निम्न तथ्याङ्क उल्लेख गरिएको छ।

(रकम रु.१० लाखमा)

| क्र.सं. | कैफियत विवरण | नमुना लिएको | | कैफियत बेहोरा देखिएको | | | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | प्रतिशत | रकम | प्रतिशत |
| १ | सदुपयोग नभएका | १०९८१ | ५३४५४ | ५८२ | ५.३ | ४७४३ | ८.९ |
| २ | लक्षित वर्गको पहिचान नभएको | १०९८१ | ५३४५४ | ९३४ | ८.५ | १०१२२ | १९ |
| ३ | दोहोरो कर्जा प्रवाह | १०९८१ | ५३४५४ | ७९२ | ७ | ८५५४ | १६ |
| ४ | कर्जा दुरुपयोग आशंका | १०९८१ | ५३४५४ | २८१५ | २५.६ | १२२३५ | २२.९ |

उल्लेखित तथ्याङ्कले अन्य क्षेत्रमा जस्तै व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा समेत विभिन्न कैफियत देखाएको छ। विवरण अनुसार नमुना परीक्षणको २५.६ प्रतिशत ऋणीले कर्जाको सदुपयोग नभएको देखाएको छ। प्रतिवेदन कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंकले सम्बन्धित वित्तीय संस्थाहरुलाई सम्बन्धित संस्थाले छानबिन एवं परीक्षण गरी पठाउन पत्राचार भएकोमा सो निर्देशन कार्यान्वयन गर्ने क्रममा ऋणीहरुलाई ब्याज फिर्ता गर्न पत्राचार गर्ने, ऋण चुक्ता गरी हिसाव मिलान गर्न लगाउने तथा एवं कर्जा ट्रान्फर गर्ने लगायत विधि अपनाएको पाइयो। प्रतिवेदनमा उल्लेखित बेहोरा कार्यान्वयन गरी सहुलियतपूर्ण कर्जाको उपयोग यकिन गर्नुपर्दछ।

१७. **कर्जा रकम तथा अवधि -** सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ ले व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा अवधि ५ वर्ष कायम गरेको छ। कृषि क्षेत्रको लगानीमा प्रतिफल पाउन सो क्षेत्रको उत्पादन र उत्पादकत्व प्राप्त हुनपर्दछ। सो आधारमा ५ वर्षे अवधि कृषि क्षेत्रको दीर्घकालीन लगानी र प्रतिफलको प्रकृतिसँग मेल खाने देखिएन। व्यावसायिक रुपमा कृषि उपज फलफूल बिरुवा रोपेपछि फल प्राप्त गर्न र व्यावसायिक लाभ लिन कम्तीमा ५देखि १० वर्षसम्म लाग्न सक्छ। त्यस्तै, पशुपालनमा पनि गाई, भैंसी, वा कुखुरा पालनबाट नियमित आम्दानी सुरु हुन र लगानीको प्रतिफल प्राप्त गर्न लामो अवधि लाग्ने हुन्छ। यस्तो अवस्थामा सरकारले सहुलियतपूर्ण कर्जाको अवधि केवल ५ वर्ष तोक्दा वास्तविक कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा समय अपर्याप्त देखिन्छ ।

सङ्घीय संसदको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको २०८१।०३।१८ को निर्णयले कृषि क्षेत्रमा किसानहरुलाई दिने सहुलीयतपूर्ण ऋणको रकम न्यून रहँदा सबै किसानहरुले सहज रुपमा प्राप्त गर्न नसकेकोले मौद्रिक नीति मार्फत सहुलियत ऋणको राशि वृद्धि गर्नुका साथै प्रत्यक्ष कृषि पेशामा संलग्न किसानहरुले मात्र प्राप्त गर्न सक्ने व्यवस्था सुनिश्चित गर्न र प्रकृयागत कठिनाइलाई सहज बनाई व्यवस्थित तबरबाट कार्यन्वयनमा ल्याउन अर्थ, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र नेपाल राष्ट्र बैंकलाई निर्देशन दिएको देखिए पनि सो कार्यान्वयनका लागि समय सीमामा सुधार गर्ने, ब्याज अनुदान रकम बजेट बढाउने लगायत सहजीकरण गरी व्यवस्थित गर्ने काम भएको देखिन आएन।

१८. **अनुगमन मूल्याङ्कन -** सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ को दफा १९(ग) नेपाल राष्ट्र बैंकले सम्बन्धित बैंक तथा वित्तीय संस्थाको आवश्यक अनुगमन, नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने तथा केन्द्रीय निर्देशन समितिले १९.ख(घ) र केन्द्रीय समन्वय तथा अनुगमन समितिले २१(क) बमोजिम अनुगमन गर्नु पर्ने व्यवस्था छ। अर्थ सचिवज्यूको संयोजकत्वमा

केन्द्रीय निर्देशन समिति रहने व्यवस्था रहेको छ। अर्थ मन्त्रालयले उपलब्ध गराएको विवरण अनुसार हालसम्म उक्त समितिको बैठक २०७८।२।२५, २०८०।१२।१८ र २०८१।९।१२ मा तीन पटक बसेको देखिन्छ। समितिको बैठक २०७८।२।२५ को बैठकबाट सहुलियपूर्ण कर्जा र व्यावसायिक निरन्तरता कर्जा कार्यक्रम अन्तर्गत प्रवाह भएका कर्जाको सदुपयोग तथा प्रभावकारिता अभिवृद्धि गर्न नेपाल राष्ट्र बैंङ्क र अर्थ मन्त्रालयबाट नियमित रुपमा अनुगमन गर्ने, कार्यविधिको परिमार्जन गर्ने निर्णय गरेको देखियो।

त्यस्तै, समितिको २०८०।१२।१८ को बैठकले कार्यविधिले तोकेको क्षेत्रमा प्रवाह भए नभएको, ऋण रकमको उपयोग तोकिएको क्षेत्रमा भए नभएको तथा ऋण रकमको दुरुपयोग भए नभएको पहिचान गरी त्यस्तो ऋण रकम कार्यविधिले तोकेको क्षेत्रमा सदुपयोग भएको भन्ने नेपाल राष्ट्र बैंकबाट सुनिश्चित गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुलाई भुक्तानी दिने प्रयोजनार्थ सञ्चित कोषको विद्यमान अवस्था, बजेट विनियोजनको अवस्था तथा बजेटको उपलब्धता समेतलाई विश्लेषण गरी कार्यविधि बमोजिम प्रदान गर्नुपर्ने ब्याज अनुदान, निक्षेप सुरक्षण तथा बिमा प्रिमियम अनुदान रकम भुक्तानीको लागि तालिका बनाएर क्रमश: निकासा दिदै जाने, साथै, त्यस्तो ऋण सदुपयोग भएको वा कार्यविधिले तोकेको क्षेत्रभन्दा अन्यत्र प्रयोग भएको पाइएमा यसरी प्रवाह भएको ऋणमा यस अघि प्रदान गरिएको ब्याज अनुदान रकम समेत ऋण लिने व्यक्ति/संस्थाबाट असुल उपर गराउने एवं त्यस्तो ऋण प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थालाई प्रचलित कानुन बमोजिम कारबाही गर्ने व्यवस्था नेपाल राष्ट्र बैंकले गर्ने गराउने निर्णय भएको पाइयो। उल्लेखित व्यवस्था अनुसार नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक लगायतका सरोकारवाला निकायहरुबाट सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानमार्फत गरिएको लगानीको अनुगमन प्रतिवेदन प्राप्त भएको छैन।

## परिच्छद -४
## निष्कर्ष तथा सुझाव

राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर स्वतन्त्र तथा उन्नतिशील बनाउँदै अर्थतन्त्रको विकास गर्नु आजको प्रमुख आवश्यकता रहेको छ। अर्थतन्त्रको विकासको लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्धन गरी नेपाली श्रम, सीप र स्वदेशी लगानीलाई प्राथमिकतामा राख्नुपर्दछ। यसका लागि राज्य आफैँले भन्दा पनि निजी क्षेत्र समेतको पुँजी परिचालन जरुरी हुन्छ। नेपाल सरकारले कृषि तथा पशुपंक्षीजन्य क्षेत्रको उत्पादन एवं रोजगारी अभिवृद्धि, शिक्षित बेरोजगार युवालाई रोजगारी सिर्जना, युवाहरूले विदेशमा आर्जन गरेको सीप र व्यावसायिक दक्षता उपयोग, महिला उद्यमशील क्षमताको विकास, दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकीकरण एवं प्रवर्धन, लक्षित वर्गका विद्यार्थीलाई शैक्षिक ऋण उपलब्धता र भूकम्प पीडितहरूको निजी आवास निर्माण गर्न स्वदेशी श्रम, सीप र लगानी परिचालन मार्फत स्वदेशमा नै रोजगारी सिर्जना गरी व्यवसायीहरूको वित्तीय लागत घटाई परियोजनाहरू सञ्चालन गरी उत्पादकत्व वृद्धि मार्फत राष्ट्रिय आर्थिक वृद्धिमा योगदान पुऱ्याउने प्रयास स्वरुप सहुलियतपूर्ण कर्जा कार्यक्रम सञ्चालनमा ल्याएको देखिन्छ।

कार्यविधिमा भइरहने संशोधन एवं वित्तीय संस्थाहहरूले गर्ने फरक व्याख्या, लक्षित वर्ग पहिचानमा स्पष्टताको कमी, वित्तीय संस्थाहरूले नाफामूलक क्षेत्रको लगानीलाई प्राथमिकता दिनु, सम्बन्धित निकायबिच समन्वय अभाव, ब्याज अनुदान सोधभर्नामा ढिलाइ, समयमा प्रतिफल मापन तथा अनुगमन मूल्याङ्कन नहुनु जस्ता कारणले सहुलियतपूर्ण कर्जा कार्यक्रममा थप सुधारको आवश्यकता देखिएको छ। व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा कार्यक्रम पनि समग्र कार्यक्रममा देखिएको समस्याको प्रभावबाट अलग छैन। सरकारले दीर्घकालीन असर गर्ने कार्यक्रम घोषणा गर्दा तथ्य र तथ्याङ्कीय आधारमा पर्याप्त अध्ययन विश्लेषण, सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय हुने गरी वित्तीय क्षमतासमेतको आङ्कलनबाट नीतिगत एवं स्पष्ट कानुनी व्यवस्था मार्फत प्रभावकारी कार्यान्वयन खाका समेतको आधारमा निर्णय लिनुपर्ने देखिएको छ।

# लाइभस्टक सेक्टर ईनोभेसन आयोजनाको प्रभावकारिता
## परिच्छेद -१
## परिचय

१. **पृष्ठभूमि** - नेपाल कृषि प्रधान देशको रूपमा परिचित मुलुक हो। तराईको उर्वर भूमिदेखि हिमालका ठूला पाटन तथा बुकीमा फैलिएको चरण क्षेत्रले यहाँको कृषि तथा पशुपालन क्षेत्रको सम्भावना बढाएको छ। आर्थिक विकासको प्रमुख आधारको रूपमा सम्भावना बोकेको कृषि तथा पशुपन्छी क्षेत्रको अर्थतन्त्रमा महत्वपूर्ण योगदान रहेको छ। कृषकहरूको परम्परागत ज्ञान र अनुभवको सदुपयोग गर्दै आधुनिक प्रविधिको उपयोगबाट स्वच्छ तथा गुणस्तरीय पशुपन्छीजन्य पदार्थको उत्पादन गरी आत्मनिर्भर बनाई खाद्य तथा पोषण सुरक्षामा समेत योगदान पुर्‍याउन यो क्षेत्र क्रियाशील छ।

नेपालको संविधानले कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने नीति लिएको छ। कृषि तथा पशुपन्छी क्षेत्रको विकास कार्य संघ, प्रदेश तथा स्थानीय तहले गर्ने गरी अनुसूची ६ र ८ मा प्रदेश र स्थानीय तहको एकल र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा प्रस्तुत गरेको छ। त्यसैगरी राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८ ले पशुपन्छी पालन तथा गुणस्तरीय पशुपन्छीजन्य पदार्थको उत्पादन तथा वितरण सहितको सक्षम र निर्यातमुखी पशु स्वास्थ्य क्षेत्रको विकास गर्ने लक्ष्य लिएको छ। राष्ट्रिय पशुपन्छी प्रजनन् नीति, २०७८ ले पशुपन्छीका विभिन्न जात र नश्लको वंशाणुगत क्षमता संरक्षण, उपयोग तथा विकास गर्दै दूध, माछा, मासु र पश्मिनाको उत्पादकत्वमा वृद्धि गर्ने लक्ष्य लिएको छ। यसै व्यवस्थाको परिकल्पना साकार पार्न पशु पन्छीको उत्पादकत्व वृद्धि, उत्पादनको मूल्य अभिवृद्धि तथा साना पशुपालक कृषक तथा पशु वस्तु विशेष मूल्य श्रृङ्खलामा आधारित उद्यमहरूको जलवायु अनुकूलन क्षमतामा सुधार, पशुपालन क्षेत्रको आधुनिकीकरण र सुदृढीकरण गर्ने मुख्य उद्देश्यका साथ नेपाल सरकार र विश्व बैंकबिच सम्झौता भई ५ प्रदेशमा २८ जिल्लाका २८९ स्थानीय तहहरुमा नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजना २०७४/७५देखि २०८०/८१सम्म ७ वर्ष सञ्चालन भएको छ।

अध्ययनहरूले पशुपन्छीहरूको उत्पादकत्व अपेक्षाकृत कम रहेको र पशुपन्छीजन्य पदार्थको राष्ट्रिय आवश्यकता बढ्दै गएको देखाएको सन्दर्भमा उत्पादन क्षमता बढाई परिपूर्ति गर्नु वर्तमानको आवश्यकता हो। हावापानी, पशुपालन व्यवस्थापनको क्षेत्रमा कृषकको अवस्था र पशुजन्य उत्पादनको राष्ट्रिय र अन्तर्राष्ट्रिय बजार समेतलाई दृष्टिगत गरी उपयुक्त जात विकास तथा प्रजनन् पद्धतिको छनौट, प्रजनन् सेवा विस्तार र यसको नियमन लगायतका कार्य व्यवस्थित गर्न विभिन्न कार्यक्रम सञ्चालित छन्।

आयोजना व्यवस्थापन कार्यालय र क्लस्टर तहमा चारवटा विकेन्द्रित आयोजना सहयोग एकाइहरू मार्फत कार्यक्रम कार्यान्वयन भएको छ। त्यस्तै, वंशावलीमा आधारित नश्ल सुधार कार्यक्रम (PPRS) राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखरा मार्फत सञ्चालन भइरहेको छ। प्रगति विवरणानुसार आयोजनाबाट २ लाख ३७ हजारभन्दा बढी कृषक लाभान्वित भएको क्रियाकलापमा ४२ प्रतिशत महिला सहभागिता रहेको साथै १४ सय कृषि उत्पादक संस्था प्रत्यक्ष लाभान्वित भएका छन्।

२. **संस्थागत व्यवस्था**

२.१. **कार्यालयको परिचय** - नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजना कृषि तथा पशुपन्छी विकास मन्त्रालद्वारा विश्व बैंक (आइ.डि.ए.)को ऋण सहयोगमा सञ्चालित आयोजना हो। पशुपालन क्षेत्रको

आधुनिकीकरण र सुदृढीकरण गर्न नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले विश्व बैंकको सहयोगमा २०७४।७५देखि ७ वर्ष अवधिको लागि देशका ५ प्रदेशमा २८ जिल्लाका २८९ गाँउ तथा नगरपालिकाहरूमा यो आयोजना कार्यान्वयन भएको छ। आयोजनामा विश्व बैंक (आई.डी.ए.) को ८० मिलियन अमेरिकी डलर ऋण सहयोग सहित कुल ११५ मिलियन खर्च गर्ने गरी सम्झौता भएको छ।

नवीन प्रविधिको माध्यमबाट उत्पादन र उत्पादकत्वको वृद्धि, मूल्य श्रृखंलाको विकास, जलवायु अनुकूलन प्रविधिहरूको विकास र उपयोग गर्ने गरी आयोजना डिजाइन भएको छ। आयोजनाले गाई भैंसीको दूध, खसीबोकाको मासु र पश्मिनाको उत्पादकत्व वृद्धि गर्ने, पशुजन्य वस्तुको मूल्य अभिवृद्धि गर्ने र पशु सेवा क्षेत्रको सुदृढीकरण तथा आधुनिकीकरण गर्ने उद्देश्य लिएको छ। आयोजना व्यवस्थापन कार्यालय र क्लस्टर तहमा चारवटा विकेन्द्रिकृत आयोजना सहयोग ईकाईहरू मार्फत कार्यक्रम कार्यान्वयन भएको छ। त्यस्तै, वंशावलीमा आधारित नश्ल सुधार कार्यक्रम (PPRS) राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखरा मार्फत सञ्चालन भइरहेको छ।

नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजना विश्व बैंक अन्तर्गत (आई.डि.ए.) को ८० मिलियन अमेरिकी डलर ऋण सहयोग सहित कुल ११५ मिलियन अमेरिकी डलरको लागतमा नेपालको पशुक्षेत्रलाई सुदृढीकरण गर्दै नवीन प्रविधिको माध्यमबाट उत्पादन र उत्पादकत्वको वृद्धि, मूल्यश्रृखंलाको विकासको साथै जलवायु अनुकूलन प्रविधिहरूको विकास र उपयोग गर्ने गरी तयार गरिएको आयोजना हो।यो आयोजना आ.व. २०७४।७५देखि शुरू भई २०८०।८१ मा सम्पन्न भएको छ।

२.२. **संगठन संरचना** - नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजनाले आफ्नो लक्ष्य बमोजिमको कार्यसम्पादन गर्ने प्रयोजनका लागि केन्द्रीय स्तरको आयोजना कार्यालय १ र विकेन्द्रिकृत आयोजना सहयोग ईकाई ४ सहित लाभग्राही समेतलाई आफ्नो संगठन संरचनाका रूपमा लिएको छ। यसको संरचनागत रूपरेखा देहायअनुसार छः



३. **संस्थाको सोच, लक्ष्य, उद्देश्य र रणनीति -** आयोजना कार्यालयले निर्धारित उद्देश्य हासिल गर्न छुट्टै सोच, लक्ष्य र रणनीति लिपिबद्ध नगरे तापनि उद्देश्य निर्धारण गरी अपेक्षित उपलब्धि हासिल गर्न निम्न क्षेत्रको व्याख्या गरेको छः

**(क) उद्देश्यः** आयोजना कार्यान्वयन मार्फत परम्परागत पशुपालन व्यवसायलाई आधुनिकीकरण गर्दै यस क्षेत्रलाई आय आर्जनको प्रमुख स्रोतको रूपमा विकास गरी आकर्षक क्षेत्रको रूपमा विस्तार गर्न निम्न उद्देश्य लिएको छः

- पशु सेवा क्षेत्रको क्षमता अभिवृद्धि, आधुनिकीकरण र सुदृढीकरण गर्ने,
- दूध, खसी बोकाको मासु र पश्मिनाको उत्पादकत्व र उत्पादन वृद्धि गर्ने,
- दूध, खसी बोकाको मासु र पश्मिनाजन्य पदार्थको मूल्य अभिवृद्धि गराउने,
- पशुपालन क्षेत्रमा थप लगानी आकर्षित गराउने।

**(ख) अपेक्षित उपलब्धिः** आयोजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका प्रमुख उपलब्धिहरू यस प्रकार छन्:

- गाई र भैंसीको दूधमा ४० प्रतिशत वृद्धि हुने,
- खसीबो काको मासु उत्पादनमा २० प्रतिशत वृद्धि हुने,
- उत्पादित दूध, मासु र पश्मिनाको बिक्री ३० प्रतिशतले बढ्ने,
- आयोजनाको सेवा र सामग्री ४५ प्रतिशत महिला सहित कम्तीमा २ लाख कृषक परिवारमा पुग्ने,
- ४५ प्रतिशत महिला सहित कम्तीमा ७ लाख ५० हजार कृषक परिवारले जलवायुमैत्री प्रविधि अभ्यासमा ल्याउने ।

४. **नीतिगत तथा कानुनी व्यवस्था**

४.१. **संवैधानिक व्यवस्था -** नेपालको संविधानको मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त र नीतिमा यस सम्बन्धमा उल्लेख भएका बेहोरा निम्न छन्:

- नेपालको संविधानको धारा ३६ मा मौलिक हकको रूपमा रहेको खाद्य सम्बन्धी हकमा खाद्य सुरक्षा र खाद्य सम्प्रभुता तथा धारा ४४ मा व्यवस्था भएको उपभोक्ताको हकमा उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्रदान गर्ने विषय उल्लेख छ।
- कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने नीति रहेको छ।
- कृषि तथा पशुपन्छी क्षेत्रको विकास कार्य संघ, प्रदेश तथा स्थानीय तहले सञ्चालन गर्ने गरी अनुसूची ६ र ८ मा प्रदेश र स्थानीय तहको एकल र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेको छ।

४.२. **कानुनी तथा नीतिगत व्यवस्था -** पशुपन्छी सम्बन्धी कार्यान्वयनमा रहेका कानुनी तथा नीतिगत व्यवस्था निम्न छन्;

- **राष्ट्रिय पशुपन्छी प्रजनन् नीति, २०७८-** पशुपन्छीका विभिन्न जात र नश्लको वंशाणुगत क्षमताको संरक्षण, उपयोग तथा विकास गर्दै दूध, माछा, मासु र पश्मिनाको उत्पादकत्वमा वृद्धि गर्ने लक्ष्य लिएको।
- **राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८-** पशुपन्छी पालन तथा गुणस्तरीय पशुपन्छीजन्य पदार्थको उत्पादन तथा वितरण सहितको सक्षम र निर्यातमुखी पशु स्वास्थ्य क्षेत्रको विकास गर्ने लक्ष्य रहेको ।
- **वंशावलीमा आधारित दुधालु गाई, भैंसी नश्ल सुधार निर्देशिका, २०७९-** उच्च उत्पादन क्षमता भएका गाई- भैंसीको वंशावलीमा आधारित क्षमताको बारेमा अभिलेख सङ्कलन गरी गाई तथा

भैंसीको उत्पादकत्वमा सुधार गर्ने उद्देश्य रहेको ।

- **पशु सेवा सामाजिक परिचालक छनौट सम्बन्धी मार्गदर्शन, २०७६**- पशु सेवा सामाजिक परिचालक छनौट गरी आयोजना सञ्चालन हुने क्षेत्रमा पशु सेवा सम्बन्धी कार्य सञ्चालनलाई सहज बनाउने उद्देश्य रहेको।
  - नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजना गुनासो व्यवस्थापन कार्यविधि, २०७५
  - सरोकारवाला विचारविमर्श मञ्च गठन तथा सञ्चालन कार्यविधि, २०७५
  - उप-आयोजना अवधारणा पत्र तयारी तथा प्रमाणीकरण विधि, २०७६
  - उप- आयोजना पूर्ण प्रस्ताव तयारी तथा प्रमाणीकरण विधि, २०७६
  - उप-आयोजना सञ्चालन मार्गदर्शन, २०७८
  - जोखिममा आधारित खोरेत रोग नियन्त्रण रणनीति, २०८१

४.३. **संस्थागत व्यवस्था** - पशुपन्छीको विकास र विस्तार मार्फत अर्थतन्त्र सबलीकरण गर्ने क्षेत्रमा निम्न संस्थाहरू कृयाशिल रहेका छन्;

- कृषि तथा पशुपन्छी विकास मन्त्रालय
- पशु सेवा विभाग
- कृषि विभाग
- खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
- राष्ट्रिय पशु आहारा तथा लाईभस्टक गुण नियन्त्रण प्रयोगशाला
- राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्धन कार्यालय
- प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
- राष्ट्रिय पशु प्रजनन् कार्यालय
- प्रदेश र स्थानीय स्तरका कार्यालय

## ५. आवधिक योजना तथा बजेटमा उल्लेखित रणनीति, कार्यनीति -

५.१. **पन्ध्रौ योजना** - राष्ट्रिय योजना आयोगबाट प्रकाशित पन्ध्रौं योजनामा पशुपन्छी क्षेत्रको विकास सम्बन्धमा उल्लेखित व्यवस्था निम्न छन्:

- योजनाले संविधानको अधिकार सूचि, कृषि क्षेत्रको समग्र विकासका लागि मार्गचित्रको रूपमा रहेको कृषि विकास रणनीति (सन् २०१५-२०३५) र दिगो विकास लक्ष्यलाई मार्गदर्शनको रूपमा लिएको छ। योजनामा उल्लेखित रणनीतिले कृषि तथा पशुपन्छीजन्य उत्पादनको व्यवसायीकरण, यान्त्रीकरण र विविधीकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएको छ।
- संघ, प्रदेश र स्थानीय तहको लगानीलाई कृषि क्षेत्रको समग्र विकासमा परिचालन गरिने कुरालाई जोड दिएको छ।
- यन्त्र, उपकरण र प्रविधिहरूलाई मुख्य आधार मानी कृषि उत्पादन एवं युवा लक्षित मर्यादित रोजगारीको समेत अभिवृद्धि गर्ने गरी मूल्य श्रृङ्खला विकास गरिने कार्यनीति रहेको छ।
- व्यवसायसिक पशुपालनलाई सहयोग पुग्ने गरी हिमाली क्षेत्रमा चरन क्षेत्र विकास गरिने कार्यनीति रहेको।
- सहकारी मार्फत कृषकहरूले सेवाको माग गर्ने, योजना तयारी गर्ने, उत्पादन क्षमता अभिवृद्धि गर्ने र बजारीकरण गर्न सक्ने गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यनीति रहेको।

**५.२. वार्षिक नीति तथा कार्यक्रम (बजेट) -** पशुपन्छी विकासको क्षेत्रमा वार्षिक नीति तथा कार्यक्रम/बजेट मा भएका व्यवस्थाहरू निम्नानुसार रहेका छन्;

| आर्थिक वर्ष | बजेट वक्तव्यको बेहोरा | | बिनियोजित बजेट (रू.) |
|---|---|---|---|
| | बुँदा नं | बेहोरा | |
| २०७७।७८ | ८२ | आगामी वर्ष दूध, तरकारी र मासुजन्य वस्तुको उत्पादनमा आत्मनिर्भर हुने गरी लक्षित कार्यक्रम सञ्चालन गरिने | छुट्टै व्यवस्था नगरेको |
| २०७८।७९ | ९४ | कृषि क्षेत्रलाई आधुनिकीकरण तथा व्यावसायीकरण गरी उत्थानशील अर्थतन्त्रको प्रमुख आधारको रूपमा विकास गरिनेछ। कृषि उपजको मूल्य श्रृङ्खलाबाट उत्पादक किसान लाभान्वित हुने व्यवस्था गरिनेछ। | छुट्टै व्यवस्था नगरेको |
| | १०७ | कृषिमा आधारित उद्यम तथा मूल्य श्रृङ्खला विकासको लागि सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने व्यवस्था गरेको। | ७ अर्ब ६० करोड |
| ०७९।८० | ३९ | पशु नश्ल सुधार मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्न पशु प्रजनन् कार्यालयको संस्थागत क्षमता सुदृढीकरण गरी मुलुकका ५१० स्थानीय तहमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइनेछ। | छुट्टै व्यवस्था नगरेको |
| २०८०।८१ | ८४ | कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरण तथा कृषि उपजको भण्डारण तथा बजारीकरणको समुचित प्रबन्ध मिलाइनेछ। खाद्य तथा पोषण सुरक्षालाई उच्च प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ। | छुट्टै व्यवस्था नगरेको |
| | ९८ | कृषि एवं पशुजन्य व्यवसायमा युवा जनशक्तिलाई आकर्षित गरी उद्यमशीलता विकास गर्न स्थानीय तहसँगको सहकार्यमा युवा स्टार्ट अप अनुदान कार्यक्रम सञ्चालन गरिने छ। | १ अर्ब २० करोड |
| | १०६ | खाद्य प्रविधि, पशुपन्छी आहार र पशुपन्छी रोग अन्वेषण प्रयोगशालालाई क्रमशः स्तरोन्नति गरी अन्तर्राष्ट्रियस्तरको बनाइने छ। | छुट्टै व्यवस्था नगरेको |
| २०८०।८१ | १०७ | पशुपन्छीको माहामारी रोग नियन्त्रणका लागि खोप कार्यक्रम सञ्चालन गरिने छ। पशु नश्ल सुधार मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्न आगामी वर्ष उन्नत जातको राँगा, साँढे तथा बोयर बोकाको छ लाख डोज सिमेन उत्पादन गरी सबै स्थानीय तहमा कृत्रिम गर्भाधान सेवा विस्तार गरिने छ। | छुट्टै व्यवस्था नगरेको |

**६. विषय छनौटको औचित्य -** नेपाल सरकारले व्यावसायिक पशुपालन क्षेत्रमा विभिन्न योजना तथा कार्यक्रम मार्फत खर्च गरिरहेको छ। आर्थिक विकासका सूचकमा योगदान गर्न सम्भावना भएको पशुपालन क्षेत्रमा गरेको लगानीले समग्र अर्थतन्त्रको सबलीकरण मार्फत मुलुको समृद्धि र विकासको मार्गचित्रमा लय कायम गर्नुपर्दछ। व्यावसायिक पशुपालन क्षेत्रको प्रवर्द्धन र आधुनिकीकरण तथा व्यवसायिकीकरण मार्फत कृषकमा उद्यमशीलता विकास गर्ने र आत्मनिर्भर बनाउने साथै पशुजन्य उत्पादन र उत्पादकत्व अभिवृद्धि मार्फत निर्यात सक्षम मुलुको रूपमा विकास गर्न अनुदान तथा सरल ऋण सुविधा अन्तर्गतका कार्यक्रम सञ्चालन हुँदै आएको छ। आर्थिक वर्ष २०७४।७५देखि सञ्चालनमा आएको आयोजना र यस अन्तर्गतका क्रियाकलापको कार्यन्वयन स्थिति अध्ययन गरी सुझाव सहितको प्रतिवेदन तयार गर्न यो विषयको छनौट गरिएको हो।

# परिच्छेद -२
# लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

७. **लेखापरीक्षणको उद्देश्य** - नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजना व्यवस्थापनको समग्र पक्षहरूमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको दृष्टकोणबाट अध्ययन, मूल्याङ्कन तथा विश्लेषण गरी देखिएका समस्या समाधानका लागि सुधारका उपयुक्त सुझाव सहितको प्रतिवेदन गर्न यो विषय छनौट भएकोमा लेखापरीक्षणका प्रमुख उद्देश्य निम्न रहेका छन्ः

- कृषक समूह तथा संस्थाको छनौट र उनीहरूको क्षमता र सक्षमताको अध्ययन तथा विश्लेषणगर्नु,
- कृषकहरूको लगानी र कर्जा व्यवस्थापनको अध्ययन तथा विश्लेषणगर्नु,
- आयोजनाले तय गरेको उपलब्धी सम्बन्धमा उत्पादकत्व र मूल्य श्रृङ्खला अन्तर्गतको अनुदान कार्यर्क्रमको दिगोपनाको अध्ययन तथा विश्लेषणगर्नु ।

८. **लेखापरीक्षणको क्षेत्र** - यस विषयको कार्यमूलक लेखापरीक्षणमा आयोजनाको आवश्यकता, उद्देश्य तथा अपेक्षित उपलब्धि, आयोजनाले समेट्ने भौगोलिक क्षेत्र, पशुपालन व्यवसायीको छनौट, बजेट र समय व्यवस्थापन, लगानी व्यवस्थापन, खरिद व्यवस्थापन साथै आयोजनाको प्रभावकारिता र दिगोपना जस्ता पक्षहरूलाई अध्ययन विश्लेषण गरिएको छ। लेखापरीक्षणमा आयोजना कार्यान्वयनमा रहेका काठमाडौं, काभ्रेपलाञ्चोक, कास्की, रुपन्देही, उदयपुर, सिरहा, सप्तरी र धनुषा जिल्लाका ४५ व्यवसाय तथा व्यवसायीहरूलाई प्रत्यक्ष रूपमा आयोजना कार्यान्वयन स्थलमा भेटघाट गरी कार्यन्वयनको अवस्थाका बारेमा जानकारी सङ्कलन  गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिको लागि यस आयोजना व्यवस्थापन कार्यालय, आयोजनाको विकेन्द्रिकृत आयोजना सहयोग इकाईहरू, पशुसेवा विभाग र कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रकाशन गरेका सामग्रीहरूबाट समेत तथ्याङ्क, सूचना तथा जानकारी सङ्कलन  भएको छ।

९. **लेखापरीक्षणको पद्धति र विधि**

(क) **पद्धति** - यस कार्यमूलक लेखापरीक्षणमा आवश्यकता अनुसार नतिजामूलक र प्रकृयामुलक पद्धतिको अवलम्बन गरिएको छ। आयोजनाले तोकेको उद्देश्य तथा अपेक्षित नतिजा हासिल भए नभएको, आयोजनाको असर, प्रभाव तथा दिगोपना जस्ता विषयको सन्दर्भमा विश्लेषण गरिएको छ।

(ख) **विधि** - लेखापरीक्षणको प्रमाण सङ्कलनको लागि स्थलगत निरीक्षण, अनुदानग्राही तथा आयोजना र मन्त्रालयका जिम्मेवार पदाधिकारीसँग छलफल, कागजात भिडान, प्रश्नावली लगायत विधिको प्रयोग गरिएको छ। विषयसँग सम्बन्धित जोखिमको मूल्याङ्कन गरी पहिचान गर्ने विषयहरूको परीक्षण गर्ने सन्दर्भमा सक्षम, पर्याप्त र सान्दर्भिक प्रमाण सङ्कलन  गर्न आवश्यकताअनुसार नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि, विस्तृत  विवरणको परीक्षण विधि समेत प्रयोग गरिएको छ। लेखापरीक्षणसँग सम्बन्धित कार्य सम्पादनको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क तथा सूचनाको परीक्षण र भिडान, निरीक्षण, गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल, विश्लेषण समेतको प्रक्रियामूलक विधि समेत अवलम्बन गरिएको छ। लेखापरीक्षण आधारको रूपमा विषयसँग सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्थामा उल्लेख भएका विषयहरूलाई लिइएको छ। लेखापरीक्षणको दौरानमा र लेखापरीक्षण सम्पन्न भएपश्चात् व्यवस्थापनसँग देखिएका बेहोरा उपर छलफल गरी प्राप्त टिप्पणी समेतका आधारमा  प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणका विभिन्न चरणमा आवश्यकतानुसार नागरिक समाज तथा संस्थाको संलग्नता गराइएको छ।

१०.	**लेखापरीक्षणको सीमा -** लेखापरीक्षण नेपाल लाईभस्क सेक्टर ईनोभेसन आयोनेजनाको सञ्चालन तथा व्यवस्थापनमा केन्द्रित रहेको छ। लेखापरीक्षण गर्ने प्रयोजनका लागि विभिन्न पक्षसँग छलफल र द्वितीय स्रोतबाट सूचना तथा जानकारी सङ्कलन  गरिएको छ। लेखापरीक्षणको क्षेत्र, लेखापरीक्षणको क्रममा स्थलगत अनुगमनको लागि छनौट गरिएका उप-आयोजनाको संख्या, प्राप्त सूचनाको विश्वनीयता, सूचना विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान,  नियन्त्रण जोखिमको मात्रा, कार्यालयबाट लेखापरीक्षणमा लागि प्राप्त स्रोत साधन आदि लेखापरीक्षणको सीमाका रुपमा रहेका छन्।

# परिच्छेद - ३

## लेखापरीक्षणबाट देखिएका बेहोराहरू

**सकारात्मक पक्ष -** दातृ निकाय र नेपाल सरकारको सम्वद्ध निकायमा पेश गरेको आयोजना सम्पन्न प्रतिवेदन अनुसार आयोजनाको सकारात्मक पक्षहरू देहाय अनुसार रहेका छन्:

**अनुसन्धान तथा तालिमः**

- यस आयोजनाले ४९९९ पशु प्राविधिकहरूलाई पशुसेवा सम्बन्धी 1देखि १२ दिने तालिमका साथै ९३९२ कृषकहरूलाई आयोजना प्रस्ताव तथा व्यापार योजना तयारी र उप-आयोजना व्यवस्थापान तालिम प्रदान गरेको। ५८ उद्यमीहरूलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मान्यता प्राप्त डेरी विविधिकरण सम्बन्धी ९० दिने क्षमता विकास तालिम प्रदान गरेको।
- अनुदान कार्यक्रमबाट खरिद गरेका सबै पशुधनको बिमा गर्न गराउन सहजीकरण गर्ने साथै किसान र बिमा कम्पनीबिच सम्पर्क र समन्वय गर्न १५३ पशु बिमा एजेन्टहरूलाई तालिम प्रदान गरी परिचालन गरेको।
- ३३ वटा सहकारीहरूलाई साइलेज उत्पादन सम्बन्धी तालिम दिई मेशिन समेत उपलब्ध गराइएको। यसबाट सुख्खा सिजनमा पशुको खाधान्न लागतमा करिब ४० प्रतिशत बचत भएको।
- अग्रभाग सेवाप्रदायक (Frontline Services Provider) को रूपमा १०६ जना पशुसेवा सामाजिक परिचालक नियुक्त गरी लाभग्राही किसान, समूह, सहकारी तथा निजि फार्महरूलाई सेवा गर्न आयोजना क्षेत्रमा परिचालन गरेको ।

**भौतिक संरचना तथा उपकरण वितरणः**

- राष्ट्रिय पशु प्रजनन् केन्द्र, पोखरामा ल्याबको लागि यू. एस.जी. मेशिनकासाथै अन्य उपकरण जडान, क्वारेन्टाइन सेड र आधुनिक सेड निर्माण भएको । सिमेन उत्पादनको लागि अमेरिकाबाट ६ वटा साढे ल्याईएको जसबाट प्रतिवर्ष ७५ हजार डोज सिमेन उत्पादन भई देशैभर वितरण भईरहेको। यस अतिरिक्त कोशी र मधेश प्रदेशको लागि पशुप्रजनन् केन्द्र लहानमा सिमेन प्रोसेसिङ ल्याब स्थापाना भएको ।
- २८ पशु सेवा केन्द्र, ४ तालिम केन्द्र, नेपाल पशु चिकित्सा परिषदको भवन र ५ पशुहाट बजार निर्माणका साथै पालिका अन्तर्गतका पशुपेवा केन्द्रलाई भ्याक्सिन भणडारणको निमित्त फ्रिज लगायत ल्याब सामग्री प्रदान गरेको। केन्द्रीय पशु प्रयोगशालाको क्षमता अभिवृद्धिमा सहयोग गरेको र पशुजन्य उत्पादन निर्यातका लागि अवरोधको रुपमा रहेको खोरेत रोग नियन्त्रणका लागि अन्तर्राष्ट्रिय स्तरको वायो सेफ्टी लेभल २ प्लस निर्माण भएको ।
- गाई आनुबांशिक स्रोतकेन्द्र जिरि र बाख्रा आनुबांशिक स्रोतकेन्द्र बुढीतोला तथा चित्लाङमा भौतिक संरचनाहरु निर्माण भई उक्त स्रोत केन्द्रहरुको क्षमता विकास भएको ।
- दुग्ध विकास संस्थान अन्तर्गतका विराटनगर दुग्ध वितरण आयोजना र लम्विनी दुग्ध वितरण आयोजनामा धुलो दूध उत्पादन लागत घटाउन सहयोग पुग्ने आधुनिक मेशिन जडान भएको ।

**माहामारी नियन्त्रणः**

- सात वर्षमा १६ लाख ३ हजार पशुलाई मुख तथा खुट्टामा लाग्ने रोग विरूद्धको भ्याक्सिन लगाईएको जसका कारण सन् २०१८ को तुलनामा सन २०२२ मा यस सम्बन्धी रोग संक्रमण दर ५७ प्रतिशतले घटेको। सोही अवधिमा ४ करोड ५५ लाख २५ हजार पशुलाई पि.पि.आर भ्याक्सिन लागाएको। जसका कारण रोग सम्बन्धी महामारीमा सन २०१८ को तुलनामा २०२२ मा ८९ प्रतिशतले कमी आएको।
- आयोजनाको शुरू स्कोपमा नभएको लम्पकि स्कीन रोग २०८० साउन महिनासम्म ७७ वटै जिल्लामा फैलिई ११ लाख पशु प्रभावित भएको र ४८ हजार ८ सय पशु मरेकोमा विश्व बैंकको सहमतिमा

परियोजनाबाट लम्पकि स्कीन विरूद्धको ११ लाख डोज खोप खरिदगरी देशैभरीका पशुमा लगाई यो महामारी नियन्त्रण गरेको ।

**वित्तीय सहयोगः**

- अनुदानको लागि ३ चरणमा सार्वजनिक सूचना प्रकाशन भई ६२९ कृषक समूह, सहकारी तथा निजी फार्महरूसँग सम्झौता भएकोमा रू.२ अर्ब ३५ करोड ५० लाख को ४४६ उप-आयोजना सम्पन्न भई पूँजिगत संरचना तथा मालवस्तु खरिदका लागि कृषक समूह, सहकारी तथा निजी फार्महरूलाई ५० प्रतिशतले हुन आउने पुरक अनुदान रू.१ अर्ब ९२ करोड ३६ लाख ६८ हजार निकासा भएको छ। अनुदान निकासा मध्ये डेरी उद्योगको लागि २५९ उप- आयोजनामा रू.१ अर्ब २१ करोड १६ लाख ५ हजार, खसीबोकाको मासुको लागि १७४ उप-आयोजनामा रू.६३ करोड ६६ लाख ७८ हजार र च्याङ्ग्रा पश्मिनाको लागि १३ उप-आयोजनाहरूमा रू.७ करोड ५३ लाख ८४ हजार निकासा भएको छ। विभिन्न १० वित्तीय संस्थाहरूका ५० शाखामार्फत रू.१ अर्ब ६४ करोड २ लाख ८४ हजार ऋण लगानी भएको छ।

**अन्यः**

- कृषिक्षेत्रका सरोकारवाला, कृषक समूह, आपूर्तिकर्ता, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र सरकारी सेवा प्रदायबिच पशुसेवा क्षेत्रको विकासका लागि आवश्यक विषयमा वृहत्त छलफल गरी निश्कर्ष र सहमति गर्ने उद्देश्यका साथ कृषि तथा पशुन्छी विकास मन्त्रालयको सचिवको नेतृत्वमा १ केन्द्रीय, पशु तथा मत्स्य विकास निर्देशनालयको निर्देशकको नेतृत्वमा ५ प्रादेशिक र जिल्ला समन्वय अधिकारीको नेतृत्वमा २८ जिल्ला स्तरको सरोकारवाला संवाद प्लेटफार्म निर्माण भएको।
- पशुधनको विकासमा महत्वपूर्ण मानिएको राष्ट्रिय पशुपन्छी प्रजनन् नीति, २०७८ र राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८ मिति २०७८ पौष ३० को मन्त्रिपरिषदको निर्णयले स्वीकृत भई कार्यान्वयनमा रहेको। साथै खोरेत रोग नियन्त्रणका लागि जोखिममा आधारित खोरेत रोग नियन्त्रण रणनीति र भेटेरिनरी गुणस्तर तथा औषधी नियमन सम्बन्धी Laboratory Manual तयार भएको ।
- आयोजना कार्यान्वयनको सिलसिलामा क्लस्टर तहमा चारवटा विकेन्द्रिकृत आयोजना सहयोग इकाईहरू मार्फत आयोजनाबाट २ लाख ३७ हजारभन्दा बढी कृषक लाभान्वित भएको क्रियाकलापमा ४२ प्रतिशत महिला सहभागिता रहेको साथै १ हजार ४ सय कृषि उत्पादक संस्था प्रत्यक्ष लाभान्वित भएका छन् । यो आयोजनाले १ हजार ७ सय उत्पादक संस्था (कृषक समूह र सहकारी) मा आवद्ध भएका ४२ प्रतिशत महिला सहित २ लाख लाभग्राहीलाई प्रत्यक्ष लाभ पुऱ्याउने लक्ष्य राखेको छ।

**यस आयोजनाको नवप्रवर्तनहरु -** आयोजनाले गरेका नवप्रवर्तन सम्बन्धी कार्यहरू निम्न छन्;

- जिल्ला स्थित भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रहरू, राष्ट्रिय पशु प्रजनन् केन्द्रहरू र पशुसेवा विशेषज्ञ केन्द्रहरूमा अल्ट्रा साउण्ड मेसिन जडान गरी पशु चिकित्सा सेवामा नवप्रवर्तन प्रवर्धन भएको । साथै केन्द्रिय रिफरल पशु चिकित्सालय, काठमाडौं र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बिराटनगर, महोतरी, चितवन, मकवानपुर, पोखरा, भैरहवा र कञ्चनपुरमा डिजिटल एक्सरे मेशिन जडान भएको ।
- आयोजनाको क्षेत्रमा ५० लाख डोज भ्याक्सिन स्टोर गर्न मिल्ने ७ ठुला, २५ लाख डोज भ्याक्सिन स्टोर गर्न मिल्ने १४ साना कोल्डचेन निर्माण भएको । १०० नगरपालिकाहरूलाई भ्याक्सिन स्टोरको लागि १ वटाका दरले विशेष रेफ्रिजेरेटर, ३२ पशु क्वारेन्टिन कार्यालयहरूलाई १ का दरले रेफ्रि जेरेटरका साथै २४६ लिटर क्षमताका २ हजार ३३२ कुलबक्स वितरण गरेको छ। यस कार्यले

कोल्डचेन पूर्वाधारको विस्तार भई वृहत्त भ्याक्सिनेसन क्याम्प सञ्चालन गर्न र आपत्कालिन अवस्थामा भ्याक्सिन भण्डारण गर्न मद्दत पुग्ने आयोजनाको विश्वास छ।

- वंशावलीमा आधारित दुधालु गाई, भैंसी नश्ल सुधार निर्देशिका, २०७९ स्वीकृत भई कार्यान्वयनमा रहेको र वंशावलीमा आधारित पशु नश्ल सुधार कार्यक्रम सञ्चालन भई आयोजना अवधिमा ५ हजार ६५८ पशु उक्त प्रणालीमा दर्ता भएको ।

११. **कार्यक्रमको आवश्यकता पहिचान** - "लाईभस्टकको उत्पादकत्व वृद्धि, उत्पादनको मूल्य अभिवृद्धि तथा साना पशुपालक कृषक तथा पशु वस्तु विशेष मूल्य श्रृंखलामा आधारित उद्यमहरूको जलवायु अनुकूलन क्षमतामा सुधार पशुपालन क्षेत्रको आधुनिकीकरण र सुदृढीकरण गर्न मुख्य उद्देश्यका साथ यो आयोजना सञ्चालन भएको हो। विश्व बैंकको ८० मिलियन अमेरिकी डलर सहूलियतपूर्ण ऋणसहित नेपाल सरकार, लाभग्राही र बैंक तथा वित्तीय संस्थाको ऋण लगानी समेत कूल ११५ मिलियन अमेरिकी डलर लगानी रहने गरी २०७४।१०।७ मा आयोजना सम्झौता भई २०७४।११।१६देखि आयोजना कार्यान्वयनमा आएको छ। आयोजना समाप्तिको अन्तिम मिति २०८१।३।१६सम्म रहेको यो आयोजना देशका ५ प्रदेशमा २८ जिल्लाका २८९ गाँउ तथा नगरपालिकाहरूमा सञ्चालित छ। संघ, प्रदेश र स्थानीय तहका सरकारसँगको समन्वय र कृषक समूह, सहकारी र निजी क्षेत्र सँगको सहकार्यमा सञ्चालित आयोजनाले उत्पादनशील पूँजी, पशु सेवा र बजार पूर्वाधार विकास, क्षमता अभिवृद्धि, संस्थागत र नियमन सुदृढिकरण दुवै कार्यहरू एक अर्कामा परिपूरक हुने क्रियाकलाप सञ्चालन गरेको छ। आयोजना मातहत भएका मुख्य क्रियाकलापहरू देहायअनुसार रहेका छन्:

**(क)** नियामक तथा संस्थागत क्षमता सबलीकरणः (Strengthening Critical Regulatory and Institutional Capacity)- यस अन्तर्गत निम्न कार्यहरू गर्ने गरी आयोजना डिजाइन भएको छ ।

- नीति तथा नियमन व्यवस्था सुदृढीकरण
- संस्थागत सुदृढीकरणमा सहयोग
- पशु सेवा व्यवस्थापन सूचना प्रणालीको विकास तथा उपयोग

**(ख)** पशु सेवा क्षेत्रमा नवीनता प्रवर्धन तथा सेवा प्रवाह आधुनिकीकरणः (Promoting Sector Innovation and Modernizing Service Delivery)- यस क्रियाकलाप अन्तर्गत निम्न क्षेत्रमा कार्य गर्ने गरी आयोजना प्रतिवेदन तयार भएको छ;

- उत्पादक संस्थाहरूलाई सहयोग
- सेवाको आधुनिकीकरण तथा उत्पादन सामग्रीहरूको व्यवस्थापन
- कृषकहरूका लागि तालिम तथा प्रसार सेवा

**(ग)** निश्चित पशुजन्य उत्पादनहरूमा साना कृषक समावेशी मूल्य श्रृंखला प्रवर्द्धनः (Promoting Smallholder Inclusive Value Chains For Selected Livestock Commodities)- यस क्रियाकलाप अन्तर्गत गरिने कार्य निम्न छन् ।

- उत्पादनशिल साझेदारीको विकास
- पशुजन्य विशेष मूल्य श्रृंखलामा लगानी सहयोग
- आयोजना व्यवस्थापन तथा ज्ञान सम्वर्द्धन (Project Management and knowledge Generation)

**सुधारका पक्षहरुः**

१२. **आयोजनाको कार्यक्षेत्र र बजेट व्यवस्था** - विश्व बैंकसँग २०७४।१०।७ मा भएको सम्झौता अनुसार यस आयोजनाले ४ क्षेत्रमा कार्य गर्ने गरी बजेट व्यवस्था गरेको छ। विभिन्न समयमा भएको थपघट पश्चात् कायम भएको संस्थागत तथा आवश्यक नियामक क्षमता सबलीकरण, पशु सेवा क्षेत्रमा नवीनता

प्रवर्धन तथा पशु सेवा प्रवाह आधुनिकिकरण, निश्चित पशुजन्य उत्पादनहरूमा साना कृषक समावेशी मूल्य श्रृंखला प्रवर्धन र आयोजना व्यवस्थापन तथा ज्ञान सम्वर्द्धनमा भएको बजेट व्यवस्था देहाय अनुसार छः

| संभाग | इकाई | आयोजनाको सुरू बजेट | | | २४ जुन, २०२४ मा भएको अन्तिम संशोधन पश्चात् कायम बजेट | | | | | सुरू बजेटको तुलनामा संशोधित बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विश्व बैंक | नेपाल सरकार | जम्मा | विश्व बैंक | नेपाल सरकार | लाभग्राह ी | बैंक तथ वित्तीय संस्था | जम्मा | |
| क. | US$M | ५ | २ | ७ | ०.२५ | ०.०५ | ० | ० | ०.३० | ४.२८ |
| ख. | US$M | ४० | ५ | ४५ | १६.५८ | ३.०७ | ० | ० | १९.६५ | ४३.६६ |
| ग. | US$M | ३० | २४.५ | ५४.५ | १६.९६ | ०.४ | ५.९ | ८.८६ | ३२.१२ | ५९.४८ |
| घ. | US$M | ४.५ | ३.५ | ८ | ४.६५ | २.३८ | ० | ० | ७.०३ | ८७.८७ |
| पि.पि.ए. | US$M | ०.५ | ० | ०.५ | ०.०६ | ० | ० | ० | ०.०६ | १२ |
| जम्मा | | | | ११५ | | | | | ५९.१६ | |

उपर्युक्त तालिका अनुसार सुरु सम्झौतामा आयोजनाको कुल लागत ११५ मिलियन अमेरिकी डलर रहेकोमा १६ मार्च २०२२ मा पहिलो ३० जुन २०२३ मा दोस्रो र २४ जुन २०२४ मा तेस्रो पटक सं‍ंशोधनभई आयोजनाको बजेट ५९.१६ मिलियन कायम भएको छ। लाईभस्टक गुरुयोजना तयारी कार्य, लाईभस्टक म्यानेजमेन्ट इन्फरमेसन सिस्टम, स्थानीय तहहरुलाई पशुसेवाको ल्याब सामग्री वितरण जस्ता महत्वपूर्ण क्रियाकलाप कटौति गरी अन्तिम बजेट कायम गरेको देखिन्छ।

१३. **बजेट विनियोजना तथा खर्चको स्थिति -** आयोजनाको ४ क्षेत्रमा भएको बजेट विनियोजन र खर्चको स्थिति देहाय अनुसार रहेको छः

| संभाग | सुरू सम्झौता अनुसार विनियोजन (US$ M) | २४ जुन, २०२४ मा भएको अन्तिम संशोधन पश्चात् कायम बजेट (US$M) | | | | | ३० जुन, २०२४ सम्मको खर्च (US$M) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विश्व बैंक | नेपाल सरकार | लाभग्राह ी | बैंक तथ वित्तीय संस्था | जम्मा | विश्व बैंक | नेपाल सरकार | लाभग्राह ी | बैंक तथ वित्तीय संस्था | जम्मा |
| क. | ७ | ०.२५ | ०.०५ | ० | ० | ०.३० | ०.२५ | ०.०५ | ० | ० | ०.३० |
| ख. | ४५ | १६.५८ | ३.०७ | ० | ० | १९.६५ | १६.३५ | ३.०४ | ० | ० | १९.३९ |
| ग. | ५४.५ | १६.९६ | ०.४ | ५.९ | ८.८६ | ३२.१२ | १६.८५ | ०.३९ | ५.९ | ८.८६ | ३२ |
| घ. | ८ | ४.६५ | २.३८ | ० | ० | ७.०३ | ४.६ | २.३६ | ० | ० | ६.९६ |
| पि.पि.ए. | ०.५ | ०.०६ | ० | ० | ० | ०.०६ | ०.०६ | ०.०२ | ० | ० | ०.०८ |
| जम्मा | ११५ | | | | | ५९.१६ | | | | | ५८.७३ |

विवरण अनुसार आयोजनाका ४ क्षेत्र तथा पि पि ए मा ३० जुन २०२४ को संशोधन पश्चात् अमेरिकी डलर ५९.१६ मिलियन बजेट कायम भएको मध्ये ५८.७३ मिलियन खर्च भएको छ। आयोजनाको महत्वपूर्ण क्षेत्र मानिएको निश्चित पशुजन्य उत्पादनहरूमा साना कृषक समावेशी मूल्य श्रृंखला प्रवर्धन (संभाग "ग") अन्तर्गत किसान तथा पशुपालक व्यवसायिहरूलाई दिने पूरक अनुदान विनियोजन भन्दा कम खर्च भएको छ। आयोजनाको सुरू बजेट ११५ मिलियनको तुलनामा ५१ प्रतिशत बजेट कायम भए पनि कायम बजेट समेत शत प्रतिशत खर्च भएको देखिएन । यसबाट आयोजना सम्झौता चरणको उद्देश्य अनुरुप खर्च नभएकोले अपेक्षित उपलब्धि हासिल हुन सकेको देखिएन । लक्ष्य अनुसार उपलब्धि हासिल गर्नुपर्दछ।

**१४. प्रगति स्थिति -** विश्व बैंक र नेपाल सरकारबिच भएको आयोजना सम्झौताको अनुसुची १ मा आयोजना नतिजाको रूपरेखा उल्लेख गरिएको छ। आयोजनाले तयार गरेको आयोजना सम्पन्न प्रतिवेदनमा उल्लेख गरेको प्रगति र सो सम्बन्धमा देखिएका बेहोरा देहाय अनुसार रहेका छन्ः

**१४.१. दूध उत्पादन -** आयोजना सम्झौतामा उल्लेखित आधाररेखा परिमाण आयोजना तयारीको चरणमा २०७३।७४ मा गरिएको संक्षिप्त ग्रामिण मूल्याङ्कनको आधारमा राखिएकोमा २०७६।७७ मा आयोजनाले आधाररेखा सर्वेक्षण गरेको साथै २०७७।७८ मा पहिलो र २०७८।७९ मा दोस्रो घरधुरी सर्वेक्षण गरेको देखियो। आयोजनाको शुरू सम्झौता अनुसार २०७९।८० मा आयोजना सम्पन्न हुने भएकोले सो वर्ष अन्तिम सर्वेक्षण (End line Survey) गरेको देखियो। यसका आधारमा गाई तथा भैंसीको दूध उत्पादनमा भएको वृद्धिको बेहोरा देहायमा उल्लेख छः

**(क) गाईको दूध उत्पादन स्थिति -** अन्तिम सर्वेक्षण अनुसार २०७६।७७ को आधाररेखा सर्वेक्षणको तुलनामा प्रतिवर्ष प्रतिगाईको दूध उत्पादन १ हजार २३२ लिटरबाट २ हजार २०४ लिटर अर्थात ८०.३२ प्रतिशत वृद्धि भएको छ। आयोजनाको लक्ष्य गाईको दूध उत्पादनमा ४० प्रतिशत वृद्धि गर्ने रहेकोमा दोब्बर उपलब्धि प्राप्त भएको उल्लेख छ। तर आयोजनाको अवधि १ वर्ष थप भई २०८०।८१ कायम भएको र सो अवधिको प्रगति प्रतिगाईबाट प्रतिवर्ष १ हजार ६९६ लिटर दूध उत्पादन हुने उल्लेख छ जुन २०७६।७७ तुलनामा ३८.७८ प्रतिशत बढी भए तापनि २०७९।८० भन्दा २३ प्रतिशत कम रहेको छ ।

| आ.व. | लक्ष्य (प्रतिशत) | उपलब्धि (लि.) | २०७६।७७ को सर्वेक्षणका आधारमा वृद्धि (प्रतिशत) |
|---|---|---|---|
| २०७४/७५ | ० | - | - |
| २०७५/७६ | ५ | - | - |
| २०७६/७७ | १५ | - | - |
| २०७७/७८ | २५ | १२३२ | ०.८२ |
| २०७८/७९ | ४० | १४९८ | २२.६२ |
| २०७९/८० | ४० | २२०४ | ८०.३२ |
| २०८०/८१ | ४० | १६९६ | ३८.७८ |

*(आयोजना सम्झौतामा उल्लेखित आधारः गाई ४५० लि./वर्ष र सन् २०२० को आधारः १२२२ लि./वर्ष)*

आयोजनाको सर्वेक्षण प्रतिवेदनमा २०८०।८१ को अवधिमा दूध उत्पादन बढेको देखाए तापनि एक आर्थिक वर्षमै दूध उत्पादन अत्याधिक घटेको सम्बन्धमा स्पष्ट आधार पेश भएको छैन। स्थलगत अवलोकनको क्रममा प्राइभेट लिमिटेडको रुपमा सञ्चालित फार्म र व्यावसायिक रुपमा गाईपालन गरी दूध उत्पादनमा गरिरहेका पुराना सहकारी बाहेक कृषि समूह/सहकारी संस्थाबाट संचालित केही फार्महरू बन्द भइसकेको, केही स्थानका संरचना स्थानीय व्यापारीलाई बिक्री गरिसकेको, केही संरचनामा १/२ वटा गाई मात्र रहेको र केही स्थानमा संरचना रहेपनि गाईहरू आयोजना अवधिभित्रै मरिसकेको देखिन आएको छ। अतः माथि उल्लेखित तथ्याङ्क सङ्कलन को आधार र कार्यक्रम सञ्चालनको नतिजा तोकिए अनुसार भएको भन्नेमा सुनिश्चित हुन सकिएन।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट आ.व. २०७९।८० मा जारी भएको कृषि तथ्याङ्क अनुसार आयोजना लागु भएका जिल्लाहरुमा प्रति गाई १ हजार ५८७ लिटर दूध प्रतिवर्ष उत्पादन भएको उल्लेख रहेकोले आयोजनाले प्रस्तुत गरेको तथ्याङ्क र मन्त्रालयको तथ्याङ्कमा समानता रहेको कार्यालयको प्रतिकृया रहेको छ।

**स्थलगत अनुगमनबाट देखिएका व्यहोराः**

**क.** **आपूर्तिमा आधारित (Supply based) वितरण** - श्री रामजानकी कृषि तथा पशु पालन विकास कम्पनी प्रा.लि. लक्ष्मीनियाँ १, धनुषाले गाई र भैंसी पालनको लागि पूरक अनुदान रू.२६ लाख ९४ हजार र ऋण रू.३२ लाख ८० हजार समेत जम्मा रू.५९ लाख ७४ हजार लगानी गरी सञ्चालन गरेको फार्ममा आयोजना प्रस्ताव र अनुदान वितरण विवरण अनुसार होलिस्टिन क्रस ७ र जर्सी ३ गरी १० गाई तथा मुर्रा क्रस ६ भैंसी हुनुपर्नेमा फार्ममा ४ गाई र ६ भैंसी रहेको देखियो। प्रगति विवरणमा उल्लेखित च्यापकटर, मिल्किङ्ग मेसिन, डिप फ्रीज लगातय सबै सामग्री फार्ममा रहेकोमा मिल्किङ्ग मेसिन प्रयोग विहीन अवस्थामा रहेको देखियो ।

त्यसै गरी नेपाली माटो नेपाली मन एग्रिकल्चर प्रा.लि. गोकर्णेश्वर २, काठमाडौंले गाई पालनको लागि पुरक अनुदान रू.३२ लाख ४८ हजार, ऋण रू.२२ लाख र स्वलगानी रू.१० लाख ४८ हजार समेत जम्मा रू.६४ लाख ९६ हजार र प्रकृति अर्गानिक कृषि फार्म बुढानीलकण्ठ नगरपालिका ५, काठमाडौंले गाई पालनको लागि पूरक अनुदान रू२.४ लाख ६० हजार र ऋण रू.२७ लाख ११ हजार समेत जम्मा रू.५१ लाख ७१ हजार लगानी गरी सञ्चालन गरेको फार्ममा आयोजना प्रस्ताव र अनुदान वितरण विवरण अनुसार होलिस्टिन क्रस र जर्सी गाई रहेको देखियो। नेपाली माटो नेपाली मन एग्रिकल्चर प्रा.लि. अनुदानमा प्राप्त गरेको च्यापकटर प्रयोग विहीन अवस्थामा रहेको देखियो भने दैनिक १५० लिटर दूध उत्पादन हुने गरेकोमा बिक्री नहुने समस्या रहेको कृषकले जानकारी गराएका छन्।

सप्लाई बेसमा सामग्री वितरण गरेकोले मागका आधारमा सामग्री प्रदान गरी उत्पादनसँग आबद्ध गर्न सकेको देखिएन ।



*प्रयोग विहीन मिल्किङ मेसिन*



*प्रयोग विहीन च्यापकटर*

**ख.** **सञ्चालन तथा संस्थागत सक्षमता** - जनादेश बहुउद्देश्यीय सहकारी संस्था लि. विष्णुपुर-२, सिरहाले गाई र भैंसी पालनको लागि पुरक अनुदान रू. ५४ लाख ७६ हजार र ऋण रू. ७० समेत जम्मा रू.१ करोड २४ लाख ७६ हजार लगानीमा सञ्चालन गरेको फार्म अनुगमन गर्दा गोठमा ताला लागेको र सबै पशुपालन क्रियाकलाप बन्द रहेको पाइयो। कोषाध्यक्षको निजी जग्गा धितोमा राखी रू.७० लाख ऋण लिई संरचना निर्माण गरेको स्थानीय सरोकारवालासँगको छलफलबाट जानकारी प्राप्त भयो। पशु पालनको लागि निर्माण गरिएको संरचना संस्थाको सचिवको बुवाको नाममा रहेको जग्गामा निर्माण गरिएको र उक्त संरचना निर्माण भएको जग्गा संस्थाको सचिवले अन्य बैंकमा पुनः धितो राखी व्यक्तिगत प्रयोजनको लागि ऋण लिएको र सो बैंकले संरचना तथा जग्गा लिलामको लागि सुचना निकालि सकेको समेत छलफलको क्रममा सूचना प्राप्त भयो। अनुदानको लागि पेश गरेको प्रस्ताव अनुसार २५ गाई र

२५ भैंसीपालन गर्ने गरी सम्झौता गरेपनि ८ भैंसीर ४ गाई खरिद गरेको र सो पनि संस्थाका अन्य सदस्यलाई जानकारी नदिई संस्थाका सचिवले बिक्री गरेको भन्ने बेहोरा समेत छलफलको क्रममा देखिन आएकोले पर्याप्त सञ्चालन र संस्थागत क्षमता मूल्याङ्कन नगरी प्रवाह गरिएको अनुदानबाट अपेक्षित नतिजा प्राप्त हुन नसकेको र व्यावसायिक भन्दा पनि व्यक्तिगत लाभबाट प्रेरित देखिन आएको छ।



*बन्द अवस्थामा रहेको गोठ*

ग. **सम्झौताको पालना नभई व्ययभार मात्र परेको -** हाइवे पशुपालन फार्म, लक्ष्मिनिया १ धनुषाले विगतदेखि नै गाईपालन व्यवसाय सञ्चालन गरिरहेको र दूध उत्पादनमा वृद्धि गर्न सुधारिएको गोठ निर्माण तथा थप गाई खरिदगर्न पुरक अनुदान रू. ८ लाख ८१ हजार, स्वलगानी रू.३ लख ५२ हजार र ऋण रू. ५ लाख २८ हजार समेत जम्मा रू. १७ लाख ६१ हजार उप- आयोजना अन्तर्गत लगानी गरेकोमा निर्माण गरेका संरचना एक स्थानीय व्यापारीलाई बिक्री गरिसकेको स्थलगत अवलोकनको क्रममा जानकारीमा आएको छ। आयोजनाले तयार गरेको प्रगति विवरणमा रू.२३ लाख ९४ हजार पुरक अनुदान प्रस्ताव गरेकोमा निर्माण गरेको संरचनाको मूल्याङ्कनको आधारमा पहिलो किस्ता वापत रू. ८ लाख ८१ हजार मात्र निकासा दिएको र पशुवस्तु खरिद नगरेकोले थप अनुदान निकासा नभएको उल्लेख छ। एक उद्देश्यले स्थापना भई बनाएको संरचना व्यक्तिगत लाभका आधारमा बिक्री गरिसक्दा समेत आयोजनाले पूर्ण प्रगति देखाएको उपयुक्त देखिन आएन।



*अनुदानग्राहीले बिक्री गरिसकेको संरचना*

घ. **पशुधन छनौट र बजार व्यवस्था -** सिराहा जिल्लाको नरहा १, देवीपुरमा पूरक अनुदान रू. ३४ लाख ८९ हजार, स्वलगानी रू.१० लाख ५६ हजार र ऋण रू.२४ लाख ३३ हजार गरी जम्मा रू.६९ लाख ७८ हजार लागतमा माँ भगवती एकीकृत गाईपालन कृषि तथा पशु फार्ममा २४ गाई खरीद गरेको भए पनि २ मात्र बाँकी रहेको देखियो। स्थानीय हावापानीमा अनुकूलन हुन नसकी पखाला र थुनौलो रोगको कारण गत भदौमा ४ वटा र अघिल्ला वर्षहरूमा नै सबै होलेष्टिन जातको गाई मरेको गाईपालक कृषकबाट जानकारी हुन आएको छ। सबै गाईको बिमा गरेको भए पनि मरेका मध्ये ८ वटा गाईको मात्र बिमा दाबी प्राप्त भएको र अन्य दाबी प्राप्त गर्न आयोजनाले कुनै सहयोग नगरेको गुनासो रहेको छ। साथै बजार निश्चित नगरी लगानी गर्दा गाईको दूध बिक्री नभएर पोखरीमा फाल्नुपरेको र दूध बिक्रीमा आयोजनाले सहयोग नगर्दा ऋण तिर्न नसकी व्यक्तिगत जग्गा समेत बेच्नुपर्ने अवस्था जनाएकोले लक्ष्य अनुरूप उपलब्धि भएको छैन।



*फार्ममा रहेका गाई*

ङ. **रोग नियन्त्रण प्रणाली र पशुपालन उपयुक्तता -** आयोजनाको पूरक अनुदान रू.६१ लाख ४६ हजार, स्वलागानि रू.२० लाख ९६ हजार र ऋण रू.४० लाख ५० हजार गरी रू.१ करोड २२ लाख ९२ हजार मा २० गाई र २० भैंसी पालन गर्ने गरी सञ्चालन गरेको हरियाली दिदि बहिनी कृषि सहकारी संस्था लिमिटेड, धनुषाधाम न.पा.९ धनुषाको गोठ संरचनामा कुनै पशुधन रहेको दखिएन। आयोजनाबाट १३ गाई र १३ भैंसीको लागि मात्र अनुदान प्राप्त गरी संस्थाको अध्यक्षको व्यक्तिगत जग्गामा संरचना निर्माण गरी पशुपालन गरेकोमा रोगको महामारीका कारण सबै पशुधन मरेको र बिमा दाबी गरेकोमा हालसम्म प्राप्त हुन नसकेको स्थलगत अनुगमनको क्रममा गरेको छलफलबाट जानकारी प्राप्त भएको छ। बिमा दाबीको लागि स्थानीय तहको चिकित्सकको हस्ताक्षर भएको सिफारिस चाहिने तर स्थानीय तहको चिकित्सकले आफैँले उपचार गरेको पशु मरेमा मात्र सिफारिसमा हस्ताक्षर गर्ने गरेको कारण यस्तो अवस्था आएको संस्थाका अध्यक्षमार्फत जानकारी प्राप्त भएको छ। साथै ऋणको लागि संरचना निर्माण भएको जग्गा र बसोबासको लागि बनाएको व्यक्तिगत घर समेत धितोमा राखी व्यवसाय शुरू गरेकोमा समयमै रोग नियन्त्रण र पशुपालन उपयुक्तता विश्लेषण नगरी अनुदान प्रवाह गर्दा प्रगति विवरणमा देखाए अनुसारको वास्तविक अवस्था नभई कृषकले बैंकको साँवा ब्याज समेत भुक्तानी गर्न नसकेको छलफलबाट जानकारी प्राप्त भएको छ।

बिमा दाबी भुक्तानी नहुँदा कृषक पशुपालनबाट विमुख भई कृषिमा गरेको लगानीको प्रतिफल प्राप्त गर्न कठिनाइ हुने भएकोले बिमा कम्पनीले कृषकको दाबी भुक्तानीका लागि सहज

वातावरण बनाउन आवश्यक रहेको साथै पशु बिमा दाबी र दाबी उपर प्राप्त रकमबाट पशुपालन गर्ने जिम्मेवारी सहकारीको रहेको कार्यालयको प्रतिकृया रहेको छ।



*बन्द अवस्थामा रहेको फार्म*



*भित्री संरचना भत्काइसकेको अवस्था*

च. **पशुपालन व्यवसायको निरन्तरता** - पूरक अनुदान रू.७५ लाख ६७ हजार, स्वलगानी रू.१५ लाख ६७ हजार र ऋण रू.६० लाख गरी जम्मा रू.१ करोड ५१ लाख ३५ हजारमा सञ्चालनमा रहेको जनता बहुउद्देश्यीय सहकारी संस्था लि. लक्ष्मिनियाँ, ४ मा प्रगति विवरणमा उल्लेख भए बमोजिमको पशुधन (गाई) रहेको पाइयो। व्यावसायिक रूपमा पशुपालनको लागि नेपालमा उन्नत जातको गाई भैंसी नपाउने, अवैध बाटो हुँदै भारतबाट नेपाल ल्यानुपर्ने, परेको मूल्य अनुसारको विल भरपाई नहुँदा न्यून मूल्याङ्कन भई खरिद गरे अनुसारको रकम प्राप्त नहुने र बिमाको दावि भुक्तानी झन्झटिलो साथै कम मूल्याङ्कनका कारण पशुधन क्षति हुँदा समेत खरिद गरे अनुसारको रकम प्राप्त हुन नसकेको लगायतका समस्या रहेको स्थलगत भ्रमणका क्रममा जानकारी हुन आएको छ। दूध बिक्रिको पर्याप्त बजार व्यवस्थापन नगरी संरचनामा केन्द्रित भएर अनुदान दिँदा लक्षित कार्यक्रमको कार्यान्वयन र प्रतिफल चरणमा जटिलता देखिएको छ। दूध बिक्रीबाट मात्र व्यवसाय सञ्चालन गर्न र बैंकको ऋणी भुक्तानी गर्न नसकिने भएकोले उखु लगायतको नगदे वाली समेत गरेको र गाई तथा भैंसीको मल खेतमा प्रयोग गर्ने गरेको र आफ्नो पारिवारिक व्यवसाय भएकोले व्यवसायमा टिकिराखेको समेत छलफलमा जानकारी प्राप्त भएको छ।

यसैगरी, आयोजनाको पूरक अनुदान रू.९३ लाख १८ हजार, स्वलगानी रू.३३ लाख १८ हजार र ऋण रू.६० लाख गरी जम्मा रू.१ करोड ८६ लाख ३६ हजार लगानीमा सञ्चालनमा रहेको श्री सेतीदेवी दुग्ध उत्पादन सहकारी संस्था लि. धुलिखेल, २ मा प्रगति विवरणमा उल्लेख भए बमोजिम गाई रहेको पाइयो।





*जनता बहुउद्देश्यीय सहकारीको गोठ* *सेतीदेवी दुग्ध उत्पादन सहकारीको गोठ*

**(ख) भैंसीको दूध उत्पादन स्थिति -** भैंसीको दूध उत्पादन २०७६।७७ मा प्रति भैंसी प्रतिवर्ष ७४० लिटर रहेकोमा २०७९।८० को अन्तिम सर्वेक्षण अनुसार १ हजार ४०१ लिटर अर्थात ८९.३० प्रतिशत वृद्धि भएको उल्लेख छ। भैंसीको सन्दर्भमा समेत दूध उत्पादनमा वार्षिक ४० प्रतिशत वृद्धिहुने उल्लेख भएकोमा दोब्बर भन्दा बढी उपलब्धि प्राप्त भएको उल्लेख छ। तर २०८०।८१ मा उक्त प्रगतिमा कमी आई प्रति भैंसी प्रतिवर्ष ८०० लिटर दूध उत्पादन हुने उल्लेख छ जुन २०७६।७७ को तुलनामा ८.१२ प्रतिशत बढी भए तापनि २०७९।८० भन्दा ४२.८९ प्रतिशत कम हो।

| आ.व. | लक्ष्य (प्रतिशत) | उपलब्धि (लि.) | २०७६।७७ को सर्वेक्षणका आधारमा वृद्धि (प्रतिशत) |
|---|---|---|---|
| २०७४/७५ | ० | - | - |
| २०७५/७६ | ५ | - | - |
| २०७६/७७ | १५ | - | - |
| २०७७/७८ | २५ | ७४९ | १.२१ |
| २०७८/७९ | ४० | ८१५ | १०.१२ |
| २०७९/८० | ४० | १४०१ | ८९.३ |
| २०८०/८१ | ४० | ८०० | ८.१२ |

*(आयोजना सम्झौतामा उल्लेखित आधारः भैंसी ६४० लि./वर्ष र सन् २०२० को आधारः ७४० लि./वर्ष)*

आयोजनाको सर्वेक्षण प्रतिवेदनमा २०८०/८१ को अवधिमा दूध उत्पादन बढेको देखाए तापनि स्थलगत अवलोकनको क्रममा कृषक समूह, सहकारी संस्थाबाट सञ्चालित केही फार्महरूमा हुनुपर्ने भन्दा कम भैंसी रहेको, कतिपयले भैंसीनै खरिद नगरी अनुगमनकर्तालाई देखाउन व्यक्तिको भैंसी फार्ममा बाँधेको, निर्माण भएको गोठ प्रयोग विहीन अवस्थामा रहेको देखिन आएको छ। माथि उल्लिखित तथ्याङ्क सङ्कलन को आधार र कार्यक्रम सञ्चालनको नतिजा तोकिए अनुसार भएको सम्बन्धमा सुनिश्चित हुन सकिएन।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट २०७९।८० मा जारी भएको कृषि तथ्याङ्क अनुसार आयोजना लागु भएका जिल्लाहरुमा भैंसीको वृद्धि भएको उल्लेख भएकोले आयोजनाले प्रस्तुत गरेको तथ्याङ्क र मन्त्रालयको तथ्याङ्कमा समानता रहेको कार्यालयको प्रतिकृया रहेको छ।

**स्थलगत अनुगमनबाट देखिएका व्यहोराः**

क. **गोठ निर्माण भए पनि व्यक्तिगत गोठमा पशुधन सार्नुपरेको -** आयोजनाको पूरक अनुदान रू.७२ लाख ८६ हजार, स्वलगानी रू.१८ लाख ७१ हजार र ऋण रू.६० लाख गरी रू.१ करोड ५१ लाख ५८ हजार लगानीमा १५ गाई र २१ भैंसी पालन गर्ने गरी जनकपुर १४ मुजेलियामा सञ्चालनमा रहेको

राधाकृष्ण कृषक समूहको स्थलगत अनुगमन गर्ने क्रममा गोठमा गाई भैंसी नरहेको साथै लामो समयदेखि गोठ प्रयोग विहीन अवस्थामा रहेको देखियो। होलिस्टिन जातको ७ र जर्सी जातको ८ गरी १५ गाई खरिद गरेकोमा ठण्डी मौसमका कारण ४ वटा मरेको र बाँकी गाई र १६ वटा भैंसी समूह सदस्यहरूको गोठमा रहेको छलफलबाट जानकारी प्राप्त भएको छ। आयोजना समेतको रू.७२ लाख ८६ हजार अनुदानमा निर्माण भएको गोठ स्थानीय आवश्यकता र मौसम अनुकूल नभएकोले प्रयोग गर्न नसकिएको सरोकारवाला पशुपालकले बताएका छन्। स्थानीय वातावरणीय अवस्थाको जानकारी नलिई प्रयोगयोग्य नहुने संरचना निर्माण गर्दा आयोजनाको अनुदान र कृषकको ऋणबाट अपेक्षित उपलब्धि हासिल हुन समस्या देखिएको छ। स्थानीय किसानको माग र आवश्यकता अनुसार नगरी खर्चिलो र ठूलो संरचना तयार गरेको, चारैतिर खुल्ला राखेकोले वर्षामा पानी पस्ने र जाडो मौसममा चिसो लाग्ने समस्या भएको, कार्यालयमा बसेर विजनेस प्लान बनाउने गरेको साथै स्थानीय माग र आवश्यकतालाई महत्व नदिइएको भन्ने कृषक समूह सदस्यको प्रतिकृया छ।

असल पशुपालन अभ्यासलाई दृष्टिगत गरी तय गरिएको गोठ निर्माणका मापदण्डको पालना गरी पशु सेवा विज्ञको सिफारिसमा गोठ तयार गरिएको कार्यालयको प्रतिकृया रहेको छ।





*प्रयोग विहीन गोठ*

**ख .** **संरचना र सामग्रीको उपयोग नगरेको -** आयोजनाको पूरक अनुदान रू.६४ लाख ६९ हजार, स्वलगानी रू.४ लाख ६९ हजार र ऋण रू.६० लाख गरी रू.१ करोड २९ लाख ३९ हजार लगानीमा ३५ भैंसी पालन गर्ने गरी राजविराज-१५ ससरीमा सञ्चालित उज्वल कृषि सहकारी संस्थाको फार्मको निरीक्षण गर्दा ८ वटा भैंसी बाँधधिराखेको अवस्थामा रहे पनि भैंसीले पानी खाने ट्याङ्की लामो समयदेखि प्रयोग विहीन रही सुख्खा र फोहोर रहेको, पराल तथा घाँस खाने स्थानमा पुराना प्लाष्टिकका बोतल र फोहोर रहेको, भैंसी बाँधेको स्थान तथा अन्य स्थानमा समेत गोबर नरहेको देखिँदा सो दिन बाँधिएका भैंसी अन्यत्रबाट ल्याई अनुगमन प्रयोजनमा मात्र देखाएको देखियो। एक व्यक्तिको २ विघा जग्गा लिजमा लिई संरचना निर्माण गरेको भए पनि संरचना निर्माण पछि गोठमा भैंसी पालन गरेको देखिएन। स्थलगत निरीक्षणका क्रममा उपस्थित केही व्यक्तिको भनाइबाट समेत यो बेहोरा पुष्टि भएको छ। यसबाट अनुदानबाट बनेको संरचना प्रयोगमा आएको देखिएन साथै च्यापकटर बिग्रेकोले मर्मत गर्न पठाएको, दूध बोक्ने क्यान दूधको गाडीले लिएर गएको एक हिलटेक ट्याङ्की छिमेकीले लिएर गएकोले फार्ममा नरहेको भन्ने जानकारी समेत विश्वसनीय देखिएन।



*लामो समयदेखि प्रयोग नभएको गोठ*



*प्रगोग विहीन चिलिङ्भ्याट*

ग . **निर्धारित संख्यामा पशुधन नदेखिएको -** आयोजनाको पूरक अनुदान रू.७९ लाख, स्वलगानी रू.९ लाख र ऋण रू.७० लाख गरी रू.१ करोड ५८ लाख लगानीमा ५२ भैंसी पालन गर्ने गरी कञ्चनरूप-१, सप्तरीमा सञ्चालित माँ भगवती बाबा डिहिबार कृषक समूहको फार्मको निरीक्षण गर्दा गोठमा सम्झौता अनुसार ५२ वटा मुर्रा क्रस भैंसी हुनुपर्नेमा १६ वटा मात्र रहेको पाइयो। ३२ भैंसी कोशीटप्पुमा चरणको लागि लगेको जनाइए पनि निर्माण गरेको पुरै गोठ लामो समयदेखि प्रयोग नभएको देखियो। १० वर्षको लागि जग्गा लिजमा लिई संरचना निर्माण गरेको जनाएकोमा सबै संरचना प्रयोग गर्न नसकेको समूहका अध्यक्षको भनाइ र गोठमा रहेको भन्दा दोब्बर संख्यामा कोशीटप्पुमा भैंसी रहेको भनाइ एक आपसमा मेल नखाएकोले चरणमा गएको भनिएको भैंसीको अवस्था यकिन छैन।



*फार्ममा रहेका भैंसी*

घ . **बिमा दाबीमा समस्या -** आयोजनाको पूरक अनुदान रू.७३ लाख ३० हजार, स्वलगानी रू.१३ लाख ३० हजार र ऋण रू.६० लाख गरी रू.१ करोड ४६ लाख ६० हजार लगानीमा २० भैंसी पालन गर्ने गरी तिरहुत १ सप्तरीमा सञ्चालनमा रहेको चन्दन पशुपालन कृषक समूहको स्थलगत अवलोकनको क्रममा मुर्रा जातका २० भैंसी हुनुपर्नेमा १४ भैंसी र १ राँगा रहेको पाइयो। ५ भैंसी मरेका कारण बिमा दाबी गरेको र १ भैंसीको बिमा बापतको रकम हालसम्म नपाएको समूह अध्यक्षबाट जानकारी भएको छ। मृत चौपायाको चारै तर्फको फोटो र ४ मिनेटको भिडियो पेश गर्नुपर्ने तर भिडियो बनाउन जनशक्तिको अभाव हुँदा बिमा दाबी प्रकृया झन्झटिलो भई रकम प्राप्त नहुँदा बैंकको ब्याज समेत बढी तिर्नु परेको, र सम्झौता अनुसाका कतिपय सामग्री खरिदको बिल भरपाई हुँदा हुँदै समेत आयोजनाले रकम कट्टा गर्ने गरेको जस्ता गुनासो रहेको पाइयो।

कृषकले पेश गरेको बिल भरपाईको चेकजाँच गरेर भुक्तानी दिएको, बिमा दाबी मागको प्रकृया पूर्वनिर्धारित हुने भएको र आयोजनालाई अनुरोध गरेको अवस्थामा सहजीकरण गरेको कार्यालयको प्रतिकृया रहेको छ।

ङ. **सहकारी संस्थाका सदस्यहरूलाई वितरण -** आयोजनाको पूरक अनुदान रू. ९४ लाख ४७ हजार र ऋण रू.९४ लाख ४७ हजार गरी रू.१ करोड ८८ लाख ९५ हजार लगानीमा ५५ भैंसी पालन गर्ने गरी विष्णुपुर सिरहामा सञ्चालनमा रहेको साना किसान कृषि सहकारी संस्था लि.ले सहकारी सदस्यहरूलाई ११ स्थानमा ५/५ वटाका दरले भैंसी वितरण गरेको मध्ये हरिनगराको ३ स्थानमा अनुगमन गर्दा २ स्थानमा २ वटा र १ स्थानमा १ वटा बिमाको ट्याग समेत नलगाएको भैंसी रहेको देखियो। यसबाट संस्था सदस्यहरूको गोठमा उल्लिखित संख्यामा भैंसी नरहेको अवस्था देखियो। दूधको खरिद कर्ता नभएको साथैं भैंसी थाकेकोले बिक्री गरेको, किसानले माग नगरेको मिल्किङ मेशिन दिएकोले प्रयोगमा नरहेको र प्रति सदस्य रू.८ लाख ऋण रहेको सहकारी संस्था सदस्यको प्रतिकृया छ।



*एक सहकारी सदस्यको गोठमा रहेको २ भैंसी*



*प्रयोग विहीन मिल्किङ मेशिन*

उपलब्धि सूचक प्रतिशतमा आएको कमिले आयोजना अवधि समाप्त हुँदै जाँदा उत्पादन समेत घटेको र आयोजना बन्द भएपछि अधिकांश कृषक उत्पादनबाट बाहिरिने स्थिति देखिएको छ। २०७९।८० को तुलनामा २०८०।८१ को उपलब्धिमा कमी आएको सम्बन्धमा सर्वेक्षणको लागि लिइएको नमुनाको सीमितता, स्रोतसाधन तथा जनशक्तिको सीमितता, प्रतिकूल सिजन र हतारमा गरिएको सर्वेक्षणको कारणले उपलब्धिमा कमी आएको आयोजना कार्यालयको प्रतिवेदनमा उल्लेख छ।

१.क **दूधको बिक्रिमूल्यमा भएको मूल्य अभिवृद्धि -** आयोजना सम्झौतामा उल्लिखित आधाररेखा सूचकमा मूल्य उल्लेख नगरेको र २०७६।७७ को आधाररेखा सर्वेक्षण अनुसार औसतमा गाई तथा भैंसीको दूधको बिक्रीको मूल्यअभिवृद्धि प्रति परिवार वार्षिक रू.३ लाख २ हजार रहेको र सो मा क्रमश वृद्धिभई आयोजनाको समाप्तिसम्म प्रतिवर्ष ३० प्रतिशतले वृद्धि हुने उल्लेख छ। दूधको बिक्रिमूल्यमा भएको मूल्यअभिवृद्धि देहाय अनुसार उल्लेख छः

| आ.व. | लक्ष्य (प्रतिशत) | उपलब्धि (रू.हजार) | २०७६।७७ को सर्वेक्षणका आधारमा वृद्धि (प्रतिशत) |
|---|---|---|---|
| २०७४/७५ | ० | - | - |
| २०७५/७६ | ५ | - | - |
| २०७६/७७ | १० | - | - |
| २०७७/७८ | २० | २८९.९ | (०.४३) |

| | | | |
|---|---|---|---|
| २०७८/७९ | २५ | ३३७.६ | १२.४५ |
| २०७९/८० | ३० | ५७३.४९ | ८९.९० |
| २०८०/८१ | ३० | ३६३.७९ | २०.१३ |

*(आयोजनाले सन् २०२० मा गरेको आधाररेखा सर्वेक्षणः दूध (गाई, भैंसी) प्रति घरधुरीः ३००.२ (रू. हजार) /वर्ष)*

माथि उल्लेख भए अनुसार प्रति घरधुरीको गाई तथा भैंसीको दूध बिक्रीमूल्य २०७६।७७ को आधाररेखा सर्वेक्षण अनुसार रू.३ लाख २ हजार रहेकोमा २०७९।८० को अन्तिम सर्वेक्षण अनुसार रू. ५ लाख ७३ हजार अर्थात ८९.९० प्रतिशत वृद्धि भएको उल्लेख छ। तर २०८०।८१ मा उक्त प्रगतिमा कमीभई प्रतिवर्षको बिक्री मूल्य रू.३ लाख ६३ हजार भएको उल्लेख छ जुन २०७६।७७ को तुलनामा २०.१३ प्रतिशत बढी भए तापनि २०७९।८० भन्दा ३६.६४ प्रतिशत कम हो।

दूधको बिक्रीमूल्यमा २०७६।७७ को तुलनामा २०७७।७८ मा ०.४३ प्रतिशत कमी देखिएको, २०७८।७९ मा १२.४५ प्रतिशत वृद्धि देखिएको र २०७९।८० मा ८९.९० प्रतिशत वृद्धि भई २०८०।८१ मा २०.१३ प्रतिशत वृद्धि कायम भएको देखिएकोले आयोजना सम्पन्न भएको वर्षमा उत्पादनमा कमीआई मूल्यअभिवृद्धि कम भएको र हालको अवस्थामा अझ कम भएको देखियो।

**स्थलगत अनुगमनबाट देखिएका व्यहोराः**

आयोजनाको सर्वेक्षण प्रतिवेदनअनुसार २०८०/८१ को अवधिमा दूध उत्पादन बढेको देखाए तापनि स्थलगत अवलोकनको क्रममा डेरी सञ्चालनको लागि अनुदान लिएकोमा सञ्चालन सम्बन्धी प्राविधिक ज्ञान र जनशक्ति नभएकोले बन्द गरेको, व्यवसायमा नोक्सान भएकोले केही समय सञ्चालन गरी बन्द गरको जस्ता जानकारी प्राप्त हुन आएको छ।

क. **सञ्चालन क्षमता नभएको क्षेत्रमा डेरी उद्योग अनुदान -** आयोजनाको पूरक अनुदान रू.२३ लाख ८ हजार, स्वलगानी रू.३ लाख ४ हजार र ऋण रू.२० लाख ४ हजार गरी रू.४६ लाख १७ हजार लगानीमा लहान १३, सिरहामा सञ्चालित साना किसान कृषि सहकारी संस्था लिमिटेडको डेरी उद्योगको स्थलगत अवलोकन गर्दा डेरी उद्योग बन्द रहेको पाइयो। आयोजनाले उपरोक्त अनुदान रकमबाट दुग्ध पदार्थ प्रशोधन गर्ने उपरकण खरिद गरी उपलब्ध गराएकोमा सबै उपकरण बन्द अवस्थामा रहेको पाइयो। उक्त डेरी विगत ५ महिनादेखि बन्द रहेको सञ्चालकले जानकारी गराएका छन्। एक सदस्यले डेरी सम्बन्धी लेभल १ को तालिम प्राप्त गरी आएको भए तापनि तालिम पश्चात् व्यक्तिगत व्यवसाय सञ्चालन गरेको कारण जनशक्ति अभाव भई डेरी बन्द गर्नुपरेको सहकारी संस्थाका प्रतिनिधिले जानकारी गराएका छन्। सहकारी संस्था भएकोले घरेलु कार्यालयले दर्ता नगरेको साथै गुणस्तर कार्यालयले गुणस्तर चिन्ह नदिएकोले उत्पादन बिक्री गर्न नसकेको गुनासो सहकारी सदस्यले गरेका छन्। सञ्चालन क्षमता नभएको संस्थालाई समेत अनुदान तथा उपकरण प्रदान गर्दा प्रयोग विहीन भई आयोजनाका उद्देश्य अनुरूप कार्य भएको देखिएन।

आयोजनाको पूरक अनुदान रू. ६० लाख, स्वलगानी रू. १३ लाख ६२ हजार र ऋण रू. ३८ लाख २० हजार गरी रू.७३ लाख ४१ हजार लगानीमा जनकपुर १४, धनुषामा सञ्चालित जनचेतना अभियान कृषि सहकारी संस्था लिमिटेडको डेरी उद्योगको स्थलगत अनुगमन गर्दा डेरी उद्योग बन्द रहेको पाइयो। डेरी उद्योग सञ्चालन गर्न २० के.भि.ए. जेनेरेटर १००० लिटर क्षमताको चिलिङ भ्याट, मिल्क प्याकेजिङ मेशिन लगायतका उपकरण तथा तालिम प्रदान गरेको प्रगति विवरणबाट

देखिएपनि सो उद्योग समेत सञ्चालनमा आउन नसकि बन्द रहेकोले अनुदानको सही उपयोग हुन सकेको छैन ।

यसैगरी आयोजनाको पूरक अनुदान रू. ५५ लाख ९५ हजार, स्वलगानी रू. २५ लाख ३३ हजार र ऋण रू. ३५ लाख ११ हजार गरी रू.१ करोड १६ लाख ४० हजार लगानीमा पोखरा ३०, कास्कीमा सञ्चालित जगतकल्याण दुग्ध उत्पादन तथा प्रशोधन केन्द्रको स्थलगत अनुगमन गर्दा डेरी उद्योग बन्द रहेको पाइयो। डेरी उद्योग सञ्चालन गर्न चिस्यान तथा प्रविधियुक्त गाडि ११,००० लीटर क्षमताको प्लेट चिलर १३,००० लिटर क्षमताको मिल्क होल्डिङ टयाङ्क १ लगायतका उपकरण तथा तालिम प्रदान गरेको प्रगति विवरणबाट देखिएपनि सो उद्योग समेत सञ्चालनमा आउन नसकी बन्द रहेको पाइयो। यसबाट अनुदानको सही उपयोग हुन सकेको देखिएन।







*साना किसान कृषि सहकारीको बन्द डेरी  जगतकल्याणको बन्द दुग्ध प्रशोधन केन्द्र प्रयोग विहीन प्रविधियुक्त गाडी*

**ख.** **सञ्चालन सक्षमता -** आयोजनाको पूरक अनुदान रू. ५३ लाख ७३ हजार, स्वलगानी रू. १२ लाख २२ हजार र ऋण रू. ४१ लाख ५१ हजार गरी रू.१ करोड ७ लाख ४७ हजार लगानीमा भगवानपुर, सिरहामा सञ्चालित श्री बालासुन्दरी साना किसान कृषि सहकारी संस्था लिमिटेडको डेरी उद्योगको स्थलगत अनुगमन गर्दा डेरी उद्योग सञ्चालनमा रहेको पाइयो। पत्रिकाबाट कार्यक्रम सम्बन्धी जानकारी प्राप्त गरी स्वःस्फुर्त रूपमा आवेदन गरेको संस्थाले उद्योग सञ्चालन गर्न व्यावसायिक योजना र कार्यक्रम प्रस्तावना आफैले तयार गरेको र सञ्चालन क्षमता समेत आर्जन गरेकोले सफल रूपमा उत्पादन गरिरहेको पाइयो।

यसैगरी आयोजनाको पूरक अनुदान रू.८१ लाख ६२ हजार, स्वलगानी रू.३२ लाख ६५ हजार र ऋण रू.४८ लाख ९७ हजार गरी रू.१ करोड ६३ लाख २५ हजार लगानीमा पोखरा ७, कास्कीमा सञ्चालित जिल्ला सहकारी संघ लिमिटेड कास्कीको डेरी उद्योगको स्थलगत अनुगमन गर्दा डेरी उद्योग सञ्चालनमा रहेको पाइयो। पत्रिकाबाट कार्यक्रम सम्बन्धी जानकारी प्राप्त गरी सञ्चालक समितिका सदस्यहरुले प्रस्ताव तयार गरी आवेदन गरेको संस्थाले उद्योग सञ्चालन गर्न व्यावसायिक योजना र कार्यक्रम प्रस्तावना आफैले तयार गरेको र सञ्चालन क्षमता समेत आर्जन गरेकोले सफल रूपमा उत्पादन गरिरहेको पाइयो। खुवाको उत्पादन लागत बढी पर्ने र बजारमा प्रतिस्पर्धा गर्न नसकिने तथा आइसक्रिमको लागि फ्रिजको अभाव रहेकोले खुवा र आइसक्रिम बनाउने मेशिन प्रयोगमा नरहे पनि अन्य सबै मेशिन उपकरण प्रगोगमा रहेको र सहकारीले व्यवसाय गरिरहेको स्थलगत अवलोकनको क्रममा गरिएको छलफलबाट जानकारी प्राप्त भएको छ।

मागका आधारमा व्यावसायिक क्षमता तथा अनुभवको मूल्याङ्कन गरी प्रदान गरेको अनुदान प्रभावकारी हुने तर क्षमता नभएको क्षेत्रमा सप्लाई बेस्ड योजना भने सफल हुने नगरेकोले यस पक्षमा समेत ध्यान पुऱ्याउनु पर्ने देखिन आएको छ।



*सञ्चालन अवस्थामा रहेको डेरी*

**१४.२. खसी बोकाको मासु उत्पादन -** आयोजना सम्झौतामा उल्लेखित आधाररेखामा परिमाण उल्लेख नगरेकोले २०७६/७७ मा आयोजनाले आधाररेखा सर्वेक्षणगरी आधाररेखा परिमाण उल्लेख गरेको साथै आयोजनाको मध्यावधि समिक्षाबाट आयोजनाको शुरू सम्झौतामा उल्लेखित ४० प्रतिशतको लक्ष्यमा संशोधन गरी २० प्रतिशत कायम गरेको छ। २०७७/७८ मा पहिलो र २०७८/७९ मा दोस्रो घरधुरी सर्वेक्षण गरेको देखियो। आयोजनाको शुरू सम्झौता अनुसार २०७९/८० मा आयोजना सम्पन्न हुने भएकोले सो वर्ष अन्तिम सर्वेक्षण (End line Survey) गरेको देखियो । प्रतिवर्ष प्रति खसी बोकाको तयारी मासु उत्पादनमा भएको वृद्धिको बेहोरा देहायमा उल्लेख छः

| आ.व. | लक्ष्य (प्रतिशत) | उपलब्धि (के.जी.) | २०७६।७७ को सर्वेक्षणका आधारमा वृद्धि (प्रतिशत) |
|---|---|---|---|
| २०७४/७५ | ० | - | - |
| २०७५/७६ | १० | - | - |
| २०७६/७७ | २० | - | - |
| २०७७/७८ | २० | ३.९० | (५०) |
| २०७८/७९ | २० | ५.५२ | (३०) |
| २०७९/८० | २० | १३.६ | ७४.३ |
| २०८०/८१ | २० | १६.४३ | ११०.६० |

*(सन् २०२० को आधारः ५ के.जी./वर्ष र संशोधितः ७.८ के.जी./वर्ष)*

अन्तिम सर्वेक्षण अनुसार २०७६।७७ को आधाररेखा सर्वेक्षणको तुलनामा प्रतिवर्ष प्रति खसी बोकाको तयारी मासुको परिमाण ७.८ के.जी.बाट १३.६ के.जी. अर्थात ७४.३ प्रतिशत वृद्धि भएको उल्लेख छ। आयोजनाको अवधि १ वर्ष थप भई २०८०/८१ कायम भएको र सो अवधिको प्रगति प्रतिखसी बोकाको तयारी मासुको परिमाणमा प्रतिवर्ष १६.४३ के.जी. वृद्धि भएको उल्लेख छ जुन २०७६।७७ को तुलनामा ११०.६० प्रतिशत बढी र २०७९।८० भन्दा २०.८१ प्रतिशत बढी हो। २०७६।७७ को आधार रेखा सर्वेक्षणमा उल्लेखित प्रतिवर्ष ७.८ के.जीको तुलनामा २०७७।७८ को घरधुरी सर्वेक्षणमा ५० प्रतिशत र २०७८।७९ को घरधुरी सर्वेक्षणमा ३० प्रतिशत कमी आएकोमा २०७९।८० मा २०७८।७९ भन्दा १४६.३८ प्रतिशत वृद्ध भएको देखिएको छ। स्थलगत अनुगमनबाट गोठमा पशुवस्तुको संख्या ज्यादै न्यून रहेकोले आयोजना अवधि समाप्त हुँदै जाँदा उत्पादन समेत घटेको र आयोजना बन्द भएपछि अधिकांश कृषक उत्पादनबाट बाहिरिने स्थिति देखिएको छ। अतः उत्पादन वृद्धिको विश्वसनीय आधार देखिएन।

२ क. **मासुको बिक्रीमूल्यमा भएको मूल्यअभिवृद्धि -** आयोजना सम्झौतामा उल्लेखित आधाररेखा सूचकमा मूल्य उल्लेख नगरेको र २०७६।७७ को आधाररेखा सर्वेक्षण अनुसार औषतमा खसीबोकाको तयारी मासुको बिक्रीको मूल्यअभिवृद्धि प्रति परिवार वार्षिक रू. ४३ हजार रहेको र सो मा क्रमशः वृद्धिभई आयोजनाको समाप्तिसम्म प्रतिवर्ष ३० प्रतिशतले वृद्धि हुने उल्लेख छ।

| आ.व. | लक्ष्य (प्रतिशत) | उपलब्धि (रू.हजार) | २०७६।७७ को सर्वेक्षणका आधारमा वृद्धि (प्रतिशत) |
|---|---|---|---|
| २०७४/७५ | ० | - | - |
| २०७५/७६ | ५ | - | - |
| २०७६/७७ | १० | - | - |
| २०७७/७८ | २० | ४३.७ | १.८६ |
| २०७८/७९ | २५ | ५१.५ | २०.०४ |
| २०७९/८० | ३० | १०२.६१ | १३९.२ |
| २०८०/८१ | ३० | १४०.१४ | २२६.६७ |

*(आयोजनाले सन् २०२० मा गरेको आधाररेखा सर्वेक्षणः खसी बोकाको मासु प्रति घरधुरीः ४२.९ (रू. हजार) /वर्ष)*

२०७६।७७ को आधाररेखा सर्वेक्षणमा खसी बोकाको तयारी मासुको बिक्रीबाट प्रतिपरिवार प्रतिवर्ष रू.४३ हजार प्राप्त गर्नेगरेकोमा २०७९।८० को अन्तिम सर्वेक्षण अनुसार १३९.१८ प्रतिशतले वृद्धिभई रू.१ लाख ३ हजार भएको उल्लेख छ। २०८०।८१ मा उक्त रकम वृद्धि भई रू.१ लाख ४० हजार भएको उल्लेख छ, जुन २०७६।७७ को तुलनामा २२६.६७ प्रतिशत र २०७९।८० भन्दा ३५.९२ प्रतिशत बढी हो।

मासुको बिक्रीमूल्य तर्फ समेत २०७६।७७ को तुलनामा २०७७।७८ मा १.८६ प्रतिशत वृद्धि, २०७८।७९ मा २०.०४ वृद्धि, २०७९।८० मा एक्कासि १३९.१८ प्रतिशत तथा २०८०।८१ मा २२६.६७ प्रतिशत वृद्धि देखिएकोले प्रस्तुत प्रतिवेदनको तथ्याङ्क विश्वसनीय रहेको देखिँदैन।

बाखा पालन व्यवसायमा १देखि १.५ वर्षमा उत्पादन प्रारम्भ हुने भएकोले सुरुका वर्षमा उत्पादन घटेको भए पनि उन्नत नश्लको बोयर बोकाको उपलब्धता, सघन तालिम कार्यक्रम, कृषक पाठशाला सञ्चालन र बाखापालनमा व्यबसायिकरणको कारणले उत्पादन बढेको कार्यालयको प्रतिकृया रहेको छ।

**स्थलगत अनुगमनबाट देखिएका बेहोराः**

आयोजनाको सर्वेक्षण प्रतिवेदनमा २०८०/८१ को अवधिमा खसी बोकाको तौलमा वृद्धिभई मासुको मूल्यअभिवृद्धि भएको देखिए तापनि स्थलगत अवलोकनको क्रममा खरिद गरेका सबै बाखा मरि खोर शुन्य रहेको, खोरमा ज्यादै न्यून संख्यामा बाखा रहेको तथा हालसम्म कुनै पनि किसानले पाठापाठी, खसी बोका उत्पादन गरी बिक्री नगरेको र बैंकबाट लिएको ऋणको किस्ता समेत व्यक्तिगत सम्पत्ति बिक्री गरेर तिर्नुपरेको जानकारी स्थलगत रुपमा गरिएको छलफलबाट प्राप्त हुन आएको छ।

क. **बाखाको जात छनौट र रोग रोकथाम प्रभावकारी नभएको -** आयोजनाको पूरक अनुदान रू.१९ लाख १६ हजार र ऋण रू.२८ लाख गरी रू.४७ लाख १६ हजार लगानीमा २४० बाखा पालन गर्ने गरी भगवानपुर ५ सिराहामा सञ्चालित बाला सुन्दरी पशुपन्छी केन्द्रको स्थलगत अनुगमन गर्दा फार्ममा कुनै बाखा नभएको देखियो। आयोजनाले तयार गरेको प्रगति विवरणमा किसानले ५४ वटा बाखा खरिद गरेको र बाखाको मृत्यु भएकोले कुनै पनि बाखाको भुक्तानी नगरिएको उल्लेख गरेको छ। फार्मको करिब रू.८६ लाख संरचना तयार गर्दा नै खर्च भएको जानकारी केन्द्रको प्रबन्धकले दिएको छ। २०७९ मा निर्माण गरेको संरचनाको एक किस्ता प्राप्त भए पनि बाँकी रकम प्राप्त नभएको किसानको गुनासो रहेको पाइयो। २०७९ माघ र फाल्गुन महिनामा उदयपुरको त्रियुगा र धनुषाको स्थानीय

हाटबाट २४० बाख्रा र ४ वटा बोका खरिद गरेकोमा PPR रोगबाट दैनिक ३०देखि ३२ वटाको दरले मरेको र हाल बाख्रा नरहेकोले बाख्रा जात छनौट तथा रोगको रोकथाममा आयोजनाले पर्याप्त ध्यान पुऱ्याउन सकेको देखिएन । स्थानीय क्षमता र अनुकूलता विश्लेषण नगरी सञ्चालित कार्यक्रमले कृषकको जीवनस्तर अपेक्षित सुधार आउन सकेको देखिएन।

बढी संख्यामा बाख्राहरु विभन्न स्थानबाट खरिदगर्दा रोगको जोखिम हुने र सो को न्यूनिकरणका उपाय कृषकले नअपनाउँदा कृषकले क्षति व्यहोर्नु परेको अवस्था रहेको कार्यालयको प्रतिकृया रहेको छ।




*बन्द अवस्थामा रहेको बाख्रा फार्म*

**ख. गोठमा न्यून संख्यामा बाख्रा रहेको -** आयोजनाको पूरक अनुदान रू.३९ लाख ३७ हजार, स्वलगानी रू.९ लाख ३७ हजार र ऋण रू.३० लाख गरी रू.७८ लाख ७४ हजार लगानीमा १७५ बाख्रा पालन गर्ने गरी बुढानीलकण्ठ १३, काठमाडौंमा सञ्चालित सार एग्रो कृषि तथा पशुपन्छी कृषक समूहको स्थलगत अनुगमन गर्दा हाल गोठमा ७ वटा बाख्रा मात्र रहेको पाइयो । दैनिक ३०देखि ३२ वटाको दरले बाख्रा मरेको र सोको करण समेत पहिचान नभएको स्थलगत रुपमा गरिएको छलफलबाट जानकारी प्राप्त भएको छ।

आयोजनाको पूरक अनुदान रू.७२ लाख ३३ हजार, स्वलगानी रू.२७ लाख ९० हजार र ऋण रू.६० लाख गरी रू.१ करोड ६० लाख २२ हजार लगानीमा ३५० बाख्रा पालन गर्ने गरी शहिदनगर ३, धनुषामा सञ्चालित यदुकुहा साना किसान कृषि सहकारी संस्था लिमिटेडको स्थलगत अनुगमन गर्दा हाल गोठमा १ बोका र २५ बाख्रा मात्र रहेको पाइयो। तीन जनाको व्यक्तिगत जग्गा धितो राखी ऋण लिएको र आयोजना सम्झौतामा उल्लेख भए अनुसार पुष महिनामा १४ बोका र ३५० बाख्रा खरिद गरी व्यवसाय शुरू गरेको, लिजमा जग्गा लिई संरचना निर्माण गरेको र हालसम्म जग्गाको भाडा समेत भूक्तानी दिन नसकेको कृषकले जानकारी दिएका छन्। पत्रिकाको सूचनाका आधारमा अनुदान सम्झौताका लागि प्रस्ताव गरेकोमा प्रस्ताव स्वीकृत हुनुपूर्व संस्थागत ऋण लिने प्रावधानका बारेमा कृषक अनविज्ञ रहेको, प्रस्ताव स्वीकृत भएपछि ऋण लिनुपर्ने सम्बन्धी जानकारी आयोजना कार्यालयबाट प्राप्त भई व्यक्तिगत जग्गा धितो राखी ऋण लिएको, कृषकलाई व्यावसायिक बाख्रा पालन सम्बन्धी ज्ञान तथा अनुभव नभएबाट खरिद भएका मध्ये ३२५ बाख्रा मरी हाल १ बोका र २५ बाख्रा मात्र गोठमा रहेको, ऋणको किस्ता मासिक १ लाख ५० हजार तिर्नुपर्ने तर बाख्राबाट कुनै किसिमको आयआर्जन नहुने अवस्था रहेको स्थलगत रुपमा गरेको छलफलबाट जानकारी प्राप्त भएको छ। सम्बन्धित स्थानमा बाच्न सक्ने बाख्राको जात यकीन नगरी योजनाको भौतिक लक्ष्य पूरा गर्ने हेतुले मात्र कार्यसम्पादन गर्दा अनुदान रकम प्रयोजन विहीन हुनाका साथै कृषक समेत ऋणको चपेटामा परेको देखियो ।



*न्यूनसंख्यामा बाख्रा रहेको गोठको तल कुखुरा पालन गरेको*



*सार एग्रो फार्मको गोठ*

ग. **व्यावसायिक योजना र बाख्रापालनको ज्ञान** - आयोजनाको पूरक अनुदान रू. ४५ लाख ६७ हजार, स्वलगानी रू. ५ लाख ६८ हजार र ऋण रू. ४० लाख गरी रू.९१ लाख ३६ हजार लगानीमा २०० बाख्रा पालन गर्ने गरी लहान ११, सिरहामा सञ्चालित साना किसान कृषि सहकारी संस्था लिमिटेडको स्थलगत अनुगमन गर्दा हाल गोठमा ४ बोका र ४५ बाख्रा रहेको पाइयो। कुल ११० बाख्रा तथा ८ बोकाबाट सञ्चालित फार्ममा PPR रोगबाट ७० वटा बाख्रा मरेको संस्थाका अध्यक्षले जानकारी गराएका छन्। आयोजनाको हेटौँडा कार्यालयमा सामान्य जानकारी सम्बन्धी तालिम प्राप्त गर्दा पनि व्यावसायिक योजना सम्बन्धी तालिम नदिएको सम्बन्धित कृषकको गुनासो रहेको पाइयो। व्यवसायबाट कुनै उत्पादन नहुदा संस्थाले लिएको ४० लाख ऋण समेत भुक्तानी गर्न नसकेको जनाएको छ।



*चिसोबाट बचाउन पालले छोपेर राखिएका बाख्रा*

घ. **स्थानीय वातावरण अनुकूलका बाख्रा सिफारिस नभएको** - आयोजनाको पूरक अनुदान रू.४२ लाख ७८ हजार, स्वलगानी रू.१२ लाख ७८ हजार र ऋण रू.३० लाख गरी रू.८५ लाख ५६ हजार लगानीमा ४० बोयर बाख्रा पालन गर्ने गरी कन्चनरूप २, सप्तरीमा सञ्चालित माँ धन्जु कृषि सहकारी संस्था लिमिटेडको स्थलगत अनुगमन गर्दा गोठमा १५ बाख्रा र २ बोका रहेको पाइयो। शुरूमा ४० बाख्रा खरिद गरेकोमा २३ मरी १५ बाख्रा मात्र बाँकी रहेको कृषकले जानकारी गराएको छ। स्थानीय वातावरण अनुकूल नहुँदा बाख्रा मर्ने क्रम नरोकिनुको साथै करिब ६ महिनासम्म बाली नलागेको १

वटाका दरले मात्र पाठापाठी जन्माउने क्षमता राखेको साथै जन्मेका पाठापाठी समेत १ महिनादेखि ४ महिना भित्र मर्ने गरेको संस्थाका अध्यक्षले बताएका छन्।स्थानीय वातावरणमा अनुकूल हुने भन्दा फरक प्रजाति सिफारिस गरेका कारण उत्पादन लिन नसकेको पाइयो ।



*माँ धञ्जु सहकारीको फार्ममा न्यून संख्यामा रहेका बाखा*

ङ. **गोठमा हुनुपर्ने बाखा नभएको -** आयोजनाको पूरक अनुदान रू.२० लाख १५ हजार र ऋण रू.२८ लाख गरी रू.४८ लाख १५ हजार लगानीमा १२० बाखा पालन गर्ने गरी हनुमाननगर कंकालिनी ५, सप्तरीमा सञ्चालित संजिवनी कृषि तथा पशुपन्छी पालन समूहको स्थलगत निरीक्षण गर्दा हाल गोठमा कुनै बाखा नरहेको देखियो। अनुदान सम्झौता अनुसार १२० वटा बाखा र २ बोका खरिद गरेको मध्ये ४६ वटाको मात्र भूक्तानी दिएको कृषकहरूको भनाइ रहेको पाइयो। किसानको माग अनुसार भौतिक संरचना बनाउन नदिई प्राविधिकको डिजाइन अनुसार बनाउनु पर्दा स्थानीय रूपमा सुलभ किसिमबाट बनाउन सकिने खोरमा समेत धेरै लगानी गर्नु परेको जनाएकोमा समूह सदस्यको जग्गामा निर्माण भएको गोठ प्रयोग विहीन रहेको पाइयो। लघुवित्तबाट विना धितो २८ लाख ऋण लिएको र सो मध्ये १४ लाख बाँकी रहेको कृषकले जानकारी गराएको छन्। सबै बाखा तथा बोका कोशीमा आएको बाढीले बगाएकोले हाल कुनै बाखा तथा बोका नरहेको भनी समूह सदस्यले व्यक्त गरेको भनाइ विश्वसनीय देखिएन।





*प्रयोग विहीन अवस्थामा रहेको गोठ*

च. **गोठ प्रयोग विहीन रहेको -** आयोजनाको पूरक अनुदान रू.१९ लाख ६५ हजार, स्वलगानी रू.५ लाख २४ हजार र ऋण रू.१४ लाख ४१ हजार गरी रू.३९ लाख २९ हजार लगानीमा ६८ बाखा पालन

गर्ने गरी क्षिरेश्वरनाथ, धनुषामा सञ्चालित मिथिला कृषि तथा पशुपन्छी पालन फार्मको स्थलगत निरीक्षण गर्दा गोठ लामो समयदेखि प्रयोग विहीन अवस्थामा रहेको देखियो। आयोजनाको अनुदानमा निर्मित आधुनिक संरचनामा कुनै बाख्रा नभई कृषकले पहिले निर्माण गरेको पुरानो गोठ भएको आँगनमा ८ वटा बाख्रा र २ बोका बाँधेको र गोठमा कोहीपनि नरहेकोले थप सूचना प्राप्त हुन सकेन। सम्झौता अनुसार ६८ बाख्रा र ३ बोका हुनुपर्नेमा सोभन्दा न्यून संख्यामा बाख्रा पालन भइरहेको र निर्मित संरचनाको प्रयोग नभएको अवस्थामा रहेको देखियो ।



*प्रयोग विहीन गोठ*



*पुरानो गोठको आँगनमा रहेका बाख्रा*

**१४.३. ऊन उत्पादन स्थिति -** विश्व बैंक र नेपाल सरकारबिच भएको आयोजना सम्झौताको अनुसूची १ मा उल्लेखि आयोजना नतिजाहरूको रूपरेखा (Result Framework) मा प्रति वर्ष प्रति च्याङ्ग्रा १५०देखि १७० ग्राम ऊन उत्पादन हुने र आयोजना अवधिको समाप्ति सम्ममा प्रति च्याङ्ग्रा ऊन उत्पादन ८० प्रतिशतले वृद्दि हुने उल्लेख छ। आयोजना सम्झौतामा उल्लेखित आधाररेखा परिमाण आयोजना तयारीको चरणमा २०७३।७४ मा गरिएको संक्षिप्त ग्रामीण मूल्याङ्कनको आधारमा राखिएकोमा २०७७।७८ मा गरेको घरधुरी सर्वेक्षण अनुसार प्रति च्याङ्ग्रा प्रति वर्ष १३५ ग्राम उन उत्पादन भएको उल्लेख छ। सन् २०२१ को जुन महिना भएको आयोजनाको मध्यावधि मूल्याङ्कनमा आधाररेखा सर्वेक्षणको क्रममा लिइएको नमुनामध्ये कुनै पनि व्यक्तिले पश्मिना उत्पादन नगरेको उल्लेख छ। मिति २०७८।४।११देखि २०७८।५।१५सम्म दातृ निकायका प्रतिनिधि समेतको सहभागितामा भएको छैठौं कार्यान्वयन समिक्षाबाट च्याङ्ग्रा ऊन उत्पादन उप-आयोजनाहरु सञ्चालन भएका मनाङ र मुस्ताङ जिल्ला भौगोलिक रुपले दुर्गम रहेको र वर्षमा ७/८ महिना मात्र उक्त स्थान पहुँचयोग्य रहेको साथै कोभिड १९ महामारिका कारण करिब २ वर्ष समय व्यतीत भई प्रगति नकारात्मक देखिएकोले यस मूल्य श्रृङ्खला अन्तर्गतका उप-आयोजनालाई गर्ने सहयोगलाई निरन्तरता दिई नतिजा रुपरेखामा उल्लेखित प्रगति सूचक स्थगित गरी सबै वर्षको लक्ष्य शून्य कायम गरेको देखियो। सोहि समिक्षाबाट उप-आयोजनाहरुको संख्या ५०० लाई घटाई ३५० कायम गरी पहिलो र दोस्रो सूचना बमोजिम छनौट भएका उप-आयोजनासँग २०७८।७।१४ तथा तेस्रो सूचना बमोजिम छनौट भएका उप-आयोजनासँग २०७८।११।१६ भित्र सम्झौतागरी उप-आयोजना कार्यान्वयन गर्ने उल्लेख छ। यस समिक्षामा भएको निर्णय २०७८।५।१६देखि लागु हुने उल्लेख छ।

आयोजनाले तयार गरेको प्रतिवेदन अनुसार मनाङ र मुस्ताङ जिल्लाका १३ फार्महरूलाई प्रगति सूचक स्थगित भएको मिति पछाडि २०७८।८।१५देखि २०७८।११।१८सम्म सम्झौता गरी च्याङ्ग्रा ऊन उत्पादन मूल्य श्रृङखला अन्तर्गत रू.७ करोड ५३ लाख ८५ हजार पूरक अनुदान वितरण गरेको छ। सम्झौता अनुसारको पहिलो किस्ताको निकास २०७९।७।१५देखि २०८०।१।२६ को बिचमा

दिई अन्तिम किस्ता २०७९।१०।११देखि २०८०।९।१४सम्म दिएको देखियो। आयोजनाको उपलब्धिका साथै प्रभावकारिता अध्ययन गरी एक परामर्शदाता मार्फत अन्तिम सर्भे (Endline survey) प्रतिवेदन तयार गरेकोमा उक्त प्रतिवेदनका साथै आयोजनाले तयार गरेको आयोजना सम्पन्न प्रतिवेदनमा समेत च्याङ्ग्रा ऊन उत्पादनमा भएको प्रगति सम्बन्धी विवरण उल्लेख भएको देखिएन। यसैगरी आयोजनाको रू.७१ लाख ९० हजार पूरक अनुदान, वितिय संस्थाको ऋण रू.४३ लाख १४ हजार र स्वलगानी रू.२८ लाख ७६ हजार समेत रू.१ करोड ४३ लाख ८० हजारमा महालक्ष्मी नगरपालिका, ललितपुरमा सञ्चालित श्री नेपाल फाईबर प्रोसेसिङ्ग प्रा.लि.को स्थलगत अनुगमन गर्दा सञ्चालनमा रहेको देखियो। आयोजनाको ३ वटा मूल्य श्रृङ्खलामध्ये महत्वपूर्ण मानिएको च्याङ्ग्रा ऊन उत्पादन मूल्य श्रृङ्खलामा भएको प्रगति विवरण कुनैपनि प्रतिवेदनमा उल्लेख नगरेकोले उपरोक्त लगानीबाट भएको प्रतिफल यकिन गर्न सकिएन ।

१५. **जलवायुमैत्री कृषि प्रविधिको प्रयोगगर्ने कृषकको संख्या -** आयोजना अन्तर्गत सञ्चालन भएका विभिन्न क्रियाकलापहरूमा भएको सहभागिताको आधारमा आयोजनाले कृषकको संख्या गणना गरी आयोजना सम्पन्न प्रतिवेदनमा जलवायुमैत्री कृषि प्रविधिको प्रयोग गर्ने कृषक संख्या उल्लेख गरेको देखियो। आयोजनाद्वारा प्रदान गरिने सेवा भएकोले आयोजनाको सुरूवातमा आधार संख्या शून्य राखेको र सोमा भएको वृद्धि देहायानुसार उल्लेख गरिएको छः

| आर्थिक वर्ष | लक्ष्य प्रतिशत | उपलब्धि संख्या | महिला लाभग्राही (प्रतिशत) |
|---|---|---|---|
| २०७४/७५ | ० | - | - |
| २०७५/७६ | १० | ५९९ | २९ |
| २०७६/७७ | ३० | १२३७७ | ३५ |
| २०७७/७८ | ६० | २४२४७ | ४९.४४ |
| २०७८/७९ | ७५ | ३५४११ | ५१.१८ |
| २०७९/८० | ७५ | ४७६७३ | ४८.३ |
| २०८०/८१ | ७५ | ५३८६१ | ५१.७० |

उपर्युक्त संख्या आयोजनाको विभिन्न क्षेत्रको लाभग्राहीहरू (१. नर्सरी स्थापना तर्फः १४९९ जना, सेड निर्माण तर्फः २०१३ जना, साइलेज प्रविधि तर्फः १८१९ जना, उन्नत घाँसको विउ वितरण तर्फः २०६११ जना, नगद अनुदान सहयोग तर्फः १६४२७ जना, घाँसको विउ उत्पादन तर्फः १२६८, बाख्रा खोर सुधार तर्फः १०२० र भ्याक्सिनेसन तर्फः ९२०४ समेत जम्मा ५३८६१) संख्याको आधारमा उल्लेख गरिएको छ। कृषि समूह सहकारी तथा निजी फार्मको सञ्चालकमा रहेको महिलाको संख्याको आधारमा महिलाको सहभागिता उल्लेख गरिएको छ। यस क्रियाकलापमा आयोजनाको लक्ष्य ७५ हजार किसान रहेकोले लक्ष्यको तुलनामा ७२ प्रतिशत (५३८६१) मात्र उपलब्धि भएको उल्लेख छ। जसबाट आयोजनाको अपेक्षित नतिजा प्रभावकारी देखिएन ।

१६. **कृषि सम्पत्ति तथा सेवामा कृषकको पहुँचमा स्थिति -** आयोजनाले निश्चित मूल्य श्रृङ्खला अन्तर्गत दिएको पूरक अनुदानबाट लाभान्वित कृषक संख्याको आधारमा कृषकको कृषि सम्पत्ति तथा सेवामा भएको पहुँच संख्या गणना गरी आयोजना सम्पन्न प्रतिवेदनमा उल्लेख गरेको देखियो। आयोजनाद्वारा प्रदान गरिने सेवा भएकोले आयोजनाको सुरूवातमा आधार संख्या शून्य राखेको र सोमा भएको वृद्धि देहाय अनुसार उल्लेख गरिएको छः

| आर्थिक वर्ष | लक्ष्य प्रतिशत | उपलब्धि संख्या | महिला लाभग्राही (प्रतिशत) |
|---|---|---|---|
| २०७४/७५ | ० | - | - |

| | | | |
|---|---|---|---|
| २०७५/७६ | २५ | ७३५४ | ३३.३ |
| २०७६/७७ | ५० | ७३२०५ | ४२ |
| २०७७/७८ | १०० | ११५७८० | ४६.७० |
| २०७८/७९ | १५० | १७४५५० | ४९.० |
| २०७९/८० | २०० | २४३६३५ | ४२.४ |
| २०८०/८१ | २०० | २३५३२५ | ४१.८ |

उपर्युक्त संख्या आयोजनाले दूध र दुग्धजन्य पदार्थको मूल्य श्रृङ्खला अन्तर्गत पूरक अनुदानबाट १,६१,५०५ जना, खसी बोकाको मासु उत्पादन मूल्य श्रृङ्खला अन्तर्गत ७२,९३९ जना र च्याङ्ग्रा पश्मिना उत्पादन मूल्य श्रृङ्खखा अन्तर्गत ८८१ जना कृषकहरू गरी जम्मा २,३५,३२५ जना कृषक लाभान्वित भएको आधारमा उल्लेख गरिएको छ। उपरोक्त तालिका बमोजिम जम्मा लाभान्वित कृषकहरू मध्ये करिब ४२ प्रतिशत अर्थात् ९८,३८७ जना महिला रहेका छन्। आयोजनाको लक्ष्य दूध तथा दुग्धजन्य पदार्थमा ९०,००० जना कृषक रहेकोमा सोको १७९ प्रतिशत, खसीबोकाको मासु उत्पादनमा १,०९,००० जना कृषक रहेकोमा सोको ६७ प्रतिशत र च्याङ्ग्रा पश्मिना उत्पादनमा १,००० जना कृषक रहेकोमा सोको ८८ प्रतिशत प्रगति देखिएको छ। कृषि सम्पत्ति र सेवामा ४५ प्रतिशत महिलाको पहुँच पुऱ्याउने लक्ष्य रहेकोमा ४२ प्रतिशत मात्र उपलब्धि हासिल भएको उल्लेख छ।

१७. **लाभग्राही अनुदान -** विश्व बैंक र नेपाल सरकारबिच भएको सम्झौतामा यस आयोजना मार्फत खसीबोकाको मासु, दूध तथा दुग्ध पदार्थ र च्याङ्ग्रा पश्मिनाको मूल्य श्रृङ्खला विकासमा २० प्रतिशत कृषकको तर्फबाट लगानी, ३० प्रतिशत वित्तीय संस्था मार्फत ऋण लगानी र बाँकी ५० प्रतिशत (अधिकतम एक करोडसम्म) आयोजनाको तर्फबाट अनुदान दिने उल्लेख छ। उप-आयोजनाहरुमा कृषक, वित्तीय संस्था र आयोजनाको लगानी देहाय अनुसार रहेको छः

(रकम रू. हजारमा)

| सहयोग इकाई कार्यालय | उप-आयोजना सं. | आयोजनाको नगद अनुदान रकम | लाभग्राहिको लगानी | बैंक तथा वित्तीय संस्थाको ऋण लगानी | जम्मा लगानी |
|---|---|---|---|---|---|
| मोरङ | १०५ | ४९३९०० | १८०७५१ | ३७६१२४ | १०५०७७५ |
| हेटौडा | १०६ | ५३७७२७ | २०१५४० | ४३७१०४ | ११७६३७२ |
| पोखरा | १११ | ४३५४७७ | २०९५४७ | ३९०५८५ | १०३५६१० |
| बुटवल | १२५ | ४५६५६३ | १८०१९३ | ४३६४६९ | १०७३२२७ |
| **जम्मा** | ४४७ | **१९२३६६८** | **७७२०३२** | **१६४०२८३** | **४३३५९८५** |
| **लगानी प्रतिशत** | | ४४.३६ | १७.८१ | ३७.८३ | १०० |

उपर्युक्त विवरण अनुसार कृषकको तर्फबाट २० प्रतिशत लगानी हुनुपर्नेमा १७.८१ मात्र प्रतिशत लगानी भएको, वित्तीय संस्था मार्फत ऋण लगानी ३० प्रतिशत हुनुपर्नेमा ३७.८३ प्रतिशत भएको तथा आयोजनाको तर्फबाट ५० प्रतिशत अनुदान निकासा हुनुपर्नेमा ४४.३६ प्रतिशत मात्र भएको देखियो। कृषकको स्वलगानी २.१९ प्रतिशत तथा आयोजनाको अनुदान निकासा ५.६४ प्रतिशत घटी भई वित्तीय संस्थाको ऋण ७.८३ प्रतिशत बढी भएको छ। कृषकहरूले बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको ब्याज भुक्तानी गर्नुपर्ने भएकोले आयोजनाको कुल लगानी रू.४ अर्ब ३३ करोड ५९ लाख ८५ हजारको ७.८३ प्रतिशतले हुने रकम रू.३३ करोड ९५ लाख ०७ हजार बढी ऋण कृषकहरूले लिनुपरेको र सोको ब्याज समेत भुक्तानी गर्नुपर्ने भएकोले कृषकको लगानी भार बढेको देखियो।

**१८. पशुधन खरिद** - नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजना, उप-आयोजना सञ्चालन मार्गदर्शन, २०७८ को बुँदा नं. १८ मा लाभग्राहीले पशुवस्तु खरिद सम्बन्धी सोधभर्नाका लागि आयोजनामा माग गर्दा खरिद गरिएको पशुको विवरण सहित सोको बिल भरपाई, तोकिएको मापदण्ड (स्पेसिफिकेशन) पुगेको कागजात, बाखाको हकमा पी.पी.आर. र गाई, भैंसीको हकमा खोरेत बिरूद्ध खोप लगाएको र खरिद गर्दाको बखत स्वस्थ्य रहेको प्राविधिक पदाधिकारीबाट प्रमाणित गरेको कागजात अनिवार्य पेश गर्नुपर्ने साथै खरिद गरिएको १ महिना भित्र अनिवार्य रूपमा बिमा गराउनुपर्ने उल्लेख छ। आयोजना अन्तर्गका ४ वटा विकेन्द्रीकृत आयोजना सहयोग ईकाइहरूको प्रगति विवरण अनुसार लाभग्राही कृषकहरूले निम्नानुसार पशुधन खरिद गरेको देखियो ।

| पशु धन / सहयोग ईकाइ | समूह, सहकारी, फार्मको सं. | बाखा | बोका | गाई | साँढे | भैसी | राँगा |
|---|---|---|---|---|---|---|---|
| विराटनगर | १०१ | ८०४० | ३२१ | १३३४ | ० | १२८ | ० |
| हेटौडा | १२६ | ५१८१ | २१० | ११८३ | ० | ५५६ | ० |
| पोखरा | ९७ | ६७२६ | ३०३ | ७६० | १ | ५९९ | १२ |
| बुटवल | ११४ | ४७२५ | २४५ | ३२२ | १ | १४०९ | १७ |
| जम्मा | ४३८ | २४६७२ | १०७९ | ३५९९ | २ | २६९२ | २९ |

उपर्युक्त तालिका अनुसार ४ वटा विकेन्द्रीकृत आयोजना सहयोग ईकाइ अन्तर्गत २४ हजार ६७२ उन्नत जातको बाखा (शुद्ध बोयर, खरि बोयर क्रस, जमुनापारीलगायत), १ हजार ७९ उन्नत जातको बोका (शुद्ध बोयर र ७५देखि ८७ प्रतिशत बोयर क्रस), ३ हजार ५९९ उन्नत जातको गाई (होलस्टेन र जर्सी), २ साँढे, २ हजार ६९२ उन्नत जातको भैंसी (मुर्रा र वर्णशंकर) र २९ मुर्रा राँगा खरिद भएको देखियो । खरिद गरिने पशुवस्तु सम्बन्धमा आयोजनाले मापदण्ड (स्पेशिफिकेसन) समेत तोकेकोमा उपरोक्त संख्यामा तोकिएको मापदण्ड बमोजिमका उन्नत जातका पशुवस्तु उपलब्ध हुने स्थान तथा कृषि फार्महरूको अध्ययन गरेको देखिएन। नेपाल सरकार वा अन्य तहको सरकारद्वारा मान्यता प्राप्त तोकिएको पशुवस्तु उपलब्ध हुने कृषि फार्मको यकिन नहुँदा कृषकहरूले आफ्नो सुविधा अनुकूल स्थानीय बजार, फार्म तथा असंगठित विक्रेता मार्फत सीमापारिबाट पशुवस्तु खरिद गरेको समेत अनुगमन फिल्ड सर्वेक्षणको क्रममा जानकारी प्राप्त भएको छ। स्थानीय बजार तथा सीमापारि फरक नाका प्रयोग गरी ल्याइएको पशुवस्तु तोकिएको खोप लगाए नलगाएको यकिन नभएको र पशुवस्तु खरिद गरेको छोटो समयमै मर्ने गरेको जानकारी सम्बन्धित कृषक मार्फत प्राप्त भएको छ।

**१९. संरचना निर्माण** - नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजना, उप-आयोजना सञ्चालन मार्गदर्शन, २०७८ को बुँदा नं. २३ मा आयोजनाबाट उपलब्ध हुने पूरक अनुदानको रकमबाट भाडामा लिएको जग्गामा पक्की भौतिक संरचनाहरू निर्माण गर्न नपाईने उल्लेख छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत उप- आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा मूल्याङ्कन विधि, २०७७ को बुँदा नं. १.३ मा अनुदान प्रस्ताव गर्न योग्य संस्थाको रूपमा कृषक समूह, सहकारी संस्थाहरू, उत्पादक संघहरू र निजि फार्म र कम्पनी हुने उल्लेख छ। आयोजना सम्पन्न प्रतिवेदन अनुसार आयोजनाले कुल ४४६ उप-आयोजनाहरूमा कुल रू.४ अर्ब ३३ करोड ५९ लाख ८५ हजार लगानी भएको मध्ये ६३.९४ प्रतिशत लगानी कृषक समूह तथा सहकारीको र बाँकी ३६.०६ प्रतिशत मात्र निजि फार्म तथा कम्पनीहरूको रहेको छ। कृषक समूहको नाममा जग्गा नहुने, सहकारीहरूको समेत गाई/ भैंसी तथा बाखा गोठ निर्माण गर्न मिल्ने जग्गा नहुने, सहकारी सदस्यहरू मिलेर भाडामा जग्गा लिई कृषि व्यवसाय गर्ने तर अनुदानको रकम भाडाको जग्गामा संरचना निर्माणमा प्रयोग गर्न नमिल्ने हुँदा कृषक समूहहरूले बैंकबाट लिएको ऋण रकमले संरचना निर्माण गरेको, संरचना निर्माणमा करिब १ वर्ष समय

लागेको र उक्त अवधिमा बैंकको ब्याज तथा साँवा भुक्तानी गर्नु परेकोले कृषकको लागत बढाएको देखियो। यसबाट निर्देशिकाको प्रावधान पालना नहुने गरी निर्माण भएको संरचनाको आधारमा समेत लगानी गरेको देखिएको छ।

२०. **शीर्षकगत खर्च -** आयोजनाको कुल लागत रू. ७ अर्ब ४४ करोड ८० लाख मध्ये सबैभन्दा बढी पूरक अनुदानमा रू. ३ अर्ब ८५ करोड ५० लाख ३० हजार (५१.७६ प्रतिशत) खर्च भएको देखिन्छ। आयोजनाले विभिन्न सामग्री खरिद तथा निर्माण कार्यमा रू.२ अर्ब २६ करोड ६१ लाख ८० हजार (३०.४३ प्रतिशत) खर्च गरेको छ। पूरक अनुदान दिइएका आयोजनाहरू सञ्चालन भई सोबाट कृषकहरूले लाभ लिएको साथै उत्पादित वस्तुको मूल्यअभिवृद्धि भई किसानको आर्थिक अवस्थामा भएको सुधारका साथै आयोजनाले यू.एस.जी. मेशिन, फ्रिज लगायतका सामग्री खरिद गरी वितरण गरेकोमा सोको प्रयोग सम्बन्धमा पर्याप्त अनुगमन मूल्याङ्कन गरेको देखिएन। आयोजना सम्पन्न प्रतिवेदन अनुसार आयोजनामा शीर्षकगत रूपमा भएको खर्च देहाय अनुसार रहेको छः

| शिर्षक | विश्व बैंक (रू. हजार) | नेपाल सरकार (रू. हजार) | लाभग्राही (रू. हजार) | वित्तीय संस्था (रू. हजार) | जम्मा (रू.हजार) | प्रतिशत |
|---|---|---|---|---|---|---|
| वस्तु तथा निर्माण कार्य | १९१२०६० | ३५४१२० | - | - | २२६६१८० | ३०.४३ |
| तालिम, गोष्ठी, परामर्श तथा अन्य सेवा खरिद | ६२४९८० | ११५७०० | - | - | ७४०६८० | ९.९४ |
| सञ्चालन खर्च | ३१३०६० | २७३०५० | - | - | ५८६११० | ७.८७ |
| पूरक अनुदान | १९२७५१० | - | ७७१०१० | ११५६५१० | ३८५५०३० | ५१.७६ |
| **जम्मा** | ४७७७६१० | ७४२८७० | ७७१०१० | ११५६५१० | ७४४८००० | १०० |
| **लागत सहभागिता** | ६४.१५ | ९.९७ | १०.३५ | १५.३५ | १०० | |

आयोजनाले निम्नानुसार ५ वटा पशुहाट रू.१९ करोड ३ लाख ८० हजारमा निर्माण गरी सम्बन्धित पालिकालाई सञ्चालनको लागि हस्तान्तरण भएकोमा सञ्चालन भई प्राप्त उपलब्धिको समेत मूल्याङ्कन गरेको देखिएन। पशुहाटबाट स्थानीय कृषक तथा कृषक समूह लाभान्वित भएको सम्बन्धमा समीक्षा गरी लगानी सदुपयोग भएको निश्चितता कायम गर्नुपर्दछ।

| सि.नं. | पशु हाटबजारको नाम | निर्माण लागत (रू.हजार) | कैफियत |
|---|---|---|---|
| १. | रत्ननगर पशु बजार, चितवन | ३६३८० | |
| २. | गुलरिया पशु बजार, बर्दिया | ३९४४० | |
| ३. | सियारी पशु बजार, रूपन्देही | ३५१२० | |
| ४. | रंगेली पशु बजार, मोरङ | ३४४४० | |
| ५. | दमक पशु बजार, झापा | ४५००० | अन्य आयोजनाबाट निर्माण भई अधुरारहेका कार्यहरू सम्पन्न गरेको |
| | **जम्मा** | **१९०३८०** | |

२१. **उप आयोजनाको छनौट -** विश्व बैंक र नेपाल सरकारवीच भएको सम्झौताका साथै कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार गरेको उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा मूल्याङ्कन विधि, २०७७ को बुँदा नं.१.२ मा आयोजनाले उत्पादनकर्ता र खरिदकर्ताबिचको उत्पादनमूलक गठबन्धनका माध्यमबाट तयार पारिएका उप- आयोजना (व्यावसायिक योजना) प्रस्तावहरूलाई आयोजनाको निर्धारित मापदण्ड अनुसार मूल्याङ्कन गरी करिब ५०० वटा उत्कृष्ट उप- आयोजनहरूलाई प्रतिस्पर्धाका आधारमा लगानीको ५० प्रतिशत वा अधिकतम रू.१ करोडसम्म पूरक अनुदान उपलब्ध गराउने उल्लेख छ। सोही बुँदामा पूरक अनुदानको लागि प्राप्त उप-आयोजना प्रस्तावहरूलाई उप- आयोजनाको अवधारणा

पत्र मूल्याङ्कन, अवधारणा पत्रमा उल्लेखित विवरणहरूको स्थलगत प्रमाणीकरण मूल्याङ्कन र उप-आयोजना पूर्ण प्रस्तावको मूल्याङ्कनगरी तीन चरणमा मूल्याङ्कन गरिने उल्लेख छ। आयोजनाले तयार गरेको आयोजना सम्पन्न प्रतिवेदन अनुसार पूरक अनुदानको लागि प्राप्त भएको अवधारणा पत्र संख्या र सम्पन्न भएका आयोजनाहरूको विवरण देहाय अनुसार रहेका छन्:

| क्रियाकलाप | प्रस्ताव आव्हान | | जम्मा |
|---|---|---|---|
| | १(२०७७/२/२८)<br>२(२०७७/३/१६) | ३(२०७७/१०/२०) | |
| अवधारणा पत्र प्राप्त संख्या | ८११ | २४०९ | ३२२० |
| स्थलगत प्रमाणीकरण संख्या | ६०२ | ८९४ | १४९६ |
| पूर्ण प्रस्ताव प्राप्त संख्या | ५०६ | ७४८ | १२५४ |
| सम्झौताको लागि छनौट संख्या | २९० | ४५६ | ७४६ |
| सम्झौता भएको संख्या | २४९ | ३८० | ६२९ |
| रद्द सम्झौता संख्या | ३६ | १४७ | १८३ |
| सम्पन्न भएको संख्या | २१३ | २३३ | ४४६ |

उप-आयोजनाको पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा मूल्याङ्कन विधि, २०७७ को परिच्छेद २ मा आवेदकलाई प्रस्ताव तयार पार्न तालिम दिने, बैंक तथा वित्तीय संस्थाबाट ऋण सहयोग प्राप्त गर्ने कार्यमा सहजीकरण गर्ने र कार्यान्वयनमा सहयोग गर्न आयोजनाले सेवा प्रदायक संस्थाको सेवा प्राप्त गरेको उल्लेख छ। आयोजनाले परामर्श सेवा खरिद अन्तर्गत नेपाल एग्रिविजनेश ईनोभेसन सेन्टर (NABIC) लाई सेवा प्रदायक संस्थाको रूपमा छनौंट गरी रू.२ करोड ७६ लाख ४० हजार भुक्तानी गरी सेवा खरिद गरेको छ।उपरोक्त तालिका अनुसार कुल ३२२० उप-आयोजना अवधारणा प्रस्ताव प्राप्त भई स्थलगत प्रमाणीकरण मूल्याङ्कनबाट १४९६ अवधारणापत्र पूर्ण प्रस्तावको लागि छनौट भएकोमा ६२९ सम्झौता भए पनि ४४६ वटामात्र सम्पन्न भएको देखियो। समग्रमा अवधारणापत्र दर्ताको तुलनामा उप-आयोजना सम्पन्न भएको संख्या १३.८५ प्रतिशतमात्र देखिनुले आयोजनाको जानकारी दिनेदेखि कार्यान्वयनको विभिन्न चरणमा गर्नुपर्ने कार्य प्रभावकारी रूपमा भएको देखिँदैन। दर्ताको तुलनामा न्यून प्रतिशत मात्र सम्पन्न हुँदा समेत परामर्श सेवा प्रदायकलाई सम्पूर्ण रकम भुक्तानी दिएको छ। यसबाट सेवा प्रभावकारी नहुँदा सबै कार्यसम्पादन सुचकमा आधारित नगरी शत प्रतिशत भुक्तानी गरेको उचित देखिएन ।

२२. **लागत सहभागिता (को फाइनान्सिङ)** - कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार गरेको उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा मूल्याङ्कन विधि, २०७७ को बुँदा नं.१.२ मा उप-आयोजनाको लगानीको ५० प्रतिशत वा अधिकतम रू.१ करोडसम्म पूरक अनुदान उपलब्ध गराइने र पूरक अनुदान प्राप्त गर्न चाहने आवेदक संस्थाहरूले उप-आयोजनाको कुल लगानीको २० प्रतिशत स्वलगानी र ३० प्रतिशत वित्तीय संस्थाको ऋण सहयोग गरी कम्तीमा ५० प्रतिशत लगानी आफ्नै स्रोतबाट जुटाउनु पर्ने उल्लेख छ। सोही विधिको बुँदा नं. १.६(घ) मा आवेदक संस्थाले प्रस्तावित उप-आयोजनाको आफूले व्यहोर्नु पर्ने कुल लगानीको न्यूनतम ५० प्रतिशत अंश बैंक वा वित्तीय संस्थाबाट पुरै ऋण लिएर समेत व्यहोर्न सक्ने उल्लेख छ। साथै बुँदा नं. १.६ (ङ) मा चालू व्यवसायको हकमा हाल प्रयोग भइरहेका र नँयाको हकमा प्रयोग हुने स्थानीय सामग्री तथा श्रमलाई अनुदानग्राही वा उनीहरूका लाभग्राहीले व्यहोर्ने लगानीको अंश गणना गर्ने प्रयोजनको लागि अनुदानग्राहीको योगदान गणनामा समावेश नगरिने उल्लेख छ। आयोजनाले अनुदानको लागि योग्य उल्लेख गरेका संस्था मध्ये कृषक समूह र सहकारी संस्थाहरूसँग स्वलगानीको लागि आवश्यक पर्ने २० प्रतिशत रकम नहुन सक्ने आधारमा अनुदानग्राहीको तर्फबाट गर्नुपर्ने पूरै ५० प्रतिशत लगानी बैंक तथा वित्तीय संस्थाबाट ऋण

लिई लगानी गर्न सक्ने कानुनी व्यवस्था गरेको देखियो। तर आयोजनाबाट स्वीकृत उप-आयोजना (व्यावसायिक योजना) को आधारमा विना अन्य धितो बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन मिल्ने कुनै व्यवस्था गरेको देखिएन जसकारण कृषक समूह तथा सहकारीका सदस्यहरूमध्ये कुनै एक सदस्यको निजि सम्पत्ति धितो राखी ऋणलिई उप-आयोजनामा लगानी गरेको देखियो ।

स्थानीय निर्माण सामग्री तथा श्रमलाई अनुदान प्रयोजनको लागि गणना नगर्ने, अनुदान रकम भाडामा लिएको जग्गामा पक्कि संरचना निर्माण प्रयोग गर्न नपाउने व्यवस्थाले अनुदानग्राही थप ऋणको भारमा परेको देखियो। सामान्य कृषक समूहले ठुलो परिमाणको ऋण लिएको (उदाहरणका लागि आयोजनाको कुल लागत रू. २ करोड हुँदा ३० प्रतिशतले हुने रू.६० लाख ऋण लिनुपर्ने), संरचना निर्माण र पशुवस्तु खरिदगरी उप-आयोजना सञ्चालनमा कम्तीमा १ वर्ष समय लाग्ने र सो अवधिमा ऋणको किस्ता भुक्तानी आफ्नो व्यक्तिगत आर्जनबाट गर्नुपर्ने साथै कृषि व्यवसायबाट ऋणको किस्ता भुक्तानी गरी सदस्यहरूलाई नाफा आम्दानी वितरण हुन सक्ने नसक्ने सम्बन्धमा अध्ययन नगरी सह-लगानीको अवधारणा मार्फत आयोजना सञ्चालन गर्दा अनुदान प्राप्त गरेका कृषक समेत व्यवसायमा लाभ लिन नसकी ऋणमा डुबेको स्थलगत अनुगमनको क्रममा गरिएको छलफलबाट जानकारी प्राप्त भएको छ।

२३. **अनुगमन तथा मूल्याङ्कन -** नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजनाको आयोजना निर्देशक समितिबाट २०७८।७।२६ मा स्वीकृत उप- आयोजना सञ्चालन मार्गदर्शन, २०७८ को परिच्छेद ८ मा उप-आयोजनाको अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था छ। यस सम्बन्धी बेहोरा निम्न अनुसार छन्ः

२३.१. उप-आयोजनाका क्रियाकलापको कार्यान्वयन पक्ष उल्लेख भए पनि विशेष गरी मूल्य श्रृङ्खला अन्तर्गत पूरक अनुदान पाउन छनोट भएका कृषकहरूले गर्नुपर्ने लगानी (स्वलगानी र ऋण) को स्रोत, सोको लागत र लगानीबाट हुने आयआर्जन पक्षको मूल्याङ्कन गर्ने क्रियाकलाप उल्लेख भएको देखिएन। संरचना निर्माणको भौतिक प्रगति र बिल भरपाईका साथै पशुधन खरिद गरेको बिल भरपाईको आधारमा भुक्तानी दिने प्रयोजनको लागि अनुगमन गरेपनि खरिद गरेको पशुधनबाट तोकिएको उत्पादन भई वित्तीय संस्थाको ऋणको साँवा ब्याज भुक्तानी, स्वलगानीको प्रतिफल र व्यवसायको सञ्चालन विषयको मूल्याङ्कन भएको देखिएन ।

२३.२. पूरक अनुदानको लागि कृषकले पेश गरेको प्रस्तावमा उल्लेखित कृषि उत्पादन खरिदकर्ताको खरिद क्षमता र निरन्तरताको मूल्याङ्कन समेत गरेको देखिएन । आयोजनाले १ केन्द्रीय, ५ प्रादेशिक र २८ जिल्लास्तरीय सरोकारवाला संवाद प्लेटफार्म, सोही बमोजिम गुनासो व्यवस्थापन संयन्त्रका साथै तीनै तहका सरकारको समन्वयमा कार्यक्रम सञ्चालन गरेको उल्लेख गरेता पनि आयोजनाले सिफारिस गरेको पशुधनको विशिष्टता अनुसार उपचारको लागि समयमा दक्ष चिकित्सक उपलब्ध हुने संयन्त्रको विकास प्रभावकारी रूपमा गरेको देखिएन ।

२३.३. आयोजना अवधिमा विश्व बैंकका पदाधिकारीबाट १० पटक आयोजना कार्यान्वयन समीक्षा बैठक भएकोमा उक्त बैंकका प्रतिनिधिले विराटनगर कार्यालय अन्तर्गतको रंगेली पशु हाटबजार र बुटवल कार्यालय अन्तर्गतको सियारी पशु हाटबजारको १ पटक मात्र स्थलगत अनुगमन गरेको र अन्य सबै बैठक मन्त्रालयमा आयोजना गरी समीक्षा गरेको प्रतिवेदनमा उल्लेख छ। विश्व बैंकका पदाधिकारीबाट आयोजनाको महत्वपूर्ण सम्भागको रूपमा रहेको मूल्य श्रृङ्खला अन्तर्गत अनुदानग्राहीले प्राप्त गरेको अनुदानको उपयोग सम्बन्धमा अनुगमन गरेको देखिएन।

समग्रमा आयोजनाले भुक्तानी प्रयोजनको लागि मात्र अनुगमन गरेकोले कार्यान्वयन प्रभावकारी नभई तोकिएको लक्ष्य पूरा हुन सकेको देखिएन । लक्षित वर्गमा प्रतिफल एवं सुधार भएको सुनिश्चित हुन अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउनुपर्दछ।

२४. **आयोजनाको समग्र प्रभावकारिता -** आयोजनाले तयार गरेको आयोजना सम्पन्न प्रतिवेदनमा आयोजनाका कार्यसम्पादनसँग सम्बन्धित जम्मा ३८ वटा सूचक मध्ये १६ वटा सूचक पूर्णरूपमा कार्यान्वयन भएको, १३ वटा सन्तोषजनक रूपमा कार्यान्वयन भएको, ८ आंशिक कार्यान्वयन भएको र १ वटा कार्यान्वयन नभएको तथा समग्रमा आयोजनाका लक्ष्यहरू सन्तोषजनक रूपमा पूरा भई आयोजना प्रभावकारी भएको उल्लेख छ। साथै विश्वबैंकले गरेको रेटिङ अनुसार आयोजनाको ३२ वटा सूचकहरूमध्ये ९ वटा पूर्ण, २० वटा सन्तोषजन र ३ वटा आंशिक रूपमा पूरा भई आयोजनाको रेटिङ सन्तोषजनक उल्लेख छ। आयोजनाको चारवटा संभागहरू मध्ये पहिलो संभाग अन्तर्गत पूरा हुनुपर्ने १२ क्रियाकलाप मध्ये ७६.६६ प्रतिशत, दोस्रो संभाग अन्तर्गत ४३ क्रियाकलाप मध्ये ९४.६१ प्रतिशत, तेस्रो संभाग अन्तर्गत ९ मध्ये ९४.४४ प्रतिशत र चौथो संभाग अन्तर्गतका सबै क्रियाकलाप पूरा भई समग्रमा ९५.१ प्रतिशत क्रियाकलाप पुराभई आयोजना सफल रूपमा सम्पन्न भएको उल्लेख छ।

लेखापरीक्षणको सिलसिलामा स्थलगत अनुगमनको क्रममा काठमाडौं, काभ्रेपलाञ्चोक, कास्की, रुपन्देही, उदयपुर, ससरी, सिरहा र धनुषा जिल्लास्थित ४५ (अनुसूची-१ मा संलग्न) उप-आयोजनाको स्थलगत अनुगमन गरिएकोमा जिल्ला सहकारी संघ लिमिटेड कास्की, श्री देउराली दुग्ध उत्पादक सहकारी संस्था काभ्रेपलाञ्चोक, श्री सेतीदेवी दुग्ध उत्पादक सहकारी संस्था काभ्रेपलाञ्चोक, नेपाली माटो नेपाली मन एग्रिकल्चर प्रा.लि. काठमाडौं, प्रकृति अर्गानिक कृषि फार्म काठमाडौं, नमुना महिला बहुउद्देश्यीय सहकारी संस्था काठमाडौं, जनता वहुउद्देश्यीय सहकारी संस्था धनुषा, श्री राम जानकी कृषि तथा पशु पालन विकास कम्पनी प्रा.लि. धनुषा र श्री बालासुन्दरी साना किसान सहकारी संस्था सिरहागरी ९ वटाले मात्र व्यवसाय सञ्चालन गरिरहेको पाइयो। खरिद गरेका पशुधन विविध रोगका कारण मरी हाल फार्ममा कुनै पशुधन नरहेको, प्रगति प्रतिवेदनमा उल्लेख गरेको भन्दा ज्यादै न्यून संख्यामा पशुधन रहेको, हालसम्म कुनै पाठापाठी उत्पादन नभएकोले बिक्री गर्न नसकेको, बैंकबाट लिएको ऋणको सावा ब्याज भुक्तानीको लागि निजि जग्गा बिक्री गर्नुपर्ने अवस्था रहेको जस्ता समस्या स्थलगत अनुगमनका क्रममा कृषकले जानकारी गराएको र हालको अवस्थामा अधिकांश कृषिफार्म बन्द भएको देखिएकोले उपरोक्त विवरण विश्वसनिय देखिन आएन। आयोजनाले नीति तथा कानुन निर्माणमा गरेको खर्च, खरिद गरी वितरण गरेको सामग्रीको परिमाण र रकम, विभिन्न कर्मचारी तथा कृषकलाई दिएको तालिमको संख्या र रकम, निर्माण गरेका भौतिक संरचना र सोको लागत तथा अनुदानग्राहीलाई वितरण गरेको पूरक अनुदान रकम र आयोजना व्यवस्थापनमा भएको खर्चको आधारमा ९५.१ प्रतिशत आयोजना सफल भएको उल्लेख गरेको तथा आयोजनाको दोस्रो र तेस्रो संभागको प्रगति ९४ प्रतिशत रहेको उल्लेख गरेको तर स्थलगत अनुगमनको क्रममा उत्पादन नभएको तथा भएकोमा पनि ज्यादै न्यून भएकोले आयोजनाको मूल लक्ष्य पशुधनको उत्पादकत्व वृद्धिगरी उत्पादनको मूल्य अभिवृद्धि गर्ने लक्ष्य पूरा नभएको अवस्था छ।

# परिच्छेद - ४
# निष्कर्ष तथा सुझाव

नेपालको संविधानले कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधिकरण र आधुनिकीकरण गर्ने नीति लिएको छ। कृषि तथा पशुपन्छी क्षेत्रको विकास संघ, प्रदेश तथा स्थानीय तहले गर्ने गरी अनुसूची ६ र ८ मा प्रदेश र स्थानीय तहको एकल र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा प्रस्तुत गरेको छ। त्यसैगरी राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८ ले पशुपन्छी पालन तथा गुणस्तरीय पशुपन्छीजन्य पदार्थको उत्पादन तथा वितरण सहितको सक्षम र निर्यातमुखी पशु स्वास्थ्य क्षेत्रको विकास गर्ने लक्ष्य लिएको छ। राष्ट्रिय पशुपन्छी प्रजनन् नीति, २०७८ ले पशुपन्छीका विभिन्न जात र नश्लको वंशाणुगत क्षमता संरक्षण, उपयोग तथा विकास गर्दै दूध, माछा, मासु र पश्मिनाको उत्पादकत्वमा वृद्धि गर्ने लक्ष्य लिएको छ। यसै व्यवस्थाको परिकल्पना साकार पार्न पशुवस्तुको उत्पादकत्व वृद्धि, उत्पादनको मूल्य अभिवृद्धि तथा साना पशुपालक कृषक तथा पशु वस्तु विशेष मूल्य श्रृङ्खलामा आधारित उद्यमहरूको जलवायु अनुकूलन क्षमतामा सुधार, पशुपालन क्षेत्रको आधुनिकीकरण र सुदृढीकरण गर्ने मुख्य उद्देश्यका साथ नेपाल सरकार र विश्व बैंक वीच सम्झौता भई ५ प्रदेशमा २८ जिल्लाका २८९ गाउँपालिका तथा नगरपालिकाहरूमा नेपाल लाइभस्टक सेक्टर ईनोभेसन आयोजना २०७४।७५देखि २०८०।८१सम्म ७ वर्ष सञ्चालन भएको छ।

सरकारले विश्व बैंकको ऋण सहयोगमा सञ्चालन गरेको यस आयोजनाका लागि ४ स्थानमा विकेन्द्रीकृत आयोजना सहयोग इकाई र केन्द्रमा १ आयोजना समन्वय कार्यालय स्थापना गरेको थियो । आयोजनामा नेपाल सरकारका कर्मचारीका साथै व्यक्तिगत विषय विज्ञ र संस्थागत परामर्शदाता समेत कार्यरत रहेको थियो। आयोजनाले कर्मचारीका साथै कृषकहरूलाई सामान्यदेखि विशिष्टीकृत तालिम प्रदान गरेको, कृषकलाई पूरक अनुदान मागको प्रस्तावदेखि व्यावसायिक योजना तयारिमा सहयोग गर्न विशेषज्ञ परामर्शदाता नियुक्त गरी सेवा प्रवाह गरेको, पशुलाई रोगबाट बचाउन खोप खरिदगरी वृहत् भ्याक्सिनेसन कार्यक्रम सञ्चालन गरेको, पशुचिकित्सामा नवीनतम मानिएको भिडियो एक्सरे सेवा सञ्चालन गरेको, कृषि सेवा तथा सम्पत्तिमा सरोकारवालाको पहुँच वृद्धि भएको लगायत विभिन्न क्रियाकलापमा उल्लेख्य प्रगति भई आयोजना सम्झौतामा उल्लेखित उद्देश्य पूरा भएको जनाएपनि लेखापरीक्षणको क्रममा गरिएको स्थलगत अनुगमनमा सोअनुसार भएको छैन ।

खरिद गरेका पशुधनको विविध रोगका कारण मृत्यु भएकोले स्थलगत अनुगमन भएका अधिकांश फार्ममा पशुधन नरहेको, प्रगति प्रतिवेदनमा उल्लेख गरेको भन्दा ज्यादै न्यून संख्यामा पशुधन रहेको, हालसम्म कुनै पाठापाठी उत्पादन नभएकोले बिक्री गर्न नसकेको, बैंकबाट लिएको ऋणको सावा ब्याज भुक्तानीकोलागि निजि जग्गा बिक्री गर्नुपर्ने अवस्था रहेको जस्ता समस्या स्थलगत अनुगमनका क्रममा कृषकले जानकारी गराएकोले आयोजनाले प्रगति विवरणमा देखाएझैं भएको देखिएन। यस आयोजना अन्तर्गत पूरक अनुदानका लागि कृषक समूह/सहकारी र फार्म छनौट गर्दा वित्तीय क्षमता मूल्याङ्कन नगरेको, पशुधनबाट हुने आय आर्जन र आय आर्जन हुन लाग्ने समय जस्ता पक्षको विश्वसनीय मूल्याङ्कन नगरेको, स्थानीय नश्लको तुलनामा उत्पादकत्व बढी हुने पक्षको आधारमा वाह्य जातको पशुपालनमा जोड दिएकोमा सोका लागि चाहिने वशेषज्ञ चिकित्सक र स्वास्थ्य केन्द्रको यथोचित व्यवस्थापन नगरेको, पशुधनलाई भन्दा भौतिक संरचना निर्माणमा बढी समय र स्रोत खर्च गरेको, प्रदेश र स्थानीय तहसँग प्रभावकारी समन्वय नगरी आयोजना कार्यान्वय गरेको र आयोजनाको दिगोपनामा

केन्द्रित नभई भुक्तानी प्रकृयाका लागि अनुगमन मूल्याङ्कन केन्द्रित रहेको जस्ता कमी कमजोरी देखिएको छ।

उपयुक्त आयोजना छनौट र प्रभावकारी कार्यन्वयन गरी कृषिमा आवद्ध जनताको आयस्तर वृद्धि गर्दै उत्पादकत्व सुनिश्चित, दिगो र प्रभावकारी बनाउन देहायका सुझावहरू प्रस्तुत गरिएको छः

- नयाँ आयोजना तर्जुमा र सम्झौता गर्नुपूर्व समान प्रकृतिका विगतमा सञ्चालित आयोजना तथा कार्यक्रमको समीक्षा र प्रस्तावित कार्यक्रमको कार्यान्वयन योग्यता, स्रोत साधनको समुचित उपयोग भई प्रतिफल प्राप्त हुने तथ्यपरक विश्लेषण सहितको निश्चितता, कार्यक्रम कार्यान्वयन गरिने प्रस्तावित क्षेत्रको विद्यमान स्थितिको सर्वेक्षण र कृषकको तर्फबाट गरिने लगानीका स्रोत र सोको प्रतिफल योग्यताको मूल्याङ्कन गरिनु पर्दछ,
- नीति, नियम तथा कानुन निर्माण गर्ने कार्य ऋणबाट सञ्चालन हुने आयोजनाको क्रियाकलाप अन्तर्गत नराखी आवश्यक योजना, नीति, नियम तथा ऐन कानुन निर्माण गरिसके पश्चात् सोमा उल्लेखित उद्देश्य पूर्तिको लागि आयोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ,
- पशुधन क्षेत्रको आयोजना तयारीकै क्रममा स्थानीय उपलब्ध पशुधनको उत्पादकत्व वृद्धिगर्न गर्नुपर्ने सुधार समबन्धमा अध्ययन गरी स्थानीय वातावरण अनुकूलका पशुधन पालनमा सहयोग गर्ने खालका कार्यक्रम छनौटलाई प्राथमिकता दिनुपर्दछ,
- आधुनिक गोठ/ खोर निर्माणको नाममा भौतिक संरचना निर्माणलाई प्राथमिकता दिनुभन्दा स्थानीय मौसम र हावापानी सुहाउँदो तथा कृषकको मागमा आधारित गोठ/ खोर निर्माण गरी पशुधन खरिद र सोको औषधि उपचारलाई प्राथमिकतामा राखी अनुदान अन्तर्गतका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ,
- धेरै किसिमका छोटो अवधि भएका सामान्य तालिमलाई प्राथमितामा नराखी कृषकको व्यवस्थापकीय र प्राविधिक ज्ञान तथा सिमा वृद्धि हुने र आफ्नो व्यवसायमा प्रयोगहुने खालका लामो अवधिको तालिम कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ,
- उत्पादित वस्तु तथा सामग्रीको बजार पहुँच तथा बजार सुनिश्चितता, मूल्य सुनिश्चितता कायम हुने संयन्त्रको विकास गरी व्यवसायको दिगोपना कायम गर्नुपर्दछ,
- अनुदान कार्यक्रमहरू कृषक तथा व्यवसायीहरूलाई बैंक तथा वित्तीय संस्थाको ऋणको भारी बोकाउने भन्दा स्वलगानी क्षमताका आधारमा अनुदानका कार्यक्रमहरू सञ्चालन गर्न तर्फ केन्द्रित हुनुपर्दछ,
- यस्ता आयोजना कार्यान्वयनसँग सम्बन्धित नयाँ प्रविधि तथा सीप हस्तान्तरण गर्नुपूर्व कृषक तथा व्यवसायीलाई त्यस्ता प्रविधिसँग अनुकूल हुन सक्ने गरी तालिम तथा क्षमता विकासका कार्यहरू सञ्चालन गर्नु पर्दछ,
- कार्यक्रम कार्यान्वयनमा संघ, प्रदेश एवं स्थानीय तहमा देखिएको दोहोरोपनालाई हटाउने संयन्त्रको विकास गर्नुपर्दछ,
- आवधिक रूपमा सञ्चाल नभई समाप्त भएका आयोजना कार्यक्रमहरू समयमै तोकिएको निकायलाई हस्तान्तरण गरी निरन्तर रूपमा सहयोग तथा समन्वय संयन्त्र परिचालन मार्फत दिगोपनाको सुनिश्चितता कायम गर्नुपर्दछ,
- अनुगमन तथा मूल्याङ्कनलाई वस्तुनिष्ठ र प्रभावकारी बनाउनुपर्दछ।

तसर्थ अपेक्षित प्रतिफल प्राप्तिका लागि आयोजनाको छनौट, कार्यान्वयन, सहभागिता, लागत साझेदारी साथै अनुगमन तथा मूल्याङ्कन समेत नतिजाउन्मुख बनाइनु पर्दछ। यस्ता व्यवस्थालाई व्यवहारमा अनुभूति हुने गरी कार्यान्वयन गर्न उचित स्रोत साधन सहित समयबद्ध कार्ययोजना र स्पष्ट कार्यसम्पादन सूचकको विकास गरी अनिवार्य पालना गर्नुपर्छ।

## अनुसूची -१

## कार्यमूलक लेखापरीक्षणको क्रममा स्थलगत अनुगमन गरिएका उप-आयोजनाहरुको विवरण

| सि.नं. | फार्मको नाम र ठेगाना | मूल्य श्रृङ्खला |
|---|---|---|
| १ | धनवर्षा कृषि तथा पशुपंक्षी पालन कटारी ५, उदयपुर | मासु |
| २ | भु.पु. सैनिक कृषि फार्म, त्रियुगा १३ उदयपुर | दूध (गाई र भैंसी पालन) |
| ३ | खयरबनी बहुउद्देश्यीय पशुपालन समूह, बेलका ५, उदयपुर | मासु |
| ४ | नमुना कृषि तथा पशुपादन फार्म | मासु |
| ५ | मनकामना कृषि फार्म, उदयपुर | |
| ६ | चन्दन पशु पालन कृषक समूह, सप्तरी | दूध (भैंसीपालन) |
| ७ | माँ धन्जु कृषि सहकारी संस्था लि., सप्तरी | मासु |
| ८ | माँ भगवती बाबा डिहिबार कृषक समूह, सप्तरी | दूध (भैंसीपालन) |
| ९ | संजिवनी कृषि तथा पशुपन्छी पालन समूह, सप्तरी | मासु |
| १० | उज्वल कृषि सहकारी संस्था, सप्तरी | दूध (भैंसीपालन) |
| ११ | ग्रामिण विकास पशु सहकारी संस्था लि., सप्तरी | दूध (गाई र भैंसीपालन) |
| १२ | माँ भगवति कृषि सहकारी संस्था लि. , सप्तरी | दूध (भैंसीपालन) |
| १३ | साना किसान कृषि सहकारी संस्था, विष्णुपुर, सिरहा | दूध (भैंसीपालन) |
| १४ | साना किसान कृषि सहकारी संस्था, लहान १३ सिरहा | डेरी |
| १५ | साना किसान कृषि सहकारी संस्था, लहान११ ,सिरहा | मासु |
| १६ | बालसुन्दरी साना किसान कृषि सहकारी संस्था, भगवानपुर, सिरहा | डेरी |
| १७ | जनादेश बहुउद्देश्यीय सहकारी संस्था, विष्णुपुर, सिरहा | दूध (गाई र भैंसी पालन) |
| १८ | बाला सुन्दरी पशु पन्छी केन्द्र, भगवानपुर, सिरहा | मासु |
| १९ | माँ भगवती एकीकृत कृषि तथा पशु फार्म नरहा, सिरहा | दूध (गाई पालन) |
| २० | हाइवे पशुपालन फार्म, लक्ष्मिनिया, धनुषा | दूध (गाई पालन) |
| २१ | राधाकृष्ण कृषक समूह जकपुर १४, धनुषा | दूध- गाई र भैंसीपालन |
| २२ | जनता बहुउद्देश्यीय सहकारी संस्था, लक्ष्मिनिया ४, धनुषा | दूध (गाई र भैंसीपालन) |
| २३ | जनचेतना अभियान कृषि सहकारी संस्था, जनकपुर १४, धनुषा | डेरि |
| २४ | रामजानकी कृषि तथा पशु पालन विकास कम्पनी प्रा.लि. , धनुषा | दूध (गाई र भैंसी पालन) |
| २५ | मिथिला कृषि तथा पशुपन्छि पालन फार्म, क्षिरेश्वरनाथ, धनुषा | मासु |
| २६ | उत्तम कृषि फार्म, गणेशमान चारनाथ, धनुषा | मासु |
| २७ | हरियाली दिदी बहिनी कृषि सहकारी संस्था, धनुषाधाम, धनुषा | दूध (गाई र भैंसीपालन) |
| २८ | डिहबार व्यावसायिक पशु फार्म, धनुषाधाम, धनुषा | दूध (गाई र भैंसीपालन) |
| २९ | यदुकुहा साना किसान कृषि सहकारी संस्था, शहिदनगर, धनुषा | मासु |
| ३० | जिल्ला सहकारी संघ, कास्की | डेरी |
| ३१ | जगत कल्याण दुग्ध उत्पादक सहकारी संस्था,पोखरा ३०, कास्की | डेरी |
| ३२ | विराट कृषि सहकारी संस्था, पोखरा, कास्की | दूध (गाईपालन) |
| ३३ | अन्नपूर्ण पशुपालन कृषक समूह, रुपा ५, कास्की | मासु |
| ३४ | राष्ट्रिय पशु प्रजनन् केन्द्र पोखरा, कास्की | |
| ३५ | तृषा पशुपालन समूह तिलोतमा १३, रुपन्देही | दूध (भैंसीपालन) |
| ३६ | लुम्बिनी बहुउद्देश्यीय कृषक समूह, सियारी ४, रुपन्देही | मासु |
| ३७ | नेपाली माटो नेपाली मन एग्रिकल्चर प्रा.लि., काठमाडौं | दूध (भैंसीपालन) |

| | | |
|---|---|---|
| ३८ | प्रकृति अर्गानिक कृषि फार्म, काठमाडौं | दूध (भैंसीपालन) |
| ३९ | सार एग्रो कृषि तथा पशुपन्छी कृषक समूह, काठमाडौं | मासु |
| ४० | नमुना महिला बहुउद्देश्यीय सहकारी संस्था लि., काठमाडौं | दूध |
| ४१ | श्री नेपाल फाईबर प्रोसेसिङ्ग प्रा.लि., ललितपुर | पश्मिना |
| ४२ | श्री देउराली दुग्ध उत्पादक सहकारी संस्था लि., काभ्रेपलाञ्चोक | दूध |
| ४३ | श्री सेतीदेवी दुग्ध उत्पादक सहकारी संस्था लि., काभ्रेपलाञ्चोक | दूध |
| ४४ | हिमशिखर बहुउदेश्यीय सहकारी संस्था लि., काभ्रेपलाञ्चोक | मासु |
| ४५ | समर्पण साना किसान कृषि सहकारी संस्था लि., काभ्रेपलाञ्चोक | मासु |

# काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन
# परिच्छेद-१
# परिचय

१. **पृष्ठभूमि** - यातायात क्षेत्रको नियमन, विकास, व्यवस्थापन र सहजीकरण गर्नका लागि केन्द्रीयस्तरको सरकारी निकायको रुपमा यातायात व्यवस्था विभागले कार्य गरिरहेको छ। सवारी व्यवस्थापन गरी विद्यमान ऐन नियमको पालना गराउनुका साथै सवारी नियम उल्लंघनकर्ताहरुलाई जरिबाना गराउने, सडक दुर्घटनाको प्रभावकारी अनुसन्धान, घाइतेको उद्धार गरी पीडितलाई न्यायमा सहजीकरण गर्ने, हराएका सवारी साधन तथा मालसामानको खोजतलास गर्ने, ट्राफिक जनचेतना अभिवृद्धि गर्ने, ट्राफिक व्यवस्थापन सम्बन्धी सूचना प्रवाह गर्ने, यात्रुको सुरक्षित एवं मर्यादित यात्रा गर्न पाउने अधिकार सुनिश्चित गर्ने तथा दुर्घटना न्यूनीकरणका क्षेत्रमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले कार्य गरिरहेको छ। त्यस्तै सडक विभाग, सडक बोर्ड नेपाल, काठमाडौं र ललितपुर महानगरपालिकासहित १८ स्थानीय तहहरु, अधिकार सम्पन्न बागमती एकीकृत सभ्यता विकास समिति र उपत्यका विकास प्राधिकरणले उपत्यकाको ट्राफिक व्यवस्थापनको क्षेत्रमा प्रत्यक्ष र परोक्ष रुपमा कार्य गरिरहेका छन् ।

२. **संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्थाः**

२.१. **संवैधानिक व्यवस्था-** नेपालको संविधानको धारा ५१(ज) मा यातायात सुविधामा नागरिकहरुको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपांगता भएका व्यक्ति अनुकूल बनाउने व्यवस्था रहेको छ।

२.२. **दिगो विकास लक्ष्य (२०१६-२०३०)** - सन् २०३० सम्ममा संकटग्रस्त अवस्थामा रहेका व्यक्ति, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र प्रौढहरुको आवश्यकतालाई ध्यान दिँदै सडक सुरक्षामा सुधार र सार्वजनिक यातायातको विस्तारद्वारा सबैका लागि सुरक्षित, क्षमताले धान्न सक्ने, पहुँचयोग्य र दिगो यातायात प्रणाली स्थापना गर्ने दिगो विकासको लक्ष्य रहेको छ। यसका साथै सहभागितामूलक, एकीकृत र दिगो मानवबस्ती योजना तथा व्यवस्थापन मार्फत सन् २०२०सम्म सडक दुर्घटनाबाट हुने मृत्यु र घाईतेको संख्यालाई आधाले घटाउने लक्ष्य रहेको छ।

२.३. **पन्ध्रौं योजना** - पन्ध्रौं योजनाले सघन, सन्तुलित, सुलभ, सुरक्षित, गुणस्तरीय एवं दिगो सडक पूर्वाधारको विकास गर्ने सोच राखेको छ। सडक पूर्वाधारहरुको उचित संरक्षण, मर्मत संभार र सडक सुरक्षा गरी सहज सवारी आवागमन सुनिश्चित गर्नु योजनाको उद्देश्य रहेको छ। यात्रा अवधि छोट्याउन राष्ट्रिय रणनीतिक सडक संजालको विकास, शहरी क्षेत्रमा फ्लाईओभर पुल तथा अण्डरपास र मुख्य लोकमार्गमा भूमिगत मार्ग तथा भायाडक्टको प्रयोग गरी आधुनिक सडक पूर्वाधार विकास गर्ने कार्य सुरु गर्ने, सवारी चाप बढी हुने सडकमा आधुनिक सूचना प्रविधिमा आधारित इन्टेलिजेन्ट ट्रान्सपोर्ट सिस्टमको अवलम्बन गरिने साथै सडक पूर्वाधारको संरक्षणका लागि सडक प्रयोगकर्ता समेतको सहभागितामा स्रोत व्यवस्थापन गरिने उल्लेख छ।

२.४. **नीतिगत तथा कानुनी व्यवस्था-** यस विषयमा निम्न नीतिगत तथा कानुनी व्यवस्था गरिएको छ।

- राष्ट्रिय यातायात नीति, २०५८

- वातावरणमैत्री सवारी तथा यातायात नीति, २०७१
- सवारी तथा यातायात व्यवस्थापन ऐन, २०४९
- सवारी तथा यातायात व्यवस्थापन नियमावली, २०५४
- यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६०
- मझौला तथा साना सवारी निरीक्षण र परीक्षणको मापदण्ड तथा सवारी प्रदूषण निर्देशिका, २०७४
- स्कूल बस निर्देशिका, २०७४
- सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४
- कारखाना तथा वर्कशप सञ्चालन निर्देशिका, २०७४
- सार्वजनिक सवारी साधनमा जेष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि, २०७०
- मालवाहक सवारीको भारवहन नियमन निर्देशिका, २०७४
- सवारी चालक अनुमति पत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७
- अत्यावश्यक चालक अनुमतिपत्र छपाइ (Urgent Printing) सम्बन्धी निर्देशिका, २०८१
- काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन सम्बन्धी कार्ययोजना, २०७८
- बागमती प्रदेश, प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५
- काठमाडौं महानगरपालिका सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७५

३. **लेखापरीक्षणको औचित्य-** ट्राफिक व्यवस्थापनमा विभिन्न निकायको संलग्नता रहेको साथै काठमाडौं उपत्यकामा बढ्दै गएको जनसंख्या तथा सवारी चापको कारण उपत्यकाको ट्राफिक व्यवस्थापन चासोको विषय बनेको छ। उपत्यकाको ट्राफिक व्यवस्थापनको क्षेत्रमा सञ्चालित कार्यक्रमहरुको कार्यान्वयन स्थितिको कार्यमूलक लेखापरीक्षणबाट अध्ययन एवं विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन तयार गर्न यो विषय छनौट गरिएको छ।

# परिच्छेद-२
# लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति र सीमा

४. **लेखापरीक्षणको उद्देश्य-** काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापनसँग सम्बन्धित क्रियाकलापको कार्यान्वयन अवस्थाको अध्ययन, परीक्षण तथा विश्लेषण गरी देखिएका समस्या समाधानको लागि उपयुक्त सुझाब सहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। यसका थप उद्देश्यहरु देहायबमोजिम रहेका छन्ः

- सरकारले घोषणा गरेका नीति, योजना, वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको अध्ययन विश्लेषण गर्नु ।
- ट्राफिक नियम र सडक अनुशासन पालना अवस्थाको अध्ययन विश्लेषण गर्नु ।
- प्रयोगमा ल्याईएका आधुनिक प्रविधि प्रयोगको अवस्था विश्लेषण गर्नु ।

५. **लेखापरीक्षणको क्षेत्र -** यातायात व्यवस्था विभाग, सडक विभाग, काठमाडौं उपत्यका ट्राफिक व्यवस्थापन कार्यालय र स्थानीय तहलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकता अनुसार सरोकारबाला निकायबाट आवश्यक सूचना एवं जानकारी सङ्कलन गरिएको छ। २०७६।०७७देखि २०८०।०८१ सम्मका क्रियाकलाप लेखापरीक्षणमा समावेश छ। उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा ट्राफिक व्यवस्थापनका क्षेत्रमा सञ्चालित कार्यक्रमको नागरिक समेतको सहभागितामा यो लेखापरीक्षण सम्पन्न गरिएको छ।

६. **लेखापरीक्षण पद्धति -** लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन गर्न प्रक्रियामूलक पद्धति तथा कार्यक्रमको उपलब्धि मूल्याङ्कन गर्न नतिजामूलक पद्धति अवलम्बन गरिएको छ। यो पद्धति कार्यान्वयनका क्रममा सम्बन्धित निकायबाट जानकारी तथा निकाय प्रमुख लगायत अन्य पदाधिकारीसँग छलफलका माध्यमबाट सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ। यातायात व्यवस्था विभाग, काठमाडौं उपत्यका ट्राफिक व्यवस्थापन कार्यालय र स्थानीय तहबाट सञ्चालन भएका कार्यक्रमको कार्यान्वयनको अवस्था र कार्यक्रमको प्रभावकारिताका लागि विभिन्न प्रश्नावली मार्फत सूचना सङ्कलन तथा विश्लेषणका साथै छनौट भएका स्थानहरुको स्थलगत अवलोकन मार्फत जानकारी हासिल गर्ने, सो सम्बन्धी कागजात तथा फाईल अध्ययन गर्ने, सम्बन्धित पक्षसँग छलफल लगायतका लेखापरीक्षण विधि अवलम्वन गरी प्रतिवेदन तयार गरिएको छ। साथै नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, कार्यमूलक लेखापरीक्षणका सिद्धान्त (ईसाइ ३००), लेखापरीक्षणको मानदण्ड (ईसाइ ३०००), कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०८० बमोजिम लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण कार्यमा लेखापरीक्षण योजना र लेखापरीक्षणका मानदण्ड तथा निर्देशिका, लेखापरीक्षणको क्रममा र लेखापरीक्षण सम्पन्न भएपश्चात् व्यवस्थापनसँग देखिएका बेहोरा उपर छलफल गरी सम्बन्धित निकायको प्रतिक्रियाको आधारमा प्रतिवेदन तयार गरिएको छ।

७. **लेखापरीक्षण सीमा -** निकायहरुबाट प्राप्त सूचना, अभिलेख, विवरण, सरोकारवालासँगको छलफल, लेखापरीक्षण प्रश्नावली तथा तथ्याङ्क, वार्षिक प्रगति प्रतिबेदनका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ। प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, लेखापरीक्षणका लागि उपलब्ध स्रोत, साधन आदि यसका सीमा रहेका छन्।

# परिच्छेद -३
# लेखापरीक्षणबाट देखिएका बेहोराहरु

यातायात व्यवस्थापन विभाग, सडक विभाग, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय लगायतका निकायहरु प्राप्त सूचना, अभिलेख, विवरण, तथ्याङ्क, वार्षिक प्रगति प्रतिवेदनको अध्ययन विश्लेषण, स्थलगत अवलोकन, सरोकारवालासँगको छलफल, प्रश्नावली मार्फत सवारी चालक र ट्राफिक प्रहरीबाट सूचना सङ्कलन तथा विश्लेषण गर्दा देखिएका बेहोराहरु निम्नानुसार रहेका छन् ।

**सकारात्मक पक्ष -** काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापनको सम्बन्धमा देखिएका सकारात्मक पक्षहरु देहाय बमोजिम छन् ।

- ट्राफिक व्यवस्थापनको कार्यमा संघ, प्रदेश र स्थानीय तहका विभिन्न निकायको संलग्नता रहेको
- ट्राफिक व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग बढ्दो क्रममा रहेको
- ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउन उपत्यकामा नदी कोरिडोरको विकास भएको
- संविधान, आवधिक योजना, सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावली लगायतका नीतिगत तथा कानुनी व्यवस्थाले ट्राफिक व्यवस्थापनलाई सम्बोधन गरेको छ।

**सुधार गर्नुपर्ने पक्षः**

८. **कानुनी सामञ्जस्यता -** सार्वजनिक यातायातलाई व्यवस्थित गरी सार्वजनिक यातायात सेवामा सर्वसाधारणको सहज र सुविधाजनक पहुँच सुनिश्चित गर्ने उद्देश्यका साथ तीन वटै तहका सरकारले सवारी तथा यातायात सम्बन्धी ऐन जारी गरी कार्यान्वयन गरिरहेका छन्। संघीय सरकारबाट जारी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५३ ले यातायात सञ्चालनको लागि रुट निर्धारण गर्ने र भाडा निर्धारण गर्ने अधिकार यातायात व्यवस्था विभागको हुने व्यवस्था गरेको छ भने बागमती प्रदेश सरकारले जारी गरेको प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा ७९ मा सार्वजनिक सवारीलाई यातायात सञ्चालन गर्न मन्त्रालयले मार्ग निर्धारण गर्न सक्ने र दफा ११० मा भाडादर निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ। यसै गरी काठमाडौं महानगरपालिकाले जारी गरेको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७५ को दफा २१ मा महानगर क्षेत्रभित्र सार्वजनिक सवारी चल्ने रुट निर्धारण गर्ने र भाडादर निर्धारण गर्ने अधिकार नगर कार्यपालिकाको हुने उल्लेख छ। तीन तहका सरकारले जारी गरेका तत् तत् तहका कानुनमा काठमाडौं उपत्यकाभित्र सार्वजनिक सवारी चल्ने रुट निर्धारण गर्ने र भाडादर निर्धारण गर्ने अधिकार तत् तत् निकायको हुने व्यवस्था गरेको देखिएकोले तीन तहको काम, कर्तव्य र अधिकारमा दोहोरोपना रहेको देखिन्छ।

९. **सजायमा दोहोरोपना -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६०(२) मा अधिकार प्राप्त अधिकारीले दफा १२, ४५ वा ११७ को विपरीत काम कारबाही गर्ने गराउनेलाई पाँच सयदेखि दुई हजार रुपैयाँसम्म, दफा १४, २९, ३९, ७५, ९३, ९६, १२५ वा १२९ को विपरीत काम गर्ने गराउनेलाई एकहजारदेखि पाँचहजार रुपैंयासम्म र दफा १५९ को विपरीत काम कारबाही गर्ने गराउनेलाई दुईहजारदेखि दशहजार रुपैंयासम्म जरिवाना गर्न सक्ने व्यवस्था छ। त्यस्तै प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा १९४(२) मा अधिकार प्राप्त अधिकारीले दफा १७, ४९, १०७ वा १३१ विपरीत काम कारबाही गर्ने गराउनेलाई पाँचहजारदेखि दशहजार रुपैयाँसम्म, दफा १९, ३३, ४३, ८४, १४३ वा १५० को विपरीत काम गर्ने गराउनेलाई सातहजारदेखि पन्ध्रहजार

रुपैयाँसम्म, दफा १९१ को विपरीत काम गर्ने गराउनेलाई दशहजारदेखि पच्चीसहजार रुपैंयासम्म जरिवाना गर्न सक्ने व्यवस्था रहेको छ। दुई तहका सरकारले जारी गरेको ऐनमा रहेको सजायसम्बन्धी व्यवस्था देहाय अनुसार रहेको छ।

| क्र.सं. | कसुर | सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा भएको व्यवस्था | प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ मा भएको व्यवस्था |
|---|---|---|---|
| १ | एक प्रयोजनका लागि दर्ता भएको सवारी साधन अन्य प्रयोजनमा प्रयोग गरेमा । | पाँचसयदेखि दुईहजार सम्म | पाँचहजारदेखि दशहजार सम्म |
| २ | चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाएमा । | पाँचसयदेखि दुईहजार सम्म | पाँचहजारदेखि दशहजार सम्म |
| ३ | सार्वजनिक सवारी यातायात सेवा सञ्चालनको लागि पञ्चीकृत नगरी सवारी चलाएमा । | एकहजारदेखि पाँचहजार सम्म | पाँचहजारदेखि दशहजार सम्म |
| ४ | तोकिएको संख्या र वजनभन्दा बढी राखी सवारी चलाएमा । | पाँचसयदेखि दुईहजार सम्म | पाँचहजारदेखि दशहजार सम्म |
| ५ | यातायात कार्यालयमा दर्ता नगरी सवारी चलाएमा । | एकहजारदेखि पाँचहजार सम्म | सातहजारदेखि पन्ध्रहजार सम्म |
| ६ | अनुमति नलिई विदेशी सवारी चलाएमा । | एकहजारदेखि पाँचहजार सम्म | सातहजारदेखि पन्ध्रहजार सम्म |
| ७ | स्वीकृति नलिई सवारी साधनको स्वरुप हेरफेर गरेमा । | एकहजारदेखि पाँचहजार सम्म | सातहजारदेखि पन्ध्रहजार सम्म |
| ८ | रुट ईजाजतपत्र नलिई यातायात सेवा सञ्चालन गरेमा । | एकहजारदेखि पाँचहजार सम्म | सातहजारदेखि पन्ध्रहजार सम्म |
| ९ | मानिस तथा सवारी साधनको आवागमनमा बाधा पुऱ्याएमा । | एकहजारदेखि पाँचहजार सम्म | सातहजारदेखि पन्ध्रहजार सम्म |
| १० | दुर्घटनामा परेका सवारी र यात्रीको हानिनोक्सानी गरेमा । | एकहजारदेखि पाँचहजार सम्म | सातहजारदेखि पन्ध्रहजार सम्म |
| ११ | अनुमति नलिई प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कशप वा चार्जिङ्ग स्टेशन सञ्चालन गरेमा । | दुईहजारदेखि दशहजार सम्म | दशहजारदेखि पच्चीसहजार सम्म |

संघीय सरकारले जारी गरेको ऐन र बागमती प्रदेश सरकारले जारी गरेको ऐनमा एउटै कसुरमा फरक फरक जरिवानाको व्यवस्था गरेको देखिन्छ। यसरी एउटै कसुरमा फरक फरक जरिवाना व्यवस्था गर्दा कानुनको कार्यान्वयनमा समस्या पर्ने देखिन्छ ।

१०. **संस्थागत व्यवस्था -** उपत्यकाको ट्राफिक व्यवस्थापनको क्षेत्रमा प्रत्यक्ष र परोक्ष रुपमा देहायका निकायले देहाय अनुसारको उद्देश्य मुताविक कार्य गरिरहेको देखिन्छ ।

| क्र.सं. | निकाय | उद्देश्य |
|---|---|---|
| १ | सडक विभाग | सडक यातायातलाई भरपर्दो, सुरक्षित र कम खर्चिलो बनाउन आवश्यक योजना तर्जुमा, निर्माण तथा सम्भार कार्यहरुको प्रभावकारी व्यवस्थापन गर्ने । |
| २ | यातायात व्यवस्था विभाग | ग्रामिण तथा शहरी क्षेत्रको यातायातलाई न्यून खर्चमा अधिकतम भरपर्दो, सुरक्षित र अनुशासित बनाई आवागमन र ढुवानीलाई सरल बनाउने । |
| ३ | काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय | काठमाण्डौ उपत्यकामा सुरक्षित, मर्यादित, व्यवस्थित र प्रविधियुक्त सवारी व्यवस्थापन गर्ने । |
| ४ | काठमाडौं उपत्यका विकास प्राधिकरण | काठमाडौं उपत्यकामा भौतिक निर्माण सम्बन्धी योजना बनाउने, ल्याण्डपोलिङ गर्ने, फोहोरमैला व्यवस्थापन गर्ने, हरियाली पार्क निर्माण गर्ने, ढल व्यवस्थित गर्ने, खानेपानी व्यवस्थापन गर्ने, सार्वजनिक जग्गाको सदुपयोग, संरक्षण र उपयोग गर्ने, विभिन्न आयोजनाहरु सञ्चालन गरी सम्पन्न गर्ने । |
| ५ | बागमती प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतका | सवारी साधन दर्ता, कर सङ्कलन , रुट ईजाजत, सवारी चालक अनुमतिपत्रको परीक्षा सञ्चालन गर्ने । |

| | | |
|---|---|---|
| | सवारी व्यवस्थापन कार्यालयहरु | |
| ६ | काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका लगायत १८ वटा स्थानीय तहहरु | सवारी साधन कर सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन, यातायात सुरक्षाको व्यवस्थापन र नियमन, यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन, वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम संवेदनशिल, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन गर्ने । |

सवारी तथा यातायात सम्बन्धी कानुन उल्लंघन नभएकोमा कारबाही गर्ने काम ट्राफिक प्रहरीले गर्ने गरेको, रुट ईजाजत दिने तथा दर्ता गर्ने काम प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुबाट हुने गरेको, सडक सुरक्षाका लागि सीसीटीभी जडान गर्ने काम तीन वटै तह तथा अन्य संघसंस्थाबाट समेत हुने गरेको, ट्राफिक संकेत, सडक मर्मत तथा सडक मार्किङ्गको काम सडक विभागले गर्ने गरेको, महानगरपालिका तथा सडक विभागले ट्राफिक बत्ती जडान गर्ने गरेको देखिन्छ। एउटै विषयमा कानुन निर्माण गर्दा, सडक पूर्वाधार विकास गर्दा, मर्मत सम्भार गर्दा समन्वय हुने गरेको देखिएन । लामो समयसम्म सिसिटिभी, ट्राफिक बत्ति, सडकका खाल्डाखुल्डी मर्मत गर्ने काममा समन्वय तथा सहकार्यको अभावले समयमा काम हुन सकेको देखिएन। ट्राफिक व्यवस्थापनको कार्यमा संलग्न निकायहरुबिच समन्वय कायम गर्न, कानुनी व्यवस्थामा तादाम्यता कायम गर्न, पूर्वाधार विकास र सवारी साधन व्यवस्थापन गर्न, ट्राफिक नियम तथा सडक अनुशासनको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

११. **कार्यक्रम कार्यान्वयन** - संघीय सरकारले आर्थिक वर्ष २०७६।०७७देखि २०८०।०८१सम्म उपत्यकाको ट्राफिक व्यवस्थापनको क्षेत्रमा वार्षिक बजेट मार्फत घोषणा गरेका कार्यक्रमहरुको कार्यान्वयन अवस्था देहाय बमोजिम रहेको छ।

- **पन्ध्रौं योजना** - शहरी क्षेत्रमा फ्लाई ओभर, पुल तथा अण्डर पास निर्माण गर्ने, सवारी चाप बढी हुने सडक सञ्जालमा आधुनिक सूचना प्रविधिमा आधारित इन्टेलिजेन्ट ट्रास्पोर्ट सिस्टमका आवश्यक पूर्वाधारको विस्तृत योजना सहित निर्माण सुरु गरिने, सडक पूर्वाधारको संरक्षण र सम्बर्द्धनको लागि सडक प्रयोगकर्तालाई समेत सहभागी गराई स्रोत व्यवस्थापन गरिने लगायतका कार्य गर्ने उल्लेख भएकोमा उक्त कार्यक्रमहरु कार्यान्वयन भएको देखिएन ।

- **बजेट वक्तव्य २०७६।०७७** - काठमाडौं चक्रपथ सडक विस्तार कार्य सम्पन्न गर्ने, उपत्यकाको विद्यमान सवारी चापलाई व्यवस्थापन गर्न सुर्यविनायक-धुलिखेत खण्डको स्तरोन्नति, तीनकुने-कोटेश्वर-जडिबुटी सुरुङ्ग मार्ग, नयाँबानेश्वरमा अन्डरपास र त्रिपुरेश्वरदेखि माइतीघरसम्म फ्लाईओभरको विस्तृत सम्भाव्यता अध्ययन गरी निर्माण कार्य प्रारम्भ गर्ने, सडकहरुलाई सुरक्षित बनाउन आवश्यकता अनुसार सडक सुरक्षा पर्खाल, सवारी सुरक्षा संकेत र ट्राफिक संकेतहरु राख्ने, सडकको अवस्थाको आधारमा अधिकतम गति निर्धारण गरी कडाईका साथ नियमन गर्ने, निजी क्षेत्रको लगानी सहभागितामा काठमाडौं उपत्यका तथा अन्य शहरहरुमा मेट्रो तथा मोनोरेल सञ्चालन गर्न विस्तृत सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाउने, सडक किनारालाई माटोरहित बनाउनुका साथै काठमाडौं उपत्यका प्रवेश गर्ने नाकाहरु र ठूला निर्माणस्थलहरुमा स्वचालित प्रविधिबाट सवारी साधन सफा गरी काठमाडौं उपत्यकाका सडकलाई धुलोमुक्त बनाउने उल्लेख भएकोमा कोटेश्वरदेखि कलंकीसम्म चक्रपथ विस्तारको कार्य सम्पन्न भएको, कलंकीदेखि वसुन्धारासम्म सर्भिस लेन निर्माण कार्य भइरहेको र सवारी साधनको अधिकतम गति निर्धारण गरी नियमन गरिएको बाहेकका अन्य कार्यक्रमहरु कार्यान्वयन नभएको अवस्था छ।

- **बजेट वक्तव्य २०७७।०७८** - कोटेश्वर-कलंकी खण्डको तीन स्थानमा फ्लाई ओभर निर्माण गर्ने, काठमाडौंको तिनकुने-कोटेश्वर-जडिबुटी खण्डमा संभाव्यता अध्ययन पूरा गरी फ्लाई ओभर तथा सुरुङ्ग मार्ग निर्माण प्रारम्भ गर्ने  तथा नयाँबानेश्वरमा अण्डरपास र त्रिपुरेश्वरदेखि माइतीघरसम्म सवारी सहज गर्न उपयुक्त विकल्प पहिचान गरी निर्माण कार्य सुरु गर्ने,  निर्माण सम्पन्न भई सञ्चालनमा रहेका सडक सम्पत्तिको आवश्यक मर्मत सम्भार तथा स्तरोन्नती गरी सडक यातायातलाई आरामदायी र सुरक्षित बनाउन सडक बोर्ड मार्फत कार्यान्वयन हुने गरी रु. १६ अर्ब ३० करोड विनियोजन भएको, थप सडकमा मर्मत सम्भार शुल्क लगाई सङ्कलित रकमबाट समयमा नै सडक मर्मत गर्ने उल्लेख भएकोमा ग्वार्कोमा ओभरपास निर्माणको काम भइरहेको बाहेक अन्य कार्यक्रमहरु कार्यान्वयन भएको देखिएन।

- **बजेट वक्तव्य २०७८।०७९** - कलङ्कीदेखि महाराजगञ्ज खण्डको निर्माण शुरु गरी दुई वर्षभित्र सम्पन्न गर्ने, महाराजगञ्ज-धोबीखोला-चाबहिल-तिलगंगा खण्डको विस्तृत संभाव्यता अध्ययन गरी परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य थालनी गर्ने, चक्रपथको ग्वार्को, सातदोबाटो र एकान्तकुना चोकमा फ्लाईओभर निर्माण कार्य प्रारम्भ गर्ने, यातायात प्रणालीलाई सुरक्षित, विश्वसनीय एवं प्रविधियुक्त बनाउने, विद्युतीय सवारी चालक अनुमतीपत्र जारी गर्ने, देशभित्र दर्ता भएका सबै सवारी साधनमा रेडियो फ्रिक्वेन्सी पहिचानसहितको इम्बोस्ड नम्बर सबै प्रदेशबाट वितरण गर्ने, मालवाहक तथा अन्य सवारी साधनमा जिपिएस जडान गर्ने, सार्वजनिक यातायातमा ई-टिकेटीङ्ग लागु गर्ने, काठमाडौं उपत्यका यातायात विकास प्राधिकरण गठन गरी सार्वजनिक परिवहन सञ्चालनलाई व्यवस्थित बनाउने, साझा यातायात मार्फत आगामी आर्थिक वर्षमा काठमाडौंमा न्यूनतम एक सय विद्युतीय बस सञ्चालन गर्ने प्रवन्ध गर्ने, विद्युतीय सवारी साधनको प्रयोग बढाउन आगामी आर्थिक वर्ष निजी क्षेत्र समेतको सहभागितामा काठमाडौं उपत्यका सहित देशभरका विभिन्न स्थानमा ५ सय चार्जिङ्ग स्टेशन, टर्मिनल भवन लगायत अन्य पूर्वाधार निर्माण गर्ने उल्लेख छ।

  उल्लिखित कार्यमध्ये ग्वार्कोमा ओभरपास निर्माणको काम भइरहेको, ३८ लाख ४१ हजार थान स्मार्ट लाईसेन्स छपाई भएको, ६ लाख २० हजार १७० ईम्बोस्ड नम्बर प्लेट उत्पादन गरी ७७ हजार ९६३ थान वितरण भएको, १ लाख २ हजार ३८० थान सवारी साधन विद्युतीय दर्ता प्रणाली (EVRS) मा आवद्ध गरिएको बाहेक अन्य कार्यक्रमहरु कार्यान्वयन नभएको अवस्था छ।

- **बजेट वक्तव्य २०७९।०८०** - कलङ्की-नारायणगोपाल चोक सडक खण्डको विस्तार गर्ने, उपत्यकामा सञ्चालनमा रहेका सडक विस्तार योजनाहरुलाई सम्पन्न गर्ने, काडमाडौं उपत्यकाको ग्वार्को, सातदोबाटो र एकान्तकुनामा फ्लाईओभर र कोटेश्वर तथा नयाँ बानेश्वरमा अण्डरपास निर्माणको कार्य सुरु गर्ने उल्लेख भएकोमा ग्वार्कोमा ओभरपास निर्माण र कलंकीदेखि बसुन्धारासम्म सर्भिस लेन निर्माणको कार्य भइरहेको बाहेक अन्य कार्यक्रमहरु कार्यान्वयन भएको छैन ।

- **बजेट वक्तव्य २०८०।०८१** - ललितपुरको ग्वार्कोमा फ्लाई ओभर निर्माण कार्य आगामी आर्थिक वर्षमा निर्माण गरिने, कोटेश्वर, सातदोबाटो र एकान्तकुनामा फ्लाईओभर र अण्डरपास निर्माण कार्यको सुरुवात गर्ने, दुर्घटना न्युनीकरण गर्न सडक सुरक्षा परीक्षण गर्ने व्यवस्था मिलाउने, संभावित दुर्घटनास्थल पहिचान गरी घुम्ति तथा साँघुरो सडकमा क्रयास व्यारियरको निर्माण गर्ने, काठमाडौं उपत्यका भित्रका व्यस्त ४४ वटा चोकहरुमा स्मार्ट ट्राफिक लाइट जडान गर्ने उल्लेख भएकोमा स्मार्ट ट्राफिक लाइट जडान गर्नको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरेको बाहेक अन्य कार्यक्रमहरु कार्यान्वयन नभएको अवस्था छ।

आर्थिक वर्ष २०७६।०७७देखि २०८०।०८१ सम्मका सबैजसो बजेटले चक्रपथ विस्तार गर्ने र मुख्य चोकहरुमा अण्डरपास र फ्लाईओभर निर्माण गर्ने कार्यक्रमहरु समावेश गरेको भएता पनि कार्यान्वयन भएको देखिएन । हरेक वर्ष एउटै कार्यकममा बजेट व्यवस्था गर्ने तर कार्यान्वयन नहुने अवस्था उपयुक्त देखिएन ।

१२. **ट्राफिक अवरोध हुने स्थान-** लेखापरीक्षणको क्रममा उपत्यकाका ८० जना सवारी चालक तथा ट्राफिक प्रहरीहरुलाई प्रश्नावली मार्फत गरिएको सर्वेक्षणमा उत्तरदाताहरुले उपत्यकामा मुख्यतया ट्राफिक अवरोध हुने मुख्य ठाउँहरु थापाथली, ग्वार्को, जडिबुटी, युनाईटेड नेसन्स पार्क, नयाँ बानेश्वर, थापागाउँ, एकान्तकुना, त्रिपुरेश्वर, चाबहिल, पुरानो ठिमि, कोटेश्वर, कलङ्की, लैनचौर, बसपार्क, गौशाला, सोह्रखुट्टे, सिंहदरबार र जमल रहेको उल्लेख गरेका छन्। उपरोक्त ठाउँहरुको बारेमा ६२ जना उत्तरदातामध्ये सबैभन्दा धेरै १६ जना (२५.८ प्रतिशत) ले कोटेश्वर, ८ जनाले ग्वार्को, ६ जनाले थापाथली, ५ जनाले सातदोबाटो र त्यसपछि क्रमशः लैनचौर, जडिबुटी, यु. एन. पार्क, चाबहिल, त्रिपुरेश्वर, पुरानो ठिमी, सोह्रखुट्टे, थापागाउँ, एकान्तकुना, कलङ्की, नयाँ बानेश्वर, बसपार्क, गौशाला, सिंहदरबार र जमलमा सवारी जाम हुने गरेको जनाएका छन्। साथै कुन कुन पूर्वाधारहरु थप भएमा ट्राफिक नियमको पालनामा धेरै सहयोग पुग्छ होला भन्ने सम्बन्धमा ७६ जना उत्तरदाताले जानकारी दिएकोमा ४८ जना (६३.१५ प्रतिशत) आवश्यकता अनुसार अण्डरपास, फ्लाई ओभर र कोरिडोर निर्माण गर्नुपर्ने, १७ जना (२२.३६ प्रतिशत) ले ट्राफिक बत्ती संकेत र जेब्रा क्रसिङ्ग थप्नुपर्ने र ११ जनाले ट्राफिक जनशक्ति थप्ने र ट्राफिक जनचेतना कार्यक्रम वृद्धि गर्नुपर्ने राय प्रकट गरेको पाइयो।यस सम्बन्धमा सडक विभागसँग छलफल गर्दा ग्वार्कोमा अण्डरपास निर्माण भएको र अन्य स्थानहरुमा अण्डरपास तथा फ्लाईओभर सम्बन्धी कुनै कार्य नभएको ट्राफिक बत्ती र जेब्रा क्रसिङ सम्बन्धी कार्य आवश्यकता अनुसार भइरहेको जानकारी प्राप्त भएको छ। त्यस्तै कोरीडोर सडक निर्माण सम्बन्धी अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिसँग छलफल गर्दा कोरिडोर क्षेत्रमा पर्ने सुकुम्बासी बस्ती तथा गुठी र धार्मिक सम्पदा सम्बन्धी विवादको कारण पूर्ण रुपमा सञ्चालन गर्न नसकेको र सरोकारावाला निकायसँग समन्वय गरी कोरीडोर पूर्ण रुपमा सञ्चालनको लागि पहल भइरहेको जनाएको छ। उपत्यकाको ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउन ट्राफिक जाम हुने मुख्य स्थानहरुमा आवश्यकतानुसार अण्डरपास तथा फ्लाईओभर निर्माण गरी चक्रपथ विस्तार समेत सम्पन्न गर्नुपर्दछ।

१३. **ट्राफिक बत्ती -** सडक विभाग, ललितपुर महानगरपालिका, काठमाण्डौ महानगरपालिका, विभिन्न बैंक तथा वित्तीय संस्था र स्थानीय क्लबहरुसँग समन्वय गरी उपत्यकाका ६५ स्थानहरुमा (१२ वटा जेब्राक्रसिङ्गको लागि) ट्राफिक बत्ती जडान भएकोमा ४३ स्थानका ट्राफिक बत्ती सञ्चालनमा रहेका छन् भने सडक विभाग, काठमाण्डौ महानगरपालिका र बैंक तथा अन्य संस्थाले जडान गरेका परोपकार (१), परोपकार (२), सातदोबाटो, महालक्ष्मीस्थान, माईतीघर, भाटभटेनी चोक, जयनेपाल, त्रिपुरेश्वर चोक, कमलपोखरी, नागस्थान, नक्सालभगवती, टिचिङ अस्पताल, एकेडेमी मोड, महेन्द्र सालिक, चावहिल, बौद्ध, एअरपोर्ट र राधेराधे गरी १८ वटा र जेब्राक्रसिङ्गको लागि जडान भएका शंकरदेव अगाडि, कालिमाटी सालिक, टुकुचा र न्युरोड ४ वटा समेत २२ स्थानका वेचालु अवस्थामा रहेका छन्। जडान भएका मध्ये ३४ प्रतिशत ट्राफिक बत्ति चालु अवस्थामा नरहनुका साथै समयमा मर्मत गरेको देखिएन। ललितपुर महानगरपालिकाले जडान गरेका ५ स्थानका स्मार्ट ट्राफिक बत्तिले थप सुविधासहितको कार्य गर्नुपर्नेमा सामान्य ट्राफिक बत्तिले जस्तै कार्य गरेको देखिन्छ। उपत्यकाभित्रका ४४ स्थानमा स्मार्ट ट्राफिक लाइट जडान गर्नको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरेको भए तापनि पूर्ण कार्यान्वयन गरेको देखिएन।

१४. **ट्राफिक नियम पालना स्थिति -** राष्ट्रिय यातायात नीति, २०५८ मा सवारी दुर्घटनाको रोकथाम गर्न ट्राफिक संकेतको जानकारी सर्वसाधारणलाई गराउनको निमित्त समय समयमा विभिन्न सञ्चार माध्यमबाट ट्राफिक संकेत सम्बन्धी कार्यक्रमहरु प्रसारित गर्ने, विद्यालयको पाठ्यक्रममा सडक सुरक्षा, ट्राफिक अनुशासन शिक्षा दिइने व्यवस्था मिलाइने उल्लेख छ। उपत्यका ट्राफिक प्रहरी कार्यालयको वार्षिक प्रतिवेदन अनुसार उपत्यकाको विभिन्न स्थानहरुमा प्वाइन्ट डिउटी र छुट्टाछुट्टै विशेष चेकिङ्ग डिउटी परिचालन गरी सवारी चालकलाई सडक लेन अनुशासन पालना गराउनको लागि २०७१।६।२६ गतेदेखि सडक लेन अनुशासन पालना कार्यक्रम सञ्चालन गरिएको देखिन्छ । आर्थिक वर्ष २०७९।८० मा लेन अनुशासन पालना नगर्ने ३९ हजार ५९६ सवारी चालकलाई कारबाही गरिएकोमा २०८०।८१ मा उक्त संख्यामा ५९ प्रतिशतले वृद्धि भई ६३ हजार ११६ जनालाई लेन अनुशासन पालना नगरेकोमा कारबाही गरेको पाइयो। उपत्यकाका विभिन्न स्थानमा जडान भई सञ्चालनमा रहेका ट्राफिक बत्तीको पालना नगर्ने सवारी चालकहरु आर्थिक वर्ष २०७९।८० मा २९ हजार ७६७ रहेकोमा २०८०।८१ मा उक्त संख्यामा ०.६४ प्रतिशतले वृद्धि भई २९ हजार ९५७ रहेको देखियो। मिति २०८०।४।१५ बाट काठमाण्डौं उपत्यकाका तीन स्थान (कोटेश्वर, महालक्ष्मीस्थान र सानेपा) मा Automatic Number Plate Recognition (ANPR) Camera जडान गरी सवारी साधनको गति निरीक्षण गर्दा तीव्र गतिमा सवारी साधन चलाए वापत २०७९।०८० मा ५८ हजार ७०२ जना कारबाही परेकोमा २०८०।८१ मा उक्त संख्यामा १३४ प्रतिशतले वृद्धि भई १ लाख ३७ हजार २५० पुगेको देखिन्छ। लेन अनुशासन पालना नगर्ने र तीव्र गतिमा सवारी चलाउनेको संख्या अघिल्लो वर्षभन्दा बढ्दै गएकोले यस्ता किसिमका निगरानी थप सुदृढ गर्नुपर्ने देखिन्छ ।

१५. **ट्राफिक नियम सम्बन्धी सचेतना -** आर्थिक वर्ष २०७७।०७८देखि २०८०।०८१सम्म चालकको लापरबाही, मापसे, तीव्र गती तथा ओभरटेक जस्ता मानवीय कारणबाट कुल दुर्घटनाको ९७ प्रतिशत अर्थात ३८ हजार ६ सय दुर्घटना भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्रश्नावली तयार पारी सवारी चालक र ट्राफिक प्रहरीसँग गरिएको सर्वेक्षणमा ट्राफिक नियम तथा सडक अनुशासनका सम्बन्धमा तपाईं कत्तिको जानकार हुनुहुन्छ भन्ने प्रश्नको जवाफमा ३५ जना सवारी चालकले सीमित जानकारी छ भन्नेमा र ४५ जनाले पूर्ण जानकारी छ भनि उत्तर दिएको देखियो। यसबाट करिब ४४ प्रतिशत सवारी चालकहरुमा ट्राफिक नियमको पूर्ण जानकारी नरहेको देखिन्छ। उपत्यकाको तीन जिल्लाका ७७ जना सवारी चालकहरुले ट्राफिक नियम उल्लंघन गरेको कारणबारे सोधिएको प्रश्नमा ४५ जनाले समयमै गन्तव्यमा पुग्नुपर्ने हतार, २८ जनाले संकेत, बत्ती र लेन स्पष्ट नभएर तथा ४ जनाले उक्त ठाउँमा ट्राफिक प्रहरी नभएका कारण आफुहरुबाट ट्राफिक नियम उल्लंघन भएको जवाफ दिएका छन्। यसबाट सडक अनुशासन उल्लङ्घन गर्ने प्रवृति बढ्दो देखिएकोले यस सम्बन्धी सचेतना तथा नगरानी बढाउनुपर्दछ।

१६. **पैदल यात्री व्यवस्थापन -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा जेब्रा क्रसिङ्गमा मानिस ओहोर दोहोर गरेको अवस्थामा चालकले आफूले चलाइरहेको सवारी रोकी आवश्यकतानुसार उचित समयसम्म अड्याई राख्नुपर्ने, मानिस हिंड्ने पेटी भएको सडकमा मानिसहरु सो पेटीबाट मात्रै हिंड्नुपर्ने, पैदल हिंड्ने मानिसले बाटो काट्नु पर्दा जेब्रा क्रसिङ्ग, सब–वे, ओभरहेड ब्रिज वा निर्धारित ठाउँबाट मात्र बाटो काट्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७७।०७८देखि २०८०।०८१सम्म १९ सवारी दुर्घटना पैदलयात्रीको लापरबाहीका कारण भएको देखिन्छ । पैदल यात्रीले ओभरहेड ब्रिजको तलबाट समेत बाटो काटेको,

पेटी भएको सडकमा पेटीबाट नहिँडी सडकबाट हिँड्ने गरेको, जेब्रा क्रसिङ्ग नभएको स्थानबाट बाटो काटेका जस्ता कारणले दुर्घटना बढेको देखिन्छ । पैदल यात्रीलाई ऐनमा भएको आवागमन सम्बन्धी व्यवस्था पूर्ण रुपमा पालना गर्न लगाउन सचेतनामूलक कार्यक्रम मार्फत ट्राफिक नियम तथा सडक अनुशासन सम्बन्धी जानकारी दिने व्यवस्था गर्नुपर्दछ।




*रत्नपार्कमा आकाशेपुल मुनिबाट बाटो काट्दै पैदलयात्री*

१७. **नदी करिडोर सडक -** अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले उपत्यकाका बिष्णुमती, धोबीखोला, बागमती, मनोहरा लगायतका नदीका दायाँबायाँ सडक निर्माण गरेको देखिन्छ । विष्णुमती करिडोर अन्तर्गत काठमाडौं महानगरपालिकाको बसन्तपुरदेखि नयाँ बसपार्क पुलसम्म दायाँतर्फ ७ सय मिटर, नयाँ बसपार्क पुलदेखि बालाजु पुलसम्म दायाँतर्फ १२ सय मिटर अतिक्रमण भएको साथै कालीमाटी नयाँपुलदेखि टेकु फोहोरमैला पुलसम्मको सडक सञ्चालनमा रहेको देखिएन। धोबीखोला करिडोर अन्तर्गत बिजुलीबजार पुलको पश्चिमतर्फको अण्डरपास निर्माण नभएको कारण पूर्ण रुपमा सञ्चालनमा नआएको, बागमती करिडोर अन्तर्गत गोठाटार पहेंलो पुलदेखि गुहेश्वरीसम्मको बायाँतर्फ युनेस्कोमा सूचीकृत क्षेत्र रहेकोले विस्तार हुन नसकेको, सिनामंगल भत्केको पुलदेखि बानेश्वर क्याम्पससम्मको बाँकी करिडोर व्यवस्थित नभएको, थापाथली प्रसुतीगृहदेखि टेकुतर्फको करिडोर सडक नखुलेको र टेकु फोहोरमैला पुलदेखि बल्खु हुँदै चोभारतर्फ अवरोध रहेको, मनोहरा करिडोर अन्तर्गत पेप्सीकोला पुलदेखि मनोहरा पुलसम्म अवरोध रहेको, कर्मनाशा दोभानदेखि बालकुमारी पुलसम्म बायाँतर्फ अतिक्रमित १७ घरधुरी र एक सय पचास मिटर अवरोध तथा मनोहरा पुलदेखि बालकुमारीसम्मको अवरोधका कारण सञ्चालन हुन बाँकी रहेको देखिन्छ। अवरोध हटाई बाँकी खण्डको निर्माण सम्पन्न गरी निर्वाध रुपमा सडक सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्दछ।





*कुपण्डोल पुल मुनि निर्माण गर्न बाँकी रहेको करिडोर सडक*

१८. **सवारी आवागमन तथ्याङ्क -** यातायात व्यवस्था विभागको रणनीतिमा ग्लोबल पोजिसनिङ्ग सिस्टम (जिपिएस) मार्फत सवारी साधनको ट्र्याकिङ्को व्यवस्था मिलाउने, सवारी चालक अनुमतिपत्र र सवारी दर्तासम्बन्धी सूचनाहरुमा एकद्वारको लागि डाटा सेन्टर स्थापना गरिने उल्लेख छ। त्यस्तै नेपाल सहरी सडक मापदण्ड, २०७६ मा दुईतर्फी सवारी चल्ने चार लेन (चौध मिटर) को सडकको क्षमता प्रतिघण्टा २५ सय प्यासेन्जर कार युनिट (PCU) हुने उल्लेख छ। बागमती प्रदेश यातायात मन्त्रालय अन्तर्गतका कार्यालयमा आर्थिक वर्ष २०७५।०७६देखि २०८०।०८१सम्म दर्ता हुने चार पाङ्ग्रे सवारी साधनको संख्या ८३ हजार रहेको उल्लेख गरेपनि उपत्यकाका सडकमा दैनिक गुड्ने सवारी साधनको अद्यावधिक अभिलेख कुनै निकायले राखेको देखिएन । सडकमा गुड्ने सवारी साधनको वास्तविक तथ्याङ्क रहने प्रणालीको विकास गरी तथ्याङ्कको विश्लेषणबाट विद्यमान सडक पूर्वाधार, वातावरणीय पक्ष तथा सुरक्षा जोखिम लगायतका पक्षबाट उपयुक्त हुने सवारी साधनको सञ्चालन गर्ने तथा सवारी साधनको माग र आवश्यकताका आधारमा सडक तथा अन्य पूर्वाधारको विस्तार सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

१९. **थापाथलीदेखि तीनकुनेसम्म यात्रुको गन्तव्य, दुरी र समय -** स्थलगत निरीक्षण र सडक विभागसँगको छलफलमा माईतीघरमा फ्लाईओभर निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने काम सम्पन्न भएको र जग्गा अधिग्रहण गर्नुपर्ने देखिएकोले काम अगाडी नबढाएको देखिन्छ। बानेश्वरदेखि तीनकुने सडक अन्यत्र ८ लेनमा सञ्चालनमा रहे तापनि बिचमा पुल नबन्दा सो क्षेत्रमा ४ लेनमा सीमित रहेकोले ट्राफिक जामको समस्या विद्यमान देखिन्छ। स्थलगत अवलोकनको क्रममा बिहान ११:१५देखि ११:३० को समयमा बबरमहलदेखि माइतीघरसम्म करिब ३०० मिटर दुरी पार गर्न १० मिनेटसम्म लाग्ने गरेको देखियो ।सोही लेनमा बाँयातर्फ करिब १०० मिटर सडक बाटो धर्ना, जुलुस र विरोधसभाको लागि छुट्टाइएकोले थापाथली तर्फ जाने सवारी साधनले समेत ट्राफिक अवरोध खेप्नुपरेको देखिन्छ।



*माईतीघरमा बन्द गरिएको सडक खण्ड*

उपत्यकाका तीन जिल्लाका चालकहरुमा गरिएको सर्वेक्षणमा दिनहुँजसो जानुपर्ने गन्तव्यको दुरीबारे जानकारी लिंदा न्यूनतम २ किलोमिटरदेखि अधिकतम २५ किलोमिटरसम्म यात्रा गर्ने गरेको देखिन्छ। उपत्यकामा सवारी साधनको अधिकतम गति प्रतिघण्टा ५० किलोमिटरलाई आधार मान्दा अधिकतम ३० मिनेटभित्र सवारी चालक उक्त दुरी तय गर्न सक्ने देखिन्छ । तर ५ जना सवारी चालकहरुले सवारी अवरोधका कारण १ घण्टादेखि २ घण्टासम्म र २४ जनाले ३० मिनेटदेखि १ घण्टासम्म यात्रा गर्नुपरेको जनाएका छन् । ३२ जना उत्तरदातामध्ये २९ जना अर्थात (९१ प्रतिशत) निर्धारित समयभन्दा ढिलोगरी गन्तव्यमा पुग्ने गरेको देखियो ।

२०. **पुराना सवारी -** बागमती प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा १९ (४) मा सवारी दर्ता भएको मितिले विद्युतीयको हकमा ३० वर्ष र अन्यको हकमा २० वर्ष नाघेका सार्वजनिक सवारी मन्त्रालयले तोके बमोजिम पत्रु गर्नुपर्ने उल्लेख छ। आर्थिक वर्ष २०७७।०७८देखि २०८०।०८१सम्म ४ सय सवारी दुर्घटना यान्त्रिक गडबडीका कारण भएको देखिन्छ । यातायात व्यवस्था विभागको विवरणमा आर्थिक वर्ष २०६०।०६१ भन्दा पहिला दर्ता भएका सवारीको कुल संख्या ४ लाख ४२ हजार रहेको जनाएकोमा उपत्यकामा गुड्ने बीस वर्ष पुराना प्रतिस्थापन गर्नुपर्ने सवारीको संख्या तथा प्रतिस्थापन गरेको संख्या सम्बन्धी विवरण राखेको छैन । ट्राफिक अवरोध हुने मुख्य कारणहरु बारे गरिएको सर्वेक्षणमा ४९ प्रतिशत सवारी चालक र ट्राफिक प्रहरीले धेरै सवारी साधन भएर ट्राफिक अवरोध हुने गरेको भन्ने राय प्रकट गरेको देखिन्छ । पुराना सवारी साधन चलाउँदा वातावरणीय प्रदुषणमा वृद्धि भएको, सवारी साधन सडकमा बिग्रिँदा आवागमनमा अवरोध हुने, सडक तथा अन्य भौतिक पूर्वाधारको तुलनामा सवारी साधनको संख्या बढी भई ट्राफिक व्यवस्थापनमा असर परेको देखिएकोले ऐन बमोजिम २० वर्ष पुराना सवारी साधन प्रतिस्थापन गरी आवागमनलाई सहज बनाउनुपर्दछ।

२१. **ट्राफिक संकेत, बत्ती र लेन -** ट्राफिक नियम उल्लंघन सम्बन्धी प्रश्नमा २८ जना अर्थात करिब ३७ प्रतिशतले संकेत, बत्ती र लेन स्पष्ट नभएको भन्ने जवाफ दिएका छन्। स्थलगत अवलोकन गर्दा अधिकांश स्थानमा एकतर्फी सडक, अधिकतम गति लगायतका संकेत स्पष्ट नभएको, लेन मार्किङ्ग स्पष्ट नभएको देखिन्छ। स्पष्ट लेन मार्किङ्ग भएको स्थानमा डिभाईडर र डोरीको सहायताले लेन अनुशासनलाई कायम गर्न खोजेको भए तापनि यसबाट ट्राफिक प्रहरीलाई डोरी बाँध्न र हटाउन थप समय लाग्ने गरेको देखियो भने अत्यावश्यक अवस्थाको सवारीलाई समेत अर्को लेन प्रयोग गर्न असहज हुने गरेको देखिन्छ ।



*लेन संकेत भएको स्थानमा डोरी टाँगी लेन छुट्याइएको*



*थापाथलीमा अस्पष्ट जेब्रा क्रसिङ्ग*

२२. **मास ट्रान्सपोर्ट -** पन्ध्रौं योजनाको कार्यनीतिमा मास ट्रान्सपोर्टलाई जोड दिँदै बृहत् बस परिवहन प्रणालीलाई प्राथमिकता दिईने उल्लेख छ। यातायात व्यवस्था विभागबाट प्राप्त विवरणानुसार २०८१ आषाढ मसान्तसम्म ५५ लाख २६ हजार सवारी साधन दर्ता भएकोमा, ४४ लाख ७५ हजार मोटरसाइकल, ६ लाख ६ हजार कार, जिप, पिकअप, ट्याक्सी, टेम्पो, माईक्रो जस्ता साना निजी तथा सार्वजनिक सवारी र १ लाख ५ हजार बस तथा मिनिबस दर्ता भएकोमा बस तथा मिनिबसको संख्या २ प्रतिशत मात्र देखिन्छ, साथै दर्ता भएकोमध्ये कति चालु अवस्थामा छन् र कति बेचालु छन्, त्यसको तथ्याङ्क राखेको देखिएन। बृहत् बस परिवहन प्रणाली तथा मास ट्रान्सपोर्ट सञ्चालन सम्बन्धी योजना कुनै निकायले तयार पारेको देखिएन। उपत्यकामा नियन्त्रित र व्यवस्थित सार्वजनिक सवारी साधनको लागि मास ट्रान्सपोर्टको अवधारणा अनुरुप ठुला बस, ट्रक र मेट्रो लगायतका सेवाको विकास गर्नुपर्दछ।

२३. **सडक मर्मतमा समन्वय -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १२६ मा सार्वजनिक स्थानमा काम परी खाल्टो खन्दा नजिकको प्रहरी कार्यालयको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७७।०७८देखि २०८०।०८१सम्म सडकको अवस्थाका कारण ११७ सवारी दुर्घटना भएको देखिन्छ। विद्युतका तार अण्डरग्राउण्ड गर्न, खानेपानीका पाइप बिच्छ्याउन तथा ढल व्यवस्थापन गर्ने कार्यका लागि प्रहरी कार्यालयको पूर्व स्वीकृति नलिएको तथा खनिएको सडक लामो समयसम्म मर्मत नहुने गरेको पाइयो। कतिपय स्थानमा खाल्डाखुल्डीका कारण एकतर्फी रुपमा सवारी सञ्चालन गर्दा ट्राफिक जामका साथै दुर्घटना समेत हुने गरेको छ। बागमती कोरिडोर अन्तर्गत कुपण्डोलदेखि बल्खु पुलसम्मको सडकमा विद्युत प्राधिकरणले तार अण्डरग्राउण्ड गर्नको लागि भत्काएको सडक करिब १ वर्षदेखि मर्मत नभएको स्थानीयले बताएको तथा थापाथलीमा मेलम्ची खानेपानीले भत्काएको सडक मर्मत नहुँदा एकतर्फि रुपमा सञ्चालनमा रहेको देखिन्छ । सडक खन्ने र मर्मत गर्ने कार्यमा सडक विभाग, स्थानीय तह र विकास व्यवस्थापन गर्ने अन्य निकायबिच समन्वय गरेको देखिएन । विद्युतका तार अण्डरग्राउण्ड, खानेपानीका पाईप बिच्छ्याउने, ढल व्यवस्थापन गर्ने लगायतका कार्यमा संलग्न निकायबिच समन्वय कायम गर्नुपर्दछ।



*खानेपानीको पाइप फुटेर बिग्रिएका कारण थापाथलीमा एकतर्फी रुपमा सञ्चालनमा रहेको सडक*



*कुपण्डोलदेखि बल्खुपुलबिचको सडकमा विद्युत प्राधिकरणले खनेको सडक*

२४. **पार्किङ्ग व्यवस्थापन -** उपत्यकामा सवारी साधन पार्किङ्गका लागि पर्याप्त पार्किङ्ग बक्स निर्माण गर्ने, यात्रुहरु चढ्ने र ओर्लने स्थानमा बस पकेट निर्माण गर्ने कार्य गरेको देखिएन जसबाट सार्वजनिक यातायातका साधनले यात्रु चढाउँदा र ओराल्दा, राइड शेयरीङ्गको रुपमा सञ्चालित सवारी साधनहरुले सडकमा रोकेर

यात्रु कुर्दा, सडकको दायाँबायाँ पार्किङ्ग गरी राख्ने गरेको कारण सडकमा अन्य सवारी साधनलाई अवरोध भई थप ट्राफिक जाम हुने गरेको देखिन्छ । सडक आसपासका खाली जग्गाहरु पार्किङ्गका लागि प्रयोग गर्ने, सडकमा सवारी साधन पार्किङका लागि पार्किङ्ग बक्स बनाउने, यात्रुहरु चढ्ने र ओर्लने स्थानमा प्रतिक्षालयसहितको बस पकेट निर्माण गर्ने, सडकमा सवारी साधन रोक्ने तथा पार्किङ्ग गरी राख्नेलाई कडाईका साथ नियमन गरी पार्किङ्ग व्यवस्थित गर्नुपर्दछ।

# परिच्छेद -४
# निष्कर्ष तथा सुझाव

- संघीय प्रणालीसँग तादाम्यता कायम हुने साथै आधुनिक प्रविधि आत्मसात गर्न सक्ने गरी तीन तहका विद्यमान कानुनमा समयसापेक्ष सुधार गर्नुपर्ने, सम्वद्ध निकायहरुबिच नीतिगत र कानुनी विषय तथा पूर्वाधार निर्माणमा प्रभावकारी समन्वय र सहकार्य हुनुपर्दछ।
- एउटै कार्यक्रममा हरेक वर्ष निरन्तर रुपमा बजेट व्यवस्था गर्ने तर कार्यान्वयन नगर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ।
- ट्राफिक जाम हुने मुख्य स्थानहरुमा आवश्यकतानुसार अण्डरपास तथा फ्लाईओभर निर्माण गरी चालु अवस्थामा नरहेका ट्राफिक बत्तीको मर्मत सम्भार गर्नुपर्ने, ललितपुरमा जडान गरिएका स्मार्ट बत्तीमा सुविधा थप गरी सञ्चालनमा ल्याउनुपर्ने, सडक विभागले स्मार्ट ट्राफिक बत्ती जडानको लागि तयार गरेको विस्तृत परियोजना प्रतिवेदनको कार्यान्वयन गर्नुपर्दछ।
- सडकमा गुड्ने सवारी साधनको वास्तविक तथ्याङ्क रहने प्रणालीको विकास गरी तथ्याङ्कको विश्लेषणबाट विद्यमान सडक पूर्वाधार, वातावरणीय पक्ष तथा सुरक्षा जोखिम लगायतका पक्षबाट उपयुक्त हुने सवारी साधनको सञ्चालन गर्ने तथा सवारी साधनको माग र आवश्यकताका आधारमा सडक तथा अन्य पूर्वाधारको विस्तार सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ। २० वर्ष पुराना सवारी साधन अनिवार्य रुपमा प्रतिस्थापन गर्नुपर्दछ।
- पैदल यात्री एवं चालकलाई सडक अनुशासन तथा ट्राफिक नियम सम्बन्धी सचेतनामुलक सामग्री सञ्चार माध्यमबाट प्रसारित गर्ने, विद्यालयको पाठ्यक्रममा समावेश गर्ने, चालक अनुमतिपत्र परीक्षाको पाठ्यक्रम अद्यावधिक गर्ने, ट्राफिक नियमको आंशिक जानकारी राख्ने सवारी चालकको पहिचान गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्दछ।
- नदी करिडोरहरुमा रहेको अवरोध हटाई बाँकी खण्डको निर्माण सम्पन्न गरी निर्वाध रुपमा सडक सञ्चालन गर्नुपर्दछ।
- विद्युतका तार अण्डरग्राउण्ड गर्ने, खानेपानीका पाईप बिच्छ्याउने, ढल व्यवस्थापन गर्ने लगायतका कार्यमा सम्वद्ध निकायबिच समन्वय गरी यथाशिघ्र सडक मर्मत गर्ने, लेन भएको स्थानमा दोहोरो पर्ने गरी पोल तथा डोरी हटाई ट्राफिक सङ्केत, चिन्ह र लेन स्पष्ट बुझिने गरी राख्नुपर्दछ।
- सडक आसपासका खाली जग्गाहरु पार्किङ्गका लागि प्रयोग गर्ने, सडकमा पार्किङ्ग बक्स बनाउने, प्रतिक्षालयसहितको बस पकेट निर्माण गर्ने, निषेधित क्षेत्रमा पार्किङ्ग गर्नेलाई नियमन गर्ने कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।
- यातायात कार्यालयहरुले विद्युतीय सवारी दर्ता प्रणाली (EVRS) अनिवार्य रुपमा प्रयोगमा ल्याउने व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक स्थानमा कुनै काम परी खाल्टो खन्दा नजिकको प्रहरी कार्यालयको पूर्व स्विकृति लिई रातिको समयमा सडक मर्मत गर्ने व्यवस्था गर्नुपर्दछ।
- उपत्यकामा नियन्त्रित र व्यवस्थित सार्वजनिक सवारी साधनको लागि मास ट्रान्सपोर्टको अवधारणा अनुरुप ठुला बस, ट्राम तथा मेट्रो सेवाको विकास गर्नुपर्दछ।

# खण्ड (ग)

# वातावरणीय लेखापरीक्षण

# औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोर व्यवस्थापन

## परिच्छेद -१

## परिचय

१. **पृष्ठभूमी -** नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्ने, धारा ३५ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच र धारा ४४ मा प्रत्येक व्यक्तिलाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने र गुणस्तरहिन वस्तु तथा सेवाबाट क्षति पुगको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने भन्ने व्यवस्था छ। यसका साथै नेपालको संबिधानले खानेपानी तथा सरसफाइ संघ र प्रदेशको साझा सूचीमा, आधारभूत स्वास्थ्य तथा सरसफाइ स्थानीय तहको अधिकार सूचीमा तथा वातावरणीय र पर्यावरणीय विषय संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा समावेश गरेको छ। नेपालको संविधानले जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी सचेतना बढाई वातावरणमा परेको नकरात्मक प्रभावको न्यूनीकरण गर्दै पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने तथा वातावरण प्रदूषण गर्नेले सो वापत दायित्व व्यहोर्नुपर्ने र वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचीत सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने नीति समेत अङ्गीकार गरेको छ।

जनसङ्ख्या तथा शहरीकरणमा भएको वृद्धि, बढ्दो औद्योगिकीकरण र उपभोग प्रवृत्तिमा आएको परिवर्तनसँगै फोहोरमैलाको प्रकृति र परिमाणमा वृद्धि भइरहेको छ। औद्योगिक फोहोरमैलाको सङ्कलन, ढुवानी तथा विसर्जनमा आधुनिक प्रविधिको अनुसरण गरी कुशलतापूर्वक व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ। फोहोरको उचित व्यवस्थापन गर्ने जिम्मेवारी नेपाल सरकारको जिम्मेवार निकाय तथा सम्बन्धित औद्योगिक प्रतिष्ठानको हुन्छ। लेखापरीक्षणमा बालाजु, भक्तपुर, पाटन र हेटौडा औद्योगिक क्षेत्रअन्तर्गतका केही औद्योगिक प्रतिष्ठानको स्थलगत अवलोकन मार्फत तथा अन्य औद्योगिक क्षेत्रबाट प्रश्नावली, फोन तथा ईमेल मार्फत सूचना तथा तथ्याङ्क सङ्कलन गरी यो प्रतिवेदन तयार गरिएको छ।

२. **वर्तमान अवस्था -** मुलुकको उद्योग, वाणिज्य र उपभोग्य सामग्रीको आपूर्ति क्षेत्रलाई सबल र सुदृढ तुल्याउँदै औद्योगिक वातावरण सिर्जना, लगानी प्रवर्धन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको प्रवर्धन, सहजीकरण र नियमन, औद्योगिक सम्पत्तिको संरक्षण, औद्योगिक पूर्वाधारको व्यवस्था जस्ता मुख्य कार्यजिम्मेवारी सहित उद्योग, वाणिज्य र आपूर्ति मन्त्रालय स्थापना तथा सञ्चालनमा रहेको छ। त्यसैगरी औद्योगिक क्षेत्रको सञ्चालन र व्यवस्थापनको निमित्त स्वायत्त संस्थाको रुपमा कम्पनी ऐन, २०२१ बमोजिम बि.सं. २०४५ सालमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको स्थापना भएको छ। उद्योगहरुको लागि आवश्यक पर्ने आधारभूत भौतिक पूर्वाधारहरु जस्तै: जमिन, औद्योगिक भवन, सडक, विद्युत, पानी, ढल तथा अन्य सुविधाहरु एकै ठाउँमा उपलब्ध गराउने उद्देश्यले औद्योगिक क्षेत्रको शुरुवात २०२० सालमा बालाजु औद्योगिक क्षेत्रको स्थापनाबाट भएको हो। नेपालमा उद्योग व्यवसायको विकास र व्यवस्थापन गर्न विभिन्न ११ औद्योगिक क्षेत्रहरु;- बालाजु औद्योगिक क्षेत्र, हेटौँडा औद्योगिक क्षेत्र, पाटन औद्योगिक क्षेत्र, धरान औद्योगिक क्षेत्र, नेपालगन्ज औद्योगिक क्षेत्र, पोखरा औद्योगिक क्षेत्र, बुटवल औद्योगिक क्षेत्र, भक्तपुर औद्योगिक क्षेत्र, विरेन्द्रनगर औद्योगिक क्षेत्र, धनकुटा औद्योगिक

क्षेत्र, गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र स्थापना भई सञ्चालनमा रहेका छन्। त्यस्तै गरी वि.सं. २०७२ सालमा नेपाल सरकारले हरेक एक प्रदेशमा कम्तिमा एक हजार बिघा क्षेत्रफलको एक औद्योगिक क्षेत्र निर्माण गर्ने नीति अनुरुप देशका विभिन्न स्थानमा सात औद्योगिक क्षेत्रहरुको घोषणा भई सो बमोजिम पाँच औद्योगिक क्षेत्रहरुको शिलान्यास सम्पन्न भएको छ।

## ३. संवैधानिक तथा कानुनी व्यवस्था -

- संवैधानिक व्यवस्था: नेपालको संबिधानको धारा ३० (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक तथा धारा ३० (२) मा वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिवापत पिडितलाई प्रदुषकबाट क्षतिपूर्ती पाउने हक हुने व्यवस्था एवं धारा ५१(ग) मा वातावरणीय प्रदूषण न्यूनीकरण तथा फोहोर व्यवस्थापन सम्बन्धी नीति बनाउने राज्यको दायित्व हुने व्यवस्था छ।

- सोह्रौं योजना (आ.व.२०८१/८२-२०८५/८६): योजनाबद्ध दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकास अन्तर्गत को प्रमुख कार्यक्रम मध्ये नदीजन्य श्रोतको सरसफाइ र संरक्षणको कार्यक्रम तथा एकीकृत शहरी फोहोर व्यवस्थापन कार्यक्रम मार्फत फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन प्राविधिक सहयोग र आवश्यक पूर्वाधार निर्माण गर्ने, फोहोर प्रशोधन केन्द्र तथा ल्याण्डफिल साइटको व्यवस्थापन सहित प्रशोधन प्रणालीको व्यवस्थापन गर्ने, कुहिने नकुहिने र पुनः प्रयोग गर्न मिल्ने फोहोरलाई अलग अलग सङ्कलन गर्ने गरी स्थानीय तहमार्फत फोहोर व्यवस्थापन गर्न मापदण्ड बनाई कार्यान्वयन गर्ने, पलाष्टिकजन्य पदार्थको प्रयोगलाई निरुत्साहित गर्ने क्रियाकलापहरु उल्लिखित छन्।

- औद्योगिक तथा अन्य फोहोरमैला व्यवस्थापनका लागि देहाएका कानुनी व्यवस्था लागु गरिएको छ:
  - फोहोरमैला व्यवस्थापन ऐन, २०६८
  - विशेष आर्थिक क्षेत्र ऐन, २०७३
  - वातावरण संरक्षण ऐन, २०७६
  - फोहोरमैला व्यवस्थापन नियमावली, २०७०
  - स्थानीय सरकार सञ्चालन ऐन, २०७४
  - राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६
  - फोहोरमैला व्यवस्थापन राष्ट्रिय निति, २०७९
  - वातावरणीय स्वास्थ्य रणनीति, २०६१
  - प्लाष्टिक प्रतिबन्ध सम्बन्धी नीति, २०७८
  - एकीकृत शहरी विकास नीति, २०७२
  - ठोस फोहोर व्यवस्थापन नीति, १९९७

४. **अन्तर्राष्ट्रिय प्रतिबद्धता –** फोहोरमैला व्यवस्थापनले वातावरण तथा जैविक विविधता संरक्षणमा प्रत्यक्ष प्रभाव पार्ने भएकोले विश्वव्यापीकरण तथा उदारीकरणको वर्तमान विश्व अवस्थामा फोहोरमैला व्यवस्थापन विश्वव्यापी मुद्दा र हरेक राष्ट्रको चासोको रुपमा रहेको छ। त्यसकारण विश्वव्यापी रुपमा समेत फोहोरमैला व्यवस्थापनका क्षेत्रमा विभिन्न सन्धिसम्झौताहरु तथा प्रतिबद्धताहरु भएको पाइन्छ। नेपालले समेत फोहोरमैला व्यवस्थापन सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुमा हस्ताक्षर गरी प्रतिबद्धता व्यक्त गरेको छ। जसमध्ये केही प्रमुख सन्धि/सम्झौता देहायबमोजिम रहेका छन्:

- बासेल महासन्धि– राष्ट्रहरुबिच खतरनाक फोहोरको आवागमन कम गर्न र विशेष गरी विकसित राष्ट्रहरुबाट कम विकसित राष्ट्रहरुतर्फ हुने खतराजन्य फोहोरको ओसारपसार घटाउन सन् १९८९ मा यस सन्धिमा हस्ताक्षर गरी सन् १९९२ देखि लागु भएको थियो। नेपालले खतरनाक फोहोरको सीमापार आवागमनलाई रोक्नका लागि सन् १९९६ मा यस सन्धिमा हस्ताक्षर गरेको थियो।
- रोटरडयाम महासन्धि – मानव स्वास्थ्य र वातावरण संरक्षणका लागि अन्तर्राष्ट्रिय व्यापारमा रहेका खतराजन्य रसायनहरुको अन्तर्राष्ट्रिय व्यापारमा साझा जिम्मेवारी र सहयोगलाई प्रवर्धन गर्न सन् १९९८ मा यस सन्धि स्वीकृत भएको थियो। जसलाई नेपालले समेत सन् १९९८ मा हस्ताक्षर गरी सन् २००४देखि लागु गरेको छ।

- स्टकहोम महासन्धि – दीर्घकालिन जैविक प्रदूषणबाट मानव स्वास्थ्य र वातावरणको रक्षा गर्न सन् २००१ मा स्वीकृत भई सन् २००४देखि कार्यान्वयनमा आएको यस सन्धिमा नेपालले सन् २००२ मा हस्ताक्षर गरी सन् २००७ मा अनुमोदन पश्चात् लागु गरेको छ।
- पेरिस सम्झौता – कार्बन उत्सर्जन न्यूनीकरण तथा वातावरण संरक्षण गर्दै विश्व तापमान वृद्धिलाई सीमित गर्ने तथा जलवायु परिवर्तनका असरलाई कम गर्ने सन् २०१५ मा यस सन्धिमा हस्ताक्षर गरिएको थियो। नेपालले सन् २०१६ मा हस्ताक्षर गरी सोही वर्ष नै अनुमोदन गरेर पक्ष राष्ट्रको रुपमा काम गरिरहेको छ।

५. **कार्य प्रकिया विश्लेषण -** प्रचलित नीतिगत, कानुनी एवं कार्य सञ्चालन प्रक्रिया (Operating Procedures) का आधारमा औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोरको व्यवस्थापन गर्नुपर्दछ। यसका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, विभाग र स्थानीय तहहरुले नीतिगत व्यवस्था गर्ने र सम्बन्धित संस्थाले फोहोर व्यवस्थापनका लागि सो को कार्यान्वयन गर्नुपर्ने हुन्छ। नीतिगत एवं कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित तालुक निकायबाट आवधिक अनुगमन तथा निरीक्षण समेत हुने गरेको छ। औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोरको व्यवस्थापनका लागि फोहोरको सङ्कलन , वर्गीकरण, प्रशोधन (Treatment) र विसर्जन आदि प्रक्रियाहरु पूरा गर्नुपर्दछ। यसको प्रभावकारी व्यवस्थापनका लागि संलग्न निकाय/संस्थाहरु निम्नानुसार छन्ः-

- वन तथा वातावरण मन्त्रालय
- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
- उद्योग विभाग
- वातावरण विभाग
- प्रदेश सरकार तथा स्थानीय तहहरुको उद्योग तथा वातावरण हेर्ने मन्त्रालय तथा निकायहरु
- औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
- औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय (सबै औद्योगिक क्षेत्रहरु)
- सम्बन्धित उद्योग तथा प्रतिष्ठान

६. **लेखापरीक्षणको औचित्य –** दिगो विकासको अवधारणा अनुसरण गर्दै औद्योगिकीकरणको माध्यमबाट मुलुकको आर्थिक समृद्धि हासिल गर्ने नेपाल सरकारको नीति अनुरुप नेपालमा उद्योगहरुको संख्यामा बढोत्तरी हुँदै गएको छ। त्यस्ता औद्योगिक प्रतिष्ठानबाट निष्काशन हुने हानिकारक तथा प्रदूषणयुक्त फोहोर मानव स्वास्थ्य तथा वातावरणका लागि जोखिमयुक्त हुने भएकोले यस्तो फोहोरमैलाको सङ्कलन, वर्गीकरण, प्रशोधन, ढुवानी तथा विसर्जनमा आधुनिक प्रविधिको अनुसरणका लागि आवश्यक नीति, कानुन

वा मापदण्डको पर्याप्तता, भएको व्यवस्थाको परिपालना फोहोरको न्यूनीकरण, सङ्कलन , वर्गीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन सम्बन्धमा अध्ययन, परीक्षण तथा विश्लेषण गरी देखिएका समस्या समाधानका लागि उपयुक्त सुझाव सहितको प्रतिवेदन तयार गर्ने उद्देश्यले यस विषयलाई कार्यमूलक लेखापरीक्षणको लागि विषयका रुपमा छनौट गरिएको हो।

# परिच्छेद –२
# लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

७. **लेखापरीक्षणको उद्देश्य -** औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोर व्यवस्थापन सम्बन्धी विद्यमान नीतिगत एवं कानुनी व्यवस्था र सोको कार्यान्वयन अवस्थाको अध्ययन विश्लेषण गरी देखिएका बेहोराहरु सुधारका लागि उपयुक्त सुझाव सहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ। लेखापरीक्षण उद्देश्य अनुरुप परीक्षण गर्न थप लेखापरीक्षण उद्देश्यहरु देहाय बमोजिम निर्धारण गरिएको छ।

- औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोर व्यवस्थापन गर्दा तोकिएको विधि, पद्धति एवं प्रक्रियाहरुको पर्याप्तता र तिनको परिपालना भएको,
- औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोर व्यवस्थापन दिगो र प्रभावकारी ढङ्गबाट भएको,
- औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार भएको

८. **लेखापरीक्षणको क्षेत्र** – स्रोत सीमितताका कारण लेखापरीक्षणको लागि छनौटको आधारमा बालाजु औद्योगिक क्षेत्र, पाटन औद्योगिक क्षेत्र र भक्तपुर औद्योगिक क्षेत्रको तथ्याङ्क एवं विवरण लेखापरीक्षणको क्षेत्रभित्र समावेश गरिएको छ। लेखापरीक्षणका लागि मूलभूत रुपमा २०७८।७९देखि २०८०।८१ सम्मका विवरण एवं तथ्याङ्कहरु सङ्कलन गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकताअनुसार अन्य सम्बन्धित निकायबाट समेत आवश्यक सूचना एवं जानकारी सङ्कलन गरिएको छ।

९. **लेखापरीक्षण पद्धति -** लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन गर्न प्रक्रियामूलक पद्धति तथा कार्यक्रमको उपलब्धि मूल्याङ्कन गर्न नतिजामूलक पद्धति अवलम्बन गरिएको छ। यो पद्धति कार्यान्वयनका क्रममा सम्बन्धित निकायबाट जानकारी तथा निकाय प्रमुख लगायत अन्य पदाधिकारीसँग छलफलका माध्यमबाट सूचना तथा तथ्याङ्क सङ्कलन गरीएको छ। नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, कार्यमूलक लेखापरीक्षणका सिद्धान्त (इसाई ३००), सो सम्बन्धी मानदण्ड (इसाई ३०००) र कार्मूलक लेखापरीक्षण निर्देशिका, २०८० बमोजिम लेखापरीक्षण गरिएको छ।

१०. **लेखापरीक्षण सीमा** - लेखापरीक्षणका लागि उपलब्ध स्रोत, साधन र समयको सीमा, नियन्त्रण जोखिमको विश्लेषण तथा लाभ लागत विश्लेषणबाट सम्पूर्ण क्षेत्रलाई लेखापरीक्षणको दायरामा समेट्न सम्भव नभएको लेखापरीक्षण योजना बमोजिमको सारभूत विषयको छनौट गरी लेखापरीक्षण गरिएको छ। निकायहरुबाट प्राप्त सूचना, अभिलेख, विवरण, सरोकारवालासँगको छलफल, लेखापरीक्षण प्रश्नावली तथा तथ्याङ्क, वार्षिक प्रगति प्रतिवेदनका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ। प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, लेखापरीक्षणको लागि उपलब्ध स्रोत, साधन आदि यसका सीमा रहेका छन्। साथै नमुना छनौट गरी औद्योगिक क्षेत्रको मूल्याङ्कन नतिजाको आधारमा प्रतिवेदनको समग्र निष्कर्ष निर्धारण गरिएको छ।

# परिच्छेद -३
# लेखापरीक्षणबाट देखिएका बेहोराहरु

**सकारात्मक पक्ष** - नेपालको संविधानबमोजिम स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हक, स्वच्छ पानी तथा सरसफाइमा पँहुचको हकको कार्यान्वयन गर्न साथै फोहोरमैला व्यवस्थापनको माध्यमबाट वातावरण तथा जैविक विविधता संरक्षणमा योगदान पुऱ्याउने नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता जस्ता पक्षहरुले फोहोरमैला व्यवस्थापनलाई प्राथमिकता दिएका छन्। त्यससँगै बढ्दो विश्वव्यापीकरणको लहर र सो सँगै उत्पन्न हुने अवसरहरुले समेत सीमाविहीन व्यापार, उद्योग स्थापना र सहज आवागमनलाई प्रोत्साहन गरेको छ। जसको फलस्वरुप औधोगिकीकरण तथा व्यापार विविधीकरणमा वृद्धि हुँदा मानव स्वास्थ्यको रक्षा र वातावरण संरक्षण गर्न विभिन्न कदमहरु चालिएको छ। यसका लागि नेपाल सरकारले औद्योगिक प्रतिष्ठानहरुबाट निस्कने फोहोर व्यवस्थापनका लागि विभिन्न कानुनी, नीतिगत, संस्थागत एवं अन्य व्यवस्थापकिय प्रयासहरु गरेको छ।

औद्योगिक प्रतिष्ठानहरुबाट निस्कने फोहोर व्यवस्थापनको लेखापरीक्षण सम्बन्धमा देखिएका थप सकारात्मक अभ्यासहरु यसप्रकार छन्:

- **नीतिगत व्यवस्थाहरु:**

❖ फोहोरमैलालाई स्रोतमा न्यूनीकरण, पुन: प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहोरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहोरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र नियमावली, २०७० तर्जुमा भएको छ।

❖ फोहोरमैलाको दिगो व्यवस्थापनद्धारा नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चित गर्ने लक्ष्य सहित फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ तर्जुमा तथा कार्यान्वयन भएको छ।

❖ भरपर्दो, दिगो र न्यून कार्बन प्रविधियुक्त उद्योग, यातायात र भौतिक पूर्वाधारको विकास गरी जलवायु उत्थानशील आर्थिक विकासको अवधारणा सहित राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ तर्जुमा तथा कार्यान्वयन भएको छ।

- **संस्थागत व्यवस्थाहरुः**

औद्योगिक प्रतिष्ठानहरुबाट निस्कने फोहोरमैला व्यवस्थापनको लागि विभिन्न अनुगमनकारी तथा नियामक निकायहरु लगायत अन्य संस्थागत व्यवस्थाहरु गरिएको छ जसको कार्यविवरण देहायबमोजिम छन्:

| निकायको नाम | भूमिका |
|---|---|
| वन तथा वातावरण मन्त्रालय | • वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमामा सहजीकरण गर्ने,<br>• वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अध्ययन, स्वीकृत एवं सम्बन्धित कार्य गर्ने,<br>• प्रदूषण नियन्त्रणका मापदण्ड निर्माण, कार्यान्वयन र अनुगमन गर्ने, |

| | |
|---|---|
| | • उद्योगहरुलाई प्रदूषण नियन्त्रण प्रमाणपत्र जारी गर्ने/गराउने |
| उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | • औद्योगिक प्रदूषण सम्बन्धी नीति, मापदण्ड तथा कार्यक्रमको तर्जुमा, नियमन र अनुगमन सम्बन्धी कार्यहरु गर्ने, • औद्योगिक प्रतिष्ठानहरुलाई वातावरणमैत्री उत्पादन पद्धति अवलम्बन गर्न सहयोग गर्ने, • उद्योगले प्राविधिक तथा वातावरणीय मापदण्ड पालना गरे नगरेको सम्बन्धमा अनुगमन सूचक तयार गर्ने र त्यसको कार्यान्वयनको नियमित अनुगमन सम्बन्धी कार्यहरु गर्ने, • उद्योगको वातावरणीय अवस्था (State Of Environment) को प्रतिवेदन सम्बन्धी कार्यहरु गर्ने, • औद्योगिक फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड, निर्देशिका तर्जुमा, समन्वय एवं अनुगमन सम्बन्धी कार्यहरु गर्ने। |
| वातावरण विभाग | • उद्योग प्रतिष्ठानहरुको वातावरण प्रदूषण सम्बन्धी अनुगमन एवं निरीक्षण गर्ने, • नदीनाला, तालतलैयाको पानी तथा उद्योग कलकारखानाबाट निष्काशित फोहोरपानीको प्रदुषणको अवस्थाको अध्ययन गर्ने, • वातावरणीय सचेतना सम्बन्धी सन्देश, सूचना, श्रव्य दृष्य सामग्री उत्पादन तथा प्रसारण गर्ने। |
| औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | • औद्योगिक क्षेत्रको सञ्चालन तथा व्यवस्थापन गर्ने, • उद्योगलाई पूर्ण क्षमतामा सञ्चालन हुने वातावरण निर्माण गर्ने। |

उपरोक्त टेबलमा उल्लेख भएअनुसार विभिन्न सञ्चालन तथा व्यवस्थापन एवं अनुगमन तथा नियामक संघसंस्थाहरुको व्यवस्था गरिएको छ।

- **अन्य अभ्यासहरु:**

❖ फोहोरको पुन: चक्रण (Recycling of Waste)- फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १० मा फोहोरमैलाको पुन: चक्रीय प्रयोग सम्बन्धी व्यवस्था छ। बालाजु औद्योगिक क्षेत्र अन्तर्गतका केही उद्योगहरुले प्लाष्टिकजन्य फोहोरलाई पुन: चक्रण गरी पलाष्टिकको कच्चा पदार्थ बनाई पुन: प्रयोग गरेको देखियो। सो कार्यलाई प्रोत्साहित गर्न ऐनमा उल्लेख भएबमोजिम स्थानीय निकायले प्रोत्साहनजन्य कार्यक्रम र सो को लागि आवश्यक निर्देशिका समेत बनाई लागु गरेमा अन्य उद्योगहरुले समेत पुन: चक्रण प्रक्रियालाई अबलम्बन गरी फोहोर न्यूनीकरणमा सहयोग पुग्न सक्ने देखिन्छ।



प्लाष्टिकजन्य फोहोरहरु



प्रयोग भएका प्लास्टिकलाई मेशिनमा प्रशोधन गरिदै



मेसिनमा पेलिसकेको प्लाष्टिकलाई पुनः कच्चा पदार्थको रुपमा तयार गरिँदै



प्लाष्टिकजन्य फोहोरबाट प्रशोधन पश्चात् तयार गरिएको प्लाष्टिकको कच्चा पदार्थ

**सुधारका पक्षहरुः**

फोहोर व्यवस्थापनका सम्बन्धमा रहेका नीतिगत, संस्थागत तथा कार्यगत व्यवस्थाहरुको अध्ययन, विभिन्न रणनीतिक प्रश्नावलीहरु, स्थलगत अवलोकन साथै सरोकारवाला पक्षहरुसँगको छलफल समेतका आधारमा लेखापरीक्षणबाट देखिएका सुधार गर्नुपर्ने मुख्य मुख्य बेहोराहरु देहायबमोजिम रहेका छन् :-

११. **नीति तथा कानुनको परिपालना** - फोहोरमैलाको दिगो व्यवस्थापनद्वारा नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चित गर्ने उद्देश्य सहित नेपालमा फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ कार्यान्वयनमा रहेको छ। त्यसैगरी फोहोरमैला व्यवस्थापन ऐन, २०६८, वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७ समेत कार्यान्वयनमा रहेका छन्। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्ः

११.१. फोहोरमैला व्यवस्थापन ऐन, २०६८ मा औद्योगिक फोहोरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुने उल्लेख छ। उद्योग प्रतिष्ठानबाट निस्कने फोहोर पानी जस्तैः सरफेस फिनिसिङ (ग्यालभनाईजिङ र इलेक्ट्रोप्लेटिङ) सम्बन्धी मापदण्ड, सार्वजनिक ढलमा पठाउने औद्योगिक एफ्ल्युएन्टको लागि घटीबढी सीमा, सतही पानीमा पठाइने औद्योगिक एफ्ल्युएन्ट सम्बन्धी मापदण्डहरु प्रतिष्ठानहरुले पालना गरेको देखिएन। हेटौंडा औद्योगिक क्षेत्र भित्र फोहोरपानी प्रशोधन संयन्त्र डेनमार्क सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा २०५९ मा निर्माण

सम्पन्न गरी हाल हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयद्वारा सञ्चालन तथा व्यवस्थापन हुँदै आएको छ। उद्योगबाट निस्कने फोहोरपानीमा रहेका ठोस पदार्थ, जैविक पदार्थ र रासायनिक पदार्थलाई विभिन्न चरणमा प्रशोधन गरी वातावरण अनुकूल गराउन पहिलो चरणमा ठूला ठोस पदार्थ हटाउन स्क्रिनिङ र सेडिमेन्टेशन, सो चरणमा जैविक पदार्थहरु हटाउन स्लज प्रकिया वा जैविक फिल्टरहरुको प्रयोग र अन्तिम चरणमा फोहोरपानीमा रहेका अन्य सबै रासायनिक पदार्थहरु हटाउने प्रकिया रहेपनि दैनिक करिब ७ लाख लिटर फोहोरपानी निस्कने उक्त केन्द्रमा अक्सिजनको उपस्थितिमा कार्य गर्ने (एरोबिक) ९ र अक्सिजनको अनुपस्थितिमा कार्य गर्ने (एनारोबिक) २ गरी ११ पोखरी रहेकोमा ४ पोखरीमात्र प्रयोगमा रहेका छन्। भक्तपुर औद्योगिक क्षेत्र अन्तर्गत सल्लाघारीमा फोहोरपानी प्रशोधन संयन्त्र निर्माणको आयोजना शुरु गरेपनि ५ वर्षदेखि अधुरो अवस्थामा रहेको छ। सो संयन्त्रको उपयोग एवं क्षमता विकास गरी फोहोरमैला व्यवस्थापन गनुपर्दछ।



*शुरुमा निष्केको फोहोर प्रदूषित पानी*



*प्रशोधनपछिको सफा पानी*



*प्रयोगमा रहेका ४ वटा पोखरीहरु*



*प्रयोगमा नरहेका पोखरीहरु*

११.२. उक्त नीतिमा फोहोरमैलाबाट हुने वातावरणीय प्रदूषण र जनस्वास्थ्यमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्ने, फोहोरमैला व्यस्थापनमा नागरिक दायित्व अभिवृद्धि गर्न फोहोरमैलाको वर्गीकरण, न्यूनीकरण र निष्काशन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने रणनीति तय गरिएको छ। वातावरण विभागबाट प्रदूषण रोकथाम तथा नियन्त्रणको लागि विभिन्न औद्योगिक प्रतिष्ठानको स्थलगत अनुगमन हुने गरेको, विद्यालयको वातावरणलाई स्वच्छ पार्न तथा विद्यार्थीहरुलाई वातावरण संरक्षण सम्बन्धी जनचेतना जगाउन वार्षिक कार्यक्रममा विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम सञ्चालन गरेको र वातावरणीय मापदण्ड परिपालना सम्बन्धमा सरोकारवालासँग सार्वजनिक सुनुवाइ कार्यक्रम गर्ने गरेको भए तापनि सो पर्याप्त

रहेको देखिँदैन। औद्योगिक फोहोरमैलाको उत्सर्जन, सोबाट वातावरण तथा मानव स्वास्थ्यमा पर्ने प्रतिकूल प्रभाव र सोको न्यूनीकरण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्नुपर्दछ।

११.३. फोहोरमैला व्यवस्थापन ऐन, २०६८ मा फोहोरमैला व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ। औद्योगिक प्रतिष्ठानबाट प्रश्नावली तथा स्थलगत अवलोकनका क्रममा प्राप्त जानकारी अनुसार अधिकांश स्थानीय तहमा फोहोर पानी प्रशोधन संयन्त्र र स्यानिटरी ल्याण्डफिल निर्माण नगरेको त्यस्तो फोहोर व्यवस्थापन गर्न प्रविधि र दक्ष जनशक्तिको समेत अभाव रहेको पाइयो। फोहोरमैला व्यवस्थापनमा स्थानीय तहले मात्र जिम्मेवारी पूरा गर्न सक्ने अवस्था नहुँदा यस सम्बन्धमा तीन तहबिच समन्वय र सहकार्य हुनुपर्दछ।

११.४. फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ को बुँदा नं ८.४ मा फोहोरमैला व्यवस्थापनमा नवीनतम प्रविधिको उपयोग र लगानी प्रवर्धनलाई प्रोत्साहन गर्दै फोहोरलाई स्रोतको रुपमा परिचालन गरी अर्थतन्त्रमा योगदान गर्ने उल्लेख छ। फोहोर व्यवस्थापनमा हाल प्रचलित नवीन प्रविधिहरुअन्तर्गत; फोहोरलाई उर्जामा रुपान्तरण गर्ने, बायोग्याँस प्रविधि, जिग-ज्याग ईँट्टा भट्टा प्रविधि, प्लाष्टिक पुन: चक्रण प्रविधि, स्मार्ट फोहोर सङ्कलन प्रणाली, फोहोर पानी प्रशोधन गर्न न्यानो फिल्टर प्रयोग, विद्युत प्रवाह प्रयोग गरी फोहोर पानीबाट भारी धातु, रसायन र दूषित पदार्थ हटाउने प्रविधि, सूक्ष्मजीव (व्याक्टेरिया, फङ्गस) प्रयोग गरी विषाक्त फोहोरको जैविक विघटन गर्ने, फोहोर पानी प्रशोधन गर्ने लगायत पर्दछन्। केही उद्योगहरुले उत्पादन गर्न नयाँ जिग ज्याक प्रविधि अपनाउने गरेको र केही उद्योगहरुमा प्लाष्टिक पुन: चक्रण गरी पुन: प्लाष्टिकजन्य वस्तु उत्पादनको कच्चा पदार्थ उत्पादन हुने गरेका छन्। नवीनतम प्रविधिको प्रयोग गरी फोहोरलाई स्रोतको रुपमा समेत परिचालन गर्नुपर्दछ।

११.५. राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ मा उद्योग, यातायात र भौतिक पूर्वाधार सम्बन्धी हरितगृह ग्याँस उत्सर्जन हुने मुख्य विन्दु र कारकहरु पहिचान गरी न्यूनीकरणका लागि मापदण्डहरु बनाई लागु गर्ने, ऊर्जा किफायती प्रविधि र विद्युतीय ऊर्जाको प्रयोग प्रवर्धन गर्ने, उद्योग, यातायात र भौतिक पूर्वाधार विकास गर्दा वातावरणमैत्री स्थानको छनोट र जलवायुमैत्री प्रविधिको प्रयोग गर्ने उल्लेख छ। फोहोरमैला व्यवस्थापनले पारिस्थितिकीय प्रणाली, जलवायु परिवर्तन, प्राकृतिक स्रोतको दिगो उपयोग लगायत दिगो विकासका बहुआयामिक पक्षहरुमा असर पार्ने भएकोले जलवायु परिवर्तनका असरको जोखिम न्यूनीकरण गर्दै उत्थानशील समाजको निर्माण गर्न तत्कालीन समयमा बस्ती नभएका क्षेत्रमा स्थापित औद्योगिक क्षेत्र पछिल्ला समयमा घना वस्ती विकासमा परिणत भइसके पनि स्थानान्तरण योजना तयार गरेको पाइएन।




*गुगल अर्थबाट देखिएको बिचमा रहेको बालाजु औद्योगिक क्षेत्र र वरपरको शहरी बस्ती*

१२. **आवधिक योजना कार्यान्वयन** - नेपालको पन्ध्रौं आवधिक योजनामा खानेपानी तथा सरसफाइ तर्फ घरायसी, औद्योगिक र अन्य मानव गतिविधिबाट सिर्जित कम्तीमा २० प्रतिशत फोहोर पानी प्रशोधन गरी निष्काशन तथा विसर्जन हुने लक्ष्य लिइएकोमा सो को मापन तथा अवस्थाबारे १५ औं योजनामा

समीक्षा गरिएको देखिएन। वन तथा वातावरण मन्त्रालयको क्षेत्रगत प्रगति प्रतिवेदनका आधारमा पन्ध्रौं योजनाको नतिजा खाकामा उल्लिखित सूचकहरुको प्रगति यसप्रकार रहेको छ:

| नतिजा सुचक | इकाई | लक्ष्य (२०८०।८१) | प्रगति (२०८०।८१) |
|---|---|---|---|
| वायु प्रदूषणको औसत मात्रा | माइक्रोग्राम प्रति घनमिटर | ४० | ४३.७ |
| वायुमा सस्पेन्सन पार्टिकुलेटको गाढापन (२४ घण्टाको औसत) | माइक्रोग्राम प्रति घनमिटर | १५३.३ | ११५.९ |
| फोहोर पानीको सुरक्षित प्रशोधन अनुपात | प्रतिशत | ३० | ० |
| प्रशोधन नगरिएको औद्योगिक फोहोर पानीको अनुपात | प्रतिशत | ७० | ० |
| वायु गुणस्तर मापन केन्द्र | संख्या | ४७ | ३० |
| फोहोर मैला प्रशोधन केन्द्र | संख्या | १४ | ० |
| पलाष्टिकको पुन: प्रशोधन गरी तयारी वस्तु उत्पादन गर्ने उद्योग | प्रतिशत | ६८.२ | ० |
| सिसा र धातुजन्य पदार्थको पुन: प्रशोधन गरी तयारी वस्तु उत्पादन गर्ने उद्योग | प्रतिशत | ९२.४ | ० |

योजनाका फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित उल्लिखित नतिजा सूचकमा लक्ष्य अनुरुप प्रगति भएको छैन। निर्धारित लक्ष्य हासिल हुनेगरी कार्यसम्पादन गर्नुपर्दछ।

१३. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य नं. ६ मा स्वच्छ पानी र सरसफाइ अन्तर्गत सन् २०३० सम्ममा प्रदूषण घटाएर, पानीमा फोहोर फाल्ने कार्यको अन्त्य गरेर, हानिकारक फोहोरहरु तथा रसायनहरु र वस्तुहरुको विसर्जन कार्यलाई न्यूनीकरण गरेर, प्रशोधन नगरिएका फोहोरपानीको हिस्सा आधा घटाएर र खेर गएका वस्तुहरुको पुन:प्रयोगको लागि प्रशोधन गरेर साथै सुरक्षित प्रयोग बढाएर खानेपानीको गुणस्तर सुधार गर्ने लक्ष्य तय गरेको छ। यसका लागि सन् २०१५ मा ९९ प्रतिशत रहेको प्रशोधन नगरिएको औद्योगिक फोहोरपानीको अनुपात सन् २०३०सम्म १० प्रतिशतमा झार्ने लक्ष्य लिएकोमा राष्ट्रिय योजना आयोगले सन् २०१९ सम्ममा स्वच्छ पानी र सरसफाइमा न्यून प्रगति भएको र उद्योग, नव प्रवर्तन र पूर्वाधारमा खास प्रगति नभएको उल्लेख छ। त्यसै गरी नेपालको स्वैच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन २०२४ मा भने फोहोरमैला व्यवस्थापन सम्बन्धमा कुनै सूचक तयार गरेको पाइएन। औद्योगिक क्षेत्रबाट निसक्ने फोहोरमैला, फोहोर पानी लगायत रसायनहरुको विसर्जन न्यूनीकरण हुन सकेको नदेखिएकोले यस विषयमा सरोकारवालाको ध्यान पुग्नुपर्ने देखिन्छ।

१४. **फोहोर उत्सर्जन** - राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार सन् २०२० मा नेपालका २९३ नगरपालिकामा फोहोर व्यवस्थापन सम्बन्धमा गरेको सर्वेक्षण अनुसार महानगरपालिकामा दैनिक ३७ हजार ३४० किलोग्राम, उप-महानगरपालिकामा १० हजार ९७३ किलोग्राम र नगरपालिकामा ३ हजार ७०४ किलोग्राम फोहोर उत्सर्जन हुने गरेको उल्लेख छ। जसमध्ये महानगरपालिकाहरूमा औद्योगिक फोहोर ४ हजार ४६० किलोग्राम, उप-महानगरपालिकाहरूमा १ हजार ५४४ किलोग्राम र नगरपालिकाहरूमा ३१० किलोग्राम रहेको छ। हरेक वर्ष औद्योगिक फोहोरको मात्रा बढिरहेकोमा विसर्जन र प्रशोधन व्यवस्था प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

(फोहोर परिमाण के.जी./ प्रतिदिन)

| वर्गीकरण | घरायसी | व्यावसायिक/ व्यापारिक | औद्योगिक/जिल्ला | शैक्षिक संस्थाहरूको | स्वास्थ्य संस्थाहरु/अस्पताल | अन्य | कुल मात्रा |
|---|---|---|---|---|---|---|---|
| महानगरपालिका | १५,९२० | ७,७२० | ४,४६० | ४,६८० | ४,५६० | - | ३७,३४० |
| उप-महानगरपालिका | ३,३१६ | ३,०२५ | १,५४४ | १,३२२ | ५९४ | १,१७१ | १०,९७३ |
| नगरपालिका | १,४४१ | ९३२ | ३१० | ३५८ | ३८१ | २८२ | ३,७०४ |

*स्रोत :- फोहोर व्यवस्थापन आधाररेखा सर्वेक्षण, २०२०*

१४.१. फोहोर व्यवस्थापन आधाररेखा सर्वेक्षण, २०२० मूलत: नगरपालिकाहरुबाट निस्कने ठोस फोहोर व्यवस्थापन सँग सम्बन्धित रहेको पाइयो। ठोस फोहोर मात्र नभई तरल र ग्याँस फोहोर समेत वातावरण तथा मानव स्वास्थ्यका लागि त्यत्ति नै हानिकारक हुन्छ। ग्याँस फोहोरबाट निस्केको धुवाँले वातावरणमा कार्बनमोनोअक्साइड र सल्फरडाइअक्साइड जस्ता विषालु ग्याँसको मात्रा बढाउँछ जसले हावाको गुणस्तर घटाई प्रतिकूल प्रभाव पार्दछ। त्यसै गरी तरल फोहोर पानीमा मिसिँदा विभिन्न रसायन तथा किटाणुको निर्माण गर्दछ। यस्ता फोहोरहरुको कारण वायु प्रदूषण, जल प्रदूषण, माटो प्रदूषण हुने, जैविक विविधतामा ह्रास आउने, दुर्गन्ध फैलिने, आँखा, पेट, छाला, स्वासप्रश्वास सम्बन्धी विभिन्न प्रकारको स्वास्थ्य समस्या देखिने अवस्था आउँछ। यसकारण फोहोरमैला व्यवस्थापन सम्बन्धमा गरिएको यसप्रकारको प्रतिवेदन समेत ठोस फोहोर व्यवस्थापनमा मात्र सिमित हुँदा अन्य प्रकारको फोहोर व्यवस्थापन सम्बन्धी सूचना, जानकारीको अपर्याप्तता हुन गई सो सम्बन्धी नीति, मापदण्ड तर्जुमा, पूर्वाधार निर्माण जस्ता विषयमा अन्यौलता सिर्जना हुन सक्ने अवस्था देखिँदा तरल तथा ग्याँसजन्य फोहोर व्यवस्थापनमा समेत उत्तिकै ध्यान दिनुपर्दछ।

१५. **फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र -** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २६ मा फोहोरमैला व्यवस्थापनका लागि स्थानीय निकायलाई प्राविधिक सहयोग पुऱ्याउन तथा तत्सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गर्न फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रको स्थापना गर्ने उल्लेख छ। यस केन्द्रले फोहोरमैला व्यवस्थापनको सम्बन्धमा उपयुक्त प्रविधिको विकासमा स्थानीय तहलाई सहयोग गर्ने, कुनै स्थान विशेषको फोहोरमैलाको प्रकृति र परिमाण, त्यसको सङ्कलन, उपचार, ढुवानी, विसर्जन वा नष्ट गर्ने प्रक्रिया तथा सो को लागि अवलम्बन गर्नुपर्ने न्युनतम मापदण्ड तयार गर्ने, फोहोरमैला व्यवस्थापन सम्बन्धी नयाँ प्रविधिको विकास, विस्तार तथा प्रचार प्रसार गर्ने, हानिकारक, स्वास्थ्य संस्थाजन्य, रासायनिक तथा औद्योगिक फोहोरमैलाको उचित व्यवस्थापनका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउने, फोहोरमैलाको उत्पादन न्यूनीकरण गर्ने तरिकाको पहिचान तथा विकास गरी अवलम्बन गर्नको लागि प्रोत्साहन गर्ने लगायतका अन्य कार्य गर्ने व्यवस्था रहेको छ। केन्द्र र स्थानीय तहबिचको समन्वयकारी भूमिकामा रही कार्य गर्ने यो संस्था मिति २०७५।०८।१७ को मन्त्रीपरिषद निर्णयले खारेज गरिएकोमा तत्पश्चात कुन कार्यालयले फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग सम्बन्धी कार्य गर्ने भन्ने स्पष्ट गरेको देखिएन। ऐनले परिकल्पना बमोजिम स्थापना भएको संस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्दै स्थापनाको उद्देश्य पूरा गरी फोहोरमैला व्यवस्थापनमा सहयोग गर्नुपर्ने देखिन्छ।

१६. **अभिलेख तथा योजना तर्जुमा -** फोहोरमैला व्यवस्थापन ऐन, २०६८, फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९, वातावरण संरक्षण ऐन, २०७६ लगायतका ऐन नियमहरुले औद्योगिक फोहोरको सङ्कलन, अभिलेख, व्यवस्थापन तथा नियमन गर्ने मार्गनिर्देश उल्लेख गरेको छ। औद्योगिक क्षेत्रहरुले दैनिक

रुपमा उद्योगहरुबाट उत्पादन हुने फोहोरको व्यवस्थित रुपमा प्रकार, परिमाण एवं प्रकृति अनुसार अभिलेख राख्ने गरेको पाईएन। फोहोरको प्रकृति अनुसार कुन उद्योगबाट कति परिणाममा कुन प्रकारको फोहोर उत्पादन हुने गरेको छ। सो को अभिलेख राखी व्यवस्थापनको कार्ययोजना तर्जुमा भएको छैन। त्यस्तो अभिलेख राखी फोहोरमैला व्यवस्थापनको अल्पकालिन र दीर्घकालीन योजना बनाउनु पर्दछ।

१७. **हानिकारक तथा रासायनिक फोहोरमैला -** फोहोरमैला व्यवस्थापन नियमावली, २०७० को नियम ५ मा हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहोरमैला अन्य फोहोरमैलासँग मिसाई निष्काशन गर्न नहुने, त्यस्तो फोहोरमैलालाई प्रशोधन गरी सामान्य फोहोरमैला सरह भएपछि मात्र त्यसको अन्तिम निष्काशन गर्नुपर्ने, त्यस्तो फोहोरको सङ्कलन, भण्डारण तथा स्थानान्तरण गर्दा सुरक्षित विधि अपनाउनुपर्ने साथै त्यस्तो फोहोरको प्रशोधन गर्दा त्यसमा भएका हानिकारक तत्व नष्ट हुने गरी गर्नुपर्ने व्यवस्था छ। वातावरण विभागले सतही पानीमा पठाइने औद्योगिक एफ्लुएन्टको (Industrial Effluent) को घटी बढी सीमा तर्जुमा गरेकोमा सो व्यवस्था पूर्ण रुपमा पालना भएको देखिएन। औद्योगिक क्षेत्र अन्तर्गतका उद्योगहरुले औद्योगिक फोहोरमैलाको वर्गीकरण नगरी सम्झौता गरिएको निजी संस्थामार्फत फोहोर निष्काशन गर्ने साथै उद्योगहरुबाट निस्केको रासायनिक तरल पदार्थलाई सिधै ढलमा मिसाई अव्यवस्थित रुपमा निष्काशन गरेको देखियो। यस्तो फोहोर बस्तीहरुवीचबाट बग्ने साथै वरपरका नदिहरुमा मिसिई त्यसले मानव स्वास्थ्य तथा वातावरणमा समेत प्रतिकूल असर पार्ने हुँदा यसलाई यथाशीघ्र सुरक्षित तवरले प्रशोधन गरी त्यसको व्यवस्थापन गर्नुपर्दछ।



*बालाजु -बाईपास सडक खण्डको ढल लाइनमा मिसाइएको औद्योगिक फोहोर*

१८. **अनुगमन -** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २१ अनुसार फोहोरमैला व्यवस्थापन तथा निष्काशन कार्यको नियमित अनुगमन गर्नु वा गराउनु पर्ने व्यवस्था छ। औद्योगिक क्षेत्रहरुबाट प्राप्त विवरण अनुसार उक्त क्षेत्रमा बालाजु औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, काठमाडौं महानगरपालिका, वातावरण विभागबाट औद्योगिक फोहोर व्यवस्थापन सम्बन्धमा गरेको अनुगमनको अभिलेख नराखेको उल्लेख छ। वातावरण विभागको प्रकाशन अनुसार वातावरण विभागले अनुगमन गरेका देहायका ४३ उद्योगमध्ये ५० प्रतिशत उद्योगहरुले ठोस फोहोरमैला राम्रो

व्यवस्थापन नगरेको र सम्पूर्ण उद्योगहरुले नेपाल सरकारले तोकेको औद्योगिक एफ्लुएन्टको मापदण्ड परिपालना नगरेको उल्लेख छ। सम्बन्धित निकायले उद्योगहरुको नियमित स्थलगत निरीक्षण, प्रदूषण र फोहोरमैला व्यवस्थापनका विधिहरुको निरीक्षण गर्नुका साथै रासायनिक तथा हानिकारक फोहोरको व्यवस्थापनको अनुगमन तथा यस्तो फोहोर ढलमा नमिसिएको अवस्था परीक्षण गरी सम्बन्धित उद्योगलाई सचेत गराउने लगायतका कार्य गर्नुपर्दछ।

| क्र.स. | उद्योगको नाम | क्र.स. | उद्योगको नाम |
|---|---|---|---|
| १ | पशुपति प्लाई बोर्ड उद्योग प्रा.लि., धनुषा | २ | जनकपुर रिफाइनरी इण्डष्ट्रिज प्रा.लि., धनुषा |
| ३ | कशमस सिमेन्ट इण्डष्ट्रिज प्रा.लि., धनुषा | ४ | एभरेष्ट पेपर मिल उद्योग प्रा.लि., धनुषा |
| ५ | युनाइटेड ल्यूब्रिकेन्ट्स इण्डष्ट्रिज प्रा.लि., धनुषा | ६ | कुमारी माता चिमनी उद्योग प्रा.लि., भक्तपुर |
| ७ | ह्वासिन सिमेन्ट प्रा.लि., धादिङ | ८ | याक ब्रुअरी प्रा.लि., चितवन |
| ९ | ए.ए.सी ईटा उद्योग प्रा.लि., धादिङ | १० | ए.ए.सी. लाइट उद्योग प्रा.लि., धादिङ |
| ११ | नेचुरल स्पीरीट प्रा.लि., धादिङ | १२ | अर्घाखाँची सिमेन्ट लि., रुपन्देही |
| १३ | सिद्धार्थ सिमेन्ट प्रा.लि., रुपन्देही | १४ | इन्टरटेक प्रा.लि., रुपन्देही |
| १५ | ग्याल्योटेक प्रा.लि.,रुपन्देही | १६ | शिवशक्ति सोप इण्डष्ट्रिज प्रा.लि., रुपन्देही |
| १७ | बृज सिमेन्ट इण्डष्ट्रिज प्रा.लि., रुपन्देही | १८ | कास्मी ड्राई क्लिनर्स प्रा.लि.,काठमाँडौ |
| १९ | मैनावती स्टिल्स प्रा.लि., दुहवी | २० | रिलायन्स स्पिनिङ्ग मिल्स प्रा.लि., सुनसरी |
| २१ | पशुपति पेन्ट्स प्रा.लि.,, दुहवी | २२ | विजु प्लाष्टिक इण्डष्ट्रिज, पाटन औद्योगिक क्षेत्र |
| २३ | राधाकृष्ण प्लाष्टिक उद्योग, पाटन औद्योगिक क्षेत्र | २४ | सुपर क्वालिटी प्लाष्टिक ई. प्रा.लि., पाटन औद्योगिक क्षेत्र |
| २५ | राजधानी डेरी प्रा.लि.,पाटन औद्योगिक क्षेत्र | २६ | नव प्रताप डेरी, पाटन औद्योगिक क्षेत्र |
| २७ | आकाश फुड्स, पाटन औद्योगिक क्षेत्र | २८ | आर. के. प्लाष्टिक उद्योग, ललितपुर |
| २९ | साइ कुमार टेक्सटाइल, ललितपुर | ३० | त्रिलोचन कपडा उद्योग, ललितपुर |
| ३१ | सञ्जय टेक्सटाइल, ललितपुर | ३२ | चक्र टेक्सटाइल, ललितपुर |
| ३३ | बालाजी पेट इण्डष्ट्रिज, ललितपुर | ३४ | एस. एल. प्लाष्टिक, भक्तपुर |
| ३५ | मञ्जुश्री प्लाष्टिक उद्योग, भक्तपुर | ३६ | मानेश्वरी प्लाष्टिक उद्योग, भक्तपुर |
| ३७ | बालाजी प्लाष्टिक उद्योग, भक्तपुर | ३८ | मोर्डन डोर एण्ड उड प्रोडक्ट प्रा.लि., नेपालगञ्ज औद्योगिक क्षेत्र |
| ३९ | शिखर केबल इण्डष्ट्रिज प्रा.लि., नेपालगञ्ज औद्योगिक क्षेत्र | ४० | विजय मेटल इण्डष्ट्रिज प्रा.लि.,नेपालगञ्ज औद्योगिक क्षेत्र |
| ४१ | टण्डन प्लाष्टिक प्रा.लि., नेपालगञ्ज औद्योगिक क्षेत्र | ४२ | लक्ष्मी प्लाष्टिक प्रा.लि.,नेपालगञ्ज औद्योगिक क्षेत्र |
| ४३ | आशीर्वाद पेन्ट्स प्रा.लि., नेपालगञ्ज औद्योगिक क्षेत्र | | |

मापदण्ड उल्लङ्घन गर्ने उद्योगहरुलाई गरिएको कारबाही र दिएको सुझावबमोजिमको प्रगति समीक्षा भएको देखिएन। उद्योगहरुको फोहोरमैला व्यवस्थापनको पक्षमा दिएको सुधारको सुझाव र कार्यान्वयनको अवस्थाबारे स्पष्ट नहुँदा नियमनकारी निकायको अनुगमन, मूल्याङ्कन र सुधारका लागि सिफारिस गर्ने कार्य नतिजामुलक र प्रभावकारी बनेको छैन। निर्धारित व्यवस्था अनुसार अनुगमन तथा मूल्याङ्कन नहुँदा साथै सो को अभिलेख अद्यावधिक नहुँदा फोहोर व्यवस्थापनसँग सम्बन्धित नियम मापदण्ड पालना भए नभएको, फोहोर व्यवस्थापन प्रणाली प्रभावकारी भए नभएको सम्बन्धमा यकिन गर्ने आधार देखिँदैन।

**१९. फोहोर वर्गीकरण -** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ मा फोहोरमैला जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याई सङ्कलन केन्द्रसम्म पुऱ्याउने दायित्व फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुने उल्लेख गरिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले सन् २०२० मा गरेको फोहोर व्यवस्थापन आधाररेखा सर्वेक्षणले महानगरपालिका, उप महानगरपालिका र नगरपालिकाहरुको कुल फोहोर सङ्कलनको अवस्था देहायबमोजिम देखिन्छ:

| फोहोर प्रकार | आर्थिक वर्ष | महानगरपालिका (मेट्रिक टन/वर्ष) | उप-महानगरपालिका (मेट्रिक टन/वर्ष) | नगरपालिका (मेट्रिक टन/वर्ष) | नगरपालिकाको वार्षिक औसत (मेट्रिक टन/वर्ष) | नगरपालिकाको दैनिक औसत (मेट्रिक टन/दिन) |
|---|---|---|---|---|---|---|
| जैविक | २०७३।७४ | १२७३४ | २२६९.८ | ८२९.८ | ११५३.३ | ३.२ |
| | २०७४।७५ | १३४७८ | ३०४४.२ | ९५० | १२१४.६ | ३.३ |
| | २०७५।७६ | १०६६९.५ | ४०८८.२ | ८२४.२ | १२०६ | ३.३ |
| अजैविक | २०७३।७४ | ८७८७ | १००५.७ | ५१८.३ | ६९८ | १.९ |
| | २०७४।७५ | ९७२५ | १३३८.७ | ५०४.६ | ६६६.८ | १.८ |
| | २०७५।७६ | ७१०० | १५२५.९ | ५५१.९ | ७४३.५ | २.० |
| अन्य | २०७३।७४ | ५१४५ | २२८ | १९४.८ | ३७९.६ | १ |
| | २०७४।७५ | ५४४६ | २१३.५ | १५५.६ | २८३ | ०.८ |
| | २०७५।७६ | ६२०० | २२९.७ | १७७.५ | २८३ | ०.८ |
| **जम्मा** | **२०७३।७४** | **२६६६६** | **३५०३.५** | **१५४३** | **२२३१** | **६.१** |
| | **२०७४।७५** | **२८६४९** | **४५९६.३** | **१६१०.२** | **२१६४.४** | **५.९** |
| | **२०७५।७६** | **२३९६९.५** | **५८४३.७** | **१५५३.६** | **२२३२.७** | **६.१** |

*स्रोत :- फोहोर व्यवस्थापन आधाररेखा सर्वेक्षण, २०२०*

उपर्युक्त विवरण अनुसार नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाबाट निस्कने जम्मा फोहरोको परिमाण देखाईएको छ जसमा जैविक, अजैविक र अन्य फोहोर समेत समावेश भए पनि औद्योगिक प्रतिष्ठानबाट निस्कने जैविक फोहोर, अजैविक फोहोर र अन्य फोहोरको वर्गीकरण गरेको तथ्याङ्क यकिन गर्न सकिएन। बालाजु औद्योगिक क्षेत्र, भक्तपुर औद्योगिक क्षेत्र र पाटन औद्योगिक क्षेत्रमा यसप्रकारको फोहोरको वर्गीकरण गरेको विषयमा सोधनी गर्दा कुनै पनि उद्योगले वर्गीकरण नगरेको र निजी कम्पनीलाई विसर्जन गर्न लगाएको जनाएका छन्।

**२०. फोहोर निष्काशन -** फोहोरमैला व्यवस्थापन नियमावली, २०७० को नियम ५ मा हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहोरमैला अन्य फोहोरमैलासँग मिसाई निष्काशन गर्न नहुने व्यवस्था छ। त्यसै गरी फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ९(३) मा फोहोरमैला ढुवानी गर्दा स्रोतमा छुट्याई निष्काशन तथा सङ्कलन गरिएको फोहोरमैलाको अलग अलग ढुवानी गर्नुपर्ने उल्लेख गरिएको छ। जापान अन्तर्राष्ट्रिय संस्था (जाइका) द्वारा सन् २०२४ जुनमा गरिएको नेपालमा फोहोर व्यवस्थापन सम्बन्धी डाटा सङ्कलन सर्वेक्षणअनुसार प्रत्येक कम्पनीले फोहोर सङ्कलन तथा ढुवानीका लागि निजी कम्पनीलाई जिम्मा दिने गरेको र कम्पनीहरुले देहाय अनुसारको फोहोर निष्काशन गरेको देखिएको छ।

| स्थान | औद्योगिक पार्क | क्षेत्रफल (हे.) | कारखानाहरूको संख्या | फोहोर सङ्कलन सेवा प्रदायक |
|---|---|---|---|---|
| काठमाडौं | बालाजु औद्योगिक क्षेत्र | ३४ | १४८ | नेपसेम्याक सेवा प्रा.लि. |
| ललितपुर | पाटन औद्योगिक क्षेत्र | १५ | ११४ | नेपको नेपाल |
| भक्तपुर | भक्तपुर औद्योगिक क्षेत्र | ३६ | ३७ | बि.एम.सी. |
| पोखरा | पोखरा औद्योगिक पार्क | २५ | ७७ | वेस्ट म्यानेजमेन्ट रिसाईक्लिङ प्रा.लि. |

*स्रोत :- फोहोर व्यवस्थापन सम्बन्धी डाटा सङ्कलन सर्वेक्षण, २०२४ (जाइका)*

औद्योगिक क्षेत्रहरुबाट प्राप्त प्रश्नावलीको जावाफ अनुसार औद्योगिक प्रतिष्ठानहरुबाट निष्काशन हुने फोहोरमैलालाई उद्योग संघद्वारा सम्झौता गरिएको निजी संस्थाको सवारीमार्फत घरेलु फोहोरमैला सँगसँगै वर्गीकरण र प्रशोधन नगरी विसर्जन गर्ने गरेको देखियो। विद्युतिय, केमिकलयुक्त साथै अन्य जोखिमयुक्त उद्योगहरुमा उत्पादनका क्रममा सिसा, पारो, क्याडमियम, क्रोमियम जस्ता धातुहरु; पलाष्टिक तथा इलोक्ट्रोनिक्स सामानहरुमा पाईने फ्लेम रिटार्डेन्टस जस्ता विषाक्त पदार्थहरु लगायत अन्य विभिन्न हानिकारक रसायनहरु उत्पन्न भई त्यसले जनस्वास्थ्य तथा पारिस्थितिक प्रणाली र जैविक विविधतामा समेत असर परिरहेकोले यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ।




*उद्योगहरुबाट स्रोतमा वर्गीकरण नगरी औद्योगिक फोहोर फाल्दै गरिएको*

२१. **पूर्वाधार र स्रोत व्यवस्थापन -** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ मा फोहोरमैलाको पृथकीकरण र दफा ११ मा स्थानीय निकायले प्रारम्भिक चरणमा सङ्कलन भएको फोहोरमैला व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रुपमा तोक्ने, स्थानान्तरण केन्द्र तोक्दा जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर नपर्ने र दुर्गन्ध नआउने गरी तोक्नुपर्ने व्यवस्था रहेको छ। औद्योगिक क्षेत्रमा स्थानान्तरण केन्द्रको सङ्ख्या पर्याप्त नरहेको, फोहोर व्यवस्थापन गर्नका लागि औद्योगिक क्षेत्रमा सवारी साधन नभएको, प्राविधिक जनशक्तिको अभाव रहेको, नवीन प्रविधि स्थापना नगरेको, फोहोरलाई अन्तिम विसर्जनको लागि ल्याण्डफिल साईट पठाउनु अघि वर्गीकरण गर्नुपर्नेमा सो हुन नसकेको अवस्था देखिन्छ। फोहोर ल्याण्डफिल साईटमा लैजाँदा फोहोरमैला छोपी, लिचेड नचुहिने गरी तथा दुर्गन्ध नआउने गरी स्थानान्तरण गर्नुपर्नेमा उचित सावधानी नअपनाई फोहोर ल्याण्डफिल साइट लैजादा वातावरण दूषित हुने भई ल्याण्डफिल साइट वरपरका स्थानीयबाट फोहोर विसर्जनमा समय समयमा अवरोध समेत हुने गरेको छ। प्रविधि र पूर्वाधार सुधार गरी सरकार, निजी क्षेत्र र नागरिक समाजको समेत सहकार्यमा पूर्वाधारको स्थापना र सञ्चालन गर्नुपर्दछ।

२२. **फोहोर व्यवस्थापन स्थल (ल्याण्डफिल्ड साइट) को अभाव -** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २२(५) मा वातावरण संरक्षणको विषयलाई समेत ध्यानमा राखी फोहोरमैला व्यवस्थापन स्थल कानुनले तोकेको मापदण्ड अनुकूल हुने गरी गर्नुपर्ने व्यवस्था छ। हाल बञ्चरेडाँडा ल्याण्डफिल साईटमा काठमाडौं उपत्यकाका १८ स्थानीय तहमा उत्पादन हुने फोहोर विसर्जन हुने गरेको छ। फोहोरमैला व्यवस्थापन ऐन, २०६८ मा स्थानीय निकायले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहोरमैला व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्न फोहोरमैला व्यवस्थापन स्थल तोक्ने व्यवस्था भए पनि सबै तह एकै ल्याण्डफिल साइटमा भर परिरहेको स्थिति देखियो। यो साइट समेत भरिँदै गएकोमा त्यसपछिको वैकल्पिक स्थान तय गरेको देखिएन । पुन: प्रयोग र उत्पादन स्थलमै विसर्जनको व्यवस्था मिलाई एकै क्षेत्रमा पर्ने भार घटाउँदै लैजानुपर्ने देखिन्छ।

२३. **जनचेतना -** फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ को बुँदा नं. ९.४.१. मा फोहोरमैलाको वर्गीकरण, न्यूनीकरण र निष्काशन सम्बन्धी नागरिक दायित्वबारे सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने र बुँदा नं. ९.८ मा फोहोरमैला व्यवस्थापनमा संलग्न निकाय तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने व्यवस्था छ। नेपालका औद्योगिक क्षेत्रमा कार्य गर्ने उद्योगी तथा मजदुर समेतलाई औद्योगिक फोहोर व्यवस्थापन विधिका बारेमा पूर्ण सचेतना प्रदान गर्न सकेको देखिएन। त्यस्तै फोहोर सङ्कलन तथा भण्डारण गर्ने कर्मचारीलाई व्यक्तिगत सुरक्षाका सामग्री पर्याप्त रुपमा उपलब्ध नगराएको सरोकारवालाले जनाएका छन्। स्थलगत अवलोकनका क्रममा केही उद्योगहरुमा उत्सर्जन भएको फोहोर सिधै ग्लोब्स, मास्क लगायतका सुरक्षा उपकरण विना नै सङ्कलन गर्ने गरेको पाइयो। औद्योगिक प्रतिष्ठान र स्थानीय तह साथै अन्य सरोकारवाला समेतको सहकार्यमा सचेतना कार्यक्रम अभियानका रुपमा सञ्चालन गर्ने साथै संलग्न कर्मचारीको स्वास्थ्य अवस्था समेत विचार गरी सुरक्षाको व्यवस्था गर्नुपर्दछ।

२४. **स्थानीय सरकारको भूमिका -** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ मा फोहोरमैला व्यवस्थापनमा स्थानीय तहको भूमिकाबारे उल्लेख छ। सो बमोजिम स्थानीय तहले फोहोरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र, ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, बायो ग्यास प्लाण्ट लगायत फोहोरमैलाको संङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण र सञ्चालन गर्ने, सो कार्यको अनुगमन गर्ने वा गराउने व्यवस्था छ। बालाजु औद्योगिक क्षेत्र, भक्तपुर औद्योगिक क्षेत्र र पाटन औद्योगिक क्षेत्रमा प्रश्नावली तथा स्थलगत अवलोकन गर्दा स्थानीय निकायले केही औद्योगिक क्षेत्रमा सशुल्क फोहोर उठाउने गरेको तर स्रोतमै वर्गीकरण गरी छुट्टाछुट्टै सवारीमार्फत ढुवानी नगरेको, अनुगमन गर्दा देखिएका कमी कमजोरी सुधार भएकोबारे पुन: अनुगमन हुने नगरेको र फोहोरमैला सङ्कलन केन्द्र, फोहोरमैला स्थानान्तरण, प्रशोधन केन्द्र र ल्याण्डफिल साइट निर्माण जस्ता फोहोरमैला व्यवस्थापनका पूर्वाधारहरुको सञ्चालन नगरेको अवस्था छ। फोहोरमैला व्यवस्थापन सम्बन्धमा औद्योगिक प्रतिष्ठानहरुसँग कुनै समन्वय, सहकार्य साथै औद्योगिक फोहोरमैला व्यवस्थापन सम्बन्धमा जनचेतनामूलक कार्यक्रम समेत सञ्चालन नगरेको जस्ता विवरणहरु प्राप्त भएका छन्। उपलब्ध भएकोले औद्योगिक फोहोर व्यवस्थापनका लागि तोकिएबमोजिमको कार्ययोजना बनाई लागु गर्ने तथा नतिजामूलक अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउनुपर्दछ।

२५. **व्यवस्थापन चुनौती -** फोहोरमैला व्यवस्थापन ऐन, २०६८, फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ लगायत अन्य सम्बन्धित ऐन कानुनले फोहोरमैला व्यवस्थापन कार्यलाई मार्गनिर्देश गरेका छन्। यद्यपि औद्योगिक क्षेत्रको फोहोरमैला व्यवस्थापनका चुनौती सम्बन्धमा औद्योगिक क्षेत्रहरुबाट प्राप्त प्रश्नावलीको प्रतिक्रियाको आधारमा कानुनी व्यवस्थालाई प्रभावकारी बनाउने, प्राविधिक ज्ञान अभिवृद्धि

गर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने, बजेटको पर्याप्त व्यवस्था गर्ने, जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने जस्ता विषयहरु उठान भएकोले सो लाई सम्बोधन गर्न सार्वजनिक निकायबिच समन्वय र सहकार्य कायम गर्ने, गुनासो सुनुवाई गर्ने, नवीन प्रविधिहरुको आन्तरिकीकरण र अभ्यास जस्ता पक्षहरुमा ध्यान दिनुपर्ने देखिएको छ।

# परिच्छेद -४
# निष्कर्ष तथा सुझाव

औद्योगिकीकरण मार्फत मुलुकको आर्थिक विकास गर्ने राज्यको नीति, तीव्र शहरीकरण, तीन तहको शासकीय प्रणाली जस्ता पक्षले फोहोरमैला व्यवस्थापन एक जटिल र अन्तरसम्बन्धित विषयको रुपमा रहेको देखिन्छ। वर्तमान परिप्रेक्ष्यमा फोहोरमैला व्यवस्थापनमा नयाँ नयाँ अवधारणाहरु विकास भएकव छन्। जसमा मूलत: फोहोरको स्रोत व्यवस्थापन, फोहोरको न्यूनीकरण, पुन:प्रयोग, पुन चक्रण, फोहोरबाट उर्जा उत्पादन जस्ता पक्षलाई विशेष जोड दिएको पाईन्छ।

नेपालको सन्दर्भमा समग्र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा सरकारले विभिन्न कानूनी, नीतिगत, संस्थागत व्यवस्थाहरु गरे तापनि औद्योगिक फोहोरमैला व्यवस्थापनका क्षेत्रमा भने स्पष्ट मार्गदर्शन गर्ने कानुन, नीति, मापदण्ड तर्जुमा भएको देखिदैंन। यसका साथै फोहोर व्यवस्थापनका लागि आवश्यक वित्तीय, भौतिक र प्राविधिक पूर्वाधारहरुको कमी हुनु, औद्योगिक फोहोर व्यवस्थापनमा सार्वजनिक लगायत अन्य सरोकारवालाहरुको समेत कम चासो हुनु, उद्योगहरुको विकास र विस्तारको पक्षलाई मात्र जोड दिँदा त्यसकै अर्को पक्ष फोहोर व्यवस्थापनको पक्षलाई भने वेवास्ता गरिनु लगायत विभिन्न आन्तरिक एवं बाह्य कारणले औद्योगिक फोहोर व्यवस्थापन कार्य सन्तोषजनक हुन सकेको देखिँदैन।

औद्योगिक फोहोर व्यवस्थापनका लागि सो सम्बन्धी स्पष्ट कानुनी एवं नीतिगत व्यवस्था, फोहोर व्यवस्थापन योजना तर्जुमा र सो को कार्यान्वयन रणनीति तर्जुमा गरी लागु गर्नुपर्दछ। फोहोरको उत्सर्जनमा न्यूनीकरण, फोहोरको व्यवस्थित सङ्कलन, वर्गीकरण, पुन: प्रयोग, निर्मलीकरण एवं प्रशोधन, फोहोर पानीको प्रशोधन तथा व्यवस्थापन, हानिकारक फोहोरको व्यवस्थापन, फोहोर व्यवस्थापनमा अन्तर तह एवं अन्तर निकाय समन्वय, अनुगमन, मूल्याङ्कन एवं पृष्ठपोषण एवं सो को कार्यान्वयन जस्ता पक्षहरुमा ध्यान पुऱ्याउनु पर्दछ। साथै फोहोरमैलाबाट हुने वातावरणीय प्रदूषण र जनस्वास्थ्यमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न नवीनतम तथा उन्नत प्रविधिको उपयोग, स्थानीय तहबिच साझेदारी र सहकार्य, फोहोरको प्रकृति र परिमाणअनुसार सेवा शुल्क निर्धारण, फोहोर व्यवस्थापनका नविनतम प्रविधि; फोहोरबाट उर्जा उत्पादन, पुन:प्रयोग र पुन:चक्रण अवलम्बन गर्न प्रोत्साहन, सह लगानी, साझेदारी, सहकार्य र सहभागिता प्रोत्साहन गरी फोहोर व्यवस्थापन गर्नुपर्दछ।औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोरको सुरक्षित, दिगो, मितव्ययी, भरपर्दो एवं व्यवस्थित र वैज्ञानिक व्यवस्थापनका लागि देहायका सुझावहरु प्रस्तुत गरिएको छ:

**नीतिगत सुधारका लागि सुझावहरु:**

- औद्योगिक फोहोर व्यवस्थापन कार्यलाई मार्गनिर्देश गर्ने स्पष्ट एवं कार्यान्वयनयोग्य ऐन, कानुन, नीति र मापदण्ड तर्जुमा गरी लागु गर्ने र मौजुदा नीतिहरुमा समयानुकूल संसोधन एवं परिमार्जन गर्नुपर्दछ।
- नयाँ औद्योगिक क्षेत्र खोल्दा फोहोर व्यवस्थापनका सम्बन्धमा स्पष्ट कार्ययोजना अनिवार्य रुपमा पेश गर्नुपर्ने गरी पूर्वशर्त तोक्नुपर्ने र सो को परिपालना नगरेमा सजाय समेत हुने कुरा नीतिगत रुपमा निर्णय गरी लागु गर्नुपर्दछ।
- संविधानबमोजिमको फोहोर व्यवस्थापनको अधिकारलाई पूर्ण रुपमा उपयोग गर्न सक्ने गरी स्थानीय तहलाई आवश्यक स्रोत साधन एवं पूर्वाधार प्रयोगमा प्राथमिकता प्रदान गर्ने नीति अंगिकार गर्नुपर्दछ।

**संस्थागत पक्षाका सुधारका लागि सुझावहरुः**

- औद्योगिक क्षेत्रको नियमन गर्ने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई फोहोरमैला व्यवस्थापनमा समेत नियमित नियमन र अनुगमन गर्ने गरी अधिकार प्रदान गर्नुपर्दछ।
- वातावरण व्यवस्थापन विभागलाई चुस्त एवं क्रियाशील बनाई वातावरण संरक्षणजन्य कार्यक्रम सञ्चालन गर्नुपर्दछ।
- औद्योगिक क्षेत्रको सञ्चालन र व्यवस्थापनको जिम्मा भएको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्दछ।
- फोहोर व्यवस्थापनको लागि संघ, प्रदेश र स्थानीय तहवीच समन्वय कायम गरी कार्य गर्नुपर्दछ।

**व्यवस्थापकीय पक्षमा सुधारका लागि सुझावहरुः**

- फोहोरको व्यवस्थित एवं वैज्ञानिक अभिलेख र लेखाजोखा राख्ने कार्यलाई अनिवार्य गर्नुपर्दछ।
- उत्सर्जन भएको औद्योगिक फोहोरमैलालाई स्रोतमै जैविक, गैर – जैविक, खतरनाक, पुनः प्रयोगयोग्य वस्तुहरुका रुपमा छुट्याउने कार्यलाई कडाईका साथ लागु गर्नुपर्दछ।
- फोहोर पानीको प्रशोधन गरी पुनः प्रयोगयोग्य बनाउन आवश्यक पूर्वाधारहरुको व्यवस्था गर्नुपर्दछ। भएका पूर्वाधारहरुको पूर्णरुपमा उपयोग गर्नुपर्ने र नभएका र आवश्यक पूर्वाधारहरुको हकमा सो का लागि आवश्यक वित्तीय एवं भौतिक स्रोतसाधनका लागि सम्बन्धित निकायहरुसँग आवश्यक पहल गर्नुपर्दछ।

**अन्य सुझावहरु :**

- फोहोरमैलाबाट हुने वातावरणीय प्रदूषण र जनस्वास्थ्यमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न नविनतम तथा उन्नत प्रविधिको उपयोग र लगानी प्रवर्धनलाई प्रोत्साहन गर्नुपर्दछ।
- फोहोरमैला विसर्जन स्थलको दिगो उपयोगका लागि स्थानीय तहहरुबिच साझेदारी र सहकार्यलाई बढावा दिनुपर्दछ।
- फोहोरको प्रकृति र परिमाणअनुसार सेवा शुल्क तय गरी फोहोर गर्नेले नै तिर्नुपर्ने सिद्धान्तलाई कानुनी प्रावधान बनाई प्राथमिकताका साथ लागु गर्नुपर्दछ।
- विश्वमा अभ्यास भैरहेका फोहोर व्यवस्थापनका नवीनतम प्रविधिहरु जस्तैः फोहोरबाट उर्जा उत्पादन, पुनःप्रयोग र पुनःचक्रण अवलम्बन गर्न प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ।
- फोहोर व्यवस्थापनको क्षेत्रमा अन्तर सह लगानी, साझेदारी, सहकार्य र सहभागितालाई अभिवृद्धि गर्नुपर्दछ।
- फोहोर व्यवस्थापनसँग सम्बद्ध सरोकारवालाहरुसँगको आपसी सल्लाह र सहभागितामा स्थानीय निकायले पूर्वाधार निर्माण गर्न सहयोग गर्ने र निजी संस्थाहरुले लगानी गरी दीर्घकालीन रुपमा फोहोर व्यवस्थापन गर्नुपर्दछ।

# खण्ड (घ)
# सूचना प्रविधि लेखापरीक्षण
# वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली
## परिच्छेद -१
## परिचय

१. **पृष्ठभूमि** - नेपालमा प्रत्येक वर्ष करिब ८ लाख थप जनशक्ति श्रम बजारमा प्रवेश गर्दछन् । आर्थिक सर्वेक्षण, २०८१ अनुसार २०८० फागुनसम्म वैदेशिक रोजगारीमा जान श्रम स्वकृति लिने नेपाली कामदारको संख्या ५९ लाख ६९ हजार पुगेको उल्लेख छ। वैदेशिक रोजगार सम्बद्ध सेवाप्रवाहलाई आधुनिक सूचना प्रविधिको माध्यमबाट व्यवस्थित बनाउने उद्देश्यले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली सञ्चालन कार्यविधि, २०७६ जारी भएको छ। अनलाइन पद्धति मार्फत वैदेशिक रोजगार सम्बन्धी सेवा प्रदान गर्न कम्प्यूटरमा आधारित वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फरेन इम्पोलोईमेन्ट इन्फरमेशन मेनेजमेन्ट सिस्टम, फेमिस) सञ्चालनमा रहेको छ। वैदेशिक रोजगार विभागबाट सञ्चालित यस प्रणालीमा वैदेशिक रोजगारमा संलग्न सरकारी निकायहरुबाट प्रदान गरिने सेवा सुबिधा विद्युतीय प्रणाली मार्फत एउटै साझा प्लेटफार्मबाट पाउन सक्ने व्यवस्था रहेको छ। वैदेशिक रोजगारको लागि आवश्यक पर्ने कागजात तथा जानकारीहरु विद्युतीय माध्यमबाट व्यवस्थित गरी सरोकारवाला संस्थाहरुलाई यस प्रणालीसँग आवद्ध गर्न सञ्चालित यस प्रणालीको सुधारका क्षेत्रहरु पहिचान गर्न यस प्रणालीको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ।

२. **नीतिगत तथा कानुनी तथा संस्थागत व्यवस्था-** वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली सम्बन्धमा भएका नीतिगत तथा कानुनी व्यवस्थाहरु देहाय बमोजिम रहेका छन्:

- सूचना तथा सञ्चार प्रविधि नीति, २०७२
- डाटा सेन्टर तथा क्लाउड सेवा (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१)
- विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३
- वैदेशिक रोजगार नीति, २०६८
- राष्ट्रिय साइबर सुरक्षा नीति, २०८०
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) दिग्दर्शन, २०८२
- राष्ट्रिय रोजगार नीति, २०७१
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
- वैदेशिक रोजगार (पाँचौं संशोधन) नियमावली, २०६४
- वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८
- योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५

२.१. **वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा आवद्ध भई सेवा प्रवाह गर्ने निकाय एवं संस्थाहरु निम्नअनुसार छन्:**

| क्र.सं. | कार्यालय तथा निकायहरू | पहुँचको विधि |
|---|---|---|
| १. | वैदेशिक रोजगार विभाग | पूर्ण पहुँच |
| २. | राहदानी विभाग | एपीआई |
| ३. | कन्सुलर सेवा विभाग | एपीआई + युजर आईडी |

| | | |
|---|---|---|
| ४. | अध्यागमन विभाग | एपीआई+युजर आईडी |
| ५. | वैदेशिक रोजगार प्रर्वधन वोर्ड | एपीआई |
| ६. | वैदेशिक रोजगार कार्यालय | युजर आईडी |
| ७. | श्रम तथा रोजगार कार्यालयहरु | युजर आईडी |
| ८. | नेपाली दूतावास मिसन तथा श्रम सहचारीहरु | युजर आईडी |
| ९. | म्यानपावर कम्पनीहरु | युजर आईडी |
| १०. | स्वास्थ्य संस्थाहरु | युजर आईडी |
| ११. | अभिमुखीकरण केन्द्रहरु | युजर आईडी |
| १२. | बिमा कम्पनीहरु, | एपीआई+युजर आईडी |
| १३. | सामाजिक सुरक्षा कोष, | एपीआई |
| १४. | पेमेन्ट गेटवे, | एपीआई |
| १५. | श्रमिकहरु | युजर आईडी |
| १६. | वाणिज्य वैङ्कहरु | युजर आईडी |

२.२. **वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली सञ्चालन कार्यविधि, २०७६-** वैदेशिक रोजगार सम्वद्ध सेवा प्रवाहलाई आधुनिक सूचना प्रविधिको माध्यमबाट व्यवस्थित वनाउन वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२ (क) को उपनियम २ बमोजिम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यो कार्यविधि वनाई विभिन्न निकाय तथा पदाधिकारीको भूमिका निर्धारण गरेको छ। यसमा सूचना प्रणाली व्यवस्थापन, मुख्य प्रणाली व्यवस्थापक, प्रणाली व्यवस्थापक, प्रणाली सञ्चालनकर्ता, साधारण प्रयोगकर्ता, डिजिटल डाटाको पूर्णता तथा शुद्धता, जाँच टोकन तथा सङ्केत कोड व्यवस्थापन, अनलाइन मार्फत सेवा प्रदान गर्ने सेवा केन्द्र तथा सरोकारवाला निकायहरु सम्बन्धी व्यवस्था गरिएको छ।

२.२.१. **प्रणालीको उद्देश्य-** वैदेशिक रोजगार व्यवस्थित गर्न लागु भएको यस प्रणालीका उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- वैदेशिक रोजगारीका हरेक काम कारबाही सूचनामैत्री वनाउने,
- विद्युतीय अभिलेख सुरक्षित गर्ने र पारदर्शिता कायम गराउने,
- सेवा प्रवाहलाई प्रभावकारी बनाउने,
- कागजी कार्यलाई न्यूनीकरण गर्ने,
- कर्मचारीहरुसँग प्रत्यक्ष सम्पर्क बेगर सेवा प्रदान गर्ने,
- विभाग तथा कार्यालयहरुको कार्यकुशलता बढाउने,
- सरल रुपमा सूचनाको आदान प्रदान गर्ने र सरोकारवालाले विद्युतीय पहुँच प्रदान हुने,
- विभिन्न निकायहरुबिच समन्वय कायम गर्ने,
- विश्लेषणात्मक क्षमताको अभिवृद्धि गर्ने
- विद्युतीय भुक्तानी प्रवर्धन गर्ने

२.२.२. **स्वीकृत दरबन्दी र पदपुर्ति विवरण -** यस प्रणाली विभिन्न १६ निकायहरु तथा वैदेशिक रोजगारमा जान चाहने नेपाली नागरिकसँग सम्बन्धित छ। प्रणालीको सञ्चालन वैदेशिक रोजगार विभागबाट हुँदै आएको छ। विभागमा देहाय बमोजिमको सङ्गठन चार्ट र जनशक्ति रहेको देखिन्छ।

| क्र.सं. | दरबन्दी | संख्या |
|---|---|---|
| १ | महानिर्देशक रा.प.प्र. प्रशासन, सामान्य प्रशासन | १ |
| २ | निर्देशक रा.प.द्वितीय प्रशासन, सामान्य प्रशासन | ३ |

| | | |
|---|---|---|
| ३ | निर्देशक रा.प.द्वि. प्रविधिक, विविध सेवा | १ |
| ४ | निर्देशक रा.प.द्विती न्याय, स.व. | १ |
| ५ | शाखा अधिकृत रा.प.तृ. प्रशासन सेवा (सामान्य प्रशासन) | ९ |
| ६ | लेखा अधिकृत रा.प.तृ. प्रशासन सेवा लेखा | १ |
| ७ | कम्प्युटर इन्जिनियर रा. प. तृतीय विविध सेवा | २ |
| ८ | कम्प्युटर अधिकृत रा. प. तृतीय विविध सेवा | १ |
| ९ | कानुन अधिकृत रा. प. तृतीय न्याय सेवा (सरकारी वकिल) | ४ |
| १० | कानुन अधिकृत रा. प. तीय न्याय सेवा (कानुन) | १ |
| ११ | नासु रा.प.अनं. प्रथम प्रशासन सेवा (सामान्य प्रशासन) | १२ |
| १२ | नासु रा.प.अनं.प्रथम प्रशासन सेवा (लेखा) | २ |
| १३ | क.अ. रा.प.अनं. प्रथम (विविध सेवा) | १३ |
| १४ | नासु रा.प.अनं. प्रथम न्याय सेवा (सरकारी वकिल) | ३ |
| १५ | नासु रा.प.अनं. प्रथम न्याय सेवा कानुन | १ |
| १६ | खरिदार रा.प.अनं. द्वितीय प्रशासन सेवा सामान्य प्रशासन | १ |
| १७ | हलुका सवारी चालक | ७ |
| १८ | कार्यालय सहयोगी | १० |
| | **जम्मा** | ७३ |

निर्देशक (विविध)-१ कम्प्युटर इन्जिनियर-१ कम्प्युटर अधिकृत (विविध)-१ रिक्त रहेका छन्। विभागको कार्यबोझ बढ्दै गएको अवस्थामा कार्यबोझ अनुरुप कर्मचारी व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

३. **लेखापरीक्षणको औचित्यता-** वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको दर्ता, नविकरण, अनुमति प्रदान लगायतका कार्यहरु वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणाली मार्फत हुने गरेको छ। यो प्रणाली सन् २०१६देखि सञ्चालनमा आएको देखिन्छ। कार्य सम्पादनको अवस्था, सूचनाको विश्वसनीयता, एप्लिकेशन प्रणालीको उपयुक्तता तथा सुरक्षा व्यवस्था, जनशक्ति व्यवस्थापन, प्रणालीको प्रभावकारिता, सूचनाको निष्पक्षता र सेवाप्रवाहमा प्रभावकारिता लगायतका विषयमा अध्ययन मूल्याङ्कन गरी सुझाव प्रस्तुत गर्ने उद्देश्यले यस प्रणालीको सूचना प्रविधि लेखापरीक्षण गरिएको हो।

# परिच्छेद - २
# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

४. **लेखापरीक्षणको उद्देश्य**- वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली र यस प्रणालीसँग आवद्धता गरिएका निकायबाट प्रयोग भएको सूचना प्रविधि पूर्वाधार, सफ्टवेयरको उपयुक्तता, पर्याप्तता, सुरक्षा जोखिम, नियन्त्रण व्यवस्था, सूचना तथा तथ्याङ्कको विश्वसनीयता लगायतका समग्र पक्षको विस्तृत परीक्षण एवं मूल्याङ्कन गरी सम्भावित जोखिम पहिचान गर्ने र सोको न्यूनीकरणका लागि आवश्यक उपायहरु सुझाउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ।

५. **लेखापरीक्षणको क्षेत्र** - लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि वैदेशिक रोजगार विभाग तथा सरोकारवाला निकायहरुमा कार्यान्वयनमा ल्याइएको यस प्रणालीको अध्ययनको लागि देहायका क्षेत्र निर्धारण गरिएको छ।

- सञ्चालन भएको प्रणालीबाट लागत, समय न्यूनीकरण र सेवाप्रवाहमा सहजीकरण,
- एप्लिकेशन प्रणालीको उपयुक्तता,
- प्रविधिको प्रयोग,
- सूचना प्रविधि पूर्वाधार,
- जनशक्ति व्यवस्थापन,
- सूचना प्रणालीको गोपनियता,
- सफ्टवेयरको प्रभावकारिता,
- उपयोग प्रणालीको दक्षता

लेखापरीक्षणको क्रममा वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार कार्यालय, श्रम तथा रोजगार कार्यालय र कन्सुलर विभागको प्रतिनिधि समेतको उपस्थितिमा परराष्ट्र मन्त्रालय लगायतका निकायका जिम्मेवार पदाधिकारीहरु तथा कर्मचारीहरुसँग भएका छलफल तथा अन्तरक्रिया गरिएको छ । प्रणालीको पूर्वाधार रहेको एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र) समेतको स्थलगत भ्रमण गरी प्रणाली विकास भएदेखि लेखापरीक्षण अवधि सम्मका सूचना र तथ्याङ्कहरु समेटिएको छ।

६. **लेखापरीक्षण पद्धति**- सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय सङ्गठन (ईन्टोसाई) ले जारी गरेको मानदण्ड एवं निर्देशिका र महालेखापरीक्षकको कार्यालयले जारी गरेको सरकारी लेखापरीक्षण मानदण्ड र सम्बन्धित लेखापरीक्षण मार्गदर्शनमा उल्लिखित विधि र पद्धति अनुरुप सूचना प्रविधि लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ५(१) मा छनौटको आधारमा लेखापरीक्षण गर्न सक्ने व्यवस्था बमोजिम कार्यालयबाट जारी सूचना प्रविधि लेखापरीक्षण निर्देशिका (Information System Audit Directives, 2023) अनुसार सूचना प्रविधि लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गर्दा विषयसँग सम्बन्धित रहेर नतिजामूलक तथा प्रकृयामूलक पद्धति अवलम्बन गरिएको छ। तथ्याङ्क सङ्कलन, विश्लेषण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण फारम, एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र) को स्थलगत अनुगमन र अन्तरसम्बन्धित निकायसँगको छलफल समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ। सम्बन्धित सफ्टवेयर र प्रणाली परीक्षण गर्ने, व्यवस्थापनसँग छलफल, प्रश्नावली तथा अन्तर्वार्ता, सरोकारवालासँग छलफल जस्ता क्रियाकलापबाट आवश्यक सूचना, विवरण तथा जानकारी प्राप्त गरिएको छ। प्राप्त तथ्याङ्क तथा सूचना प्रणालीको प्रमुख कार्य सम्पादन सूचकहरुको सेरोफेरोमा

कार्य सम्पादनमा देखिएका समस्या तथा चुनौतीको विश्लेषण एवं मूल्यांकन गरी सोही आधारमा सुधारका क्षेत्रहरु पहिल्याउँदै, सुधारका क्षेत्र सम्बन्धमा सुझावहरु प्रस्तुत गरिएको छ।

वैदेशिक रोजगार विभाग र सरोकारवाला निकायका १६ वटा निकायहरुमा प्रणाली लागु भएको छ। लेखापरीक्षणबाट परीक्षणबाट देखिएका प्रमुख बेहोरा उपर व्यवस्थापनसँग मिति २०८१।१२।१७ मा बहिर्गमन बैठक सम्पन्न भएको छ।

७. **लेखापरीक्षणका सीमाहरु -** लेखापरीक्षणका अन्तर्निहित जोखिम, नमुना छनौट, कारोबार र प्रणालीको जटिलता, समयको कमी, समयमै सूचना प्राप्त नहुने लगायतका विषयहरु लेखापरीक्षणका सीमाका रुपमा रहेका छन्। सूचना प्रविधि व्यवस्थापनका कतिपय विषयहरुमा स्पष्ट नीतिगत र कानुनी व्यवस्थाको अभाव रहेकोले, अन्तर्राष्ट्रिय असल अभ्यास समेतलाई आधार लिई सुझावहरु प्रदान गरिएको छ।

# परिच्छेद- ३
# लेखापरीक्षणबाट देखिएका बेहोराहरु

**सकारात्मक पक्षहरु** -वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली मार्फत अनलाइन सेवा लिन सकिने, कामदारहरुको बायोमेट्रिक विवरणको अभिलेख रहने, श्रम स्वकृतिको हरेक चरणको विद्युतीय अभिलेख रहने, गुनासा र उजुरीहरुको विद्युतीय अभिलेख व्यवस्थापन हुने, विमानस्थलमा श्रम स्टिकर र बायोमेट्रिक विवरण रुजु गर्न सक्ने, सरोकारवालाहरुको अनुगमन कार्यमा सहजीकरण हुने लगायतका सकारात्मक पक्षहरु यस प्रणालीको सञ्चालनबाट देखिएको छ। जसका कारण उल्लेखित पक्षहरुमा कम लागत र समयमानै कार्य सम्पादन भएको अवस्था छ।

८. **वैदेशिक रोजगारीको तथ्याङ्कको विश्लेषण** - विभागको प्रणालीबाट प्राप्त तथ्याङ्कअनुसार २०७६।०७७देखि २०८०।०८१सम्म ५ आर्थिक वर्षको वैदेशिक रोजगारीमा जानेको सङ्ख्या यस प्रकार रहेको छ।

**तालिका नं. १**

| आर्थिक वर्ष | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| २०७६।०७७ | ३४०००० | २८४३३ | ३६८४३३ |
| २०७७।०७८ | १५५२४२ | ११४५६ | १६६६९८ |
| २०७८।०७९ | ५८०९६२ | ४९१२८ | ६३००९० |
| २०७९।८० | ६९९१९३ | ७२१३४ | ७७१३२७ |
| २०८०।८१ | ६६११२५ | ८०१७२ | ७४१२९७ |
| **कुलजम्मा** | **२४३६५२२** | **२४१३२३** | **२६७७८४५** |

*स्रोत: वैदेशिक रोजगार विभाग*

माथिको तालिकाअनुसार विगत ५ वर्षमा कुल २६ लाख ७७ हजार ८ सय ४५ जनाले वैदेशिक रोजगारीमा जानको लागि प्रथम पटक र पुन स्वीकृति समेत गरी श्रम स्वीकृति लिएको लिएको देखिन्छ। जसमध्ये ९१ प्रतिशत पुरुष र ९ प्रतिशत महिला रहेका छन्।

**तालिका नं. २**

| पछिल्लो पाच वर्षमा पहिलो पटक वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको विवरण | | | | |
|---|---|---|---|---|
| माध्यम | पुरुष | महिला | जम्मा | प्रतिशत |
| व्यक्तिगत तवरमा | १६१२६१ | ४४६८४ | २०५९४५ | १३.१५ |
| व्यवसायीमार्फत | ११८१५७८ | १२१३३६ | १३०२९१४ | ८३.२१ |
| सरकारमार्फत | ५१३८६ | ५४८३ | ५६८६९ | ३.६३ |
| जम्मा | १३९४२२५ | १७१५०३ | १५६५७२८ | १०० |
| **प्रतिशत** | **८९.०५** | **१०.९५** | | |

*स्रोत: वैदेशिक रोजगार विभाग*

उक्त अवधिमा पहिलोपटक श्रम स्वीकृत लिई वैदेशिक रोजगारीमा जाने श्रमिकले व्यक्तिगत तवरबाट वैदेशिक रोजगार व्यावसायी मार्फत र सरकार सरकार विचको सम्झौताको आधारमा १५ लाख ६५ हजार ७ सय २८ ले श्रम स्वीकृति लिएको छ। जसमा महिलाको संख्या १०.९५ प्रतिशत र पुरूषको संख्या ८९.०५ प्रतिशत रहेको छ। वैदेशिक रोजगारीमा जानको लागि व्यक्तिगत तहबाट श्रम स्वीकृति लिने १३.१५ प्रतिशत रहेको देखिन्छ। वैदेशिक रोजगार व्यावसायी मार्फत श्रम स्वीकृति लिने ८३.२१

प्रतिशत रहेको छन्। यसै अवधिमा सरकार सरकारबिच श्रम सम्झौता भई वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने ३.६३ प्रतिशत रहेको छन्। विभागले सञ्चालनमा ल्याएको सूचना प्रविधि प्रणालीको नागरिक शिक्षा कमी भएको देखिन्छ। अझै पनि करिब ८३ प्रतिशत श्रमिक वैदेशिक रोजगार व्यावसायीको भर पर्नु परेको देखिन्छ।

**तालिका नं. ३**

| पछिल्लो ५ वर्षमा पहिलो पटक गएका र पुन गएका व्यक्तिको विवरण | | | |
|---|---|---|---|
| विवरण | पुरुष | महिला | जम्मा |
| पहिलोपटक श्रम स्वीकृति लिने | १३९४२२५ | १७१५०३ | १५६५७२८ |
| पुन श्रम स्वीकृति लिने | १०४२२९७ | ६९८२० | १११२११७ |
| **जम्मा** | **२४३६५२२** | **२४१३२३** | **२६७७८४५** |

*स्रोत: वैदेशिक रोजगार विभाग*

उल्लिखित विवरण अनुसार सो अवधिमा कुल श्रम स्वीकृति लिने २६ लाख ७७ हजार ८ सय ४५ मध्ये पहिलो पटक वैदेशिक रोजगारीमा जानको लागि श्रम स्वीकृति लिनेको संख्या १५ लाख ६५ हजार ७ सय २८ अर्थात ५८ प्रतिशत रहेको छ भने पुन श्रम स्वीकृति लिनेको संख्या ११ लाख १२ हजार १ सय १७ अर्थात ४२ प्रतिशत रहेको छ। यसरी पुन श्रम स्वीकृति लिनेलाई युनिक गणना गर्न राष्ट्रिय परिचय पत्रसँग आबद्ध गरी वास्तविक रुपमा श्रम स्वीकृति प्राप्त गर्नेको विववरण अद्यावधिक गर्नु पर्दछ।

९. **नीति तथा रणनीति -** एप्लिकेशन सफ्टवेयर विकास र प्रयोग गर्दा उक्त प्रणाली व्यवस्थापन सम्बन्धी सम्पूर्ण प्रकृयालाई मार्गदर्शन गर्ने गरी स्पष्ट नीति सहितको सूचना व्यवस्थापन नीति तर्जुमा गरी लागु गर्नुपर्नेमा विभागले उक्त नीति तर्जुमा गरी लागु गरेको देखिएन। निर्धारित उद्देश्य सूचना प्रविधिको माध्यमबाट पूरा गर्नका लागि आवश्यक पर्ने हार्डवेयर,सफ्टवेयर,नेटवर्क लगायतका सूचना प्रविधि पूर्वाधार प्रबन्ध गर्न, सूचना प्रविधिमा आउन सक्ने सम्भाव्य जोखिमको पूर्वानुमान गरी न्यूनीकरण गर्न र सूचना प्रविधिलाई समसामयिक रुपमा स्तरोन्नति र विकास गर्न प्रणाली विकास रणनीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा विभागले त्यस्तो रणनीति तयार गरेको थिएन। वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी सञ्चालनको लागि नीति एवं रणनीति तर्जुमा गरी सो अनुरुप कार्यान्वयन गरिनुपर्दछ।

१०. **प्रणालीमा पहुँच व्यवस्थापन -** प्रणालीबाट उपलब्ध हुने वैदेशिक रोजगारसम्बन्धी सेवा प्रदान गर्न प्रत्यक्ष रुपमा संलग्न आन्तरिक र बाह्य प्रयोगकर्ताले प्रणाली मार्फत कार्य गर्नुपर्ने व्यवस्था गरिए पनि विभागद्वारा प्रणालीको मेन सिस्टम एडमिनिस्ट्रेटर, लोकल सिस्टम एडमिनिस्ट्रेटर, सहायक सिस्टम एडमिनिस्ट्रेटर आदि प्रयोगकर्ताको पहुँच र दायित्व व्यवस्थापन सम्बन्धमा स्पष्ट नीति तर्जुमा गरी लागु गरेको पाइएन। कर्मचारीले प्रणालीमा प्राप्त गर्ने पहुँचको प्रकृति अनुसार कार्य विभाजन र कार्य विवरण तयार गरी जिम्मेवारी तोक्ने गरेको पाइएन। संस्थागत प्रयोगकर्ताको हकमा सूचना प्रविधिसम्बन्धी कर्मचारी नियुक्ति गर्दा नै कार्य विवरण र विषय विज्ञता स्थापित गर्नुपर्नेमा नगरी कार्य गराउने गरेको देखिन्छ। यसबाट प्रणालीको गुणस्तर र सुरक्षामा असर पर्ने जोखिम रहन्छ। तसर्थ मेन सिस्टम एडमिनिस्ट्रेटर, लोकल सिस्टम एडमिनिस्ट्रेटर, डाटाबेश एडमिनिस्ट्रेटर, साइबर सेक्युरीटी एक्सपर्ट लगायतका विज्ञता सहितको कार्यविभाजन र कार्यविवरण तयार गरी पहुँच व्यवस्थापन गर्नुपर्दछ।

**११. जनशक्ति व्यवस्थापन-** कार्यालयको व्यावसायिक आवश्यकता पूर्तिका लागि वर्तमान र भविष्यका आवश्यकतालाई सम्बोधन गर्न उत्तराधिकार योजना सहितको जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। प्रणाली सञ्चालनको लागि विभागले एप्लिकेशनको वार्षिक मर्मत तथा सुधार गर्न, हार्डवेयर तथा नेटवर्कको लागि आउटसोर्स गरी कार्य सम्पादन गरी रहेको छ। विभागमा रहेको दरबन्दी संरचना अनुसारको जनशक्ति आपूर्ति भएको पाइएन। सूचना प्रविधि निर्देशक र कम्प्यूटर इन्जिनियरको पद रिक्त रहेको छ। सूचना प्रविधिमा दक्षता हासिल गरेका जनशक्ति अन्यत्र सरुवा भई गएमा वा अवकाश भएमा निजको कार्यभार सम्हाल्ने गरी उत्तराधिकार योजना तयार गर्ने तथा कार्यालयबाट अन्यत्र सरुवा भई जाने अनुपात कम गरी कार्यालयमा दक्ष जनशक्ति टिकाई राख्न (रिटेन्सन योजना) समेत तयार गरेको पाइएन। प्रणालीको सम्पूर्ण सप्टवेयर तथा हार्डवेयर सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी पूर्ण रुपमा तेस्रो पक्षलाई दिँदा तेस्रो पक्ष माथिको परनिर्भरताले अपनत्व कम हुने जोखिम रहन्छ। विभागमा रहेका जनशक्तिलाई आवश्यक सीप र प्रविधि हस्तान्तरण गराई आफ्नै दक्ष जनशक्ति मार्फत प्रणाली व्यवस्थापन हुने गरी जनशक्ति व्यवस्थापन गरिनुपर्दछ।

**१२. प्राविधिक जनशक्तिको क्षमता विकास-** विभाग र सरोकारवाला निकायमा कार्यरत कर्मचारीहरुको दक्षता/क्षमता अभिवृद्धिमा वार्षिक स्वीकृत कार्यक्रम अनुसार विभागले तालिम सञ्चालन गर्नुपर्दछ। प्रणालीको निरन्तर सञ्चालन र व्यवस्थापनको लागि साइवर सेक्युरीटी, डाटा प्रोटेक्शन तथा डाटावेश, नेटवर्क लगायतको विषयमा तालिम सञ्चालन गरी महत्वपूर्ण सूचनाको पहुँच आफ्नै कर्मचारीमा हुने गरी व्यवस्थापन गर्न प्राविधिक जनशक्तिको विकास गर्नु पर्दछ। प्रणालीमा प्रत्यक्ष रुपमा संलग्न कर्मचारी तथा समय समयमा प्रणाली सञ्चालनको जानकारी दिने उद्देश्यले सरोकारवाला शिक्षाको समेत व्यवस्था वार्षिक कार्यक्रममा हुनु पर्दछ। प्रणाली सञ्चालन गर्ने निकायहरुमा कर्मचारी परिवर्तन भईरहने र संस्थागत संस्मरण तथा दक्ष जनशक्ति समेत नरहेको विभागको भनाइ रहेको छ। अत- जनशक्ति विकास योजना तर्जुमा गरी योजनाबद्ध रुपमा कर्मचारीको क्षमता विकास गरिनुपर्दछ।

**१३. डिजिटल डाटाको पूर्णता र शुद्धता जाँच -** वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली सञ्चालन कार्यविधि, २०७६ को बुदा नं १४ मा डिजिटल डाटाको पूर्णता र शुद्धता जाँच गर्न विभाग र सम्बन्धित कार्यालयमा कार्यालय प्रमुखको नेतृत्वमा पूर्णता र शुद्धता जाँच समितिको व्यवस्था गरिएको छ। विभाग र कार्यालयहरुमा डाटाको प्रविष्टि र अद्यावधिक कार्यको नियमित अनुगमनको जिम्मेवारी रहेको समितिको गठन र नियमित कार्यसम्पादन भएको पाइएन। डाटाको प्रविष्टि तथा अद्यावधिक गर्ने कार्यमा स्पष्ट नभएका विषयहरुमा निर्देशन वा सुझाव दिन र डिजिटल तथ्याङ्कलाई विश्वासिलो र भरपर्दो बनाउन समितिले सक्रिय रुपमा कार्य गर्नुपर्दछ। साथै निर्देशिकाको व्यवस्था बमोजिम पूर्णता र शुद्धता जाँचको नियमित अनुगमन र प्रतिवेदन गर्नुपर्दछ।

**१४. जोखिम मूल्याङ्कन र व्यवस्थापन –** कार्य वातावरणमा पर्ने सम्भावित जोखिमको आकलन गरी सोको न्यूनीकरण र व्यवस्थापनका लागि उपयुक्त नीति, संरचना र स्रोत व्यवस्था गर्नुपर्दछ। यस अन्तर्गत संगठनात्मक सुरक्षा, भौतिक तथा वातावरणीय सुरक्षा, सफ्टेवयर सुरक्षा, प्रयोगकर्ता सुरक्षा र डाटाबेस सुरक्षा लगायत पर्दछन्। यस सम्बन्धमा देखिएका ब्यहोराहरु देहायबमोजिम छन्-

**१४.१. सङ्गठनात्मक सुरक्षा** - विभागले कार्यवातावरणमा आउन सक्ने सम्भावित संगठनात्मक जोखिमको पूर्वानुमान गरी नियन्त्रण वातावरण निर्माण गर्नुपर्दछ। विभागले प्रणालीको सुरक्षा जोखिम न्यूनीकरण र नियन्त्रणको स्पष्ट रणनीति तर्जुमा नगरेको, निर्देशक समिति गठन भए तापनि समितिले नियमित बैठक,

जोखिम व्यवस्थापन, प्रणालीको समसामयिक सुधार नगरेको, डिजिटल तथ्याङ्कको वर्गीकरण र नियमित शुद्धता जाँच गरेको पाइएन। सूचना प्रविधि सूरक्षाका लागि स्पष्ट जिम्मेवारी तोकी सम्बन्धित कर्मचारीलाई कार्यविवरण नदिएको, तेस्रो पक्षको पहुँच र प्रयोगको सम्बन्धमा नियमित अनुगमन मूल्याङ्कन हुने नगरेको लगायतका अवस्था देखियो। यसबाट संगठनात्मक सुरक्षा जोखिम सृजना गर्न सक्ने भएकाले यस तर्फ विभागले सुधार गर्नुपर्ने देखिन्छ।

१४.२. **हार्डवेयर सुरक्षा** - सूचना प्रविधिमा आएको परिवर्तन, प्रयोगकर्ताको संख्या, अन्तरसम्बन्धित निकायको संख्यामा भएको वृद्धि समेतलाई ध्यानमा राखी हार्डवेयर स्तरोन्नति गर्ने सम्बन्धमा कार्यालयको स्पष्ट नीति, कार्ययोजना र आवश्यक स्रोत व्यवस्थापन, नियमित मर्मत सम्भारको व्यवस्था, हार्डवेयर परिवर्तन गरेको सम्बन्धमा स्पष्ट अभिलेखीकरण गर्ने, हार्डवेयरको रिटायरमेन्ट योजना तर्जुमा गरी कार्यान्वयन गर्ने अभ्यास रहि आएको छ। विभागले सन् २०१६ मा प्रणाली सञ्चालनका लागि खरिद गरिएका हार्डवेयरको रिटायरमेन्ट योजना समेत तयार गरेको देखिएन। साथै, टेक्नोलोजी र डाटाबेसलाई विस्तारित सेवा अनुसार सञ्चालन गर्नका लागि स्तरोन्नति समेत गरिएको छैन। एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र) मा रहेको यस विभागको हार्डवेयर तथा उपकरण अहिलेको आवश्यकता अनुसार अपुग भएको, वारेन्टी अवधि सकिएको, सर्भर र नेटवर्क उपकरणको सञ्चालन अवधि सम्पन्न भइसकेको देखिन्छ। यसले प्रणाली निरन्तरताको जोखिम सिर्जना गर्दछ। तसर्थ कार्यालयले सर्भर, नेटवर्क तथा हार्डवेयर पूर्वाधारको आवश्यकता अनुसार प्रतिस्थापन योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

१४.३. **तथ्याङ्कीय सुरक्षा** - प्रणालीमा अन्तरआवद्ध भएका अन्य प्रणालीमा समेत सेवाग्राहीको तथ्याङ्क र सूचनाहरु जाने र त्यस्ता तथ्याङ्क र सूचनाहरु अन्य कार्यालयलाई आवश्यक हुने भएकाले, यस प्रणालीमा प्रविष्ट भएका सूचना तथा तथ्याङ्कहरु पूर्ण रुपमा शुद्ध तथा वैधानिकताको जाँच भएको हुनुपर्दछ। अन्तरसम्बन्धित निकायसँगको छलफलमा समेत विश्वसनीय सूचना तथा तथ्याङ्क प्रविष्ट नहुँदा सेवा प्रवाहमा असहजता सृजना भएको गुनासो समेत प्राप्त भएकाले, प्रविष्ट गरेको सेवाग्राहीको व्यक्तिगत सूचना सोही सेवाग्राहीकै हो भन्ने यकिन गर्न मोबाइल फोनमा ओटीपी प्रदान गर्ने, साथै तथ्याङ्कीय शुद्धता जाँच समितिले निरन्तर अनुगमन र परीक्षण गर्नुपर्दछ।

१४.४. **वातावरणीय सुरक्षा** - प्रणाली सञ्चालक निकायले आफ्नो प्रणालीमा आउन सक्ने अत्यधिक तापक्रम, आद्रता, पानीजन्य कारणले हुने क्षति (लिकेज), आगलागी भूकम्प लगायतका प्रकोपका कारण हुन सक्ने भौतिक क्षति, विद्युतीय आपूर्तिको गडबडी, धुलो वा अन्य फोहोर लगायतका वातावरणीय जोखिम कारण हुने सञ्चालन अवरोध तथा हार्डवेयर नष्ट हुने तथा तथ्याङ्क हराउने जस्ता सुरक्षा जोखिमहरुको पूर्वानुमान गरी उपयुक्त नियन्त्रण वातावरण सहितको सुरक्षा रणनीति अपनाउने अभ्यास रहेको छ। विभागले त्यस्ता वातावरणीय सुरक्षा जोखिमको पूर्वानुमान गरी नियन्त्रण वातावरण र न्यूनीकरणरणनीति तर्जुमा गरी लागु गरेको पाइएन। विभागले सूचना प्रविधि प्रणालीहरु एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र) बाट सञ्चालन गरेको भए तापनि अन्य उपकरणहरुको हकमा सो अनुसारको सुरक्षा प्रबन्ध गरेको पाइएन। अतः वातावरणीय जोखिमको पूर्वानुमान गरी उपयुक्त सुरक्षा रणनीति, योजना तर्जुमा र प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

**१४.५. सफ्टवेयर सुरक्षा** - सफ्टवेयरको सुरक्षा प्रबन्धका लागि सम्भावित सुरक्षा जोखिम विश्लेषण गरी नियमित रुपमा डाटा ब्याकअप, इन्फरमेशन सेक्युरिटी अडिट गरी आवश्यक सुधार गर्दै लैजाने अभ्यास रहि आएको छ। विभागसँग सुरक्षा जोखिम व्यवस्थापनको पूर्वानुमान र सो सम्बन्धी स्पष्ट नीति नभएको तथा नियमित रुपमा त्यस्तो अडिट समेत गरेको छैन। आपत्कालीन अवस्थाको लागि डाटाको सुरक्षाको विकल्प प्रकोप पुनःस्थापना पूर्वाधार तयार गरिए तापनि हाल पूर्ण रुपमा सञ्चालनमा भएको पाइएन। विभागले सफ्टवेयरको समसामयिक विकास नगर्दा सपोर्ट सर्भिस समेत प्राप्त भएको छैन। साथै एसक्युएल सर्भर, २०१८ को सपोर्ट सर्भिस जुलाई २०२४ मा सकिएको अवस्था छ। यसबाट सफ्टवेयरको कार्यसम्पादन र सुरक्षा दुवैमा असर पर्ने देखिएकोले विभागले सम्भावित सुरक्षा जोखिम विश्लेषण गरी त्यस्ता समस्या समाधान गर्नुपर्दछ।

**१४.६. प्रयोगकर्ता सुरक्षा** - प्रणालीमा संलग्न प्रयोगकर्ताको कारणबाट हुन सक्ने सुरक्षा जोखिम विश्लेषण गरी कार्यालयले प्रयोगकर्ताले प्रणालीमा प्राप्त गर्ने पहुँचको आधारमा उपयुक्त सुरक्षा नीति तयार गरी सो अनुसार कार्यान्वयन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्-

**१४.६.१.प्रयोगकर्ता निर्देशिका** - कार्यालयले प्रणालीमा संलग्न सबै निकायगत प्रयोगकर्ता र व्यक्तिगत प्रयोगकर्ताको लागि आम नागरिकले बुझ्न सक्नेगरी प्रणाली सञ्चालनको निर्देशिका तयार गरी प्रयोगकर्ता सहजताका लागि त्यस्तो निर्देशिका प्रकाशन गर्नुपर्दछ। विभागले उक्त निर्देशिका म्यानुअल तयार गरेको भए तापनि आम प्रयोगकर्ताले बुझ्ने गरी निकायगत र व्यक्तिगत प्रयोगकर्ताको लागि छुट्टाछुट्टै निर्देशिका तयार गरेको छैन। यसले प्रयोगकर्ताले प्रणालीको प्रयोग गर्न नसकी सेवाप्रवाह प्रभावकारी हुन नसक्ने जोखिम रहन्छ। अतःकार्यालयले सबै निकायगत र व्यक्तिगत प्रयोगकर्ताको आवश्यकता अनुसार सहजै बुझ्ने गरी निर्देशिका तयार गर्नुका साथै प्रणाली भित्रै सहजै प्रयोग गर्न सकिने गरी थप गर्ने उपाय अपनाई प्रयोगकर्तालाई सहजै प्रणाली प्रयोग गर्न सक्ने बनाउनुपर्दछ।

**१४.६.२.पासवर्ड व्यवस्थापन** - प्रणाली प्रशासक (सिस्टम एडमिनिस्ट्रेटर) र सामान्य प्रयोगकर्ताको लागि पासवर्ड नीति तयार गरी लागु गर्ने साथै प्रयोगकर्ताहरुलाई सुरक्षित पासवर्ड व्यवस्थापनका लागि जानकारी गराउनुपर्दछ। सफ्टवेयर, सर्भर र डाटामा सर्वाधिक पहुँच (सिस्टम एडमिनिस्ट्रेटर एक्सेस) प्राप्त गर्न टोकन वा स्मार्ट कार्ड जस्ता मल्टिफ्याक्टर अथेन्टिकेशन (एम एफ ए) को प्रयोग गर्नुपर्नेमा तर विभागले पासवर्ड व्यवस्थापनका लागि स्पष्ट नीति लिएको पाइएन। सेवाग्राहीले मेनपावर व्यवसायी वा अन्य एजेन्सीलाई पासवर्ड दिने गरेको तर त्यस्ता केही सेवाग्राहीले खाता प्रयोग नगरेको अवस्था छ। पासवर्ड व्यवस्थापनका लागि एमएफएको व्यवस्था भएको पाइएन। सुरक्षित पासवर्ड अभ्यासको अभावले अनधिकृत पहुँच बढाउने जोखिम रहन सक्ने भएकाले सुरक्षित पासवर्ड नीति अबलम्वन गरी सो अनुरुप कार्यसम्पादन गर्नुपर्दछ।

**१४.६.३.लगइन/लग आउट व्यवस्थापन** - सूचना प्रणालीको सुरक्षा व्यवस्थापनलाई थप भरपर्दो बनाउन लगइन/लग आउट प्रकृया निर्धारण गरी प्रयोगकर्ताको जिम्मेवारी र उत्तरदायित्वको सम्बन्धमा जानकारी गराउनुपर्दछ। साथै एउटै एकाउन्ट एकपटकमा एउटा मात्र निश्चित (अथोराइजड डिभाइस) मा प्रयोग गर्न सकिने गरी सुरक्षा व्यवस्था मिलाइनुपर्दछ। कुनै प्रयोगकर्ताले तोकेको भन्दा बढी पटक प्रणालीको पहुँच पाउन असफल भएमा उक्त प्रयोगकर्तालाई स्वत- निस्कृय गराउनुपर्दछ। त्यस्ता प्रयत्नहरुको

अभिलेख प्रणालीमा दर्ता हुने व्यवस्था गरी समय समयमा सो परीक्षण गरीनुपर्दछ। निश्चित समयसम्म (सामान्यतया ५देखि १० मिनेट) प्रणालीमा कुनै कमाण्ड नगएमा वा कीबोर्ड निस्कृय भएमा खाता स्वतः लगआउट हुने व्यवस्था गरिने असल अभ्यासहरु रहे तापनि कार्यालयले लगइन/लगआउट व्यवस्थापनको स्पष्ट प्रकृयागत व्यवस्थापन सहितको सुरक्षा प्रबन्ध गरेको पाइएन। प्रयोगकर्ताले गलत पासवर्ड प्रयोग गरी पटक पटक प्रणालीमा पहुँच गर्न असफल भएमा एकाउण्ट स्वतः निस्कृय हुने व्यवस्था छैन। कीबोर्ड निस्कृय भएमा खाता लगआउट हुने व्यवस्था भए तापनि एउटै पेजमा सेसन आउट भई लगआउट भएको पाइएन। जसले गर्दा प्रणालीमा अनधिकृत पँहुचको जोखिम रहेको देखिन्छ। विभागले लगइन/लगआउट व्यवस्थापनको स्पष्ट नीति र उल्लिखित विशेषता प्रणालीमा अद्यावधिक गरी प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ।

१४.७. **केन्द्रीय अभिलेख र मानकीकरण -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४ मा कुनै पनि सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सूचना प्रविधि विभागमा अभिलेखीकरण तथा मानकीकरण गराउनुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा कार्यालयमा प्रयोग सफ्टवेयर मानकीकरण भएको पाइएन। निर्देशिकाको व्यवस्था बमोजिम उक्त कार्यहरु गर्नुपर्दछ।

१५. **डाटाब्याकअप-** कार्यालयले सम्पुर्ण अभिलेख, सूचना र तथ्याङ्कहरु निरन्तर एवं दैनिक रुपमा सुरक्षित हुने गरी तीन तह (Three cycle/ Generation) को ब्याकअप प्रणाली व्यवस्थापन गर्नुका साथै सबै तथ्याङ्क र अभिलेखहरु निरन्तर परीक्षण गर्नुपर्दछ। कार्यालयले दैनिक २ घण्टाको समय लगाएर ब्याकप गर्ने गरेको भए तापनि तथ्याङ्कको शुद्धताको नियमित जाँच गर्ने गरेको पाइएन, यसले गर्दा ब्याकअप गरिएका तथ्याङ्क सहि नहुन सक्ने जोखिम रहन्छ। अतः शुद्धता जाँच समिति र सूचना प्राविधिक जनशक्तिले तथ्याङ्क र अभिलेखहरु निरन्तर परीक्षण गर्नुपर्दछ।

१६. **सेक्युरिटी लग्स-** कार्यालयले सूचना प्रविधिको प्रयोगमा आइपरेका सबै किसिमका सुरक्षा चुनौती (सेक्यूरिटी थ्रेड्सको) अभिलेख राख्ने र उच्च व्यवस्थापकबाट विश्लेषण गरी समाधान गर्ने व्यवस्था गर्नुपर्दछ। विभागले सेक्युरिटी लग्स राख्ने गरे तापनि निरन्तर अनुगमन गरी सुधार गरेको पाइएन। यसले नेटवर्कमा अनाधिकृत गतिविधि र पहुँचको जोखिम रहन्छ। यस सम्बन्धमा छलफल गर्दा कार्यचाप अनुरुप कर्मचारीको व्यवस्थापन नभएको र भएको दरबन्दीमा पनि कर्मचारी पदपूर्ति हुन नसकेको कारण नियमित रुपमा अनुगमन मूल्याङ्कन गर्न नसकेको विभागको भनाइ छ। कार्यचाप अनुसार दक्ष कर्मचारी व्यवस्थापन गरी सेक्युरिटी लग्सको अभिलेखाङ्कन र सोको निरन्तर अनुगमन जोखिम विश्लेषण र सुधारतर्फ विभागले ध्यान दिनुपर्दछ।

१७. **व्यवसाय निरन्तरता योजना र प्रकोप पुन- स्थापना -**कार्यलयमा आइ पर्नसक्ने सम्भावित सङ्कट, प्रकोप वा आपतकालीन अवस्थाहरुमा पनि आफ्नो मुख्य कार्यहरु निरन्तररुपमा सञ्चालन गर्न विभागले व्यवसाय निरन्तरता योजना र प्रकोप पुनःस्थापना पूर्वाधार निर्माण गरी लागु गर्नुपर्नेमा विभागले यी दुवै योजना र पूर्वाधार तयार गरेको पाइएन। तथ्याङ्क तथा सूचनाको व्यकअप एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र) मा रहेको एउटा स्टोरेज डिभाइसमा नै गर्ने गरेको पाइयो। प्रणालीको सुरूवाती अवस्थामा विभागमा नै डाटा व्याकअप गर्ने पूर्वाधार डिजास्टर रिकोभरी साइट रहेकोमा हाल यसले पूर्ण रुपमा काम गर्न सकेको छैन। एउटा फायरवाल डिभाइसको लाइसेन्स समाप्त भएको अवस्था देखिन्छ।

साईबर आक्रमण, प्राकृतिक प्रकोपले हुन सक्ने क्षतिका कारण सूचना तथा तथ्याङ्कमा थप क्षति हुन नदिन व्यवसाय निरन्तरता योजना र प्रकोप पुन-स्थापना पूर्वाधार व्यवस्थापन गर्नुपर्दछ।

१८. **परिवर्तन व्यवस्थापन -** सूचना प्रणालीसँग सम्बन्धित हार्डवेयर, सफ्टवेयर, नेटवर्क लगायतका उपकरणहरुको मर्मत सम्भार तथा प्रणालीको व्यवस्थापन एवं सञ्चालनका लागि अपनाइएका विधि, प्रकिया एवं प्रविधिको माध्यमबाट प्रदान गरिने सेवा सुविधामा कुनै किसिमको सुधार वा परिमार्जन गर्नु परेमा औपचारिक परिवर्तन व्यवस्थापन प्रकृया (Formal Change Management Procedure) द्वारा गर्नुपर्दछ। यस अन्तर्गत सुधारका लागि मागगर्ने, परिणामको विश्लेषण र मूल्याङ्कन गर्ने, कार्य अगाडि बढाउनका लागि स्विकृति दिने, डिजाइन गर्ने, निर्माण गर्ने, चेकजाँच गर्ने र कार्यन्वयनमा ल्याउने लगायतका सबै क्रियाकलापहरु स्पष्ट रुपमा उल्लेख हुनुपर्दछ। साथै प्रणालीमा गरिएको सबै प्रकारका सुधार एवं परिवर्तनको अभिलेखीकरण, वर्गीकरण, प्राथामिकीकरण र परिणामको मूल्याङ्कन गर्दा उपयुक्त ट्राकिङ्ग प्रणाली तय गर्नु पर्दछ। गरिएको परिवर्तन प्रयोगकर्ता मैत्री हुनुपर्ने भएकाले सो को User Acceptance Test (UAT) समेत गरिनुपर्दछ। यस सम्बन्धमा विभागले कुनै लिखित मापदण्ड र प्रकृया तथा निर्देशिका तर्जुमा गरी कार्यान्वयन गरेको पाइएन। आकस्मिक रुपमा गर्नुपर्ने सुधारको लिखित अभिलेख राख्ने गरेको पाइएन। परामर्शदाताले मौखिक रुपमा मात्र जानकारी दिने गरेको पाइयो। तर UAT गरी प्रतिवेदन लिएको पाइएन। यसले प्रणाली विकास र परिर्वतन व्यवस्थापन प्रभावकारी नहुने र प्रणाली प्रयोगकर्तामैत्री नहुने जोखिम निम्त्याउँछ। अतः परिवर्तन व्यवस्थापनको व्यवस्थित प्रणाली निर्माण गरी कार्यन्वयन गर्नु पर्दछ।

१९. **बाह्य सेवा प्रदायक (Vendor Management/ Outsourcing)-** विभागसँग बाह्य सेवा प्रदायकबाट सेवा लिने सम्बन्धी, स्पष्ट कार्यविवरण र बाह्यसेवा प्रदायकबाट सेवा लिँदा हुन सक्ने जोखिम पहिचान र नियन्त्रण सहितको नीति हुनुपर्दछ। सेवा प्रदायकसँग सम्झौता गर्दा सेवाको गुणस्तर, सुरक्षा सम्बन्धी जोखिम व्यवस्थापन, कार्यसम्पादन मापनको सूचक र सेवा प्रवाह सम्बन्धमा अनुगमन गर्ने व्यवस्था सुनिश्चित गरिनुपर्दछ। सम्झौता बमोजिमको सेवा प्रवाह नगरेमा आवश्यक कारवाहीको व्यवस्था गरिनुपर्दछ। डाटा सुरक्षा र पहुँच सम्बन्धी व्यवस्था करारमै उल्लेख गर्नुपर्दछ। सेवा प्रदायकले सेवा दिन असमर्थ भए पनि महत्वपूर्ण कार्यहरु सञ्चालन गर्न सकिने गरी विभागभित्रै व्यावसायिक ज्ञान भएका जनशक्तिको व्यवस्था गरी सेवा निरन्तरताको सुनिश्चितता गरिनुपर्दछ। विभागले आउटसोर्स गरिएको सेवामा सार्वजनिक खरिद ऐन,२०६३ को पालना गरिएको देखिन्छ। नेटवर्क स्टोरेज तथा ब्याकपको Annual Maintenance and Support Service को लागि एक सेवा प्रदायक वार्षिक रु. ४ लाख ८७ हजार सम्झौता गरी कार्य गरेको छ। साथै सफ्टवेयरको Annual Maintenance Support Service and System Upgrading समेतको लागि वार्षिक रु.१८ लाख ८९ हजार लागतमा अर्को एक सेवा प्रदायकसँग सम्झौता गरी सेवा लिएको देखिन्छ। लेखापरीक्षणको क्रममा बाह्य सेवा प्रदायसँगको सेवा व्यवस्थापन सन्दर्भमा देखिएका बेहोराहरु देहायबमोजिम छन्,

- विभागले बाह्य सेवाप्रदायसँग सेवा लिने सम्बन्धमा हुनसक्ने जोखिमको मूल्याङ्कन सहितको स्पष्ट नीति तयार गरेको छैन। विभागकै प्राविधिक टिमलाई नै सक्षम बनाई बाह्य सेवा प्रदायकलाई प्रतिस्थापन गर्ने सम्बन्धमा विभागको वस्तुगत कार्यक्रम र प्रयास रहेको पाइएन।
- वैदेशिक रोजगार विभाग र दोस्रो सेवा प्रदायकबिच भएको सम्झौता बमोजिम उक्त सेवा प्रदायकले मासिक वा आवश्यकता बमोजिम प्रणालीको अवस्थाको सम्बन्धमा प्रगति प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। तथापि सेवा प्रदायकले प्रगति विवरण नियमित रुपमा पेश गरेको, सो

सम्बन्धमा छलफल गरी आवश्यक सुधार गरेको पाइएन। प्रतिवेदन, सो उपर छलफल र निरन्तर रुपमा सुधार गरी प्रणालीलाई व्यवस्थित गरिनु पर्दछ।

२०. **केन्द्रीय अभिलेख र मानकीकरण-** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को दफा ४ बमोजिम कुनै पनि सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सूचना प्रविधि विभागमा अभिलेखिकरण तथा मानकीकरण गराउनुपर्ने व्यवस्था छ। विभागबाट प्रयोग भएको सफ्टवेयर मानकीकण गाराएको पाइएन। निर्देशिकाको व्यवस्था बमोजिम सूचना प्रणालीको अभिलेखिकरण र मानकीकरण गराउनु पर्दछ।

२१. **सूचना सञ्चार सञ्जाल व्यवस्थापन (Communication and Network Management)-** सुरक्षित सूचना सञ्चार सञ्जालीकरण र व्यस्थापनका लागि Network Architecture Design को समसामयिक अद्यावधिक गर्ने, व्यावसायिक डाटा र सूचनाको सुरक्षाको लागि उपयुक्त नेटवर्क विभाजन, Web communication र Traffic control का लागि Web Application Firewall, Load balancer प्रयोग तथा Firewall मार्फत अनावश्यक Service port को निषेध गरिनुपर्दछ। साथै सुरक्षा प्रविधिको प्रयोगलाई बाह्य जोखिमबाट बचाउन उपयुक्त एन्टिमालवेयर/ एन्टिभाइरस सफ्टवेयरको प्रयोग गर्नुपर्दछ। विभागले प्रयोगमा ल्याएको Firewall को UTM License, IPS/IDS license, Antivirus License, Web Filtering समेत अगष्ट २०२१देखि expired भएको, Network Architecture Diagram तयार गरेको भए तापनि समसामयिक रुपमा अद्यावधिक नगरिएको, Firewall मा Service/Port level मा कुनै पनि नीतिगत प्रतिबन्ध नभएको अवस्था छ। Server मा अनावश्यक Traffic आउने गरेको, Public domain को प्रयोग गरी कार्यालय बाहिरबाट पनि प्रणाली सञ्चालन हुने र अनधिकृत प्रयोग हुने जोखिम छ। सेवाग्राही र सेवा प्रदायकको access management छुट्याउने, Firewall, antivirus, web filtering लगायतका सुरक्षा प्रणालीको लाइसेन्सहरु समयमै अद्यावधिक गराउने, Network architecture Design को समसामयिक अद्यावधिक गरी load balancer को प्रबन्ध गर्ने लगायतका विषयमा कार्यालयले ध्यान पुर्याउनुपर्ने देखिन्छ।

२२. **सूचना प्रविधि सुरक्षा परीक्षण–** सरकारी निकायले सञ्चालनमा ल्याएका सूचना प्रविधि प्रणाली एवं डाटालाई सुरक्षित, विश्वसनीय बनाई एक आपसमा अन्तर-आबद्ध हुने गरी सञ्चालन तथा व्यवस्थापन गर्न उपयुक्त र भरपर्दो परीक्षण संयन्त्रको कार्यान्वयन गर्नुपर्दछ। साथै मान्यता प्राप्त स्वतन्त्र संस्थाबाट प्रणालीको सेक्युरिटी अडिट, सिष्टम अडिट, भीएपीटी (Vulnerability Assessment and Penetration Testing VAPT) लगायतका परीक्षण गराई प्रतिवेदनले औंल्याएका कमी कमजोरी र सुरक्षा चुनौती (Gaps, Issues and Challenges) लाई समयमै पहिचान गरी समाधानका उपायहरु अवलम्बन गर्नुपर्दछ। विभागले नियमित रुपमा सेक्यूरिटी अडिट, भीएपीटी र जिइए अडिट गरेको पाइएन। यस सम्बन्धमा पटक पटक भीएपीटी अडिटको लागि सम्बन्धित निकायमा पत्राचार गरेको भए पनि सम्बन्धित निकायले जाँच गरी प्रतिवेदन नदिएको विभागले उल्लेख गरेको छ। सन् २०१८ मा गरिएको VAPT Audit ले सुरक्षा संवेदनसिलता सम्बन्धमा सापेक्षित जोखिम (Relative Risk) अधिक (High) देखाएको तर सुझावहरुको भने पूर्ण रुपमा कार्यान्वयन हुन सकेको पाइएन साथै सन् २०२३ मा गरिएको Government Enterprise Architecture (GEA) सूचना प्रविधि प्रणाली, सँगठनात्मक व्यवस्था र सेवा वातावरणसँग सम्बन्धित १६९ Observation मा ५८ Observation जोखिमयुक्त (Critical Risk) भएको प्रतिवेदनमा उल्लेख छ। विभागले उक्त सुझावहरु प्रभावकारी रुपमा कार्यान्वयन गरेको छैन। नियमित रुपमा प्रणालीको सुरक्षा जाँच गराई निरन्तर सुधार गर्नुपर्दछ।

२३. **सूचना प्रविधिजन्य दुर्घटना र समस्याको व्यवस्थापन (Computer Security Incident and Problem Management)-** आकस्मिक रुपमा आउन सक्ने सूचना प्रविधिजन्य दुर्घटना तथा समस्याहरुको (IT incident) न्यूनीकरणर आगामी दिनमा त्यस्तो दुर्घटना पुन- दोहोरिन नदिनका लागि सम्बन्धित कर्मचारीहरुलाई सूचना प्रविधि सञ्चालन तथा सुरक्षा व्यवस्थापनका लागि प्रशिक्षित गर्नुपर्दछ। साथै, सूचना प्रविधिजन्य दुर्घटना (Incident) हरुको अभिलेखाङ्कन गर्ने, सो सम्बन्धमा उच्च प्रणाली व्यवस्थापकलाई जानकारी गराउने, प्रभाव कम गर्न उपयुक्त रणनीति लिने र भविष्यमा त्यस्ता दुर्घटना हुन नदिन आवश्यक सावधानी अपनाउनु पर्दछ। लेखापरीक्षणको क्रममा सो सम्बन्धमा जानकारी माग गर्दा २ पटक प्रणाली Down भएको जानकारी प्राप्त भएता पनि सो को समय, पटक, कारण र क्षतिको अवस्था सम्बन्धमा अभिलेख राख्ने गरेको पाइएन। समय समयमा प्रणालीमा आउने यस्ता समस्याहरुको कारण पत्ता लगाई व्यवस्थापन समक्ष पेश गर्ने र आगामी दिनमा प्रणालीमा समस्या आउन नदिन साबधानी अपनाउने गर्नुपर्दछ।

२४. **प्रतिवेदन प्रणालीको एकरुपता र विश्वसनीयता**- सेवाप्रवाहमा प्रभावकारिता, सहजता र विश्वसनीय प्रतिवेदन प्रकाशन गर्न सकिने गरी सूचना प्रणालीको निरन्तर विकास, परिमार्जन र स्तरोन्नति गर्दै लैजानुपर्दछ। यस वर्ष वैदेशिक रोजगारीमा जाने नयाँ व्यक्तिगत, संस्थागत, सरकार-सरकार (G2G) र पुन- श्रम स्वकृति समेत ७ लाख ४१ हजार २९७ वटा श्रम स्वकृति प्रदान भएको छ। श्रम स्वकृति लिएका कामदारहरु मध्ये वास्तविक रुपमा श्रम स्वकृति लिएकै गन्तव्य देशमा श्रमिक प्रस्थान गरे/नगरेको प्रणालीमार्फत प्रतिवेदनमा उल्लेख गरेको छैन। कतिपयले श्रम स्वकृति लिएको गन्तव्य देशमा नगई पुनः अर्को श्रम स्वकृति लिने गरेको अवस्थामा सोको Tracking प्रणाली मार्फत हुन सकेको देखिएन। अर्कोतर्फ भारतको बाटो भै प्रस्थान गर्ने श्रमिक र भारतमानै श्रम गर्न जाने श्रमिकको विस्तृत विवरण समेत प्राप्त नहुने हुँदा, कति श्रमिकले श्रम स्वकृति लिए, कति वैदेशिक रोजगारीमा गए, कति गएनन् भन्ने एकित तथ्याङ्क प्राप्त हुन सक्ने अवस्था देखिएन। अतः दोहोरो श्रमस्वकृतिलाई पहिचान गर्न सकिने गरी प्रणालीको विकास गर्न, राष्ट्रिय परिचयपत्र प्रणालीसँग प्रणालीको अन्तरआवद्धता गरी एकीकृत रुपमा नागरिकहरुको सूचना तथा तथ्याङ्क व्यवस्थापन गर्ने, अध्यागमन विभागमा सञ्चालित सूचना प्रणालीबाट Realtime Validated Data प्राप्त हुने र सो तथ्याङ्क समेतको भिडान गरी यथार्थ प्रतिवेदन दिन सक्ने गरी प्रतिवेदन प्रणाली विकास गरिनुपर्दछ।

२५. **सरोकारवालाको पृष्ठपोषण-** विभागबाट प्रकाशित प्रगति विवरण अनुसार औसत १५ हजार श्रमिकले श्रम स्वीकृति लिने गरेका छन्। जसमध्ये विभागमा सेवा लिन आउनु भएका केही सेवाग्राहीसँग सेवाग्राही सर्वेक्षण गरिएकोमा फेमिस प्रणालीको विषयमा अधिकांश सेवाग्राहीलाई थाहा नभएको, अधिकांश सेवाग्राहीले आफ्नो युजर आइडी पासवर्ड आफैं प्रयोग नगरी म्यानपावर कम्पनीले गरिदिने भन्ने जवाफ प्राप्त भएको छ। अधिकांश सेवाग्राहीले आफ्नो व्यक्तिगत विवरण अपलोडदेखि अन्तिम श्रम स्वीकृति लगायत सेवाको उपलब्धता सम्मको प्रक्रिया म्यानपावर तथा बाह्य ऐजेन्सीबाटै गराउने गरेको, तोकिएको भन्दा बढी शुल्क तिर्नु परेको, पासवर्ड रिसेट लगायतको आवश्यक नोटिफिकेशन सेवाग्राहीको मोबाइल नम्बरमा प्राप्त नभएको लगायतका जवाफ सेवाग्राहीबाट प्राप्त भएको छ। विभागले प्रणाली सञ्चालन गर्न थप सहज, मोबाइल एप फ्रेन्डली, User Interface लाई थप interactive बनाउँने, प्रणाली सञ्चालन सम्बन्धमा जनचेतनाका कार्यक्रम गर्ने, हेल्प डेक्ट सेवा लाई प्रभावकारी बनाउने लगायतका उपाय अपनाई सेवाग्राही आफैंले प्रणाली प्रयोग गरी सेवा लिन सहजीकरण र उत्प्रेरित गर्नुपर्दछ।

२६. **अन्तरआबद्धता** - वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणालीसँग वैदेशिक रोजगार प्रवर्धन बोर्ड, श्रम तथा रोजगार कार्यालयहरु, कन्सुलर सेवा विभाग, विदेशस्थित नेपाली राजदूतावास लगायतका देहायका १५ निकाय र सेवाग्राही (श्रमिक) गरी १६ प्रयोगकर्ताहरु आवद्ध रहेका छन्। वैदेशिक रोजगार प्रवर्धन वोर्ड, बिमा कम्पनीहरु, सामाजिक सुरक्षा कोष, भुक्तानी द्वार (Payment Gateway), राहदानी विभाग, कन्सुलर विभाग, अध्यागमन विभाग गरी ६ निकायहरु Application Programming Interface (एपीआई) मार्फत अन्तरआवद्धित छन्। एपीआई र युजर आईडीदुवै प्रयोग गरेका ३ वटा निकायले छन्। युजरआइडी प्रयोगकर्ता (श्रमिक बाहेक) अन्य निकायको हकमा सोही स्थानबाट मात्र प्रयोग गर्ने गरी पहुँच व्यवस्थापन गरेको पाइएन। यसले गर्दा प्रणालीमा अनाधिकृत पहुँचको जोखिम रहन्छ। सम्बन्धित निकाय वा सम्बन्धित संस्थाको Network मा दर्ता भएको Deviceलाई मात्र पहुँच हुने गरी पहुँच व्यवस्थापन गरिनुपर्दछ।




उल्लिखित निकायहरुसँग Memorandum Of Understanding (MOU) गरी तथ्याङ्क पहुँच र प्रयोग सम्बन्धी व्यवस्था गरिएको छ। यस सम्बन्धमा कन्सुलर सेवा विभाग, म्यानपावर कम्पनीहरु (Recruiting Agency) को छाता सङ्गठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, परराष्ट्र मन्त्रालय, सामाजिक सुरक्षा कोषमा Random Samplingको आधारमा नमूना परीक्षण र छलफल गर्दा देखिएका बेहोराहरु देहाय बमोजिम छन्;

२६.१. **सामाजिक सुरक्षा कोष** - वैदेशिक रोजगार विभाग र सामाजिक सुरक्षाकोषसँग Memorandum Of Understanding (MOU) भई तथ्याङ्क आदानप्रदान भैरहेको यस सम्बन्धमा प्रणालीगत प्रभावकारिताको सन्दर्भमा सामाजिक सुरक्षा कोषसँग अलगै छलफल गर्दा, सम्झौता बमोजिमको तथ्याङ्क ट्रान्सफर हुने तर, तथ्याङ्कको शुद्धताको स्तर अत्यन्तै कमजोर भएको एकभन्दा बढी सेवाग्राहीको मोवाइल नंम्बर एउटै प्रविष्टि गर्ने गरेको, कोषले आफ्ना सेवाग्राहीलाई कुनै जानकारी वा सूचना पठाँउदा असम्बन्धित ग्राहकको मोबाइल नम्बरमा नोटिफिकेशन जाने गरेको, FEIMS मा edit भएको अद्यावधिक सूचना सामाजिक

सुरक्षाकोषको प्रणालीमा पुन- अद्यावधिक नहुने लगायतको समस्या रहेको पाइयो। अतः विभागले OTP validation को प्रबन्ध गर्नुका साथै, तथ्याङ्कको शुद्धता जाँचलाई कडाईकासाथ लागु गर्नुपर्ने देखिन्छ।

२६.२. **कन्सुलर सेवा विभाग** - वैदेशिक रोजगार सम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, २०७५ को बुँदा नं ४ मा कुटनीतिक नियोगले रोजगारदाता वा निजले पेश गरेको वा विभागबाट अनलाइन वा आधिकारिक ईमेल मार्फत प्राप्त हुन आएका मागपत्रको सम्बन्धमा १० कार्य दि भित्र सोको आधिकारिकता यकिन गरी सिफारिस गर्नुपर्ने व्यवस्था छ। साविकमा सम्बन्धित कुटनीतिक नियोगले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा नै मागपत्र प्रमाणीकरण अपलोड र एप्रुभ गरिदिने व्यवस्था रहेकोमा हाल काममा सरलीकरण गर्न कन्सुलर सेवा विभागले अनलाइन कन्सुलर सेवा प्रणाली विकास गरी कार्यान्वयन गरेको छ। वैदेशिक रोजगार विभाग र कन्सुलर सेवा विभागबिच २०७९।१२।३० मा भएको समझदारी पत्रमा एपीआई मार्फत एक-अर्कालाई आवश्यक तथ्याङ्क आदान प्रदान गर्ने उल्लेख भए पनि कुन-कुन तथ्याङ्क आदान प्रदान हुने हो सो सम्बन्धमा खुलाइएको छैन। हाल वैदेशिक रोजगार व्यवस्थापन प्रणालीमा आधिकारिकता यकिन गरी सिफारिश गरिएको मागसंख्याको अतिरिक्त रोजगारदाताले गरेको शुरु मागसंख्या र अस्वीकृत मागसंख्या, रोजगारदाताबाट मागपत्र अपलोड भएको मिति लगायतका सम्बन्धमा सूचना तथा तथ्याङ्क प्राप्त हुने गरी Data exchange गरिएको पाइएन। जसले गर्दा वैदेशिक रोजगार विभागलाई सम्पुर्ण सूचना तथा तथ्याङ्कको पहुँच स्थापित भएको मान्न सकिएन। सेवा प्रवाहको पारदर्शिता कायम गराउन र वैदेशिक रोजगार सम्बन्धी आवश्यक नीति निर्णयगर्न समेत सम्पूर्ण तथ्याङ्कको पहुँच हुनुपर्ने वैदेशिक रोजगार विभागको भनाइ रहेको छ। अतः आवश्यक सूचना तथा तथ्याङ्क आदानप्रदान हुने गर्ने गरी प्रणालीहरुबिच अन्तरआवद्धता गरिनुपर्दछ।

# परिच्छेद - ४
# निष्कर्ष र सुझावहरु

२७. **निष्कर्ष र सुझावहरु** - सङ्गठनले एप्लिकेशन सफ्टवेयर विकास र प्रयोग गर्दा उक्त प्रणाली व्यवस्थापन सम्बन्धी सम्पूर्ण प्रकृयालाई मार्गदर्शन गर्ने गरी स्पष्ट नीति सहितको आइटी मेनेजमेन्ट पोलिसी तर्जुमा गरी लागु गर्नुपर्दछ। सङ्गठनको व्यावसायिक उद्देश्यलाई सूचना प्रविधिको माध्यमबाट पूरा गर्नका लागि आवश्यक पर्ने हार्डवेयर,सफ्टवेयर,नेटवर्क लगायतका सूचना प्रविधि पूर्वाधारको प्रवन्ध गर्न,सूचना प्रविधिमा आउन सक्ने सम्भाव्य जोखिमको पूर्वानुमान गरी न्यूनीकरण गर्न र सूचना प्रविधिलाई समसामयिक रुपमा स्तरोन्नति र विकास गर्न प्रणाली विकास रणनीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

प्रणालीको निरन्तर सुधार तथा अपग्रेड गरी डाटबेस, हार्डवेयर, नेटवर्क, फायरवाल जस्ता उपकरणको अद्यावधिक योजना सहित उपकरणको लाइसेन्सको समेत नवीकरण हुनुपर्ने र संगठनात्मक सुरक्षा, भौतिक तथा वातावरणीय सुरक्षा, सफ्टेवयर सुरक्षा, प्रयोगकर्ता सुरक्षा र डाटावेस सुरक्षा लगायतका सुरक्षा जोखिमहरुको पूर्वानुमान र मूल्याङ्कन गरी उपयुक्त सुरक्षा रणनीति अपनाउनु पर्दछ। सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सूचना प्रविधि विभागमा अभिलेखिकरण तथा मानकीकरण गराउनुपर्ने व्यवस्था र विदेशस्थित समस्यामा परेका श्रमिकहरुले आपत्कालीन प्रहरी, श्रम सहचारी र सम्बन्धित राजदूतावासमा खबर गर्न सकिने गरी प्रणाली विकास गर्नुपर्दछ। विभागले प्रवाह गर्ने अनुसन्धान, कानुनी सहायता, अनुगमन नियमन लगायतका सेवाहरु प्रणालीमा आवद्ध भएको देखिएन। अतः सबै सेवालाई प्रणालीबाट सञ्चालन हुने गरी प्रणालीको परिमार्जन र विकास गर्नुका साथै तथ्याङ्क भण्डारण स्थान (डाटा स्टोरेज) को क्षमता बढाउनु पर्दछ।

सुरक्षा संयन्त्रहरु सञ्चालनमा ल्याइएका प्रणालीहरूको लाइसेन्स समयमा नै अद्यावधिक गरी यसले निम्त्याउन सक्ने सुरक्षा जोखिमलाई न्यूनीकरण गर्नुपर्दछ। कार्यालयले शुद्ध एवं सुरक्षित तथ्याङ्क स्थानान्तरणका लागि सुरक्षित नेटवर्क निर्देशिका तयार गरी लागु गर्नुका साथै सूचना प्रविधिमा प्रयोग भएका हार्डवेयर तथा सफ्टवेयरको प्राप्ति मिति, वारेन्टी, उपयोग अवधि, स्वामित्वको अवस्था देखिने गरी विस्तृत विवरण सहितको अभिलेख राख्नुपर्दछ। सूचना प्रणालीको सुरक्षा जोखिम व्यवस्थापन र प्रभावकारिता लगायतको विषयमा तेस्रो पक्ष मूल्याङ्कन गराई समसामयिक सुधार गर्नुपर्दछ। प्रणालीमा गरिएको सुधार, प्रणालीको प्रयोग गर्ने सम्बन्धमा बिचौलिया प्रभावलाई न्यूनीकरण गर्न विभागले सरोकारवाला सबैलाई साक्षरता अभियान सञ्चालन गरी प्रणालीमा अनलाईन ट्युटोरियल तथा समय समयमा सो सम्बन्धी पशिक्षण सञ्चालन गर्नुपर्दछ। सूचना प्रणालीलाई थप विश्वसनीय तथा व्यवस्थित गर्न यस प्रणालीलाई समसामयिक रुपमा सुधार गर्नुपर्ने देखिन्छ।

वैदेशिक रोजगार सम्बन्धी सेवा प्रवाह छिटो छरितो बनाई सेवा प्रवाहमा सुशासन प्रवर्धन गर्ने उद्देश्यको साथ प्रयोगमा ल्याइएको वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणालीबाट नागरिकले सहज र प्रविधिमैत्री सेवा प्राप्त गरेका छन्। तथापि सूचना प्रणालीको व्यवस्थापन नीति, प्रणाली व्यवस्थापन रणनीति, प्रणालीमा पहुँच व्यवस्थापन, जनशक्ति व्यवस्थापन, डिजिटल डाटाको पूर्णता र शुद्धताको जाँच, मोवाइल एप्सको प्रयोग लगायतमा सुधार गर्नु पर्ने पाइयो। त्यसैगरी जोखिम मूल्याङ्कन र व्यवस्थापन तर्फ संगठनात्मक सुरक्षा, हार्ववेयर सुरक्षा, तथ्याङ्कीय सुरक्षा, वातावरणीय सुरक्षा, सफ्टवेयर सुरक्षा,

प्रयोगकर्ता सुरक्षा, युजर म्यानुअल, पासवोर्ड, लगइन/लग आउट व्यवस्थापन, केन्द्रीय अभिलेख र मानकीकरण लगायतका विषयमा कमी कमजोरी औंल्याइएको छ। उल्लेखित समस्याहरुलाई समाधान गरी प्रणालीको समसामयिक स्तरोन्नति र विकास गरी सेवा प्रवाह प्रभावकारी बनाउन देहायको सुझाव प्रस्तुत गरिएको छ।

### २७.१. सूचना प्रविधि व्यवस्थापन

- **सूचना प्रविधि निर्देशक समिति-** सूचना प्रविधि क्षेत्रका नवीनतम अवधारणा अनुसार प्रणालीको स्तरोन्नति र विकास गर्न, देखिएका समस्या र चुनौतीहरुको समाधान गर्न, महानिर्देशकको संयोजकत्वमा निर्देशक समिति गठन गरिएको छ। यस समितिलाई थप प्रभावकारी बनाउनु पर्दछ।
- **सूचना प्रविधि रणनीति-** सूचना प्रणालीलाई नवीनतम प्रविधिमा आधारित, सुरक्षित र सरलीकृत बनाउँदै निरन्तर परिमार्जन र विकास गर्न विभागले सूचना प्रविधि रणनीति तर्जुमा गरी लागु गर्नुपर्दछ।

### २७.२. जनशक्ति व्यवस्थापन

- बढ्दो कार्यचापसँग सामजस्यता हुने गरी प्राविधि र दक्ष कर्मचारीको उपलब्धता सुनिश्चित गर्न सङ्गठन व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी व्यवस्थापन गर्नु पदर्छ। तालिम र क्षमता विकासका कार्यक्रम मार्फत कर्मचारीलाई दक्ष र उत्प्रेरित बनाउनु पर्दछ।
- कर्मचारीहरु परिवर्तन भै रहने हुँदा संस्थागत संस्मरण प्रणालीको विकास गरी लागु गर्नुपर्दछ।
- सूचना प्रविधि सम्बन्धी योग्य र क्षमतावान जनशक्ति विकास गरी परामर्शदातासँगको अधिक निर्भरतालाई क्रमशः कम गर्दै लैजानुपर्दछ।

### २७.३. प्रणालीको स्तरोन्नति र विकास (Optimization and Development)

- **Software maintenance and Upgrade-** सूचना प्रणाली प्रयोगकर्ता (सेवाग्राही), अन्तरसम्बन्धित निकायहरुमा भएको वृद्धि र प्रविधिमा भएको उन्ननय र विकास समेत सँग सामजस्य हुने गरी प्रणाली अपग्रेड गरिनुपर्दछ।
- **Hardware Network Infrastructure Optimization-** विभागबाट प्राप्त गराएको विवरण अनुसार केही हार्डवेयर र नेटवर्कको पूर्वाधारहरुको End of Life भैसकेको र डिजास्टर रिकभरी साइटलाई पूर्ण रुपमा सञ्चालनमा ल्याउने प्रवन्ध नभएकोले पूर्वाधारहरुको आवश्यकता अनुसार Optimization गरिनुपर्दछ।
- **मोबाइल एप्स-** सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री, सहज र अझै प्रभावकारी वनाउन, हालको प्रविधिलाई परिमार्जन गरी मोबाइल एप्स Compatible बनाउने, साथै सेवाग्राहीले आफ्नो सेवा प्रवाहको प्रकृया थाहा पाउन सक्ने गरी Customer Tracking System समेत राख्न उपयुक्त हुने देखिन्छ। श्रम स्वकृति लिएका हरेक व्यक्तिले गर्नुपर्ने कार्यहरूको प्रगति स्थिति जानकारी मोबाइल एप तथा नागरिक एपमा सम्बन्धित व्यक्तिले देख्न सकिने तथा वैदेशिक रोजगारमा गएपछि श्रमिकमाथि हुने हिंसा तथा दुर्घटना सम्बन्धमा सम्बन्धित व्यक्तिले नेपाल दुतावास, नेपाल प्रहरी तथा सम्बन्धित मेनपावर कम्पनी र विभागलाई जानकारी गराउन सक्ने गरी मोबाइल एप्सको विकास गरी श्रम स्वकृति प्राप्त गर्ने व्यक्तिलाई सो प्रणाली सञ्चालन सम्बन्धी शिक्षा समेत दिनु पर्दछ। वैदेशिक रोजगारीबाट फर्किएपछि उनीहरूले प्राप्त गरेको ज्ञान, सीप र क्षमताको म्यापिङ्ग गर्न सक्ने गरी स्थानीय तहको श्रम रोजगार शाखाले अभिलेख प्राप्त गर्ने

गरी विभागले अब विकास गर्ने प्रणालीले स्थानीय तहसँग अन्तरआवद्धता हुने गरी सञ्चालनमा ल्याउनु उपयुक्त हुन्छ ।

**२७.४. डाटाको सुरक्षा र प्रणालीमा पहुँच व्यवस्थापनः**

- Data Security प्रबन्धका लागि आवश्यक कतिपय पूर्वाधारहरु (Hardware, Software) End oF the Date र Outdated भै सकेको देखिएकोले, पूर्वाधारहरुको समयमै अद्यावधिक गरी आवश्यकता अनुसार नवीन प्रविधिको प्रयोग गरिनुपर्दछ।
- **पासवर्ड व्यवस्थापन-** प्रणाली प्रशासक र सामान्य प्रयोगकर्ताको लागि पासवर्ड नीति तयार गरी लागु गर्नुपर्दछ। निश्चित समयपछि पासवर्ड अनिवार्य रुपमा परिवर्तन गर्नुपर्ने, राउटर, फायरवाल तथा वायरलेस हार्डवेयर तथा सफ्टवेयरका डिफिल्ड पासवर्ड परिवर्तन गर्नुपर्ने, एउटै समयमा एउटै डिभाइसबाट मात्र खाता सञ्चालन गर्न सकिने जस्ता व्यवस्था सहित स्पष्ट पासवर्ड व्यवस्थापन नीति अवलम्वन गरिनुपर्दछ।
- **Login/logout व्यवस्थापन-** एउटा डिभाइसमा प्रयोगकर्ताको खाता लगइन भएको अवस्थामा अन्य डिभाइसमा प्रयोग गर्न नमिल्ने गरी Device authentication को व्यवस्था वा OTP पठाउने व्यवस्था वा उक्त प्रणालीबाट अनुमति दिने सम्बन्धी निश्चित समयसम्म प्रणालीले कुनै Command प्राप्त नगरेमा वा कीबोर्ड लक भएमा खाता स्वत-बन्द हुने व्यवस्था सहित प्रणालीको सुधार गरिनुपर्दछ।

**२७.५. जोखिम मूल्याङ्कन र व्यवस्थापन** - संगठनात्मक सुरक्षा, भौतिक तथा वातावरणीय सुरक्षा, सफ्टेवयर सुरक्षा, प्रयोगकर्ता सुरक्षा र डाटावेस सुरक्षा लगायतका सुरक्षा जोखिमहरुको पुर्वानुमान र मूल्याङ्कन गरी उपयुक्त सुरक्षा रणनीति अपनाउनु पर्दछ।

**२७.६. केन्द्रीय अभिलेख र मानकीकरण-** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को दफा ४ बमोजिम कुनै पनि सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सूचना प्रविधि विभागमा अभिलेखिकरण तथा मानकीकरण गराउनुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाको परिपालना गर्नुपर्दछ।

**२७.७. आपत्कालीन सूचना तथा सञ्चारको व्यवस्था गर्ने-** विदेशस्थित समस्यामा परेका श्रमिकहरुले आपत्कालिन प्रहरी, श्रम सहचारी र सम्बन्धित राजवासमा खवर गर्न सकिने गरी प्रणाली विकास गर्नुपर्दछ।

**२७.८. विभागबाट प्रवाह हुने सवै सेवा प्रणालीमा आवद्ध गर्ने-** विभागले प्रवाह गर्ने अनुसन्धान, कानुनी सहायता, अनुगमन नियमन लगायतका सेवाहरु प्रणालीमा आवद्ध भएको देखिएन। सवै सेवालाई प्रणालीबाट सञ्चालन हुने गरी प्रणालीको परिमार्जन र विकास गरिनुपर्दछ।

**२७.९. तथ्याङ्कीय शुद्धता र सुरक्षा सम्बन्धमा** प्रणालीमा प्रवृष्ट गरेको सेवाग्राहीको व्यक्तिगत सूचना सोही सेवाग्राहीकै भएको यकिन गर्न मोबाइलमा OTP प्रदान गर्ने, साथै तथ्याङ्कीय शुद्धता जाँच समितिले निरन्तर अनुगमन र परीक्षण गर्नु पर्दछ।

**२७.१०. सुरक्षा संयन्त्रहरुको सञ्चालन अनुमतिपत्र** - Firewall, UTM License, IPS/IDS License, Web filtering, Veem लगायतको सञ्चालन अनुमति छ। सकिएकोले यसले सुरक्षा जोखिम निम्याउन सक्ने हुँदा उल्लेखित सुरक्षा संयन्त्रहरुको नियमित अद्यावधिक गराउनु पर्दछ।

**२७.११. व्यवसाय निरन्तरता योजना र प्रकोप पुन-स्थापना (Business Continuity and Disaster Recovery)-** कार्यलयमा आइपर्नसक्ने संभावित संकट, प्रकोप वा आपतकालीन अवस्थाहरुमा पनि आफ्नो मुख्य कार्यहरु निरन्तररुपमा सञ्चालन गर्न विभागले व्यवसाय निरन्तरता योजना र प्रकोप पुनःस्थापन पूर्वाधार

निर्माण गरी लागु गर्नुपर्दछ। बाह्य चुनौती, साईबर आक्रमण, प्राकृतिक प्रकोपले हुन सक्ने क्षतिका कारण सूचना तथा तथ्याङ्कक नासिने जोखिम हुन नदिन व्यवसाय निरन्तर योजना तर्जुमा गरी कार्यान्वयन गरिनुपर्दछ।

२७.१२. **प्रतिवेदन प्रणालीको एकरुपता र विश्वसनीयता-** विभागबाट श्रम स्वकृति लिएका कामदारहरुमध्ये वास्तविक रुपमा श्रम स्वकृति लिएकै गन्तव्य देशमा श्रमिक प्रस्थान गरे/नगरेको वास्तविक प्रतिवेदन प्रणालीमार्फत प्राप्त हुन सकेन। कतिपयले श्रम स्वकृति लिएको गन्तव्य देशमा नगइ पुनः अर्को श्रमस्वकृति लिने गरेको अवस्थामा सोको Tracking प्रणाली मार्फत हुन सकेको देखिएन। अर्कोतर्फ- भारतको बाटो भै प्रस्थान गर्ने श्रमिक र भारतमै श्रम गर्न जाने श्रमिकको Details समेत प्राप्त नहुने हुँदा, कति श्रमिकले श्रम स्वकृति लिए, कति वैदेशिक रोजगारीमा गए, कति गएनन् भन्ने एकित तथ्याङ्क प्राप्त हुन नसक्ने अवस्था देखियो। अतः दोहोरो श्रमस्वकृतीलाई पहिचान गर्न सकिने गरी प्रणालीको विकास गर्न, राष्ट्रिय परिचयपत्र प्रणालीसँग प्रणालीको अन्तरआवद्धता गरी Centralized रुपमा नागरिकहरुको सूचना तथा तथ्याङ्क व्यवस्थापन गर्ने, अध्यागमन विभागमा सञ्चालित सूचना प्रणालीबाट Real time validated data प्राप्त हुने र सो तथ्याङ्क समेतको भिडान गरी यथार्थ प्रतिवेदन दिन सक्ने गरी रिपोर्टिङ्ग प्रणाली विकास गरिनुपर्दछ।

२७.१३. **डिजिटल साक्षरता र पहुँच-** प्रणालीलाई थप अन्तरकृयात्मक (Interactive) बनाउने, प्रणाली सञ्चालन सम्बन्धमा युजर मेनुअल सेवाग्राहीले वुझ्ने भाषा र तरिकाबाट तयार प्रकाशन गर्ने वा प्रणाली भित्रै थप गर्ने, मोबाइल एप मार्फत सेवा लिन सकिने व्यवस्था मिलाई सेवाग्राही आफैंले प्रणाली प्रयोग गर्न प्रेरित गरिनुपर्दछ।

२७.१४. **इन्टरफेस-** कार्यालयले शुद्ध एवं सुरक्षित तथ्याङ्क स्थानान्तरणका लागि सुरक्षित नेटवर्क निर्देशिका तयार गरी लागु गर्नुपर्दछ।

२७.१५. **सम्पत्ति अभिलेख-** सूचना प्रविधिमा प्रयोग भएका हार्डवेर तथा सफ्टवेयरको प्राप्ति मिति, वारेन्टी, उपयोग अवधि, स्वामित्वको अवस्था देखिनेगरी विस्तृत विवरण सहितको अभिलेख राखिनुपर्दछ।

२७.१६. **तथ्याङ्कक धुल्याउने-** कार्यालयले तथ्याङ्क धुल्याउने प्रगिङ्ग, क्लियरिङ्ग जस्ता विभिन्न पद्धती अवलम्वन गरी तथ्याङ्कहरु धुल्याएर, तथ्याङ्क भण्डारण स्थान (Data Storage Space) को क्षमता वढाउनु पर्दछ।

२७.१७. **प्रणाली सुरक्षा परीक्षण (Security Audit)-** वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली सञ्चालन कार्यविधि, २०७६ क्र.स ५(घ) को व्यवस्था अनुसार कार्यालयले नियमित रुपमा कम्तीमा वर्षको १ पटक प्रणाली सुरक्षा परीक्षण गराउनुपर्दछ।

२७.१८. **Third Party Evaluation-** कार्यालयले प्रणालीको तेस्रो पक्ष मूल्याङ्कन गराई प्रणालीमा समसामयिक सुधार गर्दै लैजानुपर्दछ।

# खण्ड (ङ)
# विशेष लेखापरीक्षण
# गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार
## परिच्छेद -१
## परिचय

१. **पृष्ठभूमि -** नेपालको संविधानले लैङ्गिक विभेद अन्त्य गर्ने प्रतिबद्धतासहित महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजानन् स्वास्थ्यसम्बन्धी अधिकार सुनिश्चित गरेको छ। साथै, राज्यका सबै निकायहरूमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिलाको सहभागिता सुनिश्चित गर्ने प्रावधान रहेको छ। समाजमा व्याप्त विभेद, कुरीति, र शोषणको अन्त्य गर्दै उद्यमशीलताको प्रवर्धन तथा सामाजिक रूपान्तरणमार्फत महिलाहरूको आर्थिक तथा सामाजिक सशक्तीकरणलाई प्रवर्धन गर्ने लक्ष्य राखिएको छ। यही उद्देश्यअनुसार, पन्ध्रौं योजना अन्तर्गत रूपान्तरणकारी कार्यक्रमको रूपमा दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाई उद्धार कार्यक्रम समावेश गरिएको र वार्षिक बजेट वक्तव्यले समेत यस कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गर्दै आईरहेको छ। राष्ट्रपति महिला उत्थान कार्यक्रम मध्ये आर्थिक वर्ष २०७५।७६देखि दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धार गरी मातृ मृत्युदर, बाल मृत्युदर घटाउन दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धारसम्बन्धी कार्यकम कार्यन्वयनमा ल्याइएको र सोही कार्यक्रमलाई राष्ट्रपति महिला सशक्तीकरण परियोजनामा समेत समावेश गरिएको छ।

महिलाको सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हकको कार्यान्वयन गर्ने, नियमित यातायात सेवा नपुगेका दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने महिलाको गर्भवती तथा सुत्केरी अवस्थाको कारणबाट हुने संभावित मृत्यु वा जोखिमबाट बचाउने, महिलालाई सुरक्षित प्रसूति सेवा उपलब्ध गराउने, नवजात शिशुलाई सुरक्षित मातृत्व सेवा उपलब्ध गराउने उद्देश्यले यस कार्यक्रम पूर्ण रुपमा १९ जिल्लामा र आंशिक रुपमा २९ जिल्लामा लागु भएको देखिन्छ। दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ मा नियमित यातायात सेवा नपुगेका दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने गर्भवती तथा सुत्केरी महिलालाई लक्षित गरी उद्धार तथा संरक्षण कार्यक्रम सञ्चाल गर्ने उल्लेख छ। संघीय निकायबाट कार्यक्रम सञ्चालन गरिएपनि परियोजना कार्यान्वयन, समन्वय, सुपरिवेक्षण तथा अनुगमन गर्ने मुख्य जिम्मेवार निकायको रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय रहेको र स्थानीय तथा प्रदेश स्थित कार्यालय समेत र सहकार्यमा कार्यक्रम सञ्चालन गरिएको छ।

२. **संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्थाः**

२.१. **संवैधानिक व्यवस्था -** नेपालको संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था, प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक र सुरक्षित मातृत्व, प्रजनन् र स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्ध कुनै आधारमा कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र राज्यका सबै निकायमा महिलालाई समानुपातिक समाबेशी सिद्धान्तको आधारमा सहभागी हुने, महिलालाई शिक्षा,

स्वास्थ्य, रोजागरी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुने र धारा ४२ मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने तथा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने व्यवस्था गरेको छ।

२.२. **नीतिगत तथा कानुनी व्यवस्था -** यस परियोजनासँग सम्बन्धित निम्न नीतिगत तथा कानुनी व्यवस्था रहेका छन्:

- राष्ट्रिय स्वास्थ्य नीति, २०७६
- राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७
- राष्ट्रिय जनसंख्या नीति, २०७१
- राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७७
- आपत्कालीन स्वास्थ्य साझेदारहरूबिच समन्वयको लागि राष्ट्रिय मार्गदर्शन
- जनसांख्यिकी दृष्टिकोण योजना (२०१०-२०३१)
- विपन्न नागरिक औषधि उपचार कोष मार्गदर्शिका २०७३
- महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना,२०६८ र यसको कार्यान्वयन योजना, २०७१
- लैङ्गिक समानता तथा महिला सशक्तीकरण  राष्ट्रिय कार्ययोजना, २०६१
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना,२०६०

२.३. **अन्तर्राष्ट्रिय प्रतिबद्धता -** नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि मिति २०४८ चैत्र ५ मा अनुमोदन गरेको साथै दिगो विकास लक्ष्य (२०१६-३०) अनुसार लक्ष्य १ मा हरेक क्षेत्रमा रहेको सबै स्वरुपहरुको गरिबीको अन्त्य गर्ने, लक्ष्य ३ मा राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर सहित सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ्य जिबनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रर्वधन गर्ने र लक्ष्य ५ मा महिला विरुद्ध हुने सबै प्रकारका विभेद अन्त्य गरी लैङ्गिक समानता कायम गर्ने र महिला सशक्तीकरण  सुनिश्चित गर्ने जस्ता विषयहरु समावेश रहेका छन् ।

२.४. **आवधिक योजना -** पन्ध्रौँ योजना (२०७६/७७-२०८०/८१)ले महिलाको आर्थिक सामाजिक सशक्तीकरण  र सबै क्षेत्रले लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति कानुन तथा कार्यक्रम तर्जुमा गर्ने, राज्यका सबै तहको सरकार, क्षेत्र तथा निकायहरुमा लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने, लैङ्गिक समानता तथा शसक्तीकरण मापन गर्ने तथ्याङ्क प्रणालीको विकास गर्ने, राज्यका सबै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने, आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिँदै आर्थिक सशक्तीकरण  र सामाजिक रुपान्तरण गर्ने, महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक,

संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने कार्यनीति अवलम्बन गरेको थियो। साथै, सोह्रौं योजना (२०८१/८२-२०८५/८६) ले स्वस्थ्य शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण, लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज र गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण जस्ता संरचनात्मक रुपान्तरणका क्षेत्रहरु निर्धारण गरेको छ।

३. **वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य -** विभिन्न वर्षको बजेटमा यस कार्यक्रम सम्बन्धमा उल्लेख भएका महत्वपूर्ण बेहोराहरु देहायबमोजिम छन्।

**बजेट वक्तव्य २०८१।८२-** यस बजेट वक्तव्यको बुँदा नं. २०६ मा महिला विरुद्ध हुने हिंसा, शोषण र भेदभाव नियन्त्रण गरी सबै क्षेत्रमा समभाव र सम्मानजनक वातावरणको सिर्जना गरिनेछ। आगामी आर्थिक वर्षलाई महिलामा लगानी वर्षको रूपमा मनाइने तथा २०७ मा राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत ग्रामीण तथा दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीको निःशुल्क हवाई उद्धारलाई थप प्रभावकारी बनाइने तथा राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रमको पुनःसंरचना गरी आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिने उल्लेख छ।

**बजेट वक्तव्य २०८०।८१ -** यस बजेट वक्तव्यको बुँदा नं. २७७ मा राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत ग्रामिण तथा दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती तथा सुत्केरी अवस्थाका महिलाको निःशुल्क आपतकालीन हवाई उद्धार गरिनेछ। यस कार्यक्रम अन्तर्गत विपन्न महिला लक्षित जीविकोपार्जन सुधार र उद्यमशीलता विकासका लागि प्राविधिक सहयोग लगायतका कार्यक्रमलाई निरन्तरता दिने उल्लेख छ।

**बजेट वक्तव्य २०७९।८० -** दुर्गम क्षेत्रमा ज्यान जोखीममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइने उल्लेख छ।

**बजेट वक्तव्य २०७८।७९ -** दुर्गम क्षेत्रमा ज्यान जोखीममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार कार्यलाई थप प्रभावकारी बनाइने उल्लेख छ।

**बजेट वक्तव्य २०७७।७८ -** स्वास्थ्य जोखिममा परेका दुर्गम क्षेत्रका गर्भवती र सुत्केरी महिलाको हवाई उद्धार गर्ने कार्यलाई निरन्तरता दिइने उल्लेख छ।

**बजेट वक्तव्य २०७६।७७ -** ग्रामीण तथा दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको आपत्कालिन उद्धार गर्न एयर एम्बुलेन्सको प्रबन्ध गरिने विषयलाई बजेट वक्तव्यले प्राथमिकतामा राखेको छ।

४. **बजेट व्यवस्था-** आर्थिक वर्ष २०७६।७७देखि २०८०।८१ सम्ममा दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यक्रमा विनियोजित बजेट तथा खर्चको अवस्था देहायबमोजिम रहेको छ।

**विगत ५ आर्थिक वर्षको बजेट तथा खर्चको विवरणः**

| आर्थिक वर्ष | वार्षिक बजेट (रु. लाख) | खर्च (रु. लाख) | प्रतिशत |
|---|---|---|---|
| २०७६।७७ | ५०० | २०० | ४० |
| २०७७।७८ | ५०० | २७५ | ५५ |
| २०७८।७९ | ५४७ | ५०५ | ९२ |
| २०७९।८० | ४६२ | ४३९ | ९५ |
| २०८०।८१ | ४९० | ५४७ | ९२ |
| **जम्मा** | **२५९९** | **१९६६** | **७६** |

५. **सङ्गठन संरचना-** पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१) मा रुपान्तरणकारी परियोजनाको रुपमा रहेको यस परियोजनाको कार्यान्वयन, समन्वय, सुपरिवेक्षण, नियमन तथा अनुगमन गर्ने मुख्य जिम्मेवार निकायको रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय रहेको छ। महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा रहेको महिला शसक्तीकरण महाशाखाबाट यस कार्यक्रम सञ्चालन, समन्वय, नियमन, सुपरीवेक्षण तथा अनुगमन गरिन्छ। यस कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु कार्यान्वयनमा संलग्न निकायहरु निम्नानुसार छन्:

- महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा निर्देशिका बमोजिम गठित समितिहरु
- नेपाली सेना
- प्रदेश स्थित अस्पतालहरु
- स्थानीय स्वास्थ्य संस्था
- निजीक्षेत्र

६. **कार्यक्रमले समेटेको क्षेत्र र क्रियाकलाप -** राष्ट्रपति महिला उत्थान परियोजना मार्फत मानव विकास सूचकाङ्कमा पछाडि परेका ३० जिल्ला र सबैभन्दा बढी अनौपचारिक श्रममा आवद्ध महिला भएका १० जिल्ला गरी जम्मा ४० जिल्लाबाट शुरु कार्यक्रमलाई २०७६ मा यस परियोजनाको रुपमा घोषणा गरी ७ प्रदेशका ५५ जिल्ला तथा तोकिएका स्थानीय तह मार्फत महिला उद्यमशीतला विकास सहभागिता अभिवृद्धि लैङ्गिक समानता र सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यमा सुधार गर्ने उद्देश्य सहित बिभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेका छन्। यस परियोजनाले समेटेको आर्थिक सशक्तीकरण, सामाजिक रुपान्तरण र राहत तथा उद्धार गरी मुख्य ३ आयाममध्ये राहत तथा उद्धार अन्तर्गत गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यक्रम समावेश छ। उक्त कार्यक्रममा नियमित यातायात सेवा नपुगेका दुर्गम हिमाली तथा पहाडी क्षेत्र (पूर्ण रुपमा लागु भएका १९ जिल्ला र आंशिक रुपमा लागु भएका २९ जिल्ला) का ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सेवा सञ्चालन तथा सेवाग्राहीलाई यातायात खर्च रु. २० हजार उपलब्ध गराउने क्रियाकलाप समावेश छन्।

७. **विषय छनोटको औचित्य -** संविधानले महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सम्बन्धी हक र राज्यका सवै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको सुनिश्चितता गरेको छ। यसका लगि नेपालले अन्तर्राष्ट्रियस्तरमा समेत प्रतिवद्धता जनाएको तथा सो सम्बन्धमा क्षेत्रगत कार्यक्रमसमेत सञ्चालन गर्दै आईरहेको छ। सुरक्षीत मातृत्व महिला समानता तथा सशक्तीकरण को विषयसँग सम्बन्धित दिगो विकास लक्ष्यमा नेपालले आन्तरिकीकरण गरी उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याएको छ। साथै, अन्तर्राष्ट्रिय समुदाय

तथा ईन्टोसाईले समेत महिला समानता तथा सशक्तीकरण र सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यको विषयको लेखापरीक्षणलाई महत्व दिएको छ। महिला उद्यमशीलता विकास सहभागिता अभिवृद्धि, लैङ्गिक समानता र सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यमा सुधार गर्ने उद्देश्यले पन्ध्रौ पञ्चवर्षीय योजना (२०७६।७७-०८०।८१) मा रुपान्तरणकारी परियोजनाको रुपमा समावेश गरेको र सोह्रौं योजना (२०८१/८२-२०८५/८६) ले समेत लैङ्गिक समानता र सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यको लक्ष्य तोकि संरचानात्कम रुपान्तरणको प्रमुख क्षेत्र तोकेको छ। साथै, ईन्टोसाई आईडीआईबाट सञ्चालित साझा भविष्य लेखापरीक्षण (इक्वेल फयूचर अडिट) मा लैंगिकता, समानता, गरिबी, वृद्धावस्था, अपांगता, जातीयता गरी विभिन्न ६ विषय उल्लेख भएकोमध्ये कार्यमूलक लेखापरीक्षणका लागि यो विषय छनोट गरिएको छ

# परिच्छेद- २

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

८. **लेखापरीक्षणको उद्देश्य** - दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार कार्यक्रम अन्तर्गत सञ्चालित क्रियाकलापको प्रभावकारिता अध्ययन विश्लेषण गरी देखिएका समस्या समाधानको लागि उपयुक्त सुझाव सहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ। थप उद्देश्य देहायबमोजिम रहेका छन्ः

- कार्यक्रमका लागि अपनाइएका पूर्वतयारी क्रियाकलापहरूको प्रभावकारिता मूल्यांकन गर्नु। (पूर्वतयारी चरण)
- कार्यक्रमको संस्थागत संरचना र स्रोत साधनको प्रभावकारिता तथा प्रभावकारिता मूल्यांकन गर्नु। (पूर्वतयारी चरण)
- कार्यक्रम अन्तर्गत प्रदान गरिने सेवाप्रवाह प्रक्रियाको प्रभावकारिता मूल्याङ्कन गर्नु। (उद्धार चरण)
- उद्धार गरिएका लाभग्रहीलाई प्रदान गरिने वित्तीय सहयोगको प्रभावकारिताको मूल्यांकन गर्नु। (पुनःस्थापना चरण)

९. **लेखापरीक्षणको क्षेत्र** - महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश अन्तर्गतका अस्पताल र स्थानीय तहलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकता अनुसार अन्य सम्बन्धित नियकायबाट समेत आवश्यक सूचना एवं जानकारी सङ्कलन गरिएको छ। समयावधिको सन्दर्भमा आर्थिक वर्ष २०८०।८१ सम्मका क्रियाकलापहरु समावेश गरिएको छ। साथै विशेष विश्लेषणका लागि, तीन आर्थिक वर्ष (२०२०७८।७९देखि २०८०।८१) का दस्तावेजहरूको अध्ययन तथा परीक्षण गरिएको छ। यस कार्यक्रममा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र १३ वटा प्रादेशिक अस्पतालहरू समावेश भएका छन्।

१०. **लेखापरीक्षण पद्धति** - लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन गर्न प्रक्रियामूलक पद्धति तथा कार्यक्रमको उपलब्धि मूल्याङ्कन गर्न नतिजामूलक पद्धति अवलम्बन गरिएको छ। यो पद्धति कार्यान्वयनका क्रममा सम्बन्धित निकायबाट जानकारी तथा निकाय प्रमुख लगायत अन्य पदाधिकारीसँग छलफलका माध्यमबाट सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ। महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कार्यक्रम सञ्चालन भएका सङ्घीय, प्रदेश र स्थानीय अस्पतालबाट कार्यक्रमको कार्यान्वयनको अवस्था र कार्यक्रमको प्रभावकारिताका लागि विभिन्न प्रश्नावली र विवरण मार्फत सूचना सङ्कलन तथा विश्लेषणका साथै छनौट भएका अन्य निकायको स्थलगत अवलोकन मार्फत जानकारी हासिल गर्ने, सो सम्बन्धी कागजात तथा फाइल अध्ययन गर्ने, सम्बन्धित पक्षसँग छलफल लगायतका लेखपरीक्षण विधि अवलम्वन गरी प्रतिवेदन तयार गरिएको छ। साथै नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, कार्यमूलक लेखापरीक्षणका सिद्धान्त (ईसाइ ३००), लेखापरीक्षणको मानदण्ड (ईसाइ ३०००), कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०८० बमोजिम लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण कार्यमा लेखापरीक्षण समिक्षापत्र, लेखापरीक्षण योजना र लेखापरीक्षणका मानदण्ड तथा निर्देशिका पालना गरी लेखापरीक्षण सम्पन्न भएपश्चात् व्यवस्थापनसँग देखिएका बेहोरा उपर छलफल गरी सम्बन्धित निकायको प्रतिकृया समेत समावेश गरी प्रतिवेदन तयार गरिएको छ।

११.  **लेखापरीक्षणको सीमा -** लेखापरीक्षणका लागि उपलब्ध श्रोत साधन र समयको सीमा, नियन्त्रण जोखिमको मात्रा तथा लागत लाभको दृष्टिकोणबाट सम्पूर्ण क्षेत्रलाई लेखापरीक्षणको दायरामा समेट्न सम्भव नहुने भएको हुँदा लेखापरीक्षण योजना बमोजिमको सारभूत विषयको छनौट गरी लेखापरीक्षण गरिएको छ। सम्बन्धित निकायहरुबाट प्राप्त सूचना, अभिलेख, विवरण, सरोकारवालासँगको छलफल, लेखापरीक्षण प्रश्नावली तथा तथ्याङ्क, वार्षिक प्रगति प्रतिवेदनका आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणमा प्रश्नावली तथा सम्बन्धित आधिकारिक निकायबाट प्राप्त द्वितीय स्रोतबाट सूचना सङ्कलन गरिएको छ। प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा उपलब्ध भएका स्रोत साधन आदि यसका सीमा रहेका छन्। साथै, नमुनाको रुपमा छनौट भएका संघीय, प्रादेशिक तथा स्थानीय तहमा सञ्चालित कार्यक्रम मूल्याङ्कन नतिजाको आधारमा प्रतिवेदनको समग्र निष्कर्ष निर्धारण गरिएको छ।

# परिच्छेद -३
# लेखापरीक्षणबाट देखिएका बेहोरा

संविधानले महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सम्बनधी हक र राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको सुनिश्चितता गरेको छ। सबै प्रकारका लैङ्गिक हिंसा र कुरीतिको अन्त्य गर्न, दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाहरूको उद्धार, सीप तथा उद्यमशीलताको विकास लगायतका महिला सशक्तीकरणको माध्यमबाट महिलाहरूको हक, अधिकार सुनिश्चित गर्दै राष्ट्र निर्माणको प्रत्येक तहमा समान सहभागिता पुऱ्याउने, आर्थिक रुपमा कमजोर र विपन्न महिलाहरूको जीवनस्तर उकास्दै सीप तथा क्षमताबाट उत्पादित तथा प्रवर्न्धित सामग्रीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पहिचान गराउन, प्रजनन् तथा मातृ स्वास्थ्यमा सुधार गर्न, सिमान्तकृत, मधेसी, मुस्लिम, पिछडा वर्ग र समुदाय भित्रका विपन्न महिलाहरूको संरक्षण, उत्थान, सशक्तीकरण, सामाजिक सुरक्षा मार्फत राष्ट्रिय विकासमा मूल प्रवाहीकरण गर्न राष्ट्रपति महिला सशक्तीकरण परियोजनालाई नेपाल सरकारले रुपान्तरणकारी योजनाको रुपमा कार्यान्वयनमा ल्याएको छ।

राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धार गरी मातृ तथा बाल मृत्युदर घटाउन, प्रजनन् तथा मातृ स्वास्थ्यमा सुधार गर्न, सीमान्तकृ, मधेसी, मुस्लिम, पिछडा वर्ग र समुदाय भित्रका विपन्न महिलाहरूको संरक्षण गर्न बाञ्छनीय भएकोले नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय मार्फत दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाहरूको उद्धार कार्यक्रम सञ्चालनमा रहेको छ।

**सकरात्मक पक्ष-**

उक्त कार्यक्रमको लेखापरीक्षण गर्दा देखिएका सकारात्मक बेहोराहरु देहायबमोजिम छन्:

- कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि तथा मापदण्ड तयार भई कार्यान्वयन भएको छ।
- दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७७
- दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यक्रम मार्फत पूर्ण रुपमा लागु भएका १९ जिल्ला र आंशिक रुपमा लागु भएका २९ जिल्लाबाट आर्थिक वर्ष २०७५।७६देखि २०८०।८१सम्म ७१३ सेवाग्राहीलाई सेवा प्रदान गरी वार्षिक लक्ष्यको तुलनामा सतप्रतिशत प्रगति हासिल गरेको छ।




**वार्षिक लक्ष्य तथा प्रगति बिबरण**

| आर्थिक वर्ष | लक्ष्य | प्रगति |
|---|---|---|
| २०७५।७६ | लक्ष्य नतोकिएको | २६ |
| २०७६।७७ | ५० | ८७ |
| २०७७।७८ | ६० | १०३ |
| २०७८।७९ | १५० | १६९ |
| २०७९।८० | १५० | १६७ |
| २०८०।८१ | १५० | १६१ |

*श्रोतः महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय*

**सुधार गर्नुपर्ने बेहोराहरुः**

कार्यक्रमको प्रभाकारीता अभिवृद्धिका लागि कार्यमूलक लेखापरीक्षणको आधारमा सुधार गर्नुपर्ने देखिएका बेहोराहरु निम्नानुसार उल्लेख गरिएको छः

१२. **कार्यक्रमको छनौट पूर्व तयारी** - आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व ऐन, २०७६ को दफा १० (ख) अनुसार नयाँ योजना तथा कार्यक्रम प्रस्तावित गर्दा कार्यक्रम स्वीकृत गर्नुभन्दा अगाडी कार्यक्रम सञ्चालनको ढाँचा तथा स्वरुप, सञ्चालन अवधि, बजेट तथा अपेक्षित प्रतिफल लगायतका विषयहरु खुलाई सम्भाब्यता अध्ययन प्रतिवेदन स्वीकृत गर्नुपर्दछ। कार्यक्रमहरु पहिचान, विकास तथा छनौट चरणमा आवश्यक पर्ने पूर्व अवधारणापत्र संभाव्यता अध्ययन, विस्तृत सर्वेक्षण, लाभ लागत विश्लेषण, स्पष्ट क्रियाकालाप तथा सो क्रियाकलाप कार्यान्वयन गर्न लाग्ने समय अवधिको स्पष्ट किटान, तथा सोको उपलब्धि सूचक सहितको परियोजना अवधारणापत्र तयार तथा स्वीकृत गरेको देखिएन। तसर्थ, परियोजनाको स्वीकृत अवधारणापत्र, सम्भाव्यताको अध्ययन, विस्तृत अध्ययन प्रतिवेदन पश्चात्मात्र परियोजनाको अवधारणापत्र र सोको लागि श्रोत व्ययवस्थापन लगायतका विषय क्रियाकलापहरु कार्यान्वयनमा लानुपर्ने व्यवस्थालाई पूर्णरुपमा पालना गर्नुपर्दछ।

१३. **कार्यक्रम कार्यान्वयन** - दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यक्रम मानव विकास सूचकांकमा पछाडि परेका ५५ जिल्लामा सञ्चालित छ। कार्यक्रमहरु संघीय निकाय, प्रदेश निकाय तथा स्थानीय तह गरी तिनै तहका सरकारको समन्वय र सहकार्यमा सञ्चालित छ। कार्यक्रम कार्यान्वयनमा मुख्य जिम्मेवार निकायको रुपमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय रहेको र सहयोगी निकायमा ७ प्रदेशका अस्पताल तथा सो अन्तर्गत

तोकिएको स्थानीय स्वास्थ्य संस्था तथा स्थानीय तहहरु रहेका छन्। उक्त कार्यक्रम राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत सञ्चालनमा आएको र पन्ध्रौं योजना मार्फत रुपान्तरकारी परियोजनाको एक महत्वपुर्ण कार्यक्रमको रुपमा रहेको अवस्था थियो। रुपान्तरणकारी परियोजनाको रुपमा सञ्चालित कार्यक्रमको स्पष्ट कार्यदिशा, कार्यान्वयन संयन्त्र तथा छुट्टै कार्यक्रम तथा बजेट हुनुपर्नेमा मन्त्रालय अन्तर्गतको तहगत संरचनामार्फत बजेट खर्च हुने गरेकोले घोषित लक्ष्य र उद्देश्य बमोजिमको नतिजा प्राप्ति एवं सोको एकीकृत अभिलेखन व्यवस्थापन तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कनमा समस्या देखिएको छ। रुपान्तरणकारी आयोजनाको एक प्रमुख कार्यक्रमको रुपमा राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रम भनिए तापनि छुट्टै कार्यक्रम बजेट तथा कार्यान्वयन संयन्त्र नहुँदा अन्य कार्यक्रमभन्दा भिन्न र प्रभावकारी हुन सकेको छैन। कार्यक्रम कार्यान्यिन प्रभावकारिताका लागि पर्याप्त श्रोत साधन सहित स्पष्ट कार्य जिम्मेवारी सहितको कार्यक्रम कार्यान्वयन संयन्त्र व्यवस्था गर्नु पर्दछ।

१४. **आकस्मिक उद्धार कोष व्यवस्थापन -** पन्ध्रौं पञ्चवर्षिय योजनाले दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यक्रम सञ्चालन मार्फत जीवन जोखिममा परेका गर्भवती महिलाको उद्धार तथ अस्पतालमा सुरक्षित प्रसूतिको व्यवस्थापन गर्न उद्धार कोष स्थापना गर्ने उल्लेख गरेको थियो। प्रन्ध्रौ योजनाको अवधि समाप्त भई सोह्रौं योजना (२०८१/८२-२०८५/८६) योजना शुरु भएको अवस्थामा समेत सो उद्धार कोष स्थापना भई सञ्चलनमा आएको देखिएन। साथै उक्त कार्यक्रमलाई सालबसबाली कार्यक्रमको रुपमा सञ्चालन गरिदै आएको देखिन्छ।

१५. **समान प्रकृतिको कार्यक्रम -** महिला वालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सञ्चालित यस कार्यक्रमसँग समानता हुने गरी अन्य प्रदेश स्तरीय मन्त्रालय तथा कार्यलयबाट समेत कार्यक्रम सञ्चालनमा रहेका देखिन्छन्। प्रदेश सरकारबाट सञ्चालित कार्यक्रमहरु र यस कार्यक्रमबिच तुलना गर्दा कतिपय कार्यक्रमले ओगटेको क्षेत्र, प्रकृति, उद्देश्य र क्रियाकलापहरु तथा लक्षित वर्ग समेतमा समानता देखिन्छ। उस्तै प्रकृतिका कार्यक्रमलाई सुदृढ सवल र प्रभावकारी वनाउनुको साटो नयाँ ढाँचा र नामबाट त्यस्तै प्रकारका अन्य कार्यक्रम समेत समानान्तररुपले सञ्चालन भइरहेको हुँदा कार्यक्रम कार्यान्वयनमा द्धिविधा उत्पन्न हुने तथा जिम्मेवारीको अस्पष्टता हुने र कार्यक्रमको क्षेत्र तथा लाभग्राही दोहोरिने देखिन्छ ।

| क्र.सं. | कार्यान्वयन गर्ने निकाय | कार्यक्रम तथा क्रियाकलापहरु |
|---|---|---|
| १. | स्वास्थ्य निर्देशनालय मकवानपुर | गर्भवती र सुत्केरी अवस्थाको ज्यान जोखिममा परेको महिलाको निःशुल्क हवाई उद्धार सेवा |
| २. | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, कास्की । | गर्भवती तथा सुत्केरी महिलाको जटिलता व्वस्थापनका लागि सुविधा सम्पन्न अस्पतालमा Air Lifting |
| ३. | स्वास्थ्य निर्देशनालय,लुम्बिनि प्रदेश । | दुर्गम तथा अपायक क्षेत्रका गर्भवती महिलाहरुका लागि निशुल्क हवाई उद्धार |
| ४. | सामाजिक विकास मन्त्रालय कैलाली सुदुरपश्चिम प्रदेश | जटिल प्रकृति प्रसुति तथा कडा रोगीहरुलाई आकस्मिक हवाई एम्बुलेन्स मार्फत सेवा |

एउटै प्रकृतिको कार्यक्रमलाई अन्तरसरकार समन्वय गरी सुदृढ र प्रभावकारी बनाउनुको साथै क्रियाकलाप दोहोरो नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ।

१६. **कार्यक्रमको क्षेत्र पुनरावलोकन -** राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धार गरी मातृमृत्युदर, बालमृत्युदर घटाउन दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरी

महिलालाई हवाई उद्धारसम्बन्धी कार्यकम कार्यन्वयनमा ल्याईएको र सोही कार्यक्रमलाई राष्ट्रपति महिला सशक्तीकरण परियोजनामा समेत समावेश गरिएको छ। महिलाको सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हकको कार्यान्वयन गर्ने, नियमित यातायात सेवा नपुगेका दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने महिलाको गर्भवती तथा सुत्केरी अवस्थाको कारणबाट हुने संभावित मृत्यु वा जोखिमबाट बचाउने, महिलालाई सुरक्षित प्रसूति सेवा उपलब्ध गराउने, नवजात शिशुलाई सुरक्षित मातृत्व सेवा उपलब्ध गराउने उद्देश्यले यस कार्यक्रम पूर्ण रुपमा १९ जिल्लामा र आंशिक रुपमा २९ जिल्लामा लागु भएको देखिन्छ।

**पूर्ण र आंशिक रुपमा कार्यक्रम लागु भएका जिल्लाहरूको विवरण**

| पूर्ण रुपमा लागु भएका जिल्लाहरू | आंशिक रुपमा लागु भएका जिल्लाहरू |
|---|---|
| ताप्लेजुङ, संखुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुंगा, मनाङ, मुस्ताङ, रुकुमपूर्व, रुकुमपश्चिम, जाजरकोट, डोल्पा, कालिकोट, मुगु, हुम्ला, बझाङ, बाजुरा, अछाम, दार्चुला | पाँचथरः फिदिम नगरपलिका बाहेकका सबै स्थानीय तह)<br>इलामः (माईजोगमाई गा.पा., सन्दकपुर गा.पा.)<br>तेह्रथुम (म्याङलुङ र लालीगुराँस नगरपालिका बाहेकका सबै स्थानीय तह) उदयपुर (ताप्ली गा.पा.)<br>धनकुटाः (चौविसेगा.पा.)<br>दोलखाः (भिमेश्वर र जिरी नगरपालिका बाहेकका सबै स्थानीय तह)<br>रामेछापः (उमाकुण्ड गा.पा.)<br>सिन्धुली (घ्याङलेख गा.पा.)<br>काभ्रेपलान्चोकः (महाभारत गा.पा., चौरीदेउराली गा.पा.)<br>सिन्धुपाल्चोकः (पाँचपोखरी थामपाल गा.पा., हेलम्बु गा.पा., जुगल गा.पा.), रसुवाः कालिका गा.पा र उत्तरगया गा.पा. बाहेकका सबै स्थानीय तह नुवाकोटः (दुप्चेश्वर गा.पा.)<br>धादिङः (रूबीभ्याली गा.पा, गंगा जमुना गा.पा, खनियाँबास गा.पा.)<br>गोरखाः (चुमनुब्री गा.पा, धार्चे गा.पा., आरुघाट गा.पा., सिरानचोकगा. पा., अजिरकोट गा.पा., बारपाक सुलिकोट गा.पा.)<br>लमजुङः (दूधपोखरी गा.पा., क्व्होलासोथार गा.पा)<br>स्याङजाः (हरिनास गा.पा. कालीगण्डकी गा.पा)<br>पर्वतः (जलजला गा.पा र मोदी गा.पा. को उत्तरतर्फघ्याम्पाल क्षेत्र)<br>म्याग्दीः (बेनी नगरपालिका बाहेकका सबै स्थानीय तह)<br>बाग्लुङः (ढोरपाटन न.पा., बडिगाड गा.पा., निसिखोला गा.पा., बरेङ गा.पा. तमानखोला गा.पा.,)<br>नवलपरासीः (बर्दघाट सुस्ता पूर्वहुप्सेकोट गा.पा.)<br>गुल्मीः (मालिका गा.पा., कालीगण्डकी गा.पा.)<br>प्यूठान (नौबहिनी गा.पा)<br>रोल्पाः (रुन्टिगढी र त्रिवेणी गापा बाहेक सबै स्थानीय तह)<br>जुम्लाः (चन्दननाथ नगरपालिका बाहेक सबै स्थानीय तह)<br>सल्यानः (कपुरकोट गा.पा. बाहेक सबै स्थानीय तह)<br>दैलेखः (गुराँस गाउँपालिका बाहेक सबै स्थानीय तह)<br>डोटीः (दिपायल सिलगढी नगरपालिका बाहेक सबै स्थानीय तह)<br>बैतडीः (दशरथ चन्द नगरपालिका बाहेक सबै स्थानीय तह)<br>डडेलधुरा (आलिताल गा.पा., नवदर्गा गा.पा., परशुराम न.पा. |

दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ मा नियमित यातायात सेवा नपुगेका दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने गर्भवती तथा सुत्केरी महिलालाई लक्षित गरी उद्धार तथा संरक्षण कार्यक्रम सञ्चालन

गर्ने उल्लेख छ। सोही कार्यबिधिले दुर्गम क्षेत्र भन्नाले सडक यातायातको पहुँच नपुगेका जिल्ला भनि परिभाषित गरेको छ। कार्यवधिको अनुसूची ४ मा कार्यक्रम लागु भएका जिल्लामा सडक यातायातको नियमित पहुँच पुगेको जिल्ला समेत छनोट भएको साथै कार्यक्रम समेत सोही आधारमा कार्यान्वयन भएको देखिएको हुँदा यस सम्बन्धमा दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७७ मा स्पष्ट व्यवस्था हुनु पर्दछ। साथै गर्भवती तथा सुत्केरी महिलालाई लक्षित गरी उद्धार तथा संरक्षण कार्यक्रम मार्फत हालसम्म ७१३ जनाले सेवा प्राप्त गरेको देखिन्छ। उद्धार तथा संरक्षण कार्यक्रम सञ्चालनको आवश्यकता तथा अवस्था समीक्षा गरी कार्यक्रम सञ्चालन हुने स्थान तथा कार्यक्रमले समेटेको क्षेत्र सम्बन्धमा पुनरावलोकन हुनु पर्दछ।

१७. **हवाई उद्धार सम्बन्धी प्रक्रियागत व्यवस्था** - दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी




महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यबिधी २०७७ को बुँदा ७ मा हवाई उद्धार समबन्धी प्रक्रियागत व्यवस्था देखिन्छ। अर्थशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयद्धारा तेश्रो पक्ष मूल्याङ्कन गरी पेश गरिएको प्रतिवेदन अनुसार हवाई उद्धार सेवाको प्रभावकारिता विभिन्न कारणले प्रभावित भएको देखिन्छ। धेरै लाभग्राहीहरू तथा स्थानीय निकायहरूले हवाई उद्धार प्रक्रियाबारे स्पष्ट जानकारी नपाएका कारण उद्धार सेवाको प्रभावकारिता कमजोर बनेको, हवाई उद्धार समन्वय समितिको भूमिका स्पष्ट भए तापनि स्थानीय तह, अस्पताल, प्रशासन तथा हवाई सेवा प्रदायक संस्थाहरूबिच समन्वयको अभाव रहेकोले उद्धार कार्यमा ढिलाई हुन सक्ने जोखिम रहेको छ। आपत्कालीन अवस्थामा छिटो निर्णय लिनुपर्ने भए पनि स्वीकृति प्रक्रिया ढिलो हुने, आवश्यक कागजात सङ्कलन मा समय लाग्ने तथा उद्धार सेवा सञ्चालन गर्न ढिलाइ हुने समस्याले समेत प्रभावित पारेको छ।

हवाई उद्धार सेवाको प्रभावकारिता सुनिश्चित गर्न समन्वय र प्रक्रियागत सुधार आवश्यक छ। सर्वप्रथम, स्थानीय तह, अस्पताल, प्रशासन तथा हवाई सेवा प्रदायक संस्थाहरूबिच प्रभावकारी समन्वय स्थापना गर्दै उद्धार प्रक्रियालाई छरितो बनाउन एकीकृत प्रणाली विकास गर्नुपर्छ। उद्धार प्रक्रियाबारे स्पष्ट जानकारी दिन व्यापक प्रचार-प्रसार अभियान सञ्चालन गरी लाभग्राहीहरू तथा सम्बन्धित निकायहरूलाई चेतनामूलक जानकारी प्रदान गर्नु आवश्यक छ। आपत्कालीन अवस्थामा छिटो निर्णय लिन सक्ने प्रणाली निर्माण गर्दै स्वीकृति प्रक्रियालाई सरल बनाउन आवश्यक कागजातहरू न्यून गर्दै डिजिटल पूर्वअनुमति प्रणाली लागु गर्न सकिन्छ। उद्धार सेवाको पहुँच विस्तार गर्न हेलिकप्टर तथा आवश्यक स्रोतसाधनको संख्या वृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ।

१८. **उद्धार साधनको सहज उपलब्धता -** दुर्गम तथा अति दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाहरूको आकस्मिक उद्धारको लागि हेलिकप्टर सेवाको सहज उपलब्धता अत्यावश्यक छ। दुर्गम तथा अति दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाहरूलाई आकस्मिक अवस्थामा समयमै स्वास्थ्य सेवा उपलब्ध गराउन हवाई उद्धार कार्यक्रम प्रभावकारी देखिए पनि हेलिकप्टरको उपलब्धता एक प्रमुख चुनौतीका रूपमा देखिएको छ। यसका कारण कतिपय महिलाको उद्धारमा समस्या सिर्जना भएको छ। यस कार्यक्रम अन्तर्गत स्वास्थ्य उद्धारका लागि हेलिकप्टरको सहज उपलब्धता नभएको तथा निजी हेलिकप्टर कम्पनीहरू व्यावसायिक उडानहरूमा प्राथमिकता दिने गरेको जस्ता कारणले अत्यावश्यक अवस्थामा तत्काल उद्धार गर्न कठिनाइ हुने गरेको बिबरण प्राप्त भएको छ। यस समस्यालाई समाधान गर्न सरकार तथा सम्बन्धित निकायहरूले हेलिकप्टर सेवा प्रदायकहरूसँग दीर्घकालीन सम्झौता गर्ने नीति अवलम्बन गर्नु जरुरी छ। सेवा प्रवाह प्रभावकारिताका लागि हेलिकप्टर सेवा प्रदायकहरूसँग दीर्घकालीन सम्झौता गर्दा समयमै उद्धार, वित्तीय पारदर्शिता, उद्धार कार्यको प्राथमिकता र समन्वय आवश्यक छ।

१९. **उद्धार समयावधी -** प्राप्त बिबरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा १६१ जना दुर्गम क्षेत्रमा रहेका सुत्केरी तथा गर्भवति महिलाको आपत्कालिन उद्धार गरिएको देखिन्छ। उक्त उद्धार सेवा अन्तर्गत लाभग्राहीलाई स्थानीय स्वास्थ्य सँस्थासम्म आईपुग्न लाग्ने समयलाई औषतमा गणना गर्दा प्रति व्यक्ति औषत समय ९० मिनेट लाग्ने गरेको छ। त्यस पश्चात् उद्धारकार्यको लागि स्थानीय सिफारिस समिति, हवाई उद्धार समन्वय समिति तथा सेवा प्रदायक संस्था तथा तोकिएको अस्पतालसंग समन्वय एवं प्रशासनिक प्रकृयाको लागि लाग्ने प्रतिव्यक्ति औषत समय ३० मिनेट रहेको देखिन्छ। त्यस्तै, हेलिकप्टरबाट आपत्कालिन अवस्थाको बिरामीको हवाई उद्धार गर्न लाग्ने औषत समय



२५ मिनेट रहेको छ। राहत तथा उद्धार समन्वय समिति तथा स्थानीय स्वास्थ्य संस्थाबाट आईपुग्न लाग्ने औषत समय हेलिकप्टरबाट उद्धार गर्ने समयसम्म भन्दा बढी समय लाग्ने गरेको देखिन्छ। आपत्कालिन अवस्थामा हवाई उद्धार सेवा प्रदान गरिएकोमा दुर्गम क्षेत्रमा सडक तथा यातायात सुविधा कमजोर हुँदा र बिरामीलाई प्रथम चरणमा स्थानीय स्वास्थ्य सँस्थासम्म ल्याई पुऱ्याउन समेत निकै समय लाग्ने गरेको कारण हवाई उद्धार कार्यमा समेत प्रभाव परेको देखिन्छ।

दुर्गम क्षेत्रमा आपतकालीन उद्धारलाई थप प्रभावकारी बनाउन सर्वप्रथम स्थानीय स्वास्थ्य संस्थासम्म बिरामी पुऱ्याउने प्रक्ृया छिटो बनाउन आवश्यक छ। यसका लागि स्थानीय तह, राहत तथा उद्धार समन्वय समिति, र स्वास्थ्य संस्थाबिच समन्वय सुधार गर्दै तत्काल उद्धारका लागि आवश्यक स्रोतसाधनको व्यवस्था गर्नुपर्छ। स्थानीय यातायात प्रणाली सुधार, जस्तै एम्बुलेन्स सेवा विस्तार, ग्रामीण सडक स्तरोन्नति, तथा अत्यावश्यक क्षेत्रमा मोटरबोट, घोडा वा स्ट्रेचर सवारीको व्यवस्था गरी बिरामीलाई प्राथमिक उपचारका लागि छिटो पुऱ्याउने उपाय अपनाउनुपर्छ। साथै, हेलिकप्टर उद्धार प्रक्रियालाई चुस्त बनाउन, उद्धार अनुरोधको स्वीकृतिलाई तीव्र डिजिटल प्रणालीमार्फत स्वचालित र सरल बनाउँदै, हेलिकप्टरको सहज उपलब्धता सुनिश्चित गर्न थप स्रोत परिचालन आवश्यक छ। यी सुधारात्मक उपायहरू अपनाइएमा, उद्धार सेवामा देखिएको ढिलाइ न्यूनीकरण भई, आपत्कालीन अवस्थामा जोखिममा रहेका बिरामीहरूको जीवन बचाउन थप प्रभावकारी प्रणाली निर्माण गर्न सकिन्छ।

२०. **रात्रिकालीन उद्धार सेवा -** उक्त कार्यक्रम ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला अर्थात १८ घण्टा भन्दा लामो प्रश्रव पिडा भएको, बच्चा जन्मन समस्या भएको शिशु जन्मेको ३० मिनेटसम्म समेत सालनाल ननिस्केको गर्भमा नै बच्चाको मृत्यु भएको गर्भवती अवस्थामा हुने Antepartum Haemorrhage-APH, प्रसुती पछीको अवस्थामा हुने Postpartum Haemorrhage- PPH अधिक रक्तश्राव लगायतका अत्यन्तै जटिल र आपत्कालिन अवस्थामा रहेका महिलाका लागि लक्षित छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार सुचना प्राप्त भएता पनि रात्रीकालीन समयमा कुनै पनि उद्धार कार्य गर्न नसकिएको अवस्था देखिएको छ।

मन्त्रालयले हवाई सुरक्षाको प्रमुख कारण देखाई रात्रीकालिन उद्धार सेवामा असामर्थता देखाएको छ। उद्धार सेवाको हकमा नेपालका दुर्गम क्षेत्रहरूमा २४ घण्टा हवाई उपलब्धता सुनिश्चित गर्नु चुनौतीपूर्ण भए तापनि यद्यपि नेपालका केही निजी प्रादायक सँस्थाले रात्रीकालिन आपत्कालिन उडान सेवा प्रदान गर्ने गरेका छन्। तसर्थ, यस समस्यालाई समाधान गर्नको लागि मन्त्रलयले निजी सेवा प्रदायकहरूसँग समेत समन्वय गरी आपतकालीन अवस्थाहरूमा २४ सै घण्टा हेलिकप्टर उद्धार सेवा सुचारु गरी जटिल आपतकालीन अवस्थामा र स्वास्थ्य संकट भएका महिलाहरुको उद्धार गर्ने प्रबन्ध मिलाउनु पर्दछ।




२१. **उद्धार कार्य समन्वय -** दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७७ को परिच्छेद ३ मा हवाई उद्धार कार्यलाई मार्गदर्शन प्रदान गर्न हवाई उद्धार निर्देशक समिति रहने तथा हवाई उद्धार कार्यको समन्वय गर्नको लागि हवाई उद्धार समन्वय समिति रहने उल्लेख छ। हवाई उद्धार कार्यको समन्वय गर्नको लागि हवाई उद्धार समन्वय समितिमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रलाय, अर्थ मन्त्रालय, उद्योग बाणिज्य मन्त्रालय, स्वस्थ्य मन्त्रालय नागरिक उड्डयन प्राधिकरण परोपकार प्रसुति तथा स्त्री रोग अस्पताल समेत ८ सदस्य रहने तथा सो समितिको सदस्य सचिबको रुपमा राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्वयन ईकाई प्रमुख रहने व्यवस्था छ। दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सेवा सञ्चालनको लागि २४ घण्टा सेवा प्रवाह गर्ने गरी सम्पर्क नम्बर उपलब्ध गराईएको छ। आपत्कालीन अवस्थामा रहेका गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धारको लागि सोहि फोन नम्बर मार्फत सूचना प्राप्त गरिन्छ। यसरी बिरामीबाट सूचना प्राप्त गर्ने र प्राप्त सूचनाको प्रमुख जिल्ला अधिकारी तथा स्थानीय स्वास्थ्य संस्था वा स्थानीय तह सँग यकिन गर्ने तथा जिल्ला प्रशासन कार्यालय तथा तोकिएको नजिकको अस्पतालसँग र हवाई सेवा प्रादयक संस्थासँग समन्वय गर्ने, हवाई उद्धारको लागि सेवा प्रदायकलाई आदेश दिइसकेपछि गन्तव्य अस्पतालमा सो बेहोराको जानकारी दिई आवश्यकता अनुसार हवाई उद्धार गर्ने स्थानसम्म ल्याउने डोको, स्टेकचर र एम्बुलेन्स सेवा उपलब्ध गराउने र सो को लागि सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयसँग समन्वय गर्ने र हवाई उद्धार सेवा उपलब्ध गराउने जस्ता कार्यजिम्मेवारी रहेका छन्। यसका साथै हवाई उद्धार गर्दा लागेको बिल बमोजिमको रकम यकिन गरी निर्देशक समितिमा सिफारिश गर्ने कार्य समेत समन्वय समितिको सदस्य सचिबले गर्नु पर्ने उल्लेख छ। उद्धार कार्य समन्वय तथा व्यवस्थापन कार्यमा देखिएका बेहोरा निम्नानुसार छन्।

२१.१ **कार्यबोझ व्यवस्थापनः** हवाई उद्धार कार्य समन्वय तथा व्यवस्थापन कार्यमा हवाई उद्धार समन्वय समितिको सदस्य सचिबको प्रमुख भूमिका रहेको छ। आपत्कालिन अवस्थामा उद्धार कार्य समन्वयका लागि सदस्य सचिबले नै सम्पूर्ण महत्वपूर्ण कार्यहरू सञ्चालन गरिरहेको अवस्था छ। ज्यान जोखिममा

रहेका गर्भवती र सुत्केरी महिलाहरूको उद्धार र समन्वय कार्यहरू सामान्य परिस्थिति भन्दा फरक र जटिल तथा आपतकालीन अवस्था रहेकोले एक जनशक्तिमा मात्र निर्भर रहन मिल्ने देखिँदैन। तसर्थ २४ घण्टा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न हेल्पलाइनमा थप जनशक्तिको व्यवस्था गर्नु आवश्यक छ। यस कार्यक्रम सञ्चालनका लागि, जनशक्तिको संख्या र संरचना निर्धारण गर्न आवश्यक छ, जसमा समन्वयकर्ताहरू, हेल्पलाइन अपरेटरहरू, उद्धारकर्मीहरू, र स्वास्थ्यकर्मीहरू समावेश हुनुपर्छ। साथै कार्यालय समय भन्दा बाहेकको अवस्थामा समेत उद्धार कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न लचिलो कार्य घण्टा र सकारात्मक कार्य वातावरण सहित जनशक्ति संख्या र संरचना थप गर्नु आवश्यक देखिन्छ।

२१.२ **आपत्कालीन उद्धार सेवा फरक प्रकृति -** यस कार्यक्रम अन्तर्गत महिलालाई सुरक्षित प्रसूति सेवा उपलब्ध गराउने तथा नवजात शिशुलालाई सुरक्षित मातृत्व सेवा उपलब्ध गरउने उद्देश्य सहित आपत्कालीन उद्धार सेवा प्रदान गर्ने कार्य हुँदै आएको छ। जटिल, आपत्कालीन र मानव जीवनको रक्षासँग सम्बन्धित क्रियाकलाप समेत सामान्य प्रशासनिक रूपले सञ्चालन भइरहेको आपत्कालीन सेवाका कार्यहरूलाई प्राथमिकता दिने, समन्वय प्रणालीलाई व्यवस्थित गर्ने, आवश्यक जनशक्ति र स्रोतहरूको व्यवस्थापन मार्फत प्रभावकारिता हासिल गर्नुपर्दछ। साथै, प्रशासनिक प्रक्रिया घटाई सेवा प्रभावकारी बनाउन अधिकार सहितको व्यवस्थापन प्रणाली तयार गर्न उपयुक्त देखिन्छ।





*सेवाग्राहीको उद्धार हुँदै गरेका तस्विरहरु:*

२२. **यातायात खर्च -** दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यबिधी २०७७ को बुँदा १० (घ) मा अस्पताल भर्ना भएकी गर्भवती तथा सुत्केरी महिलाको उपचार खर्च सहितको डिस्चार्ज भएको विवरण महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। यस कार्यक्रम मार्फत उद्धार गरिएका महिलालाई प्रतिव्यक्ति रु. २० हजारका दरले यातायात उपलब्ध गराउने व्यवस्था छ। २०७५।७६देखि २०८०।८१ सम्ममा जम्मा ७१३ ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलालाई रु. १ करोड ४२ लाख ६० हजार रकम बिनियोजन भएकोमा ३२ प्रतिशत २२८ जनाले मात्र सो भुक्तानी प्राप्त गरेको विवरण प्राप्त भएको छ।सो सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् ।

२२.१. हाल हवाई उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाहरूलाई आवश्यक उपचार र डिस्चार्ज सम्बन्धी विवरण यथाशिघ्र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउने व्यवस्था छ। अस्पताल

र मन्त्रालयबिच प्रभावकारी सम्पर्क प्रणालीको अभावका कारण अस्पतालबाट आवश्यक विवरण प्राप्त हुन ढिलाइ हुने गरेको साथै अस्पतालका कर्मचारीहरूले मन्त्रालयमा पठाउनु पर्ने विवरणबारे पर्याप्त जानकारी नपाएका कारण प्रशासनिक प्रक्रिया लम्बिएको देखिन्छ। मन्त्रालयमा समयमै विवरण आइपुग्यो वा आएन भन्ने समीक्षा गर्ने निश्चित संयन्त्र तथा डिजिटल प्रणालीको अभाव देखिन्छ। नियमित समीक्षा प्रक्रियाको अभावका कारण कुनै अस्पतालले विवरण पठाएन भने त्यसलाई पुनः सङ्कलन गर्ने वा अनुरोध गर्ने प्रभावकारी व्यवस्थाको अभाव देखिन्छ। डिजिटल अनलाईन प्रणालीको अभावमा अस्पतालहरूबाट तत्कालै तथ्याङ्क प्रबिष्टि गरी सो को प्रत्यक्ष जानकारी मन्त्रालयमा अपडेट हुने व्यवस्था नहुदा विवरण म्यानुअली कागजी रूपमा पठाइने हुँदा बिबरण सङ्कलन प्रक्रियामा ढिलाई हुने गरेको देखिन्छ।

२२.२. **फरक फरक ढाँचाको प्रयोग** - स्वास्थ्य संस्थाहरूमा डिस्चार्ज विवरण पठाउने प्रक्रियाका लागि स्पष्ट कार्यविधि वा अनुगमन प्रणालीको अभाव का कारण फरक फरक अस्पतालले कुन मापदण्ड अनुसार विवरण पठाउने भन्ने स्पष्ट नीति नभएको अस्पतालहरूले डिस्चार्ज विवरण कुन ढाँचामा (Format) पठाउने भन्ने निश्चित मापदण्ड नहुँदा अपूर्ण जानकारी आउने गरेको तथा सो जानकारीलाई पुन एकीकरण गरी निष्कर्ष विश्लेषण गर्न समेत अधिक समय लाग्ने गरेको छ। बिभिन्न अस्पतालबाट मन्त्रालयमा विवरण पठाउने समयसीमा तथा निश्चित ढाँचा सम्बन्धमा स्पष्ट व्यवस्था गर्नु पर्दछ।

२३. **विगत ५ वर्षको यातायात खर्च** - दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यबिधी २०७७ को बुंदा ११ मा हवाई उद्धार गरिएकी गर्भवती तथा सुत्केरी महिलालाई यातायात सुविधा वापत प्रति लाभग्राही रु. २० हजार उपलब्ध गराउने उल्लेख छ। उद्धार गरिएको महिलाले नियमानुसार प्राप्त गर्ने उक्त यातायात खर्च रकम मन्त्रालयबाट सम्बन्धित अस्पतालको अस्पताल विकास समितिको खातामा पठाउने गरेको र तहाँबाट अस्पातालले उद्धार गरिएको महिलालाई यातायात खर्च बापतको रकम नगदै वितरण गर्ने गरेको जानकारी प्राप्त भएको छ। वितरण प्रक्रिया सरल, छरितो र पारदर्शी बनाउन लाभग्राहीको प्रत्यक्ष बैंक खातामा रकम जम्मा गर्ने वा आधुनिक प्रविधिको उपयोग गर्दै डिजिटल भुक्तानी प्रणालीमार्फत रकम उपलब्ध गराई समयमै सहयोग पुऱ्याउने गरी व्यवस्थापन गर्न सकिएको छैन। पारदर्शी अनुगमन प्रणाली लागु गर्ने स्वचालित डिजिटल ट्र्याकिङ सिस्टम बनाई वितरण प्रक्रिया छरितो बनाउनुपर्दछ।



हवाई उद्धार सेवाग्राही यातायात सुविधा

| सि. नं. | आ. ब. | लाभग्राही संख्या | जम्मा रकम (रु. हजारमा) |
|---|---|---|---|
| १ | २०७५।७६ | २६ | ५२० |
| २ | २०७६।७७ | ८७ | १७४० |
| ३ | २०७७।७८ | १०३ | २०६० |
| ४ | २०७८।७९ | १६९ | ३३८० |
| ५ | २०७९।८० | १६७ | ३३४० |
| ६ | २०८०।८१ | १६१ | ३२२० |
| जम्मा | | | १४२६० |

२४. **यातायात खर्चको प्रभावकारिता** - मन्त्रालयबाट प्राप्त विवरण तथा अर्थशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयद्वारा तेश्रो पक्ष मूल्याङ्कन गरी पेश गरिएको प्रतिवेदन अनुसार दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यक्रममार्फत उद्धार गरेर अस्पतालमा ल्याई सकेपश्चात् घर फर्किन सहज होस् भन्ने मनसायले सरकारबाट सुत्केरी महिलाहरूलाई यातायात खर्च बापत रू.२० हजार उपलब्ध गराउने प्रावधान रहे तापनि कतिपय महिलाहरू र महिलाका आफन्तहरूलाई यसको बारेमा जानकारी नहुँदा हालसम्म ५० प्रतिशत भन्दा बढी महिलाहरूले उक्त रकम प्राप्त नगरेको तथा करिब एक तिहाइले मात्र प्राप्त गरेको र बाँकी अन्य महिलाहरूले उक्त रकम प्राप्त गर्नको लागि प्रक्रिया अपनाइरहेका छन्। उक्त समस्या समाधान गर्नका लागि सरकार तथा सम्बन्धित निकायहरूले सुत्केरी महिलाहरू र उनीहरूका आफन्तहरूलाई यसबारे जानकारी पुऱ्याउन प्रभावकारी प्रचार-प्रसार रणनीति अपनाउन आवश्यक देखिन्छ। अस्पताल, स्थानीय तह, महिला स्वास्थ्य स्वयंसेविका तथा सञ्चारमाध्यममार्फत सूचना प्रवाहलाई सशक्त बनाई सरल प्रक्रिया तयार पार्नुपर्छ। साथै, अनलाइन वा मोबाइलमार्फत सहज आवेदन दिन मिल्ने व्यवस्था गर्नुका साथै अस्पतालबाटै यातायात खर्च प्रदान गर्ने प्रणाली विकास गर्नुपर्छ। साथै, कार्यक्रमको प्रभावकारिता बढाउनुका साथै सुत्केरी महिलाहरूको सुरक्षित र सहज पुनर्स्थापनामा सहयोग पुऱ्याउन सूचनाको पहुँच वृद्धि, सहज प्रक्रियाको विकास, र संस्थागत समन्वय प्रणालीको विकास गरी महिलाहरूले यातायात खर्च समयमै प्राप्त गर्न सक्ने अवस्थाको सिर्जना गर्नुपर्दछ।



२५.	**यातायात खर्च भुक्तानीको अनुगमन -** दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७७ को बुँदा १२ मा हवाई उद्धार गरी उपचारका लागि ल्याइएको अस्पतालबाट आवश्यकता बमोजिमको स्वास्थ्य सेवा र यातायात सुविधा उपलब्ध भए नभएको सम्बन्धमा महिला तथा बालबालिका मन्त्रालय तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट अनुगमन एवं निरीक्षण हुनुपर्ने उल्लेख भएकोमा हालसम्म उक्त रकम सम्बन्धित महिलाले प्राप्त गरे नगरेको सम्बन्धमा महिला मन्त्रालयबाट अनुगमन निरीक्षण गरिएको देखिएन। साथै, स्वास्थ्य मन्त्रालयबाट समेत सो सम्बन्धमा अनुगमन निरीक्षण गरी कार्यक्रम सञ्चालित मन्त्रालयमा प्रतिवेदन गरिएको पाइएन। हवाई उद्धारपछि गर्भवती तथा सुत्केरी महिलाहरूलाई आवश्यक स्वास्थ्य सेवा तथा यातायात सुविधा समयमै उपलब्ध भयो वा भएन भन्ने मूल्याङ्कनको अभाव देखिन्छ। कार्यविधिमा भएको व्यवस्थाको पालना गरी लाभग्राहीलाई भुक्तानी भएको यातायात खर्चको प्रभावकारी अनुगमन गर्नुपर्छ।

२६.	**सेवाग्राहीको उमेर समूह -** मुलुकी अपराध (सँहिता) ऐन, २०७४ अनुसार विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष पुग्नु पर्दछ। मन्त्रालयबाट प्राप्त विवरण तथा अर्थशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयद्वारा तेश्रो पक्ष मूल्याङ्कन गरी पेश गरिएको प्रतिवेदन अनुसार दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यक्रममार्फत लाभान्वित भएका लाभग्राहीहरूको पहिलो शिशुलाई जन्म दिने उमेरलाई विश्लेषण गर्दा २५ प्रतिशत महिलाहरूले २० वर्षभन्दा कम उमेरमै र ५० प्रतिशत महिलाहरूले २२ वर्षभन्दा कम उमेरमै पहिलो शिशुलाई जन्म दिने गरेको बेहोरा उल्लेख छ। हवाई उद्धार कार्यक्रमबाट लाभान्वित भएका सुत्केरी महिलाहरूको उमेर विश्लेषण गर्दा २५ प्रतिशत महिलाहरूले २० वर्षभन्दा कम उमेरमा र ५० प्रतिशतले २२ वर्षभन्दा कम उमेरमै पहिलो शिशु जन्माएको देखिन्छ, जसले दुर्गम क्षेत्रमा किशोरावस्थामै विवाह र मातृत्वको उच्च दरलाई उजागर गर्दछ। यो अवस्था मातृ तथा शिशु स्वास्थ्यमा गम्भीर असर पार्न सक्ने भएकोले यो अवस्था न्यूनीकरण गर्न समग्र नीति तथा कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउन आवश्यक छ। सचेतना कार्यक्रम, विद्यालय शिक्षामा लैंगिक स्वास्थ्य तथा प्रजनन् शिक्षालाई समेटी किशोरीहरूलाई सशक्त पार्ने कार्यक्रमहरूमा उचित हस्तक्षेप गरिएमा किशोरी विवाह तथा कम उमेरमा मातृत्वको दर घटाउन सकिन्छ, जसले मातृ तथा शिशु स्वास्थ्य सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

**उद्धार गरिएका सेवाग्रहिी उमेर समूह**



**उद्धार गरिएका सेवाग्राहीको उमेर समूह विवरण**

| सि. न. | आ. ब. | प्रतिशत | संख्या |
|---|---|---|---|
| १ | २० वर्षभन्दा कम उमेरका आमा | २५ | करिब १७८ |
| २ | २२ वर्षभन्दा कम उमेरका आमा | ५० | करिब ३५६ |
| ३ | २२ वर्षभन्दा बढी उमेरका आमा | २५ | करिब १७९ |
| **उद्धार गरिएका सेवाग्राही सं जम्मा** | | | ७१३ |

यस कार्यक्रम समग्र महिला शसक्तिकरण परियोजनाको प्रमुख ३ आयाम मध्येको एक राहत तथा उद्धार आयाम अन्तरगतको एक कार्यक्रमको रुपमा रहेको हुँदा विवाह गर्ने र बच्चा जन्माउने उमेरलाई विश्लेषण गर्दा महिला सशक्तीकरणका अन्य कार्यक्रमहरू कम प्रभावकारी भएको देखिन्छ। तसर्थ हवाई उद्धारमार्फत गर्भवती तथा सुत्केरी महिलाका लागि सञ्चालन गरिएको कार्यक्रमको प्रभावकारिता वृद्धि गर्नको लागि अन्य कार्यक्रमको प्रभावकारी बनाउनु पर्दछ।

२७. **शिक्षाको आधारमा लाभग्राहीको वर्गीकरणः नेपालको संविधान, धारा ३१ (२) मा माध्यमिक तह (कक्षा १२ सम्म) को** शिक्षा निःशुल्क प्रदान गरिने उल्लेख छ। त्यस्तै शिक्षा ऐन, २०२८ (संशोधनसहित) मा आधारभूत शिक्षा (कक्षा ८ सम्म) निःशुल्क र अनिवार्य गरिएको एवं शिक्षा ऐनको नवौं संशोधन (२०७३) अनुसार माध्यमिक शिक्षा (कक्षा १२ सम्म) निःशुल्क गर्ने नीति लिईएको छ। शिक्षा नियमावली, २०५९ अनुसार प्रदेश र स्थानीय तहलाई निःशुल्क माध्यमिक शिक्षा लागु गर्ने अधिकार समेत प्रदान गरेको छ। हवाई उद्धार कार्यक्रमका लाभग्राहीहरू लाई शिक्षा प्राप्तिको तहगत आधारमा विश्लेषण गर्दा करिब ५५ प्रतिशत लाभग्राहीहरू आधारभूत तह र निरक्षर रहेको देखिन्छ । माध्यमिक तह उत्तीर्ण गर्ने ४२ प्रतिशत र विश्वविद्यालय तह उत्तीर्ण गर्ने ३ प्रतिशत मात्र रहेको देखिन्छ।

**उद्धार गरिएका सेवाग्राहीको शिक्षाको स्तर विवरण**




यसले दुर्गम तथा विपन्न समुदायमा शिक्षाको पहुँच अझै कमजोर रहेको संकेत गर्छ। शिक्षा र स्वास्थ्यलाई परस्पर जोडेर गर्भवती तथा नवजात शिशु स्वास्थ्य कार्यक्रमसँगै शिक्षाको महत्त्वबारे सचेतना अभियान सञ्चालन गर्न आवश्यक छ। यी उपायहरू अवलम्बन गर्दा हवाई उद्धार कार्यक्रमका लाभग्राहीहरूको साक्षरता दर वृद्धि हुनुका साथै दीर्घकालीन रूपमा जीवनस्तर सुधार भई यस कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न सकिन्छ।

२८. **उद्धार गरिएको गर्भवती तथा सुत्केरी महिलाः** मन्त्रालयबाट प्राप्त तथ्याङ्क अनुसार आ.व. २०७५/७६देखि २०७९/८०सम्म कुल ५५३ र आ.व.२०८०।८१ सम्ममा ७१३ गर्भवती तथा सुत्केरी महिलाहरूको उद्धार भएको देखिन्छ। यो कार्यक्रमबाट तुलनात्मक हिसाबले कर्णाली प्रदेश र कोशी प्रदेशका गर्भवती तथा सुत्केरी महिलाहरू बढी लाभान्वित भएको, लुम्बिनी र गण्डकी प्रदेशमा संख्यात्मक हिसाबले कम महिलाहरूले यो सुविधा लिएको देखिन्छ।प्रदेशगत रुपमा सवैभन्दा बढी कोशी र कर्णाली प्रदेशमा बढी लाभग्राही तथा लुम्बिनी र गण्डकी प्रदेशमा तुलनात्मक कम गर्भवती तथा सुत्केरी महिलाहरूको उद्धार भएको देखिन्छ। सर्वसाधारणहरूले यो कार्यक्रमको वारेमा जानकारी प्राप्त गर्दै जानु र प्रक्रियागत झन्झटहरूमा समेत क्रमशः कमी हुँदै गएको कारणले गर्दा उद्धारको संख्या क्रमशः बढ्दै गएको देखिन्छ।

**हवाई उद्धारको प्रदेशगत विवरण**




*श्रोतः अर्थशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयद्वारा तेश्रो पक्ष मूल्याङ्कन प्रतिवेदन*

२९. **सेवा प्रदायक संस्था छनौट** - दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७७ को बुँदा ५ मा हवाई उद्धार कार्यक्रमको लागि सेवा प्रदायक संस्था सार्वजनिक खरिद ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम सरकारी, निजी तथा अन्य क्षेत्रवाट खरिद गरिने र सेवा प्रदायक संस्था छनौट नभएसम्मका लागि रक्षा मन्त्रालयसंग समन्वय गरी नेपाली सेनाको हेलिकप्टर मार्फत हवाई उद्धारका काम गरिने र नेपाली सेनाको हेलिकप्टर तत्काल उपलब्ध हुन नसक्ने तर तत्कालै उद्धार नगरे ज्यान जोखिममा पर्ने अवस्था भएमा निजी सेवा प्रदायकबाट सरकारी दररेटमा हवाई सेवा लिन सक्ने व्यवस्था छ। मन्त्रालयले निर्देशिका जारी भएको ५ वर्ष व्यतीत हुँदा पनि कार्यविधिमा भएको व्यवस्था अनुसार सार्वजनिक खरिद ऐन, २०६३ अनुरुप प्रतिस्पर्धात्मक विधिको अवलम्वन गरेको छैन। कानुनी प्रावधान अनुरुप खरिद गरिनुपर्दछ।

३०. **हवाई उद्धार खर्च** - मन्त्रालयले उपलब्ध गराएको विवरण अनुसार पाँच वर्षमा हवाई उद्धार गरिएका जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको संख्या र खर्च रकम निम्नानुसार छ।




**हवाई उद्धारको खर्चविवरण**

| आ. व. | सेवा ग्राही संख्या | रकम (रु. लाख) | प्रति सेवाग्राही लागत खर्च (रु. लाख) |
|---|---|---|---|
| २०७६।७७ | ८७ | २०० | २ लाख २९ हजार |
| २०७७।७८ | १०३ | २७५ | २ लाख ६६ हजार |
| २०७८।७९ | १६९ | ५०५ | २ लाख ९९ हजार |
| २०७९।८० | १६७ | ४३९ | २ लाख ६३ हजार |
| २०८०।८१ | १६१ | ५४७ | ३ लाख ४० हजार |
| **जम्मा** | **६८७** | **१९६६** | |

राष्ट्रपति महिला शसक्तीकरण परियोजनामा यो वर्ष मन्त्रालयबाट खर्च हुने रकमको लागि रु ७ करोड ६ लाख १० हजार बजेट विनियोजन भएको मध्ये १६१ जनालाई हवाई उद्दार गरी रु ५ करोड ४७ लाख ३७ हजार खर्च भएको देखिन्छ भने हवाई उद्धार गरिएका महिलालाई ३ अस्पताल मा उपचार गरी प्रति व्यक्ति रु २० हजारका दरले ७४ जनालाई रु. १४ लाख ८० हजार यातायात खर्च भएको देखिन्छ। आ.ब. २०८०।८१ को हवाई खर्च अनुसार प्रति व्यक्ति उद्धार लागत खर्च रु. ३ लाख ४० हजार परेको छ। मन्त्रालयबाट हुने हवाई उद्धार खर्च सम्बन्धमा आर्थिक रुपमा विपन्न तथा पिछडिएका समुदायका जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई हवाई खर्च उपलब्ध गराउने तथा आपत्कालिन अवस्थामा रहेका अन्यलाई समेत हवाई उद्धारमा सहजीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ।

३१. **सूचना अद्यावधिक तथा नियमित अनुगमन -** दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधी २०७७ को बुँदा १२(३) मा सुचना अद्यावधिक तथा उद्धार कार्यको दुरुपयोग भए नभए सम्बन्धमा नियमित अनुगमन गरिने उल्लेख छ। गर्भवती महिलाको हवाई उद्धार गर्नु पर्ने कारण उद्धारको अनुगमन उद्धार, गरिएको गर्भवती सुत्केरी र नवजात शिशुको

अवस्थाको सूचना अद्यावधिक गर्ने तथा उद्धार कार्यको सदुपयोग भएको सुनिश्चितताताका लागि उद्धार गरिएका प्रत्येक गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य अवस्था सम्बन्धमा मन्त्रालयबाट लक्षित वर्गसँग सेवाग्रही सन्तुष्टि सर्वेक्षण गरी अनुगमन गरिएको देखिएन। अस्पतालहरूले उद्धारपछि प्रदान गरेको स्वास्थ्य सेवा र यातायात सुविधालाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन र आवश्यक सूचना अद्यावधिक गराउन अनुगमन प्रणाली लागु गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्दछ। साथै, उद्धारकार्यमा भएको खर्च तथा यातायात सुविधाको रकमको उपयोग र सो बाट अपेक्षित उपलब्धि हासिल भयो भन्ने सुनिश्चित गर्न सो कार्यक्रमबाट भएका क्रियाकलापको अभिलेख, प्रतिवेदन, अनुगमन तथा विश्लेषण गर्ने गराउने व्यवस्था हुनुपर्दछ।

# परिच्छेद - ४
# निश्कर्ष तथा सुझाब

हवाई उद्धार सेवाको प्रभावकारिता र पहुँच सुनिश्चित गर्न बहुआयामिक सुधार आवश्यक छ। पहिलो चरणमा, कार्यक्रमको छनोट, पूर्वतयारी, तथा कार्यान्वयनलाई सुदृढ पार्न स्पष्ट रणनीति तय गर्दै स्थानीय सरकार, स्वास्थ्य संस्थाहरू, र सम्वन्धित निकायहरूसँग समन्वयलाई प्रभावकारी बनाउनुपर्छ। आकस्मिक उद्धार कोषलाई दीर्घकालीन रूपमा व्यवस्थापन गर्न वित्तीय स्रोतहरूको सुनिश्चितता आवश्यक छ। सूचनाको पारदर्शिता र निर्णय प्रक्रियालाई छोट्याउन, उद्धार सेवा माग व्यवस्थापनलाई प्रविधिमैत्री बनाउनका लागि डिजिटल प्रणाली तथा हेल्पलाइन सेवा प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्छ ।

समग्र उद्धार सेवाको दायरा फराकिलो पार्दै समान प्रकृतिका अन्य स्वास्थ्य तथा आपतकालीन उद्धार कार्यक्रमहरूसँग सहकार्य गर्दै उद्धार क्षेत्रको पुनरावलोकन गरी वास्तविक जोखिमयुक्त स्थान पहिचान गरेर प्राथमिकताका आधारमा स्रोत साधन परिचालन गर्नु पर्दछ। उद्धार साधनको सहज उपलब्धता सुनिश्चित गर्न हेलिकप्टर तथा अन्य वैकल्पिक यातायात साधनहरुको उपलब्धता बढाउनु आवश्यक छ साथै हवाई उद्धार सम्बन्धी प्रक्रियालाई सहज, स्पष्ट, र कम समय लाग्ने बनाउनु पर्दछ। रात्रीकालीन उद्धार सेवाको अभावलाई मध्यनजर गर्दै अन्य हवाई सेवा प्रदायकसँगको सहकार्यमा २४/७ सेवा उपलब्ध गराउने व्यवस्था मिलाई आपत्कालिन उद्धार कार्यलाई बिस्तार गर्नुपर्दछ।

सेवाग्राहीलाई प्रदान गरिने खर्चको पारदर्शिता अभिवृद्धि गर्न र सो रकम सम्पूर्ण लाभग्राहीलाई अनिवार्य वितरण गर्न डिजिटल माध्यमबाट सरल तथा शिघ्र भुक्तानी गर्ने प्रणालीको विकास गर्नु पर्दछ। सेवाग्राहीहरूलाई आफ्ना अधिकार र सुविधाबारे स्पष्ट जानकारी प्राप्त हुन सहयोग पुर्‍याउनको लागि यातायात खर्चको प्रभावकारिता बढाउन समुदायस्तरमा सचेतना अभियान सञ्चालन गर्नु पर्दछ।

यातायात खर्च भुक्तानीको अनुगमनलाई कडाइका साथ लागु गरी लाभग्राहीहरूले वास्तविक रूपमा सेवा प्राप्त गरिरहेका छन् वा छैनन् भन्ने सुनिश्चित गर्नु आवश्यक छ। सेवाग्राहीहरूको उमेर समूहका आधारमा विशेष कार्यक्रमहरू लागु गर्नुपर्ने देखिन्छ, कार्यक्रमको सेवाग्राहीको उमेर समूह विश्लेषण गर्दा विशेष गरी कम उमेरमा आमा बन्ने दर उच्च भएकाले सम्बन्धित निकायले किशोरी तथा युवतीहरूलाई लक्षित गरी सुरक्षित मातृत्व र परिवार नियोजनसम्बन्धी सचेतना कार्यक्रमहरू तर्जुमा गर्दा यस कार्यक्रमको नतिजालाई अनुसरण गर्नु आवश्यक छ। उद्धार गरिएको गर्भवती तथा सुत्केरी महिलाहरूको संख्या तथा सेवाको प्रभावकारिता मापन गरी आगामी योजनाहरूलाई तथ्यमा आधारित बनाउनु आवश्यक छ।

सूचना प्रवाहलाई थप व्यवस्थित बनाउन डिजिटल प्रणाली तथा नियमित अनुगमन प्रणालीलाई सुदृढ गर्दै उद्धार सेवाका विवरणहरू समयमै अद्यावधिक गर्नुपर्छ। साथै, स्थानीय सरकार, स्वास्थ्य संस्थाहरू, तथा समुदायस्तरका निकायहरूलाई सक्रिय सहभागी गराउँदै जिम्मेवारी बाँडफाँड गरी उद्धार सेवाको प्रभावकारिता कार्यक्रमको कार्यान्वयन पक्षलाई सुदृढ बनाई लक्षित प्रतिफल प्राप्त गर्नको लागि यस प्रतिवेदमा उल्लेखित समस्याको सम्वोधन गरी परियोजनाको प्रभावकारिता बढाउनु पर्दछ।

# अर्थतन्त्रको अवस्था
# विशेष अध्ययन

सार्वजनिक वित्त व्यवस्थापन र नेपालको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण गरी नेपाल सरकारलाई अर्थतन्त्रको बाह्य क्षेत्र, सार्वजनिक वित्त र वित्तीय क्षेत्रमा देखा परेका दबाब र जटिलताले नेपालको समष्टिगत आर्थिक अवस्था, सार्वजनिक वित्तका सार्वजनिक खर्च र राजस्व तथा वित्तीय क्षेत्रमा देखिएको समस्याको गहनरुपमा अध्ययन गरी तथ्यमा आधारित अवस्थितिको अध्ययन गर्नु आवश्यक रहेको छ।

१. **अध्ययनको सान्दर्भिकता र औचित्य** - नेपालको संविधान र लेखा परीक्षण ऐन, २०७५ बमोजिम महालेखापरीक्षकले संघीय कानुनले तोकेका निकायहरुको लेखापरीक्षण गर्ने र लेखापरीक्षणमा देखिएका नतिजा समेटिएको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने व्यवस्था अनुसार महालेखापरीक्षकको आगामी प्रतिवेदनमा सार्वजनिक वित्त व्यवस्थापनका चुनौतीहरु, सुधारका विविध पक्षहरुको अध्ययन गरी सार्वजनिक वित्त व्यवस्थापनका सम्बन्ध संघीय, प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्ने नीति, कानुन र प्रशासनिक उपलब्धिहरुको अवस्था, चुनौती र सुधार गर्नु विविध पक्षहरुको अध्ययन गरी सुझाव दिनु रहेको छ।

२. **अध्ययन विधि** - प्रस्तुत अध्ययन नेपाल सरकारका विभिन्न निकायहरुबाट प्रकाशित वा विद्युतीय माध्यमबाट सार्वजनिक गरिएका माध्यमिक तथ्याङ्कहरुको सङ्कलन, अध्ययन तथा विश्लेषण गरी सोको आधारमा प्रतिवेदन तयार गरिएको छ। साथै विश्वसनीय र मान्यता प्राप्त अन्तर्राष्ट्रिय संस्था जस्तैः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक, एसियाली विकास बैंक, आर्थिक सहायता र विकास संगठन र अन्य देशका आधिकारिक प्रतिवेदनहरु र विभिन्न सान्दर्भिक सामग्रीहरुको अध्ययन गरिएको छ। तीमध्ये मुख्य तथ्याङ्क देहाय बमोजिमका प्रतिवेदनहरुबाट साभार गरिएको छः

- अर्थ मन्त्रालयले प्रकाशन गरेका आर्थिक सर्वेक्षण बजेट, वक्तव्य तथा अन्य प्रकाशनहरु,
- महालेखा नियन्त्रक कार्यालयले प्रकाशन गरेका संघीय, प्रदेश र स्थानीय तहको सार्वजनिक खर्च र कोषको अवस्थासहितको एकीकृत विवरणहरु,
- सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्रकाशन गरेका सार्वजनिक ऋण, आन्तरिक र बाह्य ऋणको ब्याज र साँवा भुक्तानी सम्बन्धी तथ्यांक र विवरणहरु,
- नेपाल राष्ट्र बैंकले प्रकाशन गरेका समग्र अर्थतन्त्र, मौद्रिक तथा वित्तीय तथा सार्वजनिक वित्त सम्बन्धी तथ्यांक र विवरणहरु,
- भन्सार विभाग, आन्तरिक राजस्व विभाग तथा विभिन्न नियामक निकायहरुले प्रकाशन गरेका तथ्यांक र विवरणहरु।

३. **अध्ययनको सीमा** - अध्ययनको लागि प्राप्त समय अवधि र एकीकृत एवं खण्डिकृत तथ्याङ्कको अभाव यस अध्ययनका सीमा रहेका छन् ।

४. **पृष्ठभूमि** - सरकारको आय र व्यय सम्बन्धी नीति, कार्यक्रम तथा कार्य विवरण अनुरुप सुधारका कार्यहरु हुँदै आए तापनि नेपालको अर्थतन्त्रको बाह्य क्षेत्र, सार्वजनिक वित्त र वित्तीय क्षेत्रमा देखा परेका दबाब र जटिलतालाई सम्बोधन गर्न सकिएको छैन। मुलुकको आयातमा आधारित राजस्व, तुलनात्मक

रुपमा न्यून निकासी र बढ्दो व्यापार घाटाको अवस्था मुलुकमा रहेको छ। राजस्व र खर्चको वृद्धि हुँदै गए तापनि पुँजीगत खर्चको प्रभावकारिता न्यून रहनु, पर्याप्त तयारी बिना गर्ने प्रवृत्ति, ऋणको मात्रा बढ्दै जानु, भुक्तानी दायित्व उच्च रहनु, वित्तीय हस्तान्तरण न्यून हुँदै जानु, समपूरक र विशेष अनुदानतर्फ बर्षेनि आयोजना थप भई असीमित दायित्व सिर्जना हुने जस्ता विषय मुलुकका चुनौतीका रुपमा रहेका छन् ।

**सकरात्मक पक्ष -** सार्वजनिक वित्त व्यवस्थापनमा रहेका चुनौतीहरुको समीक्षा गरी संघ, प्रदेश र स्थानीय तहसमेतको वित्त संरचना र प्रणालीको सुदृढीकरणको लागि नेपाल सरकारले कार्यान्वयन गर्नु पर्ने नीतिगत, कानुनी र प्रशासनिक सुधारका कार्यहरु हुँदै आएका छन। आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा वैदेशिक व्यापारमा कमी आएकोले शोधनान्तर स्थितिमा सुधार आएको छ। शोधनान्तर स्थिति रु.५ खर्ब २ अर्ब चालु खाता रु. २ खर्ब २१ अर्बले बचतमा रहेको छ।

प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन यसका अबरोधहरु पहिचान गरी सुधार गर्ने, जलविद्युत् उत्पादन र प्रसारणलाइन विस्तारमा जोड दिने, गुणस्तरीय सडक सञ्जाल निर्माण गर्ने, ग्रामीण सडक सञ्जाललाई कृषि उत्पादन र बजारीकरणसँग आबद्ध गर्ने, पुँजीगत खर्चको प्रभावकारिता बढाई आर्थिक वृद्धिमा सहयोग पुऱ्याउने, प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्दै सरकारी लगानीलाई आर्थिक पूर्वाधारमा केन्द्रित गर्ने, बहुवर्षीय ठेक्काको सहमति दिइएका आयोजनाको स्रोत व्यवस्थापन गर्ने, वैदेशिक अनुदान र सहुलियतपूर्ण ऋणलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्ने, जलवायुसँग सम्बन्धित कोषहरुको परिचालनमा जोड दिने गरी नीतिगत व्यवस्थाको शुरुवात गरिएको छ। नेपालमा लगानी सहजीकरणसम्बन्धी कानुनहरु परिमार्जन हुँदै जानुका साथै राजस्व परिचालन रणनीति कार्यान्वयनमा आएको छ। अनिवार्य दायित्व भुक्तानीको हिस्सा क्रमशः वृद्धि हुँदै जाँदा चालु खर्चमा दबाब सिर्जना हुँदै गएको छ। तथापि विदेशी मुद्रा सञ्चितिलगायत अर्थतन्त्रका अन्य सूचकहरु सकारात्मक रहेका छन् ।

**लेखापरीक्षणबाट देखिएका बेहोराहरुः**

५. **आर्थिक वृद्धिदर -** नेपालको विगत पाँच वर्षको आधारभूत मूल्यको वास्तविक औसत आर्थिक वृद्धिदर ४ प्रतिशत भन्दा कम रहेको छ।पछिल्ला वर्षहरुमा नेपालको कुल राष्ट्रिय आय र कुल राष्ट्रिय खर्च योग्य आम्दानीको अनुपात सन २०२३।२४मा १:१.२५ रहेको देखिन्छ। कुल गार्हस्थ उत्पादनसँग कुल पूँजी निर्माणको अनुपात करिब ३० प्रतिशतको हाराहारी रहेको र कुल गार्हस्थ बचतको अनुपात ८ प्रतिशतभन्दा कम रहेकोमा कुल राष्ट्रिय बचत भने हालका वर्षहरुमा ३६ प्रतिशतको हाराहारीमा रहेको छ।देशको आन्तरिक उत्पादनभन्दा बढ्दो विप्रेषण आयको कारण कुल गार्हस्थ उत्पादन करिब रु. ५७ खर्ब ४ अर्बको हाराहारीमा पुगेको छ।

६. **कृषिको व्यसायीकरण -** कुल गार्हस्थ उत्पादनमा कृषिक्षेत्रले २१.२७ प्रतिशत र गैह्र कृषिक्षेत्रले ७८.७३ प्रतिशत योगदान दिएको छ।नेपालको कुल भूभागमध्ये बसोबासयोग्य भूमि करिब २८ प्रतिशत व्यावसायिक रुपमा कृषियोग्य भूमि २४ प्रतिशत रहेको छ। वैदेशिक रोजगार र बसाइसराइ तथा तीव्र सहरीकरणले करिब ३० प्रतिशत कृषियोग्य भूमि बाँझो रहेको अवस्था छ। अझै पनि कृषिमा आश्रित जनसंख्या ५७ प्रतिशत रहेको र वनक्षेत्रले करिब ४५ प्रतिशत भूमि ढाकेको भए तापनि कुल गार्हस्थ उत्पादनमा यसको योगदान न्यून नै रहेको छ। अतः कृषि उत्पादनको व्यावसायीकरण र वन क्षेत्रलाई गार्हस्थ उत्पादनसँग जोड्नुपर्ने देखिएको छ। कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको

योगदानमा सामान्य र सेवा क्षेत्रको योगदानमा क्रमिक सुधार भए पनि उद्योग क्षेत्रको योगदानमा गिरावट देखिएको छ। विद्युत, ग्यास, वाष्ष तथा वातानुकूलित आपूर्ति सेवा, यातायात तथा भण्डारण, आवास तथा भोजन सेवा, वित्तीय तथा बिमा क्रियाकलापहरु तथा पेशागत तथा वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरु, सूचना तथा प्रविधि र ताररहित सेवा जस्ता क्षेत्रहरुबाट उल्लेख्य राजस्व परिचालन हुन सकेको छैन। पुंजी निर्माणमा वृद्धि तथा आर्थिक गतिविधिमा विस्तार गरी वित्त परिचालन गर्नुपर्दछ।

७. **सार्वजनिक वित्त** - आर्थिक वर्ष २०८०।८१ मा कुल गार्हस्थ उत्पादन ३.८७ प्रतिशतले वृद्धि हुने अनुमान गरिए पनि निजी उपभोगमा सामान्य वृद्धि भएको र सरकारी क्षेत्रको पुँजीगत लगानी वृद्धि हुन नसक्दा समष्टिगत माग वृद्धि हुन नसकेको, निजी लगानी, उत्पादन, रोजगारी र आयमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ। उत्पादनमूलक उद्योग, निर्माण व्यवसाय क्षेत्रमा नकारात्मक वृद्धिदर देखिएको, थोक तथा खुद्रा व्यापार, सवारी साधन मर्मत सेवामा नगण्य सुधार भएको र औद्योगिक कच्चा पदार्थ, फलाम, स्टील, विद्युतीय सामान र निर्माण सामग्रीको आयात घटेको कारणले गत वर्ष भन्सार बिन्दुमा सङ्कलन हुने राजस्व र आन्तरिक उत्पादन तथा बिक्री वितरण तहबाट सङ्कलन हुने मूल्य अभिवृद्धि कर तथा आयकर असुली घटेको छ। कर्जा प्रवाहलाई उत्पादनमूलक क्षेत्रमा निर्देशित गर्न नसकिएको, कर्जाको गुणस्तर बढाउन र बढ्न थालेको खराब कर्जालाई नियन्त्रणमा राख्न, वित्तीय साधनको लागत घटाउने गरी मौद्रिक उपकरणहरुमा लचकता कायम गर्न, वित्तीय क्षेत्रको नियमन प्रभावकारी हुनसकेको छैन ।

वित्तीय क्षेत्रमा स्थायित्व कायम गर्दै वित्तीय साधनको लागत घटाउने गरी मौद्रिक उपकरणमा लचकता कायम गर्ने, वित्तीय क्षेत्रको नियमनलाई प्रभावकारी बनाउने, वित्तीय सहकारीको नियमन, सहुलियतपूर्ण वैदेशिक ऋण र अनुदानलाई प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गर्ने, वैदेशिक रोजगारीलाई थप प्रतिफलमुखी बनाउने, युवाहरुलाई स्वदेशमा रोजगारीका अवसर सिर्जना गर्ने, विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने, औद्योगिक व्यावसायिक वातावरण बनाउन सबै किसिमका व्यवसाय, प्राइभेट फार्म, साझेदारी र कम्पनी एकै निकायमा दर्ता हुने गरी एकल दर्ता निकाय स्थापना, आर्थिक प्रणालीलाई प्रभावकारी, समावेशी र दिगो बनाउने प्रक्रियामा अध्ययन गर्ने, प्रविधिमा आधारित शिक्षा, स्वरोजगार, डिजिटल वित्तीय सेवा प्रवर्धन, निर्यात प्रवर्धन, विदेशी लगानी आकर्षण, क्षत्रीय साझेदारी विस्तार गर्न जरुरी भएको छ। समुदायको तल्लो तहमा पुगेर मानिसको खाद्यान्न, उपचारजस्ता आधारभूत आवश्यकताको परिपूर्तिमा सघाउन तथा लघु, साना तथा घरेलु उद्योग मा लगानी सजिलो बनाउदै औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र सक्रिय बनाउनु जरुरी देखिएको छ। कर्जा प्रवाहलाई उत्पादनमूलक क्षेत्रमा निर्देशित गर्न नसकिएको, कर्जाको गुणस्तर बढाउन र बढ्न थालेको खराब कर्जालाई नियन्त्रणमा राख्न, वित्तीय साधनको लागत घटाउने गरी मौद्रिक उपकरणहरुमा लचकता कायम गर्न, वित्तीय क्षेत्रको नियमन प्रभावकारी र वैदेशिक रोजगारीलाई थप प्रतिफलमुखी बनाउनुपर्दछ।

८. **राजस्व परिचालन** - वित्तीय संघीयता कार्यान्वयन भएको ६ वर्षको अवधिमा राजस्व असुली सन्तोषजनक रहेको छैन। आर्थिक वर्ष २०७५।७६ मा राजस्व लक्ष्य कुल गार्हस्थ उत्पादनको करिब २४.५ प्रतिशत निर्धारण गरिएकोमा असुली करिब २१.५ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८०/८१ मा राजस्व लक्ष्य करिब २४.९ प्रतिशत निर्धारण गरिएकोमा असुली करिब १८.५ प्रतिशत मात्र रहेको छ। आर्थिक क्रियाकलापमा देखिएको शिथिलताले करयोग्य आय घटेको छ। उत्पादनशील क्षेत्रको

लागि बैक तथा वित्तीय क्षेत्रबाट गरिएको कर्जा लगानीको ठूलो हिस्सा अनुत्पादक क्षेत्रमा लगाइएको हुँदा जोखिमपूर्ण कर्जाको मात्रा वृद्धि भई बैंकिङ्ग क्षेत्रको करयोग्य आय घटेको र निजीक्षेत्रको ब्याज खर्च वृद्धि भएकोले प्राइवेट लिमिटेड कम्पनी र एकल स्वामित्वका फार्महरुको करयोग्य आय वर्षेनि घट्दै गएको देखिन्छ। जसले गर्दा कर राजस्व परिचालन न्यून भएको छ। राजस्व परिचालनको गतिलाई पुरानो लयमा ल्याउन नीतिगत परिवर्तन र कर प्रणालीमा सुधार तथा प्रशासनिक दक्षता अभिवृद्धिमा सरकारको ध्यान जानु पर्ने देखिन्छ।

८.१. आर्थिक वर्ष २०८०।८१ मा कर राजस्वको लक्ष्य रु १३ खर्ब ५ अर्ब रहेकोमा रु ९ खर्ब ४४ अर्ब (७२.३४ प्रतिशत) असुली भएको छ। आर्थिक वर्ष २०७९।८० मा कुल गार्हस्थ उत्पादनको १६.२ प्रतिशत कर राजस्व परिचालन भएकोमा दिगो काराधार विस्तार बेगर २०८०।८१ मा करिब २४.९ प्रतिशतको लक्ष्य राखिएकोमा रु १० खर्ब ५८ अर्ब असुली भएको छ। तलब तथा ज्यालादर सूचकाँङ्कमा आएको कमी, थोक तथा खुद्रा व्यापारको कारोबार साना तथा मझौला व्यवसायहरुले कारोबार गर्दा बीजक जारी नगर्ने, गरे तापनि न्यून कारोबार मूल्य राखी बीजक जारी गर्ने र अधिकाँश कारोबारको खरिद तथा बिक्री कारोबार अनौपचारिक रुपमा हुने जस्ता कारणहरुले गर्दा लक्ष्य बमोजिम आयकर असुली हुन सकेन। कर सहभागिता अभिवृद्धि गर्न विभिन्न प्रवर्धनात्मक र निरोधात्मक नीतिगत र प्रशासनिक सुधार गर्नु आवश्यक रहेको छ।

८.२. मूल्य अभिवृद्धि करलाई आन्तरिक राजस्व परिचालनको मुख्य आधार बनाउने नीति राखी आर्थिक वर्ष २०८०।८१ मा रु. ४ खर्ब २६ अर्ब लक्ष्य तोकिएकोमा आन्तरिक स्रोतबाट रु. १ खर्ब ३० अर्ब र पैठारीबाट रु. १ खर्ब ८० अर्ब गरी कुल रु ३ खर्ब १० अर्ब (७२.७७ प्रतिशत) मूल्य अभिवृद्धि कर असुल भएको छ। आर्थिक वर्ष २०८०।८१ को असुली २०७८।७९ को असुलीभन्दा पनि कम हुन गएको छ। कुल मूल्य अभिवृद्धि करमा आन्तरिक स्रोतको मूल्य अभिवृद्धि करको अंश करिब ४२ प्रतिशत रहेको छ। उत्पादनमूलक उद्योगको कारोबारमा कमी आएको कारणले उत्पादन तहको मूल्य अभिवृद्धि करको अंश २०८०।८१ मा करिब ११.७ प्रतिशत रहेको छ।जुन विगत छ वर्षको सबैभन्दा न्यून हो।

कारोबार मूल्यमा कर बीजक जारी नहुनु नै मूल्य अभिवृद्धि कर कार्यान्वयनको मुख्य समस्या हो। दर्ता हुन नपर्ने व्यक्ति दर्ता हुने र दर्ता हुनु पर्ने व्यक्ति दर्ता नहुने, दर्ता भएकामध्ये अधिकांशले वास्तविक कारोबारको अभिलेख नराख्ने, कर विवरण पेश नगर्ने, आफैंले घोषणा गरेको कर पनि समयमा दाखिला नगर्ने र कर दायित्व कम गर्न खरिदका नक्कली बीजक तयार गरी बढी कर कट्टी दाबी गरेका विषयहरु अदालत समेतबाट पुष्टि भएको अवस्था छ। कर सहभागिता स्तरमा ह्रास आएकोले करिब ३० प्रतिशत करदाताले समयमा कर विवरण पेश नगरेको अवस्था छ। करदाताको स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्न कर प्रशासनले जोखिम व्यवस्थापन रणनीति र कार्यक्रम हरुलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ। सरकारी निकायहरुबिच समन्वय र सहकार्य बढाई आर्थिक कारोबारको सूचना आदानप्रदान गर्ने स्वःचालित संयन्त्र निर्माण गर्ने, कारोबारको सूचना तेस्रो पक्षबाट समेत सङ्कलन गरी कर जोखिम विश्लेषण गर्न कर प्रशासनले सूचना प्रविधिको प्रयोग गरी प्रणालीगत सुधार गर्नु आवश्यक रहेको छ।

८.३. जनस्वास्थ्य र वातावरणमा नकारात्मक असर पार्ने वस्तुहरुको उत्पादन र उपभोग नियन्त्रण गर्न अन्तःशुल्क लगाउने गरी आर्थिक वर्ष २०८०।८१ मा रु. २ खर्ब ७ अर्ब लक्ष्य रहेकोमा आन्तरिक

स्रोतबाट रु. १ खर्ब ९ अर्ब र पैठारीबाट रु ३७ अर्ब गरी कुल रु. १ खर्ब ४६ अर्ब (७०.५३ प्रतिशत) अन्तःशुल्क असुल भएको छ। यस वर्षको असुली आर्थिक वर्ष २०७८।७९ को भन्दा पनि कम हुन गएको छ। भौतिक पूर्वाधार नभएका कम्पनीहरुलाई पनि उद्योग विभागले दर्ता गरिदिने र प्रभावकारी नियन्त्रण प्रबन्ध नगरी आन्तरिक राजस्व विभागबाट मदिरा तथा सूर्तिजन्य पदार्थको उत्पादन इजाजत दिने गरेको छ। भौतिक नियन्त्रण प्रणाली अन्तर्गत बियर तथा मदिराको उत्पादन, भण्डारण तथा बिक्री वितरणको लागि कारखानास्थलबाट निकासी गर्दा कर प्रशासनले तोकेको पदाधिकारीको प्रत्यक्ष नियन्त्रण तथा निगरानी हुनु पर्नेमा मदिरा उद्योगहरुमा कर प्रशासनको नियन्त्रण कमजोर रहेको छ।नक्कली स्टीकरको प्रयोग गरी अन्तःशुल्क लगायत मूल्य अभिवृद्धि कर र अन्य करहरु चुहावट गरेका केसहरुको अनुसन्धान तथा छानबिन गर्ने प्राविधिक, कानुनी र प्रशासनिक कर्मचारीहरुको दक्षता बढाई अन्तःशुल्कको योगदानमा वृद्धि गर्नुपर्दछ।

८.४. वैदेशिक व्यापारमा आधारित भन्सार महसुललगायतका अन्य करहरुको असुली पनि लक्ष्य अनुरुप हुन सकेको छैन।आर्थिक वर्ष २०८०।८१ मा रु २ खर्ब ६० अर्बको लक्ष्य रहेकोमा जम्मा रु. १ खर्ब ६७ अर्ब (६४.२३ प्रतिशत) असुल भएको छ। कानुनी परिपालना प्रशासनिक तथा प्राविधिक पूर्वाधारको कमीले गर्दा पैठारी हुने मालवस्तुहरुको निरन्तर निगरानी गर्ने सो मालवस्तुमा निहित राजस्व जोखिम पहिचान गर्ने र जोखिम विश्लेषण गरी तत्काल कार्यवाही गर्ने कार्यमा सुधारको खाँचो रहेको छ। भन्सार जाँचपास परीक्षणलाई थप व्यवस्थित र प्रभावकारी बनाउनुपर्दछ।

९. **कर परीक्षण** - आन्तरिक राजस्व विभागले व्यावसायिक कारोबारमा सक्रिय रहेका व्यावसायिक करदाता हरुमध्ये आर्थिक वर्ष २०७५।७६ मा करिब २.२७ प्रतिशत करदाताको कर परीक्षण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा जम्मा ०.२२ प्रतिशतको मात्र करपरीक्षण गरेको पाइयो। करदाताको छनौट र करप्रशासनको कर परीक्षण क्षमताका आधारमा कर निर्धारण रकम निर्भर गर्दछ। कुनै करदाता प्रत्येक वर्ष छनौट हुने र कुनै करदाता कहिल्यै छनौटमा नपर्ने अवस्था रहेको छ। करपरीक्षणको वार्षिक लक्ष्य निर्धारण भएपछि सोको ७० प्रतिशत विभागले छनौट गरी पठाउने र बाँकी ३० प्रतिशत कार्यालय आफैँले छनौट गर्ने परिपाटी रहेकोले करदाता छनौटमा वस्तुगत आधार नभई स्वःविवेकको आधारमा पनि छनौट हुने, छनौट भएका करदाता पनि सोही वर्ष करपरीक्षण नभई अर्को वर्ष जिम्मेवारी सार्ने परिपाटीले गर्दा वर्षौंदेखि जिम्मेवारी सर्दै आएका कतिपय करदाताको करपरी क्षणको औचित्य नै समाप्त हुने अवस्था छ। कर छली गरेको आधार तथा प्रमाण भए मात्र करपरीक्षण गर्ने म्याद रहिरहने तर सामान्य अवस्थामा करदाताले आय विवरण पेश भएको चार वर्षभित्र करपरीक्षण गरिसक्नु पर्ने कानुनी प्रबन्ध रहेको हुँदा कतिपय करदाताहरुको म्याद जान लागेको वर्षमा करपरीक्षण गरिने गरेकाले करपरीक्षणको गुणस्तर सुधार हुन सकेको छैन ।

कर परीक्षणलाई गुणस्तरीय बनाई कर सहभागिता अभिवृद्धि गराउने महत्वपूर्ण रणनीतिको रुपमा कार्यान्वयन गर्न कर प्रशासनले करदाताको कारोबारको सम्बन्धमा सरकारी तथा अन्य तेस्रो पक्षबाट सूचना र तथ्याँक सङ्कलन , भण्डारण, विश्लेषण गरी जोखिम पहिचान गर्ने र कर जोखिमको आधारमा करारोपण गर्ने दक्ष र प्रतिबद्ध जनशक्ति विकासमा जोड दिनु आवश्यक रहेको छ। करपरीक्षणको लागि करदाता छनौट प्रणालीलाई स्वःचालित बनाउनु पर्दछ छनौट गरिएका करदाताको करपरीक्षण राफसाफ गर्ने र कार्यालयको कार्यबोझ र जनशक्ति व्यवस्थापनमा सुधार गरी जुन आर्थिक वर्षमा छनौट गरिएको हो सोही आर्थिक वर्षमा करपरीक्षण सम्पन्न गर्ने कार्यनीति अख्तियार गर्नुपर्दछ।

१०. **बक्यौता कर असुली** - आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०।८१सम्म आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र अन्य करहरुको बक्यौता लगत करिब रु. २ खर्ब ५४ अर्ब पुगेको छ। सो बक्यौतामध्ये विभाग, राजस्व न्यायाधिकरण र अदालतहरुमा करिब रु. १ खर्ब २४ अर्ब बराबरको कर निर्धारण विचाराधीन रहेको र रु. १ खर्ब ३० अर्ब बक्यौता असुल गर्न सकिने अवस्थाको देखिन्छ। करदाताले आफैँले घोषणा गरेको करदायित्व पनि समयमा दाखिला नगर्ने, लामो अवधिसम्म बक्यौता राख्दा सोमा कानुन बमोजिम लाग्ने थपदस्तुर, शुल्क तथा ब्याज र जरिबाना आदि आर्थिक ऐनहरुमार्फत थपदस्तुर, शुल्क तथा ब्याज र जरिवाना आदि मिनाहा गरिदिने प्रवृतिले गर्दा कर सहभागिता स्तरमा सुधार हुन सकेको छैन। करदाताले समयमा कर तिर्नुभन्दा सरकारबाट मिनाहा गराउन प्रयास गर्ने र कर सहभागितामा प्रयाप्त ध्यान नदिएको कारणले पनि बक्यौता लगत बढिरहेको छ।

बक्यौता असुलीलाई उच्च प्राथमिकतामा राखी कानुनी प्रक्रिया शुरु गर्ने, बक्यौता लगत अद्यावधिक गर्ने, बक्यौता असुलीको लागि सरकारी निकायहरुबिच समन्वय र सहकार्य गर्ने र सरकारले मिनाहा दिने तर व्यवसायमा संलग्न भइरहेका करदाताहरुले सुविचारित ढङ्गले समयमा कर दाखिला नगर्ने र त्यस्ता बक्यौताहरुको थपदस्तुर, शुल्क, ब्याज र जरिवाना आदि बर्षेनि मिनाहा गर्ने सरकारी प्रवृतिले गर्दा करदाताहरु निष्कृय हुने प्रवृति बढेको देखिन्छ।

११. **अन्तर्राष्ट्रिय व्यापार** - नेपालको अन्तर्राष्ट्रिय व्यापार विगतदेखि नै घाटामा रहँदै आएको छ। देशमा आन्तरिक उत्पादन कम हुनु र भरपर्दा निर्यातक वस्तुहरुको अभावमा आयात सधैँ बढी र निर्यात घटी हुँदा वर्षेनि व्यापार घाटा सहनु परिरहेको छ।विगत पाँच वर्षको तथ्याङ्क अनुसार वार्षिक निर्यात रु २० अर्ब भन्दा नाघ्न नसकेको र वार्षिक आयात रु. २ खर्बसम्म पुगेको अवस्था छ। नेपालबाट निर्यात हुने वस्तुहरुको प्रकृति हेर्दा अप्रशोधित वा न्यून प्रशोधित र तौल तथा आयतन बढीहुने तथा मूल्य अभिवृद्धि न्यून हुने वस्तुहरु रहेका देखिन्छन् भने आयातमा विलासिताका वस्तुहरु, इन्धन र दैनिक उपभोग्य वस्तुहरु बढी मात्रामा रहेका छन्। कतिपय आयात भएका वस्तुहरु सामान्य प्याकेजिङ गरी मात्र पुनःनिर्यात गरिने भएकोले यस्ता बस्तुमा मूल्य अभिवृद्धि न्यून हुने भएकाले रोजगारी सिर्जना र उत्पादन वृद्धि भएको छैन। आन्तरिक उत्पादनको आधार गुम्दै गएकोले नेपालमै उत्पादन गर्न सकिने वनजन्य र कृषि तथा खाद्यवस्तुहरु समेत ठूलो परिमाणमा आयात भइरहेको छ। उच्च मूल्य दिने आन्तरिक उत्पादनमा वृद्धि गरी निकासी प्रवर्धन गर्नुपर्दछ।

१२. **राजस्व परिचालन** - समग्रमा वित्त प्रणाली सञ्चालन र स्रोत परिचालनको कार्यसम्पादनस्तर तथा पुँजीगत खर्च वृद्धि गर्ने क्षमता समेत कमजोर हुँदै गइरहेको छ। कुल गार्हस्थ उत्पादनमा वृद्धि हुने तर राजस्व वृद्धिदर ऋणात्मक हुने जस्ता विरोधाभाषपूर्ण अवस्था समेत देखिएका छन्। आर्थिक वर्ष २०७९।८० को कर राजस्व असुलि कोभिड - १९ कायम रहेको आर्थिक वर्ष २०७७/७८ को कर राजस्वभन्दा पनि कम रह्यो। आर्थिक वर्ष २०८०।८१ मा सङ्कलन भएको कुल कर राजस्व रु. ९ खर्ब ४४ अर्ब आर्थिक वर्ष २०७८।७९ को रु. ९ खर्ब ८४ अर्ब भन्दा पनि कम हुन गएको छ। आर्थिक वर्ष २०७५।७६ मा कर राजस्व कुल गार्हस्थ उत्पादनको करिब १९.०१ प्रतिशत रहेको, गैरकर राजस्व, अन्य प्राप्ति र अनुदान गरी २.९९ प्रतिशत रहेको र आर्थिक वर्ष २०८०/८१ मा कर राजस्व घटेर १६.५६ प्रतिशत र गैरकर राजस्व, अन्य प्राप्ति र अनुदान गरी १.९ प्रतिशत रहेको छ। राजस्वले चालु खर्च पनि धान्न नसक्ने अवस्थामा पुगेको र बढ्दो वित्तीय घाटा पूर्ति गर्न आन्तरिक तथा बाह्य

ऋण वृद्धि भइरहेको छ जसले गर्दा बर्षेनी ऋणको साँवा र ब्याज भुक्तानी दायित्व वृद्धि भइरहेको छ। सरकारले सार्वजनिक खर्चको विनियोजन कुशलता तथा कार्यान्वयन दक्षतामा सुधार गर्दै राजस्व परिचालनमा थप सुधार गरी बजेट घाटालाई वाञ्छित सीमाभित्र राख्नु पर्नेमा सो अनुसार हुन नसकेको र पुँजीगत खर्च गर्ने क्षमतामा समेत ह्रास आएको छ। जसले गर्दा पुँजी निर्माण तथा राष्ट्रिय आय, उत्पादन र रोजगारी अभिवृद्धिमा अपेक्षित प्रभाव देखिएको छैन।

१३. **तीनै तहका सरकारको आय व्यय** - आर्थिक वर्ष २०८०।८१ मा तीनै तहका सरकारको आम्दानीतर्फ कर राजस्वको अंश करिब १६.५७ प्रतिशत, गैरकर राजस्वको अंश करिब २.४७ प्रतिशत, बेरुजु लगायत अन्य प्राप्ति करिब ०.४७ प्रतिशत, वैदेशिक अनुदान करिब ०.४२ प्रतिशत र आन्तरिक ऋण लगानी फिर्ता वापतको आम्दानी करिब ०.१४ प्रतिशत गरी कुल आम्दानी कुल गार्हस्थ उत्पादनको करिब २१.०९ प्रतिशत रहेको छ। संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारहरुको कुल खर्च रु. १६ खर्ब ४१ अर्ब र आम्दानी रु. १२खर्ब ३ अर्ब रहेको छ जसले गर्दा वित्तीय घाटा रु ४ खर्ब ३७ अर्ब पुगेको छ। कुल गार्हस्थ उत्पादनसँग तुलना गर्दा कुल खर्च करिब २८.७६ प्रतिशत र आम्दानी करिब २१.०९ प्रतिशत भई करिब ७.६७ प्रतिशत वित्तीय घाटा रहेको देखिन्छ। संघीय सरकारले प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गरेको वित्तीय स्रोत करिब ५.९५ प्रतिशत रहेको छ भने प्रदेश सरकारले स्थानीय तहलाई हस्तान्तरण गरेको वित्तीय स्रोत करिब ०.३७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०।८१ मा पुँजीगत खर्च करिब २० प्रतिशतबाट घटेर १४ प्रतिशत पुगेको छ भने वित्तीय व्यवस्था खर्चको अंश करिब १२ प्रतिशतबाट २० प्रतिशतले वृद्धि पुगेको छ। विगत छ वर्षमा पूँजीगत तर्फ बिनियोजित बजेट मध्ये ४८.३१ प्रतिशतदेखि ७६.९३ प्रतिशतसम्म खर्च भएको देखिन्छ। शासकीय संरचनामा परिवर्तन भएसँगै चालु खर्चको आकार बढ्दै गएको र राजस्व परिचालन न्युन हुँदै गएकाले वित्तीय घाटा पूर्ति गर्न आन्तरिक तथा बाह्य ऋणको मात्रा वृद्धि भइरहेको छ। यसले गर्दा ऋणको साँवा र ब्याज भुक्तानी दायित्व समेत निरन्तर वृद्धि भइरहेको छ। वित्तीय व्यवस्था खर्च २०७५।७६ मा करिब ३.९५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०।८१ मा बढेर ४.७७ प्रतिशत पुगेको छ।

चालु खर्च बढ्दै जानुका अधिकांश खर्चहरु अनिवार्यरुपले खर्च गर्नुपर्ने प्रतिबद्ध खर्चहरु रहेका छन्। सामाजिक सुरक्षा, आर्थिक सहायता र पूर्व राष्ट्रसेवकको पेन्सन लगायतका सुविधामा भएको खर्च आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ उत्पादनको ५.८३ प्रतिशत रहेको छ। सामाजिक सुरक्षाको लागि बजेट विनियोजनमा वृद्धि भइरहेको देखिन्छ। आर्थिक वर्ष २०७५।७६ मा करिब रु. १ खर्ब १३ अर्ब विनियोजन भएको थियो। उक्त रकम चालु बजेटको करिब १३.३७ प्रतिशत, कुल बजेटको करिब ८.६ प्रतिशत र कुल गार्हस्थ उत्पादनको करिब २.९३ प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०८०।८१ मा करिब रु. २ खर्ब ५९ अर्ब विनियोजन भई उक्त रकम चालु बजेटको करिब २२.७४ प्रतिशत, कुल बजेटको करिब १३.९४ प्रतिशत र कुल गार्हस्थ उत्पादनको करिब ४.०८ प्रतिशत हुन्छ।सरकारले गर्नुपर्ने चालू खर्चलाइ उठाएको राजश्वले पुर्ति गर्नुपर्नेमा अनिवार्य दायित्वमा भएको बढ्दो क्रममा रहेको तलको तालिकाबाट देखिन्छ ।

**(रु लाखमा)**

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|
| तलब र सुविधा | ११९१२८४ | १३७७७०९ | १५७७९९७ | १५४६६८४ |
| वित्तीय हस्तान्तरण | ३९७०९८७ | ४०६०७४७ | ३९७३६०३ | ३३९४२३५ |
| सामाजिक सुरक्षा | १५६४९३० | २२५३२३२ | २१८९३९५ | २२६६८३५ |

| | | | | |
|---|---|---|---|---|
| सामाजिक सहायता | ९३७४५ | २४११८९ | ५६८२७ | ६६७५८ |
| कर्मचारीहरुको सामाजिक सुविधा | ६९२०९५ | ८६६२९७ | ९६६०१४ | ९९२९५८ |
| अन्य चालु खर्च | १७३४९७२ | १८५१४८० | २१७४०७० | २०८३५१० |
| आन्तरिक ऋणको साँवा र ब्याज भुक्तानी | ३६९०११ | ४७३३७८ | ११५०९४८ | १८२५५७४ |
| बाह्य ऋणको साँवा र ब्याज भुक्तानी | २३३२९२ | २९४१५९ | ३४६१८० | ४०७२२१ |
| सञ्चित कोषमा व्ययभार पर्ने रकम | ९५१६०५ | १२२२४५७ | २२३०६२७ | ३०५६३१६ |
| कुल अनिवार्य दायित्व रकम | १०८०१९२१ | १२६४०६४८ | १४६६५६६१ | १५६४००९१ |
| कुल राजस्व | ९३५८८७७ | १०६५३४२८ | १०१०६५११ | १०५२९१३० |
| नपुग रकम | -१४४३०४४ | -१९८७२२० | -४५५९१५० | -५११०९६१ |

समाजिक सुरक्षा, सहायता र कर्मचारीहरुको पेन्सनजस्ता दीर्घकालीन दायित्वको लागि वित्तीय स्रोत जुटाउन कर तथा खर्च नीतिमा सुधार गर्नु आवश्यक देखिएको छ।

१४. **सार्वजनिक ऋण** - सार्वजनिक ऋणको लागत कम गर्दै वित्तीय जोखिम कम हुने गरी उच्च प्रतिफल दिने क्षेत्रहरुमा यसको परिचालन आवश्यक भए पनि तयारी विनाका आयोजनामा पनि ऋणको उपयोग गरिनु, ऋण परिचालन क्षमता कमजोर हुनु, प्रतिवद्धता अनुसार ऋण प्राप्त नहुनु, द्विपक्षीय तथा बहुपक्षीय ऋणबिच कुन ठिक हो भन्नेमा अन्योल हुनु र सरकारको रकम खर्च भइसकेकोमा सो को सोधभर्ना पनि लिन नसक्नु रहेका छन्।साथै राजश्व परिचालनमा सुधार हुन नसक्नु, निम्नस्तरका ऋणहरु (Sub-standard loans) र दाताका अनावश्यक शर्तहरु स्वीकार्न बाध्य हुनु, विदेशी विनिमयसम्बन्धी जोखिम बढ्नु, सार्वजनिक ऋण सम्बन्धमा स्पष्ट कानुनी व्यवस्थाको अभाव हुनु आदि रहेका छन्।

आन्तरिक ऋणतर्फ पनि एक वर्षसम्म भुक्तानी अवधि भएको ट्रेजरी बिलको अंश aढी हुनु, अल्पकालीन अवधिको ऋण दायित्व धेरै भई पुनर्निष्कासनको समयमा ब्याजदर सम्बन्धी जोखिम बढेर जानु आदि समस्याहरु विद्यमान रहेका छन्। विश्लेषण विनाका आन्तरिक ऋण उठाउने प्रयास गर्दा बजारमा प्रतिकूल असर पर्नु आदि रहेकाछन्।नेपालको सार्वजनिक ऋण (Outstanding debt) कुल गार्हस्थ उत्पादनको ४२ प्रतिशतको हाराहारीमा पुगेको छ। विगत केही वर्षको वैदेशिक ऋण र आन्तरिक ऋणको प्रवृत्ति बढ्दो क्रममा रहेको छ। गत आर्थिक वर्षसम्म आन्तरिक ऋण रु.११ खर्ब ८१ अर्ब र वैदेशिक ऋण रु. १२ खर्ब ५० अर्ब समेत जम्मा रु. २४ खर्ब ३१ अर्ब पुगेको छ। आयोजना/परियोजनाको लाभबाट आय उपार्जन गरी ऋणको साँवा ब्याज भुक्तानी गर्नु पर्नेमा आयोजनाहरु समयमा सम्पन्न गर्न नसकिँदा राज्यले अन्यन्त्र ऋण खोजी पुरानो ऋण साँवा ब्याज सहित चुक्ता गर्नु पर्ने हुन्छ। यसले राज्यलाई दीर्घकालसम्म ऋणीको रुपमा रहन बाध्य बनाउने गर्छ। नेपाल जस्ता देशलाई प्रतिफलमुखी भौतिक पूर्वाधार विकासका क्षेत्र (Hardcore sector) मा वैदेशिक ऋण परिचालन गर्न जोड दिनुपर्दछ।

१५. **वैदेशिक प्रत्यक्ष लगानी** - नेपालमा वैदेशिक लगानी आकर्षित गर्न दुई विशिष्टीकृत एजेन्सीहरू लगानी बोर्ड नेपाल र उद्योग विभाग रहेका छन्।विभिन्न लगानी प्रवर्धन कार्यक्रमहरू सञ्चालन गर्ने, स्वीकृति प्रक्रियालाई सुव्यवस्थित एवं सरोकारवालाहरूसँग समन्वय र अनुगमन गर्ने, एकल विन्दु सेवाहरू प्रदान गरी लगानी र परियोजनाहरूको प्रगति र प्रशासनको सहजीकरण गर्ने यी निकायहरुको प्रयास बाट विगत पाँच वर्षमा करिब रु. ६५.३६ अर्ब अर्थात् कुल गार्हस्थ उत्पादनको ०.५६ प्रतिशत मात्र लगानी

भएको देखिन्छ। सन् २०१९ मा भएको दोस्रो लगानी सम्मेलनमा सहभागी स्वदेशी तथा विदेशी लगानीकर्ताहरूले रु.१७ खर्ब ३० अर्ब रुपैयाँको प्रतिबद्धता प्राप्त भए तापनि अहिलेसम्म रु.१ अर्ब १८ करोड मात्रै लगानी भित्रिएको र वैदेशिक लगानी गर्न ७५४ संस्थाले स्वीकृति लिएकोमा २४४ बाट मात्र वैदेशिक लगानी प्राप्त भएकोमा २०२३।२४ मा रु.६ अर्ब मात्र प्राप्त भएको छ। नेपालको हेजिंङ पोलिसी सबै विदेशी लगानीको निम्ति लागु भइनसकेको कारणले पनि नयाँ लगानीकर्ताहरू नेपालमा लगानी गर्न विश्वस्त हुन नसकेको अवस्था छ। आर्थिक विकासलाई गति दिने, आयात प्रतिस्थापन गर्ने र निर्यात प्रवर्धनमा सहयोग पुऱ्याउने पूर्वाधारहरूमा लगानी आकर्षित गर्ने उल्लेख भए पनि प्राप्त लगानीहरू क्षेत्रगत हिसाबले सन्तुलित राष्ट्रिय पुँजी परिचालनमा सहयोगी, रोजगारी, उत्पादन वृद्धिमा योगदान र व्यापार घाटा कम गर्ने लगायतका विषयमा मूल्याङ्कन गरी अनुकूल नीति लागु गर्नुपर्दछ।

१६. **गरिबी निवारण** - पहिलो योजनादेखि नै गरिबी निवारणलाई प्रमुख उद्देश्य तथा रणनीति अन्तर्गत समावेश गरी सालबसाली बजेट तथा कार्यक्रम कार्यान्वयनमा ल्याएको भए तापनि निरपेक्ष गरिबीको दर उल्लेख्य रुपले घट्न सकेको छैन। नेपाल जीवनस्तर सर्वेक्षण- २०७९।८० अनुसार नेपालको २०.२७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको देखिन्छ। गरिबीको दर शहरी क्षेत्रमा १८.३४ प्रतिशत र ग्रामीण क्षेत्रमा २४.२७ प्रतिशत रहेको छ। प्रादेशिकरुपमा गरिबीको दर सुदूरपश्चिम प्रदेशमा ३४.१६ प्रतिशत, कर्णाली प्रदेशमा २६.६९ प्रतिशत, लुम्बिनी प्रदेशमा २४.३५ प्रतिशत र मधेश प्रदेशमा २२.५३ प्रतिशत रहेको छ। ग्रामीण क्षेत्रको गरिबीको विषमता ५.६४ प्रतिशत र शहरी गरिबीको विषमता ४ .०३ प्रतिशत रहेको छ। गिनी सूचकाङ्क ग्रामीण र शहरी क्षेत्रमा क्रमश ०.२८७ र ०.३०३ रहेको छ। गरिबी निवारणमा भएको लगानी र प्रतिफलको पर्याप्त विश्लेषण हुन नसकेकोले सन् २०३० भित्रै निरपेक्ष गरिबी शून्य दरमा र बहुआयामिक गरिबीको दर ३ प्रतिशतमा सिमित गर्ने प्रतिबद्धताको कार्यान्वयनमा संरचानात्मक कार्यक्रममा व्यापक परिवर्तन गरी तीव्र गतिमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

१७. **दिगो विकास लक्ष्य एवं प्रगति** - राष्ट्रिय योजना आयोगबाट सन् २०२४ मा गरिएको राष्ट्रिय समीक्षामा नेपालले दिगो विकासलक्ष्यको समग्र प्रगति ४१.७ प्रतिशत रहेकोछ। यसको आधारमा सन् २०३० भित्र नेपालले समग्र लक्ष्य ६०.५ प्रतिशत पूरा हुने अनुमान गरेको छ। गरिबी शून्य बनाउने लक्ष्य अन्तर्गत ५४ प्रतिशत रहेको शुन्य भोकमरी करिब ४५ प्रतिशत, स्वास्थ्य क्षेत्रको सूचक ४१.५ प्रतिशत र गुणस्तरीय शिक्षाको सूचक ४४ प्रतिशत, लैङ्गिक समानता सूचक ३८ प्रतिशत, शुद्ध खानेपानीको पहुँचमा ५७ प्रतिशत प्रगति हासिल भएको उल्लेख छ। दिगो विकास लक्ष्यको कार्यान्वयनको लागि सन् २०२४देखि २०३० सम्मको लागि रु. ३० खर्ब २४ अर्ब लाग्ने र यस अवधिमा सरकारले रु. १९ खर्ब ५० अर्ब लगानी गर्नु पर्ने हुँदा वर्तमान स्रोत परिचालनमा रु. ४ खर्ब २६ अर्ब स्रोत न्यून रहने अनुमान छ। अतः यो विकास लक्ष्य हासिल गर्न सरकारले आफ्नो वित्तीय दायरालाई थप फराकिलो बनाउनु पर्ने गरी कर प्रणालीमा सुधार गर्ने तथा योजना तथा बजेट र खर्च प्रणालीमा सुधारका कामहरुको थालनी गर्न ढिला भइसकेकोछ। मर्यादित काम र आर्थिक वृद्धि तथा औद्योगिक नवप्रर्वतन तथा पुर्वाधारको लक्ष्य अत्यन्त कम रहेकोले यस बाँकी समयमा यसलाई तीव्रता दिनु पर्ने देखिन्छ।

१८. **नियमनकारी निकायको कार्यसम्पादन** - आर्थिक वृद्धिको प्रमुख स्रोत वित्तीय तथा बिमा उपक्षेत्र हो जसले आर्थिक वृद्धिमा १२ प्रतिशत योगदान दिएको छ। नियमनकारी निकायहरूको अर्को महत्वपूर्ण कार्य निगरानी र निरीक्षण गर्नु र सार्वजनिक सेवाहरूको गुणस्तर सुनिश्चित गर्न र उपभोक्ता अधिकारको

संरक्षण गर्नु हो। यस्ता निकायहरुको कार्यसम्पादन सम्बन्धमा देखिएका प्रमुख ब्ेहोरा देहायअनुसार छन्ः

**१८.१. नेपाल राष्ट्र बैंक -** अर्थव्यवस्थामा मुद्राको परिमाण, लागत, बैंकहरुको शाखा सिर्जना र तरलता व्यवस्थापनको कार्य मौद्रिक नीतिमार्फत सम्बोधन गरिन्छ। वित्तीय बजारको वृहत्तर विकास र उपकहरणहरुले बैक तथा वित्तीय संस्थाको नियमनमा केन्द्रित भई वित्तीय बजारको स्थायित्वमा जोड दिएको छ। वित्तीय स्थायित्व प्राप्तगर्न प्रयोग हुने औजारहरुमा नगद निक्षेप अनुपात, कर्जा-धितोमूल्य अनुपात, कर्जा आम्दानी अनुपात, लिभरेज अनुपात आदि अनुपातहरु रहेका छन्। जुन बासेल सिद्धान्त अनुसारका हुन्। कुल गार्हस्थ उत्पादनमा कर्जाको अनुपात बढ्दै जाँदा यसले अर्थ व्यवस्थामा अस्थिरता निम्त्याउने र जोखिम बढाउने भएकोले यो अनुपात हेरी सतर्कताका साथ मौद्रिक नीति सञ्चालन गर्ने गरेको छ।यस अनुपातको अवस्था विश्लेषण गरी कर्जा बढाउने वा घटाउने जस्ता विषयमा निर्णय गर्न नेपाल राष्ट्र बैंकले विगत केही वर्षदेखि ब्याजदर कोरिडोरको अभ्यास गर्दै आएकोछ।यसका लागि नेपाल राष्ट्र बैकले Overnight Lending Facility – (OLF) सुविधा ५ प्रतिशत कायम गरी माथिल्लो करिडोर ६.५ प्रतिशत कायम गरेपनि उक्त माथिल्लो दरमा पुग्ने सम्भावना न्यून देखिन्छ ।

हाल वैदेशिक रोजगारीमा जाने जनसंख्याको हिस्सा ठूलो भएकोले नेपालको विदेशी मुद्रा आर्जन निरन्तर वृद्धि भइरहेको छ। यो बाह्य तलरताको स्रोत हो। बढी प्रतिफल दिने आवश्यक क्षेत्रमा परिचालन नगरी विदेशका पुँजी बजारमा मात्र लगानी गरी जोखिम पन्छाउँदा मुलुकको विकासमा असर पर्दछ। विकासित देशमा तीन महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्नेगरी विदेशी मुद्रा मौज्दात राख्ने असल अभ्यास रहे पनि नेपालमा परम्परागतरुपमा ६ महिना वा ७ महिनाको विदेशी मुद्रा राख्ने गरिएकोमा हाल करिब १६ महिनाको आयात धान्ने वैदेशिक मुद्रा सञ्चिति रहेको देखिन्छ। तथापि लगानी र त्यसको उपयोग सम्वन्धी अध्ययन गरिएको छैन। आर्जित विदेशी मुद्रा परम्परागत अभ्यास अनुरुप नै अन्तर्राष्ट्रिय शेयर र लगानी बजारमा लगानी गर्दा न्यून प्रतिफल प्राप्तहुने हुने अवस्थाले नेपाल राष्ट्र वैंकले जोखिमपक्षमा बढी तर प्रतिफल पक्षमा कम ध्यान दिएको अवस्था छ। उक्त धनराशि एक सार्वभौम कोष खडा गर्ने र नेपालका विकास परियोजनाहरुमा लगानीगर्न वातावरण मिलाउने गरी सुधार हुन सकेको छैन।

वैदेशिक रोजगारी मार्फत प्राप्त भएको विदेशी मुद्रा देशमै शिक्षा तथा स्वास्थ्यक्षेत्रको विकासका साथै भौतिक पूर्वाधार संरचना निर्माण र विकासमा खर्च गर्न र स्थानीय स्रोतहरुको परिचालन गरी वैकल्पिक निर्यातका वस्तु तथा सेवाको विकास सम्बन्धमा प्रयाप्त अध्ययन तथा विश्लेषण भएको छैन। देशमा मौद्रिक व्यवस्थापनको कार्य अन्तर्गत तरलताको व्यवस्थापन गर्नु नेपाल राष्ट्र बैंकको महत्वपूर्ण कार्य हो। अर्थव्यवस्थामा तरलताको अभाव भए ब्याजदर बढ्ने, लगानीको लागि आवश्यक रकमको अभाव हुने, कर्जाको ब्याजदर बढ्ने, र उत्पादन लागत वृद्धि भई मुद्रास्फीति बढाउने र अन्ततः लगानी निरुत्साहित हुन्छ भने तरलता अधिक हुँदा ब्याजदर न्यूनतहमा झर्ने, फलतः बचत प्रोत्साहित नहुने, उपभोग बढ्ने र माग वृद्धि भई मुद्रास्फीति बढ्न सक्ने, न्यून ब्याजदरको कारण कमसल परियोजनाहरुमा कर्जा प्रवाह हुन सक्ने र पुँजी पलायन हुन सक्ने जस्ता जोखिममा नेपाल राष्ट्र बैंक सतर्क हुनुपर्दछ।

बैंक तथा वित्तीय संस्थाहरुको निष्कृय कर्जा बढिरहेको अवस्थामा संस्थाहरुको लगानी तथा असुलीको विश्लेषण र प्रभावकारी अनुगमन हुन सकेको छैन। विगत एक दशकको तथ्याङ्क विश्लेषण गर्दा हालका वर्षमा निष्कृय कर्जा बढेका कारण व्यावसायिक क्रियाकलापमा अएको शिथिलता र

मापदण्डभन्दा बाहिरका कमसल परियोजनाहरुमा गरिएको लगानीका सम्बन्धमा नियामकीय भूमिका प्रभावकारी बनाउने कार्य हुन सकेको छैन। नियमनकारी निकायहरुको क्षमता र दक्षता अपेक्षित स्तरको बनाउँदै नियमनकारी निकायहरुको प्रणाली चुस्त दुरुस्त बनाउनु पर्दछ।

हाल नेपालमा मौद्रिक नीतिले वास्तविक क्षेत्रलाई खासै सहयोग नगरेको अवस्था छ।वास्तविक क्षेत्रको विकासले मात्र आर्थिक वृद्धि, उत्पादन र रोजगारीको अवस्था सिर्जना गर्छ। वास्तविक क्षेत्रको विकास विना वित्तीय क्षेत्र मात्र अगाडि बढिरहेको हालको नेपालको अर्थव्यवस्थामा वित्तीय क्षेत्रको उपस्थिति केवल वित्तीय क्षेत्रको विकासको लागि मात्र भएको अवस्थाछ। हाल बैंकहरुले अर्बौं नाफा कमाउने तर देशको आर्थिक वृद्धिदर भने ३ प्रतिशतको हाराहारीमा मात्र सीमित हुनुले वित्त नीति र मौद्रिक वा वित्तीय नीतिबिच तालमेल हुन नसकेको अवस्था देखिन्छ।

न्यून वित्त परिचालनका सिलसिलामा सरकारले ट्रेजरी बिल जारी गर्दा ब्याजदर बढी भएमा सरकारको लागत बढने हुँदा केन्द्रीय बैंकले ब्याजदर कम बनाई सरकारको लागत कम गर्न ध्यान दिएको छैन। वित्त नीति सञ्चालनगर्दा थप लगानी बढाउन लगानी योग्य रकमको आवश्यकता पर्ने भएकोले त्यसमा मौद्रिक नीति सहयोगी हुनुपर्ने, मुद्रास्फिती बढ्दै गएमा बजेट कार्यान्वयनको लागत बढ्ने र पूर्वनिर्धारित बजेटवाट प्रस्तावित आयोजना सम्पन्न नहुने अवस्था छ। लागतका कारणले आयोजना सञ्चालनमा चुनौती देखा पर्ने भएकोले पनि मुद्रास्फीति सीमामा राख्ने, सरकारका कार्यक्रमहरु विशेषतः उत्पादनशील क्षेत्रमा स्रोतको परिचालन, साना तथा मझौला उद्यमहरुको विकास लगायतमा ऋण प्रवाह तथा कृषिक्षेत्रको विकासमा राष्ट्र वैंकले सहयोग गर्नु पर्ने र सैद्धान्तिक रुपमा एउटै निकायले मुद्रा प्रदायकको काम गर्ने र मुद्रास्फीतिको तथ्याङ्क पनि तयार गरी सार्वजनिक गर्ने कार्य अन्तर्राष्ट्रिय असल अभ्यासमा पर्दैन। राष्ट्रिय तथ्याङ्क कार्यालयको विज्ञताबाट मूल्य सङ्कलन वा मुद्रास्फीति सम्बन्धी कार्यगर्ने व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ।

१८.२. **नेपाल बिमा प्राधिकरण** - नेपालमा जीवन बिमामा सावधिक, एकल तथा आजीवन बिमाको कभरेज १७.२ प्रतिशत छ भने म्यादी बिमाको कभरेज १८.७ प्रतिशत रहेकोछ। यसैगरी वैदेशिक रोजगार, म्यादीको कभरेज ७.० प्रतिशत गरी कुल कभरेज ४२.९२ प्रतिशत रहेको पाइन्छ।यस बाट अझै ५७.१ प्रतिशत जनता बिमामा आवद्ध नभएको देखिन्छ। बिमा क्षेत्र वित्तीय क्षेत्रको महत्त्वपूर्ण अंग भएता पनि नेपालमा यसको योगदान उल्लेख्य छैन। कुल गार्हस्थ उत्पादनमा बिमा क्षेत्रको योगदान करिब ३ प्रतिशत मात्र रहेको छ। दुर्गम क्षेत्रमा बिमा सेवा प्रदान गर्न स्थानीय तहमा कार्यलयहरु खोल्नु पर्ने र सञ्चालन लागत बढ्न जाने भएकोले स्वयं बिमक कम्पनीहरु अनिच्छुक रहेका देखिन्छन्। कृषि बिमामा सरकारी अनुदानको व्यवस्था भए पनि त्यस प्रति कृषकहरुको आकर्षण न्यून नरहेको अवस्था छ। मौसम तथा जलवायु परिवर्तनले कृषि क्षेत्रको जोखिम बढ्ने र यो वहन गर्ने बिमा प्रिमियम पनि बढी लाग्ने भएकोले बिमक कम्पनीहरु पनि यसमा त्यति उत्साहित रहेको देखिँदैन।

निर्जीवन बिमा तर्फ सरकारी भवन तथा सम्पत्तिको बिमामा नभएको र निजी भवन तथा सम्पत्तिको बिमा पनि नगन्य रहेको अवस्था छ।सरकारी भवनको निर्माण चरणमा बिमा गर्ने अभ्यास भए पनि पछि गएर त्यसलाई निरन्तरता नदिने प्रवृत्ति छ। भौतिक संरचनाहरु निर्माण गर्दा बिमामा अनिवार्य गरिएको भए तापनि निर्माण सम्पन्न भएपछि भने बिमालाई वेवास्ता गर्ने गरिएको छ। बिमा व्यवसायमा एक्चुअरी लगायतका दक्ष जनशक्तिको अभाव रहेको छ। स्वदेशी विश्वविद्यालयका पाठ्यक्रमहरुमा बिमा वा एक्चुअरी सम्बन्धी विषयले प्रथमिकता पाएको छैन। बिमा प्राधिरकण र प्रायः

सबै बिमा कम्पनीको कोषमा राखेको अवस्था छ। यो कोषमा रहेको रकम उत्पादनशील क्षेत्रको लगानीमा विविधीकरण हुन सकेको छैन। बिमा कम्पनीहरुले बिमा वापतको संकलित प्रिमियम रकम वाणिज्य बैंकको मुद्दती खातामा जम्मा गरेर ब्याज लिन नपाइनेमा ब्याज आम्दानी लिइरहेका छन्। विकास निर्माण र भौतिक आधारशीलाहरुको विकासमा सो रकम परिचालन गर्न सके बिमा कम्पनीहरुको आम्दानी बढ्न गई रोजगरी समेत बढ्ने देखिन्छ।

१८.३. **धितोपत्र बोर्ड** - आर्थिक वर्ष २०८०।८१ को अन्त्यसम्म सरकारी ७४ ऋणपत्र मार्फत रु. ७ खर्ब १६ अर्ब ९४ करोड रकम बरावर नेप्सेमा सूचीकरण भएको र दोस्रो बजारमा रु. ७ अर्ब ४४ करोड रकम बरावरको कारोबार भएको छ। आर्थिक वर्ष २०८०।८१मा सूचीकृत संस्थागत र सरकारी ऋणपत्रको संख्या १४८ पुगेको छ भने सूचीकृत धितोपत्रको मूल्य रु. ८ खर्ब ९८ अर्ब ५८ करोड रहेको छ। हाल सञ्चालनमा रहेको स्वचालित कारोबार प्रणालीमा बजार विस्तारको आवश्यकता अनुरुप सुधार हुन सकेको छैन। धितोपत्र बजारको संचालकको रुपमा रहेका नेपाल स्टक एक्सचेन्ज र सी. डी. एस्. क्लियरिङ्ग लिमिटेडको संरचनात्मक सुधार गरी व्यावसायिक बनाउने चुनौती विद्यमान छ।

धितोपत्र बजारमा कसुरको रुपमा बारम्बार देखिने भित्री कारोवारलाई थप स्पष्ट एवं पारदर्शी र व्यवस्थित बनाउने चुनौती रहेको छ। जल विद्युत उत्पादन गर्ने कम्पनीहरुको हकमा यस्ता कम्पनीमा कति प्रतिशत सर्वसाधारणको लागि छुट्याउनु पर्ने भन्ने स्पष्ट व्यवस्था छैन। प्रवर्द्धकहरुले शुरुमा सर्वसाधारणलाई शेयर खरिद गर्न प्रोत्साहन गर्ने र लक इन अवधि समाप्त भए लगत्तै आफ्ना शेयरहरु बेची कम्पनी छोड्ने र सो रकमले अर्को आयोजनामा सर्ने प्रवृत्ति देखिएको छ।यसबाट सर्वसाधारणहरुको लगानी जोखिममा परेकोले उक्त समस्याको तत्काल सम्बोधन हुनुपर्दछ। धितोपत्र बजारमा विकास भएका नयाँ उपकरणहरु एक्विटी डेरिभेटिभ्स, इण्डेक्स फण्ड, एक्सचेन्ज ट्रेडिङ्ग, सर्ट सेलिङ्ग तथा सेक्युरिटिज लेण्डिङ्ग आदिका माध्यमबाट कारोबार भित्र्याउनु जरुरी देखिएकोछ।वस्तु विनियम बजार हालसम्म प्रभावकारी रुपमा सञ्चालन हुन सकेको छैन। यसमा आवश्यक संयन्त्र, भौतिक संरचना/आधारशिला (वेयर हाउस, क्लियरिङ्ग हाउस आदि), नियम कानुन र संरचनाहरुको विकास हुन सकेको छैन। यस तर्फ ध्यान दिनु जरुरी छ।

१९. **सार्वजनिक संस्थान सञ्चालन-** नेपालमा अस्तित्वमा रहेका ४४ वटा सार्वजनिक संस्थानहरुमध्ये ४२ वटा सञ्चालनमा रहेका छन्। सञ्चालनमा रहेका मध्ये करिब आधा जति नाफामा सञ्चालन भएका छन् भने आधा घाटामा सञ्चालन भइरहेका छन्। एकातर्फ सार्वजनिक स्वामित्व भई सार्वजनिक हित, कल्याण तथा सेवामा लाग्नु पर्ने र अर्कोतर्फ उद्यमशीलता र व्यावसायिकता प्रदर्शन गरी उत्पादित बस्तु तथा सेवाको बजारीकरण गरी आत्मनिर्भर हुनुपर्ने भएको कार्य योजनामा स्पष्ट हुन सकेका छैनन्। उद्देश्यमा अस्पष्टता, स्वायत्तता र नियन्त्रण बिचको अवस्था र उच्च व्यवस्थापनमा पेशाविद र व्यावसायिक व्यक्तिहरुको न्यून सहभागिताका कारणले नतिजा दिन नसकेको अवस्था छ। उद्देश्यमा स्पष्टता नहुँदा कतिपय संस्थानहरुको काममा द्विविधा भएको, दोहोरोपना देखिएको र समन्वयको अभाव हुने गरेकोले संस्थानको कार्यक्षेत्र, अधिकार र स्वायत्ततामा ध्यान दिनु जरुरी छ। यस्ता संस्थानहरु यथास्थितिमा सञ्चालन गरिरहँदा सरकारको अवसर लागत बढेको छ। आवश्यक ठानिएका संस्थानहरु समयानुकुल बनाई सञ्चालन गर्न संगठन सुधारका रणनीतिहरु अनुसरण गरी नीतिगत, कानूनी, रणनीतिगत र संरचनागत सुधारका कार्यहरु गर्नु पर्दछ। संचालक समिति छरितो, विज्ञ र पेशाविदहरुको बाहुल्यता हुने गरी सुधार गर्नु जरुरी छ।

सार्वजनिक संस्थानहरुको कोषमा व्यवस्था नभएको दायित्व बढ्दै गएको छ। यो दायित्व अन्ततः सरकारले व्यहोर्नुपर्ने भएकाले समयमा नै यसको विकल्प खोज्नु जरुरी छ। कतिपय संस्थानहरुमा ठूलो रकम विभिन्न कोषमा निष्कृय न्यून प्रतिफल आउने गरी राखेको देखिन्छ। उत्पादनशील क्षेत्रमा सो रकम प्रवाह गराई आय, उत्पादन र रोजगारी सिर्जना गर्न सकिनेमा सो अनुसार भएको छैन। सार्वजनिक संस्थानहरुको पुनःसंरचना गर्नु पर्ने देखिए पनि यसको लागि विज्ञहरुवाट सम्पत्ति, दायित्व तथा नेटवर्थ यकिन नगरेको र कतिपय संस्थानहरुले वर्षौंसम्म लेखा परीक्षण नगराएको अवस्था छ। मर्जर वा एक्विजिसन प्रकृया मार्फत संख्या घटाउन र निजीकरण गरिएका सार्वजनिक संस्थानहरुको अवस्था अध्ययन गरी तिनको यथार्थता यकिन गर्न सकिएको छैन। कतिपय संस्थानहरुको स्थिर सम्पत्ति जस्तैः जग्गा र भवनहरु व्यावसायिक सहरको केन्द्रमा र रणनीतिक दृष्टिले महत्वपूर्ण स्थानमा रहेका छन्। तर चालू पुँजीको अभावले व्यावसायिक करोबार विस्तार गर्न समस्या परिरहेको छ। हालको संघीय संरचनामा सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्र परेको कारणले अधिक कर लगाउने तर सो कर तिर्न पनि संस्थानहरु सक्षम नभएको अवस्था छ। सार्वजनिक संस्थानहरुको यस प्रकारका व्यावसायिक सम्पत्तिको व्यवस्थापन तथा संरक्षण गर्ने र व्यावसायिक प्रयोगमा ल्याउने कार्यमा सरकारको ध्यान जानुपर्दछ।

सार्वजनिक संस्थानहरुमा करिब ३२ हजार कर्मचारी रहेकोमा सेवा सुविधा र अवसरको वितरण तथा वृत्ति विकासको समन्यायिक वातावरण सिर्जना हुन सकेको छैन। कर्मचारी युनियनहरु संस्थागत सुधार कार्यमा सहयोगी हुन सकेका छैनन्। योग्य र सक्षम कर्मचारीहरुलाई संस्थानमा टिकाइराख्न पनि हाल समस्या रहेकोले सेवा छोड्ने प्रवृत्ति अधिक छ। सार्वजनिक संस्थानहरुको सूचना प्रविधिको पहुँच र प्रयोग सीमित छ। यो विस्तार र प्रभावकारी उपयोग गर्न सबै संस्थानमा आवश्यक छ। सार्वजनिक संस्थानहरुको मूल्यांकन गर्दा केवल नाफा वा घाटाको दृष्टिले मात्र नहेरी आर्थिक क्रियाकलाप र विकासमा योगदान, सरकारी वित्तमा योगदान, वासलातको अवस्था, नाफा नोक्सान, उत्पादन र उत्पादकत्व, लागत लेखा प्रणाली, मूल्य स्थिरता, वस्तु वितरण तथा सेवा प्रवाह, सामाजिक उत्तरदायित्व आदि मापदण्डका आधारमा यिनको मूल्यांकन गरिनुपर्छ। विपतको वेलामा सरकारले यिनै संस्थानको उपयोग गरी नागरिकको सुविधा र हित हेर्नुपर्ने भएकोले यी सहयोगी संस्थाहरु हुन्। संस्थानहरु सरकारको सार्वजनिक सम्पत्ति भएकोले विकासका माध्यम सम्झेर सोही अनुसार व्यवहार गर्नु जरुरी छ।

२०. **निष्कर्ष तथा सुझाव -** अर्थतन्त्रमा देखिएको शिथिलता सुधार गर्न सरकारले लिएका आर्थिक नीति, वित्त नीति र मौद्रिक नीतिले समष्टिगत आर्थिक स्थितिमा र विशेष गरी सार्वजनिक वित्त प्रणालीमा सुधार हुन सकेको छैन। वित्तीय क्षेत्रमा रहेको लगानीयोग्य पुँजीको उपयोग हुन नसकेको र विगतमा भएका लगानीको जोखिम निरन्तररुपमा उच्च हुँदै गएको देखिन्छ। सरकारले तत्कालै अर्थतन्त्रलाई गतिशील बनाउन लगानीमैत्री वातावरण, राज्यका संस्थाहरुको सबलीकरण, नियामकीय व्यवस्थाहरुको कार्यान्वयन, सार्वजनिक आय परिचालनमा सुधार, सार्वजनिक खर्चमा वित्तीय अनुशासन, सरकारी लगानीको प्राथमिकीकरण गरी उच्च प्रतिफल र उत्पादनशील क्षेत्रमा लगानी बढाउन र अर्थतन्त्र विस्तारका लागि वित्तीय उत्प्रेरक नीतिको तर्जुमा र कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

विगतका शासन, प्रशासनका कमजोरीबाट उत्पन्न भएका नतिजाहरुको उचित छानबिन गरी आर्थिक अनुशासन कायम गर्न, गराउन सरकार र मातहतका निकायले प्रतिवद्धताका साथ कार्यन्वयनमा ध्यान दिनुपर्ने हुन्छ। राज्यका नियामकीय निकायको कमजोर नियमन, स्वार्थपूर्ण सहजीकरण,

अव्यावसायिक कार्यशैली र कमजोर प्रणालीको लाभ स्वार्थ समूहहरुले लिने गरेका छन्। कतिपय व्यवसायहरुमा कमजोर नियमन र कमजोर प्रणालीका कारण आमनागरिकको सीमित स्रोतहरुको अपचलन भएको देखिन्छ। अनौपचारिक कारोबार र अवैध व्यापारको विस्तारबाट सार्वजनिक स्रोत साधनमाथि स्वार्थ समूहको पँहुच पुग्न गएको छ। तीनै वटै तहका सरकारका शासकीय तथा वित्तीय प्रणालीहरु सुधारका लागि तयार गरेर शासकीय प्रणालीका निकायहरुका बिचमा देखा परेका कमजोर सहकार्य र समन्वयमा सुधार गर्ने र सुशासन र विकासका लागि अपरिहार्य देखिएका कानुनहरु समयमै तर्जुमा गरी कार्यान्वयनमा लैजानको लागि राज्यका अङ्गहरुका बिचमा सहकार्य र समन्वय अपरिहार्य छ। जवाफदेहिता र उत्तरदायित्व प्रणाली कमजोर हुँदा राज्यको भूमिका समेत कमजोर हुन जान्छ । यस्तो समस्याको निरुपण गर्नु पर्दछ।

समग्र माग बढाउन सार्वजनिक खर्चलाई औचित्यपूर्ण र थप प्रभावकारी बनाउने गरी प्राथमिकीकरण गर्ने, पुँजीगत खर्च क्षमता अभिवृद्धि गर्ने, वित्त सुदृढीकरणमा जोड दिने, उत्पादनमा आधारित राजस्वमा जोड दिने, ऋणको प्रभावकारी उपयोग गर्ने, वित्त जोखिम कम गर्ने, लगानीको वातावरण सिर्जना गरी आर्थिक वृद्धिलाई गति दिने, उत्पादनशील क्षेत्रमा लगानी बढाउने लगायतका कार्य गर्नुपर्दछ।

(खण्ड (क) सँग सम्बन्धित)

**अनुसूची - १**

## कार्यमूलक तथा विशेष लेखापरीक्षण गरिएका विषयहरुको विवरण

| सि.नं. | कार्यमूलक लेखापरीक्षणको विषय | सम्बन्धित निकाय | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|
| १. | खनिज अन्वेषण तथा उत्खनन् स्थिति | खानी तथा भूगर्भ विभाग | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| २. | विद्युत उत्पादन, प्रशारण र उपयोग स्थिति | विद्युत विकास विभाग | उर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालय |
| ३. | शीत भण्डार व्यवस्थापन कार्यक्रम | कृषि तथा पशुपन्छी बिकास मन्त्रालय | कृषि तथा पशुपन्छी बिकास मन्त्रालय |
| ४. | लिफ्टिङ्ग खानेपानी आयोजनाको स्थिति | आयोजना निर्देशनालय | खानेपानी मन्त्रालय |
| ५. | हुलाकी राजमार्ग निर्माण अवस्था | हुलाकी राजमार्ग निर्देशनालय | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| ६. | स्थानीय तहबाट तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन अवस्था | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित स्थानीय तह | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ७. | विमानस्थलहरुको सञ्चालन एवं व्यवस्थापन | नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ८. | कृषि तथा पशु बिमा कार्यक्रमको प्रभावकारिता | नेपाल बिमा प्राधिकारण | कृषि तथा पशुपन्छी बिकास मन्त्रालय |
| ९. | सहुलियतपूर्ण कर्जा र ब्याज अनुदानको स्थिति | नेपाल राष्ट्र बैंक | अर्थ मन्त्रालय |
| १०. | लाइभस्टक सेक्टर ईनोभेसन आयोजनाको प्रभावकारिता | लाइभस्टक सेक्टर ईनोभेसन आयोजना | कृषि तथा पशुपन्छी बिकास मन्त्रालय |
| ११. | काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन | उपत्यका ट्राफिक प्रहरी कार्यालय | गृह मन्त्रालय |
| **वातावरणीय लेखापरीक्षण** | | | |
| १२. | औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोर व्यवस्थापन | बालाजु औद्योगिक क्षेत्र | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| **सूचना प्रविधि लेखापरीक्षण** | | | |
| १३. | वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली | वैदेशिक रोजगार विभाग | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| **विशेष लेखापरीक्षण** | | | |
| १४. | गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय |
| १५. | अर्थतन्त्रको अवस्था, विशेष अध्ययन | अर्थ मन्त्रालय | अर्थ मन्त्रालय |

(खण्ड (क) सँग सम्बन्धित)

**अनुसूची- २**

## कार्यमूलक तथा विशेष लेखापरीक्षण खटिएका जनशक्तिको विवरण

| क्र.सं. | टोली प्रमूख | टोली सदस्य | कार्यमूलक लेखापरीक्षणको विषय | सुपरिवेक्षक |
|---|---|---|---|---|
| १ | निर्देशक,<br>श्री ताराध्वज सुनुवार | लेखापरीक्षण अधिकारीहरु,<br>श्री निरु काफ्ले,<br>श्री दिवस शंकर अधिकारी<br>लेखापरीक्षण निरीक्षक,<br>श्री हिमांशु जोशी | विद्युत उत्पादन, प्रशारण र उपयोग स्थिति अध्ययन<br>सहुलियतपूर्ण कर्जा र ब्याज अनुदानको स्थिति<br>स्थानीय तहबाट तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन अवस्था | नायब महालेखापरीक्षक,<br>श्री श्यामप्रसाद भण्डारी |
| २ | निर्देशक,<br>श्री योग्य प्रसाद राई | लेखापरीक्षण अधिकारी,<br>श्री बुद्धिमान घिमिरे<br>श्री घनश्याम बसेल | खनिज अन्वेषण तथा उत्खनन् स्थिति<br>शीत भण्डार व्यवस्थापन कार्यक्रम<br>कृषि तथा पशु बिमा कार्यक्रमको प्रभावकारिता | |
| ३ | निर्देशक,<br>श्री सिर्जना रिमाल | लेखापरीक्षण अधिकारी,<br>श्री सपना पौडेल<br>श्री अनिल झा | हुलाकी राजमार्ग निर्माण अवस्था<br>गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार | |
| ४ | निर्देशक,<br>श्री प्रमोद कुमार मण्डल | लेखापरीक्षण अधिकारी,<br>श्री सिर्जना भण्डारी<br>श्री सुरेन्द्र पाण्डे | लिफ्टिङ्ग खानेपानी आयोजनाको स्थिति<br>विमानस्थलहरुको सञ्चालन एवं व्यवस्थापन<br>लाइभस्टक सेक्टर ईनोभेसन आयोजनाको प्रभावकारिता | |
| ५ | निर्देशक,<br>श्री तिलकप्रसाद सापकोटा | लेखापरीक्षण अधिकारी<br>श्री श्रुतिकुमारी झा<br>श्री सत्यराज जोशी<br>लेखापरीक्षण अधिक्षक,<br>श्री रंजितकुमार साह | काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन | |
| **वातावरणीय लेखापरीक्षण** | | | | |
| ६ | निर्देशक,<br>श्री सिर्जना रिमाल | लेखापरीक्षण अधिकारी,<br>श्री सपना पौडेल | औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोर व्यवस्थापन | |
| **सूचना प्रविधि लेखापरीक्षण** | | | | |
| ७ | निर्देशक,<br>श्री रमेश सुवेदी, | लेखापरीक्षण अधिकारी,<br>श्री रस्मिता सिंखडा<br>कम्प्युटर अधिकृत,<br>श्री दिपक पौडेल | वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली | |